नेपाल

मानव अधिकार वर्ष पुस्तक २०२०

नेपालको सङ्क्रमणकालीन न्याय

राजनीतिक इच्छाशक्तिको सङ्कट

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२०

(नेपाली संस्करण)

(२०७५ पुस १७ देखि २०७६ पुस १५ गतेसम्म अर्थात् सन् २०१९ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्ककको सङ्कलन)

प्रधान सम्पादक

मदन पौडेल

सम्पादन मण्डल

गोविन्दप्रसाद त्रिपाठी

रमेशप्रसाद तिमल्सिना

गीता माली

तथ्याङ्क प्रशोधन

अनुज के.सी.

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

नागार्जुन नपा-१०, स्यूचाटार

पत्र मञ्जुषा २७२६, काठमाडौँ, नेपाल

फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१

e-mail: insec@insec.org.np

Web-site: www.insec.org.np ; inseconline.org

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२०

प्रकाशन मिति
२०७६ फागुन ७ गते

सङ्ख्या
३ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

फोटो
यस पुस्तकमा प्रकाशन गरिएका केही फोटोहरू अन्य स्रोतबाट पनि लिइएको छ ।

मूल्य
रु. ६००।-

आईएसबीएन : ९७८-९९३७-९२३९-४-१

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	नेपालको सङ्क्रमणकालीन न्याय : राजनीतिक इच्छाशक्तिको सङ्कट	१
	बिर्सन खोजिएका यथार्थ	२५
परिच्छेद २	राज्य र मानव अधिकार	
	२.१ न्यायपालिका	३७
	२.२ कार्यपालिका	५५
	२.३ व्यवस्थापिका	७५
परिच्छेद ३	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	
	३.१ विकासले निम्त्याएको विनाश : वातावरणीय प्रभाव मूल्याङ्कनप्रति बेवास्ताको परिणाम	८९
	३.२ छिन्नमस्ताका डोम : 'दलित पनि महादलित'	९७
	३.३ कमैया मुक्तिका १८ वर्ष : प्रतिबद्धता र वास्तविकता	१११

अनुसूचीहरू

अनुसूची १	सन् २०१९ र मानव अधिकार उल्लङ्घनका तथ्यहरू	
	१. प्रदेश १	१२५
	२. प्रदेश २	१७९
	३. बागमती प्रदेश	२२९
	४. गण्डकी प्रदेश	२८१
	५. प्रदेश ५	३२५
	६. कर्णाली प्रदेश	३८३
	७. सुदूरपश्चिम प्रदेश	४२७
अनुसूची २	मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०१९	४६७
अनुसूची ३	सन् २०१९ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा	४७७
अनुसूची ४	सन् २०१९ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा	४८५
अनुसूची ५	क्रिया/प्रतिक्रिया	४९५
अनुसूची ६	नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० तयारीका क्रममा संलग्न व्यक्तिहरू	५११

हार्दिक आभार

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने

नर्वेजियन दूतावास

ब्रेड फर द वर्ल्ड (BFTW)

इन्सेकका जिल्ला प्रतिनिधिहरू

राजनीतिक दलहरू

मानव अधिकार तथा अन्य आयोगहरू

नेपाल सरकारका मन्त्रालयहरू

सुरक्षा निकाय

पेसागत सङ्घसंस्थाहरू

तथा

अन्य सबैप्रति **आभारी छौं।**

जिल्लागत विषय सूची

प्रदेश १

१.१ ताप्लेजुङ १२७
१.२ सङ्खुवासभा १३०
१.३ सोलुखुम्बु १३३
१.४ ओखलढुङ्गा १३७
१.५ खोटाङ १४०
१.६ भोजपुर १४३
१.७ धनकुटा १४७
१.८ तेह्रथुम १५०
१.९ पाँचथर १५३
१.१० इलाम १५७
१.११ झापा १६१
१.१२ मोरङ १६६
१.१३ सुनसरी १७१
१.१४ उदयपुर १७५

प्रदेश २

२.१ सप्तरी १८१
२.२ सिरहा १९२
२.३ धनुषा १९७
२.४ महोत्तरी २०३
२.५ सर्लाही २०८
२.६ रौतहट २१३
२.७ बारा २१८
२.८ पर्सा २२३

बागमती प्रदेश

३.१ दोलखा २३१
३.२ सिन्धुपाल्चोक २३४
३.३ रसुवा २३८
३.४ धादिङ २४१
३.५ नुवाकोट २४४
३.६ काठमाडौँ २४७
३.७ भक्तपुर २५३
३.८ ललितपुर २५६
३.९ काभ्रेपलाञ्चोक २६०
३.१० रामेछाप २६३
३.११ सिन्धुली २६७
३.१२ मकवानपुर २७१
३.१३ चितवन २७५

गण्डकी प्रदेश

४.१ गोरखा २८३
४.२ मनाङ २८८
४.३ मुस्ताङ २९०
४.४ म्याग्दी २९२
४.५ कास्की २९६
४.६ लमजुङ ३०२
४.७ तनहुँ ३०५
४.८ नवलपरासी पूर्व ३०९
४.९ स्याङ्जा ३१३
४.१० पर्वत ३१६
४.११ बागलुङ ३२०

प्रदेश ५

५.१ रूकुम पूर्व ३२७
५.२ रोल्पा ३३०
५.३ प्यूठान ३३४
५.४ गुल्मी ३३८
५.५ अर्घाखाँची ३४२
५.६ पाल्पा ३४६
५.७ नवलपरासी पश्चिम ३५१
५.८ रूपन्देही ३५७
५.९ कपिलवस्तु ३६१
५.१० दाङ ३६७
५.११ बाँके ३७४
५.१२ बर्दिया ३७९

कर्णाली प्रदेश

६.१ डोल्पा ३८५
६.२ मुगु ३८९
६.३ हुम्ला ३९३
६.४ जुम्ला ३९७
६.५ कालीकोट ४०१
६.६ दैलेख ४०५
६.७ जाजरकोट ४०९
६.८ रूकुम पश्चिम ४१३
६.९ सल्यान ४१८
६.१० सुर्खेत ४२२

सुदूरपश्चिम प्रदेश

७.१ बाजुरा ४२९
७.२ बझाङ ४३३
७.३ दार्चुला ४३७
७.४ बैतडी ४४१
७.५ डडेल्धुरा ४४५
७.६ डोटी ४४८
७.७ अछाम ४५२
७.८ कैलाली ४५६
७.९ कञ्चनपुर ४६२

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका सतहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

२०७६ कात्तिक २२ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष – डा. इन्दिरा श्रेष्ठ

महासचिव - रुद्रबहादुर चर्मकार

कोषाध्यक्ष - गीता बराल

सदस्यहरू

- रघुनाथ अधिकारी
- दीपक काफ्ले
- नजीर मियाँ
- शोभाकर बुढाथोकी

निवर्तमान अध्यक्ष

- सुबोधराज प्याकुरेल

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सञ्चालन गरिन्छ ।

मानव अधिकार प्रलेख तथा प्रसार कार्यक्रम

यस विभाग अन्तर्गत मानव अधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानव अधिकार वर्षपुस्तक, प्राची, इन्फर्मलल*गायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

मानव अधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्। साथै समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा रेडियो कार्यक्रम उत्पादन गरी रेडियोबाट प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानव अधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ।

मानव अधिकार अभियान तथा पैरवी कार्यक्रम

राज्यलाई अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावका लागि सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। कानुन पुनरावलोकन, मानव अधिकार सन्धि अनुगमन र मानव अधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही कार्यक्रमद्वारा हुँदै आएको छ।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

इन्सेक कार्यालयहरू :

- **प्रदेश १ कार्यालय,** विराटनगर महानगरपालिका-११, जनपथ टोल, मोरङ फोन नं. ०२१-४७१०२५, ४७११२७
- **प्रदेश २ कार्यालय,** जनकपुरधाम उपमहानगरपालिका-८, मुरली चोक, धनुषा
- **बागमती प्रदेश कार्यालय,** हेटौँडा उपहानगरपालिका-२ संगमचोक, मकवानपुर, फोन नं. ०५७-५९०५५२
- **गण्डकी प्रदेश कार्यालय,** पोखरा महानगरपालिका-७, जनप्रिय मार्ग, कास्की, फोन नं. ०६१- ४६५५१२
- **प्रदेश ५ कार्यालय,** नेपालगञ्ज उपमहानगरपालिका- १०, नेसनल ट्रेडिङ रोड, बाँके, फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **कर्णाली प्रदेश कार्यालय,** बीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत, फोन नं. ०८३-५२१४८९
- **सुदूरपश्चिम प्रदेश कार्यालय,** धनगढी उपमहानगरपालिका-४, उत्तरखेहडी, कैलाली, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

प्रतिबद्धता निरन्तरताको

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न थालेको २८ वर्ष पूरा भएको छ। यसको प्रमुख उद्देश्य मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको व्यवस्थित अभिलेख राख्नु र त्यसमार्फत् पीडितको न्याय प्राप्तिमा सहायता गर्नु नै हो।

२०४६ सालमा पुनर्स्थापित प्रजातन्त्रसँगै सामाजिक न्याय र मानव अधिकार प्राप्तिका सन्दर्भमा अभियान थालेको इन्सेकले २०४९ सालदेखि मानव अधिकारबारे अभिलेख राख्न सुरु गरेको थियो। बितेका २८ वर्षमा नेपालमा राजनीतिक तथा सामाजिक परिवर्तनका क्षेत्रमा उल्लेख्य काम भए। परिवर्तनका यी सबै दस्तावेजको सङ्ग्रह इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत गर्दै आएको छ।

इन्सेकले गरेको अभिलेख सशस्त्र द्वन्द्वपीडितको न्याय र परिपूरणका लागि, जनआन्दोलनका घाइते तथा पक्राउ र यातनापीडितका लागि राहत प्राप्त गर्ने माध्यममात्रै बनेका छैनन्, सशस्त्र द्वन्द्वको औपचारिक समाप्तिका १३ वर्षपछिसम्म पनि यससम्बन्धी खोज तथा अनुसन्धान गर्नेका लागि भरपर्दो सन्दर्भ सामग्री बनिरहेको छ। नागरिकको मर्यादा र सार्वभौम अधिकारप्रति संचेतना बढाउने अभिप्रायले नै मानव अधिकारसँग सम्बन्धित घटना र सूचना प्रकाशन गरिएको हो।

त्यतिमात्र हैन, मुलुकमा भएका मुख्य परिवर्तन, त्यसक्रममा देखिएका उतारचढाव तथा महत्त्वपूर्ण घटनाक्रमलाई समेत वर्ष पुस्तकले समेट्ने गरेका छन्। राज्यले राख्नुपर्ने यस्ता अभिलेख वर्ष पुस्तकले समेटेर सरकारलाई समेत सहयोग गर्दै आएको छ। कतिपय अवस्थामा राज्यका निकायले समेत आधिकारिक प्रमाणका लागि वर्ष पुस्तकलाई नै आधार मान्दै आएका छन्। अर्कोतर्फ अन्तर्राष्ट्रियस्तरबाट समेत नेपालको मानव अधिकार अवस्था विश्लेषणका लागि मानव अधिकार वर्ष पुस्तकलाई प्रमाणिक दस्तावेज मानिनुले इन्सेकको इमान्दार प्रयासप्रति प्राप्त वैधताका रूपमा बुझेका छौं।

सन् २०१९ मा राज्य तथा अन्य पक्षबाट हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना गत वर्षको भन्दा बढी अभिलेख भयो। महिलामाथि हुने हिंसा र त्यसमध्ये पनि बलात्कारका घटना अघिल्लो वर्षको तुलनामा बढेको छ। थप चिन्ताको विषय त यो रहयो कि बालिकामाथि हुने बलात्कारका घटनामा समेत वृद्धि भयो। यस वर्ष महिलामाथि हुने घरेलु हिंसाका विभत्स घटना अभिलेख भए। पर्याप्त दाइजो नल्याएको आरोपमा कुटिनेदेखि मारिनुपर्नेसम्मका घटना यस वर्ष पनि दोहोरिए। आफ्नै ठानिएका पति र परिवारका अन्य सदस्य यस्ता अपराधमा संलग्न हुने क्रम पनि रोकिएन। त्यसैगरी आफ्नो इज्जत बचाउने नाममा महिला (छोरी/चेली) को हत्या (अनर किलिङ) गर्ने घटना यस वर्ष पनि सार्वजनिक भए। यी अवस्थाले मानव अधिकारभित्र पनि महिला मानव अधिकारको अवस्थामा थप चुनौती र खतरा बढ्दै गएको देखिन्छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० ले सन् २०१९ र त्यसअघिका अनुभवको निरन्तरताका आधारमा मानव अधिकार स्थिति आँकलन गरेको छ। यसरी मानव अधिकारको अवस्था छर्लङ्ग पार्ने क्रममा विषयहरू सान्दर्भिक होउन् भन्नेतर्फ पनि ख्याल गरेका छौं। घटनास्थलमै पुगेर सम्बन्धित पक्षहरूसँग बुझ्ने, अर्धन्यायिक र न्यायिक निकायमा पुगेर त्यसको पुस्ट्याइँ गर्ने तथा पुनःपरीक्षण गर्ने तौरतरिका यसपटक पनि लागु गरियो। जसले यस पुस्तकमा समावेश घटनाहरू निष्पक्ष बनाउन सघाएको महसुस भएको छ।

न्यायपालिका र तीनै तहका कार्यपालिका तथा व्यवस्थापिकाले सम्पादन गरेका कार्य, तिनका प्रभाव तथा कमजोरीबारे मानव अधिकारका नजरले केलाउने कार्य यसपटक पनि भएको छ। जसबाट सरकारलाई आफ्ना कमजोरी थाहा पाइ सुधार मार्गमा लाग्न मद्दत पुग्ने अपेक्षा गरिएको छ भने सर्वसाधारण आफ्नो अधिकारका साथै कर्तव्यप्रति पनि सचेत हुन मद्दत पुग्ने ठानिएको छ। प्रस्तुत विवरणबाट शक्ति पृथकीकरणको अवस्था बुझ्न र त्यसले मानव अधिकारका क्षेत्रमा पुऱ्याएको योगदान तथा हानिको विश्लेषण गर्न पनि सघाउने आशा गरिएको छ।

घटना सङ्कलन तथा त्यसलाई पुष्टी गर्ने क्रममा इन्सेकका ७७ जिल्ला प्रतिनिधिले जिल्ला प्रहरी कार्यालय मातहत रहने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको अनुगमन गरेका थिए। कार्यालयमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र भएको पाइयो। कानुनले नै मिलापत्र हुन नसक्ने भनेका विषयमा समेत मिलापत्र गराउने तथा शक्ति र पैसाका भरमा खासगरी महिला हिंसाका घटना सामसुम पार्ने प्रयासले मानव अधिकार उल्लङ्घनप्रति उचित संवेदनशीलता नभएको देखियो।

वर्षको सुरुमै अदालतमा दर्ता भएका सामान्य कुटपिट र बहुविवाहका मुद्दासमेत वर्षको आखिरीसम्म टुङ्गो नलाग्दा पीडित पक्ष निराश बने। गाउँठाउँका सामान्य घटनामा कारबाही गर्ने आदेश दिनसमेत प्रशासनले एक वर्षसम्म नभ्याएको स्थितिले उसको ढिलासुस्तीमा कुनै सुधार आएको देखिएन। अर्धन्यायिकमात्र हैन, न्यायिक निकायले समेत सर्वसाधारणलाई न्यायमा ढिलाइ गरिदिँदा पीडित उपर पर्ने मानसिक, शारीरिक तथा सामाजिक, आर्थिक र राजनीतिकरूपमा पर्ने असरबारे विचार पुऱ्याएको पाइएन। यस्तो अवस्थाले यी निकायप्रति सर्वसाधारणको धारणा सकारात्मक हुन सकेन।

सदाझैं यस वर्षको मानव अधिकार अवस्था चित्रणसहितको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० सबैसामु छ। गाउँ/गाउँदेखि टोल/टोलसम्म छरिएका घटना र सूचनाले पुस्तकको रूप धारण गर्नुमा धेरै जनाको अथक प्रयास छ। यस क्रममा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको प्राथमिक सूचना अभिलेख गर्ने ७७ वटै जिल्लाका प्रतिनिधि धन्यवादका पहिलो भागिदार छन्। पुस्तकलाई प्रकाशन चरणसम्म पुऱ्याउने वर्ष पुस्तक टोली र इन्सेकका कर्मचारीको भूमिका पनि महत्त्वपूर्ण छ।

यो पुस्तकलाई सत्य/तथ्यपूर्ण, विश्वसनीय र सन्तुलित बनाउन राजनीतिक दल, प्रशासन, न्यायालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नागरिक समाजका अगुवाको पनि उत्तिकै भूमिका छ। नेपालको मानव अधिकार अभिलेख उतार्ने र सुरक्षित गर्ने यस कार्यमा हामीलाई सन् १९९२ नै देखि सघाउने नर्वेजियन दूतावास लगायत 'ब्रेड फर दि वर्ल्ड' र राष्ट्रिय/अन्तर्राष्ट्रिय सहयोगी दाताहरूप्रति पनि आभार व्यक्त गर्न चाहान्छौं।

अन्त्यमा, मानव अधिकारसँग सम्बन्धित अभिलेखहरूको यो पुस्तक प्रकाशनमा सदाझैं यहाँहरूबाट सहयोग र शुभेच्छा पाइ नै रहने छौं भन्ने अपेक्षा पनि व्यक्त गर्न सान्दर्भिक ठान्छौं। जसबाट नेपालमा मानव अधिकारको आगामी यात्रा सुखद् हुने कामना गर्न सकिन्छ।

२०७६ फागुन ७

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

परिच्छेद

नेपालको सङ्क्रमणकालीन न्याय
राजनीतिक इच्छाशक्तिको सङ्कट

१

पृष्ठभूमि

विस्तृत शान्ति सम्झौतामार्फत १० वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य गरी संविधानसभाबाट संविधानको निर्माण, माओवादी लडाकु र उनीहरूको हतियार व्यवस्थापनलगायतका कार्य सफलतापूर्वक सम्पन्न भए। यद्यपि बितेका १३ वर्षमा सङ्क्रमणकालीन न्यायका सरोकारहरू ज्युँका त्युँ रहिरहनु सामाजिक न्यायका दृष्टिले बेमेलको अवस्था हो। जसका कारण तत्कालीन सरकार तथा नेकपा माओवादीबीच भएको सशस्त्र द्वन्द्वको सर्वपक्षीय व्यवस्थापन तथा स्थायी निरूपणका लागि नेपालमा भएका विभिन्न प्रयासलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय द्वन्द्वविज्ञहरूका माझ अनुकरणीय नमूनाका रूपमा प्रस्तुत गर्ने अवसर नेपालले गुमाउँदै गएको भान हुन थालेको छ। सशस्त्र द्वन्द्वलाई विधिवत् अन्त्य गर्ने गरी नेपाल सरकार र नेकपा माओवादीबीच २०६३ साल मङ्सिर ५ गते सम्पन्न भएको विस्तृत शान्ति सम्झौताको एउटा महत्वपूर्ण उद्देश्य नेकपा माओवादीद्वारा २०५२ सालबाट सुरु गरिएको सशस्त्र सङ्घर्षको कानुनी तथा शान्तिपूर्ण व्यवस्थापन तथा समाप्ति नै थियो। जसलाई नेपालका राजनीतिक दलले अग्रगमनको प्रस्थानबिन्दु मानेका थिए। मानव अधिकार उल्लङ्घनका पीडितलाई सत्य, न्याय र परिपूरणका काम प्राथमिकताकासाथ शान्ति सम्झौता भएपछि तत्कालै टुङ्ग्याउनु पर्थ्यो। तर सम्बद्ध नेतृत्व यसप्रति गम्भीर र संवेदनशील बन्न चाहेन। नेतृत्वले पीडितलाई शान्ति प्रक्रियाको केन्द्रमा राख्नुपर्नेमा आफूलाई केन्द्रविन्दुमा राखे। परिणाम, बृहत् शान्ति सम्झौता भएको १३ वर्ष बित्दा पनि द्वन्द्वकालीन घटनाका पीडितले न्याय र उचित परिपूरण दुवै पाउन सकेनन्।

मारिएका, बेपत्ता पारिएका, विस्थापित भएका, यौन हिंसा तथा उत्पीडनमा परेकाहरूको मानसिक तथा सामाजिक पुर्नस्थापना, कब्जा गरिएका घरजग्गाको फिर्ताको सुनिश्चितताजस्ता विषयको न्यायसँग प्रत्यक्ष सम्बन्ध थियो जसमा प्रभावकारी काम हुन सकेन।

शान्ति सम्झौता भएको १३ वर्षमा दण्डहीनताले व्यापक मात्रामा प्रश्रय पायो। सशस्त्र द्वन्द्वका आरोपितहरू उपर विभिन्न अदालतमा रहेका मुद्दा तथा उजुरी उपर राज्यबाट सङ्गठित रूपमै अवरोध भयो। चितवनमा मारिएका कृष्णप्रसाद अधिकारीको हत्या आरोपितलाई कानुनी दायरामा ल्याउन माग गर्दा गर्दै उनका पिता नन्दप्रसाद अधिकारीको मृत्यु भयो। लामो समयसम्म आरोपितहरू कानुनी घेरामा आउन सकेनन्। ओखलढुङ्गाका उज्जन र अर्जुन श्रेष्ठको हत्या आरोपमा जन्मकैदमा रहेका बालकृष्ण ढुंगेलको आममाफी, बाँदरमुढे घटना, अर्जुन लामा हत्याकाण्ड, मुक्तिनाथ अधिकारीको हत्याका घटनामा परेको जाहेरीउपर कुनै कारबाही अगाडि बढेनन्। भैरबनाथ गणबाट बेपत्ता पारिएका ४८ जनाको अवस्था यो अवधिसम्म थाहा हुन सकेन भने घटनाका आरोपितको बढुवा भयो। चर्चामा रहेका घटनाहरू जस्तैः दोरम्बा घटना, मैना सुनार हत्याकाण्ड र कोटवाडा हत्याकाण्डका आरोपितहरू उपर कुनै कारबाहीको प्रकृया अगाडि बढेन। तत्कालीन नेकपा माओवादीले यस्ता घटनालाई बृहत् रुपबाट हेरिनुपर्ने बतायो। इन्सेकले यस्ता विषयमा पटकपटक खबरदारी गर्दै आयो। बितेका वर्षहरूका प्रकाशनहरूमा पनि यस्ता विषयहरू प्राथमिकताका साथ उठान गरिए।

न्याय तथा परिपूरणको सवालमा भने यसबीचमा उल्लेख्य प्रगति नहुँदा शान्ति प्रक्रियाका अन्य महत्त्वपूर्ण उपलब्धि पनि ओझेलमा पर्ने हो कि भन्ने चिन्ता थपिएको छ। राज्यका निकाय तथा सरकारले त्यसबेलाका द्वन्द्वपीडितहरूको न्याय प्राप्त गर्ने अधिकारलगायत परिपूरणका सवाललाई प्राथमिकतामा राखी सम्बोधन नगर्दासम्म यस विषयको स्थायी समाधान हुन कठिन हुने विश्लेषण गरिँदैछ। सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अनुसन्धान गर्नु, त्यस्ता घटना पुनः नहुने सुनिश्चितता गर्नु, मानव अधिकार उल्लङ्घनमा जिम्मेवार व्यक्तिहरू पहिचान गरी कानुनी दायरामा ल्याउनु, पीडितलाई न्याय तथा परिपूरणको उचित व्यवस्था गर्नु, शान्ति संरक्षण र संवर्द्धन गर्नु, व्यक्तिगत र राष्ट्रिय समझदारी विकास गर्नु सङ्क्रमणकालीन न्यायको सर्वमान्य लक्ष्य भए

पनि यस विषयको सुनिश्चितता हालसम्म पनि भएको देखिएन। जसका कारण हाम्रो शान्ति प्रक्रिया पनि अधुरै रहने हो कि भन्ने शङ्कालाई मलजल पुगेको छ।

पीडितको सङ्ख्या तथा विवरणमा भिन्नता

२०५२ फागुन १ गते सुरु भई २०६३ मङ्सिर ५ गतेसम्म जारी सशस्त्र द्वन्द्वका क्रममा १३ हजार २ सय ४८ जनाको मृत्यु र ९ सय ३२ जना बेपत्ता भएको इन्सेकको अभिलेख छ। पीडितको थातथलोमा गएर सङ्लन गरिएको यो तथ्याङ्कलाई आधिकारिक मान्न सकिने प्रशस्त आधारहरू छन्। शान्तिप्रक्रिया आरम्भ भएको १३ वर्ष पूरा भइसक्दा पनि त्यसक्रममा भएका मानवीय क्षतिहरूको बारेमा व्यवस्थित र आधिकारिक दस्तावेजहरू उपलब्ध छैनन्। त्यस क्रममा कति जना नेपालीले, कुन ठाउँमा, कसरी, के कारणले ज्यान गुमाउनु पऱ्यो, त्यसको छानबिन पनि हुन सकेको छैन। तत्कालीन विद्रोही नेकपा माओवादी स्वयम्ले आफ्ना मारिएका लडाकु कुन ठाउँमा कहिले कसरी मारिए त्यसको पूर्ण विवरण प्रकाशमा ल्याएको छैन। आफ्ना संयन्त्रमार्फत अद्यावधिक गरेको मारिएका मानिसहरूको सूची तलमाथि हुन सक्ने सरकारले बताएको थियो। तत्कालीन अवस्थामा स्थानीय प्रशासनले अभिलेख राख्ने कार्य व्यवस्थित रूपमा गर्न नसकेकाले पीडितपक्षलाई न्याय प्रदान गर्ने भरपर्दो आधारको समेत अभाव महसुस भयो। यसबाहेक घाइते तथा अङ्गभङ्ग भएका, बिस्थापित भएका, घरजग्गा कब्जा गरिएका तथा द्वन्द्वका कारण विविध प्रकारबाट प्रभावित र सानातिना हानि/क्षतिमा परेकाको अवस्थाबारे आधिकारिक तथ्याङ्क अझै सार्वजनिक रूपमा उपलब्ध छैन। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन गर्ने आयोगहरूमा दर्ता भएका उजुरीका आधारमा भन्ने हो भने सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६२ हजार र बेपत्ता आयोगमा २ हजार ७ सय भन्दा बढी उजुरी परेको तथ्याङ्कले यसको फरक अवस्थासमेत सङ्केत गरेको छ। विस्तृत शान्ति सम्झौताको बुँदा ५.२.३ मा बेपत्ता पारिएका र युद्धका समयमा मारिएकाहरूको वास्तविक नाम थर र ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् भनी उल्लेख छ। तर, यो विषय समयक्रमसँगै सरोकारवालाको स्मृतिबाट हरायो।

शान्ति सम्झौता र बिस्मरणमा परेका प्रावधान

संसदीय मूल्य/मान्यतामा रहेका सात राजनीतिक दल र नेकपा माओवादीबीच २०६२ मङ्सिर ७ गते सम्पन्न १२ बुँदे सम्झौताले नेपालको शान्ति प्रक्रियाको बाटोलाई औपचारिक रूपमा खोलिदिएको थियो। विस्तृत शान्ति सम्झौताले द्वन्द्वरत समाजलाई शान्ततर्फ डोहोऱ्याइ नागरिकलाई राष्ट्रको मालिक बनाउने दस्तावेजका रूपमा रहेको अन्तरिम संविधान २०६३ को आधारभूमि तयार पारेको मानिन्छ। यसको अर्को महत्त्वपूर्ण पक्ष भनेको उक्त शान्ति सम्झौताले नेकपा माओवादीलाई राज्य सञ्चालन प्रक्रियामा सहभागिताको ढोकासमेत खोलेको थियो।

विस्तृत शान्ति सम्झौताले राज्य सञ्चालनका लागि परिवर्तित रूपरेखा कोरेको भए पनि यो दस्तावेजको एक महत्त्वपूर्ण प्रावधानमध्येको बुँदा नम्बर ५.२.५ मा द्वन्द्वरत दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूबारे सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता भएका व्यक्तिहरूको अवस्था छानबिन गर्ने आयोग गठन गर्न सहमत छन् भनी उल्लेख गरिएको थियो। तर ती आयोग गठन हुन नै नौ वर्ष कुर्नुपऱ्यो।

सङ्क्रमणकालीन न्याय निरूपणका कठिनाइ

शान्ति सम्झौताको महत्त्वपूर्ण अङ्गका रूपमा सत्य निरूपण तथा मेलमिलाप आयोगलाई लिइएको थियो। जसलाई तत्कालीन समाज तथा द्वन्द्वविज्ञहरूले पनि उपयुक्त माध्यमका रूपमा व्याख्या गरेका थिए। त्यसैले यी आयोगहरूले मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूलाई कानुनी दायरामा ल्याउने तथा द्वन्द्वपीडितहरू न्याय तथा परिपूरण प्राप्त गर्ने आशा थियो। सशस्त्र द्वन्द्वको बेला द्वन्द्वरत राज्यपक्ष र विद्रोहीपक्षले मानवीय कानुनको उल्लङ्घन गरेका तथ्यहरू त्यतिखेर पनि प्रकाशमा नआएका होइनन्। अन्तर्राष्ट्रिय मानवीय कानुनले सशस्त्र द्वन्द्वलाई यसको प्रकृतिको आधारमा अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व र गैरअन्तर्राष्ट्रिय वा आन्तरिक सशस्त्र द्वन्द्व भनी दुई भागमा विभाजित गरेको छ। यससँग सम्बन्धित कानुनहरू पनि सोही अनुरूप नै

हत्या



मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकार हो। तर विभिन्न बहानामा मानिसहरूको हत्या हुने गरेको छ। राज्यपक्षबाट हुने हत्याका घटनामा गत वर्षको जस्तै रहे पनि यस वर्ष मुठभेडका नाममा पाँचजनाको हत्या भयो भने एकजनाको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर मृत्यु भयो। कथित मुठभेडका नाममा नागरिकको हत्या हुनु पक्कै सुखद् कुरा होइन। कानुनले आत्मरक्षाका लागि गोली चलाउने अधिकार प्रहरीलाई दिएको छ। तर, यस वर्ष भएका मुठभेडका घटना शंकास्पद रहे। प्रहरीले यससम्बन्धमा चित्त बुझ्दो जवाफ दिन सकेन। यस वर्ष राज्यपक्षबाट सात जना र अन्यपक्षबाट ३ सय ५१ जनाको हत्या भएको इन्सेकमा अभिलेख भयो।

घाइते

पीडित सङ्ख्या २०१४-२०१९



पीडित सङ्ख्या, २०१९

पीडित सङ्ख्या २०१९, प्रदेशका आधारमा



शारीरिक रूपमा घाइते हुनका लागि अन्य कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो झडप, कुटपिटलगायतका कारण मानिस घाइते हुन्छन्। सन् २०१९ मा देशभरका १ सय ६३ जना घाइते भएका घटना इन्सेकमा अभिलेख भयो। दोहोरो झडप, प्रहरीको गोली लागेर घाइते भएकाहरूको उपचार सरकारले निःशुल्क गर्ने भनिए पनि उपचार गर्ने वा खर्च लिने प्रक्रिया झञ्झटिलो भएको पीडितहरूले गुनासो गरे।

सन् २०१९ मा घटना अनुसार पीडित सङ्ख्या

प्रदेशका आधारमा

	प्रदेश १	प्रदेश २	बागमति प्रदेश	गण्डकी प्रदेश	प्रदेश ५	कर्णाली प्रदेश	सुदूर पश्चिम प्रदेश	कूल जम्मा
अपहरण	३	१७	७		९	४	४	४४
गिरफ्तार	८३	१५	१६८	१३८	१४४	६३	९३	७०३
कुटपिट	३०	७९	३८	१९	५९	४४	३०	३७९
बालअधिकार	३०१	३३५	३७६	९०	३८३	६५	१०७	१४४७
हिरासतमा मृत्यु	१		३	१			१	५
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				३	३	१		५
अमानवीय व्यवहार	४	३	६	१४	६	४	३	४०
घाइते	३४	३३	३९	१६	३०	४	३८	१६३
हत्या	७७	८३	६०	३४	५७	३१	३७	३५८
जातीय विभेद	१	६	३१	५	५	१८	६	६३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	१	१७	१३	५८	१०			९८
धम्की	३	९	५	३	८	९		३५
यातना		१	७		१	४		१३
महिला अधिकार	३३५	३३६	७४७	३१०	९८६	३५०	५००	३३६४
जेलमा मृत्यु			१६		१			१७
विस्थापन		८						८
बेपत्ता					३			३
कूल जम्मा	८५३	७३०	१४९४	६७९	१६०३	४८६	७९८	६६४३

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार





नेपालको संविधानमा अभिव्यक्ति स्वतन्त्रताको हकको सुनिश्चितता गरिएको छ। यो वर्ष यस्तो अधिकारको प्रयोगमा केही खुकुलो भए पनि अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकारका घटनामा यस वर्ष ९८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

कुटपिट





हतियार प्रयोग गरी वा नगरी पनि एकले अर्कालाई कुटपिट गरेका घटना सार्वजनिक भइरहेका हुन्छन्। व्यक्तिगत कुटपिटका घटना त हाम्रो समाजमा दिनहुँजसो भइरहेका हुन्छन्। तर, मानव अधिकार रक्षकमाथि गरिएका कुटपिटका घटनामा सन् २०१९ मा १ सय ५५ जना पीडित भए। कुटपिटका कारण सामान्य घाइते हुने तथा अङ्गभङ्ग हुनेसम्मका घटना अभिलेख गरिएको छ। मानिसमा तत्काल आउने रिस र आवेगलाई नियन्त्रण गर्न नसक्दा कुटपिटका घटना हुन्छन्। एकले अर्काको कुरा राम्रोसँग सुन्ने गरे यस्ता घटनामा कमी आउँछ। इन्सेकमा अभिलेख भएका यस्ता घटनामा मेलमिलाप गरेर टुङ्ग्याइएको पाइयो।

फरकफरक रहेका छन्। अन्तर्राष्ट्रिय मानवीय कानुनको केन्द्रीय सरोकार युद्धमा प्रत्यक्ष संलग्न नभएका र गैरसैनिक नागरिकको संरक्षण गर्नु हो । जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ ले युद्धका पक्षहरूको दायित्व श्रृजना गरेको छ र यो व्यवस्था गैरराज्यपक्षको हकमा समेत लागु हुन्छ । यस प्रावधानअन्तर्गत द्वन्द्वरत पक्षलाई युद्धमा प्रत्यक्ष संलग्न नभएका र गैरसैनिक नागरिकको हत्या गर्न, बेपत्ता पार्न, कुटपिट वा यातना दिई शारीरिक क्षति पुऱ्याउन, दुर्व्यवहार गर्न प्रतिबन्ध लगाएको छ । नेपाले जेनेभा महासन्धिको पक्षराष्ट्र भएको नाताले उल्लिखित प्रावधानहरूको पालना गर्नु नेपालको सन्धिजनित दायित्व हो भन्ने स्वीकार गर्दै माओवादी नेतृत्वले सन् २००३ मै अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्ने वचन दिएको थियो।

सशस्त्र द्वन्द्वका क्रममा मारिनेहरूमध्ये अधिकांश गैरसैनिक र युद्धसँग असम्बन्धित नागरिकहरू छन् । कालीकोटको कोटबाडाको विमानस्थल बनाउन गएका मजदुरहरूको सेनाले गरेको हत्या र युद्धविराम भएको समयमा रामेछापको दोरम्बाको एक घरमा बैठक गरिरहेका माओवादीलाई नियन्त्रणमा लिएर गरिएको हत्या अनि माओवादीहरूद्वारा दैलेखको नौमुलेमा, दैलेखका पत्रकार डेकेन्द्र थापा, रुकुमका कानुन व्यवसायी तथा नेकपा एमालेका नेता यदु गौतम, लमजुङका र ओखलढुङ्गाका शिक्षकद्वय मुक्तिनाथ अधिकारी र गुरुप्रसाद लुँइटेललगायतको हत्या यसका उदाहरणहरू हुन् । उल्लिखित प्रकृतिका गैरन्यायिक हत्याको निष्पक्ष छानबिन गरी दोषीहरूलाई कानुनको दायरामा ल्याउनैपर्ने राज्यको दायित्व पूरा भएको अवस्था छैन। सेना वा प्रहरीले गरेका गैरन्यायिक हत्यामा अनुसन्धान र कारबाही गरेको केही मात्र उदाहारण छन् । सशस्त्र विद्रोहका क्रममा माओवादीले गरेका हत्याहरूको सन्दर्भमा भने केही मुद्दाहरू अदालतमा दर्ता गरिएको भए पनि शान्ति समझौतापछि गठन भएका सबै सरकारले त्यस्ता मुद्दाहरू फिर्ता लिने निर्णय गरेबाट सरकार उक्त दायित्व पूरा गर्ने मनसायमा देखिँदैन । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले गैरन्यायिक हत्याको तत्काल निष्पक्ष र प्रभावकारी ढङ्गले अनुसन्धान गरी दोषीहरूलाई कानुनको दायरामा ल्याउने दायित्त्व सम्बन्धित सदस्य राष्ट्रलाई तोकेको छ।

मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजागर गर्दै त्यसमा संलग्न दोषीहरूलाई कारबाही गरिनु सङ्क्रमणकालीन न्याय व्यवस्थाको प्रमुख कार्य एवम् माग हो । तर, यसतर्फ सरकार अझै पनि संवेदनशील हुन सकेको छैन । दलहरूले राजनीतिक परिवर्तनप्रति खतरा उत्पन्न हुनसक्ने भय देखाउँदै दोषीहरूलाई उन्मुक्ति दिने प्रयास गरेको हो कि भन्ने आशङ्का बढेको छ । राहत वा क्षतिपूर्ति वितरण गरेर मात्रै पीडितहरूले न्याय नपाउने हुँदा आफ्नो प्रियजनहरूको के कारणले हत्या भयो ? किन उनीहरूलाई बेपत्ता पारियो ? वा किन उनीहरूलाई घाइते तुल्याइयो ? लगायतका विषयमा यथार्थ जान्न पाउनु पीडितपक्षको अधिकार हो।

तर, विगत १३ वर्षदेखि उठेको यो सवालले अझैसम्म विश्वासयोग्य प्रकारबाट मूर्त रूप लिन सकेको अवस्था छैन । सशस्त्र द्वन्द्वोत्तर समाजमा अनिवार्यतः सम्पन्न गरिनुपर्ने कैयन् काम अझै पनि हुन सकेका छैनन् । द्वन्द्वकालमा भएका जघन्य अपराधमा संलग्न दोषी पत्ता लगाउने, तिनलाई कानुनको दायरामा ल्याउने तथा अन्य परिपूरणको व्यवस्था गरी समाजमा शान्ति स्थापना गर्ने काममा हालसम्म पनि आशालाग्दो प्रगति हुन सकेन।

द्वन्द्वरत पक्षसँग कुनै सरोकार नभएका तथा द्वन्द्वको मारमा परेका कैयौँ मानिस बेसहारा तथा अपाङ्गताको अवस्थामा बाँच्न बाध्य भए। यसबीचमा उनीहरूको अवस्था सुधार गर्न तथा त्यस्ता व्यक्तिहरूको समस्यालाई नगन्यरूपमा मात्र सम्बोधन गरिएको छ । विस्तृत शान्ति सम्झौतापश्चात भएका अनेकन सहमति र सम्झौताले उक्त समयमा भएका बेपत्ता तथा अपहरणमा पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरिने प्रतिबद्धता व्यक्त भएको भए पनि उक्त विषयलाई पनि कुनै टुङ्गोमा पुऱ्याएको देखिएन । यो अवस्थाले पीडितलाई थकित तुल्याएर द्वन्द्वकालका सबै अपराध ओझेल पार्न खोजिएको त हैन भन्ने शङ्कालाई मलजल गरिरहेको भान हुन्छ । दण्डहीनताको यथास्थितिले तत्कालका लागि केही व्यक्ति तथा समूहलाई कानुनी तथा राजनीतिक शीतलता प्रदान गरेको भए पनि अन्त्यमा त्यसले जन्माउन सक्ने प्रतिहिंसा वा विषयको अन्तर्राष्ट्रियकरणबाट हुने क्षतिको प्रबल संभावनालाई नकार्न सकिँदैन । जुन करा द्वन्द्वरत पक्षधरलाई मात्रै होइन, समग्र मुलुकका लागि समेत प्रत्युत्पादक हुने निश्चित छ । तर पनि यस विषयमा

जिम्मेवार निकायहरूबाट गम्भीरपूर्वक समाधानका प्रयास भएका देखिएको छैन।

उजुरी सङ्कलनमा चार वर्ष बिताएका आयोगहरू

शान्ति सम्झौता भएको नौ वर्षपछि सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलाई अलग अलगरूपमा गठन गऱ्यो। यी आयोगले उजुरी सङ्कलन गर्ने तथा यसको प्रचारप्रसार गर्नेलगायतका काम भन्दा अगाडि जान सकेनन्। सरकारबाट दुवै आयोगको कार्य अवधि समय समयमा बढाइएको भए पनि उक्त दुवै आयोगले पाएको जिम्मेवारी सम्पन्न गर्न असमर्थ भई विघटन भए। विगतमा गठन भएका दुवै आयोगमा पदाधिकारीबीच भएको आन्तरिक किचलो, दलगत स्वार्थ, विषयवस्तु, सिप तथा क्षमतामा अभाव भई कार्यमा अकर्मण्यताको अवस्था, ऐन/कानुनमा भएका कमजोरी, यस विषयलाई टुङ्गोमा पुऱ्याउन सक्ने इच्छाशक्ति अभावलगायतका कारणले ती आयोगका काम प्रभावकारी हुन नसकेको भनियो। यद्यपि दुवै आयोगका पदाधिकारीले सरकारबाट पर्याप्त सहयोग नपाएको, कानुन संशोधन गरी अधिकार सम्पन्न नबनाएको, आर्थिक तथा मानवीय स्रोतहरूमा सीमितमात्र सहयोग भएकाले तोकेका कार्य सम्पन्न गर्न नसकेको सार्वजनिकरूपमा बताए। जुन कुरा यस सम्बन्धमा गम्भीर पनि छ। यसबीचमा राज्य कोषबाट विनियोजित बजेट शान्ति प्रक्रियाका नाममा एकातिर 'खर्च' भइरहयो भने अर्कोतिर राज्यले यसको व्यवस्थापनमा देखाएको कमजोरीले पीडितहरूमा राज्यप्रति अविश्वास भई लामो समय बिनाउपलब्धि त्यसै खेर गएको पनि देखियो। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले केही घटनाको अनुसन्धान गरी निष्कर्षमा पुग्न लागेको तथा सत्य निरूपण तथा मेलमिलाप आयोगले देशका विभिन्न जिल्लामा अन्तरकृया कार्यक्रमहरू गर्नुका साथै सातै प्रदेशमा सम्पर्क कार्यालय स्थापना गरी उजुरीउपर अनुसन्धान सुरु गरिएको बताएका थिए।

आयोगमा नयाँ पदाधिकारी र कार्यभार

सरकारले रिक्त रहेका दुवै आयोगलाई पुनः गठन गरी पूर्णता दिने उद्देश्यले त्यसमा पदाधिकारीहरूको नाम सिफारिस गर्न भनी २०७५ चैतमा पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा एक समिति गठन गऱ्यो। म्याद नतोकी गठन गरिएको सिफारिस समितिले कार्यविधि तयार पारी आयोग पदाधिकारीका लागि निवेदन माग गऱ्यो। तर, सरकारको यस प्रक्रियाप्रति द्वन्द्वपीडित, मानव अधिकारकर्मी तथा अन्तर्राष्ट्रिय समुदाय सकारात्मक भएनन्। सत्य निरूपण तथा मेलमिलाप ऐनमा रहेको क्षमामुखी प्रावधान नसच्याउञ्जेल पीडितले न्याय पाउने सम्भावना कमै हुने उनीहरूको दाबी रहयो जुन विषयमा भरोसायोग्य समाधान खोज्न सरकार असफल रह्यो। सरोकारवालाहरूको विभिन्न दबाबका बीच सरकारले माघ महिनामा[1] दुवै आयोगमा दोस्रो पटक नयाँ पदाधिकारी चयन गरी त्यसको पनि एक वर्षको अवधि थप गरेको छ। तापनि यी दुवै आयोगका पदाधिकारी चयन गर्नुअघि सर्वोच्च अदालतको परमादेश, संयुक्त राष्ट्रसङ्घ, मानव अधिकार उच्चायुक्तको कार्यालयको सरोकार, पीडित तथा मानव अधिकार संस्थाले दिएका सुझावका आधारमा आयोग ऐन संशोधन नगरी पदाधिकारीको चयन गरिनुले सरकार फेरि पनि यस विषयलाई वास्तविकरूपमा समाधान गर्न चाहान्छ भन्ने विषयमा सरोकारवालाहरू ढुक्क हुने अवस्थामा देखिएनन्।

आयोग ऐनलाई पीडितमुखी बनाउन सर्वोच्च अदालतले विभिन्न फैसलामार्फत स्पष्टरूपमा दिशा निर्देश गरेको, संयुक्त राष्ट्र सङ्घलगायत नेपालका कूटनीतिक नियोगहरूले पटकपटक यस सम्बन्धमा सरकारको ध्यानाकर्षण गरेका, द्वन्द्वपीडित तथा मानव अधिकार संस्थाहरूले पनि पटक पटक सङ्क्रमणकालीन न्यायलाई कानुनी तथा तार्किक निष्कर्षमा पुऱ्याउन यससम्बन्धी कानुन संशोधन गरी पीडितहरूको सहभागितामा आयोगहरू बनाउन गरेका आग्रहहरू दोस्रोपटक आयोग गठन गरिएको अवस्थामा पनि सम्बोधन गरिएन। यो विषयलाई सरकार तथा राजनीतिक दलहरूले गम्भीरतापूर्वक नलिइ सामान्य रूपमा मात्र लिएको देखियो। जुन विस्तृत शान्ति सम्झौताको लोकतान्त्रिक मूल्य र सामाजिक न्याय स्थापनाका लागि सङ्घर्ष गर्ने आमचेतनाको बर्खिलाप हो। सरकार तथा संवद्ध राजनीतिक नेतृत्वको कमजोर जवाफदेहिताले

१. नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० मा सन् २०१९ का घटनाक्रममात्रै समेटिने भए पनि यो परिच्छेदको सान्दर्भिकताका लागि सन् २०१९ का एक दुई घटनाक्रम पनि राखिएको छ।

बाल अधिकार





नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार ४४ दशमलब ४ प्रतिशत १८ वर्षमुनीका बालबालिका छन्। बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ। शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन्। सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाह्रो हुन्छ। जन्मँदै हत्या गर्ने, बेचबिखन तथा ओसारपसार, बालश्रम जस्ता घटना त अझै कति समाजमै लुकाइएको होला। तर हाम्रो अभिलेखमा आएका यस्ता घटनामा १ हजार ४ सय ४७ जना पीडित भए। त्यसमध्ये सबैभन्दा बढी ८ सय ८४ जना बालिका बलात्कारका घटनाबाट पीडित भए। बलात्कार तथा यौन दुर्व्यवहारका घटनाबाट पीडित बालिकाका आरोपित पनि अधिकांश बालक रहेको पाइयो। बलात्कार तथा यौन दुर्व्यवहारजस्ता संवेदनशील धेरै घटना अदालतमा विचाराधीन हुनुले न्यायिक निकायले न्याय निरूपणमा तदारुकता देखाउनु पर्ने आवश्यकता देखिन्छ।

यस प्रकृयाप्रति पीडितको भरोसा गुम्दै गएको तथा अन्तर्राष्ट्रिय जगतको विश्वास घट्दै गएको देखिन्छ ।

न्याय प्राप्तिका सन्दर्भमा पीडितहरूको फरक धारणा आउनु, राजनीतिक दलको संरचनामा आएको बदलावले पीडित पक्षको आवाज कमजोर भएको आभास भयो । द्वन्द्वरत पक्ष हाल बलियोसँग सरकारमा सामेल भएको छ । यस्तो अवस्थामा सङ्क्रमणकालीन न्यायलाई अगाडि बढाइ मानव अधिकार उल्लङ्घनको आरोप लागेका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने विषय प्राथमिकतामा नपर्ने हो कि भन्ने शङ्का द्वन्द्वपीडितले मात्र हैन कि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सङ्घ/संस्था तथा अधिकार कर्मीलगायतले व्यक्त गरे । यस्तो शंका निवारणका लागि सरकारी धारणा आएनन् ।

सहमति आदेश कार्यान्वयनमा उदासीनता

सर्वोच्च अदालतको परमादेश, पीडित समुदाय तथा अन्य सरोकारवाला निकायको सुझावलाई नजरअन्दाज गरी गठन गरिएको वर्तमान आयोगले पनि अघिल्लो आयोगको कार्यकालमा सङ्कलन तथा दायर भएका निवेदन तथा उजुरीहरूउपर कारबाही गर्नसक्ने कुराको सुनिश्चितता सरकारी निकायबाट सार्वजनिक भएको छैन । जसले गर्दा यस विषयलाई कानुनी तथा तार्किक निष्कर्ष सम्पन्न गर्न सरकार सचेत नभएको आरोप लाग्न थालिसकेको छ । अदालतले पटकपटक दिएको आदेश र अन्तर्राष्ट्रिय अभ्यासलाई स्वीकार गर्ने काममा आलटाल गर्दा सङ्क्रमणकालीन न्याय निरूपणका काम थप पेचिलो बन्न सक्छ ।

विस्तृत शान्ति सम्झौता भएदेखि नै सङ्क्रमणकालीन न्यायलाई सङ्कुचित तवरले हेर्ने अनि पीडित पक्षलाई उपलब्ध गराइएको आर्थिक सहयोगलाई नै न्याय र परिपूरणको पर्यायका रूपमा व्याख्या गरिँदै आएको सरकारी धारणा देखियो । गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न दोषीलाई कानुनी कारबाही, परिपूरण तथा पीडित परिवारको भविष्य र जीवनयापनका आधार स्थापना गर्नेतर्फ भने सरकारले सकारात्मकरूपमा सोचेको देखिएन । यी विषयलाई दबाब र भारका रूपमा मात्र सम्बोधन गर्ने प्रवृत्ति सरकारमा देखियो । यस विषयलाई सरकारले राष्ट्रिय मानव अधिकार कार्ययोजनामा नीतिगतरूपमा प्रवेश गराए पनि ती योजना तर्जुमा गरिँदा तथा कार्यान्वयनमा सरोकारवालाको सहभागिता तथा सुझावलाई महत्व नदिइएको अवस्थाले सरकारी रवैयाप्रतिको शङ्कालाई मलजल गरेको देखियो ।

सङ्क्रमणकालीन न्यायको मूल उद्देश्य नै दिगो शान्ति स्थापनाको आधार हो भन्ने स्थापित मान्यतालाई तत्कालीन अवस्थाको द्वन्द्वरत दुवै पक्षबाट नजरअन्दाज गरिएका कैयौँ दृष्टान्त पाइएको छ । जसको मूल कारण द्वन्द्वरतपक्ष शक्तिशाली हुनु र राज्यको महत्त्वपूर्ण भूमिकामा रहनु पनि हो । हाल तत्कालीन सेना र माओवादी दुवै राज्य भएपश्चात पीडितको संवेदनामा कुठाराघात भएको देखियो । यसको फाइदा तत्कालीन नेकपा माओवादीबाट फुटेको समूहले लिनसक्नेतर्फ सचेत भएको पाइएन । तत्कालीन नेकपा माओवादीका अध्यक्ष प्रचण्डले आफ्नो दलले तत्कालीन अवस्थामा मारिएका १७ हजारमध्ये ५ हजार को जिम्मा एक्लै लिने भनी माघ १ गते[१] टुँडिखेलमा आयोजित कार्यक्रममा सार्वजनिकरूपमा व्यक्त गरेको विचार र बाँकी १२ हजारको सम्बन्धमा सुरक्षाकर्मी तथा त्यसबेलाका सरकारी अन्य पदाधिकारीसमेत विवादित हुने डरले पनि यो विषय हल गर्नमा सबै ठूला दल अनिच्छुक देखिएको हुनसक्ने आँकलन गर्न सकिन्छ ।

उदाहरणीय बन्न सिक्नै पर्ने पाठ

सशस्त्र द्वन्द्व भएका अन्य देशमा पनि द्वन्द्वउप्रान्त सङ्क्रमणकालीन अवस्थामा सत्य निरूपण तथा मेलमिलापलगायत अन्य प्रकृतिका आयोग तथा निकायहरू गठन र त्यस्ता आयोगहरूबाट मानव अधिकार उल्लङ्घनका घटनालाई जनतासमक्ष उजागर गरी आरोपितलाई कानुनी दायरामा ल्याइएका उदाहरण प्रशस्तै छन् । यस्ता आयोगले जघन्य अपराधमा संलग्न दोषीउपर कारबाहीका साथै मेलमिलापका प्रक्रिया अगाडि बढाएको पनि देखिएको छ । यस विषयलाई गम्भीरपूर्वतर्क नलिइनुले हाम्रो देशमा शान्ति स्थापनार्थ भएका प्रयासहरू बिस्तारै ओझेलमा पर्न थालेको आभाष हुँदै गइरहेको छ । अन्य मुलुकमा निरूपण गरिएका विधि र अभ्यासको अनुभवलाई नेपाली मोडलमा निष्कर्षमा पुऱ्याउँदा मात्रै नेपाल विश्वका लागि उदाहरण बन्न सक्छ । यो विषयले राष्ट्रिय

१. नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० मा सन् २०१९ का घटनाक्रममात्रै समेटिने भए पनि यो परिच्छेदको सान्दर्भिकताका लागि सन् २०१९ का एक दुई घटनाक्रम पनि राखिएको छ ।

नेपालको संक्रमणकालीन न्यायकासम्बन्धमा सर्वोच्च अदालतले स्पष्ट आदेश तथा फैसलाहरू गरेको छ । यससन्दर्भमा सर्वोच्च अदालतले २०७० पुस १८ गतेको परमादेशलाई संक्रमणकालीन न्यायका सन्दर्भमा महत्त्वपूर्ण मानिन्छ । बेपत्ता भएका व्यक्ति छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग अध्यादेश २०६९ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (१), १३(१) र २४(९) समेतको प्रतिकूल रहेको भनी द्वन्द्वपीडित तथा कानुन व्यवसायीले सर्वोच्च अदालतमा रिट दर्ता गरेका थिए । सो सम्बन्धमा जारी परामादेशमा तपसीलका विषय उल्लेख थिए ।

- बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यको छानबिन गर्न छुट्टै आयोग गठन गर्नुपर्ने,
- पीडितको सहमतिमा मात्र माफी दिइने गरी अध्यादेश परिमार्जन र संशोधन गर्नुपर्ने,
- आमनरसंहार, मानवताविरुद्धको अपराध, युद्ध अपराध, जबर्जस्ती बेपत्ता, यातना, गैरन्यायिक हत्या तथा बलात्कार लगायतका यौन हिंसाजस्ता गम्भीर प्रकृतिका अपराधहरूलाई दण्डनीय बनाउने कानुन निर्माण गर्नुपर्ने
- गम्भीर मानवअधिकार उल्लङ्घनका घटनामा मुद्दा चलाउनका लागि राखिएको ३५ दिने हदम्याद पुनरावलोकन गर्नुपर्ने,
- पीडित एवम् पीडितको परिवारलाइ यथेष्ठ आर्थिक, कानूनी एवं संस्थागत व्यवस्थासहित परिपूरणको व्यवस्था र मेलमिलापको भावना प्रवर्धनका लागि कानुनी व्यवस्था गर्नुपर्ने,
- द्वन्द्वपीडित वा पीडितको संस्था, द्वन्द्व विशेषज्ञ, मानवअधिकार कानुन विशेषज्ञ एवं सरोकारवालाहरू सम्मिलित विशेषज्ञ टोलीको परामर्शमा क्षमादानका मापदण्डहरू कानुनमा नै किटान गर्नुपर्ने,
- द्वन्द्वकालमा सशस्त्र विद्रोहको पक्षमा एवम् विद्रोहको दमन गर्ने कार्यमा संलग्न नरहेको तथा मानव अधिकार उल्लंघनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरू सम्मिलित गरी अन्तर्राष्ट्रिय मापदण्डको स्वच्छ, निष्पक्ष, विश्वसनीय आयोग गठन गर्नुपर्ने ।

राजनीतिलाई ध्रुवीकृत गर्ने सम्भावना देखिँदैछ । अर्कोतिर नेपालको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धतामा तुषारापात हुने र आरोपितहरूले अन्तर्राष्ट्रिय निकायहरूको अनुसन्धानमा सामेल हुनुपर्ने अवस्था आउनसक्ने खतरा पनि हुन्छ । यो विषयलाई राजनीतिक सहमतिका आधारमा मात्र होइन द्वन्द्वपीडित, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाको विश्वासमा लिएर समाधान गर्नु आजको कार्यभार बनिसकेको कुरा बिर्सनु हुँदैन ।

अबको बाटो

गम्भीर अपराध तथा जघन्य मानव अधिकार उल्लङ्घनका घटनालाई उचित, विधिसम्मत् तथा न्यायको सिद्धान्तका आधारमा सम्बोधन गर्ने प्रक्रियालाई सङ्क्रमणकालीन न्याय भनिन्छ । विगतमा भएका कमजोरी वा गल्तीको स्वीकारोक्ति, पीडकलाई उचित प्रक्रियाका आधारमा अभियोजन, पीडितलाई सम्मानजनक ढङ्गले क्षतिपूर्ति तथा परिपूरण र आवश्यकताअनुसार पीडितको आत्मसम्मानमा चोट नपुग्ने गरी उनीहरूको सहमतिमा क्षमादान प्रक्रियालाई सङ्क्रमणकालीन न्यायले समेट्ने गर्छ । यसकारण द्वन्द्वउप्रान्त समाजमा पीडितहरूका पीडालाई उचित प्रक्रियामार्फत सम्बोधन गरेर न्यायपूर्ण समाजको निर्माण र दिगो शान्तिको स्थापनाका लागि मेलमिलाप, क्षतिपूर्ति तथा न्याय प्रबर्द्धन गर्ने कार्यलाई सङ्क्रमणकालीन न्यायको दायरामा राख्न सकिन्छ ।

नेपालको द्वन्द्वलाई गिजल्याइरहने र यसको ताप र रापबाट मजा लिइरहन चाहाने समुदायका बारेमा द्वन्द्वपीडितहरू बेखबर छन् । बेपत्ता पारिएका, अङ्गभङ्ग भएका, यौन हिंसा तथा यातनाका कारण प्रताडित ठूलो समूह नेपालको शान्ति प्रकृयाको मूलप्रवाहमा छैन जुन दुःखद् विषय हो । शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन राजनीतिक प्रतिबद्धता र घोषणा मात्रै काफी हुँदैनन् । विगतको अपराधका लागि पीडकको आत्मस्वीकृति वा आत्मालोचना, न्यायप्रति पीडितको भरोसा, आत्मसम्मान वा क्षमादानजस्ता विषय पनि प्राथमिकतामा राखिनु पर्छ । जसको अपनत्व पीडितले महसुस गर्न सकुन् । हालसम्म भइआएको उजुरी सङ्कलन वा अभिलेखको उचित मूल्याङ्कन, उजुरी दिने क्रममा त्रासका कारण कुनै अप्ठ्यारो भएको भए

गिरफ्तार

पीडित सङ्ख्या २०१४-२०१९



पीडित सङ्ख्या, २०१९



कुटपिटबाट पीडित सङ्ख्या २०१९, प्रदेशका आधारमा



यस वर्ष गिरफ्तारीका घटनामा ७ सय २ जना पीडित भएको अभिलेख भयो। जसमध्ये महिलाको सङ्ख्या ४७ थियो। गिरफ्तार गरिएका व्यक्तिलाई पक्राउ पुर्जी नदिइनेजस्ता घटना अभिलेखमा छन्। गिरफ्तारी शीर्षकअन्तर्गत भेला तथा सङ्गठित हुने अधिकार हनन् भएका घटना अभिलेख छन्। गिरफ्तारी, पुनः गिरफ्तारी तथा गिरफ्तार गरिएका व्यक्तिलाई पुर्जी नदिइने तथा आफन्तलाई भेट्न नदिने जस्ता घटनाका पीडितको सङ्ख्या यस शीर्षकअन्तर्गत अभिलेख गरिएका छन्। गिरफ्तारीको कारण स्पष्ट गर्नुपर्ने कानुनका बाबजुद यसप्रकार घटनाका पीडितलाई सो अनुसारको व्यवहार नगरिएको घटना अभिलेख भए।

सन् २०१९ मा घटना अनुसार पीडित सङ्ख्या

घटनाका आधारमा

	राज्य पक्ष			अन्य पक्ष			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	कूल जम्मा
अपहरण				३८	१६	४४	४४
गिरफ्तार	४७	६५५	७०२				७०२
कुटपिट	७	३५	४२	४५	१९२	२३७	२७९
बालअधिकार				१३६२	८५	१४४७	१४४७
हिरासतमा मृत्यु		५	५				५
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				३	३	५	५
अमानवीय व्यवहार		१	१	४	३५	३९	४०
घाइते	१	३८	३९	२३	१०१	१२४	१६३
हत्या		७	७	१९९	१५२	३५१	३५८
जातीय विभेद		१	१	३४	३७	६१	६२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	२	९५	९७		१	१	९८
धम्की		२	२	७	३६	३३	३५
यातना	७	६	१३				१३
महिला अधिकार	४		४	३३६०		३३६०	३३६४
जेलमा मृत्यु		१७	१७				१७
विस्थापन				३	५	८	८
बेपत्ता				१	१	२	२
कूल जम्मा	६८	८६२	९३०	५०५८	६५४	५७१२	६६४२

त्यसको निराकरण तथा सूचनाका लागि पीडितलाई आह्वान गर्न सकिन्छ।

प्रचलित फौजदारी न्यायका आँखाले सङ्क्रमणकालीन न्यायको विषय टुङ्याउन खोजियो भने त्यसले समाधानको बाटो पहिल्याउँदैन। सङ्क्रमणकालीन न्याय परम्परागत रूपमा सञ्चालित फौजदारी न्यायप्रणाली वा दण्डप्रधान न्यायप्रणालीको माध्यमबाट सम्बोधन हुननसक्ने विभिन्न अवस्था तथा कारण हुने गर्दछन् । यस्ता प्रकृतिको अवस्था तथा घटनाको सम्बोधन गर्न परम्परागत फौजदारी न्यायप्रणाली भित्रबाट एक आधुनिक तथा व्यवहारिक न्यायप्रणालीको रूपमा पुर्नस्थापकीय न्यायप्रणालीको विकास गरिएको हुन्छ। पुनस्थापकीय न्यायप्रणाली जसलाई कुनै अर्थमा सङ्क्रमणकालीन न्यायप्रणालीका रूपमा पनि बुझिन्छ, जसले हिंसा तथा द्वन्द्वलाई व्यक्तिगत रिसइवी, आवेश वा अन्य व्यक्तिलक्षित अपराध तथा घटनाकारूपमामात्र नलिइ समाज तथा राज्य विरुद्धको घटनाका रूपमा समाज तथा राज्यबाट नै यसको सम्बोधन गरिनु पर्छ भन्ने यसको मान्यता हो। यो राजनीतिक सुझबुझसहित समाज तथा राष्ट्रका विविध विषयका विज्ञद्वारा योजनाबद्ध रूपमा सम्बोधन गरिनुपर्ने विषय पनि हो।

यसलाई प्रहरी, अदालत, न्यायाधीश तथा कानुन व्यवसायीहरूको कार्यक्षेत्रका रूपमा सम्बोधन गर्ने प्रयास गरियो भने जुनकारणबाट हिंसा तथा द्वन्द्व भएका छन् वा हुने छन् त्यसको एकातिर स्थायी समाधान हुँदैन भने अर्कोतिर पीडितले पनि परिपूरणसहितको न्याय पाउने अवस्था विद्यमान रहँदैन । यसमा आरोपित पीडक जो व्यक्तिगत हितका लागि हिंसा तथा द्वन्द्वमा सामेल भएका हुँदैनन् भन्ने मान्यता राखिन्छ उनीहरू प्रति पनि न्याय नहुने अवस्था समेत विद्यमान हुन्छ। त्यसैले सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न पुर्नस्थापकीय न्यायको अवलम्बन गर्ने प्रचलन रहेको पाइन्छ। जसले केही हदसम्म फौजदारी न्यायका तत्त्वलाई पनि समावेश गरे पनि मूलरूपमा पीडित, पीडक तथा समुदाय तथा राष्ट्रको आवश्यकतालाई सन्तुलित रूपमा निरूपण गर्न सक्छ भन्ने मान्यताको विकास भएको हो।

आयोगहरूको आगामी कार्यदिशा

एक वर्षको म्याद भएका आयोगहरूको जिम्मवारी पनि धेरै छ, जसका बारेमा सरकार, राजनीतिक दल र पदाधिकारी जानकार नै छन् । यी संयन्त्रहरूले आफ्नो आगामी कार्यभार पीडितलाई केन्द्रमा राखेर पूरा गर्नुपर्छ । माथिल्लो तहमा भएको छलफल, बहस, वादविवादका बारेमा पीडित के भन्छन् जो यो समग्र प्रक्रियाका बारेमा बेखबर जस्तै छन् । त्यसविषयमा उनीहरूको धारणा र विचार बुझ्ने काम यी संयन्त्रहरूले गर्नुपर्छ । पीडितले न्यायको सुनिश्चितताका साथै भविष्यमा विगतको जस्तो अपराध नहोस् र कोही पनि अपराधपीडित नहुन् भन्ने कुराको सुनिश्चितता चाहान्छ । यसतर्फ सङ्क्रमणकालीन न्यायिक संयन्त्रले ध्यान दिनुपर्छ।

संसारका अन्य देशहरूमा पीडितको नाममा सङ्ग्रहालय, उद्यान, बाटोघाटोको नामाकरण, शालिक, गेट आदि निर्माण गरेर द्वन्द्वपीडितलाई सम्झने गरिएका उदाहरण पनि छन् । यस्ता विषयमा पनि आयोगले तल्लो तहसम्म छलफल गर्न सक्छन्।

सङ्क्रमणकालीन आयोगहरूमा आएका उजुरी र तिनमा कारबाहीको सिफारिस गर्ने काममात्रै गर्न सक्ने कानुनी विद्यमानता भएकाले यिनीहरूलाई सहयोग पुग्ने गरी विशेष अदालती प्रबन्ध गर्न ढिलाइ गर्नु हुँदैन । अदालतले आवश्यकताअनुसार पीडकलाई सजाय सुनाउँछ । यस्तो सजाय वा कैद साङ्केतिक पनि हुन सक्छ। मानौँ कुनै अपराधमा संलग्न आरोपित एकभन्दा बढी सङ्ख्यामा छन् उनीहरूलाई अदालतले जेलको सजाय सुनायो। यस्तो अवस्थामा आरोपित वा पीडक सामूहिक जेल बस्न सक्छन्, जुन खुला पनि हुन सक्छ। अपराधपीडितले कारण थाहा पाउने अवस्थामा क्षमादानको विषयले प्राथमिकता पनि पाउन सक्छ, तर यसमा हामीले बुझ्नुपर्ने कुरा के हो भने पीडितको सहमतिबेगर यी सब कुरा हुन सक्दैनन् । विगतका गल्तीका सन्दर्भमा पीडक र पीडितबीच अन्तरक्रिया, सार्वजनिक सुनुवाइ, खुला बहसले मेलमिलापको वातावरण तयार गर्छ । जुन दिगो शान्तिको मूल आधार पनि हो । पीडित, पीडकबीच मन माझामाझ गरेर निकालिने निष्कर्षले यसको टुङ्गो लगाउन सघाउँछ । बेपत्ता पारिएका व्यक्तिका परिवारजनले बेपत्ता पारिएका व्यक्तिको अवस्थाबारे जान्न पाउने अधिकार राख्छन् । हत्या गरिएका व्यक्तिका परिवार वा अङ्गभङ्ग भएका, यौनहिंसामा परेका मानिसहरूले आफूमाथि किन अपराध भयो भन्ने जानकारी पाउने अधिकार हुनुपर्छ । जसको बृहत् सुनुवाइले सङ्क्रमणकालीन न्यायिक प्रक्रियालाई सहज

बनाउँछ । यसतर्फ आयोगले आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ । यसैगरी, यी आयोगहरूबाट चार वर्षको अवधिमा भए गरेका कामहरूको विवरणहरू समेटी आयोगका नवनियुक्त पदाधिकारीले एक श्वेतपत्र जारी गर्नसके कामको अवस्था र अबको कार्यभारबारे सरोकारवालालाई जानकारी हुने आशा गर्न सकिन्छ।

अन्त्यमा

सङ्क्रमणकालीन न्याय निरूपणका लागि विशेष अदालतको स्थापना राजनीतिक सहमतिका आधारमा गर्न सकिन्छ । यस्तो अदालतलाई पीडकलाई सजाय तोक्ने, सजायको स्वरूप निर्धारण गर्ने, र सजायको मात्रा तोक्ने अधिकार दिनुपर्छ। विशेष अदालत र यसको कार्यादेशका बारेमा हुने राजनीतिक सहमतिका बारेमा व्यापक छलफल र सूचनाहरू प्रवाह गरिनुपर्छ । जसले अदालत र यसको प्रकृयाबारे सही सूचना आमजनमानसमा पुऱ्याओस् । मानव अधिकारसम्बन्धमा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता, सर्वोच्च अदालतको परमादेश, विस्तृत शान्ति सम्झौताका आधारमा भन्नु पर्दा गम्भीर खालका मानव अधिकार उल्लङ्घनका घटनामा माफी मिनाह हुन सक्दैन । सवाल के कति र कस्तो भन्ने मात्रै हो । जुन कुराको निक्यौंल पीडितको सहमतिमा न्यायिक संयन्त्रले गर्न सक्छन्। यस्तो सजाय प्रतिकात्मक पनि हुनसक्छ । पीडकको अभिलेख र उसले गरेको कार्य बारे कुनै न कुनै सूचक राखी छोड्ने काम गर्न सकिन्छ।

सशस्त्र द्वन्द्वमा पीडित भएका व्यक्तिहरूलाई सङ्क्रमणकालीन न्यायका संयन्त्रमार्फत न्याय र परिपूरण प्रदान गर्ने कुरा नेपालको विस्तृत शान्ति सम्झौताको अभिन्न अङ्ग हो । अतः द्वन्द्वपीडितहरूलाई न्याय प्रदान नगरी नेपालको शान्ति प्रकृयाले सफतला प्राप्त गर्न सक्दैन । न्यायबिनाको शान्ति कल्पना गर्न सकिने विषय पनि होइन । सङ्क्रमणकालीन न्यायको कार्यभार राजनीतिक इच्छाशक्तिको अभावमा कदापि पूरा हुन सक्दैन । कुनै पनि मुलुकले विगतका गम्भीर मानवअधिकार उल्लङ्घन वा ज्यादती र जघन्य अपराधको तीतो इतिहासलाई सम्बोधन गर्न सङ्क्रमणकालीन न्यायलाई व्यवहारमा उतार्दा विश्वका अन्य मुलुकका अनुभवबाट पर्याप्त मात्रामा ज्ञान लिन सकिन्छ । द्वन्द्वउप्रान्त समाज मौलिक हुन्छन् । अझ हाम्रो मुलुकको यथार्थ अन्य द्वन्द्वोपरान्त मुलुक भन्दा धेरै कुरामा फरक छ । सङ्क्रमणकालीन न्यायका सन्दर्भमा– फौजदारी कार्यविधि, सत्य निरूपण आयोग, परिपूरण र भेटिङलाई संयुक्त रूपमा कार्यान्वयनमा ल्याउन सकियो भने उपयोगी हुन सक्छ । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित प्रक्रियाहरू सम्पन्न गर्न लामो समय लाग्नसक्ने भएकाले यी प्रक्रियालाई राष्ट्रिय परिप्रेक्ष र आवश्यकताअनुसार आवश्यक रणनीतिहरू बनाइ लागु गर्नुपर्ने हुन्छ । यसले दिगो शान्ति तथा सुशासन कायम गर्ने अवसर अभिवृद्धि गर्ने, भविष्यमा हुनसक्ने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको रोकथाम गर्ने, सामाजिक सद्भाव तथा मेलमिलापको प्रवर्द्धन गर्ने, पीडितहरूका लागि न्यायको सुनिश्चितता गर्ने, पीडकहरूलाई उचित कानुनी प्रक्रियाको माध्यमबाट सजाय, क्षमादान वा सफाइको अवसर प्रदान गर्ने र सभ्य राष्ट्रको निर्माणका लागि आवश्यक सुशासन, कानुनी शासन, पारदर्शिता तथा जवाफदेहिताजस्ता मापदण्डहरू व्यवहारमा उतार्ने उपयुक्त वातावरण तयार हुनसक्छ।

सन् २०१९ र मानव अधिकारका सवाल

सन् २०१९ मा सप्तरी, रूपन्देही र सर्लाहीमा एक/एक जना गरी तीन जनाको प्रहरीसँग भएको कथित मुठभेडमा मृत्यु भएको घटना अभिलेख भयो । प्रतिबन्धित नेकपाका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेलको प्रहरीको कारबाहीमा मृत्यु भयो । गस्तीमा रहेको प्रहरी टोलीलाई लक्षित गरी कुमार पौडेलको समूहले गोली चलाएको र जवाफी कारबाहीमा पौडेलको मृत्यु भएको प्रहरीले जनायो। तर तथ्य संकलनमा पुगेको इन्सेक लगायत मानव अधिकार संस्थाका टोलीले घटना प्रहरीले भनेजस्तो नभएको बरु कुमार पौडेलको हत्या प्रहरी नियन्त्रणमा भएको निष्कर्ष निकालेको थियो । सप्तरी र रुपन्देहीका घटनामा पनि प्रहरीको दावी विपरीतका तथ्यहरू बाहिर आए। घटनामा संलग्न भएकाहरूलाई कानुनी दायरमा ल्याउने प्रयत्न भएन। दण्डहीनताका कारण निम्तिएका अनेकौँ विकृतिबाट वाक्क भएका तथा अनेकौँ समस्या भोगिरहेका सर्वसाधारणले पनि 'अपराधी' लाई मारेर प्रहरीले ठीकै गऱ्यो भन्ने प्रतिक्रिया व्यक्त गर्ने गरेका पाइन्छ। जसको कुनै कानुनी आधार हुँदैन। कानुनको परिपालना गराउने प्रहरी संगठनभित्र

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार



ठ्याक्कै नदेखिने तर धेरै मानिस पीडित हुने घटना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित हुन्छन्। तर, त्यस्ता घटना तथ्याङ्कका रूपमा उतार्न कठिन छ। यस्ता अधिकारबाट पीडित हुनेको सङ्ख्या अभिलेखमा उतारिएको भन्दा पक्कै पनि बढी छ भन्ने कुरा घटनाका प्रवृत्तिबाट थाहा हुन्छ। आफ्नो सम्पत्तिमा अरूले नै कब्जा गर्ने, ज्यालाबाट वञ्चित गर्ने र जागिरबाट नै निष्काशन गरिएका पाँच जना पीडित भएको सन् २०१९ मा इन्सेकमा अभिलेख गरियो।

आफूलाई प्रभावशाली देखाउन यस्ता व्यवहार हुने गरेको कतिपयले बताउने गरेका छन् । सर्लाहीकै घटनामा भएको प्रहरी कारबाहीका बारेमा स्थानीय प्रहरी बेखबर हुनुले यस भनाइलाई पुष्टी गर्ने आधार दिन्छ।

सडक दुर्घटनाको कहालीलाग्दो यथार्थ हाम्रो दैनिकी र नियति नै बन्दै गएको छ। तर, निराकरणका व्यापक उपायहरू हुँदा हुँदै पनि सरकारी औपचारिकता कर्मकाण्डीमात्रै साबित भए। विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा मानिसहरूको मृत्युको सातौँ कारण सडक दुर्घटना हो । दुर्घनाका कारणहरूको पहिचान गरी तिनको रोकथामको उपाय अवलम्बन गर्ने विषय सरकारको प्राथमिकतामा कहिल्यै परेन । नियमित सवारी जाँच,ट्राफिक नियमको परिपालना, जरिवाना र सचेतना बढाउन सकियो भने पनि दुर्घटना कम गर्न सकिन्छ।

स्वास्थ्य संस्थामा दरबन्दीअनुसार चिकित्सक नहुनु, औषधि उपलब्ध नहुनु तथा चेतना अभावका कारण सामान्य रोगबाटै पनि ग्रामीण भेगमा मानिसको मृत्यु हुने गरेका घटना सार्वजनिक भए। सरकारी तयारी अभाव, महामारीको रूप लिन सक्ने रोगबारे चेतना नहुनु तथा नदिइनु जस्ता कारण यसका लागि जिम्मेवार रहे।

कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिने र त्यसका कारण सिर्जित समस्या समाधानका लागि सरकारी पहल भएको पाइएन । महोत्तरी जिल्लाको जलेश्वर कारागारको कैदीबन्दी क्षमता १ सय ३५ जना रहेकामा अहिले ४ सय ८५ पुरुष, ४३ महिला र चार आश्रित बालबालिका गरी ५ सय ३२ जना कैदीबन्दी छन् । कारागारमा क्षमताभन्दा बढी राखिएका कैदीबन्दीलाई सुत्न, बस्न, खाना पकाउन, खान, हिँडडुल गर्न, शौचालय जान, नुहाउन तथा खानेपानीका साथै विभिन्न रोगको सङ्क्रमण जस्ता समस्या देखिएका छन् । कैदीबन्दीलाई सुत्नका लागि प्रतिव्यक्ति एकमिटर ठाउँ उपलब्ध गराउने गरिएको, त्यतिले पनि नअटाएपछि आवतजावत गर्ने बाटोमा पालैपालो सुताउने गरेको र त्यसरी पनि नअटाएपछि अहिले छतमाथि पाल टाँगेर पनि कैदीबन्दीलाई राख्नु परेको कारागारका चौकीदार मुख्य कैदी रमेश सिंहले बताए। उनले भने क्षमताभन्दा बढी चापकै कारण सबैथोक अभावमै चलाउनु परेको छ।

संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले सजाय छुट पाउनुपर्ने भए पनि कार्यान्वयनको ढिलाइले उनीहरू पाउनुपर्ने सुविधाबाट वञ्चित छन् । संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ । सर्वोच्च अदालतले पनि कारागारमा रहेका ज्येष्ठ नागरिकलाई संविधानले दिएको सजाय छुटको सुविधा दिनू भन्ने निर्देशनात्मक आदेश जारी गरेको छ।

नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता

संयुक्त राष्ट्रसङ्घका १ सय ९३ सदस्य राज्यहरूको मानव अधिकारसम्बन्धी दायित्व र प्रतिबद्धताको कार्यान्वयन अवस्थालाई आवधिक रूपमा समीक्षा गर्न संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६०/२५१ द्वारा मानवअधिकार परिषद्द्वारा २००६ मार्च महिनामा स्थापना गरिएको संयन्त्र हो। यो नयाँ संयन्त्रले सम्पूर्ण मानवअधिकारको अवस्थाबारेमा राज्यहरूको नियमितरूपमा समीक्षा गर्दछ । नेपाल सन् २०११ जनवरीमा सम्पन्न पहिलो चरणको समीक्षा, र २०१५ नोभेम्बर ४ देखि ६ सम्म सम्पन्न समीक्षामा सहभागी भइसकेको छ । यूपिआर कार्यदलले तयार पारेको प्रतिवेदनमा नेपालले १ सय ९५ सुझावहरू प्राप्त गरेको थियो । राष्ट्रहरूले नयाँ संविधानको स्वागत गर्दै मानव अधिकारका सम्बन्धित पक्षमा सुझाव दिएका थिए । नेपाल सरकारले १ सय ५२ सुझाव स्वीकार गऱ्यो भने ४३ वटा सुझाव अस्वीकार गऱ्यो। संविधान, सङ्क्रमणकालीन न्याय, यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्या, मानव अधिकार महासन्धिहरू, बाल अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, महिला अधिकार, सिमान्तीकृत समुदायका अधिकार, मानव बेचविखन, प्राकृतिक प्रकोप, मानव अधिकार रक्षकसम्बन्धी विषयमा नेपाललाई सुझाव प्राप्त भएका थिए।

परिषद्ले तेस्रो चरणको समीक्षा सञ्चालन गरिरहेको सन्दर्भमा नेपालको आगामी समीक्षा सन् २०२० को अक्टोबर–नोभेम्बरकालागि तय गरिएको छ । समीक्षाका लागि नेपालका २ सय ९५ गैरसरकारी संस्थाको सञ्जालबाट प्रतिवेदन पठाउने तयारी पनि भइरहेको छ । यो सञ्जालको सचिवालय इन्सेकमा छ। यूपीआरको पहिलो चरणको समीक्षादेखि नै प्रतिवेदन तयार गर्न र अन्य प्रकृयामा सहभागी हुन गैरसरकारी संस्थाहरूले विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाहरूको सञ्जाल गठन गरेपछि सोही सञ्जाल क्रियाशील छ । विश्वव्यापी आवधिक समीक्षाका

लागि महिला सञ्जाल र डर्वन रिभ्यु कन्फरेन्स फलोअप कमिटी गरी तीन ओटा सञ्जाल क्रियाशील छन् । तेस्रो चरणको समीक्षाका लागि २०२० मार्चसम्म प्रतिवेदन पठाउन उल्लिखित तीन सञ्जाल क्रियाशील रहेका छन् ।

संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा १७ ओटा लक्ष्यसहित सन् २०१६ देखि २०३० सम्मको समयावधिका लागि दिगो विकास लक्ष्य तय गरिएका छन् । यो विकास लक्ष्यले सहस्राब्दी विकास लक्ष्यभन्दै आफैंमा कुनै पनि प्रकारको कानुनी दायित्व सिर्जना गर्दैनन् । नेपाल सरकारले यस लक्ष्यमा तय गरिएका विकास लक्ष्यहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्राप्तिका लागि प्रतिबद्धता जनाएको छ जुन यी अधिकार उपभोगका लागि महत्वपूर्ण प्रस्थान विन्दु हुन् ।

दिगो विकासका लागि विकासको कार्यसूचीका रूपमा राष्ट्रसङ्घ महासभाबाट अनुमोदित यी लक्ष्यले विकासलाई दिगो र विस्तृत बनाउन आवश्यक क्षेत्रहरू सबै समेटेको छ । जसले आधारभूत मानवीय आवश्यकता पूर्तिबाट कोही छुट्नु हुँदैन भन्ने मान्यता अँगालेको छ । विकास एउटा निकायको प्रयासबाट मात्रै सम्भव हुने कुरा होइन । आवश्यक मात्रामा आर्थिक उपलब्धता, ज्ञान, बिशेषज्ञता, क्षमता विकास र उपयुक्त प्रविधि तथा नवीन विचारहरू दिगो विकास कार्यान्वयनको लागि महत्वपूर्ण श्रोतकारूपमा लिइएको छ । अरु मुलुकझैं नेपालको लागि पनि यहाँको सरकार नै दिगो विकास एजेण्डा कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय हो । यसको राष्ट्रिय नीति, योजना, रणनीतिहरू तर्जुमा र बजेट व्यवस्थापन गर्ने काममा महत्वपूर्ण भूमिका रहन्छ । राजनीतिक दल र नेतृत्व, सांसद, माथिल्लो तहका प्रशासकहरूले विशेष नेपाल संघीय राज्य प्रणालीमा प्रवेश गरेसंगै स्थानीय सरकारहरू र प्रादेशिक सरकारहरूले पनि एजेण्डा कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन् । त्यसैगरी, जिल्ला समन्वय समितिलाई समेत संयोजन गर्ने जिम्मेवारी रहेको छ । एजेण्डाको कार्यान्वयनमा विशेषत यस बारे सचेतना जगाउने काममा सहजीकरण गर्नका लागि सामाजिक संघ संस्थाहरूले महत्वपूर्ण योगदान गर्न सक्छन् ।

नेपाल सरकारको चौथो पञ्चवर्षीय मानव अधिकार कार्ययोजना (२०७१–२०७६) को अवधि यसै वर्ष असार मसान्तमा समाप्त भयो । नेपाल सरकारको मानव अधिकारका प्राथमिकता क्षेत्र निर्धारण गरी जारी कार्ययोजनाको आवधिक मूल्याङ्कन र प्रभावकारी अनुगमन भने हुन सकेन । मानव अधिकार आयोगले मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाबारे अनुगमन गरेको छ । संविधानको कार्यान्वयन क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन हुने प्रकृतिका कार्ययोजनाबीच जिम्मेवार निकायमा कुनै परिवर्तन नगरी कार्ययोजना पूरा भयो । आ.व. २०७६/०७७ पछि जारी हुने अर्को कार्ययोजनाबारे सरोकारवाला निकायसँग विगत कार्ययोजनाको उपलब्धि र चुनौतीसहित छलफल हुन सकेन । कार्ययोजना अन्त्य भएको ६ महिना बितिसक्दा समेत अर्को कार्ययोजना लागु हुन सकेन । तर प्रधानमन्त्री कार्यालयले ७९ पृष्ठ लामो मस्यौदाका रूपमा बाहिर ल्याइ सरोकारवालाबीच छलफल जारी छ ।

दिगो विकास लक्ष्यले समेटेका विषयवस्तुमध्ये मानव अधिकारसँग सम्बन्धित गरिबी र भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा, सबैका लागि गुणस्तरीय शिक्षा, लैङ्गिक विभेदको अन्त्य, स्वच्छ पानी र सरसफाइ, सुरक्षित मानव बसोबास, जलवायु परिवर्तन र दिगो विकास न्यायमा पहुँचका लागि सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना जस्ता विषयलाई कार्ययोजनामा समायोजन हुन सकेमा नै दिगो विकास लक्ष्यहरू पूरा गर्न मद्दत पुऱ्याउँछ । तर विकास योजनासँग सम्बन्धित संयन्त्रलाई मानव अधिकारसँग नजोड्नु र अनुगमन समितिको नियमित बैठक नै बस्न नसक्नु, भावी कार्ययोजनाबारे समयमै सरोकारवालाबीच गहन छलफल, विचार/विमर्श नहुनुसमेत विगतको कार्ययोजना कार्यान्वयनमा चुनौती रहयो ।

सम्मानितरूपले बाँच्न पाउने अधिकार

सन् २०१९ र मानव अधिकार उल्लङ्घनः तथ्य र तथ्याङ्क

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०१९ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार ६ सय ४२ जना पीडित भए । सन् २०१८ मा यस्ता घटनामा ५ हजार १ सय १० जना पीडित भएको अभिलेख थियो । यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा ६८ महिला र ८ सय ६२ पुरुष गरी जम्मा ९ सय ३० जना तथा ज्यादतीका घटनामा ५ हजार ५८

महिला र ६ सय ५४ जना पुरुष गरी जम्मा ५ हजार ७ सय १२ जना पीडित भएको अभिलेख भयो। गत वर्षको तुलनामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा यस वर्ष १ हजार ५ सय ३२ जना बढी पीडित भए।

यस वर्ष प्रहरीको गोली लागी भोजपुरमा दुई जना, सप्तरीमा एक जना, सर्लाहीमा दुई जना, रुपन्देहीमा एक जना र कपिलवस्तुमा एक जना गरी सात जनाको मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो। यो वर्ष यातनाका घटनामा १३ जना, गिरफ्तारीका घटनामा ७ सय २ दुई, जातीय विभेदका घटनामा ६२ जना, अमानवीय व्यवहारका घटनामा ४० जना, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारमा ९८ जना र धम्कीका घटनामा ३५ जना र कुटपिटका घटनामा २ सय ७९ जना पीडित भएको अभिलेख भयो। यसैगरी, यसवर्ष विस्थापनका घटनामा आठ जना र बेपत्ता पारिएको घटनामा दुई जना पीडित भएको अभिलेख भयो।

महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार

सन् २०१९ मा महिलामाथि हुने हिंसाका घटनामा ३ हजार ३ सय ६४ जना पीडित भएको अभिलेख भयो । यस वर्ष बेचविखनका प्रयासका घटनामा ६९ जना, घरेलु हिंसाका घटनामा २ हजार ७९ जना, कथित बोक्सीको आरोपमा ४२ जना, बलात्कारका घटनामा ५ सय ३० जना, बलात्कार प्रयासका घटनामा १ सय ४३ जना, यौन दुर्व्यवहार को घटनामा ६३ जना, बेचबिखनका घटनामा ५१ जना महिला पीडित भएको अभिलेख भयो।

यस वर्ष परिवाजनबाट १ सय २९ जना महिलाको हत्या भयो। गत वर्ष यो सङ्ख्या १ सय २० थियो । भनेजति दाइजो नल्याएको आरोपमा १३ जना महिलाको हत्या भयो भने सोही कारणले ३ सय जना महिला हिंसामा परेको अभिलेख भयो। परिवारजनबाट महिला मारिएको घटनामा पीडितपक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको पाइयो। पोष्टमार्टम रिपोर्टमा आत्महत्या देखिएको भन्दै प्रहरीले उजुरी नै नलिएका घटना पनि अभिलेख भए।

रौतहट जिल्ला राजदेवी नपा–५ की २४ वर्षीया निशा उपाध्यायलाई पति २५ वर्षीय विवेक तिवारी, ससुरा ५५ वर्षीय बिरेन्द्र तिवारी, जेठाजु ३० वर्षीय चन्दन तिवारी र भाउनु २८ वर्षीया सोनी तिवारीले ०७६ वैशाख १४ गते हत्या गरी झुण्ड्याएको माइतीपक्षले आरोप लगायो । जातीय परम्परा अनुसार दुईवर्ष अघि विवाह भएकोमा पीडित महिलाको विवाहमा पलङ्ग नदिएको भनी परिवारका सदस्यहरुले लगातार शारीरिक तथा मानसिक यातना दिँदै आएकोमा वैशाख १४ गते परिवारका सदस्य मिलेर कुटपिट गरी हत्या गरेको र आत्महत्या देखाउनका लागि कोठाको सिलङ पङ्खामा झुण्ड्याएको पीडित महिलाको बाबु रामबाबु उपाध्यायले बताए । पीडितको जिल्ला अस्पताल, गौरमा वैशाख १५ गते पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार समेत भयो । किटानी उजुरी दर्ता गराउन जाँदा प्रहरीले दर्ता गर्न नमानेको उपाध्यायले बताए । जिल्ला प्रहरी कार्यालय, रौतहटका एसपी भुपेन्द्र खत्रीले पोष्टमार्टम रिपोर्टमा हत्या भएको कुनै सवुत फेला नपरेकाले उजुरी दर्ता नगरिएको बताए।

यसैगरी अर्को एक घटनाको प्रहरीले जाहेरी नै लिएन। घटनापछि फरार हुने आरोपित पक्षको खोजी वा उनीहरूलाई कानुनी दायरमा ल्याउन प्रहरीको इच्छाशक्ति कम देखियो। जबकी फौजदारी अपराधमा पीडितले जाहेरी नै नदिए पनि कारबाही प्रकृया अगाडि बढाउनु पर्ने कानुनी व्यवस्था छ।

धनुषा जिल्ला क्षिरेश्वरनाथ नपा–५ सखुवाबजारकी २० वर्षीय ज्योति नायकलाई २०७६ मङ्सिर २५ गते बिहान २६ वर्षीय पति नवीनकिशोर नायकले घाँटी थिचेर हत्या गरेको भन्दै मृतकका बुबा सुरेन्द्र नायकले जिल्ला प्रहरी कार्यालय, धनुषामा २०७६ मङ्सिर २६ गते दिएको उजुरी प्रहरीले दर्ता नगरेको पीडितले बताए । क्षिरेश्वरनाथ नपा–५ का नवीनकिशोर र ज्योतिको २०७५ फागुन १९ गते भएको विवाहमा १० लाख रुपियाँ नगद, साँढे नौ तोला सुन, फर्निचरलगायत १७ लाख रुपियाँ बराबरको दाइजो दिइएको बुवा सुरेन्द्र नायकले बताए । तर फ्रिज लगायतका सामान माग्दै ज्योतिलाई उनको परिवारले शारीरिक तथा मानसिक यातना दिँदै आएको थियो । शवको पोर्स्टमार्टम जनकपुरस्थित प्रादेशिक अस्पतालमा २०७६ मङ्सिर २७ गते भयो । पीडितपक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा दिएको उजुरी प्रहरीले दर्ता नगरेको र इलाका प्रहरी कार्यालय, महेन्द्रनगरले पनि २०७६ मङ्सिर २७ गते साँझसम्म समेत उजुरी नलिएको पीडित पक्षको आरोप छ।

दाइजोका कारण हुने मानसिक, शारीरिक यातनाको पाटो डरलाग्दो हुन्छ । कतिपय अवस्थामा यस्ता घटना प्रकाशमा नै आउँदैनन् । विपन्न वर्गका

मानिसले दाइजोको प्रताडनाका कारण घरखेत नै बेच्नुपरेको वा उठिवास नै हुनुपर्ने अवस्था सृजना भएका छन्। दाइजोबापत दिनुपर्ने रकम बाबुले जुटाउन नसक्ने भएपछि एक युवतीले आत्महत्या गरेको घटना पनि इन्सेकले अभिलेख गऱ्यो।

पर्सा जिल्लाको एक घटनामा केटा पक्षले केटीको अभिभावकसँग ५० हजार रुपियाँ दाइजो माग गरेको ,केटीका अभिभावकको आर्थिक अवस्था कमजोर रहेको र पैसाको कारण बिहे रोकिने स्थिति बनेको जानकारी केटीले पाएपछि आत्महत्या गरेको हुनसक्ने प्रहरीले जनायो।

नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा ३० ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख छ। महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ जारी भई लागु भएको छ। सामाजिक, सांस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिलाहरू हिंसाको दुष्चक्रबाट बाहिर निस्कन सकेका छैनन्। कथित बोक्सीको आरोपमा हुने हिंसा, महिनावारी भएको बेला गरिने विभेद, दाइजोका कारण गरिने मानसकि तथा शारीरिक यातना, बालविवाहजस्ता घटनामा महिला पीडित हुँदै आएका छन्। यस वर्षदेखि दुर्गम भेगका प्रसूति व्यथाले च्यापेका महिलाहरूको उद्दार गरी सुविधायुक्त स्वास्थ्य संस्थामा पुऱ्याउने कार्यको शुरुआत भयो। यस कार्यक्रमले सैयौँ महिलाको जीवन जोगाउन मद्दत पुगेको इन्सेकले अभिलेख गऱ्यो।

इन्सेकका ७७ जिल्ला प्रतिनिधिले प्रहरी कार्यालयमा रहेका महिला तथा बालबालिका ज्येष्ठ नागरिक सेवा केन्द्र अनुगमन गरेका थिए। यी कार्यालयमा दर्ता भएका अधिकांश घटनामा मिलापत्र भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारजनबाट महिलामाथि हुने हिंसाका घटनाको अभिलेख हुने क्रम बढ्दो छ। परिवारजनबाट महिलामाथि हुने धेरै जसो घटनालाई परिवारमै गुपचुप राख्ने वा गाउँ समाजमै मिलाउने परम्परा कायम छ। धेरैजसो घटनामा महिलाकै दोष देखाएर आरोपितलाई उन्मुक्ति दिने कार्य पनि भइरहेका छन्।

बाल अधिकार

देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चिती जस्ता बाल अधिकार हननबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए। इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गरेका थिए। धेरैजसो विद्यालयका भवन बालमैत्री थिएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए। निशुल्क शिक्षाको विषय व्यवहारमा लागु भएको पाइएन। सामुदायिक विद्यालयले विभिन्न बहानामा शुल्क असुल गरेको पाइयो। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अधिकार)*। यसबाहेक समाजमा गैरराज्य पक्षबाट पनि बालबालिका उत्तिकै हिंसाको चपेटामा परे *(हेर्नुहोस् तालिका)*। यस वर्ष बालअधिकार उल्लङ्घनका घटनामा १ हजार ४ सय ४७ जना पीडित भएको अभिलेख भयो। उमेर नपुगी विवाह हुने प्रचलन अझै पनि कायम छ। धेरै जसो बालविवाहका घटना प्रहरीसम्म आइपुग्दैन। प्रहरीसम्म आएका घटनामा प्रहरीले कानुनी कारबाहीको प्रकृया अगाडि बढाएको पाइयो। विद्यालयमा दिइने शारीरिक दण्डका घटना अभिलेख भएकोमा सबैजसो घटना मिलापत्रमा टुङ्गिए।

धनुषा जिल्ला मिथिला नपा-६ का शम्भु साहका अढाइ वर्षीय छोरा आर्यन भनिने समिरकुमार साहलाई ०७६ वैशाख २३ गते सोही ठाउँका ४५ वर्षीय शत्रुधन महतोले अपहरण गरि बन्धक बनाएर सोही राति धारिलो घरेलु हतियारले घाँटी रेटेर हत्या गरेको भन्दै पीडितपक्षले वैशाख २४ गते इलाका प्रहरी कार्यालय, ढल्केवरमा उजुरी दिए। आरोपितले आफू शक्तिशाली धामी बन्न बालकको बलि दिएको प्रहरीलाई बयान दिए।

राज्य र मानव अधिकार

न्यायपालिका

शक्ति पृथकीकरण तथा सन्तुलनको सिद्धान्तलाई लोकतान्त्रिक शासन प्रणालीको न्यूनतम सर्त मानिएको भए पनि न्यायिक निकायहरू सरकार तथा कार्यकारिणीबाट बजेट, मानवीय संसाधनलगायत अन्य अत्यावश्कीय विषयहरूमा नियन्त्रित रहेर बस्नुपरेको स्वयं सर्वोच्च

अदालतबाट प्रकाशित प्रतिवेदन तथा समय समयमा हुने न्यायाधीश तथा बार एसोसिएसनको भेला तथा सम्मेलनबाट गुनासा आए । न्यायाधीशहरूको नियुक्ति तथा न्यायपालिकाको नियमनकारी निकायका रूपमा रहेको 'न्यायिक परिषद्' जसको गठनमा बहुमत सदस्य राजनीतिक आस्था तथा कार्यपालिकाद्वारा इच्छाइएका व्यक्तिबाट नियुक्त हुने कारणले न्यायाधीशहरूको नियुक्ति विगत केही वर्षदेखि विवादित तथा सार्वजनिकरूपमा आलोच्य रहने गरेकामा यो वर्ष पनि त्यो क्रम रोकिएन । प्रत्येक दिन स्वतन्त्र, सक्षम तथा निर्भीक न्यायपालिकाको अवधारणामा तुषारापात पर्दै गएको यसका विज्ञमात्र होइन, आममानिसले पनि सजिलै महसुस गर्न थालेका आभास यो वर्ष पनि देखियो । यस वर्ष पनि न्यायपालिकामा सबभन्दा विवादित र आलोच्य विषयका रूपमा राजनीतिक दलका कार्यकर्ता, नातागोता तथा कार्यक्षमता, पेशाप्रतिको लगन र निष्ठासमेतमा कमी भएकालाई न्यायाधीशमा नियुक्त गरेको विषय सार्वजनिक भई आलोच्य भएको पाइयो । के र कस्ता आधारमा त्यस्ता व्यक्तिलाई न्यायपालिकामा नियुक्त गरियो भन्ने विषयमा कुनै सार्वजनिक जवाफदेहिता कतैबाट पनि स्पष्टरूपमा सार्वजनिक भएको देखिएन । यसै वर्ष केही चर्चित सार्वजनिक विषयहरूमा अदालतबाट अनपेक्षित फैसलाहरू भएको भन्ने विषयमा सङ्घीय संसद्मा सांसदहरूले महाभियोग लगाउनेसम्मको बहस खुलारूपमा चलाइनुले एकातिर अदालतका न्यायमूर्तिहरूको आर्थिकलगायत अन्य चलखेललाई शङ्का पुऱ्याएको मानिएको छ।

कार्यपालिका

नागरिकको मानव अधिकारको संरक्षण, प्रवर्द्धन र परिपालना गर्न संविधान र कानुनप्रदत्त दायित्व र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न तीनै तहका कार्यपालिका (सरकार) को अहम भूमिका रहन्छ। त्यसका लागि संस्थागत सुदृढीकरण र संयन्त्र निर्माण गरिनुपर्छ । नेपालको सन्दर्भमा सङ्घीयता आफैँमा नयाँ प्रणाली भएकाले यसको कार्यान्वयनमा भिन्न भिन्न दृष्टिकोण रहिआएका छन् । तथापि सरकार गठन भएको दुई वर्षको छोटो अवधिमा प्रदेश सरकारले तीन वटा बजेट ल्याएका छन् । पहिलोपल्ट बजेट ल्याउँदा थोरै कर्मचारी, संस्थागत संरचना नबनेको अवस्थामा बजेटको एक चौथाइ पनि प्रदेशले खर्च गर्न सकेनन्। आर्थिक वर्ष २०७६/०७७ को प्रदेशको बजेट तर्जुमा हुँदा भने आर्थिक विकास, पूर्वाधार र सामाजिक न्यायलाई प्राथमिकता दिएको छ। मूलतः संविधानले परिकल्पना गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय कार्यपालिकाबाट नै समन्वय र सहकार्यमा नागरिकका मानव अधिकार संरक्षण र संवर्द्धन हुने विश्वास लिन सकिन्छ। संविधानले तीनै तहको सरकारलाई संविधान र कानुनको अधीनमा रही कार्यकारिणी अधिकारसहित शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्, प्रदेश मन्त्रिपरिषद्का अतिरिक्त गाउँपालिका र नगर कार्यपालिकामा निहित रहने व्यवस्था गरेकाले संविधानको मर्म, भावना र नागरिकको चाहनाबमोजिम कार्यकारिणी अधिकार प्रयोग गर्नुपर्ने अवस्था छ । तीनै तहका सरकारले जनआकाङ्क्षालाई ध्यान राखी नेतृत्व वर्गबाट निर्वाह हुने जवाफदेही भूमिकाले नै नागरिकको मानव अधिकार संरक्षण हुन गई संविधानको कार्यान्वयन हुँदै संविधानवाद र लोकतान्त्रिक शासन प्रणालीको विकासमा योगदान पुग्न जाने देखिन्छ।

व्यवस्थापिका

संसद्को सबैभन्दा महत्वपूर्ण संवैधानिक दायित्वमध्ये एक कानुन निर्माण पनि हो। तर समीक्षा वर्षमा संसद्ले आफ्नो यो संवैधानिक दायित्व इमान्दारीपूर्वक निर्वाह गर्न सकेन । प्रतिनिधि सभाअन्तर्गत विभिन्न चरणमा रहेका २७ विधेयकमध्ये १० समितिमा विचाराधीन छन्। प्रतिनिधि सभाको सभामुख चयन गर्ने संवैधानिक तथा कानुनी विधि हुँदाहुँदै पनि सोको इमान्दारपूर्वक पालना नगरी उपसभामुखलाई पार्टीको कार्यकर्ता जस्तो व्यवहार गरी सिङ्गो सभालाई अनिर्णयको बन्दी बनाइएका कारण प्रतिनिधि सभा कानुन निर्माण गर्ने प्रमुख संवैधानिक दायित्वबाट नै च्युत भएको अवस्था रहयो। विधेयक अधिवेशन भनिने हिउँदे अधिवेशन सभामुखको अभावमा कार्यसूचीमा नै प्रवेश गर्न नसकेका कारण अत्यावश्यक कानुनहरूसमेत निर्माण हुन सकेन भने लामो समयदेखि संसद्मा विचाराधीन तीन तहबीच समन्वय गर्ने विधेयकले समेत अन्तिम रूप प्राप्त गर्न सकेन। त्यसैगरी संविधानको धारा ४२ ले प्रत्याभूत गरेको सामाजिक न्यायसम्बन्धी हकलाई प्रचलनमा ल्याउनका लागि आवश्यक पर्ने कानुन यस वर्ष पनि बन्न सकेन।

महिला अधिकार

पीडित सङ्ख्या २०१४-२०१९

पीडित सङ्ख्या, २०१९





सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन । चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना । यसैगरी कथित बोक्सीको आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन । नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा हजारौँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन् । प्रहरीकै तथ्याङ्कलाई आधार मान्ने हो भने घरेलु हिंसाका अधिकांश घटनामा मिलापत्र हुने गरेको छ । आर्थिक उपार्जनको कुनै बाटो नभएका महिला बाध्य भएर आफूमाथि कुटपिट गर्ने पति र परिवाजनका सदस्यसँग मिलापत्र गर्न बाध्य हुन्छन् । गम्भीर प्रकारका हिंसाका घटनामासमेत मिलापत्र भएका उदाहरण इन्सेकमा प्रशस्तै अभिलेख भए ।

निष्कर्ष

विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाको छानबिन तथा अनुसन्धान गरी वास्तविकता पत्ता लगाउनु हो र दोषीलाई कानुनको दायरामा ल्याई जवाफदेही बनाउन सिफारिस गर्न सङ्क्रमणकालीन न्यायको आवश्यकता रहेको हो । नेपालमा विगतको सशस्त्र द्वन्द्वमा राज्यका तर्फबाट परिचालित सुरक्षा फौजद्वारा व्यक्तिलाई पक्राउ गरी दोहोरो भिडन्तका नाममा हत्या गरिएको र पक्राउ गरिएको छैन भनी कतिपयलाई बेपत्ता पारिएको, आस्थाका आधारमा पक्राउ गरी यातना दिने, गैरकानुनी रूपमा पक्राउ गरी थुनामा राख्ने, अदालतद्वारा बन्दी प्रत्यक्षीकरणको रिटमा आदेश जारी हुँदा समेत अदालत परिसरबाटै जबरजस्ती पक्राउ गर्ने जस्ता मानव अधिकार तथा मानवीय कानुन विपरितका कार्य भए । त्यसैगरी तत्कालीन विद्रोही नेकपा (माओवादी) द्वारा पनि सर्वसाधारणलाई घरबाट अपहरण गरी लैजाने र सुराकीको आरोपमा हत्या गर्ने, निर्मम यातना दिने, निशस्त्र अवस्थामा रहेका राज्यका सुरक्षा निकायका व्यक्तिको हत्या, सार्वजनिक सवारीका साधनमा एम्बुस पड्काउने, महिला तथा बालबालिकालाई सुराकीको रुपमा प्रयोग गर्ने, बालबालिकालाई सैन्य भर्ना गर्ने, जस्ता अनगिन्ती मानवअधिकार तथा मानवीय कानुन विरुद्धका घटना भए । लामो समयदेखि कायम सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्ग्याउनु, पीडितलाई परिपूरण र परिपूरणको व्यवस्था गरिनु यो सन्दर्भमा गर्नै पर्ने काम हो । राजनीतिक दलको दह्रो इच्छाशक्तिले मात्रै यो कार्यभार पूरा गर्न सक्छ । यो विषयलाई लम्ब्याइरँदा आउने परिणामका बारेमा सचेत हुन सकिए अगाडि बढ्ने बाटो पहिल्याउन सहज हुनेछ । महिला तथा बालबालिका माथि भएका र हुने गरेका अपराधको दर प्रतिदिन बढेको इन्सेकको तथ्याङ्कमा देखिन्छ । महिलामाथि भएका हिंसाका घटनामा मेलमिलाप गरिने, परिवारको घेराभन्दा बाहिर लैजान नदिने चलन व्याप्त रह्यो । कानुनको प्रभावकारी कार्यान्वयन यससन्दर्भमा नभइ नहुने कुरा हो ।

मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्यले तोकेका विषयहरूको स्थानीयकरण, दण्डहीनताको अन्त्य, राजनीतिको अपराधिकरणको अन्त्यसजस्ता विषयमा काम हुन सके सरकारले भनेजस्तो समृद्धिका विषयले प्राथमिकता पाउलान् भन्ने अपेक्षा गर्न सकिन्छ। सरकारले अघि सारेका नीति तथा कार्यक्रमहरूले आमजनाताको जीवनमा केही परिवर्तन ल्याउन सक्यो भने मात्रै सरकार भएको अनुभूति जनताले गर्नेछन् । मानव अधिकारको परिपालनामा देखिएका कमजोरी सुधार गुर्न, दण्डहीनताको अपसंस्कार अन्त्य गर्नु पनि आजको कार्यभार हो ।

सुझाव

१. सङ्क्रमणकालीन न्यायको प्रभावकारी पालनाका लागि सर्वोच्च अदालतको परमादेशलाई ध्यानमा राखी यस विषयलाई टुंग्याउने प्रयास गर्नुपर्छ।
२. विश्वव्यापी आवधिक समीक्षा (युपिआर) मा नेपाललाई प्राप्त सिफारिसको कार्यान्वयनका गर्नुपर्छ।
३. मानव अधिकार राष्ट्रिय कार्ययोजनामा विकासमुखी अवधारणालाई प्राथमिकता दिनु पर्छ।
४. कानुनी शासनलाई मजबुत बनाउन फौजदारी मुद्दाको अनुसन्धानका लागि भरपर्दो अनुसन्धान पद्धति विकास गरिनुपर्छ।
५. महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि प्रभावकारी कानुनी व्यवस्था लागु गर्नु पर्छ।
६. दण्डहीनताको अन्त्यका लागि राजनीतिक इच्छाशक्तिको विकास गर्नु पर्छ।

विजयराज गौतम
कार्यकारी निर्देशक

बिर्सन खोजिएको यथार्थ

इन्सेकले १९९२ देखि नै बर्सेनी नेपाल मानवअधिकार वर्षपुस्तक मार्फत मुलुकमा भएको मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन प्रतिवेदनको सङ्क्षिप्त विवरण प्रकाशन गर्दै आएको छ। सशस्त्र द्वन्द्व होस् वा संकटकाल इन्सेकले आफ्नो काम यथावत राखेको थियो। त्यस समयमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको विस्तृत रूपमा अभिलेख गर्न निकै अप्ठ्यारो थियो।

दश वर्ष लामो सशस्त्र द्वन्द्व र त्यसपछिका सङ्क्रमणकालीन अवस्थामा भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विषयहरू आजपर्यन्त राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानवअधिकार समुदायको सरोकार र चासोको विषय बनिरहेका छन्। त्यसबेला युद्धरत दुवै पक्षको दबाब वा त्रासका कारण वा चेतनाको कमी भएकाले मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका कैयन् घटनाहरू तत्कालै प्रकाशमा आउन सकेनन्। तिनको विषयमा जानकारी गराउन भयदोहित पीडितपक्षहरू सक्षम भएनन्। अद्यापि यो अवस्थामा खासै परिवर्तन हुन सकेको छैन। शान्ति सम्झौता भएलगत्तै इन्सेकले पीडितहरूको थातथलोमा पुगी द्वन्द्वका क्रममा मारिएका, बेपत्ता पारिएका र अङ्गभङ्ग भएकाहरूको विवरण सङ्कलन गरेको थियो। यसरी सङ्कलित विवरण द्वन्द्व पीडित पार्श्वचित्रमा सङ्ग्रहित छ। द्वन्द्वका क्रममा बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको विवरण समेटेर उनीहरू कहाँ छन् भाग–३ मा प्रकाशित गरिएको छ। सशस्त्र द्वन्द्व र विस्तृत शान्ति सम्झौता पछिका दिनमा भएका केही घटनाहरूको इन्सेकले विस्तृत अध्ययन गरेको थियो। तिनै अध्ययन तथा स्थलगत अनुपरीक्षणबाट प्राप्त तथ्यहरूका आधारमा प्राप्त केही घटनाको विवरण यहाँ संलग्न छ। यी विवरणहरू यतिबेला प्रकासन गर्नुको एउटामात्रै कारण विगतमा कस्ता अपराध भएका थिए भनेर जानकारी गराउनु हो। विगतलाई बिर्सने हो भने वर्तमान र भविष्य राम्रो हुन सक्दैन। विगतका गल्तीबाट पाठ सिक्दै त्यस्ता गल्ती भविष्यमा नदोहोरिउन भनी सुनिश्चित गर्नु राज्यको दायित्व हो। पीडितले सत्य थाहा पाउनुपर्छ र गम्भीर अपराधमा संलग्नलाई कानुनी दायरमा ल्याइनुपर्छ भन्ने मान्यतामा इन्सेक अडिग छ। यस्ता विवरणले राज्यलाई झक्झक्याउने र विगतलाई निबिर्सन सचेत गराउने अपेक्षा गरेका छौं।

गोदार घटना : १६ वर्षसम्म नपाएको न्याय

जनकपुर नगरपालिका–१० का २४ वर्षीय दिपु भनिने सञ्जीव कर्ण, २३ वर्षीय दुर्गेश लाभ, सोही नपा–४ का २० वर्षीय जीतेन्द्र झा, कुर्था गाविस–१ का १९ वर्षीय प्रमोदनारायण मण्डल र दुहवी गाविस–७ का १८ वर्षीय शैलेन्द्र यादवलाई जनकपुर नपा–४ स्थित कटैया चौरीबाट सुरक्षाकर्मीले २०६० असोज २१ गते गिर तार गरेको थियो। त्यसपछि बेखबर रहँदै आएका उनीहरूको कङ्काल सिरहाको गोदार गाविस–३ स्थित कमला नदीको किनारमा गाडिएको अवस्थामा फेला परेको थियो । बीबीएस दोस्रो वर्षमा अध्ययनरत सञ्जीव जनकपुरस्थित मिल्स एरियाको एक पसलमा आंशिक समय लेखासम्बन्धी काम गर्थे। दुर्गेश बीरगन्जस्थित डाल्टा कम्पनीमा डिस्ट्रिब्युटरको काम गर्थे र दसैँ बिदामा आएका थिए । प्रमाणपत्र तहमा अध्ययनरत प्रमोदनारायण जनकपुर चुरोट कारखानाको क्वार्टरमा

दिपु भनिने सञ्जीव कर्ण, दुर्गेश लाभ, जीतेन्द्र झा, प्रमोदनारायण मण्डल, शैलेन्द्र यादव

परिवारसँगै बस्दै आएका थिए । ललितपुरस्थित विल हाम्स क्याम्पस, जाउलाखेलमा आइएससी अध्ययनरत शैलेन्द्र पनि दसैँ बिदामा घर आएका थिए ।

कटैया चौरीस्थित एउटा घरमा पिकनिक मनाउँदै गर्दा असोज २१ गते दिउँसो २ बजे उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो । घटनाको सूचना पाएलगतै सञ्जीवका बुबा जयकिशोर लाभ र आमा विमलादेवी जिल्ला प्रहरी कार्यालय पुगेका थिए । तर त्यहाँ कसैलाई नदेखेपछि अञ्चल प्रहरी कार्यालय पुगेका उनीहरूलाई प्रवेश गर्न दिइएन । जबकि उनीहरूकै अगाडि तीन वटा भ्यानमा ११ जनालाई गिरफ्तार गरी प्रहरीले ल्याएको थियो र एसएसपी चुडाबहादुर श्रेष्ठको आदेशमा उनीहरूलाई पालैपालो भ्यानबाट ओर्लन लगाइ कोठाभित्र लैजाँदै गर्दा दिपुलाई कट्टुमात्र लगाएको अवस्थामा विमलादेवीले देखेकी थिइन् । ११ जनामध्ये ६ जनालाई प्रहरीले रिहा गऱ्यो भने ५ जनालाई प्रहरी कार्यालयमै राखिएको समाचार प्रकाशन भयो । जति प्रयास गरे पनि आफन्तलाई भेट्न दिइएन । धेरै समयपछि एसएसपी श्रेष्ठले 'तपाईंहरूको छोरालाई हामीले समातेका छैनौं, माओवादीले लगे होलान् वा भारततर्फ गए होलान्' भन्ने जवाफ दिएको विमलाले बताइन् ।

अर्कोतर्फ असोज २४ गते राति गोदारस्थित कमला नदीको किनारमा ८–९ राउन्ड गोली चलेको आवाज स्थानीय बासिन्दाले सुनेका थिए । उक्त घटनाका सम्बन्धमा इन्सेक प्रतिनिधि रोशनदीप ढकालले सोधखोज गर्दा गोदार गाविस–३ स्थित कमला नदीको किनारमा बेचन साहको खेतमा नयाँ माटो फेला परेको तथा एक जना मृतकको टाउको देखेको स्थानीय बासिन्दामार्फत जानकारी प्राप्त भएको थियो । नेपाली सेना दिनहुँ चेकजाँचका लागि खटिएकाले कसैले पनि केही गर्ने हिम्मत गरेनन् । लास गाडेको ठाउँमा झाडी रहेकाले पहिचानका लागि इन्सेक प्रतिनिधि ढकालले एउटा ठूलो ढुङ्गा राखेका थिए । मानव अधिकारकर्मीहरूको दबाबपछि २०६३ असार २५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता भएलगत्तै २०६३ असार २७ गते लास गाडेको ठाउँमा एसपी विज्ञानराज शर्माको आदेशमा घेरा लगाउने कार्य गरिएको थियो ।

मानव अधिकार सङ्घ/संस्थाको सहयोगमा सञ्जीवका बुबा जयकिशोर लाभ र प्रमोदनारायणकी आमा जिवछीदेवीले जिल्ला प्रहरी कार्यालयमा २०६३ असार २५ गते एसएसपी चुडाबहादुर श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी रेवतीराज काफ्ले, एसपी कुवेरसिंह राना र नेपाली सेनाका मेजर अनुप अधिकारीविरुद्ध किटानी जाहेरी दिए । जयकिशोर लाभले जेनेभास्थित संयुक्त राष्ट्र सङ्घीय विशेष समाधीक्षकसमक्ष घटनाबारे २०६३ साउन १० गते लिखित जानकारी गराए । संयुक्त राष्ट्रसङ्घीय कार्यदल र विशेष प्रतिवेदकले बेपत्तासम्बन्धी प्रतिवेदन सुरक्षा परिषद्मा पठाएका थिए । घटनामा संलग्न आरोपितलाई कारबाही भएको छैन । आरोपितमध्येका एक तत्कालीन एसपी कुवेरसिंह राना त आइजिपी नै भए । सरकारले राहतस्वरूप दिएको १ लाख रुपियाँ र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसमा ३ लाख गरी ४ लाख रुपियाँ पीडित परिवारले पाए । तर उक्त रकम बेपत्ताहरूको खोजी कार्य तथा मुद्दा/मामिला गर्दैमा सकिएको पीडित परिवारको भनाइ छ ।

बाँदरमुढे घटना : न्यायको आशमा पीडितहरू

चितवन जिल्ला सदरमुकाम भरतपुरदेखि ४५ किलोमिटर दक्षिण माडी क्षेत्रको कल्याणपुर गाविस–१ र ४ को सिमानामा पर्ने बाँदरमुढे खोलामा ना. १ ख. ४५३२ नम्बरको यात्रुबाहक बसमा २०६२ साल जेठ २३ गते माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा ३५ सर्वसाधारण र तीन सुरक्षाकर्मीसहित ३८ जनाको मृत्यु भएको थियो भने ७५ जना घाइते भएका थिए ।

इन्सेकको अभिलेखमा उल्लेख भए अनुसार अयोध्यापुरीको बगइबाट बनकट्टातर्फ गइरहेको यात्रुबाहक बसमा सादा पोशाकका सुरक्षाकर्मीहरू पनि चढेका थिए । बस बाँदरमुढे खोलामा प्रवेश गरेपछि माओवादीले गराएको विद्युतीय धरापमा परी ४ बालिकासहित ७ अबोध बालबालिका, १६ महिला र १५ पुरुष, कसैको हात र खुट्टा तथा भुँडी करिब २ फिट बालुवामा पुरिएको अवस्थामा फेला परेको थियो । विस्फोटनमा परी घाइते भएकाहरूको शरीर क्षतविक्षत भएको तथा अधिकांश घाइतेको हातखुट्टा भाँचिएको थियो । स्थानीयवासीले घाइतेलाई गाडा तथा ट्र्याक्टरमा राखेर उद्धार कार्यमा सहयोग गरेका थिए ।

घर पुगेर कतिबेला पकाएर खाउँला भनी यात्रुले आफूसँगै ल्याएका आलु, मकै, केरा र कोसेली ल्याएका गुन्द्रीहरू यत्रतत्र अवस्थामा छरिएका थिए । उनीहरूले

बम विस्फोटबाट क्षतिग्रस्त बस (माथि), बम विस्फोटमा परी मृत्यु भएका मध्ये केहीको तस्बिर र घटनाको भोलिपल्ट नेकपा माओवादीले प्रकाशन गरेको विज्ञप्ति

विष्णु घिमिरे

दीपा लम्साल

दिपिका लम्साल

गङ्गा लम्साल

दिनेश लम्साल

नवप्रसाद घिमिरे

घटना सम्बन्धमा माओवादीको वक्तव्य

कृष्णसेन अनलाइन
KrishnaSen Online

चितवन घटनाको माओवादीद्वारा गम्भीर आत्मालोचना

नेपाल कम्युनिष्ट पार्टी (माओवादी)
Communist Party of Nepal (Maoist)
केन्द्रीय समिति

Central Committe

प्रेस वक्तव्य

१. यही २०६२ जेठ २३ गते चितवन जिल्ला कल्याणपुरको वांदरे खोलामा विद्युतीय धराप विस्फोटनबाट ठूलो संख्यामा सर्वसाधारण जनसमुदाय, जनयुद्धका समर्थक र शुभचिन्तक समेतको मृत्यु हुन गएकोमा हामी गम्भीर रुपमा दुःखी र ममाहत भएका छौं । सर्वप्रथमतः मृतकका परिवारजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

२. निरंकुश सत्ताका शाही सैनिकहरुमाथि लक्षित गरी हाम्रो जनमुक्ति सेनाको एक टुकडीले थापेको उक्त विद्युतीय धराप सर्वसाधारणलाई क्षति पुग्ने गरी विस्फोट हुन जानु हाम्रो गम्भीर गल्ती भएको छ । मानवढालका रुपमा सर्वसाधारणलाई प्रयोग गर्ने शाही जल्लादहरुको कुकार्यको पनि हामी घोर निन्दा गर्दछौं । निर्दोष जनसाधारणमाथि लक्षित गरेर कुनै पनि रुपको फौजी कार्वाही नगर्ने हाम्रो पार्टीको नीति रहँदै आएको छ । र, यस नीतिमा कुनै पनि परिवर्तन नभएको स्पष्ट गराउंछौं ।

३. यो घटना पार्टीकै नीति विपरीत हुन गएको र ठूलो जनसमुदायको क्षति हुन गएकोमा आम जनसमुदायप्रति हामी गम्भीर आत्मालोचना प्रकट गर्दछौं । यसका साथै यस घटनामा संलग्न जनमुक्ति सेनाका सैनिक टुकडी र त्यसकार्यमा प्रत्यक्ष निर्देशन गर्ने पार्टी नेतृत्व समेतलाई तत्काल निलम्बन गरिएको जानकारी गराउंछौं ।

४. निरंकुश राजतन्त्रका विरुद्ध पूर्ण प्रजातन्त्रको संघर्षमा हामी, सबै संसदीय दलहरु, नागरिक समाज गम्भीर रुपले सकारात्मक सहकार्यमा अघि बढिरहेको सन्दर्भमा घटेको यस घटनाको समग्र प्रकृतिप्रति दुश्मनको घुसपैठ भएको हुनसक्ने गम्भीर आशंका समेत हामीलाई भएको छ । यसबारे छानविन गरी सत्यतथ्य छिट्टै जनसमक्ष सार्वजनिक गरिनेछ ।

५. हामी आमजनसमुदायसमक्ष भविष्यमा यसप्रकारका घटना दोहोरिन नदिन कडाइपूर्वक लाग्ने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छौं ।

२०६२ जेठ २४ गते

प्रचण्ड
अध्यक्ष
ने.क.पा.(माओवादी)
केन्द्रीय समिति

लगाएका जुत्ता, चप्पल, कपडा घटनास्थल वरपर छरिएका थिए। विस्फोटनबाट क्षतविक्षत भएका शरीरका साना साना टुक्रा बसमुनि र वरिपरि छरपस्ट अवस्थामा देखिन्थ्यो।

विस्फोटन घटनाका सम्बन्धमा हालसम्म कुनै पनि निकायमा मुद्दा दर्ता भएको छैन। मुद्दा दर्ता गराउन पटकपटक जाँदा पनि कुनै पनि निकायले आफूहरूको कुरा नसुनेको पीडितहरूको गुनासो छ। शवहरूको पोस्टमार्टमबाहेक अरु कुनै कानुनी प्रक्रिया अगाडि बढेन । सो घटनाको जिम्मा तत्कालीन नेकपा माओवादीले लिए पनि हालसम्म दोषी किटान गरी कारबाही गर्ने प्रक्रिया भने अगाडि बढेको छैन। सरकारले मृतकका परिवारलाई ३ लाख रुपियाँका दरले राहत उपलब्ध गरायो। १८ जना घाइतेले मात्र ४० हजार रुपियाँका दरले राहत (उपचार खर्च) पाएका छन् भने अन्यले त्यही पनि (हालसम्म) पाएका छैनन्।

बर्दिया घटना : हत्याको कारण खोज्दै आफन्त

बर्दिया जिल्ला धधवार गाविस-८ बेलभारका २२ वर्षीय सुरेश चौधरी, २७ वर्षीय कर्णबहादुर थारू र १९ वर्षीय कन्हैया थारूलाई २०५८ साल चैत १ गते बिहीबार दिउँसो १२-१ बजेतिर बाँकेको पूर्वी चिसापानी ब्यारेकको कमान्डमा रहेको संयुक्त सुरक्षाफौजको टोलीले घर घेरा हालेर नियन्त्रणमा लिएपश्चात् गोली प्रहार गरी हत्या गऱ्यो।

त्यस दिन संयुक्त सुरक्षाफौजको टोली पूर्वतिरबाट अन्धाधुन्ध गोली चलाउँदै 'यु' आकारमा घेरा हाली धधवार गाविस-८ स्थित बेलभारक गाउँ प्रवेश गरेको थियो। हतियारधारी सुरक्षाकर्मी आफ्नो अधिल्तिर पर्ने जोकोहीलाई 'माओवादी होस्' भन्दै कुनै कुरै नगरी कुटपिट गर्दै हिँडिरहेका थिए। त्यसै क्रममा सेनाले घाँस काट्न गइरहेका सुरेश चौधरीलाई रोकेर सोधपुछ गरेको थियो। सुरेशको गोजीमा एक टुक्रा सेतो कागज सेनाले फेला पारेको थियो। उक्त कागजको आधारमा उनलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिए। केही छिनमा उनलाई काठको मोटो भाटोले कुटपिट गर्दै गाउँनजिकैको सिंह निमाविमा पुऱ्याइयो। त्यस क्रममा सैनिक जवानहरूले सुरेशलाई चरम यातना दिए । यातनाका कारण गुज्जिएको उनको चित्कार आसपासका मानिसले समेत सुनिरहेका थिए। यसरी यातना दिएर उनलाई सिकिस्त पारेपछि सेनाले पूर्वतर्फ अनुहार फर्काउन लगाएर पछिल्तिरबाट गोली प्रहार गरी हत्या गरेको थियो।

सुरेशकै गाउँले २७ वर्षीय कर्णबहादुर थारू निम्नवर्गीय किसान थिए। उनी डकर्मीको काम पनि गर्थे । त्यस दिन उनी गाउँमै सामूहिक काम गर्ने चलनअनुसार आफ्नो बगाल (समूह) का व्यक्तिहरूसँग समूहभित्रको घर (बेलरान घर) को भित्ता बनाइरहेका थिए। सेनाको कुटपिटबाट आतङ्कित गाउँले भागाभाग गरिरहेका थिए। कर्णबहादुर पनि अरुको सिको गर्दै ज्यान जोगाउन भागेका थिए।

कर्णबहादुरलगायतका व्यक्तिहरू गाउँको दक्षिण-पश्चिमतर्फ भागिरहेका बेला उनीसहित जीतबहादुर चौधरी र वसन्त चौधरीलाई सेनाले नियन्त्रणमा लिएर खेतको बीचमा राख्यो। उनीहरूलाई दुवै हात उठाउन लगायो। सेनाले कर्णबहादुर थारूलाई गोली प्रहार गऱ्यो। उनको घटनास्थलमै मृत्यु भयो। सेनाले कर्णबहादुरको हत्या गरिसकेपछि सँगै हात उठाएका जीतबहादुर र वसन्तलाई क्रूर एवम् अमानवीय तरिकाले बुटले कुल्चिने र हानेर यातना दिएको थियो।

सुरेश चौधरी, कर्णबहादुर थारु र कन्हैया थारु

यातना दिइसकेपछि कर्णबहादुरको लास उनीहरूलाई नै बोकाएर स्थानीय सिंह निमाविको खेल मैदानमा पुऱ्याएको थियो । आफ्नै गाउँका ३ जनाको अमानवीयतवरले हत्या गरिएको घटनाको साक्षी बन्न पुगे जीतबहादुर र वसन्त ।

सेनाको आतङ्क यतिमै सीमित रहेन । विद्यालयको परीक्षाको तयारीका लागि बिदामा घर बसेर पढिरहेका अपाङ्गता भएका १६ वर्षीय कन्हैया चौधरीको पनि सेनाले हत्या गऱ्यो । उनी जनसेवा माविं वैदीमा कक्षा ९ मा अध्ययनरत थिए । सेनाको कुटपिटबाट आतङ्कित गाउँका मानिस भाग्न थालेको देखेपछि कन्हैयालाल पनि पढिरहेको किताब त्यसै छोडेर भागेका थिए । त्यसैबेला सेनाले उनको खुट्टामा २ गोली हानेको थियो । यसरी तीनै जनाको लास गाउँलेलाई बोक्न लगाएर सिंह निमाविको खेल मैदानमा पुऱ्याइ गाडीमा राख्न लगाएर सुरक्षाफौजले आफैँसँग लगेको थियो । लास पाउन नसकेकाले पीडित परिवारले आफ्नो रीतअनुसार अन्तिम संस्कारसमेत गर्न पाएनन् । यी हत्याविरुद्ध कतै उजुर परेन । घटनामा पूर्वी चिसापानी (बाँके जिल्ला) ब्यारेकको कमान्डमा रहेको संयुक्त सुरक्षाफौजको टोली संलग्न भएको स्थानीय बासिन्दाले इन्सेकलाई बताए । तीनै मृतकका परिवारले सरकारबाट राहतस्वरूप ३/३ लाख रुपियाँ पाए । मारिएकाको गल्ती अहिलेसम्म बुझ्न नसकेको मृतकका परिवारको गुनासो छ ।

खारा घटना : प्रहरीबाट मारिए निहत्था नागरिक

रुकुमको खारा गाविस–२, ३ र ५ नम्बर वडाका १५ जना सर्वसाधारणलाई २०५६ फागुन १० गते रुँघा गाविस–२ स्थित सिम्रुतु प्रहरी चौकीबाट गस्तीमा गएको प्रहरी टोलीले गोली हानेर हत्या गऱ्यो । सो गस्ती टोलीले सोही गाविसको २, ३, ४, ५ र ६ नम्बर वडाका २७ वटा घर, ३७ वटा गोठ, ३ वटा आँटी र २ वटा पानीघट्ट पनि जलाएको थियो । घटनामा खारा गाविस–५ का भद्रबहादुर खड्का, गोविन्द खड्का, खड्कबहादुर खड्का, लक्ष्मी खड्का, प्रविर खड्का, देवीलाल खड्का, लालबहादुर खड्का, खारा गाविस–३ का त्रिभान ओली, धनबहादुर ओली, लालबहादुर ओली, देउरूप खत्री, गोपाल ओली, टीकाराम खत्री, हेमन्त खत्री र खारा गाविस–२ का टीकाराम ओली मारिएका थिए ।

नेपाली काँग्रेस समर्थकहरूको बाहुल्य रहेको खारा गाविसमा नेकपा माओवादीले आफ्नो जनाधार तयार गर्न सकेको थिएन । २०५४ सालमा भएको स्थानीय निकायको निर्वाचनमा नेपाली काँग्रेसले सो गाविसमा विजय हासिल गरेको थियो । पटक पटकको आग्रह धम्कीका बाबजुद स्थानीय बासिन्दा नेकपा माओवादीका गतिविधिमा संलग्न भएका थिएनन् । नेकपा माओवादीका कार्यकर्ता भने जुनसुकै हथकण्डा

खारा गाविसमा सिम्रुतु प्रहरी चौकीबाट गस्तीमा गएको प्रहरी टोलीले सर्वसाधारणलाई गोली हानी हत्या गरेको स्थान

अपनाएर भए पनि खारामा आफ्नो वर्चस्व बढाउन चाहन्थे। उनीहरू जनतामा त्रास देखाएर आफ्नो पक्षमा पार्न चाहन्थे ।

घटना हुनुभन्दा केही दिनअघिदेखि सोही गाउँमा बसेका माओवादीबारे स्थानीयले सिम्रुतु प्रहरीलाई सूचना दिएका थिए। प्रत्यक्षदर्शीले बताएअनुसार घटना भएको दिन बिहान (२०५६ फागुन १० गते) ८.३० बजे खारा गाविस–६ कालढुङ्गामा लुकेर बसेका माओवादीले प्रहरी जवान गणेश खत्रीलाई गोली हानी हत्या गरे। घटनालगत्तै माओवादी कार्यकर्ता नारा लगाउँदै खारा गाविसको २, ३ र ५ तिर भागे। यसअघि प्रहरीलाई दिइएको सूचनामा खाराको ती वडामा माओवादीको बाहुल्यता रहेको बताइएको थियो। सो घटना लगत्तै माओवादी कार्यकर्ता त्यतातिर भाग्नुले प्रहरीलाई आक्रोशित बनायो । घटना लगत्तै प्रहरीले बितण्डा मच्चाउन सुरु गऱ्यो। प्रहरीले सोही ठाउँबाट घरमा र गोठमा आगजनी सुरु गऱ्यो। दिउँसो १२ बजेदेखि ३ बजेसम्ममा खारा गाविस–२ राउमारे, खारा गाविस–३ कुरल र खारा गाविस–५ पोखरीमा गरी १५ जना निर्दोष र निहत्था नागरिकको कसैलाई घरबाट निकालेर र कसैलाई त्रासका कारण भागेर जङ्गलमा गएको बेला प्रहरीले गोली हानी हत्या गरेको थियो।

खारा गाविस–३ का त्रिभान ओली नेपाली काँग्रेसबाट निर्वाचित वडाध्यक्ष थिए। प्रहरी आगजनी गर्दै आफ्नो गाउँतिर आउन थालेपछि त्रसित भएका स्थानीय बासिन्दालाई आफूसँग नेपाली काँग्रेसको परिचयपत्र छ। प्रहरीलाई सोही परिचयपत्र देखाएपछि केही गर्दैन भनेर उनले आश्वस्त पारेका थिए। उनले आफू नेपाली काँग्रेसको सदस्य भएको बताउँदा बताउँदै पनि प्रहरीले गोली हानेर उनको हत्या गऱ्यो। घरभित्र लुकेका उनका छोरालाई प्रहरीले गोली हानी मऱ्यो भनेर छाडेर हिँडे। डर त्रासका कारण गाउँलेले तत्काल लास उठाउनसमेत सकेनन् । सबैजनाको शव घटनाको पर्सिपल्ट सद्गत गरियो। पोस्टमार्टम पनि भएन । घटनामा संलग्न प्रहरीलाई चिने पनि पीडितले कानुनी बाटो अपनाएनन्। पीडित परिवारजनहरू गाउँमै ज्याला मजदूरी गरेर जीविकोपार्जन गरिरहेका छन्। प्रतिमृतक परिवार १ लाख, घर जलाइएकालाई २० हजार, गोठ जलाइएकालाई १० हजार र आँटी/पानी घट्ट जलाइएकालाई ५ हजार रुपियाँ राहतस्वरूप सरकारले दियो।

दोरम्बा घटना : जुन घटनाले शान्ति वार्ता भाँडियो

रामेछापको बेथान गाविस–५ का नेकपा (माओवादी) का जिल्ला जनसरकार प्रमुख पुष्प भनिने बाबुराम तामाङ, सोही पार्टीका ललितपुर जिल्ला इकुडोल गाविस–६ की ललिता भनिने अम्बिका दाहाल, बेथान गाविस–५ का रक्तिम भनिने प्रदीप दोङ, डडुवा गाविस–४ की सङ्गीता थामी, फुलासी गाविस–८ का यथार्थ भनिने हर्कबहादुर तामाङ, गेलु गविस–५ का समिर भनिने रवि चौहान, चनखु गविस–३ की सहारा भनिने उमा कार्की, चनखु गाविस–९ का इन्क्लाव भनिने श्याम तामाङ, पुरानागाउँ–८ का असल भनिने पदमराज गिरी, दोरम्बा गाविस–१ की बिमा भनिने विष्णुमाया थापामगर, दोरम्बा गाविस–३ का छोक्पा भनिने ठूलोराम तामाङ, तारा भनिने सानोराम तामाङ, छाया भनिने लक्ष्मण तामाङ, धनुषा जिल्ला घर भएका नाम नखुलेका जमिन, सोलुखुम्बु जिल्लाकी विमला भनिने हर्कलक्ष्मी राई, काभ्रे जिल्ला चौवास गाविसका नाम नखुलेका सोम, दोरम्बा गाविस–२ का युवराज मोक्तान र लीला मोक्तान तथा डडुवा गाविस–५ का समर भनिने चतुरमान थामीलाई २०६० साउन ३२ गते सुरक्षाकर्मीले दोरम्बा गाविस–२ स्थित युवराज मोक्तानको घरबाट गिरफ्तार गरी करिब १ घण्टा टाढा पर्ने डडुवा गाविस–९ को डाँडाकटेरी भन्ने ठाउँको मूल बाटो नजिकै चौरमा लगी गोली हानी हत्या गरे।

उक्त घटना सरकार र माओवादीबीच दाङको हापुरेमा वार्ता भइरहेको अवस्थामा भएको थियो। दोरम्बा घटनालगत्तै नेकपा माओवादीले शान्तिवार्ता भङ्ग भएको र युद्धविराम अन्त्य भएको जनायो । पीडितहरूलाई बैठकमा सहभागी भइरहेको अवस्थामा गिरफ्तार गरिएको थियो । घटनाको राष्ट्रिय मानव अधिकार आयोगले छानबिन गरेको थियो। सो छानबिन आयोगले प्रतिवेदनको निष्कर्षमा भनेको छ– हातपछाडि बाँधिएका १९ जना कब्जामा लिइएका व्यक्तिहरूलाई नजिकबाट बन्दूकले गोली प्रहार गरी मारिएको कुरा अन्तर्राष्ट्रिय मानवीय कानुन र खासगरी आन्तरिक प्रकृतिको सशस्त्र विवादको समयमा गिरफ्तार गरी पूर्णरूपमा कब्जामा लिइएका बन्दीहरूलाई संरक्षण गर्नुपर्छ भन्ने सिद्धान्त रहेको जेनेभा महासन्धिको साझा धारा ३ को विपरित भएको पाइयो। राष्ट्रिय सन्दर्भमा

उक्त कार्य नेपाल अधिराज्यको संविधान, सैनिक ऐन, प्रहरी ऐन र सशस्त्र प्रहरी ऐनको प्रतिकूल हुन गएको अनुसन्धान समितिको ठहर छ। घटनामा आफैँ दोषी रहेको राज्य पक्षले नै प्रमाणित गरिसकेको छ। तैपनि दोषीहरूलाई नागरिकले महसुस गर्ने गरी कारबाही गरिएको पाइएन। २ वर्षको जेल सजाय तोकिएका मेजर राममणि पोखेललाई केही दिन केन्द्रीय कारागारमा राखिएपछि पुनः उनलाई मानसिक तनावमा परेको भन्दै सेनाले निकालेर लग्यो। त्यसपछि उनलाई कहाँ लगियो र अहिले उनी कहाँ छन् भन्ने विषयमा नागरिकलाई जानकारी छैन। त्यस्ता कुरा नागरिकलाई जानकारी हुनु जरुरी छ। किनकि यस्ता सार्वजनिक महत्वका सूचना पाउनु नागरिकको सूचनाको हक पनि हो। अझ पीडित परिवारको त यसबारेमा सूचना पाउनु विशेषाधिकार नै हो। राज्य र सेनाले अहिले पनि घटनाका पीडकलाई लुकाएर राखेको अवस्था छ। साथै घटनाका दोषीलाई कारबाही भएपछि पीडित पक्षलाई राज्यले परिपूरणको व्यवस्था गर्नुपर्छ।

फोटो : जगदिश डङ्गोल

सुरक्षाकर्मीले डडुवा गाविस-९ को डाँडाकटेरी भन्ने ठाउँको मूल बाटो नजिकै चौरमा लगी गोली हानी हत्या गरिएका माओवादीका नेता/कार्यकर्ताहरूको शव

गौर घटना : जहाँ एकै घटनामा ३७ जना मारिए

गौर नगरपालिका-५ स्थित राइस मिलको चौरमा २०६३ चैत ७ गते मधेसी जनअधिकार फोरम र माओवादी सम्बद्ध मधेसी राष्ट्रिय मुक्ति मोर्चाको आमसभाका क्रममा झडप हुँदा मधेसी जनअधिकार फोरमका समर्थकले माओवादीका कार्यकर्तालाई कुटपिट गर्दा ५ जना महिलासहित २७ जनाको मृत्यु भयो। मृत्यु हुनेहरूमा रौतहट पोठियाही गाविसका वाइसिएल इलाका संयोजक रामाकान्त जयसवाल, सरमुजवा गाविसका एसिएम नर्मधेश्वर उपाध्याय, चन्द्रनिगाहपुर गाविस-१ की २० वर्षीया सरस्वती उप्रेती, जिङ्गडवा बेलबिछवा गाविसकी प्रतिमा खातुन, जुडिबेला गाविस-९ की १७ वर्षीया रेखा परियार, गौर नपाका प्रवीण अन्सारी, जुडिबेला गाविस-४ का २० वर्षीय दीपक पाण्डे, लक्ष्मीनियाँ गाविस-९ का रामशरण राय यादव, बारा जिल्ला निजगढ गाविस-२ की उषा थापा क्षत्री, बारा जिल्ला टेढाकट्टी गाविसका धर्मेन्द्र साह, बारा जिल्ला निजगढका रामकाजी कार्की, बारा जिल्ला सिमराका हस्तबहादुर श्रेष्ठ, मकवानपुर जिल्ला पदमपोखरी गाविस-३ ठूलोथलीका छते वाइवा, मकवानपुर जिल्ला बसामाडी गाविस-१ का उर्मिला लो, मकवानपुर जिल्ला हेटौँडा नपा-७ चिसापानीका गोविन्द अधिकारी, मकवानपुर जिल्ला हेटौँडा नपा-७ चिसापानीका राजन पोखरेल, मकवानपुर जिल्ला पदमपोखरी गाविस-१ वनस्पतिका नारायण दाहाल थिए। यसैगरी, मकवानपुर जिल्ला छतिवन गाविस-८ कर्मचुलीका मुनाल विश्वकर्मा, मकवानपुर जिल्ला रातोमाटे गाविस-२ का रोहन पाखिन, मकवानपुर जिल्ला पदमपोखरी गाविस-१ का उज्वल दाहाल, सिन्धुली जिल्ला शीतलपाटी गाविस-८ का कुमार लो, हापुर गाविस-१ दाङका जितेन्द्र थापा मगर, गोर्खा जिल्ला पृथ्वीनारायण नपा-८ का विविन्द्र मगराती, बाजुरा जिल्लाका रत्न बोगटी र पर्सा जिल्ला निर्मलवस्ती गाविस-६ का पूर्ण श्रेष्ठको पनि मृत्यु भएको थियो। मृत्यु हुने अन्य २ जनाको भने सनाखत हुन सकेन। सो झडपमा ५२ जना घाइते भएका थिए। जसमध्ये सर्वसाधारण ३ जना, फोरम समर्थक ४ जना र अन्य सबै माओवादी कार्यकर्ता थिए । उनीहरूलाई गौर अस्पतालमा सामान्य उपचार गरिएपछि नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगन्ज लैजान सिफारिस गरिए तापनि चितवनको मेडिकल कजेलमा भर्ना गरिएको थियो।

आमसभास्थलमा ६, गौर नगरपालिका क्षेत्रभन्दा बाहिर हजममिनिया गाविसमा ११, मुडवलवा गाविस जाने वाटोमा २, लक्ष्मीपुर बेलविछुवा गाविसमा २ गरी जम्मा २१ वटा लास फेला परेका थिए। उपचारको क्रममा गौर अस्पतालमा ४ र भरतपुर लैजाँदै गर्दा बाटोमा २ गरी जम्मा २७ जनाको मृत्यु भएको थियो।

मृतकहरू सबैको टाउकोमा गहिरो चोट देखिन्थ्यो। उनीहरूलाई बाँसको भाटा, ढुंगा र इँटा प्रहार

नेकपा (माओवादी) निकट मधेसी राष्ट्रिय मोर्चाले २०६३ चैत ७ गते गौरमा निकालेको जुलुस

मधेसी जनअधिकार फोरमले २०६३ चैत ७ गते गौरमा निकालेको जुलुस

मधेसी जनअधिकार फोरमका कार्यकर्ताले तोडफोड गरेको नेकपा (माओवादी) निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाको मञ्च

मधेसी राष्ट्रिय मुक्ति मोर्चाका कार्यकर्ताहरूले लखेटेपछि भागदै फोरमका कार्यकर्ता र मञ्च तोडफोड गर्दै मधेसी राष्ट्रिय मुक्ति मोर्चाको कार्यकर्ता

मधेसी जनअधिकार फोरमका कार्यकर्ताको आक्रमणमा परी घाइते भएका माओवादी कार्यकर्ताहरू

गौर नगरपालिका र लक्ष्मीपुरमा मारिएका माओवादी कार्यकर्ताहरूको लास

तथा आगोसमेत लगाइएको थियो । मारिनेहरू सबै माओवादी कार्यकर्ता थिए । घाइतेहरूमा केही सर्वसाधारण र फोरमका कार्यकर्तासहित धेरैजसो माओवादी कार्यकर्ता थिए। जिल्ला सदरमुकाम गौरभन्दा करिब १० किमि उत्तरतर्फ हजमिनिया गाविसअन्तर्गत पताही टोलको पूर्वपट्टी वाग्मती नदीको किनारसम्म भागेका माओवादी कार्यकर्ताहरूमध्ये ३ महिला र ८ पुरुषलाई कब्जामा लिई करिब ३ किमि गौर नगरपालिकातर्फ, गाउँभन्दा पश्चिमपट्टी बौधीदेवीको मन्दिरमा ल्याइ बाँसको भाटा, ढुङ्गा र इँटा प्रहार गरी मन्दिरमा बलि दिएर, आगोसमेत लगाई हत्या गरेका थिए । स्थानीय प्रत्यक्षदर्शीहरूका अनुसार, कब्जामा लिइएका ३ जना महिलालाई नाङ्गै पारेर बलात्कार गरिएको र पुनः कपडा लगाई मन्दिरमा ल्याई हत्या

गरिएको भनिए पनि पोष्टमार्टम रिर्पोट र लाश जाँच मुचुल्काअनुसार बलात्कार भएको देखिएन।

गौर नगरपालिका वडा नं. ९ बरेवा चोकमा ११–१२ जनालाई मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूले कुटपिट गरी एकै ठाउँमा जम्मा पारेर मट्टीतेल खन्याई सलाई खोज्दै गरेको अवस्थामा प्रहरीले हवाई फायर गर्दै उद्धार गरेको थियो। घटनामा संलग्न कोही पनि कारबाहीका दायरामा आएनन्।

फरहदवा घटना : क्रूरताको यो हद

सरुअठा गाविस–२ का पिन्टु सिंह भनिने २२ वर्षीय त्रिलोकप्रताप सिंह, सोही गाविस–९ का २३ वर्षीय ओसीअख्तर मिया कवारी र नाम ठेगाना खुल्न नसकेका एक जना भारतीय नागरिकसहित ३ जनाको २०६४ चैत २७ गते राति बम बनाउने क्रममा विस्फोट भई मृत्यु भयो । नेपाली काँग्रेसका रौतहट जिल्ला सभापति तथा सोही पार्टीका क्षेत्र नं. २ का संविधान सभा सदस्य उम्मेदवार (हाल सभासद् महमद अफताव आलमले निर्वाचनको दिन बुथ क्याप्चर गर्न आफ्नै राजपुर फरहदवा गाविस–४ स्थित घरमा बम बनाउन लगाउँदा सो घटना भएको पीडितले पक्षले बतायो।

सो घटनामा धेरै व्यक्ति मारिएका र घाइते भएकालाई नजिकै रहेको इँटाभट्टामा लगी मृतक तथा घाइतेलाई जलाइएको स्थानीय प्रत्यक्षदर्शी तथा विभिन्न राजनीतिक दलका उम्मेदवारले जानकारी गराए पनि प्रहरीले त्यहाँ घटना नै नभएको भनी अनुसन्धान गरेन। पीडित परिवारका तर्फबाट त्रिलोकप्रताप सिंहका बाबु श्रीनारायण सिंह र ओसी अख्तरकी आमा रुखसाना खातुनले महमदअफताव आलमसहित चार जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय, रौतहटमा जाहेरी दिए पनि दर्ता गरिएन। घटनाको इन्सेकलगायत संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार उच्च आयुक्तको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोगले स्थलगत अध्ययन गरेका थिए। पीडित परिवारका तर्फबाट दिइएको जाहेरी प्रहरीले दर्ता गरेन। इन्सेकलगायतका मानव अधिकार संस्थाको पहलमा २०६५ वैशाख १८ गते जाहेरी दर्ता गरे पनि घटनामा प्रमाण नपुगेको भन्दै जिल्ला सरकारी वकिल कार्यालय रौतहटले मुद्दा चलाउन नमिल्ने निर्णय गरेको थियो।

उक्त घटनाको नेपाली काँग्रेसबाहेकका सबै राजनीतिक दलले निष्पक्ष छानबिनका लागि आह्वान गरेका थिए । घटना लुकाउन आलमले घाइते भएकाहरूलाई भारतको अज्ञात स्थानमा लगी उपचार गराएका र मृत्यु भएका व्यक्तिका परिवारलाई घटना

घटनास्थल : राजापुर फरदहवा गाविस–४ स्थित स्व. शेख इद्रीसको खल्यानको घर

विवरण नसुनाउन धम्की दिएको पीडितको भनाइ छ। इन्सेकलगायत मानव अधिकार संस्थाको रोहवरमा घटनामा मृत्यु भएकामध्ये वसिअख्तर मियाकी आमा रुक्साना खातुन र पिन्टु सिंह भन्ने त्रिलोकप्रताप सिंहका पिता श्रीनारायण सिंहले जिल्ला प्रहरी कार्यालय रौतहटमा महमदअफताव आलमसहित ४ जनाविरुद्ध किटानी जाहेरी दिएका थिए। हुलाकमार्फत दिइएको जाहेरी प्रहरीले ९ दिनपछि अर्थात २०६५ वैशाख १८ गते पीडित पक्षबाट सनाखत गराइ दर्ता गरेको थियो।

महान्यायाधिवक्ताको कार्यालयमार्फत जिल्ला सरकारी कार्यालय, रौतहटले २०६५ असार ३० गते अनुसन्धान प्रतिवेदन हेरेर मुद्दा नचलाउने निर्णय गरेको थियो । सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश सुशीला कार्की र भरत कार्कीको इजलासले २०६९ जेठ १६ गते सुरुबाट अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय, रौतहटलाई आदेश दिएको थियो। सर्वोच्चको आदेशपछि पनि राज्यको तदारुकता र पहलकदमीमा सुधार देखिएको थिएन। अहिले आएर यो घटनाको छानबिन प्रक्रिया अघि बढेको छ। आलम पुर्पक्षका लागि थुनामा छन्।

मुक्तिनाथ अधिकारी : अमानवीयताको पराकाष्ठा

लमजुङको चन्द्रेश्वर गाविस- ६ निवासी पाणिनी संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक ४६ वर्षीय मुक्तिनाथ अधिकारीलाई सुराकी गरेको आरोपमा नेकपा माओवादी कार्यकर्ताले २०५८ माघ ३ गते विद्यालयबाट अपहरण गरी हत्या गरे। एमनेस्टी इन्टरनेसनल ७९ औं शाखाका संयोजकसमेत रहेका अधिकारी आफ्नो विद्यालयको कक्षा १० मा पढाउँदै गर्दा दिउँसो करिब १२ बजेतिर विद्यार्थीहरूको बीचबाट अपहरण गरी आधा घण्टाको दूरीमा रहेको च्यनपाटा भन्ने ठाउँमा लगेर उत्तिसको रुखमा बाँधेर टाउको र छातीमा गोली हानी माओवादी कार्यकर्ताले हत्या गरेका थिए।



मुक्तिनाथ मिजासिला कुशल शिक्षक थिए। उनलाई माओवादीले सुराकी गरेको आरोप लगाए। चन्दा नदिएको आरोप लगाए। २०५५ कात्तिक ९ गते माओवादी नेता एकबहादुर बिकलाई चन्द्रेश्वर गाविसको च्यानपाटाबाट खटिइ गएको प्रहरीले चन्द्रेश्वर गाविस-८ देउतापानीमा गिरफ्तार गरी सोही ठाउँमा नै गोली हानी हत्या गरेको थियो। उक्त ठाउँमा माओवादी नेता लुकेर बसेको सुराकी प्रहरीलाई शिक्षक मुक्तिनाथ अधिकारीले गरे भन्ने माओवादीको आरोप थियो।

पाणिनी विद्यालयका प्रधानाध्यापक नवकुमार अधिकारी माओवादीले मार्ने धम्की दिएपछि उनी चितवन बिस्तापित भए। उनी बिस्थापित भएपछि लामो समयसम्म विद्यालय प्रधानाध्यापकविहीन भयो । मुक्तिनाथलाई २०५८ माघ २ गते जिल्ला शिक्षा कार्यालयले प्रधानाध्यापक नियुक्त गरेको थियो। नियुक्ति लिएर माघ २ गते साँझ नै उनी दुराडाँडा फर्किए। माघ ३ गते थप जिम्मेवारीका साथ विद्यालय प्रवेश गरे। सँगैका सहकर्मी शिक्षक र विद्यार्थीले उनलाई बधाई ज्ञापन गरे।

विज्ञान र हिसाव विषयका शिक्षक उनी ९ कक्षामा पढाएर दोस्रो विषय पढाउन १० कक्षामा प्रवेश गरेको ३० मिनेटपछि अखिल क्रान्तिकारीका लमजुङ अध्यक्ष ध्रुव अधिकारीको नेतृत्वमा तीन जनाको समूह कक्षामा छिऱ्यो। अनि हामी माओवादी हौं, हेडसर को हो, कहाँ हुनुहुन्छ ? हेडसरसँग एकछिन काम छ भन्दै जबर्जस्ती लिएर हिँडे । शिक्षकलाई लगेपछि सबै विद्यार्थी रुन/कराउन थाले। मुक्तिनाथले कक्षा सकेपछि कुरा गरौंला भन्दा पनि मानेनन्। मुक्तिनाथलाई बाहिर निकालेपछि डोरीले हात बाँधे । अरु शिक्षकलाई

नचल्बलाउन निर्देशन दिए। उनीहरूले ५ मिनेट जति भाषण पनि गरे सामन्त, सुराकी, दलाली भनेर गाली गर्दै।

त्यसपछि माओवादीले उनलाई चन्द्रेश्वर गाविसको च्यानपाटातिर लगे । च्यानपाटा बजार पुगेपछि माओवादी जिन्दावाद, सामन्त सुराकी मुर्दावादको नारा लगाए। त्यो आवाज सुनेपछि सबै घर बन्द भए। मान्छे आफ्नै घरभित्र लुक्न थाले। एकछिनपछि गोली चलेको आवाज आयो । गोली चलेपछि हामीले 'यस लाशमा बम राखेका छौं कसैले नछुनुहोला, जसले छुन्छ उही मर्छ' भन्दै उनीहरू त्यहाँबाट लागे।

हत्यामा संलग्नविरुद्ध मुक्तिनाथकी श्रीमती इन्दिराले २०६७ चैत २४ गते जिल्ला प्रहरी कार्यालय बेसीशहरमा किटानी जाहेरीसहित मुद्दा दायर गरेकी छन्। घटनालगत्तै माओवादी त्रासका कारण जाहेरीसमेत दिन नसकेकाले निकै पछिमात्र दिन सकेको उनको भनाइ छ। इन्दिराले आफ्ना पतिको हत्यामा तत्कालीन माओवादीका कार्यकर्ताहरू जिता गाविस–५ का प्रताप भनिने देवेन्द्र पौडेल, इशानेश्वर गाविस–४ का प्रभु भनिने साधुराम घिमिरे र कास्की मिजुरे गाविस–५ का ध्रुव अधिकारी संलग्न भएको भन्दै किटानीसहित मुद्दा दायर गरेकी हुन्।

यसरी दिइएको किटानी जाहेरीलाई २०५८ माघ ४ गते दिइएको दर्ता नम्बर २२ २०५८/०५९ को जाहेरीमा समावेश गरी अनुसन्धान र कारबाही अगाडि बढाउने जिल्ला प्रहरी कार्यालयका लमजुङका तत्कालीन प्रहरी नायव उपरीक्षक सन्दीप भण्डारीले जानकारी दिएका थिए।

कञ्चनपुरको सामूहिक हत्या : आफन्तले लास पनि पाएनन्

दैजी गाविस–८ का ३५ वर्षीय रङ्गनाथ भण्डारी, १७ वर्षीय दीर्घराज भण्डारी, २४ वर्षीय सिद्धराज पाण्डेय, ४२ वर्षीय टेकबहादुर रावल र १८ वर्षीय हर्के सार्कीलाई २०५८ पुस १७ गते माओवादीको आरोपमा संयुक्त सुरक्षा फौजको टोलीले यातना दिई गोली प्रहार गरी हत्या गऱ्यो। सँगै गिरफ्ता भएका १६ वर्षीय तुले सार्की भने भागेर ज्यान जोगाएका थिए।

इन्सेकको अभिलेखअनुसार २०५८ पुस १७ गते राति २ बजेतिर रङ्गनाथको घरमा आएको संयुक्त सुरक्षा फौजको टोलीले घरमा सुतिरहेका भण्डारीलाई 'काम छ ढोका खोल्नुहोस्' भनेपछि ढोका खोल्दा घरको आँगनमा छिमेकीहरू १७ वर्षीय दीर्घराज भण्डारी, २४ वर्षीय सिद्धराज पाण्डेय, ३५ वर्षीय टेकबहादुर रावल, ३७ वर्षीय हर्के सार्की र १६ वर्षीय तुले सार्कीलाई सुरक्षाकर्मीले घेरा हालेर राखेका थिए। रङ्गनाथलाई पाण्डेयको घरमा काम छ भने जस्तै पाण्डेयको घरमा जम्मा गरेर उनीहरूलाई रङ्गनाथ भण्डारीको घर देखाउन भण्डारीको घर लगेका थिए।

मदिरा सेवन गरेका सुरक्षाकर्मीले नियन्त्रणमा रहेका सबैलाई 'तिमी माओवादीहरूले बडनखेरा पोस्ट जलाएको हो' भन्दै बन्दूकको कुन्दा र बुटले कुटपिट गरेको पीडित रङ्गनाथकी पत्नी हिरा भण्डारीले बताएकी थिइन्। कुटपिट गर्दै तिमीहरूसँग काम छ भन्दै सबैलाई घेरेर करिब २ सय मिटरको दूरीमा रहेको पथरिया नदीमा पुऱ्याएका थिए। उनीहरूलाई कुटपिट गरी भाग् भन्दै पछाडिबाट गोली प्रहार गरी हत्या गरेको घटनामा बाँच्न सफल तुला सार्कीले आफूलाई जानकारी गराएको रङ्गनाथकी पत्नी हीराले बताइन्।

रङ्गनाथ भण्डारी, दीर्घराज भण्डारी र सिद्धराज पाण्डेय

घटना भएको रातभरि नसुती बसेको र बिहान खोज्न जाँदा घटनास्थल वरपर सुरक्षाकर्मीको बाक्लो उपस्थिति थियो। नदी किनारका विभिन्न ठाउँमा रगतको आहाल जमेको थियो । त्यस दिन नदीको बाटो भएर कसैलाई पनि हिँडडुल गर्न दिइएको थिएन। त्यो बाटेबाट विद्यालय जाने विद्यार्थीहरूलाई समेत जान दिइएको थिएन । पीडितहरूको लास राति महाकाली अञ्चल अस्पताल पुऱ्याइएको थियो। पीडितहरूले आफन्तहरूको लाससमेत पाएनन् । लास माग गर्दा पनि नदिएकाले आफ्नो रीति/परम्पराअनुसार दाहसंस्कारसमेत गर्न नपाएको पीडितहरूले बताए।

पीडितका आफन्तले हत्यामा संलग्न रहेको भन्दै तत्कालीन सूर्य दल गुल्म भगतपुर, सूर्य दल गुल्म भगतपुरका प्रमुख, इलाका प्रहरी कार्यालय झलारी र प्रमुखको नाममा २०६७ साउन १९ गते किटानी जाहेरी दिए पनि कुनै कारबाही आरम्भ भएको छैन । पीडितहरूले हत्या गरिएका आफन्तहरूको लाससमेत पाएनन्। जसले गर्दा आफ्नो धर्म/परम्पराअनुसार सद्गत गर्नसमेत पाएनन्।

सबै पीडित परिवारले सरकारबाट ३ लाख रुपियाँका दरले राहत पाएको बताए। राज्यले दोषीलाई कारबाही गरे आफूहरूले न्याय पाएको महसुस हुने उनीहरूको भनाइ छ। तर, घटनाको छानबिन गर्ने र आरोपितलाई कारबाहीको दायरामा ल्याउने प्रक्रिया भने अहिलेसम्म पनि सुरु हुन सकेको छैन।

अर्जुन लामा : न्यायको खोजीमा बितेका १४ वर्ष

काभ्रे जिल्ला छत्रेबाँझ गाविस–५ दाप्चाका अर्जुनबहादुर लामालाई २०६२ वैशाख १६ गते दिउँसो कृष्ण मावि दाप्चाको प्राङ्गणबाट माओवादी कार्यकर्ताहरूले अपहरण गरेका थिए । कृष्ण मावि, दाप्चाको सञ्चालक समितिको अध्यक्ष पदमा निर्वाचित भएपछि आयोजित स्वागत कार्यक्रममा सरिक भइरहेको बेला माओवादी कार्यकर्ताहरूको अपहरणमा परेका पीडित लामाको २०६२ असार महिनामा माओवादी नियन्त्रणमा नै मृत्यु भएको थियो । स्थानीय प्रत्यक्षदर्शीहरूका अनुसार माओवादीको एक कार्यक्रममा उनलाई पनि उपस्थित गराइएको थियो । त्यसयता कतै नदेखिएका लामालाई अपहरणको नौ महिनापछि २०६२ पुसमा 'सफाया गरिएको' माओवादीले बताएको थियो।

अपहरणपछि हत्या गरेको भन्दै २०६४ असार २१ गते लामाकी पत्नी पूर्णीमायाले जिल्ला प्रहरी कार्यालय, काभ्रेमा दिएको किटानी जाहेरी प्रहरीले लिन अस्वीकार गऱ्यो । सोसम्बन्धमा पीडित र मानव अधिकारकर्मीले सर्वोच्च अदालत गुहारेका थिए। सर्वोच्च अदालतले २०६४ फागुन २७ गते जाहेरी दर्ता गरी अनुसन्धान गर्न आदेश दिएपछि प्रहरीले अग्निप्रसाद सापकोटा र अर्का नेता सूर्यमान दोङसहित

६ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दाको जाहेरी लिँदै पत्राउ पूर्जी जारी गऱ्यो। त्यसयता प्रहरीले आरोपितहरू कोही पनि नभेटिएको भन्दै सबैलाई फरार सूचीमा राखेको छ।

फोटो : रमेशप्रसाद तिमल्सिना



२.१ राज्य र मानव अधिकार

न्यायपालिका

परिच्छेद

२

१. विषय प्रवेश

लोकतान्त्रिक राज्यमा संविधान तथा कानुनहरूद्वारा प्रदत्त न्याय प्रशासन तथा न्यायिक शक्तिको प्रयोग गर्ने महत्त्वपूर्ण निकायका रूपमा अदालत तथा अन्य न्यायाधिकरण रहेका हुन्छन् । न्यायिक निकायहरूको अधिकार तथा कर्तव्यहरूबारे संविधान र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले उल्लेख गरेका हुन्छन्। यस आलेखमा नेपालको न्यायालय तथा न्यायिक निकायहरूले मानव अधिकारको क्षेत्रमा गरेका काम/कारबाही तथा फैसला/आदेशहरूको मात्र विवेचना गरिएको छ।

हाम्रो देशमा पनि संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लेख मौलिक तथा मानव अधिकारहरूको उल्लङ्घन तथा दुरूपयोग भएमा त्यसको रोकथाम तथा संरक्षणका लागि अदालत तथा न्यायिक निकायहरूलाई संवैधानिक[१] रूपमा जिम्मेवारी तोकिएको छ । कानुनी व्यवस्थालाई सर्वोपरि मानी शासन/प्रशासन सञ्चालन भएका लोकतान्त्रिक देशहरूमा कुनै नागरिक तथा व्यक्तिको मौलिक तथा मानव अधिकारहरू राज्यको सङ्गठित संस्था वा कुनै व्यक्ति वा समूहबाट उल्लङ्घन भएमा त्यस्ता अधिकार पुनर्स्थापना गर्ने, उल्लङ्घनकर्तालाई सजाय तथा पीडित पक्षमाथि भएको नोक्सानीको परिपूरणसहितको न्याय प्रदान गर्नेलगायत कार्य अदालत तथा अन्य न्यायिक निकायहरूबाट नै हुने गरेका पाइन्छ। आधिकारिकरूपमा विगत ६ दशकको न्याय प्रशासनको इतिहासमा नेपालको सर्वोच्च अदालतले नागरिकका मौलिक अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण तथा प्रवर्धनका लागि दर्जनौँ निर्णय/फैसला गरी यस सम्बन्धमा नजीर सिद्धान्तहरू प्रतिपादन भएको पाइएको छ।

आजको परिवेशमा राज्य स्थापनाको एक महत्त्वपूर्ण उद्देश्य भनेको नै आम नागरिकका अधिकार, जसलाई वर्तमान समयमा मानव तथा मौलिक अधिकारका रूपमा बुझिन्छ, त्यसको संरक्षण, सम्मान तथा त्यसको यथोचित पालना गराउन नै हो भन्ने अर्थमा लिने गरिएको छ । नागरिकको मौलिक अधिकारहरू तथा स्वतन्त्रताको सम्मान र संरक्षण गर्न वर्तमान संविधान २०७२ मा नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिनेछ[२] र मुद्दा/मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालन गर्नुपर्नेछ[३] भनी अदालत तथा न्यायाधिकरणहरूको प्राधिकारलाई संवैधानिक सुरक्षा गरिएको छ। यद्यपि वर्तमान समयमा मानव अधिकारका विविध विषयमा कार्य गर्ने गरी विशेष निकायका रूपमा स्थापना गरिएका राष्ट्रिय मानव अधिकार संस्थाहरूले पनि मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा नियमनकारी निकायको भूमिका खेलिरहेका पाइन्छ।

नेपालको वर्तमान संविधानद्वारा प्रत्याभूत गरिएका मौलिक अधिकारहरूउपर अनुचित बन्देज लगाइएको अवस्थामा कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालत तथा अन्य न्यायिक निकायमा उजुरी दिन पाउने व्यवस्था गरिएको छ[४] । त्यसैले मानव अधिकार उल्लङ्घन हुन लागेमा वा भएमा ती अधिकारहरूको रोकथाम, संरक्षण तथा पुनर्स्थापना गर्ने कार्यमा अदालतको जिम्मेवारी हुन्छ। त्यसका अलावा सर्वोच्च अदालतबाट न्याय प्रशासन सञ्चालन गर्ने क्रममा कार्यपालिका तथा व्यवस्थापिकाहरूको संविधान तथा कानुनविरुद्धका कार्य नियन्त्रण गरी संविधान तथा कानुनको व्याख्या गरी त्यसको उचित कार्यान्वयनको सुनिश्चितता गर्ने जिम्मेवारीसमेत रहेको पाइन्छ । नागरिकका अधिकारहरूको संरक्षण गर्ने क्रममा भए/गरेका निर्णयहरूको प्रभावकारीरूपमा कार्यान्वयन गरी/गराइ नागरिकको आस्थाको केन्द्रका रूपमा रहिरहन यसको स्वतन्त्रता, सम्मान तथा निर्भीकता एक महत्वपूर्ण सर्तका रूपमा रहेको हुनुपर्छ। अदालतको स्वतन्त्रता, स्वायत्तता तथा निश्पक्षता अदालत तथा न्यायकर्मीको विषयमात्र नभई यो मानव अधिकार उल्लङ्घनको रोकथाम, सम्मान, संरक्षण तथा पालनाका लागि पनि एक अनिवार्य सर्तका रूपमा संविधान तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भएका पाइन्छ।

यस आलेखमा सन् २०१९ (२०७५ पुस १७ देखि २०७६ पुस १५ सम्म) मा सर्वोच्च अदालतलगायत न्यायिक निकायबाट मौलिक तथा मानव अधिकारहरूको संरक्षण, सम्मान तथा परिपालनाका

१. धारा ४६, नेपालको संविधान २०७२
२. धारा १२६ को उपधारा १), नेपालको संविधान २०७२
३. धारा १२६ को उपधारा (२), नेपालको संविधान २०७२
४. धारा १३३ को उपधारा (१ र २), नेपालको संविधान २०७२

लागि भए/गरेका निर्णय, आदेश तथा फैसलाबारे विवेचना गर्ने प्रयास गरिएको छ। यसका अलावा यसै वर्षको अवधिमा सर्वोच्च अदालत तथा उच्च अदालतहरूको स्वतन्त्रता तथा स्वायत्तता बहाल राख्न कार्यकारिणी तथा अन्य सरोकारवाला निकायबाट भए/गरेका विषय तथा टिकाटिप्पणीको पनि विवेचना गरिएको छ। यसका साथै यस वर्ष न्यायपालिकामा भएका न्यायाधीश नियुक्ति, नागरिकको न्यायमा सर्वसुलम पहुँचको अवस्था, न्यायिक निकायको स्वतन्त्रता तथा सम्मान र फैसलाहरूको सङ्ख्या अनि त्यसको कार्यान्वयन अवस्थाबारे मानव अधिकारको कसीमा रही चर्चा गर्ने कोसिस गरिएको छ।

२. सर्वोच्च अदालतबाट भएका फैसलाहरूको विषयगत विवेचना

सर्वोच्च अदालतबाट सन् २०१९ मा भएका निर्णय तथा आदेशलाई मानव अधिकारका दृष्टिकोणबाट निम्नलिखित विषयगतरूपमा विवेचना गरिएको छ :

२.१ स्वच्छ सुनुवाइको अधिकार सम्बन्धमा

नागरिकको कानुनसँग भएका विवादलाई कुनै पनि न्यायाधिकरणमा सुनुवाइ हुँदा स्वच्छ सुनवाइको अधिकार सुनिश्चितताका सम्बन्धमा सर्वोच्च अदालतले एउटा रिट निवेदन[५] मा बृहत्रूपमा व्याख्या गरी यो अधिकारलाई आधारभूत मौलिक अधिकारका रूपमा थप प्रत्याभूत गरेको पाइयो। यस सम्बन्धमा भनिएको छ– स्वच्छ सुनुवाइको हकले अभियोग लागेको ब्यक्तिलाई आफ्नो कुरा भन्ने, त्यसको सूचना प्राप्त गर्ने, आफ्नोविरुद्धको प्रमाण खण्डन गर्ने, आफू निर्दोष रहेको अनुभूति गर्ने व्यवहारको अधिकारसमेतलाई समेट्छ। त्यसैगरी स्वच्छ सुनुवाइको सिद्धान्तले अभियोग प्रमाणित नभएसम्म अभियोग लागेको व्यक्ति निर्दोष रहेको अनुमान गर्नुपर्ने मान्यलाई समेत ग्रहण गर्ने भनी आरोपित व्यक्ति तथा हिरासत वा न्यायिक थुनामा रहेका व्यक्तिहरूको न्याय प्राप्तिमा स्वतन्त्र पहुँचको व्याख्या गरी मौलिक हकका रूपमा रहेको स्वच्छ न्याय प्राप्तिको हकलाई व्यावहारिकरूपमा प्रत्याभूत गरेको देखियो। यस फैसलामा अदालतले स्वतन्त्रताको हकमा सङ्कुचन भई कुनै फौजदारी आरोप लागेको व्यक्तिको अन्य अधिकारलाई समेत स्पष्ट परिभाषित गरेको पाइयो।

यस्तै स्वच्छ सुनुवाइसम्बन्धी हकको उल्लङ्घन भएको भन्ने अर्को एक रिट निवेदन[६] मा सर्वोच्च अदालतले थप स्पष्ट पार्न खोजेको छ। जसमा भनिएको छ– स्वच्छ सुनुवाइसम्बन्धी अवधारणाको विषयवस्तु व्यापक हुने भए पनि यस अवधारणाको सारतत्व भनेको मुद्दाका सबै पक्षलाई मुद्दाको सबै प्रक्रियामा स्वच्छता, शुद्धता र समानता कायम गर्नु हो। कानुनले निर्धारण गरेको प्रक्रियाको पालना एवं न्यायका मान्य सिद्धान्त तथा अदालतका पूर्व नजीरको अनुसरण पनि स्वच्छ सुनुवाइभित्र पर्ने विषय हो जसअनुसार कुनै पनि न्यायिक वा अर्धन्यायिक निकायले आफ्नो काम/कारबाहीमा प्रक्रियागत शुद्धता र एकरूपता अपनाउनुपर्ने भनी कानुनको अगाडि सबै समान हुने र कानुनको समान संरक्षण सबैलाई हुने भन्ने विषयलाई समानताको हक[७] समेतलाई जोडेर व्याख्या गरेको देखियो।

यस्तै प्रकृतिको अर्को एक रिट निवेदन[८] मा पनि सर्वोच्च अदालतबाट स्वच्छ तथा निश्पक्ष सुनुवाइको अधिकारबारे व्यावहारिक तरिकाले व्याख्या गरेको पाइएको छ– स्वच्छ सुनुवाइको सिद्धान्तको सुनिश्चितताका लागि मूलतः तीन पक्षहरूमा ध्यान दिनुपर्छ। कुनै व्यक्तिका विरुद्ध निर्णयमा पुग्नुपूर्व सो व्यक्तिलाई सो कारबाहीको जानकारी दिएपश्चात सो व्यक्तिलाई आफ्नो हकमा भनाइ राख्ने मौका दिनुपर्छ र त्यसपश्चात मात्र निर्णकर्ताले आधार र कारणसहित निर्णयमा पुग्नुपर्ने हुन्छ। यसरी दुवै पक्षलाई सुनुवाइको मौका दिइ निर्णयमा पुग्दा न्याय सम्पादन प्रक्रियामा स्वच्छता र निश्पक्षता ल्याउँछ। यसबाट निर्णयकर्तालाई स्वेच्छाचारीरूपले निर्णय गर्नबाट रोक लगाउने काम गर्छ। सो सिद्धान्तलाई न्यायिक निकाय तथा प्रशासकीय निकाय दुवैले आफ्नो काम/कारबाहीका क्रममा बाध्यात्मकरूपमा परिपालना गर्नुपर्ने हुन्छ। सो सिद्धान्त

५. ने.का.प. २०७५ माघ, नि.नं १०१११, उत्प्रेषण तथा प्रतिषेध, अधिवक्ता अजयशङ्कर झा 'रूपेश' विरुद्ध गृह मन्त्रालय, पेज नं. १८४६
६. ने.का.प, २०७५, नि.नं. १००८४ उत्प्रेषण/परमादेश, गणेश पञ्जियारविरुद्ध न्यायपरिषद्, न्यायपरिषद्को सचिवालय, पेज नं. १६०९
७. धारा १८, नेपालको संविधान २०७२
८. ने.का.प, नि.नं. १००८९, यज्ञप्रसाद पाण्डेयविरुद्ध, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पेज नं. १६७०

पालना नगरी गरिएको निर्णय स्वच्छ र निश्पक्ष नभई स्वेच्छाचारी हुन जान्छ भनी कार्यविधिगत प्रक्रियालाई निश्पक्ष तथा स्वच्छता प्रदान गर्ने विषयमा महत्त्वपूर्ण निर्णय भएको छ।

२.२ वैयक्तिक स्वतन्त्रताको अधिकार सम्बन्धमा

वर्तमान संविधानमा उल्लेख गरिएको वैयक्तिक स्वतन्त्रताको अधिकार[९] को संरक्षण सम्बन्धमा सर्वोच्च अदालतबाट एउटा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन[१०] मा गरिएको व्याख्या तथा प्रतिपादन गरिएका सिद्धान्तलाई महत्वपूर्ण मानिएको छ । उक्त रिट निवेदनमा अदालतले कुनै व्यक्ति गैरकानुनीरूपमा थुनामा रही निजको संविधान प्रदत्त मौलिक हकका रूपमा रहेको वैयक्तिक स्वतन्त्रताको अधिकार उल्लङ्घन भएको अवस्थामा अदालतबाट के/कसरी न्याय निरूपण गर्नुपर्छ भन्ने कुरालाई आधार कारणसहित विस्तृत व्याख्या गरेको छ। जसअनुसार कुनै व्यक्तिलाई कानुन विपरित थुनामा राखिएको भएमा, प्रवृत्त आघार बनाइ वा बदनीयत वा कपटपूर्णतवरले थुनामा राखिएको भएमा, पक्राउ गर्नुपर्ने कारणको सूचना तथा जानकारी नै नदिइ थुनामा राखेको भएमा, प्राकृतिक न्यायको सिद्धान्तको गम्भीर उल्लङ्घनलगायत कानुनले अनिवार्य गरेका प्रक्रियाहरू स्पष्ट उल्लङ्घन गरी थुनामा राखिएको देखिएमा, अख्तियारवालाबाहेक अरुबाट भएको काम/कारबाही तथा आदेशले अनधिकृततवरबाट थुनामा राखिएको भएमा वा स्वच्छ सुनुवाइबेगर वा अभियोग नलगाइ थुनामा राखिएको देखिएमा अर्थात स्पष्टरूपमा अधिकारमा क्षेत्रात्मक त्रुटि देखिएको अवस्था भएमा अथवा यस्तै प्रकारबाट कानुन प्रतिकूल थुनामा राखेको अवस्थामा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुने भन्ने आदेश भएको छ। यस रिट निवेदनमा भएको व्याख्याबाट वर्तमान संविधानबाट प्रत्याभूत गरिएको वैयक्तिक स्वतन्त्रताको अधिकारलाई सीमित बनाउँदा पालना गर्नुपर्ने आधार र कारणहरूको विस्तृत व्याख्या भएको पाइन्छ।

त्यसैगरी वैयक्तिक स्वतन्त्रताको हनन् गरी गैरकानुनीरूपमा थुनामा राखिएको भनिएको अर्को बन्दी प्रत्यक्षीकरणको रिट निवेदन[११] मा अदालतले गरेको थप व्याख्या यसप्रकार छ– भन्सार कार्यालयले अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्ने कानुनी व्यवस्थाको अर्थ मनासिव आधार र कानुनबिना कसैलाई पक्राउ गर्ने र थुनामा राखी अनुसन्धान गर्न पाउने भन्ने कदापि होइन। आरोपित व्यक्तिले कुनै प्रमाण लोप वा नास गर्न सक्ने अवस्थाको विद्यमानता भएको स्थितिमा वा कानुनले थुनामै राख्नुपर्ने व्यवस्था गरेकामा मात्र थुनामा राखी अनुसन्धान तथा काम/कारबाही गर्नुपर्ने हुन्छ अन्यथा थुनामा राख्नु अन्तिम विकल्पको रूपमा मात्र प्रयोग गर्नुपर्ने भनी वैयक्तिक स्वतन्त्रतालाई उच्च महत्त्व दिइ यसको सीमिततालाई पर्याप्त आधार कारणसहित मात्र अन्तिम विकल्पका रूपमा मात्र स्वीकार गर्न सकिने भनी यो स्वतन्त्रताको अधिकारको संरक्षणमा अदालतले महत्वपूर्ण आदेश जारी गरेको देखिन्छ।

यस्तै विषयको अर्को बन्दी प्रत्यक्षीकरणको रिट निवेदन[१२] मा पनि व्यक्तिको स्वतन्त्रताको अधिकारलाई सीमित गर्ने विषयलाई अनुसन्धान गर्ने निकायको अन्तर्निहित अधिकारका रूपमा कदापि व्याख्या वा प्रयोग गर्न पाउने होइन, कुनै व्यक्तिलाई पक्राउ गरी अनुसन्धानको अधिकार प्रयोग गर्न पाउने निकायले पनि उचित र स्वीकृत प्रक्रियाअनुरूप मात्र त्यसको प्रयोग गर्न पाउने हो । तर कुनै व्यक्तिलाई गिरफ्तार गर्ने अधिकारमा स्वविवेकको अधिकार प्रयोग गर्दा पनि त्यसको वस्तुनिष्ठ र मनासिव आधार कारण खुलाउनुपर्छ भनी वैयक्तिक स्वतन्त्रताको सङ्कुचनलाई अन्तिम विकल्पका रूपमा र कानुनी प्रक्रिया अवलम्बन गरी मात्र सीमितता गर्न पाउने भनी आदेश भएबाट यो अधिकार संरक्षणमा अदालत बलियोसँग उभिएको देखिन्छ।

वर्तमान अवस्थामा पनि केही राजनीतिक दल तथा समूहहरू भूमिगत राजनीतिमा सक्रिय रहेको हुँदा उनीहरूका सदस्य तथा समर्थकहरू र सुरक्षा निकायद्वारा संवेदनशीलरूपमा खतरा ठानिएका व्यक्तिहरूलाई जथाभावीरूपमा एकातिर पक्राउ गरिएको अर्कोतिर पक्राउको सूचना, अवस्था तथा अदालतबाट रिहा भइसकेपछि पनि पुनः गिरफ्तार भएका घटनाहरूको

---

९. धारा १७ (१), नेपालको संविधान २०७२

१०. ने.का.प. २०७५, नि.नं. १०१०८, विजयराज तुलाधर वि.का.जि.अ, रिट निवेदन बन्दी प्रत्यक्षीकरण, पेज नं. १८०९

११. ने. का. प. २०७५, नि.नं. १०१०४, बन्दी प्रत्यक्षीकरण, मङ्गलसिंह वि. त्रिभुवन विमानस्थल, भन्सार कार्यालय, काठमाडौँ, पेज नं. १७८३

१२. ने.का.प. २०७६, नि.नं. १०१७०, बन्दी प्रत्यक्षीकरण, नरेन्द्र बिक समेत विरुद्ध गृह मन्त्रालय, पेज नं. ७१

सम्बन्धमा समाचारहरू आइरहेको सन्दर्भमा अदालतको आदेशबाट रिहाइलगत्तै तत्काल पुनः गिरफ्तार गरी थुनामा राखेको भन्ने विषयलाई निरुत्साहित गर्नका लागि सर्वोच्च अदालतबाट अर्को एक बन्दीप्रत्यक्षीकरणको रिट निवेदन[१३] मा वैयक्तिक स्वतन्त्रताका सम्बन्धमा थप व्याख्या गरेको पाइएको छ। यो विषयमा अदालतले कुनै व्यक्ति अदालतबाट रिहा हुनेबित्तिकै पुनः गिरफ्तार गर्न वा विभिन्न बहाना देखाइ पक्राउ गरिरहने सरकारी प्रवृत्तिलाई गलत साबित गरी अदालतको आदेश पालना गर्नमा वञ्चित भई आवश्यक संवेदनशीलता नअपनाएको भनी निर्णयमा उल्लेख गरेको पाइएको छ।

सोही मुद्दामा अदालतले अगाडि थप व्याख्या गरी राज्यले कुनै नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गर्न नहुने र त्यस्तो व्यवहारलाई उचित मान्न नसक्ने भनी हरेक नागरिकप्रति सकारात्मक धारणा बनाउन निर्देशनसमेत गरेको छ। साथै यसरी पटक-पटक अदालतको आदेश उल्लङ्घन भई वैयक्तिक स्वतन्त्रताको उल्लङ्घन भइरहेमा नेपाल सरकारका सम्बद्ध पदाधिकारीले यसप्रकारको प्रकृतिबाट सिर्जना हुने कानुनी दायित्वसमेत बहन गर्नुपर्ने अवस्था रहन्छ र यसले सरोकारवाला सरकारी पदाधिकारीसमेतलाई वाञ्छनीय मात्र कार्य गर्न सचेतनासमेत गरेको छ भनी सरकारी पदाधिकारीको मानव अधिकारको सम्मान तथा संरक्षणमा जवाफदेहिताको समेत उल्लेख गरेबाट यो आदेश महत्वपूर्ण हुन गएको छ।

यस्तै प्रकृतिको अर्को एउटा मुद्दामा पनि सर्वोच्च अदालतले कुनै व्यक्तिलाई अदालतले रिहा गर्ने आदेश भएपछि पनि पटक-पटक गिरफ्तार गरी थुनामा राखिरहेको विषयमा सम्बन्धित पदाधिकारीको अनुचित र जवाफदेहितावीहीन कार्य हो भनी व्याख्या गरेको पाइएको छ।[१४]

२.४ स्वच्छ वातावरणको अधिकार सम्बन्धमा

स्वच्छ वातावरणको अधिकारलाई नागरिकको जीवन निर्वाहको अधिकारसँग सामञ्जस्यता गरिनुपर्ने भन्ने अर्को एउटा रिट निवेदन[१५] मा सर्वोच्च अदालतले बृहत्रूपमा व्याख्या गरी यो अधिकारको संरक्षण तथा संवर्द्धन गरेको पाइन्छ। यस विषयमा अदालतले सम्मानपूर्वक गुणस्तरीय जीवनयापन गरी बाँच्नका लागि आयआर्जन गर्ने माध्यम र स्तरीय वातावरण दुवैको उत्तिकै महत्वपूर्ण स्थान छ। स्वच्छ र स्तरीय वातावरण जीवजन्तु र वनस्पतिलाई नभई नहुने तत्व हो र यसको अर्को कुनै विकल्प छैन र स्तरीय वातावरणको उपलब्धता नभएको अवस्थामा सो क्षेत्र बसोबासमा हुन सक्दैन भनी यसको महत्व उल्लेख गरी वातावरणको अधिकारलाई उपचारयोग्य बनाएको छ। हरेक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारलाई वर्तमान संविधानले मौलिक हक[१६] मा समावेश गरी त्यसलाई अदालतबाट उपचारयोग्य[१७] बनाएको विषयलाई यस रिट निवेदनको व्याख्याबाट अदालतले व्यवहारमा उतारेको पाइन्छ।

वातावरणसम्बन्धी अर्को एक चर्चित मुद्दाका रूपमा रहेको पोखराको फेवातालको अतिक्रमण भई संरक्षण गर्नुपर्ने विषयमा परेको रिट निवेदन[१८] मा सर्वोच्च अदालतले वातावरणको संरक्षण नागरिकको साझा विषय भएकाले यसको संरक्षणमा जो कोही पनि सक्रिय हुनुपर्ने तथा पाउने भनी यस सम्बन्धमा निम्नलिखित आदेश जारी गरेको देखियो- वर्तमान पुस्ताको एउटा प्रमुख जिम्मेवारी अन्तरवंशीय समन्यायको सिद्धान्तनुसार आफूले भोगेको वा प्राप्त गरेको सबै किसिमको प्राकृतिक सांस्कृतिक सम्पदा, वनजङ्गल, हावापानी, वातावरण, एवं जैविक विविधतालाई भावी पुस्ताका लागि सुनिश्चित गर्नु पनि हो। प्राकृतिकरूपमा प्राप्त गरेको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय महत्व भएको फेवाताल भावी पुस्तालाई हस्तान्तरण गर्ने जिम्मेवारी वर्तमान पुस्ताको नै हुने भनी वातावरणको संरक्षण गर्ने दायित्वको सम्बन्ध आमनागरिकको पनि विषय बनाइएको छ। यस्ता विषयमा हरेक व्यक्तिको हकदैया रहने भनी महत्वपूर्ण निर्णय भएको छ। यसका साथै यस विषयमा अदालतबाट सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूतिका लागि वातावरणको

१३. ने.का.प. २०६७, नि.नं. १०२२, बन्दी प्रत्यक्षीकरण, मोदन ब. कार्की विरुद्ध मन्त्रिपरिषद्को कार्यालय, पेज नं. ५६६
१४. ने.का.प. २०७६, नि.नं. ०१७२, बन्दी प्रत्यक्षीकरण, महेन्द्र खड्का वि. नेपाल सरकार, गृह मन्त्रालय पेज नं. ८६९
१५. ने.का.प. २०७६, नि.नं. १००८५, धरमबहादुर लामीछाने विरुद्ध भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, पेज नं. १६१५
१६. धारा ३०, नेपालको संविधान २०७२
१७. धारा ४६, नेपालको संविधान २०७२
१८. ने.का.प.२०६७, नि.नं. १००८६, अधिवक्ता खगेन्द्र सुवेदीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पेज नं. १६२६

अधिकारलाई मानव जीवनको समग्रतामा व्याख्या गरी यसमा सन्तुलन, स्वच्छता र जैविक विविधतायुक्त पर्यावरणीयसमेत पर्छ भनिएको छ।

त्यसैगरी स्वच्छ वातावरणको अधिकार व्यक्तिको जीवनसँग जोडिएको विषय भई यसको संरक्षण र संवर्द्धन गर्नु राज्यको कर्तव्य हुने भनी अर्को त्यस्तै एक चर्चित फेवाताल र यसको वरिपरिको वातावरण संरक्षण गरिपाउँ भन्ने रिट निवेदन[१९]मा पनि अदालतले व्यावहारिकरूपमा महत्वपूर्ण फैसला गरेको पाइयो। जसमा भनिएको छ– संविधानमा प्रत्याभूत गरिएको मौलिक अधिकारहरू संविधानलाई राम्रो देखाउनका लागि नभइ नागरिकको हितलाई संरक्षण गर्ने उद्देश्यले राखिएको हुँदा नागरिकले यसलाई सहजपूर्वक प्रयोग गर्न पाउने वातावरण बनाइदिने दायित्व पनि राज्यको हुने। यसै मुद्दामा अदालतले वातावरणको अधिकारलाई जीवनको अभिन्न र अति आवश्यक वस्तुका रूपमा थप व्याख्या गरी अगाडि भनेको छ– प्रदूषणयुक्त वातावरणमा बस्नुपर्दा व्यक्तिको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने कुरा अवश्यंभावी हुने हुनाले प्रदूषणविहीन वातावरणमा बस्न पाउने कुरा व्यक्तिको बाँच्न पाउने अधिकारसँग अभिन्नरूपमा जोडिएको हुन्छ। यसको प्रत्याभूतिका लागि वातावरण शुद्ध हुनुपर्छ र वातावरणमा शुद्धताका लागि वन जङ्गल, तालतलैया, पोखरी, खोला शुद्ध हावापानी, पर्यावरणीय सन्तुलन जस्ता कुराहरू आवश्यक भएकाले यसको संरक्षण हुनु आवश्यक देखिन्छ। यस सम्बन्धमा अदालतले नागरिकको हितको संरक्षण गर्ने दायित्व राज्यको हुने कुरा निर्विवादरूपमा रहेको भनी उल्लेखसमेत गरेको छ।

यसबाट व्यक्तिको संविधान प्रदत्त वा अन्य कानुनबमोजिमको मानव अधिकारको हनन् भएकामा त्यसको उचित प्रकारबाट प्रत्याभूति गर्ने संरचना तथा व्यवस्था राज्यबाट नै गरिनुपर्ने भन्ने कुरालाई उजागर गरेको पाइन्छ। मानव अधिकारसम्बन्धी दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन तथा Vienna Declaration and Action Plan 1993 ले प्रत्याभूत गरेको मानव अधिकारप्रति राज्यको दायित्वका रूपमा उल्लेख गरिएको मानव अधिकारको सम्मान, संरक्षण तथा परिपूर्तिको समेत यस विषयमा सम्मानित अदालतबाट पुनर्पुष्टि भएको देखिन्छ।

त्यसैगरी वातावरणको विषय जीवनको अधिकारसँग जोडिएको विषय भएकाले त्यसको उचित संरक्षण गरी वातावरणमा ह्रास आउन नदिनु सरकारको कर्तव्यसमेत भएको भनी अदालतबाट निर्णय भएबाट यो विषय हाम्रो सन्दर्भमा न्यायिक निरूपणको समेत क्षेत्राधिकारमा परेको थप पुष्टि भएको देखियो। वर्तमान अवस्थामा विशेष गरी काठमाडौँ उपत्यकामा विभिन्न क्षेत्रबाट उत्पन्न हुने फोहोरमैलालाई जैविक मल बनाउने वा दीर्घकालीनरूपमा वातावरण संरक्षणको उपाय खोज्न सरकारलाई दायित्व बोध गराएको अर्को एउटा रिट निवेदन[२०] मा पनि सर्वोच्च अदालतबाट व्याख्या भएको छ। यसबाट संविधानमा उल्लेख गरिएका प्रावधान[२१] को व्यावहारिकरूपमा थप पुष्टि भएको पाइन्छ।

कारखानाबाट उत्पादित समानहरू पनि वातावरणमैत्री बनाउनुपर्छ भन्ने विषयमा दायर भएको एउटा रिट निवेदन[२२] मा सिमेन्ट कारखानाबाट उत्पादित सिमेन्टको बोरा ओसारपसारमा निस्कने धुलो तथा मसिना कणहरूले मानिसको स्वास्थ्य तथा अन्य वातावरण आदिमा असर पर्ने भएकाले हाललाई धुलो धुवाँ ननिस्कने गरी Lamination गरिएको बोरामा राख्न लगाइ त्यसको असरबाट बचाउन आवश्यकीय उपायहरू कार्यान्वयन गर्नू भनी गरेको फैसलाले यस सम्बन्धमा अर्को उल्लेखनीय कदमको सुरुवात गरेको पाइएको छ। कुनै पनि कारखानाबाट उत्पादित सामग्रीहरूको पनि वातावरणीय तथा मानव स्वास्थ्यको दृष्टिबाट मूल्याङ्कन गरिनुपर्छ र त्यसको व्यवस्थापन गर्न सरकारलाई आदेश दिइ नागरिकहरूको स्वच्छ हावा तथा वातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न खोजिएको पाइयो।

---

१९. ने.का.प. २०७५, नि. नं. १००८७, उत्प्रेषणसहित परमादेश, अधिवक्ता भगवती पहारी विरुद्ध प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पेज नं. १६४६

२०. ने.का.प. २०७५, नि.नं. १०१२५, अधिवक्ता कञ्चनकृष्ण न्यौपाने वि. मन्त्रिपरिषद्को कार्यालय, पेज नं. १९६०

२१. धारा ३०, नेपालको संविधान, २०७२

२२. ने.का.प. २०७५, नि.नं. १०१२५, अधिवक्ता कञ्चनकृष्ण न्यौपाने वि. मन्त्रिपरिषद्को कार्यालय, पेज नं. १९६०

विदेशी नागरिकले मौलिक स्वतन्त्रताको अधिकार उपभोग गर्ने सम्बन्धमा

संविधानद्वारा प्रदत्त मौलिक हकहरूमध्ये केही अधिकार नेपाली नागरिकले मात्र उपभोग गर्न पाउने व्यवस्था गरिएको छ भने केही अधिकार नेपालमा बसोबास गर्ने वा नेपाल शहरभित्र बस्ने सबै व्यक्तिले उपभोग गर्न सक्ने भन्ने व्यवस्था गरेको छ[३३]। यसै सन्दर्भमा संविधानको धारा १७ को उपधारा (२) को खण्ड (क) मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको हक हुनेछ भनी उल्लेख भए पनि यो हक अधिकार विदेशी नागरिकले दावी लिइ त्यसको उपचार खोज्न मिल्ने अवस्था देखिँदैन भनी एकजना क्यानेडेली नागरिकको सम्बन्धमा निर्णय[३४] भएबाट यो उपधारामा उल्लेख भएका स्वतन्त्रताहरू नेपाली नागरिकका लागिमात्र हक भएको भनी व्याख्या भएको छ। तर यस फैसलाले नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा १९[३५] मा भएको प्रावधानलाई सङ्कुचन गरिएको छ। यसका साथै यो फैसलाबाट नेपालको सन्धि ऐन, २०४७ को दफा ९ को उपदफा २ मा भएको व्यवस्थासमेतलाई विवादित बनाएको छ। तर हरेक राज्यले आफ्नो देशभित्र लागु गर्ने गरी नागरिक विशेषका मौलिक अधिकार र आमव्यक्तिका लागि भनेर मौलिक अधिकार भनी फरक रेखाङ्कन गर्न सक्ने प्रावधान राख्ने प्रचलन भएबाट यस्ता व्यवस्थाहरूमा अदालतबाट थप व्याख्या जरुरी देखिएको छ।

विचार तथा अभिव्यक्तिको स्वतन्त्रता सम्बन्धमा

कुनै विषयका विचारक, लेखक वा स्रष्टाले आफ्नो विचार वा अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्न पाउने कुरा मौलिक तथा मानव अधिकारको विषय भएको र त्यसलाई वर्तमान संविधानले संरक्षण तथा प्रत्याभूत गरेको आसयको व्याख्या गरिएको एउटा रिट निवेदन[३६] मा अदालतले उक्त अधिकारलाई निरपेक्ष अधिकार नभइ अन्य प्रावधानहरूसँग सापेक्षतामा समेत हेर्नुपर्ने भन्दै अगाडि भनेको छ– स्वतन्त्रताको अधिकार प्रचलनका सम्बन्धमा संविधानमा उल्लेख गरिएको प्रतिबन्धात्मक प्रावधानहरूको सम्मान तथा पालना गर्नुपर्नेतर्फ पनि ध्यान दिन सम्झाएको छ। यो फैसलाले विचार र अभिव्यक्ति स्वतन्त्रताको प्रयोगमा लेखक, विचारक तथा सर्जक आदि समुदायलाई उक्त कार्यहरूमा स्वतन्त्रता प्रदान गरेको कुराको सविस्तार व्याख्या भएको छ भने संविधानमा भएको प्रेस स्वतन्त्रताको अधिकारलाई पनि थप व्याख्या गरेको छ । प्रेस स्वतन्त्रताका प्रतिबन्धात्मक प्रावधानहरूलाई प्रेसउपरको नियन्त्रणका रूपमा नभएर व्यावसायिक अनुशासन, सार्वजनिक हितप्रतिको जवाफदेहिता वा हकहरूको सामञ्जस्यपूर्ण उपभोगको दृष्टिले हेरिनुपर्ने भनी सकारात्मक तथा उत्साहजनक व्याख्या गरेको पाइन्छ।

पहिचानको अधिकार तथा नागरिकता प्राप्त गर्ने अधिकार

नागरिकता प्राप्तिलाई अदालतले संवैधानिक अधिकारका रूपमा व्याख्या गरी यसलाई हरेक व्यक्तिको राष्ट्रियता तथा निजको राष्ट्रिय पहिचानका रूपमा चिनिन र चिनाउने प्रमाणपत्रका रूपमा उल्लेख गरेको छ। यस सम्बन्धमा दायर भएको एउटा रिट निवेदन[३७] मा अदालतले नागरिकतालाई राज्यले आफ्ना नागरिकलाई पहिचान गर्न, शिक्षा हासिल गर्न र व्यापार/व्यवसाय गर्ने जस्ता कानुन तथा संविधानले प्रत्याभूत गरेको आधारभूत नागरिक अधिकारहरूको उपभोग गर्ने सम्बन्धमा एक महत्त्वपूर्ण आधारका रूपमा परिभाषित गरेको पाइन्छ। त्यसैले नागरिकता प्राप्तिको विषयमा कानुन बनाइ संविधानको उद्देश्यअनुरूप यसलाई प्रदान गर्नुपर्ने उल्लेख गर्न आदेश जारी भएको छ।

---

३३. धारा १६ तथा १८ नेपालको संविधान २०७२, लाई यसको उदाहरणका रूपमा लिन सकिन्छ

३४. ने.का.प.२०७५, नि.नं. १००९१, Robert Ian Ponner विरुद्ध अध्यापन विभाग, नेपाल, पेज नं. १६८१

३५. Article 19 (1) (2). Everyone shall have the right to hold opinions without interference. 2. Everyone shall have the right to freedom of expression; this right shall include freedom to seek, receive and impart information and ideas of all kinds, regardless of frontiers, either orally, in writing or in print, in the form of art, or through any other media of his choice of ICCPR, available on https://www.ohchr.org/Documents/ProfessionalInterest/ccpr.pdf

३६. ने.का.प.२०७५, नि.नं. १०१५९, परमादेश, मीना नेपाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पेज नं. २२८७

३७. ने.का.प. २०७५, नि.नं. १०११३, परमादेश, आरिका के.सी. वि. जिल्ला प्रशासन कार्यालय काठमाडौं पेज नं. १८५९

धार्मिक तथा सांस्कृतिक अधिकार सम्बन्धमा

धार्मिक तथा सांस्कृतिक प्रचलन तथा स्थानहरूको संरक्षण तथा संवर्द्धनका सम्बन्धमा सर्वोच्च अदालतबाट व्यावहारिक तथा महत्वपूर्ण निर्णय भएको एउटा रिट निवेदन[२८] मा अदालतबाट गुठी सम्पदा गुठीजन्य संस्कृति र त्यसमा अडिएका मूल्य/मान्यताहरूमा चोट पुग्नु भनेको राष्ट्रका लागि ठूलो नोक्सानी हो । काठमाडौँको सोह्रखुट्टे भन्ने ठाउँमा अवस्थित पाटीलाई अदालतले संरक्षण संवर्द्धन गरी यथावत राख्न र त्यसको मौलिक तथा ऐतिहासिक महत्त्वलाई जगेर्ना गर्न आवश्यक छ भन्ने विषयमा निर्णय दिइएको अवस्थाबाट हाम्रा सांस्कृतिक निधिहरू जस्तो अवस्थामा छन्, तिनीहरूको त्यस्तै अवस्थामा संरक्षण गरी ऐतिहासिकता तथा मौलिकताको संरक्षण गर्न सरकार तथा सरोकारवालालाई जिम्मा लगाएको छ।

बालबालिकाको अधिकार सम्बन्धमा

बालबालिकाले फौजदारी कानुन उल्लङ्घन गरेका अवस्थामा पनि त्यसलाई अन्य वयस्क व्यक्तिहरूले गरेको अपराधमा जस्तो दायित्व नरहने आसयको भनी व्याख्या गरिएको एउटा रिट निवेदन[२९] मा बालबालिकाले कुनै बिज्याइँ गरी कानुनबाट कुनै सजाय पाएमा र सो सजाय कानुनबमोजिम स्थगित गरिएकामा सोही बालकले एक वर्ष नाघेपछि अन्य कुनै कसुर गरेबापत दोषी ठहरी कैदको सजाय पाएमा पनि पहिलो ठहर भएको कैदको सजाय (स्थगित भई एक वर्षको अवधि नाघेपछि कसुर गरेको अवस्थामा) कार्यान्वयन गर्नुपर्दैन, पटके पनि कायम हुँदैन, यसप्रकारको कैदको लगत सदाका लागि कट्टा गर्नुपर्ने भनी बालबालिकाको अधिकारलाई संरक्षण तथा सम्मान गरेको र बालबालिका र अन्य वयस्क व्यक्तिको कानुन विपरीत कार्यको दायित्व फरकरूपमा व्याख्या भएको छ।

श्रमिकको अधिकार सम्बन्धमा

यातायात क्षेत्रमा कार्यरत श्रमिकहरूले पनि अन्य क्षेत्रमा वा कारखानामा काम गर्ने श्रमिकसरहको सुविधाका रूपमा रहेको निश्चित समय अवधिसम्म मात्र श्रम गर्नुपर्ने भन्ने व्यवस्थाको पालना नभएको भनी दायर भएको एउटा रिट निवेदन[३०] मा अदालतबाट हरेक श्रमिकले श्रम ऐनले तोकेको ८ घण्टाभन्दा बढी समयसम्म कार्य गर्ने विषयमा नियन्त्रण गरेको छ । श्रमिकभित्र यातायात क्षेत्रका श्रमिक तथा मजदूरहरूको पनि कार्य अवधिलाई यस श्रम ऐन २०४८ बमोजिम गर्न निर्देशन गरेको छ। अदालतले सवारी धनी तथा यातायात व्यवसायीहरूका बीचमा भइरहेको अस्वस्थ प्रतिस्पर्धाले एकातर्फ सवारी चालकले कानुनले निर्धारण गरेको समयावधि भन्दा बढी काम गर्नुपरिरहेको देखिन्छ भने अर्कोतर्फ लामो दूरीको सवारी साधनको यात्रा दिनानुदिन बढी जोखिमपूर्ण एवं लापरबाही भइरहेकाले यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले यसतर्फ विशेष ध्यान दिनुपर्ने विषयलाई निर्णयमा उल्लेख गरी यात्रुको सुरक्षा तथा यातायात श्रमिक तथा मजदूरको कार्य अवधिलगायतका विषयहरूलाई श्रमिक ऐन तथा मजदूरको अधिकारका विषयमा समावेश गरिएको पाइन्छ। यातायात मजदूरहरूको हकमा श्रम ऐन र मानव अधिकारका विषयलाई यातायात क्षेत्रमा पालना नभइरहेको अवस्थामा यो फैसलाबाट श्रमिकको अधिकारलाई अदालतले स्पष्टरूपमा न्यायिक विषयका रूपमा समावेश गरेको पाइन्छ।

शिक्षा, खाद्यान्न तथा बासस्थानको अधिकार सम्बन्धमा

हरेक नागरिकको शिक्षा, खाद्यान्न तथा उचित बासस्थानका अधिकारहरू यथासमयमा व्यवस्थापन गर्ने दायित्व राज्यको हुने भनी त्यस्ता अधिकारलाई न्यायिक प्रक्रियाबाट समेत प्राप्त गर्न सकिने अधिकारका रूपमा व्याख्या गरेको एक रिट निवेदन[३१] मा अदालतले व्यावहारिक निर्णय गर्दै अगाडि भनेको छ– वर्षातको समयमा अविरल वर्षातका कारण राप्ती खोलामा आएको बाढीले प्रभावित नदी आसपासका गाउँहरू र ती गाउँमा बसोबास गर्ने आमनागरिक भोक, रोग, अशिक्षा, गरिबी र उचित बासस्थानको सुविधाबाट वञ्चित हुने कुरामा राज्यका जिम्मेवार निकाय बेसरोकार रहने कार्य न्यायपूर्ण हुन सक्दैन । त्यस्ता प्रभावित इलाकाका व्यक्तिहरूको शिक्षा, खाद्यान्न र उचित बासस्थानलाई यथासमयमा

२८. ने.का.प. २०७५ माघ, नि.नं. १०११६, उत्प्रेषण/परमादेश, अधिवक्ता दीपकबिक्रम मिश्र वि. मन्त्रिपरिषद्को कार्यालय
२९. ने.का.प. २०७५ फागुन, नि.नं. १०१२७, जबर्जस्ती करणी, नेपाल सरकार वि. कुमारप्रसाद, पेज नं. १९७७
३०. ने.का.प. २०७५, फागुन, नि.नं. १०१२९, उत्प्रेषण/परमादेश, अधिवक्ता तुलसी सिंखडा वि. मन्त्रिपरिषद्, पेज नं. २००१
३१. ने.का.प. २०७५, नि.नं. १०१३०, परमादेश, अधिवक्ता रामकुमार दीक्षित वि. मन्त्रिपरिषद्, पेज नं. २०१४

व्यवस्थापन गरी व्यक्तिको जीवन जिउन पाउने कुराको प्रत्याभूति गरिनुपर्ने भनी उल्लेख भएबाट जस्तोसुकै अवस्था तथा कारणमा पनि नागरिकका आधारभूत उल्लिखित अधिकारहरूको हनन् भएमा त्यस्ता अधिकारलाई राज्यले जिम्मेवारीका साथ पुनर्स्थापना तथा पुनःप्राप्तिका लागि आवश्यक जिम्मेवारी पूरा गर्नुपर्ने भनी प्रगतिशील व्याख्या भएको पाइन्छ।

सामाजिक न्याय तथा समावेशिताको अधिकार सम्बन्धमा

अपाङ्गता भएका एक विद्यार्थीले त्रिभुवन विश्वविद्यालयद्वारा लिइएको मेडिकल शिक्षा (MBBS) को प्रवेश परीक्षा (Entrance Exam) मा नाम निकालेको तर त्यही विषयमा अन्तिम नामावली प्रकाशित गर्दा अपाङ्गता भएका विद्यार्थीको योग्यता नपुगेकाले उक्त समावेशी कोटाको सिट सङ्ख्यालाई सामान्यतर्फका विद्यार्थीहरूतर्फ समायोजन गरी अन्य विद्यार्थीलाई पास गराइ अपाङ्गता भएको व्यक्तिको समावेशीको कानुनबमोजिम भर्ना हुन नपाइ संविधान र कानुनद्वारा प्रदान गरिएको अपाङ्गता भएका व्यक्तिहरूको समावेशी अधिकार हनन् भयो भन्ने विषयमा परेको रिट निवेदन[३२] मा सर्वोच्च अदालतले संविधान तथा कानुनद्वारा प्रदान गरिएको अपाङ्गता भएका व्यक्तिलाई छुट्याइएको समावेशी कोटा प्रणालीलाई सम्मान गरी त्यसको पालना गर्न राज्य बाध्य हुने भनी निर्णय भएको छ।

स्तरीय जीवनको अधिकार सम्बन्धमा

विद्यमान रहेको मदिरा ऐन (हालमा यो ऐनलाई मदिरा ऐन २०१७ ले खारेज गरेको छ) ले नेपाली नागरिक तथा व्यक्तिहरूको स्वास्थ्य, सार्वजनिक हित, उपभोक्ताको अधिकार आदिलाई सम्मान तथा संरक्षण गर्न नसकेकाले त्यसमा समयानुकूल सुधार गर्नका लागि भनी दायर गरिएको रिट निवेदन[३३] मा सर्वोच्च अदालतले विद्यमान मदिरा ऐनले सर्वसाधारणको स्वास्थ्य, सार्वजनिक हित, क्षतिपूर्तिको अधिकार, उपभोक्ताको अधिकारहरूको संरक्षण प्रवर्धन गर्न पर्याप्त नरहेको र गैरकानुनी कार्यलाई नियन्त्रण एवं दण्डनीय बनाउन तथा अवाच्छित वा नैतिकता प्रतिकूल काम कार्यलाई निषेध गर्न, रोक लगाउन तथा नियमन नियन्त्रण गर्न, पर्याप्त नरहेकोलगायत अवस्थाको विद्यमानताले गर्दा विद्यमान मदिरा ऐनसमेतको सक्रिय कार्यान्वयन नभएको भन्ने देखिन आएकाले विद्यमान मदिरा ऐनसमेतमा आवश्यक संशोधन परिमार्जन गरी उपभोक्ताको अधिकार, वातावरणीय अधिकार, जीवनको अधिकारसमेतको संवैधानिक मौलिक अधिकार तथा मानव अधिकारको कार्यान्वयन हुन जरुरी देखिन्छ भनी समग्रतामा व्याख्या गरेको छ । यस फैसलाले नेपालका कुनै अन्य ऐन/कानुनले उपभोक्ताको अधिकार, वातावरणीय अधिकार, जीवनको अधिकारलगायत मौलिक तथा मानव अधिकारहरूको उल्लङ्घन भइरहेको रहेछ भने त्यसमा संशोधन तथा सुधार गर्न निर्देशन गरेको अवस्थाको विद्यमानता देखिएको छ।

शिक्षाको अधिकार सम्बन्धमा

नागरिकता नभए पनि कलेजमा फर्म भरी Entrance Exam Pass भइसकेका एक विद्यार्थीलाई नागरिकता नभए अध्ययनको अनुमति नदिने भन्ने सूचनाविरुद्ध परेको रिट[३४] मा सर्वोच्च अदालतले नागरिकता प्राप्ति र शिक्षाको अधिकारलाई अलग गरी नागरिकता नहुँदैमा शिक्षाको अधिकारबाट वञ्चित गर्न नमिल्ने भन्ने फैसला भएको पाइएकोले अदालतले शिक्षा प्राप्तिलाई व्यक्तिको आधारभूत तथा जन्मसिद्ध अधिकारका रूपमा व्याख्या गरी त्यसमा अन्य नागरिकतालगायत प्राविधिक विषयले रोक्न नहुने भन्ने आसयको निर्णय तथा आदेश गरेबाट शिक्षाको अधिकारलाई जन्मसिद्ध अधिकारका रूपमा स्थापित गरेको छ।

ज्येष्ठ नागरिकको अधिकार सम्बन्धमा

ज्येष्ठ नागरिकका अधिकारहरूलाई वर्तमान संविधानले मौलिक हक[३५] मा तथा तथा ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ मा उल्लेख गरेको भए पनि

३२. ने.का.प. २०७६, वैशाख, नि.नं. १०१७१, उत्प्रेषण/परमादेश, जीतेन्द्र यादव वि. शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालयसमेत, पेज नं. १४२

३३. ने.का.प. १०१८६, परमादेश, अधिवक्ता विष्णुप्रसाद पोखरेल वि. मन्त्रिपरिषद्को कार्यालय, पेज नं. २०४

३४. ने.का.प. २०७६ जेठ नि.नं. १०११५, उत्प्रेषण/परमादेश, ओमप्रकाश साह वि. नेपाल सरकार, त्रिभुवन विश्वविद्यालय, पेज नं. २९३

३५. धारा ४१, नेपालको संविधान २०७२

त्यसको विभिन्न निकाय तथा संस्थाहरूबाट लगातार उल्लङ्घन गरी ज्येष्ठ नागरिकलाई हेला, प्रताडना तथा यातनासमेत दिइएको अवस्था भएकाले ती कार्य अविलम्ब रोकी उनीहरूको मौलिक तथा कानुनी अधिकारहरूको सम्मान तथा पालना गराउनका लागि दायर एक रिट निवेदन[३६] मा सर्वोच्च अदालतले ज्येष्ठ नागरिकले उठाएका विषयलाई उचित ठहराउँदै वृद्धवृद्धा वर्तमान पुस्ताका लागि बोझ नभइ एउटा महत्वपूर्ण सम्पत्ति पनि हुने भएकाले ज्येष्ठ नागरिकको संरक्षण गर्ने दायित्व वर्तमान पुस्ताको हुने भनेर एकातिर सम्पूर्ण व्यक्तिको दायित्व उल्लेख गरेको छ भने अर्कोतिर ज्येष्ठ नागरिक दया र सहानुभूतिको पात्र होइनन्, ज्येष्ठ नागरिकहरू पनि हरेक मौलिक तथा मानव अधिकारहरू उपभोगका अग्रणी पुस्ता भएको कुरा स्मरण गराएको आदेश जारी भएको छ। यस सम्बन्धमा अदालतले अझ थप व्याख्या गरी वृद्धवृद्धाहरू आफ्नो जीवन यापन आफैंले गर्न नसक्ने भएर दया देखाइएको नभइ उनीहरूले विगतमा देश, समाज एवं वर्तमान पुस्ताका लागि गरेको योगदान र वर्तमान पुस्ताको जीवन यापनमा यिनीहरूको महत्वलाई गरिएको सम्मान हो र निजहरू यस्ता सम्मानका हकदार हुने भनी स्पष्टसँग उल्लेख गरी ज्येष्ठ नागरिकहरू सम्मान तथा संरक्षणका समान हकदार रहेको कुरालाई न्यायिक निकायबाट थप पुनर्पुष्टि गरिएको छ।

न्यायाधीश नियुक्ति प्रकरण : स्वतन्त्र न्यायपालिकाको अवधारणाको बाधक

यस वर्ष पनि सर्वोच्च अदालत तथा उच्च अदालतहरूमा केही न्यायाधीशहरूको नियुक्ति भएको पाइएको छ। नेपाल बार एशोसिएसनका सदस्यको हैसियतमा नियुक्त भएका सर्वोच्च अदालतका केही न्यायाधीशहरूको योग्यता, पेसागत लगनशीलता तथा स्वतन्त्र छवि र कार्यक्षमता तथा उनीहरूको खुलेआम राजनीतिक सहभागिता तथा पारिवारिक सम्बन्धको कारणहरूबाट विवादास्पद रहेको यस क्षेत्रका विज्ञहरूले विश्लेषण गरेका पाइयो। न्यायालयमा कस्ता व्यक्ति न्यायाधीशमा नियुक्त हुनुपर्छ र कस्ता व्यक्तिबाट न्याय सम्पादन गर्ने अवसर पाउनुपर्छ भन्ने विषयमा लामो समयदेखि छलफल चलिरहेको पृष्ठभूमिमा भएको न्यायाधीश नियुक्तिको निर्णयले न्यायालयलाई गम्भीर मोडमा पुऱ्याएको भनी सार्वजनिकरूपमा नै आलोचनात्मक बहस बढिरहेको पाइयो। यस वर्ष सर्वोच्च अदालतमा कानुन व्यवसायको पृष्ठभूमिबाट सिफारिस भइ नियुक्त भएका विषयलाई वर्तमान संविधान, स्थापित कानुनी मापदण्ड तथा प्रचलन र संस्कारलाई एकैचोटि रसातलमा पुऱ्याइदिएको भनी लेख तथा समाचार प्रकाशित भए।[३७]

न्यायपरिषद् ऐनको दफा ११ ले राजनीतिमा भाग लिएमा न्यायाधीश बन्न अयोग्य मानेको छ। तर घुमाउरो पारामा राजनीतिप्रति प्रतिबद्ध र पार्टीको कोटरीभित्रका व्यक्तिलाई नियुक्त गरिँदा न्यायाधीश पदको अपमान मात्र भएको छैन, न्यायालयकै इज्जत र सम्मान धराशायी बनाएको छ[३८] भनी सोही पत्रिकामा अगाडि भनिएको छ। स्वतन्त्र तथा सक्षम न्यायपालिकाको अवधारणा विश्वकै न्याय प्रणालीको उद्देश्य हुनुपर्छ भनी सन् १९८५ मा संयुक्त राष्ट्र सङ्घबाट पारित गरिएको न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्तहरूले यस सम्बन्धमा बृहत् व्यवस्था गरेको छ। उक्त धाराको १,२ र ३ ले राज्यका सम्पूर्ण अङ्गले न्यायपालिकाको स्वतन्त्रता, राजनीतिक हस्तक्षेप तथा कार्यगत स्वतन्त्रता सुनिश्चित गरेको छ भने न्यायाधीश नियुक्तिमा राजनीतिकरण गर्न नपाइने सर्त अनिवार्य गरेको छ। यस विषयको पालना गर्नु/गराउनु हरेक राज्यको दायित्व हुन जान्छ[३९] भनी उल्लेख गरिएको व्यवस्था पनि यस सन्दर्भमा मननीय भएको छ।

यसै सन्दर्भमा अधिवक्ता मनोजकुमार शर्माको सर्वोच्च अदालतमा न्यायाधीशका रूपमा

३६. ने.का.प. २०७६, नि.नं. १०२३७, परमादेश नित्यानन्द पाण्डे वि. नेपाल सरकार, पेज नं. ७२५

३७. अनन्तराज लुइँटेल, न्यायिक नियुक्तिमा अन्याय, नागरिक दैनिक पत्रिका, २२ चैत, २०७५, (available on www.nagrinknotwork.com/news/)

३८. अनन्तराज लुइँटेल, न्यायिक नियुक्तिमा अन्याय, नागरिक दैनिक पत्रिका, २२ चैत, २०७५, (available on www.nagrinknotwork.com/news/)

३९. Basic Principles on the Independence of the Judiciary , Adopted by the Seventh United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders held at Milan from 26 August to 6 September 1985 and endorsed by General Assembly resolutions 40/32 of 29 November 1985 and 40/146 of 13 December 1985

नियुक्तिको विषयलाई लिएर वरिष्ठ अधिवक्ता शम्भु थापाले सर्वोच्च अदालतमा निजको नियुक्ति बदर गर्न भनी दायर गरेको रिट निवेदन[४०] को विषय पनि यस क्षेत्रमा चर्चित भएको देखियो। स्वतन्त्र न्यायपालिकाको अवधारणालाई मजबुत बनाउनका लागि न्यायाधीशहरूको नियुक्ति तथा न्यायपालिकाको अनुगमनलगायत कार्यका लागि स्थापना गरिएको न्यायिक परिषद्[४१] का एक जना सदस्य पदम वैदिक आफैँ आफ्नो पदीय दायित्व तथा उक्त निकायको गरिमाको सम्मान नगरी आफैँ न्यायाधीशको नियुक्तिमा लालायित भएको विषय यो वर्ष न्यायिक वृत्तमा मात्रै नभई अन्य क्षेत्रमा समेत चर्चाका रूपमा रहन गयो। निज वैदिकले सर्वोच्च अदालतमा न्यायाधीशका रूपमा नियुक्तिका लागि आफ्नो कार्यकालको पदावधि सकिनु १८ महिनाअगावै उक्त पदबाट राजीनामा दिएको विषयलाई यस क्षेत्रका विज्ञहरूले गम्भीररूपमा आलोचनात्मक प्रतिक्रिया व्यक्त गरेका पाइयो । यति मात्र नभएर नेपाल बार एशोसिएशनले समेत एक वक्तव्य[४२] जारी गरी उक्त कदमको विरोध गरेपश्चात निजको नियुक्ति प्रभावित बन्न पुग्यो । यस विषयलाई नेपालका पत्रपत्रिकाले महत्वका साथ समाचार प्रकाशित[४३] गरेबाट यसका प्रभाव तथा असर सबैतिर परेको आकलन गर्न सकिन्छ।

यसै विषयमा पूर्वन्यायाधीश बलराम केसीले न्यायिक परिषद्मा कार्यरत वैदिकको सर्वोच्च अदालतमा नियुक्त हुनु भनेको अनैतिक र पेसाप्रतिको गैरजिम्मेवारी कदम हुनेछ भनी आफ्नो धारणा राखेकोबाट पनि यो विषय सबैतिरबाट आलोच्य भएको पाइयो[४४] । जनताको आस्थाको धरोहर निकायका रूपमा रहनुपर्ने न्यायिक निकाय त्यसमा पनि सर्वोच्च अदालतमा स्वतन्त्र, निर्भीक तथा क्षमतावान न्यायाधीश प्रवेश भएमा मात्र संभव हुने कुरा विगतमा सर्वोच्च अदालतबाट मानव अधिकार र स्वतन्त्रतासम्बन्धी अधिकारहरूका विषयमा भए/गरेका फैसलाहरूबाट जगजाहेर नै छ। यसबीचमा न्यायपरिषद्का सदस्य पदमप्रसाद वैदिकले सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त हुने अपेक्षा राखेर न्यायपरिषद्को सदस्यको पदबाट राजीनामा दिएपछि उठेको नैतिक तथा कानुनी मान्यतामा नकारात्मक नजीर बन्न सक्ने सम्भावनाको विरोधमा नेपाल बार एशोसिएशनले विरोधस्वरूप लिखितरूपमै आफ्नो धारणा सार्वजनिक गरेपछि चुलिएको विवादमा नेपाल बार एशोसिएशनको कदम विपरित गइएमा न्यायपालिकाको मृत्यु[४५] हुनेछ भनी प्रधान न्यायाधीश चोलेन्द्रशमशेर जबराले भनेको कुरा[४६]लाई अर्थपूर्णरूपमा हेरिएको छ। न्यायपालिकालाई प्रजातान्त्रिक संविधानको मुटु मानिन्छ तसर्थ यसको मृत्यु हुन सक्छ भनेर कल्पना गर्नु आफैँमा भयाबह मानिन्छ । न्यायपालिकाको मृत्यु भएमा संविधानको धड्कन स्वतः बन्द हुनेछ । न्यायपालिका जीवित रहेको प्रमाण भनेकै संविधान सही अर्थमा बाँचेको छ भन्ने मान्यतामा देशमा विधिको शासन, शान्ति सुरक्षा र मानव अधिकार बहाल रहेको हुन्छ[४७]। स्वतन्त्रता न्यायपालिकाको मूल धमनी हो । स्वतन्त्रताको अतिरिक्त निष्पक्षता, सक्षमता र निर्भीकता यसका थप अवयव हुन्। यसैलाई मूल आधार मानेर हेरिएमा वर्तमान न्यायापालिकामा स्वतन्त्रता भन्ने परिचय चिन्न नसक्ने गरी आफैँमा धुमिल भएको छ[४८]।

४०. Tika Prasad Pradhan, Supreme court qauashes writ petition challanging sharma' appointmet of a Judge in Supreme Court of Nepal, The Kathmandu post, 8 may, 2019,

४१. धारा १५३, नेपालको संविधान, २०७२

४२. नेपाल बार एसोसिएसन, प्रेस विज्ञप्ती, २०७६ मङ्सिर १९, available on https://www.nepalbar.org/

४३. Nepal Bar Association, The Himalaya Times, JC member's bid to join SC Jastice, Jurist say Baaidks move will adversely affect the dignity of Judicial Council, Dec 6, 2019

४४. The Himalaya Times, JC member's bid to join SC Jastice, Jurist say Baaidks move will adversely affect the dignity of Judicial Council, Dec 6, 2019

४५. ने.बा.ए.द्वारा आयोजित कार्यकारिणी परिषद् तथा मानव अधिकारसम्बन्धी सम्मेलनमा प्रमुख अतिथिका रूपमा ब्यक्त विचार, २०७६ मङ्सिर, बुटवल

४६. शङ्करकुमार श्रेष्ठ 'न्यायपालिकाको मृत्यु', नागरिक दैनिक पत्रिका, २१ पुस २०७६, available on www.nagariknetwork.com.news

४७. शङ्करकुमार श्रेष्ठ, 'न्यायपालिकाको मृत्यु', नागरिक दैनिक, २१ पुस २०७६, available on www.nagariknetwork.com.news

४८. शङ्करकुमार श्रेष्ठ, 'न्यायपालिकाको मृत्यु', नागरिक दैनिक, २१ पुस २०७६, available on www.nagariknetwork.com.news

न्यापालिकालाई आफू अनुकूल बनाउन वर्तमान राजनीतिक दलहरू तथा कार्यपालिकाले भूमिका खेलेको भनी बुझ्नुपर्ने अवस्था छ[४९] भनी गरिएको टिप्पणी सत्यताको नजिक रहेको दृष्टान्त केही समयदेखि सर्वोच्चमा नियुक्त भएका न्यायाधीशहरूको राजनीतिक Bio-Data बाट प्रष्ट हुन्छ । त्यसैगरी आफूविरुद्ध कुनै पनि समयमा आदेश दिने वा फैसला गर्न सक्ने सम्भावनाको डरले न्यायपालिकालाई सधैँ झिनो आकारमा सीमित राख्न खोज्ने कार्यकारिणी र व्यवस्थापिकालाई न्यायाधीशमाथिको महान्यायाधीशको संवैधानिक भूमिका दिइँदा न्यायपालिकाको स्वतन्त्र परिचय कसैले देख्न, बुझ्न र महसुस गर्नै नसक्ने गरी धुमिल भइसकेको छ[५०] ।

यसरी अदालतको स्वतन्त्रता र निष्पक्षतामा यसका साधकहरूले विभिन्न माध्यमबाट गम्भीररूपमा प्रश्नहरू उठाएको अवस्थाबाट स्वतन्त्र र निर्भीक भएर नेपाली नागरिक तथा व्यक्तिहरूको मौलिक तथा मानव अधिकारहरूलाई रक्षा गर्नुपर्ने निकायको भूमिका संशयपूर्ण भएको देखिन गएको भान भएको छ।

यस विषयको अर्को पाटो के छ भने नेपाललाई समावेशी तथा लोकतान्त्रिक राज्य[५१] का रूपमा चित्रित गरी र सामाजिक न्याय, समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त[५२] र राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक[५३]जस्ता संवैधानिक व्यवस्थाहरूका सन्दर्भमा हेरिएमा यो विषयलाई न्यायाधीशहरूको नियुक्तिमा उल्लङ्घन गरिएको तथ्य नियुक्त भएका न्यायाधीशहरूको नामावलीबाट प्रष्ट देखिन्छ । केही हदसम्म लैङ्गिक विषयलाई समावेश गरिएको भए पनि अन्य समुदायका सम्बन्धमा समावेशी सिद्धान्तको पालना न्यायपरिषद्बाट भएको पाइएन । त्यसैगरी संविधानले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ[५४] भनी उल्लेख भएको भए तापनि यो प्रावधानको पनि न्यायाधीश नियुक्तिमा उल्लङ्घन नै भएको पाइयो[५५] ।

यसैगरी संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा १९४८ मा पारित मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १० मा 'प्रत्येक व्यक्तिलाई निजको अधिकार तथा दायित्वको निर्क्यौल तथा निजविरुद्ध लागेको कुनै फौजदारी अभियोजनमा स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट अन्य व्यक्तिसरह समानरूपमा स्वच्छ तथा सार्वजनिक पुर्पक्षको अधिकार हुनेछ'[५६] भन्ने उल्लेख भएबाट न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षताको विषय हाम्रो देशको संवैधानिक कानुनमा मात्र सीमित नभइ मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि तथा दस्तावेजहरूमा पनि महत्त्वपूर्णरूपमा उल्लेख भएको विषय हो भन्ने बुझिन्छ । न्यायिक निकायको निष्पक्षता सम्बन्धमा मानव अधिकार समितिले गरेको व्याख्या मननयोग्य छ । जसमा भनिएको छ– न्यायाधीशहरू उनीहरूको सामुन्ने ल्याइने विषयबारे पूर्वाग्रहबाट ग्रसित हुनुहुँदैन र एक पक्षको हितलाई दावा दिने गरी उनीहरूको काम गर्नुहुँदैन[५७] । यसरी न्यायपालिकाको स्वतन्त्रताको हैसियत अक्षुण राख्न यसमा नियुक्त गरिने न्यायाधीशहरूबारे व्यापकरूपमा सार्वजनिक छलफल गरी योग्य, सक्षम तथा स्वतन्त्र

४९. अनन्तराज लुइँटेल, न्यायिक नियुक्तिमा अन्याय, २२ चैत, २०७५, नागरिक दैनिक, available on www.nagariknetwork.com.news

५०. डा. शङ्करकुमार श्रेष्ठ, न्यायपालिकाको मृत्यु, नागरिक दैनिक, २१ पुस २०७६, available on www.nagariknetwork.com.news

५१. धारा ४, नेपालको संविधान, २०७२

५२. प्रस्तावनाको चौथो परिच्छेद, नेपालको संविधान २०७२

५३. धारा ३८, महिलाको हक, नेपालको संविधान २०७२

५४. धारा ४०, दलितको हक, नेपालको संविधान २०७२

५५. यो वर्ष सर्बोच्च अदालतमा न्यायपरिषद्बाट नियुक्त सबै न्यायाधीशहरूमा एक जना महिलाबाहेक सबै ब्राह्मण समुदायको मात्र रहेका

५६. धारा १०, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८

५७. Communication No. 387/ 1957, Arvo O. Karhyos Vs. finland cvers adoptoal in 23 rd oct. 1992) in NV Doc. GAOR, A/118/40 (Ool.11_ p=120, pana 72)

व्यक्तिहरूबाट मात्र नियुक्ति भएमा मात्र मानव अधिकार तथा मौलिक अधिकारहरू संरक्षणमा न्यायपालिका सक्षम रहन सक्ने देखिन्छ।

कुनै प्रकारको आग्रहबाट न्यायाधीश नियुक्त हुन गएमा त्यसले न्यायपालिकाको निष्पक्षतालाई पूर्वाग्रह वा कुनै पक्षप्रति सहानुभूति हुन गइ न्यायपालिकाको स्वतन्त्रता धरापमा पर्न जाने सम्भावना रहन जानेछ। स्वतन्त्रता र निष्पक्षता न्यायिक निकायको अपरिहार्य तत्व वा विषय हो। यो एकापसमा अन्योन्याश्रित छ। जहाँ स्वतन्त्रता हुँदैन, त्यहाँ निष्पक्षता र स्वच्छताको कुनै अंश पनि अपेक्षा गर्न सकिँदैन। त्यसैगरी जहाँ निष्पक्षता देखिँदैन, त्यहाँ संस्थागत अखण्डता र विश्वास रहँदैन। यदि यसको सम्मान र सामञ्जस्यता नभएमा नागरिकहरू अदालतप्रति आक्रामक तथा अराजक भइ न्याय प्रक्रिया आफ्नो हातमा लिने प्रचलन सुरुवात गर्न पुग्छन्[५८]।

न्यायिक स्वतन्त्रतालाई मानव अधिकारको विषयसँग स्पष्टरूपमा हेरिन्छ र यसलाई कानुनबमोजिमको शासन र प्रभावकारीरूपमा मौलिक अधिकार तथा स्वतन्त्रता संरक्षणका लागि अत्यावश्यकीय विषय मानिन्छ[५९] भनी तत्कालीन सं. रा. सङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयका प्रमख Jyoti Sangera ले समेत एक कार्यक्रममा व्यक्त गरेको विचार पनि यस सन्दर्भमा मननीय हुन आउँछ।

त्यसैले के भनिन्छ भने मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्न देशमा विद्यमान कानुनी व्यवस्थाहरू कार्यान्वयनको विषय त्यस देशको न्याय प्रशासनको सक्षमतामा भर पर्छ।

न्यायिक स्वतन्त्रता भन्ने विषय नागरिकको अधिकार संरक्षणका लागि हो र हुनुपर्छ। न्यायिक निकायप्रति नागरिकको विश्वास न्यायिक अङ्गको अमूल्य विधि हो। त्यसैले न्यायिक सदाचार तथा न्याय मूर्तिको आचरण आचारसंहिताहरूमा तोकिएबमोजिम हुनुपर्छ[६०] भनी न्यायपालिकाको एक कार्यक्रममा व्यक्त गरिएको धारणासमेत यस सन्दर्भमा सोचनीय भएको छ।

न्यायसम्बन्धी हक सुनिश्चित गर्न न्यायपालिकाका सुधार योजना

न्यायाधीश नियुक्तिहरूमा सीमित तहमा लैङ्गिक विषयबाहेक समावेशी सिद्धान्त पालना नभएको भए पनि न्याय प्राप्तिमा आमनागरिक, त्यसमा पनि विभिन्न अवसर तथा अधिकारहरूबाट वञ्चित समुदायहरूको सरल तथा सहज पहुँच सुनिश्चित गर्न न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०७५/०७६[६१] जारी गरी लागु गर्ने प्रयास यो वर्ष भएको देखियो।

लोकतान्त्रिक शासन व्यवस्थाको प्रभावकारिताका लागि न्याय प्रणालीको सवलीकरण तथा प्रभावकारिता त्यत्तिकै महत्वपूर्ण हुन्छ भन्ने कुरा मनन गरी अदालत तथा न्यायिक निकायहरूबाट प्रदान गरिने सेवाहरू उपयोग गर्ने क्षमता सबै व्यक्तिमा समान नरहेको र केही वर्गका व्यक्ति न्यायको पहुँचबाट टाढा रही न्यायिक सेवा सहज तथा सुलभ तरिकाले उपयोग गर्न सक्षम नभएको अवस्था विद्यमानताले त्यस्ता वर्गको उल्लिखित सेवामा सहज पहुँच उपलब्ध गराउनु राज्यको दायित्व हो भनी यसको कार्ययोजनामा उद्देश्य प्रष्ट्याइएको छ।

सर्वोच्च अदालतले न्यायपालिकाको कामलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले रणनीतिक योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेकामा मिति २०६१ सालदेखि पञ्चवर्षीय रणनीतिक योजना लागु गरी २०७१/०७२–२०७५/०७६ मा तेस्रो पञ्चवर्षीय योजना लागु भइरहेको अवस्थामा लिइएका चार वटा मुख्य लक्ष्यमध्ये न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने भन्ने लक्ष्यलाई यो वर्ष व्यवहारमा कार्यान्वयन गरिरहेको प्रतिवेदनमा उल्लेख गरेको पाइयो। उक्त लक्ष्यलाई व्यवहारमा सफलीभूतरूपमा सम्पन्न गराउन विभिन्न योजना तथा रणनीति यो वर्ष लागु भएको देखियो।

---

५८. नरिश्वर भण्डारी, अधिवक्ता र कानुन व्यवसायीहरूको स्वतन्त्रता र निष्पक्षता, परिच्छेद १३, न्याय प्रशासनमा मानव अधिकार स्रोत सामग्री, भाग दुई, सम्पादन/पुनरावलोकन राधवलाल वैद्यलगायत, प्रकाशन– राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपाल, २०७१, असार, पेज नं. ४३९

५९. Ms. Jyoti sangera, Head of OhCHR-Nepal, speach delivorby an intreration on Independence of judiciory for human Rithts, Condvetrd by Nepal Bar Association 26 may 201, Kathamndu, Nepal.

६०. President Bidya Bhandari spedking out the inquguration of the judgis Conferonces held in Kathmandu, on 3 April 2019, available on www.the himalayantimes.com

६१. सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, २०७५/०७६ सालमा जारी गरिएको

जसमा उदाहरणका रूपमा, आर्थिकरूपले विपन्न नागरिकका निम्ति न्यायिक सेवामा लाग्ने गरेका दस्तुरहरू पुनरावलोकन गरी सुलभ व्यवस्था गर्ने, न्यायिक कार्यविधिलाई सरल बनाउने, अदालतबाट प्रदान गरिने कानुनी सहायता प्रणालीलाई प्रभावकारी बनाउने[६२] आदि मुख्य रहेका अदालतबाट प्रकाशित प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी दलित वर्गलगायत अदालतको पहुँचबाट बाहिर रहेका व्यक्ति तथा वर्गलाई न्यायमा सहज पहुँचको सुनिश्चितता प्रत्याभूत गर्ने उद्देश्यका साथ न्यायपालिकाकै प्रयासमा स्पष्ट कार्यादेशसहित प्रधान न्यायाधीशको अध्यक्षतामा वि.सं. २०७२-४-१० मा सर्वोच्च अदालतमा रहने गरी न्यायमा पहुँच आयोग भई कार्य सम्पादन हुँदै आइरहेकामा त्यसको कार्यादेशलाई यस वर्ष झन् प्रष्टरूपमा व्याख्या गरी न्याय प्रशासनमा न्याय प्राप्त गर्ने अधिकारलाई निम्नलिखितरूपमा तोकेको पाइयो[६३]। (क) महिला, विपन्न, असहाय र अक्षम वर्गका व्यक्तिलाई समाजको समान सदस्यका रूपमा तिनीहरूलाई प्राप्त हक/अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने, (ख) लक्षित वर्गको न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली विकास गर्ने, (ग) कानुनी हक/अधिकार उपयोग गर्ने र न्यायिक उपचार संयन्त्रहरू प्रयोग गर्ने क्षमता अभिवृद्धिका लागि रणनीतिक योजना तय गरी कार्यान्वयन गर्ने, (घ) महिला, विपन्न, असहाय र अक्षम वर्गका व्यक्तिको कानुनी आवश्यकताहरू पहिचान गरी न्यायमा पहुँच अभिवृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तन सम्बन्धमा सुझाव दिनेलगायत कार्य गरी संविधानद्वारा प्रत्याभूत सामाजिक न्यायसम्बन्धी हक, दलितको हक र महिलाको हकलाई न्यायिक प्रक्रियामा पहुँच सुनिश्चित गर्ने सम्बन्धमा यो वर्ष खास पहलहरू सुरु भएको प्रकाशित प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरी न्याय प्राप्तिको अधिकारलाई सुनिश्चितता प्रदान गरी सबै वर्ग, जाति तथा समुदायको सरल तथा सहज पहुँचका लागि भोजपुरी भाषामा अदालतका सूचना तथा न्यायिक सङ्गठनहरूबारे जानकारीमूलक पुस्तिकाहरू तयार गरी यो आयोगबाट यस वर्षसमेत वितरण गरेको देखियो[६४]। यसै वर्ष यस आयोगबाट विभिन्न वर्ग तथा समुदायको मानव अधिकार प्रवर्द्धन गर्ने प्रयोजनका लागि बालबालिका, असमर्थ पक्ष तथा आर्थिकरूपले विपन्न नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी, ज्येष्ठ नागरिकहरू तथा जातीय भेदभाव तथा छुवाछूतविरुद्धको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिकालगायत देवानी तथा फौजदारी मुद्दामा महिलाको अधिकार एवं उपचारसम्बन्धी जानकारी पुस्तिका[६५] आदि प्रकाशन तथा वितरण गरी उल्लिखित समुदाय तथा वर्गको न्यायमा पहुँच विषयलाई व्यावहारिकरूपमा सहयोग गर्न खोजेको देखियो।

न्यायिक निकायमा सेवा लिन आएका सेवाग्राहीको अवस्था तथा अधिकार सुनिश्चितताका गर्नका लागि पीडितमैत्री तथा स्तनपान कक्ष[६६] को व्यवस्थासमेत यसै वर्षबाट सुरु भएकाले यो वर्ष सर्वोच्च अदालतबाट मौलिक अधिकार[६७] का रूपमा रहेको न्यायमा पहुँच तथा लैङ्गिकमैत्री व्यवस्था[६८] सूत्रपातका रूपमा रहेको पाइयो। यद्यपि न्यायमा पहुँच आयोगले यस वर्ष सम्पन्न गर्ने भनी तय गरेका योजना तथा क्रियाकलापमध्ये कतिपय सम्पन्न गर्न नसकेका अवस्था पनि देखिएको छ जसमध्ये मुख्यरूपमा न्यायमा पहुँच आयोगसम्बन्धी कानुनी संरचना विकास, लक्षित वर्गका अधिकारसम्बन्धी सचेतना कार्यक्रमहरू, निःशुल्क कानुनी सहायताको प्रचारप्रसार, अपराधपीडितलाई मनोसमाजिक सेवा उपलब्ध गराउने, Pro-bono सेवालाई संस्थागत गर्ने, न्यायमा पहुँचसँग सम्बन्धित निकायहरूसँग समन्वय गर्नेलगायत कार्यक्रम सञ्चालन हुन नसकेको देखियो[६९]।

६२. न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना-२०७५, प्रकाशक सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, पेज नं. २
६३. न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना-२०७५, प्रकाशक सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग
६४. न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०७५, प्रकाशक सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, पेज नं. ६
६५. ऐ. ऐ.
६६. धारा ३८ को उपधारा २, नेपालको संविधान २०७२
६७. धारा २० को उपधारा ९, नेपालको संविधान २०७२
६८. न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०७५, प्रकाशक सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, पेज नं. १०
६९. न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०७५, प्रकाशक सर्वोच्च अदालत, न्यायमा पहुँच आयोग, पेज नं. १३

अदालतमा मुद्दाको लगत र फछ्यौंटको अवस्थाले न्यायसम्बबन्धी अधिकारमा पारेको असर

विगत वर्षहरूमा जस्तै सर्वोच्च अदालतमा लगतका रूपमा रहेका मुद्दा तथा निवेदनहरूको फछ्यौंट हेर्ने हो भने यो वर्ष पनि विगत वर्षहरूमा जस्तै उत्साहजनक अवस्था देखिएन। सर्वोच्च अदालत तथा मातहतका अदालतमा लगतका रूपमा रहेका मुद्दा ५ वर्षसम्म पनि फछ्यौंट नभई रहनुपर्ने अवस्थाको विद्यमानता देखेर होला, सायद राष्ट्रपति विद्यादेवी भण्डारीले यस वर्षको April मा भएको न्यायाधीशहरूको राष्ट्रिय सम्मेलनको उद्घाटन मन्तव्यमा ढिलो न्याय भनेको न्यायको अस्वीकार[७०] (Deley Justice - Dinied Justice) हुन जान्छ भनेर न्यायपालिकाप्रति बढेको अश्विासप्रति लक्षित गरी सचेत गराइएको रूपमा मनन गर्नुपर्ने अवस्था सिर्जना गरेको पाइयो।

यस आलेखमा आ.व. २०७५/०७६ को सम्पूर्ण विवरण (२०७६ साउनदेखि पुससम्मको विवरण तयार नभएकाले उपलब्ध गर्न नसकिएको) समावेश गर्न सकिएको छैन। आ.व. २०७५/०७६ मा नेपालका सबै अदालतमा परेका मुद्दा, रिट, निवेदन आदिको विवरण हेर्दा नयाँ दर्ता भएका २,६२,०२९ मा अघिल्लो वर्षको फछ्यौंट हुन बाँकी ९३,४७० मुद्दा तथा निवेदन आदि थपिँदा जम्मा ३,५५,४९९ मुद्दा तथा निवेदन फछ्यौंट गर्नुपर्ने अवस्था देखिएको थियो तर यसमा २,५१,१८३ मुद्दा तथा निवेदन मात्र फछ्यौंट भई उक्त सङ्ख्या ७०.६६ प्रतिशत भएको अवस्था देखियो। यसमा फछ्यौंट हुन बाँकी मुद्दा तथा निवेदनको सङ्ख्या १,०४,३१६ भएकामा यसलाई समय अवधिका आधारमा विभाजन गर्दा एक वर्षभित्रको नयाँ मुद्दा तथा निवेदन ७४,२८३ भएको, एक वर्षदेखि १८ महिनासम्मको १२,२२७ र १५ महिनादेखि दुई वर्षसम्मका ५१०२ र दुई वर्ष नाघेको सङ्ख्या १२,७०४ मुद्दा तथा निवेदन फछ्यौंट हुन बाँकी देखिन गयो[७१]।

तर अदालतहरूमा मुद्दा तथा निवेदनहरूको लगत तथा फछ्यौंटको अवस्थालाई विभाजन गरी हेर्दा सर्वोच्च अदालतमा आ.व. २०७५/२०७६ मा जम्मा मुद्दाको लगत ३४,९२२ भएकामा १०,७४२ अर्थात ३०.७६ प्रतिशत मात्र मुद्दा किनारा भएको अवस्था देखियो। अझै पनि सर्वोच्च अदालतमा २०७६/०७७ का लागि २४,१८० मुद्दा तथा रिट निवेदनहरू आगामी आ.व.का लागि बक्यौतारूपमा सरेर गएको पाइयो[७२]। यसरी हेर्दा यो आ.व.मा देशभरिका अदालतमा रहेका मुद्दाको लगत र त्यसको किनाराको प्रतिशत ७०.६६ भए पनि सर्वोच्च अदालतको ३०.७६ भएबाट कार्यक्षमतामा निराशाजनक अवस्था देखियो। तर यसै आ.व.मा उच्च अदालतहरूमा मुद्दाहरूको लगत ६०,०७० थान भएको र त्यसमा ४४,४८८ थान अर्थात ७४.०६ प्रतिशत मुद्दा तथा निवेदन फछ्यौंट भएको अवस्थाबाट हेर्दा उच्च अदालतहरू सर्वोच्च अदालतको दाँजोमा अब्बल रहेको सङ्केत देखियो[७३]। तर, अझै पनि १५,५८२ थान मुद्दा तथा निवेदन आगामी आर्थिक वर्षका लागि वक्यौताका रूपमा सरेर गएको अवस्था भने चिन्ताजनक नै हुन पुग्यो। तर फेरि जिल्ला अदालतहरूको अवस्था भने अलि सुदृढ नै भएको पाइयो जसमा यो आर्थिक वर्ष २०७५/०७६ मा जिल्ला अदालतहरूमा २,७२,७११ थान मुद्दा तथा रिट निवेदनको लगत भएकामा २,०८,००६ थान अर्थात ७६.२७ प्रतिशत फछ्यौंट भएको देखियो। यद्यपि अझै पनि ६४,७०५ थान मुद्दा आगामी आर्थिक वर्षका लागि बाँकी रहन गएबाट जिल्ला अदालतहरूले पनि सुधार गर्नुपर्ने देखिन गएको छ। यसबाट के देखिन्छ भने जिल्ला तथा उच्च अदालतहरूले समग्रतामा ७५ प्रतिशतको हाराहारीमा मुद्दा तथा निवेदनहरू फछ्यौंट गरी ढिलो न्याय, न्यायमा अस्वीकार्यता[७४] भन्ने उक्तिलाई धेरै हदसम्म सम्मान तथा पालना गरेको पाइयो। सर्वोच्च अदालतको हकमा भने ३० प्रतिशत मात्र फछ्यौंटको अवस्थाले न्यायलाई पहुँचयोग्य बनाउने कार्यमा तथा स्वच्छ सुनुवाइको एक आधारभूत तत्वका रूपमा रहेको न्याय छिटो छरितो भन्ने विषयलाई ग्रहण गर्न नसकेको पाइयो। सर्वोच्च अदालतको उक्त अवस्थाबाट नेपालको संविधानको धारा २० को उपधारा (९)[७४] मा उल्लेख गरिएको मौलिक हकको समेत सम्मानका लागि थप प्रयास गर्नुपर्ने अवस्था सिर्जना भएको छ।

७०. President Bidya Bhandari spedking out the inquguration of the judgis Conferonces held in Kathmandu, on 3 April 2019, Avulabore on www.the himalayantimes.com

७१. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७५/०७६, प्रकाशन सर्वोच्च अदालत, नेपाल

७२. ऐ. ऐ.

७३. ऐ. ऐ.

७४. प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।

सर्वोच्च अदालतले विगत केही वर्षदेखि आवधिक रणनीतिक योजनाहरू तयार गरी त्यसैअनुरूप कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेकामा यो आ.व.मा तेस्रो पञ्चवर्षीय रणनीतिको योजना २०७१/०७२–२०७५/०७६ को अन्तिम वर्षका रूपमा फछ्र्यौट गरिसक्नुपर्ने भनी लिएको लक्ष्यतर्फ पनि विचार गर्दा मुद्दा तथा रिटतर्फ कुल लगतको ५२.२२ प्रतिशत र निवेदन तथा प्रतिवेदनतर्फ ८० प्रतिशत फछ्र्यौट गर्नुपर्ने गरी वार्षिक कार्ययोजनामा लक्ष्य लिइएकामा मुद्दा तथा रिटतर्फ २८.१९ प्रतिशत र निवेदनतर्फ ८२.०४ प्रतिशत फछ्र्यौट गरी कुल लगतको ३०.७६ प्रतिशत मात्र मुद्दा फछ्र्यौट भई निर्धारित वार्षिक लक्ष्यको ६०.३५ अर्थात झण्डै आधामात्र प्रगति भएको अवस्था देखियो[७५] । यसबाट सर्वोच्च अदालतले मुद्दाको व्यवस्थापन तथा फछ्र्यौटमा ठूलो फड्को मार्नुपर्ने अवस्था देखियो।

सर्वोच्च अदालतबाट निर्णय गरिएको तेस्रो पञ्चवर्षीय योजनाको वार्षिकरूपमा मुद्दा तथा रिट निवेदन फछ्र्यौटको अवस्था हेर्दा सर्वोच्च अदालतको कार्यक्षमतामा प्रश्न गर्ने अवस्था सिर्जना भएको पाइएको छ। आर्थिक वर्ष २०७५/०७६ मा जम्मा लगत ३२,६११ थान रहेकामा ९,१९३ थान अर्थात २८.१९ प्रतिशत मात्र फछ्र्यौट भएको देखियो। तर गत आ. व. २०७४/०७५ मा जम्मा लगत ३०,४९५ थान मुद्दा रहेकोमा ११,०२८ थान अर्थात ३६.१६ प्रतिशत मुद्दाको फछ्र्यौट भएकामा यस वर्ष झन् त्यसमा खस्कँदो अवस्था देखियो। यद्यपि यी दुवै आर्थिक वर्षमा सर्वोच्च अदालतमा पूर्ण सङ्ख्यामा न्यायाधीशहरूको नियुक्ति भने भएको देखिन्छ। यसमा मननयोग्य विषय के छ भने गत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा यो आ.व.मा १६.६४ प्रतिशतले मुद्दा फछ्र्यौटमा कमी आएको पाइयो[७६]।

तर, यसबीचमा उच्च अदालतहरूको कार्यक्षमता विश्लेषण गर्दा गत आर्थिक वर्ष २०७४/०७५ र यस आर्थिक वर्षको मुद्दा तथा रिट निवेदनहरू फछ्र्यौटको तुलना गर्दा यस आ. व. मा १७.२७ प्रतिशतले सुधार भएको देखिन्छ[७७] । यसै विषयमा २ वर्ष नाघेको अर्थात पुराना मुद्दा तथा रिट निवेदनहरूको सङ्ख्यालाई २०७४/०७५ सँग यस आर्थिक वर्ष २०७५/०७६ सँग तुलना गर्दा यस वर्ष ११४१ थान मुद्दा विगतको आर्थिक वर्ष भन्दा कम रहेको देखियो। जसले गर्दा उच्च अदालतहरू सर्वोच्च अदालतको तुलनामा मुद्दाको फछ्र्यौट गर्ने सवालमा उच्च कार्यक्षमताका भएको पाइयो भने जिल्ला अदालतहरूको अवस्थासमेत सुधारोन्मुख देखिएको छ।

फैसला कार्यान्वयनको अवस्था : न्यायको अधिकार प्राप्तिमा परेको असर

अदालतको प्रभावकारिताको कसी तथा सूचकाङ्कका रूपमा न्यायिक निकायले गरेका निर्णय तथा फैसला कार्यान्वयनमा नै मुख्यरूपमा आधारित हुन्छ। अन्यथा अदालतका फैसला तथा आदेश केवल कानुनी साहित्य जस्ता मात्र देखिन्छन् । सर्वोच्च अदालतले २०७१ सालमा जारी गरेको फैसला कार्यान्वयन विशेष अभियान निर्देशिका २०६१ लागु गरेपश्चात फौजदारी मुद्दाहरूमा सबै जिल्ला अदालतबाट असुल हुनुपर्ने कैदको लगत १ लाख ५६ हजार १ सय १२ वर्ष १ महिना १० दिन रहेकामा त्यसको ३३.४९ प्रतिशत कैद असुल भएको देखिएको छ[७८]। त्यसैगरी जरिवानातर्फ पनि कुल लगत रु. १५,८२,४९,३८,८१६ मध्ये २४.७८ प्रतिशत जरिबाना असुलउपर भएको पाइयो जसबाट अपराधबाट पीडितहरूले केही राहत पाएको देखिन्छ। यस आर्थिक वर्षमा कैद र जरिबाना असुलीमा तुलनात्मकरूपमा विगत आर्थिक वर्षको भन्दा केही सुधारको सङ्केत देखिएको पाइयो। यस आर्थिक वर्षमा फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत २५,४१९ थान रहेकामा १४,४७४ थान (५६.९४ प्रतिशत) निवेदन फछ्र्यौट भइ १०,९४५ थान निवेदन बाँकी रहेको पाइयो[७९]। तर गत आर्थिक वर्षको फैसला कार्यान्वयनसम्बन्धी निवेदनहरूको जम्मा लगत २०,९८४ थान रहेकामा १२,५६७ थान (५०.८९) प्रतिशत निवेदन फछ्र्यौट भइ ८,४१७ थान निवेदन मात्र बाँकी थियो। यसबाट के देखिन्छ भने यस आर्थिक वर्ष २०७५/०७६ मा फैसला कार्यान्वयनका निवेदनहरू विगत आर्थिक वर्ष २०७४/०७५ को तुलनामा सङ्ख्यात्मकरूपमा १९०७ थानले बढी र प्रतिशतका

७५. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७५/०७६, प्रकाशन सर्वोच्च अदालत, नेपाल
७६. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७५/०७६, प्रकाशन सर्वोच्च अदालत, नेपाल, पेज नं. १७
७७. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७५/०७६, प्रकाशन सर्वोच्च अदालत, नेपाल
७८. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७५/०७६, प्रकाशन सर्वोच्च अदालत, नेपाल
७९. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७५/०७६, प्रकाशन सर्वोच्च अदालत, नेपाल

आधारमा १५.१७ ले बढी फछ्यौंट भएको देखिन्छ[८०]।

फैसला कार्यान्वयनको विषय अधिकारका दृष्टिले पनि गम्भीर भई आरोपितले सजाय तथा दण्ड पाउनुपर्ने अनिवार्य तत्वका रूपमा रहेको हुन्छ । दण्डहीनता अन्त्य गरी आफ्ना खोसिएका तथा क्षति भएका अधिकारहरू कानुनबमोजिम सक्षम र सवल निकायबाट उपचार पाउने कुरा मानव अधिकारको पनि आधारभूत विषय एकातिर हो भने अर्कोतिर राज्यको न्याय प्रशासनको गरिमा र समाजमा शान्ति तथा अमनचयन कायम राख्ने एक भरपर्दो माध्यम तथा अवसर पनि हो।

निष्कर्ष

न्याय सम्पादन कार्यलाई सवल, सरल, सहज तथा गुणस्तरीय एवं प्रभावकारी बनाइ न्यायमा आमनागरिकको सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिको योजना २०७६ असार मसान्तबाट समाप्त भई २०७६ साउनबाट चौथो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा आएको अवस्था छ[८१]। आवधिकरूपमा रणनीतिक योजना सुरु भई त्यसको कार्यान्वयन प्रारम्भ भएपश्चात सबै अदालतमा मुद्दा फछ्यौंट दरमा वृद्धि भई अदालतका अन्य सेवामा समेत मानव अधिकारमैत्री परिवर्तन देखा परेका छन् । बाल न्यायमा अधिकारमुखी सोचबाट सुरुवात, न्यायिक सङ्ग्रहालय, शिशु स्याहार केन्द्र, न्यायमा पहुँच आयोग, मेलमिलाप समितिलगायत मानव संसाधन तथा भौतिक संरचना तथा अवसरहरूको पनि यो आ.व. मा बढोत्तरी भएको देखियो।

शक्ति पृथकीकरण तथा सन्तुलनको सिद्धान्तलाई लोकतान्त्रिक शासन प्रणालीको न्यूनतम सर्त मानिएको भए पनि न्यायिक निकायहरू सरकार तथा कार्यकारिणीबाट बजेट, मानवीय संसाधनलगायत अन्य अत्यावश्कीय विषयहरूमा नियन्त्रित रहेर बस्नुपरेको स्वयं सर्वोच्च अदालतबाट प्रकाशित प्रतिवेदन तथा समय समयमा हुने न्यायाधीश तथा बार एसोसिएसनको भेला तथा सम्मेलनबाट गुनासा आइरहेका देखिएको छ । कार्यकारिणी तथा व्यवस्थापिका गठनमा न्यायिक निकायहरूको कुनै भूमिका नभए जस्तो न्यायिक निकाय गठन तथा नियुक्तिमा पनि उक्त दुवै निकायको भूमिका शून्य वा सहयोगी मात्रमा हुनुपर्ने यस क्षेत्रका विज्ञहरूको धारणा जायज नै मान्नुपर्ने हुन्छ।

न्यायाधीशहरूको नियुक्ति तथा न्यायपालिकाको नियमनकारी निकायका रूपमा रहेको न्यायिक परिषद् जसको गठनमा बहुमत सदस्य राजनीतिक आस्था तथा कार्यपालिकाद्वारा इच्छाइएका व्यक्तिबाट नियुक्त हुने कारणले न्यायाधीशहरूको नियुक्ति विगत केही वर्षदेखि विवादित तथा सार्वजनिकरूपमा आलोच्य रहने गरेकामा यो वर्ष पनि त्यो क्रम रोकिएन।

यस वर्ष पनि न्यायपालिकामा सबभन्दा विवादित र आलोच्य विषयका रूपमा राजनीतिक दलका कार्यकर्ता, नातागोता तथा कार्यक्षमता, पेशाप्रतिको लगन र निष्ठासमेतमा कमी भएकालाई न्यायाधीशमा नियुक्त गरेको विषय सार्वजनिक भई आलोच्य भएको पाइयो। के र कस्ता आधारमा त्यस्ता व्यक्तिलाई न्यायपालिकामा नियुक्त गरियो भन्ने विषयमा कुनै सार्वजनिक जवाफदेहिता कतैबाट पनि स्पष्टरूपमा सार्वजनिक भएको देखिएन । न्यायपालिकालाई कार्यकारिणीका अगुवा तथा ठूला दलका प्रमुख नेताहरूको इशारामा चलाउने निकायका रूपमा सञ्चालन गर्न खोजिएको जस्ता आरोप सञ्चार माध्यमहरूमा खुलारूपमा सार्वजनिक भएकोसमेत देखियो। अर्कोतिर संविधान तथा कानुनहरूमा भएका समावेशी सिद्धान्तहरूको पनि न्यायाधीश नियुक्तिमा सम्मान तथा पालना भएको पाइएन।

यसै वर्ष केही चर्चित सार्वजनिक विषयहरूमा अदालतबाट अनपेक्षित फैसलाहरू भएको भन्ने विषयमा सङ्घीय संसद्मा सांसदहरूले महाभियोग लगाउनेसम्मको बहस खुलारूपमा चलाइनुले एकातिर अदालतका न्यायमूर्तिहरूको आर्थिकलगायत अन्य चलखेललाई शङ्का पुऱ्याएको मानिएको छ भने अर्कोतिर स्वतन्त्र र स्वायत्ततासहितको निर्भीक न्यायपालिकाको अवधारणामा कालो बादल लाग्न थालेको आभासले स्वतन्त्र न्यायपालिकाको अवधारणा सबैतिरबाट खस्कँदै गएको चर्चा सार्वजनिकरूपमा बलियो भएको देखियो।

फैसला कार्यान्वयनका लागि आवश्यकरूपमा चाहिने सरकारी तदारुकता सोचेको जस्तो नभएको चर्चा न्यायिक वृत्तमा चर्चामा रहेको सुनियो भने

८०. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७५/०७६, प्रकाशन सर्वोच्च अदालत, नेपाल
८१. ऐ. ऐ.

कार्यकारिणीको मातहतका रूपमा रहेका सुरक्षा संयन्त्र वा अन्य संरचनाले यथोचित सहयोग नगरेको वा राजनीतिक वा अन्य कारणबाट अदालतले पक्राउ गर्नुपर्ने वा सजाय तोकिसकेका व्यक्तिहरू खुलमखुला हिँडिरेको अर्को निराशाजन्य अवस्था पनि सार्वजनिक भएको पाइयो । अदालतलाई आर्थिक तथा मानवीय स्रोत/साधनमा सम्पूर्णरूपमा कार्यकारिणीको मातहत तथा कृपामा राखिएको अवस्थाले एकातिर अदालतले चाहेको जस्तो स्वतन्त्र योजना लागु गर्न नसक्ने अवस्था देखियो भने अर्कोतिर शक्ति पृथकीकरणको सिद्धान्तकै पनि प्रष्टरूपमा उल्लङ्घन भएको पाइयो।

अदालतलाई स्वतन्त्र, स्वायत्त तथा निर्भीक संस्थाका रूपमा व्यावहारिक तवरमै सक्षम बनाउन अन्य सरोकारवालाको मात्रै हैन, स्वयं न्यायमूर्ति र यसका कर्मचारी तथा बार एशोसिएशनको पनि महत्वपूर्ण भूमिका हुन्छ। तर अदालतभित्रका अनुचित आर्थिक कारोबारका कुरा अब कानुन व्यवसायीहरूको र केही न्यायिक बिटका पत्रकारको मात्र विषय नरही आममानिसले समेत खुलारूपमा थाहा पाउने विषय बन्न पुगेको दुःखद क्षण पनि यो वर्ष चर्चा हुन पुग्यो।

उल्लेख गरिएका सम्पूर्ण निकाय तथा सरोकारवालाले अदालतको स्वतन्त्रता र स्वायत्तता कायम राख्न निर्भीक तथा स्वतन्त्र छविसहितको योग्य न्यायमूर्तिको पदस्थापना गरी यसको साख जोगाइ नागरिकका अधिकारहरू संरक्षण गर्नु/गराउनु आजको महत्त्वपूर्ण आवश्यकता भएको सबै सरोकारवालाको साझा चासो रहेको पाइयो।

फोटो : रमेशप्रसाद तिमल्सिना

२.२ राज्य र मानव अधिकार

कार्यपालिका

परिच्छेद

२

पृष्ठभूमि

एकात्मक राज्यसत्तामा केन्द्रित अधिकार गाउँ/गाउँ पुऱ्याउने उद्देश्यसहित सङ्घीय गणतन्त्रात्मक संविधान जारी भएको ४ वर्ष पूरा भएको छ। संविधान कार्यान्वयनको चरणमा सङ्घीय कार्यपालिका[१], प्रदेश कार्यपालिका[२] र स्थानीय कार्यपालिका[३] गठन भई सङ्घीय सरकार, प्रदेश सरकार–७ र ७५३ स्थानीय सरकारसहित ७६१ वटा कार्यकरिणी संरचनाले कार्य गरिआएका छन् । निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिबद्धता, चुनावी घोषणापत्रमा व्यक्त प्रतिबद्धताअनुसार जनताले अपेक्षा लिएबमोजिम विकास र समृद्धिको नारालाई सरकारले व्यवहारमा उतार्न भने सकेन । सङ्घीय कार्यपालिका र प्रदेश कार्यपालिकाबीच समन्वयको कमी, संविधानको अनुसूचीमा रहेका अधिकारको सूचीका विषयमा समेत केही विवाद कायमै रहयो । त्यस्तै प्रदेश सरकारबाट स्थानीय तहलाई बजेट विनियोजन र स्थानीय सरकारबाट उठाएको राजस्व प्रदेश सरकारलाई उपलब्ध नगराएको जस्ता विषयले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच थप समन्वय र सहकार्यको आवश्यकता रहेको पाइयो।

नागरिकको मानव अधिकारको संरक्षण, प्रवर्द्धन र परिपालना गर्न संविधान र कानुनप्रदत्त दायित्व र अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न तीनै तहका कार्यपालिका (सरकार) को अहम भूमिका रहन्छ । त्यसका लागि संस्थागत सुदृढीकरण र संयन्त्र निर्माण गरिनुपर्छ। नेपालको सन्दर्भमा सङ्घीयता आफैँमा नयाँ प्रणाली भएकाले यसको कार्यान्वयनमा भिन्न भिन्न दृष्टिकोण रहिआएका छन्। तथापि सरकार गठन भएको २ वर्षको छोटो अवधिमा प्रदेश सरकारले ३ वटा बजेट ल्याएका छन्। पहिलोपल्ट बजेट ल्याउँदा थोरै कर्मचारी, संस्थागत संरचना नबनेको अवस्थामा बजेटको १ चौथाइ पनि प्रदेशले खर्च गर्न सकेनन् । आर्थिक वर्ष २०७६/०७७ को प्रदेशको बजेट तर्जुमा हुँदा भने आर्थिक विकास, पूर्वाधार र सामाजिक न्यायलाई प्राथमिकता दिएको छ[४]। मूलतः संविधानले परिकल्पना गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय कार्यपालिकाबाट नै समन्वय र सहकार्यमा नागरिकका मानव अधिकार संरक्षण र संवर्द्धन हुने विश्वास लिन सकिन्छ। संविधानले तीनै तहको सरकारलाई संविधान र कानुनको अधीनमा रही कार्यकारिणी अधिकारसहित शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा मन्त्रिपरिषद्[५], प्रदेश मन्त्रिपरिषद्[६] का अतिरिक्त गाउँपालिका र नगर कार्यपालिका[७] मा निहित रहने व्यवस्था गरेकाले संविधानको मर्म, भावना र नागरिकको चाहनाबमोजिम कार्यकारिणी अधिकार प्रयोग गर्नुपर्ने अवस्था छ। तीनै तहका सरकारले जनआकाङ्क्षालाई ध्यान राखी नेतृत्व वर्गबाट निर्वाह हुने जवाफदेही भूमिकाले नै नागरिकको मानव अधिकार संरक्षण हुन गई संविधानको कार्यान्वयन हुँदै संविधानवाद र लोकतान्त्रिक शासन प्रणालीको विकासमा योगदान पुग्न जाने देखिन्छ।

लामो समयको सङ्क्रमणकालीन अवस्था र अस्थिर राजनीतिको विकल्पका रूपमा जनमतबाट गठित सङ्घ, प्रदेश र स्थानीय सरकारबाट देशमा राजनीतिक स्थिरता, शान्ति, सुव्यवस्था र कानुनको शासनसहित अमन चयनको अवस्था सिर्जना हुने भरोशा आमनागरिकमा छ। गत वर्षको सुरुमा गठन भएको सङ्घीय र प्रदेश सरकारले पहिलो वर्ष कानुनी र संरचनागत व्यवस्थामै जोड दिएका पाइयो । तथापि सङ्घ, प्रदेश र स्थानीय तह गठनपछि राजनीतिक स्थायित्व, स्थिर सरकार, समृद्धि र विकासले फड्को मार्ने जनताको आकाङ्क्षाबमोजिम कार्य सन्तोषजनकरूपमा भएको अनुभूति भने हुन सकेन । प्रधानमन्त्रीले सरकारी कामलाई तीव्रता दिन भन्दै यस आर्थिक वर्षको सुरुमै मन्त्रीसँग र मन्त्रीहरूले सचिवसँग कार्य सम्पादन संभौता गरे पनि पहिलो ४ महिनाको प्रगति निराशाजनक देखियो। पहिलो ४ महिनामा कुनै पनि मन्त्रालय र निकायले आफैँले निर्धारण गरेको लक्ष्यसमेत प्राप्त गर्न सकेनन्[८]। त्यसैगरी यसै वर्ष २०७६

१. नेपालको संविधान (२०७२) को धारा ७५ को उपधारा (१)
२. ऐ.ऐ. धारा १६२ को उपधारा (१)
३. ऐ.ऐ. धारा २१४(१)
४. आत्मनिर्भर बन्ने परीक्षा, कान्तिपुर दैनिक, असोज १६, २०७६
५. नेपालको संविधान (२०७२) को धारा ७५ को उपधारा (२)
६. ऐ.ऐ. धारा १६२ को उपधारा (२)
७. ऐ.ऐ. धारा २१४ को उपधारा (२)
८. कार्य सम्पादनका ४ महिना, सबै मन्त्रालयमा काम अपुरै, कान्तिपुर दैनिक, २०७६ मङ्सिर १३

मङ्सिर १४ गते प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका खाली पदमा उपनिर्वाचन सम्पन्न भयो। छिटपुट घटनाबाहेक शान्तिपूर्णरूपमा निर्वाचन सम्पन्न भयो[९]। मिश्रितरूपमा प्राप्त परिमाण हेर्दा सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र प्रमुख प्रतिपक्षी नेपाली कङ्ग्रेसका प्रतिनिधि नै अधिकांश ठाउँमा निर्वाचित भए[१०]। संविधान संशोधनलाई प्रमुख एजेन्डा बनाएर सत्तारुढ दलसँग समझदारी गरेका मधेसकेन्द्रित दलको मागबमोजिम यस वर्ष संविधान संशोधन हुन सकेन।

त्यसैगरी तराई मधेसमा भएका घटनाको छानबिनका लागि पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा गठित उच्चस्तरीय जाँचबुझ आयोगले सरकारसमक्ष पेश गरेको प्रतिवेदन यस वर्ष पनि सार्वजनिक हुन सकेन। मधेसकेन्द्रित राजनीतिक दलले उक्त प्रतिवेदन सार्वजनिक गर्न माग गरेका थिए। त्यस्तै राष्ट्रिय मानव अधिकार आयोगले पूर्वन्यायाधीश ताहिरअली अन्सारीको संयोजकत्वमा गठन गरेको सप्तरीको मलेठ घटना जाचँबुझ प्रतिवेदन सार्वजनिक गरेकामा उक्त छानबिन यथार्थपरक नभएको र दोषीलाई कानुनी दायरामा नल्याएको भन्दै प्रदेश नं. २ सरकारले छुट्टै छानबिन समिति गठन गरेको थियो। तथापि यस वर्ष पनि उक्त प्रतिवेदन सार्वजनिक भने गरेन।

यस वर्षको सुरुमै नेपाल कम्युनिस्ट पार्टी (विप्लव समूह) का गतिविधिलाई सरकारले प्रतिबन्ध लगाउने निर्णय गऱ्यो[११]। विप्लव समूहका कार्यकर्ताले २०७५ फागुन १० गते ललितपुरको नख्खुस्थित एनसेल कार्यालयलगायत देशका विभिन्न भागमा बम विस्फोट गराएका थिए। विप्लव समूहद्वारा भएका बन्द हड्ताल तथा बम विस्फोटका घटनाबाट आमनागरिकको हिँडडुल गर्न पाउने हक, भयरहित वातावरणमा बाँच्न पाउने हकका अतिरिक्त शिक्षा, स्वास्थ्य, रोजगारीमा असर पर्न गएको भनी राष्ट्रिय मानव अधिकार आयोगले नागरिकका आधारभूत मानव अधिकारको सम्मान र संरक्षण गर्न आग्रह गऱ्यो[१२]।

मौलिक हक कार्यान्वयनका लागि केही ऐन तर्जुमा भए तापनि ऐनले परिकल्पना गरेका नियमावली, निर्देशिका तर्जुमा नहुँदा मौलिक हक कार्यान्वयनमा कठिनाइ महसुस भयो। यस वर्ष सरकारले प्रस्तुत गरेका प्रेस काउन्सिल विधेयक, सूचना प्रविधि विधेयकले संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता सङ्कुचन गर्ने भन्दै सरोकारवाला निकायले सरकारको नियत प्रेस स्वतन्त्रता हनन गर्ने रहेको भनी आलोचना गरे। मानव अधिकार आयोगलाई सङ्कुचन गर्ने गरी विधेयक तर्जुमा भएकामा सरकार स्वेच्छाचारितातर्फ अगाडि बढेको जस्ता टिप्पणी भए। उक्त विधेयक पेरिस सिद्धान्तको भावना र मूल्य/मान्यताविपरित छ[१३]।

मानव अधिकार राष्ट्रिय कार्ययोजना

नेपाल सरकारको चौथो पञ्चवर्षीय मानव अधिकार कार्ययोजना (२०७१–२०७६) को अवधि यसै वर्ष असार मसान्तमा समाप्त भयो। नेपाल सरकारको मानव अधिकारका प्राथमिकता क्षेत्र निर्धारण गरी जारी कार्ययोजनाको आवधिक मूल्याङ्कन र प्रभावकारी अनुगमन भने हुन सकेन। मानव अधिकार आयोगले मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्थाबारे अनुगमन गरेको छ[१४]। संविधानको कार्यान्वयन क्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन हुने प्रकृतिका कार्ययोजनाबीच जिम्मेवार निकायमा कुनै परिवर्तन नगरी कार्ययोजना पूरा भयो। आ.व. २०७६/०७७ पछि जारी हुने अर्को कार्ययोजनाबारे सरोकारवाला निकायसँग विगत कार्ययोजनाको उपलब्धि र चुनौतीसहित छलफल हुन सकेन। कार्ययोजना अन्त्य भएको ६ महिना बितिसक्दा समेत अर्को कार्ययोजना लागु हुन सकेन। तर प्रधानमन्त्री कार्यालयले ७९ पृष्ठ लामो मस्यौदाका रूपमा बाहिर ल्याइ सरोकारवालाबीच छलफल जारी छ।

विषयवस्तुका हिसावले मानव जीवन र मानव अधिकारका लागि आधारभूत २० वटा विषयवस्तु समेटिएका छन्। जसमा शिक्षा, स्वास्थ्य, मानव विकासका क्षेत्र, बाल अधिकार, लक्षित वर्गको संरक्षण, सशक्तीकरण र विकास, मानव अधिकार शिक्षा, श्रम,

९. निर्वाचन आयोगको विज्ञप्ती २०७६ मङ्सिर १४ गते
१०. गोरखापत्र राष्ट्रिय दैनिक, २०७६ मङ्सिर २२ गते
११. नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ फागुन २८ गतेको निर्णय
१२. राष्ट्रिय मानव अधिकार आयोगको २०७५ चैत १३ गतेको प्रेस नोट
१३. पूर्वआयुक्त समाज, राष्ट्रिय मानव अधिकार आयोगको २०७६ वैशाख १० को प्रेस विज्ञप्ति
१४. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. ४५

रोजगार, हिरासत तथा कारागार सुधार, सङ्क्रमणकालीन न्याय, संस्थागत सुदृढीकरण जस्ता विषय समावेश छन् । समग्र मस्यौदा कार्ययोजनाको समीक्षा गर्दा नेपालको मानव अधिकारसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न लागिएको र यसमा नेपाल गम्भीर छ भन्ने सन्देश दिन खोजेको देखिन्छ । तर विश्वव्यापी आवधिक समीक्षा (युपिआर) र सन्धिजनित समितिले नेपाललाई दिएका सुझाव समेट्न सकेको छैन ।

दिगो विकास लक्ष्यले समेटेका विषयवस्तुमध्ये मानव अधिकारसँग सम्बन्धित गरिबी र भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा, सबैका लागि गुणस्तरीय शिक्षा, लैङ्गिक विभेदको अन्त्य, स्वच्छ पानी र सरसफाइ, सुरक्षित मानव बसोबास, जलवायु परिवर्तन र दिगो विकास न्यायमा पहुँचका लागि सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना जस्ता विषयलाई कार्ययोजनामा समायोजन हुन सकेमा नै दिगो विकास लक्ष्यहरू पूरा गर्न मद्दत पुग्याउँछ। राष्ट्रिय मानव अधिकार आयोगले कार्ययोजनाको मस्यौदामा सरोकारवालाबीच छलफल गराइ ४६ बुँदे सुझाव नै प्रस्तुत गरेको छ[१५] । दिगो विकास लक्ष्य र मानव अधिकार राष्ट्रिय कार्ययोजनाबीच समन्वय गरी प्रभावकारी कार्यान्वयनबाट नै समग्र मानव अधिकारको अवस्था सुधार ल्याउन सकिन्छ। तर विकास योजनासँग सम्बन्धित संयन्त्रलाई मानव अधिकारसँग नजोड्नु र अनुगमन समितिको नियमित बैठक नै बस्न नसक्नु, भावी कार्ययोजनाबारे समयमै सरोकारवालाबीच गहन छलफल, विचार/विमर्श नहुनुसमेत विगतको कार्ययोजना कार्यान्वयनमा चुनौती रहयो ।

जीवनको अधिकार

मानिसको विविध अधिकारमध्ये जीवनको अधिकारलाई सबैभन्दा महत्वपूर्ण अधिकार मानिन्छ[१६] । मर्यादितरूपमा बाँच्न पाउने अधिकारलाई मौलिक हकका रूपमा लिपिबद्ध गरे[१७] तापनि व्यवहारमा त्यसको कार्यान्वयन हुन सकेको देखिँदैन । यस वर्ष बाढी, अधिक वर्षा र हिमपातका कारण १८५ (महिला ७४ र पुरुष १११) को मृत्यु भयो। त्यसैगरी तराईका बारा, पर्सामा आएको हावाहुरीबाट ३९ (महिला १९ र पुरुष २०) को मृत्यु भयो । नेपाल प्रहरीको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७४/०७५ मा ५,३१७ जनाले आत्महत्या गरेका थिए भने आ.व. २०७५/०७६ मा उक्त सङ्ख्या वृद्धि भई ५,७५४ पुगेको छ[१८] । प्रतिबन्धित नेकपा (विप्लव समूह) द्वारा भएका बम विस्फोट, आगजनीबाट मृत्यु भएका घटनाबाट सर्वसाधारणमा भय र त्रासको वातावरण सिर्जना हुन गई जीवनको अधिकार हनन हुन गयो[१९]।

नेपालमा सवारी साधन दुर्घटना बर्सेनि औसत १० हजार हुन्छन् र २ हजारभन्दा बढीको ज्यान जाने गरेको छ । सडक दुर्घटनाको कारण गत आर्थिक वर्ष २०७५/०७६ मा २ हजार ३ सय १८ जनाको ज्यान गयो। वार्षिक औसत २ हजार जनाको सडक दुर्घटनामा ज्यान गएको भन्दा १० वर्षमा यो सङ्ख्या २० हजार हुन्छ जुन १० वर्षे सशस्त्र द्वन्द्वमा ज्यान गुमाउनेभन्दा बढी हो । 'ग्लोबल बर्डन अफ डिजिज' नामक अध्ययन प्रतिवेदनले सडक दुर्घटनालाई नेपालमा मृत्युको सातौँ कारण मानेको छ । संयुक्त राष्ट्र सङ्घको आर्थिक, सामाजिक परिषद्को २०१८ को प्रतिवेदनअनुसार नेपालको सन् २०१३ मा कुल गार्हस्थ्य उत्पादनको ०.८ प्रतिशत अर्थात करिब १४ अर्ब रुपियाँ आर्थिक क्षति भएको छ । दुर्घटनामा परी मृत्यु, अङ्गभङ्ग हुँदा र औषधोपचारमा हुने आर्थिक, सामाजिक क्षति निकै डरलाग्दो छ। २५ प्रतिशतभन्दा बढी दुर्घटना चालकको लापर्बाहीको कारण र ३० प्रतिशत यान्त्रिक गडबढीका कारण हुन्छन् । त्यसैगरी तीव्र गति, साँघुरा र घुमाउरा सडक, पुराना सवारी साधन, यात्रुको चापका कारण बढी दुर्घटना हुन्छन्[२०] । सवारी दुर्घटनाबाट आ.व. २०७०/०७१ मा १,७८७ जनाको मृत्यु र ११,३९५ जना घाइते, आ.व. २०७१/०७२ मा २,००४ जनाको मृत्यु र १२,१८१ जना घाइते, आ.व. २०७२/०७३ मा २,००६ जनाको मृत्यु र १२,५४० जना घाइते र आ.व. २०७४/०७५ मा २,५४१ जनाको मृत्यु र १२,३९१ जना घाइते भएको नेपाल

१५. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ मङ्सिर २९ गतेको निर्णय
१६. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. १२
१७. नेपालको संविधान (२०७२) को धारा १६
१८. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. १२
१९. ऐ.ऐ. पृ. १३
२०. गोरखापत्र दैनिकको सम्पादकीय, २०७५ पुस २६ गते बिहीबार
२१. अन्नपूर्ण पोस्ट, २०७६ कात्तिक ५ गते

प्रहरीको तथ्याङ्कले देखाउँछ[२१]। समग्रमा हेर्दा नेपालमा मर्यादितरूपमा बाँच्न पाउने अधिकारसहित जीवनको अधिकार प्रत्याभूति सन्तोषजनक छैन।

सङ्क्रमणकालीन न्याय

नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताबाट नेपालको १० वर्षे सशस्त्र द्वन्द्व अन्त्य भएको थियो। उक्त सम्झौताले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनसँग सम्बन्धित मुद्दालाई विशेषरूपमा सम्बोधन गरिएको थियो। द्वन्द्वकालीन घटना सम्बोधन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरी ४ वर्षसम्म पनि उक्त आयोगले प्रभावकारीरूपमा कार्य गर्न सकेनन्। फलस्वरूप दुवै आयोग अस्तित्वमा रहिरहने तर पदाधिकारीको म्याद समाप्त हुने प्रावधानसहित संशोधित ऐन जारी गरियो। मन्त्रिपरिषद्ले उक्त ऐनलाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गऱ्यो[२२]।

सङ्क्रमणकालीन संयन्त्रका पदाधिकारीहरूको म्याद समाप्त भएपछि पूर्वप्रधान न्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा पदाधिकारी छनोट समिति गठन भयो[२३]। समितिले इच्छुक व्यक्तिको सार्वजनिकरूपमा दर्खास्त आह्वान गरी ५७ जनाले आवेदन दिएको जानकारी सार्वजनिक गऱ्यो। उक्त समितिले लामो समय व्यतीत गर्दा पनि यस वर्षभित्र सिफारिस गर्नुपर्ने आफ्नो जिम्मेवारी पूरा गर्न सकेन।

नेपालको द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका पीडितलाई सत्य, न्याय र परिपूरणका काम प्राथमिकताका साथ शान्ति संझौता भएपछि तत्काल टुङ्ग्याउनु पर्थ्यो। तर सम्बद्ध नेतृत्व यसप्रति गम्भीर र संवेदनशील बन्न चाहेन। नेतृत्वले पीडितलाई शान्ति प्रक्रियाको केन्द्रमा राख्नुपर्नेमा आफूलाई केन्द्रविन्दुमा राखे। परिणाम, बृहत् शान्ति संझौता भएको १३ वर्ष बित्दा पनि द्वन्द्वकालीन घटनाका पीडितले शान्ति र न्याय दुवै पाउन सकेनन्। सत्य निरूपणको चित्तबुझ्दो बाटोमा मुलुक हिँड्न नसकेपछि ४ अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरू एमनेष्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट, ह्युमन राइट्स वाच र ट्रायल इन्टरनेसनलले टिआरसीमार्फत मानव अधिकार उल्लङ्घनका अपराधमा न्याय दिलाउने प्रतिबद्धता पूरा गर्न नेपाल असफल भएको निष्कर्ष निकाले। अन्तर्राष्ट्रिय निकायको असन्तुष्टि मूलतः टिआरसी गठनमा भएको ढिलाइ र आयुक्त नियुक्तिको अपारदर्शी प्रक्रियाप्रति रहेको देखिन्छ[२४]। द्वन्द्व प्रभावित व्यक्तिका सङ्घ/संस्थाले सर्वोच्च अदालतको निर्देशनात्मक आदेश, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसबमोजिम स्वतन्त्र, स्वायत्त, अन्तर्राष्ट्रिय मापदण्डबमोजिम आयोगको ऐन जारी गरेपछि मात्र आयुक्त सिफारिस गर्न आग्रह गरे[२५]।

मुलुकमा दिगो शान्ति र समुचित न्यायसँग सम्बन्धित विषय सल्टाउन ढिलो भइसकेको छ। यद्यपि परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले २७ फेब्रुअरी २०१९ मा जेनेभामा गर्नुभएको सम्बोधनमा सङ्क्रमणकालीन न्यायमा संयन्त्रमार्फत पीडितका मुद्दालाई सम्बोधन गर्ने, पीडितसँगको परामर्श र सर्वोच्च अदालतको निर्देशनात्मक आदेशअनुसार ऐन संशोधनको तयारी भइरहेको उल्लेख गर्नुभएको थियो[२६]। तथापि यस वर्ष पनि पीडितका माग सम्बोधन हुन सकेका छैनन्। मूलतः सत्य जान्न पाउने हक, गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनमा कारबाही, भविष्यमा घटना नदोहेरिने प्रतिबद्धता र पीडितको परिपूरणको अधिकार सम्बोधन हुन सकेको छैन। यस मुद्दालाई तत्काल राष्ट्रियरूपमै हल गरी दिगो शान्ति खोजी गर्नु अहिलेको आवश्यकता पनि हो[२७]।

कानुनी शासन

देशमा विद्यमान शान्ति, सुरक्षा, विकास, स्वतन्त्रता, निष्पक्ष, स्वायत्त र प्रभावकारी न्याय प्रणाली कानुनी शासनको परिपूरकका रूपमा रहेका हुन्छन्। मानव अधिकार र कानुनको शासनबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ। कानुनभन्दा माथि कुनै पनि व्यक्ति वा संस्था नरहने र कानुनले सबैलाई समान संरक्षण गर्ने

२१. नेपाल सरकार मन्त्रिपरिषद् सचिवालयको २०७५ माघ १४ गतेको निर्णय
२३. कान्तिपुर दैनिक, २०७५ चैत १२ गते
२४. द काठमाडौँ पोस्ट, जुलाइ ३०, २०१९
२५. साझा चौतारीको विज्ञप्ती, २०७६ असोज ५ गते
२६. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन आ.व.२०७५/०७६ पृ. १६
२७. ऐ.ऐ. पृ. १९

जस्ता विषय कानुनको शासनभित्रैका हुन्। दण्डहीनता, अपराधको राजनीतीकरण र अपराधीलाई राजनीतिक संरक्षण कानुनी शासनका लागि चुनौतीका रूपमा विगत लामो समयदेखि नेपालमा रहँदै आएको थियो।

यस वर्ष राजनीतिमा संलग्न केही चर्चित व्यक्तिलाई विभिन्न आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। नेपालकै इतिहासका पहिलोपल्ट सभामुख कृष्णबहादुर महराविरुद्ध यौन दुर्व्यवहार मुद्दामा प्रहरीले गिरफ्तार गरी काठमाडौँ जिल्ला अदालतमा मुद्दा विचाराधीन छ[२८]। सोही विषयमा राष्ट्रिय मानव अधिकार आयोगले स्वच्छ पुर्पक्षको अधिकार अनुगमनका लागि उच्चस्तरीय टोली नै गठन गऱ्यो[२९]। नेपाली कङ्ग्रेसका केन्द्रीय सदस्य तथा सांसद मोहम्मदअफ्ताव आलमलाई रौतहटको राजापुरमा २०६४ सालको संविधान सभा निर्वाचनको अघिल्लो दिन भएको बम विस्फोट घटनामा प्रहरीले गिरफ्तार गरी उक्त मुद्दा रौतहट जिल्ला अदालतमा विचाराधीन छ[30]।

दोलखा जिल्लाबाट निर्वाचित नेकपाका सांसद पार्वत गुरुङलाई ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट वारेन्ट जारी गरी उक्त मुद्दा अदालतमा विचाराधीन छ[31]। त्यस्तै जनकपुर विमानस्थल तोडफोड गरेको आरोपमा राष्ट्रिय जनता पार्टी नेपालका सांसद प्रमोदकुमार साहलाई गिरफ्तार गरी अनुसन्धान भयो। यस वर्षका केही प्रतिनिधिमूलक घटना हेर्दा कानुनी शासनमा केही सुधार अनुभूत गर्न सकिन्छ। तथापि सङ्क्रमणकालीन संयन्त्रमा यस वर्षको सुरुदेखि नै पदाधिकारी नहुँदा सन्तोषजनकरूपमा ती संयन्त्रले काम गर्न नसक्नु, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसको कार्यान्वयन हुन नसक्नु, फौजदारी मुद्दामा जाहेरी दर्ता गर्न इन्कार गरिनु, स्वतन्त्ररूपमा प्रभावकारी अनुसन्धान नहुनु, मानव अधिकार उल्लङ्घनका आरोपितलाई कानुनी दायरामा नल्याउनु जस्ता चुनौती यस वर्ष पनि रहे।

कानुन पालना गराउनु राज्यको दायित्व हो। रातको समयमा प्रहरीद्वारा मानव अधिकार आयोगको प्रदेश नं. ५ शाखा कार्यालय नेपालगन्जको सुरक्षा गार्डलाई धम्की दिने, कार्यालय घेराबन्दी गर्ने र कार्यालय प्रमुखलाई दबाब दिएको जस्ता कार्य मानव अधिकार र कानुनी शासन विपरित देखिन्छ[३२]। यसका अतिरिक्त कञ्चनपुरकी निर्मला पन्तको हत्यामा संलग्न व्यक्तिलाई घटना भएको २ वर्ष बितिसक्दा पनि गिरफ्तार गर्न नसक्नु, नेपाल कम्युनिस्ट पार्टी (विप्लव समूह) का कुमार पौडेलको गैरन्यायिक हत्या हुनु[३३] जस्ता घटनाले कानुनी शासनमा चुनौती रहेको भनी राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा चर्चा भए। नेकपा (विप्लव समूह) का नेता/कार्यकर्तालाई न्यायालयबाट भएका बन्दी प्रत्यक्षीकरणको आदेश उल्लङ्घन गरी पुनः पक्राउ गर्ने घटना दोहोरिए। पटक–पटक अदालतबाट भएका आदेश अटेर गर्दै राज्य संयन्त्रबाटै पुनः पक्राउबाट सरकारी निकायले कानुनी शासन पूर्ण पालना गरेको देखिएन।

लामो समयदेखि कायम सङ्क्रमणकालीन मुद्दाको छिनोफानो गरी पीडितलाई न्याय प्रत्याभूत गर्न र नेपालमा कानुनी शासनको पूर्ण प्रत्याभूतिका लागि संयुक्त राष्ट्रसङ्घीय सन्धिजनित मानव अधिकार समिति र विश्वव्यापी आवधिक समीक्षामा संयुक्त राष्ट्रसङ्घ, मानव अधिकार परिषद्बाट प्राप्त सुझाव, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस र अदालतबाट भएका निर्णय कार्यान्वयन हुन सकेमा कानुनी शासनको अवस्थामा सुधार आउन सक्ने देखिन्छ। यस वर्षको अन्त्यतिरका केही घटनाक्रमले सरकार र आरोपित पक्ष दुवैले कानुनी शासनको सम्मान गरेको सकारात्मक सन्देश प्रवाह गरेका छन्। कानुनको शासनलाई बलियो बनाउन सकियो भनेमात्र लोकतन्त्र सुदृढ र जवाफदेही हुनेछ। सक्षम, सुदृढ र जवाफदेही लोकतन्त्रले आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा समेत फड्को मार्न सहयोग गर्छ।[३४]

यातनाविरुद्धको अधिकार र कैदी/बन्दीको अवस्था

नेपालको संविधान (२०७२) को मौलिक हकमा यातनाविरुद्धको हक समावेश छ। नेपाल यातनाविरुद्धको महासन्धि १९८४ को पक्ष राष्ट्र भएकाले पक्ष राष्ट्रको हैसियतले यातना रोकथामका लागि प्रभावकारी कानुनी संयन्त्र, संरचनागत व्यवस्था हुनु अनिवार्य आवश्यकता हो। यातनाविरुद्ध परेका उजुरीको

२८. कान्तिपुर राष्ट्रिय दैनिक, २०७६ कात्तिक ४ गते
२९. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ असोज १७ गतेको प्रेश विज्ञप्ती
३०. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ कात्तिक ३ गतेको प्रेस विज्ञप्ती
३१. रिपब्लिका, अक्टुबर १७, २०१९
३२. राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन आ.व.२०७५/०७६ पृ. १७
३३. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ कात्तिक ४ गतेको प्रेस विज्ञप्ती
३४. कान्तिपुर दैनिक, २०७६ कात्तिक ४ गते

स्वतन्त्र जाँचबुझका लागि अदालत, राष्ट्रिय मानव अधिकार आयोग जस्ता संयन्त्र विद्यमान छन्। कारागार र हिरासतको अवस्थाबारे राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालयसहित मानव अधिकार सङ्घ/संस्थाबाट नियमित अनुगमन भइआएको पाइन्छ। तर सन्धिजनित समितिले दिएको सुझाव र सिफारिसबमोजिम अनुगमन गर्ने स्वतन्त्र निकायको व्यवस्था भने अझै हुन सकेको छैन।

यस वर्ष महान्यायाधिवक्ताको कार्यालयद्वारा ३७ जिल्लामा गरिएको कारागार अनुगमन प्रतिवेदनले कारागारमा कैदी/बन्दीलाई एकै ठाउँमा राखिएको, क्षमताभन्दा करिब २ गुणा बढी कैदी/थुनुवा रहेको औल्याएको छ। कारागार कक्षको आकार, क्षमता, सङ्ख्या, हावा प्रवेशको अवस्था, पानी चुहिने/नचुहिने, सरसफाइ, सुरक्षा अवस्थालगायतका सूचकाङ्क तयार गरी अनुगमन भएको थियो। क्षमता ३ हजार ८ सय ६० रहेकामा अनुगमन गरिएका जिल्लाका कारागारमा कैदी/थुनुवाको सङ्ख्या ७ हजार २ सय ४३ थियो। अदालतभन्दा टाढा कैदी/थुनुवा राख्दा सुनुवाइका लागि अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित गराउन, आफन्त र कानुन व्यवसायीसँग भेटघाट गर्न कठिन भएको प्रतिवेदनमा उल्लेख छ।

३७ जिल्लाका ५२ प्रहरी कार्यालय र कसरास्थित चितवन राष्ट्रिय निकुञ्ज गरी ५३ हिरासत कक्षको अनुगमन प्रतिवेदनअनुसार अधिकांशमा हावा, प्रकाश, घामको अवस्था सामान्य रहेको, भेन्टिलेसन जस्ता साना भ्याल रहेको, धेरैजसोमा चर्पी, नुहाउने कक्ष अपर्याप्त रहेको, सुत्ने खाट नभएको देखिन्छ। सवारी साधन अभावले अस्पतालमा उपचार गराउन लैजान र अदालतमा उपस्थित गराउन असहज भएको, स्वास्थ्यकर्मीको दरबन्दीबमोजिम जनशक्ति नहुँदा नियमित स्वास्थ्य परीक्षणमा समस्या रहेको र पर्याप्त औषधि नरहेको प्रतिवेदनमा उल्लेख छ।

आफन्त र कानुन व्यवसायीसँग परामर्श/भेटघाट गर्ने छुट्टै कक्ष नहुँदा कैदी/थुनुवाको गोपनीयताको संरक्षण हुन नसक्ने, सिपमूलक तालिम अभाव, शिक्षामूलक कार्यक्रम नभएको, ज्येष्ठ नागरिक ऐनबमोजिम कैद छूटबारे स्पष्ट नहुँदा त्यस्ता कैदीको कैद छूटको निर्णय हुन नसकेको देखिन्छ। कारागार प्रशासनमा क्रियाशील जनशक्तिको कानुनी उत्तरदायित्व धेरै भए पनि उत्प्रेरणाको अभाव, दरबन्दीबमोजिम कर्मचारी अभाव रहेकोसमेत प्रतिवेदनमा उल्लेख छ।[३५]

विगतको अनुपातमा यातनामा कमी आए पनि राष्ट्रिय मानव अधिकार आयोगमा प्रहरीबाट यातना दिएको भनी उजुरी दर्ता हुने गरेको राष्ट्रिय मानव अधिकार आयोगले आफ्नै प्रतिवेदनमा उल्लेख गरेको छ। बाँके जिल्ला अदालतबाट २०७६ वैशाख ८ गते साधारण तारिखमा रिहा भएका दानबहादुर फदेराको सम्बन्धमा निज र निजको परिवारका सदस्यलाई शारीरिक र मानसिक यातना नदिन र भविष्यमा यस्ता किसिमका घटना दोहोरिन नदिन मातहतका सबै प्रहरी कार्यालयलाई सचेत गराउन प्रहरी महानिरीक्षकलाई निर्देशन दियो।[३६]

यातनाविरुद्धको उजुरीमा स्वतन्त्र अनुगमन संयन्त्रसहित साक्षी र पीडितको सुरक्षाको प्रबन्ध भएको देखिँदैन। गिरफ्तार गर्दा र छाड्दाको अवस्थामा स्वास्थ्य परीक्षण अनिवार्यरूपमा हुन सकेको छैन। यातनाविरुद्धको समितिमा आवधिकरूपमा प्रतिवेदन पेश गर्न र समितिले औल्याएका सुझाव कार्यान्वयन हुन नसक्नु चुनौतीका रूपमा छ।[३७]

खाद्यान्नको अधिकार/खाद्य सुरक्षा

पौष्टिक आहारसहितको खाद्यान्नको अधिकार नै स्वस्थ जीवनको अधिकारसँग सम्बन्धित छ। खाद्यान्नको अधिकार प्रत्याभूतिका लागि उत्पादन, सञ्चय, भण्डारण र आपूर्ति व्यवस्थाका अतिरिक्त गुणस्तरीय खाद्य पदार्थ खरिद गर्नका लागि उपभोक्ताको तिर्न सक्ने क्षमता वृद्धि हुन अपरिहार्य छ। जसका लागि रोजगारी प्रमुख आवश्यकताभित्र पर्छ। आफ्ना नागरिकलाई गुणस्तरीय पोषणयुक्त खाना, शारीरिक आवश्यकताअनुसारको क्यालोरीसहितको खाद्यान्न उपलब्ध गराउनु राज्यको दायित्व हो। विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रत्येक मानिसले २४ घण्टामा तीन पटक अनिवार्य खान पाउनुपर्छ। संयुक्त राष्ट्रसङ्घको कृषि तथा खाद्य सङ्गठन (एफएओ) का अनुसार दैनिक १८ सय क्यालोरीभन्दा कम शक्तिको खाद्य उपभोगको

३५. अन्नपूर्ण पोस्ट दैनिक, २०७६ कात्तिक २२ गते
३६. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ वैशाख ९ गतेको प्रेस विज्ञप्ती
३७. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. १५
३८. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१८, पृ. ११५

अवस्थालाई भोकमरी वा भोक भनिन्छ।[३८]

एक गैससले प्रकाशित गरेको विश्वव्यापी भोकमरीसम्बन्धी प्रतिवेदन २०१९ अनुसार भोकमरीबारे अध्ययन गरिएको ११७ मुलुकमध्ये नेपाल ७३ औँ स्थानमा छ । विश्वव्यापी भोकमरी सूचकाङ्कमा भोकलाई न्यून, मध्यम, गम्भीर, भयाबह, अति भयाबह गरी ५ वर्गमा विभाजन गरिएकामा २० देखि ३४.९ सम्मलाई गम्भीर श्रेणीमा राखेकामा नेपाल २०.८ अङ्कसहित गम्भीर श्रेणीमा परेको छ।

नेपाल पनि जलवायु परिवर्तनकै कारण खाद्य प्रणालीमा परेको असरले गम्भीर प्रकृतिको भोकमरीको स्थितिमा पुगेको हो । खाने मुख बढ्ने तर विभिन्न वातावरणीय र मानवीय कारण कृषि उत्पादन घट्ने अवस्थाले खाद्य सङ्कट चिन्ताजनकरूपमा बढाएको छ[३९]।

मौलिक हक कार्यान्वयनका लागि तर्जुमा भएको खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५ मा भोकमरी वा भोकमरीको जोखिममा रहेको व्यक्ति, परिवार, समुदाय र क्षेत्रको नियमितरूपमा पहिचान गरेर अभिलेख राख्ने, जोखिम नियन्त्रणका लागि आवश्यक पर्ने खाद्य सञ्चिति व्यवस्था गर्ने र भोकमरी जोखिम नियन्त्रणका लागि खाद्य वितरणको व्यवस्था गर्ने उल्लेख छ । तर यसको प्रभावकारी कार्यान्वयन भने भएको छैन।

कर्णाली प्रदेशका उच्च पहाडी र हिमाली क्षेत्रका करिब ७ प्रतिशत जनसङ्ख्या खाद्यान्नको उच्च जोखिममा रहेको प्रतिवेदन यस वर्षको सुरुमै सार्वजनिक भयो[४०]। त्यसैगरी २८ प्रतिशत जनसङ्ख्या खाद्य जोखिममा रहेको प्रतिवेदनमा उल्लेख छ । तराईमा सीमान्तकृत दलित मुसहर वर्ग खाद्य सङ्कटमा छन् भने स्थानीय जनतासँग पैसा, स्रोत/साधन र रोजगारी अभावका कारण खाद्य असुरक्षा देखिएको हो। सरकारी क्षेत्रबाट भएको सर्वेक्षणबाट खाद्य असुरक्षाको अवस्था देखिनुले सङ्घ, प्रदेश र स्थानीय तहका तीनै सरकार खाद्य सुरक्षा कार्यक्रमसहित कार्यान्वयनमा लाग्नुपर्ने देखिन्छ।

खाद्य असुरक्षाको पहिलो सिकार सीमान्तकृत समुदाय, गरिब किसान, चेपाङ, राउटे, दलित, मुसहर, वादी, हलिया, बोटेलगायत भूमिहीन समुदायका नागरिकका लागि राज्यले यस वर्ष पनि दीर्घकालीन नीति, योजना र बजेटसहित प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सकेको पाइएन।

नेपालमा अझै पनि करिब ६० प्रतिशतभन्दा बढी नेपाली कृषि कार्यमा प्रत्यक्ष र परोक्षरूपमा संलग्न रहेका तथ्याङ्क छ। विश्व खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार जलवायु परिवर्तनले निम्त्याएको सबैभन्दा ठूलो चुनौती भनेको खाद्य सङ्कट नै हो । स्थानीय विशेषता रहेका अन्न बाली बिस्तारै उत्पादन हुन छाड्नु, अत्यधिक विषादीको प्रयोगले उत्पादनशील माटोको क्षमतामा ह्रास आउनु र बिस्तारै रैथाने बीउविजन लोप हुँदै जानु खाद्यान्न व्यवस्थापनको चुनौती हो । सरकारी नीति कृषिकेन्द्रित नहुनु, कृषि शिक्षामा विद्यार्थीलाई प्रोत्साहन नहुनु र आकर्षित गर्न नसक्नु प्रमुख चुनौती देखिन्छ। उत्पादनशील जमिनमा माटोको उचित प्रयोग गर्न सक्ने प्रविधि, सिप र पुँजीको प्रयोग गरिनुपर्छ । कृषि उत्पादक र उपभोक्ताबीच पारदर्शी सम्बन्ध कायम गर्दै सिँचाइको सरल सुविधा र बजार व्यवस्थापनबाट खाद्य सुरक्षासहित खाद्यान्नको अधिकार प्रत्याभूति हुन्छ। अर्थात खाद्य सुरक्षाका लागि अनिवार्य मानिएका ४ आयाम– खाद्यको भौतिक अवस्था, खाद्यमा भौतिक तथा आर्थिक पहुँच, पर्याप्त खाद्यको उपयोग र स्थिरता अझै पनि सुनिश्चित हुन सकेको छैन[४१]।

यस वर्ष दैनिक उपभोग्य वस्तुको मूल्य आकासिएको छ जसको प्रत्यक्ष प्रभाव सर्वसाधारणको भान्सामा पर्न गएको छ। नेपाल खुद्रा व्यापार सङ्घका अनुसार दाल, गेडागुडी, तेल, चामल, आटा, चिनीलगायत मसलाजन्य वस्तुको मूल्य अत्यधिक बढ्यो तर सरकारका नियमनकारी निकायको बजार अनुगमन औपचारिकतामा सीमित छ[४२]। दैनिक उपभोग्य वस्तुको मूल्य विश्लेषण गर्ने सरकारको संयन्त्र नबन्दा बजारमा उत्पादन उद्योग र व्यापारीको मनोमानी बढेको छ। जतिसुकै ठूलो खाद्यान्न मिसावट, कालो बजारी जस्ता अपराध गरे तापनि सामान्य जरिवानामात्रै गर्ने प्रचलनले बजारमा डरलाग्दो बेथिति बढेको छ। नेपाली बजारमा अधिकांश क्षेत्रमा उपभोक्ता ठगिएका छन् । महँगी नियन्त्रणमा सङ्घ, प्रदेश र स्थानीय गरी तीनै

३९. भोकमरीको जोखिममा नेपाल, हिमाल खबर पत्रिका, २०७६ पुस
४०. कान्तिपुर राष्ट्रिय दैनिक, २०७५ पुस १६ गते
४१. हाम्रो पात्रो, २०७६ असोज २९ गते
४२. गोरखापत्र दैनिक, २०७६ पुस २२ गते

तहका सरकार जिम्मेवार हुन सकेका छैनन् । आमउपभोक्ताको संविधानप्रदत्त मौलिक हक[४३] हनन् भइरहेको छ।

शिक्षाको अधिकार

सर्वसुलभ गुणस्तरीय शिक्षा पाउनु नागरिकको नैसर्गिक अधिकारको विषयभित्र पर्छ । संविधानको मौलिक हकमा स्थापित शिक्षासम्बन्धी हकलाई कानुनले समेत सुनिश्चितता प्रदान गरेको छ। संविधानप्रदत्त हक कार्यान्वयनका लागि सरकारले नीति, योजना, बजेट कार्यक्रमसमेत ल्याएको छ। शिक्षासम्बन्धी व्यवस्था तीनै तहका सरकारको दायित्व हुन्छ[४४]। हरेक वर्षझैं यस वर्ष पनि सरकारले विद्यालय भर्ना अभियानलाई निरन्तरता दियो। यस वर्ष राष्ट्रिय शिक्षा नीति २०७६ समेत जारी गऱ्यो[४५]। शिक्षाको अधिकारलाई सुनिश्चित गर्न प्रदेश नं. ३ सरकारले प्रदेशअन्तर्गतका ११९ वटा स्थानीय तहका २२१ विद्यालयमा एक विद्यालय एक नर्सन्न कार्यक्रम आ.व. २०७६/०७७ बाट लागु गऱ्यो र विद्यालय नर्स कार्यक्रम तर्जुमा गऱ्यो[४६] । विद्यार्थीलाई स्वास्थ्य उपचार, स्वास्थ्यसम्बन्धी चेतना जागृत गराउने, स्वास्थ्य शिक्षाबारे चेतना विस्तारले विद्यालयमा छात्राको उपस्थिति बढ्ने देखिन्छ। त्यसैगरी सरकारले प्रत्येक विद्यालयमा निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रम जारी गऱ्यो। शिक्षामा सरकारले बजेट विनियोजन गरे तापनि सामुदायिक र निजी विद्यालयको गुणस्तरमा खाडल रहनु, सामुदायिक विद्यालयको शिक्षा गुणस्तरमा खासै सुधार हुन नसक्नु, विद्यार्थीलाई शारीरिक दण्ड/सजाय दिने प्रचलन कायमै देखिन्छ।

दिगो विकास लक्ष्यलाई शिक्षासम्बन्धी नीति योजनामा तालमेल गर्दै प्राथमिकतामा राख्न सकेको छैन । सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ गरेबापत बढी शुल्क लिने गरेको पाइन्छ। मेडिकल कलेजहरूले तोकेभन्दा बढी शुल्क लिएका कारण यस वर्ष लामो समयसम्म विद्यार्थीले मेडिकल कलेज सञ्चालकहरूविरुद्ध आन्दोलन गरे । सरकारले तोकेभन्दा बढी शुल्क लिने मेडिकल कलेजका सञ्चालकले रकम फिर्ता नगरे ठगी मुद्दा चलाउन शिक्षा मन्त्रालयले निर्देशन दियो। समग्रमा शिक्षा सम्बन्धमा कानुनी र संरचनागत व्यवस्था राम्रो भए पनि गुणस्तरीय शिक्षाका लागि तीनै तहका सरकार र सरोकारवालाको सक्रिय भूमिका अपरिहार्य छ।

सामुदायिक विद्यालयको प्रभावकारी अनुगमन नहुनु, सार्वजनिक पदाधिकारीमा जवाफदेहिताको कमी आदि कारणबाट अभिभावकको आकर्षण निजी विद्यालयतर्फ बढ्दो छ। निजी र सामुदायिक विद्यालयमा २ खालका जनशक्ति उत्पादन हुने भएका कारण शिक्षामा विभेद बढ्दै गएको देखिन्छ । सीमान्तकृत वर्गका बालबालिका, द्वन्द्वपीडित, असहाय, सडक बालबालिका, दलित र पिछडिएका वर्गका बालबालिका शिक्षाको पहुँचबाट अझै बाहिर रहेकाले सरकारले विशेष पहल गर्नु आवश्यक छ।

स्वास्थ्य अधिकार

नेपाल सरकारले स्वास्थ्यसम्बन्धी विषय सम्बोधन गर्न एक राष्ट्रिय स्वास्थ्य नीति २०७५ स्वीकृत गर्ने निर्णय गऱ्यो। त्यसैगरी स्वास्थ्य रणनीति २०७६ समेत स्वीकृत गर्ने निर्णय गऱ्यो[४७]। नेपाल सरकारले क्यान्सर, मिर्गौला, अल्जाइमर्सलगायत रोगका कारण पीडितहरूका लागि स्वास्थ्य उपचारमा सहुलियत दिने व्यवस्थालाई यस वर्ष पनि निरन्तरता दियो। बाल मृत्यु दर र मातृ मृत्यु दर घटाउने तथा पोषणसम्बन्धी चेतना विस्तार तथा भिटामिन ए, पोलियो थोपा खुवाउने कार्यक्रम निरन्तर भए।

यस वर्ष देशका ५८ वटा जिल्लामा महामारीका रूपमा फैलिएको डेंगु लामखुट्टेबाट प्रभावितहरूका लागि समयमै रोकथाम हुन सकेन। डेंगु नियन्त्रणका लागि भएका प्रयास असफल भए। सङ्क्रमण विस्तारको तुलनामा नियन्त्रण प्रयास प्रभावहीन रहयो । रोग नियन्त्रणका लागि खट्नुपर्ने जिम्मेवार निकायमा जनशक्ति नै नरहेकाले रोग नियन्त्रणमा समस्या रहयो[४८] । आमनागरिकको स्वास्थ्यसँग सरोकार राख्ने पिउने पानी र सरसफाइका लागि नेपाल सरकारले यसै वर्ष नेपाल खुला दिशामुक्त देश घोषणा गऱ्यो[४९]। पर्याप्त स्वच्छ र शुद्ध पिउने पानी, शौचालयको अभावमै घोषणा

४३. नेपालको संविधान (२०७२) धारा ४४
४४. नेपालको संविधान (२०७२) को अनुसूची ९
४५. शिक्षा नीति २०७६, नेपाल सरकारको २०७६ कात्तिक १८ गतेको निर्णयबाट स्वीकृत
४६. गोरखापत्र दैनिक, २०७६ साउन ३२ गते
४७. नेपाल सरकारको २०७६ पुस १५ गतेको निर्णय
४८. कान्तिपुर दैनिक, २०७६ भदौ ८ गते

गरेको कार्यक्रम घोषणामै सीमित रहेको पाइन्छ। वि.सं. २०६८ देखि सुरु भएको खुला दिशामुक्त घोषणा कार्यक्रमबाट ५९ लाख चर्पी निर्माण भएको छ। तर परम्परादेखि चलिआएको आनिबानी, पहाडी भेगमा भूकम्पपछि पानीको मूल सुकेको र शहरी क्षेत्रमा पानीको चरम अभाव रहेका कारण सरकारको घोषणा कार्यान्वयनमा चुनौती छ। तथापि सरकारी घोषणाले नागरिकको स्वास्थ्य अधिकारका लागि दिगो विकास लक्ष्यमध्ये एक लक्ष्य पूरा भएको छ भन्न सकिन्छ।

आवासको अधिकार

आवासको अधिकार हरेक व्यक्तिको सुरक्षा, स्वास्थ्य, गोपनीयता र मर्यादासँग सम्बन्धित हुन्छ। यस अधिकारलाई नेपालको संविधानले मौलिक हकअन्तर्गत समावेश गरेको छ[५०]। आवासको अधिकारबाट वञ्चित दलितलाई कानुन बमोजिम बसोबास व्यवस्था गर्ने[५१] व्यवस्था यस वर्ष पनि कार्यान्वयन भएको पाइएन।

नेपालमा भूमिको न्यायोचित वितरण नभएका कारण भूमिहीनहरू आवासको अधिकारबाट वञ्चित छन्। यस वर्ष तराई र पहाडी क्षेत्रमा अविरल वर्षासँगै आएको बाढी, पहिरो र डुबानमा कारण १० हजार ३ सय ८५ घर विस्थापित भए[५२]। सरकारले प्रभावित व्यक्तिको आवास तयार गर्ने जिम्मा नेपाली सेनालाई दियो। त्यसैगरी २०७६ जेठ २३ गते बेलुका आएको भीषण हावाहुरीबाट प्रभावित व्यक्तिलाई नेपाल सरकारले राहत उपलब्ध गराउने निर्णय गऱ्यो[५३]। प्रदेश नं. २ मा आवासविहीनहरूका लागि जनता आवास कार्यक्रम सञ्चालन भए पनि प्रभावकारी कार्यान्वयन भएको पाइएन। आर्थिकरूपमा विपन्न, लोपोन्मुख र लक्षित वर्गका नागरिकलाई शौचालयसहित २ कोठाको घर पाउने आशा रहेकामा अझै पूरा नभएको प्रभावितको गुनासो रह्यो।[५४]

कर्णाली प्रदेश सरकारले यस वर्षको सुरुमै कर्णालीमा एकीकृत बस्ती बसाउन योजना कार्यान्वयन गर्ने कार्यविधि २०७५ जारी गऱ्यो। कर्णालीका विकट क्षेत्रमा छरिएर रहेका बस्ती प्राकृतिक विपद् जोखिममा रहेका र घरबार नभएका व्यक्तिलाई सुरक्षित आवास गरिने योजना रहेको पाइन्छ।[५५]

प्रवासी कामदारको अधिकार

नेपाली अर्थतन्त्रको ठूलो हिस्सामा नेपालबाट अन्य गन्तव्य मुलुकमा गई काम गर्ने प्रवासी कामदारले योगदान पुऱ्याएका छन्। आप्रवासी कामदार र तिनका परिवारको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९० को पक्ष राष्ट्र नभए तापनि नेपाली नागरिकका अधिकार विशेष प्राथमिकतामा रहनु अपरिहार्य छ। नेपाल सरकारले आप्रवासी कामदारले वैदेशिक रोजगारबाट सिकेका ज्ञान, सिप, प्रविधि र रेमिट्यान्समार्फत देश विकासमा योगदान पुग्ने नीति लिएको छ।

नेपालबाट वैदेशिक रोजगारमा जाने अभ्यास हेर्दा संस्थागत र व्यक्तिगतरूपमा रहेको देखिन्छ। संस्थागत श्रम स्वीकृतिका आधारमा तेस्रो मुलुकमा जाने सङ्ख्या उल्लेख छ भने व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने व्यक्ति आफैँ वा आफन्तमार्फत काम खोजी गरी व्यक्तिगत श्रम स्वीकृति लिइ जाने प्रचलन पनि देखिन्छ। त्यसैगरी खुला सिमानाको प्रयोग गरी भारत जानेको सङ्ख्या पनि ठूलो छ। मुलुकको आर्थिक विकासमा आप्रवासी कामदारहरूबाट ठूलो टेवा पुग्न गए पनि कामदार र तिनका परिवारको मानव अधिकारमा सरकारको ठोस ध्यान पुग्न गएको छैन। कामदार छनोट प्रक्रियादेखि कामदारका रूपमा जाने मुलुकसम्म कामदारहरू ठगिएको पाइन्छ। विज्ञापनमा आकर्षक काम, तलवका विषय रहे पनि रोजगारदाता मुलुकमा ठीक विपरित भएको पाइन्छ। राष्ट्रिय मानव अधिकार आयोगले यस वर्ष मलेसियाको मानव अधिकार आयोगसँग आप्रवासी कामदारको अधिकार संरक्षणसम्बन्धी संझौता गऱ्यो[५६]। त्यसैगरी आप्रवासी

४९. गोरखापत्र दैनिक, २०७६ असोज १३ गते
५०. नेपालको संविधान (२०७२) को धारा ३७ को उपधारा (१)
५१. ऐ.ऐ. धारा ४० को उपधारा (६)
५२. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६ असार २९ गतेको निर्णय
५३. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६ जेठ २९ गतेको निर्णय
५४. बीबीसी नेपाली सेवा, हाम्रो पात्रो, २०७६ असोज १३ गते
५५. कान्तिपुर राष्ट्रिय दैनिक, २०७५ पुस १७ गते
५६. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ कात्तिक २८ गतेको प्रेस विज्ञप्ति

कामदारका अधिकार संरक्षण सम्बन्धमा नेपाल सरकारलाई २६ बुँदे सिफारिससमेत गऱ्यो।[५६]

बालबालिकाको अधिकार

नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाले ओगटेका छन्। संविधानले मौलिक हकमै बालबालिकाको हकलाई संरक्षण गरेको छ[५८]। संविधान, ऐन, नीति, नियममा बाल अधिकारको उत्कृष्ट व्यवस्था भए पनि व्यवहारमा पूर्ण प्रत्याभूति हुन सकेको छैन। गरिबी, अशिक्षा, भौगोलिक विकटता आदि कारणले विद्यालयको पहुँचबाहिर रहने, विद्यालय छाड्ने जस्ता कारणबाट बाल अधिकारको संरक्षण हुन सकेको छैन। बालबालिकामध्ये पनि सीमान्तकृत वर्गका बालबालिकाको र बालकमध्ये बालिकाको अवस्था थप दयनीय देखिन्छ। सङ्घीयताको मुख्य मर्म नै स्थानीय समस्या, स्थानीय उपचार, स्थानीय स्रोत र स्थानीय समृद्धि हो। त्यसै मान्यताअनुरूप प्रदेश सरकारले विशेष कार्यक्रम घोषणासमेत गरेका छन्। प्रदेश नं. २ सरकारले 'मुख्य मन्त्री बेटी पढाउँ, बेटी बचाउँ' कार्यक्रम सञ्चालन निर्देशिका २०७५ अन्तर्गत छोरी शिक्षा, बिमा, साइकल वितरण, सामुदायिक विद्यालयमा छात्रामैत्री शौचालय निर्माण जस्ता कार्यक्रम ल्यायो।[५९]

कर्णाली प्रदेशले यसै वर्षदेखि छोरी सुरक्षा कार्यक्रम सुरु गऱ्यो। कार्यक्रमअनुसार २०७६ साउन १ वा त्यसपछि जन्मेका कर्णाली प्रदेशका सबै छोरीको बैङ्क खाता खोली कार्यक्रम कार्यान्वयनमा ल्याइने जनाएको छ[६०]। कर्णाली प्रदेश सरकारले छोरीमाथि हुने विभेद, बालबालिका न्यूनीकरण र उच्च शिक्षाको ग्यारेन्टी गर्ने दीर्घकालीन उद्देश्यसाथ छोरीका नाउमा बैङ्क खाता खोली प्रत्येक महिना ५ सय रुपियाँका दरले जम्मा गरिदिने कार्यक्रम लागु गऱ्यो। यस्ता कार्यक्रमले छोरीलाई आत्मनिर्भर बनाउन, सबैखाले हिंसाबाट मुक्त गर्न, शिक्षाको अधिकार सुनिश्चित गर्न मद्दत पुग्ने देखिन्छ[६१]।

भ्रुणको लिङ्ग पहिचान गरी गर्भपतन गर्ने, छोरीहरूलाई परिवारमै विभेद गर्ने जस्ता कारणले कतिपय परिवारमा छोरीहरू गर्भैदेखि प्रताडित हुँदैछन्। यसो हुनुमा प्रचलित सामाजिक/सांस्कृतिक मूल्य/मान्यता, स्थापित मानसिकता, विपन्नता, भ्रम र अशिक्षा प्रमुख कारण छन्। युनिसेफका अनुसार विगत २ दशकमा नेपालले महिला तथा बालबालिकाको स्वास्थ्य सुधारमा उल्लेख्य प्रगति हासिल गरेको छ। पोलियोमुक्त देश घोषणा, मातृ स्वास्थ्य सुधारमा देखाएको प्रतिबद्धता र प्रगति, बालमृत्यु दरमा न्यूनीकरण गर्न सफल भएको उल्लेख गरेको छ[६२]।

बालबालिकामाथि यौनजन्य हिंसा, बलात्कार, सडक बालबालिका, छाउपडी, बाल विवाह जस्ता हिंसा भने कायमै छ। अल्पसङ्ख्यक, सीमान्तकृत वर्ग र दलित समुदायका बालबालिका थप जोखिममा रहेका देखिएको छ। घर/परिवार र विद्यालयमा बालबालिकामाथि हुने शारीरिक दण्ड/सजाय पनि बाल अधिकार संरक्षणमा चुनौतीमा रूपमा रहे[६३]। यस वर्ष नेपाल सरकारले केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिको चल/अचल सम्पत्ति, दायित्व र कर्मचारी राष्ट्रिय बाल अधिकार परिषद् र स्थानीय बाल अधिकार समितिमा हस्तान्तरण गऱ्यो[६४]।

महिला अधिकार

नेपालको संविधान र कानुनले महिलालाई विभेद नगरे तापनि सम्पत्ति, स्वास्थ्य र शिक्षामा महिला पहुँच पुग्न सकेको छैन। अझ ग्रामीण महिलाको अवस्था थप दयनीय छ। ग्रामीण अर्थव्यवस्थाको विकासका लागि समेत ग्रामीण महिलाको महत्त्वपूर्ण योगदान हुन्छ। खासगरी अन्न बाली उत्पादन, पशु पालन, घरेलु श्रमको व्यवस्थापन, जल र खाद्य व्यवस्थापनमा महिलाको ठूलो योगदान छ। घर/परिवारमा रहेका बालबालिका, ज्येष्ठ नागरिक, बिरामीको स्याहारमा सबैभन्दा ठूलो जिम्मेवारी महिलाले नै सम्हालेका छन्। नेपालमा शहरी क्षेत्रमा मात्र नभई गाउँघरमा सञ्चालन

५६. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. ३९३
५८. नेपालको संविधान (२०७२) को धारा ३९
५९. कान्तिपुर राष्ट्रिय दैनिक, २०७६ पुस ४ गते
६०. कर्णाली प्रदेशको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम
६१. कान्तिपुर राष्ट्रिय दैनिक, २०७६ पुस २ गते
६२. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. २६
६३. ऐ.ऐ. पृ. २७
६४. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६ असार २९ गतेको निर्णय

हुने ससाना विकास निर्माणका योजनासमेत उपभोक्ता समितिमार्फत महिलालाई अनिवार्य सहभागिता गराउनुपर्ने नीतिगत व्यवस्थाले ग्रामीण महिलामा थप जागरुकता ल्याएको छ[६५]।

राज्यका निकायमा महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व जुनरूपमा उत्साहजनक छ त्यही झल्को राजनीतिक दलहरूमा भने पाइँदैन। ती दलको उपल्ला पदहरूमा त महिला छँदै छैनन् भने पनि हुन्छ। महिला नेतृत्वको प्रणालीबद्ध र दिगो विकासका लागि राजनीतिक दलहरू आफैँ पनि समावेशी बन्नुपर्ने हुन्छ। समावेशी मुलुकको परिकल्पनाअनुरूप संविधानले संसद्मा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गऱ्यो। फलस्वरूप सङ्घीय संसद् र प्रदेश सभामा समेत एक तिहाइ महिला सांसद छन् भने स्थानीय तहमा पनि ४१ प्रतिशत जनप्रतिनिधि महिला छन् । तर मन्त्रिपरिषद्देखि राज्यका कतिपय, संयन्त्रमा महिलाको सङ्ख्या अझै कम छ । संविधान र कानुनले नै बाध्यकारी नबनाएका ठाउँमा महिलाको पहुँच न्यून छ।

राजनीतिक दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ भन्ने व्यवस्था छ[६६]। त्यसैगरी राजनीतिक दलका सबै तहको समितिमा कम्तीमा एक तिहाइ महिला सदस्य हुनुपर्ने कानुनी व्यवस्था[६७] छ। प्रमुख दलहरू नेकपा, नेपाली कङ्ग्रेस, समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीको आन्तरिक संरचना केन्द्रीय समितिमा क्रमशः १७ प्रतिशत, २० प्रतिशत, १२ प्रतिशत र १६.३ प्रतिशतमात्र प्रतिनिधित्व छ[६८] । रजिस्ट्रेसन गर्दा महिलालाई रजिस्ट्रेसन शुल्कमा छूट दिने सरकारी नीतिका कारण महिलाको सम्पत्तिसम्बन्धी हकमा भने वृद्धि भएको छ।

महिला हिंसातर्फ बलात्कारका घटना बढ्दै गएका पाइन्छ। विगत ३ वर्षको अवस्था तुलना गर्दा आ.व. २०७३/०७४, २०७४/०७५ र २०७५/०७६ मा क्रमशः १,१३१, १,४८० र २,२३२ घटना अभिलेख भए[६९]। पीडितमा पहिले जसरी इज्जत जाला, थप पीडा होला भन्ने डर कम हुँदै गएको छ। हिंसाका प्रकृति फेरिएका छन्। जसले गर्दा घटना पनि बढेका छन्। सरकारले यसै वर्ष राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७६ स्वीकृत गऱ्यो।

असामाजिक कुरीति, व्यवहारतः विभेद, शोषण, अन्याय र बहिष्करणको बढी मार महिलाले खेप्नुपरेको छ । दाइजो, बाल विवाह, कुटपिट, घरेलु हिंसा, बलात्कारका घटना निरन्तर सार्वजनिक भएका छन्[७०]। अतः लैङ्गिक हिंसा अन्त्यका लागि सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारबीच सहकार्य आवश्यक छ।

जातीय भेदभावविरुद्धको अधिकार

नेपालमा जातीय आधारमा गरिने विभेद र छुवाछूतलाई संविधानले निषेध गरी दण्डनीय बनाएको छ[७१]। तर व्यवहारमा भने शहरदेखि गाउँसम्म, देशदेखि विदेशसम्म जातीय भेदभाव र छुवाछूतजन्य कार्य भइरहेको पाइन्छ। सङ्घीय व्यवस्थापिका सांसददेखि स्थानीय तहका जनप्रतिनिधिसम्मले जातीय विभेद र छुवाछूतसम्बन्धी अपराधको सिकार बन्नुपरेको छ[७२]।

दलित भएकै कारण कोठा नपाएको, मन्दिरमा प्रवेश गरी पूजा गर्न नपाएको, सार्वजनिक धारा/इनारमा पानी भर्न नपाएको, अन्तरजातीय विवाह गर्दा ज्यानै गुमाउनुपर्ने, धम्की आइ मानसिक तनाव खेप्नुपर्ने, सरकारी निकायमा समेत भेदभाव रहेको, सामाजिक कार्य (विवाह व्रतवन्धलगायत भोज) मा दलित समुदायलाई प्रतिबन्ध गर्ने, सामाजिक सञ्जालमा जातका आधारमा अपमान गर्ने जस्ता समस्या भोग्नुपरेको राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन प्रतिवेदनमा उल्लेख गरेको छ। विद्यालयस्तरमा जनचेतना, स्थानीय तहबाट प्रभावकारी अनुगमन र दोषीलाई कानुनबमोजिम

६५. हाम्रो पात्रो, २०७६ असोज २८ गते
६६. नेपालको संविधान (२०७२) को धारा २६९
६७. राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा १५ को उपदफा (४)
६८. कान्तिपुर राष्ट्रिय दैनिक, सम्पादकीय, २०७६ मङ्सिर ३ गते
६९. कान्तिपुर राष्ट्रिय दैनिक, २०७६ भदौ १ गते
७०. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. २५
७१. नेपालको संविधान (२०७२) को धारा २४
७२. जातीय भेदभाव तथा छुवाछूतविरुद्धको अधिकारको अवस्था अनुगमन प्रतिवेदन २०७६, पृ. ४९, राष्ट्रिय मानव अधिकार आयोग

दण्ड/सजाय गरी त्यसको व्यापक प्रचार/प्रसारले नै जातीय आधारमा हुने विभेद न्यूनीकरणमा योगदान पुऱ्याउन सक्छ।

प्राकृतिक प्रकोप

पृथ्वीको हरेक कुना अनि समग्र भूगोल नै विभिन्न प्राकृतिक प्रकोपको संभाव्य जोखिममा हुन्छ। अझ जलवायु परिवर्तन, मानवीय क्रियाकलाप, प्राकृतिक सम्पदाको जथाभावी प्रयोगले प्राकृतिक प्रकोपको जोखिम नेपालमा बढ्दै गएको छ। यस वर्ष पहाड, तराईमा भएको अविरल वर्षासँगै आएको बाढी, पहिरो र डुवानका कारण जन/धनको क्षति, यातायात सञ्चार र विद्युत् सेवा अवरुद्ध भई जनजीवन नै प्रभावित भयो। जसको कारण ५१ जनाको मृत्यु, ३१ जना बेपत्ता, २८ जना घाइते र १० हजार ३ सय ८५ घर बिस्थापित हुन पुगे। ठूलो मात्रामा क्षति भएको हुँदा नेपाल सरकारले तत्काल उद्धार, हेरचाह गर्ने, राहत उपलब्ध गराउने, अस्पताल तथा स्वास्थ्य संस्थामा पुऱ्याउने, तत्काल अत्यावश्यक राहत उपलब्ध गराउने, रोगको प्रकोप फैलिन नदिन औषधि उपकरणसहित थप स्वास्थ्यकर्मी टोली परिचालन गराउनेलगायत निर्णय गऱ्यो[६३]।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समन्वयमा राहत, उद्धार कार्य भएका छन्। यस वर्ष पनि विगत वर्षमा झैं तराई मधेसमा शीतलहर चल्नुपूर्व नै न्यानो कपडा वितरण गर्ने, दाउरा वितरण गर्ने जस्ता सावधानी अपनाउने कार्यमा सरकारले प्रभावकारी पहल लिन सकेनन्[६४]। २०७५ चैत १७ गते साँझ आएको हावाहुरीसहितको चक्रपात तथा असिना पानीका कारण बारा र पर्सा जिल्लाको विभिन्न स्थानमा घर उजाड तथा क्षति भएको घरका पुनर्स्थापना र पुननिर्माण कार्य नेपाल सरकारले गर्ने र वर्षायाम सुरु हुनुअगावै विपद् प्रभावितहरूको क्षतिग्रस्त एवं उजाड भएका घरको पुननिर्माणको जिम्मा नेपाली सेनालाई दिने निर्णय गऱ्यो[६५]। नेपाल सरकारले राहत, क्षतिपूर्ति उपलब्ध गराए तापनि प्रकोप नियन्त्रण सिप र जानकारी कमीका कारण थप हानि भएको पाइन्छ। तसर्थ पूर्वतयारीको प्रभावकारिता, प्राकृतिक प्रकोप थाम्न सक्ने भौतिक संरचना बनाउनु र आउँदो पुस्तालाई पूर्वतयारीबारे सजग गराउनु आवश्यक छ।

भूकम्प प्रभावितका सवाल

नेपाल विश्वका क्षति भूकम्पीय जोखिम भएका मुलुकमध्ये ११ औं स्थानमा पर्छ। वि.सं. २०७२ वैशाख १२ गते भूकम्पबाट ८ हजार ७ सय ९० जनाको मृत्यु भएको छ भने २२ हजार ३ सय घाइते भएका छन्। करिव ८० लाख जनसङ्ख्या अर्थात मूल जनसङ्ख्याको एक तिहाइ भूकम्पले प्रभावित भएका छन्[६६]।

कुल लाभग्राही सङ्ख्या ८ लाख १० हजार ६ सय ९० रहेकामा अनुदान संझौता सम्पन्न सङ्ख्या ७ लाख २२ हजार १ सय १ रहेका[६७] मा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले यस वर्ष ४२ हजार ७ सय ४२ गुनासो सम्बोधन सम्पन्न गरी ४ हजार ६ सय ४४ पुनर्निर्माण लाभग्राही थप गरेको छ । प्राधिकारण कार्यकारी समितिको बैठकले छूट तथा पुनः जाँच सर्भेक्षणबाट प्राप्त गुनासो विश्लेषणपछि ती भूकम्प प्रभावितलाई लाभग्राही कायम गरेको हो। प्राधिकरणले ४ सय १० जनालाई सम्भावित लाभग्राही र २ हजार ६ सय ९ जनालाई प्रबलीकरण लाभग्राही कायम गरेको छ। छूट तथा पुनः जाँच सर्भेक्षणअन्तर्गत दर्ता भएका बाँकी गुनासोको प्राधिकरण केन्द्रीय कार्यालयमा खटिएका ४ दर्जन इन्जिनियरले विश्लेषण गरिरहेका छन्। त्यसैगरी रसुवामा एउटा र मकवानपुरमा दुइवटा एकीकृत बस्ती विकासको प्रारम्भिक योजना स्वीकृत गरेको छ। प्राधिकरणले एकीकृत बस्तीमा भौतिक पूर्वाधारका लागि अलग्गै प्रतिघरका दरले रकम उपलब्ध गराउँछ। प्राधिकरणले हिमाली जिल्लामा बन्ने एकीकृत बस्तीका लागि प्रतिघर ५ लाख, पहाडी जिल्लामा बन्ने बस्तीका लागि ४ लाख र तराई जिल्लामा बन्ने बस्तीका लागि प्रतिघर ३ लाखका दरले एकमुष्ठ रकम उपलब्ध गराउने निर्णय गऱ्यो[६८]। प्राधिकरणले निजी आवासको पुनर्निर्माणलाई सबैभन्दा केन्द्रविन्दुमा राख्यो भने निजी आवास पुनर्निर्माणमा समग्रमा ८० प्रतिशत उपलब्धि हासिल भएको छ।

६३. नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६ असार २९ गतेको निर्णय
६४. नागरिक दैनिक, २०७६ पुस ३ गते, सम्पादकीय
६५. नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ चैत २१ गतेको निर्णय
६६. नेपाल भूकम्प २०१५, विपद्पछिको आवश्यकता आकलन पृ. ५ राष्ट्रिय योजना आयोग, काठमाडौं २०१५
६७. नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९, पृ. ६१, इन्सेक, काठमाडौं
६८. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको २०७६ मङ्सिर १६ गतेको प्रेस विज्ञप्ति

अर्थात अनुदान संभौता गरेका ७,६२,३०७ घर/परिवारमध्ये ६,१२,९३५ घर/परिवार पुनर्निर्माणको प्रक्रियामा रहेको जसमध्ये ५० प्रतिशत अर्थात ३,२८,२७७ परिवारले घर पुनर्निर्माण सम्पन्न गरेका र ३० प्रतिशत अर्थात २,३०,६५८ परिवार घर पुनर्निर्माण क्रममा रहेका[७९] प्राधिकरणले जानकारी गरायो।

२०७२ को भूकम्पपछि खुला ठाउँको थप आवश्यकता महसुस भयो । सरकारले काठमाडौँ उपत्यकाको दीर्घकालीन विकासका लागि कार्ययोजना जारी गरी प्रत्येक वडामा कम्तीमा ५ प्रतिशत जग्गा खुला क्षेत्र राख्न भन्यो। तर उक्त कार्ययोजना कागजमै सीमित रहयो । विश्व स्वास्थ्य सङ्गठनले प्रतिव्यक्ति ९ वर्ग मिटर खुला क्षेत्र हुनुपर्ने मापदण्ड तोकेको छ । तर काठमाडौँ महानगरका अनुसार यहाँ प्रतिव्यक्ति ०.२५ वर्ग मिटर मात्रै खुला ठाउँ छ। अरु शहरको हालत पनि उस्तै छ। योजनाबिनै नगर र बस्ती बढिरहेका छन्। यस कारण भूकम्प जस्तो प्राकृतिक प्रकोपबाट सरोकारवाला र सरकारी निकायले शिक्षा लिएका पाइएन[८०]।

ज्येष्ठ नागरिकको अधिकार

ज्येष्ठ नागरिकलाई परिवार, समाज र राष्ट्रकै ज्ञानको खानी भनिन्छ । तर वर्षौंको ज्ञान र सिपलाई राज्यले सदुपयोग गर्न सकेको छैन। ज्येष्ठ नागरिकलाई मर्यादितरूपमा बाँच्न पाउने र सामाजिक सुरक्षाको हकलाई संविधानका मौलिक हकमा समावेश गरेको छ[८१]। सरकारले यस वर्ष बजेटमार्फत सामाजिक सुरक्षा भत्ता ज्येष्ठ नागरिकलाई प्रतिमहिना ३ हजार उपलब्ध गराउने निर्णय गऱ्यो। सरकारले ज्येष्ठ नागरिकका लागि १ लाख बराबरको स्वास्थ्य बिमा निःशुल्क उपलब्ध गराउने भएको छ[८२] । त्यस्तै ज्येष्ठ नागरिकका लागि मनोरञ्जन तथा तोकिएका क्षेत्रमा विशेष छूट दिने सरकारी निर्णय भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन। राष्ट्रिय मानव अधिकार आयोगले ज्येष्ठ नागरिकको अवस्था अनुगमन गरी प्रतिवेदन प्रकाशन गऱ्यो।

त्यस्तै संसद्मा विचाराधीन ज्येष्ठ नागरिक विधेयकमा हुनुपर्ने सुधारका बारेमा सुझाव पेश गऱ्यो। ज्येष्ठ नागरिकका मानव अधिकार विषयमा सातै प्रदेशमा ६२ जिल्लामा अध्ययन गरी नेपाल सरकारलाई ७७ बुँदे सुझाव दियो । ज्येष्ठ नागरिकका मूल समस्यामा स्वास्थ्य, सम्पत्ति र परिवार रहेका निष्कर्षका साथ देशमा एउटा ज्येष्ठ नागरिक अस्पताल र प्रत्येक प्रदेशमा कम्तीमा एउटा अस्पतालमा साधन सम्पन्न जेरियाट्रिक वार्ड प्रबन्ध गर्न सरकारसँग माग गरेको छ[८३] ।

अपाङ्गता भएका व्यक्तिको अधिकार

नेपालमा अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क हेर्दा २०६८ सालको जनगणनाअनुसार जनसङ्ख्याको झण्डै २ प्रतिशत अर्थात ५ लाख १३ हजार छन् । सरोकारवाला भने यसलाई मान्न तयार छैनन्। राज्यले खोजी नगर्ने र परिवारमा लुकाउने प्रवृति छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार वास्तविक सङ्ख्या सरकारी आँकडाभन्दा ५ गुणा बढी छ। सही अभिलेख नै नहुँदा स्वाभाविकरूपमा ठूलो सङ्ख्या राज्यबाट उपलब्ध हुने सेवा/सुविधाबाट नै वञ्चित छ[८४]।

संविधानले अपाङ्गता भएका व्यक्तिहरूका हक स्थापित गरे पनि कार्यान्वयन पक्ष अत्यन्त फितलो छ। संविधानअनुरूप शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारीमा उनीहरू निकै पछि छाडिएका छन् । युनिसेफका अनुसार ५ देखि १२ वर्ष उमेरका अपाङ्गता भएका एकतिहाइ बालबालिका विद्यालयबाहिर छन्। त्यसको मुख्य कारण अपाङ्गमैत्री संरचना नै नहुनु हो। छात्रवृत्ति पनि सबै लक्षित वर्गले प्राप्त गरेका छैनन्।

सरकारी गणनामा परेका अपाङ्गता भएकामध्ये पनि आधाले मात्र परिचयपत्र पाएका छन्। अटिजम, बौद्धिक अपाङ्गता, पूर्ण अशक्त अपाङ्गता र अति अशक्त अपाङ्गता भएकाहरू निकै समस्यामा छन्। सरकारले तोकेको न्यूनतम सहायता रकम पाउनेहरू १ लाख २७ हजार ७ सय ४४ मात्रै छन्। सरकारले यसै आर्थिक वर्षदेखि पूर्ण अशक्त अपाङ्गता भएका रातो कार्डधारीलाई मासिक ३ हजार रुपियाँ र अति अशक्त अपाङ्गता भएका नीलो कार्डधारीलाई मासिक १ हजार ६ सय रुपियाँ भत्ता दिन्छ। सहायक सामग्री पनि हरेक

७९. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरवारको २०७६ वैशाख १० गतेको प्रेस विज्ञप्ति
८०. कान्तिपुर राष्ट्रिय दैनिक, भूकम्पको शिक्षा : खुला ठाउँ विषयक सम्पादकीय, २०७६
८१. नेपालको संविधान (२०७२) को धारा १८ को उपधारा ३ र धारा ४१
८२. नेपाल सरकारको बजेट वक्तव्य, २०७६ जेठ १५
८३. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ साउन २३ गते प्रेस विज्ञप्ति
८४. कान्तिपुर राष्ट्रिय दैनिक, सम्पादकीय, २०७६ मङ्सिर १९ गते

८ मध्ये १ जनाले मात्रै पाएका छन्[८५]।

अपाङ्गता भएका व्यक्तिका लागि पहुँच पहिलो चुनौती हो। राज्यले अपाङ्गता भएका सबै नागरिकको पहिचान गरी उनीहरूको अशक्तताअनुसारको सुविधा प्रदान गर्नुपर्छ। सार्वजनिक र निजी संरचना (सडक, भवन) अपाङ्गमैत्री हुनुपर्छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्नु प्रत्येक परिवार, समुदाय र राज्यको दायित्व हो। त्यसका लागि परिवारले अग्रसरता लिनैपर्छ। राज्य चाहिने भनेकै जोखिममा परेका नागरिकका लागि हो। गत वर्ष राष्ट्रिय मानव अधिकार आयोगले अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा नेपाल सरकारलाई गरेका सिफारिस यस वर्ष पनि कार्यान्वयन भएको पाइएन[८६]।

मिडिया सामाजिक सञ्जालसम्बन्धी प्रस्ताविक विधेयक र यसको प्रभाव

सरकारले यस वर्ष ल्याएको सूचना प्रविधि विधेयक संविधानप्रदत्त मौलिक हक विपरित भन्दै सरोकारवालाले आपत्ति जनाएका छन्। विधेयकमा रहेको सामाजिक सञ्जालमा कुनै व्यक्तिलाई निरन्तर जिस्काउने, होच्याउने, हतोत्साही गराउनेखालको विषय लेखिएको खण्डमा ५ वर्ष कारागार वा १५ लाख रुपियाँ जरिवाना वा दुवै सजाय हुन सक्ने प्रावधान छ। विधेयकमा भएको व्यवस्था जस्ताको तस्तै पारित भएमा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई समेत असर पर्ने भन्दै विज्ञहरूले यसलाई सच्याउन माग गरेका छन्। विधेयकले अभिव्यक्ति स्वतन्त्रतालाई सङ्कुचन गर्ने भन्दै मानव अधिकार आयोगले चिन्ता व्यक्त गरेको छ। विचार र अभिव्यक्ति स्वतन्त्रता संविधानप्रदत्त मौलिक हक भएकाले यसमा बन्देज लगाउँदा यसले प्राप्त गर्न खोजेको उद्देश्यसँग औचित्यपूर्ण सम्बन्ध रहेको हुनुपर्छ[८७]।

सरकारले यस वर्ष प्रस्ताव गरेका सूचना प्रविधि विधेयक, प्रेस काउन्सिल विधेयक र मानव अधिकार आयोगसँग सम्बन्धित विधेयकका प्रावधानहरू हेर्दा अभिव्यक्ति स्वतन्त्रतालाई बन्देज लगाउने, स्वतन्त्र न्यायपालिकाको मान्य सिद्धान्त प्रतिकूल सरकारबाट अदालत गठन गर्ने जस्ता प्रावधान रहेका देखिन्छ। सञ्चार माध्यमलाई नियमन गर्नका लागि प्रेस काउन्सिल रहेको हुँदा आचारसंहिताको उल्लङ्घन कसैले गरेमा प्रेस काउन्सिलले हेर्नुपर्ने हुन्छ जसरी कानुन व्यवसायी वा चिकित्सकले आचारसंहिता उल्लङ्घन गरेमा बार काउन्सिल र मेडिकल काउन्सिलले कारबाही गर्ने व्यवस्था छ। सूचना प्रविधि अदालत गठन गर्ने र सो अदालतमा कार्यपालिकाले नै मनोनयन गरेका व्यक्तिहरू पर्ने कुराले कार्यकारिणीको छायाँमा नै त्यो निकाय रहन्छ कि भन्ने त्रास छ। सरकारी निकायले नै अनुसन्धान गर्ने, मुद्दा दायर गर्ने र फैसला गर्नेसम्मको कार्य स्वतन्त्र न्यायपालिकाको अवधारणाप्रतिकूल हुने देखिन्छ।

भ्रष्टाचार नियन्त्रण र सुशासन

भ्रष्टाचार नियन्त्रण र सुशासनको मानव अधिकारसँग प्रत्यक्ष सम्बन्ध हुन्छ। विश्वमा भ्रष्टाचार हुने मुलुकमध्ये नेपाल सन् २०१७ मा १२२ औँ स्थानमाथि हो भने सन् २०१८ मा १२४ औँ मुलुक भएको छ। यसैगरी भ्रष्टाचार अवधारणा सूचकाङ्कमा कम्तीमा ५० अङ्कभन्दा माथि हुनुलाई सकारात्मक मानिन्छ। तर नेपालको यो अङ्क ३१ मात्र छ। यसलाई भ्रष्टाचार व्याप्त छ भन्ने अर्थमा लिइन्छ। यो सूचकाङ्कमा ५० भन्दा कमको औसत ४४ अङ्क निर्धारण गरिएको छ। त्यसअनुसार नेपाल औसतभन्दा निकै कम अङ्कमा सीमित छ। औसत ४४ भन्दा माथि भएको मुलुकलाई सुधारोन्मुख र त्योभन्दा कमलाई दयनीय अवस्थाका रूपमा बुझिन्छ।

भ्रष्टाचारमा शून्य सहनशीलताको मर्मसँगै पछिल्ला वर्षमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सक्रियता बढेको छ। आ.व. २०७५/०७६ मा गत आ.व.को तुलनामा ५ हजार उजुरी थपिएका छन्। नेपालको निर्वाचन पद्धति निकै महँगो भएकाले राजनीतिक तहमा नीतिगत भ्रष्टाचारमा सुधार हुन सकेको छैन। जवाफदेहिता, पारदर्शिता र सदाचारको अवस्था सन्तोषजनक नहुँदा नेपालको सुशासनको अवस्था चिन्ताजनक छ। सार्वजनिक सेवा प्रवाह निर्वाध गतिमा भएको अनुभूति नागरिकलाई हुन सकेको छैन। स्थानीय तहमा स्वार्थ बाझिने गरी काम हुँदा भ्रष्टाचार झन् बढेको छ[८८]।

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा जनप्रतिनिधिहरूले स्वकीय

८५. ऐ.ऐ.
८६. राष्ट्रिय मानव अधिकार आयोगको २०७५ चैत १५ गतेको प्रेस विज्ञप्ति
८७. ऐ.ऐ. २०७६ पुस १६ गतेको प्रेस विज्ञप्ति
८८. गोरखापत्र दैनिक, २०७६ मङ्सिर २३ गते

सचिव, सहयोगी र प्रेस सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन तर जनप्रतिनिधि भने आफ्ना छोरा/छोरी, नातागोता र पार्टी कार्यकर्तालाई नियुक्त गरी तलब/सुविधा खुवाइरहेका छन्[८९]। समग्रमा मूल्याङ्कन गर्दा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको अवस्थामा सुधार हुन सकेमा र नीतिगत तथा राजनीतिक तहमा हुने भ्रष्टाचार रोकथाम हुन सकेमा नै सुशासन र मानव अधिकार अवस्थामा सुधार आउने देखिन्छ।

उखु किसानका पीडा

लामो समयदेखि चिनी उद्योगबाट भुक्तानी नपाएका उखु किसानले यस वर्षको अन्त्यतिर आन्दोलन नै गरे। सरकारले २०७६ माघ ७ गतेसम्म भुक्तानीका लागि पहल गर्ने लिखित सम्झौता गरेपछि आन्दोलन स्थगित भयो । व्यापारमा इमान्दारिता नहुँदा सर्लाहीलगायत देशभरिका किसान मर्कामा परेका छन्। खेती/किसानीबाट हुने आम्दानीभन्दा कम लागतमा बढी आम्दानी हुने आशामा उखु किसानले गरेको लगानी चिनी उद्योगले भुक्तानी नगर्दा किसानले थप पीडा भोगेका हुन् । उद्योग मन्त्रालयको पहलमा गृह मन्त्रालयबाट उद्योग सञ्चालकलाई गिरफ्तार गर्न निर्देशन दिइएपछि भने सञ्चालकहरू किसानको बक्यौता रकम भुक्तानी गर्न सहमत भएका हुन्।

उखु खेतीमा निर्भर किसानले उखु बिक्रीबाट पाउनुपर्ने रकम लामो समयसम्म पाउन नसक्दा नागरिकको संविधानप्रदत्त सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने मौलिक हक कुण्ठित भएको पाइयो । संयुक्त राष्ट्रसङ्घको व्यवसाय र मानव अधिकारसम्बन्धी निर्देशक सिद्धान्त २०११ ले व्यावसायिक क्षेत्रको समेत मानव अधिकारको सम्मान, संरक्षण र उपचारमा जिम्मेवारी रहन्छ। तर उखु व्यवसायीहरूको लापरबाही र गैरजिम्मेवारीका कारण उखु किसानले पीडा महसुस गरे।

मानव अधिकार क्षेत्रमा कार्यरत राष्ट्रिय संयन्त्र र तिनको प्रभावकारिता

मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था गठनसम्बन्धी पेरिस सिद्धान्तअनुसार गठित स्वतन्त्र र स्वायत्त राष्ट्रिय संस्थाका रूपमा राष्ट्रिय मानव अधिकार आयोगले उजुरी ग्रहण, अनुसन्धान र अनुगमन जस्ता कार्य गरिआएको छ । राष्ट्रिय संस्थाका अतिरिक्त संविधानले अन्य विषयगत आयोगलाई समेत संवैधानिकरूपमा स्थापित गरेको छ। संविधान जारी भएको लामो समयसम्म गठन हुन नसकेको आयोगमध्ये संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइपश्चात यस वर्षको सुरुमै राष्ट्रिय समावेशी आयोग, मधेसी आयोग, थारू आयोग, मुस्लिम आयोगका अध्यक्षहरूको राष्ट्रपतिबाट नियुक्ति गरियो। तर राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग र आदिवासी जनजाति आयोगमा पदाधिकारी यस वर्ष पनि नियुक्त हुन सकेनन्[९०] । फलस्वरूप ती आयोग पदाधिकारीविहीन नै रहे।

(क) राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपालना गर्ने संवैधानिक दायित्व रहेको[९१] राष्ट्रिय मानव अधिकार आयोग स्थापनाकालदेखि नै 'क' श्रेणीमा रहिआएको छ । आफ्नो संवैधानिक दायित्वअनुरूप आयोगले मानव अधिकारको क्षेत्रमा गरेका कार्य, भएका प्रगति र चुनौतीसहितको आ.व. २०७५/०७६ को प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गऱ्यो। आयोगले आफूले गरेको सिफारिस सरकारले कार्यान्वयन नगर्दा देशमा दण्डहीनता यथावत रहेको दोहोऱ्याएको छ । देशमा मानव अधिकारको समग्र अवस्था सन्तोषजनक नभएको जनाउँदै आयोगले सङ्क्रमणकालीन न्याय निष्कर्षमा पुऱ्याउने सरकारी प्रतिबद्धताले ठोस गति लिन नसकेकामा चिन्ता व्यक्त गरेको छ । आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु र कानुनी अपर्याप्तताले पनि समस्या भएको आयोगले उल्लेख गरेको छ।

राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ लाई संशोधन गर्न बनेको विधेयकलाई सङ्घीय संसद्मा पेश गर्न मन्त्रिपरिषद्ले स्वीकृत दिने[९२] निर्णय गऱ्यो। उक्त विधेयकले आयोगको स्वतन्त्रता र स्वायत्ततालाई सङ्कुचन गर्ने, आयोगलाई केन्द्रमा खुम्च्याउने, मुद्दा चलाउने अधिकार महान्यायाधिवक्ताको तजवीजमा हुने,

८९. गोरखापत्र दैनिक, २०७५ माघ १० गते
९०. द काठमाडौं पोस्ट, २०७५ माघ ६
९१. नेपालको संविधान (२०७२) को धारा २४९
९२. नेपाल सरकार मन्त्रिपरिषद्को २०७५ चैत ६ गतेको निर्णय

आर्थिक स्वायत्ततामा अङ्कुश लगाउने प्रकृतिका विधेयकका प्रावधानमाथि आयोगले असन्तुष्टि व्यक्त गर्दै आएको छ। मिडिया काउन्सिल विधेयकमार्फत सञ्चार जगतलाई सरकार मातहत ल्याउन खोजेको आयोगको ठहर छ[९३]।

सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यकलगायतका विषयमा राज्यले विशेष ध्यान दिन नसकेको, दैवी प्रकोप, बाढी, भूकम्पबाट प्रभावितले मानव अधिकारको सही उपयोग गर्न नपाएको आयोगको प्रतिवेदनमा उल्लेख छ । संविधानतः गठन भएका विषयगत आयोग र मानव अधिकार आयोगबीच क्षेत्राधिकारबारे अन्योल भएको पनि प्रतिवेदनमा उल्लेख छ। सङ्घीय संरचनाअनुसार आयोगले तयार गरेका साङ्गठनिक संरचना २०७४ असार ८ गतेदेखि प्रधान मन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा अड्किएको छ[९४] ।

यस वर्ष आयोगमा २ सय ३२ उजुरी दर्ता भएका छन्। पुराना उजुरीसहित ६ सय उजुरीमा थप अनुसन्धान भए भने ८ सय २५ उजुरीमा निर्णय भए। भूकम्पबाट भत्केको आयोगको केन्द्रीय कार्यालय अझैसम्म नबन्दा कार्य सम्पादनमा कठिनाइ भएको प्रतिवेदनमा उल्लेख छ । आयोगले यस वर्षसम्म गरेका मूल ८१० सिफारिसमध्ये १२.५ प्रतिशत पूर्ण कार्यान्वयन, ४८.३ प्रतिशत आंशिक कार्यान्वयन र ३९.२ प्रतिशत विचाराधीन रहेका पाइन्छ[९५]। आयोगको सिफारिस कार्यान्वयन नगर्ने व्यक्ति वा पदाधिकारीको नाम सार्वजनिक गर्नका लागि निर्देशिका तयार गर्ने कार्य गत वर्षदेखि नै प्रारम्भ गरे पनि यस वर्ष पनि मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा नाम अभिलेखीकरण गरेको पाइएन।

(ख) राष्ट्रिय महिला आयोग

समग्र महिला वर्गको हक/हित संरक्षण र प्रवर्द्धन गरी विकासको मूल प्रवाहमा ल्याइ लैङ्गिक न्याय कायम गर्ने उद्देश्य रहेको राष्ट्रिय महिला आयोगमा यस वर्ष पनि पदाधिकारी नियुक्त भएनन्। पदाधिकारी अभावमा आयोगबाट नीतिगत निर्णय, सिफारिस गर्नुपर्ने महत्त्वपूर्ण कुनै पनि कार्य हुन सकेनन्।

महिला हिंसा न्यूनीकरणमा आयोगले पुऱ्याउँदै आएको भूमिका भने अत्यन्त महत्त्वपूर्ण छ । यस्ता घटनाको सम्बोधन गर्न विश्व बैङ्कको सहयोगमा सञ्चालित हेल्प लाइन सेवा (फोन नं. ११४५) ले जोखिममा परेका महिलालाई राहत पुऱ्याएको छ। हिंसा प्रभावित महिलालाई मनोवैज्ञानिक सेवामार्फत पीडितको भावना बुझ्ने र पीडकलाई सजाय दिने उद्देश्यले न्यायको ढोकासम्म पुऱ्याउन सहयोग गरेको छ । आश्रय नपाएकाको संरक्षणका लागि विभिन्न आश्रयस्थलमा पठाउने, पीडित र आरोपितबीच छलफल/मेलमिलाप गराइ सहमतिको बाटोमा लैजानाले हजारौँ महिलाका लागि आशा र राहतको केन्द्रका रूपमा महिला आयोगले काम गरिआएको छ।

महिलाविरुद्ध हुने जुनसुकै हिंसा र विभेदका विषयमा देशव्यापी प्रशिक्षण, महिला हिंसाविरुद्ध विद्यालयस्तरमा सचेतना गराउने उद्देश्यले विद्यालय शिक्षा कार्यक्रम लोकप्रिय हुँदै गएका छन् । आ.व. २०७५/०७६ मा महिला आयोगबाट सम्पादन भएका कार्यबाट भविष्यमा तय गर्नुपर्ने रणनीति स्पष्ट भएको छ। आयोगले सरकार र महिलाबीच पुलको रूपमा काम गर्दै प्रदेश र स्थानीय तहसम्म उपस्थित भई जनप्रतिनिधि र सरोकारवालालाई सुसूचित गराउने कार्य गऱ्यो[९६] । आयोगले २४ सै घण्टा हटलाइन सेवासहित महिला हिंसाको अवस्था सम्बन्धमा फ्याक्टसिट समेत जारी गरेको छ।

(ग) राष्ट्रिय दलित आयोग

दलित समुदायको मानव अधिकार संरक्षण र सशक्तीकरणका अतिरिक्त दलित समुदायको समग्र स्थिति अध्ययन तथा अन्वेषण गरी नीतिगत, कानुनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने उद्देश्यले राष्ट्रिय दलित आयोग गठन भयो । समाजमा रहेको जातीय छुवाछूत तथा विभेद अन्त्य गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम र कानुनको अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारीसमेत दलित आयोगलाई छ[९७]। नेपालको संविधान (२०७२) ले

९३. नागरिक दैनिक, २०७६ मङ्सिर २३ गते
९४. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. ७९
९५. राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन २०७५/०७६ पृ. ७८
९६. www.nwc.gov.np
९७. www.ndc.gov.np

संवैधानिक हैसियतमा राखेको दलित आयोग संविधान जारी भएको ४ वर्ष बित्दा पनि गठन हुन सकेको छैन।

संवैधानिक परिषद्ले एक वर्षअघि नै आयोगको अध्यक्ष र सदस्यका लागि दरखास्त आह्वान गरेको थियो। तर यस वर्ष पनि पदाधिकारी गठन गर्न तत्परता नदेखाउनुबाट सरकार ती समुदायप्रति संवेदनशील भएको देखिएन। पदाधिकारी अभाव, पर्याप्त स्रोत/साधन र जनशक्ति नहुनुबाट संवैधानिक हैसियतमा रहेको दलित आयोग कागजमै सीमित रहन पुग्यो। संविधान जारी भएको १० वर्षपछि सङ्घीय संसद्ले पुनरावलोकन गर्ने प्रकृतिको आयोग संविधान जारी भएको साँढे ४ वर्ष संविधानबमोजिम प्रभावकारी कार्य गर्नबाट वञ्चित रहयो। यसबाट समग्र दलित समुदायको मानव अधिकार प्रचलनमा नै प्रत्यक्ष प्रभाव पर्न गयो।

(घ) मुस्लिम आयोग

संविधान जारी भएको करिब साँढे ३ वर्षपछि यस वर्षको सुरुमै संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइपश्चात राष्ट्रपतिबाट मुस्लिम आयोगमा अध्यक्षको नियुक्ति भयो[९८]। समुदायको पहिचानका लागि मुस्लिम आयोगले लोक सेवालगायत निकायमा सिफारिस गर्ने कार्य गरिआएको छ। मुस्लिमहरूको हक, हित र चासोका विषयमा सङ्घ, प्रदेश र स्थानीय सरकारसँग जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने गहन जिम्मेवारी सो आयोगमा छ। आयोगमा सम्पूर्ण पदाधिकारी नहुनु, यथेष्ट बजेट, स्रोत/साधन, जनशक्ति नहुनु र स्थानीय तहसम्म पहुँच विस्तारमा समस्या देखिन्छ। मानव विकास सूचकाङ्कमा तल रहेको मुस्लिम समुदायको शिक्षा, स्वास्थ्य, रोजगारीलगायत समग्र विकासका लागि राष्ट्रिय मुस्लिम आयोगको भूमिका भने महत्वपूर्ण देखिन्छ।

(ङ) मधेसी आयोग

नेपालको संविधान (२०७२) ले संवैधानिक आयोगका रूपमा व्यवस्था गरेको मधेसी आयोगमा यस वर्षको सुरुमै संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट अध्यक्ष नियुक्त गरी २०७५ चैत ७ गते पद बहाली गरियो[९९]। तर अन्य सदस्य भने नियुक्त गरिएको छैन। आयोगले आ.व. २०७५/०७६ मा प्रदेश नं. १,२,५ र ७ मा तालिम अभिमुखीकरण कार्यक्रममा रु. ३ करोड ५६ लाख ८१ हजार १ सय ६८ रुपियाँ खर्च गऱ्यो। साथै रेडियो जिङ्गल उत्पादनमा ४ लाख खर्च गऱ्यो। यसै वर्ष मधेसी समुदायको हक/अधिकारका लागि गर्नुपर्ने सुझावसहित राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदनसमेत प्रस्तुत गरेको छ।

(च) थारू आयोग

थारू समुदायको समग्र स्थिति अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने, थारू समुदायको हक/हित संरक्षण/संवर्द्धन तथा सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने, अनुगमन गर्ने उद्देश्यसहित संवैधानिक आयोगका रूपमा थारू आयोग स्थापित भएको हो[१००]। संविधान जारी भएको ४ वर्षपछि यसै वर्ष आयोगका अध्यक्षको नियुक्ति राष्ट्रपतिबाट भयो। अन्य सदस्यको नियुक्ति भएको छैन। सीमित स्रोत/साधन र जनशक्तिका कारण प्रभावकारी काम भने हुन सकेको छैन।

(छ) राष्ट्रिय समावेशी आयोग

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक किसान, अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिकरूपले विपन्न वर्गलयागत समुदायको हक/अधिकार संरक्षणका लागि अध्ययन/अनुसन्धान गर्ने, ती वर्गका विशेष व्यवस्था पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने[१०१] लगायतका कर्तव्य रहेको राष्ट्रिय समावेशी आयोगका अध्यक्षको नियुक्ति यसै वर्ष गरियो। अन्य पदाधिकारीको नियुक्ति नहुँदा समावेशी आयोगले पूर्णता पाउन सकेन। संसदीय समिति र सरकारी निकाय, मानव अधिकार आयोगसँग परामर्श भए पनि भौतिक स्रोत/साधन र जनशक्ति अभावमा प्रभावकारी कार्य भने गर्न सकेको पाइएन।

---

९८. द काठमाडौँ पोस्ट, २०७५ माघ ६ गते

९९. www.nationalmadheshicommission.org

१००. नेपालको संविधान (२०७२) को धारा २६३

१०१. ऐ.ऐ. धारा २५९ को उपधारा १ क

निष्कर्ष

बहुमत प्राप्त सरकार भए पनि जनताको आकाङ्क्षाबमोजिम कार्य सम्पादन हुन सकेको पाइएन । संविधान संशोधनसहित २ बुँदे सहमति गरी सरकारमा समावेश भएको सङ्घीय समाजवादी पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता[१०२] गरेपछि दुईतिहाइबाट बहुमत प्राप्त सरकारमा पारिणत भयो । स्थायित्वका हिसाबले स्थिर सरकार भए पनि अस्थिर राजनीति देखियो । तत्कालीन एनेकपा माओवादी र नेकपा एमाले पार्टी एकता भएका बेला आलोपालो प्रधान मन्त्री रहने बुँदामा भने नेकपाबाट कार्यकारी अधिकारसहितको पार्टी जिम्मेवारी अध्यक्ष प्रचण्डलाई दिने र सरकारको बाँकी कार्यकालको नेतृत्व प्रधान मन्त्री केपी ओलीबाट गर्ने निर्णयपछि[१०३] भने बहुमत प्राप्त सरकार परिवर्तन हुने अवस्था देखिएन ।

सरकारले समृद्धि र विकासको नाराअनुरूप कानुनी संरचना र पूर्वाधार तयार भएको र परिमाण देख्न केही वर्ष लाग्ने आश्वासन दिए पनि उपनिर्वाचनको मत परिणाम हेर्दा सरकारका काम/कारबाहीप्रति जनतामा सन्तुष्टि देखिएन[१०४] । सङ्घ, प्रदेश र स्थानीय सरकारबाट चुनावी घोषणापत्रका उल्लिखित आफ्नै प्रतिबद्धता र जनअपेक्षाअनुरूप कार्य हुन सकेनन् । तथापि केन्द्र, प्रदेश र स्थानीय तहले कानुनी संरचना, भौतिक पूर्वाधार विकाससहित शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षालाई प्राथमिकता दिइ आय/व्यय विवरण प्रस्तुत गरे । सङ्घीयता कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध र सहकार्यका लागि कर्मचारी व्यवस्थापनका केही सकारात्मक प्रयास यस वर्ष भए ।

मौलिक हक कार्यान्वयन मानव अधिकारका दृष्टिले महत्वपूर्ण हुन्छ । गत वर्ष तर्जुमा गरिएका मौलिक हक कार्यान्वयनसम्बन्धी ऐन कार्यान्वयनका लागि नियमावली तर्जुमा नहुँदा उक्त हक कार्यान्वयनमा चुनौती देखिएको छ । राष्ट्रिय मानव अधिकार आयोगले मौलिक हक कार्यान्वयनसम्बन्धी कानुन तर्जुमा र परिमार्जनका लागि नेपाल सरकारसमक्ष २० बुँदे सिफारिस गऱ्यो[१०५] । त्यस्तै २०७६ साउनदेखि लागु हुनुपर्ने मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना ६ महिना बित्दा पनि यस वर्ष जारी हुन सकेन ।

कानुनी शासनका दृष्टिले हेर्दा केही राजनीतिक नेतृत्वलाई कानुनी कठघरामा ल्याउनु सकारात्मक पक्ष भए पनि दण्डहीनता कायमै रहेको भनेर राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो वार्षिक प्रतिवेदनमा चिन्ता प्रकट गऱ्यो । नेकपा (विप्लव समूह) को हिंसात्मक गतिविधि र उक्त समूहका नेता/कार्यकर्तालाई सर्वोच्च अदालत तथा अन्य अदालतबाट बन्दी प्रत्यक्षीकरणको आदेश जारी भएकामा समेत अदालत परिसरबाटै पुनः गिरफ्तारी जस्ता घटना बारम्बार भए । अदालतको आदेश कार्यपालिकाको प्रमुख अङ्ग प्रहरीबाटै अटेर गर्ने जस्ता कार्यलाई मानव अधिकारका दृष्टिले चुनौतीका रूपमा हेर्न सकिन्छ ।

यसका अतिरिक्त विकासलाई वातावरण र मानव अधिकारसँग जोडेर जाननसक्नु, वैदेशिक कामदारका अधिकारका लागि प्रभावकारी कार्य हुन नसक्नु, मानसिक स्वास्थ्यका लागि यथेष्ट बजेटसहित प्रभावकारी कार्य हुन नसक्नु, अपाङ्गमैत्री संरचना प्रभावकारीरूपमा नबन्नु, समाजमा विविध क्षेत्रमा विभेद कायमै रहनु, छुवाछूत, घरेलु हिंसा, छाउपडी जस्ता कुसंस्कारका कारण मानव अधिकारको समग्र अवस्था पनि सन्तोषजनकरूपमा चित्रण गर्न मिल्ने देखिएन ।

संविधानको अनुसूचीले सङ्घ, प्रदेश, स्थानीय तह सबैलाई मानव अधिकारको संवर्द्धन र संरक्षणका लागि जिम्मेवार बनाएको छ । मानव अधिकारसँग सम्बन्धित शिक्षा, स्वास्थ्य, अभिलेख व्यवस्थापन, सञ्चार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त व्यक्तिको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क र विपद् व्यवस्थापनको जिम्मा स्थानीय तहको सूचीमा राखिएको छ । सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमा नै नागरिकका अधिकार सुरक्षित हुन सक्ने देखिन्छ । तर संविधानको अनुसूचीमा प्रदत्त अधिकार कटौती हुने शङ्का प्रदेश सरकार र स्थानीय तहले व्यक्त गरेका छन् । मूलतः शान्ति र सुरक्षासँग सम्बन्धित विषय सङ्घ र प्रदेशबीचको विवादले मानव अधिकारमा प्रत्यक्ष असर पर्न सक्ने देखिन्छ ।

---

१०२. कान्तिपुर दैनिक, २०७६ पुस ९ गते
१०३. कान्तिपुर दैनिक, २०७६ मङ्सिर ५ गते
१०४. नागरिक दैनिक, २०७६ मङ्सिर २१ गते
१०५. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ पुस ३ गतेको प्रेस विज्ञप्ति

मानव अधिकारसँग प्रत्यक्षरूपमा सम्बन्धित शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास, रोजगारी जस्ता विषय सङ्घ र प्रदेशको नीति, योजना र कार्यक्रमबाट सम्बोधन गरिएका छन् । यसले पारस्परिक सहअस्तित्वसहित प्रतिस्पर्धामा आधारित विकासमा थप योगदान पुग्न गई मानव अधिकारमा सुधार आउन सक्ने देखिन्छ।

नेपाल सरकारले उत्साहका साथ लागु गरेको पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना अन्तिम वर्षसम्म पनि मूल्याङ्कन/अनुगमन नहुँदा कार्ययोजना कार्यान्वयन अवस्थाबारे स्पष्टता हुन सकेन । मानव अधिकार आयोगले मस्यौदाका रूपमा आएको कार्ययोजनामा ४६ बुँदे सुझाव प्रस्तुत गऱ्यो[१०६]। सर्वोच्च अदालतबाट भएका फैसला/आदेशसहित राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिस कार्यान्वयनको निराशाजनक अवस्थाले समेत मानव अधिकारको समग्र अवस्था सन्तोषजनक रहेन । यसका अतिरिक्त अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित विधेयक, प्रेस काउन्सिल विधेयक र राष्ट्रिय मानव अधिकार ऐन संशोधन विधेयकको सरकारी मस्यौदा मानव अधिकार संवर्द्धनका हिसाबले निराशाजनक रहे।

तसर्थ, यस वर्षको मानव अधिकारलाई समग्र मूल्याङ्कन गर्दा देशको मानव अधिकारको अवस्था सन्तोषजनक रहेन । आगामी दिनमा तीनै तहका सरकारले शान्ति, सुरक्षा, दिगो विकास र मानव अधिकारलाई सँगसँगै लिएर आफ्ना नीति योजना, बजेट र कार्यक्रम ल्याउन सकेमा भविष्यमा मानव अधिकारको क्षेत्रमा धेरै योगदान पुग्नेछ भन्न सकिन्छ । यसका अतिरिक्त नागरिकप्रति जवाफदेहिता बहन गर्ने सरकारबाट नै नागरिकको मानव अधिकार संरक्षण गर्न सक्ने देखिन्छ।

सुझाव

१. नेपालको संविधान (२०७२) को मौलिक हक सुनिश्चित गर्नका लागि मौलिक हक कार्यान्वयन ऐन कार्यान्वयनका लागि तत्काल आवश्यकताअनुसार नियमावली, निर्देशिकाहरूसमेत निर्माण गरिनुपर्ने [१०७] देखिँदा सरोकारवालाको व्यापक परामर्श र सहभागितामा निर्माण गर्नुपर्ने देखिन्छ।

२. सङ्क्रमणकालीन न्यायको प्रभावकारी व्यवस्थाका लागि सर्वोच्च अदालतको आदेश, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस तथा अन्तर्राष्ट्रिय मापदण्डबमोजिम मौजुदा कानुन संशोधन गरी पीडितको सन्तुष्टिलाई ध्यानमा राखी सङ्क्रमणकालीन संयन्त्र गठन गरिनुपर्छ।

३. विश्वव्यापी आवधिक समीक्षा (युपीआर) र सन्धिजनित समितिको सिफारिस कार्यान्वयनका लागि योजना बनाइ प्रभावकारी कार्यान्वयन हुनुपर्छ।

४. राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन नहुँदा राज्यको जवाफदेहितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रश्न उठिरहेकाले आयोगका सिफारिस प्रभावकारी कार्यान्वयनका लागि संयन्त्र गठन गरी कार्यान्वयन गराइनुपर्छ।

५. पत्रकार, मानव अधिकार रक्षक, पीडित र साक्षीको सुरक्षा र संरक्षणका लागि विशेष संयन्त्र गठन गरिनुपर्छ।

१०६. राष्ट्रिय मानव अधिकार आयोगको २०७६ मङ्सिर २९ गतेको निर्णय

१०७. द हिमालयन टाइम्स, २०७६ भदौ १५ गते



फोटो : विमलचन्द्र शर्मा

२.३ राज्य र मानव अधिकार

व्यवस्थापिका

परिच्छेद

२

विषय प्रवेश

सरकारका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले कानुनी शासन कायम गर्न, मानव अधिकार संस्कृति निर्माण गर्न, सोको रक्षा र संवर्द्धन गर्न आफ्नो संस्थाबाट के/कस्ता काम गरे भनी समीक्षा गर्ने हेतुले तयार पारिएको यस आलेखमा व्यवस्थापिकाको उपलब्धि र कमजोरीबारे समीक्षा छ। सरकारका तीन अङ्गमध्ये व्यवस्थापिका त्यस्तो संस्था हो जहाँ कानुन निर्माणमा नागरिकको प्रत्यक्ष नभए पनि अप्रत्यक्ष सहभागिता हुन्छ । फ्रान्सेली दार्शनिक मन्टेस्क्युको शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित आधुनिक राज्य व्यवस्थामा सरकारका तीन अङ्कमध्येको व्यवस्थापिका जनताद्वारा निर्वाचित जनप्रतिनिधिमूलक संस्था हो। यसले जनताका लागि कानुन बनाउने, कार्यपालिकामाथि नियन्त्रण गर्ने, परराष्ट्र नीति निर्धारण गर्ने र न्यायपालिकालाई जिम्मेवार तुल्याउने कार्य गर्छ।

विश्वमा हाल खासगरी चार प्रकारका शासन पद्धति प्रयोगमा छन्– बेलायती शैलीको संसदीय व्यवस्था, अमेरिकी शैलीको राष्ट्रपतीय व्यवस्था, फ्रान्सेली शैलीको मिश्रित व्यवस्था र चिनियाँ शैलीको समाजवादी व्यवस्था। यिनमा व्यवस्थापिकाको संरचना आआफ्नै किसिमको हुन्छ ।[१] तापनि प्रायः व्यवस्थापिकाले गर्ने साझा कार्य भनेको जनताका लागि कानुन बनाउने, कार्यपालिकामाथि नियन्त्रण गर्ने, परराष्ट्र नीति निर्धारण गर्ने, न्यायपालिकालाई जिम्मेवार तुल्याउनेलगायत नै हुन्। तर समाजवादी वा साम्यवादी मुलुकमा सरकारका तीन अङ्गबीच शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त लागु भएको हुँदैन।

कार्यसम्पादनको मुख्य आधार भनेको विधायन निर्माण, सरकारका नीति तथा कार्यक्रमको समीक्षा, सरकारी प्रशासनको निगरानी, कर प्रस्तावको स्वीकृति तथा सार्वजनिक खर्चको सम्मति वा अनुमोदन नै हो। मुलुकले सङ्घीय प्रणाली अवलम्बन गरेकाले सबै तहका व्यवस्थापिकाको यी विषयका कार्यसम्पादनको समीक्षा हुनु अझै महत्त्वपूर्ण पक्ष हो तर यस समीक्षामा सोबारे चर्चा सम्भव छैन । सङ्घीय संसद्को कार्यसम्पादन विस्तारमा र आंशिकरूपमा प्रदेश सभाको कार्यसम्पादनको समीक्षा गरिएको छ। साथै विधायन निर्माणमा सङ्घ र प्रदेशबीचको सम्बन्धबारे समीक्षा गरिएको छ।

व्यवस्थापिकासम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको भाग ७ मा व्यवस्थापिकासम्बन्धी व्यवस्था छ । नेपालको संविधानले सङ्घीय[२], प्रदेश[३] र स्थानीय तह गरी तीन तहको व्यवस्थापिका रहने[४] व्यवस्था गरेको छ। जसअनुसार संविधानको भाग ७ मा सङ्घीय व्यवस्थापिकासम्बन्धी व्यवस्था छ। प्रत्यक्ष निर्वाचित १ सय ६५ र समानुपातिकबाट १ सय १० गरी २ सय ७५ जनाको प्रतिनिधि सभा र ५९ सदस्यीय राष्ट्रिय सभाको व्यवस्था गरेको छ। प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक सङ्घीय व्यवस्थापिका हुने र ती दुई सदनलाई सङ्घीय संसद् भनिनेछ। राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट तीन जना महिला, एक जना अपाङ्ग गरी आठ जनाका दरले सात प्रदेशबाट ५६ जना र सरकारले मनोनीत गर्ने तीन जना सदस्य रहन्छन्। सङ्घीय संसद्मा सबै सभासद् एउटै स्थानमा रही सबै विषयमा सबैले परामर्श गर्न सम्भव हुँदैन । तसर्थ विज्ञताका आधारमा उनीहरूलाई विभिन्न समितिमा बाँडिन्छ जसलाई मिनी पार्लियामेन्ट समेत भनिन्छ।

यसरी संसद्को तल्लो सदनमा १०, उपल्लो सदन राष्ट्रिय सभामा तीन र संयुक्त गरी १५ समिति छन्। यी समितिलाई संसद्को वास्तविक कार्यशाला भनिन्छ।[५] विषयगत विज्ञहरूले यस्ता विषयमा बन्ने कानुन सम्बन्धमा घनीभूत छलफल गरी समयसापेक्ष कानुन निर्माण गर्न यस्ता समितिको परिकल्पना गरिएको हुन्छ । तथापि यस अध्ययन प्रयोजनका लागि यो अवधिमा संसद्को सबै समितिले कुन कुन विधायनमा कति समय खर्च गरे भनेर प्राथमिक तथ्याङ्क अभाव रहयो।

संसद्को अधिवेशन

यस अवधिमा संसद्को तेस्रो र चोथो गरी दुई वटा अधिवेशन सञ्चालन भयो। पाँचौँ अधिवेशन अर्थात हिउँदे अधिवेशन बिल अधिवेशन हुने र सो अधिवेशनमा

१. प्रा. डा. रामप्रसाद दाहाल, व्यवस्थापिका, नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१८
२. नेपालको संविधान, भाग ७
३. नेपालको संविधान, भाग १४
४. नेपालको संविधान, भाग १८
५. सङ्घीय संसद्, राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति, वार्षिक प्रतिवेदन, २०७५/०७६

५० भन्दा बढी बिल दर्ता[६] भए पनि सभामुखको विषयमा टुङ्गो नलागेका कारण अधिवेशन पटक पटक सर्न पुग्यो । तेस्रो अधिवेशन बजेट अधिवेशन भएकाले यसमा बजेट तथा खर्चसम्बन्धी विधेयक पारित भए । चौथो अधिवेशनको प्रारम्भ २०७६ साल वैशाख १६ गते सोमबार भयो भने यसको अन्त्य २०७६ असोज २ गते बिहीबार भयो।[७] यस अधिवेशनमा दुवै सभाबाट विनियोजन विधेयकलगायत विभिन्न आठ वटा विधेयक पारित भएका थिए ।[८] यस अधिवेशनमा ६५ वटा बैठक बसे ।[९] संसद्को गतिविधि निर्वाध चलोस्, सदनमा गतिरोधको अवस्था उत्पन्न नहोस् भन्ने सम्बन्धमा संविधान, नियम र स्थापित परम्पराअनुसार आवश्यक अध्ययन गरी सुझाव दिन अध्ययन तथा सुझाव संसदीय विशेष समिति गठन भएकामा २०७६ साउन २० गते बसेको सभाको पहिलो बैठकबाट सो समितिको कार्यावधि आगामी अधिवेशनसम्मका लागि थप गर्ने प्रस्तावसमेत पारित भएको छ।[१०]

हालको संसद्मा रहेका समिति

क्र.सं.	समितिगत क्र.सं.	प्रतिनिधि सभातर्फ
१	१	अर्थ समिति
२	२	अन्तर्राष्ट्रिय सम्बन्ध समिति
३	३	उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समिति
४	४	कानुन, न्याय तथा मानव अधिकार समिति
५	५	शिक्षा तथा स्वास्थ्य समिति
६	६	सार्वजनिक लेखा समिति
७	७	कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति
८	८	महिला तथा सामाजिक समिति
९	९	राज्य व्यवस्था तथा सुशासन समिति
१०	१०	विकास तथा प्रविधि समिति
		राष्ट्रिय सभातर्फ
११	१	दिगो विकास तथा सुशासन समिति
१२	२	विधायन व्यवस्थापन समिति
१३	३	प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति
		संयुक्त समितितर्फ
१४	१	राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन समिति
१५	२	अनुगमन तथा मूल्याङ्कन समिति

कानुन निर्माणमा सुस्तता

संसद्को सबैभन्दा महत्त्वपूर्ण संवैधानिक दायित्वमध्ये एक कानुन निर्माण पनि हो । प्रत्येक व्यक्तिको हरेक श्वास/प्रश्वास र रक्त प्रवाहलाई नियमित गर्ने कानुनहरू आवश्यकताअनुसार निर्माण गर्ने, विद्यमान कानुनलाई समयअनुसार संशोधन गर्न अत्यन्त जरुरी हुन्छ। तर समीक्षा वर्षमा संसद्ले आफ्नो यो संवैधानिक दायित्व इमान्दारीपूर्वक निर्वाह गर्न सकेन । प्रतिनिधि सभाअन्तर्गत विभिन्न चरणमा रहेका २७ विधेयकमध्ये १० समितिमा विचाराधीन छन्।[११] विचाराधीनमध्ये पनि बिमासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न

६. https://kathmandupost.com/politics/2019/12/14/with-over-50-bills-to-endorse-parliament-looks-at-a-busy-winter-session
७. सङ्घीय संसद्, प्रतिनिधि सभा चौथो अधिवेशन, कार्यवृत्त, सङ्घीय संसद् सचिवालय, कार्यव्यवस्था शाखा, संसद् भवन, सिंहदरबार, काठमाडौँ
८. संसद् दर्पण, २०७६, पृष्ठ ३०
९. सङ्घीय संसद्, प्रतिनिधि सभा चौथो अधिवेशन, कार्यवृत्त, सङ्घीय संसद् सचिवालय, कार्यव्यवस्था शाखा, संसद् भवन, सिंहदरबार, काठमाडौँ
१०. सङ्घीय संसद्, प्रतिनिधि सभा चौथो अधिवेशन, कार्यवृत्त, सङ्घीय संसद् सचिवालय, कार्यव्यवस्था शाखा, संसद् भवन, सिंहदरबार, काठमाडौँ, बुँदा नं. १६
११. ऋषिराम पौड्याल । डेढ वर्षदेखि थन्किए विधेयक, कान्तिपुर राष्ट्रिय दैनिक, माघ १३, २०७६

बनेको र नागरिकता ऐन संशोधन विधेयक सबैभन्दा पुराना सँगै सहमति जुट्न गाह्रो परेका हुन्।[१२]

सम्बन्धित मन्त्रीको समेत प्राथमिकतामा पर्दैनन् कानुन निर्माण

उदाहरणका लागि सङ्घीय निजामती सेवासम्बन्धी विधेयकमा सहमति जुटाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री हृदयेश त्रिपाठीले चार दिनको समय मागेर बेवास्ता गरेको एक महिनाभन्दा बढी भइसकेको छ।[१३] मुलुक सङ्घीयतामा गइसकेपछि स्थायी सरकारका रूपमा रहेको निजामती प्रशासन सञ्चालनका लागि अत्यावश्यक पर्ने सेवासम्बन्धी विधेयकलाई समेत प्राथमिकतामा नराखिनुले कानुन निर्माण संसद्को पहिलो प्राथमिकता होइन भनेर सङ्केत गर्छ।

प्रतिनिधिसभाको सभामुख चयन गर्ने संवैधानिक तथा कानुनी विधि हुँदाहुँदै पनि सोको इमान्दारपूर्वक पालना नगरी उपसभामुखलाई पार्टीको कार्यकर्ता जस्तो व्यवहार गरी सिङ्गो सभालाई अनिर्णयको बन्दी बनाइएका कारण प्रतिनिधि सभा कानुन निर्माण गर्ने प्रमुख संवैधानिक दायित्वबाट नै च्युत भएको अवस्था रहयो। विधेयक अधिवेशन भनिने हिउँदे अधिवेशन सभामुखको अभावमा कार्यसूचीमा नै प्रवेश गर्न नसकेका कारण अत्यावश्यक कानुनहरूसमेत निर्माण हुन सकेन भने लामो समयदेखि संसद्मा विचाराधीन ३ तहबीच समन्वय गर्ने विधेयकले समेत अन्तिम रूप प्राप्त गर्न सकेन। त्यसैगरी संविधानको धारा ४२ ले प्रत्याभूत गरेको सामाजिक न्यायसम्बन्धी हकलाई प्रचलनमा ल्याउनका लागि आवश्यक पर्ने कानुन यस वर्ष पनि बन्न सकेन।

संसद्मा प्रजनन स्वास्थ्यसम्बन्धी विधेयक दर्ता : कैदी/बन्दीलाई प्रजनन अधिकार कानुन बन्दै[१४]

नागरिकलाई उनीहरूको अवस्थाका आधारमा विभेद गर्न नपाइने विश्वव्यापी मान्यता हो । कैदी/बन्दीलाई नेपालमा प्रजननको अधिकार नहुने भएकामा विगतमा सर्वोच्च अदालतले उनीहरूको सो अधिकारको सम्मान हुने गरी कानुन निर्माण गर्न आदेश दिइसकेको अवस्थामा अब कानुन संशोधन हुने भएको छ । सर्वोच्च अदालतले २०६८ मा कानुनीरूपमा प्रमाणित श्रीमान्–श्रीमतीलाई भेट्न दिने फैसला[१५] गरी कार्यान्वयनका लागि कारागार व्यवस्थापन विभाग पठाएको थियो। गृह मन्त्रालयले यससम्बन्धी प्रावधान राखेर कारागारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसद्मा पुऱ्याएको छ।

संसद्को आगामी पाँचौँ अधिवेशनमा दर्ता हुने गरी लगिएको विधेयकमा प्रजनन अधिकारको संरक्षण शीर्षकअन्तर्गत कारागारमा बन्दीका रूपमा रहेका वैध दम्पतीको प्रजनन अधिकार संरक्षण गर्ने प्रयोजनका लागि तोकिएबमोजिम भेटघाट गर्ने अनुमति दिनुपर्ने उल्लेख छ।[१६] प्रजनन अधिकार संरक्षणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने भनिएको छ। कुनै पनि व्यक्तिको प्रजनन अधिकार संरक्षण गर्नु राज्यको कर्तव्य हुने र सम्मानित सर्वोच्च अदालतको आदेशलाई समेत कार्यान्वयन गर्नुभएकाले प्रजनन अधिकार राखिएको भनेर विधेयकको व्याख्यात्मक टिप्पणीमा उल्लेख छ। करिब १ दशकदेखि बहसमा आएको यो विषय सन्तान नभएकालाई प्राप्तिका लागि मात्र दिने भनिएको छ। यसरी अब पाँचौँ अधिवेशनमा यो विधेयक पारित भएमा सन्तानविहीन बन्दीहरूले आफ्नो प्रजनन अधिकार उपभोग गर्न पाउने छन्।

प्रजनन स्वास्थ्यका अलावा प्रस्तावित विधेयकमा कैदी/बन्दीको अवस्थाअनुसार अध्ययनका लागि आधारभूत शिक्षा, माध्यमिक शिक्षा, खुला वा दूर शिक्षा, प्रौढ, अनौपचारिकको व्यवस्था मिलाउनुपर्नेसमेत उल्लेख छ। त्यस्तै सरकारले १५ सयभन्दा बढी बन्दी रहेको कारागारमा एउटा अस्पताल र ५ सयदेखि १ हजार जनासम्म बन्दी रहेको कारागारमा स्वास्थ्य चौकी व्यवस्था गर्नुपर्ने भनिएको छ। हाल केन्द्रीय कारागारमा

---

१२. ऐ. ऐ.

१३. ऋषिराम पौड्याल। डेढ वर्षदेखि थन्किए विधेयक, कान्तिपुर राष्ट्रिय दैनिक, माघ १३, २०७६

१४. कान्तिपुर असोज १५, २०७६
https://ekantipur.com/news/2019/10/02/157002821164947423.html?author=1

१५. Ibid

१६. दफा २३

अस्पताल र अन्य कारागारमा स्वास्थ्यकर्मी छन् ।[१६] तर पनि स्वास्थ्य उपचारको अभावमा बन्दीले अकालमा ज्यान गुमाइरहेको अवस्था छ ।

नेतृत्वविहीन व्यवस्थापिका : संददीय पद्धतिको मर्ममाथि नै प्रहार

प्रतिनिधि सभाका तत्कालीन सभामुख कृष्णबहादुर महरालाई २०७६ साल असोज १९ गते प्रहरीले अनुसन्धानका लागि नियन्त्रणमा लिएपछि[१८] लामो समयसम्म अर्थात २०७६ साल माघ १२ गते नेकपा (पूर्वमाओवादी) नेता अग्निप्रसाद सापकोटालाई सभामुखमा चयन नगरेसम्म संसद् प्रमुखविहीन रह्यो । सो निकायको प्रमुख तत्कालीन सभामुख महरा आफ्नै कर्मचारीमाथि बलात्कार उद्योग गरेको अभियोगमा कारागार मात्र चलान भएनन् कि निजले सो पदबाट राजीनामा दिएको चार महिनासम्म पनि सभामुख चयन गरिएन । यति लामो समयसम्म जननिर्वाचित सर्वोच्च निकाय प्रमुखविहीन बनाउनु भनेको लोकतन्त्रमाथि गम्भीर प्रहार हो । अझ अर्को शब्दमा भन्नुपर्दा यो संस्थामाथिको ग्रहण नै हो । तसर्थ यो वर्ष संसद्मा ग्रहण लागेको वर्ष जस्तै हो ।

अझ विडम्बनापूर्ण कुरा, यति गम्भीर आरोप लागेपछि पनि निज महराले आफ्नो पदबाट तत्कालै राजीनामा दिनुको सट्टा छानबिन नटुङ्गिएसम्मका लागि भनी ससर्त राजीनामा दिए । राजीनामा भनेको अल्पकालीन र पूर्णकालीन भन्ने विषय हुने नै हैन । पछि उनले असोज १५ गते सोही दिनबाट लागु हुने गरी राजीनामा दिए ।[१९] सभामुख जस्तो व्यक्तिले पनि आरोप लागेपछि आफ्नो पदीय गरिमा राख्न सकेनन् । त्योभन्दा पनि थप विडम्बनापूर्ण कुरा त उनी चुनिएर आएको पार्टीका अध्यक्षलाई आफ्नो कसुर लुकाएकाले निजलाई पदबाट राजीनामा दिन भनिएको भन्ने आशयका समाचार संप्रेषण भए ।[२०] यसको सिधा अर्थ के हुन्छ भने यदि कसुरबारे आफ्नो पार्टीका अध्यक्षलाई नढाँटेको भए उनलाई उक्त कसुरबाट सफाइ दिने काम पार्टीले गर्थ्यो । यसबाट गम्भीर प्रकृतिका दुई वटा संशय जन्म भएको छ– पहिलो सभामुख जस्तो गरिमामय संवैधानिक पदमा रहेको व्यक्तिले आफ्नो कसुर लुकाएकाले उनलाई उक्त कसुरका लागि जिम्मेवार तुल्याइयो । अर्थात कसुर नलुकाएको भए उनलाई उन्मुक्ति हुने रहेछ । दोस्रो, सभामुख भइसकेको व्यक्ति पार्टीभन्दा माथि सबैको साझा संस्था हुनुपर्नेमा उनलाई उनको पार्टी सचिवालयले राजीनामा गर्न भन्नुले उनी सदनको प्रमुख नभएर दलगत समूहको रक्षक भएको प्रतीत हुन्छ । त्यसपछि पनि उनी आफैँ राजीनामा दिएर सहयोग गर्नुपर्नेमा अनुसन्धान अवधिका लागि भनेर सर्तसहितको राजीनामा पेश गरे ।[२१] राजीनामा पनि सर्तसहितको आउनु उनको पदलोलुपता देखिन्छ । उनलाई निजको पार्टीबाट राजीनामा गर्न सुझाउनुको सट्टा गम्भीर अभियोग लागिसकेपछि अनुसन्धान नसघाउने सभामुखलाई संवैधानिक प्रावधानअनुरूप हटाउनतिर लागेको भए बल्ल संसदीय अभ्यास र लोकलान्त्रिक मूल्य/मान्यता विकास हुन्थ्यो । संविधानको धारा ९१ (६) (ग) अनुसार पदीय आचरणअनुसार काम नगरे सभाको दुईतिहाइ बहुमतले पारित गरी सभामुखलाई पदबाट हटाउन सकिने व्यवस्था हुँदाहुँदै त्यसलाई निष्क्रिय तुल्याइयो ।

उनको राजीनामा राष्ट्रपतिबाट स्वीकृत भई संसद्को अधिवेशन आह्वान गर्दासम्म पनि अर्को सभामुखको टुङ्गो थिएन । २०७६ पुस ४ लाई तोकिएको संसद्को बैठक विशेष कारणले बस्न नसकेको भनी पुस ११ गतेका लागि बैठक डाकिएको थियो । सो दिन पनि बैठक बस्न नसकेपछि पुनः १६ गतेका लागि अर्को बैठक डाकियो । सो दिन पनि सभामुखको उम्मेदवारबारेमा सत्तारुढ दल नेकपाभित्र सहमति जुट्न नसक्दा अर्को बैठक २७ गतेका लागि डाकियो । यसरी यो वर्ष संसद्को

१६. कान्तिपुर, असोज १५, २०७६
https://ekantipur.com/news/2019/10/02/157002821164947423.html?author=1

१८. http://hr.parliament.gov.np/np/notices/1570782683. "Mahara arrested" Nepali Times, 2019 Oct 6. Available at https://www.nepalitimes.com/latest/mahara-arrested/ Last accessed on 2020 Jan 26.

१९. http://hr.parliament.gov.np/np/notices/1570001822

२०. महराले गम्भीर गल्ती गरे, उचित कार्बाही हुनुपर्छ : दाहाल https://www.himalkhabar.com/news/15895; महराले नेतृत्वलाई ढाँटेर गम्भीर गल्ती गरे : प्रचण्ड, अनलाइनखबर, २०७६ कात्तिक २०, https://www.onlinekhabar.com/2019/11/808951, कान्तिपुर

२१. संसद् सचिवालयद्वारा सभामुख महराको राजीनामाबारे जानकारी असोज १५, २०७६ कान्तिपुर https://ekantipur.com/news/2019/10/02/157000279165784309.html

तल्लो सदन जहाँ नागरिकले प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमार्फत आफ्ना प्रतिनिधि चुनेर पठाएका हुन्छन्, जो निकाय सबैभन्दा बढी नागरिकसँग प्रत्यक्ष जोडिएको हुन्छ, त्यो सभा सभामुखविहीन बन्दा उसले गर्नुपर्ने दैनिक गतिविधिसमेत प्रभावित भए। पाँच वटा विधेयक प्रमाणित हुन पाएका छैनन् ।[३३] सभामुख अभावमा नागरिकका दैनिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विधेयकहरू महिनौँसम्म पनि प्रमाणीकरण नहुनु ससंदीय मर्म र मर्यादा विपरीत हो।

उपसभामुख डा. शिवमाया तुम्बाहाम्फेलाई नेकपाको सचिवालयले राजीनामा गर्न निर्देशन दिएकामा उनले राजीनामा नदिने बताउँदै आएको पछिल्लोपल्ट २०७६ पुस २७ गतेलाई तोकिएकामा प्रतिनिधि सभाको बैठक आफैँ गर्ने बताए पनि सो बैठक सुरु नै नगरी माघ ६ गतेसम्मका लागि स्थगित गरियो।[३३] त्यही दिन अर्को सभामुखको उम्मेदवार तय भयो। अनिमात्र प्रतिनिधि सभाको गतिरोध अन्त भयो। यसरी सत्तारुढ दलको राजनीतिक स्वार्थको सिकार उक्त सभा हुन पुग्यो।

झण्डै ४ महिनादेखि सभामुखविहीन बनेको प्रतिनिधि सभाले सभामुख चयनसम्बन्धी आफ्नै विगतको राम्रा अभ्यासलाई पनि बेवास्ता गऱ्यो। संसदीय परम्पराअनुसार सभामुख पद सत्तारुढ दलकै भागमा हुनुपर्छ भन्ने हुँदैन। विगतमा नेपाली कङ्ग्रेस ठूलो दल भएको अवस्थामा पनि एमालेबाट सुवासचन्द्र नेम्वाङ सहमतिका आधारमा सभामुख र संविधान सभाको अध्यक्ष बनेको नजीर छ।[३४] त्यस्तै तत्कालीन माओवादी केन्द्र संसद्मा तेस्रो ठूलो दल भएर पनि सो पार्टीका सांसद ओनसरी घर्ती मगर सहमतीय सभामुख भएकी थिइन् । यसरी परम्पराबाटै सभामुख पदमा चुनिने प्रथालाई चार महिनासम्म लत्याइरहँदा विगतमा संविधान सभाको चौथो शक्ति राप्रपाका गङ्गाप्रसाद यादवलाई समेत उपसभामुख बनाइएको संसदीय परम्परा हामीकहाँ छ[३५] भन्ने हेक्कासम्म कसैमा रहेजस्तो देखिएन । नागरिक खबरदारी जति बढी हुन्छ उति नै संसद् जिम्मेवार बन्छ ।[३६] तसर्थ संसद्लाई उत्तरदायी र जवाफदेही तुल्याउन पनि नागरिक खबरदारी आवश्यक हुन्छ ।[३७] तर नागरिक खबरदारी नभए पनि व्यवस्थापिकाले लोकतन्त्र र कानुनी शासनको उपेक्षा गर्नु शुभ सङ्केत होइन। नागरिक समाज कमजोर हुँदै गएका भन्ने आक्षेप लागिरहेको अवस्थामा ढिलै भए पनि नागरिक समाजले समेत यस विषयमा चासो व्यक्त गऱ्यो।

यसरी प्रतिनिधि सभालाई सभामुखविहीन बनाउने मात्र नभएर अनिर्वाचित व्यक्तिलाई समेत कार्यकारी अधिकार दिने गरी संविधान संशोधनको चर्चा आउनु राम्रो पक्ष होइन। संसदीय प्रणालीमा संसद्बाटै कार्यकारी प्रमुखसमेत चुनिने हुँदा सो उपायको अवलम्बन गरी कार्यपालिकालाई संसद्प्रति जवाफदेही तुल्याउनुपर्ने हुन्छ।

वास्तवमा संसारभर नै विद्यमान राजनीतिक दलसँग मतदाता खुसी नभएको अध्ययनले देखाएको छ। अमेरिकामा सन् २००३ मा तेस्रो राजनीतिक दलको पक्षमा ५४ प्रतिशत, २००७ मा ६६ प्रतिशत, २०१० मा ६१ प्रतिशत, २०११ मा ५१ प्रतिशत मतदाताले मत जाहेर गरे।[३८] अमेरिकामा नागरिकमा तेस्रो राजनीतिक दलको अभाव र परम्परागत लोकतान्त्रिक र गणतान्त्रिक

३३. ऋषिराम पौड्याल। डेढ वर्षदेखि थन्किए विधेयकहरू, कान्तिपुर राष्ट्रिय दैनिक, माघ १३, २०७६
३३. सभामुखको उम्मेदवार टुङ्ग्याउन ओली–दाहाल बालुवाटारमा, पुस २७, २०७६ कान्तिपुर https://ekantipur.com/news/2020/01/12/157880809810571369.html
३४. अरुण बराल, नयाँ सभामुख नेकपाले नपाउने सङ्केत, २०७६ असोज १५ गते https://www.onlinekhabar.com/2019/10/800786
३५. अरुण बराल, नयाँ सभामुख नेकपाले नपाउने सङ्केत, २०७६ असोज १५ गते https://www.onlinekhabar.com/2019/10/800786
३६. Brigid Callahan Harrison, Jean Wahl Harris, Michelle D Deardorff. American Democracy Now (Fourth Ed) Mc Graw Hill Education, p 446
३७. Tejman Shrestha and Tara P. Sapkota. "Role of Civil Society in Countering Corruption: Nepalese Experience" in ***International Journal of Legal Studies and Research (IJLSR,*** The West Bengal National University of Juridical Science in association with South Asian University, New Delhi, Special Issue-June 2018 ISSN (O): 2278-4764 pp212-238;
३८. Gallup, "support for Third U S Party Dips, but is Still Majority View, " 2012, available at www.gallup.com/poll/147461/Support-Third-Party-Dips-Majority--View.aspx.

दलहरूले आमअमेरिकी नागरिकको भावनाको प्रतिनिधित्व गर्न नसकेकाले हतास बनेका छन्।[२९] यसरी ठूला राजनीतिक दलको आधिपत्य भएको संसद्ले जनसरोकारलाई सम्बोधन गर्न सकेन भने उनीहरूको अस्तित्व नै सङ्कटमा पर्न सक्छ।

अस्वस्थ दलीय छायाँ व्यवस्थापिकामा

व्यवस्थापिका आफ्ना संवैधानिक दायित्वहरू निर्वाह गर्न चुकेको तर संसद् सदस्य आबद्ध रहको राजनीतिक दल वा कार्यकारीबाट निर्देशित भएको जस्तो देखिएकाले राजनीतिक दल वा कार्यपालिकाको छायामा व्यवस्थापिका चलेको हो कि भनी शङ्का गर्ने आधार भेटिएका छन्। नेपालको संसदीय विचलनबाट अचम्मित मात्र हैन, त्रस्त बन्नुपरेको छ किनकि स्वतन्त्र र निष्पक्ष न्यायिक अधिकार प्रयोग गर्नुपर्ने संसद्का सभामुख र उपसभामुखलाई दलीय निर्णयबाट राजीनामा दिन आदेश जारी गर्ने असंवैधानिक र असंसदीय पद्धति अवलम्बन गरियो। यस्तो गलत अभ्यास रोक्न जरुरी छ अन्यथा हाम्रो संसदीय अभ्यास केवल आलङ्कारिक बन्नेछ। पूर्वसभामुख कृष्णबहादुर महरालाई निज निर्वाचित भएर आएको दल नेकपाले राजीनामा दिन निर्देशन दियो।[३०] उनलाई पद मुक्त गर्न अन्य संवैधानिक बाटा हुँदाहुँदै पनि अपनाइएन। संविधानको धारा ९१ ले निजले पदअनुरूपको कार्य नगरे दुईतिहाइ बहुमतले निजलाई हटाउन सकिने व्यवस्था छ।[३१] उपसभामुखलाई पनि सोही कारण सोही तरिकाबाट हटउन सकिन्छ[३२] तर निज उपसभामुख शिवमाया तुम्बाहाम्फेलाई अहिले राजनीतिक दबाबमा राजीनामा दिन बाध्य गरियो।[३३] यसले अस्वस्थ सत्तासीन दल र यसका अस्वस्थ नेताबाट संसदीय अभ्यास एकदलीय साम्यवादतर्फ उन्मुख हुने र गलत असंवैधानिक अभ्यासमा अघि बढ्दै जाने डर बढेको छ।[३४] एकपटको सभामुख सधैँको सभामुख भन्ने संसदीय मान्यता हामीले बुझ्न सकेनौँ।

विडम्बनापूर्ण त यो छ कि यस्तो गैरसंसदीय अभ्यासको खिलाफमा प्रतिपक्ष र अन्य दल चूपचाप रहे। साँच्ची नै प्रतिपक्षी दललाई टुकी बालेर खोज्नुपर्ने हो कि जस्तो भएको छ। विपक्षी दल जसलाई वेटिङ गभर्मेन्ट का रूपमा लिइन्छ उसले यस्तो गैरसंसदीय अभ्यासको खिलाफविरुद्ध संसद्मा आफ्नो स्पष्ट दृष्टिकोण राख्न सक्नुपर्थ्यो। संविधानको पालक र संरक्षकको जिम्मा प्राप्त राष्ट्र प्रमुख दलीय दम्भको उन्माद बोकेका सत्तापक्षीय नेताहरूको चेपुवामा पर्नुभएको हो कि भन्ने शङ्का उत्पन्न हुन थालेको छ।[३५] राष्ट्रपतिले समेत देशको राजनीतिक तुवाँलो हटाउन उहाँले इमानदारीपूर्वक केही भूमिका खेल्न आँट गर्न सक्नुहुन्छ कि हुन्न, त्यो हेर्न बाँकी नै छ।[३६] राष्ट्रपतिले संसद्लाई सम्बोधन गरेर समस्या समाधानका लागि संसद्लाई सहयोग मिल्ने अवस्था रहन्थ्यो। समस्या हल गर्न संविधानका संरक्षकले पहल गर्न सक्ने अवस्था रहँदारहँदै त्यसो हुन सकेन। जनप्रतिनिधि आफैँ यसमा पनि क्रियाशील हुन सकेका पाइएन। त्यतिमात्र हैन कि प्रदेशको नामाकरण र राजधानी तोक्ने विषयमा समेत जनप्रतिनिधि विवेक प्रयोग गर्न सक्ने अवस्था नरहेको आभास भयो। प्रदेश नं. ३ को नामाकरण र राजधानी तोक्ने क्रममा प्रदेश सभामा हिवप जारी गरियो।[३७] यसरी संसदीय अभ्यासमा पार्टीको बढी नै हस्तक्षेप देखियो।

मानव अधिकार रक्षामा व्यवस्थापिकाको भूमिका

जनप्रतिनिधिमूलक संस्था भएका नाताले व्यवस्थापिकाले जनताका लागि ऐन, नियम, कानुन बनाएर, नागरिक अधिकारका विषयमा छलफल, बहस, पैरवी गरेर, मानव अधिकार हनन्का घटनालाई छलफलमा ल्याइ यसको विरोध गरेर, नागरिकसमक्ष ल्याएर जानकारी गराएर कार्यपालिकालाई दबाब दिने

---

२९. Gallup, "support for Third U S Party Dips, but is Still Majority View, " 2012, available at www.gallup.com/poll/147461/Support-Third-Party-Dips-Majority--View.aspx.
३०. अनलाइन खबर, सूर्य ढुङ्गेल, ttps://ekantipur.com/news/2020/01/12/157882657288696672.html
३१. धारा ९१ (६) (ग)
३२. धारा ९१ (६) (ग)
३३. अनलाइन खबर, सूर्य ढुङ्गेल, ttps://ekantipur.com/news/2020/01/12/157882657288696672.html
३४. सूर्य ढुङ्गेल, ttps://ekantipur.com/news/2020/01/12/157882657288696672.html
३५. Ibid
३६. Ibid
३७. https://ekantipur.com/news/2020/01/12/157882657288696672.html

कार्यसमेत गर्छ। उदाहरणका लागि संसद्मा पेश भएको सूचना प्रविधि विधेयक समितिमा अङ्कगणितीय हिसावमा पास भइसक्यो र यदि नागरिक खबरदारी भएन भने व्यवस्थापिकाबाट समेत सोही अङ्कगणितीय हिसावमा पास हुनेछ।[३८] त्यतिमात्र हैन, यस्ता घटनाको अनुगमन गरी आफूअन्तर्गतका समितिमार्फत सरकारलाई आवश्यक निर्देशन जारी गर्छ। मानव अधिकार संरक्षण तथा संवर्द्धन गर्न विशेष भूमिका निर्वाह गर्छ। आफ्नो मुख्य कार्य विधायन निर्माण, सरकारका नीति तथा कार्यक्रमको समीक्षा, सरकारी प्रशासनको निगरानी, कर प्रस्तावको स्वीकृति तथा सार्वजनिक खर्चको सम्मति[३९] मार्फत व्यवस्थापिकाले निरन्तर मानव अधिकार रक्षाका लागि कार्य गरिरहेको हुन्छ तर यो वर्ष नेपालको अनुभव त्यति सुखद रहेन।

सदनमा प्रमुख विपक्षी दल नेपाली कांग्रेसको भूमिका ज्यादै कमजोर छ। उसको भूमिका प्रमुख प्रतिपक्षी दल भएर पनि छ कि छैन भन्ने अवस्थामा पुगेजस्तो छ।[४०] संसद्को मतदानको विषयमा अङ्कगणितीय हिसावमा कम भए पनि झण्डै झण्डै उत्तिकै सङ्ख्यामा जनमत रहेको प्रमुख प्रतिपक्षी दल एजेन्डाको हिसावमा कमजोर रहनु लोकतन्त्रका लागि खतराको सूचक नै हो।[४१] संसदीय व्यवस्थामा सदन भनेकै विपक्षीको हो भन्ने गरिन्छ।

संसद् आलङ्कारिक बन्दै जानु लोकतन्त्रको अर्को कमजोर सूचक हो। कानुन निर्माण गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण जिम्मेवारी रहेको संसद् आलङ्कारिक बन्दैछ।[४२] कानुन निर्माणको मुख्य थलो कानुन निर्माण भन्दा पनि मन्त्रालयको तजविजीमा बढी चल्ने गर्‍यो। त्यतिमात्र होइन, प्रतिनिधि सभाका सभामुख महराको डेढ वर्षे कार्यकालमा सभामुख र कांग्रेस पटक पटक आमने-सामने भए। महरा सभाको अनुहार बन्न नसकेको र ओली सरकारको लाचार छाया मात्र बनेको गम्भीर आरोप प्रतिपक्षले लगायो।[४३] सभामुख आफूलाई चुन्ने दलको मात्र नेता नभएर सिङ्गो संसद्को अभिभावक हो।

फौजदारी अभियोजनमा सभासद् पक्राउको जानकारी : सभासद्बीच नै विभेद कि एकरूपताको अभाव

यो वर्ष गैरसैनिक नागरिक उड्ययनविरुद्धको अपराध, बलात्कार, हत्या जस्ता फौजदारी अभियोगमा सङ्घीय संसद्का तीन सदस्य पक्राउ परे। सङ्घीय संसद् प्रतिनिधि सभा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २४४ अनुसार सभामुखले आफ्ना सदस्य पक्राउ परेपछि सोको जानकारी सदनलाई दिनुपर्ने हुन्छ तर सदन नचलेको अवस्थामा संसद्को सूचना पाटीमा जानकारी टाँस्नुपर्ने हुन्छ।[४४] संसद्का सदस्यहरू मोहमदअफताव आलम पक्राउ पर्दा सदस्य पक्राउ गरिएको सूचना[४५] भनी सूचना टाँस गरियो। तर निवर्तमान सभामुख कृष्णबहादुर महरालाई पक्राउ गरिएको सूचनामा भने नियन्त्रणमा लिइएको भन्ने उल्लेख गरी संसद् सदस्यबीच नै फरक व्यवहार गरियो। दुवै सदस्य फौजदारी अभियोजनमा पक्राउ परे पनि महराको हकमा नियन्त्रण र आलमको हकमा पक्राउ भनी संसद्बाट सूचनापत्र जारी हुनु आफैंमा विभेद हो। यी दुईबाहेक बुद्ध एयरको जनकपुर काउन्टर तोडफोड गर्ने राजपा सांसद त्रिभुवन विमानस्थलबाट २०७६ असोज २७ गते सोमबार पक्राउ परेका थिए।[४६] यसरी

३८. गगन थापा। नागरिक स्वतन्त्रतामा अङ्कुश लगाउने प्रयास। नयाँ पत्रिका दैनिक। https://www.nayapatrikadaily.com/news-details/33067/2020-01-07

३९. A Guide to Government in Nepal: Structures, Functions, and Practices

४०. तेजमान श्रेष्ठ। संविधान संशोधन गर्दै, अघि बढ्दै। नयाँ पत्रिका, २०७६ असोज ४, पृष्ठ ७

४१. रामप्रसाद खनाल। मौलाएको र ज्यानमारा सभामुख भएको देश http://www.nepalmother.com/2020/01/blog-ost_26.html?fbclid=IwAR0bXxR7WJs7q1TgzCiqoZ1iqzUKyLvLW3efZ0aq_Sa6TQ45mVgCqy4mewI ; Last visited Jan 29, 2020

४२. सेरेमोनियल बन्दै संसद्, कान्तिपुर २०७६ पुस २३

४३. कांग्रेसको शङ्का। अग्नि सापकोटा अर्को महरा बन्ने त होइनन् ! अनलाइन खबर, २०७६।१०।१२ https://www.onlinekhabar.com/2020/01/831443

४४. नियम २४४ (२)

४५. सदस्य पक्राउसम्बन्धी सूचनापत्र २०७६।०२।२७ http://hr.parliament.gov.np/uploads/attachments/zs3fnxxto9lr6u2v.pdf

४६. सेतोपाटी, असोज २८, २०२७ https://www.setopati.com/politics/191501

नागरिकका प्रतिनिधि फौजदारी अभियोजनमा धमाधम पक्राउ पर्नु पक्कै पनि सुखद होइन।

संविधानप्रदत्त मौलिक हक तथा सभ्य समाजमा स्वीकार्य नागरिक स्वतन्त्रता विरोधी कानुन निर्माणको अभ्यास

प्रतिवेदन अवधिमा संसद्मा दर्ता भएको कैदी/बन्दीको प्रजनन स्वास्थ्य अधिकार विधेयक[४७] भन्दा बाहेकका मुख्य मुख्य विधयेक विवादमुक्त हुन सकेनन् । यी विधयेकका व्यवस्था संविधानप्रदत्त मौलिक हक तथा सम्य समाजमा स्वीकार्य नागरिक स्वतन्त्रता विरोधी छन् । गुठीसम्बन्धी विधेयकले त आदिवासी जनजाति समुदायको सांस्कृतिक अधिकार कुण्ठित गर्ने भनी काठमाडौँका नेवार समुदायको विरोधपछि सरकारले उक्त विधेयक फिर्ता लिन बाध्य भयो। त्यस्तै सूचना प्रविधि विधेयक, विशेष सेवा गठन विधेयक, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेका विधेयक वास्तवमै लोकतन्त्र विरोधी छन्।

(क) अभिव्यक्ति स्वतन्त्रतामाथि अङ्कुश : मौलिक हक विपरीत विधायन निर्माणको अभ्यास

सूचना प्रविधि विधेयक संसद्मा दर्ता भएपछि सञ्चार जगतमात्र नभएर आमसर्वसाधारणको समेत गम्भीर चासोको विषय बनेको छ । सूचना प्रविधि विधेयकमार्फत सरकारले संविधानले दिएको अधिकार खोस्ने प्रक्रियागत तयारीका रूपमा बुझिएको छ।[४८] सरकारले पछिल्लो समय एकपछि अर्को विधेयक ल्याएर मानव अधिकार आयोग, सञ्चार क्षेत्र, सङ्घ/संस्थालाई नियन्त्रण गर्न खोजेको भन्दै नेपाल पत्रकार महासङ्घ, नेपाल बार एसोसिएसन, गैरसरकारी संस्था महासङ्घलगायतले आपत्ति जनाएका छन् । त्यसैगरी एम्नेस्टी इन्टरनेसनल नेपाल[४९] ले पनि यो विधेयकप्रति गम्भीर आपत्ति जनाएको छ । नागरिकका लागि कानुन निर्माण गर्ने व्यवस्थापिका कार्यकारीको आज्ञापालक निकाय जस्तो भएर रहँदा संसद्ले बाटो बिराएको अवस्था जस्तो अनुभूत भएको छ। सामाजिक सञ्जालमा कसैलाई जिस्काएको भरमा पाँच वर्षको जेल सजाय र १५ लाखसम्मको जरिवाना वा दुवै सजाय विधेयकमा प्रस्ताव गरिएको छ भने फौजदारी सजाय गर्न अर्धन्यायिक प्रकृतिको संयन्त्र प्रस्ताव गरिएको छ । यसरी यो विधेयकले नागरिकलाई सुरक्षाको आभास भन्दा त्रास बढाएको र लोकतन्त्रमा नै खतरा पुग्ने, निरङ्कुशताको डर रहेको भन्ने नेपाल बार एसोसिएसन, मानव अधिकार आयोगको समेत ठम्याइ छ।[५०] प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिले बहुमतका आधारमा केही विवादित बुँदाहरूसहितको प्रतिवेदन प्रतिनिधि सभामा पठाएको छ । जुन अहिले विवादित बनेको छ भने प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले नोट अफ डिसेन्ट राखेको थियो।[५१] नागरिक दबाब पुग्न सकेन भने अङ्कगणितीय आधारमा यो विधेयक संसद्बाट पनि अनुमोदन हुनेछ भनेर एक जना सङ्घीय संसद्का सदस्यले नागरिकलाई खबरदारी गर्न आग्रह गरेका छन्।[५२] त्यसैगरी यो विधेयक पास भएमा नागरिकको अभिव्यक्ति स्वतन्त्रता मात्र हैन कि इन्टरनेट सेवाप्रदायक संस्था वा व्यक्तिको व्यवसाय गर्ने अधिकार पनि कुण्ठित हुन जान्छ।[५३] यसरी पेशागत सङ्गठन, मानव अधिकार आयोग, सूचना प्रविधिविज्ञ सबैतिरबाट यो विधेयकमा कमी रहेको औंल्याइएको छ।

(ख) राष्ट्रिय मानव अधिकार आयोग ऐन संशोधन

राष्ट्रिय मानव अधिकार आयोगले मानव

४७. उक्त विधेयकबारे परिच्छेद ५ मा छलफल गरिएको छ।

४८. कान्तिपुर, सूचना प्रविधि विधेयकमाथि प्रश्न : 'संविधानले अधिकार दिने विधेयकले खोस्ने ?'

४९. AMNESTY Internatioanl, Nepal: Information Technology Bill threatens freedom of expression, 16 Jan 2020

५०. जगन्नाथ दुलाल। विधेयकले त्रास बढायो : लोकतन्त्र खतरामा, निरङ्कुशताको डर, २०७६ पुस २१ https://baahrakhari.com/news-details/233985/2020-01-06?fbclid=IwAR3yaTA3ybUbsm6C8xGXmIViFDTxdEx9rGLHdgf9ZFM4o9VCNKoJpen4HJM#.XhNH5g\alcFc.facebook

५१. Iibd

५२. गगन थापा। नागरिक स्वतन्त्रतामा अंकुश लगाउने प्रयास। नयाँ पत्रिका दैनिक। https://www.nayapatrikadaily.com/news-details/33067/2020-01-07

५३. बाबुराम अर्याल। सूचना प्रविधि विधेयक : सरकारको दम्भ। नयाँ पत्रिका दैनिक। https://www.nayapatrikadaily.com/news-details/32894/2020-01-05

अधिकार उल्लङ्घनका घटना अनुसन्धान गरी दोषीउपर कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने संवैधानिक व्यवस्था छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगले मुद्दा दर्ता गर्न सिफारिस गरेको तीन महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनुपर्ने र सो कार्यान्वयन गर्न मनासिव समस्या भए दुई महिनाभित्र आयोगलाई सोको जानकारी दिनुपर्ने, आयोगले त्यसरी गरेको सिफारिस कार्यान्वयन गर्नुपर्ने सरकारको कर्तव्य हुने बाध्यात्मक व्यवस्था गरिएकामा सो व्यवस्थालाई प्रतिस्थापित गर्ने गरी प्रस्ताव गरिएको उक्त ऐन संशोधन विधेयक आफैँमा संवैधानिक हिसावले त्रुटिपूर्ण छ किनभने सोबमोजिम संशोधन गरिएमा सो ऐनको व्यवस्था संविधानको धारा २४९ (२) (ग) को व्यवस्थाभन्दा माथि हुनेछ।[५४] हालको प्रस्तावअनुसार ऐन संशोधन भएका आयोग दाँत र नङ्ग्राविहीन हुनेछ।

- छद्म विधायनमार्फत आयोगको अधिकार सङ्कुचन

संविधानको धारा २९३ मा संवैधानिक निकायका प्रमुख र पदाधिकारी सङ्घीय संसद्प्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने व्यवस्था छ। प्रतिनिधि सभाको समितिले मानव अधिकार आयोगबाहेकका अन्य संवैधानिक निकायका प्रतिवेदनलगायतका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र राय सल्लाह दिने व्यवस्थालाई समेत अनदेखा गरी संविधानको धारा २४९ बमोजिमको आयोगको कार्यादेशलाई सङ्कुचित व्याख्या गरी धारा १५८ (२) मा अन्यत्र व्यवस्था भएबाहेक भन्ने स्पष्ट उल्लेख गरेको सर्तलाई नदेखेझैँ गरी ल्याउन लागिएको संशोधन संविधानसँग बाझिने गरी गरिएको विधायन निर्माण छद्म विधायन (colourable legislation) हुनेछ। जुन कुरा संविधानले वर्जित गरेको छ त्यसलाई कानुनी पाटो (statutory device) प्रयोग गरी गर्न अनुमति प्रदान गर्नु नै छद्म विधायन हो। तसर्थ आयोगको सिफारिस अनुनयात्मक नभएर बाध्यकारी नै हो।[५५] तर पनि महान्यायाधिवक्ताले आयोगको सिफारिस भन्दा पनि माथि रहेर निर्णय गर्ने गरी ऐनलाई संशोधन गर्न प्रस्ताव गरिएको छ।

आफ्नो हित वा स्वार्थ समावेश भएको मुद्दामा प्रतिरक्षा गर्न आफ्नै अदालतसमक्ष राजा उपस्थित हुन नसक्ने भएकाले उनलाई प्रतिनिधित्व गरेर न्यायाधिवक्ता उपस्थित हुने परम्परा सर्वप्रथम बेलायतबाट सुरु भएको हो।[५६] तत्कालीन बहालवाला महान्यायाधिवक्ता बद्रीबहादुर कार्कीविरुद्ध अख्तियार दुरूपयोय अनुसन्धान आयोगसमेतको[५७] मुद्दामा महान्यायाधिवक्ताले सदाशयतापूर्वक आफ्नो विवेक प्रयोग गर्न महान्यायाधिवक्तालाई व्यावसायिक उन्मुक्ति दिइए पनि अन्य संवैधानिक आयोगलाई दिइएको अधिकारसँग महान्यायाधिवक्ता पनि जोडिन्छन् भने सोको अभ्यास गर्न अन्य निकाय स्वतन्त्र हुन्छन् भनी व्याख्या भएको छ। जसरी भ्रष्टाचारसम्बन्धी मुद्दाको अख्तियारले अनुसन्धान गर्छ त्यस्तै मानव अधिकार उल्लङ्घनको अनुसन्धान मानव अधिकार आयोगले गर्छ र आयोगले संविधानको धारा २४९ (२) (ग) बमोजिम अदालतमा मुद्दा दायर गर्न नेपाल सरकारलाई सिफारिस गर्न सक्छ। यसरी सिफारिस भइआएमा सोबमोजिम महान्यायाधिवक्ताको कार्यालयले अभियोजन गर्नु संवैधानिक व्यवस्था हो।[५८] यस्तो स्पष्ट व्यवस्थाको पनि अनदेखा गरी ऐन संशोधन गर्ने प्रयास हुँदैछ।

- संशोधनका लागि प्रस्तावित विधेयकको व्यवस्था

वास्तवमा संशोधन प्रस्ताव संवैधानिक प्रावधानको विपरीत छ। प्रस्तुत विधेयकको सन्दर्भमा

---

५४. तेजमान श्रेष्ठ, 'मानव अधिकार आयोगको संवैधानिक कार्यादेशमा सङ्कुचन', प्राची अङ्क ९७, साउन २०७६ (पृष्ठ १५ देखि २४) पृ. १६।

५५. तेजमान श्रेष्ठ। 'महान्यायाधिवक्ता तथा राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेशबीच द्वन्द्व कि छद्म विधायन ?' *प्राची सचेतना द्वैमासिक*। मदन पौडेल (स.), पूर्णाङ्क ९८, २०७६ मङ्सिर, पृष्ठ ३४, २९—३५

५६. डा. गोपीचन्द्र भट्टराई। महान्यायाधिवक्तासम्बन्धी व्यवस्थाको अध्ययन, संवैधानिक कानुन स्रोत सामग्री १४३।

५७. नेपाल अधिराज्यको महान्यायाधिवक्ता पदमा कार्यरत बद्रीबहादुर कार्की विरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, बबरमहल काठमाडौँसमेत। विशेष इजलास, सम्माननीय प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय, माननीय न्यायाधीश लक्ष्मणप्रसाद अर्याल, माननीय न्यायाधीश केदारनाथ उपाध्याय, माननीय न्यायाधीश कृष्णजङ्ग रायमाझी, माननीय न्यायाधीश गोविन्दबहादुर श्रेष्ठ, संवत् २०५७ सालको रिट नम्बर ३५३०, विषय : उत्प्रेषण मिश्रित प्रतिषेधसमेत आदेश मिति : २०५८।२।१८।५।

५८. तेजमान श्रेष्ठ। महान्यायाधिवक्ता तथा राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेशबीच द्वन्द्व कि छद्म विधायन ?' *प्राची सचेतना द्वैमासिक*। मदन पौडेल (स.), पूर्णाङ्क ९८, २०७६ मार्ग, पृष्ठ ३४, २९—३५

सबै क्षेत्रबाट चासो देखाइएको छ। मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले सरकारको ध्यानाकर्षण यसरी गराएको छ :

विद्यमान कानुनले मानव अधिकार आयोगलाई दिएको सबैभन्दा ठूलो अधिकार मानव अधिकार उल्लङ्घन मुद्दा चलाउन सरकारलाई निर्देशन दिनु हो । मुद्दा चलाउने विषय महान्यायाधिवक्ताको इच्छाको विषय बनाइयो भने आयोगको क्षेत्राधिकारका साथै स्वायत्ततामाथि प्रश्न आउन सक्छ। स्वायत्त र स्वतन्त्र मानव अधिकार आयोगको उपस्थितिले मात्रै लोकतन्त्रलाई मजबुत बनाउन मद्दत पुग्छ । लोकतन्त्रमाथि कुनै खतरा आउने परिस्थितिमा जनताको मानव अधिकारको मात्रै होइन, राजनीतिक दलहरूको सुरक्षाका लागि पनि स्वायत्त तथा बलियो मानव अधिकार आयोग जरुरी हुन्छ।[५९]

स्वायत्त, स्वतन्त्र, निर्भीक र सक्षम राष्ट्रिय मानव अधिकार आयोगको उपस्थितिले मात्रै संवैधानिक लोकतन्त्रलाई मजबुत बनाउन सक्छ। लोकतन्त्रमाथि कुनै खतरा आउने परिस्थितिमा नागरिकको मानव अधिकारको मात्रै होइन, अहिले यो संशोधन प्रस्ताव गर्ने राजनीतिक दलहरूको समेत सुरक्षाका लागि पनि स्वायत्त तथा बलियो मानव अधिकार आयोगको जरुरी पनि इन्सेकको यो अवलोकनले पनि प्रस्ट पार्छ।

यस संशोधन विधेयकमा केही राम्रा तथा केही संवेदनशील विषयहरू प्रस्ताव गरिएका छन्। साविक ऐनको दफा १२ को उपदफा (१) मा थप गरिएको छ, जो यसप्रकार छ– छानबिन वा अनुसन्धान गर्दा अनुसन्धान टोली वा अधिकृतले आवश्यक सम्झेमा प्रमाण बुझ्न सक्नेछ। यस व्यवस्थामा खासै समस्या देखिँदैन। त्यस्तै ऐनको साविक दफा १३ मा थप गरिएको विषय उजुरी खारेज गर्ने वा तामेलीमा राख्ने निर्णय गर्नुपूर्व रायसहितको प्रतिवेदन पेस गर्न आयोगले कुनै सदस्यलाई तोक्न सक्नेछ भन्ने छ। यसमा पनि समस्या देखिँदैन किनभने यो कारबाही प्रक्रिया अहिले पनि आयोगले अवलम्बन गरिरहेकै छ।

त्यस्तै दफा १६ को (३) पछि थप गरिएको विषयमा पनि कुनै समस्या छैन। यसमा भनिएको छ– आयोगले उपदफा (३) बमोजिम निर्धारण गरेको क्षतिपूर्तिका अतिरिक्त पीडित व्यक्तिलाई पुनः उद्धार वा पुनर्स्थापना गर्न वा पीडित वा पीडितको परिवारलाई मापदण्ड बनाई आवश्यकताअनुसार (क) निःशुल्क शिक्षा वा स्वाथ्य उपचार, (ख) सिपमूलक तालिम, (ग) मनोसामाजिक विमर्शमध्ये कुनै एक वा सोभन्दा बढी सुविधा उपलब्ध गराउनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ भन्ने छ। पीडितको पक्षमा भएको यो व्यवस्था उचित छ।

दफा १७ मा मुद्दा चलाउन आवश्यक भए महान्यायाधिवक्तासमक्ष सिफारिस गर्ने, महान्यायाधिवक्ताले मुद्दा चलाउने वा नचलाउने निणर्य गर्ने, आयोगलाई थप प्रमाणका लागि अनुरोध गर्ने र आयोगले थप प्रमाण उपलब्ध गराउनुपर्ने भन्ने व्यवस्था छ। हाल साविकको व्यवस्थाअनुसार आयोगबाट मुद्दा चलाउने सम्बन्धमा भएको सिफारिसउपर महान्यायाधिवक्ताले सम्बन्धित अदालतमा मुद्दा दायर गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ ।[६०] विधेयकमा यो विद्यमान व्यवस्था झिकी संशोधन गर्नुपर्ने भनी निम्नबमोजिमको १७ (क) को व्यवस्था प्रस्ताव गरेको छ। जसअनुसार आयोगले गरेको छानबिन तथा अनुसन्धानबाट कुनै व्यक्ति वा संस्थाविरुद्ध मुद्दा चलाउनुपर्ने देखेमा सम्बन्धित घटनाको अनुसन्धान प्रतिवेदन र मुद्दा चलाउनका लागि आवश्यक पर्ने पर्याप्त प्रमाणसहित महान्यायाधिवक्तासमक्ष सिफारिस गर्नुपर्नेछ।[६१] यसरी आयोगको सिफारिस प्राप्त भएपछि महान्यायाधिवक्ताले सो अनुसन्धान प्रतिवेदनसहितको प्राप्त प्रमाण अध्ययन गरी मुद्दा चलाउनुपर्ने देखिएमा मुद्दा चलाउने निर्णय गर्नेछ ।[६२] अर्थात् उसले मुद्दा चलाउने/नचलाउने भनी अन्तिम निर्णण गर्नेछ । महान्यायाधिवक्ताले त्यसरी मुद्दा चलाउने निर्णय गर्नुअघि थप अनुसन्धान वा प्रमाण सङ्कलन गर्न आवश्यक देखिएमा उसले आयोगलाई अनुरोध गर्न

५९. मानव अधिकार आयोग विधेयक सच्याऊ : इन्सेक, २०७६ वैशाख २६ http://inseconline.org/np/press/%e0%a5%a8%e0%a5%a6%e0%a5%ad%e0%a5%ac-%e0%a4%b5%e0%a5%88%e0%a4%b6%e0%a4%be%e0%a4%96-%e0%a5%a8%e0%a5%ab-%e0%a4%97%e0%a4%a4%e0%a5%87-%e0%a4%ae%e0%a4%be%e0%a4%a8%e0%a4%b5-%e0%a4%85%e0%a4%a7%e0%a4%bf/

६०. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा १७।

६१. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को संशोधन विधेयक दफा १७ (क) (२)।

६२. ऐ.ऐ. ऐन, दफा १७ (क) (२)।

सक्नेछ ।[६३] यसरी महान्यायाधिवक्ताबाट अनुरोध भइआएमा आयोगले थप अनुसन्धान वा प्रमाण सङ्कलन गरी पठाउनु पर्नेछ र यसरी गरिएको थप अनुसन्धान वा प्राप्त थप प्रमाण मुद्दा चलाउनका लागि पर्याप्त भएमा महान्यायाधिवक्ताले मुद्दा चलाउने निर्णय गर्नेछ।[६४] यो व्यवस्थाले थप प्रमाण जुटाउनचाहिँ आयोग बाध्यकारी हुने तर त्यसरी जुटाएको प्रमाण पनि पर्याप्त हो वा होइन भनी अन्तिम निर्णय गर्ने अधिकारचाहिँ महान्यायाधिवक्तालाई प्रदान गरिएको देखिन्छ जुन व्यवस्थाले आयोगको संवैधानिक कार्यादेशको प्रचलन हुन दिँदैन । अर्थात आयोग महान्यायाधिवक्ताको कार्यालयको एक एकाइ भन्दा फरक नहुने अवस्था सिर्जना हुन जान्छ।

फौजदारी कसुरको अनुसन्धान वा अभियोजन राज्यको स्वविवेकीय विशेषाधिकार हुनै सक्तैन भनी एक मुद्दाको रोहमा सर्वोच्च अदालतबाट फैसला भइसकेको छ।[६५] सो मुद्दामा थप कुरा, हरेक कसुरको अनुसन्धान गरी कानुनबमोजिम न्याय दिने/दिलाउने राज्यको आधारभूत कानुनी दायित्वसमेत हो भन्ने उल्लेख छ। तसर्थ गम्भीर मानव अधिकार उल्लङ्घनमा आयोगले अदालतमा मुद्दा दर्ता गर्न सिफारिस गरिसकेपछि यो वा त्यो बहानामा मुद्दा दर्ता नगर्न मिल्ने होइन।[६६] यदि यो विधेयक पारित भएमा आयोग महान्यायाधिवक्ता कार्यालयको एउटा एकाइ जस्तो हुनेछ जो संवैधानिक प्रावधानको वर्खिलाप हुनेछ।

पछिल्लोपटक प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा समितिका सदस्यहरूले मानव अधिकार आयोग कुनै सरकारी निकाय नभएकाले यसको अधिकार र स्वतन्त्रता हनन् हुने काम कसैले गर्न नहुने उनले बताए पनि सरकारले गर्न लागेको ऐन संशोधनले आयोगको अधिकार सङ्कुचन गर्नेछ।[६७] यसर्थ अझै पनि यो विधेयक पारित गर्दा संसद्ले विवेक प्रयोग गर्नेछ भनी आशा गर्न सकिन्छ।

- विशेष सेवा गठन

नेपाल विशेष सेवाको गठन, सञ्चालनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संसद्मा पेश भएको छ। संविधानले मौलिक हकका रूपमा गोपनीयताको हकलाई संरक्षित गरे पनि सोको प्रतिकूल हुने गरी नागरिकका अधिकार कुण्ठित गर्ने गरी थुप्रै प्रावधान यस विधेयकमा प्रस्ताव गरिएको छ। संसद्मा विचाराधीन उक्त विधेयकमा नागरिकका गोपनीयता हनन हुने गरी कल रेकर्ड गर्न पाइने व्यवस्था पनि छ।[६८] विधेयकमा राष्ट्रिय अनुसन्धान विभागले कसैको अनुमतिबिना नै जोसुकै व्यक्तिको फोन गोप्यरूपमा सुन्न र रेकर्ड गर्न सक्ने प्रावधान राखिएको छ।

उक्त विधेयक पारित भएमा सरकारी अधिकारीले निगरानीमा राख्न चाहेका जोसुकै व्यक्तिको फोन सुन्न, रेकर्ड गर्न र इमेल पढ्न सक्नेछन् किनकि विधेयकको दफा १० भन्छ– संदिग्ध वा निगरानीमा रहेका व्यक्ति, सङ्घ/संस्थाबाट सार्वजनिक सञ्चारमाध्यम वा अन्य माध्यमबाट भएको कुराकानी श्रव्य, दृश्य वा विद्युतीय सङ्केत वा विवरणलाई निगरानी र अनुगमन र इन्टरसेप्सन गर्न र अभिलेख गर्न सक्नेछ।[६९] स्पष्टीकरणमा भनिएको छ– इन्टरसेप्सन भन्नाले सञ्चार सञ्जाललाई अनुगमन र निगरानी गरी आवश्यकताअनुसार विषयवस्तु प्राप्त गर्ने कार्य सम्झनुपर्छ। यो व्यवस्थाअनुसार सञ्चार सञ्जाल अर्थात् टेलिफोन, इमेल, सामाजिक सञ्जालमा भएका संवादका विषयवस्तु गुप्तचरहरूले प्राप्त गर्न पाउनेछन्। यसरी संविधानले मौलिक हकका रूपमा प्रत्याभूत गरेको गोपनीयताको हकमाथि समेत सरकार अतिक्रमण गर्न खोज्दैछ । राज्यमा कुनैखाले खतरा भए त्यसको

६३. ऐ.ऐ. ऐन, दफा १७ (क) (३)।

६४. ऐ.ऐ. ऐन, दफा १७ (क) (४)।

६५. अधिवक्ता माधवकुमार बस्नेतसमेत विरूद्ध सम्माननीय अध्यक्ष, नेपाल सरकार, अन्तरिम चुनावी मन्त्रिपरिषद्, प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौँसमेत मुद्दा नं. मा ०६९ -WS- ००५७, विषय : परमादेशसमेत।

६६. तेजमान श्रेष्ठ, प्राची २०७६

६७. सरकारले मानव अधिकार आयोगका अधिकार सङ्कुचन गर्न हुन्न : खाँण, माघ १२, २०७६ कान्तिपुर https://ekantipur.com/news/2020/01/26/15800286418087252.html

६८. दफा ८

६९. नवराज मैनाली। गुप्तचरले जोसुकैको फोन रेकर्ड गर्न र इमेल, एसएमएस पढ्न सक्ने अर्को कानुन संसद्मा नयाँ पत्रिका। २०७६ पुस २२। https://www.nayapatrikadaily.com/news-details/33056/2020-01-07

अनुसन्धानका लागि सबैले सघाउनुपर्छ तर यस्तो सूचनाको निगरानी सरकारले आफ्ना विपक्षीविरुद्ध लक्षित गर्ने भनी संसारभर आलोचित छ।

– नेपाली सेनाभित्र प्रतिज्ञासुसी संयन्त्र

नेपाल सरकारले सैन्य गुप्तचर बनाउने प्रयास गरेको छ।[७०] तत्कालीन उपप्रधान तथा कानुन मन्त्री उपेन्द्र यादवले उक्त विधेयक फिर्ता गरिदिएको दावी गरेका छन्। रक्षा मन्त्रालयले सैन्य गुप्तचर विभाग गठन गर्नेसम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा तयार पारी कानुन मन्त्रालयमा रायका लागि पठाएको थियो।[७१] यादवले सरकार गणतन्त्र र लोकतन्त्रबाट सर्वसत्तावादतर्फ अघि बढेको आरोप पनि लगाए। एउटा ऐन (राष्ट्रिय सुरक्षा परिषद् विधेयक) मा प्रधान मन्त्रीले सिधै सेना परिचालन गर्न सक्ने गरी ल्याइएको छ। यो ऐनले गुप्तचरी गर्ने भइहाल्यो। प्रेस ऐन र विशेष सेवा ऐन गरी यी चार ऐनलाई एक ठाउँमा राख्दा मुलुक त कहाँ पो जाने रहेछ । तत्कालीन कानुन मन्त्रीसमेत तर्सने गरी प्रस्ताव गरिएको विधेयकले नागरिकका संविधानप्रदत्त जीवनको हक, गोपनीयताको हकलाई समेत चुनौती दिन्छ।

कानुन मन्त्रालयबाट सुझावसहित फिर्ता पठाइएको मस्यौदा अहिले रक्षा मन्त्रालयमा विचाराधीन छ। साविकको सैनिक गुप्तचर विभागलाई किन पुनर्संरचना गर्न लागिएको हो भन्नेबारे रक्षाका अधिकारीले स्पष्ट गर्न चाहेका छैनन्।[७२] सैनिक गुप्तचर विभागलाई थप अधिकार सम्पन्न बनाइएमा त्यसले सेनालाई शक्तिशाली बनाउने र नागरिक स्वतन्त्रतामाथि पनि सैनिक हाबी हुन सक्नेछ।[७३] नागरिक स्वतन्त्रतालाई सङ्कुचन गर्ने गरी प्रस्ताव गरिएको यो विधेयकले पनि संसद् नागरिकको प्रतिनिधिहरूको संस्था भन्दा पनि कार्यकारीको सहयोगी जस्तो बढी देखियो । कामको सिलासिला भन्दै विभागका कर्मचारी जोकसैको घरमा जान सक्ने, जोसुकैलाई नियन्त्रणमा लिन सक्ने र प्रतिरक्षाको नाउँमा उसको ज्यानै लिनेसम्मको प्रावधान यस विधेयकमा गरिनुले नागरिक अधिकार केवल आलङ्कारिक बन्दै जाने खतरा बढेको छ।

प्रदेश सभाको भूमिका

यो समीक्षा अवधि अर्थात सन् २०१९ मा पनि प्रदेश सभाले आफूलाई आवश्यक पर्ने सबै कानुन निर्माण गर्न सकेको छैन। अघिल्लो समीक्षा अवधिमा पनि यस्तै प्रकारले समीक्षा गरिएकामा[७४] यस अवधिमा पनि सोही प्रकारले समीक्षा गर्नुपर्ने अवस्था रहनु विडम्बनापूर्ण नै हो। संविधानको धारा ७ को उपधारा २ अनुसार प्रदेशको सरकारी कामकाजको थप भाषा निर्धारण गर्नेसम्बन्धी कानुन बनाउनुपर्ने प्रावधान छ तर पनि यसतर्फ प्रदेशमा पहल भएको छैन।

आफ्नो प्रदेशको नाम र राजधानी तोक्न आफैँले पाउने विशेष अधिकार पनि सबै प्रदेशले प्रयोग गर्न सकेका छैनन्। यस वर्ष प्रदेश नं. ३ ले आफ्नो नाम वाग्मती प्रदेश नामकरण गऱ्यो[७५] तर यो निर्धारण गर्न प्रदेश सभा सदस्यको भूमिका रबर स्ट्याम्प भन्दा बढी रहेन (हेर्नुहोस् माथि ह्विप शीर्षक)। संविधानको धारा ६० को उपधारा (५) बमोजिम प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेसम्बन्धी कानुन बनाउनुपर्ने उल्लेख छ। त्यसैगरी, धारा १४८ को उपधारा (२) बमोजिम स्थानीय स्तरका न्यायिक निकायसम्बन्धी प्रदेश कानुन पनि प्रदेशले नै बनाउनुपर्छ। सङ्घीयताको महत्वपूर्ण पक्ष भनेको स्रोत/साधनको उपयोगमा तह तहका सरकारको सहभागिता हो तर सङ्घीय सरकारको मात्र बढी भूमिका रहनु सङ्घीयता कार्यान्वयनलका लागि सुखद होइन ।

७०. जगदीश्वर पाण्डे। छुट्टै सैन्य गुप्तचर बनाउने प्रयास, कान्तिपुर, पुस २३, २०७६
https://ekantipur.com/news/2020/01/08/157844829907799391.html

७१. Ibid

७२. Ibib

७३. पुस २३, २०७६ जगदीश्वर पाण्डे, कान्तिपुर
https://ekantipur.com/news/2020/01/08/157844829907799391.html

७४. गणेश भण्डारी। व्यवस्थापिका। नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१९। इन्सेक, काठमाडौँ।

७५. CPN to issue whip to enforce party decision on name and capital of Province 3. 2020 Jan. 9.
https://en.setopati.com/political/152124

संविधानको धारा १६२ को उपधारा (५) बमोजिम र धारा १६६ को उपधारा ३ बमोजिम प्रदेश सरकार र प्रदेश प्रमुखको नाममा हुने निर्णय वा आदेश र तत्सम्बन्धी अधिकारपत्रको प्रमाणीकरणसम्बन्धी प्रदेश कानुन बनाउने अधिकार पनि प्रदेशमै छ । तर पनि सङ्घले प्रदेशलाई यी अधिकार प्रयोग गर्न भने धेरै हदसम्म अङ्कुश लगाइरहेको छ। पछिल्लो पटक प्रदेश नं. २ को सागरनाथ वन विकास परियोजनालाई प्रदेश सरकारबाट सङ्घमा ल्याउन गरिएको निर्णय भने सर्वोच्च अदालतबाट उल्टाइदिए[६६]पछि भने सङ्घीयताको मर्मअनुसार प्रदेश सरकार चल्न पाउलान् कि भनी थोरै भए पनि अनुमान गर्न सकिन्छ।

निष्कर्ष

व्यवस्थापिका जनताद्वारा निर्वाचित जनप्रतिनिधिमूलक संस्था हो । जसले जनताका लागि कानुन बनाउने, कार्यपालिकामाथि नियन्त्रण गर्ने, परराष्ट्र नीति निर्धारण गर्ने, न्यायपालिकालाई जिम्मेवार तुल्याउने कार्य गर्छ। कानुन निर्माण गर्ने मुख्य भूमिका रहेको यस संस्थामा नागरिकको प्रत्यक्ष नभए पनि अप्रत्यक्ष सहभागिता हुन्छ। यदि नागरिक सहभागितालाई वृद्धि गर्ने हो भने त्यसमा प्रत्यक्ष सहभागितासमेत हुने गर्छ। तर नेपालको व्यवस्थापिकाले यो वर्ष संवैधानिक दायित्व प्रभावकारी ढङ्गले निर्वाह गर्न सकेन ।

यस अवधिमा संसद्को तेस्रो र चोथो गरी दुई वटा अधिवेशन सञ्चालन भयो। पाँचौँ अधिवेशनमा यो प्रतिवेदन अवधिभन्दा अघिदेखि रहेका गरी ५० भन्दा बढी विधेयक दर्ता भए पनि लामो समयसम्म सभामुखको विषयमा टुङ्गो नलागेका कारण संसद्को बैठक पटक पटक सर्न पुग्यो। चौथो अधिवेशन २०७६ साल वैशाख १६ मा प्रारम्भ भई २०७६ साल असोज २ गते अन्त्य भयो । यस अधिवेशनमा दुवै सभाबाट विनियोजन विधेयकलगायत विभिन्न आठ वटा विधेयक पारित भए । प्रतिनिधि सभाअन्तर्गत विभिन्न चरणमा रहेका २७ विधेयकमध्ये १० समितिमा विचाराधीन छन्। विधेयक अधिवेशन भनिने हिउँदे अधिवेशन सभामुखको अभावमा कार्यसूचीमै प्रवेश गर्न नसकेका कारण अत्यावश्यक कानुनहरूसमेत निर्माण हुन सकेनन् भने लामो समयदेखि संसद्मा विचाराधीन तीन तहका सरकारबीच समन्वय गर्ने विधेयकले समेत अन्तिम रूप प्राप्त गर्न सकेन । त्यसैगरी संविधानको धारा ४२ ले प्रत्याभूत गरेको सामाजिक न्यायसम्बन्धी हकलाई प्रचलनमा ल्याउनका लागि आवश्यक पर्ने कानुन यस वर्ष पनि बन्न सकेन।

प्रतिवेदन अवधिमा संसद्मा दर्ता भएको कैदी/बन्दीको प्रजनन स्वास्थ्य अधिकार विधेयक भन्दा बाहेकका मुख्य मुख्य विधयेक विवाद मुक्त हुन सकेनन् । यी विधयेकका व्यवस्था संविधानप्रदत्त मौलिक हक तथा सभ्य समाजमा स्वीकार्य नागरिक स्वतन्त्रता विरोधी छन्। गुठीसम्बन्धी विधेयकले त आदिवासी जनजाति समुदायको सांस्कृतिक अधिकार कुण्ठित गर्ने भनी काठमाडौँका नेवार समुदायको विरोधपछि सरकार उक्त विधेयक फिर्ता लिन बाध्य भयो। त्यस्तै सूचना प्रविधि विधेयक, विशेष सेवा गठन विधयेक, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक वास्तवमै लोकतन्त्र विरोधी छन् । सूचना प्रविधि विधेयकमा संसद्को वास्तविक कार्यशाला रहेको समितिमा समेत संसद्भित्रको अङ्कगणित हिसावले पास भयो। तसर्थ, समग्रमा यो वर्ष जनप्रतिनिधिमूलक संस्था अलमलमै रह्यो।

सुझाव

१. संसद्मा दर्ता भएका विधेयकउपर नागरिकको निरन्तर चासो रहनुपर्छ। व्यवस्थापिकालाई अझ बढी जनउत्तरदायी बनाउन संसदीय समितिहरूलाई थप सक्रिय तुल्याउन जरुरी छ।
२. विधायन निर्माण र अन्य समयमा प्रतिनिधि सभा तथा राष्ट्रिय सभा र समितिहरूले गरेका खर्च सर्वसाधारणको पहुँचमा पुग्न जरुरी छ।
३. प्रतिनिधि सभाका सभामुख र उपसभामुखलाई प्राप्त संवैधानिक दायित्व निष्पक्ष भएर सम्पादन गरिनुपर्छ।
४. सभा तथा समितिहरू कार्यपालिका तथा राजनीतिक दलको प्रभाव र दबाबबाट मुक्त भएर कार्य गर्न सक्नुपर्छ।
५. विज्ञहरूसँगको परामर्शलाई अझ व्यापक बनाइनुपर्छ।

६६. Ram Kumar Kamat. SC stays centre's decision to bring Province 2 forest under its domain The Himalayan Time. https://thehimalayantimes.com/nepal/sc-stays-centres-decision-to-bring-province-2-forest-under-its-domain/

परिच्छेद ३

३.१ विकासले निम्त्याएको विनाश : वातावरणीय प्रभाव मूल्याङ्कनप्रति बेवास्ताको परिणाम

वातावरण संरक्षण ऐन–२०५३ ले वातावरणसँग जोडिएको कुनै पनि विकास निर्माणको काम गर्दा बाध्यकारीरूपमा वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) गर्नुपर्ने व्यवस्था गरेको छ। वातावरणीय प्रभाव मूल्याङ्कन वातावरणीय नियम कानुन विकास विरोधी नीति नभई वातावरणमैत्री दिगो विकास प्रवर्द्धनका लागि हुन्। यहाँ प्रश्न उठ्छ– वातावरणीय प्रभाव मूल्याङ्कन भनेको हो ? वास्तवमा वातावरणीय प्रभाव मूल्याङ्कन भौतिक विकासका क्रममा वातावरणलाई वैज्ञानिक ढङ्गले सम्बोधन गर्नु हो । वातावरणीय प्रभाव मूल्याङ्कनले विकासका क्रममा जैविकदेखि पारिस्थितिक प्रणालीसम्मको व्याख्या गर्छ जुन विकासले सन्तान/दरसन्तानको दिगो विकास र अपनत्व सुरक्षित राख्छ । यसले तत्कालका लागि नभई दिगो र वातावरणमैत्री विकासमा जोड दिन्छ।

वातावरणीय प्रभाव मूल्याङ्कनका विषयमा नेपालमा यथेष्ठ कानुन र नियम बनाइएका छन्। त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा विकासले विनाश निम्त्याउने सङ्केत विकसित राष्ट्रहरूले गरेका विकास निर्माणका अभ्यासले दिएका छन्। वातावरणीय प्रभाव मूल्याङ्कन नगरीकन विकास निर्माणको कार्य अगाडि बढाउँदा कस्तो अवस्था सामना गर्नुपर्छ भन्ने प्रश्नको राम्रो उदाहरणका रूपमा चीनको 'थ्रि गर्जेज ड्याम' छ। जडान क्षमताका आधारमा विश्वको सबैभन्दा ठूलो जलविद्युत् केन्द्र मानिने थ्रि गर्जेज ड्यामको सपना सन् १९१९ मा नै बुनिएको थियो । जसबारे सन् १९५६ मा माओले कवितासमेत लेखेका थिए।

सन् १९९४ मा सुरु भएको उक्त परियोजना सन् २००६ मा सकियो जसलाई लिएर चीनकै एउटा ठूलो सफलताका रूपमा निकै खुसियालीसमेत मनाइयो। तर ड्याममा पानी भरिन नपाउँदै १३ लाखभन्दा बढी मानिस बिस्थापित हुनुपऱ्यो । हजारौँ गाउँ तलाउमा परिणत भए। पहिरोले बेजोड रूप लियो। भौगोलिक र जैविक विपत्तिले जैविक सङ्कट ल्यायो । अहिले चीन सरकारका लागि तिब्बत र ताइवानजस्तै तेस्रो समस्याका रूपमा 'थ्रि गर्जेज ड्याम' थपिएको छ । जुन वातावरणविज्ञहरूको सुझाव बेवास्ता गर्दै, वातावरणीय प्रभावको उचित मूल्याङ्कन नगरी बनाइएको थियो। यो उदाहरणले पछिल्लो समयमा नेपालमा भइरहेको भौतिक विकासलाई इङ्गित गर्छ जसलाई नेपालले समयमै सम्बोधन नगरे भावी दिनमा पर्यावरणीय हिसाबले नेपालले ठूलो मूल्य चुकाउनुपर्नेछ।

नेपालमा वि.सं. २०४८ मा वन तथा वातावरण मन्त्रालय र वि.सं. २०४९ मा वातावरण संरक्षण परिषद् स्थापना भयो। नेपाल सरकारले राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० मा जारी गऱ्यो। सरकारले वि.सं. २०५३ मा वातावरण संरक्षण ऐन र वि.सं. २०५४ मा वातावरण संरक्षण नियमावली लागु गऱ्यो।

वि.सं. २०७२ मा जारी भएको संविधानमा राज्यले मौलिक हकअन्तर्गत धारा ३० मा स्वच्छ वातावरणको हकको व्यवस्था गरेको छ। सो धाराको उपधारा २ मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरिएको छ। मौलिक हकअन्तर्गत नै धारा ३७ मा आवासको हकको व्यवस्था वर्तमान नेपालको संविधानले गरेको छ। सोही धाराको उपधारा १ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने उल्लेख छ । त्यसैगरी उपधारा २ मा कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाउने वा अतिक्रमण गरिने छैन भन्ने उल्लेख छ।

पृष्ठभूमि

उदयपुर जिल्ला नेपालको प्रदेश १ अन्तर्गत पर्छ। महाभारत पहाडको शृङ्खलादेखि दक्षिणमा चुरे पहाडको शृङ्खलासम्मको भित्री मधेस क्षेत्र समेट्ने यो जिल्लालाई सुनकोसी नदीले उत्तर र पूर्वतिर ओखलढुङ्गा, खोटाङ, भोजपुर र धनकुटा जिल्लालाई छुट्टयाएको छ । दक्षिणतर्फ चुरे पहाडले सिरहा, सप्तरीलाई छुट्टयाएको छ । पहाड र भित्री मधेसमा विभाजित विषम भौगोलिक बनोट रहेको यस जिल्लामा महाभारत पर्वत शृङ्खलाअन्तर्गत धारिला विकट डाँडा र पातलिएका बस्ती छन्। महाभारत फेदीदेखि चुरे शृङ्खलाबीच समथर फाँट र दक्षिणी सिमाना चुरे क्षेत्रमा

घना जङ्गल छ। पूर्वतिर साँघुरिएर पश्चिमतिर फुक्दै गएको यस जिल्लाको क्षेत्रफल २०६३ वर्ग किलोमिटर छ । भू-बनोटका आधारमा पहाड, वेसी, टार र तराईसमेतको भू-भाग ओगट्ने यो जिल्ला क्षेत्रफलका हिसावले नेपाल अधिराज्यको २० औँ र प्रदेश १ को चौथो स्थानमा पर्छ।

३६० मिटरको तराई तथा भावर क्षेत्र ६ प्रतिशत, भित्री मधेस ५२ प्रतिशत र २३१० मिटर अर्थात् ७७७० फिट चित्रेथाम चुचुरोसमेतको मध्य पहाडी क्षेत्र ४२ प्रतिशत छ। जटिल र कमजोर भू-बनोट भएको उच्च र मध्य पहाडी भेगको ६० प्रतिशतभन्दा धेरैजसो भू-भागमा ३० वटाभन्दा बढी भिरालो छ। यो भिरालो क्षेत्र पहिरोबाट संवेदनशील मानिन्छ। वि.सं. १९९०, २०४५ र २०७२ सालमा गएको ठूला तथा अन्य भूकम्पले चर्काएका यी भिराला भू-भागका ढिस्का/टाकुराका धाँजाहरूमा पसेका पानीको चाप र बनेका सडकका कारण सामान्य अवस्थामा पनि ढल्ने जोखिम छ। यसबाट मुनि रहेका बस्तीहरूसमेत यही कारण उच्च जोखिममा छन्।

त्यसैले यी जिल्लाको पहाडी भिरालो भू-भाग बाढी र पहिरोको उच्च जोखिममा देखिन्छ। त्यसमा पनि ताम्लिछा, डुम्रे, बारहा, पोखरी, इनामे, सिद्धिपुर, आँपटार जस्ता ठाउँ र त्यहाँका बस्ती बढी जोखिममा छन् । जोखिमको राष्ट्रिय श्रेणीमा उदयपुर पहिरोमा ४२ औँ, बाढीमा १६ औँ र समग्र विपद्का हिसावले ३६ औँ स्थानमा पर्छ। यो जिल्लाको सिमानामा उत्तरमा मुख्यतः भोजपुर तथा खोटाङ र ओखलढुङ्गाको केही भाग, पश्चिममा मुख्यतः सिन्धुली र धनुषाको केही भाग, दक्षिणमा सिरहा र सप्तरी एवम् पूर्वमा मुख्यतः सुनसरी र धनकुटा जिल्लाको केही भाग छ। यसरी उदयपुरको सिमानामा नौ ओटा जिल्ला पर्छन् जुन नेपालको धेरै जिल्लासँग सिमाना जोडिएको जिल्लामध्ये दोस्रो स्थानमा पर्छ। हाल यस जिल्लामा चार वटा नगरपालिका (त्रियुगा, चौदण्डीगढी, बेलका र कटारी) छन् भने चार वटा गाउँपालिका (रौतामाई, उदयपुरगढी, ताप्ली र लिम्चुङबुङ) छन्।

भू-क्षय सम्भावित क्षेत्र

यस जिल्लाको करिब ६० प्रतिशत क्षेत्रफल पहाडी भूभागले ढाकेको हुँदा अधिकांश जमिन भिरालो छ। भू-संरक्षण र बनोट जटिल र कमजोर भएका कारण यस जिल्लाको धेरै भाग पहिरोका हिसावले संवेदनशील छन् । अझ विकासका नाममा वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) नै नगरी जथाभावी सडक बनाइँदा बर्सेनि क्षति बढ्दै गएको छ। अधिकांश क्षेत्र पहाडी भएकाले जमिनको माथिल्लो सतहको मलिलो माटो बगेर तल्लो क्षेत्रतिर जाने गर्छ। यसबाट बर्सेनि बाढी तथा नदी कटानको समस्याका साथै नदी खोलाको पिँध अत्यधिक मात्रामा बढिरहेको छ।

नेपालको तराई क्षेत्रमा प्रतिवर्ष औसत १५ सेन्टिमिटरका दरले नदीको पिँध माथि उठ्छ भन्ने तथ्याङ्क भए तापनि उदयपुरमा यो करिब १ मिटर जति रहेको अनुमान छ। यदि यही क्रममा खोला, नदीको पिँध बढ्ने हो भने अब केही वर्षमा बस्ती, खेतीपाती भएको ठाउँमा नदी, खोला बग्ने र पहिले खोला भएको ठाउँमा ढिस्को देखिन सक्छ। पहाडी भागको मलिलो माटो बग्ने तथा जग्गा भू-क्षयका कारणले ठाउँठाउँमा गल्छी बनी क्षत्विक्षत भइरहेको हुँदा यस जिल्लाको जग्गाको ऊर्वरा शक्तिमा ह्रास आइ जनताको जीवनस्तर दिन/प्रतिदिन खस्कँदो अवस्थामा देखिन्छ। भू-क्षय तथा तल्लो क्षेत्र पुरिने समस्या अत्यधिक मात्रामा चुरे क्षेत्रको तल्लो भागमा छ। यहाँ बर्सेनि कैयौँ टन माटो चुरे पहाडबाट बगेर आइ नजिकको तल्लो क्षेत्र बलौटे माटोले पुरिने प्रक्रिया भइरहेको छ। यस्तै समस्या महाभारत पर्वतबाट बगेर आउने माटोले पनि सिर्जना गरेको छ।

जिल्लामा सडकको अवस्था

जम्मा सडकको लम्बाइ : १ हजार ६ सय ८९ किलोमिटर

१. बेलका नगरपालिकामा २ सय ५७ किलोमिटर सडक छ। त्यसमध्ये पिच २०, कच्ची १ सय ४७ र ग्राबेल ९० किलोमिटर छ।
२. चौदण्डीगढी नपामा सडक २ सय २० किलोमिटर छ । त्यसमध्ये पिच ४२, ग्राबेल १ सय २ र कच्ची ७६ किलोमिटर छ।
३. त्रियुगा नपामा ३ सय ७० किलोमिटर सडक छ। त्यसमध्ये पिच ४५, ग्राबेल ७७ र कच्ची २ सय ४८ किलोमिटर छ।
४. कटारी नपामा २ सय ८१ किलोमिटर सडक छ। त्यसमध्ये पिच ५०, ग्राबेल ५८ र कच्ची १ सय ७३ किलोमिटर छ।
५. उदयपुरगढी गाउँपालिकामा ३ सय १२ किलोमिटर सडक छ । त्यसमध्ये पिच २२, ग्राबेल १९२ र कच्ची १ सय २० किलोमिटर छ।
६. ताप्ली गाउँपालिकामा ६९ किलोमिटर सडक छ। त्यसमध्ये ग्राबेल २ र कच्ची ६७ किलोमिटर छ।
७. रौतामाई गाउँपालिकामा ४ सय १६ किलोमिटर सडक छ। त्यसमध्ये ग्राबेल ९ र कच्ची ४ सय ७ किलोमिटर छ।
८. लिम्चुङबुङ गाउँपालिकामा ६८ किलोमिटर सडक छ। त्यसमध्ये ग्राबेल २० र कच्ची ४८ किलोमिटर छ।

अध्ययनको उद्देश्य

१. जिल्लाको सडक सञ्जालको अवस्था सार्वजनिक गर्ने
२. सडक सञ्जाल विस्तार गर्दा अपनाउनुपर्ने सतर्कता, कानुनी उपायहरूको खोजी गर्ने
३. भौतिक विकास गर्दा अनिवार्यरूपमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था कार्यान्वयनको अवस्था उजागर गर्ने
५. वातावरण सुरक्षाका लागि मौजुदा कानुन र तिनको कार्यान्वयनको अवस्था खोतल्ने
४. सडककै कारण विस्थापित भएका परिवारको अवस्था र समाधानका लागि राज्यलाई जिम्मेवार बनाउन सघाउने
५. सडकमा राज्यको लगानी र यसको सदुपयोगबारे जानकारी प्रदान गर्ने
६. विकासका नाममा भएका गैरजिम्मेवार कार्यलाई निरुत्साहित गर्ने

अध्ययनको महत्व

नेपालको कानुनले अनिवार्यरूपमा भौतिक विकास निर्माण गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने उल्लेख गरेको छ। त्यसमा पनि मन्त्रिपरिषद्ले राष्ट्रिय गौरवका योजनाबाहेक साना सडक निर्माण योजनामा मेसिन प्रयोगमा प्रतिबन्ध लगाइ जनतालाई निर्माण गर्न दिनुपर्ने निर्णय गरेको छ। पहाडी भू–भागमा मेसिनबाट सडक निर्माण गर्दा जमिन थर्किने र भूक्षयको क्षति हुने गरेका कारण क्षति कमका साथै रोजगारीसमेत सिर्जना गर्ने उद्देश्यले सरकारले यो निर्णय गरेको देखिन्छ। यसर्थ पनि यो कार्यान्वयन गर्नु राज्यको दायित्व हो।

सडक निर्माणमा जथाभावी डोजर प्रयोग गर्दा गाउँ/बस्ती नै पहिरोको उच्च जोखिममा परेका छन्। कतिपय विस्थापित भइसकेका छन्। यस्तो अवस्थामा पनि राज्यका निकायहरू जिम्मेवार बन्न सकेका छैनन्। यो समस्याको समाधान नहुनुले पनि राज्य जिम्मेवार नरहेको प्रस्ट हुन्छ। यो अध्ययनबाट आगामी दिनमा अनिवार्यरूपमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न सम्बन्धित निकायलाई जिम्मेवार बनाउनेछ। र, कोही पनि जनता सडककै कारण विस्थापित हुने अवस्था आउने छैन।

अध्ययन विधि

१. स्थलगत अवलोकन, भ्रमण र अनुगमन
२. अन्तर्वार्ता (पहिरोबाट विस्थापित भएका परिवार, सम्बन्धित तहका जनप्रतिनिधि र सरोकारवाला निकायसँग)
३. स्रोत सामग्री (नेपालमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रणालीको विकास, पहिरोका सवालमा प्रकाशित समाचार, लेख, रचना, तस्बिर तथा राज्यले अख्तियार गरेको कानुन तथा प्रतिबद्धता)
४. सम्बन्धित निकायबाट भएका अवलोकन/सङ्कलन
५. द्वितीय स्रोत सामग्री अध्ययन

अध्ययनको सीमा

१. यो अध्ययन उदयपुरको विकास निर्माणका क्रममा भएका डोजर प्रयोग र यसबाट उत्पन्न परिस्थितिसँग केन्द्रित छ।
२. सडक सञ्जालका नाममा भएका दुरुपयोग र समाधानका उपायको खोजीमा छ।
३. सडक सञ्जाल विस्तारसँगै व्यक्तिका जग्गा, घर/बासमा पुगेको क्षतिसँग सम्बन्धित छ।
४. राज्यले बनाएका कानुन, नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था केलाउने प्रयास गरिएको छ।
५. अध्ययनमा उल्लिखित सूचना प्रारम्भिक र द्वितीय दुवै स्रोतबाट लिइएको छ।
६. सडकको अवस्थाबारे थप प्रस्ट पार्न सम्बन्धित निकाय र सरोकारवाला निकायको भनाइ समावेश छ।

समस्याको परिचय

उदयपुरको त्रियुगा नगरपालिकाको खाँबु, चौदण्डीगढी नगरपालिकाको सिद्धिपुर, बेलकाको मैनामैनी, कटारीको लिम्पाटार, मयाँखु, सिरिसे, रौतामाई गाउँपालिकाको आँपटार, डिल्विर, उदयपुरगढीको डुम्रे, वेर्रे, ताप्लीको ओख्ले, ठानागाउँ र लिम्चुङबुङ गाउँपालिकाको बारहा, बलम्ताका स्थानीय ठूलो पानी परे आइपर्ने विपत्तिका विषयमा सधैँ चिन्तामा हुन्छन्। खेती लगाउन सामान्य पानी मात्र परिदियोस् भन्ने उनीहरू चाहन्छन् यही कारण। ठूलो पानी पर्नासाथ घर नै बगाएर लैजाला भन्ने सधैँको चिन्ता रहन्छ, त्यसैले सामान्य पानी मात्र परे हुन्थ्यो भन्ने कामना गर्छ– त्रियुगा नगरपालिका– १५ खाँबुका पुष्पराज खड्का सधैँ पुकारा गर्छन् भगवानसँग। गाईघाट–दिक्तेल सडक योजनाका कारण घर नै पहिरोमा परेपछि उनी पानी पर्नासाथ केटाकेटीलाई आफन्तकोमा पठाइहाल्छन्। यो समस्या उनको मात्र हैन, त्यहाँका २४ घर/परिवारकै हो।

विकास निर्माणमा होडवाजी चल्दा उदयपुरका ग्रामीण भेगका सडक कामै नलाग्ने अवस्थामा पुगेका छन्। त्यसको सबैभन्दा असर स्थानीय जनतामा परेको छ। जनतासँग सबैभन्दा नजिक रहेर काम गर्दै आएको स्थानीय सरकारका जनप्रतिनिधिहरूले दूरगामी प्रभाव पर्ने गरी काम गर्नेभन्दा पनि क्षणिक देखिने गरी काम गर्ने परम्पराले सडकहरू काम नलाग्ने अवस्थामा पुगेका

हुन्। अझ नातावाद, कृपावाद, आर्थिक प्रलोभनमा परी हचुवाको भरमा जथाभावी डोजर (मेसिन) प्रयोग गरेर सडक निर्माण गर्दा वातावरणले नराम्रो मार भोग्नुपरेको छ। त्यतिमात्र नभई सडककै कारण पहाडी क्षेत्रमा विस्थापित हुने क्रम छ। यदि यो समस्या समयमा नै पहिचान गरी सम्बोधन नगर्ने हो भने व्यक्तिका घर, जग्गा क्षति र उठिबास त हुन्छ नै, त्योभन्दा बढी मानवीय क्षतिको सम्भावना छ।

घरका तल र माथि दुवै ठाउँबाट सडक खनिँदा घर पहिरो गएर व्यक्ति विचल्लीमा छन्। कतिपय अवस्थामा आकाश धुम्मियो र बादल मडारिने बित्तिकै पानी पर्ने सङ्केत भन्दै स्थानीयले सुरक्षित स्थान खोजी गर्नुपर्ने अवस्था छ। पानी पर्नासाथ मध्यरातको निद्रासमेत छाडी जीवन बचाउनैका लागि आफन्त र छिमेकीको शरणमा पुग्नुपरेको छ भने कतिपयचाहिँ मरे पनि यही घरमा मरौँला भन्दै ज्यान जोखिममा पारेर रात कटाउन बाध्य छन्।

स्थानीय तहले विकासका नाममा जताजतै डोजर लगाएर सडक खनेपछि त्यसको गम्भीर असर देखिन थालेको छ। सडक निर्माण गर्न विभिन्न तह र तप्का हुँदै आउने व्यवस्था भए पनि योजना कर्मचारी, पहुँचवाला र स्थानीय जनप्रतिनिधिको हातमा हुँदा जनताले सास्ती भोग्नुपरेको हो। कुनै अध्ययन र योजनाबिना डोजरले खनेका सडक बिस्तारै विनाशतर्फ अघि बढदै गएका छन्। जोखिमपूर्ण यस्ता सडककै कारण कैयौँले अकालमै ज्यानसमेत गुमाएका छन्।

सरकारले सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, त्यसपछि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) गरेरमात्र सडक खन्ने प्रावधान बनाए पनि स्थानीय तहका जनप्रतिनिधिले त्यसलाई लत्याउँदै जहाँ मन लाग्यो त्यहीँ डोजर चलाएर पहाडलाई थिलथिलो बनाएपछि उदयपुरका आठ वटै स्थानीय तहका सडक काम नलाग्ने भएका छन् भने सडक आसपास क्षेत्रका बस्ती पहिरोको जोखिममा पुगेका छन्। कतिपय त बिस्थापित नै भइसकेका छन्। बर्सेनि बाढी/पहिरोका कारण बिस्थापित र ज्यान गुमाउनेको सङ्ख्या पनि थपिँदै गएको छ।

वातावरणीय प्रभाव मूल्याङ्कनबिना खनिएका सडकका कारण चौदण्डीगढी नगरपालिकाको सिद्धिपुर, चौदण्डीगढी, बेलकाको मैनामैनी, कटुञ्जे ववला, त्रियुगाको जाल्पा चिलाउने, साउने, खाँबु, कटारीको लिम्पाटार, हर्देनी, मयाँखु, सिरिसे, लेखानी क्षेत्र पहिरोको सङ्कटमा छन्। त्यसैगरी गाउँपालिकातर्फ रौतामाईको आँपटार, पोखरी, भुट्टार, उदयपुरगढीको डुम्रे, बर्रे, तावाश्री, ताप्लीको ओख्ले, ठानागाउँ, इनामे, लिम्चुङबुङको बलम्ता, ताम्लिछा, बाँसबोटे, जाते लगायत क्षेत्र पहिरोको उच्च जोखिममा परेका छन्।

कति बिस्थापित ?

वातावरणीय प्रभाव मूल्याङ्कन नगरी गरिएको विकासले २०७६ असार २४ गतेदेखि अविरल वर्षापछि आएको बाढी/पहिरोले उदयपुरमा ४ सय ११ परिवार बिस्थापित भएका छन्। करोडौँ जन/धनको क्षति भएको छ। बाढी/पहिरोमा तीन जनाको ज्यान गएको छ भने १३ जना घाइते भएका छन्। २०७६ असार ३० गते रौतामाई गाउँपालिकाको डिल्लीवरमा सुतिरहेको अवस्थामा घरमाथिबाट आएको पहिरोले पुरिएर ५५ वर्षीया रनमाया रिखाम मगरको मृत्यु भएको छ। त्यस्तै रौतामाई-७ मुर्कुचीको छौडिया खोलामाथि बनेको सडक बगाएर थुनिएको खोला खोलिँदा स्थानीय १४ वर्षीय बालक आर्यन सुनुवारको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय उदयपुरको तथ्याङ्कले देखाएको छ। बाढी/पहिरोले जिल्लाभरि ४ सय २८ घर पूर्ण क्षति भएका थिए भने ५ सय ४१ घर आंशिक क्षति भए। ३ सय ४५ घर जोखिममा छन्। त्यस्तै ३ हजार १ सय ७२ पशु चौपाया, २१ माछापोखरी र ५ सय ४६ परिवारको बालीमा क्षति पुगेको तथ्याङ्कले देखाएको छ।

बाढी/पहिरोले जिल्लाभित्रका सार्वजनिक भौतिक पूर्वाधारमा पनि उत्तिकै क्षति पुगेको छ। ४१ विद्यालय पूर्णरूपले क्षति भएका थिए भने १६ वटा जोखिममा छन्। त्यसैगरी १ सय २१ वटा सडक तथा कल्भर्ट, पाँच वटा पुल तथा झोलुङ्गे पुल, ४१ वटा पिउने पानी मुहान, चार वटा स्वास्थ्य चौकी, पाँच वटा सामुदायिक भवन, दुई वटा वडा कार्यालय भवन, एक प्रहरी बिट, ३७ सिँचाइ कुलो, पाँच वटा पेल्ट्रिकसेट तथा हाइड्रो, ४८ ठाउँका बाँधमा पनि क्षति पुगे। यसरी नै ३१ ठाउँमा नदी कटान भए भने दुई ठाउँ डुबानमा पऱ्यो। एउटा टेलिफोन टावर र नौ वटा अन्य क्षतिसमेत भयो।

कुन तहमा कति सडक क्षति ?

जिल्लाका सबैभन्दा बढी चार गाउँपालिकाका सडकमा क्षति पुगेका छन्। २७ वटा ग्रामीण सडक सुचारु गर्न करिब ११ करोड रुपियाँ लाग्ने अनुमान गरिएको छ। प्रमुख तीन राजमार्ग (मदन भण्डारी, सिद्धिचरण र सगरमाथा) बाहेकका ५ सय २२ किलोमिटर लामो विभिन्न ग्रामीण सडक वातावरणीय प्रभाव मूल्याङ्कन नगरी निर्माण भएकाले मर्मत/सम्भार गरेपछि मात्र सञ्चालनमा आउने अवस्थामा छन्। जसका लागि मर्मत खर्च १० करोड ६५ लाख रुपियाँ लाग्ने प्रारम्भिक अनुमान छ।

जिल्ला विपद् व्यवस्थापन समिति, सम्बन्धित गाउँपालिकाका प्रमुख तथा प्रतिनिधि, सञ्चारकर्मी र प्राविधिक टोलीको संयुक्त अनुगमनपछि क्षतिग्रस्त सडक सुचारु गर्नका लागि लागत प्रक्षेपण गरिएको हो । क्षतिग्रस्त सडकमध्ये सबैभन्दा बढी ताप्ली गाउँपालिका जोडिने १ सय ७२ किलोमिटर दूरीको ६ वटा सडकमा ५ करोड १५ लाख रुपियाँ लाग्ने अनुमान गरिएको छ। त्यसैगरी लिम्चुङबुङ गाउँपालिका जोडिने १ सय २५ किलोमिटर दूरीका ६ वटा सडकमा ४ करोड ५० लाख रुपियाँ लाग्ने अनुमान छ।

त्यस्तै रौतामाई गाउँपालिकाको १ सय ३३ किलोमिटर दूरीका आठ वटा सडकमा ८५ लाख रुपियाँ लाग्ने अनुमान छ। गाउँपालिकामध्ये सडक सञ्जालका हिसावले सबैभन्दा कम खर्च हुनेमा उदयपुरगढीको ९२ किलोमिटर दूरीका आठ वटा सडकमा २० लाख रुपियाँ लाग्ने अनुमान छ।

सदरमुकाम गाईघाटसँग जोडिने लिम्चुङबुङ र रौतामाई गाउँपालिकाको गाईघाट–मुर्कुची–खमारे–कोल्वोटे–पुवाँरेभञ्ज्याङ–माझखर्क–बारहा ७० किलोमिटर सडक सबैभन्दा जीर्ण बनेको छ। यो सडक मर्मतका लागि मात्रै ३ करोड ५० लाख रुपियाँ लागत लाग्ने अनुमान छ। त्यसैगरी ताप्ली गाउँपालिकाको केन्द्र रूपाटार जोडिने वेतेनी–रूपाटार ५० किलोमिटर सडक मर्मतका लागि २ करोड रुपियाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। सोही गापाको वेतेनी–सोरुङ–रूपाटार ४० किलोमिटर १ करोड ५० लाख रुपियाँ, नूनथला–ओख्ले ३० किलोमिटर १ करोड रुपियाँ लाग्ने अनुमान गरिएको छ।

त्यस्तै लिम्चुङबुङ गाउँपालिका जोडिने माझखर्क–जाँते १९ किलोमिटर ३० लाख रुपियाँ, बलम्ता–सार्वोटे १७ किलोमिटर ३० लाख रुपियाँ, रौतामाईको पुवाँरे–डिल्विर–माझखर्क ३० किमि सडक ५० लाख रुपियाँ, भुट्टार–लाफागाउँ १६ किमि २० लाख रुपियाँ, पुवाँरे–ख्याटुङ–घोत्लीघारी १५ लाख रुपियाँ र उदयपुरगढी जोडिने नेपालटार–स्वर्गे १० किमि ५ लाख रुपियाँ, कटारी–जरुवा १५ किमि ३ लाख रुपियाँलगायत छ । ताप्ली गाउँपालिकाको वेतेनी–नूनथला–रूपाटार सडक खण्डमा मात्रै करिव १ सय ठाउँमा पहिरो गएको छ। जसको मुख्य कारण वातावरणीय प्रभाव मूल्याङ्कन नगरी सडक निर्माण गरिनु हो । पहिरो गएको ठाउँमा तलबाटै जाली उठाएर जग लगाउनुपर्ने भएकाले मोटो रकम खर्च हुने अनुमान गरिएको छ।

नगरपालिकातर्फ बेलकामा नौ वटा सडक, कटारीमा सात वटा सडक, त्रियुगामा ५४ वटा सडक र चौदण्डीगढीमा नौ वटा सडक छन्। यी सडक मर्मत गर्न ३ करोड ५५ लाख रुपियाँ लाग्ने अनुमान छ।

बाढी/पहिरोका कारण कुन पालिकामा कति क्षति ?

२०७६ असार ३० गते बाढी/पहिरोले रौतामाई गाउँपालिकामा चार जना घाइते भए भने दुई जनाको मृत्यु भयो । २०७६ असार २४ देखि भदौ २ गतेसम्म परेको अविरल वर्षाका कारण १ सय १३ घर/परिवार पूर्ण क्षति, ४० घरमा आंशिक क्षति र ९२ घर जोखिममा रहेका जिल्ला विपद् व्यवस्थापन समितिले तयार पारेको तथ्याङ्कले देखाएको छ। ६२ परिवारको पशु चौपाया क्षति भएको पनि तथ्याङ्कले देखाएको छ।

त्यस्तै कटारी नगरपालिकामा पूर्ण क्षति ७१ घर, आंशिक क्षति १ सय ६८ घर, अल्प बिस्थापित ५३ घर, ४२ परिवारको पशु चौपाया, तीन परिवारको माछापोखरी र २ सय ८५ घरको खेतीबाली क्षति गरेको तथ्याङ्कमा उल्लेख छ। त्यसैगरी ताप्ली गाउँपालिकामा पूर्ण क्षति चार घर, आंशिक क्षति तीन घर, जोखिममा परेका १ सय ५ घर/परिवार, २४ परिवारको पशु चौपाया र ७९ घरका खेतीबाली क्षति भएको तथ्याङ्कमा देखिन्छ।

बेलका नगरपालिकामा बाढी/पहिरोले चार जना घाइते भए भने एक जनाको मृत्यु भयो। पूर्ण क्षति ३१ घर, आंशिक क्षति भएका १ सय १४ घर, अल्प बिस्थापित भएका ३ सय ८६ घर/परिवार, २ हजार २ सय ४१ वटा पशु चौपाया, १६ वटा माछापोखरी र १ सय १२ घर/परिवारको खेतीबालीमा क्षति गरेको सरकारी तथ्याङ्क छ।

लिम्चुङबुङ गाउँपालिकामा पूर्ण क्षति सात घर, आंशिक क्षति भएका ३८ घर र जोखिममा परेका ५८ घर तथ्याङ्कले समेटेको छ । त्यसैगरी चौदण्डीगढी नगरपालिकामा एक जना घाइते भए। पूर्ण क्षति नौ घर, आंशिक क्षति भएका ३१ घर र ८ सय तीन वटा पशु चौपायमा क्षति गरेको तथ्याङ्कमा उल्लेख छ। त्रियुगा नगरपालिकामा बाढी/पहिरोले एक जना घाइते भए। पूर्ण क्षति ७८ घर, आंशिक क्षति भएका ९८ घर, अल्प बिस्थापित २१ घर, जोखिममा परेका ९० घर, दुई वटा माछापोखरी र ७० वटा पशु चौपायामा क्षति गरेको तथ्याङ्क छ। त्यसैगरी उदयपुरगढीमा तीन जना घाइते भए भने पूर्ण क्षति १ सय १५ घर र अल्प बिस्थापित ८१ घर रहेका तथ्याङ्कले देखाएको छ।

सार्वजनिक सम्पत्तिमा क्षति

जलवायु परिवर्तनले गर्दा असन्तुलित वर्षा अर्थात् वर्षभरि सुक्खा हुने र वर्षायाममा चाहिँ एक सातासम्म अत्यधिक वर्षा हुने क्रम बढेपछि त्यसको

विकराल रूप देखिन थालेको छ । वातावरण प्रभाव मूल्याङ्कनबिना जथाभावी सडक खन्ने, ढुङ्गा, गिट्टीको उत्खनन, जङ्गल विनाशसँगै प्राकृतिक विपद्ले गर्दा पहाडमा पहिरो जाने क्रम बढेको छ । विकासका नाममा पहाडै मासेर खनिएका सडकले पनि पहिरोको जोखिम बढेको छ ।

पहिरोले पाखाभित्ताका गाउँ/बस्तीमात्र होइन, व्यवस्थित तरिकाले बनाइएका कतिपय खानेपानी आयोजना, स्वास्थ्य चौकी, विद्यालय र अन्य भौतिक संरचनासमेत उच्च जोखिममा परेका छन् । गाईघाट–दिक्तेल सडक आयोजनाले बनाएको सडककै कारण त्रियुगा नगरपालिका–१५ स्थित सङ्गकाली आधारभूत विद्यालय रातमाटेको दुईवटा भवनमा ठूलो क्षति पुगेको छ । विद्यालयको भवनभन्दा तल्लो भाग सडकले खन्दा २० लाख रुपियाँमा तयार दुईवटा भवन र ३ लाख ५० हजार रुपियाँ लागतको शौचालय काम नलाग्ने अवस्थामा पुगेको छ । गारो भत्कन थाल्दासमेत विद्यालयको अन्य भवन नहुँदा विद्यार्थी जोखिम मोलेर त्यही भवन प्रयोग गर्न बाध्य छन् ।

त्यसैगरी पशुपति माध्यमिक विद्यालय रौतामाई–५ डाँडागाउँको विद्यालयको हालत पनि मुनिबाट सडक गएकै कारणले क्षति बेहोर्नुपर्ने अवस्थामा छ । विद्यालयसँग टाँसिएको सडकका कारण विद्यालयको ११ र १२ कक्षा पढ्ने भवनमा पहिरोले क्षति पुऱ्याएको छ ।

बाढी/पहिरोका कारण लिम्चुङबुङ गाउँपालिका सङ्कटग्रस्त घोषणा

२०७६ असारको अन्तिम एक सातासम्म परेको पानीले ठूलो क्षति पुऱ्यायो । बाढी/पहिरोकै कारण क्षतिग्रस्त बनेको लिम्चुङबुङ गाउँपालिकालाई खाद्यान्न सङ्कटग्रस्त क्षेत्र घोषणा गरियो । गाउँ कार्यपालिकाको २०७६ असार ३१ गते बसेको बैठकले प्राकृतिक विपत्ति आइपरेकाले सङ्कटग्रस्त घोषणा गरेको थियो । गाउँपालिकाका अध्यक्ष मेजरकुमार राईले गाउँपालिकामा खाद्यान्न अभावसँगै क्षत्विक्षत सडकले जनजीवन अस्तव्यस्त भएपछि सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको बताए ।

गाउँपालिकालाई बजारसम्म जोड्ने मुख्य दुई सडक पहिराले क्षत्विक्षत भएपछि खाद्यान्नै अभाव भएको थियो । लिम्चुङबुङलाई गाईघाट बजारसँग जोड्ने गाईघाट हुँदै मुकुर्ची लिम्चुङबुङ हलेसी सडकको चार दर्जन स्थानमा पहिरो गएको र कटारी बजारबाट लिम्बुङबुङ जोडिने कटारी, बेतेनी, ताप्ली लिम्चुङबुङ सडकमा दर्जनौँ पहिरो गएको थियो । ढुवानी गर्ने सडकसमेत क्षत्विक्षत भएपछि खाद्यान्नलगायत समस्या आइपरेको थियो । वातावरणीय प्रभाव मूल्याङ्कन नगरी बनाइएको बाटो पानीले बगाएपछि पहिरो जानुका साथै खाद्यान्नसमेत सङ्कट हुन पुग्यो ।

कारक सामुदायिक वन पनि

बाढी/पहिरो आउनुको एउटा कारण सामुदायिक वन क्षेत्रको दोहन पनि हो । वन संरक्षणभन्दा पनि कसरी प्राकृतिक स्रोत/साधनको दोहन गर्न पाइन्छ भन्ने वन समूहका पदाधिकारीको नकारात्मक सोचका कारण जङ्गल दिनानुदिन मासिँदै गएको हो । सामुदायिक वन उपभोक्ता समूहको अवधारणा आफैँमा राम्रो हो । वनको रेखदेख गर्ने जिम्मेवारी स्थानीय उपभोक्तालाई दिँदा संरक्षण हुने भन्दै सरकारले वन उपभोक्ता समूहको परिकल्पना गर्दै लागु गरे पनि त्यहाँभित्र बस्ने व्यक्तिका गलत प्रवृत्तिले नेपालको धन वन मासिँदै गएको छ । उदाहरणका लागि त्रियुगा नगरपालिका–२ स्थित सामुदायिक वन उपभोक्ता समूह र मोतियाही सामुदायिक वन समूहले सगरमाथा विमानस्थल निर्माणका लागि १ सय ५६ दशमलव १ हेक्टर वन क्षेत्र उपलब्ध गराएका छन् । त्यसबाट जिल्ला वन कार्यालयले साना र ठूला गरी अनुमानित ३५ हजार ५ सय ४१ बिरूवा नष्ट हुने बताएको छ । वन कार्यालयको प्रारम्भिक प्रतिवेदनपछि वन विभागले २०७६ असार १५ गते पत्र पठाइ लगत लिएर पेस गर्न निर्देशन दिएको छ ।

एउटा राष्ट्रिय गौरवको आयोजना जङ्गलबाट लैजानुपऱ्यो भने वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) गर्नुपर्छ । उपयुक्त नठहरिए वनले रोक्ने गर्छ तर आज त्यही वनभित्र काठ लिन बाटो बनाउँदा र ट्र्याक्टर प्रवेश गराउँदा भने कुनै परीक्षण गराइएको छैन । भौगोलिक अवस्था, वातावरणीय प्रभाव मूल्याङ्कन र इन्जिनियरिङ सर्भेबिनै जथाभावी सडक बनाएर प्राकृतिक स्रोतमाथि चरम दोहन भइरहेको छ ।

कतिपय ठाउँमा वन समितिका पदाधिकारी आफैँ पनि शक्तिको दुरूपयोगमा उत्रिएका देखिएको छ । उदयपुरको पश्चिमी गाविस भलायडाँडा–१ स्थित गैँडेश्वर सामुदायिक वन समूहका अध्यक्ष चेतबहादुर कार्कीले सामुदायिक वन क्षेत्र अतिक्रमण गरी घर/टहरा निर्माण गरेपछि समूहभित्र विवाद चुलिएको थियो । अध्यक्ष कार्कीले जङ्गल फँडानी गरी ११ जनालाई घडेरीका रूपमा रकम असुल्दै वितरण गरेको आरोपसमेत उपभोक्ताले लगाएका छन् ।

उपभोक्ताले त्यस क्षेत्रमा बर्सेनि पहिरो जाने गरेको भन्दै केही वर्षअघिमात्र सामुदायिक वन समूहको वार्षिक कार्ययोजनाअनुसार वन विकास

कार्यक्रमअन्तर्गत वृक्षरोपण गरेको स्थानीय यादव राउतले बताए । वन फँडानी भएकोबारे समितिलाई जानकारी गराउँदासमेत कुनै सुनुवाइ नभएपछि उपभोक्ताले समितिकै मिलेमतोमा वन फँडानी भएको आरोप लगाउँदै आएका हुन् ।

राजनीतिक संरक्षणमा कसरी वन क्षेत्र अतिक्रमण हुँदोरहेछ भन्ने अर्को एउटा उदाहरण पनि छ । उदयपुरमा १० हजार हेक्टरभन्दा बढी वन क्षेत्रफल अतिक्रमणमा परेको छ । जिल्लामा एक लाख २० हजार ७ सय ५ हेक्टर वन क्षेत्रमध्ये १० हजार २ सय ७९ हेक्टर वन अतिक्रमणमा परेको हो । जिल्ला वन कार्यालय उदयपुरका अनुसार मुलुकको अस्थिर राजनीतिक परिस्थितिको फाइदा उठाउँदै बसाइँ सराइ, सुकुमबासी, भूमिहीन, दैवीप्रकोपपीडित विकास निर्माण कार्यको बहानामा वन क्षेत्र मानवीय प्रयोगमा आएका हुन् । वन क्षेत्रमा पिउने पानी, विद्यालय, मन्दिर, सडक जस्ता भौतिक पूर्वाधार निर्माणले पनि वनमाथि थप चाप परेको छ ।

चालक नै इन्जिनियर !

रौतामाई गाउँपालिका–८ का नैनबहादुर रिखाम मगर भारतको कोइलाखात हिँडे । उनका दुई भाइ छोरा काठमाडौँ हिँडे । पहिरोकै कारण पत्नी ५५ वर्षीया रणमाया रिखाम मगर र घर गुमाउनुपरेपछि रिखाम परिवार त्यहाँबाट बिस्थापित भए । घरमाथिबाट झरेको पहिरोले घरसँगै पत्नी गुमाउनुपरेपछि घरमा बस्न सक्ने अवस्था भएन, छिमेकी ललित मगरले भने– घरमाथिबाट एस्काभेटर प्रयोग गर्दै सडक खन्दा वर्षाको समयमा पहिरो झरेपछि उनी बिस्थापित भए । त्यसो त वडा नं. ५ निगालेका २०–२२ परिवार यसअघि नै पहिरोकै कारण बिस्थापित भइसकेका छन् ।

घरमाथिबाट सडक नलैजाउँ, घरमुनिकै सडकले भएकै छ भन्दा अटेर गरी चालक नै इन्जिनियर बनेर सडक बनाउँदा आफ्नो घर पहिरोको जोखिममा परेको हितबहादुर कटुवाललले बताए । कटुवाललले भने– माथिल्लो सडकबाट लेदो जसरी पहिरो झरेर घर पुरिँदै गएको छ भने तलबाट घर तान्दै गरेको छ, कसरी बस्नु ? गोरेटो बाटोलाई ठूलो सडक बनाउन डोजर ल्याए, पहिरो गयो, घर–खेत छाडेर विस्थापित हुनुपऱ्यो । प्राविधिकको सल्लाहबिना डोजर चालकको भरमा बनाएको सडकबाट झरेको पहिरोले सडकमाथिको गाउँसमेत जोखिममा छन् ।

स्थानीय जनप्रतिनिधिलाई पनि विकास भनेको बाटोजस्तो मात्रै लागेको छ, इन्जिनियर नै डोजर चालक हुन्, उनीहरूले जता खने पनि हुने भएको छ, त्रियुगा नगरपालिका–१५ का भूपध्वज मगरले भने– यहाँ डोजर चालक नै इन्जिनियर हुन्, सडक खनेर इन्जिनियरलाई पैसा खुवाए पास हुन्छ ।

स्थानीयको चाहनाविपरीत र अवैज्ञानिकरूपमा डोजर चालक, उपभोक्ता समिति र ठेकेदारका भरमा बनाइएका सडकले उदयपुरमा पहिरोको रूप लिएको हो । उपभोक्ता समिति, ठेकेदार र जनप्रतिनिधिको मिलेमतो हुँदोरहेछ, स्थानीयले पनि रोक्दा भएन, सडक लाने/नलाने पक्षमा विवादकै बीच प्राविधिक अध्ययनबिना डोजर चलाए, अहिले पहिरोले गाउँ सक्यो– मगरले भने । उदयपुरका सबै गाउँपालिकाले सडकलाई पहिलो प्राथमिकता दिँदा र सडक निर्माणमा डोजर बढी प्रयोग गर्दा पहिरोले गाउँलाई कुरूप बनाएको सङ्गकाली विद्यालयका प्रधानाध्यापक विष्णु केसीले बताए ।

सरोकारवालाको भनाइ

त्रियुगा नगरपालिकाका मेयर बलदेव चौधरीले वातावरणीय प्रभाव मूल्याङ्कन खर्चिलो भएको बताए । उनले ठूलो रकम त्यसमा खर्च हुने भएकाले मूल्याङ्कनबेगर नै काम गरिएको बताए । कटारी नगरपालिकाका मेयर ज्ञानेन्द्र श्रेष्ठले डोजर प्रयोगमा रोक लगाइने बताए । उनले आर्थिक वर्षको अन्त्यमा सडक बनाउने परिपाटी अन्त्य गर्दै जथाभावी डोजर प्रयोग गर्न नदिने बताए । रौतामाई गाउँपालिकाका अध्यक्ष गजेन्द्रबहादुर खड्काले वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने रकमले ठूलै विकासको काम हुने बताए । उनले जनतालाई विकास चाहिएको छ, त्यही बजेटबाट सडक बनाउनुपर्ने हुन्छ, त्यसमा इआइए गर्ने भन्न थाल्यो भने स्थानीयको बजेट घट्छ भने ।

त्यसैगरी ताप्ली गाउँपालिकाका अध्यक्ष उद्धवसिंह थापाले त्यसै पनि गाउँपालिकामा बजेट न्यून हुन्छ, अझ त्यसमा वातावरणीय प्रभाव मूल्याङ्कनतिर लागियो भने त विकास हुँदैन भने । उदयपुरगढी गाउँपालिकाका अध्यक्ष मानबहादुर मगरले इआइए गर्नका लागि सरकाले छुट्टै बजेट व्यवस्था गरेमात्र सम्भव रहेको बताए । चौदण्डीगढी नगरपालिकाका मेयर खगेन्द्र राईले नयाँ सडक खन्ने आफूसँग बजेट नै नभएको बताए । उनले पुरानो बाटो मर्मत, स्तरोन्नति गर्दैमा पैसा सकिने भएकाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु नपरेको बताए ।

जिल्ला समन्वय समितिका प्रमुख खड्गबहादुर परियारले वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गर्ने गरी आगामी योजनाहरू अघि सारिने बताए । वातावरणीय प्रभाव मूल्याङ्कन नगर्दा जनताले धेरै

समस्या भोग्नुपरेकाले नीतिगत व्यवस्था भएका कुरा कार्यान्वयन गरिने बताए । प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले सरकारले नीतिगतरूपमा व्यवस्था गरेका सवाललाई कार्यान्वयन गर्नु सबै तहका सरकारको दायित्व रहेको बताए । गैससस महासङ्घका केन्द्रीय सदस्य महेश्वरी राईले विकासका नाममा विनाश स्वीकार्य हुन नसक्ने बताइन् । उनले विकास गरिरहँदा मापदण्ड परिपालन हुनुपर्नेमा जोड दिइन् ।

अदालतमा परेका मुद्दा र आदेश

उदयपुरको बरुवा खोला र लामा खोलामा वातावरणीय प्रभाव मूल्याङ्कनबिना उत्खनन गरिँदा परेका असरसम्बन्धी अधिवक्ता नारायणप्रसाद देवकोटाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत विपक्षी बनाइ २०६६ सालमा दिइएको मुद्दा सर्वोच्च अदालत, संयुक्त इजालसका न्यायाधीश बलराम केसी र भरतराज उप्रेतीले २०६७ साउन २१ गते जारी गरेको उत्प्रेषणयुक्त परमादेश ।

१. योजनाकार एवम् सरकारले योजना बनाउँदा आर्थिक विकास र औद्योगिक विकास तथा वातावरण संरक्षणलाई ब्यालेन्स गर्न सक्नुपर्छ । आजको २१ औँ शताब्दीको विश्व स्वच्छ वातावरणको आवश्यकता र महत्वका बारेमा कन्सस हुनुपर्छ । वातावरण विनाशको कस्टको आर्थिक विकास स्वीकार्य हुन नसक्ने ।
२. पब्लिक ट्रस्ट डक्ट्रिनअन्तर्गत नेपालको प्राकृतिक स्रोतमा नेपाल सरकार ट्रस्टीसम्म मात्र हुने र नेपालको प्राकृतिक स्रोतको कुनै कानुनी आधारबेगर छाडारूपले केवल नाममात्रको राजस्व बुझाएको भरमा मात्र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी कार्य गर्न दिन नहुने ।
३. वातावरण प्रदूषण वास्तवमा राज्यको खराब सोसियो–इकोनोमिक पोलिसीका कारण नै हुने हो । यदि यस पुनीत कार्यमा कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना गर्न ढिलाइ गर्छ वा पछि पर्छ भने नागरिकहरूको मौलिक हकको गार्जियन अदालत चूप लागेर बस्न हुँदैन । वातावरण जोगाउन यस अदालतले पाएको कन्स्टिच्युसनल म्यान्डेट पूरा र पालना गर्नुपर्ने ।
४. कसैले आफ्नो हक उपयोग र प्रयोग गर्दा स्वभावतः निस्कने आवाजबाहेक आवाजमुक्त वातावरण र बासस्थानमा बस्दा वा बालबच्चाको अध्ययन गर्दा आवाजमुक्त वातावरणमा बस्न/रहन पाउने हक पनि धारा १६ बाट उत्पन्न हुन्छ । यदि कसैले आफ्नो पेशा/व्यवसाय सञ्चालनका नाममा वा कसैले आफ्नो अधिकार प्रयोगका नाममा कुनै लोकालिटीमा प्रदूषण गर्छ र अर्कालाई असर गर्छ भने त्यस्तो कार्य न्युसान्स भई त्यस अवस्थामा धारा १६ को हक हनन हुन जान्छ । ढुङ्गा, रोडा, गिट्टी उद्योग सञ्चालन गर्दा न्युसान्स हुने गरी सञ्चालन हुन नसक्ने ।

निष्कर्ष तथा सुझाव

१. विकासका नाममा भएका बेथिति अन्त्य गरिनुपर्ने
२. जथाभावी डोजर प्रयोगमा रोक लगाउनुपर्ने
३. अनिवार्य वातावरणीय प्रभाव मूल्याङ्कन गरेरमात्र योजनाहरू सञ्चालन हुनुपर्ने
४. वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी कानुनी व्यवस्था कार्यान्वयन हुनुपर्ने
५. अनुगमन गर्ने संयन्त्रलाई मजबुत बनाउनुपर्ने
६. सडक निर्माण गर्दा जनताको जन/धनमा क्षतिभन्दा पनि प्रत्यक्ष फाइदा पुग्ने गरी गर्नुपर्ने
७. सडक व्यवस्थित गर्दै लैजानुपर्ने
८. सडक निर्माण गर्दा डोजरभन्दा पनि सर्वसाधारण नै संलग्न हुने व्यवस्था मिलाइ स्वरोजगार र वातावरणमा पनि ध्यान दिनुपर्ने ।

सन्दर्भ सामग्री

१. नेपाल रेडक्रस सोसाइटी उदयपुर र जिल्ला विपद् व्यवस्थापन समिति उदयपुरद्वारा प्रकाशित विपद् बुलेटिन : २०७६
२. विपद् व्यवस्थापन दिग्दर्शन
३. जिल्लास्थित विभिन्न सञ्चार माध्यम (बरुवा टाइम्स दैनिक, पूर्णपुष्टि साप्ताहिक, पूर्णपुष्टि अनलाईन, निगरानी पोस्ट अनलाइन, पूर्वेली दर्पण अनलाइन, नागरिक खबर अनलाइन)
४. जिल्लास्थित ८ वटै स्थानीय तह
५. वातावरण संरक्षण ऐन २०५३
६. वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५
७. मधु घिमिरे आचार्य, नेपालमा वातवरणीय प्रभाव मूल्याङ्कन प्रणालीको विकास। प्रशासन खबर डटकम
८. कर्मचारी मिलन केन्द्रद्वारा प्रकाशित मिलन स्मारिका २०७६
९. तथ्याङ्क कार्यालय उदयपुरले प्रकाशन गरेको स्थानीय तहहरूको वस्तुगत विवरण : २०७४
१०. घरेलु तथा साना उद्योग महासङ्घले प्रकाशन गरेको उद्यमी डायरी २०७५

परिच्छेद ३

३.२ छिन्नमस्ताका डोम : दलित पनि 'महादलित'

पृष्ठभूमि

इतिहासदेखि नै चण्डाल, शूद्र, अछूत घाटबासीलगायत नामबाट पीडित र लाञ्छित डोम समुदाय हिन्दु वर्ण व्यवस्थामा सबैभन्दा तल्लो जातका रूपमा राखिएकाले शोषणको सबैभन्दा बढी मारमा पर्दै आएका छन्। र, दिनहुँ छुवाछूत जस्ता भेदभावको सिकार बनिरहेका छन् । इतिहासकारका अनुसार आर्य विजेताहरूले अधीनमा लिएका कबिलामध्ये शूद्र नै पहिलो हुन सक्छ र विजेताहरूको सेवा गर्न वा उनीहरूका लागि उत्पादन गर्न अधीनमा लिइएका सबै मानिसको समुदायको नामकरण तिनै शूद्र कबिलाको नामबाटै गरिएको हुन सक्छ *(सिन्हा, सन् २००९ : १७४)*।

तुलनात्मकरूपमा सप्तरी, सिरहा, धनुषा, पर्सा, सुनसरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, मोरङ, नवलपरासी, झापालगायत तराईका जिल्लामा डोम समुदायको बसोबास छ। नेपालमा दलितको जनसङ्ख्या १३ प्रतिशत छ। जसमध्ये तराई दलितको हिस्सा ३५ प्रतिशत छ। नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार डोम समुदायको जनसङ्ख्या १३ हजार २ सय ६८ छ। यो भनेको कुल तराई दलितको १ प्रतिशतभन्दा कम हिस्सा हो। जनगणना २०५८ अनुसार डोम समुदायको जनसङ्ख्या ८ हजार ९ सय ३१ थियो। तराई दलितमध्ये जातीय उच/नीचका हिसाबले सबभन्दा तल्लो र सामाजिक, आर्थिकरूपमा पिछडिएको भनेर डोम समुदायलाई नै मानिन्छ।

मर्यादाक्रममा, सामाजिक श्रेणीमा सबैभन्दा तल पारिएको र अछूत मानिएको डोम समुदायको श्रम, सिप, कला पितृकार्य र भगवानको पूजामा प्रयोग हुन्छ। हिन्दु धर्मअनुसार मधेसमा उनीहरूबाट किनिएको आगोले दागबत्ती दिइयो भने मृतकको स्वर्गमा बास हुने विश्वास छ।

दलितभित्रका पनि दलित डोम समुदाय राज्यको मूल प्रवाहमा पर्न नसकी सबैभन्दा पिछडिएको र कमजोर अवस्थामा छन् । जीवनका सबै क्षेत्रमा सबैभन्दा पछाडि रहेको डोम समुदायले भोगिरहेको समस्यामा छुवाछूत, विभेद, बेरोजगारी, भूमिहीनता, परम्परागत पेशाको गिरावटलगायत छन् भने राजनीतिक समस्यामा प्रतिनिधित्व, पहुँच, नियन्त्रण र सहभागिता कोसौँ टाढा छ। शिक्षा र चेतनाको अभाव, कानुनको अपर्याप्तता र भएका कानुन कार्यान्वयन हुन नसक्दा विभेद र शोषणको मारमा छन् । निरक्षरता, गरिबी, बेरोजगारी, स्रोत/साधनबाट विमुख, भूमिहीनताको समस्या र अछूत बन्नुपरेका कारण थप शोषण र पीडाबाट गुज्रन बाध्य छन्।

यो समुदायभित्र पनि बालविवाह, बहुविवाह, घरेलु हिंसा, दाइजो प्रथा, पितृसत्तात्मक सामन्ती प्रवृत्ति व्याप्त छ। महिलाहरू लैङ्गिक र जातीय विभेदको दोहोरो मार र उत्पीडनमा छन्। श्रम, शारीरिक र यौन शोषणमा पर्ने महिलामाथि कथित बोक्सीको आरोपमा अपमानित र पीडा दिने गरिन्छ। उनीहरूले अपमानित भएर परम्परागत काम गर्नुपर्ने, फोहोर सफा गर्नुपर्ने, जुठो बटुल्नुपर्ने, सुँगुर पाल्ने, मुर्दाघाट रुँघ्ने काम गर्नुपरेको छ। शिक्षा र निजामती सेवामा पहुँच नहुनाले राज्यबाट प्राप्त हुने सुविधाबाट पनि यो समुदाय वञ्चित छ।

यसरी पिँधमा पारिएको डोम जातिको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था अध्ययन गरी सीमान्तकृत समुदायभित्र पर्ने यो जातिलाई राज्यको मूलधारमा ल्याउन सरोकारवालाको ध्यानाकर्षण गराउने प्रयोजनका लागि यो अध्ययन गरिएको हो।

अध्ययनको उद्देश्य

- डोम जातिको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक अवस्थाबारे जानकारी लिने।
- यो समुदायको समस्या उजागर गरी समाधानको उपाय पहिचान गर्ने।
- सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्ता तथा अन्य सेवा/सुविधा वितरण प्रणालीलाई सहज बनाउन भूमिका निर्वाह गर्ने।
- राज्यको नीति र कार्यक्रम कार्यान्वयनको

अवस्थाबारे जानकारी लिने ।
- यो समुदायको जीवनयापन सहज तुल्याउन र राज्यको मूल प्रवाहमा ल्याउन सरोकारवाला निकायको ध्यानकर्षण गराउने ।
- डोम समुदायसँग सम्बन्धित गैरसरकारी संस्था र सरकारी बजेट, कार्यक्रम आदिको खर्च, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गराउन सघाउने ।

अध्ययनको महत्त्व

समानुपातिक विकासबाट नै समग्र समाजको विकास हुन्छ । समानुपातिक विकास आजको आवश्यकता हो । समग्र समाजको विकासमा सबैको समान दायित्व र योगदान हुन आवश्यक छ । समुन्नत समाजको विकासमा सबै वर्ग, जाति, लिङ्गको समान महत्त्व हुँदाहुँदै पनि राष्ट्रको समग्र स्थितिमा भने समानता देखिँदैन ।

राज्यले मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रलगायत विभिन्न अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता र राष्ट्रिय कानुन कार्यान्वयन गर्न राष्ट्रको सम्पूर्ण अङ्गले विशेष जोड दिनुपर्ने हुन्छ ।

नेपालको संविधान २०७२ ले बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक/सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूत अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प गरेको छ ।

संविधानले नै धारा २४ मा छुवाछूत तथा भेदभावविरुद्धको हक, धारा २९ मा शोषणविरुद्धको हक र धारा ४० मा दलितको हक सुनिश्चित गरेको छ । छुवाछूत र भेदभाव गर्न नपाइने भने पनि व्यवहारमा भने समानता छैन ।

मुलुकमा बसोबास गर्ने सबै जातजाति वर्गमा विकासको प्रतिफल पुऱ्याउने कार्यमा राज्यको महत्त्वपूर्ण भूमिका हुन्छ ।.महिला, जनजाति, आदिवासी, दलित, सामाजिक र आर्थिकरूपमा लाभबाट वञ्चित समूहहरूको सहभागिता बढाएर विकासको प्रक्रियालाई संस्थागत गर्नु राज्यको दायित्व हो । यही दायित्वअनुरूप स्थानीयदेखि केन्द्रीय सरकारसम्मले विकासका लागि साधनहरूको परिचालन र बाँडफाँटद्वारा सामाजिक समानता ल्याउने उद्देश्य राखेको छ र सोहीअनुसार कार्य गर्दै आइरहेको छ ।

विकासको कामलाई बढी प्रभावकारी बनाउन पछाडि पारिएका समुदायको समस्या उजागर गरी समाधानका लागि राज्यलाई उत्तरदायी हुनेतर्फ उन्मुख गराउनुपर्छ । विकास प्रक्रियालाई संस्थागत गर्न उनीहरूको स्थिति पहिचान र परीक्षण पनि आवश्यक छ । यसले दलितको पक्षमा राज्यलाई उत्तरदायी हुनेतर्फ उन्मुख गराउँछ । यस प्रक्रियाले मूलप्रवाहीकरण तथा सशक्तीकरणसम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्त्वको भावना जगेर्ना गर्न सघाउँछ । अवस्था विश्लेषण गरी सबै दलितका लागि एउटै नभई दलितको पनि दलित डोम समुदायका लागि विशेष कार्यक्रम तथा बजेट छुट्ट्याउनुपर्ने बोध गराउँछ ।

अल्पसङ्ख्यक डोमको जनसङ्ख्या र अन्य विभिन्न विषयबीचको अन्तरसम्बन्धबारे थाहा पाउन सामाजिक, आर्थिक विकासका विभिन्न योजना निर्माणका लागि आवश्यक तथ्याङ्क प्राप्त गर्न, आवश्यक विकासका लागि योजना तर्जुमा गरी राज्यलाई कार्यक्रम सञ्चालन गर्न, मूलप्रवाहीकरण गर्न र शिक्षा, स्वास्थ्य तथा रोजगारीको अवसरको व्यवस्था मिलाउन यो अध्ययनको महत्व छ ।

अध्ययनको विधि

- स्थलगत भ्रमण अवलोकन
- छलफल
- अन्तर्वार्ता र भेटघाट
- व्याख्यान (एक जनाले व्याख्या गरिरहने, बोलिरहने तथा अर्कोले चूपचाप सुनिरहने सबैभन्दा पुरानो र सरल विधि । सामाजिक विज्ञान अध्ययन गर्ने यो अत्यन्त प्राचीन विधि हो । जेम्स एम. लि. का अनुसार व्याख्यान एउटा शास्त्रीय शिक्षण विधि हो । जसमा एक जनाले औपचारिक र नियोजितरूपमा कुनै विषय एकोहोरो व्याख्या गर्छ । अरुले ध्यानपूर्वक सुन्छन् । एक जना सक्रिय हुन्छ र बोलिरहन्छ भने अर्को पक्ष निष्क्रिय रहन्छ ।
- विभिन्न निकायका प्रतिवेदन अध्ययन
- द्वितीय स्रोत सामग्री अध्ययन तथा प्रयोग

अध्ययनको सीमा

यो अध्ययन प्रतिवेदनमा सप्तरीको छिन्नमस्ता गाउँपालिकामा बसोबास गर्ने अल्पसङ्ख्यक डोम जातिबारे मात्र समेटिएको छ। जहाँ ७८ महिला र ७२ पुरुष गरी १५० जना डोमको बसोबास छ। हाल छिन्नमस्ता गाउँपालिकाको ७ वडामध्ये वडा नं. १ मा १ घर, २ र ३ मा १४/१४ घर, तथा ५ र ६ नं. मा ११/११ घर डोम बस्छन्।[१] यो जातिको परिचय, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था, उनीहरूको कला, संस्कृति, रहनसहन, चालचलन, खानपिन, वेशभूषा, भाषा र सामाजिक सम्बन्धबारे अधिकारको दृष्टिकोणबाट चर्चा गरिएको छ। डोम जातिको अवस्था बुझ्न सम्बन्धित समुदाय र अन्य सरोकारवालासँग पनि छलफल गरिएको छ र चुनौती केलाउने प्रयास गरिएको छ। अध्ययनमा उल्लिखित सूचना प्रारम्भिक र द्वितीय दवै स्रोतबाट लिइएको छ। यसले माथि उल्लिखित क्षेत्रमा बसोबास गर्ने डोम जातिबारे मात्र प्रकाश पार्ने भएकाले अन्य जिल्लामा बसोबास गर्ने डोम जातिका कतिपय रीतिरिवाज, परम्परा आदि मेल नखान सक्छ।

बसोबास र जनसङ्ख्या

दक्षिण एसियामा मूलतः उत्तरी भारतमा लाखौँको सङ्ख्यामा रहेका डोम समुदायको बसोबास नेपालको तराई मधेससम्म फैलिएको छ। जोसुआ प्रोजेक्टका अनुसार भारतमा २१ लाख २८ हजार, बङ्गलादेशमा २४ हजार, नेपालमा १३ हजार र पाकिस्तानमा १ सय डोमको बसोबास छ।[२]

डोम समुदायको बसोबासको मुख्य क्षेत्र भारतको पश्चिम बङ्गाल, बिहार र उत्तर प्रदेश ? का साथै नेपालको तराईको सीमान्त भूभाग हो *(पासवान, भोला, इरिशा सुवाल २०६५ : ४९)*।

वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ रहेकामा दलित मधेसीको जनसङ्ख्या १३ लाख ४० हजार ३ सय २१ छ। जसमध्ये ६६६८ पुरुष र ६६०० महिला गरी डोमको जनसङ्ख्या १३ हजार २ सय ६८ मात्र छ। जसमध्ये शहरी क्षेत्रमा ३०७० र ग्रामीण क्षेत्रमा १०१९८ बसोवास गर्छन्। डोम समुदायको जनसङ्ख्यामध्ये तराईमा १२ हजार ८ सय ३३, पहाडमा २४ र हिमालमा ४ सय ११ जना बसोबास गर्दै आइरहेका छन्।

स्थानीय तह वस्तुगत विवरण

सप्तरीको स्थानीय तह विवरण	महिला	पुरुष	जम्मा
अग्निसाइर कृष्णासवरन गाउँपालिका	४२	५९	१०१
बलान बिहुल गाउँपालिका	७०	५८	१२८
बेल्ही चपेना (राजगढ) गाउँपालिका	४५	३८	८३
विष्णुपुर गाउँपालिका	३५	३८	७३
बोदे बरसाइन	७४	९१	१६५
छिन्नमस्ता गाउँपालिका	७८	७२	१५०
डाकनेश्वरी नगरपालिका	७४	५८	१३२
हनुमाननगर कङ्कालिनी नगरपालिका	८१	९०	१७१
कञ्चनरूप नगरपालिका	३४	५४	८८
खडक नगरपालिका	६१	५१	११२
महादेवा गाउँपालिका	२२	२३	४५
राजविराज नगरपालिका	७६	६५	१४१
रूपनी गाउँपालिका	४६	४७	९३
सप्तकोसी नगरपालिका	२१	२१	४२
शम्भुनाथ नगरपालिका	६४	५२	११६
सुरुङ्गा नगरपालिका	२२	३०	५२
तिलाठी कोइलाडी गाउँपालिका	५३	४४	९७
तिरहुत गाउँपालिका	४०	४२	८२
जम्मा	९३८	९३३	१८७१

स्रोत : स्थानीय तह वस्तुगत विवरण सप्तरी, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग (पृष्ठ ३०-४३)

सम्पूर्ण मुलुकको चरित्रझैँ सप्तरीमा पनि बहुधार्मिक, बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक समुदायको सहिष्णुतापूर्ण समिश्रण छ। राष्ट्रिय जनगणनाअनुसार ९७ जातजाति रहेका यस जिल्लामा यादव, थारू, तेली, धानुक, मुसलमान, मुसहर, कोइरी, चमार जातिको सङ्ख्या अगाडि छ। ३७ किसिमका मातृभाषी रहेका सप्तरीमा क्रमशः मैथिली, थारू, नेपाली, र उर्दु भाषी बढी छन्।

८ वर्षअघिको जनगणनाले सबैभन्दा बढी पूर्वाञ्चलमा ६५५१, मध्यमाञ्चलमा ६३४६, पश्चिमाञ्चलमा २६९, सुदूर पश्चिमाञ्चलमा ७७ र मध्य पश्चिमाञ्चलमा २५ जना डोम बस्ने तथ्याङ्क

१. २०७६ माघ ९ गते छिन्नमस्ता-३ सप्तरीका अगुवा युक्तिलाल मरिकसँग गरिएको कुराकानीमा आधारित

२. https://joshuaproject.net/people_groups/16734

सार्वजनिक गरेको थियो। पहिलेदेखि बसोबास गरिरहेका डोमहरूको अनुमतिबिना अन्य ठाउँबाट अरु डोम आएर बसोबास गर्न नपाउने प्रचलन कायम रहेकाले यिनीहरूको निश्चित भूगोलमा सघन बसोबास छैन्। कार्य/व्यापारका लागि छरिएका छन्। डोमहरू जातीय परम्पराले सुविधाजनक ठाउँ भनेर मूल्य तिरेर पनि जग्गा किन पाउँदैनन् तसर्थ जसको पुर्खा जहाँ बसे, त्यहीँ बसिरहन्छन्। तथापि सप्तरी, सिरहा, सुनसरी, मोरङ, झापा, धनुषा, महोत्तरी, रौतहट, सर्लाही, बारा र पर्सामा तुलनात्मकरूपमा यो जातिको बसोबास पाइन्छ। डोम समुदायको जनसङ्ख्या कुल जनसङ्ख्याको ०.०५ प्रतिशत हुन आउँछ। सप्तरीमा ३१३८४६ पुरुष र ३२५४३८ महिलासहित ६३९२८४ जनसङ्ख्या छ। जसको घर सङ्ख्या १२१०९८ छ। जसमध्ये पुरुष ९३३ र महिला ९३८ गरी १ हजार ८ सय ७१ डोम बस्छन्।[3]

पेसा र आर्थिक अवस्था

हिन्दु वर्णाश्रममा सबैभन्दा पिँधमा रहेको डोम (मरिक) को स्थिति सबैभन्दा नाजुक छ। आर्थिकरूपले विपन्न डोम भूमिहीन भएकाले अरुको घर, खेतमा ज्याला मजदूरी गर्छन्, सुङ्गुर पाल्छन् र बाँसजन्य सामग्री बनाएर बेचबिखन गरी जीविकोपार्जन गर्छन्। हाल आएर आर्थिक उपार्जनका लागि युवाहरू विदेशिन पनि थालेका छन्। डोम समुदाय नेपालको सबैभन्दा गरिब समुदायमध्ये एक हो र कथित उच्च जातबाट मात्र नभई अन्य दलितबाट समेत शोषित छन्। आम्दानीको कूल रकममध्ये सबैभन्दा बढी जाँड, रक्सी, मद्यपान अनि धूमपानमा खर्चिने भएकाले यिनीहरू बचत गर्दैनन्। सानै उमेरदेखि बिँडी, चुरोट, खैनी, गाजा, रक्सीका अम्मली बन्ने यिनीहरू श्रमबापत प्राप्त अधिकांश रकम यसैमा खर्च गर्छन्। डोम समुदायको मुख्य परम्परागत पेसा विभिन्न किसिमका बाँसका टोकरी बनाउनु र बेच्नु हो। साथै चिहान खन्ने र लाश जलाउने पेसा पनि उनीहरू गर्छन्।

मधेसमा डोमबाट किनिएको आगोले दागबत्ती दिएमा मृत व्यक्तिको स्वर्गमा बास हुने विश्वासअनुसार नजिकको डोमको घर गएर दाहसंस्कार गर्न लागिएको घाटमा बोलाइन्छ। डोमले बालेको सलाइ, लाइटरको आगोले दाहसंस्कार हुन्छ। यसरी आगो दिने डोमलाई मृतक परिवारले गच्छेअनुसार २ सय, ५ सय रुपियाँ दिने गर्छन्। एक पुस्ताअगाडि जमिन्दारहरूले गरगहना र जग्गा दिएका उदाहरण पनि छ। गाउँघरमा मरेका कुकुर, बिरालो, घोडा, गधा फाल्ने, जुठोपुरो खाने, दाहसंस्कारमा प्रयोग भएका दाउरा प्रयोग गर्ने, मृतकको फालिएको कपडा लगाउने काम भने यिनीहरूले छाडेका छन्।

सामाजिक तथा सांस्कृतिक अवस्था

अशिक्षा र चेतना अभावले जातीय भेदभाव, उत्पीडन र तिरस्कार सहेर बस्नुलाई डोम समुदाय नियति नै ठान्छन्। राजनीतिमा सहभागिता शून्य भए पनि जातीय जमिनदारी प्रथामार्फत आफ्नै समुदायमाथि शासन गर्ने परम्परा कायम छ। गाउँ खरिद बिक्री, बिहेबारी र छोडपत्र गराउनेदेखि झैं-झगडा तथा परम्परा उल्लङ्घन गर्नेलाई दण्ड/सजाय तोक्ने अधिकार समुदायको माइन्जन, जवारलाई *(जातीय नाइके)* हुन्छ। माइन्जन, जवारको मृत्युपछि निजको जेठो छोरा त्यस पदको दाबेदार हुन्छ।

डोम समुदायको विवाहमा रक्सी र सुङ्गुरको मासु अनिवार्य छ। माघे सङ्क्रान्तिमा ग्राम देउतालाई र दसैँमा कुल देउतालाई सुङ्गुर बलि दिने चलन छ। डोम समाज र परिवारमा महिलाको सामाजिक/आर्थिक हैसियत कमजोर छ।

दलितमध्ये पनि डोम, मरिक, हलखोर, मुसहर, सरभङ्ग, सदा, मोची, हरिजन, राम, चमार शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिकरूपले अत्यन्त पिछडिएको समुदाय हो। पछाडि पारिएका दलित समुदायको अवस्था र दलितमध्येकै पनि डोम समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थामा आकास-जमिनको अन्तर छ। यिनीहरू २१औँ शताब्दीमा पनि शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिकरूपले समग्र दलित समुदायभन्दा निकै पछाडि पारिएका छन्।

जन्म संस्कार, न्वारन, छठिहार

डोम समुदायमा छोरा भएमा सुङ्गुरको पाठो काटेर भोज गर्छन्। छैटौँ दिनमा हुने छठिहारका लागि मामाघरबाट नयाँ बस्त्र आउँछ। तातो पानीले नुहाएर शिशुलाई नयाँ बस्त्र लगाइदिन्छन्। छठिहारको राति तेल, गाजल लगाएर शिशुको मुख, आँखा छोपिन्छ र छिमेकीलाई भोज खुवाइन्छ। भेला भएका महिलाले छलफल गरी नाम राख्छन्।

छठिहार नहुञ्जेल सुत्केरी नजिक छिमेकीहरू कोही जाँदैनन्। गएमा, बास बसेमा गङ्गाजल र तुलसी

3. स्थानीय तह वस्तुगत विवरण सप्तरीको पृष्ठ ३०, केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोग

पानीले नुहाइ शुद्ध हुने चलन छ । डोम समुदायले गरिबीका कारण छैटी वा न्वारन गर्ने संस्कार छाडेर बाबुआमाले नै बच्चाको नाम राख्न थालेका छन् । नयाँ सन्तान जन्म भएमा परिवारका सबै महिला सदस्यले हातमा लगाएको चुरा फुटाएर नयाँ लाउँछन् । जन्मेको १२ दिनमा बरही हुन्छ र शिशुलाई पुनः नयाँ कपडा दिनुपर्छ ।

विवाह संस्कार

डोम समुदायमा छिटै बिहे गर्ने चलन छ । सप्तरीका ८० प्रतिशत डोम समुदायका बालबालिकाको बाल्यकालमै विवाह हुन्छ । छोरीको रजस्वला हुनुपूर्व नै विवाह गरिदिएमा आमा/बाबुले स्वर्ग प्राप्त गर्ने विश्वास कायम रहेकाले बाल विवाह कायमै रहन पुगेको हो ।

एक दशकअगाडिसम्म आमाको दूध खाइरहेकै बालबालिकाको बिहे हुने गर्थ्यो । अहिले १२/१३ वर्षसम्मको उमेरमा प्रायः सबैको बिहे भइसक्छ र १६ वर्ष नपुग्दै दूरागमन गरी माइतबाट घर भित्र्याइन्छ ।

नातागोताले बिहे गर्ने नयाँ बेहुला–बेहुलीको खोजी गर्छन् र गाउँमा भोजभतेरका बेला उनीहरूबारे चर्चा गर्छन् । चर्चा गरिएका केटा र केटीका बुबाबाट रक्सी मगाउन लगाउँछन् । सबैले रक्सी खाँदै केटा वा केटीको घर जाने मिति तय हुन्छ । पहिलोपटक ५–७ जना अभिभावक केटा वा केटीमध्ये कसैको घरमा जान्छन् । बिहेको कुरा छिन्नुअघि ३/४ चोटी खानपिन हुन्छ । यसरी बिहेका कुरा अगाडि बढाउन जाने अभिभावकलाई सुङ्गुर, माछा, कुखुरा र रक्सीले स्वागत गरिन्छ । बिहान अभिभावकले विवाह हुने केटा वा केटी हेर्छन् । मन पराएमा खानपान रातिको भन्दा दोब्बर हुन्छ । मन परेन र अभिभावकले केटा वा केटीलाई छेकेनन् भने अर्को पक्षका अभिभावकलाई निमन्त्रणा गरी उसै प्रकारले खानपिन गराएर हिसाब सघाउनुपर्छ । बिहे नहुने भएपछि किन भोज सघाउन जानु भनेर नजानेहरूले अर्को पक्षबाट आफूले गरेको खानपिनको खर्च असुल्ने चलन पनि छ ।

केटी पक्ष केटाकहाँ गएर वरलाई छेका दिएर छेक्छन्, केटा पक्षले केटीलाई देखेको छ र मन पराएको छ भने छेक्छन् अन्यथा छेक्दैनन् ।

पुरुष आफन्त, अभिभावक एकअर्काको घर गई बिहे छिनोफानो गर्ने डोम समुदायमा विवाहपूर्व एकले अर्कालाई देखादेख गर्ने प्रचलन नै छैन । बिहेमा केटीका मामाले बेहुला/बेहुलीलाई दुवै काखमा राख्छन्, जवारहरूले दुवो, धान दिन्छन्, केटीकी भाउजूले सिन्दूर दान गराउँछिन् । केटीका दिदी, भिनाजु, बहिनी, ज्वाइँले होम आदि विधि गर्छन् भने अर्कोतर्फ केटाका दिदी, भिनाजु, बहिनी, ज्वाइँले बिहेको सम्पूर्ण विधि गर्छन् । बिहेलगत्तै बेहुलीलाई घर भित्र्याउने चलन छैन् । बेहुलीको उमेर १५/१६ वर्ष भएपछि केटाले च्युरा, दही, चामल, लड्डु, नयाँ कपडा, सुङ्गुरको भार लिएर जान्छन् र दुरागमनको मिति तय गर्छन् । त्यसअगावै अन्यसँग भागे वा भगाएर बिहे गरेमा जारी खर्च तिर्नुपर्छ ।

बालविवाह कायम रहनुले बालबालिकाले शिक्षा आर्जन गर्न नसकेको अवस्था त छँदैछ यसले मातृ मृत्यु दर पनि वृद्धि गरेको छ । र, बालिकाको स्वास्थ्यमा समेत असर पुग्ने गरेको छ । अन्य जातिले डोम समुदायलाई निषेध गरेझैं डोम समुदायमा अन्य जाति, समुदायसँग बिहे गर्न पूर्णतः निषेध गरिएको छ । अन्य जातिलाई बिहे गरी ल्याएमा उसै जातिबाट सम्बोधन गरिन्छ र आफ्नो जातबाट निकाला हुन्छन् । जातमा पुनः स्वीकार्य हुन गङ्गास्नान गरेर समुदायमा ठूलो भोज आयोजना गर्नुपर्छ ।

मृत्यु संस्कार

यो जातिमा मृत्यु भएपछि मलामी जानेहरूलाई निम्ता गर्नुपर्छ । नयाँ कपडाले बेरेर शवलाई बाँसको चचरीमा राखी तिल, जौ, मह, मखन, तोरी चढाइन्छ । शवलाइ घाट पुऱ्याउँदा प्रशस्त मात्रामा तोरीका दाना छर्दै जान्छन् । तोरीको दाना टिप्दाटिप्दै बिहान हुन्छ र मृत्यु भएका मानिस फर्केर आउन पाउँदैन भन्ने मान्यताले शवयात्राका बेला तोरीको दाना बढी मात्रामा छिट्ने गरिन्छ । बालबालिकालाई भने जमिन खनेर गाडिन्छ । ठूला मानिसको दाह संस्कारका लागि चिता तयार गरिन्छ । दाउराकै चिता बनाएर जलाइने गरिएकामा समयक्रममा मृत्यु संस्कार पनि परिवर्तन हुँदैछ । दाउरा किन्न धेरै खर्च लाग्ने भएकाले लाश जलाउने भन्दा पनि गाड्न थालेका छन् । कतिपयले नदीमा मिल्काउने पनि गरेका छन् ।

शवहरू मिल्काउन, गाड्न थालेपछि सबैबाट एउटा/एउटा दाउरा गुइँठा सहयोग गर्ने चलन पनि बढेको छ । दाहसंस्कारका लागि ५ वटा कौडी र तामाको पैसा दिएर किनेको जग्गामा शव जलाइन्छ । शव जल्न थालेपछि श्राद्ध मृत्युभोजको गुण र स्तरबारे छलफल हुन्छ । शव जलाएर घर आएपछि मलामीहरूले मृतक परिवारसँग साँढे १/२ हजार रुपियाँ लिन्छन् र रक्सी तथा मुरही (भुजा) किनेर ल्याइ खान्छन् । यसलाई उनीहरू भाङ्गभुजा भन्छन् । भाङ्गभुजाकै बेला मलामी

जानेहरूले भोजको स्टिमेट बनाउँछन्। नजिकका मलामी भाङ्गभुजा खाएर घर फर्कन्छन् भने टाढाबाट आएकालाई बस्ने र सादा खानाको प्रबन्ध गर्नुपर्छ।

चौथो दिन दाह संस्कार गरिएको स्थानमा माटोले पुरेर उँचो ढिस्को बनाइ तुलसी रोप्छन्। सोही दिन मलामी जाने सबैलाई अनिवार्य भोजको निमन्त्रणा हुन्छ। मृत्युको १२औँ दिन नङ्केश (नहकेश) काटी शुद्ध भई चोखिन्छन् र १३औँ दिन श्राद्धमा दाल, भात, तरकारी, मिठाइको सादा खानाको भोज हुन्छ। सप्तरीको २ प्रगन्नामा सादा खानाको भोज चले पनि पकरी प्रगन्नमा मासुसहितको भोज चल्छ। उनीहरूले भोजका दिन सुङ्गुरको टाउकोको ४ भागमध्ये कान भएको १ भाग भात, दाल, तरकारी, पापडमाथि राखेर माटाको फुच्चीमा पानीसहित साथमा जिलेबी, रसबरी, फलफूल दाहसंस्कार भएको स्थानमा लगेर राख्छन्। खाएमा भूतप्रेतको जुनी लिएको र नखाएमा स्वर्ग पुग्यो भन्ने विश्वास गरिन्छ।

मृत्युको १४औँ दिन ३ वटै प्रगन्नामा ठूलो सुङ्गुर (७०–८० किलो जतिको) काटेर रक्सीसहितको भोज खुवाउनुपर्छ। मृत्युको १५औँ दिन जवारहरूले ३ हजार रुपियाँ लिन्छन्। उनीहरूको भोजमा पिठिया (छालाको मात्र भाग), गबिया (फल मासु) र सहरी (हड्डीसहितको मासु) गरी ३ किसिमको मासु पाक्छ र सबैलाई २–२ टुक्रा भाग लगाउनुपर्छ। अन्तमा दही च्युराको भोज खान्छन्। मृत्यु संस्कारको सबै विधि मृतकका भान्जाले गर्छन्।

धर्म, भाषा

हिन्दु धर्म मान्ने डोम मैथिली भाषा बोल्छन्। आपसमा र अन्यसँग बोल्दा मैथिली भाषा प्रयोग गर्ने यिनीहरूको गोप्य भाषा पनि छ। अन्य जाति, समुदायको उपस्थितिमा आफ्ना मानिसलाई सचेत र सावधान गराउनु पर्‍यो वा गोप्य कुराको जानकारी दिनुपर्‍यो भने अन्य मानिसले थाहा नपाउने गरी यो भाषा प्रयोग गर्दै आएका छन्।

यो भाषाको उत्पत्ति र लिपिबारे जानकारी नभए पनि सबै डोमले यो भाषा बुझ्छन् र प्रयोग गर्छन्। मासुको टुक्रालाई झुठी, माछालाई छिम, भातलाई मैठका, रक्सीलाई घुमनी, बाँसलाई चौस, सचेत बनाउन टिग भन्ने गरेका यिनीहरूले अन्य जातिका मानिस खोज्दै आएका छन् भनेर सावधान गराउन 'नेठको जात बौडा' भन्ने गरेका छन्।

चाडपर्व

उनीहरू हिन्दुले मानेजस्तै विभिन्न चाडबाड मनाउँछन् तर मनाउने तरिकामा भने परिवर्तन आउँदैछ। दसैँ, तिहार, छठ, माघे सङ्क्रान्ति, होली, चौठी चाँद (चौरचन), जितिया, असारी, सिरुवा, श्रीपञ्चमी मनाउँछन्। सिरुवा र श्रीपञ्चमीमा विवाह गर्नेले ठूलो सुङ्गुर, सानो सुङ्गुर, खसी, भेडी, परेवा गरी ५ वटा बलि दिनुपर्छ। जेठो छोरा वा छोरीको विवाहमा पनि अनिवार्य ५ वटा बलि दिनुपर्छ। दसैँको सप्तमी र नवमीको दिन गोसाई घर (कुलदेवताको पूजा घर) मा अनिवार्य सुङ्गुरको पाठो बलि चढाउनुपर्छ। दिनाभद्री, बाबा श्याम सिंह, सती बिहुला, गहिल, गोरैया र कालीको गीत गाउँछन्। पछिल्लो समय धार्मिक गतिविधि र देवी/देवताको पूजाआजामा युवा डोमले रुचि देखाउन छाडेका छन्।

पोशाक

धोती, कुर्ता, गम्छी, सेन्ड्रो, सारी, फ्रक लगाउने डोम समुदाय पाहुना जाँदा लाठी टेकेर जान्छन्। पाहुना गएको घरभित्र लाठी राख्छन् र पाहुना बिदा हुने बेलामा लाठी फिर्ता लैजान्छन्। अहिले लुङ्गी, पेन्ट, हाफपेन्ट पनि लगाउन थालेका छन्।

स्वास्थ्य

आर्थिक र सांस्कृतिक अवस्थामा सबैभन्दा तल पारिएको डोम समुदायको स्वास्थ्य अवस्था अन्य जातिको तुलनामा नाजुक छ। स्वास्थ्य सेवामा पहुँचको र सूचनाको अभाव छ। सन्तुलित आहार र कुपोषणको जानकारी नहुनाले ठूलो सङ्ख्या कुपोषणबाट ग्रस्त छ। पोखरीको डिल, सडक छेउ ऐलानी, पर्ती जग्गामा छाप्रो बनाइ बस्ने डोमहरू घरछेउमै र घरभित्रै सुङ्गुर पाल्ने, आँगनमै बाँसका सामग्री बनाउने, सरसफाइमा ध्यान नदिने गर्नाले सामान्यतः फोहोर रहने गर्छ।

नेपाल मानव विकास प्रतिवेदन, २००१ अनुसार प्रत्येक १ हजार शिशुको जन्ममा दलितको ११६ बाल मृत्यु दर छ। मधेसका बालबालिकामा उच्च जातदेखि मध्यम जात हुँदै दलित समुदायसम्म जति मात्रामा जातको तह घट्दै जान्छ, त्यहीँ अनुपातमा उनीहरूको कुपोषणको मात्रा बढ्दै जान्छ *(सिंह र अन्य २००९)*। डोम परिवारको औसत आकार ६ जनाभन्दा माथि छ जुन राष्ट्रिय औसतभन्दा[8] ठूलो हो। यसले डोम समुदायमा प्रजनन दर औसतभन्दा उच्च रहेको देखाउँछ। महिला मृत्यु दर पनि डोम समुदायमा औसतभन्दा उच्च छ

(साह : सन् २००७)। संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी) ले सार्वजनिक गर्ने मानव विकास प्रतिवेदनमा नेपालीको औसत आयु ७०.५ वर्ष उल्लेख छ जसमा महिलाको औसत आयु ७१.९ वर्ष र पुरुषको ६९ वर्ष छ। परिवार नियोजनबारे चेतना नभएका कारण सन्तान वृद्धि र मातृ शिशु मृत्यु दर बढी छ।

शिक्षा

सरकारले सबैभन्दा बढी शिक्षा क्षेत्रमै लगानी गर्ने गरे पनि विपन्न डोम समुदायमा शिक्षाको पहुँच पुग्न सकेको छैन। शैक्षिकस्थलमै छुवाछूतका कारण शिक्षाको स्तर उठ्न सकेको छैन । डोम समुदायका सदस्यलाई नागरिकता र यो पाउने प्रक्रियाबारे पनि जानकारी छैन। उनीहरूलाई जन्म, मृत्यु, विवाह, बसाइँ सराइ जस्ता घटना दर्तासम्बन्धी हेक्का पनि छैन।

अध्ययन गरिएको क्षेत्रमा ६० प्रतिशत डोमसँग मात्र नागरिकता प्रमाणपत्र रहेको छ। प्रमाण, पैसा र चेतनाको अभावका साथै झन्झटिलो प्रशासनिक प्रक्रियाले गर्दा अध्ययन क्षेत्रका ४० प्रतिशत डोम समुदायले अझै नागरिकता प्रमाणपत्र लिएका छैनन्।

डोम समुदाय प्रायः अशिक्षित छ। उनीहरूमध्ये धेरैजसोले स्कुलको मुख कहिल्यै देख्न पाएका छैनन्। त्यसकारण उनीहरू प्रत्येक क्षेत्रमा पछि परेका छन्। अरु तराई दलितका तुलनामा डोमको साक्षरता दर कम छ। कुल डोम उत्तरदातामध्ये ८६ प्रतिशत पूरै निरक्षर भएको पाइयो। डोम समुदायमा प्राथमिक तह पूरा गरेका १.४ प्रतिशत, निमावि तह पूरा गरेका १.३८ प्रतिशत र एसएलसी पास गरेका डोम १.३८ प्रतिशत थिए । खट्किँदो वास्तविकता के देखियो भने डोमहरूमध्ये एकजना पनि महिला साक्षर थिएनन्। तर आजभोलि डोम समुदाय शिक्षाप्रति आकर्षित भने भइरहेका छन् *(साह : सन् २००७)*।

पछिल्लो समय थोरै सङ्ख्यामा पढ्न थालेका डोममध्ये २०७३ सालमा सर्लाही मलङ्गवाका चन्डदेव मल्लीले पहिलोपटक इन्जिनियरिङ पास गरे। उनलाई २०७३ साउन ८ गते सर्विस फर पिस नेपाल र लायन्स क्लब अफ हरिवनले एक कार्यक्रम आयोजना गरी सम्मानसमेत गऱ्यो। चन्द्रदेवकी बहिनी भारतमा एमबिए अध्ययन गरीरहेकी छिन्।[५]

सप्तरीमा युक्तिलाल मरिक, उपेन्द्र मरिक, विजय मरिक र विनोद मरिकले मात्र स्नातक गरेका छन् । १२ जना प्रवीणता प्रमाणपत्र तह र २६ जना एसएलसी उत्तीर्ण छन्। साक्षर हुनेमा अन्य जिल्लाको तुलनामा सप्तरीकै युवा बढी छन्। सबैभन्दा पहिले एसएलसी, प्रवीणता प्रमाणपत्र र स्नातक गर्ने युक्तिलाल मरिक छिन्नमस्ता गाउँपालिका–२ रमपुराका बासिन्दा हुन्। उनकै छोरा दिनेश अहिले नेसनल मेडिकल कलेज वीरगन्जमा एमबिबिएस अध्ययनरत छन् । उनी एमबिबिएसमा अध्ययन गर्ने डोम समुदायको पहिलो नेपाली हुन्।

राजनीतिक, सामाजिक सङ्घ/संस्थामा आबद्धता

डोम समुदाय राजनीतिमा सक्रिय नहुनाले स्थानीय, जिल्ला र राष्ट्रिय स्तरमा राजनीतिक प्रतिनिधित्व छैन। उनीहरू केवल मत दिन्छन्। स्थानीय तहमा मनोनीत वडा सदस्यसमेत छैनन्। छिन्नमस्ता गाउँपालिका–२ का ५४ वर्षीय युक्तिलाल मरिक हालैमात्र राष्ट्रिय पार्टी नेकपा सप्तरीको जिल्ला सदस्यसम्म बनेका छन्। परन्तु डोम समुदायको आफ्नै परम्परागत राजनीतिक नेतृत्व भने हुन्छ । त्यस्तो नेतृत्वलाई डोम समुदायमा माइन्जन भनिन्छ। गाउँस्तरको नेतृत्व गर्ने धेरै जबारमध्येबाट एउटा माइन्जन चुनिन्छ।

सप्तरीलाई डोम समुदायले चौगम्बा, पकरी र झमुना गरी ३ प्रगन्नामा विभाजन गरी आफ्नो प्रशासन चलाइरहेका छन्। चौगम्बामा ५, पकरीमा ७ र झमुनामा ६ जना माइन्जन छन्। आ–आफ्नो नीति/नियमअनुसार माइन्जनहरूले प्रगन्ना सञ्चालन गर्छन्।

व्यभिचार, चोरी विवाहसम्बन्धी, जमिन, जङ्गल, पानी जस्ता स्थानीय स्रोतसम्बन्धी झैझगडा, परम्परागत रीतिरिवाजको उल्लङ्घन र अपराधको न्याय निसाफ गरी दण्ड सजायसमेत माइन्जनले तोक्छन्। माइन्जन/जबारको अनुमतिबिना कुनै पनि काम गरेमा दण्डित हुनुपर्छ।

गाउँ नै अंश

९४ प्रतिशत डोमको खेती गर्ने कुनै जमिन छैन, उनीहरू भूमिहीन छन् र उनीहरूलाई वर्षभरि खाद्यान्न सङ्कट पर्छ *(साह : सन् २००७)*। जमिनको टुक्रासमेत नभएका समुदायमा जातीय जमिनदारी प्रथा अर्थात गाउँ खरिद/बिक्री प्रथा भने कायम छ। चल/अचल सम्पत्ति,

४. राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार राष्ट्रिय औसतमा परिवारको औसत आकार ४.९ जना प्रतिपरिवार छ।

५. https://jagaranmediacenter.wordpress.com/2016/07/26/

जग्गा, नगद, गरगहना र जायजेथा नहुनाले आफ्नो शेषपछि डोम समुदायमा आफ्नो हिस्सामा रहेको गाउँ बाँडफाँट गरेर अंशबन्डा गरिन्छ। यसरी अंशबन्डा गर्दा उनीहरूले कागजमा गाउँको चौहद्दी खोल्दै गर्छन्। बाँसको साम्रगी बेचेर बिक्री गर्ने डोम जाति सामग्री बिक्री गर्न, ग्रहणका बेला दानदक्षिणा माग्न, दाहसंस्कारको आगो बेच्न गाउँ बाँडफाँट गर्छन्।

आफ्नो भागमा परेको गाउँभन्दा बाहिर गएर अरुको जमिनदारीमा यस्तो कार्य व्यापार गर्न पाइँदैन। खेती गर्ने सिप नभएको, शारीरिक कष्ट बढी हुने कृषि मजदूरी गर्न नचाहेको र सजिलै अनुमति पनि नपाइने भएकाले उनीहरु खेत किन्दैनन्। बरु त्यति रकममा कार्य व्यापार गर्न गाउँ किन्छन् र जीवन निर्वाह गर्छन्। त्यसैका लागि पनि प्रत्येक गाउँमा थोरै परिवारमात्रै बसोबास गर्छन्। शव जलाउनका लागि डोम जातिसँग आगो खरिद गर्ने चलन भएकाले गाउँमा कसैको मृत्यु भयो भने दाहसंस्कार गर्न डोमको हातको आगो चाहिन्छ।

कानुनीरूपमा नेपालका कुनै पनि नागरिकले कुनै पनि ठाउँमा जग्गा किन्न, घर बनाएर बस्न पाउँछ। तर सम्पन्न भए पनि डोमले नयाँ ठाउँमा जमिन किनेर घर बनाउन र बस्न पाउँदैनन्। सो ठाउँको कुनै डोमसँग औपचारिकरूपमा एक घर भए पनि मोल लिएर अनुमति पाएपछि मात्र बस्न पाउँछन्। नयाँ ठाउँमा बस्न प्रायः पुराना बासीले अनुमति दिँदैनन्। अनुमति नलिइ घर बनाउन खोजे सबै मिलेर दुःख दिने, बेइज्जत गर्ने र जातिच्यूत गर्ने गर्छन्।

डोमहरूको सङ्घर्ष

जातीय उत्पीडन र छुवाछूतविरुद्ध दलित मुक्ति आन्दोलनले ७ दशक पूरा गरे पनि डोम समुदायले आफ्नो जातीय मुक्तिका लागि आन्दोलन गरेको भने २ दशक पनि पुगेको छैन। सप्तरीमा वि.सं. २०५५ सालपछि सिनो बहिष्कार आन्दोलन र दसैँमा ढोल नबजाउने आन्दोलनले दलितहरूलाई एकाकार बनाउँदै लग्यो। उक्त आन्दोलनको लहर उठेसँगै डोम समुदायबाट सप्तरीका युक्तिलाल मरिक, सुनसरीका जगदीश मरिक, बेचन मरिक, सुनिता मरिक र सिरहाका रामचन्द्र मरिकले आ-आफ्नो ठाउँको नेतृत्त्व लिए। डोम समुदायको महिनौँको सङ्घर्षपछि २०५९ चैत २५ गते पहिलोपटक छिन्नमस्ता मन्दिर उनीहरूका लागि खुला भयो। वि.सं. २०६० मा मधुपट्टी डिहवार थानमा दलित प्रवेश विवाद, सोही साल सुनसरीको दुहवीमा डोम प्रवेश निषेध प्रथाविरुद्ध आन्दोलन र सुनसरीको इनर्वा बजारको होटल प्रवेश विवादमा सफलता प्राप्त गरेपछि हौसिएका डोम समुदायले जातिगतरूपमा सङ्गठित हुनुपर्ने आवश्यकता बोध गरेका थिए। परिणामस्वरूप राजविराजमा २०६१ मा आयोजित जिल्लास्तरीय डोम भेलाले डोम उत्थान समाज नामक सङ्गठन निर्माण गऱ्यो।

छिन्नमस्ताका युक्ति मरिकको नेतृत्वमा ११ सदस्यीय तदर्थ समिति गठन गरेर विभिन्न पसलमा चिया नास्ता खान गएका डोमहरूसँग पसलेले दुर्व्यवहार गरे र पसलबाट लखेटे। २०६१ माघ ३० गते राजविराजको ३ वटा होटलका पसलेले सिसा गिलासमा चिया खानसमेत दिएनन्। डोम उत्थान समाजले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालयमा निवेदन दिए पनि कारबाही भएन्। पीडकलाई केही कारबाही नभएपछि २०६१ चैत ३० गते सप्तरी जिल्ला अदालतमा छुवाछूतविरुद्धको पहिलो मुद्दा दर्ता भयो। त्यसपछि चलेको छुवाछूतविरुद्धको कानुनी लडाइँ झण्डै ३ वर्षसम्म जारी रह्यो। अन्ततः पहिलोपटकका लागि आरोपितहरूलाई अदालतले नसिहतसहित ५१-५१ रुपियाँ जरिवाना तोक्दै मुद्दाको टुङ्गो लगायो।

'सम्पूर्ण दलित एक होऔं, जातीय छुवाछूतविरुद्ध सङ्गठित प्रतिवाद गरौं' नारासहित २०६२ असार २९ गते सिरहामा डोम तथा मेस्तर उत्थान समितिको आयोजनामा भएको सहभोज कार्यक्रममा सिडिओ, राजनीतिक दलका नेतासहित २ सय दलित/गैरदलित समुदायको सहभागिता थियो *(विशुन्के र विश्वकर्मा २०६५ : ३२)*।

छुवाछूत र जातीय भेदभावजस्ता विषयले गाउँ-गाउँमा व्यापक चर्चा पाउँदै गएपछि २०६२ मा सप्तरीको भारदहस्थित कङ्कालिनी भगवती मन्दिर र सुनसरीको इनरुवास्थित सत्यनारायण मन्दिरमा डोमहरूको प्रवेश खुला भयो।

सिरहाको लहानमा २०६३ असार २५ गते भएको बृहत् भेलामार्फत गठन भएको अञ्चलस्तरीय डोम तथा मेस्तर सङ्घर्ष समितिले साउन २० र २१ गते समेत बृहत् भेला आयोजना गरेको थियो। उक्त भेलाले संविधान सभामा प्रतिनिधित्वको ग्यारेन्टी गरिनुपर्ने, ३३ प्रतिशत महिला आरक्षणभित्र डोम र मेस्तर महिलाको अधिकार ग्यारेन्टी हुनुपर्ने, प्रावि तहदेखि उच्च शिक्षासम्म निःशुल्क पठनपाठन गरिनुपर्ने, अस्थायीरूपमा कार्यरत स्विपरहरूलाई स्थायी गरिनुपर्नेलगायतका माग गरेको थियो *(विशुन्के र विश्वकर्मा २०६५ : ३२)*।

इनरुवाकै चियापसलमा ग्लास फोड्ने आन्दोलनजस्ता गतिविधिले जातीय विभेदविरुद्ध समाजको ध्यानाकर्षण गरायो । भारदहस्थित एक होटलभित्र डोम पस्दा २०६४ मा चर्केको विवाद मिलापत्र भई होटलमा प्रवेश खुला भयो । सिरहाको धनगढीमा २०६७ मा होटल प्रवेश निषेध अन्त्य भयो ।

संविधान सभाका लागि छनोट हुने ६०१ प्रतिनिधिमध्ये बाँकी २६ सिटमा डोम तथा मेस्तर समुदायलाई प्रतिनिधित्व गराउन माग गर्दै सप्तरी, सिरहा, उदयपुर र धनुषामा २०६५ जेठ १ गतेदेखि धर्ना, तालाबन्दी, चक्का जाम, मसाल जुलुस र राजविराजमा जेठ २१, २२ र २३ गते ३ दिने अनशन, संविधान सभाअगाडि असार १, २ र ३ गते आमरण अनशन भएको थियो ।

सिरहाको धनगढी गाविस–३ की ५५ वर्षीया प्रमिला मल्लिकलाई २०७२ साउन २० गते गाउँको सार्वजनिक इनारमा पानी भर्न नदिइ कुटपिट गरेर जातीय भेदभाव तथा छुवाछूत गरेको ठहर गर्दै सिरहा जिल्ला अदालतले सिरहाको धनगढी गाविस–३ का जयकुमार महतो, पवनकुमार महतो, रञ्जित महतो, सुनिता महतो, जलेश्वर महतो र रामनारायण महतोबाट जनही ३/३ हजार जरिवाना र ३० हजार क्षतिपूर्ति तिराउने फैसला गऱ्यो ।

पछिल्लोपटक २०७४ साउन २ गते भएको जिल्लास्तरीय डोम भेलाको निर्णयमा युक्ति मरिक नै पुनः अध्यक्ष भए । जातीय छुवाछूत र घर उठीवासविरुद्ध आन्दोलन र विकृति/विसङ्गतिविरुद्ध सचेतना कार्यक्रम गर्दै आएको समाजले महिला हिंसा, असमान ज्याला, बालविवाहविरुद्ध अभियान सञ्चालन गर्दै मोही, हरुवा/चरुवा, भूमिहीन सुकुमबासी, संयुक्त पुर्जा आदिबारे सचेतना कार्यक्रम गर्दै आएको छ ।

मुख्य समस्या

छुवाछूत : डोमले बनाएको सुपली, ढाला, कोनिया, ढकिया भगवानलाई चढाइन्छ । कानुनीरूपमा छुवाछूत अन्त्य छ । तर पनि उनीहरू भने छोइन्छन् । उच्च जातका मानिसका घरमा यिनीहरूको प्रवेश वर्जित छ । यिनीहरूलाई अन्य दलितले समेत अछूत भनेर हेप्ने चलन कायम छ । उनीहरूले प्रयोग गर्ने धारा वा ट्युबवेल नै भिन्नै छ । समाजमा छुवाछूतको मार खेपिरहेका डोम समुदायले सम्मानपूर्वक बाँच्न पाएका छैनन् । उनीहरूको श्रम, सिप र कलाबिना अरुको जीवन चल्दैन, जन्म, विवाह, मृत्यु, चाडपर्व हरेक अवसरमा उनीहरूले हातले बुनेका बाँसजन्य सामग्री चाहिन्छ र पूजामा चढाइन्छ । तर तिनै भूमिकाको आधारमा डोम समुदायलाई गरिने भेदभाव र छुवाछूतले समाजको गतिशीलता भने अवरुद्ध पार्दै आएको छ । पुस्तौँदेखि खेप्दै आएको छुवाछूतको व्यवहारले डोम समुदाय अपहेलना सहन बाध्य छन् । गाउँका हाटबजार, होटलमा प्लेटमा खान र गिलासमा चिया वा पानी पिउन तथा शहरमा डेरा पाउँदैनन् । होटल, पसलमा बाहिर बसेर चिया र खाजा खानुपर्ने, त्यो पनि आफ्नै भाँडामा खानुपर्ने वा खाएको भाँडा माझ्नुपर्ने जस्ता चलन यद्यपि विद्यमान छन् ।

श्रम र सिप स्वीकार्ने समाजले अझै अछूत जाति भनेर हेला गरिरहेको छ । अन्य दलितले समेत डोम समुदायलाई चर्को विभेद र अमानवीय व्यवहार गर्छन् । छिमेकका अन्य समुदायबाट असाध्यै प्रताडित बनेका डोमहरू 'डोम' को सट्टा स्थानीयरूपमा सम्मान पाउन आफ्नो नामका पछाडि 'मल्लिक', 'मरिक' लेख्न थालेका छन् । छुवाछूतलाई कानुनले दण्डनीय माने पनि अमर्यादित जीवन बाँच्न बाध्य डोम समुदायका लागि कानुनको कार्यान्वयन नै चुनौती बनेको छ ।

डुमहरू त झनै हरेक दृष्टिकोणबाट पछाडि परेका छन् । एकातर्फ उनीहरू दलित हुनुको सामाजिक विभेद सहन बाध्य छन् भने अर्कोतर्फ अशिक्षित र उपेक्षित पनि । त्यसैले राज्यले त प्राथमिकताका साथ उनीहरूका समस्यामाथि गम्भीर हुनुपर्छ *(झापाली, गोपाल २०६२ : ६)*।

कमजोर आर्थिक अवस्था

डोमको खेती गर्ने कुनै जमिन छैन । अर्थात उनीहरू भूमिहीन छन् । त्यसैले उनीहरूलाई वर्षभरि खाद्यान्न सङ्कट पर्छ । यसले पनि डोम समुदायको गरिबी देखाउँछ । यो समुदाय सुङ्गुर पाल्छन् । सामाजिक संरचना तथा छुवाछूत र जातीय भेदभावका कारण डोम समुदायबाट दूध, दही, घिउ, तेल, चिया, नास्ता जस्ता पदार्थ अन्य समुदायले नकिन्नाले उनीहरू गाई/भैँसी पालन, किराना पसल, होटल इत्यादि व्यवसाय गर्न सक्दैनन् । महिलाले पुरुषभन्दा बढी घरेलु कामधन्दा र टोकरी बुन्ने काम गर्छन् । उनीहरू बाँसका टोकरी बनाएर वरिपरिका गाउँमा पैसा र अन्य वस्तुसँग साटेर जीविकोपार्जन गर्छन् ।

डोम समुदायमा पितृसत्तात्मक जातीय संरचना कायम छ । डोम समाज र परिवारमा महिलाको सामाजिक/आर्थिक हैसियत कमजोर छ । दाजुभाइबीच, सासू र बुहारीबीच तथा देउरानी र जेठानीबीचको झगडा नै डोम समुदायमा परिवार टुक्रनुका मुख्य कारणका

रूपमा देखिएका छन्। परिवार टुक्रनुको परिणामस्वरूप डोम समुदायमा ८६ प्रतिशत एकात्मक परिवार रहेको छ तर १४ प्रतिशत अझै बृहत् परिवार बाँकी छ *(साह सन् २००७)*।

ग्रामीण भेगमा बसोबास गरेका डोम समुदायको कुल जनसङ्ख्यामध्ये ९० प्रतिशतको घर पराल, फुसको छाप्रोयुक्त छ। सप्तरी जिल्ला २०७४ चैत २१ गते खुला दिसामुक्त एवम् पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा भए पनि डोम समुदायका अधिकांश सदस्य अझै पनि घरबाहिर शौचालय जान बाध्य छन्। डोम समुदायको छिन्नमस्ता १ मा एउटा र वडा नम्बर २ मा ४ वटा घरमा शौचालय छ। उक्त शौचालय पनि परिवारका सबैले प्रयोग गर्दैनन्। शौचालयमा शौच गर्ने बानी नपरेकाले ग्रामीण समुदायका अधिकांश डोम परिवारका बालबालिका, पुरुष तथा महिलासमेत शौच गर्न सडकको छेउछाउ, पर्ती जग्गा, बाँसघारी र खेतमा जान बाध्य हुनुपर्ने अवस्था छ।

समता फाउन्डेसनको एक प्रतिवेदनअनुसार १ सय ३९ डोम परिवारमध्ये ८५ प्रतिशतले मृत्यु दर्ता नगरेको, ४५ प्रतिशतले विवाह दर्ता नगरेको, २९ प्रतिशतले जन्म दर्ता नगरेको र ५२.५ प्रतिशतले मात्र संविधान सभामा मतदान गरेका पाइएको छ।

भूमिहीनता

गरिबी र भूमिहीनता डोम समुदायको मुख्य समस्या हो। ५ प्रतिशत डोमको मात्र स्थायी घर छ भने ८०.४ प्रतिशतको घर अस्थायी प्रकृतिको छ *(सिग्देल र लामिछाने २०६४:११)*। उनीहरूको घरको संरचना भुइँतला मात्रै भएको साँघुरो छाप्रोजस्तो हुन्छ जहाँ सुङ्गुर तथा अन्य घर पालुवा जनावर पनि पालिएका हुन्छन् *(साह २०६४:१८)*। यो अध्ययनअनुसार ८४ प्रतिशत डोम ऐलानी, पर्ती र अरुको जमिनमा घर बनाएर बसेको देखिन्छ। पराल र प्लास्टिकले छाएको सानो फुसको छाप्रोमा हिउँद बर्खा कटाउँदै आएका उनीहरूको घर वर्षामा चुहिने, गर्मीमा आगलागी हुने र हावाहुरीले उडाउने गर्छ। गरिबी र भूमिहीनताले खाद्यान्न सङ्कट झेलिरहनुपरेको छ।

दयनीय शैक्षिक अवस्था

धेरैजसोले स्कुलको मुख कहिल्यै देख्न पाएका छैनन्। त्यसकारण उनीहरू प्रत्येक क्षेत्रमा पछि परेका छन्। नेपालको साक्षरता दर १० वर्षमा ५४.१ बाट बढेर २०६८ मा ६५.९ पुगेको छ। पुरुष साक्षरता ७५.१ र महिला साक्षरता ५७.४ छ। माडवारी, कायस्थ, ब्राह्मण, क्षत्री, नेवार जातिको साक्षरता दर ६० देखि ९९ प्रतिशत छ भने सीमान्तकृत समूहमा रहेका डोमको भने ६.५ प्रतिशतमात्र छ *(युनेस्को २००८: १८)*। राजेन्द्रप्रसाद शाहले सिरहाको ७२ घरमा गरेका अध्ययनअनुसार ८६.११ प्रतिशत डोम निरक्षर छन् *(शाह सन् २००७ : ३७)*।

सङ्कटमा परम्परागत सिप र पेसा

पुर्ख्यौंली पेसाअनुसार चाडपर्व र दैनिक उपभोगमा प्रयोग हुने बाँसका ढक्की, नाङ्लो, सुपली, ढाला, कोनिया, पङ्खा आदिलाई बढ्दो आधुनिकतासँगै प्लास्टिक, आल्मुनियम, पित्तल, फलाम आदिले बिस्तापन गर्न थालेपछि चार्डपर्वबाहेक बाँसका सामग्री बिक्न छाडेका छन्। बजारमा प्लास्टिकका समानले ढाकेपछि डोम समुदाय क्रमशः पेशाबाट बिस्थापित भएका छन्। अर्कोतिर अन्य समुदायले पनि तालिम लिएर यो पेशा अङ्गालेका छन्। अग्निसाइर कृष्णसबरन गाउँपालिकास्थित वसन्तपुर चोक, रूपनी गाउँपालिकाको वीरेन्द्रबजार, शम्भुनाथ नगरपालिकाको भलुवाही खैरवोना, कञ्चनरूप नगरपालिकाको बेङ्गरी र बक्साहालगायतमा अन्य समुदायले समेत बाँसको चोयाबाट निर्मित नाङ्गलो, ढकिया बेचेर मनग्गे आम्दानी गरिरहेका छन्।

पुर्ख्यौंली पेसालाई डोम समुदायले निरन्तरता दिन खोजे पनि पेसा र व्यवसायलाई आधुनिकीकरण गर्न नसक्दा समयअनुसारको रोजगारी नपाउने र व्यवसायबाट बिस्थापित हुने स्थितिमा पुगेका छन्। यसरी औद्योगिकीकरण र आधुनिकीकरणले पुर्ख्यौंली पेसा सङ्कटमा परेकाले यिनीहरूको इलम, सिप, कला, क्षमता लोप हुँदै गएको छ। आर्थिक अभावले वैकल्पिक पेसा पनि अङ्गाल्न नसक्दा आर्थिक अवस्था कमजोर बन्दै गएको छ। डोम समुदायका परम्परा पेसा लोप हुँदै गइरहेकाले राज्यले वैकल्पिक अन्य सिपहरूको क्षमता अभिवृद्धि गर्दै जीवनमुखी शिक्षाको व्यवस्था गर्नुपर्छ।

मादक पदार्थ सेवन र खर्चालु बानी

धूमपान र मद्यपान जस्ता कुलत यो समुदायमा व्यापक छ। डोम समुदायमा भोजभतेरको जुठो ल्याएर खाने, मसानघाटबाट पुराना कपडा ल्याउने, सुङ्गुर पाल्दा सरसफाइमा ध्यान नदिने, अत्यधिक मदिरा सेवन गर्ने, असमान ज्यालामा काम गर्नेलगायतको समस्या यथावत छ। कमाएको अधिकांश रकम मादक पदार्थ र लागु पदार्थमा खर्च गर्ने यिनीहरू बचत गर्दैनन्।

नीतिगत समस्या

पहिलोपटक जातीय विभेद तथा छुवाछूत कसुरलाई कानुनीरूपमा मुलुकी ऐन, २०२० को अदलको महलले दण्डनीय बनायो। नेपाल अधिराज्यको संविधान, २०४७ ले कानुनीरूपमा निषेध गऱ्यो। तर त्यसपछिको १५ वर्ष लामो अभ्यासमा दलित समुदायलाई सम्बोधन गरी कुनै नीति तथा योजना र कानुन निर्माण भएन।[६]

राज्यले २०६२/६३ को दोस्रो जनआन्दोलनपछि सबै निकायमा समावेशी तथा समानुपातिक प्रतिनिधिको व्यवस्था गर्ने नीति लियो। सरकारले २०६३ जेठ २१ गते छुवाछूतमुक्त राष्ट्र घोषणा गऱ्यो। २०६८ जेठ १० गते जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६८ पारित भयो। नेपाल अधिराज्यको संविधान, २०४७ ले झैं नेपाल अधिराज्यको संविधान २०६३ र नेपालको संविधान (२०७२) ले सकारात्मक विभेदको नीति अपनाउन सक्ने व्यवस्था गरेको छ। प्रस्तावनामै जातीय छुवाछूत अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरिएको छ (नेपालको संविधान प्रस्तावनाको चौथो अनुच्छेद)। संविधानले अन्य व्यवस्था गर्नुका साथै संवैधानिक आयोगका रूपमा राष्ट्रिय दलित आयोगको व्यवस्था गरेको छ।

निर्वाचन आयोगले निर्वाचनसम्बन्धी ऐन/कानुनमा दलितहरूको जनसङ्ख्या १३.८ प्रतिशत कायम गर्दै प्रतिनिधि सभामा सोहीबमोजिम दलितलाई सिट आरक्षित गरेको छ। निजामती ऐनअनुसार आरक्षित कोटामध्ये सरकारी सेवामा ९, सुरक्षा निकायमा १५ र शिक्षा क्षेत्रमा ९ प्रतिशत आरक्षणको व्यवस्था छ। तर आरक्षित समूहमध्येका मधेसी, दलितले त्यो हक र सुविधा उपभोग गरे पनि डोमसम्म पुग्न पाएको छैन। आरक्षित समूहभित्र पनि सबै वर्ग/समुदायको प्रतिनिधित्व गर्न/गराउन तिनका लागि शिक्षा तथा विशेष प्रशिक्षणको प्रबन्ध गर्नुपर्ने देखिन्छ।

संविधानको धारा ४० (७) ले दलितहरूका लागि प्राप्त सेवा/सुविधा र अवसरमा दलित महिला र दलितभित्रका पनि कमजोर दलितहरूले पनि समानरूपमा पाउने सुनिश्चित गरेको छ। निजामती ऐनमा राज्यले सकारात्मक विभेदको आधारमा महिला, आदिवासी/जनजाति, मधेसी र दलितलाई आरक्षण दिँदा आर्थिक र सामाजिकरूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलित सम्झनुपर्छ भनी लेखिएको छ। आर्थिक र सामाजिकरूपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलितको सूची सरकारले राजपत्रमा प्रकाशित गरेबमोजिम हुने उल्लेख छ। तर, समावेशी पदपूर्ति व्यवस्था लागु गरिएको करिब १० वर्ष भइसक्दा पनि यी लक्षित वर्गका आर्थिक, सामाजिकरूपमा पछाडि परेका सूचक तय गरी राजपत्रमा प्रकाशन गरिएको छैन। फलस्वरूप समावेशी राज्यको परिकल्पनाअनुसार जे/जस्ता लक्षित वर्गलाई समेट्न खोजिएको थियो, त्यस्तो वर्गको प्रतिनिधित्व नै हुन सकेको छैन।[७]

विभिन्न तथ्याङ्कले निजामती सेवा, नेपाली सेना, प्रहरी र न्यायालयको कुल कर्मचारीमा दलितको न्यून उपस्थिति देखाएका छन्। त्यसमध्ये पनि डोमहरू तल्लो तहका सहायक पदमा औँलामा गन्न सकिनेमात्र छन्। तथ्यले मधेस र दलितको कोटामा डोमले प्रतिस्पर्धा गर्न सक्ने अवस्था देखिँदैन। यसकारण डोमलाई छुट्टै कोटा तोकिनु जरुरी देखिएको छ। दलितभित्र मधेसी दलितले र मधेसी दलितभित्र डोम जस्ता आर्थिक र सामाजिकरूपमा पछाडि परेकाहरूको कोटा आरक्षित गर्नुको विकल्प छैन। डोमलाई दलितभित्र पनि महादलितझ को सूची बनाएर आरक्षणलगायतका सेवा/सुविधा दिइ उत्थान गर्ने समावेशी रणनीति लिनु आवश्यक छ।

जनता आवास कार्यक्रमअन्तर्गत सङ्घीय सरकारको बजेटबाट आर्थिक वर्ष २०७६/०७७ मा सप्तरीको करिब ६ सय र सिरहाको ७ सय डोम र मेहतरका लागि पक्की घर निर्माण गरिने भएको शहरी विकास तथा भवन कार्यालय राजविराजले जनाएको छ। कार्यालयका अनुसार छिन्नमस्ताको ५१ डोमका साथै सप्तरीका सबै (५४१) डोमको पक्की घर निर्माण हुनेछ। बरण्डासहित २ कोठे पक्की भवनका लागि प्रतिघर ३ लाख ३२ हजार ५ सय र शौचालय निर्माणका लागि थप १० हजार रुपियाँ बजेट छुट्याइएको छ। भूमिहीन डोमको बसोबास खासगरी ऐलानी पर्ती, नहर तथा सडक डिल र अरुको निजी जग्गामा रहेकाले घर निर्माण प्रक्रियामा व्यावहारिक कठिनाइ छ। जग्गा

६. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) : महिला, दलित र अपाङ्गतासम्बन्धी विद्यमान कानुन तथा नीति र कार्यान्वयनको अवस्था। २०७३ : ९१

७. पासवान, भोला मङ्सिर १५, २०७४, कान्तिपुर दैनिक : दलित कोटामा मधेसीको पहुँच https://ekantipur.com/opinion/2017/12/01/20171201070709.html

भएकालाई घर बनाइदिने नीतिले स्थानीय तहले जग्गा व्यवस्थापन नगरेसम्म घर निर्माण सम्भव देखिँदैन र यो सङ्ख्या घट्ने सम्भावना देखिएको छ।

शिक्षा मन्त्रालयले न्यून आय भएका दलितका लागि विशेष छात्रवृत्तिसम्बन्धी कार्यविधि २०७२ देखि कार्यान्वयनमा ल्याए पनि डोम समुदायबाट पहिलोपटक २०७५/२०७६ मा सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नम्बर ९ रम्पुराका १९ वर्षीय दिनेशकुमार मरिकले सरकारी छात्रवृत्तिमा एमबीबीएस पढ्ने अवसर पाएका छन्। एसएलसीमा प्रथम श्रेणीमा पास भएको हुनुपर्ने, सम्बन्धित शिक्षण संस्थाको प्रवेश परीक्षामा उत्तीर्ण भई भर्ना वा भर्ना हुने निश्चित आधार पेस गर्नुपर्ने कार्यविधिमा व्यवस्था छ। लगातार २ वर्षभन्दा बढी अध्ययन गरिरहेको तहको परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीलाई यो सुविधा प्रदान गरिँदैन।

सामुदायिक मावि र उमाविबाट उत्तीर्ण हुनुपर्ने व्यवस्थाले झण्डै दिनेशले पनि चिकित्सक पढ्ने अवसरबाट वञ्चित हुनुपरेन। एसईईमा प्रथम श्रेणी ल्याएर पास हुने डोम समुदायका विद्यार्थीलाई राम्रा सामुदायिक उमावि वा निजी उमाविमा पूर्ण छात्रवृत्तिमा पढ्ने व्यवस्था र कक्षा ११ र १२ पास भएकालाई चिकित्साशास्त्र र इन्जिनियरिङमा नाम निकाल्न आवासीय छात्रवृत्तिसहित विशेष कोचिङ कक्षाको व्यवस्था नगरिए डोम समुदायका विद्यार्थीले यो अवसर नपाउने अवस्था छ।

औपचारिक/अनौपचारिक तथा व्यावसायिक शिक्षाका पाठ्यक्रममा तराई दलित विशेषगरी डोम समुदायका सिपलाई समावेश गर्न सकिएमा मानसिकरूपमा गर्वबोध हुनुका साथै परम्परागत सिप सिक्न उनीहरू तयार हुन्छन्। अन्य समुदायका बालबालिका पनि यस्तो सिपबाट लाभान्वित हुन्छन् एवम् दलित र गैरदलित विद्यार्थीबीचको अन्तरक्रिया पनि बढ्छ।

आर्थिक वर्ष २०६६/२०६७ को बजेट वक्तव्यमार्फत अन्तरजातीय विवाह गर्ने जोडीलाई १ लाख रुपियाँ प्रोत्साहन भत्ता दिने कार्यक्रम दिगो रहेन् र डोमसम्म त पुग्दा पनि पुगेन। आयआर्जनका लागि सहुलियत ब्याजदरमा कर्जा प्रदान गर्ने नीति लिए पनि ती कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्। समाजमा रहेका विपन्न वर्गलाई लक्षित गरी सञ्चालनमा ल्याइएका विपन्न वर्ग कर्जा लक्षित समुदायसम्म पुग्न नसकेको एक अध्ययनले देखाएको छ।[८]

६० वर्षमाथिका सबै दलितलाई सामाजिक सुरक्षा भत्ता दिने नीतिगत कार्यक्रम लोकप्रिय छ। अन्य दलितका तुलनामा डोम समुदायमा जन्म दर्ता, विवाह दर्ता, नागरिकता बनाउने प्रचलन कम भएको र प्रशासनिक झन्झट मान्ने कारणले सबैमा कार्यान्वयन हुन सकेको छैन्। दलित लक्षित अन्य सरकारी कार्यक्रम, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आवासीय सुविधासहित निःशुल्क छात्रवृत्ति, बाल संरक्षण अनुदानअन्तर्गत दलित बालबालिकाका लागि मासिक २ सय रुपियाँ भत्ता प्रदान गरिँदै आएको छ। दलित वर्ग लक्षित कार्यक्रम तय गरी लागु नभएका होइनन् तर ती कार्यक्रम निरन्तर चल्न वा दिगो हुन सकेका छैनन्[९]।

अहिले पनि जातीय विभेद र छुवाछूत तथा सबै प्रकारका विभेद अन्त्यका लागि अगाडि ल्याइएका नीतिहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। तथापि जागरण र चेतनाको विकासले कानुनको ज्ञान र दण्डको भय बढेको छ। बदलिँदो राजनीतिक परिवर्तनसँगै पछाडि पारिएका दलित समुदायको आवाजले छलफल र बहसमा स्थान पाउन थालेको छ। शोषित, पीडित र अन्यायमा बाँचेकाहरूले न्याय प्रत्यक्ष अनुभूति गर्न नपाए पनि मान्छेको मनोविज्ञानमा क्रमशः परिवर्तन आउन थालेको छ। त्यसैगरी दलित समुदायभित्र विद्यमान आन्तरिक छुवाछूत र आन्दोलनभित्रको लोकतान्त्रिकीकरण तथा सुशासनका विषयमा पनि सामान्य बहस हुन थालेको छ।

निष्कर्ष

हिन्दु समाजमा सबैजसो दलितले सयौँ वर्षदेखि जातीय विभेद र छुवाछूत भोग्दै आएका छन्। यो भोगाइको मात्रा र घनत्व फरक रहे पनि सिङ्गो दलित समुदायलाई समग्र रूपमा लिने र चर्चा गर्ने प्रवृत्ति पाइन्छ। यस्तो प्रवृत्तिले सबै दलितको समस्या एउटै र समान स्तरको रहेको भ्रम सिर्जना गरेको छ। यो भ्रमले दलित समुदायभित्रको भिन्नतालाई सही मानेमा प्रतिविम्बित गर्न सकेको छैन तथा सिङ्गो दलित

८. बन्जाडे, यज्ञ विपन्न वर्गमै पुगेन विपन्न वर्ग कर्जा, नयाँ पत्रिका, २०७२ असोज ८ गते, शुक्रबार, पृष्ठ ७

९. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। २०७३। महिला, दलित र अपाङ्गता सम्बन्धी विद्यमान कानुन तथा नीति र कार्यान्वयनको अवस्था। काठमाडौँ : कलर्स प्रिन्ट एन्ड प्रडक्सन प्रा.लि.।

समुदायका समस्यालाई सही र वस्तुवादी ढङ्गले विश्लेषण गर्न दिएको छैन।

सिङ्गो सामाजिक संरचना र विभिन्न क्षेत्रका दलित समुदायका अनेकौँ जातिमध्ये सबैभन्दा तल पारिएको डोम समुदाय दलितभित्रको पनि महादलित हुन्। विभेदको भोगाइमा सबैभन्दा बढी मारमा परेको डोम र अन्य दलितलाई फरक गरेर सही र वस्तुवादी विश्लेषण गर्न सकेमा मात्र सही निष्कर्षमा पुग्न सकिन्छ। अन्य दलितभन्दा डोम समुदायका समस्या फरक रहेकाले समाधान पनि फरक किसिमले गर्नुपर्ने हुन्छ। सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाले दिने सुविधामा प्राथमिकतासाथ विशेष व्यवस्था गर्नुपर्छ।

छुवाछूतप्रतिको धारणा र व्यवहारमा कमी हुँदै गए पनि त्यसलाई आत्मसात् गर्न अझै डोम समुदायलाई समस्या छ। वर्षौंदेखिको अछूतका रूपमा स्वयंलाई हेर्ने बानी पर्नु र अन्य समुदायले हेयको दृष्टिले हेर्ने, चिहान खन्ने र लास जलाउने परम्परागत पेसाले पनि उनीहरू हीनताबोधले अझै खुम्चिएका छन्। डोम समुदायमा रक्सी खाने, एकापसमा झगडा गर्ने प्रवृत्ति आमरूपमा देखिन्छ। उच्च जातकाले डोम समुदायलाई समान हैसियत दिन चाहँदैनन्। अन्तर-दलित छुवाछूतले दलित ऐक्यबद्धतामा गम्भीर असर पु ऱ्याइरहेको छ। तराई दलितकै बीचमा खाना, पानी, विवाह र रीतिथितिमा तल्लो-माथ्लो जातमा आधारित छुवाछूत निकै छ।

दलितमाथिको जातीय भेदभाव डोमहरूले बेहोर्नुपरेको प्रमुख समस्या हो। शिक्षा र चेतनामुखी कार्यक्रमले पनि मनस्थिति सुधार्न सकेको छैन। स्वयं डोम समुदाय पनि आफ्नो बहिष्करणविरुद्ध सचेत हुन सकेका छैनन्।

सुझाव

दलितहरूको समस्या अन्य जातिभन्दा फरक रहेकाले समाधान पनि फरक किसिमले गर्नुपर्छ। उत्थान र विकासका लागि परम्परागत सिपको आधुनिकीकरण, आयआर्जनको स्रोतमा वृद्धि, शैक्षिक क्षेत्रमा विशेष व्यवस्था गर्नुपर्ने टडकारो खाँचो छ। जातीयरूपले सबै मानव बराबर हो भन्ने भावना विकास गरी समाजमा अन्तर्घुलन गर्न पहल गर्नुपर्छ। सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक अवस्थामा परिवर्तन र विकासका लागि सरकारी/गैरसरकारी सङ्घ/संस्थाको सहयोग अपरिहार्य छ।

दलितभित्र पनि अत्यन्त पछाडि परेका समुदायको समुचित विकासका लागि प्राथमिकीकरण निर्धारण गर्नुपर्छ। मूलधारको दलित आन्दोलनले पछाडि परेका दलितको मुद्दालाई सशक्तरूपमा उठाउनु आवश्यक छ। त्यसका लागि विभिन्न दलित समुदायबीच अन्तरसंवाद खाँचो छ। आजको वैज्ञानिक युगमा पनि मन्दिर प्रवेश गरेको, धारा छोएको निहुँमा जातीय भेदभाव गर्ने समाज नै नहोस् भन्ने चाहना दलितहरूको हो।

दुर्व्यवहार बेहोरेर कानुनी लडाइँ लड्नुभन्दा दुर्व्यवहार नै नभएको समाजको परिकल्पना दलितहरूको आन्दोलनले गरेको थियो। कानुन कार्यान्वयनको आवश्यकता पनि महत्त्वपूर्ण छ। सामाजिक र सांस्कृतिकरूपमा दलितहरू अरु जात समान नहुँदासम्म आर्थिकरूपमा सम्पन्न हुन सक्ने अवस्था रहँदैन। आर्थिकरूपले आत्मनिर्भर नभएसम्म शोषण, उत्पीडन र उपेक्षित बन्नुपर्ने हुन्छ। त्यसैले सबैभन्दा पहिले जातीय भेदभाव निर्मूल पार्नमै सम्पूर्ण शक्ति केन्द्रित गर्नुपर्नेमा दुई मत छैन।

देशमा भएको पछिल्लो परिवर्तनले अन्य दलित समुदायको सामाजिक, आर्थिक, राजनीतिक प्रतिनिधित्व र पहुँच वृद्धि भए पनि अपहेलित, शोषित, बहिष्कृत डोम समुदायका मानिसको भने कतै पहुँच हुन सकेको छैन्। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाले अन्य दलितको अवस्था थोरै सुधारोन्मुख बनाएको छ तर पिँधमा रहेका डोमले भने त्यसबाट लाभ लिन सकेका छैनन्।

सरकारी सेवामा आरक्षण, शिक्षा, स्वास्थ्य, रोजगारमा विशेष व्यवस्था, जातीय छुवाछूत, विभेदका घटनामा पीडकविरुद्ध तुरुन्त मुद्दा दर्ता, डोम समुदाय बसोबास गर्ने क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था, डोम समुदायका विद्यार्थीलाई शिक्षा हासिल गर्ने क्रममा डेरा नपाउने जस्ता समस्या सम्बोधनका लागि दबाब सिर्जना गरिरहनुपर्छ। डोम समुदायको समुचित विकासका लागि विशेष व्यवस्था हुनुपर्छ। नेपालको संविधानमा व्यवस्था भएको दलितको हक, सामाजिक न्यायको हक र छुवाछूतविरुद्धको हकअन्तर्गतको मौलिक अधिकारको माग गर्दै डोम समुदाय स्वयम् सङ्गठित हुनुपर्छ।

आदिवासी, जनजाति, मधेसी, महिलाका कुरा खुब उठे पनि दलितभित्रका दलित डोम समुदायको कुराचाहिँ नउठेकाले सामाजिक, आर्थिक, राजनीतिकरूपमा सबैभन्दा पछाडि रहेको यो समुदायको न्यायोचित व्यवस्थापन गर्न राज्यले ध्यान दिनुपर्छ।

सन्दर्भ सामग्री

- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)। २०७३। महिला, दलित र अपाङ्गतासम्बन्धी विद्यमान कानुन तथा नीति र कार्यान्वयनको अवस्था। काठमाडौँ : कलर्स प्रिन्ट एन्ड प्रडक्सन प्रा.लि.।
- झापाली, गोपाल : २०६२ कात्तिक पूर्णाङ्क ५३। फिचर सेवा। विराटनगर : नेपाल प्रेस इन्स्टिच्युट क्षेत्रीय सञ्चार स्रोत केन्द्र।
- पासवान, भोला, इरिशा सुवाल । २०६९ । डोम समुदायको पहिचान बदलिँदो जीवनशैली । ललितपुर : समता फाउन्डेसन।
- विशुन्के, विनोद, मणिलाल विश्वकर्मा। २०६५। नेपालमा डोम र मेस्तर जातिको अवस्था। लहान, सिरहा : दलित जनकल्याण युवा क्लब।
- स्थानीय तह वस्तुगत विवरण सप्तरी, केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोग।
- https://cbs.gov.np/wp-content/upLoads/2019/03/District%20Profile%20Saptari.pdf
- सिग्देल, उद्धव, बद्रीप्रसाद लामिछाने। २०६५। मधेसी दलित समुदायको परिचयात्मक पुस्तिका। काठमाडौँ : राष्ट्रिय दलित आयोग।
- सिन्हा, सच्चिदानन्द : सन् २००९। जाति व्यवस्था : मिथक, वास्तविकता और चुनौतियाँ। नइ दिल्ली : राजकमल प्रकाशन प्रा.लि.।
- Sah, R. P. 2007 Sociological Study of the Dom Community: A Case Study Of Siraha District, Nepal. Report Submitted to SNV. Nepal.
- Singh, G. C., P, Ruth, M. Nair. R. Grubesic and F.A. Connell. 2009. "Factors Associated with Underweight and Stunting among Children in Rural Terai of Eastern Nepal." in Asia-Pacific Journal of Public Health 21:144. URL: aph.sagepub.com/content/212/144.full.pdf [Last Accessend :1/28/2013.
- विभिन्न पत्रपत्रिका–पुस्तक, विभिन्न कार्यक्रममा प्रस्तुत कार्यपत्र र अगुवा दलित नेता र सर्वसाधारणसँगको छलफल, अन्तरक्रिया

परिच्छेद ३

३.३ कमैया मुक्तिका १८ वर्ष : प्रतिबद्धता र वास्तविकता

पृष्ठभूमि

ग्लोबल स्लेभरी इन्डेक्स २०१८ अनुसार आज पनि विश्वका झण्डै ४ करोड मानिस दाससरह जीवन बिताउन बाध्य छन् । जसमध्ये ६४ प्रतिशत एसियामा छन् । नेपालमा १ लाख ७१ हजार मानिस आधुनिक दासदासीसरह जीवन बिताइरहेका पनि उक्त इन्डेक्सले उल्लेख गरेको छ । यसरी हेर्दा विश्वका १ सय ७६ देशमध्ये प्रिभिलेन्स च्याङ्कमा नेपाल ५६ औँ स्थानमा छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (इन्टरनेसनल लेबर अर्गनाइजेसन) ले सन् २०१६ मा प्रकाशन गरेको प्रतिवेदनअनुसार एसियामा मात्र ६२ प्रतिशत मानिस दासदासी जीवन बिताइरहेका छन् । जसअनुसार एसिया र प्यासेफिक क्षेत्रमा आधुनिक दासदासी विश्वका अन्य महादीपभन्दा बढी छन् ।

नेपालमा दास प्रथा कहिलेबाट आरम्भ भयो भयो भनेर किटान गर्न सकिने अवस्था नभए पनि प्रचीन ग्रन्थ मनुस्मृतिमा भने यसबारे उल्लेख भएको पाइन्छ । विश्वका विकसित तथा विकासोन्मुख देशहरूमा पनि दास प्रथा रहेका विभिन्न ऐतिहासिक तथ्य/तथ्याङ्कले पुष्टि गर्छन् । १५ औँ शताब्दीमा त अफ्रिकामा दास व्यापार नै फैलिएको पाइन्छ भने चीनमा समेत १२–१८ औँ शताब्दीसम्म दास प्रथा रहेको विभिन्न दस्तावेजले प्रमाणित गरेका छन् । बेलायतले सन् १८०७ मा दास प्रथा उन्मूलन गर्ने कानुन निर्माण गरी कार्यान्वयनसमेत गरेको थियो । र, सन् १८३३ मा आफ्नो साम्राज्यबाट दास प्रथा उन्मूलन भएको घोषणा नै गरेको थियो ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र संयुक्त राष्ट्र सङ्घको सन् १९५६ को पूरक महासन्धिमा आधुनिक दास प्रथामाथि प्रतिबन्ध लगाउने व्यवस्था छ । नेपालमा पनि लामो समयदेखि कमैया, हलिया, हरुवा/चरुवालगायतका आधुनिक दास प्रथा अस्तित्वमा रहँदै आएको पाइन्छ ।

नेपालको ५ नम्बर प्रदेश र सुदूरपश्चिम प्रदेशको तराईस्थित दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा कमैया प्रथा प्रचलनमा थियो । अहिले पनि यस प्रथाका केही अवशेष जीवितै छन् । कमैया भन्ने शब्द जमिन तथा खेतीपातीसँग सम्बन्धित छ । त्यसबेला कमैया भन्नाले जमिनमा कडा परिश्रम गर्ने व्यक्तिका रूपमा बुझिन्थ्यो । जमिनदारकै जग्गाको एक कुनामा बनाइएको झुपडी (बुक्राहा) मा बस्दै जमिनदारकै खेतमा काम गर्दै आएका गरिब, निमुखा, सोझा र इमानदार थारू जातिका मानिस नै लामो समयदेखि कमैया भनिँदै आए । समयको एक कालखण्डमा हाल घनारूपमा बसोबास भएको तराईको भू–भागमा थारूहरूको बाहुल्यता थियो । कालान्तरमा थारू जनजाति टाठाबाठाको अतिक्रमणमा पर्न थाले । पछौटेपन, चेतनाको कमी र चरम शोषणका कारण उनीहरू जग्गाविहीनताको स्थितिमा पुगे । जग्गाविहीन अवस्थामा आफ्ना तथा आफ्नो परिवारको गुजाराका लागि जमिनदारकहाँ जग्गा कमाइदिन सपरिवार नै कमैयाका रूपमा काम गर्न थाले ।

मालिकको घरमा काम गरेबापत कमैयालाई वर्षभरका लागि न्यून ज्याला तोकिएको हुन्थ्यो । जसलाई बिगाहा भनिन्थ्यो । कमैयालाई ज्यालाका रूपमा एक वर्षको ६ देखि ८ बोरासम्म धान (वर्षे बाली) र हिउँदे बालीमा तोरी र मसुरो दिने चलन थियो । त्यसरी दिएको न्यूनतम ज्याला (बिगाहा) बाट कमैयाहरूका आधारभूत आवश्यकतासमेत पूर्ति हुन मुस्किल हुन्थ्यो । जसका कारण उनीहरू जमिनदारबाट घर खर्च, चाडपर्व, कपडा, पाहुनाको स्वागत सत्कार आदि गर्नका लागि थप खर्च तथा सापटी रकम लिन बाध्य हुन्थे । थप ऋण दिएबापत जमिनदार वा साहूले ऋणको ब्याज, ब्याजको स्याज गरी ऋण दोब्बर, तेब्बर बनाउने गर्थे । कमैयाका सपरिवारले वर्षभरि जमिनदारको घरमा जति काम गरे पनि ऋण घट्नुको सट्टा बढ्दै जान्थ्यो । प्रत्येक वर्षको माघ २ गतेदेखि माघ मसान्तसम्म खोज्नी बोज्नी (वर्षभरिको लेनदेन हिसाव तथा मालिक छाड्दा गरिने प्रक्रिया) गरिन्थ्यो ।

कमैयाले साहूलाई तिर्नुपर्ने रकम वा ऋण

रकमलाई अर्को शब्दमा सौकी भनिन्छ । कमैयाहरू मालिकको घरबाट नयाँ मालिकको घरमा कमैया बस्न जाँदा नयाँ मालिकले पुरानो मालिकलाई तिर्नुपर्ने सौकी तिरेर लैजान्थे । आफ्नो जीवनभर कमैयाले सौकी रकम तिर्न सक्दैनथे । जसका कारण कमैयाको श्रीमती (बुऋही) ले घरमा बिनाज्याला काम गर्नुपर्थ्यो । छोराछोरीलाई उमेरका आधारमा काम लगाइन्थ्यो । भैसवार, छेग्रुवार, कमलरीले पनि बिनाज्याला काम गर्नुपर्थ्यो । घरमूलीलाई कमैया, श्रीमतीलाई बुऋही, छोरीलाई कमलरी, छोरालाई भैंसवार, गैवार, छेग्रहवाका रूपमा काम गर्नुपर्थ्यो । यसरी सपरिवार जमिनदारकहाँ कमैया बस्ने अमानवीय कुप्रथा बस्न गयो । जमिनदार वा साहूले आफ्नो ऋण चुक्ता गर्न कमैया तथा घर/परिवारका कुनै पनि सदस्यलाई अर्को जमिनदारकहाँ बेच्ने कुप्रचलनसमेत सुरु भयो । सौकी रकम तिर्नका लागि कमैयाले आजीवन तथा पुस्तौँपुस्तासम्म बँधुवा मजदूर वा दासदासीका रूपमा काम गर्नुपर्ने बाध्यात्मक स्थिति सिर्जना भयो ।

नेपालमा पुस्तौँदेखि बँधुवा मजदूर वा दासदासीका रूपमा कमैया बस्दै आएकाको सङ्ख्या झण्डै १६ हजार रहेको मानिन्छ । दास प्रथाको अवशेषका रूपमा रहेको कमैया प्रथा अन्त्यका लागि विभिन्न प्रकारका अभियान सञ्चालनमा आएपछि दाङ, बाके, बर्दिया, कैलाली र कञ्चनपुरमा रहेका कमैयाहरूको सौकी मिनाहा हुनेगरी २०५७ साल साउन २ गते सरकारले संसद्बाटै कमैया मुक्त भएको घोषणा गरेको थियो ।

अध्ययनको महत्व

कमैया प्रथा बाधा श्रम प्रणालीकै एक रूप हो । यसप्रकारका प्रथा अन्त्य गर्नका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रियरूपमा विभिन्न कानुन निर्माण गरिएका छन् । मानव अधिकारको मेरुदण्डका रूपमा रहेको संयुक्त राष्ट्र सङ्घद्वारा पारित मानव अधिकारको विश्वव्यापी घोषणापत्रले कुनै पनि मानिसलाई कुनै पनि बहानामा विभेद गर्न नपाइने उल्लेख गरेको पाइन्छ । विश्वमा रहेको विभेद, कुप्रथा तथा असमानता अन्त्य गर्न संयुक्त राष्ट्र सङ्घले विभिन्न महासन्धि तयार गरेको छ । जुन पक्षराष्ट्रहरूका लागि बाध्यकारी बनाएको छ । दास प्रथाका रूपमा रहेको कमैया प्रथालाई राष्ट्र सङ्घका महासन्धिले पनि निषेध गरेको अवस्था छ । नेपालले पनि संयुक्त राष्ट्र सङ्घद्वारा पारित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी पक्षराष्ट्रका रूपमा आफूलाई स्थापित गरेको अवस्था छ ।

सरकारले कमैया मुक्ति घोषणा गरेको झण्डै दुई दशक बित्न लाग्दासमेत उनीहरूको व्यवस्थित पुनर्स्थापना भने हुन सकेको छैन् । मुक्त कमैया आधारभूत अधिकार (जुन नेपालको संविधानमा मौलिक हकका रूपमा समेत सुनिश्चित गरिएका छन्) बाट समेत वञ्चित हुँदै आएका छन् । अहिले पनि उनीहरूको शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य अधिकार प्रत्याभूत हुन सकेको छैन् । यसर्थ, सरकारले कमैया मुक्त गर्दा व्यक्त गरेका प्रतिबद्धता र मुक्त कमैयाहरूको आजको वास्तविकता पहिचान गरी ती समस्या समाधानका लागि सुझाव उपलब्ध गराउन यो अध्ययनको महत्त्व छ । मुक्त कमैयाका वर्तमान समस्या उजागर गर्न र सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको ध्यानार्कषण गराउन पनि अध्ययनको महत्त्व रहनेछ ।

अध्ययनको उद्देश्य

- मुक्त कमैयाको वर्तमान अवस्था अध्ययन गरी उनीहरूका समस्या पहिचान गर्नु ।
- कमैया मुक्त गर्दा राज्यले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयन अवस्था विश्लेषण गर्नु ।
- मुक्त कमैयाका वर्तमान समस्याहरू पहिचान गरी तिनको समाधानका लागि सरकारलाई सुझाव पेश गर्नु ।

अध्ययन विधि

कमैया मुक्ति घोषणा गर्दा सरकारले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयनको अवस्था विश्लेषण गर्नका लागि कैलाली जिल्लास्थित मुक्त कमैयाहरू, विभिन्न सङ्घ/संस्था, सरकारी निकायका प्रतिनिधि, मुक्त कमैया क्षेत्रमा क्रियाशील व्यक्तित्व, वकिल, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी तथा बृद्धिजीवीहरूसँग भेटघाट तथा छलफल गरिएको थियो । यसैगरी मुक्त कमैयाका समस्या र समाधानबारेका लेख तथा पुस्तक, विभिन्न अनुसन्धान प्रतिवेदन, मुक्त कमैयासम्बन्धी विभिन्न राष्ट्रिय ऐन तथा अन्तर्राष्ट्रिय प्रावधानहरू अध्ययन सामग्रीका रूपमा प्रयोग गरिएको छ । अध्ययनका क्रममा सरोकारवाला पक्षहरूसँग सम्वाद, छलफल, अन्तर्वार्ता र प्रश्नोत्तर गरी कैलाली जिल्लास्थित मुक्त कमैयाको अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ ।

अध्ययनको सीमा

- कैलाली, कञ्चनपुर, बाँके, बर्दिया र दाङ जिल्लामा मुक्त कमैयाको बसोबास क्षेत्र रहे तापनि प्रस्तुत अध्ययनले कैलाली मात्र समेटेको छ।
- कमैया मुक्तिको घोषणापछि राज्यले व्यक्त गरेका प्रतिबद्धता र त्यसको कार्यान्वयन पक्षमा अध्ययन केन्द्रित छ।
- कमैया मुक्तिका १८ वर्ष र कमैयाहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार परिपूर्तिको अवस्था दर्शाउन अध्ययन केन्द्रित छ।

को हुन कमैया ?

कमैया शब्द कर्मशील, परिश्रमी भन्ने अर्थमा प्रयोग हुँदै आएको भए पनि समयक्रममा यो बँधुवा मजदूरको अर्थमा प्रयोग हुँदै आएको पाइन्छ। कमैया श्रम (निषेध) ऐन २०५८ ले गरेको परिभाषाअनुसार बिनाज्याला वा न्यून ज्यालामा ऋणदाताकहाँ काम गर्ने, आफू वा आफ्नो पुर्खा वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज तिर्न बसेका व्यक्तिहरू कमैया हुन्। कमैया वा कमैया श्रमिक भन्नाले भैंसवार, गैवार, बर्दिबार, छेकवार, हरुवा, चरुवा, हली, गोठालो, कमलरी वा अन्य यस्तै नामबाट श्रम गर्ने व्यक्ति सम्झनुपर्ने श्रम ऐन २०५८ मा उल्लेख गरेको छ।

कमैया श्रम ऐनले गरेको परिभाषाअनुसार साहू वा जमिनदारबाट लिएको ऋणबापत साहू वा जमिनदारकहाँ मजदूरी गर्न बाध्य श्रमिक कमैया हुन्। कमैया प्रथाको मुख्य कारण अशिक्षा, गरिबी र जमिनदारी प्रथा नै हो। बाबु, बाजे वा परिवारका अन्य सदस्यले साहू वा जमिनदारबाट लिएको ऋणवापत पुस्तौँदेखि जमिनदारकहाँ सपरिवार काम गर्नुपर्ने हुन्थ्यो। कमैया शब्द कहाँबाट आयो भनेर अध्ययन गर्दा यो थारू समुदायमा आफ्नो संस्कृति र सामाजिक परिवेशअनुसार प्रयोग भएको शब्द हो। संयुक्त परिवारमा बस्ने थारूहरूमा श्रम साटासाट गर्ने प्रथा थियो। अथवा परिवारका सदस्यलाई फरकफरक जिम्मेवारी दिइन्थ्यो। घरको जेठो पुरुष सदस्यलाई 'किसनवा' र घरका अन्य सदस्यलाई 'कमैया' भनिन्थ्यो। त्यसै गरी परिवारकी जेठी महिलालाई 'घरधुनिया' अन्य महिलालाई 'कमलरी' भनिन्थ्यो। घरमा अन्य सदस्यहरू बढी मेहनती हुने हुँदा उनीहरूलाई आदरस्वरूप कमैया शब्द प्रयोग गरिएको पाइन्छ। कालान्तरमा जमिनदार र साहूहरूले कमैयालाई बँधुवाका रूपमा काममा लगाए । जसका कारण 'कमैया' शब्द दास वा बँधुवा मजदूरको अर्थमा परिणत हुन गयो।

कमैया प्रथाको ऐतिहासिक पृष्ठभूमि

कमैया बस्ने चलन कहिलेदेखि र कहाँबाट सुरु भयो भन्ने एकिन तिथिमिति नभए पनि सन् १९६० मा नेपालबाट औलो उन्मूलन भएदेखि सुरु भएको देखिन्छ । औलो उन्मूलन भएपछि राज्यमा पहुँच र शक्तिमा नियन्त्रण भएका मानिस तराईमा आएर बसोबास गर्ने थाले।

राज्यमा पहुँच र शक्तिमा नियन्त्रण भएका मानिस तथा तराईमा प्रशस्त जमिन भएका जमिनदारले कमैया शब्दलाई दास प्रथाका रूपमा परिणत गरे। मन्द प्रक्रियाबाट जमिनको स्वामित्व छिन्ने प्रणालीका रूपमा सुरु भएको यस प्रथाले कालान्तरमा थारू जातिलाई बँधुवा मजदूरका रूपमा परिणत गऱ्यो । नेपाल र अङ्ग्रेजबीच भएको सुगौली सन्धिपछि ब्रिटिसले नेपालको पश्चिमको भूभाग हालको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लालाई उपहारस्वरूप फिर्ता गरेपछि यस क्षेत्रलाई राणा शासकहरूले बिर्ताका रूपमा प्रयोग गरे । राणा शासकहरूले स्थानीय थारू र प्रवासीहरूबाट कर सङ्कलन गर्न अनुमति दिए। सोही समयदेखि यस क्षेत्रमा बासोबास गर्दै आएका थारू समुदायका गरिब, अशिक्षित र असहाय व्यक्तिहरूलाई जमिनदारले अघोषितरूपमा बँधुवा मजदूरका रूपमा काममा लगाउँदै आएको भनाइ पनि रहेको पाइन्छ। यसरी बँधुवा मजदूरका रूपमा प्रयोग गर्दै जाँदा थारू जाति र तिनको जमिनलाई बिस्तारै अतिक्रमित गर्दै गएको पाइन्छ।

राणा प्रधानमन्त्री चन्द्रशमशेरले दास प्रथा उम्मूलन भएको घोषणा गरे पनि नेपालमा भएका बँधुवा मजदूरको सङ्ख्यामा कुनै कमी आएन । गरिबीको चक्रमा फसेकाहरूले घर खर्च चलाउनका लागि जमिनदार वा साहूहरूबाट ऋण लिनुपर्ने स्थितिमा सुधार आउन सकेन । यसरी जमिनदारहरूले आफूबाट ऋण लिएका मानिसलाई बँधुवा मजदूरका रूपमा काम लगाउन थाले। कालान्तरमा यही चलन कमैया प्रथाका रूपमा विकसित भयो।

वि.सं. २०२१ सालमा राजा महेन्द्रले भूमि सुधार कार्यक्रम लागु गरेपछि तराईमा बसाइँ सर्ने क्रम तीव्र भयो। बसाइँ सराइका क्रममा तराईका अधिकांश थारूले आफूसँग भएको अचल सम्पत्ति पनि गुमाए। जसको

परिणाम थारू समुदायका मानिस गरिबीको चेपेटामा परे र दास जीवन जिउन बाध्य भए। आफू र परिवारको पेट पाल्नकै लागि भए पनि जमिनदारहरूकहाँ बँधुवा मजदूरका रूपमा काम गर्न बाध्य भए।

वास्तवमा कमैया शब्द जमिन तथा खेतीपातीसँग सम्बन्धित छ। त्यसबेला कमैया शब्दले जमिनमा कडा परिश्रम गर्ने व्यक्तिहरू भन्ने बुझाउँथ्यो। कालान्तरमा थारू समुदाय टाठाबाठाको अतिक्रमणमा पर्न गए। पछौटेपन, चेतनाको कमी, गरिबी र अशिक्षाका कारण उनीहरूमाथि चरम शोषण गरियो र अन्तमा उनीहरू जग्गाविहीनताको स्थितिमा पुगे। जग्गाविहीनताको अवस्थामा आफू र आफ्ना परिवारको गुजारा नचल्ने भएपछि उनीहरू जमिनदारको जग्गा कमाइदिन सपरिवार उसैकहाँ कमैया बस्न थाले र यो क्रमशः प्रथाका रूपमा विस्तार हुँदै गयो।

मुख्यतया कमैयालाई खेती गर्नकै लागि मालिकले प्रयोग गर्थे। मालिकको घरमा काम गर्नका लागि एक वर्षभरिका लागि न्यून ज्याला तोकेको हुन्थ्यो। जसलाई बिगाहा भनिन्थ्यो। त्यतिखेरको ज्यालाका रूपमा एक वर्षको ६ देखि ८ बोरासम्म धान (वर्षे बाली) र हिउँदे बालीमा आपसी सहमतिमा तोरी र मसुरो दिने चलन थियो। यसरी दिएको न्यून ज्याला वा अन्नले उनीहरूको वर्षभरिको आवश्यकता पूर्ति हुँदैनथ्यो। घर खर्च चलाउनका लागि उनीहरू जमिनदारबाट थप अन्न वा केही नगद रकमसमेत ऋणस्वरूप लिन बाध्य हुन्थे।

कमैयाले जमिनदारको घरमा जति परिश्रम गरे पनि उनीहरूले लिएको ऋण रकम घट्नुको सट्टा वर्षैपिच्छे दोब्बर, तेब्बर बनाइन्थ्यो। प्रत्येक वर्षको माघ २ गतेदेखि माघ मसान्तसम्म खोज्नी/बोज्नी (वर्षभरिको हिसाव लेनदेन तथा मालिक छाड्दा गरिने प्रक्रिया) हुन्थ्यो। नयाँ मालिकको घरमा जाँदा वर्षभरि काम गरे पनि उल्टै मालिकलाई तिर्नुपर्ने निस्कन्थ्यो। त्यसै ऋणलाई सौकी भनियो। एक मालिकको घरबाट अर्को मालिकको घरमा कमैया बस्न जाँदा नयाँ मालिकले पुरानो मालिकलाई तिर्नुपर्ने सौकी तिरेर लैजाँदा मालिक र कमैया दुवैबीच सम्झौता हुन्थ्यो।

सौकी तिर्न नसक्दा कमैयाकी श्रीमती (बुक्रही) ले श्रीमान् कमैया बसैकै घरमा बिनाज्याला काम गर्नुपर्थ्यो। छोराछोरीलाई उमेरका आधारमा काम लगाइन्थ्यो। भैंसवार, छेग्रुवार र कमलरीले पनि बिनाज्याला काम गर्नुपर्थ्यो। घरमूलीलाई कमैया, श्रीमतीलाई बुक्रही, छोरीलाई कमलरी, छोरालाई भैंसवार, गैवार, छेग्रहवाका रूपमा काम गर्नुपर्थ्यो। यसरी नै सपरिवार जमिनदारकहाँ कमैया बस्ने अमानवीय कुप्रथा बस्न गयो। जमिनदारहरूले आफ्नो ऋण चुक्ता गर्न कमैया तथा घर/परिवारका कुनै पनि सदस्यलाई अर्को जमिनदारकहाँ बेचबिखन गर्ने कार्यसमेत थालनी भयो। सौकीवाला कमैयाले आजीवन तथा पुस्तौँपुस्ता बँधुवा मजदूरका रूपमा काम गर्नुपर्ने बाध्यात्मक स्थिति सिर्जना भयो।

कमैया मुक्ति आदोलन र सङ्घ/संस्थाले गरेका प्रयास

राणा शासनकालमै कमैया मुक्तिका लागि विभिन्न प्रयास र आन्दोलन भएका पाइन्छ। सर्वप्रथम वि.सं. १९९९ तिर बर्दिया जिल्लामा राधाकृष्ण थारूले भूमिहीन थारूहरूको गोप्य भेला गरेका थिए भनेर विभिन्न प्रकाशनमा छापिएको पाइन्छ। गोप्य भेलामा जमिन जोत्नेहरूका लागि भनेर आन्दोलन सुरु गर्ने प्रयास गरिएको थियो। यो नै कमैया प्रथाविरुद्ध सुरु भएको पहिलो आन्दोलन हो। वि.सं. २००४ सालमा राधाकृष्ण थारू काठमाडौँ पुगेर प्रधान मन्त्री मोहनशमशेर राणालागायतका व्यक्तिहरूलाई भेटी सहयोग मागेपछि बासुदेव प्याकुरेलको अध्यक्षतामा आयोग बनेको थियो। उक्त आयोगले बर्दिया जिल्लाका भूमिहीन किसानका लागि २५ हजार बिघा जमिन पञ्जीकृतसमेत गरेको थियो।

वि.सं. २००७ सालमा कृषकहरूले उब्जनीको ३ भागको १ भाग पाउनुपर्छ भन्ने माग राखेपछि उनीहरू जमिनदारबाट निर्मम तरिकाले कुटिएका थिए। हलिया र कमैया प्रथा अन्त्यका लागि लड्दै आएका भीमदत्त पन्तलाई २०११ सालमा झुण्ड्याएर हत्या गरिएको थियो। यस प्रकारका विभिन्न आन्दोलनले नेपालमा प्रजातन्त्र प्राप्तिपश्चात राष्ट्रिय राजनीतिमा समेत ठूलो प्रभाव पार्‍यो। आन्दोलनमा उठाइएका विषयलाई लिएर २०१५ सालमा भएको प्रथम आमनिर्वाचनमा घर पोत्नेको र खेत जोत्नेकोः भन्ने नारा दिएर नेपाली कङ्ग्रेस विजयीसमेत भएको थियो।

२०२१ सालमा भूमि सुधार ऐन जारी गरिएको भए पनि यस ऐनले कमैया वा भूमिहीनका पक्षमा भन्दा जमिनदारहरूको हित गर्न सघायो। भूमि सुधार ऐन आफूहरूको पक्षमा नभएको भन्दै भूमिहीन तथा थारू कमैयाले आन्दोलन गरे। उनीहरूका माग सम्बोधन हुनुको सट्टा जमिनदारहरूको दबाबमा सरकारले थारू तथा कमैयामाथि नै दमन गर्‍यो। तर विभिन्न समयमा मुक्ति आन्दोलन चल्दै गए। वि.सं. २०४४ सालमा

सिल्टा थारूको नेतृत्वमा कमैया मुक्ति आन्दोलन चर्किंयो । उनीहरूले आफूले काम गरेको खेतबाट उत्पादनको एकतिहाइ अन्न पाउनुपर्ने, ३ दिन बिदा पाउनुपर्ने र मस्यौरा (ज्याला) ९ मुरीबाट १२ मुरीसम्म हुनुपर्ने माग राखेका थिए । तत्कालीन निरङ्कुश पञ्चायती प्रशासन र जमिनदारहरूले यो आन्दोलन दबाए।

विक्रम संवत् २०४६ को जनआन्दोलनपछि नेपालमा बहुदलीय व्यवस्था पुनर्बहाली भयो। नेपाल अधिराज्यको संविधान २०४७ ले सबै प्रकारका दासप्रथालाई प्रतिबन्ध त लगायो तर यसलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन/कानुन भने बन्न सकेनन् । मुलुकमा प्रजातन्त्र पुनर्स्थापनासँगै राजनीतिक दल र नागरिक समाजको ध्यान समाजमा पछाडि पारिएका उत्पीडित तथा उपेक्षित वर्ग (दलित, महिला, जनजाति, थारू, आदिवासी, कमैया, हलिया आदि) मा केन्द्रित हुन पुग्यो। यसै क्रममा २०४८ सालमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा बँधुवा मजदूरका रूपमा रहेका कमैयाको सर्वेक्षण गरी अध्ययन प्रतिवेदन सार्वजनिक गऱ्यो । यो नेपालमा गरिएको यस्तोखालको पहिलो अध्ययन सर्वेक्षण थियो।

इन्सेकले गरेको अध्ययन सर्वेक्षणअनुसार १ लाख कमैया तथा तिनका परिवार रहेका र तीमध्ये ९३ प्रतिशत थारू जाति रहेको पुष्टि भएको थियो। त्यसपछि इन्सेकले २०५० सालदेखि कमैया साक्षरता तथा सचेतना कार्यक्रम सञ्चालन गऱ्यो । साथै विषयगत विशेषज्ञहरूसँग परामर्श गरेर प्रस्तावित बाँधा श्रम प्रणाली उन्मूलन ऐन २०५०, बनाइ सांसदहरूसमक्ष लबिङसमेत गऱ्यो। यही प्रक्रियाअन्तर्गत सभासद् केशव बडालले संसद्मा सङ्कल्प प्रस्तावसमेत पेश गरेका थिए । इन्सेकले नेपालका पश्चिम तराईका ५ वटा जिल्ला (दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) मा कमैया प्रथाभित्र बाँधा श्रम विद्यमान रहेको भन्दै बाँधा श्रम प्रणाली उन्मूलन गर्ने प्रयोजनका लागि कार्यपालिकालाई कानुन बनाउन निर्देशनसहितको परमादेश जारी गरिपाउँ भनी सर्वोच्च अदालतमा २०५० सालमा रिट दायर गरेको थियो। सर्वोच्च अदालतबाट २०५५ सालमा अन्तरिम आदेश भयो। जसमा हाल श्री ५ को सरकार कमैया प्रथा र बाँधा श्रम नियन्त्रण गर्न कार्यरत रहेको र यसका निम्ति विभिन्न प्रयाससमेत गरिरहेको देखिएकाले हाललाई यस्तो आदेश जारी गर्नु नपर्ने उल्लेख थियो।

२०५२ सालमा कमैया मुक्ति मञ्च गठन गरिएको थियो भने २०५३ मा कमैया सरोकार समूह गठन गरी कमैयाका क्षेत्रमा विभिन्न अभियान सञ्चालन गरिएका थिए। यसै क्रममा एन्टी स्लेभरी इन्टरनेसनल र इन्सेकको संयुक्त पहलमा नेपालमा कार्यरत कृषि श्रमिकहरूको अवस्थाबारे अर्को एक अध्ययन गरी 'फोर्स टु प्लो' नामक पुस्तक सन् १९९७ मा प्रकाशन गरिएको थियो। यो अध्ययनले कमैया प्रथाभन्दा बाहिर पनि कृषि क्षेत्रमा कार्यरत कृषि श्रमिकहरू बाँधा श्रमिकका रूपमा रहेका तथ्य प्रकाशमा ल्याएको थियो।

इन्सेक र जिफन्टको पहलमा नौबस्ता गाविसद्वारा नेपालमा पहिलोपल्ट २०५६ असार ४ गतेका दिन कृषि श्रमिकहरूको न्यूनतम ज्याला निर्धारण गर्नका लागि सरकार र तत्कालीन गाविसहरूलाई दबाब दिने कार्यक्रम भएको थियो। ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस) ले २०५१ सालमा पश्चिम तराईका ५ जिल्लामा कमैयाको पारिवारिक तथ्याङ्क लिई श्रम मन्त्रालयमार्फत श्री ५ को सरकारलाई पठाएको थियो। सो तथ्याङ्कमा ३५,८७४ परिवार कमैया रहेका देखाइएको थियो। यसरी विभिन्न सङ्घ/संस्थाले गरेका प्रयासका कारण सरकारले २०५६ पुस २९ गते कृषि श्रमिकको न्यूनतम ज्याला ६० रुपियाँ निर्धारण गरी घोषणा गरेको थियो ।

सरकारले कृषि श्रमिकहरूको न्यूनतम ज्याला निर्धारण गरेपश्चात कमैयाहरूले उक्त निर्णय कार्यान्वयनका लागि पहलकदमी गरे तर जमिनदारहरूले सरकारको निर्णय स्वीकार गरेनन् । उल्टै यो निर्णय कार्यान्वयनको माग गर्ने कमैयामाथि भौतिक आक्रमण गरे । उता कैलाली जिल्लाको गेटा निवासी पूर्वमन्त्री शिवराज पन्तको घरमा काम गर्ने १९ कमैया परिवारले न्यूनतम ज्याला र सौकी मिनाहाको माग गरी सुरु गरेका आन्दोलन निरन्तररूपमा अगाडि बढ्यो । उक्त आन्दोलनमा मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घ/संस्था तथा मानव अधिकारकर्मी, प्रमुख राजनीतिक दल, कमैयाको क्षेत्रमा क्रियाशील सङ्घ/सस्थाले साथ समर्थन दिए। कमैयालाई मुक्त गर्नका लागि निरन्तररूपमा जुलुस, धर्ना, विज्ञप्ति निकाल्नेलगायत जनजागरण अभियानहरू सञ्चालन भए। यसरी सुरु भएको आन्दोलन राष्ट्रियरूपमै चरम उत्सर्गमा पुग्यो । फलस्वरूप २०५७ साउन २ गते कमैयाको सौकी मिनाहा गरी कमैयाहरू मुक्त भएको घोषणा सरकारले संसद्बाटै गऱ्यो।

यसरी कमैया प्रथा अवैध घोषित हुनुमा र मुक्तिको घोषणापछि पनि उनीहरूको उचित पुनर्स्थापनाका लागि धेरै तह, तप्का तथा सङ्घ/संस्था र समुदायको भूमिका छ। कमैया प्रथा उन्मूलन समाज, मुक्त कमैया समाज र मुक्त कमैया महिला विकास मञ्चले पनि यसका लागि विभिन्न गतिविधिमार्फत भूमिका निर्वाह गरेका छन्। यी संस्था/निकायले मुक्त कमैयाका लागि सचेतनामूलक अभियान थाल्नेदेखि सरकारलाई जिम्मेवार र जवाफदेही बनाउनका लागि दबाबमूलक गतिविधि सञ्चालन गर्दै आएका छन्।

मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले सरकारले मुक्त कमैयाको पुनर्स्थापना हचुवाको भरमा गरेकाले मुक्त कमैयाको शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य अधिकार सङ्कटमा परेको बताए। त्यसैगरी कमैया प्रथा उन्मूलन समाज, कैलालीका अध्यक्ष वसन्ती चौधरीले मुक्त कमैयाको आर्थिक अवस्था दयनीय हुनुमा पुनर्स्थापना उचित नहुनुलाई मुख्य कारण ठम्याएकी छिन्।

कैलालीमा मुक्त कमैया

मुक्त कमैया र हलिया पुनर्स्थापना तथा वृत्ति विकास कार्यक्रमअन्तर्गत २०७४ सालमा गरिएको अध्ययन प्रतिवेदनअनुसार कैलालीका ८ हजार ९ सय १० मुक्त कमैयामध्ये ८ हजार ३ सय ७३ मुक्त कमैया परिवारलाई साविकको ४२ वटा गाविसका विभिन्न स्थानमा पुनर्स्थापन गरिएको छ। १ सय ७३ मुक्त कमैयाका लागि लगत कट्टा गरिएको र ३ सय ६४ जना अझै पुनर्स्थापना हुन सकेका छैनन्। कैलालीमा ३ हजार ६ सय ४२ मुक्त कमैयाले रातो परिचयपत्र र ४ हजार ७ सय ३१ मुक्त कमैयाले निलो परिचयपत्र पाएका थिए।

जिल्लाका विभिन्न स्थानमा कमैयालाई वितरण गरिएको जग्गा १२८४ बिघा १२ कठ्ठा साँढे १९ धुर छ। मुक्त कमैयालाई पुनर्स्थापना गरिएका स्थानीय तह क्रमशः जानकी गाउँपालिका, लम्कीचुहा गाउँपालिका, भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, जोशीपुर गाउँपालिका, बर्दगोरिया गाउँपालिका, कैलारी गाउँपालिका, धनगढी उपमहानगरपालिका, गौरीगङ्गा नगरपालिका र गोदावरी नगरपालिका छन्। आर्थिक वर्ष २०७५/०७६ मा मुक्त कमैया पुनर्स्थापन कार्यक्रमअन्तर्गत प्राप्त २ लाख रुपियाँ अनुदानबाट जग्गा खरिद गरी कैलाली जिल्लाको धनगढी पुरानो एयरपोर्ट, फूलबारी, मनिकापुर, प्रतापपुर र नवलपुरमा १ सय १८ परिवार मुक्त कमैयालाई बसोबास गराइएको पाइन्छ।

कैलालीमा रहेका मुक्त कमैयालाई भूमि सुधार कार्यालय, कैलालीले क वर्ग रातो, ख वर्ग निलो, ग वर्ग पहेँलो र घ वर्ग गरी ४ प्रकारको परिचयपत्र वितरण गरेको छ। जसमा रातो परिचयपत्र पाउने मुक्त कमैयाको सङ्ख्या ३ हजार ७ सय ५३, निलो परिचयपत्र पाउनेको सङ्ख्या ५ हजार १ सय ५७, पहेँलो परिचयपत्र पाउनेको सङ्ख्या १ सय ८९ र सेतो परिचय पाउनेको सङ्ख्या ५ सय ९८ छ।

सरकारद्वारा गरिएका पुनर्स्थापनाका प्रयास

सरकारले मुक्त कमैयाको पुनर्स्थापनाका लागि राष्ट्रिय स्तरमा मुक्त कमैया पुनर्स्थापना समस्या समाधान आयोग र जिल्लास्तरमा मुक्त कमैया पुनर्स्थापना समिति निर्माण गरी पुनर्स्थापना कार्यक्रम अगाडि बढाएको थियो। तर यसले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिन्न।

जिल्ला भूमि सुधार कार्यालय, कैलालीको तथ्याङ्कअनुसार कैलाली जिल्लामा ९ हजार ६ सय ९७ मुक्त कमैयालाई पुनर्स्थापना गर्नुपर्छ। जबकि ८ हजार ९ सय १० जनालाई मात्रै पुनर्स्थापना गरेको पाइन्छ। पुनर्स्थापना गर्नुपूर्व सरकारले जति प्रयास गर्नुपर्ने हो कहीँ न कहीँ कमजोरी भएको पाइन्छ। कमैयाको तथ्याङ्क सङ्कलन गर्नेदेखि उनीहरूको व्यवस्थित पुनर्स्थापनाका सवालमा सरकार गम्भीर भएको पाइँदैन। अहिले पनि ३ सय ८० जनालाई पुनर्स्थापना गर्न नसकिनुको मुख्य कारण यही हो।

पुनर्स्थापन गरिएका मुक्त कमैयालाई खोलाको किनार, नदी कटान क्षेत्र, डुबान क्षेत्र, बालुवै बालुवा भएको जमिन, विवादित जग्गा, ऐलानी पर्ती जग्गा र जङ्गलको छेउछाउ राखिएको छ। उनीहरूका आधारभूत आवश्यकता, जस्तै– पानी, बिजुली, स्वास्थ्य, शिक्षा, यातायातलगायतका सेवा/सुविधामा ध्यान दिइएको छैन। मुक्त कमैयालाई पुनर्स्थापना गर्दा प्रतिपरिवार ५ कट्ठा जग्गा र ३५ क्युफिट काठ अनि घर बनाउन १० हजार रुपियाँ दिने घोषणा गरिएको थियो। तर सबै मुक्त कमैयाले सरकारबाटै घोषित यो सुविधा पाउन सकेका छैनन्। जसका कारण मुक्त कमैयाले सामान्य प्रकृतिको घरसमेत बनाउन सकेका छैनन्।

सरकारले घोषणा गरेको पुनर्स्थापना कार्यक्रमले आफ्ना समस्या समाधान नभएपछि मुक्त कमैयाले उचित पुनर्स्थापनाको माग राखी आन्दोलन गरे। जसका कारण २०७२ भदौ २ गते बसेको मन्त्रिपरिषद्को निर्णयले १० हजारको सट्टा ५५ हजार रुपियाँ र ३५

क्युफिट काठको सट्टा १ लाख रुपियाँ दिने र बाँकी रहेका मुक्त कमैयालाई २ लाख रुपियाँका दरले जति जग्गा खरिद गर्न सकिन्छ सो उपलब्ध गराउने निर्णय गरेको थियो । जसअन्तर्गत २ हजार ४२ मुक्त कमैया परिवार जग्गा खरिद गरेर पुनर्स्थापना भए । ४ सय ३४ मुक्त कमैयालाई विवादित जग्गाको पुर्जा वितरण गरिएका कारण उनीहरूले उक्त जग्गा भोगचलन गर्न सकेका छैनन् । सो जग्गाको सट्टाभर्नासमेत पाएका छैनन् उनीहरूले ।

जिल्ला भूमिसुधार कार्यालयका अधिकृत प्रेमराज कुवँरले यस अर्थिक वर्षदेखि केन्द्रबाट मुक्त कमैया पुनर्स्थापनाका लागि अनुदान रकम पठाउन बन्द भएको जानकारी दिए । आर्थिक वर्ष २०७६/०७७ देखि मुक्त कमैया पुनर्स्थापना गर्ने जिम्मा स्थानीय सरकारलाई दिइएकाले यस्तो सहयोग कार्यालयमा नआएको हो । उता कैलारी गाउँपालिकाका अध्यक्ष लाजुराम चौधरी भने स्थानीय तहलाई जिम्मेवारी दिइए पनि त्यो पूर्ण नभएको गुनासो गर्छन् । भूमिसम्बन्धी प्रदेश सरकारकै स्पष्ट नीति नबनेका कारण आफूहरूलाई भूमिसम्बन्धी कार्यविधि बनाउन गाह्रो भएको र सोही कारण मुक्त कमैयाको पुनर्स्थापना पनि प्रभावित भएको उनको भनाइ छ ।

मुक्त कमैयाको वर्तमान अवस्था

कैलालीमा ३ सय ८० मुक्त कमैया अहिले पनि पुनर्स्थापित हुन सकेका छैनन् । उनीहरूको अवस्था दयनीय छ । पुनर्स्थापना गरिएको भनिएका मुक्त कमैया पनि विभिन्न सेवा/सुविधाबाट वञ्चित हुँदै आएका छन् । सरकारले मुक्त कमैयाका बालबालिकाका लागि निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्य र सिपमूलक तालिम व्यवस्था गर्ने भनिए तापनि अझै पनि त्यस्तो हुन नसकेको मुक्त कमैयाहरूको गुनासो छ । सरकारले पुनर्स्थापना गरिएका मुक्त कमैया बस्तीमा विभिन्न विकासे सङ्घ/संस्थाले घर, पिउने पानी, विद्यालय निर्माण र जीविकोपार्जनका कार्यक्रम तथा गतिविधि सञ्चालन गरी केही सजिलो बनाइदिएका छन् । तर धेरैजसो मुक्त कमैया बस्तीमा न राज्यको ध्यान पुगेको छ न त यस्ता सङ्घ/संस्थाकै । यी बस्तीमा निर्वाचनका समयमा मात्रै राजनीतिक दलका नेता तथा कार्याकर्ता जाने र विभिन्न प्रलोभन देखाएर आउने गरेको उनीहरूको गुनासो छ ।

भूमिसुधार कार्यालयले ४ सय ३४ मुक्त कमैयाका लागि विवादित जग्गामा कित्ताकाट गरेपछि अहिलेसम्म उनीहरू समस्यामै परेका छन् । भूमि सुधार कार्यालयको तथ्याङ्कमा विवादित जग्गामा कित्ताकाट गरिएका मुक्त कमैया पनि पुनर्स्थापित भएका देखाइएको छ । जबकि त्यस्तो जग्गा उपलब्ध गराइएको भनिएका कमैयाले चाहिँ जग्गा जोतभोग गर्न नपाएका स्थिति छ । अर्कोतर्फ हजारौँको सङ्ख्यामा विभिन्न कारणले कमैया पहिचानबाट छुटेका कमैयाले अहिलेसम्म परिचयपत्रसमेत पाउन सकेका छैनन् । परिचयपत्र पाउन नसकेका मुक्त कमैयाको अवस्था झन् दयनीय छ । परिचयपत्र नभएका कारण पुनर्स्थापना हुनबाट वञ्चित ती कमैयाले राज्यको हरेक सेवा/सुविधाबाट वञ्चित हुनुपरेको छ । कनै कुनै स्थानमा कमैयालाई पुनर्स्थापना गर्दा लालपुर्जा नदिए पनि बसोबासका लागि कित्ता छुट्याइदिने गरिएको छ भने कुनै स्थानमा छुट कमैयालाई गैरकमैयाको आरोपसमेत लाग्ने गरेको छ ।

शैक्षिक अवस्था

कमैया श्रम निषेध ऐन २०५८ मा कमैयाका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउने भनिएको छ । तर यो व्यवस्था सरकारले लागु गर्न सकेको छैन । कमैयाका बालबालिका धेरैजसो पढ्नै जाँदैनन् भने जानेहरू पनि शुल्क तिरेर पढ्न बाध्य छन् । चरम आर्थिक अभावमा जीवन बिताइरहेका कमैयाका बालबालिका शुल्क तिर्न नसकेर बीचमै पढाइ छाडी मजदूरी गर्न बाध्य छन् । उनीहरू मजदूरीका लागि भारतका विभिन्न ठाउँ र नेपालका शहर/बजारमा जोखिमपूर्ण काम गरिरहेका भेटिन्छन् ।

सरकारले आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरे पनि व्यवहारमा लागु नभएपछि मुक्त कमैयाका बालबालिका शिक्षाबाट वञ्चित हुनुपरेको छ । स्थानीय सरकारले पनि शिक्षासम्बन्धी कुनै कार्यविधि बनाएको देखिँदैन । नेपालको संविधानको भाग ३ मा मौलिक हकको धारा- ३१ को उपधारा- २ मा उच्च शिक्षासम्म निःशुल्क भनिएको छ । तर पनि कार्यान्वयन गर्ने र अनुगमन गर्ने निकायको कमजोरीका कारण गरिब, निमुखा, सीमान्तकृत समुदाय र त्यसमा पनि मुक्त कमैयाका बालबालिका शिक्षा प्राप्त गर्न पाउने अधिकारबाट वञ्चित हुनुपरेको छ ।

स्वास्थ्य अवस्था

नेपाल सरकारले विभिन्न स्तरका स्वास्थ्य निकायमार्फत ७२ प्रकारका औषधि निःशुल्क वितरण गर्ने व्यवस्था मिलाएको छ । तर पनि स्वास्थ्य

चौकीहरूमा पर्याप्त र सबैखाले औषधि उपलब्ध छैन। यही कारण गरिब, अति विपन्न तथा सीमान्तकृत समुदायको यस्ता औषधिमा पहुँच छैन। उदाहरणका लागि, गोदावरी नगरपालिका– ९ स्थित बेलादेवीपुर स्वास्थ्य चौकीमा दैनिक १० देखि १५ जना सेवाग्राही आउने गर्छन्। तर यो स्वास्थ्य चौकीमा हुनुपर्ने ३५ प्रकारका सबै औषधि उपलब्ध छैन। त्यसैले आफूहरूले जे जे छ, त्यही दिने र अरु छैन भनेर फर्काउने गरेको सिनियर अहेव भगवती शाहले बताइन्।

मुक्त कमैया र उनीहरूका परिवारमा पनि ज्येष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला तथा बालबालिका स्वास्थ्य सेवा पाउनबाट वञ्चित भएकाले विभिन्न स्वास्थ्य समस्या सामना गर्न विवश छन्। तर यिनीहरूलाई नै केन्द्रित गरी विशेष स्वास्थ्य कार्यक्रमहरू भने सञ्चालनमा ल्याइएको छैन।

रोजगारीको अवस्था

मुक्त कमैयाका छोराछोरीले उच्च शिक्षा हासिल गर्न नसक्दा देश/विदेशमा ज्याला मजदूरीबाहेक रोजगारीका अन्य विकल्प अपनाउन सकेका छैनन्। जिल्ला भूमि सुधार कार्यालयबाट ४ हजार ४ सय ५० मुक्त कमैयालाई स्वरोजगारका लागि सिपमूलक तालिम दिइए पनि पुँजी अभाव र अर्धदक्षताका कारण त्यो प्रभावकारी नभएको कमैयाकै गुनासो छ। कमैया मुक्ति घोषणा गरिएको १८ वर्ष नाघ्दा पनि भूमि सुधार कार्यालयबाट तालिम प्राप्त गरेका कमैयामध्ये १ जनाले पनि व्यवसाय सुरु गरेको तथ्याङ्क नहुनु लाजमर्दो अवस्था हो।

राजनीतिक अवस्था

पुस्तौँदेखि बँधुवा मजदूरका रूपमा काम गर्दै आएका कमैया २०५७ सालमा मुक्त भएका भए पनि उनीहरूको त्यसयतासमेत राजनीतिमा पहुँच छैन्। २०६३ सालमा भएको पहिलो संविधान सभाको निर्वाचनमा कैलाली जिल्लाबाट ६ जना मुक्त कमैया अगुवाले विभिन्न पदमा उमेदवारी दिएका थिए। तीमध्ये सुकदैया चौधरी मात्रै संविधान सभा सदस्य हुन सफल भइन्।

दोस्रो संविधान सभाको चुनावमा उमेदवारी दिएका ५ जनामध्ये रविना चौधरी संविधान सभा सदस्य हुन सफल भइन्। स्थानीय तहको निर्वाचनमा मुक्त कमैयाबाट १० जना महिला र ४ जना पुरुष वडा सदस्यका रूपमा निर्वाचित भए। मुक्त कमैयाका अगुवाहरू न्यून सङ्ख्यामा संविधान सभा सदस्य तथा वडा सदस्य रहेका भए पनि निर्णायक तह वा नीति निर्माण तहमा उनीहरूको पहुँच छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था

आर्थिकरूपले पछाडि भए पनि थारू जाति सामाजिक र सांस्कृतिक सिप, कला, वेशभूषा, रहनसहन, चाडपर्व, विवाह व्रतबन्धको आफ्नै मौलिकता र महत्व छ। सोझो र इमानदार जाति भएका कारण एकअर्काको विश्वास गर्ने, एकअर्कालाई सहयोग गर्ने, समाजमा मिलेर बस्ने यो जातिको विशेषता रहेको छ। शायद त्यसै कारणले यी समुदायमा अझै पनि बडघर प्रणाली जिउँदै छ। यी समुदायमा बडघरको निकै आवश्यकता र महत्व छ। गाउँघरमा हुने सानातिना झैझगडा बडघरकै रोहबरमा मिलाइने चलन अझैसम्म चल्दै आएको छ। समुदायमा गरिने बरबेगारी, विवाह, चाडपर्व, भोजभतेर इत्यादि बडघरकै नेतृत्वमा गरिने चलन कायमै छ।

थारू समुदायमा बडघर तथा भलमन्सा छनोट गर्ने प्रक्रिया हरेक वर्षको माघ २ गतेदेखि माघ महिनाभरि गरिन्छ। पुरानो बडघरको कामप्रति चित्त बुझेमा पुरानै बडघरलाई प्रक्रिया पुऱ्याइ माला लगाइदिने गरिन्छ भने चित्त नबुझेमा नेतृत्व गर्न सक्ने व्यक्तिलाई माला, टीका लगाइ चुन्ने गरिन्छ। जसलाई माघीदेवानी वा खोज्नीबोज्नी भनिन्छ। बडघर चुनेको दिन बडघरलाई दिइने ज्यालासमेत तोक्ने काम हुन्छ।

थारू समुदायमा परम्परादेखि नै प्रायः हिन्दु धर्म नै मान्ने गरिन्छ। थारू जातिभित्र रतगैंया, दहित, तेर्रा, गमुवा, कुश्मी, करियाडबरगैंया, रभत्या, सतगौंवा, महतौंवा, धमलहुवा आदि प्रमुख थर छन्।

थारू जातिको मुख्य पर्व माघी हो। अत्वारी, अष्टिम्की, गुरही, दसैँ, देवारी, होली, हरेरी जस्ता पर्व पनि परम्पराअनुसार मनाउने गरिन्छ। यस समुदायमा समय परिस्थितिअनुसार रोपाइँ सकेर हर्दहुवा, धान काटेर सकेपछि औली, घरको छानो मर्मत गरिसकेपछि घरछौनी मनाउने चलन छ। दसैँ र देवारीमा घरमै चामलको पिठोको ढिकरी वा अन्य परिकार बनाएर देवता पुज्ने चलन छ।

थारू जातिभित्र ठाउँअनुसार फरकफरक भाषा, वेशभूषा र रहनसहज रहेको छ। दाङ, देउखुरी, कैलाली र कञ्चनपुरमा बोलिने भाषा फरक हुन्छ। लगाउने लुगामा पनि दाङबाट कैलाली र कञ्चनपुर जिल्लामा बसाइसाराइ गरी आएका थारू जातिका महिलाले कालो चोलिया र सेतो गोनिया र अन्य जिल्लाबाट कैलाली र कञ्चनपुर जिल्लामा बसाइसराई गरी आएका थारू

महिलाहरूले ब्लाउज र लेहङ्गा लगाउने चलन थियो। समयको गतिसँगै यी वेशभूषा हराउने अवस्थामा छन् तर पछिल्लो समयमा पुनः यी समुदायका मानिस आफ्नो वेशभूषा संरक्षण गर्न उत्साहित भएका छन्।

थारू जातिको मुख्य पेशा खेतीपाती नै हो। आफूसँग प्रशस्त जमिन नभए पनि अधिया/बटैया गर्ने गर्छन्। खेतीपातीको काम सकेर फुर्सदको समयमा प्रायः पुरुष सीमापारि भारत त कोही शहर/बजारमा ज्याला मजदूरीका काम गर्छन्।

घटना अध्ययन

मुक्त कमैयाको पुनर्स्थापना खोला किनारमा

गोदावरी नगरपालिका – ५ धनचौरी (मुक्त कमैया पुनर्स्थापना गरिएको ठाउँ)

कैलालीको गोदावरी नगरपालिका–९ धनचौरी बस्तीको उत्तर र पूर्वमा खुटिया नदी पर्छ। दक्षिणमा जङ्गल र पश्चिममा सेहरी गाउँको सिमाना खोला पर्छ। तीनतिरबाट खोलाले घेरिएको टापुमा २०५८ साल असारमा ६५ घर मुक्त कमैया परिवारलाई सरकारले ५/५ कठ्ठाका दरले लालपुर्जा वितरण गरी बसोबास गराएको थियो। हाल यस बस्तीमा २ सय ४३ जनाको बसोबास छ। जसमा १ सय १३ पुरुष र १ सय ३० जना महिला छन्।

खुटिया नदीको छेउमा ढुङ्गा र बालुवै बालुवा भएको स्थानमा खेती गरेर जीविकोपार्जन गर्ने कुनै सम्भावना नभए पनि हचुवाका भरमा उनीहरूलाई त्यहीँ पुनर्स्थापना गरियो। सुरुको ४/५ वर्ष आफूहरूले धेरै दुःख कष्ट गरी गुजारा गर्नुपरेको मुक्त कमैया बताउँछन्। पुनर्स्थापना भएको सुरु सुरुमा मुक्त कमैया जङ्गलबाट दाउरा ल्याएर धनगढी बजारमा बेचेर गुजारा चलाउँथे। उनीहरूको जीवन निकै कष्टदायी हुन्थ्यो। सरकारले पुनर्स्थापनाका क्रममा नदीको किनारमा दिएको पाँच कठ्ठा जग्गामा लगाएको खेतीले उनीहरूलाई तीन महिना पनि खान पुग्दैन।

सरकारले उपलब्ध गराएको जमिनले बिहान/बेलुकीको हातमुख जोर्न नपुगेपछि धनचौरी मुक्त कमैया बस्तीका १३ परिवार रोजगारीको खोजीमा बस्ती नै छाडेर गएका छन्। हाल ५२ घर मुक्त कमैया परिवार मात्रै उक्त बस्तीमा बसोबास गर्दै आइरहेका छन्। धनचौकी बस्तीमा बस्दै आएका ५२ परिवारमध्ये २० जनाको लालपुर्जामा पाँच कठ्ठा जमिन उल्लेख छ तर भोगचलनमा भने क्षेत्रफल अपुग छ। यसले प्रस्ट पार्छ कि मुक्त भएको १८ वर्ष बितिसक्दा पनि उनीहरूको अवस्था फेरिएको छैन। उनीहरू शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारबाट अझै पनि वञ्चित छन्।

यिनीहरूको प्रमुख आर्थिक स्रोतका रूपमा जङ्गल थियो। उनीहरू जङ्गलबाट दाउरा सङ्कलन गरी बजारमा बचेर घर/परिवारको खर्च धान्दै आएका थिए। तर स्थानीयले जङ्गललाई सामुदायिक वनमा दर्ता गरेपछि उनीहरू दाउरा सङ्कलन गर्नबाट वञ्चित भए। निर्वाचनका समयमा विभिन्न राजनीतिक दलका नेता/कार्यकर्ता आएर आफूहरूका समस्या समाधान गरिदिने आश्वासन दिने गरेको भए पनि निर्वाचनपश्चात कसैले वास्ता नगर्ने गरेको धनचौरी मुक्त कमैया बस्तीका ८१ वर्षीय खुशीराम चौधरीले गुनासो गरे। आफूले मालिकबाट लिएको १ हजार ७ सय रुपियाँ ऋणका कारण पुस्तौँसम्म कमैया बस्नुपरेको उनको दुखेसो थियो।

पुनर्स्थापनाका नाममा सरकारले दिएको जमिनले उनीहरूलाई वर्षको ६ महिना पनि खान पुग्दैन। यस बस्तीका महिला नदीमा गिट्टी, बालुवा चालेर सस्तोमा बिक्री गरी आफू र परिवारको जीविकोपार्जन गर्दै आएका छन्। पुरुषहरू भने मजदूरी गर्न भारत जाने गर्छन्।

चार सन्तानकी आमा ४५ वर्षीया बुधनी चौधरीसँग नागरिकता छैन्। नागरिकता नभएका कारण उनका चार छोरी क्रमशः १५ वर्षीया रविना, १२ वर्षीया शकुन्तला, ९ वर्षीया मुस्कान र ६ वर्षीया पूजा जन्म दर्ताबाट समेत वञ्चित भएका छन्।

यहाँका नागरिक स्वास्थ्य सेवाबाट पनि वञ्चित हुँदै आएका छन्। यस बस्ती नजिकै रहको सेहरी गाउँमा स्वास्थ्य चौकी रहेको भए पनि त्यहाँ पर्याप्त औषधि नभएका कारण सामान्य उपचारका लागि धनगढी पुगेर महँगोमा उपचार गर्नुपर्ने बाध्यता रहेको स्थानीय मुक्त कमैयाहरूको गुनासो छ।

छोरीको मुटुमा दाग भएकाले स्वास्थ्यकर्मीले राम्रो अस्पतालमा लगेर उपचार गर्न भनेको भए पनि आफ्नो आर्थिक अवस्था कमजोर भएका कारण छोरीलाई उपचार नगरी घरमै राख्न बाध्य भएको २३ वर्षीया खुइटी चौधरीले दुखेसो पोखिन्।

आठ जना ज्येष्ठ नागरिक रहेका यस शिवरमा चार जना ज्येष्ठ नागरिकले मात्रै वृद्ध भत्ता पाउँदै आएका छन्। चार जना ज्येष्ठ नागरिकसँग अहिलेसम्म पनि नागरिकता नभएका कारण उनीहरू यस्तो भत्ता पाउनबाट वञ्चित भएका हुन्। आफूसँग नागरिकता नभएका कारण यो उमेरमा पनि सरकारबाट कुनै सेवा/सुविधा

नपाएको ७९ वर्षीया गुलिया डगौराले दुखेसो पोखे।

धनचौकी मुक्त कमैया बस्तीमा पर्याप्त मात्रामा पिउने पानीसमेत छैन्। सरकारले पुनर्स्थापना गरेको झण्डै दुई वर्षसम्म आफूहरू खोलाको पानी पिउन बाध्य भएको मुक्त कमैया बताउँछन्। २०६० सालमा मात्रै जिल्ला भूमि सुधार कार्यालयले पाँच वटा नल्का वितरण गरेपछि केही सहज भएको उनीहरू बताउँछन्।

२०५८ सालमा पुनर्स्थापना गरिएको धनचौरी बस्तीका मुक्त कमैयाहरू झण्डै ५ वर्षसम्म अन्धकारमा जीवन बिताउन बाध्य भए। उनीहरूले पटक–पटकको प्रयासपछि मात्रै २०६३ सालमा नेपाल विद्युत् प्राधिकरणबाट बिजुली प्राप्त गर्न सके।

स्थानीय तहको निर्वाचनपश्चात बनेको स्थानीय सरकारले बाटोमा ग्राबेल, नदीमा तटबन्धन, महिला लक्षित कार्यक्रमअन्तर्गत पाँच जनालाई बाख्रा र पाँच जनालाई च्याउ खेती तालिम दिएको बडघर शोभा चौधरी बताउँछिन्।

२०६३ पुस २० गते मुक्त कमैया र नेपाल सरकारबीच भएको १० बुँदे सम्झौता

१. मुक्त कमैया पुनर्स्थापना समितिको सदस्यमा मुक्त कमैया आन्दोलनमा सक्रिय सङ्गठन तथा मुक्त कमैया समाजलगायत उक्त प्रतिनिधिमूलक संस्थाका तर्फबाट सिफारिस भइआएका व्यक्तिमध्येबाट बढीमा चार जना सदस्य रहनेछन्।
२. पुनर्स्थापना गर्न बाँकी (२०५७ तथा २०५९ सालको लगतअन्तर्गतका) परिचयपत्र प्राप्त मुक्त कमैया परिवारलाई निर्धारित समयभित्र पुनर्स्थापना गर्ने र त्यसपछि छूट मुक्त कमैयाहरूको लगत लिइ छानबिनपश्चात ठहर भएका मुक्त कमैयाहरूलाई पुनर्स्थापना गर्ने।
३. सम्पूर्ण मुक्त कमैया परिवारलाई समूहमा आबद्ध गरी वृत्ति विकासका कार्यक्रममा समावेश गर्ने। मुक्त कमैया पुनर्स्थापना गर्दा क र ख वर्गका मुक्त कमैयालाई पहिलो प्राथमिकता दिने र ग, घ वर्गका मुक्त कमैयाका हकमा निजहरूको नाममा दर्ता रहेको जग्गाको अभिलेख हेरी पाँच कठ्ठा भन्दा कम देखिएमा नपुगसम्मको जग्गा थप गरी पाँच कठ्ठा पुऱ्याउने।
४. सरकारले मुक्त कमैया परिवारलाई दिँदै आएको ३५ क्युबिक फिट काठ र १० हजार रुपियाँ घर निर्माण सहयोग पाउन बाँकी मुक्त कमैया परिवारलाई उपलब्ध गराउने।
५. परिचयपत्र प्राप्त मुक्त कमैया परिवारहरूको पुनर्स्थापना तत्काल गर्ने र त्यसको लगत्तै कमलरी, बुक्रही, छेगवार, गैवार र भैंसवारहरूका सम्बन्धमा साबिकमा लगत लिँदा मुक्त कमैया परिवारभित्र समावेशबाहेक कमलरी, बुक्रही, छेगवार, गैवार र भैंसवारलाई छानबिन गरी पुनर्स्थापना गर्ने।
६. भूमि बैङ्क कार्यक्रम हाललाई स्थगन गर्ने।
७. मुक्त कमैयाको पुनर्स्थापना र बसोबासका लागि मन्त्रिपरिषद्बाट २०६३ असोज २ गते पारित प्रस्तावको पेज नं. ३ को दफा ४३ को तर महत्वपूर्ण र सार्वजनिक उपयोगको नगर क्षेत्र एवम् राजमार्ग छेउका जग्गा वितरण गरिने छैनन्‌ भन्ने वाक्यांश हटाउने र त्यसको सट्टा मुक्त कमैया पुनर्स्थापना केन्द्रीय समिति र जिल्ला समितिबीचको सर्वपक्षीय सहमतिले मुक्त कमैयालाई निर्धारित मापदण्डअनुसार जमिन वितरण गर्ने।
८. मुक्त कमैया पुनर्स्थापना निर्देशन समितिको बैठकमा प्रतिनिधि सभा, प्राकृतिक स्रोत तथा साधन समितिका प्रतिनिधि र मुक्त कमैया पुनर्स्थापना केन्द्रीय समितिका मुक्त कमैया प्रतिनिधिलाई आमन्त्रण गर्ने।
९. उपरोक्तबमोजिम भएको सहमति तत्काल कार्यान्वयनमा ल्याउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयले मुक्त कमैया पुनर्स्थापना केन्द्रीय समिति र जिल्ला समितिहरूलाई निर्देशन दिने।
१०. मुक्त कमैयाहरूबाट सञ्चालन भइरहेको आन्दोलन आजैका मितिदेखि फिर्ता लिने।

पुनर्स्थापनाका लागि २०६१ साउन ३ गते प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष मुक्त कमैया समाजले प्रस्तुत गरेको १२ बुँदे माग

१. मुक्त कमैयाहरूलाई असमान जग्गा वितरण गरिएकामा समान जग्गा वितरण गरियोस्।
२. सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालयले २०६० साल भदौ २२ गते नेपाल राजपत्रमा प्रकाशित गरेको निर्णय तुरुन्त कार्यान्वयन गरियोस्।
   - खेतीका लागि अयोग्य (ढुङ्गा, बालुवा, नदी कटान, बगर, बाढी लाग्ने) जस्ता जमिन बदर गरी खेतीयोग्य जमिन दिइयोस्।

- विवादरहित जमिन मुक्त कमैयाहरूलाई उपलब्ध गराई व्यवस्थित पुनर्स्थापना गरियोस्।
- जग्गा धनी पुर्जा पाएका तर जग्गा नपाएका मुक्त कमैयाहरूलाई तुरुन्त जग्गाको व्यवस्था गरियोस्।

३. कमैया पहिचान तथा परिचयपत्रबाट वञ्चित रहेका वास्तविक मुक्त कमैयाहरूलाई परिचयपत्र उपलब्ध गराई व्यवस्थित पुनर्स्थापना गरियोस्।

४. एक कमैया एक परिचयपत्रसहित प्रत्येकलाई पुनर्स्थापना गरियोस्।

५. परिचयपत्र पाएका तर जग्गा नपाएकालाई पाउनुपर्ने जग्गा उपलब्ध गराई व्यवस्थित पुनर्स्थापना गरियोस्।

६. २०५२ सालमा लगतमा परेका मुक्त कमैयाहरूलाई परिचयपत्रका साथै जग्गा उपलब्ध गराई पुनर्स्थापना गरियोस्।

७. हालै परिचयपत्र पाएका मुक्त कमैयालाई व्यवस्थित पुनर्स्थापना गरियोस्।

८. अबका दिनमा मुक्त कमैयालाई वर्गीकरण नगरी सबैलाई रातो परिचयपत्रमात्र दिइयोस्।

जिल्ला भूमि सुधार कार्यालय, कैलालीको २०५७ र २०५९ को मुक्त कमैयाहरुको वर्गीकरण तथा पुनर्स्थापित लगत सङ्ख्या

परिचयपत्रको किसिम	सङ्ख्या	पुनर्स्थापना भएका	पुनर्स्थापना हुन बाँकी
'क' वर्ग	३७५३	'क' र 'ख' गरी ८४७५	'क' र 'ख' ३८०
'ख' वर्ग	५१५७	,,	,,
'ग' वर्ग	१८९	–	–
'घ' वर्ग	५९८	–	–
जम्मा	९६९७	'क' र 'ख' वर्ग गरी ८४७५	'क' र 'ख' वर्ग गरी ३८०

मुक्त कमैया पुनर्स्थापनाका किसिम	परिवार डग्ख्या
ऐलानी पर्ती जग्गामा कित्ता काट गरी वितरण गरिएको	६,४३३
अनुदानबाट जग्गा खरिद गरी वितरण गरिएको	२,०४२
जिल्ला वन कार्यालयबाट ३५ क्युफिट काठ लिएका	२,९६१
काठबापतको रु. १ लाख लिएको	३,६८९
जग्गा पाएकामध्ये काठबापतको रु. १ लाख पाउन बाँकी	८७३
सट्टा भर्ना हुन बाँकी	४३४
परिचयपत्र बदर	१७३
भूमि सुधार कार्यालयबाट विभिन्न सिपमूलक तालिम लिएका	४,४५०
घर निर्माणका लागि रु. ५५ हजार लिएका	४२

कमैया प्रथा उन्मुलन समाज, कैलालीले २०७५ फागुनमा लिएको पाँच ओटै जिल्लाका कमैयाको विवरण

जिल्ला	परिचयपत्र प्राप्त कमैया सङ्ख्या	लालपुर्जा प्राप्त कमैया सङ्ख्या	पुनर्स्थापना हुन बाँकी कमैया सङ्ख्या
दाङ	७०५	६५५	५०
बाँके	१९२१	१७७१	१५०
बर्दिया	११५५१	११५०१	५०
कैलाली	८९१०	८५१३	३९७
कञ्चनपुर	४४१८	४४०१	१७
जम्मा	२७५०५	२३८४१	६६४

भूमि सुधार तथा व्यवस्था मन्त्रालयको २०६४ सालमा प्रकाशित प्रतिवेदन अनुसार

१. **मुक्त कमैया घर/परिवारको वर्गीकरणसम्बन्धी जिल्लागत विवरण** (२०५७ भदौ)

जिल्ला	कमैयाहरूको वर्गीकरण २०५७ भदौ				जम्मा
	'क' वर्ग	'ख' वर्ग	'ग' वर्ग	'घ' वर्ग	
दाङ	२१५	२३०	३९७	३२४	११६६
बर्दिया	१७४	७७६	३३५	२६०	१३४५
कैलाली	२४८८	२६२०	१८९	५९८	५८९५
कञ्चनपुर	२४६२	४९५	३३	५५	३०४५
जम्मा	८०३०	५४३१	१८६९	३०७०	१८४००

२. **२०५९ सालमा लिइएको छुट मुक्त कमैया परिवारको विवरण**

जिल्ला	निवेदन परेको सङ्ख्या	परिचयपत्र वितरण २०५९		जम्मा
		'क' वर्ग	'ख' वर्ग	
दाङ	४५६	८७	१७३	२६०
बाँके	१८३४	९४४	२७	९७१
बर्दिया	९३४७	३७७८	३७७२	७५५०
कैलाली	७३९७	१२७०	२५९७	३८६७
कञ्चनपुर	१८२२	१४६१	–	१४६१
जम्मा	२०७५६	७५४०	६५६९	१४१०९

९. मुक्त कमैयाहरूलाई स्वास्थ्य, शिक्षा, सिँचाइ र रोजगारको व्यवस्था मिलाइ व्यवस्थित पुनर्स्थापना गरियोस्।

१०. कमैयासँग सम्बन्धित सवाल एवम् विषयमा नीति निर्माण तथा निर्णय तहमा र अन्य निर्णय प्रक्रियामा मुक्त कमैयाहरूलाई सहभागी गराउने व्यवस्था गरियोस्।

११. भोक, रोग, अशिक्षा, अभाव र चरम गरिबीमा बाँचिरहेका मुक्त कमैयाहरू फेरि पनि बाँधा तथा शोषणमूलक श्रममा पिल्सिनुपर्ने अवस्था र प्रथालाई दिगोरूपमा उन्मूलन गर्न राज्यबाट मुक्त कमैयाहरूका लागि विशेष नीति तथा कार्यक्रम र दीर्घकालीन योजनाका साथ कार्य गरियोस्।

१२. मुक्त कमैयाहरूको व्यवस्थित तथा प्रभावकारी पुनर्स्थापना गर्न र भएका निर्णयहरूलाई प्रभावकारी ढङ्गले लागु गर्न/गराउन मुक्त कमैयाहरूको प्रतिनिधिमूलक सङ्गठन मुक्त कमैया समाजको प्रतिनिधित्व र नेतृत्वमा अधिकार प्राप्त एक उच्चस्तरीय समिति गठन गरी तत्काल कामलाई अगाडि बढाइयोस्।

सन्दर्भ सामग्री

१. इन्सेकद्वारा गरिएको मुक्त कमैया स्थिति अध्ययन प्रतिवेदन २०६१

२. नेपालको संविधान २०७२ को धारा २९ को १, २, ३ र ४

३. भूमि सुधार कार्यालय, कैलालीको तथ्याङ्क

४. ग्लोबल स्लेभरी इन्डेक्स २०१८

५. अन्तर्राष्ट्रिय श्रम सङ्गठन (इन्टरनेसनल लेबर अर्गनाइजेसन) ले सन् २०१६ मा प्रकाशन गरेको प्रतिवेदन

६. संयुक्त राष्ट्र सङ्घद्वारा पारित विभिन्न महासन्धि

७. मुलुकी देवानी (संहिता) ऐन, २०७४

८. कमैया श्रम (निषेध) ऐन २०५८

९. एक्सन एड नेपालद्वारा २०६५ सालमा प्रकाशित मुक्त आवाज कमैया (मुक्ति आन्दोलन : ऐतिहासिक दस्तावेजहरू)

१०. भूमि सुधार तथा व्यवस्था मन्त्रालयले २०६४ सालमा प्रकाशन गरेको तथ्याङ्क

११. कमैया प्रथा उन्मूलन समाज, कैलालीले २०७५ फागुनमा लिएको पाँच वटै जिल्लाका कमैयाको तथ्याङ्क ।

अनुसूची १

सन् २०१९ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

१. 'यो वर्ष' भन्नाले सन् २०१९ (२०७५ पुस १७ गतेदेखि २०७६ पुस १५ गतेसम्म) बुझ्नुपर्छ। यदाकदा घटनाले मागेका ठाउँमा बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन । यसमा उल्लिखित घटनाहरू सबैजसो कार्यक्षेत्रमै गएर लिइएका जानकारीमा आधारित छन् । जसलाई प्रहरी, पीडित, आरोपित, न्यायिक आदि क्षेत्रद्वारा पुष्टि गर्ने प्रयास भएको छ।

२. नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

३. मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्य-तथ्याङ्कलाई दुई प्रकारमा वर्गीकरण गरिएको छ :
   (क) राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनालाई राज्यपक्षको तर्फबाट भनी समावेश गरिएको छ।
   (ख) राज्यपक्षभन्दा बाहेकबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई अन्यपक्षबाट भनी समावेश गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात पक्ष, राजनीतिक दल, परिवारजन आदिलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची २ मा रहेको तथ्याङ्कमा दिइएको छ । सामान्यतः व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

४. पुस्तकमा उल्लेख गरिएका स्थानीय तहका नाममा केही त्रुटी हुन सक्छन् । त्रुटी भएका नामहरू बारे प्रवुद्ध पाठकबाट सुझाव आउने नै छ।

५. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

६. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ । कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

७. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७६ पुस दोस्रो साता) को हो।

८. शिक्षा, कारागार, स्वास्थ्य, न्यायालय जस्ता जानकारी जिल्लास्थित सम्बन्धित कार्यालयका पदाधिकारीबाट लिइएका हुन्।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भन्नाले जिल्ला प्रहरी कार्यालयमा हुने पृथक निकाय हो।

१०. पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो। तारेखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलव पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो।

११. बलात्कारको घटनामा महिलाको नाम र ठेगाना उल्लेख गरिएको छैन भने विवरणहरू दिँदा पनि सकभर पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ।

१२. जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।

१३. नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई प्रतिबन्धित नेकपा भनी सम्बोधन गरिएको छ।

१४. जिल्लाका न्यायिक र अर्धन्यायिक निकाय तथा इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घनका घटना यसमा समावेश छैन।

१५. नेपालको संविधानले नै १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।

१६. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि राज्यप्रदत्त यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।

१७. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

१८. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१९. स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

२०. जनसङ्ख्या, महिला, परिवार सङ्ख्या, आश्रित जनसङ्ख्या (केन्द्रीय तथ्याङ्क विभागको अनुमान २०१६), गरिबीको रेखामुनि रहेको सङ्ख्या, कामका लागि बाहिरिएका, अपाङ्गता भएका, पाँच वर्षमाथिको साक्षरता प्रतिशत र सरकारी विद्यालय प्रत्येक जिल्लामा उल्लेख गर्नुको कारण यिनले मानव अधिकार प्राप्तिमा जगको काम गर्ने भएकाले हो। जसको आधार केन्द्रीय तथ्याङ्क विभागको विक्रम संवत् २०६८ को जनगणना हो।

२१. तथ्य तथ्याङ्क समावेश गर्दा त्रुटि नहोस् भनी सजगता अपनाइएको छ। भुलवश कुनै त्रुटि भएमा मूल अभिलेखमा भएको तथ्य तथ्याङ्क नै आधिकारिक हुनेछ।

तथ्याङ्कका अन्य स्रोत

१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०१३
२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू
३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू
४. १९९२ देखि २०१९ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरू
५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।
६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।
७. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

प्रदेश १

- क्षेत्रफल : २५,९०५ वर्ग कि.मि.
- जनसङ्ख्या : ४५,३४,९४३
- साक्षरता प्रतिशत : ७१.१७
- जिल्ला : १४
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५६
- महानगरपालिका : १
- उपमहानगरपालिका : २
- नगरपालिका : ४६
- गाउँपालिका : ८८
- कूल वडा सङ्ख्या : १,१५७

प्रदेश परिचय १

'एक नम्बर प्रदेशको शान सबैको अनुहारमा मुस्कान' भन्ने नाराका साथ प्रदेश एक सरकारले विकास र समृद्धिका कार्यक्रम अघि सारेको छ । सरकारले प्रदेशका १४ ओटै जिल्लाका ५६ निर्वाचन क्षेत्रमध्ये सबै क्षेत्रमा मुख्यमन्त्री ग्रामीण सडक योजना सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिएको छ । धरान–मूलघाट लगायतका क्षेत्रमा सुरुङमार्गको अध्ययन गर्ने, सुनसरीको धरान र धनकुटाको मूलघाट तथा अन्यत्र पनि सुरुङमार्ग निर्माणका लागि अध्ययन गर्ने मुलुककै सबैभन्दा होचो भूभाग केचना र विश्वकै सर्वोच्च शिखर सगरमाथालाई सडकले जोड्ने सडकको कार्यक्रम नीति तथा कार्यक्रममा समेटेको छ । कृषि क्षेत्रको यान्त्रिकीकरण, किसानलाई अनुदान दिनेदेखि बाली तथा पशुधनको बिमा गर्ने, विश्वविद्यालयहरूसँगको सहकार्यमा किसानलाई तालिम दिनेसम्मका योजना छन् । सरकारले स्वास्थ्य, शिक्षा, खानेपानी, रोजगार लगायतका क्षेत्रलाई प्राथमिकतामा राखेको छ । प्रदेशका ९० वर्ष पुगेका ज्येष्ठ नागरिकलाई ५ हजार नगदसहित सम्मान गर्ने लगायतका कार्यक्रम पनि प्रदेश सरकारले तय गरेको छ।

सन् २०१९ र मानव अधिकार अवस्था

सन् २०१९ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ८ सय ५२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारका घटनामा ८३ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ३५ जना, हत्याका घटनामा ७७ जना, बाल अधिकार उल्लङ्घनका घटनामा ३ सय १ जना पीडित भएको अभिलेख छ।

सन् २०१९ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



१.१ ताप्लेजुङ



जम्मा जनसङ्ख्या	१,२४,७१४
महिला	६६,२८६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३४,०६६
कामका लागि बाहिरिएका	५,७५३
अपाङ्गता भएका	३,७३०
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.३
आश्रित जनसङ्ख्या	५५,२५४

यस वर्ष ताप्लेजुङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १५ जना महिला, चार जना पुरुषसहित १९ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना र महिला अधिकार उल्लङ्घनका घटनामा तीन जना पीडित भएको अभिलेख भयो।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा १ सय २२ कैदी र ११ थुनुवा गरी १ सय ३३ जना छन्। जिल्ला कारागारमा महिला कैदी/थुनवा छैनन्। ६५ वर्षमाथिका एक जना पुरुष छन्। एक जना मानसिक रोगी पनि कारागारमा अरुसँगै बस्छन्।

कारागारमा खानेपानीको समस्या छ। शौच गर्न आधा घन्टाभन्दा बढी पालो कुर्नुपर्छ। पत्रपत्रिका अध्ययन गर्न, टेलिभिजन तथा रेडियोको सुविधा छ। कैदीले उत्पादन गरेका सामग्री बिक्रीमा समस्या छैन। उनीहरूले ढाकाका कपडा, बाँसका मुढा उत्पादन गर्ने गर्छन्। बजारको कारागारले समन्वय गर्ने गरेको छ। कैदीबन्दीका लागि भलिबल खेल्ने व्यवस्था छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ७७ थान मुद्दामध्ये ५४ थान फैसला भए भने १ सय २३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय १ थान मुद्दामध्ये ३७ थान फैसला भए भने ६५ मुद्दा फैसला हुन बाँकी रहे।

बाल अधिकार

शिक्षाको अवस्था

विद्यार्थी भर्ना अभियान, आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा लागु छ। कक्षा १२ तहसम्म निःशुल्क छ। जिल्ला शिक्षा तथा समन्वय इकाइ एवम् नौ ओटै स्थानीय तहअन्तर्गत सामाजिक विकास विभाग तथा शिक्षा विभागमा निःशुल्क शिक्षासँग सम्बन्धित कुनै पनि गुनासो वा उजुरी भएको पाइएन। जिल्ला अदालतमा बाल इजलास कक्ष छ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३	३
गिरफ्तार		१	१			
हत्या				३	१	४
बाल अधिकार	बलात्कार			६		६
	यौन दुर्व्यवहार			३		३
	जम्मा			९		९
महिला अधिकार	बलात्कार			१		१
	बलात्कार प्रयास			१		१
	बहुविवाह			१		१
	जम्मा			३		३
कूल जम्मा		१	१	१५	४	१९

यस वर्ष जिल्लामा बाल अधिकार उल्लङ्घनका घटना नौ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । हत्यामा एक जना, बलात्कार घटनामा ६ जना र यौन दुर्व्यवहार घटनामा तीन जना पीडित भए । हत्या घटनामा जिल्ला अदालतले एक जना आरोपितलाई कैद सजाय सुनायो । बलात्कार घटनामा जिल्ला अदालतको आदेशले तीन जना आरोपितलाई क्षतिपूर्ति र कैद सजाय सुनायो । एक जनालाई जरिबाना र कैद सजाय सुनायो । एक जना नाबालक भएकाले सुधारगृह पठाउने अदालतले आदेश दियो । एक जनाले सफाइ पाए भने एक जना पुर्पक्षका लागि थुनामा गए । एक जना फरार छन् । एक जनाको यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन । यौन दुर्व्यवहार घटनामा दुई जना आरोपितलाई क्षतिपूर्ति र कैद सजाय गर्ने फैसला अदालतले सुनायो । एक जनालाई कैद सजाय सुनायो ।

परिवारजनबाट हत्या

फुङलिङ नगरपालिका–२ की चार वर्षीया मनिका लिम्बूलाई २०७५ फागुन १० गते कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले ३२ वर्षीया आमा पूजा चेम्जोङ लिम्बुलाई फागुन ११ गते गिरफ्तार गऱ्यो । मिक्वाखोला गाउँपालिका–४ स्थायी ठेगाना भएकी लिम्बुले छोरीलाई फागुन १० गते कुटपिट गरी ढुङ्गामा पछारेको डिएसपी सञ्जयसिंह थापाले बताए । बालिकाको इलाम अस्पतालमा उपचारको क्रममा फागुन ११ गते मृत्यु भएको थियो । शवको पोष्टमार्टम फागुन १२ गते इलाम अस्पतालमा गरिएको थियो । जिल्ला अदालतले फागुन २१ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको मा २०७६ वैशाख ११ गते आरोपितलाई १० वर्ष कैदको फैसला सुनायो ।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७५ पुस १९ गते बिहान फुङलिङ नगरपालिकाको तोक्मेडाँडा वनमा बलात्कार गरेको आरोपमा फुङलिङ नगरपालिका–२ का ३१ वर्षीय चन्द्र कामीलाई पुस १९ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडितका अभिभावकले जिल्ला प्रहरी कार्यालयमा पुस १९ गते नै उजुरी दिएका थिए । पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते जिल्ला अस्पतालमा गरिएको डिएसपी सञ्जयसिंह थापाले बताए । जिल्ला अदालतले आरोपितलाई माघ १४ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएकोमा २०७६ असार २७ गते सात वर्ष कैद र पीडितलाई ५० हजार क्षतिपूर्ति भराउने आदेश दियो ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५२ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा खानलाउन नदिएको एक, विवाह दर्ता र नागरिकता नबनाएको एक र सामान्य घरायसी झगडाका ५० उजुरी छन् । यीमध्ये प्रहरीले ५० ओटा उजुरीमा मिलापत्र गरायो भने एक उजुरी कारबाही प्रक्रियामा छन् । प्रायः महिला तथा बालबालिका सेवा केन्द्रमा घरायसी झैझगडासँग सम्बन्धित विषयमा उजुरी आउने गरेको जिल्ला प्रहरी कार्यालयकी प्रहरी जवान रविना राईले बताइन् ।

यस वर्ष जिल्लामा बलात्कारका घटनामा एक जना, बलात्कार प्रयास घटनामा एक जना र बहुविवाह घटनामा एक जना गरी तीन जना पीडित भएको इन्सेकमा अभिलेख छ । बलात्कार घटनामा जिल्ला अदालतले एक जना आरोपितलाई क्षतिपूर्ति र कैद सजाय सुनायो भने एक जनाले सफाइ पाए । एक जना पुर्पक्षका लागि थुनामा छन् ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२३ वर्षीया महिलालाई २०७५ माघ १७ गते आठराई त्रिवेणी गाउँपालिका–३ हाङपाङका २६ वर्षीय स्याङबु शेर्पाले बलात्कार प्रयास गरेको आरोपमा पीडितका पतिले माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २० गते नै भयो । आरोपित शेर्पालाई प्रहरीले माघ २० गते घरबाट गिरफ्तार गऱ्यो । जिल्ला अदालतको फागुन १९ गतेको आदेश बमोजिम शेर्पालाई पुर्पक्षका लागि थुनामा राखिएको थियो । जिल्ला अदालतको २०७६ असार १० गतेको आदेशले आरोपितलाई ८ वर्ष ६ महिना कैद र ५० हजार जरिबाना तथा १ लाख क्षतिपूर्ति भराउने फैसला सुनाएको श्रेस्तेदार केदार गौतमले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक निजी अस्पताल र ५१ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय र नौ ओटै स्थानीय तहमा सबै पदका गरी ३ सय ५७ दरबन्दीमध्ये २ सय ७८ पदपूर्ति भएका छन्। ८१ ओटा रिक्त छन् । बढ्दो जनसङ्ख्याको आधारमा स्वास्थ्य सेवा उपलब्ध गराउन हाल कायम भएको दरबन्दी अपर्याप्त छ । भौगोलिक बनावट अनुसार घरदेखि स्वास्थ्यचौकीसम्म हिँडेर पुग्न कम्तीमा तीन घन्टासम्म समय खर्चनुपर्ने धेरै बस्ती छन् । तीनै बस्तीका बासिन्दाको हकमा स्वास्थ्य चौकीसम्म पहुँच सहज छैन।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	२	६
यौन दुर्व्यवहार	३		३
जम्मा	७	२	९

महिला अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१
बलात्कार प्रयास		१	१
बहुविवाह	१		१
जम्मा	२	१	३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएको	जम्मा
हत्या	२	२	४

१.२ सङ्खुवासभा

जम्मा जनसङ्ख्या	१,५८,७४२
महिला	८४,४००
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३३,१४६
कामका लागि बाहिरिएका	१४,८६३
अपाङ्गता भएका	४,०५४
५ वर्षमाथिको साक्षरता प्रतिशत	८२
आश्रित जनसङ्ख्या	७०,६३०

यस वर्ष सङ्खुवासभा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १३ जना महिलासहित १८ जना र राज्यपक्षबाट तीन जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना, महिला अधिकार उल्लङ्घनका घटनामा चार जना पीडित भएको अभिलेख भयो। प्रतिबन्धित नेकपाका तीन जना कार्यकर्ता गिरफ्तार भएकामा धरौटी रकम बुझाएर रिहा भए।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। जसमा कैद तोकिएका ८३ जना पुरुष र चार जना महिला गरी ८७ जना र कैद नताकिएका २६ जना पुरुष र तीन जना महिला गरी २९ जना रहेका छन्। जिल्ला कारागारको क्षमता बिस्तार गरी १ सय जनाको बनाइएपछि कैदीबन्दीहरूले कोचिएर बस्नुपर्ने बाध्यता हटेको जेलर बिनोद अधिकारीले बताए । कारागारमा पानी, शौचालय, विद्युत, पत्रपत्रिका, रेडियो तथा टिभीको व्यवस्था गरिएको जेलर अधिकारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३२ थान मध्ये ९० थान मुद्दा फैसला भए भने ४२ थान फैसला हुन बाँकी रहे। देवानीतर्फ २ सय ४ थान मुद्दा मध्ये १ सय ८१ थान फैसला भए भने २३ थान फैसला हुन बाँकी रहे। यस वर्ष १२ थान मुद्दा पुनरावेदनमा परेकोमा तीन थान फैसला भए भने नौ थान फैसाला हुन बाँकी रहे। दुई थान रिट मुद्दा मध्ये एक थान फैसला भयो भने एक थान मुद्दा फैसला हुन बाँकी रह्यो। दुई वर्ष नाघेका मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

आधारभूत विद्यालयतर्फ ३ सय २८ र माध्यमिकतर्फ ७० विद्यालय रहेका छन्। सामुदायिक अध्ययन केन्द्र १९ रहेका छन्।

यस वर्ष सङ्खुवासभा जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका

पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनामा एक जना, यौनदुर्व्यवहार घटनामा ६ जना र बेचबिखन तथा ओसारपसार घटनामा दुई जना बालिका पीडित भए । बलात्कार घटनाका दुई जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा छन् । एक जना आरोपितले सफाइ पाए । यौन दुर्व्यवहार घटनाका दुई जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा छन् । तीन जना आरोपित बालक भएकाले अभिभावकको जिम्मामा रिहा भए । एक जना आरोपित साधारण तारेखमा रिहा भए । बेचबिखन तथा ओसार पसार घटनाका एक जना आरोपित पुर्पक्षका लागि थुनामा छन् भने दुई जना आरोपित धरौटीमा रिहा भए ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		३	३			
हत्या					५	५
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			३		३
	बलात्कार			१		१
	यौन दुर्व्यवहार			६		६
	जम्मा			९		९
महिला अधिकार	बलात्कार			४		४
	जम्मा			४		४
कूल जम्मा		३	३	१३	५	१८

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २३ महिलाले महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घरनिकाला गरिएको एक, कुटपिट र खानलाउन नदिएको १५ घटना, विवाह दर्ता र नागरिकता नबाइदिएको एक, अर्की श्रीमती ल्याएर हेला गरेको दुई र सामान्य घरायसी विवादका तीन उजुरी थिए । तीमध्ये चार उजुरीमा कानुनी प्रकृयामा अगाडि बढाएको र अन्य घटनामा मिलापत्र भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले जनायो ।

सन् २०१९ मा सङ्खुवासभा जिल्लामा बलात्कारका घटनामा चार जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका पाँच जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा छन् ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३४ ओटा स्वास्थ्य चौकी र ११ सामुदायिक स्वास्थ्य इकाइ रहेका छन् । नागरिकको स्वास्थ्यको संवेदनशीलतालाई मध्यनजर गर्दै सबै पालिकाहरूले एक वडा एक स्वास्थ्य संस्थाको अभियान सुरू गरेका छन् । जसमा स्वास्थ्य चौकी नभएका वडाहरूमा शहरी स्वास्थ्य संस्था खोल्ने क्रम बढेको छ । खाँदबारी नगरपालिकाले बर्थिङ सेन्टरमा सुत्केरी गराउनेलाई निःशुल्क एम्बुलेन्स र बालपोषण पोको दिने अभियान सुरू गरेको छ ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१	१
बलात्कार	१	१
यौन दुर्व्यवहार	६	६
जम्मा	८	८

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	४
जम्मा	४	४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	३	५

१.३ सोलुखुम्बु

जम्मा जनसङ्ख्या	१,०५,१८७
महिला	५४,७५५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२६,५६४
कामका लागि बाहिरिएका	५,६१७
अपाङ्गता भएका	२,६०५
५ वर्षमाथिको साक्षरता प्रतिशत	६७.५४
आश्रित जनसङ्ख्या	४५,३१८

सोलुखुम्बु जिल्लामा यस वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३३ महिला र तीन पुरुष गरी ३६ जना, राज्यपक्षबाट सात जना पुरुष गरी ४३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २५ जना पीडित भएको अभिलेख भयो ।

कारागार र बन्दी

२५ जना क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागारमा ७२ जना कैदी र १२ जना थुनुवा गरी ८४ जना छन् । जसमा महिला सात जना र ६५ वर्ष माथिका पुरुष एकजना छन् । क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। नेपाल सरकारले प्रदान गर्ने प्रतिमहिना २१ केजी चामल र १ हजार ८ सय रुपियाँले खाना खान नपुग्ने कैदी मानबहादुर खत्रीले बताए।

गिरफ्तार

यसवर्ष सोलुखुम्बु जिल्लाबाट प्रतिबन्धित नेकपाका ६ जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार भएकामध्ये पाँच जनालाई सामान्य सोधपुछपछि छाडेको र एक जना यो वर्षको अन्त्यसम्म पुर्पक्षमा छन् ।

महाकुलुङ गाउँपालिका–१ बुङ निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता ३७ वर्षीय डिम्मा शेर्पालाई २०७६ कात्तिक १५ गते सोताङ गाउँपालिका–१ पावैस्थित सालघारी जङ्गलबाट प्रहरीले गिरफ्तार गऱ्यो। शेर्पाको साथबाट चाइनिज पेस्तोलमा लाग्ने पाँच थान गोली, मोवाइल दुई थान, नोटबुक एक थान र नेपाल टेलिकमको आठ थान सिमकार्ड बरामद भएको प्रहरीले जनायो । शेर्पाविरूद्ध प्रहरीले हातहतियार तथा खरखजाना शीर्षकमा कात्तिक १६ गते मुद्दा दर्ता गरी कारबाही अघि बढायो । शेर्पाको स्वास्थ्य जाँच जिल्ला अस्पताल, फाप्लुमा कात्तिक १६ गते भयो । जिल्ला अदालतका न्यायाधीश अमृतबहादुर बस्नेतको

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
जातीय विभेद					१	१
गिरफ्तार		७	७			
कुटपिट				२	१	३
हत्या					१	१
बाल अधिकार	बलात्कार			४		४
	यौन दुर्व्यवहार			२		२
	जम्मा			६		६
महिला अधिकार	बहुविवाह			३		३
	घरेलु हिंसा			३१		३१
	यौन दुर्व्यवहार			१		१
	जम्मा			३५		३५
कूल जम्मा		७	७	३३	३	३६

इजलासले मङ्सिर ११ गते शेर्पालाई पुर्पक्षमा पठाउने आदेश गर्‍यो ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५९ मध्ये ३० थान फैसला भए भने देवानी मुद्दातर्फ ८५ मध्ये ३७ थान फैसला भए । यस अदालतमा एक वर्षभन्दा अधिका कुनै पनि मुद्दा फैसला हुन बाँकी नरहेको अदालतका नायब सुब्बा एवम् सूचना अधिकारी गोबिन्द ढकालले बताए । जाडो मौसममा दुई महिना जिल्ला न्यायाधीश काजसरुवा जाने हुँदा न्याय निरूपणमा केही ढिला भएको अधिवक्ता विदुर लामिछानेले बताए ।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा २ सय ४३ सामुदायिक र चार निजी विद्यालय छन् । सामुदायिक माविं तह ३४ र निजी दुई छन् । बाल विकासदेखि माध्यमिक तह कक्षा १२ सम्म जम्मा २९ हजार ८ सय ६६ विद्यार्थी अध्ययनरत छन् । आधारभुत तह कक्षा ८ सम्म १३ हजार ९ सय ६५ र माध्यमिक तह कक्षा ९ देखि १२ सम्म ११ हजार ८ सय ५४ विद्यार्थी छन् । छात्रा १३ हजार ८ सय ७३ र छात्र १५ हजार ९ सय ९३ छन् । तर, कति विद्यार्थीले छात्रवृत्ति पाए भन्ने एकीन तथ्याङ्क भने कतै पनि अद्यावधिक नभएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख खगेन्द्र श्रेष्ठले बताए ।

माध्यमिक तहसम्मको अधिकार स्थानीय सरकारमा गए पनि स्थानीय तहले त्यसको तथ्याङ्क अद्यावधिक गरेका छैनन् । जिल्लाका आठ स्थानीय तहका कुनै पनि विद्यालय अपाङ्गमैत्री नभएको दूधकोशी आधारभूत विद्यालयका प्रधानाध्यापक यामबहादुर विश्वकर्माले बताए ।

यो वर्ष बलात्कार घटनाबाट चार जना र यौन दुर्व्यवहारका घटनामा दुई जना गरी ६ जना बालिका पीडित भएका इन्सेकले अभिलेख गर्‍यो ।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई २०७५ चैत १६ गते बलात्कार गरेको आरोपमा प्रहरीले १४ वर्षीय बालकलाई चैत १७ गते घरबाटै गिरफ्तार गर्‍यो । आरोपित विरूद्ध पीडितपक्षले १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । जिल्ला अदालतले २०७६ वैशाख १० गते आरोपितलाई पुर्पक्षको लागि बालसुधार गृह, विराटनगरमा राख्ने आदेश गर्‍यो । न्यायाधीश अमृतबहादुर बस्नेतको इजलासले असोज ८ गते ५० हजार क्षतिपूर्तिसहित १८ महिना बाल सुधार गृह विराटनगरमा राख्ने गरी फैसला सुनायो । पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १७ गते भयो ।

कुटपिट

थुलुङदुधकोशी गाउँपालिका–६ मुक्लीका नौ वर्षीय संयोग राई, १३ वर्षीया अमृता राई र १५ वर्षीया अपना राईलाई ३७ वर्षीय बाबु तीर्थबहादुर राईले कान्छी पत्नीको कुरा सुनी पटकपटक र असोज ९ गते पनि कुटपिट गरेको आरोपमा ०७६ असोज १३ गते वडा कार्यालय र न्यायिक समितिमा पीडित बालबालिकाले उजुरी दिए । असोज ९ गते बालक संयोग राईलाई कुटपिट गरी शरीरमा भाँडा माझ्ने स्टील झुसले रगडेर घाउ बनाएर सिस्नुपानी छर्कँदै कुटेपछि न्यायका लागि वडा कार्यालयमा निवेदन दिएको अपना राईले बताइन् । न्यायिक समितिले छलफल गराई छोराछोरीलाई पाल्ने शर्तमा असोज १३ गते माफी दिएको वडा नं ६ का वडाध्यक्ष फूर्तिमान तामाङले बताए । तीनै जना बालबालिकालाई आफन्तको जिम्मा लगाएको र उनीहरूको पढाइ खर्च

गाउँपालिकाले व्यहोर्ने वडाध्यक्ष तामाङले बताए । पीडित बालकको जिल्ला अस्पताल फाप्लुमा असोज १४ गतेदेखि उपचार गरी १६ गते घर फर्केको अपना राईले बताइन् ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २५ जना महिलाले जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट सात, खान/लाउन नदिएको दुई, नागरिकता र जन्मदर्ता नबनाएको दुई, अर्की श्रीमती ल्याएर हेला गरेको एक, दाइजो नल्याएको भनी हेला गरेको एक, गाली बेइज्जतीका दुई र सामान्य घरायसी झगडाका नौ उजुरी छन् । यीमध्ये प्रहरीले १७ ओटा मामिलापत्र गरायो भने ११ उजुरी कारबाही प्रक्रियामा छन् ।

कार्यालयमा दर्ता भएका उजुरीउपर जनप्रतिनिधि सहितको रोहबरमा सर्वपक्षीय छलफलबाट पीडितको मञ्जुरीमा मिलापत्र गराउने गरेको प्रहरीले जनायो । बहुविवाहमा दर्ता भएका उजुरीमा कुनैपनि मिलापत्र गराएको छैन । अधिकांश उजुरीमा मिलापत्रले अधिकार स्थापित गराउने भएपनि केही प्रतिनिधि घटनामा पटक पटक मिलापत्र गराउँदा अधिकार स्थापित नभएको समेत पाइयो । पीडितकै मञ्जुरीमा हालसम्म कसैलाई पनि दण्ड सजाय भने नगराएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर महेन्द्र दर्नालले बताए ।

सन् २०१९ मा सोलुखुम्बु जिल्लामा महिला अधिकार उल्लङ्घनका २५ ओटा घटनामा २५ जना महिला पीडित भए । घरेलु हिंसाको २१ ओटा घटना इन्सेकमा अभिलेख भयो । बहु विवाह घटनामा तीन र यौन दुर्व्यवहार एक गरी चार जना महिला पीडित भए । अदालतले दुईजनालाई कैद र दुई जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने एकजना यो वर्षको अन्तसम्म अनुसन्धानका लागि हिरासतमै रहे ।

सबै प्रकारका जातीय विभेद

यो वर्ष सोलुखुम्बु जिल्लामा जातीय विभेदको घटनाबाट एक जना पीडित भए । घटना स्थानीय वडा कार्यालयमा दर्ता भए पनि वडाअध्यक्षको रोहवरमा मेलमिलाप गरियो ।

भौतिक संरचनामा क्षति

सोलुदुधकुण्ड नगरपालिका ११ तिङ्ला भदौरे स्थित निर्माणाधीन सोलुखोला दुधकोशी जलविद्युत आयोजनाले प्रयोग गरेको YQ15-B6843 नम्बरको कोबेल्को कम्पनीको स्काभेटरमा ०७६ जेठ ३२ गते राति अज्ञात पक्षले आगजनी गरी क्षति पुऱ्यायो । स्काभेटरमा आगजनी गरेको आशंकामा प्रहरीले अनुसन्धानका लागि असार २ गते नेचा सल्यान गाँउपालिका–२ का ३० वर्षीय भूपेन्द्र कार्की र सोही ठाँउका ३४ वर्षीय प्रकाश बस्नेतलाई गिरफ्तार गऱ्यो । उनीहरूलाई आवश्यक सोधपुछपछि सोही दिन रिहा गरेको प्रहरीले जनायो । घटना कसले र किन गऱ्यो भन्ने विषयमा यो वर्षको अन्त्यसम्म प्रहरीले पत्ता लगाउन सकेन । आगजनीबाट १ करोड रुपियाँ बराबरको क्षति भएको इन्स्पेक्टर उत्तम कार्कीले बताए ।

स्वास्थ्य सेवाको अवस्था

सोलुखुम्बुमा एक जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ३१ स्वास्थ्य चौकी, तीन स्वास्थ्य इकाइ, एक जिल्ला आँखा केन्द्र छन् । यहाँको एक मात्र जिल्ला अस्पताल, फाप्लुमा तीन जना एमबीबीएस डाक्टरको दरबन्दी भए पनि २०७६ कात्तिक २२ गतेदेखि डाक्टरविहीन भयो । डाक्टर नहुँदा जिल्लाका अधिकांश बिरामी मिसन अस्पताल ओखलढुङ्गा जानुपर्ने बाध्यता छ । सङ्घीय संरचना अनुसार कर्मचारी समायोजनका कारण जिल्ला अस्पताल डाक्टरविहीन बनेको फाप्लु अस्पतालकी सूचना अधिकारी सानी शेर्पाले बताइन् । सोलु दूधकुण्ड नगरपालिकाले मङ्सिर १ गतेदेखि करारमा ६ महिनाको लागि एमबीबीएस डाक्टरको नियुक्त गरी स्वास्थ्य सेवा प्रवाह गरेको नगरपालिकाकी उपमेयर कल्पना राईले बताइन् । यस्तै प्रदेश सरकार मातहतमा रहेको यो अस्पतालमा मङ्सिर १० देखि प्रदेश सरकरले दुई जना एमबीबीएस डाक्टर करारमा खटाएपछि केही सहज भएको सेवाग्राहीको भनाइ छ ।

स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण निःशुल्क भए पनि ७२ प्रकारका औषधि बाहेक अन्य सबै किन्नुपर्ने बाध्यता छ । सोलु दुधकुण्ड नगरपालिकाले प्रत्येक महिना घरघरमा गएर ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच गर्ने गरेको नगरपालिकाकी

उपप्रमुख कल्पना राईले बताइन्। जिल्लामा शल्यक्रिया, जटिल प्रकृतिको प्रसूति गराउने जनशक्ति नहुँदा बाह्य जिल्ला ओखलढुङ्गाको मिसन अस्पताल या काठमाडौँ जानुपर्ने बाध्यता छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
यौन दुर्व्यवहार	१	१	२
जम्मा	२	४	६

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह	२	१			३
घरेलु हिंसा			१५	६	२१
यौन दुर्व्यवहार				१	१
जम्मा	२	१	१५	७	२५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

१.४ ओखलढुङ्गा



जम्मा जनसङ्ख्या	१,४४,६८०
महिला	७८,४५४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३०,०१७
कामका लागि बाहिरिएका	१०,५५२
अपाङ्गता भएका	३,४५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.४२
आश्रित जनसङ्ख्या	६५,७५८

यस वर्ष ओखलढुङ्गा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २२ जना महिला र चार जना पुरुष गरी २६ जना र राज्यपक्षबाट एक जना पुरुष गरी २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका पीडित भए भने महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना महिला पीडित भए । यसवर्ष ओखलढुङ्गा जिल्लाबाट प्रतिबन्धित नेकपाका एक जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गर्ने आदेश दियो ।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारमा ३९ कैदी र २५ थुनुवा गरी ६४ जना छन् । जसमा चार महिला छन् । ६५ वर्षमाथिका चार जना कैदी बन्दी छन् । क्षमताभन्दा २ गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ । कारागार भवन पुरानो र जीर्ण छ। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी भए पनि खाली छ। कारागार साँघुरो र क्षमताभन्दा बढी कैदीबन्दी भएकोले खानेपानी र शौचालयको समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एकजना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय मध्ये ८४ थान फैसला भए। देवानी मुद्दातर्फ १ सय ५५ मध्ये १ सय २२ थान फैसला भए। दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान छन् भने देवानीतर्फ छैनन् । प्रतिवादीका तर्फबाट पेसी स्थगन हुने, हेर्न नभ्याइने, प्रमाण बुझ्ने लगायतका काम समयमै सम्पन्न नहुँदा पाँच पटकसम्मको पेसीमा पनि मुद्दा फैसला नभएको पाइयो। यसरी पेसी स्थगन भइहरने अवस्थामा पीडितलाई न्याय दिन ढिलाइ हुने गरेको नेपाल बार एशोसिएशन, जिल्ला बार इकाइ ओखलढुङ्गाका सचिव टुकराज निरौलाले बताए।

उच्च अदालत

चारजना न्यायाधीश रहेका यस उच्च अदालत विराटनगरको ओखलढुङ्गा इजलासबाट यो वर्ष

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		१	१			
धम्की					१	१
हत्या				१	३	४
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			६		६
	विद्यालयमा शारीरिक सजाय			१		१
	जम्मा			९		९
महिला अधिकार	बलात्कार			५		५
	बलात्कार प्रयास			३		३
	बहुविवाह			२		२
	घरेलु हिंसा			२		२
	जम्मा			१३		१३
कूल जम्मा		१	१	३३	४	३६

फौजदारी मुद्दातर्फ २ सय ७६ मध्ये १ सय ७६ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय १ मध्ये ६० थान भए । यो अदालतमा दुई वर्ष नाघेका कुनै पनि मुद्दा छैनन् । उच्च अदालतमा पुनरावेदन दर्ता भएका मुद्दा समयमै फैसला हुने गरेको पाइयो । अदालतको तथ्याङ्क अनुसार दर्ता हुन आएको मितिले एक वर्ष नाघेका मुद्दा दुई थान मात्र छन् । यसले अदालतको काम कारबाहीमा ढिलासुस्ती रहेको नदेखिएको नेपाल बार एसोसिएसन उच्च बार इकाइ, ओखलढुङ्गा इजलासका सचिव गुरुबहादुर बस्नेतले बताए । अदालतमा जनशक्ति पर्याप्त हुँदा न्याय निरुपण सहज भएको अदालतका सूचना अधिकारी उद्धब ढोडारीले बताए ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५९ आधारभूत, ७२ मावि छन् । सामुदायिक विद्यालयतर्फ तीनसय १२ प्रारम्भिक बालविकास केन्द्र, २ सय ४० आधारभूत तह र ७२ मावि तह छन् । राहत ४ सय ७६ सहित जिल्लाको शिक्षक दरबन्दी १ हजार ५ सय ७५ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष सामुदायिक विद्यालयतर्फ आधारभूत तहमा २४ हजार १ सय ५८ र माध्यमिक तहमा ८ हजार ७ सय २९ गरी जम्मा ३३ हजार ८७ जना बालबालिका भर्ना भए ।

यस वर्ष ओखलढुङ्गा जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा नौ बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनामा सात जना बालिका पीडित भए । बालविवाह र विद्यालयमा शारीरिक सजायमा एक/एक जना पीडित भएको अभिलेख भयो । बलात्कार घटनाका चार जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो । अर्का एक जना यो वर्षको अन्तसम्म प्रहरी हिरासतमा रहे । यौन दुर्व्यवहार घटनाका एक आरोपितलाई अदालतले सफाइ दियो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडितभन्दै ३६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका र खान लाउन नदिएका २०, विवाह दर्ता र नागरिकता नबनाएको तीन र सामान्य घरायसी झगडाका १३ उजुरी छन् । यीमध्ये प्रहरीले ३२ ओटामा मिलापत्र गरायो भने चार उजुरी अदालतमा कारबाही प्रक्रियामा छन् । प्रहरीमा यसरी उजुरी लिएर आउने मध्ये घरनिकाला गरिएका, खान लाउन नदिएका १७ घटनाका पीडितहरु हाल परिवारमै मिलेर बसेका छन् । अन्य ती जना कानुनी उपचारको क्रममा अदालत गएका छन् ।

यस वर्ष ओखलढुङ्गा जिल्लामा महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनामा पाँच जना महिला पीडित भए । बलात्कार घटनाका पाँच जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो । बलात्कार प्रयास घटनाका तीनजना आरोपित अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ५४ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्ला अस्पतालमा तीन डाक्टरको दरबन्दी रहेकामा दुई स्थायी र दुई करार गरी चार जना कार्यरत छन् । त्यस्तै एक प्राथमिक स्वास्थ्य केन्द्रमा दुई जना डाक्टरको दरबन्दी रहेकोमा दुई जना नै कार्यरत छन् । ५४ प्रसूति गृहमा १५ ओटामा मात्रै दक्ष स्वास्थ्यकर्मी छन् । जिल्लामा स्वास्थ्य बिमा सुरु गरिए पनि सबै स्थानीय तहमा पुगेको छैन। हालसम्म ३ हजार ७ सय ४८ जनाले बिमा गरेको स्वास्थ्य बिमा बोर्डको जिल्लास्थित कार्यालयको अभिलेख छ । यीमध्ये १ सय जनाले उपचार सेवा लिएका छन्। गाउँगाउँमा बिमासम्बन्धी चेताना विस्तार गर्नुपर्ने अधिकारकर्मी बीएन श्रेष्ठ बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१			१
बलात्कार			६	६
विद्यालयमा शारीरिक सजाय		१		१
जम्मा	१	१	६	९

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			५	५
बलात्कार प्रयास			३	३
बहुविवाह	१		१	२
घरेलु हिंसा		२		२
जम्मा	१	२	९	१२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२	४

१.५ खोटाङ



जम्मा जनसङ्ख्या	१,५७,१२५
महिला	१,०५,६५२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५१,३१५
कामका लागि बाहिरिएका	१७,६६२
अपाङ्गता भएका	१,१५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	८७.२
आश्रित जनसङ्ख्या	५२,२१४

यस वर्ष खोटाङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १३ जना महिला, तीन जना पुरुषसहित १६ जना र राज्यपक्षबाट एक जना महिला, चार जना पुरुषसहित पाँच जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा सात जना र महिला अधिकार उल्लङ्घनका घटनामा चार जना पीडित भए।

गिरफ्तार

हलेसी तुवाचुङ नगरपालिका–२ डिकुवा निवासी प्रतिबन्धित नेकपाका जिल्ला सदस्य एवम् आर्थिक विभाग प्रमुख ३८ वर्षीय सुदीप शर्मा भनिने चक्रबहादुर खत्रीलाई २०७६ वैशाख २ गते चन्दा आतङ्क मच्चाएको र देशको अहित हुने काम गरेको आरोपमा प्रहरीले दिक्तेलबाट गिरफ्तार गऱ्यो। प्रहरीले सोही दिन जिल्ला प्रशासन कार्यालयमा शान्ति सुरक्षामा खलल पुऱ्याएको र अभद्र व्यहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला प्रशासन कार्यालयले आरोपितलाई वैशाख २ ९ गते पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला प्रशासन कार्यालयले असार २ गते आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए पनि उनले धरौटी रकम बुझाउन नसकेपछि पुनः थुनामा पठायो। यसवर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ९९ महिला र ३३ पुरुष गरी १ सय ३२ जनाको छ। कारागार मा १ सय १ कैदी र २६ थुनुवा गरी १ सय २७ पुरुष, तीन जना कैदी महिला र चार वर्षीय आश्रित नाबालक गरी १ सय ३१ जना छन्। पुरुष वार्डमा क्षमताभन्दा बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कैदीबन्दीको स्वास्थ्य उपचारका लागि सिनियर अहेवको दरबन्दी रहेको कारागार प्रमुख चित्राखर आचार्यले जानकारी दिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ । यस वर्ष फौजदारी मुद्दातर्फ ५६ थानमध्ये ३८ थान फैसला भए भने १८ थान बाँकी रहे। देवानी मुद्दातर्फ ५६ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका कुनै पनि मुद्दा नरहेको जिल्ला अदालत, खोटाङले जनायो।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						२	२
गिरफ्तार		१	४	५			
हत्या					२	१	३
बाल अधिकार	बलात्कार				५		५
	यौन दुर्व्यवहार				२		२
	जम्मा				७		७
महिला अधिकार	बलात्कार				१		१
	बलात्कार प्रयास				२		२
	बहुविवाह				१		१
	जम्मा				४		४
कूल जम्मा		१	४	५	१३	३	१६

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ९९ आधारभूत र ९० मावि छन् । २ हजार १ सय ५७ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष २५ हजार १ सय ३० बालक र २७ हजार ६० बालिका भर्ना भए । जिल्लामा तीन अपाङ्गमैत्री विद्यालय छन् । यो वर्ष शहीद र द्वन्द्वपीडित परिवारका नौ बालबालिकाले छात्रवृत्ति पाए।

यसवर्ष बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनामा पाँच जना र यौन दुर्व्यवहार घटनामा दुई जना पीडित भए । बलात्कार घटनामा जिल्ला अदालतले एक जना आरोपितलाई जन्मकैद सजाय सुनायो । तीन जना पुर्पक्षका लागि थुना गए भने एक जनाले सफाइ पाए । एक जना यस वर्षको अन्त्यसम्म फरार छन् । यौन दुर्व्यवहार घटनाका जिल्ला अदालतको आदेशले एक जना पुर्पक्षका लागि थुनामा गए भने एक जनाको मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएन ।

बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई २०७६ वैशाख २८ गते हाडनाता करणी गरेको आरोपमा प्रहरीले ५० वर्षीय बाबुलाई वैशाख ३१ गते घरबाट गिरफ्तार गऱ्यो । पीडित पक्षले आरोपितविरुद्ध वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिएलगत्तै आरोपितलाई गिरफ्तार गरेको प्रहरीले जनायो । पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ३१ गते जिल्ला अस्पतालमा भयो । आरोपितविरुद्ध प्रहरीले जेठ ३१ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको जेठ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद गौतमको इजलासले असार ८ गते आरोपितलाई कसुर ठहर गर्दै जन्मकैदको फैसला सुनायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष बलात्कार घटनामा एक जना, बलात्कार प्रयास घटनामा दुई जना, बहुविवाहमा एक जना पीडित भएको इन्सेकमा अभिलेख भयो। एक जना बालक भएकोले बालसुधार गृह पठाइए । बलात्कार प्रयास घटनाका एक आरोपित पुर्पक्षका लागि थुना गए भने एक जनाको मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएन । यौन दुर्व्यवहार घटनामा एक जनाले सफाइ पाए । परिवारजनबाट हत्याको घटनाका एक जना आरोपितलाई जन्मकैद सजाय भयो भने एक जना पुर्पक्षका लागि थुनामा छन् ।

परिवारजनबाट हत्या

जन्तेढुङ्गा गाउँपालिका–५ चिसापानीकी ६० वर्षीया रामकुमारी राईलाई २०७५ फागुन २९ गते हत्या गरेको आरोपमा ७१ वर्षीय पति ध्यानबहादुर राईविरुद्ध पीडित पक्षले फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोष्टमार्टम फागुन ३० गते जिल्ला अस्पतालमा गरी शव परिवारको जिम्मा लगाएको

जिल्ला प्रहरी कार्यालयले जनायो। जिल्ला अदालतका न्यायाधीश ईश्वरीप्रसाद गौतमको इजलासले २०७६ असार ८ गते आरोपितलाई जन्मकैदको फैसला सुनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष अज्ञात पक्षले गराएको आगजनीका दुई घटना इन्सेकमा अभिलेख भयो। रावाबेसी गाउँपालिका अध्यक्षको रावाबेसी गाउँपालिका–५ दुबेकोलस्थित घरमा पार्किङ गरेर राखिएको बा २ भ ३५२४ नम्बरको स्कर्पियो गाडी र खोटाङस्थित मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल–चखेवा सडकखण्ड कालोपत्रेका लागि प्रयोग भइरहेका गोल्डेन गुड शेर्पा कन्ट्रक्सनको चार ओटा स्काभेटरमा आगजनी भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई उपस्वास्थ्य चौकी, ७१ स्वास्थ्य चौकी र २० प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा पाँच डाक्टरको दरबन्दी रहेकामा चारजना कार्यरत छन्। त्यस्तै अहेवको २ सय २८ दरबन्दी रहेकामा १ सय ७७ जना कार्यरत छन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	३	५
यौन दुर्व्यवहर			२	२
जम्मा	१	१	५	६

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१
बलात्कार प्रयास		२	२
बहुविवाह		१	१
जम्मा	१	३	४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

१.६ भोजपुर

जम्मा जनसङ्ख्या	१,७४,८५०
महिला	९३,०७८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४४,२६८
कामका लागि बाहिरिएका	१२,१९८
अपाङ्गता भएका	४,६१८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६९.९
आश्रित जनसङ्ख्या	७७,१६९



यस वर्ष भोजपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५४ जना महिला, आठ जना पुरुषसहित ६२ जना र राज्यपक्षबाट सात जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना पीडित भएको अभिलेख भयो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

षडानन्द नगरपालिका–२ निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता २६ वर्षीय तिर्थराज घिमिरेलाई प्रहरीले टेम्केमैयुम् गाउँपालिका–२ को घोत्लेपानी जङ्गलमा २०७६ जेठ ७ गते गोली प्रहार गऱ्यो । गोली लागी घाइते भएका घिमिरेलाई उपचारका लागि धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याइयो । अस्पताल पुऱ्याए लगत्तै जेठ ८ गते उनलाई चिकित्सकले मृत घोषणा गरे । शवको पोष्टमार्टम विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा जेठ ११ गरी परिवारलाई जिम्मा लगायो । प्रहरीले उनको साथबाट कटुवा पेस्तोल एक थान र बारुद बरामद गरेको जनायो ।

दोहोरो झडपमा मृत्यु

खोटाङ जिल्ला हलेसी तुवाचुङ गाउँपालिका–३ स्थायी घर भई भोजपुरमा कार्यरत ३१ वर्षीय प्रहरी जवान सञ्जीवकुमार राई र षडानन्द नगरपालिका–१४ बोया घर भएका प्रतिबन्धित

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	२	३
गिरफ्तार		४	४			
कुटपिट		१	१	२	१	३
हत्या		२	२	४	५	९
बाल अधिकार	बलात्कार			१२		१२
	यौन दुर्व्यवहार			६		६
	जम्मा			१८		१८
महिला अधिकार	बलात्कार			४		४
	बलात्कारको प्रयास			२		२
	बहुविवाह			१०		१०
	घरेलु हिंसा			१३		१३
	जम्मा			३९		३९
कूल जम्मा		७	७	५४	८	६२

नेकपाका कार्यकर्ता ३७ वर्षीय निरकुमार राईबीच २०७६ असार २५ गते भोजपुर नगरपालिका–७ हटिया लाइनमा गोली हानाहान हुँदा दुवै जनाको घटनास्थलमा नै मृत्यु भयो । दुवै शवको पोष्टमार्टम बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा असार २६ गते भयो । पीडित परिवारले सोही दिन शव बुझी लगेर सद्गत गरेको प्रहरीले जनायो । नेपाल सरकारको भदौ २२ गतेको मन्त्रिपरिषद् बैठकले सञ्जीव कुमारको परिवारलाई क्षतिपूर्ति बापत १० लाख रुपियाँ दिने निर्णय गऱ्यो । नेपाल सरकारले भदौ २६ गते मृतक प्रहरीलाई अमर शहीद घोषणा गरी मरणोपरान्त प्रहरी हवल्दारमा बढुवा गऱ्यो । निरकुमारको परिवारले कुनै किसिमको राहत पाएनन् ।

गिरफ्तार

टेम्केमैयुङ गाउँपालिका–४ नागीका २४ वर्षीय विकास राई, पौवादुङमा गाउँपालिका–३ च्याङग्रेका २९ वर्षीय सञ्जय राई र साल्पासिलिछो गाउँपालिका –१ कुलुङका ४७ वर्षीय महेन्द्र तामाङलाई २०७५ चैत ११ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीले सदरमुकाबाट गिरफ्तार गऱ्यो । उनीहरू प्रतिबन्धित नेकपाका कार्यकर्ता रहेको र शान्ति सुरक्षामा असर पुऱ्याएको भन्ने आरोपमा गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर पान्डवकुमार राजवंशीले बताए । तीनै जना जिल्ला प्रशासन कार्यालयको आदेशमा ०७६ वैशाख ३ गते जनही ६ हजार रुपियाँ धरौटी बुझाएर रिहा भएको जिल्ला प्रहरी कार्यालय, भोजपुरका इन्स्पेक्टर पाण्डवकुमार राजवंशीले बताए ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको भए पनि ७४ जना कैदी र ४४ जना थुनुवा र तीन जना आश्रितसहित १ सय २१ जना छन् । जसमा महिला १६ जना छन् । क्षमता भन्दा तीनगुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । बालबालिकाको रेखदेखको थप व्यवस्था नभएको कारागार प्रमुख खगेन्द्र अधिकारीले बताए । कैदीबन्दीको स्वास्थ्य उपचारका लागि एक जना अहेवको दरबन्दी रहेको र थप उपचार गर्नुपरे जिल्ला अस्पतालमा लगिने गरेको कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजनको व्यवस्था भएको जेलर अधिकारीले बताए । थुनुवा र कैदीलाई आफन्तसँग हप्तामा हप्तामा चार दिन भेटघाटको व्यवस्था मिलाइएको छ ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतमा न्यायाधीश कार्यरत छन् । यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३५ मध्ये ५७ थान फैसला भए भने देवानीमुद्दातर्फ २ सय २५ मध्ये १ सय ३३ थान फैसला भए । अदालतमा दुई वर्ष नाघेका कुनै पनि मुद्दा छैनन् । जिल्ला अदालतमा दर्ता भएका मुद्दाको फैसला समयमै हुने गरेको र पीडितले न्यायका लागि लामो समयसम्म पर्खिनुपर्ने अवस्था नभएको जिल्ला बारका अध्यक्ष प्रकाशचन्द्र शाक्यले बताए ।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष सामुदायिकतर्फ २१ हजार १ सय १५ जना बालक र २० हजार ८ सय ४८ जना बालिका भर्ना भए । यो वर्ष २ हजार ३ सय २० जना दलित बालक र २ हजार १ सय ९३ जना दलित बालिकाले

मासिक ४ सय रुपियाँका दरले छात्रवृत्ति पाए । त्यस्तै तीन जना द्वन्द्व पीडित बालबालिकाले छात्रवृत्ति पाए ।

यो वर्ष भोजपुरमा बलात्कार तथा यौन दुर्व्यवहारका घटनामा १८ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कारका तीन ओटा मुद्दा फैसला भए । आठ ओटा मुद्दाका आरोपित पुर्पक्षका लागि थुनामा छन् । एक मुद्दाका दुई जना आरोपित बालसुधार गृहमा र एक जना फरार रहे । त्यसैगरी १२ वर्षदेखि १७ वर्षसम्मका चारजना बालिका यौन दुर्व्यवहारबाट पीडित भए । जसमध्ये एक घटनाका आरोपित फरार रहे। दुई ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन् भने एक मुद्दाका आरोपितलाई अदालतले कैद फैसला गऱ्यो ।

बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई २०७५ पुस १८ गते बलात्कार गरेको आरोपमा षडानन्द नगरपालिका–१० साङपाङका १६ वर्षीय बालकविरुद्ध पीडितपक्षले पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । प्रहरीले आरोपितलाई पुस २३ गते गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २३ गते जिल्ला अस्पतालमा भयो । प्रहरीले आरोपितविरुद्ध पुस २३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा अदालतले बालकलाई ०७५ माघ १७ गते बाल सुधार गृह, विराटनगर पठायो । जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङनामको इजलासले चैत ५ गते कसुर ठहर गर्दै ११ वर्ष कैद सजाय र पीडितले पाउने गरी ६० हजार रूपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरिएका पाँच ओटा, खान/लाउन नदिएको १० ओटा, घरायसी झगडाका पाँच ओटा उजुरी छन् । यी मध्ये प्रहरीले १८ ओटा उजुरीमा मिलापत्र गरायो भने दुई ओटा उजुरी कारबाही प्रक्रियामा छन् । यो शाखामा सामान्य प्रकृतिका मात्र घटना आउने भएकाले त्यस्तो ठूलो सजाय नहुने कार्यालयले जनायो । पीडित र आरोपितबीच आपसी समझदारीमा मिलापत्र हुने गरेका छन् । खानलाउन नदिनेले प्रहरीको रोहबरमा अबदेखि यस्ता खालका काम नगर्ने भनी कागज गराएर मिलापत्र गराएको छ । बहुविवाह तथा अन्य आपराधिक घटनामा प्रहरीले मिलापत्र गराएको छैन ।

यो वर्ष भोजपुरमा बलात्कारका घटनामा चार जना र बलात्कार प्रयासको घटनामा दुई जना महिला पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामा २२ वर्षदेखि ५१ वर्षसम्मका महिला पीडित भए । बलात्कारको एउटा मुद्दाको फैसला भयो । अन्य चार मुद्दाका आरोपित पुर्पक्षका लागि थुनामा रहे ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५१ वर्षीया महिलालाई ०७५ फागुन १५ गते बलात्कार प्रयास गरेको आरोपमा अरूण गाउँपालिका–५ जिमिगाँउका २० वर्षीय रोहित श्रेष्ठविरुद्ध पीडित पक्षले फागुन १७ गते जिल्ला प्रहरी कार्यालय, भोजपुरमा उजुरी दियो । प्रहरीले आरोपितलाई फागुन १७ गते घरबाटै गिरफ्तार गऱ्यो । प्रहरीले आरोपितविरुद्ध फागुन १७ गते बलात्कार शीर्षकमा जिल्ला अदालत भोजपुरमा मुद्दा दर्ता गरायो । जिल्ला अदालतको चैत ८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा गए । पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन १७ गते जिल्ला अस्पतालमा भयो । न्यायाधीश हरिश्चन्द्र ईङनामको इजलासले ०७६ जेठ २३ गते श्रेष्ठलाई चार वर्ष कैद सजाय सुनायो ।

परिवारजनबाट हत्या

पौवादुङमा गाउँपालिका–४ बास्तीमकी १९ वर्षीया जानुका पौडेलको २०७५ चैत २६ गते हत्या गरेको आरोपमा १९ वर्षीय पति रमेश पौडेललाई प्रहरीले चैत २७ गते गिरफ्तार गऱ्यो । पीडितपक्षले २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । शवको पोष्टमार्टम चैत २७ गते जिल्ला अस्पताल भोजपुरमा गरिएको थियो । आरोपितलाई जिल्ला अदालत भोजपुरले २०७६ जेठ २१ गते २५ वर्ष कैद सजायको फैसला गऱ्यो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना क्षति

टेम्केमैयुङ गाउँपालिका–२ छिनामखुको नौलेगाउँमा मध्यपहाडी लोक मार्गमा सडक निर्माणको क्रममा राखिएको गोल्डेन ग्रुप शेर्पा कन्ट्रक्सन प्रालिको बा २ क ६६१९ नम्बरको एक्जाभेटरमा र षडानन्द नगरपालिकाकी उपमेयर मेरीका राईको बा १ झ ५८१३ नम्बरको गाडीमा अज्ञात पक्षले आगजानी

गऱ्यो । अभिलेखित सबै घटनाका आरोपित वर्षको अन्त्यसम्म पहिचान नभएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर पान्डवकुमार राजवंशीले बताए ।

स्वास्थ्य सेवाको अवस्था

भोजपुरमा एक ओटा जिल्ला अस्पताल, एक ओटा उपस्वास्थ्य चौकी तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र र ६० ओटा स्वास्थ्य चौकी छन् । जिल्ला अस्पतालमा ३२ जनाको दरबन्दी रहेकोमा २२ जना कार्यरत छन् । त्यस्तै जिल्ला भर ४ सय ३४ जनाको दरबन्दी रहेकोमा २ सय ३० दरबन्दी रिक्त छन् । जिल्ला अस्पतालमा शल्यक्रियाद्वारा हुने प्रसूति सेवा बन्द हुँदा गभर्वती महिलालाई समस्या भएको स्वास्थ्य कार्यालयका निमित्त कार्यालय प्रमुख फणिन्द्र थापाले बताए । त्यस्तै दरबन्दी अनुसारको कर्मचारी तथा डाक्टर नहुँदा नियमित सेवा प्रवाहमा समस्या भएको स्वास्थ्य कार्यालय, भोजपुरका थापाले बताए । जिल्ला अस्पताल तथा अन्य सबै स्वास्थ्य संस्थामा निःशुल्क दिएको औषधि वितरण भएको छ ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	८	१२
यौन दुर्व्यवहार	१	३	२	६
जम्मा	२	६	१०	१८

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार				४	४
बलात्कार प्रयास		२			२
बहुविवाह	१	५		४	१०
घरेलु हिंसा		८	१	४	१३
जम्मा	१	१५	१	१२	३९

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	५	५	११

१.७ धनकुटा



जम्मा जनसङ्ख्या	१,६२,३००
महिला	८७,८१७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२५,६७७
कामका लागि बाहिरिएका	१४,४१५
अपाङ्गता भएका	४,८८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५
आश्रित जनसङ्ख्या	६५,५०५

यस वर्ष धनकुटा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १५ जना महिला, पाँच जना पुरुषसहित २० जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना र महिला अधिकार उल्लङ्घनका घटनामा दुई जना पीडित भएको अभिलेख भयो।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागारमा ५२ जना, थुनुवा १० जना र महिला कैदी चार जना गरी ६६ जना रहेका छन्। ६५ वर्षमाथिका एक पुरुष छन्। क्षमताभन्दा तेब्बर कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता रहेको कैदीको भनाइ छ। तीन महिनामा एक पटक कैदीबन्दीको स्वास्थ्य जाँच गर्ने गरिएको कारागार प्रमुख रामप्रसाद नेपालले बताए । कारागारको अवस्था सुधारका लागि केन्द्रीय कारागार विभाग, जिल्ला प्रशासन कार्यालयमा निवेदन पेस गरे पनि सम्बोधन हुन नसकेको कारागार प्रशासनको भनाइ छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालत धनकुटामा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३४ थानमध्ये ११ थान फैसला भए भने १ सय २३ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ सय ३५ थानमध्ये ६६ थान फैसला भए भने ६९ मुद्दा फैसला हुन बाँकी रहे। मुद्दाका सम्बन्धित पक्ष र अदालतमा केही कर्मचारी अभावको कारणले मुद्दा किनारा लाग्न समय लाग्ने गरेको धनकुटा बारकी अध्यक्ष हिमादेवी बस्नेतले बताइन्।

उच्च अदालत

उच्च अदालत विराटनगरमा चार जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ४७ थानमध्ये १ सय ५५ थना फैसला भए भने ९१ थना फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४१ थानमध्ये २४ थान फैसला भए भने १७ थान बाँकी रहे। अदालतले आर्थिक वर्षभित्रै मुद्दा फैसला गर्ने नीति बनाएको भए पनि मुद्दासँग सम्बन्धित व्यक्तिले गर्ने गरेको ढिलाइका कारणले गत वर्षबाट दुई ओटा मुद्दा सरिआएको न्यायाधीश नीता गौतमले बताइन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार			१	१
हत्या			४	४
बाल अधिकार	बलात्कार	७		७
	विद्यालयमा शारीरिक सजाय	३		३
	यौन दुर्व्यवहार	३		३
	जम्मा	१३		१३
महिला अधिकार	बहुविवाह	१		१
	यौन दुर्व्यवहार	१		१
	जम्मा	२		२
कूल जम्मा		१५	५	२०

बाल अधिकार

शिक्षाको अवस्था

यो वर्ष १ हजार ७ सय ५० जना दलित छात्रा र १ हजार ४ सय ९३ जना दलित छात्रले छात्रवृत्ति रकम पाए। त्यस्तै चार जना द्वन्द्वपीडित बालबालिकाले १७ हजार रुपियाँका दरले ६८ हजार रुपियाँ छात्रावृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइ, धनकुटाकी प्रमुख मोहन राईले बताइन् । सबै बालबालिका विद्यालयको पहुँचमा रहेको शिक्षा विकास तथा समन्वय इकाइ, धनकुटाले जनायो।

यस वर्ष जिल्लामा बाल अधिकार उल्लङ्घनमा १३ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनामा सात जना र यौन दुर्व्यवहार घटनामा तीन जना पीडित भए। बलात्कार घटनाका तीन तीन जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो । तीन जना आरोपित पुर्पक्षका लागि थुना छन्। एक मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएन। यौन दुर्व्यवहार घटनाका तीन जना आरोपित पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई ०७५ फागुन २७ गते बलात्कार गरेको आरोपमा चौबीसे गाउँपालिका–३ का ३० वर्षीय पूर्णबहादुर याक्खालाई प्रहरीले फागुन २८ गते गिरफ्तार गऱ्यो। आरोपित विरूद्ध पीडित पक्षले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । जिल्ला अदालतको वैशाख २२ को आदेशमा पुर्पक्षका लागि थुनामा रहेका आरोपितलाई ०७६ असार ५ गते आठ वर्ष कैदको सजाय सुनायो । पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन २८ गते भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै १६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका १५ र अर्की श्रीमती ल्याएर हेला गरेको एक उजुरी थियो। प्रहरीले १४ ओटा उजुरीमा मिलापत्र गरायो भने दुई उजुरी कारबाही प्रक्रियामा छन्।

यस वर्ष यौन दुर्व्यवहार र बहुविवाहका घटनामा एक/एक जना पीडित भएको इन्सेकमा अभिलेख भयो।

स्वास्थ्य सेवाको अवस्था

धनकुटा जिल्लामा एक जिल्ला अस्पताल, ११ स्वास्थ्य चौकी, ३५ उपस्वास्थ्य चौकी र १० स्वास्थ्य क्लिनिक छन् । जिल्ला अस्पतालमा प्रमुख मेडिकल सुपरिटेन्डेण्ट पद करिब एक वर्षदेखि रिक्त रहेको छ। जिल्ला अस्पतालमा विशेषज्ञसहितको सेवा नहुँदा सामान्य उपचारको लागि पनि धरान, विराटनगर धाउनु परेको सेवाग्राहीको गुनासो छ। जिल्ला अस्पतालमा सरकारले निःशुल्क वितरण गर्ने भनिएको ७२ प्रकार औषधिमध्ये ४३ प्रकारको मात्रै पाइने अस्पतालका सूचना अधिकारी सहायक अधिकृत राजनप्रसाद पोखेलले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३		४	७
विद्यालयमा शारीरिक सजाय		१		१
यौन दुर्व्यवहार			३	३
जम्मा	३	१	७	११

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	२	२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	१	४

१.८ तेह्रथुम

जम्मा जनसङ्ख्या	५७,३५०
महिला	५२,५५३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१४,६७७
कामका लागि बाहिरिएका	७,५५१
अपाङ्गता भएका	२,६२६
५ वर्षमाथिको साक्षरता प्रतिशत	६८.३
आश्रित जनसङ्ख्या	४१,०७५

यस वर्ष तेह्रथुम जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १० महिला र दुई पुरुष गरी १२ जना पीडित भए । यस्तै राज्यपक्षबाट दुई पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । महिला अधिकार उल्लङ्घनका घटनामा पाँच महिला पीडित भए। यस्तै बाल अधिकार उल्लङ्घन घटनामा पाँच जना बालिका पीडित भए । परिवारजनबाट एकजना महिला र एक नाबालकको हत्या भयो। प्रतिबन्धित नेकपाको दुईजना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गऱ्यो।

कारागार र बन्दी

'ङ' श्रेणीको तेह्रथुम जिल्ला कारागारको क्षमता २५ पुरुष र १० महिला गरी ३५ जनाको छ। कारागारमा अहिले थुनुवा आठ जना र कैदी ७३ पुरुष तथा ६ जना महिला गरी ७९ जना रहेका छन्। छाना समेत चुहिने कारागार भवन जीर्ण छ । ७३ वर्षीय टेकबहादुर कार्कीको ०७६ असार १ गते र ९२ वर्षीय खड्गसम्सेर ठकुरीको ०७५ फागुन १८ गते हृदयघातका कारण कारागारमै मृत्यु भयो । कारागारमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी रहे पनि जिल्ला अस्पतालमा औषधि उपचार हुन नसक्दा समस्या हुने गरेको कारागारका अहेब हरिकृष्ण ढकालले बताए । कारागारभित्र पत्रपत्रिका, रेडियो, टेलिभिजन, पुस्तकालय र भलिबल, ब्याडमिन्टन, क्यारेम्बोर्ड, बुद्धिचाल, लुडोलगायतका खेलकुदका सामग्रीहरू राखिएका छन् । कारागारमा वैतनिक वकिलमार्फत कानुनी परामर्श सेवा प्रदान गरिने गरेको छ। कैदीबन्दीलाई विभिन्न सीप सिक्ने अवसर प्रदान गरिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत तेह्रथुममा दरबन्दी अनुसार एक जना न्यायाधीश कार्यरत छन्। यस वर्ष जिल्ला अदालतमा देवानीतर्फ ८९ थान मुद्दा दर्ता भएकामा ३९ थान फैसला भए भने ५० थान बाँकी रहे । फौजदारीतर्फ ४४ थान मुद्दा दर्ता भएकामा २४ थान फैसला भए भने २० थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका मुद्दा यस अदालतमा छैनन्। जिल्ला अदालतमा ३० जनाको दरबन्दी रहेकोमा नौ जनाको

दरबन्दी खाली भए पनि दर्ता भएका मुद्दा सङ्ख्या अनुसारको व्यवस्थापन गर्न जनशक्तिको अभाव नभएको जिल्ला न्यायाधीश महेन्द्रप्रसाद पोखेलले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ९६ आधारभूत र ५३ मावि रहेका छन् । यस शैक्षिक सत्रमा १२ हजार ९ सय २२ बालक र १३ हजार १ सय ८७ बालिका विद्यालयमा भर्ना भएका छन् । जिल्लाका सबै विद्यालयमा सुविधायुक्त शौचालय स्थापना गरिएका छन्। यो शैक्षिक सत्रमा दलिततर्फ १ हजार १७ जना छात्र र १ हजार ८८ छात्रालाई छात्रवृत्ति वितरण गरिएको छ। दुई जनालाई द्वन्द्वपीडित छात्रवृत्ति वितरण गरिएको छ । छथर गाउँपालिकाले सरकारी सेवा सुविधा लिने कर्मचारीहरूले अनिवार्य रूपमा सरकारी विद्यालयमा आफ्नो छोरा छोरी भर्ना गराउनै पर्ने नीति बनाएको छ । यो नीतिले सामुदायिक विद्यालयको शैक्षिक सुधारमा मद्दत पुग्ने गाउँपालिका अध्यक्ष सन्तबिर लिम्बूले बताए । यो नीति यही शैक्षिक सत्रदेखि पूर्ण रूपमा कार्यान्वयन भएको गाउँपालिकाका अध्यक्ष लिम्बुले बताए।

यस वर्ष तेह्रथुम जिल्लामा बाल अधिकार उल्लङ्घन घटनामा पाँच जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनाका तीनजना आरोपितलाई अदालतले कैद फैसला गऱ्यो भने दुईजनालाई बालक भएको कारण देखाउँदै सफाइ दियो। यौन दुर्व्यवहार घटनाका तीन जना आरोपितमध्ये एकजनालाई कैद, एकजनालाई सफाइ दियो । अर्का एकजनालाई अनुसन्धानको लागि यो वर्षको अन्तसम्म हिरासतमै राखिए । नाबालक हत्या आरोपितलाई अदालतले जन्मकैदको फैसला गऱ्यो।

बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७५ फागुन २६ गते बलात्कार गरेको आरोपमा इलाम जिल्ला देउमाई नगरपालिका–३ स्थायी घर भई आठराई गाउँपालिका–५ का ४२ वर्षीय मनु मगरविरूद्ध पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २७ गते घरबाटै गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत १२ गते मुद्दा दर्ता गरी कानुनी कारबाही अघि बढायो । जिल्ला अदालतको चैत १२ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन् । न्यायाधीश महेन्द्रप्रसाद पोखेलको ०७६ कात्तिक २५ को इजलासले मगरलाई १४ वर्ष कैद सजाय र २५ हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २८ गते जिल्ला अस्पतालमा भयो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
गिरफ्तार		३	३			
हत्या					१	१
बाल अधिकार	बलात्कार			३		३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			५		५
महिला अधिकार	बलात्कार			१		१
	घरेलु हिंसा			३		३
	यौन दुर्व्यवहार			१		१
	जम्मा			५		५
कूल जम्मा		३	३	१०	३	१३

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१९ मा घरेलु हिंसा पीडित भएको भन्दै १६ जनाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए । कुटपिट तथा गाली गलौज गरेको भन्दै तीन, मार्ने धम्की दिएको पाँच उजुरी दर्ता भए। यसमध्ये १६ ओटा उजुरीमा मेलमिलाप गराइएको प्रहरीले जनायो। मेलमिलाप गराएर पठाइएकाहरू पुनः निवेदन लिएर नआएको प्रहरीले जनायो।

सन् २०१९ मा तेह्रथुम जिल्लामा बलात्कारका घटनामा एकजना, यौन दुर्व्यवहारको घटनामा एकजना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका एक जना आरोपितलाई अदालतले कैद फैसला सुनायो भने एकजनालाई पुर्पक्ष पठाएकोमा यो वर्षको अन्त्यसम्म मुद्दाको टुङ्गो लागेन। यस्तै एकजना अनुसन्धानको लागि यो वर्षको अन्त्यसम्म हिरासतमा रहे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द दुई, स्वास्थ्य चौकी २९, शहरी स्वास्थ्य केन्द्र दुई र सामुदायिक स्वास्थ्य केन्द्र दुईओटा रहेका छन्। एक जना दरबन्दी रहेको मेडिकल सुपरिटेन्डेन्ट नर्वौं तह रिक्त रहेको छ भने मेडिकल अफिसर आठौं तहको चार जनाको दरबन्दी भए अनुसार करारका चारजना कार्यरत छन्। जिल्ला अस्पतालमा स्टाफ नर्स तीन जना र २२ जना अस्पताल विकास समितिबाट कर्मचारी नियुक्ति भएका छन्। एक जनाको दरबन्दी रहेको ल्याब असिस्टेन्ट पद रिक्त छ। जिल्ला अस्पतालमा नेपाल सरकारबाट वितरण गरिने निःशुल्क औषधि, ज्येष्ठ नागरिकको सेवा र अपाङ्गता भएका व्यक्तिहरूलाई समेत विषेश प्राथमिकता दिएर सेवा दिने गरेको जिल्ला अस्पतालका डाक्टर आनन्द देवले बताए । नागरिकको स्वास्थ्यलाई ध्यानमा राख्दै प्रसूति हुन आउने गर्भवती महिलालाई म्याङ्लुङ नगरपालिकाले अस्पताल आउन र सुरक्षित सुत्केरी भएपछि घर फर्किनका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरेको मेयर सञ्जयकुमार तुम्बाहाम्फेले बताए।

विगतको अनुगमन

१५ वर्षीया बालिकालाई २०७५ भदौ २२ गते बलात्कार गरेको आरोपमा सुनसरीको इनरुवा नपा- ८ घर भई छथर गाउँपालिका-१ आङ्दिम स्वास्थ्य केन्द्रमा अहेवका रुपमा कार्यरत २४ वर्षीय सञ्जीवकुमार यादवविरुद्ध पीडित पक्षले भदौ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण भदौ २३ गते जिल्ला अस्पतलामा भयो । भदौ २३ गते प्रहरीले गिरफ्तार गरेका सञ्जीवलाई जिल्ला अदालत तेह्रथुमले २०७५ मङ्सिर १० गते ६ वर्ष कैद र ७० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनाएकोमा सो फैसलाविरुद्ध आरोपितले २०७५ फागुन १७ गते पुनरावेदन दर्ता गरे। उच्च अदालत विराटनगर, इजलासका न्यायाधीश दीक्षित नीता गौतम र वीरेन्द्र कर्णको इजलासले २०७६ कात्तिक २० गते आरोपितले सफाइ पाउने आदेश गर्‍यो।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३		३
यौन दुर्व्यवहार	१	१	२
जम्मा	४	१	५

महिला अधिकार			
घटनाको प्रकार	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
घरेलु हिंसा	२	१	३
यौन दुर्व्यवहार		१	१
जम्मा	२	३	५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
हत्या	१	१

१.९ पाँचथर



जम्मा जनसङ्ख्या	१,८७,५५२
महिला	१,०१,०८३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२१,७२४
कामका लागि बाहिरिएका	१७,८४२
अपाङ्गता भएका	५,०४५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७२
आश्रित जनसङ्ख्या	७५,३१७

यस वर्ष पाँचथर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५१ जना महिला, दुई जना पुरुषसहित ५३ जना र राज्यपक्षबाट नौ जना पुरुषसहित ६२ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना पीडित भएको अभिलेख भयो ।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

मिक्लाजुङ गाउँपालिका–३ आरुबोटेका ६ वर्षीया इक्सा शेर्मा, ८ वर्षीया मुना शेर्मा र १३ वर्षीया युहाना शेर्मासहित उनीहरूका ४१ वर्षीय बुबा धनराज शेर्मा र ३६ वर्षीया आमा जस्मिता फियाक शेर्माको ०७६ जेठ ६ गते राति धारिलो हतियार प्रहारबाट हत्या भयो । यसैगरी, मिक्लाजुङ गाउँपालिका–३ का १२ वर्षीया आशिका खजुम, उनका ७४ वर्षीय हजुरबुबा बमबहादुर फियाक, ७३ वर्षीया हजुर आमा फुर्सिमाया भनिने पिर्चहाङमा फियाक र २६ वर्षीया मनकुमारी फियाकको ०७६ जेठ ६ गते राति धारिलो हतियार प्रहारगरी हत्या भयो। पीडित मनकुमारी फियाकका पति सोही गाउँपालिका–७ का ३१ वर्षीय मानबहादुर माखिमको समेत जेठ ७ गते स्थानीय जङ्गलमा झुण्डिएको अवस्थामा शव फेला

सामूहिक हत्याको घटनामा मारिएकाहरूको दाहसंस्कार गरिँदै

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		६	६			
कुटपिट		३	३			
हत्या				९	१	१०
अपहरण				१		१
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			१४		१४
	विद्यालयमा शारीरिक सजाय				१	१
	यौन दुर्व्यवहार			९		९
	जम्मा			२४	१	२५
महिला अधिकार	कथित बोक्सीको आरोप			३		३
	बलात्कार			६		६
	बहुविवाह			४		४
	घरेलु हिंसा			३		३
	जम्मा			१६		१६
कूल जम्मा		९	९	५१	२	५३

पऱ्यो । सबै शवहरूको पोष्टमार्टम जेठ ८ गते विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भयो। घटनामा भागेर ज्यान जोगाउन सफल १४ वर्षीया सीता लिम्बूको जेठ ६ गते लाइफलाइन अस्पताल, दमक झापामा उपचार भयो । घटनाको विषयमा जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता भयो । केन्द्रीय अनुसन्धान ब्युरो, प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालयबाट समेत अनुसन्धानमा टोली खटिएको भए पनि घटनाका आरोपित भनिएका मानबहादुर माखिमको समेत झुण्डिएको अवस्थामा शव फेला परेपछि घटनाको सत्यतथ्य झनै पेचिलो बन्यो।

गिरफ्तार

यस वर्ष जिल्लामा प्रतिबन्धित नेकपासम्बद्ध एक बालकसहित ६ जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये जिल्ला अदालतले तीन जनालाई साधारण तारेखमा रिहा गऱ्यो भने तीन जनालाई जिल्ला प्रशासन कार्यालयले जरिबानाको फैसला गऱ्यो ।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २० पुरुष र पाँच महिला गरी जम्मा २५ जनाको रहेको छ । कारागारमा अहिले थुनुवा २५ र कैदी १ सय ३७ गरी जम्मा १ सय ६२ जना रहेका छन् । यसमध्ये महिला २० र पुरुष १ सय ४२ रहेका छन् । कारागारमा दुई जना बालक र दुई जना बालिका आश्रित रहेका छन् । कैदीबन्दी बिरामी भएमा जिल्ला अस्पताल लैजानु पर्ने अवस्था रहेको जेलर सुरेन्द्र मुखियाले बताए। जेलभित्र एक जना ७५ वर्षीय ज्येष्ठ नागरिक छन् । कारागारमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, पुस्तकालय र भलिबल, ब्याडमिन्टन, क्यारेम्बोर्ड, बुद्धिचाल, लुडो आदि खेलकुदका सामग्रीहरू राखिएका छन् । कैदीबन्दीहरूका परिवारलाई हप्ताको दुई दिन भेटघाटको व्यवस्था मिलाइएको जेलर मुखियाले बताए।

कारागारमा मृत्यु

विषाक्त खाना (फुड पोइजन)का कारण जिल्ला कारागारमा कैद भुक्तान गरिरहेका तीन जना कैदीको मृत्यु भयो । फालेलुङ गाउँपालिका–८ का २५ वर्षीय बुद्धि केरुङको असोज १९ गते जिल्ला अस्पतालमा र फिदिम नगरपालिका–१० का जयप्रकाश जबेगुको उपचार गर्न लैजाने क्रममा असोज २० गते झापामा मृत्यु भयो । शवको पोष्टमार्टम जिल्ला अस्पतालमा असोज २० गते गरियो । केरुङ बलात्कार र जवेगु कर्तव्य ज्यानसम्बन्धी कसुरमा कैद भुक्तानका लागि कारागारमा रहेका थिए। सोही घटनामा फालेलुङ गाउँपालिका–७ का ३४ वर्षीय सुन्दर केरुङको समेत असोज २५ गते झापाको बीएण्डसी अस्पतालमा मृत्यु भयो । शवको पोष्टमार्टम असोज २६ गते जिल्ला अस्पतालमा भयो भने सोही दिन पीडितका आफन्तले फिदिम नपा–४ स्थित हैंवा घाटमा शवको अन्त्येष्टी गरे । बहुविवाहको मुद्दामा कैद भुक्तान गरिरहेका कुम्मायक गाउँपालिका–४ का दिनेश खजुमको बीएण्डसी अस्पतालमा उपचार भयो । दशैँ मनाउने क्रममा कैदी बन्दीहरूले असोज

१९ गते सुँगुरको मासु खाएको जेलर सुरेन्द्र मुखियाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष देवानीतर्फ ३ सय ३६ थानमध्ये १ सय ७९ थान मुद्दा फैसला भए भने १ सय ५७ थान मुद्दा फैसला हुन बाँकी रहे। फौजदारी मुद्दातर्फ १ सय ७६ थानमध्ये ९३ थान फैसला भए भने ८३ थान मुद्दा फैसला हुन बाँकी रहे। अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्। समयमा नै अदालतले न्याय निरूपण गरिरहेको अदालतका सूचना अधिकारी याम चौहानले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३ आधारभूत र ८२ मावि रहेका छन्। यो शैक्षिक सत्रमा २ हजार १८ बालक र २ हजार ७१ बालिका विद्यालयमा भर्ना भए। यस जिल्लाका सबै विद्यालयमा सुविधायुक्त शौचालय स्थापना गरिएका छन् भने ३ सय १० विद्यालय अपाङ्गमैत्री रहेका छन्। यस शैक्षिक सत्रमा दलिततर्फ १ हजार ३ सय ८९ जना छात्र र १ हजार ६ सय २७ छात्रालाई छात्रवृत्ति वितरण गरिएको छ भने १७ छात्र र २२ छात्रालाई द्वन्द्वपीडित छात्रवृत्ति वितरण गरिएको छ।

यस वर्ष बलात्कार घटनामा १४ जना, यौन दुर्व्यवहार घटनामा नौ जना, बालविवाहका घटनामा एक जना पीडित भएको अभिलेख भयो। बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पीडितलाई क्षतिपूर्तिसहित कैद सजाय सुनायो। दुई जना बाल सुधारगृह र चार जना पुर्पक्षका लागि थुनामा रहे। एक जनाले सफाइ पाए।

बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई ०७५ माघ ११ गते बलात्कार गरेको आरोपमा कुम्मायक गाउँपालिका–२ का २१ वर्षीय आतारे भन्ने एकल लावतीविरुद्ध पीडित पक्षले माघ १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १२ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले माघ १३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरी कारबाही अगाडि बढाएकोमा जिल्ला अदालतका न्यायाधीश मनोज केसीको माघ २० गतेको आदेशमा आरोपित पुर्पक्षमा थुनामा रहेकोमा जिल्ला अदालतले ०७६ जेठ २ गते १८ वर्ष कैद सजाय र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो। बालिकाको स्वास्थ्य परीक्षण माघ १२ गते जिल्ला अस्पतालमा भयो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१९ मा घरेलु हिंसा पीडित भएको भन्दै १ सय जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमा कुटपिट तथा घरनिकाला गरिएका ५५, खानलाउन नदिएका १० जना, अर्की श्रीमती ल्याएर हेला गरेका १५ जना, मार्ने धम्की दिएको १० जना र कथित बोक्सीको आरोप लगाएका तीन जना र अन्य विविधमा सात उजुरी तथा निवेदन दिए। यसमध्ये ९५ ओटा घटना मेलमिलाप गराइएको र पाँच ओटा घटनालाई कानुनी प्रक्रिया अनुसार अगाडि बढाइएको प्रहरीले जनाएको छ।

यस वर्ष बलात्कारका घटनामा सात जना, घरेलु हिंसा घटनामा तीन जना महिला पीडित भएको इन्सेकमा अभिलेख छ। बलात्कार घटनामा जिल्ला अदालतको आदेशले दुई जना आरोपितलाई क्षतिपूर्ति र कैद सजाय सुनायो। एक जना पुर्पक्षका लागि थुनामा छन्। कथित बोक्सीको आरोपमा भएको दुर्व्यवहार बाट तीन जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। चार जना आरोपितको मुद्दा अदालतमा चलिरहेको छ भने एक जना आरोपित फरार रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५८ वर्षीया महिलालाई २०७६ वैशाख २८ गते सामूहिक बलात्कार गरेको आरोपमा फिदिम नपा–१४ का ४५ वर्षीय धनसिङ फागो, सोही स्थानका ३२ वर्षीय मिलन फागो र २९ वर्षीय सोमकुमार फागोविरुद्ध पीडितले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण तथा उपचार भयो। आरोपितमध्ये धनसिङलाई प्रहरीले वैशाख २८ गते लुङ्गरुपाबाट गिरफ्तार गऱ्यो भने फरार दुई जनाको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर अनिल पौडेलले बताए। जेठ २३ गतेदेखि थुनामा रहेका आरोपितलाई जिल्ला अदालतले ८ वर्ष कैद र २० हजार क्षतिपूर्तिको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ४१ स्वास्थ्य चौकी, १२ आधारभूत स्वास्थ्य सेवा केन्द्रमध्ये आठ सञ्चालन रहेका छन् । दुई शहरी स्वास्थ्य केन्द्र र ११ सामुदायिक स्वास्थ्य केन्द्र रहेका छन् । एक जना दरबन्दी रहेको मेडिकल सुपरिटेन्डेन्ट नवौं तह रिक्त रहेको छ । मेडिकल अफिसर आठौं तहको चार जनाको दरबन्दी भए पनि करारका चार जनासहित ६ जना कार्यरत छन् । स्थायी दुई पद रिक्त छन् । जिल्लामा स्त्रीरोग विशेषज्ञ छैनन् । सरकारले घोषणा गरेको स्वास्थ्य बिमा जिल्लामा लागू नभएको जिल्ला स्वास्थ्य कार्यालयका सातौं तहका अधिकृत तेजबहादुर तुम्बापोले बताए । ज्येष्ठ नागरिकले पाउने सुविधा सरकारी अस्पतालमा पाइरहेका छन्

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह		१			१
बलात्कार	३	७		५	१४
विद्यालयमा शारीरिक सजाय			१		१
यौन दुर्व्यवहार	३	३		३	८
जम्मा	४	११	१	८	३४

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप			३	३
बलात्कार	१	३	३	७
बहुविवाह		३	३	४
घरेलु हिंसा	१	१		३
जम्मा	३	६	८	१६

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	१	४

१.१० इलाम



जम्मा जनसङ्ख्या	२,५३,३८८
महिला	१,५२,७८१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२१,००५
कामका लागि बाहिरिएका	६,६५७
अपाङ्गता भएका	७,६३६
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७
आश्रित जनसङ्ख्या	१,०७,३२४

यस वर्ष इलाम जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २८ जना महिला, एक जना पुरुषसहित २९ जना र राज्यपक्षबाट तीन जना पुरुषसहित ३२ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १४ जना पीडित भएको अभिलेख भयो।

गिरफ्तार

यस वर्ष प्रतिबन्धित नेकपाका कार्यकर्ता भएको आरोपमा तीन जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार भएकामध्ये एक जना पार्टीमा नरहेको र बिरामी भएको पुष्टी गरी रिहा भए भने दुई जना पार्टी त्याग गर्ने घोषणा गरी रिहा भए।

कारागार र बन्दी

१ सय २५ जनाको क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारमा २ सय ११ कैदी र ६३ थुनुवा गरी २ सय ७५ जना छन् । जसमध्ये २२ जना महिला छन्। चार वर्षका एक आश्रित बालक पनि कारागारमा छन् । नौ जना कैदी र एक थुनुवा बन्दी गरी १० जना विदेशी छन्।१५ जना मानसिक रोगी पनि छन्। आठ जना ज्येष्ठ नागरिक छन्।

कारागार प्रशासनबाट थुनुवा तथा कैदीहरूप्रति मानवोचित व्यवहार हुने गरेको छ । आफन्तहरूसँग निरन्तर भेटघाट, कानुनी परामर्श, अदालतमा आफ्नो मुद्दा के हुँदैछ भनेर बुझ्ने अवसर दिइएको छ। कारागारभित्र रहेका कैदीबन्दीहरूसँग उनीहरूका कुरा बुझ्न र उनीहरूले चलाएका पेशा, व्यवसायका बारेका भने जान्ने अवसर अधिकारकर्मीलाई अनुमति नभएको कारागार प्रशासनले जनायो । कारागारमा पत्रपत्रिका, रेडियो र टेलिभिजनमार्फत सूचना र मनोरञ्जन लिने गरेको कारागारका चौकीदार प्रेमवाला राईले बताए । घरपरिवारसँग सम्पर्क गर्नका लागि कारागारमा एउटा टेलिफोनको व्यवस्था गरिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना जिल्ला न्यायधीश रहेको इलाम जिल्ला अदालतमा यो वर्ष फौजदारीतर्फ ३ सय १५ मुद्दा दर्तामध्ये १ सय ९८ थान फैसला भए भने १ सय १७ फैसला हुन बाँकी छन्। देवानीतर्फ ६ सय २३ मुद्दामध्ये ४ सय २० फैसला भए भने २ सय ३ ओटा मुद्दा फैसला

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	३			
हत्या				३	१	३
बाल अधिकार	बलात्कार			९		९
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१३		१३
महिला अधिकार	बलात्कार			६		६
	बहुविवाह			८		८
	जम्मा			१४		१४
कूल जम्मा		३	३	३८	१	३९

हुन बाँकी छन्। यस अदालतमा दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

उच्च अदालत बिराटनगर इलाम इजलास

चार जना न्यायाधीश रहेको यस इजलासमा यो वर्ष फौजदारीतर्फ १ हजार ३ सय ३१ थान मुद्दा दर्तामध्ये ७ सय ३३ थान फैसला भए भने ५ सय ९८ थान मुद्दा बाँकी छन्। देवानीतर्फ ४ सय ४४ दर्तामध्ये २ सय ३२ फैसला भए भने २ सय १२ थान बाँकी छन्। रिटतर्फ १ सय २४ दर्तामध्ये ९८ फैसला भए भने २६ थान बाँकी छन्। यस अदालतमा दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

इलाम जिल्लामा ३ सय ११ ओटा आधारभूत विद्यालय र ८९ ओटा मावि छन्। संस्थागततर्फ ७२ ओटा आधारभूत र ४४ ओटा मावि छन्। यस वर्ष आधार भूत तहको कक्षा १–५ मा ७ हजार ५ सय ७१ जना बालिका र ७ हजार ५ सय २० जना बालक भर्ना भएका छन्। जिल्लामा २ सय १ ओटा विद्यालय अपाङ्गमैत्री छन्। जेहेन्दार र सिमान्तकृत, दलित बालबालिकाका लागि स्थानीय तहमार्फत छात्रवृत्ति वितरण गरिएको छ। द्वन्द्वपीडित विद्यार्थीका लागि यो वर्ष ४ लाख ३४ हजार रुपियाँ निकासा भएको र वितरण गर्न बाँकी रहेको छ।

दलित, अपाङ्गता भएकालगायतका लक्षित वर्गका बालबालिकालाई भने उच्च तहसम्म निःशुल्क शिक्षाको व्यवस्था जिल्लामा गरिएको छ। सतप्रतिशत बालबालिकाको विद्यालयमा पहुँच नभए पनि ९७ प्रतिशत बालबालिकाको विद्यालयमा पहुँच रहेको जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख शम्भु थापामगरले बताए। बालन्याय सम्बन्धमा बालबिज्याईमा परेका बालबालिकालाई बालगृह, पुनर्स्थापना केन्द्रमा र अभिभावको हेरचाहमा पठाएको पाइयो। जिल्लामा स्थानीय तह र गैरसरकारी संस्थाहरूले बालबालिकाका क्षेत्रमा बालबालिकालाई समावेश गरी हाजिरी जवाफ, वक्तृत्वकला, खेलकुदजस्ता रचनात्मक कार्यक्रम र बालख अधिकार रक्षाका लागि सचेतनामूलक कार्यक्रम गरेको पाइयो।

यस वर्ष जिल्लामा बाल अधिकार उल्लङ्घनमा १२ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा नौ जना र यौन दुर्व्यवहार घटनामा तीन जना पीडित भए। बलात्कार घटनामा जिल्ला अदालतले दुई जनालाई जरिवाना, क्षतिपूर्ति र कैद सजाय सुनायो भने तीन जनाले क्षतिपूर्ति र कैद सजाय पाए। अदालतले एक जना बालक अभिभावकको जिम्मा लगायो भने तीन जना पुर्पक्षका लागि थुना गए। यौन दुर्व्यवहार घटनामा दुई जना पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई २०७५ फागुन १२ गते विवाह गरेर बलात्कार गरेको आरोपमा फाकफोकथुम गाउँपालिका–६ का २६ वर्षीय गोपाल राईविरुद्ध पीडितका आफन्तले २०७६ वैशाख २४ गते जिल्लाप्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले राईलाई वैशाख २४ गते घरैबाट गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले वैशाख २४ गते जिल्ला अदालतमा बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढाएकोमा जिल्ला अदालतको जेठ १७ को आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा गए। जिल्ला अदालतको ०७६ कात्तिक ४ गते आरोपितलाई १८ वर्ष कैद सजाय र पीडितले पाउने गरी ५० हजार रूपियाँ क्षतिपूर्ति भराउने आदेश दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख २४ गते भएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट एक, गालीगलौज १०,

खानलाउन नदिएको चार, शारीरिक, मानसिक, आर्थिक यातना चार, एकआपसको असमझदारी ६ लगायत गरी ३७ उजुरी थिए। यीमध्ये प्रहरीले ३६ ओटा मुद्दाको मिलापत्र गराएको जनायो । एउटा कुटपिटको घटनामा मिलापत्र गराएर पठाएको र पुनः कुटपिट भएको भन्दै उजुरी आएको प्रहरीले जनायो। दोस्रो पटक पुनः मिलापत्र गराएको प्रहरीले जनायो।

यस वर्ष जिल्लामा बलात्कार घटनामा ६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । घरेलु हिंसाका घटनामा परिवारजनबाट हत्यामा दुई जना पीडित भए । बलात्कार घटनामा जिल्ला अदालतको आदेशले दुई जना आरोपितलाई क्षतिपूर्ति र कैद सजाय सुनायो भने एक जनाले सफाइ पाए। चार जना पुर्पक्षका लागि थुना छन्।

परिवारजनबाट हत्या

सन्दकपुर गाँउपालिका–५ की ३५ वर्षीया नीरमाया गुरूङको ०७५ पुस २७ गते हत्या गरेको आरोपमा प्रहरीले ३५ वर्षीय पति सोमबहादुर गरूङलाई सोही दिन घरैबाट गिरफ्तार गऱ्यो । मादक पदार्थ सेवन गरी भएको विवादमा रक्सीको बोटलले टाउकोमा हिर्काउँदा निरमायाको ज्यान गएको प्रहरीले जनायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा पुस २८ गते गरी माइतीपक्षलाई जिम्मा लगाएको प्रहरीले जनायो । शवको सदगत् पुस २८ गते सन्दकपुरको जमुनामा बौद्ध संस्कार अनुसार गरियो। प्रहरीले आरोपित विरुद्ध पुस २८ गते जिल्ला अदालतमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी कानुनी कारबाही अघि बढाएकोमा अदालतको पुस २ ९ को आदेशमा आरोपित पर्पुक्षका लागि थुनामा गए। न्यायाधीश इन्द्रकुमार चोङ्गटेन्लीको ०७६ भदौ १३ को इजलासले कसुर ठहर गर्दै ११ वर्ष कैद सजाय र १ लाख १० हजार रूपियाँ जरिबानाको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बौद्धिक अपाङ्गता भएकी ३० वर्षीया महिलालाई ०७५ चैत २३ गते बलात्कार गरेको आरोपमा जिल्ला पाँचथर फिदिम– ७ का २० वर्षीय आदेश राईविरूद्ध पीडित पक्षले चैत २४ गते इलाका प्रहरी कार्यालय, पशुपतिनगरमा उजुरी दिए । फिदिम घर भई सूर्योदय नगरपालिका– १० मा ज्याला मजदुरी पेसा गर्दै आएका आरोपितलाई प्रहरीले ०७६ वैशाख ८ गते प्रहरीले फिक्कलबाट गिरफ्तार गऱ्यो । जिल्ला अदालतका न्यायाधीश इन्द्रकुमार चोङ्गटेन्लीको ०७६ भदौ २२ को इजलासले ७ वर्ष कैद सजाय र पीडितले पाउने गरी ४० हजार रूपियाँ क्षतिपूर्ति भराउन फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

इलाममा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४४ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, चार नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित एक सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा सात जनाको दरबन्दी रिक्त छ । ६ जना स्टाफ नर्सको दरबन्दीमा एक खाली, एक जना बिदा, अनमी पाँच जनाको दरबन्दीमा तीन कार्यरत छन् । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन। जिल्लामा ७० हजार ५ सय ५६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक लागि निःशुल्क बीमा कार्यक्रममा पनि १० हजार ४ सय २३ जनाको बीमा गरिएको छ । स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि झापाको बिर्तामोड वा मोरङको विराटनगर र सुनसरीको धरान जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो । अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	५	४	९
यौन दुर्व्यवहार		३	३
जम्मा	५	७	१२

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		२	४	६
बहुविवाह	२		६	८
जम्मा	२	२	१०	१४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१	३

१.११ झापा

जम्मा जनसङ्ख्या	८,६५,०६४
महिला	४,६५,०५२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,७३६
कामका लागि बाहिरिएका	८०,६२५
अपाङ्गता भएका	१५,३६७
५ वर्षमाथिको साक्षरता प्रतिशत	७७.७
आश्रित जनसङ्ख्या	३,५२,००६

यस वर्ष झापा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ५९ जना महिला र १० जना पुरुष गरी १ सय ६९ जना र राज्यपक्षबाट ३१ जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो । अन्य पक्षबाट तीन जना महिला कथित बोक्सीको आरोपमा पीडित भए । हत्या गरिएकामध्ये तीन जना महिलाको परिवारजनबाटै हत्या भएको इन्सेकमा अभिलेख भयो । राज्य पक्षबाट ३० जना गिरफ्तार र एक जना बालकको प्रहरी हिरासतमा मृत्यु भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा ७० जना,महिला अधिकार उल्लङ्घनका घटनामा ८५ जना पीडित भए ।



गिरफ्तार

यस वर्ष झापा जिल्लाबाट प्रतिबन्धित नेकपाका २९ जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये ११ जना जिल्ला अदालतको आदेशमा रिहा भए । तीन जनाले धरौटी रकम बुझाउन नसकेपछि कारागार चलान भए र १५ जना जिल्ला प्रशासन कार्यालयको आदेशमा धरौटीमा रिहा भए ।

प्रतिबन्धित नेकपा जिल्ला सेक्रेटरी इलाम जिल्ला माङ्गसेबुङ गाउँपालिका– १ का ३४ वर्षीय प्रवीण मिश्र (मनिष) र झापा हल्दिबारी गाउँपालिका– ५ निवासी प्रतिबन्धित नेकपाका झापा जिल्ला सदस्य ४४ वर्षीय टीका पोखरेललाई २०७६ भदौ ३० गते बिर्तामोडबाट प्रहरीले गिरफ्तार गऱ्यो । जिल्ला अदालतले ०६७ कात्तिक ५ गते आरोपित मिश्रलाई १ लाख रुपियाँ र पोखरेललाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा आरोपितद्वयले धरौटी रकम बुझाउन नसकेपछि असोज १२ गते कारागार चलान भएको झापा जिल्ला न्यायाधिवक्ता केशवप्रसाद पन्तले बताए ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ३ सय ५० जनाको छ । जसमा कैद तोकिएका ४ सय ४४जना पुरुष ४४ महिला गरी ४ सय ८८ जना र कैद नतोकिएका ६ सय १४ जना पुरुष ४७ जना महिला गरी ६ हजार ६१ जना छन् । कारागारमा सात जना आश्रित बालबालिका रहेका छन् । क्षमताभन्दा तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । मानव बेचबिखन तथा ओसारपसार मुद्दामा कैद भुक्तानी गर्दै आएकी ४७ वर्षीया हिमाकुमारी दाहाल,

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				३	१	३
अमानवीय व्यवहार					१	१
अपहरण					१	१
गिरफ्तार		३०	३०			
हिरासत वा थुनामा मृत्यु		१	१			
धम्की					१	१
हत्या				३	५	८
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१		१
	बलात्कार			४७		४७
	यौन दुर्व्यवहार			३१	१	३३
	जम्मा			६९	१	७०
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			११		११
	कथित बोक्सीको आरोप			३		३
	बलात्कार			३६		३६
	बलात्कार प्रयास			८		८
	बहुविवाह			१९		१९
	बेचबिखन तथा ओसारपसार			६		६
	घरेलु हिंसा			१		१
	यौन दुर्व्यवहार			१		१
	जम्मा			८५		८५
कूल जम्मा		३१	३१	१५९	१०	१६९

ठगी मुद्दामा थुनामा रहेका ६८ वर्षीय दिनेश भन्ने नित्यरत्न शाक्य, जबरजस्तीकरणी मुद्दामा कैद भुक्तान गरिरहेका ७४ वर्षीय लालबहादुर परियार र बलात्कार मुद्दामा कैद भुक्तान गरिरहेका २६ वर्षीय अनिल उराउको विभिन्न प्रकारका दीर्घरोगका कारण उपचारका क्रममा मृत्यु भएको जेलर राजेन्द्र निरौलाले बताए।

हिरासतमा मृत्यु

मेचीनगर नगरपालिका–६ का १५ वर्षीय किरण कार्की ढोलीदर्जीको इलाका प्रहरी कार्यालय, बिर्तामोडको हिरासतमा २०७६ वैशाख २ गते मृत्यु भयो। मोबाइल र पैसा चोरी गरेको आरोपमा बिर्तामोड नगरपालिका–१ का दामोदर अधिकारीले चैत २९ गते आरोपित बालकलाई इलाका प्रहरी कार्यालय, बिर्तामोडमा बुझाएका थिए । प्रहरीले चैत २९ गते स्थानीय सञ्चारकर्मीलाई एक भारतीय बालक बेवारिसे अवस्थामा फेला परेको सूचना प्रवाह गरेको थियो । सञ्चार कर्मीले २०७६ वैशाख १ गते सो विषयमा जिज्ञासा राखेपछि इलाका प्रहरी कार्यालयका डिएसपी सुवास खड्काले बालकको ठेगाना मेचीनगर नगरपालिका–६ भएको र परिवारलाई जानकारी दिएको बताए । बालकले वैशाख २ गते हिरासतमा झुण्डिएर आत्महत्या गरेको भन्दै प्रहरीले पीडितका बाबु रमेश कार्की ढोली दर्जीलाई मेची अञ्चल अस्पताल पुऱ्याएर शवको पोष्टमार्टम गरेको थियो । भाइको शव प्रहरीले घरमा ल्याएर छोडेपछि घटनाबारे जानकारी भएको मृतक बालकको दिदी प्रतिमा कार्की ढोली दर्जीले बताइन् । हिरासतमा गैरन्यायिक र शंकास्पद मृत्यु भएको विषयमा सञ्चारकर्मी र अधिकारकर्मीले स्थानीय प्रशासनमा प्रश्न उठाएपछि प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख लगायतले सो विषयमा निष्पक्ष छानबिन गर्ने बताए । घटनाबारे इन्सेकले स्थलगत अनुगमन गरेको थियो । राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ कार्यालयले घटना भएको ११ दिनपछि घटनाबारे चासो देखायो । घटनामा अनुसन्धान गर्ने जिम्मा आयोगलाई दिने र आयोगले प्रतिवेदन सार्वजनिक गरेपछि दोषीलाई कारबाही गर्ने सहमति भएकोमा आयोगको प्रतिवेदन ०७६ पुस १५ गतेसम्म सार्वजनिक भएन । बालकले हिरासत भित्र आत्महत्या गरेकाले ड्यूटीमा रहेका प्रहरीलाई विभागीय कारबाही गरिएको र बालकले आत्महत्या गरेको पोष्टमार्टम रिपोर्टमासमेत

खुलेको जिल्ला प्रहरी कार्यालयका डिएसपी महेन्द्रकुमार श्रेष्ठले बताए । कानुनी कारबाहीका लागि कहाँ कतै उजुरबाजुर नगरेको मृतकका बाबु रमेश कार्की ढोलीदर्जीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत रहेका छन् । यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार १ सय ६६ मध्ये १ सय ८८ थान फैसला भए भने ९ सय ७८ थान फैसाला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ८ सय ९५ मध्ये ४ सय ५७ थान फैसला भए भने १ हजार ४ सय ३८ थान फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा ४२ र देवानी मुद्दा ६५ थान बाँकी रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष झापा जिल्लामा १ लाख २१ हजार ६ सय २७ बालक र १ लाख १७ हजार ७ सय ४१ बालिका विद्यालय भर्ना भए । अपाङ्गमैत्री विद्यालयको तथ्याङ्क नरहेको भए पनि शहीद परिवार र द्वन्द्वपीडित परिवारका ८३ बालबालिकाले १ लाख ६४ हजार रुपियाँ छात्रवृत्ति पाएको जिल्ला समन्वय इकाइका प्रमुख जयप्रसाद महतले बताए । कक्षा १२ सम्म निःशुल्क शिक्षा भनिएता पनि विद्यालयले विभिन्न वहानामा शुल्क लिने गरेका छन्।

यसवर्ष झापा जिल्लामा बाल अधिकार उल्लङ्घनमा ६९ जना बालिका सहित ७० जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा ४७ जना र यौनदुर्व्यवहार घटनामा २१ जना बालिका पीडित भए। बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो। १५ जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । पाँच जना आरोपित बाल सुधार गृहमा छन् । दुई जना आरोपितलाई परिवारको जिम्मा रिहा भए । एक जना आरोपित यस वर्षको अन्त्यसम्म पनि फरार रहे । बेचबिखन घटनाका एक जना उजुरीकर्ताले झुटो मुद्दा दर्ता गरेको कसुरमा जिल्ला अदालतले जरिबानाको फैसला सुनायो । यौन दुर्व्यवहार घटनामा एक जना आरोपितलाई जिल्ला अदालतको कैद सजायको फैसला सुनायो । तीन जना आरोपित धरौटीमा रिहा भए । नौ जना आरोपित पुर्पक्षको लागि थुना छन् । एक जना आरोपित अभिभावकको जिम्मा र एक जना आरोपित यसवर्षको अन्त्यसम्म फरार रहे।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७५ माघ २१ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका–१५ का ३१ वर्षीय विमल हस्दाविरुद्ध पीडित पक्षले माघ २२ गते इलाका प्रहरी कार्यालय, धुलाबारीमा उजुरी दिए । आरोपितलाई प्रहरीले माघ २२ गते गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २२ गते मेची अञ्चल अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरी कानुनी कारबाही अघि बढाएको मा जिल्ला अदालत झापाको ०७५ फागुन १९ को आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा रहेकामा जिल्ला अदालत झापाको जेठ १ गते को कसुर ठहर गर्दै पीडकलाई १३ वर्ष कैद र ५० हजार रूपियाँ जरिवानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

झापामा यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ८५ महिलाले महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २५, खान/लाउन नदिएको २८, विवाह दर्ता र नागरिकता नबनाएको १०, अर्की श्रीमती ल्याएर हेला गरेको १५, दाइजो नल्याएको भनी हेला गरेको १० र सामान्य घरायसी झगडाका ९७ ओटा घटना छन् । यीमध्ये प्रहरीले १ सय ४० ओटा उजुरीमा मिलापत्रमा टुङ्गिएको र ४५ ओटा उजुरी कार बाही प्रक्रियामा रहेको डिएसपी महेन्द्रकुमार श्रेष्ठले बताए । घरेलु हिंसाका घटनाका पीडित महिलाको अधिकार स्थापित गर्ने गरी मात्रै मिलापत्र गर्ने गरेको र अपराधिक तथा बहुविवाहका घटनामा मिलापत्र गर्ने नगरिएको डिएसपी श्रेष्ठले बताए।

सन् २०१९ मा झापा जिल्लामा बलात्कारका घटनामा ३६ जना, बलात्कारको प्रयास घटनामा आठ जना, बेचबिखन तथा ओसार पसार प्रयास घटनामा ११ जना, कथित बोक्सीको आरोपमा तीन जना गरी ८५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो । १२ जना आरोपित पुर्पक्षको लागि थुनामा छन् । एक जना धरौटी बुझाउन नसकेपछि थुनामा

गए । एक जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे । बलात्कार घटनाका एक जना उजुरीकर्ताले झुटो उजुरी दिएको कसुरमा जिल्ला अदालते जरिवानाको फैसला सुनायो ।

बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो । चार जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । एक जना आरोपितलाई बालक भएकाले अभिभावकको जिम्मा लगाउन अदलतले आदेश गऱ्यो । एक जना यसवर्षको अन्त्यसम्म फरार रहेको अभिलेख भयो । बेचबिखन तथा ओसारपसार घटनाका ११ जना आरोपित जिल्ला आदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन् । एक आरोपित धरौटीमा रिहा भए । दुई जना आरोपित यसवर्षको अन्त्यसम्म फरार रहेको अभिलेख भयो । कथित बोक्सी घटनाका दुई जना आरोपित जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षको लागि थुनामा छन् । एक जना आरोपित धरौटीमा रिहा भए भने एक आरोपित यसवर्षको अन्त्यसम्म फरार रहेको इन्सेकमा अभिलेख भयो ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार,

७६ वर्षीया एक वृद्धालाई ०७५ फागुन १ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका–५ नकालबन्दका २३ वर्षीय इन्द्रबहादुर लिम्बूविरुद्ध पीडित पक्षले फागुन १ गते इलाका प्रहरी कार्यालय काड्डभिट्टामा उजुरी दिए । प्रहरीले सोही दिन आरोपिलाई गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण फागुन १ गते मेची अञ्चल अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जिल्ला अदालत झापामा बलात्कार शीर्षकमा ०७६ फागुन १३ गते मुद्दा दर्ता गरी कानुनी कारबाही अघि बढाएकोमा ०७५ फागुन २६ गतेको आदेशले पुर्पक्षका लागि थुनामा पठाएको प्रहरीले जनायो । न्यायाधीश नारायणप्रसाद पराजुलीको एकल इजलासले ०७६ जेठ २४ गते ५ वर्ष कैदको फैसला गरेको श्रेस्तेदार दुर्गाप्रसाद खनालले जानकारी दिए ।

परिवारजनबाट हत्या

मेचीनगर नगरपालिका–१५ की ३४ वर्षीया चम्पली राजवंशीलाई २०७५ फागुन १४ गते कोदालो प्रहार गरी हत्या गरेको आरोपमा ३४ वर्षीय पति लखिन्द्र राजवंशीलाई इलाका प्रहरी कार्यालय, धुलाबारीले गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम सोही दिन मेची अञ्चल अस्पताल भद्रपुरमा भयो । प्रहरीले आरोपित विरूद्ध झापा जिल्ला अदालतमा चैत १० गते हत्या शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले फागुन १४ गतेको पुर्पक्षका लागि थुनामा पठाएकोमा २०७६ भदौ १९ गते जिल्ला न्यायाधीश युवराज गौतमको इजलासले २५ वर्ष कैद सजायको फैसला सुनायो ।

स्वास्थ्य सेवाको अवस्था

एउटा अञ्चल अस्पताल, एउटा पालिकास्तरको अस्पताल, ४३ ओटा स्वास्थ्य चौकी र ६ ओटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । जनसङ्ख्याका आधारमा स्वास्थ्य सेवा तथा मानवीय स्रोत पर्याप्त छैन । निःशुल्क उपचारको व्यवस्था अस्पताल प्रशासन आफैंले प्रचलित नियमका आधारमा गर्ने गरेको छ ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१			१
बलात्कार	३	१	४३	४६
यौन दुर्व्यवहार	१	१	१६	१९
जम्मा	५	२	६०	६६

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास	१		६	८
कथित बोक्सीको आरोप			३	३
बलात्कार	२	६	२८	३६
बलात्कारको प्रयास	१	२	५	८
बहुविवाह	५		१४	१९
बेचबिखन तथा ओसारपसार	२			२
घरेलु हिंसा			१	१
यौन दुर्व्यवहार			१	१
जम्मा	११	८	५९	७८

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२	४	८

१.१२ मोरङ



जम्मा जनसङ्ख्या	१०,१५,४२१
महिला	५,३३,५३७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	६
प्रदेशसभा निर्वाचन क्षेत्र	१२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,५८,२६१
कामका लागि बाहिरिएका	१७,०५३
अपाङ्गता भएका	६,२१५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८६
आश्रित जनसङ्ख्या	३,५८,५१५

यस वर्ष मोरङ जिल्लामा अन्यपक्षबाट १ सय २२ जना महिला, १३ जना पुरुष गरी १ सय ३५ जना र राज्यपक्षबाट १६ जना पुरुष गरी १ सय ५१ जना पीडित इन्सेकले अभिलेख गऱ्यो । यस वर्ष कथित बोक्साबोक्सी आरोपमा एक पुरुष र तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

गिरफ्तार

यस वर्ष मोरङ जिल्लामा प्रतिबन्धित नेकपाका १४ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये तीन जनाले जिल्ला अदालतबाट सफाइ, एक जना जिल्ला प्रशासनमा धरौटी बुझाएर रिहा भए। एक जना सर्वोच्च अदालतको बन्दी प्रत्यक्षीकरणको रिटबाट रिहा भए । पाँच जना जिल्ला अदालतको आदेशमा पुर्पक्षमा र चार जना वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे।

भोजपुर जिल्ला आमचोक गाउँपालिका–६ निवासी प्रतिबन्धित नेकपाका मोरङ इञ्चार्ज ३८ वर्षीय कृष्णकुमार श्रेष्ठ (प्रज्वल) लाई २०७५ चैत १३ गते सुन्दरहरैचा नगरपालिका–८ सलकपुरमा हिँडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गऱ्यो। श्रेष्ठलाई सोही दिन अनुसन्धानका लागि धरान लगिएको जिल्ला प्रहरी कार्यालय मोरङका एसपी मनोजकुमार केसीले बताए । कृष्णकुमारको परिवारले चैत १७ गते सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकामा अदालतले रिट खारेज गऱ्यो। जिल्ला अदालत सुनसरीले २०७६ वैशाख १७ गते ५० हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो । आदेश बमोजिमको रकम नबुझाएपछि अदालतले पुर्पक्षका लागि थुनामा पठायो । भदौ ९ गते धरौटी रकम बुझाएपछि श्रेष्ठ रिहा भए । रिहा हुने बित्तिकै अदालत परिसर बाटै प्रहरीले पुनः गिरफ्तार गरी सङ्खुवासभा पठायो। सङ्खुवासभामा रहँदासम्म कहाँ कुन अवस्थामा छ ? भन्नेबारे परिवारलाई समेत कुनै जानकारी नदिएको श्रेष्ठकी पत्नी सृजना तिम्सिनाले बताइन्। सङ्खुवासभा प्रहरीले जिल्ला अदालतमा भदौ १२ गते पेश गरेकोमा अदालतको भदौ १६ को आदेशमा श्रेष्ठ साधारण तारेखमा रिहा भए । रिहा भएलगत्तै अदालत हाताभित्र बाटै प्रहरीले पुनः गिरफ्तार गरी सुनसरी

पठायो । २०७६ जेठ १३ गते सुनसरीको इटहरी धरान सडक खण्डमा बम राखेको भनेर (बम विस्फोट तथा संगठित अपराध)सम्बन्धी मुद्दाको अभियोग लगायो । जेठ १३ गते श्रेष्ठ धरौटी रकम नबुझाएका कारण झुम्का कारागारको थुनामा रहेका थिए । श्रेष्ठका आफन्तले सर्वोच्च अदालतमा भदौ २४ गते बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकोमा सो उपर कारबाही गर्दै सर्वोच्च अदालतले असोज १० गते रिहा गर्न आदेश दियो ।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ५० महिला र २ सय ५० पुरुष गरी ३ सय जनाको छ । तर, कारागारमा ८९ महिला र ८ सय ३१ जना पुरुष छन् । कारागारमा तीन वर्ष मुनीका चार जना बालक र तीन जना बालिका आश्रित छन् । क्षमता भन्दा तीन गुणा कैदी बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । बालबालिकाको रेखदेखका लागि अन्य कुनै व्यवस्था नभएको कारागारका निमित्त प्रमुख रामप्रसाद पोखरेलले बताए । कैदीबन्दीको स्वास्थ्य उपचारका लागि एक जना सिनियर अहेवको दरबन्दी रहेको र थप उपचार गर्नु परेमा कोशी अस्पताल लगिने गरेको पोखरेलले जानकारी दिए । २०४५ सालमा स्थापना भएको जिल्ला कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा खानबस्न समस्या भएको छ । पुरुष बस्ने एउटा भवन जीर्ण छ । आलोपालो गरेर सत्नुपर्ने अवस्था छ । कोठाअभावले कैदीहरू कोचिएर बस्नुपर्ने अवस्था रहेको निमित्त प्रमुख पोखरेलले बताए । यो वर्ष कारागारमा बैङ्क कसुर मुद्दामा कैद भुक्तान गरिरहेका लेटाङ नगरपालिका–३ का २८ वर्षीय अशोक राईको असोज ९ गते मृत्यु भयो ।

कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजनको व्यवस्था रहेको निमित्त प्रमुख पोखरेलले बताए । थुनुवा र कैदीका आफन्तसँग हप्तामा चार दिन भेटघाटको व्यवस्था मिलाइएको अधिकारीले बताए ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

१२ जना न्यायाधीश रहेको उच्च अदालत विराटनगरबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार १ सय २० मध्ये १ हजार ४ सय ६८ थान फैसला भए भने देवानी मुद्दातर्फ ४ हजार २ सय ३९ मध्ये ३ हजार ३ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ५ र देवानी मुद्दा १५ थान बाँकी रहेको अदालतका उपरजिष्ट्रार विष्णुजङ्ग सिजापतिले बताए ।

जिल्ला अदालत

आठ जना न्यायाधीश रहेको जिल्ला अदालत मोरङबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ८ सय ८५ मध्ये ९ सय २५ थान फैसला भए भने देवानी मुद्दा तर्फ १ हजार ३ सय ७७ मध्ये ४ सय ९७ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १२ र देवानीमुद्दा २४ थान बाँकी रहेको अदालतका सूचना अधिकारी युवराज पौडेलले बताए ।

अमानवीय व्यवहार

सुन्दरहरैचा नगरपालिका–११ का ५० वर्षीया महिला र उनका ६० वर्षीय पतिलाई कथित बोक्साबोक्सीको आरोपमा २०७६ वैशाख १० गते कुटपिट गरेको आरोपमा सोही ठाउँका ६३ वर्षीय टुनका खवास, ३५ वर्षीय श्यामलाल खवास, ३१ वर्षीय रामकुमार (मनिष)खवास र ३० वर्षीय शशिकला खवासविरूद्ध जिल्ला प्रहरी कार्यालयमा वैशाख ११ गते पीडित पक्षले उजुरी दियो । एकै परिवारका चारै जना आरोपितलाई प्रहरीले वैशाख ११ गते गिरफ्तार गऱ्यो । वैशाख १० गते रातभर आफ्नै घरमा धामी बसेकी शशिकलाले घरका सदस्य बिरामी भइरहने कारण पीडित छिमेकी दम्पतीलाई कथित बोक्साबोक्सी भएको बताएपछि सुतिरहेका ठाउँबाट उनीहरूलाई घरबाट बाहिर निकाली कुटपिट गरेको पीडितद्वयले बताए । घाइतेद्वयको उपचार वैशाख ११ गते कोशी अञ्चल अस्पतालमा भयो । आरोपितहरूलाई जिल्ला अदालतले वैशाख ३१ गते पुर्पक्षका लागि थुनामा पठायो । न्यायाधीश राजकुमार कोइरालाको मङ्सिर २ गतेको इजलासले आरोपितहरूले कसुर गरेको ठहर गऱ्यो । कोइरालाकै मङ्सिर १८ गतेको इजलासले श्याम, टुनका र शशिकलालाई जनही एक वर्ष कैद र १०/१० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो । सोही आदेशले मनिषलाई ५ वर्ष कैद, ५० हजार रुपियाँ जरिबाना र २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो ।

बाल अधिकार

शिक्षाको अवस्था

मोरङमा ५ सय ८५ आधारभूत र ३ सय १६ माविं छन् । सामुदायिक विद्यालयतर्फ ९ सय ४२

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
अमानवीय व्यवहार				१	१	२
गिरफ्तार		१६	१६			
कुटपिट					७	७
हत्या				७	२	९
बाल अधिकार	बालश्रम			१		१
	बेचबिखन तथा ओसारपसार			२	१	३
	बलात्कार			३२		३२
	विद्यालयमा शारीरिक सजाय			१		१
	यौन दुर्व्यवहार			२२	१	२३
	जम्मा			५८	२	६०
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	कथित बोक्सीको आरोप			३		३
	बलात्कार			१६		१६
	बलात्कार प्रयास			१०		१०
	बहुविवाह			१४		१४
	बेचबिखन तथा ओसारपसार			४		४
	घरेलु हिंसा			७		७
	यौन दुर्व्यवहार			१		१
	जम्मा			५६		५६
कूल जम्मा		१६	१६	१२२	१३	१३५

प्रारम्भिक बालविकास केन्द्र, ४ सय ८ आधारभूत र १ सय ५३ मावि छन् । संस्थागत विद्यालयतर्फ १ सय ७७ आधारभूत र १ सय ६३ मावि छन् । यस वर्ष सामुदायिकतर्फ १ हजार ५ सय १८ बालक र ९ हजार ८ सय ३६ बालिका भर्ना भए । संस्थागततर्फ ६ हजार २ सय ७७ बालक र ४ हजार १ सय १२ बालिका भर्ना भए ।

विद्यार्थी भर्ना हुँदा आधारभूत तहसम्म कुनै पनि शुल्क नलिएको तथा दलित अपाङ्गता भएकालाई उच्च तहसम्म निःशुल्क शिक्षाको व्यवस्था भएको शिक्षा विकास तथा समन्वय इकाइका अधिकृत शालिग्राम दाहालले बताए । यस वर्ष द्वन्द्वपीडित परिवारका ३१ बालबालिकाले ४ लाख २० हजार रुपियाँ छात्रवृत्ति पाए ।

यस वर्ष मोरङ जिल्लामा बालअधिकार उल्लङ्घनका घटनामा ६० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये बलात्कारपछि हत्याबाट एक जना, बलात्कारका घटनामा ३२ जना, यौन दुर्व्यवहारका घटनामा एक बालक सहित २३ जना, बेचबिखनका घटनामा तीन जना र बालश्रमको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७५ फागुन २५ गते बलात्कार गरेको आरोपमा उर्लावारी नगरपालिका –३ का २५ वर्षीय चन्द्रमणि आचार्यविरुद्ध पीडित पक्षले फागुन २७ गते इलाका प्रहरी कार्यालय कार्यालयमा उजुरी दिए । आरोपितलाई प्रहरीले ०७५ फागुन २८ गते गिरफ्तार गऱ्यो । आरोपितविरूद्ध प्रहरीले चैत २४ गते मुद्दा दर्ता गरी कारवाही अघि बढाएकोमा चैत २६ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा गए । न्यायाधीश राजेन्द्र अधिकारीको २०७६ पुस ६ गतेको इजलासले कसुर ठहर गर्दै १४ वर्ष कैद सजाय र २० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो ।

नौ वर्षीय बालकलाई २०७५ माघ ६ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडितका आफन्तले लेटाङ नगरपालिका–२ का २६ वर्षीय कञ्चन देवानविरुद्ध पीडित पक्षले माघ ८ गते इलाका प्रहरी कार्यालय लेटाङमा उजुरी दियो । प्रहरीले आरोपितलाई माघ ८ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालतले २०७६ असार २२ गते आरोपितलाई १६ वर्ष कैद र पीडितले पाउने गरी २५ हजार रुपियाँ क्षतिपूर्तिको फैसला गऱ्यो । पीडित

बालकको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ८ गते भयो।

बलात्कारपछि हत्या

विराटनगर महानगरपालिका- ८ की १० वर्षीया रूपमती दासको शव २०७५ माघ १३ गते बलुवाईस्थित सिंगिया खोलामा हत्या गरेर फालिएको अवस्थामा फेला पऱ्यो। माघ १२ गते राति छिमेकीको घरमा टिभी हेर्न भनी गएकी बालिका बिहानसम्म पनि घर नफर्केपछि खोजी गर्दा उनको शव भेटिएको थियो। बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले सोही ठाँउका १९ वर्षीय चन्दु महतो र २५ वर्षीय अब्बास अन्सारीलाई माघ १८ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, मोरङका एसपी मनोज केसीले बताए। टिभी हेर्न घरबाट निस्किएकी बालिकालाई बाटोमा एक्लै देखेपछि आरोपितहरूले बोकेर लगी बलात्कारपछि घाँटी थिचेर हत्या गरेको एसपी केसीले बताए। जिल्ला अदालतको ०७५ फागुन १५ गतेको आदेशमा आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडितभन्दै ६६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ३१, खान/लाउन नदिएका १५, घरायसी झगडाका २० घटना छन्। यीमध्ये प्रहरीले ५८ ओटा घटनामा मिलापत्र गरायो। आठ ओटा उजुरी कारबाही प्रक्रियामा छन्। यो शाखामा आउने घरेलु हिंसाका घटनालाई ठाडो उजुरी दर्ता गर्ने र पीडित र आरोपित पक्षबीच मिलापत्र गराउने गरिएको इन्स्पेक्टर जमुना बस्नेतले बताइन्। घरेलु हिंसाका घटनालाई कानुनी प्रक्रियामा लैजाने गर्दा आरोपित र पीडित सम्पर्कमा नआउने गरेका कारण ठाडो उजुरीका आधारमा समस्या समाधान गर्दै आएको इन्स्पेक्टर बस्नेतले बताइन्। बहुविवाह तथा अन्य आपराधिक घटनाको मिलापत्र नगराएको उनले बताइन्।

यो वर्ष मोरङ जिल्लामा ५६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। परिवारजनबाट हत्या चार, बलात्कार घटनामा १६, बलात्कार प्रयासका घटनामा १०, बेचबिखनका घटनामा चार, कथित बोक्सी आरोप घटनामा तीन जना र सात जना महिला घरेलु हिंसाबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। हत्या घटना दुई जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षमा र तीन जना आरोपित फरार रहेको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका सात जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। दुई जना आरोपित फरार, अदालतले तीन जनालाई कैद सुनायो, बलात्कार प्रयासका घटनामध्ये जिल्ला अदालतको आदेशमा तीन जना पुर्पक्षका लागि थुनामा छन्। तीनजना फरार रहे। एउटा मुद्दाका आरोपितले सफाइ पाए। बेचबिखनका तीन जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो र एक जना फरार रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया युवतीलाई २०७५ माघ १९ गते बलात्कार गरेको आरोपमा सप्तरी जिल्ला बोदेबर्साइन नगरपालिका-६ स्थायी घर भई विराटनगर महानगर पालिका-१३ बस्ने २५ वर्षीय घनश्याम दासविरुद्ध पीडित पक्षले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते कोशी अञ्चल अस्पतालमा भयो। प्रहरीले आरोपितलाई उजुरी परेकै दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकोमा जिल्ला अदालतले २०७६ असार १ गते ३ वर्ष ६ महिना कैद र पीडितले पाउने गरी १५ हजार रुपियाँ क्षतिपूर्ति भराउन कसुरदारलाई अन्तिम फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

मोरङमा एक कोशी (प्रादेशिक) अस्पताल, तीन ओटा अस्पताल, ६ ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ६० ओटा स्वास्थ्य चौकी र २० ओटा शहरी स्वास्थ्य केन्द्र रहेका छन्। कोशी अस्पतालमा १ सय १० जना (नेपाल सरकार र विकास समिति) को दरबन्दी छ। जसमा ८० जना कार्यरत रहेका छन्। एघारौँ तहका विशेषज्ञ चिकित्सकको दरबन्दी १९ जनाको छ। तर, अस्पतालमा यो वर्षको अन्त्यमा एक जना मात्र कार्यरत छन्। एघारौँ तहका विशेषज्ञ चिकित्सकको अभाव हुँदा स्वास्थ्य सेवा प्रभावित हुने गरेको सूचना अधिकारी विष्णुबहादुर बुढाथोकीले बताए। कोशी अस्पताल बाहेक १७ ओटा स्थानीय तहमा रहेका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रमा गरी जिल्ला भर ६ सय ९० जनाको दरबन्दी रहेकोमा १ सय ५ दरबन्दी

रिक्त छन् । दरबन्दी अनुसारका कर्मचारी तथा डाक्टर नहुँदा नियमित सेवा प्रवाहमा समयस्या भएको स्वास्थ्य कार्यालय मोरङले जनायो । मोरङका १७ ओटै स्थानीय तहमा स्वास्थ्य बिमा तथा ज्येष्ठ नागरिक बिमा कार्यक्रम सञ्चालमा रहेको स्वास्थ्य कार्यालय मोरङका सूचना अधिकारी धरणीधर निरौलाले जानकारी दिए ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बालश्रम		१			१
बेचबिखन तथा ओसारपसार	१			२	३
बलात्कार	१	५		२६	३२
विद्यालयमा शारीरिक सजाय			१		१
यौन दुर्व्यवहार	५	३		१५	२३
जम्मा	७	९	१	४३	६०

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास				१	१
कथित बोक्सीको आरोप				३	३
बलात्कार	३	२		११	१६
बलात्कार प्रयास	३			७	१०
बहुविवाह	३			११	१४
बेचबिखन तथा ओसारपसार				४	४
घरेलु हिंसा		१	६		७
यौन दुर्व्यवहार				१	१
जम्मा	९	३	६	३८	५६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	७	९

१.१३ सुनसरी

जम्मा जनसङ्ख्या	७,३३,५३५
महिला	३,८१,५६३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,८८८
कामका लागि बाहिरिएका	५०,२८१
अपाङ्गता भएका	१०,४०५
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.४६
आश्रित जनसङ्ख्या	३,२४,०३६

यस वर्ष सुनसरी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६३ जना महिलासहित ६४ जना र राज्यपक्षबाट दुई जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। अन्य पक्षबाट दुई जना महिला गरी तीन जना व्यक्तिको हत्या र एक जना महिलालाई कुटपिट गरिएको घटना इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३० जना पीडित भएको अभिलेख भयो। एक जना महिलालाई कथित बोक्सीको आरोपमा कुटपिट गरिएको घटना पनि अभिलेख भयो।



गिरफ्तार

यस वर्ष सुनसरी जिल्लाबाट प्रतिबन्धित नेकपाका सात जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये चार जनालाई प्रहरीले जिल्ला अदालत परिसरबाटै पुनः गिरफ्तार गरी सङ्खुवासभा प्रहरीको जिम्मा लगायो।

उदयपुर जिल्ला कटारी नपा–४ मरुवाखोला निवासी प्रतिबन्धित नेकपाका सुनसरी इञ्चार्ज ३१ वर्षीय लक्ष्मण पौड्याल―लाई २०७६ असोज ६ गते प्रहरीले पचरुखिबाट गिरफ्तार गऱ्यो । सोही दिन अनुसन्धानका लागि भन्दै प्रहरीले पौड्याललाई इलाका प्रहरी कार्यालय इटहरी लग्यो । जिल्ला अदालत सुनसरीले मङ्सिर ६ गते २ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गऱ्यो । रिहा लगत्तै अदालत परिसरबाटै पौड्याललाई प्रहरीले पुनःगिरफ्तार गरी झापा लग्यो । झापा जिल्ला अदालतले मङ्सिर २८ गते १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो । धरौटी बुझाए लगत्तै प्रहरीले उनलाई अदालत परिसरबाटै पुनः गिरफ्तार गऱ्यो । प्रहरीले झापामा नै अर्को मुद्दा लगायो। जिल्ला अदालतले मङ्सिर २९ गते २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। धरौटी बुझाए लगत्तै पुनः गिरफ्तार गरी सुनसरीको धरान पुऱ्यायो । यो वर्षको अन्त्यसम्म पौड्याल प्रहरी हिरासतमा नै रहे।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१		१
भेला/सङ्गठित हुने अधिकार		१	१			
गिरफ्तार		१	१			
हत्या				३	१	३
बाल अधिकार	बलात्कार			३७		३७
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३०		३०
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	कथित बोक्सीको आरोपमा			१		१
	बलात्कार			६		६
	बलात्कारको प्रयास			३		३
	बहुविवाह			३		३
	घरेलु हिंसा			१३		१३
	यौन दूर्व्यवहार			६		६
	जम्मा			३०		३०
कूल जम्मा		३	३	६३	१	६४

छन्। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ८ सय ४५ मध्ये ५ सय ९९ थान फैसला भए भने १ हजार २ सय ४६ थान फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ हजार ८ सय ४ मध्ये १ हजार १ सय ८६ थान फैसला भए भने १ हजार ६ सय १८ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४६ र देवानीमुद्दा ३ सय ३ थान फर्स्यौट हुन बाँकी रहे। गत वर्षको सरेर आएको ३ हजार ३२ थान मुद्दा र चालु आर्थिक वर्षको साउनदेखी मङ्सिरसम्म परेको १ हजार ६ सय १७ थान मुद्दा गरी जम्मा ४ हजार ६ सय ४९ मुद्दामध्ये १ हजार १ सय ६१ थान मुद्दा फछ्र्यौट भएको जिल्ला अदालतका डायरी शाखाका हरि दाहाले बताए।

कारागार र बन्दी

'घ' श्रेणीको क्षत्रीय कारागार,झुम्काको क्षमता १ हजार ६ जनाको छ। जसमा कैद तोकिएका १ हजार १ सय ११ र कैद नतोकिएका ६ सय १२ जना रहेका छन्। कारागारमा महिला, आश्रित बालबालिका र ज्येष्ठ नगारिक छैनन्। क्षेत्रीय कारागार,झुम्का सुनसरीमा यो वर्ष चार जना कैदीबन्दीको मृत्यु भयो। कारगारमा जबरजस्तीकरणी मुद्दामा कैद भुक्तान गरिरहेका डम्बर कार्की, भरत विक, कतर्व्यज्यान मुद्दामा कैद भुक्तान गरिरहेका मनोज चौधरी र रामकिसन बरहीको स्वासप्रस्वास र अन्य रोगका कारणले मृत्यु भएको कारागार शाखा अधिकृत सूर्यमान तानियाले बताए। कारगारको क्षमता अनुसार कैदीबन्दीको चाप कम भएकोले कैदीबन्दीहरूलाई बस्न, सुत्न समस्या नभएको अधिकृत तानियाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

१० जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा आठ जना न्यायाधीश कार्यरत

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८२ आधारभूत विद्यालय र ९७ ओटा माबि छन्। यस वर्ष ९ हजार ४७ बालक र ८ हजार २३ बालिका भर्ना भए। जिल्लामा ६ ओटा अपाङ्गमैत्री विद्यालय छन्। साथै शहीद परिवारका २२ र द्वन्द्वपीडित परिवारका ९६ जना बालबालिकाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख रमेशबहादुर पोखरेलले बताए।

यस वर्ष सुनसरी जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा २७ जना, यौनदुर्व्यवहार घटनामा तीन जना बालिका पीडित भए। बलात्कार घटनाका दुई जना आरोपितले जिल्ला अदालतले कैद सजाय सुनायो। १५ जना आरोपित पुर्पक्षका लागि थुनामा छन्। चार जना आरोपितले सफाइ पाए, तीन जना आरोपितलाई बाल सुधार गृह पठाउन आदेश भयो। एक जना आरोपित अभिभावको जिम्मामा रिहा भए।

पाँच जना अरोपित यस वर्षको अन्त्यसम्म पनि फरार रहे। यौन दुर्व्यवहार घटनामा एक जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो । दुई जना आरोपित पुर्पक्षको लागि थुनामा छन् । एक जना अरोपितले सफाइ पाए।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०७५ माघ ४ गते बलात्कार गरेको आरोपमा कोशी गाउँपालिका- ७ हरिपुरका २२ वर्षीय जितेन्द्र मेहताविरूद्ध पीडित पक्षले माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपितलाई माघ ५ गते प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ५ गते इनरूवा जिल्ला अस्पतालमा भयो। जिल्ला अदालतले २०७६ कात्तिक २१ गते आरोपितलाई आठ वर्ष कैदको फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सुनसरी जिल्लामा यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ९५ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४०, खान/लाउन नदिएको ८७, विवाह दर्ता र नागरिकता नबनाएको ४५, अर्की श्रीमती ल्याएर हेला गरेको १४, दाइजो नल्याएको भनी हेला गरेको चार र सामान्य घरायसी झगडाका ४ सय ७ ओटा उजुरी छन्। यीमध्ये प्रहरीले ४ सय ४५ ओटा उजुरीमा मिलापत्र गरायो भने १ सय ५० उजुरी कारबाही प्रक्रियामा छन्। आएका उजुरीहरूलाई पीडित र पीडकका बीचमा छलफल गराई मिलापत्रमा टुङ्गयाउने गरेको महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख बिनु बस्नेतले बताइन्।

सन् २०१९ मा सुनसरी जिल्लामा घरेलु हिंसाका घटनामा १२ जना,बलात्कारका घटनामा ६ जना, बलात्कारको प्रयास घटनामा दुई जना, बेचबिखन तथा ओसारपसार प्रयास घटनामा एक जना र कथित बोक्सीको आरोपमा एक जना गरी ३० जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका एक जनालाई जिल्ला अदालतले कैद सजाय सुनायो । चार जना पुर्पक्षको लागि थुनामा, पाँच जना आरोपितले सफाइ पाए। दुई जना आरोपित यसवर्षको अन्त्यसम्म फरार रहे। बलात्कार प्रयास घटनाका एक जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा छन् । एक जना अरोपित यसवर्षको अन्त्यसम्ममा फरार रहे। कथित बोक्सी घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो।

कथित बोक्सीको आरोपमा कुटपिट

६१ वर्षीया महिलालाई ०७६ वैशाख १४ गते इनरूवा नगरपालिका-१० का ३५ वर्षीय पवनलाल शर्माले कथित बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडितले ०७६ वैशाख १७ गते जिल्ला प्रहरी कार्यालय, सुनसरी इनरूवामा उजुरी दिइन् । आरोपितलाई वैशाख १७ गते नै प्रहरीले गिरफ्तार गऱ्यो । घरमा बोक्सी लगाएको, गाई भैँसीमा टुनामुना लगाएको भन्दै कपाल लुछ्नुको साथै लाठी र मुक्काले निर्घात कुटपिट गर्दा शरीरभर नीलडाम परेको पीडित महिलाले बताइन् । पीडितको उपचार इनरूवा अस्पतालमा तीन दिनसम्म भयो । प्रहरीले वैशाख १७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जेठ ३१ गते न्यायाधीश खिमानन्द भुसालको इजलासले आरोपितलाई ६ महिना कैद गर्ने फैसला सुनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना क्षति

धरान उपमहानगरपालिका-१८ मा रहेको दिल्ली पब्लिक स्कुलमा ०७६ भदौ २० गते अज्ञात पक्षले बम विष्फोट गऱ्यो । बम विस्फोटनबाट २० हजार रूपियाँ बराबरको क्षति भएको विद्यालयका सञ्चालक तिर्थ राईले बताए । यसैगरी इटहरी उपमहानगरपालिका-५ मा रहेको सुस्मा गोदावरी कलेजमा ०७६ भदौ २० गते अज्ञात पक्षले बम विष्फोट गऱ्यो। विस्फोटनबाट २० हजार रुपियाँ बराबरको क्षति भयो।

स्वास्थ्य सेवाको अवस्था

सुनसरी जिल्लामा चार अस्पताल, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, ४७ ओटा स्वास्थ्य चौकी, ३६ सहरी स्वास्थ्य केन्द्र र २१ सामुदायिक स्वास्थ्य इकाइ छन्। जिल्ला स्वास्थ्य कार्यालयसँग जिल्लाभरका स्वास्थ्यकर्मीको एकीन तथ्याङ्क नभएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सागर प्रसाईले बताए। जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख प्रसाइका अनुसार जनसङ्ख्याको आधारमा स्वास्थ्य केन्द्र तथा त्यसमा मानवीय स्रोतको अवस्था राम्रो

भएको, उपकरण तथा नि:शुल्क उपचारको व्यवस्था भए पनि तीन तहको सरकारको मुख ताक्ने प्रवृतिले समस्या भएको, गरिब तथा अन्य समुदायले नि:शुल्क उपचार पाउने हकको उपयोग भएको छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	५	२	२०	२६
यौन दुर्व्यवहार			३	३
जम्मा	५	२	२३	३०

महिला अधिकार						
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखनको प्रयास					१	१
कथित बोक्सीको आरोप		१				१
बलात्कार					६	६
बलात्कार प्रयास	१				१	२
बहुविवाह	१				१	२
घरेलु हिंसा	२		६		२	११
यौन दुर्व्यवहार		१	३	१	१	६
जम्मा	४	२	१०	१	१२	२९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

१.१४ उदयपुर

जम्मा जनसङ्ख्या	३,३०,६१३
महिला	१,७८,४५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८१,६१८
कामका लागि बाहिरिएका	२२,०६०
अपाङ्गता भएका	७,७८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५
आश्रित जनसङ्ख्या	१,४६,६८४

यस वर्ष उदयपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ८४ जना महिला गरी ९६ जना र राज्यपक्षबाट एक जना महिला गरी १० जना पीडित भएको इन्सेकमा अभिलेख भयो। सात जना महिलाको परिवारजनबाट हत्या भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालक सहित २८ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ४९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो।

गिरफ्तार

यस वर्ष उदयपुर जिल्लाबाट प्रतिबन्धित नेकपाका एक जना महिलासहित पाँच जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार भएकामध्ये तीन जनाले पार्टी परित्याग गरेपछि जिल्ला प्रशासन कार्यालयको आदेशमा रिहा भए भने दुई जना यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहे।

झडप

नदीजन्य पदार्थ उत्खनन्को विषयमा विवाद हुँदा बेलका नगरपालिका–४ लालबजारमा स्थानीय र प्रहरीबीच २०७६ मङ्सिर ३ गते भएको झडपमा प्रहरीसहित १० जना घाइते भए। वडा नम्बर ४ र ६ को सिमानामा रहेका सिसुवा र गिदेरी खेलाको ढुङ्गा तोकिएको मापदण्ड भन्दा बढी उत्खनन् गरी रातारात लैजाने गरेको भन्दै स्थानीयले ठेकेदारका २० ओटा टिपर र एक ओटा जेसिबी नियन्त्रणमा लिएका थिए। टिपरलाई सुरक्षित स्थानतर्फ लैजान खोज्दा स्थानीयले प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरेका थिए। स्थिति नियन्त्रणमा लिन १० राउण्ड अश्रुग्याँस प्रहार गर्नुपरेको डिएसपी केसीले बताए। झडपमा त्रियुगा नगरपालिका– १० स्थित जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय नरबहादुर कार्की, २२ वर्षीय तुलसी कार्की र २५ वर्षीय पदमबहादुर राई, सिराह जिल्ला घर भएका टिपर चालक २८ वर्षीय गोगेन मण्डल घाइते भए। प्रहरीको लाठीचार्जबाट आन्दोलनकारी ३७ वर्षीय प्रेम अधिकारी, ३५ वर्षीय सविन राना, ३१ वर्षीय मिलन राना, २६ वर्षीय गणेश आले, ४७ वर्षीय भरत कार्की र ४५ वर्षीय अशोक खड्का घाइते भए। घाइते सबै जनाको स्वास्थ्य उपचार जिल्ला अस्पतालमा भयो।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ। जसमा कैद तोकिएका १ सय २० महिला १४ गरी १सय ३४ र कैद नतोकिएका ६३ पुरुष ४ महिला गरी ६७ जना रहेका छन्।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			६	६		४	४
अपहरण					१		१
गिरफ्तार		१	३	४			
कुटपिट						३	३
हत्या					७	४	११
बाल अधिकार	बालविवाह				१		१
	बलात्कार				३०		३०
	विद्यालयमा शारीरिक सजाय					१	१
	यौन दुर्व्यवहार				६		६
	जम्मा				३७	१	३८
महिला अधिकार	बलात्कार				१४		१४
	बलात्कार प्रयास				३		३
	बहुविवाह				१५		१५
	घरेलु हिंसा				१५		१५
	यौन दुर्व्यवहार				३		३
	जम्मा				४९		४९
कूल जम्मा		१	९	१०	८४	१३	९६

कारागारमा ६ आश्रित बालिका र एक आश्रित बालक छन्। कारागारमा ६५ वर्षमाथिका एक महिला गरी पाँच जना छन्। कारागारको दुई मध्ये पुरुष बस्ने एक भवनको पर्खाल भत्किएको र छानो चुहिने गरेको छ। महिला कैदीलाई राख्ने भवन नहुँदा विगतमा कार्यालय सञ्चालन गरिँदै आएको भवनका कार्यकक्षमा राखिँदै आएको छ। क्षमता भन्दा तीन गुणाबढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। घरमा रेखदेख गर्ने व्यक्ति नभएपछि सात जना बालबालिका आमासँगै कारागारभित्रै आश्रित भएर बस्न बाध्य छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय ८८ थान मुद्दामध्ये ३ सय ६६ थान फैसला भए भने १ सय २२ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय ७६ मध्ये ५ सय ७ थान फैसला भए भने २ सय ६९ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका मुद्दा छैनन्। जिल्ला अदालतमा मुद्दाको चाप अनुसारको कर्मचारी दरबन्दी नहुँदा कार्यसम्पादन गर्न सहज नभएको भए पनि यस वर्षदेखि कर्मचारी थपिएकाले काममा सहजता आउने स्रेस्तेदार राजकुमार आचार्यले बताए। नेपाल बार एशोसियशन, उदयपुर का पूर्वअध्यक्ष श्यामानन्द चौधरीले मुद्दाको चाप बढे पनि न्याय निरूपणमा समस्या नभएको बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष सामुदायिकतर्फ १५ हजार २० बालक र १४ हजार १ सय ९२ बालिका भर्ना भए। जिल्लामा पुराना विद्यालय भवनहरू अपाङ्ग मैत्री नभए पनि नवनिर्मित विद्यालयहरू अपाङ्गमैत्री छन्। नौ जना द्वन्द्वपीडित बालबालिकालाई १ लाख ८ हजार र वैदेशिक रोजगार छातवृत्तितर्फ ५६ जना बालबालिकालाई ४ लाख ९२ हजार वितरण गरेको जिल्ला शिक्षा समन्वय इकाईका विद्याललय निरीक्षक अर्जुन कार्कीले बताए। विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाउन गत वर्षभैँ यस वर्ष पनि एक महिनासम्म अभियान सञ्चालन गरिएको थियो। विद्यालयमा पहुँच नपुगेका बालबालिका सिमान्तकृत, दलित, विपन्न परिवारका बालबालिकालाई लक्षित गरी घर घरमा अभियान सञ्चालन गरिएको कार्कीले बताए।

यसवर्ष उदयपुर जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा २८ जना बालबालिका पीडित भएको अभिलेख भयो। बलात्कार घटनामा २० जना, यौनदुर्व्यवहारका घटनामा ६ जना पीडित भए। बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला

अदालतले कैद सजाय सुनायो । ११ जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । एक जना आरोपितले सफाइ पाए । दुई जना अरोपित यस वर्षको अन्त्यसम्म पनि फरार रहे । यौन दुर्व्यवहार घटनाका ६ जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो । एक जना आरोपित धरौटीमा रिहा भए । एक जना आरोपितलाई बालसुधार गृह पठाउन अदालतले आदेश दियो । एक जना आरोपितले सफाइ पाए । एक जना आरोपित यसवर्षको अन्त्यसम्म फरार रहे ।

बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई २०७५ माघ १८ गते त्रियुगा नगरपालिका–६ लालपत्ताका ४५ वर्षीय रामबहादुर विकले बलात्कार गरेको भन्दै पीडितपक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालय, बोक्समा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, बोक्सेमा माघ१८ गते नै भयो। प्रहरीले आरोपितलाई माघ १८ गते गिरफ्तार गरी फागुन १३ गते जिल्ला अदालतमा मुद्दा गर्दा गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको इजलासले ०७६ भदौ ५ गते आरोपितलाई १६ वर्ष कैद र पीडतलाई २५ हजार क्षतिपूर्ति तिर्नुपर्ने फैसला सुनायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ७२ महिलाले महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ३८, खान/लाउन नदिएको १९, हेला गरेपछि गालीगलौज गरेको ५९ र सामान्य घरायसी झगडाका ५६ उजुरी छन् । यसबाहेक वहुविवाह १७ र बालविवाहका दुई ओटा उजुरी छन् । यीमध्ये प्रहरीले घरेलु हिंसातर्फ १ सय ५७ ओटा घटनामा मिलापत्र गरायो भने १५ उजुरी कारबाही प्रक्रियामा छन् । मादकपदार्थ सेवनपछि पत्निलाई कुटपिट गरी घरनिकाला गर्ने गरिएको घटनामा छलफलपछि आरोपितले गल्ती स्वीकार गरी माफी मागेपछि मिलापत्र गरेका घर जाने गरेको असई गुरुङले बताइन् । यसरी मिलाएर पठाएका मध्ये ७० प्रतिशत मिलेर बस्ने गरेको बाँकी ३० प्रतिशतमा मदिरा सेवन गर्ने बानीका कारण झगडा भइरहने उनले बताइन् ।

सन् २०१९ मा उदयपुर जिल्लामा घरेलु हिंसाका घटनामा १५ जना, बलात्कारका घटनामा १४ जना, बलात्कार प्रयास घटनामा तीन जना गरी ४९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो । पाँच जना पुर्पक्षको लागि थुनामा छन् । एक जना धरौटीमा रिहा भए भने ६ जना आरोपितले सफाइ पाए । बलात्कार प्रयास घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले कैद फैसला गऱ्यो । एक जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । एक जना आरोपित धरौटीमा रिहा भए । दुई जना अरोपितले सफाइ पाएको अभिलेख भयो ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३७ वर्षीया महिलालाई २०७५ पुस २४ गते सुनसरी जिल्ला वरहाक्षेत्र नगरपालिका–८ किराँतचौक ३७ वर्षीय राजु राईले बलात्कार गरेको भन्दै पीडित पक्षले पुस २९ गते इलाका प्रहरी कार्यालय, रामपुरमा उजुरी दियो । पीडितको स्वास्थ्य परीक्षण पुस ३० गते जिल्ला अस्पताल,बोक्सेमा भयो । प्रहरीले पुस २९ गते आरोपितलाई गिरफ्तार गरी फागुन १७ गते जिल्ला अदालतमा मुद्दा गर्दा गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनोज केसीको इजलासले २०७६ मङ्सिर १९ गते आरोपितलाई १२ वर्ष कैद सजाय सुनायो ।

परिवारजनबाट हत्या

उदयपुरगढी गाउँपालिका–५ मौवासेकी ३४ वर्षीया सुभद्रा बुढाथोकीलाई ०७६ भदौ २१ गते पति ४५ वर्षीय रमेश राईले कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले भदौ २२ गते इलाका प्रहरी कार्यालय,कटारीमा उजुरी दियो । शवको पोष्टमार्टम भदौ २२ गते कटारी अस्पतालमा भयो । प्रहरीले आरोपतिविरूद्ध असोज ९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश दिपक खनालको इजलासले पुस ९ गते आरोपितलाई २५ वर्ष कैद सजायको फैसला सुनायो ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लाका स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसारका विशेषज्ञ चिकित्सक नहुँदा उपचारमा समस्या हुने गरेको छ । १० जना विशेषज्ञको दरबन्दी रहेको जिल्ला अस्पताल दुई चिकित्सकको भरमा सञ्चालन हुँदै आएको छ । विशेषज्ञ डाक्टर नहुँदा सामान्य बिरामीलाई पनि अन्यत्र रेफर

गर्ने गरिएको छ। बिरामी जाँच गर्ने उपकरण जस्तो (रगत, दिसा, पिसाब जाँच्ने, एक्सरे मेसिन) नहुँदा रोग नै पत्ता लाग्ने अवस्था छैन। नेपाल सरकाले लागु गरेको स्वास्थ्य बीमा तथा ज्येष्ठ नागरिक बीमा कार्यक्रम उदयपुर जिल्लामा सञ्चालनमा छैन।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१			१
बलात्कार		८		१३	२०
विद्यालयमा शारीरिक सजाय			१		१
यौन दुर्व्यवहार	१	४		१	६
जम्मा	१	१३	१	१४	२८

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		४		१०	१४
बलात्कार प्रयास		२		१	३
बहुविवाह	१	९		५	१५
घरेलु हिंसा		१	५	९	१५
यौन दुर्व्यवहार		१		१	२
जम्मा	१	१८	५	२६	४९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएको	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	६	१०

प्रदेश २

- क्षेत्रफल : ५,६६१ वर्ग कि.मि.
- जनसङ्ख्या : ५४,०४,१४५
- साक्षरता प्रतिशत : ४५.७२
- जिल्ला : ८
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६४
- महानगरपालिका : १
- उपमहानगरपालिका : ३
- नगरपालिका : ७३
- गाउँपालिका : ५५
- कूल वडा सङ्ख्या : १,२७१

प्रदेश परिचय २

प्रदेश २ सरकारले आफ्नो नीति तथा कार्यक्रममा युवाको बढ्दो विदेश पलायन रोक्ने तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई कृषि क्षेत्रमा आकर्षित गराउन सहकारीको माध्यमबाट कार्यक्रम सञ्चालन गर्ने निकायलाई प्राथमिकता दिने, बढ्दै गएको चुरे वन अतिक्रमण तथा फडानीलाई रोक्न चुरे संरक्षण कार्यक्रमलाई एकीकृत जलाधार संरक्षण अवधारणाअनुरुप सञ्चालन गर्न जनस्तरमा 'चुरे जोगाऔं मधेश बचाऔं' नारालाई आभियानका रुपमा सञ्चालन गर्ने कार्यक्रम तय गरेको छ । सुरक्षित मातृत्व कार्यक्रमलाई विशेष प्राथमिकता दिनुको साथै गुणस्तरीय प्रसूति सेवा प्रदान गर्न प्रत्येक स्थानीय तहहरूसँग समन्वय गरी प्रत्येक गाउँमा वर्थिङ सेन्टर स्थापना गर्ने समेत सरकारले नीति लिएको छ। 'बेटी पढाउ बेटी बचाउ' अभियान, मुख्यमन्त्री स्वच्छता अभियान, दलित शिक्षा अभियान, महिला हिंसा न्यूनीकरणका लागि हेल्लो सीएम टोलफ्री नम्बर उपलब्ध गराउने, प्रत्येक स्थानीय तहमा जेष्ठ नागरिक सेवा केन्द्र स्थापना लगायत योजना सरकारको नीति तथा कार्यक्रममा समेटिएका छन्।

सन् २०१९ र मानव अधिकार अवस्था

यस प्रदेशमा सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७ सय ३० जना पीडित भएको अभिलेख भयो । जातीय विभेदका घटनामा ६ जना, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारमा १७ जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ३६ जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय २५ जना बालबालिका पीडित भए।

सन् २०१९ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



२.१ सप्तरी



जम्मा जनसङ्ख्या	६,६५,४७०
महिला	३,४६,१७३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,५१,५७५
कामका लागि बाहिरिएका	२६,४३३
अपाङ्गता भएका	८,०४४
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५
आश्रित जनसङ्ख्या	२,५६,६५७

बर्सेनी आउने बाढीले सप्तरीको दक्षिणी भेग र कोशीटप्पु वन्यजन्तु आरक्षबाट नियमित आइरहने जङ्गली हात्तीको समूहसहित अर्ना, बँदेल, भालु, बनघोडाले जिल्लाको उत्तरी भेगको जनजीवन पूर्णत प्रभावित हुँदै आएको छ । बाढीले तिलाठीकोइलाडी, हनुमाननगर कंकालिनी, महादेवा, डाक्नेश्वरी, बलान बिहुल, बोदेबर्साइन तथा हात्ती आतङ्कले सप्तकोशी, कञ्चनरूप, अग्नीसाइर कृष्णसवरण, रूपनी, शम्भुनाथ, खडग, सुरुङ्गा नगरपालिका र हनुमाननगर कंकालिनीको पूर्व भाग प्रभावित छ । घरगोठ तथा बालीनालीमा क्षति पुऱ्याउनुका साथै हात्तीले आक्रमण गरेर जनधनको क्षति गर्ने गरेको छ भने बाढीले महिनौ दिनसम्म विस्थापित बनाउने र ज्यान लिने गरेको छ । लामो समयदेखि रहेको बाढीको समस्या र हात्ती आतङ्कको समस्या झन्झन् बढ्दो छ ।

यो वर्ष सप्तरी जिल्लामा राज्य पक्षबाट एक जना महिला सहित सात जना र अन्य पक्षबाट १ सय ३८ जना महिला सहित १ सय ५९ जना गरी १ सय ६६ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । राज्य पक्षबाट एक जना र अन्य पक्षबाट १४ जना महिलासहित २१ जनाको हत्या भयो । बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालकसहित ४१ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ७६ जना महिला पीडित भए ।

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्न पाउने अधिकार
हत्या

राज्यपक्षबाट

सुरुङ्गा नपा–६ कडरबोनाका ३० वर्षीय दीपेन्द्र चौधरीलाई २०७५ माघ ९ गते बिहान प्रहरीले गोली प्रहार गरी हत्या

प्रहरीको गोली प्रहारबाट मारिएका दीपेन्द्र चौधरी

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						३	३
अपहरण					६	३	९
गिरफ्तार			५	५			
कुटपिट		१		१	१	६	८
धम्की						१	१
हत्या			१	१	१४	६	३१
बाल अधिकार	बलात्कार				३३		३३
	विद्यालयमा शारीरिक सजाय					१	१
	यौन दुर्व्यवहार				८		८
	जम्मा				४०	१	४१
महिला अधिकार	कथित बोक्सीको आरोप				८		८
	बलात्कार				१३		१३
	बलात्कार प्रयास				५		५
	बहुविवाह				१४		१४
	घरेलु हिंसा				३५		३५
	यौन दुर्व्यवहार				३		३
	जम्मा				६६		६६
कूल जम्मा		१	६	६	१३८	३१	१५९

गर्‍यो । रूपनी गाउँपालिका–१ स्थित मुख्य चोकदेखि ७ सय मिटर दक्षिण राजविराज आउने सडक खण्डमा चौधरीले गोली प्रहार गरेपछि आत्मरक्षाका लागि प्रहरी कारबाहीमा मारिएको प्रहरीले जनायो । सप्तरी प्रहरीका अनुसार मृतकको साथबाट प्रगतिशील तराई मुक्ति मोर्चा केन्द्रीय संयोजक सिजन लेखिएको पर्चा, कटुवा पेस्तोल, सोमा लोड भएको जङ्गी गोली राउण्ड एक, घटनास्थलमा पड्किएको गोलीको खोका दुई थान र मोबाइल दुई थान फेला पर्‍यो । प्रहरीले नियन्त्रणमा लिएर दीपेन्द्रको हत्या गरेको भन्दै परिवारका सदस्य र गाउँलेहरूले माघ १० गते राष्ट्रिय विद्यार्थी सङ्घको व्यानरसहित राजविराजमा प्रदर्शन गरे। प्रहरीले मुठभेडको नाटक मञ्चन गरी दीपेन्द्रलाई नियन्त्रणमा लिई हत्या गरेको भन्दै परिवारजनले माघ १३ गतेसम्म शव बुझ्नेनन् । शवको पोष्टमार्टम धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा माघ १४ गते भयो । माघ १४ गते परिवारले शव बुझी हिन्दु परम्परा अनुसार कडरबोनामा सद्गत गरे ।

गोली/विस्फोटक पदार्थबाट घाइते

अन्यपक्षबाट

सुनसरी जिल्ला कोशी गाउँपालिका–६ श्रीपुर जब्दी निवासी प्रहरी चौकी विसनपुरमा कार्यरत ३६ वर्षीय प्रहरी हवल्दार महेन्द्र सतरा यादवलाई २०७५ माघ २ गते राति सशस्त्र समूह सिजन नेतृत्वको प्रगतिशील तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले गोली प्रहार गरी गम्भीर घाइते बनाए । खडक नपा–८ बिसनपुर चोकअर्न्तगत बोदेबर्साइन जाने बाटोमा गस्तीमा खटिएका पीडितमाथि मोटरसाइकलमा आएका मोर्चाका कार्यकर्ताहरूले गोली प्रहार गरी फरार भए । घटनास्थलमा सशस्त्र समूह प्रगतीशिल तराई मुक्ति मोर्चाको पर्चा, गोलीको खोका भेटियो । पत्रकारहरूलाई फोन गरी कारबाही स्वरूप गोली चलाइएको मोर्चाका मिलेट्रीचिफ निशान थारुले

तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले गोली प्रहार गरी घाइते बनाइएका प्रहरी हवल्दार महेन्द्र सतरा यादव

जिम्मेवारी लिए । पिठ्युको रिढमा गोली लागेर गम्भीर घाइते भएका प्रहरी हबल्दार यादवलाई उपचारका लागि तत्कालै विराटनगरस्थित न्यूरो अस्पताल पठाइयो । न्यूरो अस्पतालमा उपचार हुन नसकेपछि नेपाली सेनाको हेलिकप्टरले उनलाई माघ ४ गते काठमाडौँस्थित प्रहरी अस्पताल पुऱ्यायो । प्रहरी अस्पतालबाट त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौँमा शल्यक्रिया गरी गोली निकालियो । पीडितको कम्मरभन्दा मुनी नचलेर अपाङ्गताको जीवन बाँचिरहेका छन् । पीडितका दाजु ४४ वर्षीय इन्द्रदेव सतराले जिल्ला प्रहरी कार्यालयमा माघ ७ गते उजुरी दिए । जिल्ला प्रहरी कार्यालयले गोली हानी ज्यान मार्ने उद्योगमा स.५ प ८०० नम्बरको मोटरसाइकल चढी घर फर्किरहेका खडक नपा–९ लालपट्टीका ४१ वर्षीय पशुपति चौधरीलाई माघ ७ गते हनुमाननगर कंकालिनी नपा–१ स्थित कोशी ब्यारेजबाट गिरफ्तार गरी माघ ९ गते उजुरी दर्ता गऱ्यो । प्रहरीले चौधरीसहित सुरुङ्गा नपा–६ कडरबोनाका ३० वर्षीय मृतक दिपेश जयसवाल भनिने दीपेन्द्र चौधरीसहित कार्यकर्ता सिरहा धनगढीमाई नपा–५ बस्ने २६ वर्षीय मोर्चाका सिजन भनिने रामकुमार यादव, खडक नपा– ३ का ३७ वर्षीय सागरबाहु भनिने अशोक साह, भारत बिहार राज्य मधुबनी अनुमण्डल फुलप्रासका ३३ वर्षीय साकिर मियाँविरुद्ध गोली हानी ज्यानमार्ने उद्योग गरेको आरोपमा उजुरी दर्ता गऱ्यो । दीपेन्द्र प्रहरी कारबाहीमा माघ ९ गते बिहान मारिए भने अन्य आरोपितहरू गिरफ्तार भएका छैनन् । नेपाली सेनाको पूर्वसैनिक रहेका चौधरी त्रिभुवन आर्मी क्लबबाट भलिबल खेल्थे । माघ १ र २ गते पतिसँगै घरमा माघे संक्रान्ति मनाएको बताएकी काजलले प्रहरी हवल्दार सतरामाथि भएको गोली प्रहारदेखि अन्य कुनै पनि अपराधिक गतिविधिमा पशुपतिको संलग्नता नरहेको दावी गरिन् । चैत १० गते अदालत पेश गरिएकामा जिल्ला अदालतको आदेशमा आरोपित चैत १२ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् ।

गिरफ्तार

यस वर्ष सप्तरी जिल्लामा प्रतिबन्धित नेकपाका पाँच जना नेता तथा कार्यकर्ता गिरफ्तार भएको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये पाँचै जना धरौटीमा रिहा भए ।

छिन्नमस्ता गाउँपालिका–१ निवासी प्रतिबन्धित नेकपाका सप्तरी जिल्ला इञ्चार्ज ४१ वर्षीय तेजनारायण यादवलाई २०७५ चैत ११ गते प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो । गिरफ्तार आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयले चैत १२ गते अभद्र व्यवहारको उजुरी दर्ता गऱ्यो । जिल्ला प्रशासन कार्यालयमा चैत २७ गते आरोपितलाई पेश गरेकोमा सोही दिन पुर्पक्षका लागि यादवलाई १० हजार धरौटीमा रिहा गऱ्यो । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भए । यादवले जेठ २२ गते एक प्रेस विज्ञप्ति जारी गर्दै पार्टीको साधारण सदस्यबाट राजिनामा दिएको घोषणा गरे । प्रतिबन्धित नेकपाको आन्तरिक कलह, मधेश एवम् मधेशीलाई हेर्ने दृष्टिकोण अस्पष्ट र पार्टीले लिएको ध्वंशात्मक गतिविधि देशको समृद्धि र विकासको लागि बाधक भएको ठहर गर्दै विज्ञप्तिमा उनले स्वतन्त्र नेपाली नागरिकको रूपमा जीवनयापन गर्न चाहेको उल्लेख गरे ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ । तर, १ सय ६३ कैदी र १ सय ७७ थुनुवा गरी ३ सय ४० जना छन् । जसमा महिला नौ जना कैदी र सात जना बन्दी छन् । ६५ वर्षमाथिका दुई नेपाली महिला छन् भने एक भारतीयसहित १२ पुरुष छन् । चार मानसिक रोगी पनि कारागारमा सँगै बस्छन् । यसवर्ष गत वर्षभन्दा २१ कैदीबन्दी बढी छन् । क्षमता भन्दा तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कोठा अभावले बन्दीहरू सुत्न नपुगेर ४० जना वरण्डा र भान्सामा कोचाकोच भएर सुत्नु परेको चौकीदार जितेन्द्र यादवले बताए । बन्दीहरू कोचेर राख्नु पर्दा बेला–बेलामा झडप हुने र बन्दीहरूमा भाइरल ज्वरोको प्रकोप फैलिने सम्भावना रहेको कारागार प्रशासनले जनायो ।

प्रत्येक बन्दीले ६० रुपियाँ र ७ सय ग्राम अरुवा मन्सुली चामल दैनिक पाउँछन् । सरकारबाट प्रदान गरिने नगद सिदा र चामल सप्तरीको जेल प्रशासनले बन्दीहरूलाई १० दिनको एकै पटक उपलब्ध गराउने गरेको छ । बन्दीहरूलाई वर्षको कात्तिक र वैशाखमा लगाउने लुगाबापत ८/८ सय रुपियाँ दिइन्छ । उनीहरूलाई प्रत्येक दुई वर्षमा डसना, तन्ना र खोल सहितको सिरक ओड्ने, ओछ्याउने उपलब्ध गराइन्छ । दशैंमा चाडपर्व मनाउन ३ सय रुपियाँ

दिइन्छ। बन्दीहरूका तीन ओटा अलग–अलग भवनमा सात ओटा टेलिफोन दिइएको छ । मनोरञ्जनका सामग्रीहरु पर्याप्त छैनन् । कारागारको तीन ओटा भवनमा ११ शौचालय र १२ ओटा ट्युबवेल छ । ट्युबवेलमा आइरन मिश्रित पानीले स्वास्थ्यमा असर परिरहेको सिअहेव समेत रहेका निमित्त जेलर सत्यनारायण यादवले बताए । सीमित पुराना पुस्तक रहेको एउटा पुस्तकालयमा नयाँ पुस्तक, पत्रपत्रिकाको अभाव छ। कैदीबन्दीहरू सानो, ठूलो गरी करिब ४५ ओटा व्यक्तिगत टेलिभिजन तथा १० ओटा व्यक्तिगत रेडियोबाट सूचना र मनोरञ्जन लिन्छन् । कारागारमा कुनै पनि सीपमुलक तालिम भएको छैन । तीन वर्ष भन्दा बढी समयदेखि पुर्पक्षका लागि कारागारमा थुनामा बसेकाहरूको मुद्दा नटुङ्गिँदा तथा पेसी र बयानमा ढिलाइ भई समयमै फैसला नहुनाले बढी सङ्ख्यामा थुनुवालाई कारागारमा राख्नुपरेको कारागारका निमित्त जेलर यादवले बताए। बन्दीहरूले घरपायक वा नजिकको कारागारमा स्थानान्तरण हुनुपर्ने माग गरेका छन् । उनीहरूले प्रहरी, सरकारी वकिल र अदालतमा तयार गरिने बकपत्रबारे अगावै जानकारी नदिनाले कानुन व्यवसायीसँग सल्लाह लिन नपाउने, वैतनिक वकिल नियमित नआउने र तयार भइसकेको बकपत्रमा हस्ताक्षर गर्नुपर्ने अवस्था अन्त्य हुनुपर्ने आग्रह गरेका छन् । कारागारबाट यो वर्ष तीन जनाले एसइइको परीक्षा दिए । तीन जना एलएलबी अध्ययनरत छन्।

यो वर्ष कारागारमा कर्तव्य ज्यान मुद्दामा कैदी जीवन बिताइरहेका तीन जना बिरामी कैदीको उपचारको क्रममा मृत्यु भएको कारागार प्रशासनले जनायो।

संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले सजाय छुट पाउनुपर्ने भए पनि कार्यान्वयनको ढिलाइले सो सुविधाबाट वञ्चित छन् । संविधानले ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। सर्वोच्च अदालतले पनि कारागारमा रहेका ज्येष्ठ नागरिकलाई संविधानले दिएको सजाय छुटको सुविधा दिनु भन्ने निर्देशनात्मक आदेश जारी गरेको छ। तर, संविधानमै भएको व्यवस्था र सर्वोच्च अदालतको आदेश कार्यान्वयन नहुँदा ज्येष्ठ नागरिकको संविधानप्रदत्त हक हनन् हुँदै आएको छ।

सर्वोच्च अदालतका न्यायाधीश केदारप्रसाद चालिसे र सपना मल्ल प्रधानको संयुक्त इजलासले ०७५ माघ १ गते गृह मन्त्रालय र कारागार व्यवस्था विभागका नाममा ज्येष्ठ नागरिक कैदीलाई २५ देखि ७५ प्रतिशतसम्म सजाय छुट दिनसक्ने संवैधानिक व्यवस्था भएकाले कार्यान्वयन गर्न निर्देशनात्मक आदेश जारी गरेको थियो। संविधानले नै विशेष संरक्षण गरेका ज्येष्ठ नागरिक कैदीहरूको हकमा ज्येष्ठ नागरिक ऐन ०६३ को दफा १२ अनुसार कैद छुट दिन सकिने कैदीहरूको हकमा यो आदेश प्राप्त भएको १५ दिनभित्र कानुनले तोकेको उमेर हदअनुसार छुट पाउनसक्ने कैदीहरूको उमेरअनुसारको सजाय प्रतिशत छुट तथा कसुरको सूची समेत तयार गर्नू गराउनु भन्ने कारागार व्यवस्थापन विभागको नाममा यो निर्देशनात्मक आदेश जारी जारी गरिदिएको छ, आदेशमा उल्लेख छ।

तर, सर्वोच्च अदालतले त्यस्तो निर्देशनात्मक आदेश जारी गरेको एक वर्ष बिते पनि कार्यान्वयनको प्रक्रिया सुरू भएको छैन। गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग र अदालतहरू उदासीन बनिदिँदा त्यसको मार भने कैद छुट सुविधा पाउनुपर्ने ज्येष्ठ नागरिकलाई परेको छ । फैसला कार्यान्वयन निर्देशनालयले सर्वोच्च अदालतको सो निर्देशनात्मक आदेश कार्यान्वयन गर्न दुईपटक गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागलाई पत्राचार समेत गरिसकेको जनाएको छ।

सर्वोच्च अदालतले उच्च अदालत र जिल्ला अदालतहरूलाई पनि आफ्नो मातहत रहेका कारागारको निरीक्षण गरी कैद छुट दिनसक्ने उमेर हद, शारीरिक तथा मानसिक अवस्था र कसूरको प्रकृतिलाई हेरी तत्कालै छोड्न आदेश दिनुपर्ने लागेमा आवश्यक निर्णय गर्न उच्च र जिल्ला अदालतलाई समेत आदेश गरेको छ। मुद्दा हेर्ने र सजाय निर्धारण गर्ने अधिकारी नभएको र नियम कार्यविधि समेत नभएका कारणले आवश्यक लागेमा सजाय छुटको निर्णय उच्च र जिल्ला अदालतले गर्नसक्ने गरी सर्वोच्चले आदेश गरेको थियो।

नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने उल्लेख छ । ज्येष्ठ नागरिकलाई २५ देखि ७५ प्रतिशतसम्म कैद छुट दिन सकिने ऐनमा व्यवस्था रहेपनि छुट्नुपर्ने १४ जना ज्येष्ठ नागरिक कारागारमा थुनामा रहेको चौकीदार जितेन्द्रप्रसाद यादव बताउँछन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

आठ जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ९१ मध्ये २ सय ५ थान फैसला भए भने देवानी मुद्दातर्फ २ हजार ७ सय ९७ मध्ये १ हजार ६३ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ४३ र देवानी मुद्दा ५ सय ९५ थान बाँकी छन् । जिल्ला अदालतमा नौ जना न्यायाधीशको दरबन्दीमा आठ जना, सात जना शाखा अधिकृतको दरबन्दीमा पाँच जना, दुई सहलेखापालको दरबन्दीमा एक जना, ४२ नायव सुब्बाको दरबन्दीमा २१ जना, तीन कम्प्युटर अपरेटरको दरबन्दीमा दुई जना, तीन सर्भेक्षकको दरबन्दीमा एक जना कार्यरत छन् । दरबन्दी अनुसार एक जना उपसचिव, एक जना लेखापाल, २९ जना डिठ्ठा, १९ जना तामेलदार, दुई जना सवारी चालक, १९ जना कार्यालय सहायक छन् । १३ जना इजलास अधिकृत र एक जना सूचना प्रविधि सहायकको दरबन्दी रहे पनि कोही छैनन् । गत वर्षको जिम्मेवारी सरेको ४ हजार १ सय ८२ र नयाँ दर्ता भएको १ हजार ४ सय ७१ गरी ५ हजार ६ सय ५३ मुद्दामध्ये १ हजार ३ सय ९५ फछ्र्यौट भई ४ हजार २ सय ५८ मुद्दा फर्स्यौट हुन बाँकी देखिन्छ । वार्षिक फर्स्यौट लक्ष्य ६ हजार१ सय ४० हासिल गर्ने सम्भावना देखिँदैन। आर्थिक वर्षको बीचमा न्यायाधीशको सरुवा, काज सरुवा हुने, कानून व्यावसायीले तोकेबाहेक पनि पटकपटक पेशी स्थगित गर्ने, इजलासबाट भएको आदेश कार्यान्वयनमा कर्मचारीले ढिला गर्ने, पक्षहरूले समेत पेसी स्थगित गर्ने, पक्षहरूबाट पेश हुनुपर्ने प्रमाणहरू समयभित्र पेस नगर्ने, सरकारवादी मुद्दामा वादीपक्षबाट साक्षी उपस्थित गराउन ढिलाइ गर्ने, वारेण्टसहितको म्यादी पूर्जीको तामेलीमा ढिलाइ गर्ने, सरोकारवाला निकाय र कार्यालयहरूबाट आदेशानुसारका प्रमाण कागजात र मिसिल समयमा उपलब्ध नगराउनाले न्याय ढिलो हुने गरेको छ।

उच्च अदालत

दरबन्दी अनुसार ११ जना न्यायाधीश रहेका उच्च अदालत, जनकपुर राजविराज इजलासबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ६५ मध्ये ३ सय ३१ थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ६२ मध्ये २ सय ९० थान फैसला भए । यो अदालतमा २ वर्ष नाघेका फौजदारी मुद्दा सात र देवानी मुद्दा सात रहे । देवानी मुद्दातर्फ गत वर्षको ५ सय ९४ र नयाँ दर्ता ४ सय ६८ गरी १ हजार ६२ तथा फैजदारीतर्फ गत वर्षको ५ सय ५१ र नयाँ दर्ता ४ सय १४ गरी ९ सय ६५ थान मुद्दा थिए । रिट निवेदनतर्फ जिम्मेवारी सरेको ३ सय ९९ र नयाँ दर्ता २ सय ९९ गरी जम्मा ६ सय ८९ मध्ये ०७६ मङ्सिरसम्म ३ सय ८२ फछ्र्यौट भए, बाँकी ३ सय ७ रहे जसमा पाँच थान दुई वर्ष नाघेका छन् । उच्च अदालतमा दरबन्दी अनुसार नै एक रजिष्टार, तीन जना तामेलदार, चारजना कम्प्युटर अपरेटर, दुई जना सवारी चालक २० जना कार्यालय सहयोगी र एक जना इलेक्ट्रिसियन कार्यरत छन् । शाखा अधिकृतको २२ दरबन्दीमा २० जना र नायव सुब्बाको ३० दरबन्दीमा २६ जना छन् । अमिन नरहेकाले नापनक्शामा ढिलाइ हुन गई जग्गा जमीनसम्बन्धी मुद्दामा ढिलाइ हुने गरेको अदालतका नासु विश्वराज पोखरेलले बताए ।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष सामुदायिकतर्फ ६३ हजार ५ सय ३२ बालक र ६९ हजार २ सय ३१ बालिका भर्ना भए । वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाहरूका बालबालिका ६६ जनाले ६ लाख ६० हजार रकम छात्रवृति प्राप्त गरे । सहिद र द्वन्द्व पीडितका परिवारले छात्रवृति लिएका छैनन् ।

सामुदायिक विद्यालयको प्राथमिकतर्फ स्वीकृतमा १ हजार ३ सय ७ र राहतमा ४ सय ४५, निमावितर्फ स्विकृतमा २ सय ६८ र राहतमा १ सय ८५, मावितर्फ स्वीकृतमा २ सय ३४ र राहतमा ९१ शिक्षकको दरबन्दी रहेको छ । जसमा प्राथमिकतर्फ स्वीकृतमा १ हजार २ सय ७५ र राहतमा ४ सय २४, निमावितर्फ स्वीकृतमा २ सय ५३ र राहतमा १ सय ७६, मावितर्फ स्वीकृतमा २ सय ५७ र राहतमा १ सय १५ शिक्षक कार्यरत छन् । कक्षा ११ र १२ मा स्वीकृततर्फ ३४ दरबन्दीमा ३५ जना कार्यरत छन् । विशेष शिक्षा सञ्चालन भएको राजविराज नपा–६ स्थित बहिरा बालक विद्यालयमा ३४ जना सुस्त श्रवण विद्यार्थीहरू अध्ययनरत छन्, गत वर्ष ४७ जना अध्ययनरत थिए ।

विशिष्ट व्यक्तिहरूले धेरै बालबालिकाको अभिभावकत्व ग्रहण गरेर विद्यार्थी भर्ना अभियान सफल बनाए । अभियानअन्तर्गत बालबालिका भर्ना भए पनि सामुदायिक विद्यालयमा दैनिक उपस्थित हुने बालबालिकाको सङ्ख्या भने न्यून छ। बालबालिकाको अभिभावकत्व लिने अधिकांशले अवस्था बुझ्न

नगएको अभिभावकहरूको गुनासो छ। विद्यालय जान नपाएका र नचाहेका बालबालिकाको दिनचर्या मजदुरी गरेर वा खेलेर बित्ने गरेको छ। सडक बालिबालिका देखिएका छैनन तर होटल, पसल, ग्यारेज, इँटा भट्टा, घर निर्माण, सवारी साधनहरूमा सहचालक (सहयोगीका रूपमा) काम गरेर मजदुरी गरिरहेकाहरू प्रशस्त भेटिन्छन् । राजविराजमा वर्षौंदेखि सञ्चालित बाल कल्याण गृहको प्रावधान हटेपछि त्यहाँ रहेका बालकहरूलाई अभिभावकको जिम्मा लगाइएको छ। जिल्ला बालकल्याण समितिको प्रावधान नरहेको भन्दै चालु आर्थिक वर्षदेखि बैठक बसेको छैन।

यस वर्ष सप्तरी जिल्लामा बलात्कारको घटनामा ३२ जना बालिका पीडित भएको घटना अभिलेखित छन् । साढे तीन र पाँच वर्षीयादेखि १४ वर्षीया सुस्त मनस्थितीकी बालिका र १७ वर्षीया दृष्टिविहिन बालिकासमेत पीडित भए । १० वर्ष ८ महिनादेखि ४५ वर्ष उमेर समूहका आरोपितहरूको सङ्ख्या भने ५६ रहयो । जसमा १० जना पुर्पक्षका लागि कारागारमा थुनामा र चार जना बालसुधार गृहमा छन् । पाँच जना बालक संरक्षकको जिम्मामा, एक जना धरौटीमा र एक जना जमानतमा रिहा भए । १५ जना फरार, १३ जनाविरुद्ध वारेण्ट जारी भभयो । दुई जना वर्षको अन्तिम महिना गिरफ्तार भए । एउटा घटनाका दुई जनाविरुद्ध उजुरी दर्ता भएको छैन, अर्को एक घटनामा सहमतिपछि दुई जनाविरुद्धको उजुरी फिर्ता भयो भने एक घटनामा एक बालकलाई प्रहरीले नै अभिभावकको जिम्मा लगायो।

सन् २०१९ को अवधिमा सप्तरीमा यौन दुर्व्यवहारका घटनामा आठ बालिका पीडित भएको उजुरी पऱ्यो । पीडित बालिका आठ वर्षसम्मका रहे भने आरोपितमा १४ वर्षदेखि ५७ वर्ष उमेर समूहका १४ जना रहे। आरोपितमध्ये एक जना पुर्पक्षका लागि कारागारमा थुनामा छन् । आठ जना पुर्पक्षका लागि धरौटीमा रिहा भए, एक जना संरक्षकको जिम्मामा, एक आरोपितविरुद्ध वारेण्ट जारी भएको छ भने एक आरोपित फरार छन् । आरोपितमध्ये एक बालकलाई प्रहरीले अभिभावकको जिम्मा लगायो भने एक जनाको पहिचान हुन सकेन।

इज्जतको नाममा हत्या

बलान बिहुल गाउँपालिका –४ बेल्हीकी १६ वर्षीया सरीताकुमारी बडहीको ०७५ माघ १४ गते हत्या भएको आरोपमा प्रहरीले उनका बुबा ४५ वर्षीय तुरन्तलाल बडहीलाई माघ १५ गते गिरफ्तार गऱ्यो । मृतकको अर्धनग्न शव चोटपटक लागेको अवस्थामा घरमा भेटिएपछि इलाका प्रहरी कार्यालय कडरबोनाले उनका बुबा तुरुन्तलाललाई गिरफ्तार गऱ्यो। परिवारका सदस्यहरू नै आरोपितहरू रहेकोले घटनास्थलको अनुसन्धानपछि प्रहरी प्रतिवेदनको आधारमा माघ १६ गते इलाका प्रहरी कार्यालय कडरबोनाले उजुरी दर्ता गऱ्यो । भित्रबाट चुकुल नलागेको कोठाको भित्ता छेउमा खाटमुनि लडेको शव अर्धनग्न अवस्थामा रहेको र मृतकको शरीरको केही अङ्गमा चोटपटकको निलडामसमेत देखिएकाले प्रहरी प्रतिवेदनका आधारमा उजुरी दर्ता गरिएको इन्स्पेक्टर सुरेन्द्रकुमार श्रेष्ठले बताए। मृतकको ४३ वर्षीया आमा पवनदेवी बडही घटनालगत्तै फरार रहेकीले यो वर्षको अन्त्यसम्म गिरफ्तार भएकी छैनन्। भारतमा विवाहिता दिदीका देवरसँग प्रेम गरिरहेकी सरीताले घरपरिवारले मञ्जुरी नदिए पनि प्रेमीसँगै विवाह गर्ने अडान लिएपछि बुबाआमाले सरीतालाई कुटपिट गरेको स्वीकारे पनि हत्या गरेको अस्वीकार गरे । शवको पोष्टमार्टम धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा माघ १६ गते भयो । शवको दाहसंस्कार गाउँमा नै मृतकका काकाले माघ १६ गते गरे । फागुन ९ गते अदालत पेश गरिएकामा जिल्ला अदालतको आदेशमा आरोपित तुरन्तलाल फागुन ११ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् भने अर्का आरोपित पवनदेवी विरुद्ध वारेण्टसहितको म्यादी पुर्जी जारी भएको छ।

बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई असार १८ गते १६, १५, १४ र ११ वर्षीय बालकहरूले सामूहिक बलात्कार गरेको भन्दै पीडितकी आमाले इलाका प्रहरी कार्यालय कञ्चनरूपमा असार २४ गते उजुरी दिइन् । उजुरी र पीडितको बयानपछि असार २४ गते उजुरी दर्ता गरी पीडितको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा असार २५ गते स्वास्थ्य परीक्षण गरीयो । जंगलमा गाईबस्तु चराउन गएका बेला आरोपितहरूले बलात्कार गरेको पीडितले प्रहरीसमक्ष बयान दिइन् । आरोपितहरू गाउँटोलकै भएको र त्यसमध्ये एक जना पारिवारिक सदस्यभित्रको नातामा दाजु पर्ने व्यक्ति भएकाले गाउँमै मिलाउने भन्दै दवाव आएपछि समयमै निर्णय गर्न नसक्दा प्रहरीसमक्ष उजुरी गर्न ढिलो भएको पीडितकी आमाले बताइन् ।

साउन १० गते गिरफ्तार एक आरोपित १० वर्ष आठ महिनाका बालक ठहरिए पछि जिल्ला अदालतको आदेशमा साउन ४ गते अनुसन्धानका लागि आवश्यक परेको बेला उपस्थित हुने गरी बुबाको संरक्षणमा छुटे । आरोपितमध्ये १४ वर्षीय एक महिनाका एक बालकलाई प्रहरीले साउन १७ गते गिरफ्तार गऱ्यो । आरोपितहरूलाई भदौ ५ गते अदालत पेश गरेकामा आरोपित बालकहरू भदौ ९ गते पुर्पक्षका लागि बुबाको संरक्षणमा रहने गरी तारेखमा रिहा भए । अन्य दुई जना आरोपितहरू विरुद्ध वारेण्ट जारी भयो । यो वर्षको अन्त्यसम्म फैसला भएको छैन ।

विद्यालयमा शारीरिक दण्ड

राजविराज नपा–५ स्थित शिव इन्टरनेसनल बोर्डिङ सेकेन्डरी स्कुलमा कक्षा ६ मा अध्ययनरत १४ वर्षीय सुमितकुमार भगतलाई असोज २८ गते होस्टल वार्डेन २७ वर्षीय चन्दनकुमार झाले कुटपिट गरी घाइते बनाएको भन्दै पीडितका बुबा ४६ वर्षीय सदानन्द भगतले जिल्ला प्रहरी कार्यालय, सप्तरीमा सोही दिन उजुरी दिए । दसैं बिदापश्चात विद्यालय सञ्चालनमा आएको पहिलो दिन असोज २७ गते होस्टलमा बस्न मन नलागेर विद्यालयको बस चढी घर जान खोजेपछि आरोपितले प्लाष्टिकको पाइपले निर्घात कुटपिट गरेको पीडितले बताए । कुटपिटबाट लागेको चोटले उनको पिठ्युँभरी निलडाम छ । पीडितका अनुसार भदौपछि आरोपित वार्डेनले यसैगरी तीन पटक कुटपिट गरे । पीडित विगत ६ महिनादेखि विद्यालयको होस्टलमा बसेर अध्ययनरत छन् । विद्यालयका सञ्चालक एवम् प्रिन्सिपल नरेशप्रताप साहले अध्ययनप्रति रुची नभएका पीडितलाई सुधार्नका लागि उनका अभिभावकले नै वार्डेनलाई सजाय दिन उत्प्रेरित गर्ने गरेकोले घटना भएको बताए । होस्टलमा बस्न नचाहेर सधैं घर जान खोज्ने पीडित घर जानका लागि बसमा लुकेपछि वार्डेनले सामान्य सजाय दिएको प्रिन्सिपल साहले स्वीकारे । घटनाको विषयमा छलफल पश्चात आरोपितले घाइतेको स्वास्थ्य परीक्षण र उपचार गराउने भनी असोज २९ गते सहमति भयो ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१९ को एक वर्षको अवधिमा घरेलु हिंसापीडित भन्दै ४ सय ५२ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ६७, खान/लाउन नदिएको ६५, विवाह दर्ता र नागरिकता नबनाएको नौ, अर्की पत्नी ल्याएर हेला गरेको दुई, दाइजो नल्याएको भनी हेला गरेको दुई र सामान्य घरायसी झगडाका ३ सय ७ घटना छन् । यीमध्ये प्रहरीले २ सय ३४ ओटामा सहमति गरायो भने २ सय १८ उजुरी कारबाही प्रक्रियामा छन् ।

सेवा केन्द्रमा आउने सबै उजुरीमा दुबै पक्षलाई राखेर आपसमा संवाद, छलफल गराई सहमति गराउने गरिन्छ । जसमा राजनीतिकसहित तेस्रो पक्षको प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव पर्ने गरेको जिल्ला प्रहरी कार्यालयका असई सामवती राजवंशीले बताइन् । आरोपितलाई उपचार खर्च भराउन, क्षमायाचना गर्न र लिखित प्रतिबद्धता गराउन लगाइन्छ । सहमति जनाए पनि कार्यान्वयन नहुँदा र हिंसा कार्य जारी रहँदा ५ देखि १० प्रतिशतसम्म पीडितहरू पुनः उजुरी लिएर आउने वा जिल्ला अदालत जाने गरेका छन् ।

हिंसा पीडित महिलाहरूको अल्पकालिन आश्रयका लागि राजविराजमा महिला तथा बालबालिका कार्यालय, सप्तरीले सञ्चालन गर्दै आएको सुरक्षित आश्रय केन्द्र (सेफ हाउस) को खर्च व्यवस्थापन राजविराज नगरपालिकाले नगरेपछि अहिले सञ्चालनमा छैन । पाँच वर्षदेखि हराइरहेकी बलान बिहुल गाउँपालिका– ३ की २० वर्षीया रिंकुकुमारी भनिने रञ्जनकुमारी पासवानलाई प्रहरीले कात्तिक ७ गते उद्धार गरी नेपाल ल्यायो । सम्पर्कविहीन पासवानलाई २०७४ बैशाख १० गते बेवारिसे अवस्थामा फेला पारी भारत बिहारको अल्पाबास गृह पूर्णियाले आफ्नो संरक्षणमा आश्रय दिएको थियो । उनले आफ्नो नाम र ठेगाना बताएकाले नेपाल ल्याउन सकिएको प्रहरीले जनायो ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बोल्न नसक्ने अपाङ्गता भएकी २० वर्षीया युवतीलाई ०७५ फागुन १० गते दिउँसो कञ्चनरूप नपा–५ पथरीका ३५ वर्षीय भरत मुखिया र सोही ठाउँका २५ वर्षीय भिम मुखियाले बलात्कार गरेको भन्दै प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो । ललाइ फकाइ कोशी टाप्पु बन्यजन्तु आरक्षको जंगलमा लगेर बलात्कार गरेको भन्दै गाउँलेहरूले खबर गरेपछि इलाका प्रहरी कार्यालय, कञ्चनरूपको प्रहरी टोलीले आरोपितहरूलाई गिरफ्तार गऱ्यो । पीडितकी आमाले फागुन १० गते इलाका प्रहरी कार्यालय कञ्चनरूपमा दिएको उजुरी फागुन १२ गते दर्ता भयो । पीडितको

स्वास्थ्य परीक्षण राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा फागुन १० गते भयो । जिल्ला अदालतमा चैत ५ गते आरोपितलाई पेश गरेकामा अदालतको आदेशमा आरोपितहरू चैत ६ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन् । यो वर्षको अन्त्यसम्म फैसला भएको छैन ।

दाइजोको कारण हत्या

हनुमाननगर कंकालिनी नपा–७ हनुमाननगरकी २५ वर्षीया हिरादेबी मण्डललाई असार २७ गते साँझ उनका पति ३० वर्षीय बैजनाथ मण्डल, ससुरा ५५ वर्षीय उमा मण्डल र सासु ५० वर्षीया लक्ष्मीदेबी मण्डलले हत्या गरेको भन्दै मृतकका बुबा बिष्णुपुर गाउँपालिका –४ सिम्राहा सिग्यौनका ५१ वर्षीय बुधाइ मण्डलले असार २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपितहरूले थप दाइजोमा नगद र मोटरसाइकल माग्दै पटक–पटक कुटपिट, गालीगलौज गर्दै आएकोमा असार २७ गते साँझ मादकपदार्थ सेवन गरी घर आएका बैजनाथले उनका आमा, बुबासँग हिरादेबीको विवाद भइरहेको देखि कुटपिट गर्दा ज्यान गएको बुधाइले आरोप लगाए। बैजनाथ दुई महिना अघि मात्र मलेसियाबाट फर्किएका हुन् । हत्यापछि आत्महत्या देखाउन पासोमा झुण्ड्याइएको बुधाइको दावी छ। शवको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा असार २८ गते पोष्टमार्टम भयो । दाहसंस्कारका लागि शव बुझेर लैजाने क्रममा विवाद भएपछि असार २८ गते मृतकका पति बैजनाथलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको थियो । हत्याको उजुरी प्रहरीले दर्ता नगरी गिरफ्तार बैजनाथलाई समेत छाडेको आरोप लगाउँदै मृतकका माइती पक्षले साउन १ गते राजविराजमा पत्रकार सम्मेलन गरे । आरोपितहरूले हत्या नभई मृतकले आत्महत्या गरेको बताए । घटनाको प्रारम्भिक अनुसन्धानमा आत्महत्या देखिएकोले दाहसंस्कारका लागि बैजनाथलाई जमानतमा छाडिएको जनाउँदै प्रहरीले पोष्टमार्टम प्रतिवेदन वा अन्य प्रमाणका आधारमा हत्या देखिए आरोपितहरूलाई गिरफ्तार गरी कानुन बमोजिम कारबाही गरिने बतायो । सामाजिक परम्पराअनुसार ०७१ फागुनमा विवाहिता पीडितकी साढे दुई वर्षीया छोरी छिन् । यो वर्षको अन्त्यसम्म उजुरी दर्ता भएको छैन ।

कथित बोक्सीको आरोप

कथित बोक्सीको आरोपमा अमानवीय व्यवहारका आठ घटनामा ३७ देखि ६० वर्ष उमेर समूहका आठ महिला पीडित भए । आरोपितहरू ३२ जनामध्ये पाँच जना पुर्पक्षका लागि धरौटीमा रिहा भए भने पाँच जनाविरूद्ध वारेण्ट जारी भयो । ११ जना आरोपित रहेको तीन ओटा घटना दर्ता नगरेको प्रहरीले अनुसन्धान भइरहेको जनायो । ६ जना आरोपित रहेको एउटा घटनामा अदालतले परमादेश जारी गरेपनि प्रहरीले उजुरी दर्ता गरेन भने पाँच जना आरोपित रहेको अर्को एक घटनामा अदालतले हालै उजुरी दर्ता नगर्नुको कारण देखाउन प्रहरीलाई आदेश जारी गरेको छ ।

हनुमाननगर कंकालिनी नपा–१४ रम्पुरा मल्हनियाकी ५१ वर्षीया लिलमदेबी मण्डललाई ०७५ फागुन २८ गते विहान सोही ठाउँका ४० वर्षीय असर्फी ठाकुर, ६० वर्षीय सत्यनारायण ठाकुर, ६५ वर्षीय बेचु ठाकुर, ४२ देवनारायण ठाकुर, ६६ वर्षीय जुगेश्वर साह, ६७ वर्षीय सकलदेव ठाकुरलगायतले घरभित्र प्रवेश गरी कथित बोक्सीको आरोप लगाई गालीगलौज गर्दै केश जगल्टा समाई मानव मलमुत्र खुवाउन खोजेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय हनुमाननगरमा चैत ४ गते उजुरी दिइन् । पीडितका अनुसार उनलाई जोगाउन आएका उनका पति ५६ वर्षीय भोलाइ र जेठाजु ६१ वर्षीय कानुन मण्डललाई समेत आरोपितहरूले कुटपिट गरे। पीडितको चैत ४ गते स्वास्थ्य चौकी हनुमाननगरमा प्राथमिक उपचार र घाउजाँच परीक्षण भयो । इलाका प्रहरी कार्यालय, हनुमाननगरमा चैत २८ गते दिएको उजुरी दर्ता गर्न अस्वीकार गरेको भन्दै पीडितले परमादेशको आदेश जारी गर्न २०७६ वैशाख ३ गते उच्च अदालत, जनकपुर राजविराज इजलासमा रिट निवेदन दिए । प्रहरीलाई उजुरी दर्ता गर्न अदालतले ०७६ असार ४ गते जारी गरेको परमादेशको आदेश ०७६ असोज १५ गते जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय हनुमाननगरमा हुलाकमार्फत पीडितले र जिष्ट्री गरेर पठाइन । इलाका प्रहरी कार्यालय हनुमाननगरको नाममा परमादेश आएपछि जिल्ला प्रहरी कार्यालयले सत्यतथ्य बुझी प्रतिवेदन पठाउन भनी रम्पुरा मल्हनिया प्रहरी चौकीलाई निर्देशन पठायो । इलाका प्रहरी कार्यालय हनुमाननगरका इन्स्पेक्टर कमलकुमार लुंगेलीले अदालतले परमादेश जारी गरेपनि उजुरी दर्ता गर्ने अख्तियारी

नरहेकाले पीडितलाई जिल्ला प्रहरी कार्यालय जान भने । मुलुकी फौजदारी अपराध संहिता २०७४ को परिच्छेद २ को दफा ४ (६) मा प्राप्त जाहेरी दरखास्त कानूनद्वारा कुनै अनुसन्धान अधिकारी तोकिएकोमा त्यस्तो अधिकारी समक्ष र नभएकोमा सम्बन्धित जिल्ला प्रहरी कार्यालय पठाउनु पर्ने व्यवस्था छ । सोही दफा बमोजिम कामकारबाही नगरी आफूलाई जाहेरी दरखास्त दर्ता गर्ने अख्तियारी नभएको भनी लिखित जवाफ पेश गरेको देखिएकाले जाहेरी दरखास्त लिई कानुन बमोजिम गर्नु भनी उच्च अदालत जनकपुर राजविराज इजलासले इलाका प्रहरी कार्यालय, हनुमाननगरका नाममा ०७६ असार ४ गते परमादेशको आदेश जारी गरे पनि यो वर्षको अन्त्यसम्म प्रहरीले उजुरी दर्ता गरेको छैन ।

घरेलु हिंसा

सन् २०१९ मा इन्सेकले जिल्लामा भएका ३३ ओटा गम्भीर खालका घरेलु हिंसाका नमुना घटना अभिलेख गऱ्यो ।

खानलाउन नदिई बन्धक बनाउने, उपचार खर्च नदिने, कुटपिट गरी घरनिकाला गर्ने, बहुविवाहको धम्की दिई लात, मुक्का, लाठी, फलामका धारिलो हतियार कैँची, रड समेतको प्रयोग गरी कुटपिट गरेर घाइते बनाइएका पीडितहरूको घटनामध्ये संकलित ३३ ओटा घरेलु हिंसाका घटनामा जिल्ला प्रहरी कार्यालयमा आपसी छलफलपछि ६ ओटामा सहमति भयो। जसमा चार ओटामा सहमति कार्यान्वयन भएन । संकलित घटनामा १५ ओटा जिल्ला अदालतमा र १७ ओटा जिल्ला प्रहरी कार्यालयमा दिइएका घरेलु हिंसाका उजुरी छन् । एउटा घटनाका पीडितले कतै पनि उजुरी दिइनन् । अदालतमा उजुरी गर्ने पीडितमध्ये दुई जनाले स्थानीय तह र प्रहरीले सुनवाइ नगरेपछि अदालतमा उजुरी दिएको बताए । पीडितले प्रहरी वा अदालतमा उजुरी दिएपछि दुई पीडित महिलाका पतिले अदालतमा सम्बन्ध विच्छेदको उजुरी दर्ता गराए । अदालतमा दर्ता भएका पीडितका उजुरीहरू कुनै पनि फैसला भएका छैनन्, चार ओटामा भने अन्तरिम संरक्षणात्मक आदेश जारी भएको छ । प्रहरीमा दिएको एउटा उजुरीमा ज्यान मार्ने उद्योगमा कारबाही चल्दा दुई जना धरौटीमा र एक बालक अभिभावकको जिम्मामा रिहा भए भने एक जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

पति र घर परिवारका सदस्यहरूले विवाह दर्ता, जन्म दर्ता र नागरिकता बनाउन अस्वीकार गरेर, थप दाइजो मागेर, छोरी मात्र भएको वा सन्तान नभएको दोष दिएर, अर्को विवाह गर्न खोजेर, बहुविवाह गरेर, चरित्रहिनको आरोप लगाएर, मादक पदार्थ सेवन गरेर, दलित भएको कारण देखाएर घरेलु हिंसा गरेको पाइयो। सबै घटनाका पीडितहरू माइत विस्थापित भए ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना, सम्पत्ति क्षति

जिल्ला समन्वय समिति, सप्तरीको को. १० ब १४३० नम्बरको सरकारी मोटरसाइकल २०७५ माघ १९ गते नेविसंघ सप्तरीका कार्यकर्ताहरूले राजविराजमा तोडफोड गरे ।

एसईईका परीक्षार्थीहरूले चैत १५ गते साँझ राजविराज नपा–५ स्थित सप्तरीको शिक्षा विकास तथा समन्वय इकाइमा ढुङ्गामुढा गरी झ्यालका सिसाहरू फुटाए । डाकनेश्वरी नपा–५ पातोका ५३ वर्षीय जयकान्तप्रसाद यादवको घरआँगनमा राखेको मोटरसाइकल ०७६ असार १५ गते राति २ बजे डाकनेश्वरी नपा–२ हरिराहाका २६ वर्षीय निरञ्जन यादव, डाकनेश्वरी नपा–५ पातोका २१ वर्षीय सन्तोषकुमार खंग सोही ठाउँका २२ वर्षीय भरतलाल खंग र २५ वर्षीय पप्पु दासले जलाएर पूर्ण नष्ट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा असार १७ गते उजुरी दिए । विष्णुपुर गाउँपालिका–६ रञ्जितपुस्थित अतरनारायण देवको घरमा बहालमा बस्ने ज्वाइ डाकनेश्वरी नपा–१ कविलासाका धर्मनाथ यादवको स.१०प २०२ नम्बरको मोटरसाइकल असार १४ गते छोरा रञ्जितकुमार यादवले ल्याएर पीडितको घर अगाडि राखेकोमा आरोपितहरूले डाँका गरी डाकनेश्वरी नपा–२ हरिराहास्थित रामउद्गार यादवको खेतमा लगेर तोडफोड गर्नुका साथै जलाएर नष्ट गरेको जयकान्तले बताए । जिल्ला प्रहरी कार्यालयले असार १९ गते आरोपितहरूलाई गिरफ्तार गरी सोही दिन अपराधिक उपद्रवको उजुरी दर्ता गऱ्यो । जिल्ला अदालतले ०७६ साउन १५ गते आरोपितहरूलाई जनही साढे १ लाख धरौटी राख्न आदेश गऱ्यो । सन्तोषले साउन १५ गते तथा निरञ्जन र भरतले साउन १६ गते जनही साढे १ लाख धरौटी बुझाएर पुर्पक्षका लागि तारेखमा रिहा भए । धरौटी बुझाउन नसक्दा पप्पु राजविराज कारागारमा थुनामा छन् ।

बलान विहुल गाउँपालिका–२ चनही टोलस्थित बलान बिहुल गाउँपालिका अध्यक्ष ४० वर्षीय

दयानन्द गोइतको घरमा जेठ ३ गते राति जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्तिमोर्चा (क्रान्तिकारी) ले कुकर बम विष्फोट गऱ्यो । अध्यक्ष गोइतको घर आँगनमा रहेको प्रतीक्षालयमा राति १२:१५ बजे विष्फोट भएको थियो । विष्फोटले प्रतीक्षालयका प्लाष्टिकका कुर्सीहरू र काठको टेबुलमा क्षति पुग्यो । विष्फोटको छर्रा लागेर नजिकै गुहाली घरमा सुतिरहेका गोइतका काका ५८ वर्षीय श्यामानन्द गोइतको खुट्टामा सामान्य चोट लाग्यो । मोर्चाका अध्यक्ष गोइतले जेठ ३ गते एक विज्ञप्ति प्रकाशित गरी बम विष्फोट घटनाको जिम्मेवारी लिए । विष्फोटका कारण २० हजार रुपियाँ बराबरको क्षति भएको पीडित पक्षले जनायो । घटनाका सम्बन्धमा कतै पनि उजुरी भएन । प्रहरीले घटनाका सम्बन्धमा कुनै कारबाही अघि बढाएन ।

स्वास्थ्य सेवाको अवस्था

सप्तरीमा सङ्घीय अस्पतालको हैसियतको एक तृतीय तहको अस्पताल, एक जिल्ला अस्पताल, १ सय १३ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन् । १५ शैयाको भारदहस्थित अस्पतालमा तीन डाक्टरको दरबन्दीमा एक डाक्टर कार्यरत छन् । चार प्राथमिक स्वास्थ्य केन्द्रमध्ये कञ्चनरूप र तोपामा दरबन्दीअनुसार एक/एक जना डाक्टर कार्यरत छन् । कल्याणपुरमा करारमा एक जना र तोपामा करारमा थप एक जना डाक्टर छन् भने कडरबोनामा डाक्टर छैनन् ।

सङ्घीय अस्पतालको हैसियतमा परिणत राजविराज अस्पतालमा शैया र सेवा सुविधा छैन । छालारोग, मानसिक रोग विशेषज्ञ छैनन् । मृगौला (नेफ्रोलोजी), मुटु रोग (कार्डियोलोजी), ग्याष्ट्रोइन्टरो लोजी, न्यूरोलोजी, न्यूरो सर्जरी, युरोलोजीसम्बन्धी सेवा छैन् । सिटी स्क्यान र आइसियुको व्यवस्था छैन् । एक चरण छलफल भए पनि अस्पतालको सेवा सुदृढ र बिस्तार नभएकाले स्वास्थ्य बिमा सुरु भएको छैन ।

सप्तरीसहित सिरहा, उदयपुर, सुनसरी र भारतको बिहारबाट उपचार सेवा लिन आउने राजविराजस्थित अस्पतालको भौतिक संरचना २ वर्षभित्र ३ सय १० शैयाको सेवा दिने गरी तीव्र गतिका साथ निर्माण भइरहेको छ । सो अस्पतालमा ७ सय २६ दरबन्दी आवश्यक रहने अस्पताल र स्वास्थ्य विभागले मूल्याङ्कन गरेको छ । स्थापनाकालमा ५० शैया हुँदाको दरबन्दी हाल १ सय ३५ शैया हुँदा पनि यथावत छ ।

अस्पताल तोडफोड

राजविराज नपा–४ स्थित गजेन्द्रनारायण सिंह अस्पतालमा असोज २७ गते तोडफोड गरेको र प्रहरीसँग अभद्र व्यवहार गरेको आरोपमा राजविराज नपा–१ का २३ वर्षीय गुज्जन झालाई असोज २७ गते प्रहरीले गिरफ्तार गऱ्यो । अस्पतालमा विरोध प्रदर्शनको नेतृत्व गर्ने झालाई इन्स्पेक्टर प्रकाश बस्नेतको टोलीले घटनास्थलबाटै गिरफ्तार गरी प्रहरी प्रतिवेदनका आधारमा जिल्ला प्रहरी कार्यालयले असोज २८ गते अभद्र व्यवहारको उजुरी दर्ता गऱ्यो । अस्पतालमा कार्यरत अर्थोपेडिक विभागका डा. ज्ञानेन्द्र झा र डा. प्रानेश यादव दिउँसो १ बजेसम्म पनि नआएपछि बिहान १० बजेदेखि लामबद्ध भई बसेका विरामीका आफन्तहरूले अर्थोपेडिक विभागको टेबुल, कुर्सी, नेमप्लेट र कागजातहरू बाहिर ल्याएर मिल्काउँदै नाराबाजी गरेका थिए । गिरफ्तार झाको रिहाइको माग गर्दै उनका आफन्त र गाउँले तथा विद्यार्थीहरूले असोज २८ गते छुट्टा–छुट्टै प्रदर्शन गरे । जिल्ला प्रहरी कार्यालय अगाडि प्रदर्शन गरेको भन्दै साँझ ६ बजे नियन्त्रणमा लिइएका १६ जना प्रदर्शनकारीलाई प्रहरीले असोज २९ गते थुनामुक्त गऱ्यो । सिडिओ सुनिल खनालको आदेशमा आरोपित कात्तिक १ गते ५ सय रूपियाँ धरौटी राखी तारेखमा रिहा भए । यो वर्षको अन्त्यसम्म फैसला भएको छैन ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	११			३१	३३
विद्यालयमा शारीरिक सजाय			१		१
यौन दुर्व्यवहार	१	१		६	८
जम्मा	१३	१	१	३७	४१

महिला अधिकार							
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप		४				४	८
बलात्कार	४					८	१२
बलात्कार प्रयास						५	५
बहुविवाह	४		३			८	१४
घरेलु हिंसा	४	१		६	४	३०	३५
यौन दुर्व्यवहार	३						३
जम्मा	१४	५	३	६	४	४५	७६

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	९	१	९	१९

२.२ सिरहा

जम्मा जनसङ्ख्या	६,६५,८५८
महिला	३,४५,०४४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,१५,३३५
कामका लागि बाहिरिएका	४५,७५०
अपाङ्गता भएका	६,६६५
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.०५
आश्रित जनसङ्ख्या	३,०५,२५१

यो वर्ष सिरहा जिल्लामा राज्य पक्षबाट दुई जना पुरुष र अन्य पक्षबाट ८४ जना महिलासहित ९० जना गरी ९२ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालकसहित ४३ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३९ जना महिला पीडित भए।

गोली/विष्फोटक पदार्थबाट घाइते

राज्यपक्षबाट

सिरहा नपा-९ का २९ वर्षीय प्रमोद यादव ०७५ माघ ४ गते जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले चलाएको गोली लागी घाइते भए । सिरहा नपा-२१ मा प्रहरी गस्ती टोलीले चेक जाँचको लागि स.६ प. ६१४० नम्बरको मोटरसाइकलमा सवार रहेका यादवलाई रोक्न खोज्दा यादवले कटुवा पेस्तोलले आक्रमण गरेपछि प्रहरीको जवाफी फायरिङमा यादव घाइते भएको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी माधवराज खनालले बताए । दायाँ हातको पाखुरामा गोली लागी घाइते भएका यादवको जिल्ला अस्पताल सिरहामा उपचार भएको प्रहरीले जनायो । प्रमोदलाई घटनास्थलबाटै गिरफ्तार गरी हातहतियार खरखजाना मुद्दामा कारबाही प्रकृया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय, सिरहाले जनायो । जिल्ला अदालतमा माघ २८ गते मुद्दा पेश गरेकोमा आरोपित माघ २९ गतेदेखि पुर्पक्षका लागि थुनामा रहेका छन् । यो वर्षको अन्तसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका रजिष्ट्रार नरेन्द्रकुमार श्रेष्ठले बताए।

गिरफ्तार

प्रतिबन्धित नेकपाका एक जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेकोमा धरौटीमा रिहा भएको इन्सेकमा अभिलेख भयो।

सिरहा नपा-१९ घर भई लहान नपा-५ मा डेरा गरी बस्ने २५ वर्षीय पप्पु भनिने शैलेन्द्र यादवलाई ०७५ चैत १५ गते प्रतिबन्धित नेकपा कार्यकर्ता भएको आरोपमा इलाका प्रहरी कार्यालय, लहानले गिरफ्तार गऱ्यो । यादव क्रान्तिकारी विद्यार्थी समूहको केन्द्रीय सदस्य रहेको सूचनाको आधारमा घरबाटै गिरफतार गरी अभद्र व्यवहारमा मुद्दा चलाएको इलाका प्रहरी कार्यालय, लहानका डिएसपी राजेश थापाले बताए। जिल्ला प्रशासन कार्यालयको आदेशमा आरोपित

चैत २४ गते ७ हजार रुपियाँ धरौटीमा रिहा भएको खरिदार बबिता महतोले बताइन्।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। तर, ३ सय ७२ थुनुवा, १ सय ८७ कैदी गरी ४ सय ८९ जना रहेका छन्। जसमा ४ सय ६७ पुरुष र २२ महिला छन् । तीन बालक र एक बालिका गरी चार जना आश्रित बालबालिका छन् । जेलमा क्षमता भन्दा झण्डै तीन गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या रहेका कारागार प्रशासनले जनाएको छ। जेलमा भलिबल, क्यारेमबोर्डहरू खेल सामग्री रहेको छ । जेलमा कैदी बन्दीहरूको उपचारको लागि एक जना हेल्थ असिष्टेन्टको दरबन्दी छ।

कारागारमा पाँच जना ज्येष्ठ नागरिक छन्। ज्येष्ठ नागरिकलाई कारागार प्रशासनले नै कारागार भित्र विशेष हेरचाह गर्ने व्यवस्था मिलाएको कारगारा प्रशासनले जनायो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	१			
जातीय विभेद					३	३
गिरफ्तार		१	१			
कुटपिट					१	१
हत्या				४		४
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			३९		३९
	यौन दुर्व्यवहार			११	३	१३
	जम्मा			४१	३	४३
महिला अधिकार	कथित बोक्सीको आरोप			१		१
	बलात्कार			१६		१६
	बलात्कार प्रयास			७		७
	बहुविवाह			१४		१४
	घरेलु हिंसा			१		१
	जम्मा			३९		३९
कूल जम्मा		३	३	८४	६	९०

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा आठ न्यायाधीशको दरबन्दी रहेकामा ६ जना कार्यरत छन् भने दुई जना न्यायाधीशको पद रिक्त रहेको छ । यसवर्षको अन्तसम्ममा ९ सय ४४ फौजदारी मुद्दा र १ हजार ९ सय ७ देवानी मुद्दा फैसला हुन बाँकी रहे । २ वर्षभन्दा पुराना मुद्दा देवानी १ सय ४४ र फौजदारी ६७ थान रहेको जिल्ला अदालतका श्रेस्तेदार नरेन्द्रकुमार श्रेष्ठले बताए।

दरबन्दी अनुसार न्यायाधीशहरू कार्यरत हुँदा समयमा मुद्दा फैसला गर्न सकिन्छ । तर, दरबन्दी रिक्त हुँदा, बिदामा बस्दा र वकिलहरूले पेसी झार्दा समयमा फैसला हुन नसकेको जिल्ला न्यायाधीश योगेन्द्रप्रसाद साहले बताए। जिल्ला बार एशोसिएशनका अध्यक्ष रामस्वरुप चौधरीका अनुसार अदालतमा दर बन्दी अनुसार न्यायाधीश कार्यरत नरहेको, कर्मचारी पर्याप्त नरहेको बताए।

बाल अधिकार

शिक्षाको अवस्था

अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएको समुदाय लगायतलाई निःशुल्क शिक्षाको व्यवस्था छ। यो वर्ष १२ हजार ४ सय नयाँ विद्यार्थी भर्ना भए। पाठ्यपुस्तक समयमै आए पनि पर्याप्त नआउँदा पुरानै पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ।

यस वर्ष बलात्कारका घटनामा २९ जना बालिका पीडित भएको अभिलेख भयो । घटनाका आरोपितमध्ये जिल्ला अदालतको आदेशमा १२ जना पुर्पक्षका लागि थुनामा रहे । तीन जना आरोपितलाई जिल्ला अदालतले कैद सजाया सुनायो । एक जना आरोपितले सफाइ पाए, एक जना आरोपित धरौटीमा रिहा भए , चारजना आरोपित बालक भएकाले बाल सुधार गृह पठाइए भने १० आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो । यसैगरी यौन दुर्व्यवहारका घटनामा२ बालक र११ बालिका पीडित भए । घटनाका आरोपितमध्ये तीन जना पुर्पक्षका लागि थुनामा रहे। पाँच जना आरोपित फरार रहेको, एक जना

आरोपितलाई बालसुधार गृह पठाइएको, तीन जना आरोपित धरौटीमा रिहा भएको र एक आरोपित बालकलाई अभिभावकको जिम्मा लगाउन अदालतले आदेश गऱ्यो।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७६ वैशाख १० गते नरहा गाउँपालिका–२ का २२ वर्षीय बन्डुल तथा सुरज भनिने सन्रुप सदाले बलात्कार गरी गर्भ बोकाएको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालय, सिरहामा वैशाख २५ गते उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, सिरहामा वैशाख २५ गते भएको थियो। जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी माधवराज खनालले घटनाको जानकारी हुनासाथ आरोपितलाई वैसाख २५ गते गिरफ्तार गरी कारबाही प्रकृया अगाडि बढाएको बताए। जिल्ला अदालतमा मुद्दा जेठ १७ गते पेस गरिएको थियो । जिल्ला अदालतको आदेशमा आरोपित जेठ २० गतेदेखि पुर्पक्षका लागि थुनामा थिए । जिल्ला अदालतका न्यायाधीश नरनारायण पौडेलको इजलासले पुस १७ गते १० वर्ष कैद तथा १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ४९ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । यीमध्ये प्रहरीले ३ सय ३५ ओटा उजुरीमा मिलापत्र गरायो भने १३ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको जिल्ला प्रहरी कार्यालयका डिएसपी अपिलराज बोहराले बताए । जिल्ला प्रहरी कार्यालयमा आएका घरेलु हिंसाका उजुरीहरूमा आवश्यकता अनुसार वकिल, मनोसामाजिक विमर्शकर्ता, प्रहरी र दुवै पक्षको रोहबरमा छलफल गराइ पठाइन्छ। घरनिकाला गरेको, खानलाउन नदिएको उजुरीमा मिलापत्र गराएर पठाए पनि अनुगमन हुँदैन तर घरेलु हिंसा पीडित फर्केर नआएकोले मिलेरै बसेको अनुमान गर्न सकिने डिएसपी बोहराले बताए।

यस वर्ष बलात्कारका घटनामा १६ जना महिला पीडित भएको अभिलेख भयो। घटनाका ६ जना आरोपित अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहे। दुई जना आरोपितले सफाइ पाए। तीन जना आरोपित यो वर्षको अनत्यसम्म फरार रहे । बलात्कार प्रयासका घटनामा सात जना महिला पीडित भएको अभिलेख भयो। जसमध्ये दुई जना आरोपित पुर्पक्षका लागि थुनामा रहे भए चार आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो। दुई जना आरोपित धरौटीमा रिहा भए।

कथित बोक्सीको आरोप

नरहा गाउँपालिका–३ की ५० वर्षीया बौवावती महतोलाई ०७५ माघ २४ गते कथित बोक्सीको आरोपमा सोही ठाउँका ६० वर्षीया झौली देवी सदा, १९ वर्षीय सञ्जित सदा, ५५ वर्षीय सुकन मण्डल, ४० वर्षीया जिबछीदेवी सदाले कुटपिट गरेको आरोपमा पीडित परिवारले इलाका प्रहरी कार्यालय, मिर्चैयामा फागुन १ गते उजुरी दिए । इलाका प्रहरी कार्यालय मिर्चैयाका डीएसपी सुकदेव खनालका अनुसार आरोपित सुकन मण्डललाई फागुन ५ गते गिरफ्तार गरिएकोमा जिल्ला अदालतको फागुन २२ गतेको आदेशमा आरोपित ५० हजार धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

दाइजोका कारण हत्या

कल्याणपुर नपा–८ की २२ वर्षीया कञ्चनदेवी मण्डललाई ०७६ वैशाख १२ गते पति २४ वर्षीय बेचन मण्डल, ४० वर्षीया सासू सुरजी मण्डल, २३ वर्षीया सुनीता मण्डलले दाइजो कम ल्याएको भनी शरीरमा मटितेल छर्केर आगो लगाई हत्या प्रयास गरेकोमा सुस्मा मेमोरियल अस्पताल, काठमाडौँमा वैशाख १३ गते मृत्यु भयो । शवको पोष्टमार्टम त्रिवि शिक्षण अस्पताल काठमाडौँमा वैशाख १४ गते भयो। आरोपित बेचन मण्डल यो वर्षको अन्त्यसम्म फरार रहेको र अन्य आरोपितहरू सुरजी मण्डललाई वैसाख १२ गते घरबाटै र सुनितालाई वैशाख २३ गते धनुषाको सबैलाबाट गिरफ्तार गरी अनुसन्धान प्रकृया अगाडि बढाएको डीएसपी माधवराज खनालले बताए। जिल्ला अदालतको वैशाख २९ गतेको आदेशमा आरोपितहरू पुर्पक्षका लागि थुनामा छन् । यो वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका रजिष्ट्रार नरेन्द्रकुमार श्रेष्ठले बताए।

सिरहा नपा–१४ कि २० वर्षीया मनिषाकुमारी मण्डलको ०७६ वैसाख १९ गते पति २२ वर्षीय रामरेस मण्डल, सासू ४५ वर्षीया तारादेवी मण्डल हजुरबुवा ससुरा ६५ वर्षीय जगदेश मण्डल र नन्द १७ वर्षीया अस्मिताकुमारी मण्डलले दाइजो कम ल्याएको विवादमा घाँटी थिची हत्या गरेको भन्दै पीडित परिवारले जिल्ला प्रहरी कार्यालय सिरहामा वैशाख २० गते उजुरी दर्ता

दाइजो कम ल्याएको भनी परिवारजनबाट शरीरमा मटितेल छर्केर आगो लगाई हत्या गरिएकी कञ्चनदेवी मण्डल

गऱ्यो । शवको पोष्टमार्टम जिल्ला अस्पताल सिरहामा वैशाख २१ गते भयो । जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी माधवराज खरेलका अनुसार मृतकका सासु र पतिलाई वैशाख २० गते घरबाटै गिरफ्तार गरेको र अन्य आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेको डिएसपी खरेलले बताए । जिल्ला अदालतमाको आदेशमा आरोपित रामरेस जेठ १६ गते देखि पुर्पक्षका लागि थुनामा छन् भने तारादेवी ५० हजार धरौटी तिरी रिहा भएकी छिन् । यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन ।

सबै प्रकारका जातीय विभेद

यस वर्ष जातीय विभेदका दुई घटनामा तीन जना पीडित भएको अभिलेख भयो । एक घटनामा मिलापत्र भयो भने अर्को घटना कानुनी प्रकृयामा रहेको छ ।

सुखीपुर नपा–४ का ६५ वर्षीय सिहेश्वर मोची र ५३ वर्षीय चन्द्रदेव पासवानलाई ०७६ कात्तिक २३ गते सुखिपुर नपा–४ का ५२ वर्षीय उपेन्द्र यादव, औरही गाउपालिका–३ का ४२ वर्षीय रामचन्द्र यादव र ४६ वर्षीय रामपृत यादवले जातीय विभेद गरेको आरोपमा पीडितहरूले जिल्ला प्रहरी कार्यालय, सिरहामा कात्तिक २८ गते उजुरी दिए । कात्तिक २३ गते स्थानीय ७० वर्षीय सूर्यनाथ यादवको मृत्यु भोज खान गएका दलित समुदायका व्यक्तिलाई आरोपितहरूले भोज खान दिएको पात र खाना सामग्रीसहित फ्याँकेर गालीगलौज तथा हातपात समेत गरेको पीडितले बताए । आरोपित उपेन्द्र यादवलाई पुस १ गते प्रहरीले घरबाटै गिरफ्तार गरेकोमा जिल्ला अदालतको पुस ८ गतेको आदेशमा २५ हजार धरौटीमा रिहा भए भने अन्य आरोपितको खोजी जारी रहेको जिल्ला प्रहरी कार्यालय, सिरहाका डिएसपी अपिलराज बोहराले बताए ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आगजनी

यस वर्ष सिराह जिल्लामा आगजनी र भौतिक संरचना तोडफोड र बम विस्फोटका तीन घटना इन्सेकमा अभिलेख भयो ।

बरियारपट्टी गाउँपालिका–३ स्थित गाउँपालिकाको भवनमा ०७६ भदौ १७ गते राति अपरिचित समूहले आगजनी गऱ्यो । आगजनीका कारण टेबुल, कुर्सी, सोफासेट नष्ट भए ।

स्वास्थ्य सेवाको अवस्था

सिरहा जिल्लामा दुई अस्पताल, १ सय ३ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र, एक उपस्वास्थ्य चौकी छन् । जिल्लाको जनसङ्ख्याको आधारमा स्वास्थ्य केन्द्रहरु तथा डाक्टर अपुग छन् । स्वास्थ्य संस्थामा नियमित स्वास्थ्यकर्मी उपस्थित नहुने, समयमा नआउने, पर्याप्त उपकरण र सुविधा सम्पन्न अस्पताल नहुँदा यहाँका बिरामी प्राथमिक उपचारपछि थप उपचारको लागि धरान, विराटनगर र काठमाडौँ जाने गरेका छन् ।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह			१		१
बलात्कार	१०	३		१५	३८
यौन दुर्व्यवहार	४			८	१२
जम्मा	१४	३	१	२३	४१

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप			१	१
बलात्कार	९		७	१६
बलात्कार प्रयास	४		३	७
बहुविवाह	४	४	६	१४
घरेलु हिंसा			१	१
जम्मा	१७	४	१८	३९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

२.३ धनुषा

जम्मा जनसङ्ख्या	७,५१,२५३
महिला	३,५०,८५३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,७४,०७१
कामका लागि बाहिरिएका	६०,४००
अपाङ्गता भएका	८,४१२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५०.४४
आश्रित जनसङ्ख्या	३,४६,८२४

यो वर्ष धनुषा जिल्लामा राज्य पक्षबाट दुई जना महिलासहित २४ जना र अन्य पक्षबाट ७५ जना महिलासहित ९७ जना गरी १ सय २१ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालकसहित २८ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३० जना महिला पीडित भए।



नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार हत्या

अन्यपक्षबाट

क्षिरेश्वरनाथ नपा–५ स्थित राजेश साहको घरभित्र राखिएको कुकरबम २०७६ मङ्सिर २७ गते राति विष्फोट हुँदा घरधनी ४८ वर्षीय राजेश साह, १८ वर्षीय आनन्द साह र काठमाडौं जोरपाटी घर भई इलाका प्रहरी कार्यालय, महेन्द्रनगरका इन्स्पेक्टर ३८ वर्षीय अमिरकुमार दाहालको मृत्यु भयो। राजेश र आनन्द साहको घटनास्थलमै र इन्स्पेक्टर दाहालको उपचारको क्रममा धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मङ्सिर २८ गते बिहान मृत्यु भएको प्रहरीले जनायो। घटनामा ७० वर्षीय भिखारी साह, १७ वर्षीय अञ्जनी साह, १४ वर्षीय प्रकाश साह र २५ वर्षीय प्रहरी जवान रिजनाथ महतो गम्भीर घाइते भए। उनीहरूको हात र गोडामा चोट लागेको थियो। विस्फोटमा परि सोही ठाउँका २३ वर्षीया निक्की साह, ४६ वर्षीय अकबर मन्सुरी र ३५ वर्षीया सकिला खातुन पनि सामान्य घाइते भए। घरमा भेटिएको शंकास्पद वस्तुबारे राजेशले इलाका प्रहरी कार्यालय, महेन्द्रनगर जानकारी गराएपछि इन्सपेक्टर दाहालको

बम विस्फोटमा परी मृत्यु भएका क्रमशः राजेश साह, आनन्द साह र अमिरकुमार दाहाल

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	१	३	११	१४
अमानवीय व्यवहार					१		१
अपहरण						१	१
भेला/सङ्गठित हुने अधिकार		१	१६	१७			
जातीय विभेद			१	१			
गिरफ्तार			३	३			
यातना		१		१			
कुटपिट			३	३	१	३	४
हत्या					१३	६	१९
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	बालविवाह				४		४
	बलात्कार				१९		१९
	यौन दुर्व्यवहार				३	१	४
	जम्मा				३७	१	३८
महिला अधिकार	बलात्कार				१०		१०
	बलात्कार प्रयास				३		३
	बहुविवाह				११		११
	बेचबिखन तथा ओसारपसार				१		१
	घरेलु हिंसा				५		५
	यौन दुर्व्यवहार				१		१
	जम्मा				३०		३०
कूल जम्मा		३	३३	३४	७५	३३	९७

झडपमा घाइते भई मृत्यु भएका तपेश्वर मण्डल

नेतृत्वमा प्रहरी घटनास्थल पुगेको थियो । इन्स्पेक्टर दाहालले शंकास्पद वस्तु भएको ठाउँमा पुगेर केही होइन भन्दै गरेका बेला उनको मोबाइलमा फोन आयो । उनले मोबाइलमा कुरा गर्दै गर्दा विस्फोट भएको मृतक राजेशका बुवाले बताए । घटनामा संलग्न रहेको आरोपमा हंसपुर नपा–२ बघचौडा घर भई प्रतिबन्धित नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको धनुषा जिल्ला इन्चार्ज ४५ वर्षीया सितादेवी महरा र सोही पार्टीकी जिल्ला सचिव ३५ वर्षीया ललितादेवी महरालाई ०७६ मङ्सिर २८ गते बेलुका घरबाटै जिल्ला प्रहरी कार्यालय, धनुषाको प्रहरी टोलीले गिरफ्तार गऱ्यो । त्यस्तै सोही घटनामा संलग्न रहेको आरोपमा प्रतिबन्धित नेकपा जनकपुर इन्चार्ज रोहित ढकाललाई धनुषा प्रहरीले पुस ३ गते साँझ जनकपुरबाट गिरफ्तार गऱ्यो । गिरफ्तार तीनै जना यो वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहेका छन् ।

दोहोरो झडप र मृत्यु

हंसपुर नगरपालिकाका मेयर र उपमेयर समर्थकबीच ०७६ साउन २१ गते नगरपालिकाको कार्यालय सार्ने विषयमा भएको विवाद झडपमा परिणत हुँदा घाइते भएका हंसपुर नपा–२ बघचौडाका ६७ वर्षीय तपेश्वर मण्डलको उपचारको क्रममा भदौ १८ गते प्रादेशिक अस्पताल, जनकपुरधाममा मृत्यु भयो । प्रहरीले लाठीचार्ज गर्न थालेपछि भागेका मण्डल खाल्डोमा परे । सो क्रममा उनको खुट्टा भाँचियो । भाँचिएको खुट्टाको संक्रमण शरीरमा फैलँदा उनको मृत्यु भएको अस्पतालले जनायो । नगरपालिकाकी उपमेयरले बघचौडामा सञ्चालन गर्दै आएको कार्यालय सार्न आएका मेयर समर्थक र

कार्यालय सार्न नदिने उपमेयर समर्थकबीच भएको विवाद झडपमा परिणत भएको थियो । सो क्रममा बघचौडाका ४० वर्षीय फेकन कापर, ३८ वर्षीय पुण्य कापर, ३२ वर्षीय उदय साह, ५२ वर्षीया हंसपुर नगरपालिकाकी उपमेयर रेणु झा घाइते भए। घाइतेहरूको प्रादेशिक अस्पताल, जनकपुरधाममा उपचार भयो । घाइतेमध्ये तपेश्वरको मृत्यु भएपछि उपमेयर झाले हंसपुर नगरपालिकाका मेयर रामज्ञान मण्डलविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा भदौ २० गते उजुरी दर्ता गरिन् । मेयर रामज्ञान मण्डलले समेत उपमेयर विरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा भदौ २१ गते किटानी जाहेरी दिए । दुवै पक्षबाट एकअर्कालाई कारबाही गर्न किटानी जाहेरी गरे पनि हालसम्म आरोपित गिरफ्तार भएनन्। घटनाको अनुसन्धान जारी रहेको प्रहरीले जनायो। शवको भदौ १९ गते प्रादेशिक अस्पताल, जनकपुरधाममा पोस्टमार्टम भयो।

धम्की/कुटपिट

राज्यपक्षबाट

जनकपुरधाम उपमहानगरपालिका–१० का ३० वर्षीय सामाजिक कार्यकर्ता सुशील कर्णलाई ०७६ भदौ १२ गते साँझ जानकी चौकीका प्रहरी जवान २६ वर्षीय प्रेमशङ्कर यादवले जानकी मन्दिर परिसरमा नरिवल बेचिरहेका रामशङ्कर राउतलाई कुटपिट गरेको भिडियो बनाएको आरोपमा जानकी चौकीका सई लगायतका प्रहरीले कुटपिट गर्दै उनले लगाएका कपडा समेत च्यातिदिएको पीडितले बताए । घटनाको विरोधमा स्थानीयले विरोध प्रदर्शन गरेपछि जिल्ला प्रहरी कार्यालय, धनुषाले भदौ १३ गते कुटपिट घटनामा संलग्न सइलाई स्पष्टीकरण लिँदै विभागीय कारबाही गरिएको जनायो।

प्रहरीद्वारा कुटपिट गरिएका सुशील कर्ण

गिरफ्तार

प्रतिबन्धित नेकपाका कार्यकर्ता औरही गाउँपालिका–४ का ६० वर्षीय लालबाबु ठाकुरलाई ०७६ कात्तिक ३० गते प्रहरीले गिरफ्तार गऱ्यो । सरकारद्वारा प्रतिबन्धित नेकपामा आवद्ध भई सर्वसाधारण र व्यापारीबाट चन्दा संकलन गर्दै गरेको अवस्थामा सशस्त्र प्रहरीले गिरफतार गरी जिल्ला प्रहरी कार्यालय, धनुषालाई बुझाएका थिए। आरोपितको मुद्दा जिल्ला अदालतमा जारी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

आठ जना न्यायाधीश रहेको धनुषा जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ७ सय ३५ मध्ये ६ सय ५६ थान फैसला भए भने देवानी मुद्दातर्फ ४ हजार १ सय ८६ मध्ये १ हजार ५ सय ५७ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ९५ र देवानी मुद्दा ३ सय २२ थान बाँकी रहेको जिल्ला अदालतका प्रशासन अधिकृत जयप्रसाद काफ्लेले जानकारी दिए।

उच्च अदालत

१३ जना न्यायाधीश रहेका यस उच्च अदालत, जनकपुर इजलासबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार १५ मध्ये ४ सय २८ थान फैसला भयो।

देवानी मुद्दातर्फ १ हजार २ सय ९४ मध्ये ५ सय १८ थान फैसला भए । यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा तीन र देवानी मुद्दा चार थान रहेको छ। दुई वर्ष पुराना मुद्दा सात थान छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा नवनिर्मित विद्यालयहरू पनि पूर्ण रूपमा अपाङ्गमैत्री छैनन्। जिल्लामा दुई ओटा विद्यालय ६५ जना विद्यार्थीलाई ५ लाख ९४ हजार रुपियाँ विशेष छात्रवृत्तिको रूपमा उपलब्ध गराएका छन्। द्वन्द्वपीडित सहिद परिवारका ९२ जना विद्यार्थीलाई आधारभूत तहमा पढ्नेलाई वार्षिक ८ हजार र माध्यमिक तहमा पढ्नेलाई वार्षिक १२ हजार रुपियाँको दरले विशेष छात्रवृत्ति उपलब्ध गराइएको छ।

धनुषामा विद्यालय जाने उमेर पुगेका बालबालिकालाई विद्यालयमा भर्ना गराउन शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश २ का सामाजिक विकास मन्त्रालय, स्थानीय तह र विभिन्न

गैरसरकारी संघसंस्थाहरुको सहयोगमा विद्यार्थी भर्ना अभियान संचालन गरिएको छ । अभिभावकको घर घरमा पुगेर विद्यार्थी भर्नाका लागि आग्रह गरिएको थियो ।

कक्षा १२ सम्म निःशुल्क भनिएको भए पनि विद्यालयमा भने निःशुल्क व्यवहारमा लागु भएको पाइदैन् । दलित, अपाङ्ग आदिलाई उच्च तहसम्म निःशुल्क नभएर विद्यालय केही छुट भने दिँदै आएको पाइन्छ ।

सीमान्तकृत बालबालिकाको विद्यायल पहुँचको अवस्था अझै कम रहेको देखिन्छ । जनकपुरका होटल, कारखाना, सडकमा फोहोर टिप्ने र घरमा खाना पकाउने लगायतका काममा बालबालिकाको प्रयोग गरिएको पाइन्छ ।

यसवर्ष धनुषा जिल्लामा बलात्कारका घटनामा १९ जना, यौन दुर्व्यहारका घटनामा एक बालक सहित चार जना, बलात्कारपछि हत्याको घटनामा एक जना, अपहरण तथा शरीर बन्धक घटनामा एक जना र बलि चढाइएको घटनामा एक जना गरी २८ जना पीडित भए । घटनाका १६ जना आरोपित थुनामा छन् । बालबालिका ६ जना आरोपित फरार रहे । एक जना धरौटीमा रिहा भए ।

हत्या

मिथिला नपा–६ का शम्भु साहका अढाइ वर्षीय छोरा आर्यन भनिने समिरकुमार साहलाई ०७६ वैशाख २३ गते सोही ठाउँका ४५ वर्षीय शत्रुधन महतोले अपहरण गरी बन्धक बनाएर सोही राति धारिलो घरेलु हतियारले घाँटी रेटेर हत्या गरेको भन्दै पीडितपक्षले वैशाख २४ गते इलाका प्रहरी कार्यालय, ढल्केवरमा उजुरी दियो । बालक आर्यनको शव वैशाख २४ गते बिहान ६:०० बजे घरभन्दा पछाडि छिमेकी कृष्णनन्दन महतोको बारीमा घाँटी रेटेर फालिएको अवस्थामा फेला परेको थियो । आरोपितले आफू शक्तिशाली धामी बन्न बालकको बलि दिएको प्रहरीलाई बयान दिए । आरोपितलाई प्रहरीले जेठ ५ गते गिरफ्तार गऱ्यो । आरोपितलाई ०७६ असार ९ गते जिल्ला अदालतमा पेश गरेकोमा सोही दिन अदालतले पुर्पक्षका लागि कारागारमा राख्ने आदेश गऱ्यो । शक्तिशाली धामी बन्न बलि दिन उक्साउने मिथिला नपा–३ का ५५ वर्षीय जंगली महतोलाई आफ्नै घरमा लुकिछिपी बसिरहेको अवस्थामा ०७५ साउन २९ गते राति प्रहरीले गिरफ्तार गऱ्यो । जगविर महतोलाई भदौ ५ गते जिल्ला अदालतमा पेश गरिएकोमा जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् । वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

बलात्कारपछि हत्या

मिथिला नपा–३ हरिहरपुर मगरटोलकी ११ वर्षीया रेश्मा भनिने दुतिया रसाइलीको ०७५ फागुन १ गते राती बलात्कारपछि घाँटी थिचेर हत्या गरी शव जलाएको आरोपमा प्रहरीले बटेश्वर गाउँपालिका–४ बैगाली टोल बस्ने २२ वर्षीय निरज जर्घामगरलाई फागुन २ गते गिरफ्तार गऱ्यो । छिमेकमा आयोजित बिहेभोजमा नाच्दै गरेकी रेश्मालाई त्यहाँबाट फकाएर लगेका निरजले बलात्कारपछि हत्या गरेको प्रहरीले जनायो । शव प्रादेशिक अस्पताल जनकपुरमा फागुन २ गते पोष्टमार्टम गराई परिवारजनलाई बुझाइयो । पीडितका काका देवराज रसाइलीले जिल्ला प्रहरी कार्यालय धनुषामा फागुन ६ गते नै उजुरी दिएको प्रहरीले जनायो । चैत १३ गते जिल्ला अदालतको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन् । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ९४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिटका ८०, घर निकाला गरिएका आठ, खान/लाउन नदिएको २९, धाकधम्कीको ३५, गालीलगौज १ सय ५, विवाह दर्ता र नागरिकता नबनाएको नौ, अर्की श्रीमती ल्याएर हेला गरेको १४, अपशब्द तथा दुर्व्यवहार, कुटपिट तथा वादविवादका २ सय १४ उजुरी छन् । यीमध्ये प्रहरीले १ सय ४ वटामा मिलापत्र गरायो भने १ सय ७२ उजुरी मातहतका प्रहरी कार्यालयमा पठाएको छ । १६ ओटा उजुरी कानुनी प्रकृयामा छन् । सेवा केन्द्रमा उजुरी गरेर मिलापत्र भएर गएका अधिकांश पीडित फेरि फर्किएका छैनन् ।

यस वर्ष बलात्कारका घटनामा १० जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका ६ जना आरोपित पुर्पक्षका लागि थुनामा रहे । एक आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे । एक जना तारेखमा रिहा भए । बलात्कार प्रयास दुई जना महिला पीडित भएको अभिलेख भयो । एक आरोपित पुर्पक्षका लागि थुनामा छन् ।

दाइजोका कारण हत्या

जनकपुर उपमहानगरपालिका–२४ बसहियाकी १६ वर्षीया आरतीकुमारी सहनीलाई २५ वर्षीय पति अखिलेश साहनी, ५२ वर्षीय ससुरा अमर साहनी र देवर २२ वर्षीय मुकेश साहनीले ०७५ माघ ४ गते दाइजोको कारण घरमै मानसिक र शारीरिक यातना दिई हत्या गरेको भनी पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०७५ माघ ९ गते उजुरी दर्ता गराए। शवको प्रादेशिक अस्पताल जनकपुरधाममा माघ ५ गते पोष्टमार्टम गराई पीडित परिवारजनलाई बुझाइएको थियो । घटनामा संलग्न भनिएकाहरू यस वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

जनकपुर उपमहानगरपालिका–४ बस्ने समीर मिश्रकी २५ वर्षीया पत्नी सीमा शर्मा र उनकी दुई वर्षीया छोरी गौरी मिश्रलाई विष खुवाएर हत्या गरे को आरोपमा सीमाका ससुरा ६२ वर्षीय श्यामसुन्दर मिश्र र सासू ५५ वर्षीया किरण मिश्रलाई २०७५ माघ ३ गते गिरफ्तार गरिएको प्रहरीले जनायो । सीमाका माइतीले उनी र उनीकी छोरी गौरीलाई घर पक्षले विष सेवन गर्न लगाएर हत्या गरेको भन्दै २०७५ माघ ३ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। घर पक्षले दाइजोका लागि सीमालाई दुःख दिने गरेको माइती पक्षको आरोप छ। घटनापछि सीमाका पति समिर मिश्र फरार छन्। सीमा र गौरीलाई विष खुवाएर समिर फरार भएको माइती पक्षको आरोप छ। विष सेवनका कारण सीमाको २०७५ पुस ३० गते मृत्यु भएको र गौरीको पनि जनकपुर अञ्चल अस्पतालमा उपचारका क्रममा माघ १ गते मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी गोविन्द थपलियाले बताए । आरोपितमध्ये मृतकका पति यस वर्षको अन्त्यसम्म फरार छन् भने गिरफ्तार परेका ससुरा र सासू जिल्ला अदालतको २०७५ फागुन १४ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन् । आरोपित पक्षले जिल्ला अदालतको आदेशप्रति चित्त उच्च अदालतमा पुनरावेदन गरेपछि उच्च अदालतले २०७६ साउन २३ गते जिल्ला अदालतको फैसलालाई नै सदर गरेको छ।

क्षिरेश्वरनाथ नपा–५ सखुवाबजारकी २० वर्षीय ज्योति नायकलाई २०७६ मङ्सिर २५ गते बिहान २६ वर्षीय पति नवीनकिशोर नायकले घाँटी थिचेर हत्या गरेको भन्दै मृतकका बुबा सुरेन्द्र नायकले जिल्ला प्रहरी कार्यालय, धनुषामा २०७६ मङ्सिर २६ गते दिएको उजुरी प्रहरीले दर्ता नगरेको पीडितले बताए। क्षिरेश्वरनाथ नपा–५ का नवीनकिशोर र ज्योतिको २०७५ फागुन १९ गते भएको विवाहमा १० लाख रुपियाँ नगद, साढे नौ तोला सुन, फर्निचरलगायत १७ लाख रुपियाँ बराबरको दाइजो दिइएको बुवा सुरेन्द्र नायकले बताए । तर फ्रिज लगायतका सामान माग्दै ज्योतिलाई उनको परिवारले शारीरिक तथा मानसिक यातना दिँदै आएको थियो । शवको पोर्स्टमार्टम जनकपुरस्थित प्रादेशिक अस्पतालमा २०७६ मङ्सिर २७ गते भयो। पीडितपक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा दिएको उजुरी प्रहरीले दर्ता नगरेको र इलाका प्रहरी कार्यालय, महेन्द्रनगरले पनि २०७६ मङ्सिर २७ गते साँझसम्म समेत उजुरी नलिएको पीडित पक्षको आरोप छ।

घरेलु हिंसा

क्षिरेश्वरनाथ नपा–८ की २२ वर्षीया सृजना कुमारी महतोलाई उनको पति २६ वर्षीय दिपेन्द्रकुमार सिंहले पटक पटक कुटपिट गर्दै ०७६ कात्तिक १४ गते घर निकाला गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा सोही दिन उजुरी दिइन् । कुटपिटबाट पीडितको टाउको लगायतको शरीरको विभिन्न भागमा नीलडाम देखिएको थियो । प्रहरीले घटनाबारे अनुसन्धान गर्न आरोपितलाई कात्तिक १४ गते गिरफ्तार गरि तत्कालै इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा ल्याएर मेलमिलाप गराउने भन्दै राजनीतिक दवावमा परेर पाँच घण्टामै छोडेको पीडित परिवारले जनायो। आरोपितलाई यो वर्षको अन्त्यसम्म कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

धनुषामा एक प्रादेशिक अस्पताल, ९८ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जनकपुरस्थित प्रादेशिक अस्पतालमा १ सय ४० जनाको दरबन्दीमध्ये ८६ जनाको पदपूर्ति भएको छ भने ५६ दरबन्दी रिक्त छ। जनकपुरस्थित प्रादेशिक अस्पतालमा दरबन्दीअनुसारका डाक्टरको पदपूर्ति हुन सकेको छैन। जसले गर्दा यस भेगका बिरामीले पाउने सेवासुविधा र उपचारबाट स्वभाविक वञ्चित हुँदै आएका छन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार				१	१
बालविवाह		१	३	१	४
बलात्कार		४		१४	१८
यौन दुर्व्यवहार	१			३	४
जम्मा	१	५	३	१९	२७

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१		९	१०
बलात्कार प्रयास				३	३
बहुविवाह				११	११
बेचबिखन तथा ओसारपसार				१	१
घरेलु हिंसा	१		१	३	५
यौन दुर्व्यवहार				१	१
जम्मा	१	१	१	२७	३०

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	१	११	१६

२.४ महोत्तरी

जम्मा जनसङ्ख्या	६,६०,३७४
महिला	३,३५,६०२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,००,५४४
कामका लागि बाहिरिएका	४०,५४१
अपाङ्गता भएका	१०,१६६
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७
आश्रित जनसङ्ख्या	३,१५,७६७



यो वर्ष महोत्तरी जिल्लामा अन्य पक्षबाट ५८ जना महिलासहित ७३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। सन् २०१९ मा आठ जना महिलासहित ११ जनाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालकसहित २५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना महिला पीडित भए।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ३५ जना रहेकामा जलेश्वर कारागारमा ४ सय ८५ पुरुष, ४३ महिला र चार आश्रित बालबालिका गरी ५ सय ३२ जना कैदीबन्दी छन्। महोत्तरी, धनुषा र केही वर्षदेखि सर्लाही जिल्लाको समेत संयुक्त कारागारका रूपमा रहेको जलेश्वर कारागारमा अहिले क्षमता भन्दा चार गुणा बढी कैदीबन्दी भएपछि समस्या उत्पन्न भएको छ। जलेश्वर कारागारका कामु जेलर मकसुदन महासेठका अनुसार जलेश्वर कारागारमा क्षमताभन्दा बढी राखिएका कैदीबन्दीलाई सुत्न, बस्न, खाना पकाउन, खान, हिँडडुल गर्न, शौचालय जान, नुहाउन तथा खानेपानीका साथै विभिन्न रोगको सङ्क्रमण जस्ता समस्या देखिएका छन्। कैदीबन्दीलाई सुत्नका लागि प्रतिव्यक्ति एकमिटर ठाउँ उपलब्ध गराउने गरिएको, त्यतिले पनि नअटाएपछि आवतजावत गर्ने बाटोमा पालैपालो सुताउने गरेको र त्यसरी पनि नअटाएपछि अहिले छतमाथि पाल टाँगेर पनि

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते			१	१
अमानवीय व्यवहार			३	३
अपहरण		१		१
जातीय विभेद			१	१
कुटपिट		१	४	५
धम्की			३	३
हत्या		८	३	११
बाल अधिकार	बालविवाह	१	१	३
	बलात्कार	३३		३३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	३४	१	३५
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	१		१
	कथित बोक्सीको आरोप	३		३
	बलात्कार	८		८
	बहुविवाह	११		११
	बेचबिखन तथा ओसारपसार	१		१
	घरेलु हिंसा	१		१
	जम्मा	३४		३४
कूल जम्मा		५८	१५	७३

कैदीबन्दीलाई राख्नु परेको कारागारका चौकीदार मुख्य कैदी रमेश सिंहले बताए। उनले भने क्षमताभन्दा बढी चापकै कारण सबैथोक अभावमै चलाउनु परेको छ। खानेपानीका लागि कल र धारामा पालैपालो समय पाउने गरेको, बाहिर बस्न, हिँडुल गर्न पनि कैदीबन्दीलाई पालैपालो समय दिने गरिएको छ । कैदीबन्दीको चाप कम गर्न कारागारका केही कैदीबन्दीलाई अन्य कारागारमा सरुवा गरिदिन र यस कारागारमा थप कैदीबन्दी नपठाइदिन सम्बन्धित निकायलाई पत्राचार गरेको कामु जेलरले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीशको दरबन्दी रहेका यस जिल्लामा हाल पाँच जना कार्यरत रहेका छन् । जिल्ला अदालत महोत्तरीबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ९० मध्ये १ सय १० थान फैसला भए भने देवानी मुद्दा तर्फ २ हजार २ सय ८ मध्ये ६ हजार ५३ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १४ र देवानी मुद्दा ४२ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय २९ आधारभूत विद्यालय र ८३ माध्यमिक विद्यालय छन् । १ हजार ५ सय ५ शिक्षक दरबन्दी रहेकामा ५५ दरबन्दी रिक्त छ । यस वर्ष ४८ हजार ६ सय ५३ बालक र ४२ हजार ६ सय ११ बालिका भर्ना भए। जिल्लामा १६ अपाङ्गमैत्री विद्यालय छन्। आधारभूत विद्यालयस्तरमा २० हजार २ सय ५३ र माबि स्तरमा २ हजार २ सय ८९ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो । साथै द्वन्द्वपीडित परिवारका २९ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।

यस वर्ष महोत्तरी जिल्लामा बलात्कारका घटनामा २२ जना बालबालिका पीडित भएको अभिलेख भयो । बलात्कार घटनाका ११ जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । यसैगरी घटनाका १० जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे। बलात्कार घटनाका एक आरोपित बालक भएको भन्दै अदालतले अभिभावकको जिम्मा लगाउने आदेश गऱ्यो । यसबाहेक अन्य सबै घटना यो वर्षको अन्त्यसम्म अदालतमा विचारधीन रहे । यौन दुर्व्यवहारको एक घटनाका आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको इन्सेकमा अभिलेख भयो । यसैगरी अपहरणको दुई घटना र हत्याको एक घटना पनि इन्सेकले अभिलेख गऱ्यो। इस्लाम धर्माम्वलम्बी परिवारमा खतना गर्दा एक बालकको मृत्यु भयो। धार्मिक विषय भएकाले आरोपितउपर कारबाहीको प्रकृया अगाडि बढेन । बर्दिवास नपा–२ का १५ वर्षीय सुरज मुखियाको अनुहारमा जेठ २४ गते राति अपरिचित व्यक्तिले एसिड प्रहार गरे। एसिड कसले र के कारणले प्रहार गरेको हो थाहा हुननसकेको प्रहरीले जनायो । पीडितपक्षले कतै उजुरी गरेन।

महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१९ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३ सय ५० जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, जलेश्वरमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय ८२ जना, खानलाउन नदिएको ७८ जना, विवाह दर्ता तथा नागरिकता नबनाएको ३० जना, अर्को श्रीमती ल्याएर हेला गरेकोमा आठ, मार्ने धम्की दिएको आठ उजुरी थिए। ती घटनामध्ये प्रहरीले १ सय ४७ घटनामा मिलापत्र गराएको र १२ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो।

यस वर्ष बलात्कारका घटनामा आठ जना महिला पीडित भएको अभिलेख भयो । घटनाका पाँच जना आरोपित फरार रहे। दुई जना आरोपितलाई अदालतले सफाइ दियो भने एक आरोपित तारेखमा रिहा भए । बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एकजना पीडित भएको अभिलेख भयो । एक घटनाका दुई जना आरोपित पुर्पक्षका लागि थुनामा रहे भने अर्को एक घटनाका आरोपित फरार रहे। दाइजोका कारण तीन जना महिलाको हत्या एक महिलामाथि अमानवीय व्यवहार भएको अभिलेख भयो।

दाइजोका कारण हत्या

मनरा सिस्वा नपा–८ सहसरामकी २० वर्षीया धनमति देवी महतोको शव ०७५ माघ २७ गते दाह संस्कार गर्ने व्यवस्थापन हुँदै गर्दा छोरीको हत्या भएको भनी पीडितका बुबाले प्रहरीलाई जानकारी गराएपछि प्रहरीले शवनियन्त्रणमालिईपोष्टमार्टमकोलागिजिल्लाअस्पताल जलेश्वर पठायो । माइतीपक्षले माघ २९ गते उजुरी दिएपछि प्रहरीले मृतकका पति २५ वर्षीय मनोज कुमार महतो र २३ वर्षीया अनिता देवी महतोलाई सोही दिन गिरफ्तार गऱ्यो। मृतक महिलाको घाँटीमा चोट र पाखुरामा नीलडाम देखिएको थियो । यता आफन्तले आफै मृत्यु भएको प्रहरीलाई जानकारी गराए पनि सोधपुछका क्रममा पासो लगाएर मृत्यु भएको बताएका थिए । जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी खगेन्द्रबहादुर खड्काले समेत मृत्यु शंकास्पद देखिएकोले अनुसन्धान थालिएको बताए । मृतकको एक महिने छोरासमेत छन् । आरोपितहरूलाई २०७६ फागुन २३ गते जिल्ला अदालतले सोही दिन अनिता देवी महतोलाई २५ हजार रुपियाँ धरौटी तारेखमा रिहा गऱ्यो भने मनोज महतोलाई पुर्पक्षको लागि कारागार चलान गरियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

पिपरा गाउँपालिका–१ की २० वर्षीया विमलादेवी यादवको हत्या गरेको आरोपमा प्रहरीले २५ वर्षीय पति बलेश्वर यादव र ५५ वर्षीय ससुरा शंकर यादवलाई जेठ १५ गते गिरफ्तार गऱ्यो । विमलाका पति, सासू, ससुरा र नन्दहरू मिलेर हत्या गरेको भनी जेठ १५ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा माइती पक्षले दिएको उजुरीका आधारमा उनीहरूलाई गिरफ्तार गरिएको इन्स्पेक्टर विज्ञान बस्नेतले जनाए । जेठ १४ गते विमलाको शंकास्पद मृत्यु भएको थियो । उनको शव घरमै पासो लगाइ झुन्डिएको अवस्थामा फेला परेको थियो। तर, शवलाई हतारहतार दाह संस्कारको लागि तयारी गर्न लागेको बेला छरछिमेकबाट प्रहरीमा खबर भएपछि प्रहरीले शव नियन्त्रणमा लिएको थियो। प्रहरीले शवलाई सोही दिन पोष्टमार्टमको लागि जलेश्वर अस्पताल पठाएको थियो भने बिमलाका बुबा कमलेश यादवले छोरी हत्या भएको आरोपमा प्रहरीमा किटानी जाहेरी दिए । आरोपित पति र ससुरालाई गिरफ्तार गरिए पनि सासू र नन्दहरू फरार रहेकाले खोजी भइरहेको प्रहरीले जनायो । मृतकका बुबाले भने,–पोष्टमार्टम गरेर शवको दाहसंस्कार गर्न जिम्मा लगाउन भन्दा आलटाल गर्दै अस्पतालले प्रहरीमा जान र प्रहरीमा जाँदा अस्पतालमा दौडाउने काम भयो। पीडित कमलेशले यस सन्दर्भमा इन्सेक महोत्तरी प्रतिनिधि अजयकुमार साहसँग सम्पर्क गरी सहयोग गर्न भने पछि इन्सेकको पहलमा जेठ १६ गते साँझ बल्ल शवको पोष्टमार्टम गरिएको थियो । तीन वर्ष पहिले छोरीको बिहे गर्दा ५ लाख रुपियाँ नगद, सुन चाँदी लगायत सबै सामान दिए पनि ज्वाईंले मोटरसाइकल माग गर्दै आएको कमलेश यादवले बताए । ६ जना सन्तान भएकाले जेठी छोरीकै विवाहमा धेरै ऋण गर्न असमर्थ भएर मोटरसाइकल दिन नसकेको उनले बताए । मोटरसाइकलका नदिएको भनेर कुटपिट गरेको छोरीले भन्दै आएकी थिइन्।–उनले भने–ज्वाईं र उनका ससुराले कुटपिट गरिरहन्थे । त्यही कारणले छोरीका हत्या गरेका हुन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीका इन्स्पेक्टर विज्ञान बस्नेतले घटना शंकास्पद रहेको बताए। २०७६ असार १० गते जिल्ला अदालत जलेश्वरको आदेशले शंकर यादवलाई ५० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गरिएको र बलेरशवर यादवलाई सोही दिन पुर्पक्षको लागि कारागार चलान गरियो। यो

वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

जलेश्वर नपा–४ सुगा बस्ने २७ वर्षीय सुमित कर्ण र उनकी ५० वर्षीया आमा इन्दु कर्णले २०७६ भदौ १२ गते २४ वर्षीया रिंकीकुमारी कर्णलाई निर्घात कुटपिट गरेर माइतीघर ल्याएर छोडे। घाइते बहिनी रिंकीलाई भाइ मुकेशकुमार कर्णले बर्दिवासस्थित शुभ स्वस्तिक अस्पताल, बर्दिवासमा उपचार गराएर थप उपचारको लागि जनकपुर अंचल अस्पताल ल्याउँदै गर्दा बाटोमै २०७६ भदौ १३ गते मृत्यु भयो। जिल्ला प्रहरी कार्यालयमा २०७६ भदौ १५ गते माइतीपक्षले हत्याको आरोपमा उजुरी दिए। उजुरी दिए लगत्तै सोही दिन आरोपित इन्दु कर्ण र सुमित कर्णलाई गिरफ्तार गऱ्यो। आरोपितहरूलाई २०७६ असोज ५गते जिल्ला अदालतमा पेश गरेपछि सोही दिन अदालतको आदेशले इन्दुदेवीलाई ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने सोही दिन अर्का आरोपित सुमित कर्णलाई पुर्पक्षको लागि कारागार पठाइयो। यो वर्षको अन्त्य सम्म मुद्दा फैसला भएन।

दाइजोको लागि अमानवीय व्यवहार

महोत्तरी गाउँपालिका–३ बस्ने २३ वर्षीय अनामिका पाण्डेयलाई पति ३६ वर्षीय जितेन्द्र चौधरीले दाइजोको लागि अमानवीय व्यवहार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय महोत्तरीमा २०७५ माघ २७ गते उजुरी गरिन्। पीडितको उजुरीको आधारमा आरोपितलाई माघ २७ गते नै गिरफतार गर्दै जिल्ला अदालतमा चैत ५ गते पेस गऱ्यो। अदालतले २०७५ चैत ५ गते पुर्पक्षको लागि जितेन्द्र चौधरीलाई कारागार पठाएको छ। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कथित बोक्सीको आरोप

४० वर्षीय नगिजा खातुनलाई २०७५ माघ २९ गते कथित बोक्सी भएको भन्दै पटकपटक गालीगलौज र अपशब्द प्रयोग गर्दै कुटपिट गर्दै आएको बलवा नपा ३ परौल बस्ने ४५ वर्षीय मोदरिस नदाफ विरुद्ध पीडितले २०७५ चैत १७ गते जिल्ला प्रहरी कार्यालय, जलेश्वरमा उजुरी दिए। आरोपितलाई चैत १८ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको २०७६ वैशाख ४ गतेको आदेशमा आरोपित १ लाख रुपियाँ धरौटीमा रिहा भए।

भङ्गहा नपा–४ रामनगर विर्ता गाउँमा सविता देवी दनुवार, इन्दु देवी दनुवार, जागेश्वरी देवी दनुवार, सवितादेवी दनुवार लगायतको समूहले कथित बोक्सी भन्दै मलमुत्र खुवाएको, निर्घात कुटपिट गर्दै दुर्व्यवहार गरेको भनी जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा २०७६ भदौ १ गते उजुरी पऱ्यो। उजुरीको आधारमा इन्दुदेवी दनुवार र जागेश्वरी देवी दनुवारलाई जिल्ला अदालत महोत्तरीमा पेस गरेकोमा अदालतले २०७६ भदौ १० गते पुर्पक्षको लागि कारागार चलान गर्ने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

सबै प्रकारका जातीय विभेद

महोत्तरी गाउँपालिका–५ बस्ने भोगी मलिक डोमले आफूलाई महोत्तरी गाउँपालिका–५ हरिगमास्थित सडकमा ३६ वर्षीय गणेश साहले २०७६ असार २९ गते जातीय छुवाछूत गरेको जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा दिएको उजुरीको आधारमा आरोपितलाई असार ३० गते गिरफ्तार गऱ्यो। प्रहरीले अदालतमा भदौ २३ गते पेस गरेपछि भदौ २३ गते ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

१५ शैयाको जलेश्वर अस्पतालमा २७ जनाको दरबन्दी छ। एक जना मात्रै कार्यरत छन्। दुई जना मेडिकल अधिकृत, तीन स्टाफ नर्ससहित नौ जनाको दरबन्दी रिक्त छ। स्वास्थ्य मन्त्रालयको सहयोगमा दुई वर्षअघि १९ करोड १८ लाख रुपियाँ लागतमा निर्माण भएको महोत्तरीको जिल्ला अस्पताल जलेश्वरको नयाँ भवन हेर्दा सुविधा सम्पन्न लागे पनि यथार्थ त्यसको ठीक उल्टो छ।

महोत्तरी जिल्लाकै सबैभन्दा ठूलो स्वास्थ्य प्रतिष्ठान महोत्तरी जिल्ला अस्पताल रेफर सेन्टरमै सीमित भएको देखिन्छ। दरबन्दी अनुसार चिकित्सक नभएकाले यहाँ लामो समयदेखि सामान्य शल्यक्रिया समेत हुन सकेको छैन। बिरामी महँगो शुल्क तिरेर निजी अस्पतालमा उपचार गराउन बाध्य छन्।

निजी अस्पतालमा प्रत्येक दिन करिब १० जना महिला प्रसूति गराउन पुग्छन्। जिल्ला अस्पतालको प्रसूति वार्ड भने सधैँ सुनसान हुन्छ। महिनामा करिब ३५ महिला मात्र प्रसूतिका लागि आउने अस्पतालको तथ्याङ्क छ। समयमै भरपर्दो उपचार नपाइने

भएकैले सरकारी अस्पतालमा बिरामी आउजाउ पातलिएको छ। अलि जटिल समस्या हुनासाथ प्रसूतिका लागि पनि अस्पतालले अन्यत्रै पठाउने गरेको छ। प्राय: सबैजसो स्वास्थ्य केन्द्र र चौकीमा चिकित्सकहरू समयमा नआउने स्थानीयहरूको गुनासो रहेको छ । एक त समयमा आउँदैन र २ बजेपछि चेकजाँच नहुने गरेको भँगाहा गाविसकी सम्झना फुयालले बताइन् । सरकारले देशभरका अस्पतालदेखि उपस्वास्थ्य चौकीसम्मको उपचार समय बढाएको छ। बिरामीहरुले डाक्टर नआउने गरेको र औषधि पनि सबै प्रकारको उपलब्ध नभएको गुनासो गर्छन्।

जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहले पर्याप्त मात्रामा स्वास्थ्य चौकी र उपस्वाथ्य चौकीमा औषधि नपठाउँदा बिरामीहरुलाई त्यसै पठाउनु परेको स्वाथ्यकर्मीले बताए । खासमा जिल्ला अस्पताल जनशक्ति र उपकरण अभावले थलिँदै गएको छ। आवश्यक जनशक्ति र प्राविधिक उपकरण नहुँदा सामान्य चेकजाँच र औषधि वितरणको सेवा मात्र उपलब्ध छ । गम्भीर प्रकृतिका रोग पहिचान तथा शल्यक्रिया गर्न विशेषज्ञ चिकित्सक छैनन् । भएका चिकित्सकका लागि आवश्यक उपकरण पनि छैनन्।

घटनाका गम्भीर घाइते, शल्यक्रिया गर्नुपर्ने र परीक्षण गरेर रोग पत्ता लगाउनुपर्ने बिरामी महँगो खर्चेर जनकपुर, काठमाडौँ धाउन बाध्य छन्। विशेषज्ञ डाक्टर उपकरण अभावको कारण देखाउँदै अस्पतालले आकस्मिक उपचारमा आउने बिरामी रिफर गर्दै आएको छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१		१	३
बलात्कार		८	१४	३३
यौन दुर्व्यवहार			१	१
जम्मा	१	८	१६	३५

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखनको प्रयास			१	१
कथित बोक्सीको आरोप			३	३
बलात्कार		५	३	८
बहुविवाह		४	७	११
बेचबिखन तथा ओसारपसार		१		१
घरेलु हिंसा	१			१
जम्मा	१	१०	१३	३४

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	१	५	११

२.५ सर्लाही

जम्मा जनसङ्ख्या	८,३१,०६७
महिला	४,१४,०६७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,३५,२६८
कामका लागि बाहिरिएका	२१,४०१
अपाङ्गता भएका	५,५८५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८५
आश्रित जनसङ्ख्या	३,८६,५७६



यो वर्ष सर्लाही जिल्लामा राज्य पक्षबाट एक जना महिलासहित आठ जना र अन्य पक्षबाट १६ जना महिलासहित ५१ जना गरी ५९ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । सर्लाहीमा राज्य पक्षबाट हत्याका दुई र अन्य पक्षबाट दुई जना पुरुषको हत्या भयो । बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना बालकसहित २५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला पीडित भए ।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार हत्या

राज्य पक्षबाट

बागमती नपा–२ निवासी प्रतिबन्धित नेकपाका सर्लाही जिल्ला इन्चार्ज ४७ वर्षीय कुमार पौडेलको २०७६ असार ५ गते दिउँसो कारबाहीमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले असार ५ गते एक विज्ञप्ति मार्फत सार्वजनिक गऱ्यो । लालबन्दी नगरपालिका–१ लखनदेही जङ्गलमा दुई ओटा मोटरसाइकलमा उत्तरतर्फ गइरहेका चार जना व्यक्तिले गस्तीमा रहेको प्रहरीमाथि फायरिङ गरेपछि प्रहरीले आत्मरक्षाका लागि जबाफी फायर गर्दा पौडलेको मृत्यु भएको र अन्य तीन जना फरार भएको प्रहरीले जनायो। शवको पोष्टमार्टमको जिल्ला अस्पताल,

प्रहरीको गोली प्रहारबाट मारिएका कुमार पौडेल

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						६	६
अपहरण						३	३
कुटपिट		१	५	६	१	९	१०
हत्या			३	३	४	३	६
बाल अधिकार	बालश्रम					१०	१०
	बलात्कार				१		१
	विद्यालयमा शारीरिक सजाय				१	६	७
	यौन दुर्व्यवहार				७		७
	जम्मा				९	१६	२५
महिला अधिकार	घरेलु हिंसा				३		३
	जम्मा				३		३
कूल जम्मा		१	७	८	१६	३५	५१

मलङ्गवामा गरी पीडित परिवारलाई असार ७ गते प्रहरीले बुझायो । घटनास्थलबाट विष्फोटनको लागि प्रयोग हुने डेडकर्ड तीन फिट, फ्युज वायर पाँच फिट, मेड इन युएसए लेखिएको रिभल्बर एक थान, सो रिवल्वरमा प्रयोग हुने चार राउण्ड गोली, मृतकको झोलाबाट एक थान कटुवा पेस्तोल, सोमा लाग्ने दुई राउण्ड गोली, अखिल नेपाल भूमिहीन सुकुम्बासी सङ्घ लेखिएको कसैको नाम उल्लेख नगरिएको परिचय पत्र २ सय थान, ना २२ प ६४ नम्बरको पल्सर मोटरसाइकल एक थान र अनटेस्ट एफजे मोटसाइकल एक थान बरामद गरिएको जिल्ला प्रहरी कार्यालयको विज्ञप्तिमा उल्लेख थियो । इन्सेकले घटनाको स्थलगत अध्ययन गरी साउन १५ गते जनकपुरमा सार्वजनिक गरेको प्रतिवेदनमा घटनास्थल, स्थानीय तथा पीडित परिवारको भनाइ, मृतकको फोटो र पोष्टमार्टममा संलग्न चिकित्सकको भनाइका आधारमा दोहोरो भिडन्तमा पौडेलको मृत्यु भएको भन्ने प्रहरीको भनाइलाई पुष्टी गर्ने आधार नदेखिएकोले घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने उल्लेख थियो ।

इश्वरपुर नपा–१३ श्रीनगरका २७ वर्षीय सरोज सिंह भनिने देवन महतोको ईश्वरपुर नगरपालिका स्थित बाँके चोकमा प्रहरी र स्थानीयबीच असार १५ गते झडप हुँदा प्रहरीको गोली लागेर मृत्यु भयो । शवको पोष्टमार्टम असार १६ गते जिल्ला अस्पताल, मलंगवामा भएको प्रहरीले जनायो । झडपमा ईश्वरपुर नगरपालिकाका –१३ का वडा अध्यक्ष ३४ वर्षीय रामकरण महतो कुशवाहा, २६ वर्षीय राजकुमार महतो र ३४ वर्षीय रेखा मण्डल, २९ वर्षीय रामकैलाश महतो, ईश्वपुर नपा–१४ का ४० वर्षीय रामनारायण महतो, २६ वर्षीय गजेन्द्रकुमार राय, इश्वपुर नपा–१३ का २१ वर्षीय नन्दकिशोर महतो, १९ वर्षीय संजयनारायण सिंह र महोत्तरी जिल्ला गौशाला नपा–१२ का २५ वर्षीय मुनिर महतो घाइते भए । घाइतेमध्ये रेखालाई बयलवास स्वास्थ्य चौकीमा उपचारपछि थप उपचारका लागि वीर गञ्ज लगिएको थियो । राजकुमार महराको तिघ्रामा गोली लागेको थियो । उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भयो । अन्य घाइतेहरूको ईश्वपुर स्वास्थ्य चौकी, बयलवासमा उपचार गरी थप उपचार वीरगञ्ज अस्पतालमा उपचार भयो । सर्लाही र महोत्तरीको सीमानामा रहेको बाँके नदीमा बालुवा र गिटी निकाल्दा भएको खाल्डोमा परी स्थानीय १२ वर्षीय अमित रायको असार १४ गते मृत्यु भएपछि आक्रोसित स्थानीयले क्षतिपूर्तिको माग गर्दै राजमार्ग अवरोध गरी विरोध प्रदर्शन गरेका थिए । स्थानीयले प्रहरीमाथि ढुङ्गामुढा गरेपछि प्रहरीले हवाइफायर गरेको जिल्ला प्रहरी कार्यालयका एसपी गोपालचन्द्र भट्टराईले बताए ।

प्रहरीको गोली लागेर मृत्यु भएका सरोज सिंह भनिने देवान महतो

प्रर्दशनकारीले प्रहार गरेको ढुङ्गा लागेर असई राजकुमार साह, प्रहरी

हबल्दार सुनिलकुमार यादव, प्रहरी जवानहरू युवराज धमला, जवान गोपाल यादव, तुलाराम रोकाया, लक्ष्मण गौतम, पूर्णबहादुर खत्री, लोकबहादुर बिक, जितेन्द्र तामाङ, कृष्णप्रसाद काफ्ले र किरण पुन घाइते भए । त्यस्तै सशस्त्र प्रहरी बलका असई रुद्रवीर राई, प्रहरी हबल्दार होम थापा मगर, भीमबहादुर सिंहधन, भक्तनारायण धामी र सुरेन्द्र महतो कोइरी घाइते भए । घाइते सबैको प्राथमिक स्वाथ्य केन्द्र, लालबन्दीमा उपचार भयो ।

पीडित परिवार र स्थानीयवासीले दुवै घटनाको क्षतिपूर्ति भराइनुपर्ने, प्रहरीको गोलीबाट मृत्यु भएका महतोलाई शहीद घोषणा गरिनुपर्ने र उनकी पत्नीलाई रोजगारको व्यवस्था गर्नुपर्ने माग गरेका थिए । जिल्ला प्रशासन कार्यालयमा २०७६ असार १५ गतेका दुवै घटनाको समस्या समाधान तथा सिफारिस गर्न पूर्वमन्त्री शम्भुलाल श्रेष्ठको संयोजकत्वमा नौ सदस्यीय समस्या समाधान तथा सिफारिस समिति गठन भयो । समितिले महतोलाई सहिद घोषणाका लागि सिफारिस गरी पठाउने, मृतककी पत्नीलाई स्थानीय नगरपालिकामा रोजगारीको व्यवस्था गर्ने र मृतकका छोराको शिक्षादीक्षाको व्यवस्था मिलाउन नेपाल सरकारलाई सिफारिस गऱ्यो ।

धम्की/कुटपिट

राज्यपक्षबाट

बागमती नपा–२ स्थित धरहराका ४० वर्षीय हरिकृष्ण पौडेललाई २०७६ असोज १४ गते इलाका प्रहरी कार्यालय, हरिवनका इन्स्पेक्टर सुवास भट्टराईले कार्यालयमा बोलाइ दाइ कुमार पौडेलको हत्या घटना सम्बन्ध किन कुरा उठाएको भनी कुटपिट तथा हातपात गरेको पीडितले बताए । पीडितले इन्सेक र एड्भोकेसी फोरमलाई जानकारी गराएपछि दुवै संस्थाका प्रतिनिधिको उपस्थितिमा प्रहरी कार्यालयमा असोज १५ गते छलफल भयो । पौडेललाई सामान्य सोधपुछको लागि मात्र बोलाएको र हातपात नगरेको इन्सपेक्टर भट्टराईले बताए । पीडित पौडेलले थप उजुरी गरेनन् ।

अन्यपक्षबाट

कविलासी नपा–८ निवासी समाजवादी पार्टीका कार्यकर्ता २७ वर्षीय जयकुमार साहलाई राजनीतिक रिसइवीका कारण कविलासी नपा–९ सलेमपुर बस्ने २१ वर्षीय दिपेश यादव, सोही ठाउँका २० वर्षीय पप्पु भनिने राकेश यादव र २३ वर्षीय रितेश यादवले २०७६ कात्तिक १७ गते खुकुरी प्रहार गरी घाइते बनाए । घाइते जयकुमारको खुकुरी प्रहारबाट टाउको पिठ्युँमा घाउ थियो । घटनाका आरोपित दिपेशलाई इलाका प्रहरी कार्यालय, हरिपुरबाट खटिएको प्रहरीले सोही दिन खुकुरीसहित गिरफ्तार गऱ्यो । पीडितको उपचार जिल्ला अस्पताल, मलंगवामा भयो । घटनामा संलग्न राकेश र रितेश भने यो वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो । जिल्ला अदालतको ०७६ मङ्सिर २६ गतेको आदेशले दीपेश १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा भए ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ७५ पुरुष र २५ महिला गरी १ सय जनाको छ । कारागार जीर्ण भएपछि ६ वर्षदेखि यहाँका कैदीबन्दीलाई अन्य जिल्ला पठाउने गरिएको छ ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सर्लाही जिल्ला अदालतमा ६ जना न्यायाधीशको दरबन्दी रहेकोमा पाँच जना कार्यरत छन् । एक पद रिक्त छ । यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ८७ मध्ये ७४ थान फैसला भए भने १ सय १३ थान बाँकी रहेको छ । देवानी मुद्दातर्फ १ हजार १ सय ४९ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ६४ र देवानी मुद्दा २ सय १३ थान छन् । दरबन्दी अनुसार कर्मचारी नहुनाले कार्य सम्पादनमा प्रभावकारी हुन नसकेको अदालतका प्रशासकीय अधिकृत सिकिन्द्र कापरले जानकारी गराए ।

बाल अधिकार

शिक्षाको अवस्था

सर्लाही जिल्लामा ६ सय ७७ आधारभूत विद्यालय छन् । निजी विद्यालयको सङ्ख्या ३ सय ५७ छन् र मदरसाको सङ्ख्या ८० छन् । बालगृह पुर्नस्थापना केन्द्र तथा अपाङ्गतामैत्री विद्यालय यस जिल्लामा रहेका छन् र सर्लाहीको चार ओटा माविमा प्राविधिक कम्प्युटर, इञ्जिनियरिङ्तर्फ प्रत्येक चार ओटा विद्यालयमा १६ जनाको दरबन्दी रहेको रायले जानकारी दिए ।

यस वर्ष बलात्कारका घटनामा एक जना बालिका पीडित भएको अभिलेख भयो । घटनाका आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे । यौन दुर्व्यवहारका सात घटना अभिलेख भएकामा

एक घटनामा अदालतले आरोपितलाई कैद सजाय सुनायो। दुई जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे । चार घटनामा मेलमिलाप भयो । विद्यालयमा शारीरिक दण्डका दुई घटनामा सात जना बालबालिका पीडित भए। दुवै घटनामा मिलापत्र भयो। अपहरणका दुई घटना अभिलेख भएकोमा आरोपित अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहे।

बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई २०७५ फागुन २ गते यौन दुर्व्यवहार गरेको आरोपमा ईश्वरपुर नपा–४ का २२ वर्षीय आकाश भण्डारीविरुद्ध बालिकाका परिवारले फागुन ५ गते इलाका प्रहरी कार्यालय, केशरगञ्जमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ५ गते गिरफ्तार गऱ्यो। आरोपितले बालिकालाई ट्युसन पढाइ दिन्छु भनी यौन दुर्व्यवहार गरेको उजुरीमा उल्लेख छ। बालिकाको स्वास्थ्य परीक्षण फागुन ५ गते जिल्ला अस्पतालमा भयो । जिल्ला अदालतको फागुन ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । जिल्ला अदालतले २०७६ वैशाख ११ गते आरोपितलाई दुई वर्षको सजाय सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यो वर्ष १ सय ३७ ओटा उजुरी दर्ता भयो। त्यसमध्ये १ सय २३ ओटा मिलापत्र गरिएको १० ओटा उजुरीका उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रले जनायो । जनचेतना र सचेतना बढेकाले उजुरी गर्ने महिलाको सङ्ख्यामा वृद्धि भएको छ । सेवा केन्द्रको नवनिर्मित भवनले प्रहरीसमक्ष सेवाग्राही सहजै आउने र निर्धक्कसँग गुनासो भन्नसक्ने वातावरण बनेको छ । सेवा केन्द्रमा आउने सबै उजुरीमा दुवैपक्षलाई राखेर संवाद, छलफल गराई सहमति गराउने गरिन्छ । कतिपय उजुरीमा तेस्रो पक्षको प्रत्यक्ष, अप्रत्यक्ष दबाब आउने गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर उमाशंकर गुप्ताले जानकारी गराए।

यस वर्ष दुई जना महिलाको परिवारजनबाट हत्या भयो । हत्या आरोपित कानुनी दायरामा आए । दाइजोको आरोपमा कुटपिट तथा हत्या प्रयास घटनामा प्रहरीले जाहेरी नै नलिएको पीडितपक्षले आरोप लगायो। यसैगरी घरेलु हिंसा पीडित एक जना महिलाको जाहेरी प्रहरीले दर्ता गरेन।

परिवारजनबाट हत्या

उदयपुर जिल्लाको सुरुङ्गा नगरपालिका घर भई बरहथवा नपा–५ बस्ने ३३ वर्षीया पत्नी सुनीता विश्वकर्मालाई ०७५ चैत ७ गते पति रामजी विश्वकर्माले धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनायो । पीडित बरहथवाको चक्र जनता बहुमूखी क्याम्पसमा अध्यापन गर्थिन् । आरोपितलाई प्रहरीले सोही दिन राति गिरफ्तार गऱ्यो। प्रहरी नियन्त्रणमा रहेका रामजीले पत्नी सुनीताले आफूलाई खुकुरीले प्रहार गर्न खोज्दा प्रतिकारमा उनको मृत्यु भएको प्रहरीसमक्ष बयान दिए। शवको पोष्टमार्टम जिल्ला अस्पताल, मलङ्गवामा चैत ८ गते भएको प्रहरीले जनायो। जिल्ला अदालतको २०७६ चैत १८ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

विष्णु गाउँपालिका–७ फेन्हारा २४ वर्षीया अपाङ्गता भएकी अमृता ठाकुरलाई पति २८ वर्षीय विन्देश्वर ठाकुर र ससुरा ४७ वर्षीय रामदेव ठाकुरले छोरा नपाएको भन्दै शारीरिक तथा मानसिक यातना दिएको भन्दै पीडितले २०७६ कात्तिक २६ गते गोडैता नगरपालिका उजुरी गरिन् । उजुरीको सुनुवाइ नगरेपछि पीडितले २०७६ मङ्सिर ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। कुनै चासो नदेखाएको कारणले गर्दा अमृता ठाकुरको अवस्था गम्भीर हुँदै गएको पीडित पक्षले जनायो । प्रहरी प्रशासन घटनाका आरोपितलाई गिरफ्तार नगरी आरोपितसँगै मिलेको पीडितपक्षको आरोप छ। अमृता ठाकुरलाई मानसिक तथा शारीरिक यातना दिने काम भइरहेको पीडित पक्षले बतायो। घटनामा संलग्न दोषीलाई यो वर्षको अन्त्यसम्म कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा स्वास्थ्य बीमा लागु भएको छैन। कालाज्वर, मलेरिया, कुष्ठरोग, क्षयरोग आदिको निःशुल्क औषधि उपचार हुने गरेको छ । जिल्ला अस्पतालमा ७० किसिमका औषधि निःशुल्क उपलब्ध छन्। समयमा टेण्डर नभई औषधि खरिद हुन नसक्दा बेला बेलामा निःशुल्क उपलब्ध हुनुपर्ने औषधिको अभाव हुने गरेको छ । ओपिडीमा दैनिक सेवा दिन चाहिने उपकरण, औषधिसहितको किटको अभाव छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बालश्रम		१			१
बलात्कार	१				१
विद्यालयमा शारीरिक सजाय			३		३
यौन दुर्व्यवहार	१	१	४	१	७
जम्मा	३	३	६	१	११

महिला अधिकार		
घटनाको प्रकार	मिलापत्र	जम्मा
घरेलु हिंसा	३	३
जम्मा	३	३

मारिएकाको घटना सङ्ख्या					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	१	३	३	८

२.६ रौतहट

जम्मा जनसङ्ख्या	७,५३,२०५
महिला	३,७०,१०२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,२७,०००
कामका लागि बाहिरिएका	५,३३१
अपाङ्गता भएका	८,६५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७
आश्रित जनसङ्ख्या	२,६४,७५१



यो वर्ष रौतहट जिल्लामा राज्य पक्षबाट तीन जना पुरुष र अन्य पक्षबाट ५३ जना महिलासहित ६७ जना गरी ७० जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालकसहित २४ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २३ जना महिला पीडित भए। सन् २०१९ मा बिमा रकम पाउने लोभमा चार वर्षीया छोरीको हत्यासहित ६ जनाको हत्या भयो।

धम्की/कुटपिट

अन्यपक्षबाट

गौर नपा–५ निवासी नेपाल पत्रकार महासङ्घ, रौतहट शाखाका सभापति ४० वर्षीय रविन्द्र साहलाई ०७५ फागुन १० गते राति अज्ञात पक्षले आक्रमण गरी घाइते बनायो। गौर नपा–८ स्थित कबिरचोकमा राति ७:३० बजेका समयमा पान खाइरहेका साहलाई हतियार सहित आएका तीनजनाको एक समूहले लाठी रडलगायतका हतियार प्रहार गरी घाइते बनाएको पीडितले बताए। आक्रमणबाट पीडितको दाहिने हात भाँचिनुका साथै शरीरमा चोटपटक लागेको थियो। प्रहरीले यसवर्षको अन्त्यसम्म आरोपितको पहिचान गर्न सकेन। पीडितको गौर अस्पतालमा प्राथमिक उपचार पछि थप उपचार बीरगञ्जमा भयो।

गिरफ्तार

चन्द्रपुर नपा–४ का ३६ वर्षीय मानबहादुर वाइवा, सोही ठाउँका ३० वर्षीय रामबहादुर घिसिङ् र सोही नपा–३ का ५२ वर्षीय रेवप्रसाद मैनालीलाई ०७६ साउन १५ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूलाई प्रहरीले आगजनी र हातहतियार खरखजाना मुद्दामा जिल्ला अदालतमा पेस गरेकोमा अदालतको ०७६ भदौ १० गतेको आदेशमा मानबहादुर वाइवा ५० हजार रुपियाँ धरौटीमा रिहा भए। रेवप्रसाद मैनाली र रामबहादुर घिसिङ पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१	१
अपहरण				३		३
गिरफ्तार		३	३			
कुटपिट				१	९	१०
धम्की					१	१
हत्या				५	१	६
बाल अधिकार	बलात्कार			९		९
	यौन दुर्व्यवहार			१३	३	१५
	जम्मा			३३	३	३४
महिला अधिकार	कथित बोक्सीको आरोप			१		१
	बलात्कार			६		६
	बलात्कार प्रयास			६		६
	बहुविवाह			७		७
	घरेलु हिंसा			१		१
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३३		३३
कूल जम्मा		३	३	५३	१४	६७

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २० जनाको छ। कारागारमा १ सय ३९ जना कैदी र १ सय ५५ जना गरी २ सय ९४ जना छन्। जसमा महिला १३ जना महिला र एक जना आश्रित बालिका पनि छिन् । कारागारमा ६५ वर्षमाथिका चार जना पुरुष छन् । कारागारमा महिला भवनतर्फ तीन वटा कोठा छन् भने पुरुष भवनतर्फ ११ वटा कोठा छन् । जसमा दुवै भवन जीर्ण पर्खालहरू धसिएको, वर्षात्को समयमा पानी चुहिनेलगायतका समस्या रहेका छन् । क्षमताभन्दा झण्डै तीन गुणा कैदी/बन्दीहरु भएकाले कोचिएर बस्नुपर्ने बस्नुपर्ने बाध्यता छ। कोठा अभावले बन्दीहरू सुत्न नपुगेर १ सय ४५ जना कोठा बाहिर बरण्डामा, भान्सा लगायतका बाहिरका ठाउँमा कोचाकोच भएर सुत्ने गरेको प्रहरी जवान बुद्धिलाल पुरीले बताए।

यो वर्ष कारागारमा रहेका एक जना बन्दीको मृत्यु भयो। हातहतियार खरखजाना मुद्दामा २०७५ फागुन १० गते जिल्ला कारागारमा आएका थुनुवामा रहेका गौर नपा–४ का नकुल राउत कुर्मीको कलेजोसम्बन्धी समस्या भई २०७६ पुस ८ गते जिल्ला अस्पताल, रौतहटको गौरको इमरजेन्सी वार्डमा उपचार गराउँदा सोही दिन रिफर भई नारायणी उपक्षेत्रीय अस्पताल, बीरगंजमा २०७६ पुस १३ गते मृत्यु भयो।

सुगम तथा निश्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीशको दर बन्दी रहेको जिल्ला अदालतमा पाँच जना न्यायाधीश कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ६ सय ३० मध्ये १ सय ८४ थान मुद्दा फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ७९ मुद्दा मध्ये ७ सय ९९ फैसला भए। यस वर्ष अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दातर्फ ८८ थान बाँकी रहे भने देवानी मुद्दातर्फ १ सय ४१ बाँकी रहेका छन्।

बाल अधिकार

यस वर्ष नौ जना बालिकामाथि बलात्कार भएको इन्सेकमा अभिलेख भयो । अभिलेखित घटनामध्ये ६ जना आरोपित पुर्पक्षका लागि थुनामा रहे। चार जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे भने एक जना धरौटीमा रिहा भए । बलात्कारका कुनै पनि मुद्दामा जिल्ला अदालतले फैसला सुनाएन । यो वर्ष अप्राकृतिक मैथुनको घटनामा दुई बालक पीडित भए । सो घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन् । यसैगरी यौन दुर्व्यवहारका घटनामा १३ जना बालिका पीडित भएको अभिलेख भयो । घटनाका तीन जना आरोपित पुर्पक्षका लागि थुनामा, एक आरोपित फरार रहे, दुई जना बालक भएकाले बाल सुधार गृहमा पठाउन अदालतले आदेश गर्‍यो भने एक आरोपित साधारण तारेमा रिहा भए । सात जना बालिकामाथि सार्वजनिक स्थानमा दुर्व्यवहार भएको अभिलेख भयो। घटनाका तीन आरोपित पुर्पक्षका लागि थुनामा रहे भने चार जना धरौटीमा रिहा भए।

१५ वर्षीया बालिकालाई गरुडा नपा–५ का ४२ वर्षीय रामप्रवेश राय यादव, २० वर्षीय जितेन्द्र

राय यादव, १८ वर्षीय धिरेन्द्र राय ४५ वर्षीय रामभरोस राय यादव, ४२ वर्षीय रामबिनोद साह कलवारले ०७६ वैशाख १० गते अपहरण तथा शरीर बन्धक बनाएको आरोपमा पीडितको बाबुले जिल्ला प्रहरी कार्यालय, गौरमा ०७६ जेठ १६ गते उजुरी दर्ता गराए। यसवर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्। बालिकाको अवस्था हालसम्म अज्ञात रहेको छ।

परिवारजनबाट हत्या

मौलापुर नगरपालिका–६ पथरा बुधरामकी चार वर्षीया लक्ष्मीकुमारी यादवको २०७६ असार १७ गते बाबु ३९ वर्षीय रामकिशोर राय यादवले हत्या गरे। घरमा सुतिरहेकै अवस्थामा हराएकी लक्ष्मीको शव भोलिपल्ट बिहान गाउँकै एक पोखरीमा भेटिएको थियो । शवको पोष्टमार्टम असार १८ गते जिल्ला सरकारी अस्पताल, गौरमा भयो । प्रहरीले असार १८ गते जिल्ला प्रहरी कार्यालय, गौरमा कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता गरेको डिएसपी नवीन कार्कीले बताए । घटनाको अनुसन्धान गर्ने क्रममा रामकिशोरको गतिविधि शंकास्पद लागेपछि प्रहरीले असार १८ गते गिरफ्तार गऱ्यो । रामकिशोरले गरुडाको प्रभु लाइफ इन्सुरेन्स कम्पनीमा जेठ १९ गते छोरीको २५ लाख रुपियाँको बीमा गराएका थिए । हत्या गर्ने र बीमाको रकम निकाल्ने योजना अनुरुप नै छोरीको बीमा गराएको अनुसन्धानबाट खुलेको डिएसपी नवीन कार्कीले बताए । राती आमासँगै सुतिरहेकी छोरीलाई बोकेर लगेको र नाक मुख थुनेर हत्या गरी पोखरीमा फालेको यादवले अनुसन्धानका क्रममा स्वीकारेका छन्। बीमा गरेको एक महिनाभित्र बिमित व्यक्तिको मृत्यु भएमा दोब्बर रकम भुक्तानी पाउने कुरा सुनेकाले यसो गरेको उनले बयानमा बताएका थिए। यादवलाई मुलुकी अपराध संहिता, २०७४ को ज्यानसम्बन्धी कसुर अन्तर्गत मुद्दा दर्ता गरी जिल्ला अदालत गौरबाट पाँच दिनको म्याद थप गरिएको प्रहरीले जनायो । घटना अनुसन्धानको लागि साउन ९ गते अदालतमा मुद्दा पेश भएकोमा साउन १३ गते अदालतको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ५८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र गरुडामा उजुरी दर्ता गराए। जसमध्ये गाली बेइज्जती गरिएका ३५ जना, घरबाट निकाला गरिएका ३९ जना, हेरचाह तथा वास्ता नगरिएको २ सय ६९ जना, कुटपिट गरेको १ सय ६९ आदि रहेका छन्। दर्ता भएका १ सय ९० वटा उजुरीमा मिलापत्र गरिएको र बाँकी ३ सय ६८ घटनाका उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रले जनायो।

यस वर्ष बलात्कारका घटनामा ६ जना महिला पीडित भएको र ती घटनाका तीन आरोपित फरार रहेको, दुई जना पुर्पक्षका लागि थुनामा रहेको र एक जनाले सफाइ पाएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार प्रयासका घटनामा ६ जना महिला पीडित भए । घटनाका तीन जना आरोपित पुर्पक्षका लागि थुनामा रहे भने तीन जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। कथित बोक्सीको आरोपमा एक जना महिलामाथि अमानवीय व्यवहार भएको अभिलेख भयो । पीडितले आरोपितविरुद्ध प्रहरी कार्यालयमा उजुरी दिएको भए पनि कोही पनि कानुनी दायरामा आएनन्। परिवाजनबाट हत्या भएका दुई जना महिलाका परिवारले घटनाको अनुसन्धानका लागि प्रहरीले चासो नदेखाएको बताए । प्रहरीले घटनालाई आत्महत्या भन्यो।

कथित बोक्सीको आरोप

बौधिमाई नपा–९ की २७ वर्षीया लालवतीदेवी यादवलाई २०७५ फागुन २८ गते सोही ठाउँका ३० वर्षीय राधामोहन यादव, ५५ वर्षीय भागिरथ राय यादव, १८ वर्षीय राजनारायण राय यादवले कथित बोक्सीको आरोप लगाइ मानव मलमुत्र खुवाएको तथा दुर्व्यवहार गरेको आरोपमा २०७६ कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालय, रौतहटमा पीडितले उजुरी दर्ता गराइन् । यस वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

परिवारजनबाट हत्या

गुजरा नपा–५ इस्लामपुर टोलकी १८ वर्षीया राहनी खातुनको ०७५ माघ ११ गते राति ५३ वर्षीय ससुरा सोहेव मिँया दर्जी र सासु ५१ वर्षीय सेरातुन नेसाले हत्या गरी घरको कोठमा झुण्ड्याएको मृतकका बाबु छोटन मिँयाले आरोप लगाए । पीडितको मृत्युपछि उनका सासू र ससुरा फरार रहेकाले घटना शंकास्पद रहेको प्रहरीले जनाएको भए पनि पोष्टमार्टम रिपोर्टमा हत्याको कुनै प्रमाण नभेटिएको भन्दै जिल्ला प्रहरी कार्यालय,

रौतहटले मुद्दा चलाएन । शवको त्रिवि शिक्षण अस्पताल, महाराजगञ्ज, काठमाडौँमा पोष्टमार्टम भयो। बारा जिल्ला सिम्रौनगढ–८ माइती भएकी मृतकको दुईवर्ष अघि विवाह भएको र आठ महिनाको एक छोरा रहेको र मृतकको पति वैदेशिक रोजगारीका लागि कतारमा रहेका छन्।

दाइजोको कारण हत्या

राजदेवी नपा–५ की २४ वर्षीया निशा उपाध्यायलाई पति २५ वर्षीय विवेक तिवारी, ससुरा ५५ वर्षीय बिरेन्द्र तिवारी, जेठाजु ३० वर्षीय चन्दन तिवारी र भाउनु २८ वर्षीया सोनी तिवारीले ०७६ वैशाख १४ गते हत्या गरी झुण्ड्याएको माइतीपक्षले आरोप लगायो । जातीय परम्परा अनुसार दुईवर्ष अघि विवाह भएकोमा पीडित महिलाको विवाहमा पलङ्ग नदिएको भनि परिवारका सदस्यले लगातार शारीरिक तथा मानसिक यातना दिँदै आएकोमा वैसाख १४ गते परिवारका सदस्य मिलेर कुटपिट गरी हत्या गरेको र आत्महत्या देखाउनका लागि कोठाको सिलङ पङ्खामा झुण्डाएको पीडित महिलाका बाबु रामबाबु उपाध्यायले बताए । शवको जिल्ला अस्पताल, गौरमा वैशाख १५ गते पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार समेत भयो । किटानी उजुरी दर्ता गराउन जाँदा प्रहरीले दर्ता गर्न नमानेको उपाध्यायले बताए । जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी भुपेन्द्र खत्रीले पोष्टमार्टम रिपोर्टमा हत्या भएको कुनै सवुत फेला नपरेकाले जाहेरी दर्ता नगरिएको बताए।

घरेलु हिंसा

गढीमाइ नपा–४ की २२ वर्षीया सुनालीदेवी साहलाई ससुरा ५० वर्षीय लगन साह र जेठाजु ३० वर्षीय लखिन्द्र साहले ०७५ माघ १८ गते साँझ कुटपिट गरी घाइते बनाए। पीडित महिलाको आरोपित लगन साहका कान्छो छोरा २७ वर्षीय हरिन्द्र साहसँग २०७५ वैशाख महिनामा विवाह भएकोमा उनको पति फरक शारीरिक क्षमता भएकाले आरोपितले जेठाजु लखिन्द्र साहसँग जबरजस्ती विवाह गर्नुपर्छ भनि दवाव दिए। पीडितलाई आरोपित लखिन्द्र साहले जबरजस्ती सिन्दुरसमेत हाल्न लाग्दा पीडितले प्रतिकार गरिन्। प्रतिकारको विरोधमा आरोपितले लाठी तथा लातमुक्काले कुटपिट गरी घाइते बनाए । कुटपिटबाट पीडितको पाखुरा, तिघ्रा टाउको लगायत शरीरको विभिन्न भागमा चोटपटक लागेको थियो। पीडित चन्द्रनिगाहपुर अस्पतालमा माघ १९ गते उपचारपछि घर फर्किइन् । आरोपितविरुद्ध पीडितले उजुरीको तयारी गरेको भए पनि गाउँघरमा नै घटनाको मिलापत्र गराइयो । पीडित हाल आफ्नो माइतीघरमा बस्दै आएकी छिन्।

बेचबिखन तथा ओसारपसार

४० वर्षीय महिलालाई गौर नपा–१ का २२ वर्षीय आशुतोषकुमार साहले ०७६ वैशाख १ गते अपहरण तथा शरीर बन्धक गरेको आरोपमा पीडितको बाबुले ०७६ जेठ ५ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दर्ता गराए । आरोपितले अपहरण गरी भारतको दिल्लीमा पुऱ्याई बन्धक बनाई राखेको पीडितको बाबुले बताए । आरोपितलाई प्रहरीले ०७६ जेठ २ गते गिरफ्तार गरी अपहरण तथा शरीर बन्धक कसुर अर्न्तगत रौतहट जिल्ला अदालतमा ०७६ असार ३ गते मुद्दा दायर गरेकोमा अदालतको ०७६ असार ४ गतेको आदेशले पुर्पक्षका लागि कारागारमा रहेका छन् । यसवर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन। पीडितको यो वर्षको अन्त्यसम्म उद्धार भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

रौतहटमा दुई ओटा जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र चार ओटा, स्वास्थ्य चौकी ९२ ओटा, शहरी स्वास्थ्य क्लिनिक १८ ओटा, सामुदायिक स्वास्थ्य क्लिनिक १० ओटा, गाउँघर क्लिनिक ३ सय ६६ ओटा, खोप क्लिनिक ४ सय ८० ओटा, एफ.सि.एच.भी ९ सय ३३ ओटा रहेका छन्। जिल्ला अस्पताल गौरमा ५१ जना कर्मचारीको दरबन्दी रहेकोमा हाल २० जना कर्मचारी कार्यरत छन् । त्यस्तै जिल्ला जनस्वास्थ्य कार्यालय गौरमा १४ जनाको दरबन्दी रहेकोमा १२ जना कर्मचारी रहेका छन् । अन्य प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी लगायत समुदायमा आधारित स्वास्थय संस्थामा हाल कति जना कार्यरत छन् भन्ने रेकर्ड नगर पालिकासँग पटक पटक माग गर्दा पनि प्राप्त नभएको जिल्ला जनस्वास्थ्य कार्यलयका सूचना अधिकारी हरिन्द्रप्रसाद गुप्ताले बताए।

विगतको अनुगमन

राजपुर नपा–५ निवासी नेपाली कांग्रेसबाट निर्वाचित सङ्घीय संसद्का सांसद मोहम्मद आफताव आलमलाई २०७६ असोज २६ गते प्रहरीले गिरफ्तार गऱ्यो । २०६४ सालको संविधान सभा निर्वाचनको अघिल्लो दिन सांसद आलमको घरमा बम बनाउने

क्रममा मृत्यु भएका व्यक्ति तथा घाइतेलाई जिउँदै इट्टाभट्टामा जलाएर हत्या गरेको आरोपमा आलमलाई गिरफ्तार गरिएको प्रहरीले जनायो। सासंद आलमसहित मोबिन आलम, शेख भाइ, शेखसेराज, शेख फजलेहक, सगिर आलम, शेख मलकार, गौरीशंकर साह, बद्री सहनी र मुक्ति साहविरुद्ध ज्यान मार्ने उद्योग, कर्तव्य ज्यान र विस्फोटक पदार्थसम्बन्धी कसुरमा मुद्दा दर्ता भएकोमा रौतहट जिल्ला अदालतको ०७६ कात्तिक २९ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा रहेका छन्। अन्य आरोपितहरू यसवर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	२	६	९
यौन दुर्व्यवहार		१	१३	१४
जम्मा	१	३	१९	२३

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप	१				१
बलात्कार	१	४		२	७
बलात्कार प्रयास		३		३	६
बहुविवाह	२			५	७
घरेलु हिंसा			१		१
यौन दुर्व्यवहार		१		१	२
जम्मा	४	८	१	११	२४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३	६

२.७ बारा

जम्मा जनसङ्ख्या	७,४७,१०५
महिला	३,६७,५६८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,०३,४८४
कामका लागि बाहिरिएका	१२,५३०
अपाङ्गता भएका	११,६४५
५ वर्षमाथिको साक्षरता प्रतिशत	५२
आश्रित जनसङ्ख्या	३,४३,८५७



यो वर्ष बारा जिल्लामा राज्य पक्षबाट तीन जना महिलासहित १२ जना र अन्य पक्षबाट ४० जना महिलासहित ६४ जना गरी ७६ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना महिला पीडित भए। यो वर्ष राज्यपक्षबाट तीन जना महिलासहित सात जना र अन्य पक्षबाट ६ जना महिलासहित १९ जनामाथि कुटपिट भयो।

धम्की/कुटपिट

अन्यपक्षबाट

जितपुरसिमरा उपमहानगरपालिका–७ निवासी कृपा दैनिक एवम् जनता टेलिभिजनका संवाददाता ३३ वर्षीय अनिल तिवारी, जितपुरसिमरा उपमहानगरपालिका–१ निवासी पलखबर डट कमका समाचार प्रमुख ३५ वर्षीया शारदा पोखरेल र जितपुरमा उपमहानगरपालिका–१ निवासी समर्पण एफ.एम.का समाचार प्रमुख २२ वर्षीया सुप्रिया ढकाललाई २०७५ फागुन ११ गते समाचार संकलन गरेको भन्दै पर्सा जल्ला बीरगंज महानगरपालिका निवासी सिमरा मालपोत कार्यालयका प्रमुख ५० वर्षीय मदन गुप्ताले समाचार नलेख्न धम्की दिए । पछिलो समय सिमरा मालपोतमा बिचौलियाको बिगबिगी भएपछि केही सञ्चार माध्यमले सो कुरालाई लिएर समाचार लेखेका थिए । मालपोत कार्यालयमा अनलाइन प्रविधिमार्फत कार्य गर्न अनलाइन सेवाको उद्घाटन भएपनि त्यस अनुसारको काम नभएको र अहिले पनि सेवाग्राहीले आफ्नो काम गराउने बिचौलियालाई २ हजारदेखि ५ हजार रुपियाँसम्म दिनुपर्ने भन्दै फागुन ९ गते केही सञ्चार माध्यममा समाचार लेखिएको थियो। नेपाल सरकारले लागु गरेको अनलाइन फारम लागु नगरेको भन्दै सञ्चारमाध्यममा आएको समाचारमा ध्यान दिन प्रमुख जिल्ला अधिकारीले मालपोत अधिकृतलाई निर्देशन दिए।

गिरफ्तार

कलैया उपमहानगर पालिका–४ निवासी प्रतिबन्धित नेकपा सम्बद्ध विद्यार्थी सङ्गठनका जिल्ला संयोजक २९ वर्षीय निरजकुमार साह र कोल्हबी नगरपालिका–८ निवासी कोल्हबी नगर कमिटीका सदस्य ३१ वर्षीय काशीनाथ तिमल्सिनालाई प्रहरीले २०७६ जेठ १९ गते निजगढ नगरपालिका–८ बुद्धचोकबाट गिरफ्तार गऱ्यो । चन्दा उठाउन प्रयोग गरिने रसिद, पार्टीको झण्डा, प्रचार पम्पलेट सहित उनीहरूलाई गिरफ्तार गरेको निजगढ इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर विक्रम लामाले बताए। उनीहरूले इलाका प्रहरी कार्यालय निजगढबाट गस्तीमा खटिएको प्रहरीलाई दुर्व्यवहार समेत गरेको इन्सपेक्टर लामाले बताए । जिल्ला प्रशासन कार्यालय, बाराले अभद्र व्यवहारमा मुद्दा चल्यो। असार ११ गते उनीहरू साधारण तारेखमा रिहा भए । मुद्दाको फैसला नभएको जिल्ला प्रशासन कार्यालयका मुद्दा शाखाका अनुसन्धान अधिकृत रामपुनित महतोले बताए ।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			३	३			
अपहरण					१		१
जातीय विभेद						१	१
विस्थापन					३	५	८
गिरफ्तार			३	३			
कुटपिट		३	४	७	६	१३	१९
धम्की					३	३	४
हत्या					३	३	६
बाल अधिकार	बलात्कार				६		६
	यौन दुर्व्यवहार				७		७
	जम्मा				१३		१३
महिला अधिकार	कथित बोक्सीको आरोप				१		१
	बलात्कार				३		३
	बलात्कार प्रयास				१		१
	बहुविवाह				५		५
	यौन दुर्व्यवहार				३		३
	जम्मा				१३		१३
कूल जम्मा		३	९	१३	४०	३४	६४

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

बारागढी गाउँपालिकाको कार्यालयमा प्रसूतिगृह सञ्चालन लगायतका आठ सुत्रीय माग राखी २०७५ फागुन ६ गते स्थानीयले तालाबन्दी र ढुङ्गामुढा गरेपछि थप क्षति हुन नदिन प्रहरीले लाठीचार्ज गर्दा तीन जना घाइते भए । घटनामा बारागढी गाउँपालिका–३ का २५ वर्षीय अमित चौधरी, २४ वर्षीय बताही माझी र ५ वडाका ३२ वर्षीय सुरेश बैठा घाइते भए। सामान्य घाइतेको स्थानीय निजी स्वास्थ्य क्लिनिकमा उपचार भएको पीडित अमित चौधरीले बताए । जिल्ला प्रहरी कार्यालय बारा, इलाका प्रहरी कार्यालय च्युटाहा, इलाका प्रहरी कार्यालय बारागढी, प्रहरी चौकी लंगडाबाट खटि गएको प्रहरीले गाउँपालिकाको कार्यालय, जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीको सुरक्षालाई ख्याल गरेर तोडफोड गरिरहेका स्थानीयलाई रोकी थप क्षति हुन नदिन सामान्य बल प्रयोग गरी स्थितिलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी रञ्जितसिंह राठौरले बताए । प्रदर्शनकारीको ढुङ्गामुढाले कार्यालयको माथिल्लो तल्लाको झ्यालको सिसा फुट्यो ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बारामा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा सात जना कार्यरत रहेका छन् । यो वर्ष २ हजार ७ सय ६९ नयाँ मुद्दा दर्ता भएका छन् । गत वर्षमा जिम्मेवारी

सरिआएका मुद्दा २ हजार१ यस ८१ थान रहेको छन्। नयाँ र जिम्मेबारी सरेर आएका मुद्दा गरि यस वर्षमा जम्मा मुद्दा सङ्ख्या ४ हजार ९ सय ५१ थान मुद्दा रहेका छन्। यस वर्षमा ६४.२० प्रतिशत मुद्दा फर्स्यौट भएका छन्। यस वर्ष फर्स्यौट हुन बाँकी१ हजार७ सय७२ थान मुद्दा रहेका छन्। यस वर्षका मुद्दा मध्ये दुई वर्ष नाघेका तीन ओटा मुद्दा रहेका छन्। न्यायाधीशको दरबन्दीको विषयले न्यायमा असर पारेको छैन।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ५ सय २३ आधारभूत र ७५ माबि छन्। २ हजार ३ सय ४१ शिक्षक दरबन्दी रहेकामा ७० दरबन्दी रिक्त छ। यस वर्ष ७ हजार १ सय १४ बालक र ५ हजार २९ बालिका भर्ना भए। जिल्लामा ६० अपाङ्गमैत्री विद्यालय छन्। सबै दलित बालक र दलित बालिकाले ४ सयका दरले छात्रवृत्ति पाए। साथै सहिद दुई परिवारले २४ हजार र द्वन्द्वपीडित परिवारका १६ बालबालिकाले आठ हजार रुपियाँका दरले १ लाख २८ हजार रुपियाँ छात्रवृत्ति पाए।

विद्यार्थी भर्ना अभियान २०७६ वैशाख महिनामा एक महिनासम्म चल्यो। आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकारको पालना गर्ने प्रयास भएपनि पूर्ण पालना हुन सकेन। निःशुल्क भनेपनि विभिन्न शुल्क असुल्ने कार्य भयो। दलित, अपाङ्ग आदिलाई उच्चतहसम्म निःशुल्क भनेपनि सबैलाई छैन। बालअधिकार ऐन वा संविधानमा शिक्षाको अधिकार तथा बालअधिकारमा भएको व्यवस्थाको पालना भएको छैन।

यस वर्ष बारा जिल्लामा बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक आरोपित धरौटीमा, तीन आरोपित साधारण तारेखमा, एक जना आरोपित बालक भएकाले बालसुधार गृहमा र एकजना आरोपितलाई अदालतले कैद सजाय सुनायो। एकजना बालिकालाई प्रेमसम्बन्ध राखेको आरोपमा उनका बाबुआमाले हत्या गरी फरार भए। एकजना बालकको अपहरणपछि हत्या भयो भने एक दुई वर्षीया बालिकाको हत्या प्रयासको घटना अभिलेख भयो।

इज्जतका नाममा हत्या

फेटा गाउँपालिका–६ की १४ वर्षीया जुबैदा खातुनले प्रेमसम्बन्ध राखेको भनी २०७५ फागुन १६ गते हत्या गरेको आरोपमा उनकी ४० वर्षीया आमा सबुरुन खातुन, सौतेनी आमा ४० वर्षीया मोनरवा खातुन विरुद्ध २०७५ फागुन १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता भयो। घटनालगत्तै फरार भएका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

अपहरणपश्चात हत्या

वीरगञ्ज मनपा–३ प्रगतिनगरका आठ वर्षीय बालक करण साहको अपहरणपछि हत्या गरेको आरोपमा प्रहरीले भारत घर बताउने वीरगञ्ज मनपा–३ प्रगतिनगरमा डेरा गरी बस्ने २१ वर्षीय विकास शर्मा, कलैया उपमहानगरपालिका–११ निवासी २२ वर्षीय सिकेन्द्र साह तेली र सोही वडाको खपरताता गाउँका २१ वर्षीय रामविनेश महतोलाई २०७६ जेठ १५ गते खोराही खोलाबाट गिरफ्तार गऱ्यो। जेठ १० गते घर अगाडि खेलिरहेको अवस्थामा अपहरित भएका बालकको शव जेठ १५ गते बिहान दुई बजे कलैया उपमहानगरपालिका–२५ खौराही खोलामा फेला परेको थियो। जेठ १० गते बेलुका ९:२७ बजे अपरिचित नम्बर बाट ३० लाख रुपियाँ फिरौती रकम माग गरेको भनी बेलुका १०:१५ बजेको समयमा करण साहको घर परिवारले जिल्ला प्रहरी कार्यालय, पर्सालाई जानकारी गराएको जिल्ला प्रहरी कार्यालयका एसपी रेवती ढकालले बताए। घटनास्थलको अनुसन्धानका क्रममा प्रहरीलाई भुक्याइ भाग्ने प्रयास गरेकाले विकाश शर्मा र सिकेन्द्र साह तेलीलाई गोली प्रहार गरी गिरफ्तार गरिएको एसपी ढकालले बताए। उनीहरूको उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा भयो। शवको पोष्टमार्टम कलैया अस्पतालमा जेठ १५ गते गरिएको प्रहरीले जनायो। पीडित पक्षले २०७६ जेठ ११ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिए। पर्सा जिल्ला अदालतको असार १० गतेको आदेशमा आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

हत्या प्रयास

दुई वर्षीया बालिकाको हत्या प्रयास गरेको आरोपमा महागढीमाइ नगरपालिका–१ सेमरा तेगछिया गाउँकी ४० वर्षीया कलावतीदेवी गिरीलाई जेठ

२४ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपित गिरीले जेठ २३ गते दिउँसो प्लाष्टिकको डोरीले दुवैहात बाँधेर मुख र गुप्ताङ्गमा कपडाका टुक्रा कोचेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जितसिंह राठौरले बताए । आरोपित गिरीले पीडित बालिकाको घरपरिवारसँग रहेको रिसइवी साँध्ने मनसायले हत्या प्रयास गरेको स्थानीयको आरोप छ । प्रहरीले ज्यान मार्ने उद्योगमा जेठ २४ गते मुद्दा दर्ता गरेको डिएसपी राठौरले बताए । पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ २४ गते कलैया अस्पतालमा भयो । आरोपित २०७६ असार १६ गते बारा जिल्ला अदालतको आदेशमा विरगंज कारागार चलान भएको श्रेस्तेदार कौशल ज्ञवालीले बताए । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७६ असार २० गते कलैया उमनपा–२५ का २२ वर्षीय जितलाल रामले बलात्कार गरेको आरोपमा पीडित परिवारले सोही दिन जिल्ला प्रहरी कार्यालय बारामा उजुरी दिए । पीडितको २०७६ असार २१ गते कलैया अस्पतालमा स्वास्थ्य परीक्षण भयो। बारा जिल्ला अदालतले ०७६ साउन २१ गते आरोपितलाई पाँच वर्ष कैदको फैसला सुनायो ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

बारामा यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ हजार भन्दा बढी महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा धम्की दिएको ४५, गालीगलौज १ सय २६, झुठो आरोप दुई, त्रास पूर्ण व्यवहार सात, घरबाट निकाला ७०, कुटपिट गरेको १ सय ७१, थुनामा राखेको दुई, शारीरिक चोट पुऱ्याउने काम गरेको ४७, जेठी पत्नीलाई वास्ता नगरेको १७, निजी सम्पतीको प्रयोग गर्न नदिएको २१, खानलाउन नदिएको १ सय ५४, विवाह दर्ता नगराइदिएको ८५, नागरिकता नबनाइदिएको १ सय ४, दाइजोका कारणबाट यातना दिएको १ र अन्य २ सय ६५ उजुरी छन् । यीमध्ये प्रहरीले ३ सय ४७ वटामा मिलापत्र गरायो । १ जनालाई जिल्ला अदालत पठायो । उजुरी कारबाही प्रक्रियामा ३ सय २३ वटा रहेका छन् । उजुरी दिएर सम्पर्कमा नआएका २ सय ३७ जना रहेका छन् । अन्य उजुरी २ सय ९ रहेका छन् ।

यस वर्ष बलात्कारका घटनामा तीन जना महिला पीडित भएको अभिलेख भयो । घटनाका दुई जना आरोपित पुर्पक्षका लागि थुनामा रहे भने एक आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे । बलात्कार प्रयासका घटनामा एक जना पीडित भएको अभिलेख भयो ।

दाइजोका कारण हत्या

महागढीमाई नपा–६ मझरीयाकी २१ वर्षीया किरणदेवी यादवको २०७५ कात्तिक ३० गते बिहान मृतकका पति राकेश यादव, सुसुरा शम्भु यादव, गजानन्द यादवले कुटपिट गरी हत्या गरेको आरोपमा पीडितका माइतीपक्षले २०७५ मङ्सिर १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । प्रहरीले आरोपितमध्ये राजियादेवी र गजानन्द यादवलाई २०७६ कात्तिक २२ गते गिरफ्तार गऱ्यो । उनीहरूलाई जिल्ला अदालतले सरकारी वकिलको जिम्मामा हाजिरी जमानीमा रिहा गऱ्यो । घटनाका अन्य आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। दाइजोमा कबुल गरेको सात लाख रुपियाँमध्ये र २ लाख रुपियाँ दिन बाँकी रहेको बेला घटना भएको पीडितका आफन्तले बताए ।

आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापन

सुवर्ण गाउँपालिका–६ धरमपुर गाउँका ३४ वर्षीय अवधेशप्रसाद यादव भनिने ओमप्रकाश यादव, उनको पत्नी २६ वर्षीया सुमित्रा देवी, पाँच वर्षीया छोरी अनु यादव, ४६ वर्षीया आमा विन्दा देवी अहिरीन, कान्छो भाइ २९ वर्षीय पप्पु यादव, भतिजो १२ वर्षीय रितीकरोशन यादव, आठ वर्षीय प्रशान्त यादव र १४ वर्षीया श्रुति यादवलाई स्थानीयले सामाजिक बहिष्कार गरेपछि गाउँबाट विस्थापित भए । वैशाख २२ गते राति आफू र आफ्ना परिवारका सदस्यहरू ज्यान जोगाउन गाउँबाट भागेर हिँडेको र हाल मकवानपुरको हेटौँडामा बसेको अवधेशप्रसाद यादवे बताए । बुबाको काजकिरिया सामाजिक परम्परा र धार्मिक रीतिरिवाज अनुसार नगरेको भन्दै गाउँका ११ जना अगुवाहरूले आफ्नो घरपरिवारलाई सामाजिक बहिष्कार पीडितले बताए ।

सोही ठाउँका स्थानीय ६५ वर्षीय विद्यानन्द यादव, ६३ वर्षीय उदयनारायण राउत, ७५ वर्षीय भरोसी राउत, ३२ वर्षीय गणेश यादव, २५ वर्षीय मुसी यादव, ५० वर्षीय वैद्यनाथ गिरी, ५५ वर्षीय श्री निवास बरै, ५५ वर्षीय रामअश्रे राउत र ४५ वर्षीय रामाधार राउत सहितका व्यक्तिहरूले गाउँमा सबै व्यक्तिलाई

भेला गराएर यादव परिवारलाई बहिष्कार गर्न उर्दी जारी गरेपछि उनीहरू घर छाड्न बाध्य भएको पीडितले बताए । अवधेशप्रसाद यादवका परिवारसँग बोल्ने वा कुनै किसिमको व्यवहार गरेमा ३० हजार रुपियाँ दण्ड गर्ने निर्णय गरेको स्थानीयले बताए । कामदारहरूलाई समेत पीडितको घर र खेतबारीमा काम गर्न रोक लगाए । पीडित यादवको घरमा ताल्चा लागेको छ भने चामल मिलसमेत बन्द रहेको छ । सुवर्ण गाउँपालिकाका अध्यक्ष महेन्द्र यादवले गाउँका मानिसहरूले सामाजिक बहिष्कार गर्नु गलत भएको बताउँदै आफूले घटनालाई गम्भीर रूपमा लिएको बताए । विस्थापित पुनर्स्थापित भएनन् ।

स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, ९४ ओटा स्वास्थ्य चौकी, पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन् । शहरी स्वास्थ्य केन्द्र १४ ओटा रहेका छन् । जिल्लामा ७७ डाक्टरको दरबन्दी रहेकामा ४३ जना कार्यरत छन् । त्यस्तै अहेवको ३ सय ३९ दरबन्दी रहेकामा ३ सय ३४ जना कार्यरत छन् ।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	२	६
यौन दुर्व्यवहार		१	५	६
जम्मा	१	४	७	१२

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप			१	१
बलात्कार	१		२	३
बलात्कार प्रयास			१	१
बहुविवाह		१	४	५
यौन दुर्व्यवहार			२	२
जम्मा	१	१	१०	१२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३	६

२.८ पर्सा



जम्मा जनसङ्ख्या	६,४८,३८१
महिला	३,१२,४५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,७२,५९५
कामका लागि बाहिरिएका	८,०५३
अपाङ्गता भएका	६,२१५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८०
आश्रित जनसङ्ख्या	२,८७,५७८

यो वर्ष पर्सा जिल्लामा राज्य पक्षबाट नौ जना पुरुष र अन्य पक्षबाट ६३ जना महिलासहित ६४ जना गरी ७३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा २६ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ३० जना महिला पीडित भए। सन् २०१९ मा राज्य पक्षबाट ६ जना पुरुषलाई कुटपिट र अन्य पक्षबाट ६ जना महिलाको हत्या भएको अभिलेख छ।

गोली/विष्फोटक पदार्थबाट घाइते

राज्यपक्षबाट

बीरगञ्ज महानगरपालिका–१६ का ३४ वर्षीय सन्तोष दास २०७६ भदौ १७ गते राति प्रहरीले चलाएको गोली लागेर घाइते भए । उनको दायाँ गोडामा गोली लागेको थियो । वडा प्रहरी कार्यालय श्रीपुरको टोलीले बीरगञ्ज महानगरपालिका–१६ राधेमाइमा नियमित चेकजाँच गर्ने क्रममा प्रहरीलाई नै हतियार देखाई गोली हान्न खोजेकाले नियन्त्रणमा लिन प्रहरीले गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी गौतम थापाले बताए । दासको साथबाट एउटा पेस्तोल र १७ राउण्ड गोली पनि बरामद गरिएको प्रहरीले जनायो । घाइते दासको उपचार प्रहरी निगरानीमा बीरगंजस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा भयो। जिल्ला अदालत पर्साले पुस २ गते दासलाई पुर्पक्षका लागि वीरगञ्ज कारागार चलानको आदेश दियो।

गिरफ्तार

यस वर्ष प्रतिबन्धित नेकपाका दुई जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका एक जना दुई महिना कैद भुक्तान गरी रिहा भए। अर्का एक जनालाई दुई महिना कैद भुक्तान गरी रिहा हुने क्रममा कारागार गेटबाट पुनः गिरफ्तार गरेकोमा जिल्ला प्रहरी कार्यालय पुऱ्याई सोही दिन रिहा गऱ्यो।

बारा जिल्ला जीतपुर सिमरा उपमहानगरपालिका–२ मुसर्नीमाइ बस्दै आएका ४५ वर्षीय भीम खनाल भनेर चिनिने चुडामणि खनाललाई सादा पोसाकका प्रहरीले प्रतिबन्धित नेकपाका कार्यकर्ता भएको आरोपमा २०७६ जेठ २५ गते वीरगञ्ज कारागार गेटबाट गिरफ्तार गऱ्यो । यसअघि फागुन

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	१	१		१
अपहरण					१	१
गिरफ्तार		३	३			
कुटपिट		६	६			
हत्या				६		६
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			५		५
	बालविवाह			३		३
	बलात्कार			१६		१६
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३६		३६
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			४		४
	कथित बोक्सीको आरोप			१		१
	बलात्कार			१५		१५
	बलात्कार प्रयास			३		३
	बहुविवाह			७		७
	घरेलु हिंसा			१		१
	जम्मा			३०		३०
कूल जम्मा		९	९	६३	१	६४

२५ गते घरबाटै गिरफ्तार भएका खनाललाई शान्ति सुरक्षा अन्तर्गत दुई महिनाको कैद सजाय भएको थियो। कैद भुक्तान गरेर कारागारबाट निस्किएका खनाललाई कारागार गेटबाटै पर्सा प्रहरीले गिरफ्तार गरेको थियो। पर्साका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईलेगिरफ्तारीकोपुष्टीगरे।खनाललाईसोहीदिनरिहा गरियो।

अपहरण

१४ वर्षीय बालकलाई काभ्रेको बनेपाबाट वीरगञ्जस्थित घर आउने क्रममा कात्तिक १० गते अपहरण गरेको आरोपमा प्रहरीले पोखरिया नपा–६ सानवारीका २० वर्षीय राजकुमार दासलाई २०७६ कात्तिक २० गते गिरफ्तार गऱ्यो । कात्तिक २० गते बिहान अपहरित बालकको बुबासँग फिरौती रकम लिएर भाग्न खोज्दा प्रहरीले गोली प्रहार गरी आरोपितलाई गिरफ्तार गरेको थियो । दाहिने गोडाको घुँडामुनिको भागमा गोली लागेको उनको बीरगञ्जको नारायाणी अस्पतालमा उपचार भयो । पीडित बालकले प्रयोग गर्ने मोबाइल प्रयोग गरेर आरो पितले फिरौतीका लागि १२ लाख रुपियाँ माग गरेका थिए । फिरौती रकम नदिए बालकको हत्या गर्ने सम्मको धम्की दिएको पीडितका बुबा अमजद खानले बताए। कात्तिक २० गते बिहान साढे १ बजे वीरगञ्ज मनपा–२५ सिर्सियाको खलबाटोलमा फिरौती रकम लिन आरोपित आएका थिए । उनले पेस्तोल देखाई पैसाको झोला लिएर भाग्न खोज्दा नियन्त्रणमा लिन प्रहरीले गोली हान्नु परेको जिल्ला प्रहरी कार्यालय, पर्साका एसपी सोमेन्द्रसिंह राठौरले जानकारी दिए। प्रहरीले आरोपितको साथबाट भारतीय नम्बर प्लेटको मोटरसाइकल, कटुवा पेस्तोल एक थान, त्यसमा लाग्ने चार ओटा गोली र मोबाइल एक थान बरामद गरेको जनायो। आरोपितलाई पर्सा जिल्ला अदालतले कात्तिक २३ गते पुर्पक्षका लागि बीरगंज कारागार चलान आदेश दियो । वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएन।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ हजार जनाको छ। कारागारमा ३ सय ११ पुरुष र २७ महिला कैदी तथा ९ सय ५१ पुरुष ७५ महिला थुनुवा गरी १ हजार ३ सय ६४ जना छन्। कारागारमा तीन जना बालक र एक जना बालिका आश्रित छन् । उनीहरू कारागारमै रहेको समता विद्यालयमा अध्ययन गर्छन् । कैदीबन्दीको सामान्य उपचारका लागि कारागारमा स्वास्थ्य चौकी र एक जना अहेवको २४ घण्टा सेवा उपलब्ध छ । जटिल तथा चिकित्सकीय सेवा चाहिने उपचार सरकारी अस्पतालमा हुने गर्दछ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत जनकपुरको अस्थायी इजलास बीरगञ्जमा ८ सय फौजदारी मुद्दा, १३ सय ८ देवानी मुद्दा, १ सय ७० रिट र बैंकिङ कसुरका ६० मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दाको सङ्ख्या १ हजार ७ सय १२ रहेकोमा १ हजार ५ सय १२ मुद्दा मात्र फैसला भयो। १८ महिना नाघेको मुद्दा सङ्ख्या आठ थान रहेका छन्। अस्थायी इजलास बीरगञ्जले गरेको मुद्दा फैसला दर्ता अनुपातमा ३९ प्रतिशत रहेको छ। मुद्दा र फैसलाको अनुपात हेर्दा फैसला लक्ष्य अनरुप देखिँदैन। आर्थिक वर्षको अन्तिमतिर लक्ष्य प्राप्तिको चाप बढ्ने भएकाले जेठ असारमा गएर मुद्दाको फैसला सङ्ख्या बढ्ने गरेको पाइन्छ । कार्यालयबाट माग भएको अभिलेख बेलैमा बुझाउने प्रक्रिया नभएकोले पनि मुद्दाको फैसलामा प्रभाव पर्ने गरेको छ। साक्षी बुझ्ने प्रक्रियामा रहेको ढिलासुस्ती पनि मुद्दा फैसलामा हुने ढिलाइको अर्को कारण हो।

जिल्ला अदालत

नौ जना न्यायाधीशको दरबन्दी रहेको पर्सा जिल्ला अदालतमा आठ जना न्यायाधीश कार्यरत छन्। यो वर्ष यस अदालतमा १ हजार ४ सय ४ फौजदारी मुद्दा दर्ता भएकोमा ४ सय ३३ फैसला भए ९ सय ७१ फैसला हुन बाँकी रहे। त्यस्तै देवानी मुद्दा ३ हजार ४२ दर्ता भएकोमा १ हजार २ सय २ फैसला भए १ हजार ८ सय ४० मुद्दा बाँकी रहे। अदालतमा २ वर्ष भन्दा माथिका फैजदारी मुद्दाको सङ्ख्या नौ रहेको छ भने देवानी मुद्दा सङ्ख्या २१ रहेको छ। यो वर्ष निषेधाज्ञा समबन्धी १ सय ८४ थान रिट परेकोमा १ सय ३१ किनारा लागे भने ५३ वटा बाँकी रहेका छन्।

पर्सा जिल्ला अदालतले गरेको मुद्दा फैसला दर्ता अनुपातमा ३८ प्रतिशत रहेको छ। मुद्दा र फैसलाको अनुपात हेर्दा फैसला लक्ष्य अनरुप देखिँदैन। आर्थिक वर्षको अन्तिमतिर लक्ष्य प्राप्तिको चाप बढ्ने भएकोले जेठ असारमा गएर मुद्दाको फैसला सङ्ख्या बढ्ने गरेको पाइन्छ। न्यायाधीश अभावमा मुद्दाको फैसला प्रभावित भएको देखिन्छ।

बाल अधिकार

शिक्षाको अवस्था

राज्यले माध्यामिक तहसम्मको शिक्षा निःशुल्क भने पनि बीरगंज महानगर भित्रका केही माविले शुल्क असुल्ने गरेका छन्। शिक्षक व्यवस्थापन, बिजुली बिल भुक्तानी, विविध शुल्क भन्ने शीर्षकमा शुल्क उठाउने गरिएको छ । शिक्षा महानगर तथा स्थानीय तहको मातहत आएपनि शिक्षालाई निःशुल्क बनाउन स्थानीय तहले प्रभावकारी भूमिका खेल्न सकेका छैनन्।

पर्सामा यस वर्ष बलात्कारका घटनामा १६ जना बालबालिका पीडित भएको अभिलेख भयो। घटनाका चार आरोपित पुर्पक्षका लागि थुनामा छन्। नौ जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे । एक आरोपितले दावी नपुगेको भन्दै सफाइ पाए। एक घटनामा अदालतले आरोपितलाई कैद सजाय तोक्यो। यसैगरी, यौन दुर्व्यवहारका घटनामा तीन जना बालिका पीडित भए । घटनाका एक जना आरोपित पुर्पक्षका लागि थुनामा छन् भने अर्का आरोपितले सफाइ पाए । पाँच जना बालिकालाई बेचबिखनका लागि भारततर्फ लैजाँदै गर्दा प्रहरीले उद्दार गऱ्यो । आरोपितलाई जिल्ला अदालतले एक वर्ष कैद र २५ हजार रुपियाँ जरिबाना गर्ने फैसला गऱ्यो । एसिड प्रहारको एक घटना अभिलेख भयो।

बलात्कार, यौन दुर्व्यवहार

एक बालिकालाई २०७५ माघ१२ गते बलात्कार गरेको आरोपमा बीरगञ्ज महनगरपालिका–१३ का २० वर्षीय अनिलकुमार महतोलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण सोही दिन नारायणी अस्पतालमा बीरगञ्जमा भयो। पीडित बालिकाको तर्फबाट उनका अभिभावकले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । पर्सा जिल्ला अदालतले फागुन १७ गते आरोपित महतोलाई पुर्पक्षका लागि बीरगञ्ज कारागार चलान गर्ने आदेश दियो। पर्सा जिल्ला अदालतले ०७६ पुस ९ गते महतोलाई दोषी ठहर गर्दै १६ वर्ष कैद र ४० हजार रुपियाँ भराउने फैसला सुनायो।

बेचबिखन तथा ओसारपसार प्रयास

१४ र १५ वर्षीया दुई बालिका तथा १८ वर्षीया एक किशोरीलाई बेच्न लागेको आरोप लागेका भारत बिहारको पूर्वी चम्पारण मोतीहारी उचिडिहका २९ वर्षीय सुरेन्द्र सहनी र २८ वर्षीया दुलारीदेवी दासलाई पर्सा प्रहरीले ०७५ चैत ११ गते बीरगञ्जको इनर्वाबाट गिरफ्तार गऱ्यो । बीरगञ्जबाट रक्सौलतर्फ लिएर जाँदै गर्दा उनीहरूलाई प्रहरीले गिरफ्तार

गरेको थियो । डान्सबारमा जागिर लगाइदिने प्रलो भनमा ती बालिकालाई भारत लैजाँदै गरेको अवस्थामा प्रहरीले सीमा क्षेत्रबाट उद्धार गरेको थियो । आरो पितद्वयलाई २०७५ वैशाख ८ गते पर्सा जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेकोमा भदौ ३१ गते दोषी ठहर गर्दै १ वर्ष कैद र २५ हजार रुपियाँ जरिबाना गर्ने फैसला सुनायो ।

एसिड प्रहार

बीरगञ्ज महानगरपालिका–३ छपकैयाकी १५ वर्षीया मुस्कान खातुनको अनुहार र शरीरमा तेजाब छर्केर घाइते बनाएको आरोपमा प्रहरीले सोही ठाउँका १६ वर्षीय बालकलाई भदौ २१ गते गिरफ्तार गऱ्यो। पीडित बालिकालाई आरोपित बालकले बीरगञ्जको गणेशमान चोकमा भदौ २० गते एसिड प्रहार गरेका थिए । एसिडका कारण बालिकाको अनुहार, छाती, हात र गोडा लगायतका शरीरका विभिन्न अङ्ग जलेको थियो । घाइते बालिकाको उपचार काठमाडौँको, कीर्तिपुरमा रहेको अस्पतालमा भयो । पर्सा जिल्ला अदालतले असोज २९ गते आरोपितलाई बालसुधार गृहमा राख्ने आदेश दियो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

तेजाब छ्यापेर घाइते बनाइएकी मुस्कान खातुन

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८ सय ५० वटा ठाडो निवेदन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा दर्ता भए। जसमा कुटपिट गरेको ३ सय ६०, खान लाउन नदिएको १ सय २०, मादक पदार्थ सेवन गरि कुटपिट गरेको २ सय ४३, बच्चाको जन्मदर्ता नबनाइदिएको ५१, विवाह दर्ता नगरेको ४३ र नागरिकता नबनाइदिएको भन्दै ३३ ओटा ठाडो उजुरी पऱ्यो । ३ सय १५ ओटा निवेदनमा महिला तथा बालबालिका सेवा केन्द्रमा मिलापत्र भयो । ३ सय ३५ ओटा निवेदनमा काम भइरहेको महिला सेलले जनायो । अन्य निवेदक सम्पर्कमा आएनन् । तराईको सामाजिक जनजीवनमा घरमा श्रीमानसँग झगडा भएपछि माइत गएर बस्ने चलन रहेको छ। माइत गएर बसेपछि माइतीले चेली घर नपठाउने र श्रीमान लिन नजाने कुराले इगो बढ्ने र अन्तत महिलाको तर्फबाट महिला तथा बालबालिका सेवा केन्द्रमा घर निकाला गरेको भन्दै उजुरी पर्ने गरेको पाइएको छ । सामाजमा लिन जाने र पुऱ्याउन जाने कुरालाई प्रतिष्ठासँग जोडेर हेर्ने प्रचलनका कारण उजुरी पर्ने गरेको अनुभव छ, महिला तथा बालबालिका सेवा केन्द्रमा कार्यरत हबलदार राजकुमारी थापाको ।

यस वर्ष बलात्कारका घटनामा १५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । घटनाका चार जना आरोपित पुर्पक्षका लागि थुनामा रहे । यस वर्षको अन्त्यसम्म आठ जना आरोपित फरार रहेको प्रहरीले जनायो । एक जना आरोपितले दावी नपुगेको भन्दै सफाइ पाए । एक जना धरौटीमा रिहा भए भने तीन जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय तोक्यो। केटा पक्षले माग गरेको ५० हजार रुपियाँ दाइजो घरपरिवारले बुझाउन नसक्ने अवस्था देखेपछि एक युवतीले आत्महत्या गरेको घटना इन्सेकमा अभिलेख भयो।

बेचबिखन तथा ओसारपसार

सीमावर्ती भारतीय बजार रक्सौलनजिक रहेको रामगढवाबाट ०७५ पुस २६ गते भारतीय प्रहरीले चार नेपाली युवतीको उद्धार गऱ्यो । उद्धार गरिएका युवतीहरूलाई सोही दिन माइती नेपालको जिम्मा लगाएर नेपाल ल्याइएको थियो । माइती नेपाल काठमाडौँको टोलीले दिएको सूचनाको आधारमा बीरगञ्ज शाखाबाट माइती नेपालको टोली दुई दिनअघि रक्सौल पुगेको थियो। भारतीय प्रहरीको सहयोगमा रामगढवामा रहेको भुलन पासवानले सञ्चालन गर्ने आर्केष्टाबाट चार जना नेपाली युवतीको उद्धार गरिएको माइती नेपाल, बीरगञ्ज शाखाले जनायो। नेपाली युवतीलाई उद्धार गरी भारतीय प्रहरीले माइती नेपाल बीरगञ्जलाई लिखित कागज गरी सुम्पिएको थियो । काठमाडौँबाट बेपत्ता भएकी कृषा लामालाई खोज्ने क्रममा रामगढवा स्थित आर्केष्ट्रामा छापा मारिएको थियो । छापा मार्ने क्रममा लामासहित अन्य तीन जना नेपाली युवती एउटै कोठामा फेला परेका थिए । उद्धार गरिएकामा सुनसरी धरान उमनपा–११ की १६ वर्षीया बालिका र मोरङ विराटनगर मनपा ट्राफिक चोकका १५ वर्षीया बालिका रहेका छन् ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया महिलालाई बलात्कार गरेको

भन्दै बीरगञ्ज महानगरपालिका–३१ का २३ वर्षीय फैजुररहमान अन्सारी विरुद्ध पीडितले २०७५ माघ २७ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिइन् । आरोपितलाई प्रहीले माघ २७ गते गिरफ्तार गऱ्यो । आरोपित अन्सारीले बलात्कार गरेको भिडियो बनाएर धम्क्याउदै माघ ४ गतेदेखि माघ २७ गतेसम्म पटक पटक बलात्कार गरेको उजुरीमा उल्लेख छ। पीडितको स्वास्थ्य परीक्षण माघ २७ गते बीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पतालमा भएको प्रहरीले जनायो। जिल्ला अदालतले फागुन ८ गते आरोपित अन्सारीलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकोमा अदालतले घटनामा दोषी ठहर गर्दै ७ वर्ष कैद र २ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

दाइजोको कारण हत्या

बीरगञ्ज महानगरपालिका–२० घर भई बीरगञ्ज महानगरपालिका–११ हरपतगञ्ज बस्ने ३६ वर्षीया सुनीता यादवलाई नारायणी अस्पतालमा कार्यरत पति ४० वर्षीय डा.सचितानन्द यादवले कुटपिट गरि घाइते बनाएकोमा काठमाडौँस्थित त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा उपचारको क्रममा चैत १५ गते मृत्यु भयो। शवको चैत १५ गते त्रिविवि शिक्षण अस्पतालमा पोष्टमार्टम भएको प्रहरीले जनायो। सुनीतालाई चैत ८ गते पति डा. सचितानन्दले कुटपिट गरी घाइते बनाएको भन्दै पीडित पक्षले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। मृतक सुनीता यादव डाक्टर यादवकी जेठी पत्नी हुन् । वीरगन्ज महानगरपालिका–२० हरपतगञ्जमा रहेकी सुनितालाई दाइजो कम ल्याएको निहुँमा गएको चैत ६ गते राती डाक्टर यादव र उनका परिवारका सदस्यले निर्घात कुटपिट गरेको माइतीपक्षले दावी गर्दै प्रहरीमा जाहेरी दिएका थिए । पीडित पक्षको उजुरीको आधारमा आरोपितलाई चैत ११ गते गिरफ्तार गरेकोमा पर्सा जिल्ला अदालतले डा.यादवलाई ०७६ वैशाख ९ गते पुर्पक्षका लागि बीरगंज कारागार चलान गर्ने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

बाराको कलैया उमनपा–२६ सिसुवा महेशपुर घर भई वीरगंज मनपा–१२ नयाँ टोल बस्ने २२ वर्षीया जरिना खातुन र दुई वर्षीया सोहना खातुन (आमाछोरी) को शव मङ्सिर २३ गते साँझ कोठाभित्रै सडेको अवस्थामा फेला पऱ्यो । नयाँ टोल निवासी मोहन झाको घरमा डेरामा बस्दै आएका आमाछोरीको शव सडेको अवस्थामा फेला परेको थियो । घरमा धेरै दुर्गन्ध फैलिएपछि घरबेटी झाले प्रहरीलाई खबर गरेका थिए । वडा प्रहरी कार्यालय श्रीपुरका इन्स्पेक्टर चक्रबहादुर मल्लको टोलीले ढोकाको ताला फुटाएर हेर्दा आमाछोरीको शव सडेको अवस्थामा फेला परे को थियो । मुचुल्का उठाएर शवको पोष्टमार्टम नारायणी अस्पतालमा गराएको प्रहरीले जनायो। घटनामा पीडित पति पवन साहको हात रहेको प्रहरी उपरीक्षक सोमेन्द्रसिंहराठौरलेबताए।आरोपितसाहफरारहेकाछन्। अन्तरजातीय विवाहका कारण आएको समस्याले हत्यासम्मको घटना हुन पुगेको प्रहरीले आशंका गरेको छ।

कथित बोक्सीको आरोप

बीरगंज महानगरपालिका–९ घण्टाघर की २८ वर्षीया गुडियादेवीलाई बोक्सी आरोप लगाएर अमानवीय व्यवहार गरेको आरोपमा प्रहरीले बीरगंज महानगरपालिका–९ घण्टाघरका ४८ वर्षीय अवधकिशोर साहलाई ०७६ असोज ६ गते गिरफ्तार गऱ्यो। सगोलका परिवारमा अंश मुद्दा परेपछि साहले आफूलाई बोक्सी आरोप लगाएर अमानवीय ब्यवहार गरेको भन्दै पीडितले पुस १८ गते जिल्ला प्रहरी कार्यालय, पर्सामा उजुरी दिएकी थिइन् । पर्सा जिल्ला अदालतले साहलाई ०७६ कात्तिक १ गते ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति

एभिन्यूज टेलिभिजनको वीरगञ्ज कार्यालयमा नकावधारी समूहले वैशाख ३० गते तोडफोड गऱ्यो । मुखमा कालोपट्टी बाँधेर आएका व्यक्तिहरूले कार्यालयमा तोडफोड गरेको जिल्ला प्रहरी कार्यालय पर्साका एसपी रेवती ढकालले जानकारी दिए । तोडफोडबाट कार्यालयको बोर्ड, ढोका तथा भ्यालका सिसाहरू फुट्नुका साथै क्यामेरापर्सन जाकिर हुसेनको क्यामेरामा समेत क्षति पुगेको एसपी ढकालले जानकारी दिए । समाजवादी पार्टी नेपालका पर्साका कार्यकर्ता तथा वीरगंज महानगरपालिका–१३ का वडा अध्यक्ष तुफान अन्सारी, विद्यार्थी नेता निखिल वरनवाल सहितका व्यक्तिहरूले कार्यालयमा तोडफोड गरेको एभिन्युज खबरका पर्सा संवाददाता हरिशंकर शर्माले बताए। प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद

भट्टराई, जिल्ला प्रहरी कार्यालयका एसपी ढकाल लगायतले घटनास्थलको निरीक्षण गरेका थिए । एभिन्यूज टेलिभिजनको सकस राजनीति कार्यक्रमका अतिथि उपप्रधानमन्त्री उपेन्द्र यादवलाई कार्यक्रम सञ्चालक सुशील पाण्डेले गरेको व्यवहारको विरोधमा तोडफोड गरेको हुनसक्ने एभिन्यूजका केन्द्रीय ब्यूरो प्रमुख राजु श्रेष्ठले बताए । पीडित पक्षले वैशाख ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । वडा १३ का वडाअध्यक्ष अंसारीले माफी मागेपछि दुबै पक्षबीच सहमति भयो ।

स्वास्थ्य सेवाको अवस्था

पर्साका स्वास्थ्य चौकीहरूमा पनि यस वर्ष औषधिको आपूर्ति नियमित हुन सकेन । नागरिकलाई आधारभूत स्वास्थ्य सेवा दिने भनेर संवैधानिक सुनिश्चितता गरेको भए पनि त्यसको कार्यान्वयन पक्ष भने फितलो देखियो । स्वास्थ्य चौकीमा राज्यले ३९ प्रकारका औषधि उपलब्ध हुने भनिए पनि कुनै पनि स्वास्थ्य चौकीमा ३९ किसिमका औषधि उपलब्ध भएनन् । औषधिको मात्रै होइन जनशक्तिको आपूर्ति पनि समस्याका रूपमा रह्यो । कतिपय स्वास्थ्य संस्थामा एक्सरे मेशिन छन् तर प्राविधिक नभएकै कारण सञ्चालन भएका छैनन् ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			२		२
बालविवाह				२	२
बलात्कार	१	७	१	७	१६
यौन दुर्व्यवहार	१	१		१	३
जम्मा	२	८	३	१०	२३

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			२	१	३
कथित बोक्सीको आरोप				१	१
बलात्कार	२	५	२	६	१५
बलात्कार प्रयास		२			२
बहुविवाह	४			३	७
घरेलु हिंसा				१	१
जम्मा	६	७	४	१२	२९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

बागमती प्रदेश

- क्षेत्रफल : २०,३०० वर्ग कि.मि.
- जनसङ्ख्या : ५५,२५,४५२
- साक्षरता प्रतिशत : ६८.४६
- जिल्ला : १३
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३३
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६६
- महानगरपालिका : ३
- उप-महानगरपालिका : १
- नगरपालिका : ४१
- गाउँपालिका : ७४
- कूल वडा सङ्ख्या : १,१२१

बागमती प्रदेश परिचय ३

बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेशको खरको छानो मुक्त महानगर, विद्युतीय सवारीमा प्रोत्साहन, एक विद्यालय एक नर्स, मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण, स्थानीय तहमा कानुनी सहजकर्ता, एकीकृत बस्ती विकास कार्यक्रमलाई मुख्य प्राथमिकता दिइएको छ । कृषि उत्पादनलाई उब्जनी स्थलदेखि बजारसम्म पुऱ्याउन पहुँच स्थापित गर्ने नीति लिएको छ । किसानलाई ध्यानमा राखेर कृषि सडक निर्माण कार्यलाई प्राथमिकता दिने सरकारको योजना छ । प्रदेश ३ सरकारले प्रमुख सहरबाट पेट्रोलियम पदार्थले चल्ने सवारी विस्थापन गर्ने नीति लिएको छ । प्रदेश सरकारले एकीकृत बस्ती कार्यक्रमलाई उच्च प्राथमिकता दिएको छ । महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकासँग सहकार्य गरेर स्वच्छ खानेपानी सेवा उपलब्ध गराउने लगायतका कार्यक्रम तय गरेको छ ।

सन् २०१९ र मानव अधिकार अवस्था

सन् २०१९ मा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ हजार ४ सय ९४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तारका घटनामा १ सय ६८ जना, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारमा १२ जना, जातीय विभेदका घटनामा २१ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ७ सय ४७ जना, यातनाका घटनामा सात जना, बाल अधिकार उल्लङ्घनका घटनामा ३ सय ७६ जना पीडित भएको अभिलेख भयो ।

सन् २०१९ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



३.१ दोलखा

जम्मा जनसङ्ख्या	१,८०,०३२
महिला	८२,३०२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४८,०६४
कामका लागि बाहिरिएका	१०,१२१
अपाङ्गता भएका	५,५८७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.४१
आश्रित जनसङ्ख्या	८६,७७२

यस वर्ष दोलखा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १९ जना महिला र एक जना पुरुष सहित २० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अमानवीय व्यवहारको घटनामा एक पुरुष पीडित भएको अभिलेख भयो। बलात्कारका घटनामा अपाङ्गता भएकी एक ज्येष्ठ नागरिकसहित तीन जना पीडित भए। यस्तै बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका पीडित भए।

कारागार र बन्दी

श्रेणीविहीन दोलखा जिल्ला कारागार १७ जना क्षमताको महिला बन्दीगृह हो। पुरुष बन्दीगृह निर्माणाधीन छ। महिला बन्दीगृहमा ७८ जना कैदी र २५ जना थुनुवा गरी १ सय ३ जना पुरुष रहेका छन्। यस कारागारमा ६५ वर्षमाथिका एक जना पुरुष छन्। कारागारमा क्षमता भन्दा झण्डै ६ गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। बन्दीहरू खाट मुनी, बरण्डा र प्यासेजमा कोचाकोच गरेर सुत्छन्। यसवर्ष कारागारमा रहेका दुई जना कैदीले आत्महत्या गरेको निमित्त कारागार प्रमुख शेषराज गोलेले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीश कार्यरत छन्। यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ७ मध्ये १ सय १५ थान फैसला भए भने देवानी मुद्दातर्फ ४ सय २५ मध्ये २ सय ३१ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा बाँकी छैनन्। दरबन्दी अनुसारका कर्मचारी पदपूर्ति नहुनु, करारमा नियुक्त गरिने कर्मचारी सक्षम नहुनु, भौगोलिक विकटता, कतिपय कानुनी अस्पष्टता, पर्याप्त भौतिक श्रोतको अभाव, समयमा साक्षी नबोलाउने र न्यायाधीशमा कार्यबोझ जस्ता कारणले न्याय सम्पादनमा ढिलाइ हुनसक्ने नेपाल बार, दोलखा इकाइका अध्यक्ष सरोज उप्रेतीले बताए। दुईजना न्यायाधीश दरबन्दी रहेको यस जिल्लामा एकजना न्यायाधीशको दरबन्दी कटौतीले न्याय सम्पादनमा ढिलाइ भएको उप्रेतीको भनाइ छ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार					१	१
जेलमा मृत्यु		२	२			
हत्या				१		१
बाल अधिकार	बलात्कार			९		९
	यौन दुर्व्यवहार			५		५
	जम्मा			१४		१४
महिला अधिकार	कथित बोक्सीको आरोप			१		१
	बलात्कार			३		३
	जम्मा			४		४
कूल जम्मा		२	२	१९	१	२०

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष सामुदायिकतर्फ ४ हजार ७ सय ५ बालक र ४ हजार ७ सय ७८ बालिका विद्यालय भर्ना भए । जिल्लामा रहेका सबै सामुदायिक विद्यालयमा सरकारले निर्धारण गरेको र तोकेको मापदण्ड अनुसार निःशुल्क शिक्षालाई कायम राखिएको शिक्षा विकास तथा समन्वय इकाइ दोलखाका प्रमुख शङ्करबाबु श्रेष्ठले बताए। जिल्लामा रहेको शहीद स्मृति आवासीय माध्यमिक विद्यालयमा २ सय ३१ जना शहीद, द्वन्द्वपीडित, दलित, अल्पसङ्ख्यक, भूकम्पपीडित र सीमान्तकृत समुदायका बालबालिका अध्ययन गरिरहेको श्रेष्ठले बताए । उनीहरूका लागि सरकारी श्रोतबाट खाने बस्ने औषधि उपचार, पुस्तकसमेत निःशुल्क रहेको सो विद्यालयका प्रधानाध्यापक प्रकाश दाहालले बताए ।

यस वर्ष दोलखा जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा एक ६ वर्षीया बालिका समेत नौ जना बालिका बलात्कार का घटनामा पीडित भए । बलात्कार घटनाका ११ जना आरोपितहरू मध्ये आठ जना यो वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहे । यौन दुर्व्यवहारको घटनामा पाँचजना बालिकाहरू पीडित भए । यौन दुर्व्यवहार घटनाका १३ जना आरोपितहरू मध्ये दुई जना यो वर्षको अन्तसम्म पुर्पक्षका लागि थुनामा रहे भने एकजनालाई कैद, जरिबाना तथा क्षतिपूर्ति फैसला भयो । सात जना धरौटीमा रिहा भए । अर्का एक जनालाई दोलखा जिल्ला अदालतले सफाइ दियो, भने दुई जना यो वर्षको अन्त्यसम्म फरार रहे ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ३२ महिलाले महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १५, खान/लाउन नदिएको नौ, विवाह दर्ता र नागरिकता नबनाएको पाँच, बहुविवाह गरेर हेला गरेको पाँच र सामान्य घरायसी झगडाका ५८ उजुरी छन् । यीमध्ये ५२ ओटामा मिलापत्र भए भने ४५ उजुरी कारबाही प्रक्रियामा छन् । घरबाट निकाला गरिएका भनिएको १५ जना मध्ये तीनजना महिला प्रहरीमा मेलमिलाप भई घर फर्केका छन् ।

सन् २०१९ मा दोलखा जिल्लामा महिला अधिकार उल्लङ्घनका घटनामा अपाङ्गता भएकी एक ज्येष्ठ नागरिक महिला सहित तीन जना महिला पीडित भएको अभिलेख भयो । अपाङ्गता भएकी ज्येष्ठ नागरिकलाई बलात्कार आरोप लागेका आरोपितलाई दोलखा जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठाएकोमा यो वर्षको अन्तसम्म मुद्दाको टुङ्गो लागेन। बलात्कार प्रयास घटनाका आरोपितलाई दोलखा जिल्ला अदालतले सफाइ दियो । बलात्कार घटनाका अर्का दुई आरोपितमध्ये एक पुर्पक्षका लागि थुनामा छन्। एक आरोपित बालकलाई जिल्ला अदालतले बाल सुधारगृहमा राख्ने आदेश गऱ्यो ।

कथित बोक्सीको आरोप

दोलखा जिल्लामा यो वर्ष कथित बोक्सीको आरोप लगाई अमानवीय व्यवहार गरेको भन्दै प्रहरीले पाँच जनालाई गिरफ्तार गऱ्यो । गिरफ्तार गरिएका पाँच जनामध्ये एक जनालाई पुर्पक्षका लागि थुनामा पठाएकोमा वर्षको अन्तसम्म मुद्दाको टुङ्गो लागेन। जिल्ला अदालतले अन्य तीनजनालाई धरौटीमा रिहा गर्ने र एक जनालाई साधारण तारेखमा रिहा गर्ने आदेश दिएको थियो ।

स्वास्थ्य सेवाको अवस्था

स्वास्थ्य बिमा कार्यक्रम जिल्लामा सुरु भएको छैन। कतिपय स्थानीय तहले ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण टोल तथा घरमै पुगेर गर्ने गरेका छन्। नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने औषधी पर्याप्त मात्रामा उपलब्ध हुन सकेन।

दोलखा जिल्लामा एक जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ५४ स्वास्थ्य चौकी रहेका छन्। जिल्ला अस्पतालमा दुई जना डाक्टरको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्रमा तीन जना डाक्टरको दरबन्दी रहेकामा एकजना रहेको र दुई जनाको पद रिक्त रहेको, जिल्लामा १ सय ८ अहेवको दरबन्दी रहेकामा ५४ जना कार्यरत रहेको र बाँकी पद रिक्त रहेको स्वास्थ्य कार्यालयले जनायो।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	८	९
यौन दुर्व्यवहार	१	४	५
जम्मा	२	१२	१४

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप	१	१
बलात्कार	३	३
जम्मा	४	४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

३.२ सिन्धुपाल्चोक

जम्मा जनसङ्ख्या	२,८०,५६०
महिला	१,४७,७२३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७२,६१३
कामका लागि बाहिरिएका	१५,७१२
अपाङ्गता भएका	६,६०८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.८५
आश्रित जनसङ्ख्या	१,२२,७८५

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६२ जना महिला र आठ जना पुरुष सहित ७० जना, राज्यपक्षबाट १० पुरुष र २५ महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार घटनामा ३१ जना पीडित भए । यस्तै महिला अधिकारका घटनामा २५ जना पीडित भए।

गिरफ्तार

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा प्रतिबन्धित नेकपाका १९ जना नेता/कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो।

प्रतिबन्धित नेकपाका जिल्ला सदस्य ३८ वर्षीय रञ्जित भन्ने इन्द्रबहादुर ठकुरी, सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे नपा- ८ का २३ वर्षीय सौगात भन्ने रेशम पौड्याल र काभ्रे जिल्ला भूम्लु १ सापीङका २४ वर्षीय रतनभन्ने अजय श्रेष्ठलाई प्रहरीले ०७५ फागुन १८ गते सागाचोकगढी नपा-१० स्थित कार्कीटारबाट गिरफ्तार गऱ्यो । उनीहरूलाई जिल्ला अदालतले चैत १३ गते धरौटीमा रिहा गऱ्यो । रिहा भएलगत्तै प्रहरीले अदालत परिसरबाटै उनीहरूलाई पुनः गिरफ्तार गऱ्यो । उनीहरूलाई प्रहरीले सोही दिन काभ्रे पठायो। यो वर्षको अन्त्यसम्म तीनै जना काभ्रे प्रहरीको हिरासतमा रहे।

झडपमा घाइते

बर्दिया जिल्ला बारबर्दिया नपा-९ स्थायी घरभई मेलम्ची खानेपानी कार्यालयको सुपरभाइजर पदमा कार्यरत ३२ वर्षीय सन्तोष चौधरी र मेलम्ची नपा-९ स्थित ज्यामीरेका ३० वर्षीय बालमुकुन्द अधिकारी ०७६ भदौ १९ गते हेलम्बु गाउँपालिका-१ स्थित अम्बाथानमा खानेपानी आयोजनाले मजदुर लाई ज्याला नदिएको भन्दै भएको आन्दोलनका क्रममा प्रहरीको गोली लागी घाइते भए । ज्याला नपाएको भन्दै मजदूरहरूले ०७६ भदौ १८ गते देखि आन्दोलन गरेका थिए । प्रहरीका अनुसार घाइत मध्ये सन्तोष चौधरीको उपचार भदौ १९ गते काठमाडौँस्थित सिभिल अस्पताल बानेश्वरमा भयो भने बालमुकुन्द अधिकारीको उपचार प्राथमिक स्वास्थ्य केन्द्र मेलम्चीमा भयो। पीडित मजदूरहरूले आफूले पाउने

पारिश्रमिक पाउनुपर्ने माग राखेर आन्दोलन गरेको सङ्घर्ष समितिका संयोजक बिष्णुमणी आचार्यले बताए । आन्दोलनकारीहरूले खानेपानी आयो जनाको मोटरहरूमा ढुङ्गामुढा गरे पछि प्रहरीले अश्रुग्यास र रबरको गोली समेत प्रहार गरेको इलाका प्रहरी कार्यालय, मेलम्चीका इन्स्पेक्टर महेन्द्र दर्नालले बताए । आन्दोलनकारी र सरकारबीच भदौ २९ गते आन्दोलनकारीहरूको माग सम्बोधन गर्ने सहमतिमा आन्दोलन स्थगित भयो ।

यातना

प्रतिबन्धित नेकपाका कार्यकर्ता भोजपुर जिल्ला धारापानी गाउँपालिका–५ की १७ वर्षीया मनिषा श्रेष्ठ, भोजपुर जिल्ला हतुवागढी गाउँपालिका–९ की १६ वर्षीया सुस्मिता केसी, मकवानपुर जिल्ला राक्सीराङ गाउँपालिका–२ की ३२ वर्षीया कल्पना रुम्बा र जाजरकोट जिल्ला छेडागाड नपा–९ घर भई काठमाडौँ महानगरपालिका टेकु बस्ने १८ वर्षीया रमिता अधिकारीलाई २०७५ फागुन १८ गते प्रहरीले चौतारा सागाचोकगढी नगरपालिका–१० स्थित कार्कीटारबाट गिरफ्तारगर्‍यो । गिरफ्तारपछि उनीह(रूलाई जिल्ला प्रहरी कार्यालयको महिला हिरासत कक्षमा राख्यो । प्रहरीले हिरासत कक्षमा कुटपिट गरी यातना दिएको भन्दै सूचनाका आधारमा फागुन २१ गते हिरासत कक्षको अनुगमन गर्न जाँदा इन्सेक जिल्ला प्रतिनिधिसँग उनीहरूले प्रहरीले दिएको यातनाको चोट देखाए । फागुन १९ गते राति प्रहरीहरू आएर डण्डीले कुटपिट गरेको उनीहरूले बताए । उनीहरूको पैताला र पिँडुलामा चोट थियो । हिरासतमा यातना दिएको घटना बारे जिल्ला प्रहरी कार्यालयका एसपी मुकुन्द मरासिनीले अनभिज्ञता प्रकट गरे । उनले हिरासतमा राखिएकाहरूलाई यातना दिन आदेश नदिएको समेत बताए । जिल्ला प्रहरी कार्यालयले अनुसन्धानको लागि म्याद थप गर्न फागुन २० गते जिल्ला अदालत पेश गरेकोमा अदालतले यातनाबाट घाइते भएकाहरूलाई उपचारको व्यवस्था मिलाउन जिल्ला प्रहरी कार्यालयलाई आदेश दियो । जिल्ला प्रहरी कार्यालयले फागुन २० गते चौतारा अस्पतालमा उनीहरूको उपचार गरायो । उनीहरूलाई जिल्ला अदालतले चैत १३ गते रिहा गर्ने आदेश दियो ।

मेलम्ची नपा–४ स्थित थकनी घरभई इलाका प्रहरी कार्यालय मेलम्चीको हिरासत कक्षमा रहेकी २८ वर्षीया अस्मिता तामाङलाई पुरुष प्रहरीले कुटपिट गरी यातना दिएको भन्दै २०७६ भदौ १७ गते इन्सेक जिल्ला प्रतिनिधिलाई प्रहरी हिरासत कक्ष अनुगमनको क्रममा पीडितले बताइन् । हत्या अभियोगमा ०७६ भदौ ९ गते गिरफ्तारी भएकी अस्मिता तामाङलाई भदौ ९ गते राति ९ बजे हिरासत कक्षबाट अर्को कोठामा लगेर पुरुष प्रहरीले पाइप र लात्तीले देब्रे गोडाको तिघ्रामा नीलडाम हुनेगरी कुटपिट गरेको

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			२	२			
अपहरण					१		१
जातीय विभेद					१	३	४
गिरफ्तार		४	३३	३६			
यातना		६	१	७			
कुटपिट						१	१
हत्या					४	४	८
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				४		४
	बालविवाह				१		१
	बलात्कार				१७		१७
	विद्यालयमा शारीरिक सजाय				१		१
	यौन दुर्व्यवहार				८		८
	जम्मा				३१		३१
महिला अधिकार	कथित बोक्सीको आरोप				२		२
	बलात्कार				६		६
	बलात्कार प्रयास				४		४
	बहुविवाह				१०		१०
	बेचबिखन तथा ओसारपसार				१		१
	घरेलु हिंसा				१		१
	यौन दुर्व्यवहार				१		१
	जम्मा				३५		३५
कूल जम्मा		१०	३५	३५	६३	८	७०

पीडितले बताइन् । प्रहरी यातनाबाट पीडित भएकी अस्मितालाई दोस्रो पटक म्याद थप गर्न जिल्ला अदालत लैजाँदा आफूलाई कुटपिट भएको कुरा जिल्ला न्यायाधीशसँग गुनासो गरेपछि भदौ १५ गते जिल्ला न्यायाधीशको आदेशले चौतारा अस्पतालमा जाँच गराएको पीडितले बताइन् । आफ्नो कार्यालयको हिरासत कक्षमा कोही कसैलाई यातना नदिएको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर महेन्द्र दर्नाललले बताएको भए पनि कुटपिटमा संलग्न भएको भन्दै इलाका प्रहरी कार्यालय, मेलम्चीका इन्स्पेक्टर महेन्द्र दर्नाललाई विभागीय कारबाहीका लागि सचेत पत्र दिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी माधव काफ्लेले बताए।

कारागार र बन्दी

'घ' श्रेणीको सिन्धुपाल्चोक जिल्ला कारागारमा ८४ जना कैदी र ३६ थुनुवा गरी १ सय २० जना पुरुष छन्। कारागारमा महिला कैदीबन्दी छैनन्। आश्रित बालिका र ६१ वर्ष भन्दा माथिका नागरिकहरू पनि छैनन्। कैदीबन्दीलाई स्वास्थ्य उपचारका लागि चौतारा अस्पतालमा लगिन्छ। कारागार भित्र खानेपानी र शौचालयको राम्रो प्रबन्ध रहेको कारागारका नाइके रमेश लामाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ६७ मध्ये ४९ थान फैसला भए। देवानी मुद्दातर्फ २ सय ६७ मध्ये १ सय ११ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा बाँकी नरहेको जिल्ला अदालतका स्रेस्तेदार लेखनाथ पौडेलले बताए। जिल्ला अदालतमा सरुवा भएर आउने कर्मचारी समयमा नआउनाले मुद्दा किनारा लगाउने प्रक्रियामा प्रभाव परेको नेपाल बार इकाइका अध्यक्ष भेषराम ढकालले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

सिन्धुपाल्चोक जिल्लामा ३ सय ४४ आधारभूत र १ सय ५१ माविं छन्। सामुदायिक विद्यालयतर्फ ९ सय ९५, प्रारम्भिक बाल विकास केन्द्र ३ सय ५१ छन्। संस्थागत विद्यालयतर्फ २७ आधारभूत र १२ माविं छन्। यस वर्ष सामुदायिकतर्फ ४२ हजार ६ सय ८ बालक र ४६ हजार ५ सय ३१ बालिका भर्ना भए। द्वन्द्व पीडित छात्रवृत्ति ३२ जनाले ३ लाख ५६ हजार रुपियाँ पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख कृष्ण सुवेदीले बताए। उनका अनुसार दलित, अपाङ्गलगायतलाई भने उच्च तहसम्म निःशुल्क भएको छ।

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा बाल अधिकार उलङ्घनका घटनामा ३१ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कारको घटनामा १७ जना बालिका पीडित भए भने २३ जना घटनाका आरोपित रहे । २३ जनामध्ये १० जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि कारागार पठायो भने चार जनालाई धरौटीमा रिहा गऱ्यो । यसैगरी अदालतले दुई जना आरोपितलाई उमेर पुगेपछि जेल सजाय हुने फैसला भयो भने एक जनालाई भक्तपुर सुधार गृह पठायो । पाँच जना आरोपित यो वर्षको अन्तसम्म फरार रहे। एक जनालाई अनुसन्धानको लागि प्रहरी हिरासतमै राखियो । यसै गरी यौन दुर्व्यवहारका घटनामा आठ जना बालिका पीडित भएको अभिलेख इन्सेकसँग रहेको छ । यौन दुर्व्यवहारका चार जना आरोपितलाई पुर्पक्षका लागि थुनामा छन्भने तीन जना धरौटीमा छुटे । एक जना बालकलाई अदालतले बालसुधार गृहमा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई २०७६ साउन १५ गते बलात्कार गरेको आरोपमा १२ वर्षीय बालकविरूद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यलयमा साउन २७ गते उजुरी दियो। आरोपित बालकलाई साउन २८ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण साउन २७ गते बाह्रबीसे प्राथमिक स्वास्थ्य केन्द्रमा भयो । आरोपितलाई जिल्ला अदालतले भदौ ५ गते अभिभावकको जिम्मा लगाएर पठाएकोमा कात्तिक २४ गते जिल्ला न्यायाधीश टिकाराम आर्चायको इजलासले उमेर पुगेपछि ६ महिना जेलको सजाय र २५ हजार रुपियाँ जरिबाना गरेको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । बेवास्ता गरेका ३०, कुटपिट गरी फैंफगडा गरेका ४२, गालीगलौज गरेका ३२ ओटा उजुरी दर्ता भए । यीमध्ये प्रहरीले ८४ ओटामा मिलापत्र गरायो भने २० उजुरी कारबाही प्रक्रियामा छन्। सेवा केन्द्रमा छलफलद्वारा गरिएको मेलमिलापले दुवै पक्षलाई न्याय भएको महसुस गराउन प्रयास भएको तर सेवा केन्द्र आफैंले दबाब दिएर मिलापत्र नगराएको जिल्ला प्रहरी

कार्यालयका डिएसपी माधव काफ्लेले बताए

सन् २०१९ मा सिन्धुपाल्चोक जिल्लामा बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयासका घटनामा चार जना र बहुविवाहका घटनामा १० जना महिला गरी २५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका पाँचजना आरोपित पुर्पक्षका लागि थुनामा, एक जनालाई साधारण तारेखमा छोड्यो। अदालतले दुई जनालाई सफाइ दियो। यस्तै बलात्कार प्रयास घटनाका एक जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने तीन जना धरौटीमा रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना तथा सम्पति क्षति

सिन्धुपाल्चोक जिल्लामा यस वर्ष एनसेल टावर र वडा कार्यालयमा आगजनी भयो। एनसेल टावरमा भएको आगजनीको प्रतिबन्धित नेकपाले जिम्मेवारी लियो भने वडा कार्यालयमा आगजनी गर्ने अज्ञात पक्षको यो वर्षको अन्तसम्म पहिचान भएन।

स्वास्थ्य सेवाको अवस्था

सिन्धुपाल्चोक जिल्लामा जिल्ला अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र तीन र स्वास्थ्य चौकी ७९ छन्। जिल्लामा डाक्टरको दरबन्दी सङ्ख्या ६ जना रहेकोमा पाँच जना कार्यरत छन्। करारमा १४ जना डाक्टर कार्यरत रहेका छन्। जनसङ्ख्याको आधार मा स्वास्थ्य संस्था भए पनि त्यसमा मानवीय स्रोत नभएको जिल्ला स्वास्थ्य कार्यालयका खोप अधिकृत पार्थमणि न्यौपानेले बताए। स्वास्थ्य बिमा तथा

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार				३	३
बालविवाह		१			१
बलात्कार	४	३		११	१६
विद्यालयमा शारीरिक सजाय			१		१
यौन दुर्व्यवहार		१		७	८
जम्मा	४	४	१	२०	२९

महिला अधिकार					
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप			१	१	३
बलात्कार				६	६
बलात्कार प्रयास	१			३	४
बहुविवाह	३	१		७	१०
बेचबिखन तथा ओसारपसार	१				१
घरेलु हिंसा				१	१
यौन दुर्व्यवहार				१	१
जम्मा	४	१	१	१९	२५

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	६	८

३.३ रसुवा



जम्मा जनसङ्ख्या	४२,७७३
महिला	२२,००७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१३,३२४
कामका लागि बाहिरिएका	३,१०८
अपाङ्गता भएका	१,०१६
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.५
आश्रित जनसङ्ख्या	१८,७५८

विनाशकारी भूकम्पका कारण आफ्नो गाउँ नै पहिरोको जोखिममा परेपछि रसुवाको हाकु, डाडागाउँ, राम्चे, धुन्चे, लाङटाङलगायत ठाउँबाट १ हजार १ सय परिवार विस्थापित भयो । जोखिमयुक्त बस्तीमा परेर विस्थापित बस्ती स्थानान्तरण प्रक्रिया अझै टुङ्गिएको छैन । जोखिमयुक्त बस्तीमा परेका कारण विस्थापित भएका तर आफ्नो नाममा कतै सुरक्षित घडेरी योग्य जग्गा नभएकालाई सरकारले बस्ती स्थानान्तरणका गर्न घडेरी खरिदका लागि २ लाख रुपियाँ दिने कार्यक्रम अन्तर्गत विस्थापित तथा जोखिमयुक्त क्षेत्रका ६ सय ६२ परिवारले जग्गा किनेका छन् ।

भूकम्पका कारण जोखिमयुक्त क्षेत्रमा परेर विस्थापित भएका तथा भूमिहीन परिवारका लागि २ लाख रुपियाँ सुरक्षित स्थानमा घडेरी किन्न पाएपछि सरकारले प्रदान गर्ने ३ लाख रुपियाँ आवास निर्माण अनुदानमा घरनिर्माण सुरु गरेका छन् । जिल्लामा घडेरी योग्य जग्गा अभाव भएपछि नुवाकोटको किस्पाङ, बिदुर नगरपालिकामा गरी २ सय परिवारले नुवाकोटमा जग्गा खोजेर आवास निर्माण थालनी गरेका छन् । भूकम्प गएको पाँच वर्ष बित्न लाग्दा पनि बस्ती स्थानान्तरण हुन नसक्दा लामो समयदेखि उत्तरगया गाउँपालिका–५ को खाल्टेबगरस्थित गाउँपालिका कार्यालय अगाडि २ सय ६९ परिवार जस्तापाताको टहरामा बस्दै आएका छन् । उत्तरगया गाउँपालिका तिरुमा दुई, पाङलिङमा एक र नौकुण्ड गाउँपालिकाको लाङबुमा एक गरी चार ओटा एकीकृत बस्ती निर्माण हुन लागेको राष्ट्रिय पुनः निर्माण प्राधिकरण कार्यालय जिल्ला अनुदान तथा पूर्वाधार प्रमुख लेखराज पोखरेलले बताए ।

यस वर्ष रसुवा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्यपक्षबाट १८ जना महिलासहित २२ जना र राज्यपक्षबाट तीन जना पुरुष गरी २५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । टिमुरे प्रहरी चौकीका असई ४१ वर्षीय डल्लीबहादुर श्रेष्ठ र प्रहरी हवल्दार ३७ वर्षीय रामबहादुर स्याङ्तानले १९ वर्षीय आशिष तामाङलाई ०७६ भदौ १७ गते कुटपिट गरेको घटना इन्सेकले अभिलेख गऱ्यो ।

गिरफ्तार

यस वर्ष रसुवा जिल्लामा प्रतिबन्धित नेकपाका दुई जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार गरिएका दुवै जना पुर्पक्षमै भएको इन्सेकले अभिलेख गऱ्यो ।

प्रतिबन्धित नेकपा कार्यकर्ता नुवाकोट शिवपुरी गाउँपालिका–८ का ३२ वर्षीय वासुदेव

पाठकलाई २०७६ जेठ २० गते नौकुण्डबाट गिरफ्तार गऱ्यो । जनप्रतिनिधिलाई धम्क्याएर चन्दा असुली गरेको आरोपमा गिरफ्तार गरेको प्रहरीले जनायो । जिल्ला अदालतको ०७६ साउन ७ को आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा गए । पीडितको स्वास्थ्य जाँच जिल्ला अस्पतालमा फागुन ७ गते भयो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

धम्की/कुटपिट

आमाछोदिङमो गाउँपालिका–३ गत्लाङका १९ वर्षीय आशिस तामाङलाई गोसाइँकुण्ड गाउँपालिका–२ टिमुरेमा २०७६ भदौ १७ गते टिमुरे प्रहरी चौकीका असई ४१ वर्षीय डिल्लीबहादुर श्रेष्ठ र प्रहरी हवल्दार ३७ वर्षीय रामबहादुर स्याङ्तानले कुटपिट गरे । ना ६ ख ४९२५ नम्बरको कन्टेनरभित्रै आराम गरिरहेको अवस्थामा अपशब्द बोल्दै प्रहरीले कुटपिट गरेको पीडितले बताए । के गल्ती भयो ? भनेर सोध्दा जवाफ नदिइ कुटपिट गरेको पीडितले बताए ।

घटनाका आरोपितलाई निलम्बन तथा विभागीय कारबाही भएको जिल्ला प्रहरी कार्यालयले जनायो ।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागारमा कैद तोकिएका ९८ जना र थुनुवा १२ गरी १ सय १० जना छन् । जसमा महिला ६ जना छन् । आश्रित बालबालिका छैनन् । ६५ वर्षमाथिका एक पुरुष छन् । मानसिक रोगी छैनन् । कारागारको तीन ओटामध्ये पुरुष बस्ने दुई भवन मर्मत अभावमा जीर्ण छ । क्षमताभन्दा चार गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीशको दरबन्दी रहेको यस जिल्ला अदालतबाट यस वर्ष फौजदारी मुद्दातर्फ २९ मध्ये १३ थान फैसला भए भने देवानी मुद्दातर्फ ३३ मध्ये १२ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका कुनै पनि फौजदारी मुद्दा बाँकी रहेका छैनन् । यस अदालतमा दरबन्दीका तीन जना र अन्य सबै करारका कर्मचारी छन् । कर्मचारी अभावले सम्पादनमा असर पारेको छैन । कमै मात्रामा मुद्दा रहेको यस अदालतमा न्यायाधीश, वकिल वा पक्षहरूबाट न्यायमा ढिलाइ नभएको स्रेस्तेदार सुदन अधिकारीले बताए ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					२	२
गिरफ्तार		२	२			
कुटपिट		१	१	१	२	३
धम्की				३		३
बाल अधिकार	बलात्कार			२		२
	यौन दुर्व्यवहार			३		३
	जम्मा			५		५
महिला अधिकार	बलात्कार प्रयास			४		४
	बहुविवाह			३		३
	यौन दुर्व्यवहार			२		२
	जम्मा			९		९
कूल जम्मा		३	३	१८	४	२२

बाल अधिकार

शिक्षाको अवस्था

पाँच ओटा गाउँपालिका रहेको रसुवामा ७२ आधारभूत र १९ मावि गरी ९१ ओटा सामुदायिक विद्यालय छन् । रसुवामा कूल १३ हजार १ सय विद्यार्थी अध्ययनरत छन् । जिल्लामा नवनिर्मित पाँच ओटा मात्रै विद्यालय अपाङ्गमैत्री छन् । १–८ कक्षाका छात्रा र दलित छात्रवृत्ति तथा ९–१२ कक्षाका विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम अनुरुप ३ सय ७४ विद्यार्थीले छात्रवृत्ति रकम पाए । द्वन्द्वपीडित, शहीद तथा बेपत्ता परिवारका दुई जनालाई १४ हजार रुपियाँका दरले छात्रवृत्ति प्रदान गरिएको शिक्षा विकास तथा समन्वय इकाइले जनाएको छ । विद्यार्थी भर्ना अभियान, आधारभूत तहसम्म अनिवार्य तथा नि:शुल्क शिक्षाको अधिकारको पालना भएको छ भने १२ कक्षासम्म नि:शुल्क शिक्षा दिएको छ ।

यस वर्ष अन्य पक्षबाट दुई जनाको अपहरण, दुई जना बालिका बलात्कार, तीन जना बालिका यौन दुर्व्यवहारको घटनाबाट पीडित इन्सेकले अभिलेख गऱ्यो । जसमा एक ओटा घटना फैसला, दुई ओटा पुर्पक्ष र पाँच ओटा कानुनी प्रक्रियामा छन् ।

बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया र ९ वर्षीया दुई बालिकालाई २०७६ भदौ २२ गते यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले रोल्पा जिल्लाको त्रिवेणी गाउँपालिका–४ का २८ वर्षीय सन्तोष सुनारलाई भदौ २३ गते आमाछोदिङमो गाउँपालिका–५, पाजुङबाट गिरफ्तार गऱ्यो । आरोपित विरूद्ध पीडित पक्षले भदौ २२ गते थाम्बुचेत प्रहरी चौकीमा खबर गरेपछि आरोपितलाई गिरफ्तार गरेको प्रहरीले जनायो । आरोपित विरूद्ध प्रहरीले सोही दिन जिल्ला अदालतमा मुद्दा दर्ता गरी कारबाही अघि बढाएकोमा जिल्ला अदालतको मङ्सिर २५ को इजलासले दुई वर्ष कैद सजाय र २० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो । पीडतको स्वास्थ्य परीक्षण भदौ २३ गते जिल्ला अस्पतालमा भयो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएको एक, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेला गरेको एक उजुरी छन् । प्रहरीमा एउटा मुद्दा मिलापत्र भयो भने तीन उजुरी कारबाही प्रक्रियामा छन् ।

यस वर्ष नौ जना महिला, महिला अधिकार उल्लङ्घनका घटनाबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । चार जना महिला बलात्कार प्रयास, दुई जनामाथि दुर्व्यवहार र तीन जना बहुविवाहबाट पीडित भए ।

स्वास्थ्य सेवाको अवस्था

रसुवामा एक जिल्ला अस्पताल, १७ ओटा स्वास्थ्य चौकी र एक ग्रामीण अस्पताल छ । पाँच जना डाक्टरको दरबन्दी अनुसार नै कार्यरत छन् । स्वास्थ्य कार्यालय मातहत चार जना अहेबको चार दरबन्दी रहेकामा तीन जना कार्यरत छन् भने जिल्ला अस्पताल अन्तर्गत अहेबको दुई जनाको दरबन्दीमा एक जना कार्यरत छन् । त्यसैगरी अस्पताल विकास समिति मातहत दुई जना कार्यरत छन् । जिल्लाभर १ सय ९६ स्वास्थ्यकर्मी दरबन्दी रहेकोमा १ सय ४६ जना कार्यरत छन् । जिल्लाको नौकुण्ड, आमाछोदिङमो र उत्तरगया गाउँपालिका स्वास्थ्य शाखामा कर्मचारी अभाव छ । कर्मचारी समायोजन पछि अन्यत्र जाने तर माग अनुसार कर्मचारी नहुँदा स्वास्थ्य सेवा तथा बर्थिङ सेन्टरको सञ्चालन प्रभावित भएको छ ।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		२	२
यौन दुर्व्यवहार	१	१	२
जम्मा	१	३	४

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार प्रयास		३	१	४
बहुविवाह	१		२	३
यौन दुर्व्यवहार		२		२
जम्मा	१	५	३	९

३.४ धादिङ

जम्मा जनसङ्ख्या	३,३५,१८८
महिला	१,८०,४५६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६२,६२१
कामका लागि बाहिरिएका	२२,५३७
अपाङ्गता भएका	७,८२७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,४८,७७१

यस वर्ष धादिङ जिल्लाबाट प्रतिबन्धित नेकपाका तीन जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारी का तीनै जना जिल्ला प्रशासन कार्यालयमा धरौटी र कम बुझाएर रिहा भए। जातीय विभेदको एक घटनामा सात जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

१ सय ५० जनाको क्षमता भएको 'ख' श्रेणीको जिल्ला कारागारमा कैद तोकिएका २ सय २७ र थुनुवा ८१ गरी ३ सय ८ जना छन्। जसमा महिला १७ जना छन्। ६५ वर्षमाथिका दुई पुरुष छन्। ६ जना कैदी र ११ जना थुनुवा गरी १७ जना विदेशी नागरिक जिल्ला कारागारमा रहेका छन् । क्षमताभन्दा दुई गुणा बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । पुरुषका लागि निर्माण भएको कारागारको एउटा कोठामा १७ जना महिलालाई राखिएको छ । कारागारमा विद्यालय जाने उमेरका दुई जना बालक र चार जना बालिका गरी ६ जना आश्रित बालबालिका छन्। उनीहरूलाई विद्यालय भर्ना गर्न कारागार प्रशासनले सुरक्षाको कारण देखाउँदै आएको छ। यसवर्ष जिल्ला प्रशासन कार्यालय र एकपटक राष्ट्रिय मानव अधिकार आयोगले कारागारको अनुगमन गरेको छ । तर, सो अनुगमनमा के देखियो दुवै निकायले सार्वजनिक गरेका छैनन्। भेटघाटको निश्चित समय निर्धारण छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी रहेको धादिङ जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ८१ मध्ये ५९ थान फैसला भए भने देवानी मुद्दातर्फ ३ सय १७ मध्ये १ सय ४६ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका देवानी मुद्दा एक थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

धादिङ जिल्लामा ४ सय ६७ आधारभूत र १ सय ५० माबि छन् । सामुदायिक विद्यालयतर्फ ५ सय ३९ प्रारम्भिक बाल विकास केन्द्र, ४ सय ३२ आधारभूत तह र १ सय ३२ माबि तह छन्। संस्थागत

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३	३
जातीय विभेद				१	६	७
गिरफ्तार		३	३			
कुटपिट		१	१		३	३
हत्या				३		३
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			८		८
	विद्यालयमा शारीरिक सजाय				१	१
	यौन दुर्व्यवहार			९		९
	जम्मा			१८	१	१९
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	कथित बोक्सीको आरोप			३		३
	बलात्कार			१		१
	बलात्कार प्रयास			३		३
	घरेलु हिंसा			६		६
	जम्मा			१३		१३
कूल जम्मा		४	४	३४	१२	४६

विद्यालयतर्फ ३५ आधारभूत तह र १८ मावि तह छन् । यस वर्ष सामुदायिकतर्फ ३३ हजार ६ सय २७ बालक र ३७ हजार ६ सय १६ बालिका भर्ना भए । जिल्लामा नवनिर्मित तीन ओटा विद्यालय अपाङ्गमैत्री छन् । गल्छी गाउँपालिकाले आफ्नो गाउँपालिका भित्रका १२ ओटा विद्यालयमा र सिद्धलेक गाउँपालिकाले १३ ओटा विद्यालयमा छात्रा तथा शिक्षिकाका लागि सेनेटरी प्याडको व्यवस्था गरेको छ । अन्य स्थानीय तहका विद्यालयमा भने यस्तो व्यवस्था गरेको पाइएन । सरकारले कक्षा १२ सम्मको शिक्षा निःशुल्क भने पनि सबै सामुदायिक विद्यालयहरूले सहयोगको नाममा कुनै न कुनै शुल्क लिएको पाइयो । वैदेशिक रोजगारमा गएका परिवारका ६२ जना बालबालिकाले ५ लाख ५२ हजार रुपियाँ छात्रवृत्ति पाए । शहीद परिवारका तीन जनाले ४८ हजार र द्वन्द्वपीडित परिवारका १२ बालबालिकाले १ लाख ६४ हजार रुपियाँ छात्रवृत्ति पाए।

यो वर्ष धादिङमा बालअधिकार अर्न्तगत बलात्कार का आठ, यौन दुर्व्यवहारका नौ र बालविवाहका घटनामा एक जना पीडित भए।

बलात्कार, यौन दुर्व्यवहार

आठ वर्षीया बालिकालाई ०७५ पुस २० गते बलात्कार गरेको आरोपमा ४५ वर्षीय एक पुरुषलाई प्रहरीले ०७५ फागुन २० गते गिरफ्तार गऱ्यो । पीडितपक्षले आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय, धादिङमा फागुन २१ गते उजुरी दिए । बालिकाको स्वास्थ्य परीक्षण फागुन २१ गते जिल्ला अस्पताल, धादिङमा भयो । आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २१ गते मुद्दा दर्ता गरी कारबाही अघि बढाएकोमा जिल्ला अदालतले चैत १३ गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो । जिल्ला अदालतले आरोपितलाई ०७६ वैशाख ५ गते चार वर्ष कैद र ७ हजार ५ सय रुपियाँ जरिबाना गर्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ८३ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ७२, पालनपोषण नगरेको, खान/लाउन नदिएको ४२, गालीगलौज गरेको १५, घरनिकाला एक, मानसिक यातना २८, धाकधम्की सात, फैंफगडाका १८ घटना छन् । यी मध्ये प्रहरीले ८८ ओटामा मिलापत्र गरायो भने ९५ उजुरी कारबाही प्रक्रियामा छन् । बहुविवाहका २२ मुद्दा दर्ता भएकोमा १४ मुद्दा जिल्ला अदालतमा पेश भइ फर्स्योट भएका छन् भने आठ ओटा मुद्दा विचाराधीन छन् । जिल्ला प्रहरी कार्यालयमा मिलापत्र गराइएपछि पालन पोषण गरेको, गालीगलौज नगरेको फैंफगडा नगरेको अवस्थामा रहेको र पीडित परिवारसम्म प्रहरी

नागरिक साझेदारीमार्फत घर घरमा पुगेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डिएसपी रुपक खड्काले बताए।

यो वर्ष धादिङमा बैवाहिक बलात्कारको एउटा र बलात्कार प्रयासका दुई ओटा घटना अभिलेख भए। महिला बेचविखन प्रयासको घटनाका एक आरोपित पुर्पक्षका लागि थुनामा छन्। परिवारजनबाट दुई जना महिलाको हत्या भएको अभिलेख भयो। कथित बोक्सी आरोपका तीन ओटा घटना कानुनी प्रक्रियामा छन्।

स्वास्थ्य सेवाको अवस्था

धादिङमा एक प्रादेशिक अस्पताल, दुई प्राथमिक स्वास्थ्य चौकी र ५२ स्वास्थ्य चौकी छन्। धादिङ अस्पतालमा १४ जना डाक्टरको दरबन्दी भएपनि पाँच जना मात्र कार्यरत छन्। सल्यानटार प्राथमिक स्वास्थ्य केनद्रमा डाक्टरको दरबन्दी भए पनि कार्यरत छैनन्। गरिब, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकले सबै सेवा निःशुल्क पाउने भनिए पनि शुल्क बुझाउनुपरेको अपाङ्गताको क्षेत्रमा कार्यरत गुणराज खतिवडाले बताए। धादिङ जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको छैन।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह				१	१
बलात्कार		१		७	८
विद्यालयमा शारीरिक सजाय			१		१
यौन दुर्व्यवहार	१			६	७
जम्मा	१	१	१	१४	१७

महिला अधिकार					
घटनाको प्रकार	अपूर्ण	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास				१	१
कथित बोक्सीको आरोप	१		१	१	३
बलात्कार	१				१
बलात्कार प्रयास				२	२
घरेलु हिंसा		२		३	५
जम्मा	२	२	१	७	१२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

३.५ नुवाकोट



जम्मा जनसङ्ख्या	२,७३,२६७
महिला	१,४४,२६१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५५,८४५
कामका लागि बाहिरिएका	१४,३११
अपाङ्गता भएका	४,६५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.१५
आश्रित जनसङ्ख्या	१,१३,५८२

यस वर्ष नुवाकोट जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५६ जना महिला, चार जना पुरुषसहित ६० जना र राज्यपक्षबाट ६ जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा २१ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना पीडित भएको अभिलेख भयो।

गिरफ्तार

यस वर्ष जिल्लामा प्रतिबन्धित नेकपा तथा कार्यकर्ताका चार जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार भएकामध्ये जिल्ला अदालतको आदेशले दुई जना धरौटी राखी तारेखमा रिहा भए।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७० जनाको छ। कारागारमा कैदी र थुनुवा १ सय ५९ जना छन्। महिला १६ र पुरुष १ सय ४३ रहेका छन्। कारागारको क्षमता महिला २० र पुरुष ५० हो। तर, पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी रहेको छ। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा पानी, शौचालय र पुस्तकालयको व्यवस्था छ। सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ। कारागारमा कैदी बन्दीको स्वास्थ्य समस्यामा उपचार गर्न एक जना सिनियर अहेव नै खटाइएको छ। ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख लक्ष्मी आचार्यले जानकारी दिनुभयो।

बन्दीहरू बिरामी हुँदा कारागारमै रहेका स्वास्थ्यकर्मीले उपचार गरिन्छ। यहाँबाट उपचार सम्भव नभए त्रिशुली जिल्ला अस्पतालमा उपचारको लागि लैजाने गरिन्छ। थप उपचार चाहिए केन्द्रीय कारागारमा सरुवा गरी काठमाडौंका अस्पतालमा उपचार गर्न पठाउने गरिएको छ। हरेक दिन कैदी बन्दीको स्वास्थ्यमा ध्यान दिइने, औषधि सेवन गरिरहेकाहरूले औषधि खाए/नखाएको हेर्ने गरिएको कारागारमा कार्यरत सिनियर अहेब रामराजा भण्डारी बताउँछन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ५४ मध्ये ३० थान मुद्दाको फैसला भए भने १ सय २४ फैसला हुन बाँकी रहे। देवानीमुद्दातर्फ ३ सय १६ मध्ये १ सय १७ फैसला भए भने १ सय ९९ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा रहेको छैन।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा भूकम्पपछि निर्माण भएका सबै विद्यालयहरूको भुइँतलासम्म अपाङ्गमैत्री छन् । यस वर्ष २ हजार ३ सय ९५ दलितबालक र २ हजार ७ सय २७ दलित बालिकाले छात्रवृत्ति पाए । जिल्लामा रहेको जिल्ला बाल कल्याण समिति यो वर्ष सक्रिय भएको पाइएन । विद्यालयको पहुँच नभएको विद्यार्थीको आधिकारिक तथ्याङ्क कुनै निकायले पनि र खेको पाइएन ।

यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा २१ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । हत्या घटनामा दुई जना, बलात्कार घटनामा १० जना, यौन दुर्व्यवहार घटनामा ६ जना, बेचबिखनमा एक जना, बालविवाहमा चार जना पीडित भएको अभिलेख छ ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		६	६			
हत्या				३	४	६
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१		१
	बालविवाह			४		४
	बलात्कार			१०		१०
	यौन दुर्व्यवहार			६		६
	जम्मा			३१		३१
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	बलात्कार			५		५
	बहुविवाह			१३		१३
	घरेलु हिंसा			१४		१४
	जम्मा			३३		३३
कूल जम्मा		६	६	५६	४	६०

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९४ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका पाँच, खान/लाउन नदिएको नौ, विवाह दर्ता र नागरिकता नबनाएको तीन, अर्की श्रीमती ल्याएर हेला गरेको ६ र सामान्य घरायसी झगडाका ७१ उजुरी छन् । यीमध्ये प्रहरीले ५४ ओटामा मिलापत्र गरायो भने नौ ओटा उजुरी कानुनी प्रक्रियामा छन् भने २० ओटा कानुनी उपचारको लागि अदालत जाने भनेर गएका छन् । ११ जना उजुरी दिएपछि सम्पर्कमा आएनन् । घरनिकाला गरिएकाहरू मिलापत्रपछि घर फर्किएका छन् ।

यस वर्ष घरेलु हिंसाका घटनामा १४ जना, हत्या घटनामा एक जना, बलात्कार घटनामा पाँच जना, बेचबिखन प्रयासमा एक जना, बहुविवाहमा १३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका तीन जना आरोपित पुर्पक्षका लागि थुना छन् । एक आरोपित धरौटीमा रिहा भए ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष जिल्लामा प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले पेट्रोल बम विस्फोट गराउँदा कागतिगाउँमा रहेको वडा कार्यालयका दुई ओटा कोठामा पूर्ण रूपमा क्षति भयो भने कोठामा रहेको सम्पूर्ण कागजात, दुई थान कम्प्युटर, चार थान पङ्खा र कार्यालयको सम्पूर्ण फर्निचर जलेर नष्ट भए ।

स्वास्थ्य सेवाको अवस्था

एक अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ६४ ओटा स्वास्थ्य चौकी, पाँच सामुदायिक स्वास्थ्य क्लिनिक, १ सय ८१ ओटा गाउँघर स्वास्थ्य चौकी, चार नगर स्वास्थ्य क्लिनिक, २ सय ४० खोपकेन्द्र र एक सामुदायिक आँखा केन्द्र रहेको छ । स्वास्थ्य संस्थाहरूमा पर्याप्त औषधि नपाइने समस्या सबैतिर रहेको छ । यो वर्ष ११ स्थानीय तहका २९ ओटा स्वास्थ्य संस्थामा सामाजिक परीक्षण (सोसिएल अडिट) गर्दा सबैमा औषधि अभाव, जनशक्ति अभाव, आवश्यक स्वास्थ्य सामग्रीहरूको अभाव जस्ता समस्या रहेको पाइएको सामुदायिक विकास केन्द्र (कोडेक) ले एक प्रतिवेदनमा उल्लेख गऱ्यो ।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बालविवाह		४	४
बलात्कार	१	९	१०
यौन दुर्व्यवहार	१	४	५
जम्मा	२	१८	२०

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास				१	१
बलात्कार	१			४	५
बहुविवाह				१३	१३
घरेलु हिंसा		१	११	२	१४
जम्मा	१	१	११	२०	३३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

३.६ काठमाडौँ



जम्मा जनसङ्ख्या	२१,११,६५१
महिला	१०,१३,५४१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१०
प्रदेशसभा निर्वाचन क्षेत्र	२०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२८,५७३
कामका लागि बाहिरिएका	५५.८०५
अपाङ्गता भएका	१७,१२२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.४
आश्रित जनसङ्ख्या	६,०३,१२१

यो वर्ष काठमाडौँ जिल्लामा राज्य पक्षबाट तीन जना महिलासहित १ सय २ जना र अन्य पक्षबाट २२ जना पुरुषसहित ६ सय ४० जना गरी ७ सय ४२ जना पीडित भएका घटना इन्सेकले अभिलेख गर्‍यो। अभिलेखित घटना अनुसार तीन जना महिलासहित ७४ जनाको गिरफ्तारी, भेला तथा सङ्गठित हुने अधिकारबाट वञ्चित १० जना र चार जना राज्य पक्षबाट घाइते भए। बाल अधिकार उल्लङ्घनका घटनामा १ सय २७ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ८० जना महिला पीडित भए। सन् २०१९ मा कारागारका १३ जना कैदीबन्दीको मृत्यु भयो।

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्न पाउने अधिकार

बम विष्फोटबाट मृत्यु / घाइते

अन्यपक्षबाट

दाङ जिल्ला बबइ गाउँपालिका–३ घर भएका ३२ वर्षीय गोकुल मगर, सोही ठाउँका ३५ वर्षीय जितबहादुर हमाल, कालीकोट जिल्ला सान्नित्रिवेणी गाउँपालिका–९ घर भएका विभुराम बिकको २०७६ जेठ १२ गते बुढानीलकण्ठ नगरपालिका र काठमाडौँ महानगरपालिकाको सिमाना सुकेधारा ढलाने पुलनजिकै रहेको छोटु ठाकुर को शैलुनमा बम विष्फोट हुँदा मृत्यु भयो। घटनामा परी घाइते भएका बाग्लुङ जिल्ला ढोरपाटन नगरपालिका–६ का ४५ वर्षीय कृष्णप्रसाद भण्डारी, रामेछाप जिल्ला मन्थली नगरपालिका–४ का रामकुमार श्रेष्ठको ओम अस्पतालमा उपचारका क्रममा मृत्यु भयो । मृत्यु भएकाहरूको शवको जेठ १२ गते त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा पोष्टमार्टम भयो । उनीहरू प्रतिबन्धित नेकपाका कार्यकर्ता रहेको अनुसन्धानबाट खुल्न आएको अपराध महाशाखाका एसएसपी सहकुलबहादुर थापाले बताए । उक्त घटनामा बुढानीलकण्ठ नगरपालिकाको कपनका ४४ वर्षीय हरि खड्का, सोही नपा–१३, चुनिखेलका ५४ वर्षीय सुरेन्द्र महर्जन र महोत्तरी जिल्लाको गौशला नपा–१, रामनगर घर भइ सुकेधारामा हेयर कटिङ (सैलुन) सञ्चालक ५६ वर्षीय छोटु ठाकुर घाइते भए। घाइतेहरूको उपचार ट्रमा सेन्टरमा भयो।

बझाङ जिल्ला जयपृथ्वी नगरपालिका–१ घर भएका २७ वर्षीय प्रज्वल शाहीको ०७६ जेठ १२ गते काठमाडौँ मनपा–२९ संगम गल्लीमा आफैँले बनाएको बम विष्फोट हुँदा मृत्यु भयो । काठमाडौँ महानगरपालिका–२९ मैतीदेवीमा ०७६ जेठ १२ गते बमविष्फोट गर्ने तयारी गर्दैगर्दा बम विष्फोट भएको

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			४	४	१	८	९
अमानवीय व्यवहार						१	१
अपहरण					३	१	४
भेला/सङ्गठित हुने अधिकार			१०	१०			
जेलमा मृत्यु			१३	१३			
जातीय विभेद					१	१	२
गिरफ्तार		३	६१	६४			
कुटपिट			१	१	२	३	५
हत्या					४	८	१२
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१२		१२
	बालविवाह				१		१
	बलात्कार				९६		९६
	यौन दुर्व्यवहार				१६		१६
	जम्मा				१२६		१२६
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				३२		३२
	कथित बोक्सीको आरोप				१		१
	बलात्कार				६४		६४
	बलात्कार प्रयास				५		५
	बहुविवाह				६२		६२
	बेचबिखन तथा ओसारपसार				६		६
	घरेलु हिंसा				३००		३००
	जम्मा				४८०		४८०
कूल जम्मा		३	९९	१०२	६१८	३३	६४०

थियो। शवको त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा पोष्टमार्टम भयो । सो घटनामा रुकुम पश्चिम जिल्ला सानीभेरी गाउँपालिका–४ का २६ वर्षीय रविन केसी घाइते भए । घाइते केसीको उपचार जेठ १२ गतेदेखि १८ गतेसम्म राष्ट्रिय ट्रमा सेन्टरमा भयो । रविन केसी ०७६ साउन ९ गतेको जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि सुन्धारा कारागारमा रहेका छन् । घाइते भएका ठाकुरबाहेक सबैजना प्रतिबन्धित नेकपाका सक्रिय कार्यकर्ता रहेको अपराध अनुसन्धान महाशाखाका प्रमुख एसएसपी सहकुलबहादुर थापाले बताए।

चन्द्रागिरी नगरपालिका–३ मा २०७६ जेठ १२ गते भएको बम विस्फोटमा परी ललितपुर जिल्ला कोन्ज्योसोम गाउँपालिका–१ का ३० वर्षीय बुद्ध लामा र नुवाकोट जिल्ला बागेश्वरी गाउँपालिका–४ घर भई हाल काठमाडौँ जिल्ला चन्द्रागिरी नगरपालिका–३ का २९ वर्षीय महेन्द्र तामाङ घाइते भए । उनीहरू दुवैको उपचार राष्ट्रिय ट्रमा सेन्टरमा चार दिनसम्म गरिएको थियो। दुवै जना प्रतिबन्धित नेकपाका कार्यकर्ता रहेको प्रहरीले जनायो । जिल्ला अदालतबाट जेठ १६ गते गिरफ्तार गर्न प्रहरीलाई आदेश दिएकाले २३ दिन

हिरासतमा राखी अदालत पेश गरेकामा अदालतले असार १० गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

गोली प्रहारबाट घाइते

राज्यपक्षबाट

इलाम जिल्ला माइजोगमाई गाउँपालिका–६ घर भई काठमाडौँ महानगरपालिका–६ बस्ने ३९ वर्षीय छिरिङ तामाङलाई ०७६ जेठ २४ गते प्रहरीले गोली प्रहार गरी गिरफ्तार गऱ्यो। महानगरीय अपराध अनुसन्धान महाशाखाले डकैती मुद्दाका फरार आरोपितलाई गिरफ्तार गर्न गोली चलाउनु परेको जनायो। घाइतेको राष्ट्रिय ट्रमा सेन्टरमा १२ दिनसम्म उपचार भयो। आरोपित जिल्ला अदालतको असार २ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

रामेछाप जिल्ला मन्थलीका लोप्सान भन्ने मिलन तामाङ र अमृत तामाङलाई २०७६ साउन २५ गते काठमाडौंको स्वयम्भूस्थित विजेश्वरी हाउजिङ नजिकैको एक क्याफेबाट प्रहरीले गोली प्रहार गरी गिरफ्तार गऱ्यो। जनप्रतिनिधिलाई करोडौँ रकम माग गर्दा नदिएकाले तीन वर्षको छोरीलाई अपहरण गर्ने धम्की दिएको आरोपमा तामाङद्वयलाई गिरफ्तार गरेको महानगरीय अपराध महाशाखाले जनायो। गिरफ्तार गर्न प्रहरी आएको चाल पाएपछि प्रतिकार गर्दै भाग्ने क्रममा मिलनलाई घुँडामुनी गोली लागेको महाशाखाका एसएसपी सहकुल थापाले बताए। उनको उपचार ट्रमा सेन्टरमा भयो। उनीहरूले रामेछापको लिखु–तामाकोसी गाउँपालिका प्रमुख गोविन्द खड्कालाई २ करोड रुपियाँ नदिए तीन वर्षकी छोरीलाई अपहरण गर्ने धम्की दिएको प्रहरीले आरोप लगायो।

गिरफ्तार

नेपाल सरकारले ०७५ फागुन २८ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाका गतिविधिमाथि प्रतिबन्ध लगाउने निर्णय गऱ्यो। त्यसयता काठमाडौँबाट गिरफ्तार भएका ७४ जनामध्ये पाँच जनालाई प्रहरीले पुनः गिरफ्तार गरी जिल्लान्तर गरेको इन्सेकले अभिलेख गऱ्यो। ५७ ओटा मुद्दा सर्वोच्च अदालतमा दायर भयो। त्यसमध्ये दुई जना पुर्पक्षका लागि थुनामा, १४ जना रिहा, १४ जना धरौटीमा रिहा, चार जना साधारण तारेखमा रिहा, चार जना धरौटी नतिरेकाले पुर्पक्षका लागि थुनमा, चार जनाको पुनः गिरफ्तारी र २१ जना बन्दी प्रत्यक्षीकरणको रिट आदेशबाट रिहा भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतमा परेका दुई ओटा मुद्दामध्ये एउटा मुद्दामा धरौटीमा रिहा गर्ने आदेश भएको भएपनि धरौटी रकम जम्मा नगर्दा पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। जिल्ला प्रशासनमा परेका १५ ओटा उजुरीमध्ये १३ जना धरौटीमा रिहा, एक जना रिहा र अर्को एकमा धरौटीमा रिहाको आदेश भयो। प्रशासनले छाड्ने आदेश दिएको भएपनि प्रहरीले एकजनालाई पुनः गिरफ्तार गरी बाँके पठायो।

सल्यान जिल्ला दार्मा गाउँपालिका– ५ घर भई काठमाडौँ जिल्ला महानगरपालिका १३ कालीमाटी बस्ने २८ वर्षीय मदनप्रकाश चन्दलाई प्रहरीले कालिमाटीबाट ०७६ वैशाख २ गते गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका चन्दको स्वास्थ्य जाँच वैशाख २ गते वीर अस्पतालमा गरियो। चन्दलाई प्रहरीले प्रतिबन्धित नेकपाको सदस्य भई सो पार्टीको गतिविधिमा लागेको आरोपमा गिरफ्तार गरेको हो। प्रहरीले चन्द विरुद्ध ०७६ वैशाख २ गतेको आदेशमा ७ दिनको म्याद थप गरी वैशाख ९ गते ५ दिनको, वैशाख १३ गते ५ दिनको, वैशाख १८ गते १ दिनको म्याद थप गरी पुर्पक्षका लागि वैशाख १९ गते पठाएको र जेठ २४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौँमा १० हजार रुपियाँ धरौटी तिरी रिहा भए। उनलाई प्रहरीले जेठ २४ गते पुनः गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, बाँके पठायो। चन्दलाई प्रहरीले जिल्ला अदालत, बाँकेमा जेठ २५ गते मुद्दा दर्ता गऱ्यो। आरोपितलाई जिल्ला अदालत, बाँकेको ०७६ जेठ ३० गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्य सम्म मुद्दा फैसला भएन।

दुर्व्यवहार

काठमाडौँ महानगरपालिका– २७ कमलादी घर भएका ६० वर्षीय सुगतरत्न कंसाकार लाई ०७५ पुस २० गते नेपाल वायु सेवा निगमका रहेको उनकै कार्यकक्ष (सुन्धारा) मा मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी युवा संगठन क्रान्तिकारीका कार्यकर्ताले मोसो दले। वाइडबडी विमान खरिद प्रकरणमा भ्रष्टाचार भएको भन्दै संसदको सार्वजनिक लेखा समिति अर्न्तगतको उपसमितिले पुस १७ गते नै कंसाकारलाई कारबाहीको सिफारिस गरेको थियो। कंसाकार निगमका महाप्रबन्धक हुन्। घटनाबारे पीडितले कतै उजुरी गरेनन्।

भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका–२ घर भएका ६३ वर्षीय त्रिचन्द्र क्याम्पसका प्रमुख प्रदिपकुमार न्यौपानेमाथि २०७६ मङसिर ९ गते काठमाडौँ महागरपालिका– २८ घण्टाघरस्थित क्याम्पस परिसरमा कुटपिट भयो । शिक्षण शुल्क बढाएको भन्दै बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका–८ स्थायी घर भएका २६ वर्षीय गोविन्द थपलिया र दैलेख जिल्लाको ठाँटिकाँध गाउँपालिका–२ का २३ वर्षीय मनराज थापाले न्यौपानेमाथि कुटपिट गरेका थिए । पीडितको उपचार मङसिर ९ गते राष्ट्रिय ट्रमा सेन्टरमा भएको थियो । न्यौपानेको हात गोडा र ढाडमा चोट लागेको थियो । पीडितले महानगरीय प्रहरी वृत्त, दरबारमार्ग उजुरी दिएलगत्तै सोही दिन आरोपित दुबैलाई गिरफ्तार गरिएको थियो । आरोपित दुवै जना १५ हजार रुपियाँ धरौटीमा रिहा भए ।

कारागार र बन्दी

काठमाडौँमा जगन्नाथदेवल कारागार र डिल्लीबजार गरी जम्मा दुई ओटा कारागार रहेका छन् । जगन्नाथदेवल कारागारमा केन्द्र बन्दी गृह, भद्र बन्दी गृह र महिला बन्दीगृह गरी तीन ओटा ब्लकहरू रहेका छन् । १ हजार १ सय जनाको क्षमता भएको कारागारमा ३ सय ९५ महिला, २ हजार ८ सय १९ पुरुष र १० नाबालक गरी जम्मा ३ हजार २ सय २४ जना कैदीबन्दी रहेका छन् । धेरै कैदीबन्दी भएको भन्दै कारागारमा भेटघाटमा निकै समस्या रहेको कैदीबन्दीका आफन्तहरूले बताए ।

यस्तै काठमाडौँ जिल्लामा रहेको डिल्लीबजार कारागारको क्षमता ३ सय ५० कैदीबन्दीको रहेको भएपनि ६ सय भन्दा बढी कैदीबन्दी छन् । यो वर्ष कारागारका १३ जना कैदीबन्दीको मृत्यु भयो ।

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

सरकारले राष्ट्रियसभामा दर्ता गरेको गुठी विधेयकको विरोधमा २०७६ जेठ २६ गते माइतीघर मण्डलामा भेला भएका गुठी अधिकारकर्मीमाथि प्रहरीले पानीको फोहोरा र लाठीचार्ज गर्दा कामनपा–१७, क्षेत्रपाटीका७४ वर्षीय डा. महेशमान श्रेष्ठ, भक्तपुरठिमीका महेश कारञ्जित, कामनपा–२३, झोंछेका ३१ वर्षीय गणपतिलाल श्रेष्ठलगायत घाइते भए । सबै घाइतेहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो। सो क्रममा प्रहरीले डा. महेशमान श्रेष्ठ, अनिश वैद्य, कृष्णगोपाल भायो, विकास महर्जन, सजिव बज्राचार्य,

गुठी विधयेकको विरोधमा काठमाडौँमा निकालिएको ज्याली

महेश कारञ्जितलगायतलाई प्रहरीले गिरफ्तार गरेको थियो । प्रहरीले उनीहरूलाई सोही दिन रिहा गऱ्यो । जेठ १९ गते आयोजित कार्यक्रममा पनि प्रहरीले हस्तक्षेप गरेको थियो । गुठीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सरकारले राष्ट्रिय सभामा दर्ता गरेको थियो । विधेयकले नेपालको धार्मिक तथा सांस्कृतिक सम्पदाकारूपमा रहेको गुठी परम्परालाई नियन्त्रण गर्न खोजेको भन्दै काठमाडौँमा प्रदर्शनको शुरुआत भएको थियो । सरकारले असार ३ गते विधेयक फिर्ता लिने निर्णय गरेसँगै आन्दोलन स्थगित भयो ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

३४ जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ९ सय ४ मध्ये ४ सय २२ थान फैसला भए । २ हजार ४ सय ८२ थान बाँकी रहेका छन् भने देवानी मुद्दातर्फ ८ हजार ५ सय ५६ मध्ये २ हजार एक सय १८ थान फैसला भई ६ हजार ३ सय ३८ बाँकी रहेका छन् । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ८ र देवानी मुद्दा ६ सय १६ थान बाँकी छन् । यसका आधारमा जिल्लाको न्याय प्रकृया निकै ढिलो भएको देखिन्छ ।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष संस्थागततर्फ ३१ हजार ८ सय ५१ बालिका र ४० हजार ७ सय ८१ बालक भर्ना भए भने सामुदायिक तर्फ ५ सय ७ बालिका र ५ सय ६८ बालक भर्ना भए । यस वर्ष जिल्लाभर २ हजार १८ दलित बालक र २ हजार ५ सय ७१ दलित बालिका विद्यालय भर्ना भए । त्यसमध्ये २३ हजार १ सय १० दलित विद्यार्थी मध्ये १० हजार ८ सय ३ छात्रा र १२ हजार ३ सय ७ छात्र रहेका छन् । काठमाडौँमा हाल २ लाख ११ हजार ७ सय ७१ छात्रा र २ लाख ५८ हजार

९ सय ७१ छात्र अध्यनरत रहेका छन्।

यो वर्ष काठमाडौँमा १ सय १४ जना बालिका बलात्कार र यौन दुर्व्यवहारका घटनाबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारका तीन ओटा मुद्दाको फैसला भए भने ७० जना पुर्पक्षका लागि थुनामा रहे। २१ जना बालक बाल सुधार गृहमा, एक जना धरौटीमा रिहा भएभने एक जनाले सफाइ पाए। अभिलेखित घटना अनुसार त्यस्ता घटनाका १ सय सात जना आरोपितमध्ये १० जना यो वर्षको अन्त्यसम्म फरार रहे। बलात्कारका घटनामा पाँच वर्षदेखि १७ वर्षसम्मका बालिका पीडित भए। घटनाका आरोपित १२ वर्षीय बालकदेखि ७१ वर्षीय ज्येष्ठ नागरिकसम्म रहे। त्यसैगरी यौन दुर्व्यवहारका १७ ओटा घटनामध्ये एउटा घटनाका आरोपितको पहिचान नै भएन। १३ ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा र दुई ओटा घटनाका आरोपितले सफाइ पाए। यौन दुर्व्यवहारका घटनामा आठ वर्षदेखि १७ वर्षसम्मका बालिका पीडित भए। आरोपित भने १९ वर्षदेखि ५२ वर्षसम्मका रहे।

यो वर्ष बालिका बेचबिखनका घटनाबाट १२ जना पीडित भए। १८ दिनको शिशुदेखि १७ वर्षीया बालिकासमेत यस्ता घटनाबाट पीडित भए। दुई घटनाका एक/एक जना बालिका र एक /एक जना युवती पीडित भए। १० ओटा घटनाका १५ आरोपितमध्ये चार जना फरार रहे। ११ जना पुर्पक्षका लागि थुनामा रहे। कुनै पनि घटनाको फैसला भएन।

बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७५ फागुन १८ गते बलात्कार गरेको आरोपमा काभ्रेपलान्चोक जिल्ला पनौती नगरपालिका-९ घर भई काठमाडौँ महानगरपालिका-९ गौशाला बस्दै आएका ३० वर्षीय पुरुषलाई प्रहरीले ०७५ फागुन ३० गते गिरफ्तार गऱ्यो। पीडित बालिकालाई आरोपितले डर धम्की देखाइ बलात्कार गरेको भन्दै पीडित पक्षले आरोपितविरुद्ध महानगरीय प्रहरी वृत्त, बौद्धमा उजुरी दिएको थियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ३० गते प्रसूति गृह, थापाथलीमा भयो। जिल्ला अदालत, काठमाडौँको ०७५ चैत २५ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा राखिएका आरोपितलाई जिल्ला अदालतले ०७६ कात्तिक १५ गतेको आदेशले ७ वर्ष ३ महिना कैद सजायको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय १ जना महिलाले महानगरीय प्रहरी परिसर कालीमाटीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरी परेका सबै कुटपिटहरू मिलापत्रमार्फत जाने गरेको देखिन्छ। महिला भएकै कारण विभिन्न हिंसाबाट प्रभावित महिलाको सङ्ख्या काठमाडौँमा अत्यधिक रहेको महानगरीय प्रहरी परिसर कालिमाटीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी इन्सेक्टर ज्ञानमञ्जरी शर्माले बताइन्।

यो वर्ष काठमाडौँमा ६४ जना बलात्कार र पाँच जना बलात्कार प्रयास घटनामा गरी ६९ जना महिला पीडित भएका इन्सेकले अभिलेख गऱ्यो। बलात्कारको एउटा मुद्दामा कसुर ठहर गरेपनि निर्धारण गर्न बाँकी रहयो। एक जना आरोपित सामान्य तारेखमा रिहा, एक जना धरौटीमा रिहा, १२ जना फरार भए भने ५७ जना पुर्पक्षका लागि थुनामा रहे। त्यसैगरी बलात्कार प्रयासका दुवै घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे। बलात्कार तथा बलात्कार प्रयास घटनाका आरोपित १९ वर्षदेखि ६७ उमेर समूहका रहे।

यो वर्ष काठमाडौँमा महिला बेचबखिन तथा प्रयासका घटनाबाट ३८ जना पीडित भएको इन्सेकमा अभिलेख भयो।

एसिड प्रहारबाट घाइते

दोलखा जिल्लाको तामाकोशी गाउँपालिका-४, मालु घर भई काठमाडौँ महानगरपालिका-५, कालोपुल बस्ने २० वर्षीया जेनी खड्कामाथि काभ्रे जिल्ला नमोबुद्ध नगरपालिका-३ फूलबारीका ३६ वर्षीय पति विष्णु भुजेलले एसिड प्रहार गरेको आरोपमा प्रहरीले उनलाई ०७६ जेठ १ गते गिरफ्तार गऱ्यो। पीडित महिलालाई आरोपितले जेठ १ गते साँझ ८ बजेको समयमा डेरामै एसिड प्रहार गरेको भन्दै पीडित पक्षले सोही दिन आरोपितविरूद्ध महानगरीय प्रहरी वृत्त, कमलपोखरीमा उजुरी दिएका थिए। आरोपितलाई महानगरीय प्रहरी परिसर काठमाडौँको टोलीले काडाँघारी सनसिटी अपार्टमेन्ट नजिकैबाट घटनाकै दिन गिरफ्तार गऱ्यो। एसिड प्रहारबाट घाइते भएकी पीडित जेनीकाको उपचार कीर्तिपुर अस्पतालमा भएको थियो। आरोपितलाई जिल्ला अदालतले ०७६ जेठ ७ गते नै पुर्पक्षका लागि

थुनामा राख्ने आदेश दियो । यो वर्षको अन्त्यसम्म घटनाको फैसला भएन।

कथित बोक्सीको आरोप

दोलखा जिल्ला तामाकोशी गाउँपालिका–२ घर भई काठमाडौँ महानगरपालिका–१४ बस्ने ३५ वर्षीया रश्मी उपरकोटीलाई कथित बोक्सीको आरोपमा ०७५ फागुन १२ गते कुटपिट गरेको भन्दै मोरङ जिल्ला विराटनगर महानगरपालिका– ११ घर भई काठमाडौँ महानगरपालिका २९ बस्ने आएकी ४५ बर्षीया कविता श्रेष्ठलाई प्रहरीले ०७५ फागुन १२ गते गिरफ्तार गऱ्यो । पीडित महिलालाई आरोपितले बोक्सीको आरोपमा फागुन १२ गते कुचो तथा तातो पन्यूले हानी चरम यातना दिएको भन्दै पीडित पक्षले आरोपित विरुद्ध फागुन १२ गते महानगरीय प्रहरी परिसर कालीमाटिको महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिएको थियो । पीडितको उपचार फागुन १२ गते वीर अस्पतालमा भयो । आरोपितलाई जिल्ला अदालत काठमाडौँले ०७५ फागुन २९ गते २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो ।

स्वास्थ्य सेवाको अवस्था

काठमाडौँमा ठुला अस्पताल बाहेकका २ सय ९९ ओटा स्वास्थ्य संस्थाहरू चालु अवस्थामा रहेका छन् । ती मध्य सरकारी स्वास्थ्य प्राथमिक स्वास्थ्य केन्द्र (अपग्रेड भएका) तीन, प्राथमिक स्वास्थ्य केन्द्र ६ ओटा छन् । यस्तै, हेल्थपोष्ट ५८ ओटा, खोप केन्द्र २ सय ३५ ओटा रहेका छन् । जसमा गाउँघर क्लीनिक एक सय ४२ रहेको छ ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१			११	१२
बालविवाह				१	१
बलात्कार	५	४	१	८६	९६
यौन दुर्व्यवहार				१६	१६
जम्मा	६	४	१	११६	१२६

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास				१९	१९
कथित बोक्सीको आरोप				१	१
बलात्कार	१	१		६२	६४
बलात्कार प्रयास				५	५
बहुविवाह	११			६१	७२
बेचबिखन तथा ओसारपसार				५	५
घरेलु हिंसा			२९६	३	३००
जम्मा	१२	१	२९६	१५६	४६६

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	४	३	८

३.७ भक्तपुर



जम्मा जनसङ्ख्या	३,४३,६३३
महिला	१,६५,०३७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३६,५५५
कामका लागि बाहिरिएका	१०,२१५
अपाङ्गता भएका	३,२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.५
आश्रित जनसङ्ख्या	१,०४,६८८

सन् २०१९ को अन्त्यसम्ममा ३१ प्रतिशत मात्रै निजी आवास निर्माण सकिएको राष्ट्रिय पुननिर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार आयोजना, भक्तपुरले जनायो। भक्तपुर जिल्लामा कूल २९ हजार २ सय १२ जनाको नाम भूकम्प पीडितको लाभग्राही सूचीमा परेपनि असार २१ गतेसम्म अनुदान सम्झौ ता गर्न नआउने र २०७६ असार मसान्तसम्म सम्झौता गरेर पहिलो किस्ता पनि नलिने भक्तपुरका ४ हजार २ सय ४७ भूकम्प पीडितको नाम प्राधिकरणले लाभग्राही सूचीबाट हटाएको कार्यालयका इञ्जिनियर एवम् सूचना अधिकृत भोजराज भट्टले जानकारी दिए।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार भक्तपुरका अनुसार २८ हजार ४ सय ९८ लाभग्राही सूचीमा रहेकामा २४ हजार ५ सय ५४ ले अनुदान सम्झौता गरे। त्यसमध्ये जिल्लाका चार ओटा नगरपालिकामा पहिलो किस्ता लैजाने २४ हजार ५ सय ४१ रहे। यो अनुपातलाई हेर्दा जिल्लामा ८५ प्रतिशत लाभग्राहीले पहिलो किस्ता बुझेका छन्। अनुदान सम्झौता गरेका मध्येबाट ९ हजार ५ सय ६६ ले दोस्रो किस्ता र ९ हजार १ सय २६ लाभग्राहीले मात्रै तेस्रो किस्ता लिए। यो अनुपातका आधारमा अनुदान सम्झौता गरेर दोश्रो किस्ता बुझ्ने ३३ प्रतिशत र तेस्रो किस्ता लैजाने ३१ प्रतिशत मात्रै रहे। निजी आवास पुनर्निर्माणका लागि पहिलो किस्ताको ५० हजार रुपियाँ अनुदान लिएर पनि घर नबनाउनेहरूको सङ्ख्या भने १५ हजार ४ सय १५ रहयो।

सामुदायिक विद्यालयको पुनर्निर्माणतर्फ भने जिल्लामा कूल ९७ विद्यालयमा क्षति पुगेकोमा दुई ओटा विद्यालय पूर्ण क्षति र ६० ओटा विद्यालयमा अधिक र ३५ ओटा विद्यालयमा आंशिक क्षति भएको जिल्ला आयोजना कार्यान्वयन इकाइ (शिक्षा) ले जनायो। जिल्लामा ५५ विद्यालयका ६३ ब्लक पुनर्निर्माण भएको छ।

यस वर्ष भक्तपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४२जना महिला र दुई जना पुरुष सहित ४४ जना, राज्यपक्षबाट एक महिला र १२ पुरुष पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बाल अधिकार घटनामा २२ जना पीडित भए। यस्तै महिला अधिकारका घटनामा १९जना पीडित भए।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		१	१३	१३			
हत्या					१	३	३
बाल अधिकार	बलात्कार				३१		३१
	यौन दुर्व्यवहार				१		१
	जम्मा				३३		३३
महिला अधिकार	बलात्कार				११		११
	बहुविवाह				६		६
	बेचबिखन तथा ओसारपसार				१		१
	जम्मा				१९		१९
कूल जम्मा		१	१३	१३	४३	३	४४

गिरफ्तार

यस वर्ष भक्तपुर जिल्लामा प्रतिबन्धित नेकपाका नौजना कार्यकर्ता गिरफ्तार भए ।

सिन्धुपाल्चोकको जुगल गाउँपालिका–४ स्थित पाङताङ निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता ३७ वर्षीय प्रयास भनिने गोपाल श्रेष्ठलाई २ ०७६ भदौ ४ गते सल्लाघारीस्थित आफ्नै कोठाबाट प्रहरीले गिरफ्तार गऱ्यो । भक्तपुरबाट उनलाई सोही दिन जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकमा पुऱ्याएर प्रहरीले हिरासतमा राख्यो । उनलाई मेलम्ची नपा–१० स्थित शिखरपुरको वडा कार्यालय र भोटेचौरस्थित एनसेलको टावरमा आगजनी गरेको आरोपमा गिरफ्तार गरिएको प्रहरीले जनायो । आरोपित श्रेष्ठलाई जिल्ला अदालत सिन्धुपाल्चोकले भदौ १५ गते ८० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । यो वर्षको अन्त्यसम्म फैसला नभएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका डिएसपी माधव काफ्लेले बताए ।

बालसुधार गृह

जिल्लामा गैरसरकारी संस्थाको सहयोगमा २०५८ सालदेखि बाल सुधार गृह सञ्चालनमा छ । 'ग' श्रेणीको बालसुधार गृहको क्षमता १ सय १० जनाको छ । कैद भुक्तान एवम् थुनुवा गरी २ सय ६२ बालबालिका छन् । तीमध्ये २ सय ३१ जना बालक र ३१ जना बालिका छन् । बालसुधार गृहमा शिक्षाको राम्रो व्यवस्था रहेको र एसईई परीक्षा दिएका बालबालिकाका लागि पुस्तकालयको समेत व्यवस्था रहेको बाल सुधार गृहका इञ्चार्ज असई दुर्लभ थापाले बताए । कक्षा १२ सम्ममा अध्ययन गर्नका लागि कक्षा कोठा थपसहित भवन बन्दै गरेको छ । यहाँ रहेका बालबालिकाको उचित स्वास्थ्य सेवाको समेत व्यवस्था भएको र बिरामी परेलगत्तै उपचारको व्यवस्था गरिएको उनले बताए ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँच जना न्यायाधीश रहेको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ९ सय ६९ मध्ये १ सय ५९ थान फैसला भए भने ८ सय १० फैसला हुन बाँकी रहे । देवानी मुद्दातर्फ २ हजार २ सय २६ मध्ये ६ सय २४ फैसला भए भने १ हजार ६ सय २ थान मुद्दा फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ३८ थान र देवानी मुद्दा १ सय ९१ थान रहेका छन् । अदालतका श्रेष्तेदार धनेन्द्र अधिकारीले मुद्दाको चाप बढ्दै गएको अवस्थामा नयाँ, पुराना र दुई वर्ष नाघेका मुद्दाको फर्स्यौंटलाई तीव्रता दिएको बताए । दुई वर्ष नाघेका कतिपय मुद्दाहरुमा कागजी प्रक्रिया र सम्बन्धित व्यक्तिको पूर्ण विवरण आउन नसकेकाले पनि ढिलाइ हुन गएको बताए ।

बाल अधिकार

शिक्षाको अवस्था

भक्तपुरमा आधारभूत ७९, माबि ३०, महिला विद्यालय एक, अपाङ्गता भएका व्यक्तिलाई पढाउने विद्यालय दुई र बाल सुधार गृहको विद्यालय एउटा रहेका छन् । जिल्लामा दुई ओटा विद्यालय अपाङ्गमैत्री छन् । यो वर्ष जिल्लामा ९ हजार ८ सय ७१ बालक र ७ हजार ६ सय ८७ बालिका विद्यालयमा भर्ना भए । द्वन्द्वपीडित परिवारका ९८ जना बालबालिकाले छात्रवृत्ति पाएका छन् । दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यबस्था गरिएको छ । यद्यपी केही सामुदायिक विद्यालयले अङ्ग्रेजी माध्यमको शिक्षा दिने भन्दै शुल्क सङ्कलन गरिएको पाइयो ।

यस वर्ष जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा २२ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । जसमा बलात्कार घटनामा २१ जना पीडित भए । आरोपितमध्ये जिल्ला अदालतले ६ जनालाई पुर्पक्षका लागि थुनामा पठाएको, दुई जनाको अनुसन्धान भइरहेको, दुई जना यस वर्षको अन्त्यसम्म फरार रहेको इन्सेकले अभिलेख गऱ्यो ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यसवर्ष घरेलु हिंसाबाट पीडित भन्दै १ सय ४३ जना महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा शारीरिक यातना, कुटपिट गरी घर निकालाका ४३ उजुरी दर्ता गरिएकामा ३९ ओटामा मिलापत्र गराएको र चार ओटा उजुरीकर्ता पछि सम्पर्कमा नै नआएको जानकारी केन्द्रकी सई सानु श्रेष्ठले जानकारी दिइन् । शारीरिक, मानसिक र आर्थिक यातना दिएका ९६ उजुरी दर्ता भएकामा ८४ ओटाको मिलापत्र भएको र १२ उजुरीकर्ता सम्पर्कमा नै आएनन् । मानसिक, आर्थिक, शारीरिक र यौनजन्य हिंसाका चार ओटा उजुरी दर्ता भएकामा तीन ओटाको मिलापत्र भएको र एउटा उजुरीको उजुरीकर्ता सम्पर्कमा नआएको सई श्रेष्ठले बताइन् । बहुविवाहतर्फ १६ ओटा उजुरी दर्ता भएकोमा मिलापत्र नभई कानूनी प्रक्रिया मार्फत जिल्ला अदालतमा मुद्दा चलाएको छ ।

यस वर्ष जिल्लामा बलात्कार घटनामा ११ जना, बेचबिखनमा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका कुनै पनि मुद्दा फैसला भएनन् । बेचबिखन तथा ओसार पसार घटनाका तीन जना आरोपित जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि थुनामा छन् ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा कूल १६ ओटा अस्पताल छन् । जसमा तीन ओटा सरकारी अस्पताल रहेका छन् । प्रदेशस्तरको अस्पतालको रूपमा भक्तपुर अस्पतालमा भने मेडिकल सुपरिटेण्डेण्टसहित १ सय २ दरबन्दी रहेकामा ६१ दरबन्दी रिक्त छन् । यो वर्षको अन्त्यमा १७ जना करारमा र ५३ जना अस्पताल विकास समितिमार्फत कार्यरत रहेका व्यवस्थापन समितिका अध्यक्ष मिलन सुवालले बताए । त्यस्तै शहिद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्र र राष्ट्रिय क्षयरोग केन्द्र रहेका छन् ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	१९	२१
यौन दुर्व्यवहार		१	१
जम्मा	२	२०	२२

महिला अधिकार			
घटनाको प्रकार	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१०	११
बहुविवाह	१	६	७
बेचबिखन तथा ओसारपसार		१	१
जम्मा	२	१७	१९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

३.८ ललितपुर

जम्मा जनसङ्ख्या	५,३३,४१०
महिला	२,६२,५४५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३४,५५४
कामका लागि बाहिरिएका	२४,३८६
अपाङ्गता भएका	४,५३४
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.४
आश्रित जनसङ्ख्या	१,६२,४४७



ललितपुर जिल्लामा यस वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६८ जना महिला तथा नौ जना पुरुष गरी ७७ जना र राज्यपक्षबाट २२ जना पुरुष गरी ९९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा ४१ जना र महिला अधिकार उल्लङ्घनको घटनामा २१ जना पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानितरूपले बाँच्न पाउने अधिकार विष्फोटमा परी मृत्यु

अन्यपक्षबाट

ललितपुर महानगरपालिका-१३ नख्खु एकान्तकुनामा २०७५ फागुन १० गते बेलुका एनसेल कम्पनीको कार्यालय अगाडि बम विष्फोट हुँदा घाइते भएका लमजुङ जिल्लाका ३९ वर्षीय सिंगप्रसाद गुरूङको फागुन १० गते नेपाल मेडिसिटी अस्पतालमा उपचारको क्रममा मृत्यु भयो। सो घटनामा घाइते भएका ललितपुर महानगरपालिका-४, बागडोलकी २६ वर्षीया प्रतीक्षा खड्का र काभ्रे जिल्ला बनेपा नगरपालिकाकी २५ वर्षीया उरूषा मानन्धरको मेडिसिटी अस्पताल, नक्खुमा उपचार भयो।

कारागार र बन्दी

'क' श्रेणीको नख्खु कारागारको क्षमता ६ सय जनाको छ। हाल कारागारमा बन्दी ९ सय ९४ जना पुरुष कैद तोकिएको संख्या ५ सय ५७ पुरुष रहेको छ भने महिला बन्दी छैनन्। कारागारमा विदेशी १ सय २४ बन्दीसमेत गरी १ हजार ५ सय ५१ रहेका छन्। कारागार मा १ सय ३० जना कैदीबन्दीहरू जटिल मानसिक रोगी

र सामान्य मानसिक रोगी एक सय ६३ गरी कूल ३ सय ९३ जना मानसिक रोगको औषधि उपचार गराइ रहेका छन्।

कारागारमा पुस्तकालयको पनि व्यवस्था छ। स्वास्थ्य उपचारका लागि जेल भित्र नै अहेवसहित क्लिनिक छ। कारागारमा पत्रपत्रिकाहरू पढ्ने, भलिबल, चेस, लुँडो र क्यारमवोर्ड खेल्ने सुविधा छ। बन्दीहरूले बाँसको मुढा, पर्स र ढाकाको टोपी बुनेर आयआर्जन गर्ने गरेका छन्। यस वर्ष नख्खु कारागारमा कैदीबन्दीबीच कुटाकुट हुँदा एक जनाको मृत्यु भयो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१		१
गिरफ्तार		११	११			
कुटपिट				१	५	६
हत्या				३	३	६
बाल अधिकार	बलात्कार			३१		३१
	यौन दुर्व्यवहार			९	१	१०
	जम्मा			४०	१	४१
महिला अधिकार	बलात्कार			१४		१४
	बलात्कार प्रयास			१		१
	घरेलु हिंसा			१		१
	यौन दुर्व्यवहार			४		४
	जम्मा			११		११
कूल जम्मा		११	११	६८	९	७७

गिरफ्तार

यसवर्ष ललितपुर जिल्लाबाट प्रतिबन्धित नेकपाका १३ जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार भएका मध्ये जिल्ला अदालतले आठ जनालाई पूर्पक्षका लागि थुनामा पठायो। चार जनालाई साधारण तारेखमा छाड्यो अर्का एक जनालाई पुर्पक्षका लागि कारागार चलान गऱ्यो।

प्रतिबन्धित नेकपाका स्थायी कमिटीका सदस्य तथा मध्य केन्द्रीय कमाण्ड इञ्चार्ज पश्चिम रूकुम त्रिवेणी गाउँपालिका-६ का ५४ वर्षीय हेमन्तप्रकाश वली (सुदर्शन) लाई २०७५ चैत ९ गते प्रहरीले काभ्रेबाट गिरफ्तार गरी ललितपुर ल्यायो। वलीलाई प्रहरीले अदालत पेश गरेकामा ०७६ वैशाख १३ गते जिल्ला अदालत ललितपुरले पुर्पक्षका लागि नख्खु कारागार चलान गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष १ हजार २ सय ३४ फौजदारी मुद्दामध्ये ७ सय ३२ थान मुद्दा फैसला भयो भने २ हजार ४ सय ७० देवानी मुद्दामध्ये १ हजार ४ सय ६३ थान फैसला भयो। यस वर्ष ५९ दशमलब ३८ प्रतिशत मुद्दा फैसला भएका छन्। यस अदालतमा दुई वर्षभन्दा पुराना ५ सय २ फौजदारी र १ हजार ७ थान देवानी मुद्दा छन्।

उच्च अदालत

३६ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत पाटनमा यस वर्षका लागि दुनियावादी देवानीका १ हजार ६ सय ४४ थान, दुनियावादी फौजदारीका पाँच सय ६५ थान, सरकारवादी फौजदारीका २ हजार १९ थान र सुरू क्षेत्राधिकारबाट ४० थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७५ पुस १७ देखि ०७६ पुस १५ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ दुईहजार ६ सय ९५ थान उजुरी परे भने अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत २ हजार ९ सय १८ थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय १५ आधारभूत र ७५ मावि छन्। १ हजार ९ सय २८ शिक्षक दरबन्दी रहेकामा १४ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २१ हजार ८ सय ७९ बालक र १९ हजार सात सय ७५ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय २६ बालिका र १ सय ५५ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय पाटन मावि र आदर्श सौल युवक मावि गरी दुई ओटा मात्र छन्। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा

समन्वय इकाइका प्रमुख योगेन्द्रप्रसाद बरालले बताउनु भयो । विशेषगरी नगर क्षेत्रमा अभिभावकको रोजगारीका कारण सबै बालबालिकालाई विद्यालय प्रवेश गराउन नसकिएको उनले बताए ।

यस वर्ष ललितपुर जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ४१ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनामा ३१ जना, यौन दुर्व्यवहारको घटनामा एक बालक सहित १० जना पीडित भए । बलात्कार घटनाका १९ जना आरोपितलाई अदालतले पुर्पक्षको लागि जेल चलान गऱ्यो । सात जनालाई कदै फैसला गऱ्यो । ६ जना अनुसन्धानका लागि यो वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहे । यौनदुर्व्यवहार घटनाका चार जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो । दुई जना आरोपितविरुद्ध कैद फैसला भयो । यस्तै दुई जना बालिकालाई अपहरण गरी शरीरबन्धक बनाइ बलात्कार गरेको घटनामा एक आरोपितलाई कैद फैसला भयो ।

बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई २०७५ पुस २३ गते बलात्कार गरेको आरोपमा प्रहरीले धादिङ जिल्ला धुनिबेसी नगरपालिका, नौबिसे घर भई ललितपुर जिल्ला गोदावरी नगरपालिका–१४, ठैब चोकमा बस्ने २० वर्षीय विजय तामाङलाई असार ६ गते गिरफ्तार गऱ्यो । पीडितका आफन्तले असार ५ गते महानगरीय प्रहरी वृत्त, सातदोबाटोमा उजुरी दिएका थिए । पीडित बालिकाको स्वास्थ्य परीक्षण असार ५ गते नै पाटन अस्पताल ललितपुरमा भयो । जिल्ला अदालतले २०७६ कात्तिक १७ गते आरोपितलाई १० वर्ष कैद सजाय र ५० हजार रूपियाँ जरिबाना असुल गर्ने फैसला सुनायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१९ मा ललितपुर जिल्लामा महिला अधिकार उल्लङ्घनको घटनामा २१ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाबाट १४, यौन दुर्व्यवहार घटनामा चार, घरेलु हिंसामा एक र बलात्कार प्रयास घटनामा दुई जना महिला पीडित भए । एक जना महिलाको परिवारजनबाट हत्या भयो । बलात्कार घटनाका आठ जनालाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउने र तीन जनालाई कैद सजाय सुनायो । बलात्कार घटनाका तीन जना आरोपितले सफाइ पाए । तीन जना आरोपित यो वर्षको अन्तसम्म फरार रहे भने दुई जना यो वर्षको अन्तसम्म अनुसन्धानको लागि हिरासतमा रहे ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया महिलालाई ०७५ चैत ५ गते बलात्कार गरेको आरोपमा ललितपुर महानगरपालिका २१ भैँसेपाटीका २१ वर्षीय रबिन भन्ने मनिराज साहीलाई प्रहरीले चैत ७ गते गिरफ्तार गऱ्यो । पीडित महिलालाई आरोपितले चैत ५ गते बलात्कार गरेको भन्दै पीडितपक्षले आरोपितविरुद्ध चैत ७ गते महानगरीय प्रहरी परिसर, जावलाखेलमा उजुरी दियो । पीडित महिलाको स्वास्थ्य परीक्षण चैत ७ गते पाटन अस्पताल, ललितपुरमा भयो । जिल्ला अदालत, ललितपुरको ०७५ चैत २९ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि नख्खु कारागार चलान गरिएकोमा अदालतले पुस १५ गते १० वर्ष कैद गर्ने सजाय सुनायो ।

स्वास्थ्य सेवाको अवस्था

ललितपुरमा सरकारी, निजी र सहकारी गरी २४ ओटा अस्पताल रहेका छन् । ललितपुरमा केन्द्रीय स्तरको ५० शैयाको एउटा मानसिक अस्पताल छ । नौ जना विशेषज्ञको दरबन्दी रहेकोमा दुई जना अध्ययन बिदामा रहेका छन् भने १० औँ तहको दुई ओटा दरबन्दी खाली रहेको छ । बिरामीको चापलाई मध्यनजर गरी सात जना एमडी आवासीय विद्यार्थी चिकित्सकबाट समेत सेवा लिएको अस्पतालले जनायो । जिल्लामा शिक्षण अस्पताल तीन, नगर अस्पताल एक, स्वास्थ्य चौकी ३८, सहरी स्वास्थ्य केन्द्र ६ ओटा र प्राथमिक स्वास्थ्य केन्द्र तीनओटा छन् । गोदावरी नगरपालिका–११ मा २०७६ साल असोजदेखि १५ शैयाको बज्रबाराही चापागाउँ, अस्पताल सञ्चालनमा आएको छ । दुई जना डाक्टरको दरबन्दी रहेकोमा एक जना सेवारत छन् ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	३९	३१
यौन दुर्व्यवहार	५	४	९
जम्मा	७	३३	४०

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	१०	१४
बलात्कार प्रयास			२	२
घरेलु हिंसा			१	१
यौन दुर्व्यवहार		१	३	४
जम्मा	१	४	१६	२१

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	५	६

३.९ काभ्रेपलाञ्चोक

जम्मा जनसङ्ख्या	३,८०,५०४
महिला	१,९९,८१९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५२,०१८
कामका लागि बाहिरिएका	१४,५३१
अपाङ्गता भएका	६,६७०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६९.८
आश्रित जनसङ्ख्या	१,४७,२८५

काभ्रेमा यो वर्ष राज्यपक्षबाट चार जना पुरुष र अन्यपक्षबाट दुई जना पुरुषसहित २४ जना गरी २८ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटना अनुसार बाल अधिकार उल्लङ्घनबाट १२ जना बालिका र महिला अधिकार उल्लङ्घनबाट सात जना महिला पीडित भए । राज्य पक्षबाट चार जना पीडित भएका अभिलेख राखिएकामा चारै जना प्रतिबन्धित नेकपाका कार्यकर्ता थिए ।

कारागार र बन्दी

७५ जना क्षमता रहेको 'ङ' श्रेणीको काभ्रे जिल्ला कारागारमा १ सय ७६ जना कैदी र ७५ जना थुनुवा गरी र २ सय ४२ जना रहेका छन् । जसमा १९ जना मानसिक रोगी रहेका छन् । ६१ वर्ष भन्दा माथिका ४० जना छन् । दैनिक औषधि सेवन गर्ने १९ जना मानसिक रोगी रहेका छन् । सुगर, प्रेसरका रोगी पाँच जना रहेका छन् । यस कारागारका कैदी र बन्दीहरूको स्वास्थ्य उपचारका लागी एक जना नेपाल सरकारको छैठौँ तहका स्वस्थ्य कर्मचारी कार्यरत छन् । आवश्यकताको आधारमा धुलिखेल अस्पतालमा उपचारका लागि लगिने तथा विगत ६ महिनादेखि दुईजनाको उपचार धुलिखेल अस्पतालमा गराउँदै आइरहेको जेलर जकबहादुर राईले बताए । यस वर्ष राष्ट्रिय मानवअधिकार आयोग र इन्सेकले कारागार अनुगमन गरेका थिए ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीनजना न्यायाधीश रहेका काभ्रे जिल्ला अदालतमा दुई वर्ष नाघेका फौजदारी १० थान र देवानी १८ थान मुद्दा बाँकी छन् । अदालतमा ४५ जनाको दरबन्दी रहेको छ । जसमा एक जना उपसचिव मात्र रिक्त रहेकाले न्याय सम्पादनमा कुनै समस्या छैन । अहिले नयाँ बनेको स्थानीय तहको संरचना अनुसारको ठेगाना र वतन स्पष्ट नखुलेर म्याद फिर्ता नआउने समस्या रहेको छ । जिल्लाका सबै स्थानीय तहमा रहेको न्यायिक समितिमा कानुनी सहजकर्ता नियुक्ति गरेर काम भइरहेको छ ।

बाल अधिकार

शिक्षाको अवस्था

काभ्रेपलाञ्चोक जिल्लामा ३ सय ७२ आधारभूत र १ सय ४५ ओटा माध्यमिक विद्यालय छन् । संस्थागत विद्यालयतर्फ १ सय ५९

आधारभूत तह र ९२ मावि तह छन् । यो वर्ष कक्षा एकमा सामुदायिकतर्फ २ हजार ६ सय २६ बालक र २ हजार ५ सय ४८ बालिका भर्ना भए । जिल्लामा ४ सय ९३ ओटा बालविकास केन्द्रमा ३ हजार ३ सय २० बालक र ३ हजार १ सय ९ जना बालिका भर्ना भएका छन् । द्वन्द्व पीडित छात्रवृत्ति २१ जनाले २ लाख ७४ हजार रुपियाँ पाएको शिक्षा विकास तथा समन्वय एकाइका शाखा अधिकृत ध्रुबप्रसाद कोइरालाले बताए । पनौती नगरपालिकाको वडा नम्बर २ र १२ त्यसै गरी धुलिखेल नगर पालिका–१२ बालमैत्री घोषणा भए । मण्डनदेउपुर नगरपालिकाभित्र रहेका ४० ओटै विद्यालयमा सूचना अधिकारी राखिएको छ ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		४	४			
हत्या				३	१	५
बाल अधिकार	बलात्कार			९		९
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१२		१२
महिला अधिकार	बलात्कार			३		३
	बहुविवाह			२		२
	बेचबिखन तथा ओसारपसार			१		१
	घरेलु हिंसा			१		१
	जम्मा			६		६
कूल जम्मा		४	४	२२	१	२४

यो वर्ष बलात्कारका घटनामा नौ जना र यौन दुर्व्यवहारका घटनामा तीन जना गरी १२ जना बालिका पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनाका आरोपित गिरफ्तार भएका भएपनि यो वर्षको अन्त्यसम्म कुनै पनि मुद्दाको फैसला भएन ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ८३ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । यीमध्ये प्रहरीले १ सय ६८ ओटामा मिलापत्र गरायो भने १९ ओटा घटनाको मुद्दा जिल्ला अदालत पुगेका छन् । १४ ओटा बहुविवाह र तीन ओटा बालविवाहको उजुरी प्रहरीमा परेको सेवा केन्द्रकी प्रमुख सीता श्रेष्ठले बताइन् । जिल्लामा यो वर्ष जघन्य अपराधका कुनै पनि घटना मेलमिलाप भएका छैनन् । स्थानीय तहको संरचनापछि जिल्ला प्रहरी कार्यालयमा जघन्य अपराधमा मात्रै उजुरी पर्ने गरेको छ । मिलापत्र गर्न मिल्ने घटनाको स्थानीयस्तरमै रहेको न्यायिक समितिले मिलापत्र गर्ने गरेका छन् । जसले गर्दा न्यायका लागि जिल्लासम्म धाइरहनुपर्ने स्थानीय बाध्यता टरेको श्रेष्ठले बताइन् ।

यो वर्ष बलात्कारका घटनामा तीन जना, बहुविवाहबाट दुई जना र घरेलु हिंसाका कारण एक जना गरी सात जना महिला पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । बलात्कारका पाँच घटनामध्ये दुई ओटा घटनाका आरोपित फरार र तीन घटनाका आरोपित पुर्पक्षका लागि कारागारमा रहे । अभिलेखित घटनाका आरोपित गिरफ्तार भएका भए पनि यो वर्षको अन्त्यसम्म कुनै पनि मुद्दाको फैसला भएन ।

स्वास्थ्य सेवाको अवस्था

काभ्रेपलाञ्चोक जिल्लामा दुई ओटा अस्पताल, ८९ ओटा स्वास्थ्य चौकी, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा डाक्टरको पाँच दरबन्दीमा करारसहित १५ जना कार्यरत छन् । अहेवको १ सय ९० दरबन्दी रहेकामा ५८ रिक्त छ । अनमीको १ सय ८८ दरबन्दीमा ७९ रिक्त छ । हेल्थ असिस्टेण्टको ९२ दरबन्दीमा ७६ रिक्त छ ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		९	९
यौन दुर्व्यवहार	१	२	३
जम्मा	१	११	१२

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	१		३
बहुविवाह		१	१	२
बेचबिखन तथा ओसार पसार			१	१
घरेलु हिंसा			१	१
जम्मा	२	२	३	७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

३.१० रामेछाप



जम्मा जनसङ्ख्या	१,५८,५१२
महिला	१,०८,३५५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५१,४६७
कामका लागि बाहिरिएका	११,१५५
अपाङ्गता भएका	४,४१८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७
आश्रित जनसङ्ख्या	८८,८६१

यस वर्ष रामेछाप जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १५ महिला र १० पुरुषसहित २५ जना र राज्यपक्षबाट दुई पुरुषसमेत २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका, महिला अधिकार उल्लङ्घनमा पाँच जना महिला पीडित भए । जातीय विभेदका घटनामा दुई महिला र दुई पुरुष पीडित भए । अन्यपक्षको कुटपिटबाट पाँच जना पीडित भएको अभिलेख छ । परिवारजनबाट दुई जना महिलाको हत्या भयो ।

गिरफ्तार

यस वर्ष रामेछाप जिल्लाबाट प्रतिबन्धित नेकपाका दुई जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार दुवै जना जिल्ला प्रशासन कार्यालयको आदेशमा रिहा भए ।

खाँडादेवी गाउँपालिका–१ निवासी प्रतिबन्धित नेकपाका प्रदेश ३ का सदस्य ५० वर्षीय प्रेमबहादुर श्रेष्ठ र सोही ठाउँका २९ वर्षीय चेतनारायण श्रेष्ठलाई पार्टीका नाममा जबरजस्ती चन्दा उठाएको आरोपमा २०७५ फागुन ३० गते प्रहरीले खाँडादेवी गाउँपालिका–१ बाट गिरफ्तार गऱ्यो । आरोपितलाई सोही दिन जिल्ला प्रहरी कार्यालय, रामेछापमा ल्याएकोमा चैत २२ गते जिल्ला प्रशासन कार्यालय, रामेछापमा अभद्र व्यवहारको मुद्दा दर्ता भयो । उनीहरूलाई जिल्ला प्रशासन कार्यालयले २०७६ भदौ १० गते जनही १० हजार रुपियाँ जरिबाना गरी छाड्ने आदेश गऱ्यो ।

कारागार र बन्दी

१ सय जनाको क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारमा तर १ सय १० कैदी र ४२ थुनुवा गरी १ सय ५२ जना छन् । जसमा कैदी आठ र थुनुवा चार जना गरी १२ जना महिला छन् । पुरुष ३ सय २ कैदी र ३८ थुनुवा छन् । कैदीमध्ये १९ जना विदेशी पुरुषहरू छन् । क्षमताभन्दा बढी कैदी थुनुवा रहेको कारागारमा पानीको सबैभन्दा बढी समस्या रहेको कैदीबन्दीले बताए ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष सरकारवादी फौजदारी मुद्दातर्फ २७ मुद्दा दर्ता भए र ४५ मुद्दा फैसला भए । फौजदारी १५ मुद्दा दर्ता भए भने पाँच थान मुद्दा फैसला भए । देवानी

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
जातीय विभेद				२	२	४
गिरफ्तार		२	२			
कुटपिट					५	५
धम्की					२	२
हत्या				२	१	३
बाल अधिकार	बलात्कार			२		२
	यौन दुर्व्यवहार			४		४
	जम्मा			६		६
महिला अधिकार	बलात्कार			१		१
	बहुविवाह			१		१
	घरेलु हिंसा			२		२
	यौन दुर्व्यवहार			१		१
	जम्मा			५		५
कूल जम्मा		२	२	१५	१०	२५

मुद्दातर्फ १ सय ७९ थान मुद्दा दर्ता भएकोमा १ सय ४ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

रामेछाप जिल्लामा सामुदायिकतर्फ ३ सय ९ आधारभूत र ९१ माध्यमिक विद्यालय छन्। संस्थागततर्फ १० आधारभूत र तीन मावि छन्। शिक्षा विकास समन्वय समितिमार्फत यस वर्ष वैदेशिक रोजगारीमा गई मृत्यु भएका र अङ्गभङ्ग भएका परिवारका २५ जना तथा ११ जना द्वन्द्वपीडित परिवारका विद्यार्थीहरूले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाका सामुदायिक विद्यालयमा २१ हजार ६ सय ८५ छात्र र २३ हजार १ सय १४ छात्रा भर्ना भए।

गाउँपालिकाको शिक्षा शाखामार्फत लक्षित समुदायका विद्यार्थीहरूलाई खाजा खर्च, छात्रा र दलित समुदायका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरेको छ। लिखु तामाकोसी गाउँपालिकाे बजेट तथा कार्यक्रम नआएको कारण विद्यार्थीहरूले यस वर्षको छात्रावृत्ति तथा खाजा खर्चको रकम पाएका छैनन्। त्यस्तै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क भनिएको भए पनि जिल्लाका सबै विद्यालयहरूले अभिभावकहरूसँग सहयोग रकम भन्दै घुमाउरो हिसाबले विद्यार्थीबाट रकम असुल गरिरहेका छन्।

यस वर्ष रामेछाप जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा दुई जना, यौनदुर्व्यवहार घटनामा चार जना बालिका पीडित भए। यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो। अदालतले दुई जना आरोपितलाई बाल सुधारगृह भक्तपुर पठाउने आदेश गऱ्यो। बलात्कार घटनाका एक आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। जातीय विभेदको एक घटनामा अदालतले आरोपितबाट क्षतिपूर्ति भराउने र जरिवाना गर्ने फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा हेटौँडा उपमहानगरपालिका स्थायी घर भई खाँडादेवी गाउँपालिका–६ माकादुममा मिस्त्री काम गर्ने २६ वर्षीय राधेश्वर थिङ तामाङलाई २०७५ माघ २ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितले पीडित बालिकालाई माघ १ गते दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले आरोपित विरुद्ध प्रहरी चौकी, चोप्राङमा माघ २ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, रामेछाप पठायो। आरोपितउपर माघ २३ गते जिल्ला अदालत, रामेछापमा बलात्कारको मुद्दा दर्ता भएकोमा २०७६ कात्तिक ५ गतेको फैसलाले १० वर्षको जेल सजाय भएको छ।

जातीय विभेद

खाँडादेवी गाउँपालिका–५ की १५ वर्षीया अस्मिता रसाइलीलाई २०७५ पुस २४ गते पँधेरामा पानी छोएको भनी खाँडादेवी गाउँपालिका–५ पकर बासकी ५५ वर्षीया मैया कार्कीले जातीय विभेद गरेको आरोपमा माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा आरोपितविरुद्ध पीडित पक्षले उजुरी दियो। बालिकालाई आरोपितले पँधेरोमा पानी भर्न जाँदा पँधेरो छोएको भन्दै कुटपिट गरी अपशब्द प्रयोग गरेकी थिइन्। आरोपितउपर ०७६ असार १८ गते जिल्ला अदालत रामेछापमा मुद्दा दर्ता भएकोमा ०७६ कात्तिक ७ गते

पीडितलाई पीडकबाट १२ हजार रुपियाँ क्षतिपूर्ति भराउने र ५ हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १५ जना महिलाले महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । यी मध्ये ११ ओटामा मिलापत्र भयो भने चार ओटा उजुरी कार बाही प्रक्रियामा छन् । मिलापत्र भएर फर्किएकाहरू फेरि हिंसा पीडित भएको भनी प्रहरी कार्यालयमा आएनन् । प्रहरी कार्यालयमा यस आर्थिक वर्षमा महिलाहरू हराएका २७ ओटा निवेदन परेकोमा खोजीको क्रममा १७ जना फेला परे । १० जना यो वर्षको अन्त्यसम्म फेला परेनन् । हराएका भनेका महिलाहरू प्राय विवाह गरी भागेका तथा घरमा विवाद भइ माइती वा आफन्तकोमा गएर बस्ने गरेको पाइएको प्रहरी इन्स्पेक्टर रविभुषण यादवले बताए । महिला हराएको सूचना प्रहरीमा दिने तर फेला परेको जानकारी नदिने भएकाले गर्दा पनि फेला परेकाहरूको एकिन तथ्याङ्क नहुने उनले बताए ।

सन् २०१९ मा रामेछाप जिल्लामा घरेलु हिंसाका घटनामा दुई जना, परिवारजनबाट हत्याका घटनामा दुई जना, बलात्कार घटनामा एक जना, यौन दुर्व्यवहार घटनामा एक जना, बहुविवाह घटनामा एक जना पीडित भएको इन्सेकमा अभिलेख भयो । परिवारजनबाट हत्याका दुई घटनाका एक आरोपितलाई जिल्ला अदालतले कैद र एक जनालाई पुर्पक्षका लागि थुनामा पठायो ।

परिवारजनबाट हत्या

लिखु तामाकोसी गाउँपालिका–३ की ५० वर्षीया धनकुमारी दमाईलाई ०७६ जेठ २ गते ६१ वर्षीय पति निरबहादुर दमाइले हत्या गरेको आरोपमा प्रहरीले जेठ २ गते गिरफ्तार गऱ्यो । जिल्ला प्रहरी कार्यालय, रामेछापका इन्स्पेक्टर शेख अदालतकाअनुसार घरमा खाना पकाइरहेकी पत्नीलाई आरोपित निरबहादुरले दाउराले हिर्काएर हत्या गरेका थिए। शवको पोष्टमार्टम जेठ ३ गते प्राथामिक स्वास्थ्य केन्द्र, मन्थलीमा गरी परिवारले जिम्मा लिए। मादकपदार्थ सेवन र पारिवारिक विवादमा उनको हत्या भएको थियो। आरोपितविरुद्ध जेठ १० गते जिल्ला अदालत, रामेछापमा मुद्दा दर्ता भयो । जिल्ला अदालतले कात्तिक ३ गते आरोपितलाई १ लाख रुपियाँ जरिबाना र १० वर्षको जेल सजाय सुनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरक्षचना / सम्पत्ति क्षति

खाँडादेवी गाउँपालिका–३ भिरपानीको वडा कार्यालयमा २०७६ साउन १८ गते बिहान अज्ञात पक्षले खाना पकाउने ग्यासको सिलिण्डर विष्फोट गराई कार्यालयमा क्षति पुऱ्यायो । विष्फोटबाट कार्यालयमा राखिएका दराज, च्याक र त्यसमा राखिएका कागजपत्रहरू जलेर नष्ट भए । दोरम्बा गाउँपालिका–१ डडुवाडाँडा कटेरीमा रहेको एनसेल टावरमा ०७६ साउन १९ गते बम विष्फोटबाट क्षति भयो । मन्थली नगरपालिका–५ सुनारपानीका २८ वर्षीय नवीन कार्कीको बा ५ ख ३७४४ नम्बरको मिनीट्रकमा ०७६ भदौ ९ गते राति अज्ञात पक्षले आगजनी गऱ्यो । सवारी धनी कार्की तामाकोशी ढुवानी सेवा समितिका अध्यक्ष पनि हुन् ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र ५१ स्वास्थ्य चौकी, एक उपस्वास्थ्य चौकी, १५ सहरी स्वास्थ्य सेवा केन्द्र र १६ ओटा सामुदायिक स्वास्थ्य सेवा इकाइ छन् । जिल्लामा एक मेडिकल सुपरिटेन्डेन्ट सहित ६ जना डाक्टरको दरबन्दी रहेकोमा करारका सहित १० जना डाक्टर कार्यरत छन् ।

स्वास्थ्य संस्थाहरूमा नागरिकलाई नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने भनेका औषधिहरू यस वर्ष पनि बेलाबेलामा अभाव भइरहयो । कुनै पनि स्वास्थ्य संस्थाले निःशुल्क उपलब्ध गराउने सबै खालका औषधि नियमित उपलब्ध गराउन सकेनन् । स्वास्थ्यकर्मीहरू नियमित स्वास्थ्य संस्थामा नहुने, उपकरणहरू पर्यापत नहुने समस्या यस वर्ष पनि कायम रहेको जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन केशव फुयालले बताए । ज्येष्ठ नागरिकहरूको लागि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भए पनि बिमाकर्ताहरूको लापर बाहीको कारण अझै पनि ज्येष्ठ नागरिकहरू स्वास्थ्य बिमाको पहुँचमा पुग्न नसकेको अधिकारकर्मी अधिवक्ता पाण्डव प्रसाइले बताए ।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		२	२
यौन दुर्व्यवहार	१	३	४
जम्मा	१	५	६

महिला अधिकार			
घटनाको प्रकार	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
बहुविवाह		१	१
घरेलु हिंसा	२		२
यौन दुर्व्यवहार		१	१
जम्मा	२	३	५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

३.११ सिन्धुली

जम्मा जनसङ्ख्या	३,०३,११४
महिला	१,५५,८३८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१२,३०२
कामका लागि बाहिरिएका	१५,२८७
अपाङ्गता भएका	६,४६६
५ वर्षमाथिको साक्षरता प्रतिशत	७५
आश्रित जनसङ्ख्या	१,४१,८७०

यस वर्ष सिन्धुली जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ७८ जना महिला, १० पुरुषसहित ८८ जना र राज्यपक्षबाट पाँच जना पुरुष गरी ९३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो।

गिरफ्तार

यस वर्ष प्रतिबन्धित नेकपाका नेता/कार्यकर्ता ६ जनालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएका र अदालतबाट रिहाइको आदेश पाएका दुई जनालाई प्रहरीले पुनः गिरफ्तार गऱ्यो । पुनः गिरफ्तार भएका दुई जनालाई अर्को जिल्ला पठाएको र तीन जना धरौटी बुझाउन नसकी पुर्पक्षमा गए।

सर्लाही जिल्ला हरिवन नगरपालिका-६ का ३० वर्षीय पवन महतो र भोजपुर जिल्ला षडानन्द नगरपालिका-१ नेपालडाँडाका ३७ वर्षीय तिर्थबहादुर राईलाई २०७६ जेठ १२ गते प्रतिबन्धित नेकपाका कार्यकर्ता भएको आरोपमा प्रहरीले कमलामाई नगरपालिका-१ डाँडीगुराँसेबाट गिरफ्तार गऱ्यो । महतो र राईविरुद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा असार २ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढाएकोमा सोही दिन प्रशासनको आदेशमा आरोपितसँग जनही २१ हजार रुपियाँ धरौटी माग गऱ्यो । धरौटी रकम बुझाउन नसकी उनीहरू पुर्पक्षका लागि थुनामा गए । जिल्ला प्रशासन कार्यालयको भदौ १९ को गते आरोपितलाई ६/६ महिनाको कैद सजाय सुनायो । उनीहरू कैद भुक्तान गरी ०७६ मङ्सिर ४ गते जेल बाहिर निस्केलगत्तै प्रहरीले पुनः गिरफ्तार गऱ्यो । पुनः गिरफ्तार गरिएका राईलाई रामेछाप र महतोलाई सर्लाहीमा पठाइएको प्रहरीले बतायो। राई नेकपाका जनकपुर अञ्चल सदस्य हुन् भने महतो कार्यकर्ता हुन्।

कारागार र बन्दी

५० जनाको क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारमा ९० कैदी र ७५ थुनुवा गरी १ सय ६१ जना छन्। जसमा महिला पाँच जना छन्। १८ वर्ष माथिका पाँच महिला र १ सय ६१ पुरुष छन्। बहुविवाह मुद्दामा कारागारमा कैद सजाय भोगिरहेकी गर्भवती महिला बिमला विकलाई कारागार ऐनको दफा १२ र कारागार नियमावली तथा कारागार व्यवस्थापन कार्यविधि २०७३ को परिच्छेद ३ को दफा ३ बमोजिम ६० दिन सुत्केरी बिदा दिइएको थियो। उनलाई पुस २६ गते कारागारमा हाजिर हुन आउने गरि जमानीमा २०७६ कात्तिक २७ गते सुत्केरी बिदा दिइएको थियो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	१		३	३
अमानवीय व्यवहार					१	१
गिरफ्तार		४	४			
कुटपिट					७	७
हत्या				३		३
बाल अधिकार	बलात्कार			९		९
	यौन दुर्व्यवहार			४		४
	जम्मा			१३		१३
महिला अधिकार	बलात्कार			५		५
	बलात्कार प्रयास			३		३
	बहुविवाह			७		७
	घरेलु हिंसा			४८		४८
	जम्मा			६३		६३
कूल जम्मा		५	५	७८	१०	८८

कारगारमा पत्रपत्रिका, टेलिभिजन, खेलकुदका सामग्री (लुडो, चेस, क्यारमबोर्ड, व्याडमिन्टन) आदिको व्यवस्था गरिएको छ । कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि हेल्थ असिस्टेण्टको दरबन्दी रहेकोमा कर्मचारी समायोजनका कारण उक्त दरबन्दी पूर्ति हुन सकेको छैन ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेका सिन्धुली जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ४२ मध्ये १ सय ६७ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय ३७ मध्ये २ सय १४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन् भने देवानी मुद्दा एक थान बाँकी छ। यो अदालतमा कर्मचारी दरबन्दी अनुसार पूर्ति नहुँदा नियमित काम सञ्चालनमा समस्या हुँदै आएको छ। अदालतले नौ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने आठ जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ६२ आधारभूत र १ सय ४१ मावि छन् । सामुदायिक विद्यालयतर्फ ४ सय ६ प्रारम्भिक बाल विकास केन्द्र, ५ सय ८०, ४ सय ६२ आधारभूत तह र १ सय १८ मावि तह छन् । संस्थागत विद्यालयतर्फ २३ मावि छन् । वैदेशिक रोगजार छात्रवृत्ति ५६ जनाले पाए । उनीहरूले ४ लाख ८० हजार रुपियाँ पाए । द्वन्द्वपीडित परिवारका १० जना बालबालिकाले १ लाख ४२ हजार रुपियाँ छात्रवृत्ति पाए। जिल्लाका नौ ओटै स्थानीय तहको निर्देशनमा जिल्लाका सबै सामुदायिक विद्यालयले विद्यार्थी भर्ना अभियान तथा घरदैलो कार्यक्रम सञ्चालन गरे । जिल्लाका सामुदायिक विद्यालयहरूमा कक्षा १२ सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। जिल्लामा भूकम्पपछिको पुनःनिर्माण सम्पन्न भएका २ सय ८१ ओटा विद्यालयहरू अपाङ्गमैत्री रहेको शिक्षा विकास तथा समन्वय इकाइ सिन्धुलीले जनायो। यो वर्ष जिल्लामा कति बालबालिका भर्ना भए भन्ने तथ्याङ्क शिक्षा विकास तथा समन्वय इकाइमा तथ्याङ्क छैन । स्थानीय शिक्षा योजना निर्माणको विज्ञका रूपमा काम गरिरहेका डा. हरिप्रसाद पोखरेलले सुनकोशी गाउँपालिका, मरिण गाउँपालिका र कमलामाई नगरपालिकाले यो वर्ष छात्रवृत्तित वितरणको तथ्याङ्क समेत तयार नगरेको बताए।

यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा एक जनाको हत्या, नौ जना बलात्कार, चार जना यौन दुर्व्यवहारमा परेको इन्सेकले अभिलेख गऱ्यो । जसमा सात ओटा मुद्दामा पुर्पक्ष, सात ओटा मुद्दामा फैसला र चार ओटा मुद्दामा अदालतले सफाइ दियो ।

बलात्कार, यौन दुर्व्यवहार

चार वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा इलाका प्रहरी चौकी डकाहाले दुधौली नगरपालिका–१३ का ५० वर्षीय बमबहादुर बम्जनलाई २०७५ चैत १३ गते डकाहाबाट गिरफ्तार गऱ्यो । आरोपितले पीडित बालिकालाई चैत ९ गते यौन दुर्व्यहार गरेको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध चैत १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण सिन्धुली अस्पतालमा चैत १३ गते भयो । उक्त मुद्दा सिन्धुली जिल्ला अदालतमा २०७६ वैशाख ८ गते पेश

भएकोमा अदालतले वैशाख ९ गते बम्जनलाई पुर्पक्षका लागि थुनामा पठायो। उक्त मुद्दामा अदालतले कात्तिक ७ गते कसुर निर्धारण गरेकोमा कात्तिक २१ गते १६ वर्ष कैद तथा पीडितलाई १ लाख रुपियाँ क्षतिपूर्ति हुने गरी सजाय निर्धारण गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरिएका तथा घर निकाला गरिएका ३५, खानलाउन नदिएको नौ, विवाह दर्ता र नागरिकता नबनाएको एक, यौनजन्य यातना दिएको एक, धम्की दिएको १५ उजुरी छन्। यीमध्ये प्रहरीले ३२ ओटामा मिलापत्र गरायो भने १९ उजुरी यो वर्षको अन्त्यसम्म कारबाही प्रक्रियामा रहे। यस्तै चार ओटा अदालत जाने सहमति भए, चार उजुरीका पीडितले घरमै मिलेको सूचना दिए भने दुई घटनाका पीडित नै सम्पर्कमा आएनन्।

यस वर्ष सिन्धुली जिल्लामा महिला अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा पाँच बलात्कार, दुई जना बलात्कार प्रयास, ४८ जना घरेलु हिंसा र सात बहुविवाह गरी ६२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति क्षति/ आगजनी

दुधौली नगरपालिका–१४, ककुरठाकुरको झाँक्रीटारमा अज्ञात पक्षले ०७६ मङ्सिर ४ गते मारुती सिमेन्ट कम्पनीका गाडीमा प्रेसर कुकर बम विस्फोट गरायो। बम विस्फोटबाट चुनढुङ्गा उत्खनन् गर्न गएका तीन ओटा सवारी साधनमा क्षति पुग्यो।

दुधौली नगरपालिका–१३ अरुणठाकुरमा सडक निर्माणको काम गर्न गएको स्काभेटरमा २०७६ मङ्सिर ३ गते आगजनी भयो । निर्माण व्यवसायी कमलामाई नगरपालिका–६ धुराबजारका छेत्रबहादुर बम्जनको उक्त मेशिनमा प्रतिबन्धित नेकपाका कार्यकर्ताले आगजनी गरेको भन्दै बम्जनले मङ्सिर ६ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दिए। बम्जनसँग डेढ करोड चन्दा मागेको र नदिएपछि १ करोड मुल्य पर्ने स्काभेटरमा आगजनी गरेको उनको आरोप छ। आगजनीका कारण स्काभेटर पूर्ण रूपमा क्षति भएको बम्जनले बताए । यो वर्षको अन्त्यसम्म आरोपितहरू फरार रहे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र र ५१ ओटा स्वास्थ्य चौकी छन् । १ सय ९५ ओटा गाउँघर क्लिनिक र सात ओटा शहरी स्वास्थ्य क्लिनिकहरू स्वास्थ्य कार्यालय अन्तर्गत सञ्चालनमा छन्। गाउँघर स्वास्थ्य क्लिनिकहरू चौतारा, खुला ठाउँमा सञ्चालन हुने र औषधिहरू राख्ने आइसको समेत व्यवस्थापन गर्न नसक्दा व्यवस्थित सञ्चालन गर्न नसकिएको स्वास्थ्य कार्यालय, सिन्धुलीले जनायो । जिल्लाका स्वास्थ्य संस्थामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले नि:शुल्क औषधि खरिद गर्दा सरकारले दिने नि:शुल्क औषधिको अभाव नभएको स्वास्थ्य कार्यालय सिन्धुलीले जनायो । जिल्लामा स्वास्थ्य बिमा गर्नेको सङ्ख्या ५७ हजार रहेको छ । तीमध्ये यो वर्ष ७० प्रतिशतले मात्र बिमा नवीकरण गरेको स्वास्थ्य बिमा बोर्ड, सिन्धुलीका प्रमुख रमेश घिमिरेले बताए।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	७	९
यौन दुर्व्यवहार	२		२	४
जम्मा	३	१	९	१३

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१		४	५
बलात्कार प्रयास				२	२
बहुविवाह	२			५	७
घरेलु हिंसा	१	२४	१	२१	४७
जम्मा	३	२५	१	३२	६१

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

३.१२ मकवानपुर



जम्मा जनसङ्ख्या	४,३२,२५२
महिला	२,२२,५१२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१५,४७३
कामका लागि बाहिरिएका	१६,५४७
अपाङ्गता भएका	८,४६७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,७५,७३७

यस वर्ष मकवानपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४६ जना महिला र पाँच जना पुरुषसहित ५१ जना र राज्यपक्षबाट दुई पुरुष गरी ५३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना, महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना पीडित भएको अभिलेख भयो।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार विस्फोटक पदार्थबाट घाइते

अन्यपक्षबाट

हेटौँडा उपमहानगरपालिका–४ कर्रा घर भई ना ६ ख ७३६९ कन्टेनरका चालक ४१ वर्षीय युवराज सुवेदीले ०७५ फागुन ३० गते प्रतिबन्धित नेकपाले आयोजना गरेको नेपाल बन्दको अवज्ञा गरी गाडी चलाएको आरोपमा सो पार्टीका कार्यकर्ताले प्रहार गरेको एसिड सहितको पेट्रोल बम लागेर उनी घाइते भए। काठमाडौँबाट हेटौँडा आउँदै गरेको ३० गते कन्टेनरमा बम प्रहार भएको थियो । पीडितका आँखा, अनुहार, घाँटी र शरीरको विभिन्न अङ्गमा गम्भीर चोट लागेको थियो। घाइते सुवेदीको उपमहानगरपालिका– ११ स्थित चुरेहिल अस्पताल, हेटौँडा सामुदायिक आँखा अस्पताल र काठमाडौँस्थित तिलगंगा आँखा अस्पतालमा उपचार भयो। घटनाका आरोपित गिरफ्तार भएनन्।

गिरफ्तार

यस वर्ष मकवानपुर जिल्लाबाट प्रतिबन्धित नेकपाका दुई जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। दुवै जना जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भएको इन्सेकमा अभिलेख भयो।

राक्सीराङ गाउँपालिका–८ मैसिराङ निवासी प्रतिबन्धित नेकपा युवा सङ्गठनका हेटौँडा नगर इन्चार्ज ४० वर्षीय विराम प्रजा र मनहरी गाउँपालिका–३ का सोही पार्टीका कार्यकर्ता ३७ वर्षीय राजकुमार कुँवर लाई ०७५ चैत १२ गते प्रहरीले सरकार विरोधी कार्य गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो । प्रहरीले विराम प्रजालाई हेटौँडा–११ को थानाभञ्याङबाट र राजकुमारलाई हेटौँडा उपमहानगरपालिका–९ पशुपतिनगरबाट गिरफ्तार गरेको थियो। प्रहरीले जिल्ला अदालतमा चैत १३ गते पेश गरेकोमा अदालतले सात दिन र २० गते आठ दिन म्याद थप गरेको थियो । जिल्ला अदालत, मकवानपुरको चैत २८ गतेको आदेश अनुसार दुवैजना ७/७ हजार रुपियाँ धरौटीमा रिहा भए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	२	३
गिरफ्तार		२	२			
हत्या				३	३	६
बाल अधिकार	बलात्कार			१८		१८
	यौन दुर्व्यवहार			५		५
	जम्मा			३३		३३
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			२		२
	बलात्कार			९		९
	बलात्कार प्रयास			३		३
	बहुविवाह			३		३
	घरेलु हिंसा			१		१
	यौन दुर्व्यवहार			१		१
	जम्मा			१९		१९
कूल जम्मा		२	२	४६	५	५१

यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ हजार २ सय जनाको छ। कारागारमा २ सय ८० जना बन्दी र ७ सय २१ जना कैदीसहित १ हजार १ जना कैदीबन्दी छन्। ६५ वर्षमाथिका ज्येष्ठ नागरिक ८० जना कैदी छन्। कारागारमा पुरुष कैदीबन्दीलाई मात्र राख्ने गरिन्छ। महिला कैदीलाई अन्यत्र जिल्ला पठाउने गरिन्छ । कारागारको क्षेत्राधिकार प्रदेश मातहतमा आएपछि महिलालाई राख्न छुट्टै भवन निर्माण थालेको छ।

बालसुधार गृह

सङ्घीय सरकार मातहतको बाल सुधार गृहलाई जिल्ला प्रशासन कार्यालयले हेर्ने गरेको छ। सुधारगृहमा ५२ जना बालक छन्। बाल सुधार गृहमा रहेका बालबालिकाहरुलाई नजिकैको विद्यालयमा पढ्ने व्यवस्था मिलाइएको छ । उनीहरूलाई पढ्ने, खेल्ने व्यवस्थासहित उचित सुरक्षा मिलाइएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले बताए।

सुगम तथा निश्पक्ष न्यायिक अधिकार

उच्च अदालत पाटन, हेटौंडा इजलास

सात न्यायाधीश रहेका यस उच्च अदालतमा सन् २०१८ को सरेर आएको २ सय ८१ र सन् २०१९ को ७ सय ६२ थान मुद्दामध्ये कूल ७ सय ९५ थान मुद्दा फैसला भए भने २ सय ४८ थान मुद्दा बाँकी रहे । फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ एकसय ६८ र फौजदारीतर्फ ८० मुद्दा छन्। १८ महिना नाघेका कुनै पनि मुद्दा बाँकी छैनन्।

जिल्ला अदालत

तीन जना न्यायाधीश रहेको यस जिल्ला अदालतमा सन् २०१८ को सरेर आएका ८ सय ८७ र सन् २०१९ को ७ सय १ थान मुद्दामध्ये कुल १ हजार १ सय १० थान मुद्दा फैसला भए । ४ सय ७८ मुद्दा बाँकी छन्। फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३ सय १८ र फौजदारीतर्फ १ सय ६० थान मुद्दा छन्। १८ महिना नाघेका दुई थान मुद्दा छन्।

बाल अधिकार

शिक्षाको अवस्था

मकवानपुरका पढ्ने उमेरका करिब तीन दशमलव चार प्रतिशत बालबालिकाले अझै पनि विद्यालय देखेका छैनन् । गरिबी, अशिक्षा र स्कुल पहुँचमा नभएकाले जिल्लाका करिब ३ हजारभन्दा बढी बालबालिका पढ्ने अवसरबाट वञ्चित रहँदै आएको शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख लीलानाथ गौतमले बताए। जिल्ला शिक्षा कार्यालयका अनुसार पाँचदेखि नौवर्ष उमेरसम्मका ७१ हजार ३ सय ७४ बालबालिका छन् । तीमध्ये ६८ हजार १ सय ५० जना बालबालिका मात्रै विद्यालय भर्ना भएका छन्। मकवानपुरका ३ दशमलव ४ प्रतिशत बालबालिका विद्यालय नआएकामात्र होइनन्, एक कक्षामा भर्ना भएका विद्यार्थीमध्ये २१ प्रतिशतले एक वर्षभित्रै स्कुल छाड्ने गर्छन् । भर्ना भएका विद्यार्थीमध्ये २३

प्रतिशतमात्र १० कक्षामा पुग्ने गरेको प्रमुख गौतमले बताए।

यस वर्ष मकवानपुर जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा १८ जना, यौनदुर्व्यवहार घटनामा पाँच जना बालिका पीडित भए। एक जना बालिकाको परिवारजनबाट हत्या भयो। बलात्कार घटनाका १५ जना आरोपित पुर्पक्षका लागि थुनामा छन्। एक जना बालकलाई कसुर ठहर गर्दै बाल सुधार गृहमा र दुई जना आरोपितलाई हिरासतमा राखेर अनुसन्धान गर्न अदालतले आदेश दियो।

बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७६ असार १५ गते बलात्कार गरेको आरोपमा हेटौँडा उपमहानगर पालिका–४ का ३३ वर्षीय बाबुविरुद्ध बालिकाका आफन्तले असार १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले असार १६ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ परीक्षण असार १६ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले असार १७ गते आरोपितलाई जिल्ला अदालतमा पेश गऱ्यो। जिल्ला अदालतले आरोपितलाई साउन ३० गते पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश डिल्लीरत्न श्रेष्ठको इजलासले बलात्कार गरेको ठहर गर्दै भदौ १३ गते आरोपितलाई १३ वर्ष कैदको फैसला सुनायो। अदालतले १ लाख ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने आदेश समेत दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा २ सय ९३ उजुरी परे। जसमा २ सय ४७ उजुरी मिलापत्र भए भने ४६ ओटा उजुरी कानुनी प्रकृयामा छन्। बहुविवाहका २४ ओटा उजुरीमा १० ओटा मिलापत्र भए भने १४ ओटा अदालती प्रकृयामा छन्।

सन् २०१९ बलात्कारका घटनामा नौ जना, बलात्कारको प्रयास घटनामा तीन जना, यौन दुर्व्यवहारका घटनामा एक जना, बेचविखन तथा ओसारपसार प्रयास घटनामा दुई जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद फैसला गऱ्यो। तीन जना पुर्पक्षको लागि थुनामा छन्। तीन जनाको म्याद थप गरी अनुसन्धानका लागि हिरासतमा, एक जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको अभिलेख भयो। बलात्कार प्रयास घटनाका एक जना आरोपित जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन्। एक जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे।

१८ बालिकालाई २०७५ चैत २ गते राति बलात्कार गरेको आरोपमा हेटौँडा उपमहानगर पालिकाका ५० वर्षीय आरोपितविरुद्ध पीडितपक्षले चैत ११ गते जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत ११ गते गिरफ्तार गऱ्यो। आरोपित विरुद्ध प्रहरीले चैत १२ गते जिल्ला अदालत, मकवानपुरमा मुद्दा दायर गऱ्यो। जिल्ला अदालत, मकवानपुरको ०७६ वैशाख ५ गतेको आदेशअनुसार आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश खडानन्द तिवारीको इजलासले जेठ २१ गते अन्तिम फैसला गर्दै आरोपितलाई १९ वर्ष कैद र ७५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

बेचबिखन तथा ओसारपसार प्रयास

२२ र २४ वर्षीया दुई युवतीलाई बेचबिखन गर्न खोजेको आरोपमा मकवानपुर प्रहरीले नुवाकोट कल्याणपुर गाउँपालिका–९ घर भई भारतको कलकत्ता बस्ने २४ वर्षीया कविता भन्ने मनिका तामाङ, भारतको झारखण्ड राज्यको राँची बस्ने २६ वर्षीय अंशु साहु र सोही ठाउँ बस्ने २३ वर्षीय राजाराम महतोलाई ०७६ जेठ १२ गते गिरफ्तार गऱ्यो। आरोपितहरूले काठमाडौँ तारकेश्वर नगरपालिका बस्दै आएका दुई दिदी बहिनीलाई राम्रो जागिर लागाइदिने प्रलोभनसहित बेचबिखन गर्न काठमाडौँबाट वीरगञ्ज हुँदै भारत लैजान लागेको बेला प्रहरीले हेटौँडा उपमहानगर पालिका–२ चौकीटोलबाट युवतीहरूको उद्दार गरी आरोपितहरूलाई गिरफ्तार गरेको थियो। आरोपितहरूलाई मानव बेचबिखन तथा ओसार पसार आरोपमा जेठ १३ गते मकवानपुर जिल्ला अदालतले पहिलो पटक पाँच दिन, दोस्रो पटक आठ दिन र तेस्रो पटक १० दिनको म्याद थप गऱ्यो। आरोपितलाई ०७६ असार ६ गते जिल्ला अदालत मकवानपुरले पुर्पक्षका लागि थुनामा राख्न भीमफेदी कारागार पठाएकोमा अदालतले ०७६ भदौ २२ गते आरोपित २४ वर्षीया मनिका तामाङलाई दुई वर्ष र भारतीय नागरिक २६ वर्षीय अंशु

साहु र २३ वर्षीय राजाराम महतोलाई जनही एक/एक वर्ष कैदको फैसला सुनाएको अदालतका स्रेस्तेदार केशवराज कौशिकले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना तथा सम्पत्ति क्षति

यस वर्ष मकवानपुर जिल्लामा भौतिक संरचना, सम्पत्तिमा क्षति पुऱ्याएका तीन ओटा घटना इन्सेकले अभिलेख गऱ्यो।

थाहा नगरपालिका– ४ नयागाउँमा काठमाडौँबाट हेटौँडातर्फ आइरहेको ना ५ ख ७४११ नम्बर को ट्रकमा २०७५ फागुन २९ गते राति १ बजे आगजनी भयो। आगजनीबाट ट्रक पूर्णरूपमा जलेर नष्ट भएको छ। आगजनीबाट करिब ३५ लाख रुपियाँ क्षति भएको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

मकवानपुरमा सरकारी, निजी र सहकारी गरी पाँचओटा अस्पताल छन्। एउटा आँखा अस्पताल पनि छ। जिल्लाको सरकारी हेटौँडा अस्पतालमा दरबन्दी र करारका गरेर ३१ जना डाक्टर छन्। हेटौँडा अस्पतालमा ज्येष्ठ, विपन्न तथा अशक्त नागरिकको उपचारको लागि निःशुल्क मुख्यमन्त्री जनता स्वास्थ परीक्षण कार्यक्रम सञ्चालित छ। गर्भवती भएका महिलामध्ये नियमित परीक्षण गर्न आउनेको प्रतिशत ६४ रहेको जनस्वास्थ कार्यालयका निमित्त प्रमुख ठाकुर पौडेलले बताए। जनस्वास्थ्य कार्यालय, हेटौँडाका अनुसार मकवानपुर को मातृ मृत्युदर प्रतिलाख २ सय ८ रहेको छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	१६	१८
यौन दुर्व्यवहार			५	५
जम्मा	१	१	३१	३३

महिला अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास	१		१
बलात्कार	१	८	९
बलात्कार प्रयास		३	३
बहुविवाह		३	३
घरेलु हिंसा		१	१
यौन दुर्व्यवहार		१	१
जम्मा	२	१६	१८

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	५	६

३.१३ चितवन



जम्मा जनसङ्ख्या	६,२५,५७८
महिला	३,३१,०६४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५०,४५४
कामका लागि बाहिरिएका	५०,४२१
अपाङ्गता भएका	१२,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७.५
आश्रित जनसङ्ख्या	२,३०,३७३

यस वर्ष चितवन जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ९२ जना महिलासहित १ सय १० जना र राज्यपक्षबाट १७ जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हिरासतमा मृत्यु

इच्छाकामना गाउँपालिका–५ मुग्लिन घर भई नेपाली सेनाका जवान ३० वर्षीय राम कँडेलको ०७६ कात्तिक ३० गते इच्छाकामना गाउँपालिका–३ फिस्लिङस्थित अस्थायी प्रहरी चौकीमा प्रहरी नियन्त्रणमा रहेको अवस्थामा मृत्यु भयो। इच्छाकामना मन्दिरमा लागेको जात्रामा सहभागी हुने क्रममा प्रहरी र सेनाका जवानबीच कात्तिक ३० गते भनाभन भएको थियो। प्रहरीको कुटाइबाट राम कँडेलको मृत्यु भएको भन्दै स्थानीयले विरोध जनाएका थिए। घटनामा संलग्न भएको आरोपमा प्रहरी चौकी फिस्लिङमा कार्यरत प्रहरी जवान ठाकुर ढकाललाई मङ्सिर १ गते प्रहरीले भरतपुरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम मङ्सिर २ गते टिचिङ अस्पताल काठमाडौँमा भयो। जिल्ला प्रहरी कार्यालय, चितवनले घटनाको निष्पक्ष अनुसन्धान गर्ने प्रतिवद्धता गरेपछि मंसिर ४ गते परिवारले शव बुझी दाहसंस्कार गरे। जिल्ला अदालतमा मंसिर २६ गते प्रहरीले कर्तव्य ज्यान अन्तरगत मुद्दा दर्ता गरेकोमा जिल्ला अदातलले मङ्सिर २७ गते आरोपितलाई पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो। यस वर्षको अन्त्यसम्ममा घटनाको फैसला हुन सकेन।

त्यसैगरी, कालिका नगरपालिका– १ पदमपुरका २४ वर्षीय समिर घिसिडलाई चोरीको आरोपमा ०७६ वैशाख २५ गते इलाका प्रहरी कार्यालय, रत्ननगरले गिरफ्तार गरेकोमा वैशाख २६ गते थुनामै रहेको अवस्थामा शौचालयमा झुण्डिएर आत्महत्याको प्रयास गरे। उनको उपचारको क्रममा पुरानो मेडिकल कलेज भरतपुरमा वैशाख २७ गते मृत्यु भयो। शवको वैशाख २८ गते भरतपुर अस्पतालमा पोष्टमार्टम भयो। प्रहरीले यस घटनालाई भवितव्य ज्यान भनी रेकर्ड राखेको छ।

धम्की/कुटपिट

राज्यपक्षबाट

भरतपुर महानगरपालिका–१२ निवासी भरतपुर अस्पतालको पोष्टमार्टम कक्षमा कार्यरत ४९ वर्षका देवआनन्द राई र तनहुँ दमौली घर भई भरतपुर मनपा

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	३	३
अमानवीय व्यवहार				१	३	३
भेला/सङ्गठित हुने अधिकार		३	३			
जेलमा मृत्यु		१	१			
जातीय विभेद				१	३	४
गिरफ्तार		१०	१०			
हिरासत वा थुनामा मृत्यु		३	३			
कुटपिट		३	३		३	३
हत्या				१	४	५
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			३		३
	बलात्कार			३९		३९
	यौन दुर्व्यवहार			६	४	१०
	जम्मा			३८	४	४३
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	बलात्कार			१६		१६
	बलात्कार प्रयास			८		८
	बहुविवाह			१६		१६
	बेचबिखन तथा ओसारपसार			८		८
	यौन दुर्व्यवहार			१		१
	जम्मा			५०		५०
कूल जम्मा		१७	१७	९३	१८	११०

–१० मा अस्थायी बसोबास गर्दै आएका ६० वर्षीय पूर्ण विकलाई ०७६ कात्तिक ७ गते बिहान प्रहरी हबल्दार जमिर अलिसेखले कुटपिट गरेको भन्दै पीडित पक्षले कात्तिक ८ गते इन्सेक चितवन प्रतिनिधि दीपेन्द्र अधिकारीको सहयोगमा निवेदन दर्ता गरायो । घाइते राईको ढाडमा नीलडाम परेको थियो भने विकको हात भाँचिएको थियो । ६५ वर्षीया एक महिलाको शवको पोष्टमार्टम गर्ने क्रममा कानमा लगाएको गहना चोरी गरेको आरोपमा आफूहरूमाथि लाठीले कुटपिट गरे को घाइते राईले बताए । घटनाका आरोपित प्रहरी हबल्दार जमिर अलिसेखले चोरी भएको गहना खोज्ने क्रममा कुरा नखोलेपछि सोधपुछका क्रममा कुटपिट गरेको स्वीकार गरे । पीडित पक्षको उजुरीको आधारमा आरोपितको १ वर्ष बढुवा वृद्धि रोक्का गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी एकनारायण कोइरालाले बताए । घाइते राईको कात्तिक ८ गते नै भरतपुर अस्पतालमा उपचार भयो भने घाइते विकको पनि सोही दिन भाँचिएको हात प्लास्टर भयो । पीडितले न्यायका लागि पहल गरिदन भन्दै कात्तिक ८ गते नै भरतपुर अस्पतालमा पनि निवेदन दिएका थिए ।

बम विस्फोटबाट घाइते

राप्ती नगरपालिका–६ पम्फा खोलामा ०७६ भदौ ९ गते दिउँसो अज्ञात पक्षले गराएको बम बिस्फोटमा परी सोही ठाउँका ४५ वर्षीय राजन सिलवाल घाइते भए । शंकास्पद वस्तु देखेपछि के रहेछ भनी हेर्ने क्रममा बिस्फोट भएको जिल्ला प्रहरी कार्यालय, चितवनका डिएसपी एकनारायण कोइरालाले बताए । सिलवालको हात र छातीमा चोट लागेकोमा उनको स्वास्थ्य उपचार स्थानीय मे डिकल हलमा भएको थियो ।

धम्की/कुटपिट

अन्यपक्षबाट

साप्ताहिक सञ्जाल चितवनका अध्यक्ष पत्रकार ३७ वर्षीय सूर्य बरालालाई ०७६ साउन २७ गते भरतपुर महानगरपालिका– ३ स्थित आफ्नै घरमा बसिरहेको अवस्थामा अज्ञात पक्षले कुटपिट गरेको भन्दै पीडितले साउन २८ गते जिल्ला प्रहरी कार्यालय, चितवनमा उजुरी दिए । किटानी जाहेरी नभएका कारण घटनामा संलग्न व्यक्तिहरूलाई गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, चितवनका डिएसपी एकनारायण कोइरालाले बताए । कुटपिटबाट बरालको टाउको र पिठ्यूमा चोट

लागेकोमा भरतपुर अस्पतालमा साउन २७ गते राती नै उपचार भयो । यस वर्षको अन्त्यसम्ममा घटना संलग्न व्यक्तिहरू गिरफ्तार हुन सकेनन् ।

'नेपालका लागि नेपाली' अभियानका सदस्य ज्ञानेन्द्र शाहीलाई 'भ्रष्टाचार र लुटतन्त्र विरुद्ध नागरिक खबरदारी' कार्यक्रममा सहभागी हुन असोज ११ गते चितवन आएको अवस्थामा भरतपुर महानगरपालिका–१० स्थित होटल ग्लोबल अगाडि कुटपिट गरेको आरोपमा प्रहरीले भरतपुर महानगरपालिका– ११ का ३३ वर्षीय अविरल पोखरेल, भरतपुर उपमहानगरपालिका–४ का ३९ वर्षीय इश्वर रेग्मी, भरतपुर महानगरपालिका– १२ का ३५ वर्षीय सुशील केसी, भरतपुर महानगरपालिका–१२ का ३७ वर्षीय नीति राई तथा माडी नगरपालिका –३ का ३३ वर्षीय सन्तोष पनेरुलाई कात्तिक १७ गते प्रहरीले गिरफ्तार गऱ्यो । आरोपित पाँचै जना जनही १ लाख रुपियाँ धरौटीमा राखी रिहा भए ।

गिरफ्तार

यस वर्ष चितवन जिल्लाबाट प्रतिबन्धित नेकपाका आठ जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार भएकामध्ये दुई जना जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भए भने ६ जना साधारण तारिखमा रिहा भए ।

भरतपुर महानरपालिका– ९ निवासी प्रतिबन्धित नेकपाका केन्द्रीय सदस्य ६० वर्षीय गुणराज लोहनीलाई ०७६ कात्तिक ५ गते भरतपुर महानगरपालिका –११ बट जिल्ला प्रहरी कार्यालय,चितवनले गिरफ्तार गऱ्यो । प्रहरीले आरोपित विरुद्ध अभद्र व्यवहारमा कात्तिक ६ गते मुद्दा दर्ता गरेकोमा २० हजार रुपियाँ धरौटी बुझाएर कात्तिक १९ गते तारेखमा रिहा भए । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ५५ जनाको छ । जसमा कैद तोकिएका ३० महिला सहित ४ सय ९० जना र कैद नतोकिएका सात जना महिलासहित २ सय ६४ जना छन् । कारागारमा एक जना पाँच वर्षका आश्रित बालक छन् भने ६ जना ज्येष्ठ नागरिक छन् । कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामाग्रीको व्यवस्था गरिएको जेलर कमल काफ्लले बताए । कारागारमा एक जना हेल्थ असिस्टेण्ट रहेकोमा कार्यरत छन् ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ जना न्यायाधीशको दरबन्दी रहेको छ । फौजदारी मुद्दातर्फ ७ सय २० मध्ये ३ सय २९ थान मुद्दा फैसला भए भने ३ सय ९१ थान फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका ६ देवानी र दुई फौजदारी मुद्दा बाँकी छन् ।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष .४९ हजार ५ सय ७६ बालबालिका भर्ना भए । जसमा बालक ३१ हजार ३ सय ७६ र बालिका १८ हजार २ सय बालिका भर्ना भए । जिल्लामा ११ अपाङ्गमैत्री विद्यालय छन् । २ हजार २ सय दलित बालक र चार हजार दलित बालिका दुई सहिद र ५० जना द्वन्द्वपीडित बालबालिकाले छात्रवृत्ति पाए । जिल्लाका सबै सरकारी विद्यालयमा कक्षा १२ सम्म निःशुल्क शिक्षा छ । तर, कतिपय विद्यालयले अतिरिक्त शुल्क लिँदै आएका छन् । शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी नियुक्ति पत्र लिएर चितवन उच्चमाध्यमिक विद्यालयमा मङ्सिर १ गते हाजिर हुन गएका भरतपुर महानगरपालिका–१० का ३० वर्षीय दुर्गा बोम्जनले आफूलाई अपाङ्ग भएको भनी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराम लामिछानेले हाजिर गर्न नदिएको आरोप लगाए । शिक्षक बम्जन मङ्सिर २४ गतेदेखि मात्रै विद्यालयमा हाजिर भए । बम्जन ह्वीलचियर प्रयोगकर्ता हुन् । अपाङ्गतासँग सम्बन्धित विभिन्न सङ्घसंस्था, मानवअधिकारकर्मीको निरन्तर दबाबपछि उनीलाई हाजिर गराउन विद्यालय प्रशासन बाध्य भएको थियो ।

यसवर्ष चितवन जिल्लामा बाल अधिकार उल्लङ्घनमा ३८ जना बालिका सहित ४२ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनामा २९ जना, यौनदुर्व्यवहार घटनामा चार बालक सहित १० जना बालिका पीडित भए । बलात्कार घटनाका २२ जना आरोपित जिल्ला अदालतको फैसला अनुसार पुर्पक्षका लागि थुनामा छन् । जिल्ला अदालतले तीन जना आरोपितलाई कैद सजाय सुनायो । एक जना आरोपित बालक भएको भन्दै परिवारको जिम्म लगाउन अदालतले आदेश गऱ्यो । पाँच जना अरोपित यस वर्षको अन्त्यसम्म फरार

रहेको अभिलेख इन्सेकमा छ। यौन दुर्व्यवहार घटनाका आठ जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो। चार जना आरोपित पुर्पक्षका लागि कारागार छन्। दुई जना अरोपितले सफाइ पाए। एक जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे।

१३ वर्षीया बालिकालाई २०७६ जेठ ६ गते बलात्कार गरेको आरोपमा खैरहनी नगरपालिका– १ का २७ वर्षीय राम विकविरुद्ध पीडित पक्षले जेठ १७ गते इलाका प्रहरी कार्यालय, खैरहनीमा उजुरी दियो। आरोपितलाई जेठ १७ गते प्रहरीले खैरहनीबाट गिरफ्तार गऱ्यो। बालिकाको जेठ १७ गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। असार १७ गतेको आदेश अनुसार थुनामा रहेका आरोपितलाई ०७६ मङ्सिर २ ९ गते २३ वर्ष कैद गर्ने फैसला जिल्ला अदालतले सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ४ सय ५ महिलाले महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय २८, खान/लाउन नदिएको ६५, अर्की श्रीमती ल्याएर हेला गरेको ५५ र सामान्य घरायसी झगडाका १ सय ५७ घटना छन्। यीमध्ये प्रहरीले २ सय ९१ ओटामा मिलापत्र गरायो भने २२ उजुरी बहुविवाहका २२ उजुरी अंशबण्डा, सम्बन्ध विच्छेद अन्तर्गत दर्ता भइ कानुनी प्रक्रियामा छन्। १ सय २८ जना महिलाले घर निकाला गरिएको भन्दै प्रहरीमा उजुरी दिएकोमा ८० ओटा घटना मिलापत्र भएको डिएसपी एकनारायण कोइरालाले बताए। अन्य मुद्दामा पनि छलफल भइरहेको उनले बताए।

सन् २०१९ मा चितवन जिल्लामा बलात्कारका घटना १६ जना, बलात्कार प्रयास घटनामा आठ जना, बेचविखन तथा ओसारपसार घटनामा आठ जनासहित ५० जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनाका एक जना आरोपित जिल्ला अदालतको आदेशमा कैद सजाय, ११ जना पुर्पक्षको लागि थुनामा, एक जनाले सफाइ र एक जना यस वर्षको अन्त्यसम्म फरार रहे। बलात्कार प्रयास घटनाका चार जना आरोपित जिल्ला अदालतको आदेश अनुसार कैद सजाय र तीन जना आरोपित पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३१ वर्षीया महिलालाई भरतपुर महानगरपालिका– ८ सरदपुरका ५७ वर्षीय लक्ष्मण गैरेले ०७५ पुस २२ गते बलात्कार गरेको भन्दै पीडित पक्षले पुस २३ गते जिल्ला प्रहरी कार्यालय, चितवनमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २४ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २४ गते भरतपुर अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश प्रकाश अधिकारीको इजलासले ०७६ कात्तिक १८ गते आरोपितलाई ८ वर्ष कैद सजायको फैसला सुनाएको श्रेस्तेदार रुद्रमणि गिरीले बताए।

अमानवीय व्यवहार

रामपुर कृषि तथा वन विज्ञान विश्वविद्यालयका कृषि संकायका प्रशासनिक सहायक डिन तथा प्राध्यापक विष्णुराज ओझालाई ०७५ चैत २१ गते सोही क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले मोसो दल्नुका साथै जुत्ताको माला लगाएर दुर्व्यवहार गरे। ३० दिनमा सकाउनुपर्ने पाठ्यक्रम ४ दिनमा सकेको भन्दै १ सय ६५ जना विद्यार्थी मिलेर दुर्व्यवहार गरेको पीडितले बताए। पीडितले चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको भए पनि किटानी जाहेरी नभएका कारण घटनामा संलग्न व्यक्तिलाई गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय,चितवनका डिएसपी दुर्गानाथ रेग्मीले बताए

एसिड प्रहार

भरतपुर महानगरपालिका–२४ ध्रुबबजारस्थित माइतीघरमा बस्दै अएकी २० वर्षीया डोल्मा रूम्बालाई ४७ वर्षीय पति वीरेन गुरूङले ०७५ पुस १८ गते एसिड प्रहार गरे। पति पत्नीको घरयासी विवादका कारण माघ महिनादेखि माइतीघरमै बस्दै आएकी रुम्बालाई पोखरा महानगरपालिका–२९ आदर्शनगर बस्ने गुरूङले पोखराबाट चार जना युवासहित भरतपुरमा आई एसिड प्रहार गरेका थिए। घटनापछि फरार रहेका वीरेनसहित पोखरा महानगरपालिका–२९ का ३९ वर्षीय हेम थापा, सोही ठाउँका ४५ वर्षीय नीरेन गुरूङ र हेटौँडा उपमहानगर पालिका–१० का २४ वर्षीय विवेक गुरूङलाई प्रहरीले नारायणगढ लायन्सचोकबाट पुस १८ गते गिरफ्तार गऱ्यो। पीडितको अनुहार र टाउकोमा घाउ लागेको थियो। उनको पुस १८ गते भरतपुरस्थित चितवन मेडिकल कलेजमा उपचार भयो। जिल्ला अदालतको ०७५ माघ ८ गतेको आदेश अनुसार

आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा छन् । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार रुद्रमणि गिरीले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना क्षति

यस वर्ष कालिका नगरपालिका –३ को वडा कार्यालयमा ०७६ साउन १७ गते विहान अज्ञात पक्षले आगजनी गऱ्यो । आगजनीबाट कार्यालयका कागजात, टेबुल, कुर्सी, कम्युटरलगायतका सामाग्री नष्ट भएको वडा अध्यक्ष टीका रिजालले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा भरतपुर अस्पताल रहेको छ । वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले राष्ट्रिय स्तरको सेवा दिइरहेको छ। चार जिल्लास्तरीय अस्पताल, ३६ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ३५ डाक्टरको दरबन्दी रहेकामा २९ जना कार्यरत छन् । त्यस्तै अहेवको ४२ दरबन्दी रहेकामा ३५ जना कार्यरत छन्। सरकारी स्वामित्वको रत्ननगर अस्पताल, जुटपानी अस्पताल, भण्डारा र बघौडा अस्पताल सञ्चालनमा छन्। चितवनमा गत वर्ष १ लाख जतिले स्वास्थ्य बिमा वापतको सेवा लिएका छन् । अपाङ्ग, दलित, पिछडिएका समुदायलाई पनि निःशुल्क वा सहुलियतमा उपचारको व्यवस्था रहे को भरतपुर अस्पतालका सूचना अधिकारी लिलाधर पौडेलले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	२	३
बलात्कार	२	१	३	३३	३८
यौन दुर्व्यवहार			२	८	१०
जम्मा	२	१	६	३३	४१

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१		१
बलात्कार	१			१५	१६
बलात्कार प्रयास		२		६	८
बहुविवाह		४		१२	१६
बेचबिखन तथा ओसारपसार				५	५
यौन दुर्व्यवहार		१			१
जम्मा	१	७	१	३८	४७

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	२	५

गण्डकी प्रदेश

- क्षेत्रफल : २१,८२८ वर्ग कि.मि.
- जनसङ्ख्या : २४,१३,५०८
- साक्षरता प्रतिशत : ७३.३३
- जिल्ला : ११
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३६
- महानगरपालिका : १
- नगरपालिका : २६
- गाउँपालिका : ५८
- कूल वडा सङ्ख्या : ७५५

गण्डकी प्रदेश परिचय ४

गण्डकी प्रदेश सरकारले पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, वन वातावरण, विज्ञान प्रविधि, स्वास्थ्य, खेलकूद लगायत पक्षमा जोड दिँदै नीति तथा कार्यक्रम तय गरेको छ। गण्डकी प्रदेश–'उज्यालो प्रदेश' लाई आगामी १ वर्ष भित्रमा सम्पन्न गर्ने लक्ष्य कार्यक्रममा उल्लेख छ । प्रदेश सरकारले आगामी तीन वर्षमा मुख्य उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य राखेको छ । प्रदेशबासीका हरेक घरमा खानेपानी धारा पुऱ्याउने, प्रदेशलाई स्वच्छ, सफा र हराभरा बनाउन आधुनिक प्रविधियुक्त फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्ने नीति कार्यक्रम तय गरेको छ। आगामी २ वर्षभित्रमा प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गर्ने कार्यक्रममा उल्लेख गरिएको छ।

सन् २०१९ र मानव अधिकार अवस्था

यस प्रदेशमा सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ६ सय ७९ जना पीडित भएको अभिलेख भयो । अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारमा ५८ जना, गिरफ्तारका घटनामा १ सय ३८ जना, जातीय विभेदका घटनामा पाँच जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय १० जना, बाल अधिकार उल्लङ्घनका घटनामा ९० जना पीडित भएको अभिलेख छ।

सन् २०१९ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



४.१ गोरखा

जम्मा जनसङ्ख्या	२,६४,६३७
महिला	१,४८,५६२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५४,८७५
कामका लागि बाहिरिएका	२८,१०४
अपाङ्गता भएका	१२,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.०३
आश्रित जनसङ्ख्या	१,१५,३३४



भूकम्प गएको चार वर्ष बित्दै गर्दा गोरखामा ५६ हजार २ सय ७७ भूकम्प पीडितका घरको पुनर्निर्माण सकिएको छ । गोरखामा प्रवलिकरणका ५ हजार ४ सय ५५ र पुननिर्माणका ६६ हजार १ सय ७१ गरी ७१ हजार ६ सय ३३ लाभग्राही छन् । पुनर्निर्माणतर्फ समग्रमा ९० प्रतिशत प्रगति रहेको भूकम्प पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार कार्यालय, गोरखाका प्रमुख रामशरण आचार्यले बताए । प्रवलिकरण लाभग्राहीले गर्दा निजी आवास पुनर्निर्माणको प्रगति कम देखिएको उनको भनाइ छ । ५ हजार ४ सय ५५ प्रवलिकरणका(मर्मत) लाभग्राहीमध्ये पहिलो किस्ताको रकम ३ हजार ७ सय ३२ को निकासा भएको आचार्यले बताए । पुनर्निर्माणकै लाभग्राहीमा सूचीकृत भएका २० जनाले भने प्रवलिकरणमा पारिदिन भन्दै निवेदन दिए । २० मध्ये १४ जना लाभग्राहीले घर प्रवलिकरणका लागि स्वीकृति पाएका छन् । जग्गा खरिदको रकम नपाउँदा गोरखाका १ सय ५० भूमिहीन भूकम्प पीडितले घर बनाउन पाएका छैनन् । भूकम्प पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइका अनुसार गोरखामा २ सय १३ भूमिहीन भूकम्प पीडित पहिचान भएका छन् । तीमध्ये ६३ जनाले मात्र जग्गा खरिदको रकम पाएका छन् । गोरखाका १ सय ७० भूकम्प पीडितले अनुदान रकम फिर्ता गरेका छन् । २१ लाभाग्राहीले स्वेच्छले रकम फिर्ता गरेका हुन् । दोहोरो भुक्तानी लिने १ सय ३९ र बैङ्किङ प्रणालीमा त्रुटी भेटिएका १० जनाको रकम फिर्ता भयो ।

यसवर्ष गोरखा जिल्लामा राज्यपक्षबाट एक जना महिलासहित १६ जना र अन्य पक्षबाट ३२ जना महिलासहित ३९ जना गरी ५५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालकसहित १३ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जातीय विभेदको एउटा घटना इन्सेकको अभिलेखमा छ ।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						१	१
जातीय विभेद					१		१
गिरफ्तार		१	१५	१६			
कुटपिट					१	१	३
हत्या					३	४	६
बाल अधिकार	बलात्कार				३		३
	विद्यालयमा शारीरिक सजाय					१	१
	यौन दुर्व्यवहार				९		९
	जम्मा				१३	१	१३
महिला अधिकार	बलात्कार				३		३
	बलात्कार प्रयास				४		४
	बहुविवाह				९		९
	जम्मा				१६		१६
कूल जम्मा		१	१५	१६	३३	६	३९

गिरफ्तार

यो वर्ष गोरखाबाट प्रतिबन्धित नेकपाका एक जना महिला सहित १६ जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये एक जनालाई आरोप पुष्टि नभएको भन्दै जिल्ला प्रहरी कार्यालयले रिहा गऱ्यो भने पाँच जनालाई जिल्ला प्रशासन कार्यालयले साधारण तारेखमा रिहा गऱ्यो । जिल्ला प्रशासन कार्यालयले एक जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो भने तीन जनालाई जिल्ला अदालतले धरौटी तारेखमा रिहा गऱ्यो । एक जनालाई सर्वोच्च अदालतले बन्दी प्रत्यक्षीकरणको आदेशमा रिहा गर्ने आदेश दिएकोमा पुन:गिरफ्तार गरियो । एक जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।

गोरखा नपा–१२ दशकिलो निवासी प्रतिबन्धित नेकपाका जिल्ला इन्चार्ज ४७ वर्षीय योगेन्द्र कुमाल र भीमसेन थापा गाउँपालिका–१ मसेल निवासी जिल्ला सेक्रेटरी ३७ वर्षीय कपिल भट्टलाई ०७६ वैशाख २२ गते प्रहरीले पालुङटार नपा–७ च्याङली स्थित खोलाघाटबाट गिरफ्तार गरे को जिल्ला प्रहरी कार्यालय प्रमुख भोला रावलले बताए। गिरफ्तार गर्ने क्रममा धकेलाधकेल हुँदा भट्टको गोडा मर्किंयो । जिल्ला प्रहरी कार्यालयले राजद्रोह अन्तर्गत वैशाख २२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले वैशाख २७ गते कुमाललाई ५ हजार रुपियाँ धरौटीमा छोड्ने आदेश दिएको गोरखा अदालतका श्रेस्तेदार विनोद घिमिरेले बताए । सोही दिन प्रहरीले उनलाई अदालत परिसरबाट पुन: गिरफ्तार गऱ्यो । जिल्ला प्रहरी कार्यालयले वैशाख २७ गते जिल्ला प्रशासन कार्यालयमा आगजनी अन्तर्गत पुन: मुद्दा दर्ता गऱ्यो । जिल्ला प्रशासन कार्यालय, गोरखाले कुमाललाई जेठ २१ गते १ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । रिहा लगत्तै कुमाललाई जेठ २१ गते आगजनी अन्तर्गत मुद्दामा अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय, तनहुँ पठाएको एसपी भोला रावलले बताए। गोरखा जिल्ला अदालतले वैशाख २७ गते रिहा गरे लगत्तै गिरफ्तार गरी सोही दिन सेक्रेटरी कपिल भट्टलाई सार्वजनिक शान्ति विरुद्धको कसुरमा मुद्दा दर्ता गऱ्यो । कपिल भट्टले जेठ १३ गते उच्च अदालत पोखरामा बन्दी प्रत्यक्षीकरणमा रिट हाले । उच्च अदालत, पोखराको आदेश अनुसार उनी जेठ १४ गते रिहा भए । घाइते भट्टको गोरखा अस्पतालमा वैशाख २२ गते उपचार भएको थियो।

रिहा भए लगत्तै भट्टलाई जेठ १४ गते आवुँखैरेनी गाउँपालिका–३ बाट प्रहरीले पुन: गिरफ्तार गऱ्यो । वैशाख २७ गते प्रहरीले गोरखाबाट गिरफ्तार गरेको भट्टलाई जेठ १३ गते उच्च अदालत पोखराले रिहा गर्न आदेश दिएकोमा प्रहरीले जेठ १४ गते उनको परिवारको जिम्मा लगाउन पोखराबाट आवुँखैरेनीमा लगेकोमा इलाका प्रहरी कार्यालय, आवुँखैरेनीको परिसरबाट नै प्रहरीले पुन: गिरफ्तार गरेको थियो ।

जिल्ला प्रशासन कार्यालय, तनहुँले भट्टलाई असार ८ गते २ हजार रुपियाँ धरौटी बुझाएर रिहा गर्ने आदेश दिएकोमा धरौटी रकम नबुझाएकाले थुनामा पठायो । थुनामा रहेका भट्ट असार १७ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा २ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। सो क्रममा उनलाई प्रहरीले प्रशासन कार्यालयको मुद्दा शाखा भित्रैबाट पुनः गिरफ्तार गऱ्यो। उनका विरुद्ध गोर्खा जिल्ला प्रहरी कार्यालयमा वैशाख २८ गते अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता भएको कारण गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी लिलाराज लामिछानेले बताए। कपिलदेवलाई असार १७ गते गोरखा जिल्ला प्रहरी कार्यालय पठाएको डिएसपी लिलाराज लामिछानेले बताए।

योगेन्द्र कुमाल र कपिलदेव भट्टलाई प्रहरीले असार २२ गते बेलुकी उच्च अदालत पोखरा गेटबाट रिहा लगत्तै गिरफ्तार गऱ्यो । गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरालाई विपक्षी बनाई योगेन्द्र कुमाल र कपिल भट्टका तर्फबाट सुप्रभा भट्टले दायर गरेको बन्दी प्रत्यक्षीकरणको मुद्दामा असार २२ गते उच्च अदालतले रजिष्ट्रार जितेन्द्रबाबु थपलियाको रोहबरमा रिहा गर्ने आदेश गऱ्यो।

कारागार र बन्दी

३५ पुरुष र २० महिला गरी ५५ जनाको क्षमता भएको 'घ' श्रेणीको गोरखा कारागारको पुरुष कक्षमा ४७ कैदी र ४८ थुनुवा गरी ९६ जना कोचिएर बस्न वाध्य छन्। पाँच कैदी र तीन थुनुवा गरी आठ जना महिला छन्। एक वर्षका आश्रित बालक छन्। क्षमताभन्दा बढी कैदी/बन्दी हुँदा सुत्न, बस्न र खानेपानीको समस्या रहेको चौकीदार गोपाल बरामले बताए । कारागारमा नियमित स्वास्थ्य जाँचका लागि स्वास्थ्यकर्मी छैनन्। कारागारका कैदीबन्दीले नियमित पत्रपत्रिका उपलब्ध गराउनुपर्ने माग गरेका छन्। चैत वैशाख महिनामा पानीको समस्या हुने गरेको बरामले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

गोरखा जिल्लामा एकजना न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन् । यस वर्ष देवानीतर्फ ३ सय १७ थान मुद्दा दर्ता भए । तीमध्ये १ सय २३ फैसला मुद्दा फैसला भए। १ सय ९४ थान मुद्दा फैसला हुनै बाँकी छन्। १ सय ९४ थान देवानी र ६४ फौजदारी मुद्दा फैसला हुन बाँकी छन् । ४१ थान सरकारवादी फौजदारी र २३ मुद्दा दुनियावादी फौजदारीतर्फ फैसला हुन बाँकी छन्। दुई वर्ष नाघेका मुद्दा छैनन्। १८ महिना नाघे का दुई थान मुद्दा बाँकी छन्। यो वर्ष ३९ प्रतिशत मुद्दा फर्स्यौट भएको जिल्ला अदालतका श्रेस्तेदार विनोद अधिकारीले बताए । 'पुराना मुद्दामा धेरै लागे का छौं' उनले भने । फौजदारी बाहेक अन्य मुद्दामा मेलमिलापलाई जोड दिइएको पनि उनले बताए।

बाल अधिकार

यो वर्ष गोरखामा विद्यालयमा दिइएको शारीरिक दण्ड सजायबाट एकजना बालक, तीन जना बालिका बलात्कार घटनामा र नौ जना बालिका यौन दुर्व्यवहारका घटनामा पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित बलात्कारका घटनामध्ये एउटा घटनाका आरोपित बालकलाई जिल्ला अदालतले सात महिना कैदका लागि भक्तपुर बाल सुधार गृहमा पठाउने आदेश गऱ्यो । र अर्को एउटा घटनाका आरोपितलाई पुर्पक्षका लागि बाल सुधारगृह भक्तपुर र एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म फरार रहे । त्यसैगरी यौन दुर्व्यवहारका नौ घटनामध्ये तीन ओटा घटनाका आरोपित बालक नै रहे । दुई ओटा घटनाका आरोपित धरौटी तारेखमा रिहा भए, दुई ओटा घटनामा कैद तोकिएको र ६ ओटा घटनाको फैसला भएन।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०७५ चैत १० गते यौन दुर्व्यवहार गरेको भन्दै पालुङटार नपा–६ पालुङटार का ४४ वर्षीय शम्भुलाल श्रेष्ठविरुद्ध पीडितका आफन्तले सोही दिन जिल्ला प्रहरी कार्यालय, गोरखामा उजुरी दिए । आरोपितलाई प्रहरीले चैत १० गते पालुङटारबाट गिरफ्तार गऱ्यो । पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १० गते गोरखा अस्पतालमा भयो । जिल्ला प्रहरी कार्यालयले चैत २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत गोरखाले चैत २५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। गोरखा अदालतले असार १२ गते आरोपित श्रेष्ठलाई ६ महिना कैद र ५ हजार रुपियाँ जरिवानाको फैसला सुनाएको गोरखा अदालतका श्रेस्तेदार विनोद अधिकारीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७७ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । कुटपिट गरेको २६, खान/लाउन नदिएको र हेरविचार नगरेको ३३, कुटपिट गरी घरनिकाला गरेको चार, विवाह दर्ता, नागरिकता र बच्चाको जन्मदर्ता नबाइदिएका भन्दै चार र अर्की पत्नी ल्याएर हेला गरेको भन्दै तीन र बहुविवाहका सात उजुरी दर्ता भए। जसमध्ये ४३ उजुरीमा मिलापत्र भएको एसपी ओम अधिकारीले बताए। २७ कानुनी प्रक्रियामा रहेका छन् ।

यो वर्ष गोरखामा बलात्कारका तीन र बलात्कार प्रयासका चार जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कार प्रयासको तीन आरोपित–लाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक आरोपितलाई कैद र क्षतिपूर्तिको फैसला सुनायो। एक आरोपितले सफाइ पाए। बलात्कार घटनाका तीन आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३० वर्षीया महिलालाई २०७५ चैत ६ गते बलात्कार प्रयास गरेको भन्दै अजिरकोट गाउँपालिका–५ मुच्चोकका १८ वर्षीय अमृत भन्ने विनोद सुनार विरुद्ध पीडितका आफन्तले चैत ८ गते जिल्ला प्रहरी कार्यालय, गोरखामा उजुरी दिए । प्रहरीले आरोपितलाई चैत ८ गते मुच्चोकबाट गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण चैत ८ गते जिल्ला अस्पतालमा भयो । जिल्ला प्रहरी कार्यालयले चैत २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । आरोपितलाई जिल्ला अदालत गोरखाले चैत २५ गते पुर्पक्षका लागि थुनामा पठायो । जिल्ला अदालतले २०७६ असार ९ गते अमृतलाई तीन वर्ष ६ महिना कैद र पीडितलाई क्षतिपूर्ति स्वरुप २५ हजार रुपियाँ दिने फैसला सुनाएको श्रेस्तेदार विनोद अधिकारीले बताए ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ६६ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन् । गोरखामा दुई नपा र नौ गाउँपालिका गरी ११ स्थानीय तह छन् । ती सबै तहमा चालु आर्थिक वर्षमा औषधि खरिदका लागि ससर्त र सामान्यीकरण गरेर २ करोड ११ लाख ५० हजार छुट्टाइएको छ । भूकम्पले भत्काएका सबै स्वास्थ्य संस्थाको सुविधा सम्पन्न भवन बनिसकेको र उपकरणहरू पनि पर्याप्त छन् ।

२०७४ असार १५ गतेबाट गोरखामा स्वास्थ्य बिमा सुरु भएको छ । अति गरिब १ हजार ४ सय ८६ घर परिवारको निःशुल्क बिमा गरिएको स्वास्थ्य बिमा बोर्ड जिल्ला कार्यालय गोरखाका प्रमुख विशाल लौडारीले बताए । ७० वर्ष उमेर कटेका ७ हजार १ सय ४ जना ज्येष्ठ नागरिक र ३६ जना एचआइभी सङ्क्रमितको पनि निःशुल्क बिमा गराइएको उनले बताए । 'क' वर्गको अपाङ्गता परिचयपत्र पाएका १ सय ५६ जनाको पनि निःशुल्क स्वास्थ्य बिमा गराइएको छ। ८ हजार १ सय २६ परिवारले भने शुल्क तिरेर बिमा गरेका छन् । ४६ हजार ५ सय ३८ बिमित सदस्य भए ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार						
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१			३	३
विद्यालयमा शारीरिक सजाय				१		१
यौन दुर्व्यवहार	१		३		५	९
जम्मा	१	१	३	१	८	१३

महिला अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		३	३
बलात्कार प्रयास	१	३	४
बहुविवाह	६	३	९
जम्मा	७	९	१६

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	४	६

४.२ मनाङ



जम्मा जनसङ्ख्या	५,६१८
महिला	२,३५४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,१५०
कामका लागि बाहिरिएका	२७५
अपाङ्गता भएका	२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	७४.८
आश्रित जनसङ्ख्या	१,७४७

कारागार र बन्दी

श्रेणीविहीन मनाङ जिल्ला कारागारको क्षमता २५ जनाको छ । कारागारमा सात जना कैदीबन्दी रहेका छन्। कारागारको आफ्नो भवन नहुँदा जिल्ला शिक्षा कार्यालयको पुरानो भवनमा बस्दै आएको प्रहरी इन्स्पेक्टर श्रवणकुमार विकले बताए । बन्दीका नाइके निमा लामाका अनुसार जाडो का कारण समस्या हुने गरेको तथा पत्रपत्रिका टेलिभिजन जस्ता सेवा सुविधा कारागारमा उपलब्ध छैन।

जिल्ला कारागार मनाङमा रहेका कैदीबन्दीले मासिक २ हजार रुपियाँसम्म घरबाट मागेर जीवन गुजार्न बाध्य भएको सरोकारवाला तथा इन्सेक प्रतिनिधिलाई कैदीबन्दीले गुनासो गरे। राज्यले हिमाली भेकका जिल्लाहरूमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी, तथा शिक्षकलाई दुर्गम भत्ता लगायतको सुविधाको प्रबन्ध गरेको छ तर, ती जिल्लाका कारागारका कैदीबन्दीका लागि भने त्यस्तो प्रबन्ध छैन । सरकारले उपलब्ध गराउने सिदा रकमले दैनिकी टार्न समस्या परेपछि मासिक २ हजार रुपियाँसम्म घरबाट मगाउनु परेको कारागारका चौकीदार सोनाम लामाले बताए।

मनाङ जिल्ला सदरमुकाम सडक सञ्जालमा जोडिएसँगै खाद्यान्न ढुवानी गर्ने खच्चड र घोडा विस्थापित भए । त्यसपछि कारागारमा बस्ने कैदीबन्दीको आयआर्जनमा समस्या भयो । मोटर नचल्दा ढुवानीका लागि खच्चड र घोडाहरूको प्रयोग हुन्थ्यो । घोडा खच्चडका लागि प्रयोग गरिने लगाम तथा काँटीहरूको तुना आदि बनाएर, मर्मत गरेर मासिक जनही १५ सयदेखि २ हजार रुपियाँसम्म कैदी बन्दीले आम्दानी गर्थे, त्यसले हामीलाई बाँच्न सजिलो भएको थियो नाइके निम छोवाङ लामाले बताए। उनले भने, सदरमुकाममा गाडी आउन थालेपछि खच्चड, घोडा विस्थापित भए, हाम्रो आम्दानीको स्रोत नै सुक्यो, अनि घरबाट खर्च माग्न बाध्य छौं।

मुढा बनाउन कच्चा पदार्थ लमजुङबाट ल्याउनुपर्ने र विक्रीका लागि पनि लमजुङनै पठाउनु पर्ने भएका कारण ढुवानी खर्च बढी हुने र उत्पादन महङ्गो हुने भएर बिक्न छाडेको छ । 'हातले बुने को स्वीटर बलियो हुने तर लागत र फिनिसिङ मेसिनले बुनेको राम्रो र सस्तो हुने हुँदा सिलाइ बुनाइको काम पनि सम्भव भएन' ६५ वर्षीय कैदी नाङ्मा घ्याल्बो लामाले बताए । उनले कर्मचारी, शिक्षकले मनाङ आउँदा बढी भत्ता पाए जस्तो कैदीबन्दीलाई पनि राज्यले दिने सुविधा बढाए जेनतेन बाँच्न पुग्ने

बतायो। कारागारभित्र कुनै पनि पुस्तक तथा पत्रपत्रिका पढ्ने सुविधा नभएको कैदीबन्दीहरूले गुनासो गरे । उनीहरूले पुस्तकालयको प्रबन्ध भए मन बहलाउन सजिलो हुने बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

२०७५ पुस १७ देखि २०७६ पुस १५ सम्म एक जना न्यायाधीश रहेको मनाङ जिल्ला अदालतमा चार थान मुद्दा दर्ता भएकोमा फौजदारी मुद्दातर्फ दुई र देवानीतर्फ दुई थान मुद्दा दर्ता भएका छन् । चार थान मुद्दाको फैसला नभएको जिल्ला अदालतका खरिदार कर्णबहादुर थापाले बताए । दुई वर्ष नाघेका फौजदारी र देवानी दुवै प्रकृतिका मुद्दा मनाङ जिल्ला अदालतमा छैनन् । जिल्लामा मुद्दाको चाप नभएकोले अहिले न्यायाधीशको दरबन्दी काजमा राखिएको थापाको भनाइ छ।

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बालअधिकार	बलात्कार	१	१
	जम्मा	१	१
महिलाअधिकार	बहुविवाह	१	१
	जम्मा	१	१
कूल जम्मा		२	२

स्वास्थ्य सेवाको अवस्था

मनाङ जिल्लामा एक जिल्ला अस्पताल, तीन स्वास्थ्य चौकी र तीन सामुदायिक स्वास्थ्य इकाइ छन् । दुई जना डाक्टरको दरबन्दी रहेकोमा दुवै जना कार्यरत छन । त्यस्तै अहेब दरबन्दी २८ रहेकोमा समायोजनका कारण २० जनामात्र कार्यरत रहेको स्वास्थ्य कार्यालयका बद्री आचार्यले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह	१	१
जम्मा	१	१

४.३ मुस्ताङ

जम्मा जनसङ्ख्या	१२,८५०
महिला	६,१५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४,६३२
कामका लागि बाहिरिएका	१,४२५
अपाङ्गता भएका	२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.२
आश्रित जनसङ्ख्या	४,३४२

मुस्ताङ जिल्लामा गम्भीर प्रकृतिका मानव अधिकार हनन्का घटना कमै अभिलेख हुने गरेका छन् । स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता मौलिक अधिकारको उपभोग गर्ने सुविधाबाट भने यहाँका बासिन्दा वञ्चित रहेका छन् । जिल्लामा मुखियाप्रथा यथावत् नै रहेकाले कतिपय सवालहरू गाउँमै छिनोफानो हुने गरेको पाइन्छ । अन्य जिल्लामा जस्तो मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी घटना सहजै न्यायिक निकायसम्म आइपुग्दैनन्। बजार अनुगमन फितलो हुने गरेको, यातायातको भरपर्दो व्यवस्था नहुँदा जिल्लामा उपचार सम्भव नभई अन्यत्र रेफर गर्नुपर्ने बिरामीलाई पठाउन असहज हुने गरेको, स्थानीय उत्पादनलाई सहजै निर्यात गर्न नसकिएको, विमान कम्पनीहरूको मनोमानीका कारण हवाइसेवा महङ्गो भएको स्थानीयको गुनासो रहेको छ।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको मुस्ताङ जिल्ला कारागारमा १० जना कैदी, एकजना बन्दी छन्। एकजना महिला कैदी पनि रहेकामा म्याग्दी जिल्ला कारागार पठाइएको छ। कारागारमा पर्खाल नहुँदा कैदी/बन्दीले कोठामै बस्नुपर्ने बाध्यता छ भने सुरक्षाको दृष्टिकोणले समेत कारागारको संरचना अनुपयुक्त छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा १५ थान मुद्दा रहेका छन्। आठ थान फैसला भए भने सात थान बाँकी रहे। फौजदारी मुद्दा चारथान दर्ता भएकामा दुई थान मुद्दा

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	१	१
	जम्मा	१	१
कूल जम्मा		१	१

फैसला हुन बाँकी रहे । जिल्लामा दुई वर्ष नाघेका पुराना मुद्दा छैनन् । जिल्ला अदालतमा दर्ता भएका मुद्दामा अधिकांश अभद्र व्यवहार, जुवा/तास र सम्बन्धविच्छेदका रहने गरेको जिल्ला न्यायाधीश मनोज श्रेष्ठले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र १५ स्वास्थ्य चौकी छन् । दुई डाक्टर र एक मेडिकल सुपरिटेन्डेन्टको दरबन्दी रहेकामा दुवै कार्यरत् छन् । जिल्लामा ३५ अहेवको दरबन्दी रहेकामा तीन रिक्त छ । जिल्ला अस्पतालमा मौसमी ज्वरो, रुघा/ खोकी, उच्च उचाइमा लेक लाग्ने जस्ता समस्या लिएर बिरामी आउने गरेका छन् । गम्भीर प्रकारका बिरामीलाई थप उपचारका लागि पोखरा तथा काठमाडौँमा रिफर गर्ने गरेको गरिएको जिल्ला अस्पतालले जनायो।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

४.४ म्याग्दी



जम्मा जनसङ्ख्या	१,१३,३४०
महिला	६२,६४१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३१,३२३
कामका लागि बाहिरिएका	१४,३१४
अपाङ्गता भएका	६,१२२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.५
आश्रित जनसङ्ख्या	५२,१५७

यस वर्ष म्याग्दी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २१ जना महिला, दुई जना पुरुषसहित २३ जना र राज्यपक्षबाट पाँच जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा चार जना र महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भएको अभिलेख भयो।

गिरफ्तार

यस वर्ष प्रतिबन्धित नेकपाका पाँच जना नेता तथा कार्यकर्ता गिरफ्तार भएको र गिरफ्तार भएका तीनै जनालाई जिल्ला अदालतले सामान्य तारेखमा रिहा गर्ने आदेश दियो। दुई जनालाई जिल्ला अदालतले जनही ३५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा धरौटी रकम नबुझाएपछि थुनामा पठायो। उच्च अदालत बाग्लुङको आदेशमा उनीहरू रिहा भए।

सानोभेरी गाउँपालिका–३ रुकुम पश्चिम निवासी प्रतिबन्धित नेकपाका म्याग्दी इञ्चार्ज ४२ वर्षीय कमानसिंह नकाल क्षेत्री र बागलुङ नगर पालिका–३ निवासी म्याग्दी जिल्ला सेक्रेटरी ४८ वर्षीय बाबुलाल शाक्यलाई २०७६ साउन ६ गते जिल्ला प्रहरी कार्यालयको टोलीले बेनी नगरपालिका–३ बाट गिरफ्तार गऱ्यो। उनीहरू दुवैको स्वास्थ्य परीक्षण साउन ७ गते बेनी अस्पतालमा गरियो। दुवै जनालाई म्याग्दी प्रहरीले साउन ६ गते म्याग्दीका विभिन्न पाँच स्थानमा एनसेल टावरमा आगजनीमा संलग्न रहेको आरोपमा गिरफ्तार गरेको थियो। जिल्ला अदालत म्याग्दीले साउन २८ गते जनही ३५/३५ हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश गरेको भएपनि धरौटी नबुझाएकाले कारागार चलान भए। असोज ३० गते उच्च अदालत बागलुङको आदेशपछि रिहा भएका दुवै जनालाई उच्च अदालत बागलुङ इजलास परिसरबाट पुनः गिरफ्तार गरी सोही दिन बाग्लुङ प्रहरीले पर्वत र बागलुङको सिमानामा पर्ने मालढुङ्गा भन्ने ठाउँमा छाडिदियो। लगत्तै पर्वत प्रहरीले दुवैजनालाई पुनः गिरफ्तार गऱ्यो।

उनीहरूलाई जिल्ला अदालत, बागलुङले असोज ३० गते जनही १० हजार धरौटीसहित तारेखमा रिहा गरे पनि पर्वत प्रहरीले असोज ३० गते पुनः गिरफ्तार गरेको हो। धरौटी बुझाउन आएका परिवारका सदस्यलाई भेट्न समेत नदिई दुवैजनालाई प्रहरीले पुनः गिरफ्तार गरेको अधिवक्ता राम शर्माले बताए। दुवै जनाका विरुद्ध स्याङ्जा जिल्लामा मुद्दा रहेको भन्दै गिरफ्तार गरेको भोलिपल्टै (कात्तिक १ गते) स्याङ्जा प्रहरीलाई बुझायो। स्याङ्जा प्रहरीले जिल्ला प्रशासनमा पेश गरेकामा दुवैजना प्रशासनको

आदेशमा कात्तिक २० गते साधारण तारेखमा रिहा भए।

कमानसिंह नकाल क्षेत्री र बाबूलाल शाक्यलाई २०७६ मङ्सिर ३ गते गोरखा नगर पालिका–१३ गोरखा र तनहुँको सिमानामा रहेको मभ्रुवा देउरालीको पुलबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मित्रबन्धु शर्माले बताए । जिल्ला प्रहरी कार्यालयले उनीहरूलाई मङ्सिर ४ गते जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक शान्ति विरुद्धको कसुरमा मुद्दा दर्ता गरी अनुसन्धान प्रक्रिया अघि बढाएको डिएसपी शर्माले बताए। जिल्ला प्रशासन कार्यालयले मङ्सिर २९ गते उनीहरूलाई तारेखमा रिहा गऱ्यो।

कारागार र बन्दी

'घ' श्रेणीको म्याग्दी कारागारको क्षमता ३२ जना रहेकोमा ६३ कैदी र ३१ थुनुवा गरी ९४ जना छन् । जसमा ६ जना महिला छन् । ७० वर्ष माथिका दुई जना ज्येष्ठ नागरिक कारागारमा छन् । क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ । पुस्तकालय, टेलिभिजन, खेलकुद सामग्रीलगायत सुविधा छ । जिल्ला कारागारमा आश्रित बालबालिका छैनन् । कैदी बन्दीको हप्तामा तीन पटक स्वास्थ्य परीक्षण गरिन्छ । कारागारमा अहेवको दरबन्दी छ । तीन ओटा मात्रै शौचालय भएकाले पालो कुर्नुपर्ने अवस्था छ । वैतनिक वकिलले कारागारको नियमित भ्रमण गर्नुपर्ने भए पनि तोकिएको समयमा नआउने कैदीबन्दीले गुनासो गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यस वर्ष सरकारवादी फौजदारी ४६, दुनियावादी फौजदारी २०, देवानी १ सय ७७ र एउटा रिट परेको थियो । जसमा सरकारवादी फौजदारी ५०, दुनियावादी फौजदारी १० र देवानी ७८ फर्स्यौट भइसकेका छन्। दुई वर्षभन्दा पुराना मुद्दा बाँकी छैनन्। आदलतले मागेको प्रतिवेदन नपुग्दा बलात्कारको घटनाको फैसला हुन समेत एक वर्ष भन्दा बढी समय लागेको श्रेस्तेदार खिलप्रसाद बुर्लाकोटीले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
हत्या					१	१
जातीय विभेद					१	१
गिरफ्तार		५	५			
कुटपिट				१		१
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			३		३
	यौन दुर्व्यवहार			१		१
	जम्मा			४		४
महिला अधिकार	कथित बोक्सीको आरोप			१		१
	बलात्कार			१		१
	घरेलु हिंसा			१४		१४
	जम्मा			१६		१६
कूल जम्मा		५	५	३१	३	३३

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ७४ आधारभूत र ५९ माध्यमिक विद्यालय छन् । १ हजार २ सय ८० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन् । यस वर्ष १ हजार १ सय २४ जना बालिका र १ हजार २ सय ७० जना बालक कक्षा एकमा नयाँ भर्ना भए । अहिले जिल्लामा माध्यमिक तह सम्ममा ४१ हजार तीन सय ५८ अध्ययनरत छन् । अपाङ्गमैत्री विद्यालय नभएको भए पनि धौलागिरी माध्यमिक विद्यालय बेनी नपा–४ सिङ्गामा बहिरा कक्षा, बालजागृति आधारभूत विद्यालय बेनी नपा–५ चुत्रेनीमा बौद्धिक अपाङ्गता र ज्ञानोदय मावि रघुगङ्गा गाउँपालिका–३ मौवाफाँटमा दृष्टिबिहिन कक्षा सञ्चालन भएका छन् । अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी विद्यालय खुलेको भए पनि अपाङ्गमैत्री विद्यालय भने छैनन् । सदरमुकाम बाहेक अन्य क्षेत्रका विद्यालयमा भने दलित, अपाङ्गता भएका बालबालिकाले निःशुल्क शिक्षा पाएका छन्।

यस वर्ष बलात्कारका घटनामा दुई जना र यौन दुर्व्यवहारको घटनामा एक जना बालिका गरी चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका एक आरोपितलाई जिल्ला अदालतले अभियोग दावी नपुग्ने भन्दै सफाइ दियो

भने तीन जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक आरोपित बालक भएकाले बाल सुधार गृह रुपन्देही पठायो । यौन दुर्व्यवहार घटनाका एक आरोपितले अभियोग दावी नपुग्ने भन्दै जिल्ला अदालतबाट सफाइ पाए। एक आरोपितलाई अदालतले ११ दिनको कैद सफला सुनायो। अन्य घटना न्यायिक प्रक्रियामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा खानलाउन नदिएका १९, कुटपिटका ६, सामान्य झैझगडाका १२ गरी ३७ वटा उजुरी परेकोमा सबै मिलापत्र गरिएको सेवा केन्द्रले जनायो।

यस वर्ष म्याग्दी जिल्लामा घरेलु हिंसाका १४, बलात्कारमा एक जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद र क्षतिपूर्तिको फैसला सुनायो ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

८४ वर्षीया अपाङ्गता भएकी महिलालाई २०७५ फागुन १० गते बलात्कार गरेको भन्दै रघुगङ्गा गाउँपालिका–३ बस्ने ३५ वर्षीय गोरे परियार विरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालय, म्याग्दीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १० गते रघुगङ्गा–३ पिप्लेबाट गिरफ्तार गऱ्यो । जिल्ला अदालतको चैत ४ गतेको आदेशमा थुनामा रहेका आरोपितलाई २०७६ वैशाख ३० गते १५ वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने फैसला सुनायो । जिल्ला न्यायाधीश राजकुमार कोइरालाको इजलासले मुलुकी अपराध संहिताअनुसार बलात्कार कसुरमा १० वर्ष र अशक्त तथा वृद्ध महिलालाई बलात्कार गरेकोले थप ५ वर्ष गरी १५ वर्ष कैद फैसला सुनाएको जिल्ला अदालतले जनायो। पीडितको स्वास्थ परीक्षण २०७६ फागुन ११ गते जिल्ला अस्पताल, बेनीमा भयो।

कथित बोक्सीको आरोप

मालिका गाउँपालिका–२, बिलबाङ रुमकी ४१ वर्षीया ईन्द्रा पुनलाई कथित बोक्सीको आरोपमा मालिका गाउँपालिका–२ का २७ वर्षीय रमेश पुनले २०७६ कात्तिक २७ गते बिहान धारिलो हतियार प्रहार गरी घाइते बनाए । पीडितको उपचार मणिपाल शिक्षण अस्पतालमा भयो। आरोपित पुनलाई सोही दिन प्रहरीले गिरफ्तार गरी ज्यान मार्ने उद्योग अन्तर्गत जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा अदालतले २०७६ मङ्सिर २१ गते पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सबै प्रकारका जातीय विभेद

धौलागिरी गाउँपालिका–५ बस्ने पार्वती पुर्जाको घर भित्र प्रवेश गरेको आरोपमा रघुगङ्गा गाउँपालिका–८ कुइनेमङ्गले घर भई जनज्योति आधारभूत विद्यालयमा प्रधानाध्यापका ४२ वर्षीय रेशबहादुर बिकलाई ०७६ वैशाख ५ गते कुटपिट गरेको भन्दै पीडित पक्षले वैशाख १५ गते प्रहरीमा उजुरी दिए। प्रहरीले वैशाख २२ गते आरोपित धौलागिरी गाउँपालिका–५ का ३५ वर्षीय बलबहादुर रोका र ३० वर्षीय जितेन्द्र जुगजालीलाई गिरफ्तार गऱ्यो । जिल्ला अदालत, म्याग्दीले जेठ ६ गते जनही २५/२५ हजार रुपियाँ धरौटी बुझाई आरोपितद्वयलाई रिहा गर्ने आदेश दियो । २०७६ असोज २९ गते जिल्ला अदालत म्याग्दीले जातीय विभेद गरेको नदेखिने फैसला गरेकोमा सरकारी वकिल कार्यालय २०७६ मङ्सिर २० गते उच्च अदालत, पोखराको बागलुङ इजालसमा पुनरावेदनका लागि गएको छ । यो वर्षको अन्त्यसम्म मुद्दा अदालतमा विचाराधीन छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष म्याग्दी जिल्लामा प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले मालिका गाउँपालिका–१ निस्कोट, रघुगङ्गा गाउँपालिका–५ टोड्के, मङ्गला गाउँपालिका–३ झाँक्रीपानी, बेनीनपा–२ गौस्वारा र बेनी नपा–३ भकिम्लीमा रहेको एनसेलको टावरमा २०७५ फागुन १० गते राति आगजनी गरे। आगजनीबाट साढे ७ लाख रुपियाँको क्षति भएको प्रहरीले जनायो। त्यसैगरी २०७६ साउन १५ गते बेनी नगरपालिका–२ बञ्चरेढुङ्गा स्थित एनसेलको टावरमा प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले तोडफाड गरे। तोडफोडबाट साढे ७ लाख रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

म्याग्दीमा एउटा जिल्ला अस्पताल, ४० स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा यस वर्ष १३ डाक्टरको दरबन्दी भएपनि दुई जनामात्र कार्यरत छन् । स्त्रीरोग विशेषज्ञको दरबन्दी रहेको भए पनि रिक्त छ । सदरमुकाम बेनीमा रहेको एकमात्र सरकारी बेनी अस्पताल विशेषज्ञ डाक्टर नहुँदा भौतिक पूर्वाधार तथा आधुनिक सामग्री सम्पन्न अस्पताल भए पनि जनताले सेवा पाएका छैनन् ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१	१
बलात्कार		३	३
यौन दुर्व्यवहार	१		१
जम्मा	१	३	४

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप			१	१
बलात्कार	१			१
घरेलु हिंसा		१४		१४
जम्मा	१	१४	१	१६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

४.५ कास्की

जम्मा जनसङ्ख्या	५,४५,४२४
महिला	२,८४,६८६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१५,३३०
कामका लागि बाहिरिएका	५७,३०५
अपाङ्गता भएका	५,२१५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८२.०४
आश्रित जनसङ्ख्या	१,५६,५१५

यस वर्ष कास्की जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६२ जना महिला, २० जना पुरुषसहित ८२ जना र राज्यपक्षबाट आठ जना महिला, १ सय १० जना पुरुषसहित १ सय १८ जना गरी २ सय पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ४९ जना पीडित भएको अभिलेख भयो।

गोली/बम विष्फोटबाट घाइते

अन्यपक्षबाट

यस जिल्लामा बम विष्फोटका दुई घटनामा ६ जना घाइते भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये एक घटनामा गण्डकी प्रदेशसभा नजिकै निषेधित क्षेत्रमा फेला परेको बम निष्क्रिय पार्ने क्रममा विष्फोट भई एक जना घाइते भएको र अर्को घटनामा नेकपा कम्युनिष्ट पार्टी (नेकपा) को चुनावीसभा भइरहेको समयमा बम विष्फोट हुँदा पाँच जना घाइते भएको इन्सेकमा अभिलेख छ।

बाग्लुङ जिल्ला जैमिनी-९ घर भई कालीभञ्जन गणमा कार्यरत नेपाली सेनाका अमल्दार ३१ वर्षीय धर्मराज थापा वैशाख ५ गते पोखरा मनपा-३ नदीपुर स्थत गण्डकी प्रदेशसभाको निषेधित क्षेत्र नजिकै फेला परेको बम निष्क्रिय पार्ने क्रममा विस्फोट हुँदा घाइते भए । घाइतेको पोखरा स्थित फिस्टेल हस्पिटलमा उपचार हुन नसकेपछि थप उपचार वैशाख ५ गते काठमाडौँ स्थित छाउनी अस्पतालमा भयो।

पोखरा महानगरपालिका-१५ गलेश्वरकी ५५ वर्षीया धनमाया सुनार, ४५ वर्षीया रमिला सार्की, ५५ वर्षीया जानकी पोखेल, ५७ वर्षीया पूर्णीमाया बिक र पोखरा महानगरपालिका-१० की ५४ वर्षीया कृष्ण गुरुङ अधिकारी २०७६ मङ्सिर ११ गते दिउँसो पोखरा महानगरपालिका-९ स्थित प्रदर्शनी केन्द्रमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को चुनावी सभा भइरहेको समयमा बम विष्फोट हुँदा घाइते भए । घाइतेहरूको उपचार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

धम्की/कुटपिट

यस वर्ष कास्की जिल्लाबाट धम्की घटनामा एक जना र कुटपिट घटनामा तीन जना गरी चार जना

पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	३	४	४	२	६
अमानवीय व्यवहार						३	३
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार						१	१
भेला/सङ्गठित हुने अधिकार		१	५६	५७			
हिरासत वा थुनामा मृत्यु			१	१			
गिरफ्तार		६	५०	५६			
कुटपिट						५	५
धम्की						१	१
हत्या					२	४	६
बाल अधिकार	बालश्रम				३	१	४
	बलात्कार				२		२
	विद्यालयमा शारीरिक सजाय					१	१
	यौन दुर्व्यवहार				२	२	४
	जम्मा				७	४	११
महिला अधिकार	बलात्कार				२		२
	घरेलु हिंसा				४७		४७
	जम्मा				४९		४९
कूल जम्मा		८	११०	११८	६२	३०	८२

गिरफ्तार

यस वर्ष कास्की जिल्लामा प्रतिबन्धित नेकपाका २४ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गर्‍यो । गिरफ्तार भएकामध्ये दुई जनालाई जिल्ला अदालतले सफाइ दियो, एक जनाको पेसी तोकिए पनि मुद्दाको प्रक्रिया जारी रहेको, एक जना धरौटीमा रिहा भएको, एक जना धरौटीसहित तारेखमा रिहा भएको, नौ जना पुनः गिरफ्तार भएकोमा दुई जनालाई अन्य जिल्लामा पठाएको, नौ जनालाई जिल्ला प्रहरी कार्यालयले रिहा गरेको, तीन जनालाई सर्वोच्च अदालतले, एक जनालाई उच्च अदालतले रिहा गरेको र जिल्ला अदालतले एक जनालाई पुर्पक्षका लागि थुनामा राखेको इन्सेकले अभिलेख गर्‍यो।

गोरखा जिल्ला गोरखा नपा–४ घर भएका प्रतिबन्धित नेकपाका कास्की र स्याङ्जा जिल्ला इञ्चार्ज ३८ वर्षीय रुपेश भनिने कृष्ण वाग्ले र पोखरा महानगरपालिका–२८ बस्ने जनपत्रकार सङ्गठनका केन्द्रीय सदस्य ४२ वर्षीय ओम हमाललाई स्थानीयलाई डर देखाएर त्रसित बनाएको भन्दै प्रहरीले २०७६ भदौ ६ गते पोखरा मनपा–२७ शिशुवाबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी राजकुमार केसीले बताए। पत्रकार हमालको गिरफ्तारी गैरकानुनी भन्दै जनपत्रकार सङ्गठनकी सदस्य मोनिका गुरूङले भदौ २३ गते सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन्। रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतिवडा र बमकुमार श्रेष्ठको इजलासले हमाललाई भदौ २४ गते रिहा गर्न आदेश दियो भने कृष्ण वाग्लेलाई भदौ २४ गते सर्वोच्च अदालत गेट परिसरबाट प्रहरीले पुनः गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, कास्की पठायो । कास्की जिल्ला अदालतले २०७६ असोज ९ गते साधारण तारेखमा रिहा गर्न आदेश दिएपछि अदालतबाट बाहिरिने क्रममा वाग्लेलाई प्रहरीले पुनः गिरफ्तार गर्‍यो । वाग्लेलाई असोज ९ गते जिल्ला प्रहरी कार्यालय गोरखा पठायो। उनी जिल्ला अदालतको आदेशमा कात्तिक ३ गते साधारण तारेखमा रिहा भए।

रोल्पा जिल्ला गङ्गादेव गाउँपालिका–२ निवासी प्रतिबन्धित नेकपा कास्की जिल्ला सेक्रेटरी आक्रोश भनिने ४१ वर्षीय जंगबहादुर भण्डारी, कास्की जिल्ला सदस्य अन्नपूर्ण गाउँपालिका–३ बस्ने परिर्वतन भनिने ३२ वर्षीय सन्तोष बिक, अखिल क्रान्तिकारी केन्द्रीय सदस्य भोजपुर जिल्ला भोजपुर नपा–९ बस्ने २६

वर्षीय मिलन राई, अखिल क्रान्तिकारी केन्द्रीय सदस्य गोर्खा जिल्ला सुलिकोट गाउँपालिका–६ बस्ने २६ वर्षीय काजी गुरुङ, स्याङ्जा पुतलीबजार घर भई पोखरा मनपा–११ बस्ने जिल्ला उपाध्यक्ष २१ वर्षीय आस्था नेपाली, अखिल क्रान्तिकारी पृथ्वीनारायण क्याम्पस संयोजक रुपा गाउँपालिका–४ बस्ने २३ वर्षीय प्रकाश बास्तोला, मादी गाउँपालिका–४ बस्ने २१ वर्षीय सुजन सापकोटा, स्याङ्जा अर्जुनचौपारी बस्ने २० वर्षीय बसन्त अर्याल, मादी गाउँपालिका–७ बस्ने १७ वर्षीय गगन परियार, अछाम बान्नीगढी जयगढ–५ बस्ने २० वर्षीय राजन साउद, पर्वत घर भएकी १८ वर्षीया सुनिता परियार, पोखरा मनपा–२८ माझठाना बस्ने २१ वर्षीया देवी गुरुङ, बाग्लुङ घर भएका २० वर्षीय बलराम परियार, माछापुच्छे गाउँपालिका–७ धम्पुस २० बस्ने वर्षीया प्रतिमा भण्डारी, दार्चुला घर भएका २६ वर्षीय प्रमोद सिंह, रुकुम घर भएका २० वर्षीय दिपेन्द्र बुढा, स्याङ्जा घर भएका २२ वर्षीय रविन पौडेल र बाग्लुङ घर भएका २३ वर्षीय दिपेन्द्र परियारलाई ०७६ जेठ २५ गते अन्नपूर्ण गाउँपालिका–११ उरी स्थित आमा समूहको भवनमा अखिल क्रान्तिकारी कास्की र पृथ्वीनारायण क्याम्पस जिल्ला कमिटिको संयुक्त बैठक बसिरहरेको बेला गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय, कास्कीका इन्स्पेक्टर गणेश सुवेदीले बताए । जङ्गबहादुर भण्डारी, सन्तोष बिक, मिलन राई, काजी गुरुङ, आस्था नेपाली, प्रकाश बास्तोला, सुजन सापकोटा, गगन परियार, राजन साउदलाई २०७६ जेठ ३० गते राति प्रहरीले उच्च अदालत पोखरा बार एशोसियशन पोखराको कार्यालयबाट गिरफ्तार गऱ्यो । उच्च अदालतले रिहाको आदेश गरेपनि पुनः गिरफ्तारीको तयारी गरेपछि उच्च अदालत बार एशोसिएसनको भवनमा संरक्षणमा राखिएका उनीहरूलाई पुनः गिरफ्तार गरी इलाका प्रहरी कार्यालय डाँडाको नाक प्रहरी चौकीमा लगिएको वडा प्रहरी कार्यालय बैदामका डिएसपी कोमल साहले बताए । गिरफ्तार गरिएकामध्ये जङ्गबहादुर भण्डारी, सन्तोष बिक, काजी गुरुङ, मिलन राईलाई उच्च अदालत पोखरा परिसरबाट वडा प्रहरी कार्यालय बैदामको टोलीले असार ४ गते साँझ पुनः गिरफ्तार गरी तनहुँ प्रहरीलाई बुझाएको वडा प्रहरी कार्यालयका डिएसपी कोमल साहले जानकारी दिए । १८ जना मध्ये जंगबहादुर भण्डारी, सन्तोष बिक, काजी गुरुङ र मिलन राई असार ४ गतेबाट तनहुँ जिल्ला प्रहरी कार्यालयको हिरासतमा थिए । अधिकारकर्मीहरूको उपस्थितिमा असार ३ गते पोखरा मनपा– १ स्थित पृथ्वीनारायण क्याम्पस परिसर भित्र पुऱ्याइ राजन साउद, प्रकाश बास्तोला, सुजन सापकोटा, गगन परियार र आस्था नेपालीलाई छाडियो । प्रमोद सिंह, दीपेन्द्र बुढा, रविन पौडेल, दीपक परियार, प्रतिमा भण्डारी, बसन्त अर्याल, बलराम परियार, देवी गुरुङ र सुनीता परियारलाई जिल्ला प्रशासन कार्यालय कास्कीमा असार १ गते प्रतिव्यक्ति २ हजार ४ सय रुपियाँ जरिवाना बुझाइ रिहा भए ।

जंगबहादुर भण्डारी, काजी गुरुङ, मिलन राई र सन्तोष बिकलाई २०७६ असार ३१ गते जिल्ला अदालत, तनहुँ परिसरबाट प्रहरीले पुनः गिरफ्तार गऱ्यो । जिल्ला अदालत, तनहुँले उनीहरूलाई साधारण तारेखमा रिहा गर्न सोही दिन आदेश दिए पनि प्रहरीले अदालत परिसरबाटै पुनःगिरफ्तार गरेको थियो । उनीहरूको विरुद्धमा स्याङ्जा जिल्लामा राजद्रोहको साउन १ गते मुद्दा दर्ता गऱ्यो । जिल्ला प्रहरी कार्यालय, तनहुँले उनीहरुलाई असार ३१ गते जिल्ला प्रहरी कार्यालय, स्याङ्जा पठाएको डिएसपी लिलाराज लामिछानेले बताए ।

जंगबहादुर भण्डारी, मिलन राई, सन्तोष बिक र काजी गुरुङलाई २०७६ साउन २४ गते गोरखा नपा–१३ मझुवाबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी महेन्द्र नेपालले बताए । जिल्ला प्रहरी कार्यालयले उनीहरूलाई साउन २४ गते जिल्ला प्रशासन कार्यालयमा शान्ति सुरक्षा विरुद्धको कसुरमा मुद्दा दर्ता गऱ्यो । भदौ १६ गते चारै जनालाई साधारण तारेखमा रिहा गरिएको जिल्ला प्रशासन कार्यालयको मुद्दा फाँटका कर्मचारी गोपी दवाडीले बताए ।

जङ्गबहादुर भण्डारी, मिलन राई, सन्तोष बिक र काजी गुरुङलाई जिल्ला प्रहरी कार्यालय बागलुङले कात्तिक १ गते बागलुङ बजारबाट गिरफ्तार गऱ्यो । गिरफ्तार तीनै जना कात्तिक १९ गते सर्वोच्च अदालतको आदेशले तारेखमा रिहा भए ।

कारागार र बन्दी

४ सय २० जनाको क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारमा ४ सय ४१ कैदी र २ सय ९४ थुनुवा गरी ७ सय ३५ जना छन् । जसमा महिला ६० जना छन् । पाँच वर्षमुनिका दुई जना आश्रित बालक पनि छन् । ज्येष्ठ नागरिक एक महिला र पाँच पुरुष छन् । दुई मानसिक रोगी पनि कारागारमा अरुसँगै

बस्छन् । क्षमताभन्दा दुई गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कोठा अभावले बन्दीहरू सुत्न नपुगेर ३० जना भन्याङ र खेलकुद कक्षमा कोचाकोच भएर सुत्छन् । दिउँसो ११ बजेदेखि ३ बजेसम्म कैदी तथा थुनुवाका आफन्तजनहरूलाई सहज रूपमा भेट्ने व्यवस्था मिलाइएको कारागार प्रमुख गणेश गौतमले बताए।

बाल सुधार गृह सराङकोटमा २२ जिल्लाका ७९ जना बालक रहेका छन् । सुधार गृहमा रहेका बालकहरूका लागि दुई जना शिक्षकको दरबन्दी छ। बाल सुधार गृहमा कक्षा ६ देखि १० सम्म पढाइ हुने गरेको छ । पानीको अभावका कारण बालकहरूमा विभिन्न सरुवा रोगहरू देखिने गरेको सुधारगृह इन्चार्ज रमा शर्माले बताइन्।

हिरासतमा मृत्यु

भारतको मोतिहारी घर भई पोखरा मनपा–४ स्थित चिप्लेढुङ्गा बस्दै आएका ३५ वर्षीय सन्दिप साहको जिल्ला प्रहरी कार्यालय, कास्कीको हिरासतमा रहेको अवस्थामा २०७५ फागुन १६ गते मृत्यु भयो। लागुऔषध सम्बन्धी घटनामा २०७५ पुस २ गते गिरफ्तार गरिएका साहले फागुन १६ गते बान्ता गरे पछि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरामा उपचारका लागि पुऱ्याइएकोमा उनको सोही दिन मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रवीन्द्रमान गुरुङले बताए। लागुऔषधसम्बन्धी मुद्दामा म्याद थप गरी बन्दीका रूपमा रहेका साहको स्वास्थ्य परीक्षण र शवको पोष्टमार्टम फागुन १६ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको प्रहरीले जनायो। प्रहरीले परिवारलाई फागुन २२ गते शव बुझायो।

झडप/घाइते

यस जिल्लामा झडपका तीन ओटा घटनामा नौ जना घाइते भए। जसमध्ये मसाल जुलुस निकाल्ने क्रममा नेपाल विद्यार्थी सङ्घ र प्रहरीबीच झडप हुँदा ६ जना घाइते भएको, गण्डकी मेडिकल कलेजमा लगाइएको ताला खोल्ने क्रममा प्रहरी र विद्यार्थीबीच झडप हुँदा तीन जना घाइते भएको इन्सेकमा अभिलेख छ।

पोखरा मनपा–१ बगरस्थित पृथ्वीनारायण क्याम्पस गेट अगाडि २०७५ माघ १६ गते बेलुकी मसाल जुलुस निकाल्ने क्रममा प्रहरी र विद्यार्थीबीच झडप हुँदा पोखरा मनपा–१ बगर बस्ने नेपाल विद्यार्थी सङ्घ क्षेत्र नम्बर ३ का पूर्वसभापति २७ वर्षीय गोविन्द नेपाली, पर्वत जिल्ला घर भई पोखरा मनपा–१ बगर बस्ने पृथ्वीनारायण क्याम्पस मानविकी सङ्काय सचिव २० वर्षीय राज आचार्य, पोखरा मनपा–२८ कालिका बस्ने पृथ्वीनारायण क्याम्पस इकाई सदस्य २० वर्षीय अमृत पौडेल र स्याङ्जा जिल्ला घर भई पोखरा मनपा–५ प्रस्याङ् बस्ने संस्कृत क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनका कोषाध्यक्ष २० वर्षीय भरत पोखरेल घाइते भए । नेपाल विद्यार्थी सङ्घको केन्द्रीय कार्यक्रम अन्तर्गत मसाल जुलुस निकाल्ने क्रममा प्रहरीले हस्तक्षेप गरेपछि झडप भएको नेपाल विद्यार्थी सङ्घ, कास्कीले जनायो । प्रहरीले हस्तक्षेप गरेपछि विद्यार्थीले ढुङ्गा प्रहार गर्दा झडप भएको नेविसङ्घले जनाए पनि जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी रवीन्द्रमान गुरुङले विद्यार्थीले नै ढुङ्गामुढा गरेको तर प्रहरीले कुनै प्रतिकार नगरेको बताए । घाइतेहरूको उपचार माघ १६ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

६ जना न्यायाधीश रहेका यस जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय १२ मध्ये ३ सय २७ थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार १ मध्ये ६ सय ९६ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १४ वटा र देवानी मुद्दा २२ थान बाँकी छन्। जिल्ला अदालत बार एशोसियशन अध्यक्ष मुक्तिनाथ सापकोटाले कर्मचारीको अभावका कारण सेवाग्राहीले दुःख पाउने गरेको बताए।

उच्च अदालत

सात जना न्यायाधीश रहेका यस उच्च अदालत, पोखरा इजलासबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार १ सय ६४ मध्ये ७ सय ६८ थान फैसला भए भने देवानी मुद्दातर्फ ५ सय १४ थानमध्ये ३ सय ६ थान फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका कुनै पनि मुद्दा बाँकी छैनन्। उच्च अदालत बार एशोसिएशनका अध्यक्ष रोहितराज बाँस्तोलाका अनुसार न्याय प्रकृयामा ढिलाइ भएको छैन।

बाल अधिकार

शिक्षाको अवस्था

कास्कीमा ३ सय ४५ आधारभूत र २ सय ८७

मावि छन् । यसवर्ष सामुदायिक विद्यालय अर्न्तगत जिल्लामा कूल ५८ हजार ३ सय १९ विद्यार्थी भर्ना भए । जसमा दलित १९ हजार ४ सय ३४ र जनजाति १८ हजार २ सय ३४ छन् । जिल्लामा नवनिर्मित विद्यालयहरू पनि अपाङ्गमैत्री छैनन् ।

यस वर्ष कास्की जिल्लामा बाल अधिकार उल्लङ्घनका घटना सात बालिका र चार बालक गरी ११ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनामा दुई जना, यौन दुर्व्यवहार घटनामा चार जना, बालश्रम घटनामा चार जना र विद्यालयमा शारीरिक सजायबाट एक जना पीडित भए । जसमध्ये यौन दुर्व्यवहारका एक घटनामा आरोपितले जिल्ला अदालतको आदेशनुसार अभियोग दावी नपुग्ने भनी सफाइ पाए । ११ वर्षीया बालिकाको घटनामा ६ पटकसम्म पेशी स्थगित भएको, बलात्कार घटनामध्ये एक घटनाका आरोपितलाई ३ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो । अको एक आरोपित ५ लाख रुपियाँ धरौटीमा रिहा भए ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ९९ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका ८०, खान/लाउन नदिएको ७३, विवाह दर्ता र नागरिकता नबनाएको चार, अर्की श्रीमती ल्याएर हेलाँ गरेको १२, सामान्य घरायसी झगडाका १ सय ३० घटना छन् । यीमध्ये प्रहरीले १ सय ६० उजुरीमा मिलापत्र गरायो भने ५४ उजुरी कारबाही प्रक्रियामा छन् ।

यस वर्ष कास्की जिल्लामा घरेलु हिंसाका घटनामा ४७ जना, बलात्कार घटनामा दुई जना पीडित भए । जसमध्ये एक घटनामा आरोपितलाई जिल्ला अदालतको आदेशले ५० हजार क्षतिपूर्तिसहित ५ वर्ष कैद सजाय सुनायो ।

परिवारजनबाट हत्या

यस वर्ष कास्की जिल्लामा परिवारजनबाट हत्या घटनामा दुई जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । दुवै घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो भने दुवै मुद्दा फैसला भएनन् ।

मकवानपुर जिल्ला घर भई पोखरा मनपा–१० रामबजारमा बस्ने २८ वर्षीया लक्ष्मी नेपालीको हत्या गरेको आरोपमा प्रहरीले ३५ वर्षीय पति रमेश नेपालीलाई २०७६ असार २५ गते गिरफ्तार गऱ्यो । आरोपित नेपालीले असार १ गते पत्नीलाई औषधि गर्न जाने भन्दै पोखरा मनपा–२२ पुम्दिभुम्दीस्थित जङ्गलमा हत्या गरी फालेको अवस्थामा असार २५ गते बिहान अस्थिपञ्जर फेला पारेको जिल्ला प्रहरी कार्यालय, कास्कीका एसपी दानबहादुर कार्कीले बताए । शवको पोष्टमार्टम असार २५ गते भयो । घटनामा संलग्न रहेको आरोपमा भोजपुर जिल्ला घर भई पोखरा महेन्द्रपुल बस्ने ३२ वर्षीय सञ्जय शर्मा, सर्लाही जिल्ला ईश्वरपुर घर भई पोखरा पृथ्वीचोक बस्ने २६ वर्षीय चितरञ्जन कुमार साह र गोरखा जिल्ला गण्डकी गाउँपालिका– ७ घ्यालचोक बस्ने १९ वर्षीया अनु नेपालीलाई साउन १ गते गिरफ्तार गऱ्यो । आरोपितहरू विरुद्ध जिल्ला प्रहरी कार्यलय कास्कीले भदौ २३ गते जिल्ला अदालत कास्कीमा कर्तव्य ज्यान तथा सङ्गठित अपराध अभियोगमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत कास्कीको भदौ २४ गतेको आदेश अनुरुप आरोपितमध्ये अनु नेपालीलाई भदौ २६ गते २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो भने अन्य आरोपितहरूलाई भदौ २४ गते पुर्पक्षका लागि थुनामा पठायो । यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन ।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१९ वर्षीया युवतीलाई २०७५ पुस २५ गते बलात्कार गरेको भन्दै पोखरा मनपा–१५ का २२ वर्षीय नशिव गुरुङविरुद्ध पीडितले पुस २५ गते जिल्ला प्रहरी कार्यालय, कास्कीमा उजुरी दिइन् । आरोपितलाई प्रहरीले पुस २५ गते पोखरा मनपा–१४ चाउथेबाट गिरफ्तार गऱ्यो । आरोपितले आफूलाई विगत ६ महिनादेखि धम्क्याउँदै बलात्कार गरेको पीडितले उजुरीमा उल्लेख गरेकी छिन् । पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो । जिल्ला प्रहरी कार्यालय, कास्कीले जिल्ला अदालत कास्कीमा माघ २० गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले आरोपितलाई माघ २१ गते पुर्पक्षका लागि थुनामा पठायो । जिल्ला अदालत, कास्कीका न्यायाधीश विष्णुप्रसाद उपाध्यायको इजलासले आरोपितलाई २०७६ मङ्सिर २४ गते ५ वर्ष कैद र ५० हजार क्षतिपूर्ति गर्ने फैसला सुनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति/कब्जा

यस वर्ष कास्की जिल्लामा एनसेल टावरमा आगजनी, पोखरा महानगरपालिकाको गाडीमा आगजनी घटनाका आरोपित वर्षको अन्त्यसम्म पहिचान भएन।

स्वास्थ्य सेवाको अवस्था

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दक्ष जनशक्तिको अभाव रहेको छ। प्रतिष्ठानका प्रशासन अधिकृत नारायण आचार्यकाअनुसार नेफ्रोलोजी, न्युरो, कार्डियोलोजी रहेको १/१ जनाको सरकारी दरबन्दी रिक्त रहेका छन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालश्रम	१		१
बलात्कार		२	२
विद्यालयमा शारीरिक सजाय		१	१
यौन दुर्व्यवहार		३	३
जम्मा	१	६	७

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१	२
घरेलु हिंसा		४७		४७
जम्मा	१	४७	१	४९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

४.६ लमजुङ

जम्मा जनसङ्ख्या	१,६४,१५७
महिला	९१,०४९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२७,८९५
कामका लागि बाहिरिएका	२१,१६१
अपाङ्गता भएका	४,७४५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.१
आश्रित जनसङ्ख्या	७१,८९९

लमजुङ जिल्ला सामुदायिक अस्पतालमा प्रसूति गराउने मध्ये २० प्रतिशत महिला २० वर्षमुनिकै रहेको एक तथ्याङ्कले देखाएको छ। २० वर्षभन्दा कम उमेरमा गर्भवती भएका महिलाहरूको विवाह भने १६ देखि १८ वर्षमा भएको पाइएको जिल्ला सामुदायिक अस्पतालको अनुमान छ।

जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला सामुदायिक अस्पतालले मातृ शिशु सुरक्षा कार्यक्रम अन्तर्गत गाउँ–गाउँमा सचेतनामूलक कार्यक्रमहरू गरी कम उमेरमा विवाह नगर्न सल्लाह दिए पनि अझै उमेर नपुगी विवाह गर्ने चलन रोकिन नसक्नु जनचेतनाको अभाव र आमा सुरक्षा कार्यक्रमका लागि चुनौतीको विषय बनेको छ। सानो उमेरमा गरिने विवाहले महिलाहरूको स्वास्थ्यमा पनि असर पर्ने हुँदा यसतर्फ सचेत गराउन स्वास्थ्य शिक्षाबारे विद्यालय तहमै बढी जानकारी गराउनुपर्नेसामुदायिक अस्पताल लमजुङका प्रशासन प्रमुख हेमन्त श्रेष्ठले बताए।

प्रसूति गराउनेमध्ये केही १४ वर्ष उमेरका किशोरी पनि भेटिने गरेको अस्पतालका प्रमुख श्रेष्ठको भनाइ छ। चालु आव ०७६/७७ को साउनबाट कात्तिकसम्म ५ सय ३ जनाले अस्पतालबाट प्रसूति सेवा लिएकोमा २० वर्षमुनिका १ सय १ जना रहेका छन्।

यस वर्ष लमजुङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २६ जना महिला तथा दुई जना पुरुषसहित २८ जना र राज्यपक्षबाट दुई जना पुरुष गरी ३० जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना र महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना पीडित भएको अभिलेख भयो।

गिरफ्तार

यस वर्ष लमजुङ जिल्लाबाट प्रतिबन्धित नेकपाका दुई जना नेता तथा कार्यकतालाई प्रहरीले गिरफ्तार गऱ्यो। जसमा जिल्ला प्रशासन कार्यालयले एक जनालाई धरौटीसहित तारेखमा रिहा गऱ्यो भने एक जना यस वर्षको अन्त्यसम्म हिरासतमा रहेका छन्।

कारागार र बन्दी

२५ जनाको क्षमता भएका 'ङ' श्रेणीको लमजुङ जिल्ला कारागारमा ५१ कैदी र ३२ जना थुनुवा गरी ८३ जना कैदीबन्दी रहेका छन्। जसमध्ये महिलाको सङ्ख्या आठ जना रहेको छ । लमजुङ कारागारमा आश्रित बालबालिका छैनन् । कारागारमा पर्याप्त भवन नहुँदा महिला र पुरुषलाई एउटै भवनभित्र पार्टेसन गरेर राखिएको छ । कारागारमा क्षमता भन्दा झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता त छ नै शौचालय प्रयोग गर्न पालो कुर्नपर्ने बन्दीका नाइके दिनेश परियारले बताए । कारागारमा हेल्थ असिस्टेण्ट तहको स्वास्थ्यकर्मीको दरबन्दी रहे पनि हालसम्म उपस्थित नहुँदा नियमित स्वास्थ्य परीक्षण र उपचारमा समस्या भएको जेलर विष्णुप्रसाद पौडेलल पौडेलले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
जातीय विभेद				१		१
गिरफ्तार		१	१			
कुटपिट					१	१
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			३		३
	जम्मा			५		५
महिला अधिकार	बलात्कार			३		३
	बलात्कार प्रयास			१		१
	घरेलु हिंसा			१४		१४
	जम्मा			१९		१९
कूल जम्मा		१	१	३६	१	३८

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

२०७५ पुस १७ देखि २०७६ पुस १६ सम्म एक जना न्यायाधीश रहेको यस लमजुङ जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ दर्ता भएका ७२ मध्ये १० थान फैसला भए भने ६२ मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय १० मध्ये १ सय ३३ थान फैसला भए भने १ सय ७७ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका मुद्दा लमजुङ जिल्ला अदालतमा छैनन् । लमजुङ जिल्ला अदालतमा दर्ता भएका मुद्दामध्ये ३७.४३ प्रतिशतको अनुपातमा मुद्दाको फैसला भएको छ । श्रेस्तेदार जगतबहादुर भण्डारीले मुद्दा फर्स्यौटको अनुपात जिल्लामा कमी देखिएको स्वीकार गरे। वैतनिक वकिलले पीडितको निःशुल्क वकालत गर्न नमानेको एक जना पीडित सरीता उपरकोटीले बताइन्।

बाल अधिकार

शिक्षाको अवस्था

लमजुङ जिल्लामा २ सय ६८ आधारभूत र १ सय २३ मावि छन्। यस वर्ष १ हजार ४ सय ७५ बालक र १ हजार ७ सय ३१ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा ३८ हजार ८ सय ७५ विद्यार्थी छन्। जसमध्ये छात्र १८ हजार ३ सय ५४ र छात्रा २० हजार ५ सय २१ छन्। जिल्लामा ५२ अपाङ्गमैत्री विद्यालय छन्। ५ हजार ३ सय ४१ दलित बालक र ४ हजार ८ सय ६९ दलित बालिकाले छात्रवृत्ति पाए। १८ वर्ष मुनिका द्वन्द्वपीडित परिवारका १५ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष लमजुङ जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा तीन जना र बाल विवाहको घटनामा दुई जना पीडित भए । जसमध्ये बलात्कार घटनाका आरोपितलाई जिल्ला अदालतको आदेशानुसार पुर्पक्षका लागि थुनामा पठाएकोमा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन । बाल विवाहका एक घटनामा दुवै पक्षलाई उपस्थित गराई छलफल हुँदा बालिकालाई हजुरआमाको जिम्मा र युवकलाई वडा अध्यक्षको रोहवरमा परिवारको जिम्मा लगाइयो । अर्को एक घटनामा बालिका परिवारले मुद्दा फिर्ता लिएपछि आरोपित रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै २५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, लमजुङमा उजुरी दर्ता गराए। जसमा श्रीमान् श्रीमतीबीचको झगडा र विवादसम्बन्धी नै उजुरी छन्। मदिरा सेवन गर्ने र श्रीमतीलाई मानसिक तथा शारीरिक यातना दिएको भन्दै १३ महिलाले उजुरी दर्ता गराए भने पाँच महिलाले खान लाउन नदिइ श्रीमान्ले हेला गरेको भन्दै उजुरी दिए । यीमध्ये प्रहरीले १७

ओटा मिलापत्र गरायो भने आठ जना पीडित सम्पर्कमा नआएको र घरेलु हिंसाका एउटा पनि मुद्दा कानुनी प्रकृयामा गएनन् । ९० प्रतिशत घरमा पुनःस्थापित भएको, १० प्रतिशत महिला मात्र माइती र आफन्तकोमा गएर बस्ने गरेको डिएसपी रवीन्द्रमान गुरुङले बताए ।

बलात्कारका घटनामा तीन जना र बलात्कार प्रयास घटनामा दुई जना पीडित भए। जसमध्ये बलात्कारका घटनाका आरोपितलाई जिल्ला अदालतले क्षतिपूर्ति रकमसहित १२ वर्ष कैद सजायको फैसला सुनायो भने बलात्कार प्रयास घटनाका एक आरोपितलाई दावी नपुगेको भन्दै जिल्ला अदालतले सफाइ दियो। एक आरोपितलाई पुर्पक्षका लागि थुनामा छन् ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४२ वर्षीया महिलालाई २०७५ माघ १७ गते बलात्कार गरेको भन्दै गोरखा जिल्ला पालुङटार नगरपालिका स्थायी घरभई हाल सुन्दरबजार नपा–७ सैनिक बस्ती बस्ने ४२ वर्षीय रामबहादुर कुमालविरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालय, लमजुङमा उजुरी दियो । आरोपितलाई प्रहरीले माघ २१ गते गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ परीक्षण माघ २० गते जिल्ला सामुदायिक अस्पतालमा भयो । प्रहरीले फागुन ११ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेको जिल्ला अदालत, लमजुङले फागुन १४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । जिल्ला अदालतका न्यायाधीश हरिचन्द्र ढुङ्गानाको इजालसले आरोपितलाई ०७६ भदौ २६ गते कसुर ठहर गर्दै १२ वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति नेपाल सरकारबाट भराउने फैसला सुनायो ।

स्वास्थ्य सेवाको अवस्था

लमजुङ जिल्लामा एक जिल्ला अस्पताल, ५७ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा ६ डाक्टरको दरबन्दी रहेकामा दरबन्दी अन्तर्गतका तीन जना डाक्टर (मेडिकल अधिकृत) कार्यरत छन् । त्यस्तै अहेवको १ सय २६ जना दरबन्दी रहेकामा १ सय १२ जना कार्यरत छन् । १ सय ३७ जना अनमी दरबन्दी रहेको लमजुङमा १ सय ३ जना कार्यरत छन् । चालु आर्थिक वर्षमा जिल्ला स्वास्थ्य कार्यालय, लमजुङमा औषधि खरिदका लागि कुनै पनि बजेट विनियोजन भएको छैन ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	३	३
बलात्कार	३	३
जम्मा	५	५

महिला अधिकार					
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१		३	३
बलात्कार प्रयास				३	३
घरेलु हिंसा	५		८	१	१४
जम्मा	५	१	८	५	१९

४.७ तनहुँ



जम्मा जनसङ्ख्या	३,२६,७४५
महिला	१,८४,६६४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४७,५३५
कामका लागि बाहिरिएका	४६,३८७
अपाङ्गता भएका	६.६६८
५ वर्षमाथिको साक्षरता प्रतिशत	७४.०८
आश्रित जनसङ्ख्या	१,४१,३००

यस वर्ष तनहुँ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ७८ महिलासहित ९२ जना र राज्य पक्षबाट दुई महिला सहित २५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। चार जना पुरुषलाई कुटपिट गरिएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा १० जना, महिला अधिकार उल्लङ्घनका घटनामा ६६ जना पीडित भएको अभिलेख भयो।

गिरफ्तार

यस वर्ष तनहुँ जिल्लाबाट प्रतिबन्धित नेकपाका २१ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार भएकामध्ये १४ जनालाई अदालले धरौटीमा रिहा गऱ्यो भने पाँच जनालाई अदालतले धरौटीमा रिहा गरेकोमा प्रहरीले पुनः गिरफ्तर गरी अन्य जिल्लामा पठायो। एक जना प्रहरी हिरासतमा अनुसन्धानमा रहेको र एक जनालाे धरौटी नबुझाए पछि कारागार चलान गरिए।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जना रहेकोमा ६९ कैदी र ७८ थुनुवा गरी १ सय ४७ जना कैदीबन्दी रहेका छन् । कारागारमा महिला र बालबालिका छैनन् । ६५ वर्षमाथिका ज्येष्ठ नागरिक दुई जना रहेका छन्। २०२५ सालमा निर्माण भएको कारागार भवन जीर्ण रहेको छ। क्षमता भन्दा चार गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता रहेको चौकीदार विष्णुहरि खनालले बताए । कोठा अभावले बन्दीहरू टाँसिएर सुत्छन्। कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी भए पनि असोज महिनामा समायोजनको क्रममा अन्यत्रै सरूवा भएर गएपछि कैदीबन्दीहरू नियमित स्वास्थ्य उपचार सेवाबाट बञ्चित भएको कारगारका नासु नारायण अधिकारीले बताए । कारागारको आफ्नै सवारी साधन नहुँदा जिल्ला प्रहरी कार्यालयबाट सवारी साधन मगाएर मात्र कैदी बन्दीको स्वास्थ्य परीक्षणको लागि लैजानुपर्ने बाध्यता रहेको अधिकारीले बताए । कैदी/बन्दीका आफन्तले कारागारको नियम अनुसार भेटघाट गर्न पाएको बन्दीहरूका नाइके विष्णुहरि घिमिरेले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ३ हजार१२ मध्ये१ सय ४८ थान फैसला भए भने १ सय ६४ थान फैसला हुँन बाँकी रहे।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार					१	१०	११
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार						१	१
भेला/सङ्गठित हुने अधिकार						१	१
जातीय विभेद						१	१
गिरफ्तार		३	१९	३१			
कुटपिट			४	४			
हत्या					१	१	३
बाल अधिकार	बलात्कार				८		८
	यौन दुर्व्यवहार				३		३
	जम्मा				१०		१०
महिला अधिकार	बलात्कार				४		४
	बलात्कार प्रयास				१		१
	घरेलु हिंसा				६०		६०
	यौन दुर्व्यवहार				१		१
	जम्मा				६६		६६
कूल जम्मा		३	३३	३५	७८	१४	९३

देवानी मुद्दातर्फ ८ सय ६४ मध्ये ४ सय ८२ थान फैसला भए भने ३ सय ८२ फैसला हुँन बाँकी रहे। दुई वर्ष नाघेका कुनै मुद्दा बाँकी छैनन्। दुई जना न्यायाधीश भएको कारण न्याय सम्पादनमा सहज भएको छ। न्याय सम्पादन छिटोछरितो हुँदै गएको जिल्ला बार एशोसियशनका अध्यक्ष अमृतबहादुर नेपालीले बताए। जिल्ला अदालतका श्रेस्तेदार सुदर्शन खनालले न्याय सम्पादनमा जनशक्तिको अभाव नभएको बताए।

बाल अधिकार

शिक्षाको अवस्था

३ सय ८८ आधारभूत र १ सय ८ माध्यामिक विद्यालय छन्। यस वर्ष सामुदायिक विद्यालयमा ३५ हजार ५ सय १८ बालक र ३९ हजार २ सय १४ बालिका भर्ना भए। भूकम्पबाट क्षति भएको १ सय ६५ विद्यालयमध्ये पूर्णरूपमा निर्माण सम्पन्न भइसके का ५२ विद्यालय अपाङ्गमैत्री छन्।

यस वर्ष तनहुँ जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनामा आठ जना र यौन दुर्व्यवहारमा दुई जना पीडित भए। बलात्कार घटनाका एक जना आरोपितलाई अदालतले जरिवानसहित जन्मकैदको फैसला र एक जना आरोपितलाई कैद सजायको फैसला सुनायो भने एक जना आरोपितलाई बालसुधार गृह पठायो। यौन दुर्व्यवहारका दुई आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई २०७६ साउन १ गते बलात्कार गरेको आरोपमा ऋषिङ गाउँपालिका–१ घर भई व्यास नपा–७ बस्दै आएका १९ वर्षीय नवीन थापा विरुद्ध पीडित परिवारले साउन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले साउन २ गते नै गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले साउन ३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। साउन २४ गतेदेखि पुर्पक्षको लागि थुनामा रहेका थापालाई जिल्ला अदालतले पुस २ गते ४ लाख रुपियाँ जरिबाना र जन्मकैदको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ३४ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएको ६६ ओटा दर्ता भएकोमा ६७ ओटा मिलापत्र, आठ ओटा अदालती प्रकृयामा र दुई ओटा घटनाका पीडित सम्पर्कमा नै आएनन्। गालीगलौज गरेको तथा वास्ता नगरेको भन्दै ८० ओटा उजुरी दर्ता भएकोमा ५३ ओटा मिलापत्र, २३ ओटा अदालती प्रक्रियामा र चार ओटा घटनाका पीडित सम्पर्कमा नै आएन्। खानलाउन नदिएको र सम्पत्ति भोगचलन गर्न नदिएको भन्दै ४४ ओटा उजुरी दर्ता भएकोमा ३४ ओटा मिलापत्र, आठ

ओटा अदालती प्रकृया र दुई ओटा घटनाका पीडित सम्पर्कमा नै आएनन् । प्रहरी कार्यालयमा मिलापत्र भएर गएकाहरू पुनः निवेदन लिएर नआएको, मिलापत्र नभई अदालती प्रक्रियामा गएकाहरूको मुद्दा कानुनी प्रक्रियामा नै रहेको र मिलापत्रको लागि प्रहरीको भूमिका नभएको जिल्ला प्रहरी कार्यालयका एसपी बिनोद सिलवालले बताए। बाहिरबाट नै मिलापत्र गरेर आउने, प्रहरीकै रोहबरमा मिलापत्र गरेको पाइए पनि प्रहरीले कसैलाई पनि मिलापत्रको लागि दबाब वा प्रोत्साहन दिने नगरेको एसपी सिलवालले बताए।

सन् २०१९ मा तनहुँ जिल्लामा घरेलु हिंसाका घटनामा ६० जना, बलात्कारका घटनामा चार जना, बलात्कार प्रयासका घटनामा एक जना गरी ६६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका एक जना आरोपितलाई अदालतले जन्मकैदको फैसला सुनायो भने तीन जनाले सफाइ पाए। एक जना बलात्कार घटनाका आरोपित यो वर्षको अन्त्यसम्ममा फरार रहे, दुई जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अपाङ्गता भएकी २० वर्षीया युवतीलाई २०७६ जेठ २९ गते बलात्कार गरेको आरोपमा बन्दीपुर गाउँपालिका–६ का ६५ वर्षीय सोमबहादुर थापाविरुद्ध पीडित पक्षले जेठ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपितलाई प्रहरीले जेठ ३२ गते घरबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय तनहुँका डिएसपी लिलाराज लामिछानेले बताए । पीडितको स्वास्थ्य परीक्षण जेठ ३२ गते नै दमौली अस्पतालमा भयो। जिल्ला प्रहरी कार्यालयले असार २ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले आरोपितलाई भदौ १० गते जन्मकैदको फैसला सुनाएको श्रेस्तेदार सुदर्शन खनालले बताए।

सबै प्रकारका जातीय विभेद

भीमाद नपा–६ का ५० वर्षीय शुकबहादुर परियारलाई जातीय विभेद गरेको आरोपमा सोही नपा–३ माझकोट सियाँलेका ४५ वर्षीय चेतबहादुर मल्ल र सोही ठाउँका २५ वर्षीया गीता पौडेललाई प्रहरीले ०७५ चैत ७ गते गिरफ्तार गऱ्यो । आफूलाई जातीय विभेद गरेको भन्दै पीडितले सोही दिन इलाका प्रहरी कार्यालय, भिमादमा उजुरी दिएपछि प्रहरीले मल्ल र पौडेललाई घरबाटै गिरफ्तार गऱ्यो । विवाह भोज भइरहेको समयमा मल्ल र पौडेलले आफूलाई अरू निम्तालु सरह भान्सामा जान नदिएको र टाढा बस्न दबाब दिएको पीडितले बताए। विवाहको निम्तो मान्न गएका अन्यलाई भान्सामा नै गएर खाने व्यवस्था मिलाइएको र आफूलाई टाढा बस्न लगाएको पीडितले बताए । मल्ल र अनीताले दलित भएर भान्सामा आउन हुन्न, अलि टाढा बस खाना हामी नै ल्याइदिन्छौं भन्दै अपमान गरेको पीडितले बताए । गिरफ्तार गरिएकाहरूलाई जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ अनुसार मुद्दा चलाइएकोमा अदालतको आदेशमा चैत १३ गते पौडेल २० हजार र मल्ल १० हजार रुपियाँ धरौटीमा रिहा भए । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको अदालतका श्रेस्तेदार सुदर्शन खनालले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना क्षति

घिरिङ गाउँपालिका–२ घुर्लीछापमा एनसेलको टावरमा २०७६ साउन १५ गते प्रतिबन्धित नेकपाका कार्यकर्ताले आगजनी गरे । आगजनीबाट टावरको व्याट्री तथा कन्ट्रोल रूपमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका डिएसपी लीलाराज लामिछानेले बताए। आगजनीबाट २ लाख रुपियाँ बराबरको क्षति भयो।

स्वास्थ्य सेवाको अवस्था

दुई अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ४६ स्वास्थ्य चौकी, २९ आधारभुत स्वास्थ्य केन्द्र छन्। सात जना डाक्टर दरबन्दी रहेकोमा सात जना नै कार्यरत छन् । करार सेवामा थप १० जना डाक्टर कार्यरत छन् । हेल्थ असिस्टेन्ट १ सय ९९ जना दरबन्दी रहेकोमा स्थायी तर्फ ९८ जना र करारतर्फ ५८ जना कार्यरत छन् । स्टाफ नर्स १ सय ६५ जना दरबन्दी रहेकोमा स्थायीतर्फ ९५ जना र करारतर्फ ७१ जना कार्यरत रहेका छन् । ल्याबतर्फ ६ जनाको दरबन्दी रहेकोमा पाँच जना कार्यरत छन्। १४ हजार ४ सय ३० घर परिवारले स्वास्थ्य बिमा गरेको स्वास्थ्य बिमा कार्यालय, तनहुँका प्रमुख नवराज भट्टराईले बताए। स्वास्थ्य बिमा गर्नेहरूलाई दमौली अस्पताल, भीमाद अस्पताल, जिपी कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्रमा उपचार तथा औषधिको सुविधा रहेको भट्टराईले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	६	८
यौन दुर्व्यवहार		३	३
जम्मा	३	८	१०

महिला अधिकार							
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१			३	४
बलात्कार प्रयास		१					१
यौन दुर्व्यवहार						१	१
घरेलु हिंसा				५०	३	८	६०
जम्मा	१	१	१	५०	३	११	६६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	३

४.८ नवलपरासी पूर्व

जम्मा जनसङ्ख्या	३,२१,७५५
महिला	१,६५,५१७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७६
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २९ जना महिलासहित ३२ जना र राज्यपक्षबाट एक महिला सहित १४ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना, महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भएको इन्सेकमा अभिलेख छ।

गिरफ्तार

यस वर्ष नवलपरासी पूर्व जिल्लाबाट प्रतिबन्धित नेकपाका १४ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये पाँच जनालाई जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गऱ्यो। दुई जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गरेकोमा सोही दिन प्रहरीले पुनः गिरफ्तार गऱ्यो । ६ जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गरेकोमा तीन जनाले धरौटी नबुझाएपछि करागार चलान भए। एक जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गरेकोमा सोही दिन प्रहरीले पुनः गिरफ्तार गऱ्यो। पुनः गिरफ्तार भएका सो पार्टीका कार्यकर्ताले पार्टी परित्याग गरेको भन्दै प्रहरीले रिहा गऱ्यो।

कावासोती नपा–१ निवासी प्रतिबन्धित नेकपा नवलपरासी (बर्दघाट सुस्तापूर्व)का जिल्ला सदस्य ३५ वर्षीय धनसिंह थगुन "अर्जुन" लाई २०७६ जेठ २९ गते प्रहरीले बुलिङटार गाउँपालिका–६ बाट गिरफ्तार गऱ्यो । प्रहरीले थगुनलाई चन्दा आतङ्क गरेको भन्दै जेठ ३० गते मुद्दा चलायो। उनको स्वास्थ्य परीक्षण जेठ २९ गते मध्यविन्दु जिल्ला अस्पताल नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा भयो । जिल्ला अदालतले २०७६ असार २ गते तारेखमा छाड्न ३० हजार रुपियाँ धरौटी माग गरेकोमा धरौटी रकम नबुझाएपछि उनी सोही दिन चितवन कारागार चलान भए । यो वर्षको अन्त्यसम्म धनसिंह कारागारमा नै रहेको जिल्ला प्रहरी कार्यालयका सई टिकाराम पोखरेलले बताए । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीश रहेको नवलपुर जिल्ला अदालतमा दुई इजलास सञ्चालनमा छन् । यस अवधिमा अघिल्लो वर्षबाट स्थान्तरण भइ आएकासहित फौजदारी मुद्दातर्फ ६ सय ३९ मुद्दा मध्ये १ सय ९९ थान मुद्दा फैसला भए भने ४ सय ४० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय ३६ मध्ये ४६ थान फैसला भए

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१	१३	१४			
घाइते						१	१
धम्की						१	१
हत्या					१		१
बाल अधिकार	बलात्कार				६		६
	विद्यालयमा शारीरिक सजाय					१	१
	यौन दुर्व्यवहार				६		६
	जम्मा				१३	१	१३
महिला अधिकार	कथित बोक्सीको आरोप				१		१
	बलात्कार				४		४
	बलात्कार प्रयास				१		१
	बेचबिखन तथा ओसारपसार				३		३
	घरेलु हिंसा				५		५
	यौन दुर्व्यवहार				३		३
	जम्मा				१६		१६
कूल जम्मा		१	१३	१४	३९	३	३३

भने २ सय ९० फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका एक थान र १८ महिना नाघेका २९ थान मुद्दा रहेका छन्। जिल्लामा आउने मुद्दाहरूको फैसला द्रुत मार्गबाट हुने गरेको बार एशोसिएशनका जिल्ला अध्यक्ष गणेशप्रसाद सापकोटाले बताए । देवानी मुद्दाहरूमा विशेषगरी जग्गासम्बन्धी मुद्दामा मालपोत र नापी कार्यालयसँगको समन्वयमा हुने हुँदा त्यसमा केही समय लाग्ने गरेको भएपनि अन्य मुद्दाहरूको फैसला छिटोछरितो हुने गरेको अध्यक्ष सापकोटाले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष जिल्लामा ५० हजार ४ सय २१ जना बालक र ४६ हजार ३ सय २२ जना बालिका विद्यालय भर्ना भए। जसमध्ये ४ हजार ७ सय ९० जना दलित बालिका र ५ हजार १ सय २ जना दलित बालिका गरी जम्मा ९ हजार ८ सय ९२ जना दलित विद्यार्थी भर्ना भए। जिल्लामा १ सय ५१ ओटा अपाङ्गमैत्री भवन छन् । यस वर्ष सहिद तथा द्वन्द्वपीडित परिवारका २९ जना, वैदेशिक रोजगार केन्द्रमार्फत ९२ जना बालबालिकाले पनि छात्रवृत्ति पाए। जिल्लामा १ सय ५१ अपाङ्गमैत्री भवनहरू छन् । सरकारले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरेको भए पनि सामुदायिक विद्यालयहरूले विद्यार्थीहरूबाट शुल्क उठाउने गरेका छन्।

यस वर्ष नवलपुर जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनामा ६ जना र यौन दुर्व्यवहारका घटनामा ६ जना पीडित भए। बलात्कार र यौन दुर्व्यवहार घटनाका एक जना आरोपित बाहेक सबै आरोपित गिरफ्तार भए । बलात्कार घटनाका तीन जना आरोपितलाई अदालतले धरौटीमा र एक जना आरोपितलाई तारेखमा रिहा गऱ्यो भने एक जना आरोपित तारेखमा आउने गरी अभिभावकको जिम्मामा रिहा भए। बलात्कार घटनाका एक आरोपित फरार रहे। यसवर्षको अन्त्यसम्ममा कानुनी प्रकृया अगाडि बढेन । यौन दुर्व्यवहारका एक जना आरोपितलाई अदालतले कैद फैसला, दुई जना अरोपितलाई भैरवा सुधार गृह र दुई जना आरोपितलाई अभिभावकको जिम्मामा रिहा भए। अन्य घटनामा कानुनी प्रकृया जारी रह्यो।

बलात्कार, यौन दुर्व्यवहार

मनोसामाजिक अपाङ्गता भएकी १७ वर्षीया बालिकालाई २०७५ चैत १९ गते बलात्कार गरेको आरोपमा पाल्पा जिल्ला निस्दी गाउँपालिका–७ का ५० वर्षीय रामबहादुर परियारविरूद्ध पीडित पक्षले चैत १९ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १९ गते विनयी त्रिवेणी गाउँपालिका–४, दुम्कीबासबाट गिरफ्तार गऱ्यो ।

पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १९ गते भरतपुर अस्पताल, चितवनमा भयो । जिल्ला अदालतको २०७६ वैशाख १२ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका आरोपितलाई असार २९ गते ११ वर्ष कैद र ७५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ५५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट १५, गालीगलौज १७ र सामान्य घरायसी झगडाका २३ ओटा उजुरी रहेका छन् । जसमध्ये ४० ओटा घटनामा मिलापत्र भएको र १५ ओटा घटना कानुनी प्रक्रियामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रमुख बिन्दु बिकले बताइन् । नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा यस वर्ष खानालगाउन नदिएको, नागरिकता तथा विवाह दर्ता नबनाइ दिएको, दाइजोको नल्याएको निहुँमा हिंसा गरेको कुनै पनि घटना दर्ता नभएको प्रमुख विकले बताइन् । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा यो वर्षको अन्त्यसम्ममा २ सय २८ जना महिला र ५७ जना बालिका हराएको भन्दै उजुरी दर्ता भएकामा ८० जना महिला र ४२ जना बालिका मात्रै फेला परेको र १ सय ४८ जना महिला र १५ जना बालिका अझै हराइरहेको उनले बताइन्।

सन् २०१९ मा नवलपरासी पूर्वमा घरेलु हिंसाका घटनामा पाँच जना, बलात्कारका घटनामा चार जना, बलात्कार प्रयासका घटनामा एक जना, यौन दुर्व्यवहार घटनामा तीन जना र कथित बोक्सीको आरोपमा एक जना गरी १६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनाका एक जना आरोपितलाई अदालतले जरिवानासहित कैद फैसला सुनायो भने एक जना परिवारको जिम्मामा रिहा भए । यौन दुर्व्यवहार घटनाका एक आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो भने एक आरोपितलाई जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गऱ्यो। एउटा यौन दुर्व्यवहार घटनामा पीडित पक्ष र आरोपितसँगको छलफलपश्चात सहमतिमा मिलापत्र भएको इन्सेकले अभिलेख गऱ्यो। अन्य घटना कानुनी प्रकृयामा रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अपाङ्गता भएकी ५२ वर्षीया महिलालाई २०७५ फागुन ६ गते बलात्कार गरेको भन्दै देवचुली नपा–१ का २२ वर्षीय समिर अस्लामी मगरविरूद्ध पीडित पक्षले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपितलाई प्रहरीले फागुन ९ गते घरैबाट गिरफ्तार गऱ्यो । पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ७ गते जिल्ला अस्पताल भरतपुर, चितवनमा भयो । नवलपुर जिल्ला अदालतले २०७६ असार १५ गते परियारलाई १० वर्ष कैद र पीडितलाई आरोपितबाट ५० हजार रुपियाँ र नेपाल सरकारबाट ५० हजार क्षतिपूर्ति दिलाउने आदेश दियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति /संरचना क्षति

यो वर्ष विनयीत्रिवेणी गाउँपालिका–२ सुनटाडी बस्ने ३५ वर्षीय सानु लामा लगायतको संयुक्त विनयीबालुवा प्रशोधन केन्द्रको कम्पाउन्ड भित्र राखिएको ना १ क ७०३९ नम्बरको जेसीभी डोजर मा ०७६ वैशाख १२ गते अज्ञात पक्षले आगजनी गऱ्यो । आगजनीबाट ३५ लाख रुपियाँको क्षति भयो । यसैगरी महेन्द्रराजमार्गमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको लु २ ख १०८ नम्बरको ट्रकमा ०७६ जेठ १३ गते अज्ञात पक्षले पेट्रोल बम प्रहार गर्दा ट्रक जल्नुका साथै चालक तनहुँ जिल्ला व्यास नपा–४ का ३३ वर्षीय अमर बिक घाइते भए । आगजनीबाट ७ लाख रुपियाँको क्षति भयो । पेट्रोल बम प्रहारबाट घाइते भएका ट्रक चालक बिकको स्वास्थ्य उपचार नारायणी सामुदायिक अस्पताल, चितवनमा भयो । यसैगरी प्रतिबन्धित नेकपाले आह्वान गरेको नेपाल बन्दका क्रममा कावासोती नगरपालिकाका उपप्रमुख प्रेमशंकर मर्दनिया थारूको घर अगाडि पार्किङमा राखिएको कावासोती नगरपालिकाको लु १ झ ३२१ नम्बरको स्कर्पियो गाडीमा ०७६ असार १० गते अज्ञात पक्षले पेट्रोल खन्याई आगजनी गऱ्यो। घटनाका बारेमा पीडित पक्षले प्रहरीमा उजुरी नदिएका कारण क्षतिको विवरण लिन नसकिएको सई टिकाराम पोखरेलले बताए।

स्वास्थ्य सेवाको अवस्था

यो वर्ष १५ शैयाको मध्यविन्दु जिल्ला अस्पतालको स्थापना भएको छ । जिल्ला अस्पतालमा एक जना मेडिकल अधिकृतको दरबन्दी रहेकामा रिक्त रहेको छ। दुई जना मेडिकल अफिसर, एक जना हेल्थ असिस्टेन्ट एक जना ल्याव टेक्निसियन, एक जना मेडिकल रेकर्डरको दरबन्दी रहेकोमा कार्यरत

छन् । ६ जना स्टाफनर्सको दरबन्दी रहेकामा पाँच रिक्त, दुई अनमी, दुई अहेब र एक ल्याव असिस्टेनको दरबन्दी रिक्त रहेको छ। ११ जना कार्यालय सहयोगी र एक जना खरदारको दरबन्दी रहेकामा रिक्त रहेको छ। एक जना एमजिडिपी र पाँच जना मेडिकल अफिर करारमा कार्यरत छन् । यस वर्ष जिल्ला अस्पतालमा ६ लाख रुपियाँ बराबरको निःशुल्क वितरण हुने औषधि खरिद गर्न बजेट छुट्याइको सूचना अधिकारी छविलाल सुवेदीले बताए। स्वास्थ्य बिमा कार्यक्रम सुरु भएको छैन।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा दुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१		५	६
विद्यालयमा शारीरिक सजाय			१		१
यौन दुर्व्यवहार	३			४	६
जम्मा	३	१	१	९	१३

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा दुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप			१	१
बलात्कार	१		३	४
बलात्कार प्रयास			१	१
बेचबिखन तथा ओसारपसार			१	१
घरेलु हिंसा		५		५
यौन दुर्व्यवहार	१		२	३
जम्मा	२	५	८	१५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

४.९ स्याङ्जा



जम्मा जनसङ्ख्या	२,७८,६८८
महिला	१,५५,३३७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३३,५०५
कामका लागि बाहिरिएका	५०,४७६
अपाङ्गता भएका	४,४५१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.६
आश्रित जनसङ्ख्या	१,२१,८२३

यो वर्ष स्याङ्जा जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट तीन जना महिलासहित सात जना र अन्य पक्षबाट ५५ जना महिलासहित ६० जना गरी ६७ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ४० जना पीडित भएको इन्सेकमा अभिलेख छ।

गिरफ्तार

प्रतिबन्धित नेकपाका ६ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार भएकामध्ये तीन जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना तारेखमा रिहा भए। त्यसैगरी एक जना जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भए भने एक जना तारेखमा रिहा भए।

कारागार र बन्दी

५० जनाको क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागारमा ९४ कैदी र ६३ थुनुवा गरी १ सय ५७ जना छन्। जसमा महिला १० जना छन्। आश्रित बालबालिका छैनन्। कारागारमा ज्येष्ठ नागरिक ६ जना पुरुष छन्। क्षमताभन्दा तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कोठा अभावले २७ जना बरण्डा र भान्सामा कोचाकोच भएर सुत्छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ९१ मध्ये ६७ थान फैसला भए भने देवानी मुद्दातर्फ ४ सय ७५ मध्ये ४ सय २८ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ६ थान र देवानी मुद्दा सात थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

स्याङ्जा जिल्लामा ३ सय ४२ आधारभूत र १ सय ७८ मावि छन्। सामुदायिक विद्यालयतर्फ १ सय ३४ मावि र आधारभूत तह ३ सय २० मावि तह छन्। संस्थागत विद्यालयतर्फ २२ आधारभूत र ४२ मावि छन्। जिल्लामा नवनिर्मित विद्यालयहरू पनि अपाङ्गमैत्री छैनन्। दलित तथा अपाङ्गलाई छात्रवृत्तिका रूपमा केही रकम प्रदान गरिए पनि पूर्ण

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	४	७			
कुटपिट						३	३
हत्या						३	३
बाल अधिकार	बालविवाह				१		१
	बलात्कार				९		९
	यौन दुर्व्यवहार				५		५
	जम्मा				१५		१५
महिल ाअधिकार	बलात्कार				५		५
	बलात्कार प्रयास				१		१
	बहुविवाह				१		१
	घरेलु हिंसा				३३		३३
	जम्मा				४०		४०
कूल जम्मा		३	४	७	५५	५	६०

रूपमा निःशुल्क भने हुन सकेन।

यो वर्ष स्याङ्जा जिल्लामा बलात्कारका घटनामा नौ, यौन दुर्व्यवहारका घटनामा पाँच, बालविवाहको घटनामा एक जना गरी १५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कारका तीन र यौन दुर्व्यवहार घटनाका एक आरोपितलाई जिल्ला अदालतले कैद र जरिबाना, ६ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । यौन दुर्व्यवहार घटनाका एक आरोपितलाई जिल्ला अदालतले कैद र जरिवानाको फैसला गऱ्यो । बलात्कारको एक घटनाका आरोपित विरुद्ध कानुनी प्रक्रिया जारी छ।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई ०७५ माघ १ गते सामूहिक बलात्कार गरेको आरोपमा तनहुँ जिल्ला शुक्लागण्डकी नपा–४ का १९ वर्षीय प्रशान्त थापा, २५ वर्षीय विजय श्रेष्ठ, १९ वर्षीय अञ्जन श्रेष्ठ र सिन्धुली पिपलमाडी गाउँपालिका–३ घर भई हाल शुक्लागण्डकी नपा–४ बस्दै आएका २२ वर्षीय विक्रम राई विरूद्ध पीडितपक्षले माघ २ गते जिल्ला प्रहरी कार्यालय, स्याङ्जामा उजुरी दिए । आरोपितहरूलाई प्रहरीले माघ २ गते तनहुँबाट गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण माघ २ गते जिल्ला अस्पताल, स्याङ्जामा भयो। प्रहरीले आरोपित विरुद्ध २०७५ माघ २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत स्याङ्जाले २०७६ असार १५ गते आरोपितहरूलाई १४ वर्ष कैद र १ लाख रुपियाँ जरिबाना गर्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ५० जना महिलाले प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । प्रहरीले १ सय ओटामा मिलापत्र गरायो भने २६ ओटा उजुरी अदालतमा पुगेका छन् । बाँकी रहेका २४ ओटा उजुरी कारबाही प्रक्रियामा रहेका छन्। अब आइन्दा त्यस किसिमका फैझगडा घटना व्यवहार नदोहोऱ्याउने र परीक्षणको लागि तारेखमा बोलाई समझदारीमा आएपछि दुवैको सहमतिमा मिलापत्रमा गरिने गरेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका असई यामनाथ बगालेले बताए।

यो वर्ष स्याङ्जा जिल्लामा बलात्कारका घटनामा पाँच, बलात्कार प्रयास र बहुविवाहमा एक/एक र घरेलु हिंसाका घटनामा ३३ जना गरी ४० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटनामध्ये बलात्कारका घटनाका तीन आरोपितलाई जिल्ला अदाललते पुर्पक्षको लागि थुनामा पठायो भने एक आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। एक आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे।

स्वास्थ्य सेवाको अवस्था

स्याङ्जामा एक जिल्ला अस्पताल, ६३ ओटा स्वास्थ्य चौकी स्थानीय अस्पताल एक रहेका छन । एक प्राथमिक स्वास्थ्य चौकी, एक प्राथमिक उपस्वास्थ्य चौकी रहेका छन् । प्राथमिक स्वास्थ्य केन्द्रमा तीन जना डाक्टर दरबन्दीअनुसार नै कार्यरत रहेका छन्। अस्पतालमा तीन जना डाक्टरको दरबन्दी रहेकोमा १० जना कार्यरत रहेका छन् । जसमा सात जना

डाक्टर करारमा रहेका छन् । सरकारले निशुल्क प्रदान गर्ने औषधीहरू पूर्ण रूपमा उपलब्ध छैनन् भने उपकरण तथा निःशुल्क उपचारको व्यवस्था गरिब तथा अन्य समुदायको निःशुल्क उपचार पाउने हकको प्रयोग वा उल्लङ्घन, आकस्मिक सेवावाट कोही पनि वञ्चित नभएका स्वास्थ्य बीमा तथा ज्येष्ठ नागरिक बीमा तथा त्यसको प्रयोगको दुरुपयोग नभएको र जिल्ला अस्पतालमा सञ्चालित एम्बुलेन्स विगत एक वर्षदेखि बिग्रिएको हुँदा सञ्चालनमा आउन नसकेको जिल्ला अस्पताल स्याङ्जाका मेडिकल रेकर्डर सुपरभाइजर बुद्धिसागर अधिकारीले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१	१
बलात्कार	३	६	९
यौन दुर्व्यवहार	१	२	३
जम्मा	४	९	१३

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बलात्कार	१		४	५
बलात्कार प्रयास			१	१
बहुविवाह			१	१
घरेलु हिंसा		३३		३३
जम्मा	१	३३	६	४०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

४.१० पर्वत



जम्मा जनसङ्ख्या	१,४२,३७४
महिला	७५,८५४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१८,४२६
कामका लागि बाहिरिएका	२१,७३५
अपाङ्गता भएका	३,६५३
५ वर्षमाथिको साक्षरता प्रतिशत	७३.८
आश्रित जनसङ्ख्या	६२,४८८

यसवर्ष पर्वत जिल्लामा राज्यपक्षबाट पाँच पुरुष र अन्यपक्षबाट २१ जना महिला र तीन जना पुरुष गरी २४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना र महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बम विष्फोट/घाइते

अन्य पक्षबाट

विहादी गाउँपालिका–६ शालिग्रामछापका २७ वर्षीय छविलाल घर्ती र १६ वर्षीय समिर राना ०७६ जेठ ५ गते आफैँले बनाइरहेको बम विस्फोट हुँदा घाइते भए। जीआइ पाइप र सलाइको सहायताबाट सकेट बम बनाइरहेको अवस्थामा विष्फोट हुँदा उनीहरू घाइते भएको जिल्ला प्रहरी कार्यालय, पर्वतले जनायो। विष्फोटमा घाइते भएका घर्तीको उपचार पाल्पाको मिसन अस्पतालमा जेठ ६ गतेदेखि जेठ २१ गतेसम्म र रानाको उपचार पोखरास्थित गण्डकी क्षेत्रीय अस्पताल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जेठ ६ गतेदेखि असार २ गतेसम्म भयो।

गिरफ्तार

यस वर्ष पर्वत जिल्लामा प्रतिबन्धित नेकपाका ६ जना नेता कार्यकर्ता गिरफ्तार भए। गिरफ्तार भएकामध्ये एक जनालाई जिल्ला प्रशासन कार्यालयले सफाइ दियो भने दुई जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गर्ने आदेश दियो। एक जनालाई सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिएपछि प्रहरीले पुनः गिरफ्तार गरी म्याग्दी प्रहरीको जिम्मा लगायो।

कारागार र बन्दी

२५ जनाका क्षमता भएको 'ङ' श्रेणीको पर्वत जिल्ला कारागारमा ७७ कैदी र १८ जना थुनुवा गरी ९५ जना कैदीबन्दी छन्। जसमध्ये महिलाको सङ्ख्या चार रहेको छ। कारागारमा क्षमता भन्दा झण्डै चार गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता रहेको र शौचालयमा समेत समस्या भएको बन्दी इन्द्रबहादुर पुनले गुनासो गरे। दुई ओटामात्रै शौचालय हुँदा कैदीबन्दीले शौच गर्नसमेत पालो कैदीबन्दी सुत्ने प्रत्येक कोठामा टेलिभिजनको व्यवस्था छ। खेलकुद सामग्री, खानेपानी, पुस्तकालयको व्यवस्था कारागार भित्रै रहेको छ भने बेलाबखत सिलाइकटाइ तालिम, मुढा बुन्ने तालिम कैदी बन्दीलाई दिने गरिएको निमित्त जेलर हरिकृष्ण शर्माले बताए। कारागारमा हेल्थ असिस्टेण्ट तहको स्वास्थ्यकर्मीको दरबन्दी रहे पनि सो पद रिक्त छ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३	३
गिरफ्तार		५	५			
हत्या					१	१
बाल अधिकार	बलात्कार			३		३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			५		५
महिला अधिकार	बलात्कार			३		३
	घरेलु हिंसा			१३		१३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१६		१६
कूल जम्मा		५	५	३१	३	३४

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा २०७५ पुस १७ देखि २०७६ पुस १५ सम्म फौजदारी मुद्दातर्फ दर्ता भएका १ सय ३९ मुद्दामध्ये ५९ थान फैसला भए भने ८० थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ८८ थानमध्ये १ सय २ थान फैसला भए भने १ सय ८६ थान फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी र देवानी दुवै प्रकृतिका मुद्दा पर्वत जिल्ला अदालतमा छैनन् । पर्वत जिल्ला अदालतमा बाल इजलास नभएकाले बालबालिकासम्बन्धी मुद्दाहरू बन्द इजलासमा सुनुवाइ हुने गर्छ । फौजदारीको तुलनामा देवानी प्रकृतिका मुद्दाहरू फर्स्यौट हुन ढिला हुने गरेको छ । बार एशोसिशन पर्वतका जिल्ला अध्यक्ष चन्द्रबहादुर क्षेत्रीका अनुसार पछिल्लो समयमा पुरुषले पनि पत्नीको विरुद्ध सम्बन्ध विच्छेदका मुद्दा दर्ता गर्न पाउने व्यवस्था भएपछि त्यस्ता मुद्दाको सङ्ख्या बढ्दो छ। २०७५ भदौ १ गतेदेखि लागु भएपछि पुरुषबाट सम्बन्ध विच्छेदको मागदाबी गरिएका मुद्दा कम्तीमा पनि एक वर्ष अदालती प्रक्रियामा नै राख्नुपर्ने हुन्छ।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ९१ अपाङ्गमैत्री विद्यालय छन्। यस वर्ष ५ हजार २ सय ३१ दलित बालक र ३ हजार ८ सय १९ दलित बालिकाले छात्रवृत्ति पाए। पर्वतमा १२ कक्षासम्म निःशुल्क शिक्षा पाउने अधिकारको उपयोग भएको पाइन्छ। पर्वतको सदरमुकाम कुश्मा बजारमा मजदुरका बालबालिका अध्यापन गराउने गरी २०७४ वैशाखदेखि सञ्चालन भएको अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम २०७६ साल वैशाखदेखि बन्द भएपछि श्रमिकका बालबालिका पठनपाठनबाट बञ्चित भएका छन्।

पर्वतमा यस वर्ष बलात्कारका घटनामा तीन जना र यौन दुर्व्यवहारका घटनामा दुई जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहारका एक आरोपितलाई जिल्ला अदालतले ६ महिना कैद सुनाइ बाल सुधार गृहमा पठायो। एक जनालाई पुर्पक्षका लागि थुनामा, एक/एकजनालाई जिल्ला अदालतले सफाइ दियो। एक जना बालकलाई अभिभावकको जिम्मा लगाउने र अर्का एक बालकलाई पोखरास्थित बालसुधार गृहमा पठाउने आदेश गऱ्यो। बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले कैद र जरिबानाको फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७६ साउन १७ गते बलात्कार गरेको आरोपमा जलजला गाउँपालिका–९ का २१ वर्षीय विपिन नेपाली विरुद्ध पीडित पक्षले साउन १८ गते उजुरी दियो । आरोपितलाई प्रहरीले साउन

१९ गते छिमेकीको घरमा लुकेर बसेको अवस्थामा गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितलाई जबरजस्तीकरणी गरेको अभियोग लगाई साउन २९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले सोही दिन थुनामा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण साउन १८ गते जिल्ला अस्पतालमा भयो । जिल्ला अदालतले २०७६ पुस १४ गते आरोपितलाई १८ वर्ष कैद र २५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, पर्वतमा उजुरी दर्ता गराए। उजुरीमध्ये मानसिक तथा शारीरिक यातना दिएको भन्दै १८, पतिले बहुविवाह गरी हेला गरेको भन्दै तीन र अन्य ११ रहेका थिए। प्रहरीले २१ ओटा उजुरीमा मिलापत्र गरायो भने तीन जना जना पीडित सम्पर्कमा नआएको र सात ओटा उजुरी कानुनी प्रक्रियामा रहे।

यस वर्ष घरेलु हिंसाका घटनामा १२ जना, बलात्कारका घटनामा दुई जना र यौन दुर्व्यवहारका घटनामा दुई जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका आरोपितलाई जिल्ला अदालतले दोषी ठहर गर्दै कैद सजायको फैसला सुनायो भने यौन दुर्व्यवहारका आरोपित एकजनालाई जिल्ला अदातलतले ३ वर्ष ६ महिनाको कैद सजाय सुनायो अर्का एक आरोपित दुवै पक्षबीच छलफलमा प्रहरीले मिलापत्र गरायो।

७१ वर्षीया बृद्धालाई २०७५ पुस २४ गते बलात्कार गरेको भन्दै फलेवास नपा–५ का ४९ वर्षीय नारायणबहादुर कुँवर विरुद्ध पीडितका आफन्तले पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले पुस २५ गते घरबाट गिरफ्तार गऱ्यो । पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २५ गते जिल्ला स्वास्थ्य कार्यालय, पर्वतमा भयो। जिल्ला अदालतले ०७६ जेठ १९ गते आरोपितलाई दोषी ठहर गर्दै आठ वर्ष कैद सजाय सुनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आगजनी

यस वर्ष प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले मोदी गाउँपालिका–६ तिलाहार थामाकोटमा रहेको एनसेल टावरमा २०७६ साउन १५ गते राति आगजनी गरे । आगजनीबाट ५ लाख रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

पर्वत जिल्लामा एक जिल्ला अस्पताल, ५२ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डाक्टरको दरबन्दी रहेकामा दरबन्दीका तीन र करार सेवाका दुई गरी पाँच जना डाक्टर (मेडिकल अधिकृत) कार्यरत छन् । पर्वत जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम सुरु भएको छैन।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३		३
यौन दुर्व्यवहार		२	२
जम्मा	३	२	५

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२			२
घरेलु हिंसा	२	८	३	१२
यौन दुर्व्यवहार	१		१	२
जम्मा	५	८	४	१६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

४.११ बागलुङ

जम्मा जनसङ्ख्या	२,६८,६०५
महिला	१,५२,७५१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६१,१६३
कामका लागि बाहिरिएका	४२,६२३
अपाङ्गता भएका	६,१७५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.५
आश्रित जनसङ्ख्या	१,२१,५३५

यो वर्ष बागलुङ जिल्लामा राज्य पक्षबाट १३ जना र अन्य पक्षबाट ८५ जना महिलासहित ९१ जना गरी १ सय ४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । अभिलेखित घटना अनुसार बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालकसहित १२ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ७१ जना पीडित भएका तथ्याङ्क अभिलेखित छ।

गिरफ्तार

यो वर्ष बागलुङ जिल्लामा प्रतिबन्धित नेकपाका १३ जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । सर्वोच्च अदालतको आदेशमा तीन जना, जिल्ला अदालतको आदेशमा धरौटी बुझाएर तीन जना रिहा भएकामा एक जनालाई अदालत परिसरबाट पुनः गिरफ्तार गरी प्रहरीले पर्वत पठायो । जिल्ला प्रशासन कार्यालयमा तीन जनाले पार्टीको गतिविधिमा संलग्न नहुने बताएपछि धरौटीमा छुटे। एक जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बडिगाड गाउँपालिका–५, ग्वालीचौर निवासी प्रतिबन्धित नेकपाका बागलुङ जिल्ला सचिव ३२ वर्षीय रामबहादुर कुँवर (नविन) लाई २०७६ असोज ७ गते ग्वालीचौरबाट गिरफ्तार गऱ्यो। प्रहरीलाई धम्क्याएको आरोप लगाएर असोज ७ गते बागलुङ जिल्लाको ग्वालीचौरबाट गिरफ्तार भएका कुँवरलाई प्रहरीले असोज ८ गते अदालत पेश गरेकामा जिल्ला अदालत, बागलुङले मङ्सिर २३ गते १५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो । कुँवरको स्वास्थ्य परीक्षण असोज ७ गते र मङ्सिर २३ गते धौलागिरी अञ्चल अस्पतालमा भयो । धरौटीमा रिहा भएलगत्तै प्रहरीले कुँवरलाई अदालत परिसरबाटै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, पर्वतलाई बुझायो । जिल्ला प्रहरी कार्यालय पर्वतले जिल्ला अदालतमा सार्वजनिक हित विपरीत कार्य गरेको भन्दै सरकारी वकिल कार्यालय पर्वतमार्फत म्याद थप गरी मङ्सिर २३ गतेदेखि नै हिरासतमा राख्यो। सर्वोच्च अदालतमा कुँवर की बहिनी मनु केसीले जिल्ला प्रहरी कार्यालय पर्वतलाई विपक्षी बनाएर बन्दी प्रत्यक्षीकरणको रिट पुस १० गते दायर गरिन् । उक्त रिटउपर न्यायाधीश ईश्वरप्रसाद खतिवडा र सपना प्रधान मल्लको संयुक्त इजालसले कुँवरलाई पुस १३ गते नै न्यायाधीशको रोहबरमा थुनामुक्त गराउन आदेश दियो । सर्वोच्चको आदेश अनुसार कुँवर पर्वत जिल्लाका न्यायाधीश सूर्यबहादुर थापाको रोहवरमा जिल्ला अदालतबाट रिहा भए। रिहा भए लगत्तै प्रहरीले पुस १३ गते अदालत परिसरबाट नै कुँवरलाई पुनः गिरफ्तार गऱ्यो । सोही दिन पर्वत प्रहरीले कुँवर

लाई म्याग्दी प्रहरीको जिम्मा लगायो। यो वर्षको अन्त्यसम्म कुँवर म्याग्दी प्रहरीको हिरासतमा नै रहे।

कारागार र बन्दी

३५ जना क्षमताको 'ङ' श्रेणीको जिल्ला कारागारमा ५७ जना कैदी ५७ जना थुनुवा गरी १ सय १४ जना छन्। कारागारमा १६ महिनाकी एक बालिका पनि छिन्। ६५ वर्षका एक जना पुरुष छन्। एक जना मानसिक रोगी पनि छन्। महिलाको लागि एक र पुरूषहरूको लागि एक गरी दुई ओटा भवन रहेका छन्। क्षमताभन्दा तीन गुणा बढी कैदी र थुनुवाहरूलाई एकैठाउँमा राख्दा समय समयमा स्वास्थ्य समस्या देखिने गरेको छ। कारागारमा मानसिक रोगी, दीर्घ रोगीहरूलाई छुट्टै राख्ने व्यवस्था छैन। कारागारमा आश्रित बालबालिकाहरूको लागि छुट्टै व्यवस्थापन छैन। आश्रितले सरकारबाट पाउने राशन पाए पनि पोषणयुक्त खानेकुराको अभाव रहेको छ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	१	२
गिरफ्तारी		१३	१३			
कुटपिट		१	१		२	२
हत्या				३	१	४
बाल अधिकार	बलात्कार			४		४
	विद्यालयमा शारीरिक सजाय				२	२
	यौन दुर्व्यवहार			६		६
	जम्मा			१०	२	१२
महिला अधिकार	बलात्कार			८		८
	बलात्कारको प्रयास			५		५
	बहुविवाह			७		७
	घरेलु हिंसा			५०		५०
	यौन दूर्व्यवहार			१		१
	जम्मा			७१		७१
कूल जम्मा		१३	१३	८५	६	९१

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एकजना न्यायाधीशको दरबन्दी रहेको यस अदालमा एक जना न्यायाधीश नै कार्यरत छन्। जिल्ला अदालतमा यो वर्ष १ सय १ फौजदारी मुद्दा दर्ता भएकामा १३ थान फैसला भए। २ सय ४२ देवानी मुद्दा दर्ता भएकामा ६३ थान मुद्दा फैसला भए। यो अदालतमा १८ महिना नाघेका मुद्दा छैनन्। जिल्ला अदालत बागलुङमा बर्सेनी बढ्दै गएका मुद्दाहरूको तुलनामा एक जना न्यायाधीशको मात्र दरबन्दी हुनुले समयमा मुद्दा फैसला हुन सकेका छैनन्।

उच्च अदालत पोखराको बागलुङ इजलास

चार जना न्यायाधीश रहेको उच्च अदालत पोखराको बागलुङ इजलासबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ४१ मध्ये ३६ थान फैसला भए। देवानीतर्फ ५३ मुद्दा मध्ये नौ थान मुद्दा फैसला भए। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा बाँकी छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष आधारभूत तहसम्म बागलुङ जिल्लाका सम्पूर्ण सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गरिएको शिक्षा विकास तथा समन्वय इकाइ, बागलुङका प्रमुख कुश्मराज उपाध्यायले बताए। उनका अनुसार शिक्षा विकास तथा समन्वय इकाइले भर्ना अभियान कार्यक्रम नै सञ्चालन गर्ने गरेको छ। बागलुङ जिल्लालाई ०७३ असार ३ गते निःशुल्क तथा आधारभूत शिक्षाको सुनिश्चितता भएको जिल्ला घोषणा गरिसकिएको छ। जिल्लामा १५ देखि ६० वर्ष उमेर समूहका ९७.५७ प्रतिशत साक्षरता दर रहेको छ। बागलुङ जिल्लामा ५ देखि १२ वर्ष उमेर समूहका १ सय ३२ जना बालबालिका विद्यालय बाहिर रहेका छन्।

यस वर्ष बागलुङमा दुई जना बालकलाई विद्यालयमा शारीरिक दण्ड सजाय दिएको घटना इन्सेकले अभिलेख गऱ्यो। दुवै घटनाका आरोपित र पीडितबीच मिलापत्र भयो। चार जना बालिका

बलात्कारका घटनामा र ६ जना बालिका यौन दुर्व्यवहार घटनामा पीडित भए।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०७५ चैत २८ गते यौन दुर्व्यवहार गरेको भन्दै बरेङ गाउँपालिका–३ बाटाकाचौरकी २१ वर्षीय रेशम सुनारविरुद्ध पीडित पक्षले २०७६ वैशाख ११ गते जिल्ला प्रहरी कार्यालय, बागलुङमा उजुरी दियो। प्रहरीले आरोपित सुनारलाई वैशाख ११ गते उनकै घरबाट गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ परीक्षण वैशाख १२ गते धौलागिरी अञ्चल अस्पताल, बागलुङमा भयो। जिल्ला अदालत बागलुङको जेठ २ गतेको आदेशले थुनामा रहेका आरोपितलाई जिल्ला न्यायाधीश बासुदेव न्यौपानेको इजलासले भदौ ९ गते १० वर्ष कैद र पीडितलाई २० हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै ६० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । सबै उजुरीहरूमा श्रीमान, सासू ससुरा, र घर परिवारबाट हेलामा परेको, खाना लगाउन नदिएको बेवास्तामा परेको र परिवारले कुटपिट गरेको उल्लेख गरेका छन् । उजुरीमध्ये २५ उजुरीका घटनामा मिलापत्र भयो । जिल्ला प्रहरी कार्यालय बागलुङको महिला तथा बालबालिका शाखाका कर्मचारी, पीडित र पीडक पक्षका आफन्त र पीडित पीडक सहित बसेर छलफल गराएर मिलापत्र गराइएका उजुरीहरुमा पीडकले पीडितलाई खाना लगाउन दिने, माया गर्ने, बेवास्ता नगर्ने र कुटपिट नगर्ने लिखित सहमति हुने गरेका छन् । १५ ओटा उजुरीका उजुरीकर्ता अदालत जान्छौं भनी कार्यालयबाट बाहिरिए पनि अदालत पुगे।

यस वर्ष बागलुङमा घरेलु हिंसाका कारण ५० जना, बहुविवाहका कारण सात जना, बलात्कार का घटनामा आठ जना, बलात्कार प्रयासका घटनामा पाँच जना र यौन दुर्व्यवहारको घटनामा एक जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । एउटा वैवाहिक बलात्कारको घटना अभिलेख गरिएकामा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ । अभिलेखित घटनामध्ये बलात्कारको एक र बलात्कार प्रयासको एक घटनामा फैसला भयो। एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म फरार रहे। अर्को एउटा घटनाका आरोपितको स्वास्थ्य अवस्था ठिक नभएको भन्दै प्रहरीले नै परिवारको जिम्मा लगाएपछि यो वर्षको अन्त्यसम्म आरोपितलाई पुनः गिरफ्तार गरिएन । बाँकी सबै घटनाका आरोपित पुर्पक्षका लागि कारागारमा रहेको इन्सेकमा अभिलेखित छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया युवतीलाई २०७५ पुस १८ गते बलात्कार गरेको भन्दै तमान खोला गाउँपालिका–२ का ३३ वर्षीय गिरीलाल बिकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, बागलुङमा पुस २० गते मौखिक र पुस २१ गते लिखित उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २० गते आरोपितकै घरबाट गिरफ्तार गऱ्यो । पीडित युवतीको स्वास्थ्य परीक्षण पुस २० गते धौलागिरी अञ्चल अस्पताल, बागलुङमा भयो । आरोपितलाई प्रहरीले पुस २१ गते जिल्ला अदालत बागलुङमा पेश गऱ्यो। जिल्ला अदालतको फागुन १६ गतेको इजलासले पुर्पक्षको लागि थुनामा रहेका आरोपितलाई न्यायाधीश प्रकाशप्रसाद पण्डितको इजलासले २०७६ वैशाख ३० गते १३ वर्ष कैद र ५० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

घरेलु हिंसा

बडिगाड गाउँपालिका–१० पात्लेकी २५ वर्षीया बालकुमारी घर्तीलाई २०७५ फागुन १६ गते पति ३५ वर्षीय पति चन्द्रबहादुर घर्तीले तरकारी पकाउने विषयमा विवाद हुँदा गोली प्रहार गरेको भन्दै स्थानीयले फागुन १७ गते इलाका प्रहरी कार्यालय, बडिगाडमा खबर गरे । स्थानीयको जानकारीपछि घटनास्थल पुगेको प्रहरीले बालकुमारीलाई फागुन १७ गते नै उपचारको लागि बुर्तिबाङ स्वास्थ्य केन्द्रमा पठायो । पीडित बालकुमारीले फागुन १९ गते जिल्ला प्रहरी कार्यालय, बागलुङमा पतिविरूद्ध उजुरी दिइन् । आरोपित चन्द्रबहादुरलाई गाउँमै लुकेर बसेको अवस्थामा प्रहरीले फागुन १८ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालतका न्यायाधीश प्रकाशप्रसाद पण्डितको ०७६ असार ३ गतेको इजलासले आरोपित चन्द्रबहादुरलाई

चार महिना कैद र ४ हजार रुपियाँ जरिबाना गर्ने फैसला गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति

बागलुङ नपा–७ मुलपानी, गल्कोट नपा–८ काँडेवास र निसिखोला गाउँपालिका–७ राजकुटमा रहेका एनसेल टावरमा २०७५ फागुन ९ गते, निसिखोला गाउँपालिका–७ राजकुटमा रहेको एनसेल टावरमा २०७६ साउन १५ गते र जैमिनी नगरपालिका–७ व्यार्थलामा रहेको एनसेल टावरमा साउन ३० गते राति अज्ञात पक्षले आगजनी गऱ्यो।

त्यसैगरी बागलुङ नगरपालिका–२ रूद्रेपीपल स्थित नेपाल पत्रकार महासङ्घ बागलुङ शाखाको निर्माणधीन भवनमा २०७६ भदौ ४ गते अज्ञात पक्षले तोडफोड गरेको र बागलुङ नगरपालिका–७ कालिमाटीको डिक निर्माणको लागि राखिएको ग १ क ३०८७ नम्बरको रोड लोडरमा ०७६ मङ्सिर ९ गते राति आगजनी भएको घटना पनि इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

बागलुङ जिल्लामा एक अञ्चल अस्पताल, ५८ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, १५ सहरी स्वास्थ्य केन्द्र र १८ सामुदायिक स्वास्थ्य इकाइ छन्। अञ्चल अस्पताल मातहतमा एक जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेकोमा रिक्त रहेको छ। ६ जना डाक्टरको दरबन्दी रहेकोमा ६ जना कार्यरत छन् र एक जना डेन्टल सर्जनको दरबन्दी रहेकोमा एक जना कार्यरत छन्।

बागलुङ जिल्लामा कुल ५५ हजार ८ सय ७९ जनाले स्वास्थ्य बिमा गरेका छन्। जसमा ११ हजार ५ सय ८० जना ज्येष्ठ नागरिक, अति गरिब, पूर्ण अशक्त, अपाङ्गता भएका र एचआइभी संक्रमितको राज्यद्वारा निःशुल्क स्वास्थ्य बिमा गरिएको छ। कर्मचारी समायोजनको कारणले पनि स्वास्थ्य संस्थाहरुमा सेवा प्रवाह गर्न समस्या भएको बरेङ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख पदमबहादुर पुनको भनाइ छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१		३	४
विद्यालयमा शारीरिक सजाय			३		३
यौन दुर्व्यवहार	३	१		३	६
जम्मा	३	३	३	६	१३

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	१		४	८
बलात्कार प्रयास		१		४	५
बहुविवाह	१	३		४	८
घरेलु हिंसा		३	३५	१३	५०
यौन दुर्व्यवहार				१	१
जम्मा	४	८	३५	३५	८१

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	१	३

प्रदेश ५

- क्षेत्रफल : १५,७३७ वर्ग कि.मि.
- जनसङ्ख्या : ४४,८८,५५५
- साक्षरता प्रतिशत : ६७.६७
- जिल्ला : १२
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५२
- उपमहानगरपालिका : ४
- नगरपालिका : ३२
- गाउँपालिका : ७३
- कूल वडा सङ्ख्या : ५८३

प्रदेश परिचय ५

प्रदेश ५ सरकारले कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरण गरी कृषिजन्य उद्योगमार्फत विकासको आधार तयार गर्न आधुनिक कृषि प्रणालीको अबलम्बन र कृषिजन्य उद्योगलाई प्रोत्साहित गर्न कृषि नीतिको तर्जुमा र कानुनी तथा संस्थागत व्यवस्था गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरेको छ । सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारका लागि स्थानीय तहसँग सहकार्य गर्ने, उत्कृष्ट सामुदायिक विद्यालयलाई पुरस्कृत गर्ने, प्रदेशमा न्यूनतम शैक्षिक गुणस्तर मापदण्ड तयार गरी लागू गर्ने, स्वास्थ्य व्यापार होइन, सेवा हो भन्ने मान्यतालाई व्यवहारमा अवलम्बन गरी न्यूनतम लागतमा सेवा प्रदान गर्न प्रदेश भित्रका निजी स्वास्थ्य संस्थालाई अभिप्रेरित गर्ने, स्वच्छ पानी, स्वस्थ जीवन भन्ने नाराका साथ पिउने पानीको परीक्षणका लागि प्रयोगशालाको स्थापना गर्ने, श्रमिकका लागि सामाजिक सुरक्षा, बिमा, स्वास्थ्य सेवा र क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम, न्यूनतम ज्यालाको मापदण्ड लागू गर्ने, सबै जनतालाई आधारभूत खानेपानी र विद्युत् पुऱ्याउने अठोट प्रदेश सरकारले लिएको छ।

सन् २०१९ र मानव अधिकार अवस्था

यस प्रदेशमा सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ हजार ६ सय ३ जना पीडित भएको अभिलेख भयो। अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकारका घटनामा १० जना, गिरफ्तारका घटनामा १ सय ४४ जना, जातीय विभेदका घटनामा पाँच जना, महिला अधिकार उल्लङ्घनका घटनामा ९ सय ८६ जना, अपहरण घटनामा नौ जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ८३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

सन् २०१९ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



५.१ रुकुम पूर्व

जम्मा जनसङ्ख्या	५३,०१८
महिला	२७,८१२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.०५
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष रुकुम पूर्व जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट पाँच जना महिला र चार जना पुरुषसहित नौ जना र राज्यपक्षबाट पाँच जना पुरुष गरी १४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । कुटपिट घटनामा अन्य पक्षबाट दुई महिला र चार जना पुरुष गरी ६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना, महिला अधिकार उल्लङ्घनका घटनामा एक जना पीडित भएको अभिलेख भयो ।

गिरफ्तार

यस वर्ष रुकुम पूर्व जिल्लाबाट प्रतिबन्धित नेकपाका चार जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारी भएका मध्ये दुई जना जिल्ला अदालतको आदेशमा साधारण तारेखमा र दुई जना धरौटी बुझाउन नसकेर पुर्पक्षका लागि थुनामा रहेको इन्सेकले अभिलेख गऱ्यो ।

सिस्ने गाउँपालिका–८ डाँडागाउँका प्रतिबन्धित नेकपाका रुकुम पूर्व जिल्ला सेक्रेटरी ३८ वर्षीय शक्ति भनिने देविलाल पुन, सिस्ने गाउँपालिका–७ नाथिगाट निवासी जिल्ला सदस्य ४० वर्षीय लेलिन भनिने लिलाराम बुढा, सिस्ने गाउँपालिका–३ पोखरा निवासी राप्ती ब्युरो सदस्य ४५ वर्षीय राजु थापा भनिने धनबहादुर बिक, भूमे गाउँपालिका–६ महत निवासी पार्टी सदस्य ४० वर्षीय कुमार बुढा भनिने रामकुमार बुढा र सोही ठाउँका ४२ वर्षीय हिका बुढालाई २०७६ साउन २८ गते प्रहरीले गिरफ्तार गऱ्यो । जिल्लामा चन्दा उठाउने, धम्काउने जस्ता गतिविधि बढेको भन्ने सूचनाका आधारमा खोजतलास गर्दा देविलाललाई रुकुमकोटबाट, लिलाराम नाथिगाटबाट, धनबहादुर सिस्ने गाउँपालिका–३ पोखराबाट र रामकुमार र हिकालाई महतबाट गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जनायो । जिल्ला प्रहरी कार्यालयले २०७६ साउन २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले कात्तिक ८ गतेको आदेशले हिका र रामकुमारलाई साधारण तारेखमा, देविलाल, लिलाराम र धनबहादुरलाई प्रतिव्यक्ति २ लाख ४० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा देविलाल र धनबहादुरले धरौटी रकम बुझाउन नसकेकाले थुनामा पठायो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		५	५			
कुटपिट				३	४	६
बाल अधिकार	बलात्कार			३		३
	जम्मा			३		३
महिला अधिकार	बलात्कार			१		१
	जम्मा			१		१
कूल जम्मा		५	५	५	४	९

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १८ थानमध्ये दुई फैसला भए भने देवानी मुद्दातर्फ ४७ मध्ये २१ थान फैसला भए। यस अदालतमा फौजदारी मुद्दा १६ थान र देवानी मुद्दा २६ थान फैसला हुन बाँकी रहेको अदालतका श्रेष्तेदार सुशीलकुमार यादवले बताए।

अदालतमा दरबन्दीको विषयले न्यायमा कुनै असर नपरेको अदालतले जनायो। प्रक्रिया पूरा भइसकेपछि न्यायाधीश, वकिल पक्षहरूबाट न्याय दिनमा ढिलाइ नभएको श्रेस्तेदार यादवले बताए। मानवीय स्रोत तथा आर्थिक स्रोत जस्ता कारणले न्याय दिनमा कुनै समस्या नरहेको जिल्ला अदालतका श्रेष्ते दार यादवले जानकारी दिए। स्रोतका कारणले मुद्दा फैसला हुनमा समस्या नरहेको बार एशोसिएशन रुकुम पूर्वका अध्यक्ष दामोदर गौतमको भनाइ छ। तर, पक्ष र विपक्षलाई बहसका लागि बोलाउदा कुनै एक पक्ष उपस्थित नभएको खण्डमा उक्त मुद्दा लम्बिने गरेको उनले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

रुकुम पूर्वमा ९२ ओटा आधारभूत र २४ ओटा माध्यमिक विद्यालय छन्। सामुदायिक विद्यालयतर्फ ८७ बालविकास कक्षा सञ्चालित छन्। एक अनुमति क्याम्पस रहेको छ। संस्थागत विद्यालयतर्फ एक मावि र आठ आधारभूत विद्यालय छन्। सिस्ने गाउँपालिकामा ७ हजार ३ सय ६२, भूमे गाउँपलिकामा ५ हजार १ सय ६३ जना विद्यार्थी र पुथाउत्तरगङ्गा गाउँपालिकामा ५ हजार ८ सय ४२ गरी जम्ममा १७ हजार ६ सय ४ जना विद्यार्थी भर्ना भए। दलित, सीमान्तकृत र पिछडा वर्गका लागि दिइने छात्रवृत्ति पनि पाइरहेका छन्। साथै शहीद परिवारका र द्वन्द्वपीडित परिवारका बालबालिकाले पनि छात्रवृत्ति पाउने गरेका छन्।

विद्यार्थी भर्ना अभियानको लागि तीन ओटै स्थानीय तहका विद्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्येक विद्यालयमा विद्यार्थी भर्ना अभियानका लागि १० हजार रुपियाँका दरले सहयोग रकम दिएकाले घरदैलो अभियान गरेर नै विद्यार्थी भर्ना अभियान गरिएको थियो। आधारभूत तहसम्म अनिवार्य निःशुल्क शिक्षाको अधिकारको पालना भएको छ। तर, दरबन्दी रिक्त रहेका विद्यालयमा निजी स्रोत तथा अभिभावक शुल्कमार्फत शिक्षक राखेर पठनपाठन गरिराखिएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख तिलक गौतमले बताए। नयाँ जिल्ला भएकोले अहिलेसम्म शिक्षा तर्फको व्यवस्थापन अस्तव्यस्त रहेकाले शिक्षा पद्धतिमा निकै समस्या पारिरहेको इकाइ प्रमुख गौतमले जानकारी दिए। त्यसैगरी १२ तहसम्म निःशुल्क शिक्षा नै सञ्चालित छ।

यस वर्ष रुकुम पूर्व जिल्लामा बाल अधिकार उल्लङ्घनमा दुई जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कारका दुई घटनामा जिल्ला अदालतले आरोपित एक बालकलाई जरिबाना सहित परिवारको जिम्मा र अर्का आरोपितलाई कैद सजायको फैसला सुनाएको इन्सेकमा अभिलेख भयो।

बलात्कार, यौन दुर्व्यवहार

तीन वर्षीया एक बालिकालाई ०७५ माघ २१ गते सिस्ने गाउँपालिका–५ टाकुराका ३१ वर्षीय मदन भनिने भरत गौतमले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ २१ गते रुकुम पश्चिमको जिल्ला अस्पताल सल्लेमा भयो। प्रहरीले आरोपित गौतमलाई माघ २१ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयले माघ २१ गतेका जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश दुर्गाबहादुर भुसालको इजलासले फागुन ५ गते आरोपितलाई २५ वर्ष कैदको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरे। त्यसमध्ये सात सामान्य कुटपिट, पाँच घरनिकाला र ६ उजुरी गालीगलौजका थिए। यी सबै मुद्दामा प्रहरीले नै मिलापत्र गरायो।

यस वर्ष रुकुम पूर्व जिल्लामा महिला अधिकार उल्लङ्घनमा एक जना महिला बलात्कार घटनामा पीडित भइन्। बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल र एक प्राथमिक स्वास्थ्य केन्द्र, १५ ओटा स्वास्थ्य चौकी र २१ ओटा सामुदायिक स्वास्थ्य इकाइ रहेका छन्। जिल्ला अस्पतालमा चार जना डाक्टर सहित ३१ जना दरबन्दी अनुसार नै कार्यरत छन् भने प्राथमिक स्वास्थ्य केन्द्रमा एक डाक्टर, एक नर्स र एक एचए दरबन्दी रिक्त रहेको छ। जिल्ला अस्पतालमा जनशक्ति भएता पनि आवश्यक सामग्री तथा उपकरण र भौतिक पूर्वाधारको समस्याले जिल्ला स्तरको सबै सेवा उपलब्ध छैन। स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइमा भने रिक्त रहेका दरबन्दीका लागि स्थानीय तहले नै करार कर्मचारी राखेर सेवा प्रवाह गरिरहेको छ।

जिल्लामा अहिलेसम्म एउटै एम्बुलेन्स छैनन्। बिरामी बोक्ने, औषधि र स्टाफ बोक्ने गाडी जिल्लामै नरहेको जिल्ला अस्पतालका डाक्टर राजेन्द्र जिसीले जानकारी दिए। यसको लागि प्रदेश सरकार र स्थानीय सरकारमा जानकारी गरेकोमा अहिलेसम्ममा कुनै पनि पहल नगरिदिएको डाक्टर जिसीको आरोप छ। त्यसको साथै सडक पहुँचको अवस्था पनि कच्ची र अधिकांश बस्तीमा सडक नपुगेकाले बिरामीले समयमै उपचार पाउन सकिरहेका छैनन्। निःशुल्क पाउने व्यवस्था अनुसार उपचार पाइरहेका छन् भने सरकारले निःशुल्क उपचार र औषधि उपलब्ध गरिरहेको व्यवस्था अनुसार आम नागरिकले सेवा पाइरहेका छन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

५.२ रोल्पा



जम्मा जनसङ्ख्या	२,३०,७३५
महिला	१,२७,०३०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५७,५०४
कामका लागि बाहिरिएका	२३,५९७
अपाङ्गता भएका	७,४५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.३
आश्रित जनसङ्ख्या	१,१३,५०३

यस वर्ष रोल्पा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १३ जना महिला र ४ जना पुरुषसहित १७ जना र राज्यपक्षबाट १३ जना पुरुष गरी ३० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । कुटपिट घटनामा अन्य पक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना पीडित भएको अभिलेख भयो।

गिरफ्तार

यस वर्ष रोल्पा जिल्लाबाट प्रतिबन्धित नेकपाका १२ जना नेता/कार्यकर्ता र उनीहरुलाई सहयोग गरेको आरोपमा एक चिया पसले गरी १३ जनालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो।

गिरफ्तार भएका पाँच जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठाएकोमा यो वर्षको अन्तसम्म मुद्दाको टुङ्गो लागेन। एकजनालाई अदालतले सफाइ दियो भने अर्का एक जनालाई नागरिक समाज, अधिकारकर्मी र पत्रकारहरूको रोहवरमा छलफल चलाएपछि प्रहरीले विना सर्त रिहा गऱ्यो । अर्का एक जनालाई धरौटीमा रिहा गरेकोमा धरौटी तिर्न नसकेपछि कारागार चलान गरियो । प्रतिबन्धित नेकपाका नेता/कार्यकर्तालाई सहयोग गरेको आरोपमा गिरफ्तार परेका चिया पसले धरौटीमा रिहा भए । साधारण तारेखमा छुटेका चार जना पुन गिरफ्तारीमा परेपछि वर्षको अन्त्यसम्म रिहा भएनन्।

लुङ्ग्री गाउँपालिका–५ बडाचौर निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता ३४ वर्षीय जितबहादुर विष्ट र सुनिल स्मृति गाउँपालिका–४ बर्जिबाङका ३७ वर्षीय खैराम महरालाई २०७६ वैशाख ४ गते प्रहरीले लुङ्ग्री गाउँपालिका–५ बडाचौरबाट गिरफ्तार गऱ्यो । रातको समयमा बाटोमा हिँडिरहेको बेला एउटा बाल्टिन बमसहित गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपक खड्काले बताए । उनीहरूलाई सार्वजनिक शान्ति सुरक्षा विरुद्धको मुद्दा चलाइयो । ०७६ वैशाख २१ गते जिल्ला अदालतले कारागारमा पुर्पक्षका लागि चलान गरेकामा यो वर्षको अन्त्यसम्म उनीहरू कारागारमा नै रहे।

कारागार र बन्दी

५० जना क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारमा ६१ कैदी र २९ थुनुवा गरी जम्मा ९० जना

छन् । जसमा महिला ६ जना र ६५ वर्षमाथिका तीन जना पुरुष छन् । यस कारागारमा आश्रित बालबालिका तथा मानसिक रोगीहरू छैनन् । २०३२ सालमा निर्माण भएको यस कारागारमा १० कोठाको एउटा मात्रै भवन छ। क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले बसाइमा समस्या छ। कैदीबन्दीको स्वास्थ्य उपचार जिल्ला अस्पताल रेउघामा हुन्छ। त्यहाँ उपचारनभएमा डाक्टर को सल्लाहअनुसार काठमाडौँ वा नेपालगञ्ज पुऱ्याउने गरिन्छ। खानेपानी, शौचालयको उपलब्धतामासमस्या नभएको कारागारका सूचना अधिकारी नरेन्द्र चन्दले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		१३	१३			
कुटपिट					१	१
हत्या				१		१
बेपत्ता				१		१
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय			११	३	१४
	जम्मा			११	३	१४
कूल जम्मा		१३	१३	१३	४	१७

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेको रोल्पा जिल्ला अदालतबाट यो वर्ष सरकारवादी फौजदारी मुद्दामा २८ थान, दुनियावादी फौजदारी मुद्दामा आठ थान गरी जम्मा ३६ थान मुद्दामध्ये सरकारवादी फौजदारी मुद्दा सात र दुनियाँवादी फौजदारी मुद्दा पाँच थान फैसला भए। यस्तै दुनियाँवादी देवानी मुद्दातर्फ १ सय ११ थान मध्ये ९० थान फैसला भए। २०७५/७६ बाट जिम्मेवारी सरेका सरकारवादी फौजदारी २१ थान दुनियाँवादी फौजदारी सात थान र दुनियाँवादी देवानी मुद्दा ५२ थान थिए। यो वर्ष जम्माजम्मी १ सय २ थान मुद्दा फैसला भएको सूचना अधिकारी त्रिविक्रम अधिकारीले बताए। अधिकारीका अनुसार अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

रोल्पा जिल्लामा ३ सय २० आधारभूत र ८७ माध्यमिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयतर्फ प्रारम्भिक बालविकास केन्द्र ३ सय ५२ छन्। संस्थागत विद्यालयतर्फ ३२ ओटा विद्यालय रहेका छन्। प्राथमिक तहको स्वीकृत दरबन्दी ८ सय ४२ जना राहततर्फ १ सय ६७ रहेका छन्।

दलित तथा सीमान्तकृत बालबालिकाहरूलाई छात्रवृत्ति प्रत्येक स्थानीय तहले प्रदान गर्ने गरेको छ। शिक्षा विकास तथा समन्वय इकाइले यो वर्ष बाल विकास केन्द्रदेखि कक्षा ५ सम्मका बालबालिका १२ हजार र कक्षा ६ देखि ८ सम्म १४ हजार रुपियाँ, कक्षा ९ देखि १० सम्म १६ हजार र कक्षा ११-१२ सम्मकालाई १८ हजार रुपियाँका दरले १ सय ११ जना बालबालिकालाई द्वन्द्वपीडित छात्रवृत्ति प्रदान गरेको छ । वैदेशिक रोजगारी गएर अङ्गभङ्ग भएकका परिवारका ३२ जना बालबालिकाहरूलाई ८ हजार रुपियाँका दरले सहयोग गरेको छ । प्रत्येक विद्यालयले सतप्रतिशत विद्यार्थी भर्ना गर्न विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएको भएपनि विभिन्न कारणले (आमाबुवासँग इट्टाभट्टा जाने, आमाबुवाको लापर्वाही,अपाङ्ग वा फरक क्षमता भएका) बालबालिकाहरू विद्यालयको पँहुचभन्दा बाहिर छन्।

विद्यालयमा शारीरिक दण्ड सजाय

रुन्टीगढी गाउँपालिका-८ मगरगोरीस्थित भानु आधारभूत विद्यालयकी शिक्षिका सोही गाउँपालिका ८ की २५ वर्षीया लक्ष्मी पुनले ढिलोगरी विद्यालय आएको आरोपमा २०७६ जेठ १२ गते कक्षा १ देखि ८ सम्म अध्ययनरत १४ जना विद्यार्थीलाई कुटपिट गरी घाइते गराएको भन्दै पीडित पक्षले जेठ १९ गते इलाका प्रहरी कार्यालय होलेरीमा उजुरी दिएपछि इप्रका होलेरीले आरोपितलाई सोही दिन घरैबाट गिरफ्तार गऱ्यो । प्रधानाध्यापक झगबहादुर भण्डारी गाउँपालिकाको एसआईटी तालिममा होलेरी गएका बेला निमित्त प्रधानाध्यापकको जिम्मेवारी पाएकी शिक्षिका लक्ष्मीले विद्यार्थीमाथि भाँचिएको कुर्सीको खुट्टाले कुटपिट गरेको विद्यार्थीहरूको आरोप लगाए । शिक्षिकाको कुटपिटबाट रुन्टीगढी गाउँपालिका-८ मगरगोरीका १४ वर्षीया भीमकुमारी बाँठा कक्षा-८, १३ वर्षीया गौरी घर्ती कक्षा-८, १३ वर्षीया निर्मला पुन,कक्षा-६, १४

वर्षीया शान्ता नेपाली कक्षा–८ र १४ वर्षीया विमला रोका कक्षा–७ मा अध्ययनरत विद्यार्थीहरू हातमा चोट लाग्यो। उनीहरूको उपचार दाङको तुलसीपुरस्थित सहारा पोलिक्लिनिकमा ०७६ जेठ १३ गते भयो। शिक्षिकाको कुटाइबाट घाइते हुने अन्य विद्यार्थीमा ११ वर्षीय प्रेम पुन, १० वर्षीय सन्तोष बुढा मगर, १३ वर्षीया दीपा बाँठा, ९ वर्षीय वीरबहादुर घर्ती, १२ वर्षीया अरुणा पुन, ७ वर्षीया सुशीला विक, ११ वर्षीया विपना घर्ती, ८ वर्षीया मनकुमारी घर्ती र १३ वर्षीया पूर्णकली घर्ती छन् । घटना पछि जेठ १४ गते अभिभावकहरूले विद्यालयमा ताला लगाई आफूहरूले पैसा उठाएर निजी स्रोतबाट राखेको शिक्षिकाले आफ्नै छोराछोरीहरूलाई कुटपिट गरेको भन्दै बर्खास्त गर्न माग गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडाध्यक्ष भीमबहादुर पुनको पहलमा घाइते विद्यार्थीहरूको उपचार शिक्षिकाले नै गरिदिने र शिक्षिकालाई बर्खास्त गर्ने गरी जेठ १४ गते मिलापत्र भयो । तर, जेठ १५ गते शिक्षिका पुनले उपचार खर्च पनि दिनुपर्ने, कारबाही पनि भोग्नु पर्ने भन्दै विरोध गरेपछि यो विषय इलाका प्रहरी कार्यालय होलेरीमा पुग्यो । प्रहरीले जेठ १६ गते गाउँपालिका अध्यक्ष बालाराम बुढा, गाउँपालिकाका शिक्षा हेर्ने अधिकारी कुलराज आचार्य, अभिभावक र कुटाइ खाने विद्यार्थी लगायतलाई बोलाएर छलफल गरायो । त्यही छलफलका आधारमा विद्यार्थीहरूको चेकजाँचका लागि जेठ १६ गते प्राथमिक स्वास्थ्य केन्द्र होलेरी लगियो । स्वास्थ्य केन्द्रमा एक्सरे गर्ने प्रविधि नभएको भन्दै स्वास्थ्यकर्मीले एक्सरे गर्नुपर्ने बताएपछि उनीहरूलाई जेठ १८ गते दाङ पुऱ्याइयो । जेठ १८ गते एक्सरे पश्चात भिमकुमारी बाँठा, गौरी घर्ती, निर्मला पुन, शान्ता नेपाली र बिमला रोकाको हातमा प्लाष्टर गरियो।

शिक्षिका पुनलाई जेठ २० गते सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धको मुद्दा लगाइयो । आरोपित शिक्षिका पुन असार ५ गते २० हजार रुपियाँ धरौटीमा जिल्ला अदालत रोल्पाबाट छुटिन । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन । हातको प्लाष्टर काटेपछि पीडित बालिकाहरू सोही विद्यालयमा अध्ययन गरिरहेका छन् भने शिक्षिकालाई विद्यालयले जेठ १३ निष्काशन गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५२ जना महिलाले महिला, बालबालिबा तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । कुटपिटका २० जना, घरनिकाला गरिएका पाँच जना, विवाह दर्ता र नागरिकता नबनाइ दिएका तीन जना, डर धम्की/गालीगलौज १४ जना र सम्बन्ध विच्छेदको लागि अदालत गएका १० जना छन् । यीमध्ये प्रहरीले ३६ ओटामा मिलापत्र गऱ्यो । यो वर्षको अन्तसम्म ६ ओटा उजुरी कारबाही प्रकृयामा रहेका प्रहरी जवान जितबहादुर बुढाथोकीले बताए।

परिवारजनबाट हत्या

यस वर्ष रोल्पा जिल्लामा परिवारजनबाट एकजनाको हत्या भयो । रुन्टीगढी गाउँपालिका–३ सल्लीकोटमा आफ्नै भाइले दिदीलाई दाउराले प्रहार गर्दा दिदीको मृत्यु भयो । आरोपितलाई जिल्ला अदालतले जरिवाना सहित कैद फैसला गऱ्यो।

रुन्टीगढी गाउँपालिका–३ सल्लीकोटका २२ वर्षीया कल्पना घर्तीलाई ०७५ चैत १६ गते दाउरा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले १९ वर्षीय भाइ लुमबहादुर घर्तीलाई चैत १७ गते गिरफ्तार गऱ्यो। घाइते कल्पनाको चैत १७ गते उपचारको क्रममा कोहलपुर मेडिकल कलेजमा मृत्यु भएको प्रहरीले जनायो। आगो तापिरहेको बेला सामान्य भनाभनका कारण भाइले दाउरा प्रहार गरेको प्रहरीले जनायो । शवको पोष्टमार्टम कोहलपुर मेडिकल कलेजमा चैत १७ गते भयो । जिल्ला अदालतको चैत २४ गतेको आदेश अनुसार आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतले ०७६ असार २७ गते आरोपितलाई १३ वर्षको कैद र १ लाख ३० हजार रुपियाँ जरिबाना र १ लाख रुपियाँ क्षतिपुर्तिको फैसला गयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति

यो वर्ष रोल्पा जिल्लामा एउटा जीपमा आगजनी र एउटा सरकारी कार्यालयमा तोडफोड गरिएको अभिलेख इन्सेकले राख्यो । यो वर्षको अन्त्यसम्म दुवै घटनाका आरोपितको पहिचान भएन।

गङ्गादेव गाउँपालिका अध्यक्ष वीरबहादुर खत्रीको भे १ ज २७८५ नम्बरको बोलेरो जीपमा फागुन २१ गते राति अज्ञात पक्षले आगजनी गऱ्यो। २०७५ फागुन २० गतेदेखि सुरु भएको स्थानीय मेलाको उद्घाटन गरी त्यहीँ बास बसेका अध्यक्ष खत्रीले ४ नम्बर वडा कार्यालय म्वालेखोलामा पार्किङ

गरिराखेको जीपमा आगजनी भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनायो। घटनाबाट १२ लाख रुपियाँ बराबरको क्षति भएको डिएसपी दिपक खड्काले बताए।

त्रिवेणी गाउँपालिकाको कार्यालयमा २०७५ फागुन २१ गते राति तोडफोड भयो। अज्ञात पक्षले ढुङ्गा प्रहार गर्दा गाउँपालिका कार्यालयको झ्यालका सिसा फुटेको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

रोल्पा जिल्लामा एक जिल्ला अस्पताल ४९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा ७० प्रकारका औषधि निःशुल्क वितरण हुन्छ। स्वास्थ्यचौकीमा ३८ प्रकारका औषधि वितरण हुन्छ भने प्राथमिक स्वास्थ्य केन्द्रमा ५८ प्रकारका औषधि वितरण हुन्छ। १२ प्रकारका समूहमा पर्ने व्यक्तिहरूले निःशुल्क उपचार पाउने गरेका छन्। १० प्रकारका गम्भीर स्वास्थ्य समस्या भएका विभिन्न व्यक्तिको उपचारका लागि १ लाख रुपियाँसम्म सहयोग उपलब्ध गराउने गरिएको जिल्ला अस्पतालका अहेव अधिकारी कुलबहादुर डाँगीले बताए। यस जिल्लामा स्वास्थ्य बिमा गरेका व्यक्तिको जनसङ्ख्या १७ हजार १ सय २३ जना रहेको स्वास्थ्य बिमा संयोजक नोखराज पोखेलले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय	१	१
जम्मा	१	१

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
हत्या	१	१

५.३ प्यूठान

जम्मा जनसङ्ख्या	२,३४,८२४
महिला	१,३४,०५८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७२,७५१
कामका लागि बाहिरिएका	३६,८५८
अपाङ्गता भएका	५,५३०
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७.७७
आश्रित जनसङ्ख्या	१,१५,३६१

यस वर्ष प्यूठान जिल्लामा मानव अधिकार उलङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३३ जना महिला र राज्यपक्षबाट १२ जना पुरुष गरी ४५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। राज्यपक्षबाट १२ जनालाई गिरफ्तार गरियो। बाल अधिकार घटनामा सात जना बालिकाहरु पीडित भए। महिला अधिकारका घटनामा २३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

गिरफ्तार

प्यूठान नगरपालिका–३ निवासी प्रतिबन्धित नेकपाका राप्ती व्युरो सदस्य ५५ वर्षीय रत्नबहादुर थापालाई २०७६ असोज २९ गते शान्ति सुरक्षा विपरित काम गरेको आरोपमा घरबाट प्रहरीले गिरफ्तार गरी असोज २९ गते सार्वजनिक मुद्दा चलायो । उनको स्वास्थ्य परीक्षण असोज २९ जिल्ला अस्पताल बिजुवारमा भयो । जिल्ला प्रशासन कार्यालयले ०७६ कात्तिक १९ गते २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएपनि धरौटी नबुझाएपछि थापा यो वर्षको अन्त्यसम्म थुनामा रहे।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको 'घ' श्रेणीको प्यूठान जिल्ला कारागारमा कैदी ४८ बन्दी समेत गरी ७१ जना छन् । यो कारागारमा दुई महिनाकी एकजना आश्रित बालिका, ज्येष्ठ नागरिक दुईजना पुरुष, ११ जना महिला सहित ४८ कैदी र २३ थुनुवा छन् । कारागार भवन पुरानो र जीर्ण छ । क्षमताभन्दा झन्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कैदीबन्दीको स्वास्थ्य परीक्षणको लागि कारागारमा एकजना अहेबको दरबन्दी रहेकोमा खाली रहेकोले उपचारका लागि करिव ११ किलो मिटर दुरी पार गरी जिल्ला अस्पताल बिजुवार र तीन किलोमिटर टाढा खलंगा प्रथामिक स्वास्थ्य केन्द्र लैजानु पर्ने बाध्यता रहेको जेलर सुर्यबहादुर पन्तले बताए। थुनुवा र कैदी बन्दीलाई भेटघाट गर्नकोलागि हप्ताको दुई दिन सोमबार र बिहिबार आवश्यकताको आधारमा उनीहरुको आफन्तलाई भेट्ने सहज वातावरण मिलाएको, जेल भित्र पुस्ताकालय, पत्रपत्रिका, टेलिभिजन, खानेपानी र महिला पुरुष छुट्याछुटै शौचालय भएको जेलर पन्तले बताए । कारागार भित्र कुनै प्रकारको यातना तथा कुटपिट र आन्दोलन नभएको कैदी किरण आचार्यले बताए। मानव अधिकारकर्मी लगायत सरोकारवालालाई सहज रुपमा कैदी बन्दीहरुलाई भेटघाट गर्ने वातावरण कारागार प्रशासनले उपलब्ध गराउँदै आएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेका जिल्ला अदालत प्यूठानबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ४८ मध्ये ७४ थान फैसला भए देवानी मुद्दातर्फ १ सय ३ मध्ये ५८ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका कुनै पनि मुद्दा छैनन् । जिल्लामा मुद्दाको सङ्ख्या अनुसार चाप नरहेको र हालको दरबन्दी नै पर्याप्त रहेको जिल्ला अदालतका श्रेस्तेदार सिता रेग्मीले बताइन् । मुद्दाको चाप नभएको कारण न्याय दिने क्रममा कुनै त्रुटी नभएको र नागरिकले ढिलो न्याय पाएको भनी गुनासो पनि नआएको उनले बताइन् । तर, आर्थिक स्रोत र साधनको कमीले फिल्डमा खटिने कर्मचारीलाई भौगोलिक विकटताले गर्दा समस्या भएको श्रेस्तेदार रेग्मीले बताइन् । अदालको बारेमा न्याय सेवाको बारेमा कुनै गुनासो नभएको बारका अध्यक्ष बिदुर मल्लले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय २३ आधारभूत र ७२ मावि छन् । सामुदायिक विद्यालयतर्फ ३ सय ८५ प्रारम्भिक बालविकास केन्द्र, २ सय ८७ आधारभूत तह र ६४ मावितह छन् । संस्थागत विद्यालयतर्फ ३६ आधारभूत तह र ८ मावितह छन् । यस वर्ष ३१ हजार ४ सय ३५ बालक र ३२ हजार १ सय ११ बालिका विद्यालय भर्ना भए । जिल्लामा २ सय ८० ओटा अपाङ्गमैत्री विद्यालय छन्। साथै द्वन्द्वपीडित परिवारका १२ बालबालिकाले १ लाख ६४ हजार रुपियाँ छात्रवृत्ति पाए।

जिल्लामा धेरै विद्यालय अपाङ्गमैत्री भनिएता पनि आपङ्गता भएका व्यक्तिहरू सहजै विद्यालयको कक्षा कोठामा जाने अवस्थामा नरहेको र कतिपय विद्यालयमा अझै मोटर बाटो समेत नभएको गोरेटो अप्ठ्यारो बाटोमा बालबालिका हिँड्ने गरेका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख शिव पण्डितले बताए । जिल्लामा बाल गृह तथा बाल पुनर्स्थापना केन्द्र छैनन् । होटल तथा अन्य क्षेत्रमा बालमजदुर नरहेको र जिल्लामा हुने बालविवाह न्यूनिकरणका लागि स्थानीय तह, प्रहरी, प्रशासन, जिल्ला बालकल्याण समिति, अधिकारकर्मी र पत्रकारहरुका लागि सचेतनाका कार्यक्रम सञ्चालन गरिरहेको र केही मात्रामा बालविवाह कम भएको पण्डितले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट	
		पुरुष	जम्मा	महिला	जम्मा
जातीय विभेद				१	१
गिरफ्तार		१३	१३		
हत्या				३	३
बाल अधिकार	बालविवाह			१	१
	बलात्कार			४	४
	यौन दुर्व्यवहार			३	३
	जम्मा			८	८
महिला अधिकार	बलात्कार			३	३
	बहुविवाह			३	३
	घरेलु हिंसा			१३	१३
	यौन दुर्व्यवहार			५	५
	जम्मा			३३	३३
कूल जम्मा		१३	१३	३३	३३

यस वर्ष प्यूठान जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनाहरुमा सात जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कारका घटनाबाट चार जना र यौन दुर्व्यवहारको घटनाबाट दुईजना बालिका पीडित भए भने बाल विवाहबाट एक जना पीडित भए । बलात्कार घटनाका एक र यौन दुर्व्यवहारका एक गरी दुई जना अरोपितलाई जिल्ला अदालतको आदेशले भक्तपुरको बालसुधार गृह पठायो । बलात्कार घटनाका एकजनालाई जिल्ला अदालतले कैद सजाय गर्‍यो । अर्का एक आरोपित वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहे । यस्तै बालविवाह घटनाका आरोपितलाई धरौटी लिइ तारेखमा छाड्यो।

बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७५ माघ २८ गते बलात्कार गरेको भन्दै मल्लरानी गाँउपालिका–२ का ६८ वर्षीय दण्डबहादुर विकविरुद्ध पीडितका आफन्तले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । प्रहरीले आरोपितलाई फागुन २ गते घरबाट गिरफ्तार गर्‍यो । बालिकाको स्वास्थ्य परीक्षण फागुन २ गते जिल्ला अस्पताल बिजुवारमा भयो । जिल्ला प्रहरी कार्यालयले फागुन ७ गते

जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत प्यूठानले २०७६ असार २६ गते आरोपितलाई १६ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

प्यूठानबाट यो वर्ष घरेलु हिंसा पीडित भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ४७ जनाले उजुरी दर्ता भए । जसमा कुटपिटका १५ जना, खान लगाउन नदिएका दुई र सामान्य घरायसी झगडामा ३० जनाले उजुरी दर्ता गराए । जसमध्ये प्रहरीमा ४२ जनाले मिलापत्र गरी आ–आफ्नो घर गएको र खानलाउन नदिएका दुई र घरायसी झगडाका तीन गरी पाँच उजुरी कारबाही प्रक्रियामा गएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र प्रमुख असई दिलशरा रानाले बताइन् । घरेलु हिंसा पीडित महिलाहरुले सेवा केन्द्रमा उजुरी दिएपछि आरोपितहरूलाई कार्यालयमा झिकाई छलफलपछि मिलापत्र गरी आफ्नो घरमा जाने गरेको र मिल्दै नमिलेको घटनाहरुलाई कानुनी प्रक्रियामा जान अनुरोध गर्ने गरेको प्रमुख असई दिलशरा रानाले बताइन ।

सन् २०१९ मा प्युठान जिल्लामा घरेलु हिंसाका घटनामा १३ जना, बलात्कारका घटनामा तीनजना, यौन दुर्व्यवहार पाँच, बहुविवाह घटनामा दुई जना गरी २३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । जिल्ला अदालतले बलात्कारका एक र यौन दुर्व्यवहारका एकजना आरोपितलाई कैद तथा क्षतिपुर्ति फैसला, बलात्कारका दुईजना र यौन दुर्व्यवहारका एकजना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । यौन दुर्व्यवहारका एकजना आरोपितलाई जिल्ला अदालतले भक्तपुर बाल सुधार गृहमा पठायो । यसैगरी बहुविवाह घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ भने दुईजनालाई धरौटीमा तारेखमा रिहा गऱ्यो । यसैगरी घरेलु हिंसाका १३ ओटा घटनामध्ये सबै घटनामा प्रहरीले मिलापत्र गरी पठाएको इन्सेकमा अभिलेख भयो ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३८ वर्षीया महिलालाई २०७५ पुस २४ गते सरुमारानी गाँउपालिका–४ का ४३ वर्षीय तिलबहादुर पुनले बलात्कार गरेको भन्दै पीडितका आफन्तले पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । प्रहरीले आरोपितलाई पुस २६ गते घरबाट गिरफ्तार गऱ्यो । महिलाको स्वास्थ्य परीक्षण पुस २६ गते जिल्ला अस्पताल बिजुवारमा भयो । जिल्ला प्रहरी कार्यालयले माघ १० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले ०७६ जेठ २ गते आरोपितलाई कसुर ठहर गर्दै आठ वर्ष कैद सजाय र पीडितलाई ३० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो ।

२४ वर्षीया महिलालाई ०७६ जेठ २८ गते गौमुखी गाँउपालिका–२ का २६ वर्षीय जगत परियारले यौन दुर्व्यवहार गरेको भन्दै पीडितका आफन्तले ०७६ जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । प्रहरीले आरोपितलाई ०७६ जेठ २९ गते घरबाट गिरफ्तार गऱ्यो । महिलाको स्वास्थ्य परीक्षण ०७६ जेठ २९ गते जिल्ला अस्पताल बिजुवारमा भयो । जिल्ला प्रहरी कार्यालय ०७६ असार ६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत प्यूठानको ०७६ कात्तिक ४ गते २ वर्ष ६ महिना कैद सजाय सुनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

स्वर्गद्वारी नगरपालिका–३ मा रहेको एनसेल मोवाइल फोनको टावरमा २०७५ फागुन १० गते राति अज्ञात पक्षले आगजनी तथा तोडफोड गऱ्यो । आगजनीबाट करिव १० लाख रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनायो । घटनामा संलग्न पक्ष यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।

स्वास्थ्य सेवाको अवस्था

प्यूठानमा एक जिल्ला अस्पताल, ४६ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्ला अस्पतालमा १४ डाक्टरको दरबन्दी रहेकामा चार जना कार्यरत छन् । जिल्ला अस्पतालमा एक करार र छात्रवृत्तिमा तीन जना कार्यरत छन् । त्यस्तै जनस्वास्थ्य कार्यालय मातहत अहेवको ९८ दरबन्दी रहेकामा ९३ जना कार्यरत छन् । त्यसैगरी अस्पताल विकास समिति मातहत आठ जना कार्यरत छन् । जिल्ला अस्पताल ५० शैयाको भएता पनि १४ जना डाक्टरहरुको दरवन्दी रहेकोमा चारजना डाक्टरहरु मात्र कार्यरत छन् । नेपाल सरकारको कर्मचारी समायोजन र पहाडी जिल्लामा डाक्टरहरू जान नमान्ने लगायतका कारण डाक्टरहरु कार्यरत नहुने गरेको प्यूठान नपाका प्रमुख अर्जुनकुमार कक्षपतिले बताए ।

नेपाल सरकारले दिने भनिएका निःशुल्क

स्वास्थ्य सेवा तथा औषधी अभाव हुने गरेको छ । जिल्ला अस्पतालमा चार महिनादेखि कार्यालय प्रमुख नहुँदा अस्पताल व्यवस्थापनलगायत औषधि खरिद प्रक्रिया र सुत्केरी महिलाले पाउँदै आएको सुत्केरी प्रोत्साहन भत्ता समेत पाउनबाट वञ्चित बन्न पुगेको निमित्त प्रमुख खिमप्रसाद पार्धेले बताए । जिल्लाका ज्येष्ठ नागरिकले पाउँदै आएको सेवा पाएता पनि औषधि तीन–चार महिनासम्म पाउन सकेनन् । नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रममा नागरिकहरुको उत्साजनक सहभागिता भएपनि बिमा भए अनुसारको सेवा सुविधा र औषधि नपाएको नागरिकको गुनासो रहेको छ।

प्रभावकारी व्यवस्थापन नहुँदा जिल्लाबासीहरु सरकारबाट प्रदान गदै आएको स्वास्थ्य सेवा उपभोग गर्न वञ्चित भए । संविधानको धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी मौलिक हकमा उल्लेख भए पनि जिल्लाका सम्पूर्ण नागरिकले सहज सेवा पाउन कठिन नै छ । एक मात्र अस्पताल २०७३ साल माघ २७ गते नेपाल सरकारबाट घोषणा गरिएको ५० शैया रहेको जिल्ला अस्पताल प्यूठानको प्रभावकारी व्यवस्थापन नहुदा दरवन्दी कायम भए बमोजिमका डाक्टरहरु नहुनु र विभिन्न बाहाना देखाउँदै चार/पाँच महिनासम्म कार्यालय प्रमुखको उपस्थिति नदेखिनुलगायतका समस्याले नागरिक स्वास्थ्य सेवाप्रति खेलवाड रहेको देखिन्छ । आठ जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेपनि एकजना डाक्टर पनि छैनन् । १४ जना डाक्टरको दरबन्दी रहेको अस्पतालमा चार जना मात्र रहेका छन् । प्रभावकारी व्यवस्थापनको समस्याले नेपाल सरकारले निःशुल्क वितरण गर्दै आएका औषधिको पटकपटक अभाव हुनु, गर्भवती महिलाले नियमित गर्भजाँच गरी अस्पतालमा सुत्केरी भए वापत पाउने सुत्केरी प्रोत्साहान भत्ताबाट बञ्चित हुनु, ज्येष्ठ नागरिकले पाउँदै आएको सेवा कर्मचारिको अभावमा नपाउनु, खानेपानी भएपनि नियमित नआउनु लगायतका समस्याले स्वास्थ्य सेवा लिन आउने नागरिकले समस्या भोग्दै आएका छन् ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१	१
बलात्कार	२	२	४
यौन दुर्व्यवहार		२	२
जम्मा	२	५	७

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		२	३
बहुविवाह			२	२
घरेलु हिंसा		१३		१३
यौन दुर्व्यवहार		१	४	५
जम्मा	१	१४	८	२३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

५.४ गुल्मी



जम्मा जनसङ्ख्या	२,७३,५३५
महिला	१,५७,७०२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७१,३६५
कामका लागि बाहिरिएका	५८,५६१
अपाङ्गता भएका	७,६७१
५ वर्षामाथिको साक्षरता प्रतिशत	७२.६
आश्रित जनसङ्ख्या	१,२५,२२४

गुल्मी जिल्लामा यस वर्ष मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६२ जना महिला र राज्यपक्षबाट तीन जना पुरुष गरी ६५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । राज्यपक्षबाट तीन जना पुरुषलाई गिरफ्तार गरियो । बाल अधिकार उल्लाङ्घनका घटनामा ११ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ४६ जना पीडित भएको अभिलेख भयो । यसवर्ष गुल्मी जिल्लाका बलात्कारको आठ ओटा घटनामा नौ जना, यौन दुर्व्यवहारको तीन ओटा घटनामा तीनजना बालिका पीडित भए । सात वर्षीया दुई बालिका र एकजना महिलाको परिवारजनबाट हत्या भयो ।

कारागार र बन्दी

'ङ' श्रेणीको गुल्मी कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जना रहेको छ । कारागारमा एक जना आश्रित बालिकासहित पुरुष कैदी ४६ र बन्दी ३१, महिला कैदी तीन र बन्दी एक जना छन् । बालिकाले महेन्द्र नमुना माविको नर्सरीमा अध्ययन गर्छिन् । कारागारकै कर्मचारीहरूले बालिकालाई विद्यालय ल्याउने र लैजाने गरेका छन् । कारागारको क्षमताभन्दा तेब्बर बढी कैदीबन्दी भएपछि व्यवस्थापनमा निकै चुनौती थपिएको छ । खानेपानी, शौचालय, सुत्ने ठाउँको अभाव रहेको चौकीदार इश्वरीप्रसाद उपाध्यायले बताए । गुल्मी कारागारमा कर्मचारीको पनि अभाव छ । कारागारको दरबन्दी १० जनाको हो । अहिले दुई जना मात्रै स्थायी कर्मचारी कार्यरत छन् । कारागारमा लेखापाल र अहेब लगायतका पद रिक्त छन् । कैदीबन्दी सामान्य स्वास्थ्योपचारका लागि पनि अस्पताल पुग्नुपर्छ । दैनिक एक जना कार्यालयको कर्मचारी र सुरक्षाकर्मी उपचारकै लागि जिल्ला अस्पताल जानु पर्ने बाध्यता रहेको कारागार प्रमुख अर्जुनबहादुर थापाले जानकारी दिए । जिल्ला प्रशासन र अन्य गैरसरकारी सङ्घसंस्थाको पहलमा कारगारका कैदी बन्दीको मुटु तथा उच्च रक्तचाप, आँखा लगायत विभिन्न रोगको स्वास्थ्य शिविर सञ्चालन भएका छन् । कारागार उद्यमशिलताका दृष्टिले समेत अब्बल भएकाले कैदीबन्दीहरूलाई आवश्यक सामग्रीहरूको उपलब्धता र विक्री वितरणमा पनि कर्मचारी नभएका कारण मुस्किल परिरहेको कारागारका नायव सुब्बा रेश्मीराज पन्थीले जानकारी दिए । गुल्मी कारागारमा बाँसका मुढा, कुर्सी, ढकिया तथा पछ्यौरी र गलबन्दी लगायतका हस्तकलाका सामग्रीहरु

उत्पादन हुँदै आएका छन् । नियमानुसार हप्ताको सोमबार र बिहिबार कार्यालय समयमा कैदीबन्दीहरूलाई भेटघाट गर्ने व्यवास्था मिलाइएको छ।

जिल्ला कारागारमा कैदी जीवन बिताइरहेका छत्रकोट गाउँपालिका–२ पल्लीकोटका ३२ वर्षीया रूकबहादुर राकशकोटीले २०७५ फागुन ८ गते साँझ ब्लेडले घाँटी रेटेर आत्महत्याको प्रयास गरेको कारागार प्रशासनले जनायो । उनलाई फागुन ८ गते जिल्ला अदालतले कर्तव्य ज्यान मुद्दामा २० वर्ष कैद सजायको फैसला सुनाएको थियो । अदालतबाट कारागार गेटभित्र प्रवेश गरेलगत्तै सुनियोजित रूपमा ब्लेडले घाँटी रेटेको कारागारका तत्कालीन प्रमुख उद्धव पन्थीले बताए । बिहान दारी काटेर फालेको ब्लेड आफूसँगै राखेको र फैसला सुनेर फर्केपछि आत्महत्याको प्रयास गरेको पन्थीले बताए । रूकबहादुरको उपचार जिल्ला अस्पताल गुल्मीमा फागुन ८ गते भयो । उनको घाँटीमा १० ओटा टाँका लगाइएको गुल्मी अस्पतालका डाक्टर उत्तम पच्चाले बताए । राकशकोटी उपचारपछि अहिले सामान्य अवस्थामा कारागारमै रहेका छन्।

गिरफ्तार

यसवर्ष गुल्मी जिल्लाबाट प्रतिबन्धित नेकपाका तीनजना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएका एक जनालाई जिल्ला प्रशासन कार्यालयले ३६ दिन कैद र १ हजार रुपियाँ जरिबानाको फैसला सुनायो । त्यसैगरी जिल्ला प्रशासन कार्यालयले दुई जनालाई २४ दिन कैद र ५–५ हजार रुपियाँ धरौटीको आदेश गऱ्यो।

शान्ति सुरक्षामा खलल पुऱ्याएको भन्दै प्रतिबन्धित नेकपाका जिल्ला सेक्रेटरी मदाने गाउँपालिका–७ भनभनेका ३३ वर्षीय खिम खड्कालाई प्रहरीले पटक–पटक गिरफ्तार गऱ्यो । उनलाई पहिलो पटक २०७५ फागुन १९ गते गिरफ्तार गरिएकोमा चैत १४ गते रिहा भए। दोस्रोपटक चैत्र १५ गते गिरफ्तार गरिएकोमा २०७६ वैशाख १० गते रिहा भए। तेस्रो पटक वैशाख ११ गते गिरफ्तार भएकोमा जेठ ५ गते रिहा गरिएको एसपी दीपककुमार बस्नेतले बताए । प्रशासनले छोड्ने बित्तिकै आफूलाई प्रहरीले गिरफ्तार गर्ने गरेको खड्काले बताए। जिल्ला प्रशासन कार्यालय गुल्मीका प्रमुख जिल्ला अधिकारी कोशहरि निरौलाले मङ्सिर १९ गते ३६ दिन कैद र १ हजार रुपियाँ जरिबाना फैसला सुनाए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट	
		पुरुष	जम्मा	महिला	जम्मा
गिरफ्तार		३	३		
कुटपिट				१	१
हत्या				४	४
बालअधिकार	बलात्कार			८	८
	यौन दुर्व्यवहार			३	३
	जम्मा			११	११
महिला अधिकार	बलात्कार			१	१
	बहुविवाह			२	२
	घरेलु हिंसा			४३	४३
	जम्मा			४६	४६
कूल जम्मा		३	३	६२	६२

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

गुल्मी जिल्ला अदालतमा एकजना न्यायाधीशसहित ३४ जनाको दरबन्दी रहेको छ । जसमा तीन दरबन्दी रिक्त छन् । तामेलदार, लेखा अधिकृत र एक जना नायव सुब्बाको पद रिक्त छ। यस अदालतमा जम्मा २ सय ५२ देवानी मुद्दामा १ सय १६ फैसला भई १ सय ३६ थान बाँकी छन् । दुनियाँवादी फौजदारीको जम्मा ६९ मुद्दामा १५ थान फैसला भई ५४ मुद्दा अहिलेसम्म बाँकी रहेका छन् । जिल्ला अदालतमा दुई वर्षभन्दा पुराना कुनै पनि मुद्दा छैनन्। एक वर्षदेखि १८ महिनासम्मका भने देवानी ६ र फौजदारी एक मुद्दा बाँकी छन्। महत्वपूर्ण दरबन्दी पुरा छन्। कर्मचारीको कारण काममा कुनै असर नपरेको अदालतका श्रेष्तेदार कृष्णशरण लामिछानेले बताए । उनले महिला बालबालिकाको बलात्कारको मुद्दामा ल्याब परीक्षण गर्न विधि विज्ञान प्रयोगशालामा पठाउनुपर्ने र त्यो रिपोर्ट आउनै समय लाग्ने भएकाले मुद्दाको फैसला हुन समय लाग्ने गरेको बताए । अधिवक्ता बिनोद पाण्डेले जिल्ला अदालतमा छुट्टै बाल इजलास र न्यायधीशको व्यावस्था नहुनु, कानुनी प्रक्रिया लामा र झञ्झटिला हुनु, नागरिकमा कानुनी सचेतना नहुनु, म्याद तामेली प्रक्रिया अझै व्यावहारिक नहुँदा समस्या हुने गरेको बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिक र संस्थागत गरेर ४ सय ४१ आधारभुत र १ सय ४४ माध्यमिक विद्यालयहरू रहेका छन् । राज्यले बालबालिकालाई मावि तहसम्म शिक्षा नि:शुल्क पठनपाठन गर्न पाउने अधिकारको सुनिश्चितता गरेको छ। बालबालिकालाई बालमैत्री वातावरणमा अध्यापन गराउनु पर्छ भन्ने विभिन्न नियमावली, निर्देशिकाले निर्देशित गरे पनि बालमैत्री तथा आपाङ्गमैत्री वातावरणमा पठनपाठन गराउने अभ्यास नभएको न्यून दृष्टिविहीन पत्रकार कौरव खत्रीले बताए।

सत्यवति गाउँपालिका ३ ठुलोलुम्पेकको सिद्ध प्रावि २०७६ साउन ६ गतेको पहिरोले बगायो। पहिरोले चार कोठे भवन बगाएको तथा अर्को चार कोठे भवनको माथिल्लो तल्ला पुरेको थियो।

यस वर्ष गुल्मी जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कारका घटनामा आठ जना, यौन दुर्व्यवहारका घटनामा तीनजना बालिका पीडित भए । जिल्ला अदालतले बलात्कार घटनाका ६ जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो, दुईजनालाई बाल सुधार गृह भैरहवा पठायो । एक जनालाई आवश्यक पर्दा बोलाउने गरी परिवारको जिम्मा लगायो । यसैगरी अर्का एकजना यो वर्षको अन्त्यसम्म हिरासतमा रहे । यौन दुर्व्यवहार घटनाका दुईजना आरोपितलाई अदालतले पुर्पक्षका लागि कारागार पठायो भने एक जनालाई धरौटीमा रिहा भए ।

पहिरोबाट क्षतिग्रस्त सिद्ध प्राथामिक विद्यालय

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०१९ मा जिल्ला प्रहरी कार्यालय गुल्मीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १ सय ६ ओटा घरेलु हिंसाका उजुरी दर्ता भए । जसमध्ये कुटपिट गरिएको ३४, खान लगाउन नदिएको पाँच, गालीगलौजका ६७ उजुरी दर्ता भए । जसमा ८३ ओटा मिलापत्र, १६ ओटा अदालत र सात ओटा उजुरीपछि सम्पर्कमा आएनन्। यो बीचमा आठ जना पुरुषले पनि आफू पीडित भएको भन्दै प्रहरी कार्यालयमा उजुरी दर्ता गरे । सेवा केन्द्रमा दर्ता भएका उजुरीहरू अधिकांश पति पत्नीबीच बेमेलका रहे । पत्नीले प्रहरीमा उजुरी दर्ता गरे लगत्तै मदिराले छोडेपछि पतिले पत्नीसँग माफी माग्ने र प्रहरी कार्यालयमा आएर मिलापत्र गर्ने गरे । मिलापत्र भएका जोडीहरु मिलेरै बस्ने गरेका छन् । मिलापत्र भएकाहरू जिल्ला वा गाउँका प्रहरीचौकीमा पुनःआउनेसङ्ख्याअत्यन्तैकमरहेकोडिएसपीमीनघलले बताए। सात उजुरीमा छलफलबाट निष्कर्ष नआएपछि सम्बन्धबिच्छेद गर्ने गरी प्रहरीबाट निस्केर अदालतमा जाने भने पनि अदालत पुगेनन्।

सन् २०१९ मा गुल्मी जिल्लामा घरेलु हिंसाका ४३ ओटा घटना इन्सेकमा अभिलेख भयो। सात वर्षीया दुई बालिका र एकजना महिलाको परिवारजनबाट हत्या भयो। बलात्कार घटना एक, बहुविवाह घटना दुई घटना इन्सेकमा अभिलेख भयो । हत्यामा संलग्न दुईजना आरोपितमध्ये एकजनालाई जिल्ला अदालतले कैद फैसला गऱ्यो भने एकजनालाई भैरहवा स्थित बालसुधार गृह पठाउने आदेश गऱ्यो। बलात्कार घटनाका आरोपित एकजनालाई पुर्पक्षको लागि कारागार पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा गुल्मी अस्पताल, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र र ७६ ओटा स्वास्थ्यचौकी रहेका छन्। गुल्मी अस्पतालमा ५९ दरबन्दी मध्ये ४१ खाली छन्। त्यसमध्ये आठ जना विशेषज्ञ डाक्टरको दरबन्दी हो । अहिले एक जना मात्रै कार्यरत छन् । त्योसँगै अन्य महत्वपूर्ण पदहरू रिक्त भएकाले अस्पताल करार कर्मचारी भर्ना गरेर सञ्चालन गरिएको छ। ५० शैयाको गुल्मी अस्पतालको भौतिक पूर्वाधार पनि कमजोर रहेको छ । गुल्मी अस्पतालको आफ्नै एम्बुलेन्स छैन । रिडी प्राथमिक स्वास्थ्य केन्द्रमा १२

जना स्वास्थ्यकर्मीको स्वीकृत दरबन्दीमध्ये एक जना एचए पद रिक्त छ। धुर्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत बाहेक सबै दरबन्दीमा स्वास्थ्यकर्मी कार्यरत छन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	६	७
यौन दुर्व्यवहार		३	३
जम्मा	१	९	१०

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार				१	१
बहुविवाह		१		१	२
घरेलु हिंसा	२	३२	३	६	४३
जम्मा	२	३३	३	८	४६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

५.५ अर्घाखाँची



जम्मा जनसङ्ख्या	१,४३,६३१
महिला	१,११,०४७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५६,७३५
कामका लागि बाहिरिएका	३५,९२५
अपाङ्गता भएका	५,१६५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७२.६
आश्रित जनसङ्ख्या	५१,८२४

यस वर्ष अर्घाखाँची जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीमा घटनाका अन्य पक्षबाट ८८ जना महिला र चार जनापुरुषसहित ९२ जना र राज्यपक्षबाट एक महिला र चार पुरुष गरी ९७ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। अन्य पक्षबाट सात जनाको हत्या भएको घटना इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ७२जना महिला पीडित भएको अभिलेख भयो। दुई ओटा भौतिक संरचना क्षतिका घटना भएको इन्सेकमा अभिलेख भयो।

गिरफ्तार

यस वर्ष अर्घाखाँचीमा प्रतिबन्धित नेकपाका नौ जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये जिल्ला अदालतले चार जनालाई जरिबाना र औषधि उपचारमा लागेको खर्च असुल उपर गर्ने फैसला सुनायो । तीन जनालाई जिल्ला प्रशासन कार्यालयले जरिबानाको फैसला सुनायो भने एक जनालाई धरौटीमा रिहा गर्ने आदेश दियो।

धम्की/कुटपिट

छत्रदेव गाउँपालिका–७, मडेलचौरका ४५ वर्षीय भीमलाल पाण्डेलाई २०७५ माघ २३ गते कुटपिट गरेको आरोपमा प्रतिबन्धित नेकपाका जिल्ला जनपरिषद् प्रमुख पाणिनी गाउँपालिका–१ का ४२ वर्षीय पिताम्बर पोखेल, गुल्मी जिल्ला मदाने गाउँपालिका–७ का ३० वर्षीय खिम खड्का, जाजरकोट जिल्लाका ३९ वर्षीय पूर्ण सिंह, र कपिलवस्तु जिल्ला वाणगङ्गा नपा–७ का ४१ वर्षीय शिवलाल पुनलाई माघ २३ गते प्रहरीले अर्घाखाँचीबाट गिरफ्तार गऱ्यो । जिल्ला अदालतले ०७५ फागुन १७ गते जनही १५ हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दियो। जिल्ला अदालतले २०७६ असार २९ गते गरेको अन्तिम फैसलामा जनही ३० दिन कैद र १० हजार रुपियाँ जरिबाना र औषधि उपचारमा लागेको १ हजार ७९ रुपियाँ प्रतिवादीबाट असुल उपर गर्ने फैसला सुनायो।

कारागार र बन्दी

२५ जना क्षमताको 'ङ' श्रेणीको जिल्ला कारागारमा कैद तोकिएका ३७ र थुनुवा १७ गरी ५४

जना छन् । जसमा महिला तीन जना छन् । महिला र पुरुषका लागि छुट्टाछुट्टै राख्ने व्यावस्था गरिएको छ । कारागारमा आश्रित बालबालिका छैनन् । ६५ वर्ष नाघेका ज्येष्ठ नागरिक एक जना रहेका छन् ।

क्षमता भन्दा दोव्बर कैदी/बन्दी भएकाले कोचिएर बस्नु पर्ने बाध्यता छ । ५१ जना कैदीबन्दीका लागि एउटा मात्रै शौचालय भएका कारण कैदीबन्दीहरू लाइन बसी शौचालय जानुपर्ने बाध्यता भएको कैदी यमबहादुर सिरिषले बताए । कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षण भए पनि असोज महिनामा स्वास्थ्यकर्मी सम्राट आचार्यको सरुवा भएपछि कैदीबन्दीहरुको नियमित स्वास्थ्य परीक्षण हुन नसकेको कर्मचारी रमेश आचार्यले बताए । स्वास्थ्यकर्मी नभएको अवस्थामा जिल्ला अस्पताबाट सेवा लिने गरेको कारागार प्रमुख कृष्ण भट्टराईले बताए । भवन जीर्ण भएको हुँदा वर्षात्को समयमा पानी चुहिने समस्या छ । कारागार भित्र सञ्चार माध्यमका सामग्री हेर्न र पढ्न दिने गरिएको छ । कैदीबन्दीका आफन्तलाई हप्तामा दुई दिन भेटघाट गर्ने व्यवस्था मिलाइएको जेलर आचार्यले बताए ।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		१	४	५			
कुटपिट						३	३
हत्या					५	३	८
बाल अधिकार	बालबालिका बेचबिखन				१		१
	बालविवाह				३		३
	बलात्कार				८		८
	जम्मा				११		११
महिला अधिकार	बलात्कार				८		८
	बहुविवाह				१		१
	घरेलु हिंसा				६४		६४
	जम्मा				७३		७३
कूल जम्मा		१	४	५	८८	४	९३

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ४६ थान मुद्दा दर्ता भएकोमा १२ थान फैसाला भए । देवानी मुद्दातर्फ २ सय २ थान दर्ता भएकोमा ७१ थान फैसला भए । देवानी र फौजदारी मुद्दा गरी जम्मा ८५ थान मुद्दा फैसला भए । यो वर्ष १ सय ८५ मुद्दा फर्स्यौट हुन बाँकी रहे । दुई वर्ष नाघेका मुद्दा छैनन् ।

विधि विज्ञान प्रयोगशालाबाट परीक्षण प्रतिवेदन समयमा नआएका कारण फैसलामा ढिलाइ हुने गरेको जिल्ला अदालतका श्रेस्तेदार गम्भीर घिमिरेले जानकारी दिए । कार्यविधि, झञ्झटिलो, देवानी मुद्दामा मेलमिलाप गराउने कानुनी व्यवस्था, अदालतभित्रका कर्मचारीको सरुवालगायतका विषयले न्याय प्रक्रियामा ढिलाइ हुने गरेको बारका अध्यक्ष विजय खत्रीले बताए ।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष जिल्लामा २४ हजार ५ सय ७० बालिका र २५ हजार ५ सय ९१ बालक गरी ५० हजार १ सय ४१ जना बालबालिका विद्यालय भर्ना भए । शहीद तथा द्वन्द्व पीडित नौ जनाले र वैदेशिक रोजगार छात्रवृत्ति ३० जनाले पाए । अपाङ्गता र दलित छात्रावृत्तिको तथ्याङ्क शिक्षा विकास तथा समन्वय इकाइमा नभएको प्राविधिक सहायक नारायणप्रसाद पन्थीले बताए ।

यस वर्ष अर्घाखाँची जिल्लामा बाल अधिकार उल्लङ्घन घटनाबाट ११ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । जसमध्ये आठ जना बालिका बलात्कार, दुई जना बालिका बालविवाह, एक नवजात शिशु हत्या र एक जना बेचबिखन घटनामा पीडित भए । बलात्कार घटनाका आरोपितहरू एक जना बाबु र एक जना हजुरबुबालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । तीन

जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा र तीन जना आरोपितलाई जिल्ला अदालतले बाल सुधार गृहमा पठाएको इन्सेकले अभिलेख गर्‍यो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७१ जना महिलाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । घरायसी झै झगडा ५३, बाल विवाह दुई, बहुविवाह दुई, विवाह दर्ता नगरिदिएको दुई र अदालती प्रक्रियामा गएका दुई र खान/लाउन नदिएको १० उजुरी दर्ता गराएका ७१ उजुरीमध्ये प्रहरीले ६३ ओटा घटनामा मिलापत्र गरायो । घर निकाला गरिएका पीडित महिलाहरु घर गए । उनीहरुलाई महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले मेलमिलाप गरायो । घर निकाला गरिएका आरोपितले पत्नीसँग माफी मागेपछि मिलापत्र भएको हो । प्रहरीले पीडितको अुनमतिका आधारमा मात्रै मेलमिलाप गराएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी टिकिमाया काम्युले बताइन । मेलमिलाप गराएका अधिकांश घटनामा घरायसी झैझगडाका कारण विवाह दर्ता नगराइदिएको, बहुविवाह, बाल विवाह जस्ता घटनाहरू कानुनी प्रक्रियामा गएका छन् । घरेलु हिंसाका केही घटनाहरू कानुनी प्रक्रियाका लागि अदालत गएका छन् । प्रहरीले यो वर्ष अपराधका घटनामा मेलमिलाप गराएको पाइएन ।

सन् २०१९ मा अर्घाखाँची जिल्लामा घरेलु हिंसाका घटनामा ६४ जना, एक ओटा वैवाहिक बलात्कारसहित बलात्कारका घटनामा सात जना, परिवारजनबाट भएको हत्यामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला अदालतले थुनामा पठायो भने एक जनालाई धरौटीमा रिहा गर्‍यो । मानव बेचबिखन तथा ओसार पसारको घटनालाई आरोपितलाई जिल्ला अदालतले सफाइ दियो । वैवाहिक बलात्कार घटनाका एक आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको इन्सेकले अभिलेख गर्‍यो ।

परिवारजनबाट हत्या

सितगङ्गा नपा–८ सातमाराकी ४३ वर्षीया इन्द्रा कुमाललाई २०७६ असार ३० गते डोरीले घाँटी कसी हत्या गरेको आरोपमा दाङ जिल्ला राप्ती गाउँपालिका–२ लालमटियाकाका २९ वर्षीय ज्वाईं बसन्त कुमाललाई प्रहरीले असार ३१ गते घरबाटै गिरफ्तार गर्‍यो । माइती आएकी पत्नीलाई लिन आएको बेला मदिरा सेवन गरी झगडा हुँदा मदिराको झोकमा सासूको घाँटीमा डोरी कसेर हत्या गरेको प्रहरीले जनायो । पीडित पक्षले साउन १ गते इलाका प्रहरी कार्यालय ठाडामा उजुरी दियो । प्रमाण पुर्‍याउनको लागि केही ल्याव परीक्षण पनि गर्नुपरेकोले जिल्ला अस्पताल र प्रादेशिक अस्पतालमा समेत पोष्टमार्टम हुन नसकेपछि पोष्टमार्टमको लागि भदौ १ गते त्रिवि शिक्षण अस्पताल काठमाडौँ लगियो । शवको पोष्टमार्टम ०७६ भदौ २ गते काठमाडौँ स्थित त्रिवि शिक्षण अस्पतालमा भयो । जिल्ला अदालतले पुस १ गते आरोपितलाई जन्मकैद हुने गरी फैसला सुनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति

पाणिनी गाउँपालिका–५ मैदानको अमजामा रहेको नेपाल टेलिकमको टावरमा ०७६ साउन १५ गते राति अज्ञात पक्षले आगजनी गर्‍यो । आगजनीबाट नेपाल टेलिकमको टावरमा आंशिक क्षति भएको प्रहरीले जनायो । त्यसैगरी छत्रदेव गाउँपालिका–७ का वडा अध्यक्ष शोभाखर पाण्डेले प्रयोग गर्दै आएको लु.१व १६८८ नम्बरको मोटरसाइकल ०७६ भदौ १७ गते अज्ञात पक्षले आगजनी गर्‍यो । दुवै घटनाका आरोपितको पहिचान भएन ।

स्वास्थ्य सेवाको अवस्था

अर्घाखाँची जिल्लामा एक अस्पताल, दुई प्राथामिक स्वास्थ्य केन्द्र र ३९ ओटा स्वास्थ्य चौकी छन् । ६ जना डाक्टर, ६ जना स्टाफ नर्स र २ सय २२ जना अन्य स्वास्थ्यकर्मीको दरबन्दी रहेकामा सबै कार्यरत छन् । २१ ओटा बर्थिङ्ग सेन्टर छन् । राज्यले मातृ शिशु मृत्युदर घटाउन घरमा सुत्केरी नगराउने अर्थात जिरो होम डेलिभरी गराउने उद्देश्य लिई स्वास्थ्य संस्थामा २४ घण्टे प्रसूति सेवा सञ्चालन गरेपनि त्यसको सूचना प्रभाव र स्वास्थ्य सेवा गुणस्तरीयतामा आमा नगरिकले विश्वास गर्न नसक्ने हुँदा अन्य स्वास्थ्य संस्था जाने गरेको पाइन्छ । जिल्ला अस्पतालका ८०, प्राथामिक स्वास्थ्य केन्द्रमा, ५८ र स्वास्थ्य चौकीमा ४२ प्रकारका औषधिहरू नि:शुल्क पाउनुपर्ने व्यवस्था भए पनि स्वास्थ्य संस्थाहरूबाट

औषधि पाउन मुस्किल छ। स्वास्थ्य मन्त्रालयको परिपत्र अनुसार सबै स्वास्थ्य संस्था १० बजेदेखि ५ बजेसम्म खुल्ने नीति भए पनि अधिकांश स्वास्थ्य संस्थाहरु २ बजे नै बन्द हुने गरेका छन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बालविवाह	१	१	२
बलात्कार		८	८
जम्मा	१	१०	११

महिला अधिकार			
घटनाको प्रकार	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		६	६
बहुविवाह		१	१
घरेलु हिंसा	६२	२	६४
जम्मा	६२	१०	७२

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१	२	५

५.६ पाल्पा

जम्मा जनसङ्ख्या	२,५८,४२५
महिला	१,४६,०८७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५५,५१०
कामका लागि बाहिरिएका	३८,५०४
अपाङ्गता भएका	६,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.२
आश्रित जनसङ्ख्या	१,१०,५५७

पाल्पा जिल्लाका १२ ओटा विद्यालयमा शिक्षक दरबन्दीबिना नै माध्यमिक तहको कक्षा सञ्चालन हुँदै आएको छ । जहाँ आधारभूत तहका शिक्षकले माध्यमिक तहसम्म अध्यापन गराउँदै आएका छन् । तिनाउको बुद्धविकास मावि, तिनाउको थानीडाँडा मावि, मस्यामको जनदीप मावि, रैनादेवीछहरा गाउँपालिकाको गहते मावि, भुवनपोखरीमा रहेको जोगवाणी मावि, जुठापौवास्थित गुहारठाना मावि, तानसेनकै भुसलडाँडा मावि, निस्दी गाउँपालिकाको जनप्रिय मावि रिब्दीकोट गाउँपालिकाको भाष्कर मावि र रिब्दीकोटकै खस्यौली मावि, ज्यामिरको जनप्रिय मावि सहित १२ विद्यालयमा शून्य दरबन्दीमा माध्यमिक तहको पठनपाठन हुँदै आएको छ ।

जिल्लामा अपाङ्गता भएका ३ सय बालबालिकाहरू नियमित विद्यालय जानबाट वञ्चित छन् । संविधानको धारा ३५ मा स्वास्थ्यको हक र धारा ३९ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था छ । धारा ३१ मा भएको शिक्षाको हकअन्तर्गत अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्चशिक्षा पाउने हक सुनिश्चित गरिएको छ । त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेलालिपी तथा बहिरा र स्वर बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हकको सुनिश्चत गरिएको छ ।

पाल्पामा सरकारी स्तरबाटै दृष्टिविहीन बालबालिकाहरुका लागि दमकडा माध्यमिक विद्यालयमा अध्ययनको व्यवस्था गरिएको छ । त्यस्तै सुनाईसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूका लागि पप मावि र भवानी माध्यमिक विद्यालयमा अध्ययनको व्यवस्था गरिएको छ । तर, अति अपाङ्गता भएका बालबालिकाहरुका लागि भने छुट्टै पढ्ने व्यवस्था जिल्लामा छैन । जिल्लामा ३ सय ४५ ओटा विद्यालय अपाङ्गमैत्री भवन हुने गरी निर्माण भइरहेका छन् । जिल्लामा शिक्षाको अधिकार अन्तर्गत दाताको सहयोगमा सिविआर नामक संस्थाले दुई वर्षयता स्याहार केन्द्र सञ्चालन गर्दै आएको छ । अपाङ्गता भएका बालबालिकाहरूको सन्दर्भमा सरकारी गैरसरकारी संस्थाहरूले विभिन्न कार्यक्रम चलाए पनि खास अपाङ्गता भएका बालबालिकाको अवस्था भने उस्तै छ ।

यस वर्ष पाल्पा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६५ जना महिला र पाँच जना पुरुषसहित ७० जना र राज्य पक्षबाट तीन जना पुरुष गरी ७३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । अन्य पक्षबाट दुई जना महिला गरी तीन जनाको हत्या र दुई जनामाथि कुटपिट गरिएको

घटना इन्सेकमा अभिलेख भयो । दुई ओटा भौतिक संरचनामा भएका क्षतिलाई इन्सेकले अभिलेख गऱ्यो ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	१
जातीय विभेद					१	१
गिरफ्तार		३	३			
कुटपिट					३	३
हत्या				३	१	३
बाल अधिकार	बलात्कार			६		६
	यौन दुर्व्यवहार			३		३
	जम्मा			८		८
महिला अधिकार	बलात्कार			५		५
	घरेलु हिंसा			४८		४८
	यौन दुर्व्यवहार			३		३
	जम्मा			५५		५५
कूल जम्मा		३	३	६५	५	७०

गिरफ्तार

यस वर्ष पाल्पामा प्रतिबन्धित नेकपाका तीन जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तारीमा परेका तीनै जना जिल्ला अदालतमा धरौटी रकम बुझाएर तारिखमा रिहा भएको इन्सेकमा अभिलेख भयो ।

बगनासकाली गाउँपालिका–५ दर्लामडाँडाका प्रतिबन्धित नेकपाको भातृ सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला अध्यक्ष २६ वर्षीय मुक्ति गैरेलाई २०७६ वैशाख २६ गते बसन्तपुरबाट गिरफ्तार गऱ्यो । गैरेले राज्यविरोधी गतिविधि गरेको आरोपमा गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी विश्वमणी पोखरेलले बताए । उनीविरुद्ध प्रहरीले जिल्ला अदालतमा प्रतिबन्धित पार्टीमा आवद्ध भई राज्य विरोधी गतिविधि गरेको भन्दै जेठ १ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालत पाल्पाको जेठ २० गतेको आदेशअनुसार आरोपित १ लाख १९ हजार रुपियाँ धरौटी बुझाएर तारेखमा रिहा भए । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

धम्की/कुटपिट

तानसेन नगरपालिकाले २०७५ चैत १५ गते तानसेनको होलाङदीदेखि ढुङ्गाखानीसम्मको सडक केन्द्रदेखि दायाँबायाँ १०–१० मिटर चौडा पार्ने निर्णय गरेपछि पाल्पाका पत्रकारहरूले समाचार प्रकाशन प्रशारण गरेको विषयलाई लिएर चैत १५ गते नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका अध्यक्ष तानसेन नपा–९ का ४० वर्षीय राजेशकुमार अर्याल र जिल्ला सदस्य सोही ठाँउका २५ वर्षीय विजयकुमार पौडेलमाथि तानसेन नपा–५ का ४६ वर्षीय बाबुराम विष्ट, तानसेन नपा–४ का ३९ वर्षीय शैलेन्द्र भट्टराई र तानसेन–६ का ४४ वर्षीय लक्ष्मण रेग्मीलगायतको समूहले कुटपिट गऱ्यो । घटनाका सम्बन्धमा पत्रकार महासङ्घले चैत १५ गते विज्ञप्ति प्रकाशन गरी भर्त्सना गऱ्यो । आक्रमणमा संलग्न तीनै जनालाई प्रहरीले फागुन १५ गते तानसेनबाट गिरफ्तार गऱ्यो । प्रहरीले सङ्घका पदाधिकारीहरुलाई बिनाकारण गिरफ्तार गरेको विरोधमा पाल्पा उद्योग वाणिज्य सङ्घले फागुन १६ गते देखि १८ गतेसम्म तानसेन बजार बन्द गरायो । फागुन १८ गते दुवै पक्षबीच मुद्दालाई अगाडि नबढाउने सहमतिपछि बन्द खुलेको थियो । उनीहरू जिल्ला प्रशासन कार्यालयको आदेशमा फागुन २० गते जनही ५ हजार रुपियाँ धरौटीमा रिहा भए । यो वर्षको अन्त्यसम्म घटनाको फैसला भएन ।

कारागार र बन्दी

३ सय जनाको क्षमता भएको 'ग' श्रेणीको जिल्ला कारागारमा कैद तोकिएका १ सय ७७, कैद नतोकिएका ६४ पुरुष तथा कैद तोकिएका ४९ र कैद नतोकिएका आठ जना महिला छन् । कारागारमा दुई आश्रित बालक र एक बालिका छन् । कैदी तथा बन्दीलाई आवासको समस्या नभएको जेलर भक्तिसरा थापाले बताइन् । पुरुष तथा महिला दुवै बन्दीगृहमा आधारभूत तहको कक्षा सञ्चालनमा छ । कारागारमा सजाय भुक्तान गरेका ४७ जना पुरुष र ५६ जना महिला मात्र आधारभूत तहको कक्षामा सहभागी हुने गरेका छन् । कारागारमा हाल आयमूलक क्रियाकलाप सञ्चालनमा छैन् । आमासँगै आश्रित रहेका दुई

जना बालिकाले कारागार नजिकैको जुनकिरी विद्यालयमा अध्ययन गर्छन्। हप्तामा दुईपटक परिवार जनलाई भेट्न तथा सातामा चार दिन घरपरिवारलाई टेलिफोन गर्न पाउने व्यवस्था मिलाइएको कारागारकी जेलर भक्तिसरा थापाले बताइन्। सिनियर अहेबको दरबन्दी रहेको स्वास्थ्य फाँटमार्फत कैदी/बन्दी बिरामी भएमा तत्काल कारागारमा स्वास्थ्य परीक्षण गर्ने, आवश्यक भएमा जिल्ला अस्पताल पठाउने र थप उपचारको लागि अन्यत्र पठाउनुपर्ने भएमा जिल्ला अस्पतालको सिफारिसमा पठाउने गरिएको जेलर थापाले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ९१ मध्ये १ सय ३ थान फैसला भए भने देवानी मुद्दातर्फ ३ सय ७२ मध्ये २ सय ३९ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा बाँकी छैनन्। हरेक प्रकृतिका मुद्दाहरूलाई चाँडो फैसला गरी अदालतको न्यायिक कार्य अगाडि बढेको अदालतका श्रेस्तेदार कृष्ण मुरारी सिग्देलले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

पाल्पामा ४ सय ९४ ओटा विद्यालय सञ्चालनमा छन्। जसमा सामुदायिकतर्फ प्राथमिक २ सय ओटा, संस्थागत ५९ ओटा, आधारभूत तहमा सामुदायिक ८८ ओटा, संस्थागत १२ ओटा, माध्यमिक तहमा सामुदायिक १ सय १५ ओटा, संस्थागत २० ओटा विद्यालय छन्। सबै विद्यालयहरूमा सेनेटरी प्याडको व्यवस्था छ। तानसेन, माथागढी बगनासकाली, रम्भा र रामपुरका बोटे र कुमाल समुदायका ५० प्रतिशत बढी बालबालिकाहरु नियमित विद्यालय जाँदैनन्। यो समुदायमा अहिलेसम्म पनि पढ्नु पर्छ भन्ने चेतनाको पूर्ण विकास हुन नसक्दा बालबालिकाहरुमा अध्ययनप्रति कम रुची देखिन्छ। बालबालिकालाई सरकारले दिवा खाजा बापत दैनिक १५ रुपियाँ उपलब्ध गराउँदै आए पनि त्यसको प्रभाव एकदम कम मात्रै देखिएको बगनासकाली-७ खानीगाउँका गजवीर बोटेले बताए। यसरी पैसा नै दिनुभन्दा विद्यालयमा खाजा खुवाउने व्यवस्था मिलाउने हो भने बढी प्रभावकारी हुने उनले बताए। सरकारले निःशुल्क शिक्षा भनेको भए पनि सामुदायिक विद्यालयहरुले पनि अङ्ग्रेजी माध्यमको शिक्षा, खेलकुद शुल्क, यातायात शुल्क, स्टेशनरी शुल्क लगायतका विभिन्न बाहनामा मासिक ५ सय रुपियाँसम्म शुल्क उठाउँदै आएका छन्।

यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमा ६ जना बालिका बलात्कार, दुई जना बालिका यौन दुर्व्यवहारबाट पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कार घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। जिल्ला अदालतले यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई कैद सजायको फैसला सुनायो भने एक जना आरोपितलाई अभिभावकको जिम्मा लगाएको इन्सेकमा अभिलेख भयो।

बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई २०७५ फागुन ३० गते यौन दुर्व्यवहार गरेको आरोपमा भारत सिद्धार्थनगर स्थायी घर भई तानसेन नगरपालिका-९ दमकडामा बस्दै आएका ४६ वर्षीय गयाप्रसाद यादवलाई चैत १ गते प्रहरीले गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध पीडितपक्षले चैत १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि गिरफ्तार गरेको प्रहरीले जनायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १ गते भयो। आरोपित विरूद्ध प्रहरीले चैत १ गते जिल्ला अदालतमा यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गरी कानुनी कारबाही अघि बढाएकोमा जिल्ला अदालतको चैत २६ को आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अदालतको ०७६ भदौ ३१ को आदेशले कसुर ठहर गर्दै तीन वर्ष कैद सजायको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यो अवधिमा घरेलु हिंसाका ६३ उजुरी दर्ता भए। घरमा खानलाउन नभएको भन्दै आएका र पतिले शङ्काउपशङ्का गरी घरमा बस्ने वातावरण नै नदिएका ५० उजुरीहरूमा दुवै पक्षबीच मिलापत्र भई घर परिवारसँगै बस्न थालेका छन्। बाँकी न्यायिक प्रक्रियामा गएका छन्। यो अवधिमा नौ जना महिला बलात्कारबाट पीडित भए।

बन्द इजलाशको अभावमा उप्रप्रमुखकै कार्यकक्षमा छलफल गराइँदा अन्य

सेवाग्राहीहरु पनि आउने जाने भएकोले पर्याप्त छलफल हुन नपाएको गुनासो छ। बगनासकाली गाउँपालिकाका उपाध्यक्ष एवम् न्यायिक समितिकी संयोजक सरस्वती चिदी दर्लामीले बन्द इजलासको अभावमा पर्याप्त छलफलका लागि समस्या भएको बताइन् । २०७६ असोज महिनाबाट रिब्दीकोट गाउँपालिकामा बन्द इजलासको प्रयोग गर्न थालिए पनि अन्य स्थानीय तहमा व्यवस्था छैन।

सन् २०१९ मा पाल्पा जिल्लामा महिला अधिकार उल्लङ्घनका घटनामा ५५ जना पीडित भए । बलात्कारका पाँच, यौन दुर्व्यवहारका दुई घटना, घरेलु हिंसाका ४८ घटना भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार प्रयास घटनाका एक आरोपितलाई जिल्ला अदालतले सफाइ दियो। त्यसैगरी, बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा र दुई जनालाई धरौटीमा रिहा गर्ने आदेश दियो । यौन दुर्व्यवहार घटनाका एक आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा गर्ने आदेश दिएकोमा धरौटी बुझाउन नसकेपछि थुनामा पठायो भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको इन्सेकमा अभिलेख भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना क्षति

हार्थोक खस्यौलीमा रहेको रिब्दीकोट गाउँपालिकाको भवनमा २०७६ वैशाख ५ गते बिहान अज्ञात पक्षले बम विष्फोट गरायो । विष्फोटबाट कार्यालयको पहिलो तलामा रहेको कम्प्युटर, प्रिन्टरमा क्षति पुगेको गाउँपालिका अध्यक्ष नारायणबहादुर जीसीले बताए। उनले बम विष्फोटबाट ५ लाख रूपियाँबराबरको क्षति पुगेको बताए। त्यसैगरी रामपुर नगरपालिका–१ गाडाकोट चिहानडाँडामा रहेको एनसेलको टावरमा अज्ञात पक्षले ०७६ साउन १५ गते राति मट्टितेल खन्याएर आगजनी गरेको प्रहरीले जनायो । आगजनीबाट बीटीएस टावरमा क्षति पुगेको इलाका प्रहरी कार्यालय रामपुरका इन्स्पेक्टर भुपालसिंह खाम्चाले बताए । यो वर्षको अन्त्यसम्म आरोपितको पहिचान भएन।

स्वास्थ्य सेवाको अवस्था

पाल्पा जिल्लामा एक जिल्लास्तरीय आयुर्वेद स्वास्थ्य केन्द्र, पाल्पा जिल्ला अस्पताल र रामपुर अस्पताल रहेका छन् । जिल्लामा स्वास्थ्य चौकीको सङ्ख्या ६२ ओटा छन् । जिल्ला स्वास्थ्य कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार जिल्ला अस्पताल पाल्पामा तीन जना डाक्टर दरबन्दी रहेकोमा दुई जना कार्यरत छन्। त्यस्तै मेडिकल सुपरीटेण्डेन्ट पदको दरबन्दी रहे पनि उक्त पद १२ वर्ष अघिदेखि मेडिकल अधिकृतले चलाउँदै आएका छन्। हेल्थ असिस्टेण्ट एक जनाको दरबन्दी रहेकोमा रिक्त छ । त्यस्तै अहेव ३ जनाको दरबन्दी रहेकोमा तीन जना नै कार्यरत छन् । पाल्पा जिल्लाको पूर्वखोला गाउँपालिकाले ६ ओटै वडामा बर्थिङ सेन्टर सञ्चालनमा ल्याएको छ । २०७६ कात्तिक र मङ्सिर महिनामा पूर्वखोला, बगनासकाली र रम्भा गाउँपालिकापूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा भएका छन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		५	६
यौन दुर्व्यवहार	१	१		२
जम्मा	२	१	५	८

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार				५	५
घरेलु हिंसा		१	३८	१०	४८
यौन दुर्व्यवहार	१			१	२
जम्मा	१	१	३८	१६	५५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

५.७ नवलपरासी पश्चिम

जम्मा जनसङ्ख्या	३,२१,७५३
महिला	१,६५,८२६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७६
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय २७ जना महिला, आठ जना पुरुषसहित १ सय ३५ जना र राज्यपक्षबाट चार महिला र १४ पुरुष गरी १ सय ५३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा ३५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ८५ जना पीडित भएको अभिलेख भयो।

गिरफ्तार

यस वर्ष जिल्लामा प्रतिबन्धित नेकपा तथा भातृ सङ्गठनका १६ जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये जिल्ला अदालतको आदेशले चार जना धरौटीमा रिहा भए । दुई जना धरौटी बुझ्काउन नसक्दा थुनामा गए । सर्वोच्च अदालतको आदेशमा एक जनाको रिहा भयो। जिल्ला प्रशासन कार्यालयको आदेशले दुई जना धरौटी राखी तारेखमा रिहा भए। जिल्ला अदालतको आदेशले एक जनाको रिहा भएकोमा जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले अदालत परिसरबाट पुनः गिरफ्तार गरेर ४० हजार रुपियाँ धरौटीमा रिहा भए।

धम्की/कुटपिट

यस वर्ष जिल्लामा धम्की र कुटपिट घटनामा चार जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । दुई जना आरोपित प्रहरीलाई औषधि उपचार र क्षतिपूर्ति उपलब्ध गराउने शर्तमा मिलापत्र भएको र तीन जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार नभएको अभिलेख इन्सेकमा छ।

कारागार र बन्दी

१ सय ५० जना पुरुष र २५ जना महिलाको क्षमता रहेको श्रेणीविहीन कारागारमा १ सय ७५ पुरुष, ३३ महिला कैदी र १ सय ४९ पुरुष, २३ महिला बन्दी रहेका छन् । तीन जना आश्रित बालक रहेका छन् । जसमा ज्येष्ठ नागरिक कैदी सात जना, बन्दी चार जना रहेका छन् । कैदी एक, थुनुवा एक जना महिला र १३ पुरुष थुनुवा गरी विदेशी नागरिक रहेका छन् । कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी हुँदा सेवामा कठिनाइ रहेको छ। ६ महिनादेखि डेढ वर्षका बालकहरू रहेका छन् । कारागारमा पुग्दो मात्रामा शौचालयको व्यवस्था छ।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१		१
गिरफ्तार		३	१३	१६			
यातना			१	१			
कुटपिट		१		१		३	३
धम्की						१	१
हत्या					५	३	८
अमानवीय व्यवहार						१	१
अपहरण					१	१	३
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				८		८
	बालविवाह				१		१
	बलात्कार				३१		३१
	यौन दुर्व्यवहार				६		६
	जम्मा				३५		३५
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				३		३
	बलात्कार				१३		१३
	बलात्कारको प्रयास				१		१
	बहुविवाह				८		८
	बेचबिखन तथा ओसारपसार				३		३
	घरेलु हिंसा				५६		५६
	यौन दुर्व्यवहार				३		३
	जम्मा				८५		८५
कूल जम्मा		४	१४	१८	१३८	८	१३५

खानेपानी प्रशस्त रहेको र हाते पाइपमार्फत सम्बन्धित ठाउँमा पुगेको छ । परासी एरिया आर्सेनिक भएको भन्ने मानसिकताले गर्दा त्यति सन्तोषजनक नरहेकोतर आर्सेनिक परीक्षण गरेर मात्रै पीउने व्यवस्था गरिएको जेलर जगतबहादुर बस्नेतले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षण दैनिक रुपमा गरिने गरेको र गम्भीर अवस्थाका बिरामीलाई अस्पताल लैजाने व्यवस्था रहेको स्वास्थ्यमा कार्यरत अधिकृत लक्ष्मण कँडेलले बताए । उनले औषधिको समेत व्यवस्था गरिएको बताए । यसअघि पनि कारागारमा कार्यरत स्वास्थ्यकर्मी दिपक अधिकारीले समय समयमा आएर स्वास्थ्य परीक्षण गर्ने गरेको कारागारका चौकीदार देवानन्द फौजदारले बताए । हप्ताको दुई दिन सोमबार र बिहिबार भेट्ने व्यवस्था रहेको र टाढाबाट आउनेलाई आवश्यकता अनुसार भेट्ने व्यवस्था मिलाइएको समेत जेलर बस्नेतले बताए। ज्येष्ठ नागरिकले औषधि उपचारमा सहुलियत दिएको रआवश्यकता अनुसार अस्पताल लगिने गरेको जेलरले बताए । कारागारमा ज्येष्ठ नागरिक पुरुष चार जना कैदी र चार जना बन्दी रहेका छन् ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रहेकोमा तीन जना मात्रै कार्यरत रहेका छन् । कारागारमा गत वर्ष फौजदारीतर्फ जिम्मेवारी सरेका ७१ र यो वर्ष दर्ता भएका १ सय २२ गरी १ सय ९३ रहेकोमा ७३ थान फैसला भई १ सय २० थान बाँकी रहे। देवानीतर्फ ५ सय २२ जिम्मेवारी सरेका र यो वर्ष दर्ता भएका ५ सय १९ गरी १ हजार ४१ रहेकामा ३ सय थान फैसला भई ७ सय ४१ थान बाँकी रहे। दुई वर्ष नाघेका मुद्दा नरहेको र १८ महिनाका १७ थान मुद्दा रहेको अदालतले जनायो।

न्यायालयका अमिन अध्ययन विदामा रहेकाले एक वर्षसम्म जग्गा खिचोलाका मुद्दाहरू थाति राख्नुपर्ने अवस्था रहेको अदालतका शाखा अधिकृत तिर्थराज शर्माले बताए। यसै क्रममा जिल्ला न्यायाधिवक्ता भिमप्रसाद भुर्तेलले फैसलाको क्रम र मुद्दाको चाप घट्ने क्रममा रहेको अवस्थामा एकाएक

जिल्ला न्यायाधीशलाई उच्च अदालतमा तानेको कारण सोचे अनुसारको न्याय सम्पादन हुन नसकेको बताए । जिल्ला बारका अध्यक्ष चुराबहादुर थापाले विचौलियाहरूको कारण काममा समस्या हुने गरेको बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा प्रारम्भिक बालविकास २ सय २६, आधारभूत १ सय ४८, माध्यमिक ५५, संस्थागत तर्फ आधारभुत ७०, माध्यमिक तह ५९ गरी ३ सय ३२, धार्मिकतर्फ २८ विद्यालय रहेका छन्। दलित छात्रा १६ हजार ८ सय ७४, छात्र १७ हजार ५ सय ५८ रहेका छन्। सबै दलित छात्रछात्राले नेपाल सरकारले तोके अनुसारको छात्रवृत्ति प्राप्त गरेका छन्। सहिद परिवारका तीन जना र द्वन्द्व पीडितबाट ३० जनाले छात्रवृत्ति पाएका छन्। त्यस्तै वैदेशिक रोजगारीमा ज्यान गुमाएका बाबु आमाका ६२ जना सन्ततीले छात्रवृत्ति पाएका छन् । पाठ्यपुस्तकहरू समयमा नै उपलब्ध हुने गरेको छ । उच्च शिक्षासम्म निःशुल्क शिक्षा भनिएतापनि निमावि तहभन्दा माथि शुल्क लिने गरिएको र निजी स्रोतका शिक्षकहरूलाई तलब खुवाउनको लागि पनि शुल्क उठाउने गरेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख दोलराज पाण्डेले बताएका छन्।

यस वर्ष जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ३५ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । हत्यामा एक जना, हत्याको प्रयासमा एक जना, बलात्कार घटनामा २१ जना, यौन दुर्व्यवहार घटनामा ६ जना, बेचबिखनमा सात जना, कुटपिटमा दुई जना पीडित भए। हत्याका दुई जना आरोपितलाई जिल्ला अदालतको आदेशले धरौटी रकममा रिहा भएकोमा ६ महिनाको कैद सजाय फैसला गरेको इन्सेकमा अभिलेख छ।

बलात्कार घटनामा जिल्ला अदालतको आदेशले तीन जनालाई जरिबानासहित कैद सजाय, एक जना क्षतिपूर्तिसहित कैद सजाय, एक जना आरोपितको धरौटीमा रिहा, दुई जना आरोपितलाई भैरहवास्थित बाल सुधार गृह पठायो, एक जना आरोपित बालकलाई अभिभावकको जिम्मामा पठाएको, ११ जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको इन्सेकमा अभिलेख भयो । तीन जना आरोपितले सफाइ पाए । यौन दुर्व्यवहार घटनामा जिल्ला अदालतको आदेशले दुई जना आरोपित जरिबानासहित कैद सजाय र एक जना आरोपितको पुर्पक्षका लागि थुनामा रहे।

यौन दुर्व्यवहार घटनामा जिल्ला अदालतको आदेशले एक जना आरोपित चार महिना कैद सजाय भुक्तान गरी रिहा भए । एक जना आरोपित गिरफ्तार हुन नसकेको र जिल्ला प्रशासन कार्यालयको आदेशले तीन जना आरोपित धरौटीमा रिहा भए । बेचबिखन घटनामा जिल्ला अदालतको आदेशले एक जना आरोपितलाई कैद सजाय, एक जना आरोपितलाई क्षतिपूर्तिसहित कैद सजाय र दुई जना आरोपित पुर्पक्षका लागि थुनामा रहे । एक जना आरोपितले सफाइ पाए । एक जना आरोपित फरार रहे।

बाल विवाह घटनामा जिल्ला अदालतको आदेशले दुई जना आरोपित साधारण तारेखमा रिहा र दुई जना आरोपित धरौटीमा रिहा भएको इन्सेकमा अभिलेख छ। कुटपिट घटनामा दुई जना आरोपितलाई औषधि उपचार गर्ने शर्तमा मिलापत्र भएको इन्सेकमा अभिलेख छ।

हत्या

सुनवल नपा–१० की तीन वर्षीया सबिना अधिकारी र चार वर्षीया समु बस्नेतलाई २०७५ चैत २१ गते सोही ठाउँका ३९ वर्षीय हुमनाथ भुसाल र ६३ वर्षीय कर्णबहादुर थापाले चैत २१ गते हत्या गरेको भन्दै पीडित पक्षले चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपितहरूलाई प्रहरीले चैत्र २१ गते नै घरबाट गिरफ्तार गऱ्यो। शवको पोस्टमार्टम ०७५ चैत २१ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो । आरोपितहरू ०७६ वैशाख १३ गते जिल्ला अदालतको आदेशमा जनही ७५ हजार रुपियाँ धरौटीमा रिहा भएकोमा ०७६ साउन १९ गते ६/६ महिना कैद फैसला भयो।

बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई सुस्ता गाउँपालिका–१ निवासी ६० वर्षीय केवलप्रसाद हरिजनले २०७५ फागुन ४ गते बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन ५ गते इलाका प्रहरी कार्यालय बेलाटारीमा उजुरी दियो । फागनु ५ गते प्रहरीले आरोपितलाई घरबाट गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण ५ गते

नै पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो । फागुन २७ गते जिल्ला अदालत पेश गरेकोमा फागुन २८ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि कारागारमा पठायो । २०७६ कात्तिक १८ गते १० वर्ष कैद र ७० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो ।

बेचबिखन तथा ओसारपसार

१४ वर्षीया बालिकालाई २०७५ पुस २८ गते सरावल गाउँपालिका–५ दुवौलियाका २१ वर्षीय इन्दल गौड र उनकी २३ वर्षीया पत्नी आरती गौडले वैदेशिक रोजगारीका लागि भन्दै भारततर्फ लैजाँदै गर्दा पाल्हीनन्दन गाउँपालिका–१ महेशपुरबाट प्रहरीले गिरफ्तार गरी पीडितलाई उद्धार गऱ्यो । पीडितलाई पुस २९ गते आफन्तको जिम्मा लगायो । आरोपितद्वय उपर पुस २९ गते मानव बेचबिखन तथा ओसारपसार मुद्दा दर्ता भयो । माघ २६ गते जिल्ला अदालत पेश गरेकोमा माघ २७ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा पठायो । २०७६ वैशाख ९ गतेको फैसलाबाट दुवै जनालाई ३ वर्ष ६ महिना कैद सजाय भयो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा हराएका महिला ५२ जना, बालक आठ जना, बालिका १९ जना मध्ये फेला परेको महिला ४९ जना, आठ जना बालक,१७ जना बालिका, उद्धार गरिएका महिला नौ जना, बालिका पाँच जना, घरेलु हिंसा पीडितले उजुरी दिएको २ सय १ ओटामध्ये १ सय ६८ ओटा मिलापत्र भएको, अदालत पठाइएको १२ ओटा रहेका छन् भने अन्य २१ ओटा छलफल हुन बाँकी रहेका छन् । छिमेकी झैझगडामा १ सय ३९ ओटामध्ये मिलापत्र भएको, १ सय ९ ओटा अदालत पठाइएको, १० ओटा काम बाँकी रहेको १९ रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रमुख असई भिमकुमारी रानाले बताइन । घर निकाला गरेका ६ ओटा, जन्म दर्ता नबनाएको सात ओटा र विवाह दर्ता नगराएका आठ ओटा उजुरी परेकोमा सबै मुद्दामा सम्बन्धित व्यक्तिलाई झिकाई छलफलपछि समझदारी गराएकोमा सबैको नागरिकता र जन्मदर्ता बनेको कारण पुनः त्यस्ता उजुरीहरू दोहोरिएर नआएको बताइन । साथै स्थानीय जनप्रतिनिधिहरूको रोहवरमा छलफल गराइएकोले सबैको कार्यान्वयन भएको कारणले नै फेरि उजुरी नआएको समेत रानाले बताइन् ।

यस वर्ष जिल्लामा घरेलु हिंसाका घटनामा ५६ जना, बलात्कार घटनामा १२ जना, बलात्कार प्रयासका घटनामा एक जना, बहुविवाह आठ जना, बेचबिखन तीन जना, यौन दुर्व्यवहार दुई जना र परिवारजनबाट हत्याका घटनामा तीन जना पीडित भएका इन्सेकमा अभिलेख छ । बलात्कार घटनामा जिल्ला अदालतको आदेशले १३ जना आरोपितलाई पुर्पक्षका लागि थुनामा छन् । चार जना आरोपित धरौटीमा रिहा भए । एक जना आरोपित धरौटी राखी तारेखमा रिहा भए । एक जना आरोपित नाबालक भएकाले अभिभावकको जिम्मामा रहे । एक जना आरोपित गिरफ्तार भएनन् । बलात्कार प्रयास घटनामा जिल्ला अदालतले एक जना आरोपितलाई कैद सजाय र एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो ।

बेचबिखन घटनामा जिल्ला अदालतको आदेशले एक जना आरोपितलाई कैद सजाय सुनायो । तीन जना आरोपित पुर्पक्षका लागि थुनामा छन् ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया युवतीलाई २०७५ फागुन १० गते प्रतापपुर गाउँपालिका–५ बसहिया का २१ वर्षीय अभिमन्यू अहिरले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन २३ गते इलाका प्रहरी कार्यालय बेलाटारीमा उजुरी दियो । आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गऱ्यो । चैत १८ गतेको जिल्ला अदालतको आदेशमा आरोपित अहिर पुर्पक्षको लागि थुनामा रहे । पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन २३ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो । २०७६ भदौ १९ गतेको फैसलाबाट ७ वर्ष ३ महिना कैद र ३५ हजार जरिबाना भयो ।

२२ वर्षीया युवतीलाई २०७५ माघ ४ गते रामग्राम नपा– १० नौडियाका २३ वर्षीय अखिलेश हरिजनले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपितलाई प्रहरीले माघ १३ गते घरबाट गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते पृथ्वीचन्द्र जिल्ला अस्पतालमा भयो । जिल्ला अदालतको फागुन ८ गते जिल्ला अदालत पेश गरेकोमा ८ गतेकै आदेश अनुसार आरोपित १ लाख

रूपिँया धरौटीमा रिहा भए। जिल्ला अदालतले २०७६ कात्तिक १८ गते १० वर्ष कैद र ७ हजार रुपियाँ क्षतिपुर्तिको फैसला गऱ्यो।

बेचबिखन तथा ओसारपसार

१९ वर्षीया युवती सहित चार जना बालिकालाई कावासोती नगरपालिका–१५ निवासी ३९ वर्षीया उमा भन्ने माया विक र भारत उत्तर प्रदेश निचलोता निवासी ५० वर्षीय मिश्रिलाल पासवान र ३१ वर्षीय छोरा जगदीश पासवानले भाराततर्फ विक्रीका लागि लैजाँदै गर्दा २०७५ माघ ७ गते प्रहरीले उद्धार गरी पीडितलाई परिवारको जिम्मा लगायो । आरोपितविरुद्ध पीडित पक्षले माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा उमा र मिश्रिलाललाई प्रहरीले माघ १० गते नै गिरफ्तार गऱ्यो । अनुसन्धानपछि फागुन ८ गते जिल्ला अदालत पेश गरेकोमा आदेशअनुसार सोही दिन दुवै जना पुर्पक्षका लागि थुनामा गए। २०७६ कात्तिक १८ गते जिल्ला अदालतको फैसलाले उमा भन्ने माया बिकलाई १ वर्ष ६ महिना कैद र पीडितलाई जनही ५/५ हजार दिलाउने र मिश्रीलाललाई सफाइ दियो। जगदिश पासवान यो वर्षको अन्त्यसम्म फरार रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति

सरावल गाउँपालिका–१ बासा बसईमा प्रतिबन्धित नेकपाका कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा २०७५ फागुन ३० गते रोकिराखेको ठाउँमा ना.५.ख–७७४१ र ना.५.ख ६८२५ नम्बरको गाडीमा आगजनी गरे । घटनाको आरोपमा बर्दघाट नपा– ४ का ४५ वर्षीय गणेशबहादुर ढकाललाई गिरफ्तार गरेकोमा विज्ञप्ति प्रकाशन गर्दै पार्टी परित्याग गरेको घोषणा गरी २०७६ वैशाख ११ गते रिहा भए । यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा अस्पताल दुई ओटा, प्राथमिक स्वास्थ्य केन्द्र दुई ओटा, ४० ओटा हेल्थपोष्ट, १२ ओटा बर्थिङ सेन्टर, ६ जना, स्टाफ नर्स ६ ओटा ल्याब टेक्निसियन चार जना, कार्यालय सहायक ६ जना रहेकोमा जसमा १५ जना अपुग रहेका छन्। त्यसमा पनि समायोजनबाट आउने क्रम रहेकोले परिपूर्ति हुने जिल्ला स्वास्थ्य कार्यालयका डाक्टर त्रैलोक्य सिंहले बताए । यस जिल्लामा स्वास्थ्य बिमा लागु नभएको र सरकारले तोकेका औषधिहरू निःशुल्क वितरण भइरहेको ज्येष्ठ नागरिक, अल्पसङ्ख्यकहरूको पनि आवश्यकता अनुसार सेवा लिन आउने सबैलाई राज्यले तोकेको सेवा सुविधा दिने गरेको समेत उनले बताए। मानवीय स्रोत साधन केही कमी भएपनि स्थानीय तहबाट करारमा परिपूर्ति भइरहेको समेत सिंहले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	३	४
बालविवाह			१	१
बलात्कार		५	१६	२१
यौन दुर्व्यवहार	१	२	३	६
जम्मा	१	८	२३	३२

महिला अधिकार						
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास					१	१
बलात्कार	१		१		१०	१२
बलात्कार प्रयास					१	१
बहुविवाह	१	१			६	८
बेचबिखन तथा ओसारपसार					३	३
घरेलु हिंसा			५५	१		५६
यौन दुर्व्यवहार		१			१	२
जम्मा	२	२	५६	१	२२	८३

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	४	६

५.८ रूपन्देही

जम्मा जनसङ्ख्या	५,६०,४११
महिला	४,५५,८३६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,५१,१७१
कामका लागि बाहिरिएका	६२,५०४
अपाङ्गता भएका	५,८५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.८
आश्रित जनसङ्ख्या	३,८४,६४३

सन् २०१९ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ३ सय ६५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । अभिलेखित घटना अनुसार यस वर्ष राज्यपक्षबाट एक जनाको हत्या भयो । बाल अधिकार उल्लङ्घनका घटनामा ५९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ९० जना पीडित भएको अभिलेख भयो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानितरूपले बाँच्ने अधिकार

हत्या

राज्यपक्षबाट

सिद्धार्थ नगरपालिका–६ का ४० वर्षीय केदार साहनीको २०७५ पुस २८ गते प्रहरीको गोली प्रहारबाट मृत्यु भयो । विभिन्न फौजदारी मुद्दामा प्रहरीको 'मोष्ट वाण्टेड' को सूचीमा रहेका साहनी प्रहरी कारबाहीमा मारिएको जिल्ला प्रहरी कार्यालयका एसपी हृदय थापाले बताए । प्रहरीले पुस २८ गते राति नेपाल भारत सीमामा चेकजाँच गर्ने क्रममा सिद्धार्थनगर नपा–१० शङ्करपुर पतैयाचौरमा युपी ५३ एच २०२८ नम्बरको भारतीय मोटरसाइकलमा आएका दुई जना व्यक्तिले प्रहरीमाथि फायरिङ गरेपछि प्रहरीको जबाफी कारबाहीमा साहनीको मृत्यु भएको र एक जना फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो । 'फायरिङ्ग' बाट गुल्मी जिल्ला सत्यवती गाउँपालिका–१ घर भई जिल्ला प्रहरी कार्यालय, रुपन्देहीमा कार्यरत प्रहरी जवान २८ वर्षीय कृष्ण श्रेष्ठको बाँया हातमा चोट लागेको प्रहरीले जनायो । शवको पोष्टमार्टम पुस २९ गते भीम अस्पताल, भैरहवामा गरी परिवारको जिम्मा लगाएको प्रहरीले जनायो ।

गिरफ्तार

यस वर्ष रुपन्देही जिल्लामा प्रतिबन्धित नेकपाका तीन जना नेता तथा कार्यकर्तालाई प्रहरीले

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					१		१
अपहरण					३		३
गिरफ्तार		१	३	३			
कुटपिट					१	३	४
हत्या			१	१	३	३	५
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				९		९
	बलात्कार				३५		३५
	यौन दुर्व्यवहार				१५		१५
	जम्मा				५९		५९
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				१		१
	कथित बोक्सीको आरोप				१		१
	बलात्कार				१९		१९
	बलात्कार प्रयास				५		५
	बहुविवाह				४		४
	बेचबिखन तथा ओसारपसार				३		३
	घरेलु हिंसा				३५७		३५७
	यौन दुर्व्यवहार				१		१
	जम्मा				३९०		३९०
कूल जम्मा		१	३	४	३५५	६	३६१

गिरफ्तार गऱ्यो । गिरफ्तारमध्ये एकजना जिल्ला अदालतको आदेशमा रिहा भए, अर्का एकजना जिल्ला अदातलको आदेश अनुसार साधारण तारेखमा रिहा भए भने अर्का एक जना यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहे।

कारागार र बन्दी

१ सय ५० जनाको क्षमता भएको 'ख' श्रेणीको कारागारमा १ सय ४६ कैदी र २ सय ८५ जना बन्दी गरी ४ सय ३० जना रहेका छन् । कारागारमा महिला तथा ज्येष्ठ नागरिक छैनन् । कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी भएकाले सुत्न, बस्न कठिन र पालो कुरेर सुत्नुपर्ने बाध्यता छ । कैदीबन्दीले हप्तामा दुई दिन आफन्त भेट्ने र टेलिफोनमार्फत कुरा गर्ने व्यवस्था रहेको छ । कारागारमा मनोरञ्जनका सामग्री उपलब्ध छन् । कैदी बन्दीले बाँसको मुढा बुन्ने र विक्री वितरण गरी आयआर्जन गर्ने गरेका छन् ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठजना न्यायाधीशको दर बन्दी रहेकोजिल्ला अदालतमा ६ जना न्यायाधीशहरू कार्यरत छन् । यस जिल्ला अदालतमा यो वर्ष चालु मुद्दा सङ्ख्या २ हजार ९ सय ८९ रहेको छ । अघिल्लो वर्षको सरेको मुद्दा सङ्ख्या २ हजार ४ सय ५३ थान छन् । फौजदारी मुद्दातर्फ ४ सय ३७ र देवानी ६ सय ३७ थान गरी जम्मा १ हजार ८३ मुद्दा फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ७१ र देवानी मुद्दा ७ सय ६५ थान बाँकी छन् । जिल्ला अदालतका श्रेस्तेदार नेत्रप्रसाद भुसालका अनुसार अघिल्लो वर्ष जिल्लामा एक जना न्यायाधीशले वार्षिक ५ सयको सङ्ख्यामा मुद्दा हेर्ने गरी आँकलन गरेर कार्य विभाजन गरिएको थियो । कानुन व्यवसायी अधिवक्ता शिवप्रसाद गौडेलले कानुनी प्रकृयागत ढिलाइ, लामो र झन्झटिलो प्रकृया, म्याद तामेल हुन नसक्नु, पुराना मुद्दा धेरै हुनु आदि कारणले न्याय सम्पादनमा ढिलाइ भएको बताए ।

बाल अधिकार

शिक्षाको अवस्था

सरकारले आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकार भनेको भए पनि सामुदायिक विद्यालयले विभिन्न बहानामा मासिक ८ सय रुपियाँसम्म शुल्क लिने गरेका छन् । जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षामा पहुँच हुन

नसकेको राष्ट्रिय अपाङ्ग महासंघ प्रदेश नं. ५ का सदस्य तथा अपाङ्गता क्षेत्रका अधिकारकर्मी सावित्रा घिमिरेको अनुभव छ।

यस वर्ष बेचबिखन तथा बेचबिखन घटनामा नौजना, बलात्कारका घटनामा ३५ जना र यौन दुर्व्यवहारका घटनामा १५ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनाका १९ जना आरोपित पुर्पक्षका लागि थुनामा रहे, तीन घटनाका आरोपितले सफाइ पाए, चार जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। दुई जना आरोपित बालकलाई सुधार गृहमा जिल्ला अदालतले पठाउने आदेश गऱ्यो भने दुई घटनाका आरोपितलाई जिल्ला अदालतले कैद सजाय तोक्यो। यौन दुर्व्यवहारका घटनामा ११ जना बालिका पीडित भए। सात जना आरोपित पुर्पक्षका लागि थुनामा छन्, एक घटनामा मिलापत्र र तीन आरोपितलाई अदालतले कैद फैसला गऱ्यो। कुटपिट घटनाका आरोपित जिल्ला अदालतको आदेशमा ५० हजार रुपियाँ धरौटी राखी रिहा भएको अभिलेख भयो।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७५ फागुन १७ गते तिलोत्तमानपा–८ दीपनगरका ५५ वर्षीय अनिश पाण्डेले घरमा कोही नभएको मौका छोपी बलात्कार गरेको भन्दै पीडित बालिकाकी आमाले फागुन १७ गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन १७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १७ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा गरिएको प्रहरीले जनायो। प्रहरीले २०७६ भदौ ३० गते जिल्ला अदालत पेश गरेकोमा जिल्ला अदालतको २०७६ भदौ ३१ गतेको फैसलामा मुलुकी अपराधसंहिता २०७४ को दफा २२५ बमोजिमको कसुर अपराध गरेकोले सोही बमोजिम एक वर्ष कैद र ५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष रुपन्देही जिल्लामा घरेलु हिंसा पीडित भन्दै जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ४ सय ४६ जना महिलाले उजुरी दर्ता गराए। जसमा कुटपिट गरी गरिएका १ सय ६६, खान/लाउन नदिएका १ सय ३ विवाह दर्ता र नागरिकता नबनाएका ४८, अर्की श्रीमती ल्याएर हेला गरेका ५०, दाइजो नल्याएको भनी हेला गरेका २५ र सामान्य घरायसी झगडाका ५४ घटना छन्। यी मध्ये प्रहरीले ३ सय ४ वटामा मिलापत्र गरायो भने ९९ उजुरी कारबाही प्रक्रियामा रहेको १२ जना अदालत जान्छौं भनी गएका र ३१ जना सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालय महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका सई लक्ष्मण विकले बताए। विकका अनुसार मिलापत्र गरेर पठाइएका अधिकांश पीडित र आरोपित मिलेर बसेका छन्। उनका अनुसार प्रहरीले घटनाको विषयमा निरन्तर अनुगमन गर्छ। मेलमिलाप गरेर पठाइएका ५ देखि १० प्रतिशतमात्रै दोहोरिएर आउने गर्छन्।

यस वर्ष बलात्कारका घटनामा १९ जना, बलात्कार प्रयासको घटनामा पाँच जना, घरेलु हिंसाका घटनामा २ सय ९० जना, यौन दुर्व्यवहारको घटनामा एक जना, कथित बोक्सीको आरोपमा एक जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार प्रयास घटनाका तीन जना आरोपित पुर्पक्षका लागि थुनामा छन्। यसैगरी, बलात्कार घटनाका तीन जना आरोपितलाई अदालतले कैदको फैसला गऱ्यो। एक जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। बलात्कार घटनाका १४ जना आरोपित पुर्पक्षका लागि थुनामा छन्। वैवाहिक बलात्कारका तीन घटना अभिलेख भए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५० वर्षीया महिलालाई २०७६ वैशाख १९ गते बलात्कार गरेको आरोपमा देवदह नपाका २३ वर्षीय सुनिल सुनारविरुद्ध पीडित पक्षले वैशाख २० गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २० गते देवदहबाटै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण वैशाख २० गते नै लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो। जिल्ला अदालत, रुपन्देहीको २०७६ असोज ७ गते आरोपितलाई पाँच वर्ष कैद र पीडितलाई ५० हजार क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

कथित बोक्सीको आरोप

३६ वर्षीया महिलालाई २०७६ असार ६ गते कथित बोक्सीको आरोप लगाएको भन्दै प्रहरीले बुटवल मनपा–४ की ४२ वर्षीय दया नेपालीलाई असार १८ गते बुटवलबाट गिरफ्तार गऱ्यो। आरोपितले बुटवल उमनपा–१ का प्रेमबहादुर विकको १४ वर्षीया छोरी समीक्षा विक बिरामी परेको र चर्चमा राखेर मन्त्र

सुनाउँदा असार ६ गते बोक्सीले मेरो छोरीलाई खान लागी भनी पटकपटक दुर्व्यवहार गरेको भनी पीडितले असार १८ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएकी थिइन् । पीडितले दिएको उजुरीका आधारमा आरोपितलाई गिरफ्तार गरी कारबाही अगाडि बढाएकोमा जिल्ला अदालत, रुपन्देहीले साउन ५ गते ७५ हजार धरौटीमा रिहा गर्ने आदेश गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण असार १८ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भएको प्रहरीले जनायो ।

स्वास्थ्य सेवाको अवस्था

रुपन्देही जिल्लामा एउटा प्रदेशिक अस्पताल र एउटा जिल्ला अस्पताल गरी दुई ओटा रहेका छन् । सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा सेवा सहज नभएको, रातको समयमा आएका बिरामीका लागि स्वास्थ्य बिमाको सेवा अस्पतालले दिन नसकेकोले झञ्झटिलो भएको बिरामीको गुनासो छ । सरकारले वितरण गरेको निःशुल्क स्वास्थ्य सेवामा अशक्त, गरिब तथा ज्येष्ठ नागरिकको सहज पहुँच हुन नसकेको, सरकारी फार्मेसीमा आवश्यक औषधि नहुँदा रातको समयमा अन्यत्र प्राइभेट क्लिनिकमा धाउनुपर्ने बाध्यता भएको गुनासो सेवाग्राहीले गर्ने गरेका छन् ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	३			५	८
बलात्कार	५	३	३	३६	३५
यौन दुर्व्यवहार	१	४		१०	१५
जम्मा	९	६	३	४१	५८

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएको	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास				१	१
कथित बोक्सीको आरोप				१	१
बलात्कार	१	४		१३	१८
बलात्कार प्रयास				५	५
बहुविवाह	१	३			४
बेचबिखन तथा ओसारपसार			१	१	३
घरेलु हिंसा	१		३५०	६	३५६
यौन दुर्व्यवहार				१	१
जम्मा	३	७	३५१	३८	३८९

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	३	५

५.९ कपिलवस्तु



जम्मा जनसङ्ख्या	६,२२,५५५
महिला	३,१०,३६१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,०१,७७२
कामका लागि बाहिरिएका	२५,७५२
अपाङ्गता भएका	७,३३३
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.५
आश्रित जनसङ्ख्या	२,७७,८३४

यस वर्ष कपिलवस्तु जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ७२ जना महिला र ११ जना पुरुषसहित १ सय ८३ जना र राज्यपक्षबाट १४ जना पुरुष गरी १ सय ९७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। कुटपिट घटनामा अन्य पक्षबाट दुई महिला र दुई जना पुरुष गरी चार जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना, महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ४८ जना पीडित भएको अभिलेख भयो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

भारत सिदार्थनगर घर भई कृष्णनगर नपा–२ मा चिया पसल गर्दै आएका २० वर्षीय सुरज पाण्डेको २०७६ कात्तिक १४ गते बिहान कर्फ्यु उल्लङ्घन गरेको आरोपमा प्रहरीले प्रहार गरेको गोली लागेर मृत्यु भयो। कृष्णनगर नपा–२ कृष्णनगरमा ०७६ कात्तिक १३ गते राति ८ बजेतिर लक्ष्मीपुजाको मुर्ति बिसर्जन क्रममा मस्जिदको बाटो हुँदै जाँदा मुस्लिम धर्मका अनुयायीहरूले अवरोध तथा ढुङ्गा प्रहार गरेपछि राति हिन्दु–मुस्लिमबिच झडप भएको थियो। कात्तिक १४ गते हिन्दु धर्मका अनुयायीले कृष्णनगर नपा–२मा रहेको बस पार्कमा रहेको प्रहरीको विट र ट्राफिक विट तोडफोड गरे। घटनाले शान्ति सुरक्षामा खलल पुऱ्याउन सक्ने भन्दै प्रशासनले बिहान ११ बजेदेखि अर्को सूचना जारी नभए सम्मका लागि कृष्णनगर नपा–२ को भन्सार गेटदेखि ७ सय मिटर उत्तरतर्फ ७ सय मिटर पश्चिम र ३ सय मिटर पुर्वतर्फ सम्मको क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको थियो। कर्फ्युको बेवास्ता गर्दै सुरक्षाकर्मीमाथि ढुङ्गा, सिसा, गुलेली इँटा पेट्रोल बम प्रहार गरेपछि प्रहरीले भिडलाई तितरवितर गर्न र अवस्थालाई नियन्त्रणमा लिन दिउँसो १ बजे नेपाल प्रहरी तर्फबाट ३०३ राइफल र एसएलआरवाटहवाई फायर गरेको थियो। सो क्रममा वडा प्रहरी कार्यालय चन्द्रौटाका इन्स्पेक्टर मोतिलाल योन्जन तामाङ, इलाका प्रहरी कार्यालय कृष्णनगरका इन्स्पेक्टर प्रताप पौडेल, सई दामोदर बुढाथोकी, इलाका प्रहरी कार्यालय

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		१	१	१	१	२
अमानवीय व्यवहार					१	१
जातीय विभेद					१	१
गिरफ्तार		११	११			
कुटपिट		१	१	२	२	४
हत्या		१	१	५	४	९
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१	२	३
	बलात्कार			११		११
	यौन दुर्व्यवहार			४		४
	जम्मा			१६	२	१८
महिला अधिकार	बलात्कार			५		५
	बलात्कार प्रयास			१		१
	बहुविवाह			२		२
	घरेलु हिंसा			१४०		१४०
	जम्मा			१४८		१४८
कूल जम्मा		१४	१४	१७२	११	१८३

गणेशपुरका हवल्दार विष्णु पन्थी घाइते भए । उनीहरूको उपचार शिवराज अस्पताल बहादुरगन्जमा कात्तिक १४ गते भयो । आन्दोलनरत पक्ष र जिल्ला प्रशासन कार्यालयबीच भएको वार्तामा १० बुँदे सहमतिपछि जिल्ला अस्पताल तौलिहवामा शवको पोष्टमार्टम गरी कात्तिक १५ गते परिवारले बुझे । मृतकका परिवारले काजकिरिया बापत जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको २५ हजार रुपियाँ सोही दिन बुझे । रकम हस्तान्तरण गर्दै प्रमुख जिल्ला अधिकारी गजेन्द्रबहादुर श्रेष्ठले मृतकका परिवारले क्षतिपूर्ति बापत माग गरेको २० लाख रुपियाँका लागि गृह मन्त्रालयमा आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए । जिल्ला प्रशासन कार्यालयले कात्तिक १५ गते नै क्षतिपुर्ति तथा शहीद घोषणाका लागि गृह मन्त्रालयमा पत्रचार गऱ्यो ।

सहमति भएका बुँदामा मूर्ति विसर्जन गर्न अवरोध गरेको आरोप लागेका जमाल साह लगायतलाई कानुनी कारबाही गर्ने, मृतक पाण्डेयलाई शहीद घोषणा गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने, कृष्णनगर क्षेत्रमा आगामी दिनमा कुनै अप्रिय घटना हुन नदिनका लागि साझा पहल गर्नेलगायत १० बुँदा रहेको प्रमुख जिल्ला अधिकारी श्रेष्ठले जानकारी दिए। जमाललाई प्रहरीले कात्तिक १७ गते गिरफ्तार गरी प्रशासन कार्यालयमा पेश गरेकोमा जिल्ला प्रशासन कार्यालयले १० हजार रुपियाँ धरौटी लिएर कात्तिक २७ गते रिहा गऱ्यो । जिल्ला प्रशासनले मृतक पाण्डेयलाई शहीद घोषणका लागि गृह मन्त्रालयमा सिफारिस गरेको भएपनि यो वर्षको अन्त्यसम्म गृह मन्त्रालयले शहीद घोषणा गरेन ।

कृष्णनगर नपा–१० विद्यानगरका ४५ वर्षीय पारस पुरीलाई २०७५ चैत १७ गते अपरिचितव्यक्ति/समूहले गोली प्रहार गरी हत्या गऱ्यो । त्यसैगरी बुद्धभुमी नपा–४ बुड्ढीका ६५ वर्षीय गङ्गाराम थारूलाई ०७६ साउन ८ गते राति अज्ञात पक्षले धारिलो हतियार प्रयोग गरी हत्या गऱ्यो । दुवै घटनाका आरोपितलाई प्रहरीले वर्षको अन्त्यसम्म पत्ता लगाउन सकेन ।

गोली/ विष्फोटक पदार्थबाट घाइते

राज्यपक्षबाट

शिवराजनपा–९ सुन्दरीडाँडा निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता ४० वर्षीय दुर्गाबहादुर रोकालाई ०७५ फागुन २३ गते प्रहरीले गोली प्रहार गरी घाइते बनायो । बाँया गोडामा गोली लागि घाइते भएका रोकाको बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा फागुन २३ गते उपचार भयो । जिल्ला प्रहरी कार्यालयबाट खटिएको संयुक्त टोलीले सर्च गर्ने क्रममा हतियार, गोली, विभिन्न किसिमका तार तथा फलामको नटहरू, आधारभुत सैन्य तालिम शिविर २ नं. कम्पनी लेखेको ब्यानर थान १ समेत फेला परेको प्रहरीले जनायो । उक्त कारवाहीका क्रममा जिल्ला प्रहरी कार्यालयका हवल्दार अमल वली र प्रहरी जवान पुतली चौधरी समान्य घाइते भए । घाइतेहरूको उपचार जिल्ला अस्पताल तौलिहवामा फागुन २३ गते उपचार भयो । आरोपितलाई चैत २६ गते बुटवल प्रादेशिक अस्पतालमा उपचार पछि कपिलवस्तु जिल्ला अदालतमा पेश गरिएकोमा चैत २९ गतेको अदालतको

थुनछेक आदेशमा पुर्पक्षका लागि थुनामा पठायो । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

गिरफ्तार

यो वर्ष कपिलवस्तुबाट प्रतिबन्धित नेकपाका सात जना कार्यकर्ता गिरफ्तार भएकामा ६ जनालाई जिल्ला प्रशासन कार्यालयले उक्त पार्टीका गतिविधिमा संलग्न नहुने कागज गराएर र एक जनालाई जिल्ला अदालतले रिहा गरेको इन्सेकले अभिलेख गऱ्यो ।

मायादेवी गाँउपालिका–५ निवासी प्रतिबन्धित नेकपा निकट अखिल नेपाल शिक्षक सङ्गठन (क्रान्तिकारी) का जिल्ला अध्यक्ष ४५ वर्षीय रामनिवास चौहानलाई २०७५ चैत १५ गते प्रहरीले मायादेवी गाउँपालिका–४ पकडीबाट गिरफ्तार गऱ्यो । जनता मावि बलुहवाका प्रधानाध्यापक रहेका चौहानलाई एसइई परीक्षाको अनुगमनका लागि पकडी आएको अवस्थामा इलाका प्रहरी कार्यालय पकडीवाट खटिएको प्रहरी टोलीले ०७५ चैत १५ गते गिरफ्तार गरी सोही दिन कपिलवस्तु जिल्ला अदालतबाट म्याद थप गरी हिरासतमा राखिएको थियो । चौहानले प्रहरी समक्ष आफू उक्त पार्टीमा नलागेको बताएपछि इन्सेकद्वारा गठित मानव अधिकार निगरानी समूहका सदस्य पशुपतिमणी त्रिपाठीको रोहवरमा कागज गरी ०७५ चैत २५ गते रिहा भए ।

विस्फोटक पदार्थ/गोलीबाट घाइते अन्यपक्षबाट

शुद्धोधन गाउँपालिका–५ देवपुर निवासी समाजवादी पार्टीका जिल्ला अध्यक्ष ४५ वर्षीय रामनयन यादवलाई ०७६ साउन १६ गते अपरिचित व्यक्तिको समूहले गोली प्रहार गरी घाइते बनायो । शुद्धोधन गाँउपालिका–३ सुसरिया पूलनजिकै दिउँसो २ बजेको समयमा जिल्ला सदरमुकामतर्फ जाँदै गरेको अवस्थामा मोटरसाइकलमा आएका दुई जनाको समूहले उनलाई गोली प्रहार गरी भागेका थिए। घाइते यादवको उपचार साउन १६ गते जिल्ला अस्पताल तौलिहवामा भयो । पीडितका आफन्तले घटनाको दोषी पत्तालगाई कानुनी कारवाहीको माग गर्दै साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । गोली प्रहार गर्ने व्यक्ति यस वर्षको अन्त्यसम्म फरार रहेकाले गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुनिल मल्लले बताए ।

कारागार र बन्दी

२ सय १० जना क्षमताको 'ख' श्रेणीको कारागारमा २ सय ६८ जना कैदी र १ सय ३४ जना थुनुवा गरी ४ सय २७ जना छन् । कारागारमा महिला कैदीबन्दी छैनन् । ज्येष्ठ नागरिक ११ जना र दुई जना अपाङ्गता भएका व्यक्ति छन् । अपाङ्गता भएकामध्ये एक जनाको एउटा गोडा छैन भने अर्का एक जनाको एउटा हात छैन । चार जना मानसिक रोगी पनि छन् । क्षमताभन्दा दोब्बर कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कोठा अभावले कैदीबन्दीलाई सुत्न ठाउँ नपुगेर कोचाकोच गरेर सुत्नुपर्ने बाध्यता छ । खानेपानी तथा शौचालयको समस्या हुने गरेको बन्दीले गुनासो गरे । यस कारागारमा सबैभन्दा बढी जबरजस्ती करणीका ८५, कर्तब्य ज्यान मुद्दाका ७२ र लागु औषधका ५७ जना कैदी रहेका छन् । थुनुवामा पनि लागु औषधका ४२ जना जबरजस्ती करणीका ३० जना र कर्तव्य ज्यानका १९ जना रहेका छन् । विदेशी थुनुवा १४ जना रहेका छन् भने कैदी ११ जना रहेका छन् । नयाँ ऐन अनुसार २५ वर्ष र सर्वस्वसहित जन्मकैद सम्मका सजाय पाएका कैदी समेत रहेका छन् ।

महिला तथा बालबालिका राख्ने व्यवस्था नहुँदा अन्य जिल्लामा पठाउनु पर्ने बाध्यता रहेको छ । मानसिक रोगी तथा कैदीबन्दीहरूलाई उपचार तथा रेखदेखका लागि एक जना अहेवको दरबन्दी रहेको भएपनि यो वर्षको अन्त्यमा भने दरबन्दी खाली छ । कैदीबन्दीको उपचारका लागि दोहनी स्वास्थ्य चौकीका अहेव महेन्द्रमान सिंह शाक्यले १५ दिनमा एकपटक आएर सामान्य चेकचाज गर्ने गर्छन् । गम्भीर खालका रोग लागेका कैदीबन्दीलाई प्रशासनको सिफारिसमा पाल्पा, तथा काठमाडौँका कारागारमा स्थानान्तरण गरी उपचार गराउने गरिएको जेलर राकेश पाण्डेले बताए । अहेव नियमित कारागारमा बस्नु पर्ने हो तर कर्मचारी अभावका कारण कोही नबसेको र आवश्यक परेको बेला अहेव महेन्द्रमान शाक्यलाई बोलाउने गरेको जेल प्रशासनको भनाइ छ । १५ दिनमा एक पटक आउँदा ४ सयभन्दा बढी कैदीबन्दीहरूले स्वास्थ्य जाँच गराउनै समस्या हुने गरेको छ । मानवोचित व्यवहार भएको पाइएको छ भने थुनुवा तथा कैदीहरूको अधिकारका विषयमा कुनै समस्या नभएको कैदीबन्दीले बताए ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

चार जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय ९१ मध्ये

१ सय १२ थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ३ सय ६० मध्ये २ सय ९६ थान फैसला भएको र दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या १० रहेको जिल्ला अदालतका श्रेस्तेदार चिन्तामणी शर्माले बताए । श्रेस्तेदार शर्माका अनुसार दुई वर्षभन्दा बढी समय फैसला नभएका मुद्दामा सरकारवादी फौजदारी दुई, दुनियाँवादी दुई र देवानीमुद्दा ६ थान रहेका छन् ।

सरकारले समयमा कर्मचारी नपठाउँदा कामकाज गर्न समस्या हुनुको साथै मुद्दाका फैसला हुन समेत प्रभाव परेको अदालतका श्रेष्तेदार चिन्तामणी शर्माले जानकारी दिए । दरबन्दीअनुसार कर्मचारी नहुँदा काम गर्न असहज हुनुको साथै पीडितका मुद्दाहरू समयमै फैसला हुन नसक्दा न्यायमा ढिलाइ हुने गरेको छ। समयमा सुनुवाइ नहुनुमा प्रक्रियागत त्रुटीको साथै कहिलेकाहीँ न्यायाधीशहरू र वकिल पक्षबाट पेशी स्थिगत गर्ने परिपाटीले पनि मुद्दाको फैसला ढिलो हुने गरेको नेपाल बार एशोसियशन इकाई कपिलवस्तुका अध्यक्ष भोलाप्रसाद विश्वकर्माले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

कपिलवस्तु जिल्लामा ३ सय ४ आधारभुत र १ सय २७ मावि छन् । यस वर्ष ६० हजार ६ सय १५ बालक र ५८ हजार २ सय ७४ जना बालिका भर्ना भए। ११ हजार ५ दलित बालक र १० हजार ५ सय ६० दलित बालिकाले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका ३१ जनाबालबालिकाले छात्रवृत्ति पाए । विद्यार्थी भर्ना अभियान अन्तर्गत बुद्धभूमि नगरपालिका र बाणगङ्गा नगरपालिकामा १ देखि ८ कक्षासम्म सबै बालबालिका विद्यालयको पहुँचमा रहेको भन्दै पुर्ण भर्ना नगरपालिका घोषणा गरिएको छ भने अन्य गाउँपालिका तथा नगरपालिकामा ३.५ प्रतिशत बालबालिका विद्यालयको पहुँचबाहिर रहेका तथ्याङ्क छ।

तराईमा ५० विद्यार्थी बराबर एकजना शिक्षक हुनुपर्ने भएपनि कुनै पनि विद्यालयमा सो नियम लागू हुन सकेको छैन । यसैगरी सरकारी विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी मिलान नहुँदा ६० विद्यालयहरूमा शिक्षक अभावले समस्या भोग्नु परेको छ । सरकारले माध्यमिक शिक्षासम्म निःशुल्क र आधारभुत शिक्षा अनिवार्य भने पनि विद्यालयहरूले अङ्ग्रेजी माध्यममा विद्यालय सञ्चालन गरेको विद्यालयहरूले निजी शिक्षकलाई तलव दिनु पर्ने बाहानामा फिर्ता लिने गरेको पाइएको छ।

जिल्लाका ९६.५ प्रतिशत बालबालिकाको विद्यालयमा पहुँच रहेको छ । सीमान्तकृत बालबालिकाहरू पनि विद्यालयसम्म जान सकेका छन् तर टिकाई राख्नभने समस्या देखिएको छ। सरकारले कक्षा ५ सम्मका सबै बालबालिकालाई खाजाको व्यवस्था गरेकाले पछिल्लो समय सिमान्तकृत तथा दलित बालबालिका विद्यालयको पहुँचमा रहेका छन्। अदालतमा बन्द इजलास रहेको र बालिबालिकाहरू दोषी ठहरिए सुधारगृह वा परिवारलाई जिम्मामा लगाउने कार्य भएको पाइयो।

यो वर्ष कपिलवस्तुमा १५ जना बालिका यौन दुर्व्यवहार र बलात्कारका घटनामा पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । अभिलेखित घटनामध्ये बाबुले छोरीलाई बलात्कार गरेको एउटा घटनामा आरोपितलाई पुर्पक्षका लागि कारागार पठाएको र दुई घटनाका आरोपित बालक नै रहेकाले गिरफ्तार गरी बाल सुधार गृहमा पठाएको उल्लेख छ। यौन दुर्व्यवहारका चार घटनामध्ये एउटामा कैद र क्षतिपूर्तिको फैसला भयो, एउटा घटनाका आरोपितले सफाइ पाए र दुई ओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे । बलात्कारका ११ ओटा घटनामध्ये एउटा घटनाका आरोपितलाई जन्मकैद र अर्को एक घटनामा कैद सजायको फैसला भयो, एउटा घटनाका आरोपित फरार रहे भने अन्य आठओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा बाणगङ्गा नपा –१ का १८ वर्षीय नरेन्द्र चौधरी ०७६ असार ५ गते दिउँसो घरमा कोही नभएको मौका पारी बालिकालाई बलात्कार गरेको आरोपमा उनी विरुद्ध प्रहरीमा उजुरी पर्‍यो। तर, घटनालाई गाउँमै मिलाउने प्रयास भएको र नमिलेपछि ०७६ असार १६ गते इलाका प्रहरी कार्यालय पिपरामा किटानी उजुरी दिए । प्रहरीले आरोपित चौधरीलाई असार १६ गते नै गिरफ्तार गर्‍यो । बालिकाको स्वास्थ्य परीक्षण असार १६ गते कपिलवस्तु जिल्ला अस्पतालमा भयो। प्रहरीले जबरजस्ती करणी उद्योगमा ०७६ साउन १० गते कपिलवस्तु जिल्ला अदालतमा पेश गरेकोमा

अदालतले थुनछेक बहसपछि चौधरीलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश अनुसार थुनामा रहेकोमा कपिलवस्तु जिल्ला अदालतको ०७६ कात्तिक १४ गतेको अन्तिम फैसला सुनाउँदै नरेन्द्र चौधरीलाई जन्मकैदको सजाय हुने गरी फैसला गऱ्यो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन २०१९ को जनवरीदेखि डिसेम्बरसम्म घरेलु हिंसा पीडित भन्दै ३ सय २ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट तथा गालीगलौज गरिएका ८०, खान/लाउन नदिएको ७०, विवाह दर्ता र नागरिकता नबनाएका १५, अर्की श्रीमती ल्याएर हेला गरेका पाँच, दाइजो नल्याएको भनी हेला गरेका पाँच र सामान्य घरायसी झगडाका १ सय २७ घटना छन्। यीमध्ये प्रहरीले २ सय २९ ओटा घटनामा मिलापत्र गरायो भने ७३ जना सम्पर्कमा आएनन् । १० उजुरी अदालतमा पठाएको प्रहरीले जनायो ।

घरबाट निकाला गरिएका, कुटपिट गरिएका, गालीगलौज गरिएका घटनाका पीडित महिलाहरू प्रहरी कार्यालयले मिलापत्र गरेपछि घर फर्केका छन्। उनीहरू पुनः प्रहरीमा जाने अवस्था आए कारबाही हुने डरले पनि मिलेर बसेको अवस्था देखिएको छ । खानलाउन नदिएका, झगडा गरेका घटनाहरू प्रहरीमा गई मिलापत्र गरेपछि पुनः उजुरी दिने पीडितहरू १ सयमा दुई प्रतिशत मात्र रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले जनायो । घरेलु हिंसाका घटनामा आरोपितहरूले भने कानुनीरूपमा कुनै सजाय पाएको देखिएन । सबै मिलापत्रबाट टुङ्गिएका छन् । अधिकांश घटनाहरूमा प्रहरीले उजुरी लिने पीडित र पीडकलाई प्रहरी कार्यालयमा झिकाई दुवै पक्षबिच छलफल गराई खानबस्न दिने, हेला नगर्ने कुटपिट नगर्ने, नागरिकता बनाइदिने लगायतका समस्याका विषयमा छलफल गरी दुवै पक्षबिच मिलापत्रको कागज गराइ छाड्ने गरेको पाइयो ।

यो वर्ष कपिलवस्तुमा दुई जनाको परिवारजनबाटै भएका घटना इन्सेकले अभिलेख गऱ्यो । घटनाका आरोपित यो वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहेका छन् । बलात्कार घटनाका पाँच र बलात्कार प्रयासको एक घटना अभिलेख राखिएकामा बलात्कारको एक घटनाका सहयोगी महिलालाई पुर्पक्षकालागि कारागार पठाएको र सोही घटनाका दुई जना आरोपित फरार रहे । बलात्कारका तीनओटा घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे। बलात्कार प्रयासको घटनाका आरोपित बालकलाई अदालतले साधारण तारेखमा रिहा गऱ्यो । यो वर्षको अन्त्यसम्म कुनै पनि मुद्दाको फैसला भएन ।

परिवारजनबाट हत्या

कपिलवस्तु नपा–८ दोहनीकी ५५ वर्षीया फुलमती कुर्मीलाई २०७५ कात्तिक १५ गते सम्पत्ति आफ्नो नाममा नगराइ दिएको निहुमा २५ वर्षीय छोरा कोठरी भन्ने सुरेन्द्र कुर्मीले कुटपिट गरी हत्या गरेको प्रहरीले जनायो । घटना विरूद्ध ०७६ कात्तिक १६ गते मृतकका कान्छो छोराले जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा किटानी उजुरी दिए । शवको पोष्टमार्टम कात्तिक १६ गते कपिलवस्तु जिल्ला अस्पतालमा भयो । मृतकका छोरा सुरेन्द्र कुर्मीले दुई बिघा जग्गा आफ्नो नाममा दर्ता गर्नुपर्ने माग गर्दै कुटपिट गर्ने गरेको कपिलवस्तु नपा–८ का वडाध्यक्ष शिवकुमार पाण्डेयले बताए । यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको वडा प्रहरी कार्यालय कपिलवस्तुका सई रमेश गुरूङले बताए ।

स्वास्थ्य सेवाको अवस्था

कपिलवस्तु जिल्लामा तीन ओटा अस्पताल, ७३ ओटा स्वास्थ्य चौकी, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा ११ जना डाक्टरको दरबन्दी रहेकामा पाँच जना कार्यरत छन् । त्यस्तै अहेवको २ सय ३३ दरबन्दी रहेकोमा २ सय १० जना कार्यरत छन्। अनमीको १ सय ६४ दरबन्दी रहेकोमा १ सय ५० जना कार्यरत छन् । सरकारले निःशुल्क दिने भनिएका ३५ प्रकारका औषधिहरू पर्याप्त मात्रामा स्वास्थ्य चौकीहरूमा पुग्न सकेको छैन । गाउँपालिका तथा नगरपालिकाहरूले प्रकृया नमिलाउँदा र समयमा टेण्डर नभएकाले ६ महिना बितिसक्दा समेत औषधि खरिद नगरेकाले स्वास्थ्य संस्थाहरूमा यो वर्षको अन्त्यसम्म औषधि अभाव रह्यो ।

स्वास्थ्य केन्द्रहरूमा सेवाग्राहीहरूले प्राप्त गर्नुपर्ने ३५ प्रकारका औषधिहरू पाउँदैनन । स्वास्थ्य चौकीहरूमा रगत, दिशापिसाव, सुगरलगायतका अति आवश्यक रोगहरूको परीक्षण गर्ने प्रयोगशालाको व्यवस्था नहुँदा बिरामीहरू निजी मेडिकलहरूमा जान बाध्य रहेका छन् । ५० देखि ५५ प्रतिशत महिलाहरू अझै घरमा सुत्केरी हुनु

पर्ने अवस्था छ भने बुद्धभुमि नपाको वडा नं ६, ७, ८, १० तथा मायादेवी गाउँपालिका, सुद्धोधन गाउँपालिका, यशोधरा गाउँपालिका वडाहरूमा करिव २० प्रतिशत बालबालिका कुपोषित रहेको जनस्वास्थ्य प्रमुख योगेन्द्र भगतले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१	१	२
बलात्कार	२	९	११
यौन दुर्व्यवहार	१	३	४
जम्मा	४	१३	१७

महिला अधिकार					
घटनाको प्रकार	अपूर्ण	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१			४	५
बलात्कार प्रयास				१	१
बहुविवाह		१		१	२
घरेलु हिंसा		१३२	३	५	१४०
जम्मा	१	१३३	३	११	१४८

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	४	५	१०

५.१० दाङ

जम्मा जनसङ्ख्या	५,५३,७५७
महिला	३,१८,६३०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,३७,२५५
कामका लागि बाहिरिएका	४३,१६०
अपाङ्गता भएका	१२,८८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.८
आश्रित जनसङ्ख्या	२,४७,३६८

यस वर्ष दाङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ५१ जना महिला, २६ जना पुरुषसहित १ सय ७७ जना र राज्यपक्षबाट दुई जना महिला, ५६ जना पुरुषसहित ५८ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा ४१ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ९९ जना पीडित भएको अभिलेख भयो। यस वर्ष जिल्लामा धम्की तथा कुटपिटका घटनामा २६ जना पीडित भएको इन्सेकमा अभिलेख छ।

बेपत्ता/अपहरण

यो वर्ष अपहरणका घटनामा तीन जना पीडित भएको इन्सेकमा अभिलेख छ। दुई जना आरोपित जिल्ला अदालतको आदेश अनुसार साधारण तारेखमा, एक जना आरोपितको धरौटीमा रिहा भए। एक जनालाई जरिबाना र क्षतिपूर्तिसहित तीन वर्ष कैद, तीन जना आरोपितको पुर्पक्षका लागि थुना, दुई जना आरोपित फरार रहेको अभिलेख इन्सेकमा छ।

अन्यपक्षबाट

राजपुर गाउँपालिका–३ का ३१ वर्षीय विरबहादुर बिक (रञ्जीत)लाई २०७६ कात्तिक ३० गतेदेखि बेपत्ता पारेको भन्दै पीडित पक्षले विकको अवस्था पत्ता लगाइदिन अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मा मङ्सिर २४ गते निवेदन दिए। प्रतिबन्धित नेकपामा लागेको बताउने बिक कात्तिक ३० गते बिहान घर आएको र पार्टीका नेताहरूले बोलाएको भन्दै हतारहतार फेरि मोटर साइकलमा गएपछि सम्पर्क विहीन भएको बिकको पत्नी मीना बिकले बताइन्। राजपुर गाउँपालिका–४ मुङ्ग्रैटाबाट कात्तिक ३० गते प्रतिबन्धित नेकपाका २१ जना नेता, कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको र सोही दिनदेखि पति बीरबहादुर पनि बेपत्ता भएको उनले बताइन्। यो वर्षको अन्त्यसम्म बिकको अवस्था अज्ञात छ।

तीन वर्षीया बालिकालाई २०७५ माघ २८ गते घोराही उपमनपा–९ का २७ वर्षीय प्रयास चौधरीले अपहरण गरेको भन्दै पीडित पक्षले माघ २८ गते नै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। खाडा गाउँपालिका–४ कालिकोट स्थायी घर भई अभिभावकसँग घोराही उपमनपा–१४ कपासीमा

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
बेपत्ता						१	१
अमानवीय व्यवहार						४	४
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					३		३
अपहरण					३		३
भेला/सङ्गठित हुने अधिकार			१०	१०			
जातीय विभेद					३		३
गिरफ्तार			४५	४५			
कुटपिट		१	१	३	४	१५	१९
धम्की					१	४	५
हत्या					३		३
बाल अधिकार	बेचबिखन तथा ओसारपसार					१	१
	बालविवाह				१		१
	बलात्कार				३८		३८
	विद्यालयमा शारीरिक सजाय				१		१
	यौन दुर्व्यवहार				९	१	१०
	जम्मा				३९	३	४१
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				३		३
	कथित बोक्सीको आरोप				३		३
	बलात्कार				१९		१९
	बलात्कार प्रयास				३		३
	बहुविवाह				१		१
	बेचबिखन तथा ओसारपसार				३		३
	प्रसूती सेवा	१		१			
	घरेलु हिंसा				६५		६५
	यौन दुर्व्यवहार				३		३
	जम्मा	१		१	९८		९८
कूल जम्मा		३	५६	५८	१५१	३६	१८८

डेरागरी बस्ने बालिका माघ २८ गते दिउँसो साढे एकबजे डेराबाटै हराएको भन्दै प्रहरीलाई खबर गरेपछि प्रहरीले चार घण्टापछि घोराही उमनपा– १४ रतनपुर चोकबाट बालिकालाई अपहरणमुक्त गऱ्यो । बालिकालाई अन्यत्रै लैजान बस पर्खिरहेको अवस्थामा प्रहरीले साँढे पाँच बजेतिर सकुशल उद्धार गरी अभिभावकको जिम्मा लगायो । जिल्ला अदालतले फागुन २३ गते अपहरण तथा शरीर बन्धकसम्बन्धी मुद्दा चलाएकोमा फागुन २६ गते २५ हजार धरौटीमा रिहा गऱ्यो । अदालतले ०७६ जेठ १९ गते कसुरमा दोषी ठहर गर्दै ३ वर्ष कैद, ३० हजार जरिबाना र पीडितलाई १५ हजार क्षतिपुर्ति दिलाउने फैसला गऱ्यो ।

गिरफ्तार

यस जिल्लामा प्रतिबन्धित नेकपाका ४५ जना नेता/कार्यकता र नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी माओवादीका दुई जना गरी ४७ जनालाई गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो ।

उच्च अदालत तुलसीपुरको आदेशमा तीन जना रिहा भए । एक जनालाई उच्च अदालत तुलसीपुरले बन्दी प्रत्यक्षीकरण रिटमा रिहा आदेश गऱ्यो । जिल्ला प्रहरी कार्यालयका अनुसार पार्टी परित्याग गरी दुई जना रिहा भए । एक जना जरिबाना तिरी रिहा भएभने चार जना जिल्ला अदालतको आदेश अनुसार साधारण तारेखमा रिहा भए । एक जना यो वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहे । एक जना बिरामी भएकाले प्रहरी कार्यालयले परिवारको जिम्मा लगायो । चार जनालाई इलाका प्रहरी

कार्यालय तुलसीपुरले रिहा गऱ्यो। दुई जनालाई जिल्ला प्रहरी कार्यालयले रिहा गऱ्यो । सर्वोच्च अदालतको बन्दी प्रत्यक्षीकरण रिटमा एक जना जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

एक जनालाई चार पटक गिरफ्तार गरी अर्घाखाँची जिल्ला प्रहरी कार्यालयमा पठाएकोमा सर्वोच्च अदालतले रिहा गर्ने आदेश गऱ्यो।

सर्वोच्च अदालतमा दायर गरेको बन्दीप्रत्यक्षीकरण रिटमा रिहा भएका एक जना दाङ जिल्ला अदालतको परिसरबाटै पुनः गिरफ्तार भए। उनलाई जिल्ला प्रहरी कार्यालय, सुनसरी पठाएकोमा सुनसरी जिल्ला अदालतले साधारण तारेखमा रिहा गऱ्यो । एक जना उच्च अदालतमा दायर गरेको बन्दी प्रत्यक्षीकरण रिटमा रिहा भएकामा पुनः गिरफ्तार भई इलाका प्रहरी कार्यालय, भालुवाङको हिरासतमा रहेकोमा पार्टी परित्याग गर्ने कागज गरेपछि रिहा भए।

प्रहरीले प्रतिबन्धित नेकपा २१ जना नेता तथा कार्यकर्ताविरूद्ध आगजनीसम्बन्धी छुट्टाछुट्टै मुद्दा चलाएकोमा जिल्ला अदालतले सङ्गठित अपराधसम्बन्धी मुद्दामा जनही १५/१५ हजार धरौटीमा रिहा गर्न आदेश दियो । ६६ दिन हिरासत बसेका २१ जनाले धरौटी तिर्न नसकेपछि पुस १५ गते कारागार चलान भए । अदालतले साधारण तारेखमा रिहा गर्ने आदेश दिएकोमा तुलसीपुर कारागारमा राखिएका चार जना १५/१५ हजार रुपियाँ धरौटी बुझाई निस्कँदै गर्दा अदालत परिसरबाटै पुनः गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालय कपिलवस्तु पठायो। बाँकी १७ जना यस वर्षको अन्त्यसम्म तुलसीपुर कारागारमा छन्।

सल्यान जिल्ला दार्मा गाउँपालिका–५ निवासी प्रतिबन्धित नेकपाका केन्द्रीय सदस्य तथा सैन्य विभाग प्रमुख ४३ वर्षीय चन्द्रबहादुर खड्का 'असल' लाई ०७६ वैशाख ६ गते दाङ जिल्ला तुलसीपुर उमनपा–३ सडकबाटै प्रहरीले गिरफ्तार गऱ्यो। बा १८ च ३१४२ नम्बरको स्कारपियोमा दाङबाट सल्यानतर्फ जाँदै गर्दा उनलाई इलाका प्रहरी कार्यालय तुलसीपुर र कपुरकोट प्रहरीले पैयाँखोरेबाट गिरफ्तार गरी राज्य विरूद्धको कसुर तथा सङ्गठित अपराधसम्बन्धी मुद्दा चलाउने तयारी भएकोमा खड्काका भतिज २२ वर्षीय ओपेन्द्र केसीले २०७६ वैशाख १६ गते सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरण रिट दर्ता गरे । सर्वोच्च अदालतले रिटमाथि सुनुवाइ गर्दै जेठ ७ गते रिहा आदेशमा रिहा भए। खड्कालाई दाङ जिल्ला अदालतको परिसरबाटै पुनः गिरफ्तार गरी जेठ ७ गते जिल्ला प्रहरी कार्यालय सुनसरी पठायो। सुनसरी जिल्ला अदालतले असार २३ गते खड्कालाई साधारण तारेखमा रिहा गऱ्यो।

कारागार र बन्दी

घोराही कारागार

७० जनाको क्षमता भएको 'ग' श्रेणीको घोराही कारागारमा १ सय ७८ कैदी र १ सय ३० थुनुवा गरी ३ सय ८ कैदी/बन्दी छन्। क्षमताभन्दा चारगुणा बढी कैदी/बन्दी रहेको कारागारमा सुत्ने समस्या अझै हटेको छैन। ०६२ सालमा बनेको कारागारको प्रशासन र बन्दी/थुनुवा घर गरी चार ओटा भवन छन् । यस कारागारमा पुरुष कैदी/बन्दी मात्र राखिएको छ । कारागारमा चार जना ज्येष्ठ नागरिक कैदीबन्दी छन्। क्षमताभन्दा चार गुणा धेरै कैदी/बन्दी राखिएको जिल्ला कारागारमा कैदी/बन्दीको स्वास्थ्य जाँचका लागि रहेको सिनियर अहेबको दरबन्दी ०७६ भदौदेखि यो वर्षको अन्त्यसम्म रिक्त छ । स्वास्थ्यकर्मी नहुँदा कैदी/बन्दीको नियमित स्वास्थ्य जाँचमा समस्या भएको छ । अहिले सिकिस्त विरामी हुँदा मात्रै अस्पताल लैजाने गरिएको छ। रूघाखोकी, ज्वरो, टाउको दुख्नेजस्ता बिरामीहरूलाई कारागार नाइकेले नै औषधि दिने गरेका छन्। वर्षमा औषधि उपचारका लागि १ लाख ८० हजार रुपियाँ बजेट आउने र त्यसले स्वास्थ्य उपचार नपुग्ने जेलर विष्णु पाण्डेले बताए।

आर्थिक वर्ष ०७६/७७ को साउनदेखि पुससम्म १ लाख ५० हजार रुपियाँ खर्च भइसकेको र बाँकी ६ महिनाका लागि ३० हजार रुपियाँमात्रै बजेट रहेकाले उपचारमा समस्या रहेको जेलर विष्णु पाण्डेले बताए। बजेट अपुग हुने भए उनले प्रदेश सरकारसँग थप १ लाख रूपियाँ माग गरिए पनि यस वर्षको अन्त्यसम्म प्राप्त नभएको पाण्डेले बताए।

तुलसीपुर कारागार

३ सय जनाको क्षमता भएको "ग" श्रेणीको तुलसीपुर कारागारमा ४ सय ४१ कैदी, ३३ बन्दी र २ आश्रित बालबालिका गरी ४ सय ७६ जना कैदी/बन्दी रहेका छन्। ११ विदेशीसहित ४ सय २३ पुरुष कैदी, १९ बन्दी तथा १८ महिला कैदी र १४ महिला बन्दी छन्। कारागारमा साढे एक वर्षका बालक र तीन महिनाकी बालिका आश्रित छिन् । तुलसीपुर कारागारमा पनि सिनियर अहेवको एक दरबन्दी ०७६ भदौदेखि रिक्त छ । तर, आफ्नै गाडी भएकाले उपचारमा समस्या

नभएको जेलर जोखिम वलीले बताए। २५/२५ जनाको दुई ओटा साक्षरता कक्षा चलाइएकोमा कापी, किताब र कलमको समस्या छ।

तुलसीपुर कारागार प्रशासनले बहुविवाहमा कैद भुक्तान गरिरहेकी बबई गाउँपालिका–२ की रीमा घर्तीलाई दुई महिना सुत्केरी बिदा दिएको छ। ०७६ मङसिर ९ गते राप्ती प्रादेशिक अस्पतालमा बच्चा जन्मिएपछि सोही दिनदेखि ववई गाउँपालिका–२ का अध्यक्ष चिन्तामणि शर्मा, माइती लगायतको जमानीमा दुई महिना सुत्केरी विदा दिइएको जेलर जोखिम वलीले बताए। असल चालचलन भएका र कैद भुक्तान गर्न ६ महिनासम्म बाँकी रहेका कैदी सुत्केरी भए बिदा दिने कारागार ऐनमा व्यवस्था भएकाले शिशुको संरक्षणका लागि पहिलो पटक विदा दिइएको जेलर जोखिम वलीले बताए। ती सुत्केरी महिलाले बिदा सकिएपछि माघ ९ गतेदेखि पुनः कैद भुक्तान गर्नुपर्नेछ। बहुविवाहको कसुरमा जिल्ला अदालतले ०७६ जेठ २४ गते एक वर्ष कैद गर्ने फैसला गरेको थियो। उनका पति पनि जिल्ला कारागार घोराहीमा कैद भुक्तान गरिरहेका छन्।

कारागारमा झडप

जिल्ला कारागार घोराहीका कैदीबन्दी बीच ०७६ वैशाख २० गते आपसमै झडप हुँदा कैदी/बन्दी नाइके तथा चौकीदारहरू ३२ वर्षीय डिपलवसेन ओली, ३० वर्षीय आदित्य बगाले, २६ वर्षीय सुशील रोकाय, २६ वर्षीय डम्मर कुँवर र ३० वर्षीय प्रेमप्रसाद ओली घाइते भए। कारागारभित्र खानपिनमा समस्या, तयारी वस्तुको मूल्यलगायतमा देखिएको समस्या समाधानमा पहल नगरेको भन्दै ३५ वर्षीय कैदी हिमाल डाँगीलगायतको २५ जनाको समूहले रातको २ बजेतिर चौकीदार र नाइकेहरूमाथि आक्रमण गरेका थिए। आक्रमणबाट घाइते भएका चारजना सामान्य उपचारपछि फर्किए। डम्मर कवरको दाँया हात भाँचिएकाले वैशाख २० गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शल्यक्रिया भयो। जिल्ला प्रशासनले सोही दिन कार्यालयका अधिकृत अमरराज शर्माको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृतसहितको तीन सदस्यीय छानबिन समिति गठन गऱ्यो। समितिले कारागार प्रशासन, कैदी/बन्दी, घाइतेहरूबीच छलफल गरी वैशाख २२ गते कैदीबन्दीका लागि किराना सामान सहज र सुलभ तरिकाले उपलब्ध गराउनुपर्नेलगायत सुधारसहित रिपोर्ट बुझायो। कारागारका जेलर विष्णु पाण्डेले घटनामा संलग्न २५ जनालाई काठमाडौं, नेपालगञ्जलगायतका कारागारमा छुट्टाछुट्टै पठाइ आधारभूत सेवा सुधार गरिएको बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

चार न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा हाल तीन जना न्यायाधीश कार्यरत छन्। अदालतमा यो वर्ष देवानीतर्फ १ हजार १ सय ६७ मध्ये ३ सय ५६ थान मुद्दा फैसला भए ८ सय ११ मुद्दा फैसला हुन बाँकी रहे। त्यसैगरी, फौजदारीतर्फ ७ सय ४५ मध्ये १ सय ७८ मुद्दा फैसला भए। ५ सय ६७ मुद्दा फैसला हुन बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्।

उच्च अदालत

चार न्यायाधीश दरबन्दी रहेको उच्च अदालत तुलसीपुरमा सबै जना कार्यरत छन्। यो वर्ष २६ रिटसहित ४ सय ३३ मुद्दा दर्ता भएकोमा १ सय ७८ फैसला भए भने २ सय ५५ फैसला हुन बाँकी रहे। फौजदारीतर्फ ३ सय १६ मध्ये १ सय ६ फैसला भए भने २ सय १० फैसला हुन बाँकी रहे। त्यसैगरी, देवानीतर्फ ८९ मध्ये ५७ फैसला भए भने ३३ बाँकी रहे। २८ रिट दर्ता भएकोमा १६ फैसला भए भने १२ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका मुद्दा छैनन्। निरन्तर सुनुवाइमा समस्या हुँदा फैसलामा केही ढिलाइ भएको र त्यसमा धेरैजसो मुद्दा कानुन व्यवसायी, त्यसपछि मुद्दा पक्ष र न्यायाधीशका कारणले ढिलाइ भएको उच्च अदालतका उपसचिव मानबहादुर विष्टले बताए।

बाल अधिकार

यस वर्ष सामुदायिकतर्फ ४ हजार ७ सय ५ बालिका र ४ हजार ३ सय २५ बालक गरी कुल ९ हजार ३० बालबलिका विद्यालय भर्ना भए। त्यस्तै संस्थागततर्फ ९ हजार ३ सय ६६ बालिका र ११ हजार ७ सय ३९ बालक गरी कुल २१ हजार १ सय ५ बालबालिका विद्यालय भर्ना भए। यो वर्ष ४५ द्वन्द्वपीडित र ५७ जना वैदेशिक रोजगारीमा ज्यान गुमाएका सन्तान र १८ हजार ९ सय ४४ दलित छात्रछात्रालाई छात्रवृत्ति प्रदान गरिएको छ। त्यसैगरी दाङमा यो वर्ष ४ सय ८७ जना मुक्त कमलरीहरूले छात्रवृत्ति पाएको मुक्त कमलरी विकास मञ्चकी केन्द्रीय अध्यक्ष शान्ति चौधरीले जानकारी दिइन्।

यस वर्ष जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ४१ जना बालबालिका पीडित भएको इन्से कमा अभिलेख भयो । बलात्कार घटनामा २८ जना, यौन दुर्व्यवहार घटनामा एक बालक सहित १० जना, बेचबिखनमा एक जना, बाल विवाहमा पाँच जना पीडित भए । कुटपिटका घटनामा एक बालक र एक बालिका गरी दुई जना पीडित भए ।

जिल्ला अदालतले बलात्कार घटनाका तीन आरोपितलाई कैद सजाय सुनायो । चार जना नाबालक भएकाले बालसुधार गृह पठाउने आदेश गऱ्यो । १० जना पुर्पक्षका लागि थुनामा छन् । एक जना साधारण तारेखमा रिहा भए । चार जना धरौटीमा रिहा भए । एक जना नाबालक भएकाले अदालतले परिवारको जिम्मा लगायो । यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतको आदेश अनुसार जरिबाना र क्षतिपूर्तिसहित कैद सजाय, दुई जना आरोपित पुर्पक्षका लागि थुनामा रहे । बेचबिखन घटनाका एक जना आरोपित फरार रहे ।

पाँच वर्षीया बालिकालाई २०७५ माघ १६ गते बलात्कार गरेको भन्दै घोराही उमनपा–२ का १८ वर्षीय मुकेश बिकविरुद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण माघ १७ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो । प्रहरीले आरोपितलाई माघ १६ गते घरबाट गिरफ्तार गरी फागुन १० गते जबरजस्तीकरणीसम्बन्धी मुद्दा चलाएकोमा जिल्ला अदालतले फागुन १२ गते पुर्पक्षका लागि थुनामा पठायो । जिल्ला अदालतको २०७६ वैशाख २७ गतेको आदेशले आरोपितलाई दोषी ठहर गर्दै १६ वर्ष कैद र पीडितलाई स्थानीय तहबाट ५० हजार क्षतिपूर्ति उपलब्ध गराउने फैसला सुनायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ६१ ओटा निवेदन जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा दर्ता भएकोमा १ सय ४३ मा मिलापत्र भएको र १८ ओटा मुद्दा अदालत रिफर गरिएको छ । मिलापत्र भएका घरनिकाला र नागरिकता, जन्मदर्ता, विवाहदर्ताका मुद्दामा पीडित दोहोरिएर उजुरी दिन नआएकाले घरमै मिलेर बसेको सेवा केन्द्रकी इन्चार्ज सपनासिंह खड्काले बताइन् ।

यस वर्ष जिल्लामा घरेलु हिंसाका घटनामा ६५ जना, बलात्कार घटनामा १९ जना, बलात्कार प्रयासमा दुई जना, यौन दुर्व्यवहारमा तीन जना, बेचबिखनमा तीन जना, बेचबिखन प्रयासमा दुई जना, बहुविवाहमा एक जना पीडित भएको इन्सेकमा अभिलेख भयो । अभिलेख अनुसार बलात्कार घटनाका एक जना आरोपितले जिल्ला अदालतको आदेश अनुसार कैद सजाय, ६ जना पुर्पक्षका लागि थुना, एक जना आरोपित साधारण तारेखमा रिहा भए । एक जना आरोपित नाबालक भएकाले अभिभावकको जिम्मा, सात जना आरोपितले सफाइ पाए, जिल्ला प्रहरी कार्यालयका अनुसार दुई जना आरोपित फरार, एक जना आरोपित अनुसन्धानमा नै रहे । यस जिल्लामा एउटा सामूहिक बलात्कार घटनाका आरोपितले सफाइ पाए । बलात्कार प्रयास घटनाका एक जना आरोपित जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा रहे । बेचबिखन घटनाका चार जना आरोपित जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा रहे । यस वर्ष घरेलु हिंसा घटनामा ६४ जना पीडित भए । जुन सबै मिलापत्रका घटनामा मात्र रहेको र एउटा घटनामा मिलापत्रपछि पतिले विवाह दर्ता, जन्म दर्ता र नागरिक बनाइदिएको इन्सेकमा अभिलेख छ ।

यस वर्ष अमानवीय व्यवहार घटनामा तीन जना वृद्धा पीडित भए । जसमा तीन जना आरोपितलाई जिल्ला अदालतले धरौटमा रिहा, एक जना आरोपित र पीडितबीच मिलापत्र गरेको इन्सेकमा अभिलेख छ ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अपाङ्गता भएकी २८ वर्षीया एक महिलालाई २०७५ पुस १७ गते राप्ती गाउँपालिका–१ का २१ वर्षीय समिर अलीले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय भालुवाङमा पुस १८ गते उजुरी दिए । पीडितको स्वास्थ्य परीक्षण स्वास्थ्य चौकी भालुवाङमा पुस १८ गते भयो । प्रहरीले आरोपितलाई पुस १८ गते घरबाट गिरफ्तार गरी माघ १३ गते जबरजस्तीकरणीसम्बन्धी मुद्दा चलायो । जिल्ला अदालतले माघ १४ गते पुर्पक्षका लागि कारागार पठाएकोमा ०७६ असार ९ गते ८ वर्ष कैद गर्ने फैसला सुनायो ।

आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार

सम्पत्ति तोडफोड/आगजनी

यस वर्ष तीन ओटा आगजनीका घटना भए । अपरिचित व्यक्तिहरूको समूहले तुलसीपुरबाट नेपालगञ्ज जाँदै गरेको बा ३ ख ८५९३ नम्बरको हाइस गाडीमा आगजनी गरेको, बगलाचुली

गाउँपालिका–५ को कार्यालय परिसरमा पार्किङ गरिराखेको जीप आगजनी गर्दा पूर्ण रूपमा नष्ट भएको, शान्तिनगर गाउँपालिका–५ स्थित एनसेल टावरमा राखिएको जेनेरेटरमा आगजनी गर्दा तार जलेर नष्ट भएको इन्सेकमा अभिलेख छ । घटनाका आरोपितको पहिचान भएन ।

स्वास्थ्य सेवाको अवस्था

दाङ जिल्लामा दुई प्रादेशिक अस्पताल, एक जिल्ला अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र ३६ स्वास्थ्य चौकी, २६ स्वास्थ्य केन्द्र, २६ शहरी स्वास्थ्य केन्द्र, २६ सामुदायिक स्वास्थ्य इकाइ र निजी स्वास्थ्य संस्थाको सङ्ख्या ३३ छ। निजी बाहेक सरकारी स्वास्थ्य संस्थामा मेसुको एउटा दरबन्दी भएपनि रिक्त छ भने चारओटै दरबन्दीमा मेडिकल अधिकृत कार्यरत छन् । त्यस्तै ४२ दरबन्दी रहेको सिनियर अहेव ३२ जना कार्यरत छन् भने १० रिक्त छन् । सात जना स्टाफ नर्सको दरबन्दीमा ५ कार्यरत छन् । त्यस्तै ८१ अनमीको दरबन्दीमा ६१ कार्यरत छन् भने ७९ अहेवको दरबन्दीमा सबै कार्यरत छन् । त्यस्तै एक ल्याव टेक्निसियनको दरबन्दीमा एकजना कार्यरत छन भने ल्याव असिष्टेन्टको ३ दरबन्दीमा तीन ओटै कार्यरत छन् । तर, स्थानीय तहहरूले दुई मेडिकल अधिकृत, चार स्टाफ नर्स, ३२ अनमी, ४५ अहेव, २४ ल्याव असिष्टेण्ट करारमा राखेका छन् ।

तुलसीपुर उपमहानगरपालिकाले सरकारी अस्पतालमा सुत्केरी हुन आउनेलाई थप ५ हजार रुपियाँ प्रोत्साहन भत्ता दिइरहेको छ । त्यसैगरी घोराही उपमहानगरपालिकाले नगरका ज्येष्ठ नागरिकहरूको उपचार प्रत्येक महिना घर घरमै पुगेर गरिरहेको छ भने सुत्केरी हुनेहरूका लागि निःशुल्क रगतको व्यवस्था गरेको छ ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१				१
बालविवाह					१	१
बलात्कार	१	४	५	१	१६	२८
विद्यालयमा शारीरिक सजाय				१		१
यौन दुर्व्यवहार	१	१	२	१	४	९
जम्मा	२	६	७	३	२२	४०

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१		१	२
कथित बोक्सीको आरोप				१	२	३
बलात्कार	३		१	२	१३	१९
बलात्कार प्रयास				१	१	२
बहुविवाह					१	१
बेचबिखन तथा ओसारपसार				१	१	२
प्रसूती सेवा			१			१
घरेलु हिंसा		२		६१	२	६५
यौन दुर्व्यवहार			१	१	१	३
जम्मा	३	२	४	६७	२२	९८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

५.११ बाँके



जम्मा जनसङ्ख्या	५,४१,३४४
महिला	२,७५,८१४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२७,६५०
कामका लागि बाहिरिएका	२१,३५५
अपाङ्गता भएका	७,४६८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५१
आश्रित जनसङ्ख्या	२,२४,८३५

यस वर्ष बाँके जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ४८ जना महिला, ४५ पुरुषसहित १ सय ९३ जना र राज्य पक्षबाट १६ जना गरी २ सय ९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बालिकालाई सवारीले दिएको ठक्करपछि उत्पन्न तनावका कारण भएको झडपमा दुई जना डिएसपी, दुई जना इन्स्पेक्टर, दुई जना सई, तीन जना प्रहरी हवल्दार, नौ जना प्रहरी जवान र पाँच जना विद्यार्थी घाइते भएको इन्सेकले अभिलेख गऱ्यो ।

नागरिक तथा राजनीतिकअधिकार सम्मानति रूपले बाँच्ने अधिकार गोली प्रहारबाट घाइते

राज्यपक्षबाट

बैजनाथ गाउँपालिका–४ बानियाभारका ३३ वर्षीय नरेन्द्र न्यौपानेलाई २०७६ भदौ १६ गते प्रहरीले गोली प्रहार गऱ्यो । जिल्ला अदालतले कैद तोकी फरार रहेका न्यौपानेलाई भदौ १६ गते इलाका प्रहरी कार्यालय कोहलपुरको टोलीले जमुनाहाबाट गिरफ्तार गऱ्यो । कोहलपुर ल्याउने क्रममा नेपालगञ्ज उपमनपा–२० राँझा चोक नजिक मोटर साइकलबाट भाग्न खोज्दा गोली प्रहार गरेको इलाका प्रहरी कार्यालयले जनायो । गोली प्रहारबाट बाँयागोडाको पिडुँलामा गोली लागेका न्यौपानेको भदौ १६ गते कोहलपुर शिक्षण अस्पतालमा उपचार भयो । जिल्ला अदालतले २०६८ पुस २१ गते ६ वर्ष कैद र २९ हजार ९ सय रुपियाँ जरिबानाको फैसला सुनाएको थियो । जिल्ला अदालत बाँकेले ०७६ भदौ २५ गते सजाय भोग्नको लागि कारागार पठायो । कारागार प्रशासनले न्यौपानेलाई ०७६ पुस १ गते जुम्ला कारागारमा सरुवा गरेको जनायो ।

झडपमा घाइते

कोहलपुर नपा–१० स्थित त्रिभुवन माविमा कक्षा ७ मा अध्ययनरत १२ वर्षीया प्रकृति चन्दलाई मङ्सिर २२ गते विद्यालय समयमा ट्रकले ठक्कर दिएर गम्भीर घाइते बनाएपछि सुरू आन्दोलन नियन्त्रणमा लिन प्रहरीले गोली र अश्रुग्याँस प्रहार गऱ्यो । प्रहरी र प्रदर्शनकारीबीचको झडपमा त्रिभुवन माविको कक्षा ९ मा अध्ययनरत १६ वर्षीय सुशील थापा, सोही विद्यालयको कक्षा ११ मा अध्ययनरत १८ वर्षीय ललित बस्नेत, १६ वर्षीय नारायण खत्री,

कक्षा १२ मा अध्ययनरत १८ वर्षीय सुजन चन्द, १६ वर्षीया पूजा मल्ल, कक्षा १० मा अध्ययनरत १६ वर्षीय विशाल खड्का गम्भीर घाइते भएको त्रिभुवन माविका प्रिन्सिपल देवका थापाले जानकारी दिइन् । झडपमा कोहलपुर इलाका प्रहरी कार्यालयका डिएसपी हेमबहादुर शाही, जिल्ला प्रहरी कार्यालयका डिएसपी ४१ वर्षीय शिवबहादुर सिंह, इन्स्पेक्टर ३९ वर्षीय लक्ष्मीप्रसाद आचार्य, ३८ वर्षीय रणविर जैसी, सई ४५ वर्षीय खुमबहादुर विष्ट, ४६ वर्षीय बासुदेव वली, हवलदार ३० वर्षीय धनबहादुर गिरी, ३० वर्षीय दिनेश डाँगी, ३१ वर्षीय मेहरमान बिक, प्रहरी जवान ४२ वर्षीय अर्जुन आले, २३ वर्षीया भुमिसरा डाँगी, २७ वर्षीया रेश्मी पुन मगर, २३ वर्षीय राजेन्द्र खड्का, २५ वर्षीय विशाल वली, २० वर्षीय अशोक परियार, २३ वर्षीय सचेत शाही, २१ वर्षीय जितेन्द्र केसी, २३ वर्षीय सतिस चौधरी घाइते भएको डिएसपी शिवबहादुर सिंहले बताए । झडपमा ना २ ख ९४५९ नम्बरको ट्रकमा विद्यार्थीहरूले आगजनी गर्नुका साथै अन्य गाडी समेत तोडफोड गरेका थिए । प्रदर्शन बढ्दै गएपछि स्थानीय प्रशासनले मङ्सिर २२ गते एक दिनका लागि निषेधाज्ञा जारी गऱ्यो । राष्ट्रिय मानव अधिकार आयोग, इन्सेकलगायतका मानव अधिकार सङ्घ संस्थाहरूले ०७६ मङ्सिर २३ गते घटनास्थलको अनुगमन गरे । ट्रकको ठक्करबाट घाइते भएकी बालिका प्रकृति चन्दलाई सोही दिन र सुशील र ललितलाई मङ्सिर २३ हेलिकप्टरमार्फत थप उपचारका लागि काठमाडौँ लगियो । चन्दको दुवै गोडा काटेर कृतिम गोडा राखेर ललितपुरस्थित बि एण्ड बि अस्पतालमा उपचार भइरहेको छ ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		७	७	३	१६	१८
अपहरण				१		१
जेलमा मृत्यु		१	१			
गिरफ्तारी		८	८			
कुटपिट				३	६	९
धम्की					१	१
हत्या				७	१	८
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१८	१८
	बलात्कार			८		८
	विद्यालयमा शारीरिक सजाय				३	३
	यौन दुर्व्यवहार			१		१
	जम्मा			९	३१	३०
महिला अधिकार	बलात्कार			९		९
	बेचबिखन तथा ओसारपसार			१		१
	घरेलु हिंसा			११६		११६
	जम्मा			१२६		१२६
कूल जम्मा		१६	१६	१४८	४५	१९३

धम्की/कुटपिट

अन्यपक्षबाट

नेपालगन्ज उमनपा–१० निवासी नेपाली कांग्रेस बाँकेकी जिल्ला सभापति ७० वर्षीया किरण कोइराला लगायतका नेताहरूमाथि ०७६ भदौ २६ गते खजुरा गाउँपालिका–२ सितापुरमा नेकपाका कार्यकर्ताले कुटपिट गरेको नेपाली कांग्रेसले विज्ञप्तिमार्फत जनायो । खजुरा गाउँपालिका–१ का ३२ वर्षीय रोशनसिंह ठकुरी, ३० वर्षीय लोकबहादुर शाही, ३६ वर्षीय निर्मल खत्री, ३२ वर्षीय सुनिल शाही, ३३ वर्षीय पारस मल्ल र ३० वर्षीय निमबहादुर वलीलगायतले कार्यक्रमस्थलमा प्रवेश गरी आक्रमण गरेको र आक्रमणबाट कोइरालाको हातमा चोट लागेको विज्ञप्तिमा उल्लेख थियो । आक्रमणमा संलग्न व्यक्तिहरूलाई कारबाहीको माग गर्दै पीडित पक्षले भदौ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । जिल्ला प्रहरी कार्यालय, बाँकेले रोशनसिंह ठकुरी, लोकबहादुर शाही, निर्मल

खत्रीलाई भदौ २७ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालतको आदेशमा असोज ३ गते १५ हजार रुपियाँ धरौटीमा रिहा भए । अन्य आरोपितहरूलाई यो वर्षको अन्त्यसम्म गिरफ्तार नगरेको प्रहरीले जनायो ।

गिरफ्तार

यस वर्ष बाँके जिल्लाबाट प्रतिबन्धित नेकपाका सात जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये एक जनालाई प्रहरीले पुनः गिरफ्तार गरेको अभिलेख भयो । दुई जना पुर्पक्ष, तीन जना रिहा र एक जनालाई अन्य जिल्लामा पठाएको अभिलेख इन्सेकले गऱ्यो ।

हुम्ला जिल्ला ओदानचुली गाउँपालिका घर भई बाँके जिल्ला कोहलपुर नपा–११ एकतानगर बस्दै आएका प्रतिबन्धित नेकपा कार्यकर्ता ३५ वर्षीय दानबहादुर फडेरालाई २०७६ वैशाख १ गते विष्फोटक पदार्थ मुद्दाको आरोपमा इलाका प्रहरी कार्यालय कोहलपुरले घरबाट गिरफ्तार गऱ्यो । आरोपितविरुद्ध जिल्ला अदालतमा वैशाख ५ गते उजुरी दर्ता भएको थियो । जिल्ला अदालतले वैशाख ८ गते साधारण तारेखमा रिहा गऱ्यो । प्रहरीले पुनः गिरफ्तार गर्ने डरले अदालतबाट भागेर राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा शरण लिन पुगेका फडेरालाई गिरफ्तार गर्न प्रहरीले राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा घेरा हालेको र आयोगका सुरक्षा गार्डलाई दुर्व्यवहार गरेको राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्जले जनायो । प्रमुख जिल्ला अधिकारी मार्फत फडेरालाई घरपरिवारको जिम्मा लगाउने आयोग केन्द्रीय कार्यालयको निर्देशन अनुसार वैशाख १० गते फडेरालाई प्रमुख जिल्ला अधिकारीले अधिकारकर्मीहरूको रोहवरमा फडेराकी पत्नी समक्ष बुझाए पनि जिल्ला प्रशासन कार्यालयको परिसरबाट प्रहरीले पुनः गिरफ्तार गरी वैशाख १० गते कैलाली पठायो । प्रहरीले जिल्ला अदालत कैलालीमा जेठ १४ गते मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा धरौटी रकम बुझाउन नसके पछि पुनः पुर्पक्षका लागि थुनामा पठायो । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

कारागार र बन्दी

३ सय जनाको क्षमता भएको 'ग' श्रेणीको कारागारमा कैद तोकिएका ४ सय १, थुनुवा ३ सय ८८, एक नाबालक र ५० जना महिला गरी ५१ जना रहेका छन् । क्षमताभन्दा तीन गुणा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । कोठा अभावले कैदी बन्दीहरूलाई छालारोग लाग्नुका साथै नुहाउन र शौचालय जान समस्या रहेको निमित्त जेलर दीपेन्द्रप्रसाद पौडेलले बताए । यो वर्ष कारागारमा रहेका जानकी गाउँपालिका –३ का ३२ वर्षीय सुनिल तिवारीले भेरी अस्पतालको शौचालयमा जेठ २८ गते सेल्फस नामक विषादी सेवन गरी आत्महत्याको प्रयास गरेकोमा उनको उपचारको क्रममा मृत्यु भयो । कारागारभित्र कसरी विष पुग्यो भन्ने बारे कुनै अनुसन्धान भएन । कारागारमा रहेका एक आश्रित बालक आफ्नो आमासँगै कारागारमा रहेका छन् ।

बाँके कारागारमा रहेका कैदीबन्दीले आफूहरूमाथि आर्थिक शोषण भएको भन्दै कात्तिक १४ गते कारागारमा तालाबन्दी गरे । कारागार प्रशासन, नाइके र चौकीदारले आफूहरूमाथि आर्थिक शोषण गरेको आरोप लगाए । उनीहरूले कारागारका चौकीदार भरत फडेरा, कारागारका नाइके मानबहादुर शाहीलाई नियन्त्रणमा लिएर ताला लगाएका थिए । मानव अधिकारकर्मी र सञ्चारकर्मीको प्रयासपछि उनीहरूकै रोहवरमा कात्तिक १५ गते ताला खोलिएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग, इन्सेकलगायत संस्थाका मानव अधिकारकर्मी सम्मिलित टोलीको रोहबरमा सरकारी टोली र आन्दोलनरत पक्षबीच कारागारभित्र भएका अनियमितता र समस्या पहिचान गरी छानबिन गर्न समिति बनाउने, जेलरको सरुवा र चौकीदारलाई पदमुक्त गर्ने सहमतिपछि आन्दोलनरत पक्षले ताला खोल्यो ।

जिल्ला कारागार बाँकेका महिला कैदीबन्दीले चौकीदार हटाउन माग गर्दै ०७६ पुस ४ गते आन्दोलन गरे । राम्रो खाना नदिएको भन्दै उनीहरुले चौकीदारलाई महिला बन्दी गृहमै थुनेर राखेका थिए । कारागार प्रशासनले पुस ५ गते महिला चौकीदारलाई सरुवा गऱ्यो ।

बाल सुधार गृह

डुडुवा गाउँपालिका–६ मा रहेको बाल सुधार गृहमा क्षमताभन्दा बढी बालकहरूको सङ्ख्या हुँदा व्यवस्थापनमा समस्या भएको छ । ७५ जनाको क्षमता रहेको बाल सुधार गृहमा १ सय २६ जना बालकहरू

रहेका छन् । क्षमता भन्दा बढी सङ्ख्यामा बालकहरू रहेका कारण नुहाउन, शौचालय जान समस्या हुने गरेको र उनीहरूमा छालाको रोग देखिएको बाल सुधार गृहकी परामर्शकर्ता विमला काउचामगरले बताइन् । बाल सुधार गृहमा टेलिफोन, बिजुली पर्याप्त नभएको, पर्खाल नभएका कारण भाग्ने समस्या रहेको, सुत्नको लागि खाट अभाव, शैक्षिक, भौतिक व्यवस्थापनमा समेत समस्या रहेको काउचामगरले बताइन् ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

सात जना न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ११ मध्ये ३८ थान फैसला भए भने देवानी मुद्दातर्फ ८ सय ९ मध्ये १ सय ४९ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २६ र देवानी मुद्दा १ सय ३ थान बाँकी छन् । आठ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा हाल ६ जना न्यायाधीश कार्यरत छन् ।

उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलास

६ जना न्यायाधीश रहेका यस उच्च अदालत, तुलसीपुर नेपालगञ्ज इजलासमा यो वर्ष लगत फौजदारी ५ सय ७० मुद्दामध्ये १ सय ७० फैसला भए । लगत देवानी मुद्दातर्फ ४ सय २४ मध्ये १ सय ६४ थान फैसला भए । यो अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन् ।

बाल अधिकार

शिक्षाको अवस्था

बाँके जिल्लामा ८० ओटा आधारभुत र ८१ ओटा माध्यमिक विद्यालय रहेका छन् । त्यसैगरी १ सय ६ ओटा मदरसा विद्यालय रहेका छन् । बाँके जिल्लामा आधारभुत तहसम्म २७ हजार २ सय ४५ विद्यार्थी रहेका छन् भने माबि तहमा २० हजार ५ सय २५ जना विद्यार्थीहरू भर्ना भए । जिल्लामा पाँच अपाङ्गमैत्री विद्यालय छन् । बाँके जिल्लामा बालबालिकाले छात्रवृत्ति पाएको भएपनि कति जनाले पाए भन्ने स्थानीय तहबाट तथ्याङ्क उपलब्ध नभएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख रामसुरेश यादवले बताए । उनले बाँकेमा रहेका विद्यालयहरुमा पाठ्यपुस्तकको अभाव नरहेको र आधारभुत अनिवार्य तथा निःशुल्क शिक्षा दिएको बताए ।

यस वर्ष बाँके जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो, चार जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे, एक जना आरोपितलाई जिल्ला अदालतले बाल सुधार गृहमा पठायो भने यौन दुर्व्यवहारका एक जना आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा गरेको इन्सेकमा अभिलेख भयो । यसै गरी विद्यालयका प्रधानाध्यापक, शिक्षिका, शिक्षकले कुटपिट गर्दा तीन जना बालबालिका पीडित भए भने एक जना बालकलाई विद्यालयको शौचालयमा थुनेर यातना दिएको घटना अभिलेखित छ । मानव बेचबिखन तथा ओसार पसारका पाँच घटनामा १८ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ५२ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा १ सय ६६ जनाको मिलापत्र भयो । ३६ ओटा मुद्दा अदालतमा पठाएको, १६ जनाको मुद्दामा काम गर्न बाँकी रहेको र ३४ जनाको मुद्दा पीडित सम्पर्कमा नआएकोले त्यतिकै रहेका छन् । मिलापत्रको अधिकार स्थापित भयो कि भएन भनेर प्रहरीले अनुगमन गरेको सेवा केन्द्रकी असई श्यामकुमारी पाइजा मगरले बताइन ।

यस वर्ष बाँके जिल्लामा महिला अधिकार उल्लङ्घनका घटनाबाट १ सय २६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । नौ जना बलात्कार, सात जनाको परिवारजनबाट हत्या, १ सय १६ जना घरेलु हिंसाका घटनाबाट पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनामा सात जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपित यस वर्षको अन्तयसम्म फरार, एक जना आरोपितलाई जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा र एक जना आरोपितलाई उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासले पुनरावेदनमा धरौटीमा रिहा गऱ्यो । परिवारजनबाट हत्याका दुई ओटा घटनाका आरोपितलाई जिल्ला अदालतले साधारण तारिखमा रिहा, दुई ओटा घटनाका आरोपितलाई जिल्ला

अदालतले पुर्पक्षका लागि थुनामा, एउटा घटनाका आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा, एउटा घटनाका आरोपितलाई जिल्ला अदालतले जन्मकैदको फैसला गरेको इन्सेकमा अभिलेख भयो। घरेलु हिंसाका १ सय १४ घटनामा मिलापत्र भयो।

परिवारजनबाट हत्या

डुडुवा गाउँपालिका–६ पट्वारीपूर्वाकी ३५ वर्षीया राधा मुराउलाई २०७५ चैत १९ गते ५० वर्षीय पति बुद्धिलाल मुराउले परपुरुषसँग सम्बन्ध राखेको आरोपमा फरुवा प्रहार गरेर हत्या गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालय, बाँकेमा उजुरी दियो । शवको पोष्टमार्टम चैत १९ गते भेरी अञ्चल अस्पतालमा भयो । आरोपितलाई प्रहरीले २०७६ वैशाख ८ गते गिरफ्तार गऱ्यो । जिल्ला अदालत बाँकेमा आरोपित विरुद्ध जेठ २ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता भयो । जिल्ला अदालतले जेठ ३ गते आरोपितलाई पुर्पक्षका लागि कारागार पठायो । जिल्ला अदालतले भदौ ३१ गते २५ वर्ष कैद फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

बाँके जिल्लामा केन्द्रीय अस्पताल एउटा, आधारभुत स्वास्थ्य केन्द्र १७ ओटा, सहरी स्वास्थ्य केन्द्र १० ओटा, प्रथामिक स्वास्थ्य केन्द्र तीनओटा रहेका छन् । आठ ओटै स्थानीय तहमा रहेका प्रत्येक स्वास्थ्य चौकीमा ६/६ जना, प्रत्येक आधारभुत स्वास्थ्य केन्द्रमा तीन/तीन जना, प्रत्येक स्थानीय तहमा भएका प्रथामिक स्वास्थ्य केन्द्रमा १३ जना दरबन्दीअनुसारकै कर्मचारी रहेका छन् भने तीन जना डाक्टर दरबन्दी रहेकोमा दुई जना मात्र रहेको स्वास्थ्य कार्यालय बाँकेका प्रमुख धिरजङ्ग शाहले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार						
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	५		१			६
बलात्कार	४				४	८
विद्यालयमा शारीरिक सजाय		२		१		३
यौन दुर्व्यवहार					१	१
जम्मा	९	२	१	१	५	१८

महिला अधिकार				
घटनाको प्रकार	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		८	९
बेचबिखन तथा ओसारपसार			१	१
घरेलु हिंसा		११४	३	११७
जम्मा	१	११४	१२	१२७

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	७	८

५.१२ बर्दिया

जम्मा जनसङ्ख्या	४,४५,७८५
महिला	२,३५,५१४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२१,१७८
कामका लागि बाहिरिएका	२५,०४४
अपाङ्गता भएका	८,१५७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,७८,००५

यस वर्ष बर्दिया जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ९६ जना महिला तथा चार जना पुरुषसहित १ सय जना र राज्यपक्षबाट दुई महिला र १८ जना पुरुष गरी २० जना पीडित भएको इन्सेकमा अभिलेख भयो। यस वर्ष अन्य पक्षबाट सात जना व्यक्तिको हत्या भयो भने उल्टो मन्त्र पढेर दुई जनाको हत्या गरेको भन्दै झाक्री विरूद्ध कथित बोक्साको आरोपमा प्रहरीमा उजुरी परेको घटना इन्सेकले अभिलेख गरेकोमा उक्त घटना यो वर्षको अन्त्यसम्ममा फैसला हुन सकेन् । बाल अधिकार उल्लङ्घनका घटनामा ४७ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ४१ जना पीडित भएको अभिलेख भयो।

गिरफ्तार

यस वर्ष बर्दिया जिल्लाबाट प्रतिबन्धित नेकपाका तीन जना महिलासहित २२ जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये जिल्ला अदालतले चार जनालाई साधारण तारेख, दुई जनालाई धरौटीमा र १० जना पार्टीको गतिविधिमा नलाग्ने प्रतिवद्धता जनाएपछि जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो । चार जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठाएको इन्सेकमा अभिलेख भयो।

बाँसगढी नपा–५ का प्रतिबन्धित नेकपाका बर्दिया जिल्ला कमिटी सदस्य तथा राजापुर नगर पालिका र गेरूबा गाउँपालिकाका क्षेत्रीय इञ्चार्ज शक्ति भन्ने ३२ वर्षीय विष्णु परियारलाई २०७६ वैशाख १२ गते प्रहरीले घरबाट गिरफ्तार गऱ्यो । गिरफ्तार विष्णु विरूद्ध गैरकानुनी रूपमा चन्दा उठाएको र राजमार्गमा विस्फोटक पदार्थ राखी त्रास फैलाएको आरोपमा इलाका प्रहरी कार्यालय, बाँसगढीले सरकारी वकिलको कार्यालयमार्फत जेठ ५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले जेठ ७ गते परियारलाई पुर्पक्षका लागि थुनामा पठायो । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

१ सय २५ जनाको क्षमता भएको 'ग'श्रेणीको बर्दिया कारागारमा २ सय ९ पुरूष, ११ महिला र कैद नतोकिएका ९१ पुरुष, चार महिला गरी ३ सय १५ कैदीबन्दी रहेका छन् । कारागारमा ज्येष्ठ

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	१८	३०			
कुटपिट					३	३	४
धम्की						१	१
हत्या					६	१	७
बाल अधिकार	बलात्कार				३८		३८
	यौन दुर्व्यवहार				९		९
	जम्मा				४७		४७
महिला अधिकार	बलात्कार				३३		३३
	बलात्कार प्रयास				३		३
	बहुविवाह				४		४
	बेचबिखन तथा ओसारपसार				६		६
	घरेलु हिंसा				५		५
	यौन दुर्व्यवहार				१		१
	जम्मा				४१		४१
कूल जम्मा		३	१८	३०	९६	४	१००

नागरिक एक महिला र १० पुरुष छन्। मानसिक रोगी छैनन्। महिलाहरूलाई बसाइमा समस्या नभए पनि पुरुष बस्ने भवनमा क्षमताभन्दा बढी कैदीबन्दी राख्दा बस्न सुत्न समस्या भएको कारागारका निमित्त प्रमुख चुडामणी बिकले बताए। क्षमताभन्दा बढी कैदीबन्दी भएका कारण शौचालय प्रयोगमा पालो कुर्नुपर्ने समस्या छ। स्वास्थ्यकर्मी नहुँदा सामान्य बिरामीलाई पनि बर्दिया अस्पतालमा लैजानुपर्ने बाध्यता रहेको कारागारका निमित्त प्रमुख बिकले बताए। नियमित तालिका अनुसार कैदी बन्दीको स्वास्थ्य परीक्षण गर्ने गरिएको छ। कैदी तथा थुनुवालाई कार्यालय समयभित्र भेट्ने व्यवस्था मिलाइएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष सरकारवादी फौजदारी मुद्दातर्फ ८ सय ३८ मुद्दामध्ये ४ सय २२ थान मुद्दा फैसला भए भने ४ सय १६ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ १ हजार ४ सय ३८ मुद्दामध्ये ८ सय ५ थान मुद्दा फैसला भए भने ६ सय ३३ मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका दुई थान फौजदारी मुद्दा र १३ थान देवानी मुद्दा फैसला हुन बाँकी रहे।

जिल्ला अदालतमा बाल इजलास छ। बालविज्याँइका आरोपत बालकहरूलाई राख्न बालसुधार केन्द्र जिल्लामा नहुँदा नेपालगञ्जमा लैजानु पर्ने बाध्यता भएको जिल्ला अदालत गुलरियाका श्रेस्तेदार यमप्रसाद बास्कोटाले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष ४९ हजार ९ सय ७६ बालक र ५१ हजार ७ सय १६ बालिका गरी १ लाख १ हजार ६ सय ९२ जना विद्यालयमा भर्ना भए। जिल्लाका नवनिर्मित विद्यालयहरू अपाङ्गमैत्री छन्। ८ हजार ५ सय ५९ दलित बालिका र ८ हजार ५ सय ६० दलित बालक गरी १७ हजार १ सय १९ जनाले ४ सयको दरले ६८ लाख ४७ हजार ६ सय र द्वन्द्वपीडित परिवारका १ सय ५६ बालबालिकालाई २२ लाख ४२ हजार रुपियाँ छात्रवृत्ति प्रदान गरिएको जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख रेविका आमात्यले बताइन्।

आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकारको पालना भएको देखिँदैन। शुल्क नउठाउने भनिएको भए पनि आर्थिक सहयोगको नाममा अभिभावकबाट शुल्क उठाइरहेको अवस्था छ। अपाङ्गता भएका व्यक्तिहरू आधारभुत तहको शिक्षाबाट पनि वञ्चित छन्। बर्दिया जिल्लामा अपाङ्ग छात्रछात्राका लागि तीन ओटा विद्यालय भए पनि १५ वर्ष भन्दामाथि उमेरपछि अर्को व्यवस्था नहुँदा उनीहरू शिक्षाबाट वञ्चित हुनु परेको बर्दिया अपाङ्गता पुनर्स्थापना केन्द्रका अध्यक्ष कृष्णबहादुर क्षेत्रीले बताए। बारबर्दिया नगरपालिकाले भने विद्यालय बाहिर रहेका गरिब र टुहुरा बालबालिकालाई आवासको व्यवस्था गरी शिक्षाको अधिकारलाई सुनिश्चित

गर्ने प्रयास गरेको बारबर्दिया नगरपालिकाका मेयर दुर्गाबहादुर थारुले बताए।

बालगृह दुई ओटा छन्। बालबालिकाहरू होटल, कारखानामा जोखिमपूर्ण कार्यमा संलग्न रहेको भए पनि उनीहरूको संरक्षणका लागि सम्बन्धित पक्षले ध्यान नदिएको कर्मशील नेपालका सचिव मुकुन्द सुवेदीले बताए। बढैयाताल गाउँपालिकाले बालविवाह विरूद्धको अभियान सञ्चालन गरेर गाउँपालिकालाई बालविवाह मुक्त स्थानीय तह बनाउने प्रयास गरिरहेको बढैयाताल गाउँपालिकाका अध्यक्ष लालबहादुर क्षेष्ठले बताए।

यस वर्ष बर्दिया जिल्लामा बाल अधिकार उल्लङ्घनमा ४७ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा ३८ जना, यौन दुर्व्यवहार घटनामा नौ जना बालिका पीडित भए। एक जना बालिकाको बलात्कारपछि हत्या र एक जना बालिकाको परिवारजनबाट हत्या भयो। बलात्कार घटनाका एक जना आरोपितले जिल्ला अदालतको फैसला अनुसार कैद सजाय र क्षतिपूर्ति, २२ जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । एक जना धरौटीमा रिहा भए । एक जना बालसुधार गृहमा पठाइए । एक जना आरोपित अनुसन्धानको क्रममा प्रहरी हिरासतमा र एक जना आरोपित फरार रहे। यौन दुर्व्यवहारका घटनामा जिल्ला अदालतको आदेश अनुसार दुई जना धरौटीमा रिहा भए। एक जना धरौटी बुझाउन नसकेपछि कारागार चलान भए। तीन जना पुर्पक्षका लागि कारागार, एक जना अभिभावकको जिम्मा र बलात्कारपछि हत्या घटनाका आरोपितलाई अदालतको आदेश अनुसार परिवारको जिम्मा र परिवारजनबाट हत्या घटनाका आरोपित पुर्पक्षको लागि कारागार पठाइएको अभिलेख इन्सेकसँग रहेको छ।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७६ वैशाख १७ गते बलात्कार गरेको आरोपमा गुलरिया नगरपालिका–५ का १९ वर्षीय अरूण थारू र १७ वर्षीय बालक विरूद्ध पीडित पक्षले वैशाख १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । घटनाका आरोपितहरूलाई वैशाख १७ गते प्रहरीले घरैबाट गिरफ्तार गरी जेठ २ गते जिल्ला अदालतमा पेस गरेकामा जिल्ला अदालतले जेठ २ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा र आरोपित बालकलाई नेपालगञ्जस्थित बालसुधार केन्द्रमा पठायो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख १८ गते जिल्ला अस्पताल, गुलरियामा भयो। बर्दिया जिल्ला अदालतले कात्तिक ३ गते अरूण थारूलाई दोषी ठहर गरी ११ वर्ष कैद र पीडितलाई ७५ हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो । अर्का आरोपित बालकलाई दोषी ठहर गरी ८ वर्ष २ महिना कैद र पीडितलाई ७५ हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ६० जना महिलाहरूले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ६० ओटा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घरनिकाला गरिएका २०, खानलाउन नदिएको १०, विवाह दर्ता तथा नागरिकता नबनाएको पाँच, सासूससुराबाट गालीबेइज्जती पाँच, मादक पदार्थ सेवन गरी गालीगलौज २० मुद्दा गरी ६० उजुरी दर्ता भए । सबै घटनामा मिलापत्र गराएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रहरी हवल्दार मीना तामाङले बताइन्।

सन् २०१९ मा बर्दिया जिल्लामा घरेलु हिंसाका घटनामा पाँच जना, बलात्कारका घटनामा २२ जना, यौन दुर्व्यवहारका घटनामा एक जना, बलात्कारको प्रयास घटनामा तीन जना, बहुविवाहका घटनामा चार जना, बेचबिखन तथा ओसारपसार घटनामा ६ जना गरी ४१ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका १२ जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा, दुई जना धरौटीमा रिहा, एक जना साधारण तारेखमा रिहा, एक जनाले धरौटी रकम बुझाउन नसक्दा कारागार चलान, एक जनाले सफाइ र एक जना आरोपित यस वर्षको अन्त्यसम्ममा फरार रहे । बलात्कार प्रयास घटनाका तीन जना आरोपित जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भए । मानव बेचबिखन तथा ओसारपसार घटनाका चार जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि कारागार, तीन जना साधारण तारेखमा रिहा र एक जना आरोपितले सफाइ पाए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति / संरचना क्षति

यस वर्ष बर्दिया जिल्लामा गेरूवा गाउँपालिका–६ को कार्यालयमा २०७६ असार २३ गते राति दुई/तीन जनाको समूहमा आएका अपरिचित व्यक्तिहरूको समूहले आगजनी गऱ्यो । आजगनीबाट ४ लाख ६० हजार रुपियाँ क्षति भएको गेरूवा गाउँपालिका–६ का अध्यक्ष टेकबहादुर चौधरीले बताए।

स्वास्थ्य सेवाको अवस्था

सबै स्थानीय तहका वडाहरूमा स्वास्थ्य केन्द्रहरू स्थापना हुन सकेका छैनन् । गुलरिया नगरपालिकाका दुई ओटा, बारबर्दिया नगरपालिकाको एक ओटा, राजापुर नगरपालिकाको दुई ओटा वडामा आधारभुत स्वास्थ्य केन्द्र स्थापना हुन बाँकी रहेका छन् । जसका कारण त्यस क्षेत्रका नागरिकहरूलाई स्वास्थ्य सेवा लिन समस्या हुने गरेको छ । स्वास्थ्य केन्द्र स्थापना भएका स्थानीय तहमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मीहरू छैनन्। दक्ष स्वास्थ्यकर्मीको अभावमा बिमारीहरूले समस्या भोग्नु परेको छ । दक्ष जनशक्ति र संरचनाको अभाव पनि उत्तिकै रहेको छ । स्वास्थ्य संस्थामा डाक्टर नहुँदा स्वास्थ्य संस्थामा भएका एक्सरे लगायत उपकरण प्रयोग हुन सकेका छैनन् । स्वास्थ्य संस्थाबाट पाउनु पर्ने निःशुल्क औषधिसमेत बिरामीले पाउन नसकेको अवस्था छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३५	३६
यौन दुर्व्यवहार	१	६	७
जम्मा	२	४१	४३

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१		२१	२२
बलात्कार प्रयास				३	३
बहुविवाह	१			३	४
बेचबिखन तथा ओसारपसार				४	४
घरेलु हिंसा		२	१	२	५
यौन दुर्व्यवहार	१				१
जम्मा	२	३	१	३३	३९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	७

कर्णाली प्रदेश

- क्षेत्रफल : ३०,२११ वर्ग कि.मि.
- जनसङ्ख्या : १५,७०,५८४
- साक्षरता प्रतिशत : ५८.४५
- जिल्ला : १०
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : २४
- नगरपालिका : २५
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७१८

६ कर्णाली प्रदेश परिचय

कर्णाली प्रदेश सरकारले आगामी पाँच वर्षभित्र कर्णालीबासीको प्रतिव्यक्ति आय २१ सय डलर पुऱ्याउने लक्ष्यसहितको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । तीन वर्षभित्रमा दुध र मासुजन्य पदार्थ, तथा पाँच वर्षमा खाद्यान्न, फलफुल र अण्डामा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने, प्रदेश सरकारले 'जनताको घरमा कर्णाली सरकार, उपेक्षित उत्पीडितको संरक्षण र सम्भार' भन्ने नाराका साथ गरिब तथा सिमान्तकृत समुदायको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने नीति तय गरेको छ । यस्तै एक घर, एक रोजगारी कार्यक्रम सञ्चालन गर्ने पनि योजना ल्याएको छ । प्रदेश सरकारले छोरी बीमा कार्यक्रम लागू गरेको छ।

सन् २०१५ र मानव अधिकार अवस्था

कर्णाली प्रदेशमा सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४ सय ८६ जना पीडित भएको अभिलेख भयो । गिरफ्तारका घटनामा ६२ जना, जातीय विभेदका घटनामा १८ जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ५० जना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार का घटनामा एक जना, बाल अधिकार उल्लङ्घनका घटनामा ६५जना, पीडित भए।

सन् २०१५ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



६.१ डोल्पा

जम्मा जनसङ्ख्या	३६,७००
महिला	१८,४६२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१५,४५५
कामका लागि बाहिरिएका	४४७
अपाङ्गता भएका	७४५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.१५
आश्रित जनसङ्ख्या	२१,०३५

देशकै ठूलो क्षेत्र ओगटेको जिल्ला हो डोल्पा। सडक सञ्जालले भर्खरै मात्र जोडिएको हिमाली जिल्ला डोल्पामा सडकका बीचबीचमा पर्ने ठूला–साना गरी १३ ओटा नदीहरूमा पुल नबनेकाले सडक सञ्जालमा जोडिए पनि वर्षाको समयमा यातायात सञ्चालनमा कठिनाइ छ।

यो वर्ष डोल्पामा राज्य पक्षबाट एक जनाको गिरफ्तारी र अन्य पक्षबाट ११ जना महिला सहित १९ जना गरी २० जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा सात जना महिला पीडित भए।

धम्की/कुटपिट

अन्य पक्षबाट

शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज सुलिगाड डोल्पाका संरक्षण अधिकृत ४२ वर्षीय प्रमोदकुमार यादवलाई जुम्ला घर भई निकुन्जमै कार्यरत ३५ वर्षीय देवेन्द्र जिसी, २५ वर्षीय मनिकृष्ण पाण्डे, ३६ वर्षीय हरि रावल, ३८ वर्षीय डिल्ली सुनार, ४२ वर्षीय महेश्वर रावल, २५ वर्षीय खगेन्द्र भण्डारी र २२ वर्षीय प्रकाश बुढाले ०७६ असार ७ गते राती कुटपिट गरे। यादवले ०७६ असार ८ गते जिल्ला प्रशासन कार्यलयमा उजुरी दिए। प्रहरीले घटनामा संलग्न सात जना कर्मचारीलाई ०७६ असार ८ गते बिहान निकुन्ज कार्यालयबाट गिरफ्तार गऱ्यो। प्रहरीले असार ८ गते नै जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक मुद्दा दर्ता गऱ्यो। यार्सागुम्बा सङ्कलकहरूबाट राजश्व उठाएर कार्यालय फर्केका कर्मचारीले मादकपदार्थ सेवन गरी कार्यालय प्रमुख यादवमाथि आक्रमण गरेका थिए। आरोपितहरूले राजश्व वापत उठेको ७० लाख रुपियाँ बैङ्कमा जम्मा गर्न अनुमति माग्दा प्रमुख यादवले पूरै रकम नहेरी जम्मा गर्नु नहुने बताएपछि कर्मचारी र प्रमुख यादवबीच विवाद भएको थियो। सार्वजनिक अपराध अन्तर्गतको मुद्दा दर्ता भएकोमा आरोपितहरू जनही २ हजार रुपियाँ धरौटीमा ०७६ असार १३ गते रिहा भए। यो वर्ष अन्त्यसम्म मुद्दाको फैसला भएन।

गिरफ्तार

बाँके जिल्ला कोहलपुर नगरपालिका– ७ पिपेरीका १८ वर्षीय भरत पाहाडीलाई ०७५ पुस २३ गते सुलिगाड प्रहरीले गिरफ्तार गऱ्यो। प्रतिबन्धित नेकपाका युवा इन्चार्ज पाहाडीलाई सरकारी

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
जातीय विभेद				३	५	८
गिरफ्तार		१	१			
कुटपिट					३	३
बाल अधिकार	बलात्कार			१		१
	यौन दुर्व्यवहार			१		१
	जम्मा			३		३
महिला अधिकार	बलात्कार प्रयास			१		१
	घरेलु हिंसा			६		६
	जम्मा			७		७
जम्मा		१	१	११	८	१९

कर्मचारीसँग चन्दा मागेर धम्की दिइरहेको अवस्थामा गिरफ्तार गरेको प्रहरीले जनायो । डर, धाक र धम्की दिने गरेको र प्रमाण सहित फेला पारेपछि सार्वजनिक कुसर ऐनअनुसार ०७५ पुस २४ नै मुद्दा दर्ता गरिएको डिएसपी अवधेश बिष्टले जानकारी दिए । पाहाडी जिल्ला प्रशासन कार्यालयमा ०७५ पुस २७ गते पार्टी छोड्ने र आपराधिक गतिविधिमा संलग्न नहुने लिखित कागज गरेपछि रिहा भए ।

कारागार र बन्दी

२५ जनाका क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागारमा २० जना कैदी र १३ जना थुनुवा गरी ३३ जना छन् । कारागारमा महिला बन्दी छैनन् । आश्रित बालबालिका छैनन् । कारागारको चार कोठे भवन जीर्ण छ । क्षमता भन्दा कैदी/बन्दी भएकाले कोचिएर बस्नु पर्ने बाध्यता छ । कैदी तथा थुनुवा बन्दीहरूलाई महिनाको तीनपटक जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गर्ने गरिएको कारागार प्रमुख दिनेश राउवतले बताए । नाइके विश्वास पुनले कारागारमा विद्युत, खानेपानी तथा मनोरञ्जनका सामग्रीको अभाव रहेको बताए । कैदी तथा बन्दीलाई हप्ताको एकपटक आफन्तसँग भेटघाट गर्ने व्यवस्था मिलाएको कारागार प्रमुख रावतले बताए ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १६ मध्ये १४ थान फैसला भए भने देवानी मुद्दातर्फ १४ मध्ये चार फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन् । जिल्ला अदालत डोल्पामा धेरै सङ्ख्यामा मुद्दाहरू नभए पनि भएका मुद्दाहरूको सुनुवाइमा ढिला भइरहेको जिल्ला बार एशो सिएसनका अध्यक्ष रामप्रसाद बुढाले बताए । न्यायाधीश जिल्लामा नियमित नबस्नु, भौगोलिक विकटता सञ्चार, विद्युत लगायत सुविधाको अभाव छन् । जिल्ला अदालतका अधिकृत विदुर प्रसाद कोइरालाले थोरै मुद्दा दर्ता हुने गरेकाले पनि न्यायाधीशहरू जिल्लामा नियमित बस्ने नगरेको बताए । अदालतमा मुद्दाको चाप छैन । गम्भीर प्रकृतिका मुद्दा दर्ता भएमा न्यायाधीश जिल्लामै बस्ने गरेको कोइरालाको दावी छ ।

बाल अधिकार

शिक्षाको अवस्था

बालअधिकार ऐन तथा संविधानमा उच्च तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था उल्लेख गरे पनि यहाँका बालबालिकाले निःशुल्क शिक्षा प्राप्त गर्न सकेका छैनन् । कहिले परीक्षा शुल्कको नाममा त कहिले किताबको नाममा विद्यालयहरूले विद्यार्थीहरूबाट रकम असुल्दै आइरहेको त्रिपुरा मावि, त्रिपुराकोटका अभिभावक सङ्घका अध्यक्ष पुरिप्रसाद हमाल बताउँछन् । अहिले कक्षा ११ का बालबालिकाले भर्ना शुल्क बापत ५ हजार, परीक्षा शुल्क बापत १ हजार र कक्षा १२ का बालबालिकाले भर्ना शुल्क ८ हजार, परीक्षा शुल्क १ हजार ५ सय तिर्नु परिहेकोले पनि उच्च शिक्षासम्म निःशुल्क भन्ने सरकारी भनाइ नारामा मात्र सीमित भएको छ । सरकारले कक्षा १ देखि माविसम्मका बालबालिकालाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइने भने पनि निमावि तहदेखि माथिका बालबालिकाले पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्न सकेका छैनन् । अझै २ हजार बालबालिका विद्यालय पहुँच बाहिर रहेको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले जनाएको छ । कर्णाली प्रदेश सरकारले पहिलो पटक छोरीहरूलाई विद्यालयप्रति आकर्षण गर्न 'छोरी बैङ्क खाता' कार्यक्रम सुरु गरेको छ ।

यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकमा अभिलेख

भयो । जसमा बलात्कार र यौन दुर्व्यवहार घटनामा एक/एक जना पीडित भए । १७ वर्षीय बालक संलग्न रहेको बलात्कारको घटनाका आरोपित बालकलाई जिल्ला अदालतले नेपालगञ्जस्थित बालसुधार गृहमा पठायो भने अर्का आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा मुद्दा दर्ता भयो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै दुई जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा निवेदन दर्ता गराए । दुवै घटनामा वडाअध्यक्षको रोहवरमा वडा कार्यालयमा मिलापत्र भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक से वा केन्द्रले जनायो ।

यस वर्ष महिला अधिकारका घटनामा सात जना महिला पीडित भएको अभिलेख भयो । जसमध्ये घरेलु हिंसाको घटनामा ६ जना र बलात्कार प्रयासको घटनामा एक जना पीडित भए ।

घरेलु हिंसा

छार्काताङसोङ गाउँपालिका–४ काककोटकी २८ वर्षीया क्याङजु गुरुङलाई पति ३५ वर्षीय फुर्वा गुरुङले ०७६ जेठ १९ गते कुटपिट गरे । कुटपिटबाट हात भाँचिएको भन्दै पीडितले पतिका विरूद्ध जेठ २० गते जिल्ला प्रहरी कार्यालय, दुनैमा उजुरी दिइन् । प्रहरीले आरोपितलाई जेठ २१ गते काककोटबाटै गिरफ्तार गऱ्यो । पीडित गुरुङलाई उपचारको लागि जेठ २१ गते नै नेपालगन्ज लगियो । उनको उपचार नेपालगन्जस्थित भेरी अञ्चल अस्पतालमा भयो । क्वाङजु गुरुङ उपचार गरी फर्केपछि ०७६ असार २६ गते जिल्ला प्रहरी कार्यालयमा छलफल हुँदा 'अब आइन्दा कुटपिट नगर्ने मिलेर बस्ने यदि कुनै गुनासो आएमा प्रहरीले दिने जस्तोसुकै दण्ड भोग्न तयार हुने छु' भन्ने लिखित कागज गरेपछि मिलापत्र भयो ।

सबै प्रकारका जातीय विभेद

यस वर्ष सबै प्रकारका जातीय विभेदका ६ ओटा घटना इन्सेकले अभिलेख गऱ्यो । यी घटनामध्ये पाँच ओटामा मिलापत्र र एक घटनामा कुनै कारबाही भएन ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना क्षति

मुड्केचुला गाउँपालिका १, २ र ३ वार्डको संयुक्त कार्यालयमा ०७६ भदौ २२ गते प्रतिबन्धित नेकपाका कार्यकर्ताले बम विस्फोट गराई क्षति पुऱ्याए । विष्फोटबाट कार्यालय ध्वस्त भएपछि कार्यालयमा राखिएका सम्पूर्ण कागजपत्र समेत जलेर नष्ट भएको गाउँपालिका अध्यक्ष दत्तबहादुर शाहीले बताए । यसैगरी ठूलीभेरी नगरपालिका– ७ जुफालमा रहेको नगर कार्यालयलाई लक्षित गरी ०७६ भदौ २८ गते नगर ढोकामै राखिएको सकेट बम नेपाली सेनाले निस्कृय बनायो । सरकारी कार्यालय लक्षित बम फेला पर्न थालेपछि जिल्लाको सुरक्षा सर्तकता अपनाइएको प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीले बताए ।

खाद्य अधिकार

हिमाली जिल्ला डोल्पाका दुई गाउँपालिकामा विगत झैं यस वर्ष पनि खाद्य संकट भयो । मुड्केचुला गाउँपालिका र शे फोक्सुण्डो गाउँपालिकाका ग्रामीणबस्तीहरूमा खाद्यन्न संकट भयो । मुड्केचुला गाउँपालिकामा पर्ने कालिका, इलनिलदह, सर्मी र शे फोक्सुण्डो गाउँपालिकाका फोक्सुण्डो, भिजेर, पुग्मो, साल्दाङलगायतका बस्तीहरूमा खाद्य संकट भएको हो । मुड्केचुला गाउँपालिकाको लागि आर्थिक वर्ष ०७५।०७६ का लागि ३ हजार क्वीन्टल चामल विनियोजन भई आपूर्ति समेत भएर सकिएको र नयाँ आर्थिक वर्षको लागि भर्खरै मात्र टेण्डर खोलेकाले भदौ को दोस्रो हप्ता भित्रमा चामल सम्बन्धित बस्तीमा पुग्ने नेपाल खाद्य संस्थान डोल्पा शाखा प्रमुख कमलराज पाण्डेले बताए पनि यो वर्षको अन्त्यमा मात्र खाद्यान्न पुग्यो । नेपाल सरकारले ढुवानी अनुदानमा खाद्यान्न तथा नुन उपलब्ध गराउँदै आएको छ ।

स्वास्थ्य सेवाको अवस्था

स्थानीय तहका स्वास्थ्य चौकीहरूको व्यवस्थापनमा ध्यान नपुग्दा औषधीको अभाव भयो । दुनैमा १५ शैया अस्पतालमा स्थापनाकाल देखि नै विशेषज्ञ सेवाको अभाव छ । विशेषज्ञ सेवाको अभावमा सामान्य रोगको उपचार गर्न समेत नेपालगन्ज लगायतका सुविधा सम्पन्न शहरहरूमा जानुपर्ने बाध्यता छ । जिल्ला अस्पताल डोल्पामा नवौं तहको विशेषज्ञ डाक्टरको दरबन्दी भए पनि ८ औं तहका डाक्टरहरूले मात्र

सेवा दिइरहेको अस्पतालका डाक्टर सिजन रावलले बताए। डोल्पाका प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीका अनुसार मुडकेचुला गाउँपालिका– २ ज्याठाटोकी २२ वर्षीया ललिता शाही, जगदुल्ला गाउँपालिका– ५ माझगाउँकी १९ वर्षीया लवना बोहरा र वडानम्बर ३ जगदुल्लाकै विषालु विक त्रिपुरासुन्दरी नगरपालिका २ की १८ वर्षीया अनिसा बुढालाई प्रसूति सेवाका लागि हेलिकप्टर मार्फत उद्दार गरियो। सरकारले ०७५ सालबाट जिल्लामा स्वास्थ्य बिमा तथा ज्येष्ठ नागरिक बिमा लागु गरे पनि प्रभावकारी बन्न सकेको छैन । रुघाखोकी र ज्वरोले सताएर उपचारको लागि त्रिपुराकोट स्वास्थ्य चौकी पुगेकी त्रिपुरासुन्दरी– १ गल्लीकी मनमाया शाहीले पारासिटामोल समेत नपाएर खाली फर्कनु परेको बताइन्।

डोल्पाका प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीका अनुसार मुडकेचुला गाउँपालिका २ ज्याठाटोकी २२ वर्षीया ललिता शाही, जगदुल्ला गाउँपालिका ५ माझगाउँकी १९ वर्षीया लवना बोहरा र वडानम्बर ३ जगदुल्लाकै विषालु विक त्रिपुरासुन्दरी नगरपालिका २ की १८ वर्षीया अनिसा बुढालाई सुत्केरी व्यथा लागेपछि हेलिकप्टर मार्फत उद्दार गरियो।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
यौन दुर्व्यवहार	१		१
जम्मा	१	१	२

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार प्रयास		१		१
घरेलु हिंसा	१	४	१	६
जम्मा	१	५	१	७

६.२ मुगु

जम्मा जनसङ्ख्या	५५,२८६
महिला	२७,२६१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२५,७८४
कामका लागि बाहिरिएका	६९९
अपाङ्गता भएका	१,५१७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५१.२५
आश्रित जनसङ्ख्या	३५,४०१

यस वर्ष खत्याड, सोरु र कार्मारोङ गाउँपालिकामा नेपाल खाद्य संस्थानका डिपो तथा बिक्री केन्द्रमा खाद्यान्न उपलब्ध नहुँदा स्थानीयबासी मर्कामा परे। खाद्य संस्थान केन्द्रीय कार्यालयले खाद्य संस्थान मुगु शाखासहित जिल्लाका अन्य स्थानीय तहमा रहेका डिपो तथा बिक्री केन्द्रलाई आर्थिक वर्ष २०७६/०७७ का लागि आवश्यक कोटा निर्धारण गरिसकेको भए पनि असार महिनादेखि खाद्य मौज्दात शुन्य रहेका ती डिपो तथा बिक्री केन्द्रमा अहिलेसम्म पनि खाद्यान्न ढुवानी भएन। यो आर्थिक वर्षका लागि नेपाल खाद्य संस्थान केन्द्रीय कार्यालयले मुगु शाखाका लागि १० हजार, सोरुकोट डिपोका लागि २ हजार २ सय, पुलु डिपोका लागि २ हजार, श्रीकोट डिपोका लागि १ हजार २ सय र रातापानी डिपोका लागि ८ सय क्विन्टल खाद्यान्न कोटा निर्धारण गरेको थियो। यो वर्षको अन्तसम्म पनि खाद्य संस्थान मुगु शाखामा खाद्यान्न ढुवानी भएको भए पनि अन्य तीन खाद्यान्न डिपो र दुई बिक्री केन्द्रमा खाद्यान्न ढुवानी भएको छैन। ढुवानीको जिम्मा लिएका ठेकेदारको लापरबाहीका कारण खाद्यान्न नपुगेको संस्थानले बताएको छ।

यो वर्ष मुगु जिल्लामा राज्यपक्षबाट यातनाका घटनामा दुई जना पुरुष, गिरफ्तारीका घटनामा आठ जना पुरुष र मातृशिशुसम्बन्धी घटनामा एक जना महिलासहित ११ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अन्य पक्षबाट विभिन्न घटनामा ११ जना महिलासहित १५ जना पीडित भएका घटना अभिलेख भयो।

गिरफ्तार

यो वर्ष मुगु जिल्लामा प्रतिबन्धित नेकपाका आठ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको घटना इन्सेकले अभिलेख गऱ्यो। तीमध्ये जिल्ला अदालतको आदेशपछि दुई जना रिहा भए भने अन्य चार जनालाई जिल्ला प्रशासनले धरौटी रकम लिएर साधारण तारेखमा रिहा गरेको र दुई जनालाई जेठ ८ गते पुर्पक्षका लागि थुनामा पठायो। प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले एक वर्ष भन्दा कम समय कैद तोक्नुपर्ने मुद्दाका आरोपितलाई म्याद थप, गर्न आवश्यक नभएकाले यस्ता खालका घटनामा म्याद थप नगरिने बताए।

सोरु गाउँपालिका–६ निवासी प्रतिबन्धित नेकपाका जिल्ला सदस्य ३६ वर्षीय राजबहादुर भाम

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार			८	८			
यातना			३	३			
कुटपिट					३	४	६
हत्या					१		१
बाल अधिकार	बालविवाह				१		१
	यौन दुर्व्यवहार				१		१
	जम्मा				३		३
महिला अधिकार	बलात्कार				१		१
	प्रसूति सेवा	१		१			
	घरेलु हिंसा				३		३
	यौन दुर्व्यवहार				३		३
	जम्मा	१		१	६		६
जम्मा		१	१०	११	११	४	१५

(उदय) लाई प्रहरीले ०७६ वैशाख ८ गते आफ्नै घरमा बसिरहेका समयमा गिरफ्तार गऱ्यो। चन्दा सङ्कलन गरेको आरोपमा गिरफ्तार गरिएका भामलाई जिल्ला प्रशासन कार्यालय, मुगुले जेठ ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

कारागार र बन्दी

कारागार शाखा मुगुको आफ्नै भवन नहुँदा थुनुवा र कैदीलाई जुम्ला, सुर्खेत, दैलेख, बाँके दाङ जिल्लाको कारागारमा पठाउनु पर्ने बाध्यता रहेको छ। कारागारको प्रशासनिक कार्य जिल्ला प्रशासन कार्यालयमा रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष दुनियावादी देवानी जम्मा २८ मुद्दा मध्ये १४ मुद्दा फैसला भए १४ फैसला हुन बाँकी रहेका छन्। दुनियावादी फौजदारी मुद्दा जम्मा ११ मध्ये आठ फैसला भएको र तीन फैसला हुन बाँकी रहेका, सरकारवादी फौजदारीमा २१ थान दर्ता भएकामध्ये आठ थान फैसला १३ थान फैसला हुन बाँकी रहेका छन्। मुगु जिल्ला अदालतमा एक जना दरबन्दी रहेका न्यायाधीशलाई हरेक वर्ष हिउँदे मौसममा तीन महिना काजमा अन्य जिल्ला पठाउने गरेकाले पुस र माघ महिनामा अदालती र फैसलासम्बन्धी काम ठप्प हुने गरेका जिल्ला अदालतका नायब सुब्बा अष्ट अधिकारीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

मुगुमा १ सय २१ आधारभूत र २५ मावि छन्।१ सय २० प्रारम्भिक बालविकास केन्द्र, ३ सय संस्थागत विद्यालयतर्फ ११ आधार भूत तह र २ मावि तह छन्। यस वर्ष सामुदायिकतर्फ ७ हजार ८ सय ५१ बालक र ५ हजार ९ सय ८४ बालिका भर्ना भए। संस्थागततर्फ ६ हजार ३ सय ८७ बालक र ४ हजार ९ सय ९७ बालिका भर्ना भए। जिल्लामा नवनिर्मित विद्यालयहरू अपाङ्गमैत्री छैनन्। दलित विशेष छात्रवृत्ति तथा अन्य कुनै खाले छात्रवृत्ति यो वर्ष कसैले पनि नपाएको शिक्षा समन्वय इकालका प्रमुख सूर्यबहादुर खत्रीले बताए। यस वर्ष १२ द्वन्द्वपीडित परिवारका बालबालिकाले पनि छात्रवृत्ति पाएनन्।

जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख सुर्यबहादुर खत्रीका अनुसार विद्यालय जाने उमेरका कुनै पनि बालबालिका विद्यालय पहुँचभन्दा बाहिर रहेका छैनन्। यो वर्ष जिल्लाका ११ बालबालिकालाई निःशुल्क पढाइदिने प्रलोभनमा काठमाडौँको केही बालगृहबाट उद्धार गरी परिवारसँग पुनर्मिलन गराइएको छ। चारै स्थानीय तहमा बालकल्याण समिति गठन नहुँदा बालबालिकासम्बन्धी सबैखाले गतिविधि ठप्प छन्।

यो वर्ष इन्सेकले एक जना बालिकाको बालविवाह र एक जना बालिकालाई यौन दुर्व्यवहार भएका घटना अभिलेख गऱ्यो। दुवै घटनाका आरोपित कानुनी दायरामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २५ जना

महिलाले महिला, बालबालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट १५, विवाह दर्ता नगरेको पाँच, अर्की श्रीमती ल्याएर हेला गरेको दुई, सामान्य घरायसी झगडाका आठ उजुरी छन्। यीमध्ये प्रहरीले १५ ओटामा मिलापत्र गरायो भने १० जना उजुरीकर्ता सम्पर्कमा आएनन्।

इन्सेकले घरेलु हिंसाका तीन, बलात्कारको एक र यौन दुर्व्यवहारका दुई तथा मातृशिशु स्वास्थ्यसम्बन्धी एक गरी सात जना महिला पीडित भएको अभिलेख गऱ्यो।

यो वर्ष एक जना महिला बलात्कारबाट र दुई जना यौन दुर्व्यवहारबाट पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बलात्कार प्रयास गरेको भन्दै प्रहरीमा परेको एक उजुरी यौन दुर्व्यवहारमा परिणत गरेर अदालतले सफाइ दिएको छ। बलात्कारका दुई ओटा घटनामा प्रहरीले आरोपितलाई अदालत पेश गरेको भए पनि दावी नपुगेको भन्दै अदालतले सफाइ दियो।

परिवारजनबाट हत्या

कालीकोट जिल्ला खाँडाचक्र नपा–३ ताडीगाउँकी २७ वर्षीया नानी कोइराला पाण्डेलाई ३५ वर्षीय पति लक्ष्मी पाण्डेले ०७६ असार ३ गते राति कुटपिट गरी हत्या गरेको भन्दै मृतकका माइतीपक्षले असार ६ गते जिल्ला प्रहरी कार्यालय, मुगुमा उजुरी दियो। असार ६ गते आरोपितलाई प्रहरीले उनको निवासबाटै गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम असार ८ गते जिल्ला अस्पताल, ठिनीमा भयो। आरोपितलाई ०७६ असार २३ गते न्यायाधीश गोपालप्रसाद बास्तोलाको इजलासले पुर्पक्षको लागि थुनामा राख्ने आदेश अनुसार आरोपित पाण्डे हाल जुम्ला कारागारमा रहेका छन्। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचान क्षति

खत्याड गाउँपालिका–२ जामागाउँको बजार क्षेत्रमा साउन १९ गते राति अज्ञात पक्षले आगो लगाउँदा तीन ओटा घरमा क्षति भयो। मध्यरातमा भएको आगजनीमा परी खत्याड गाउँपालिका–२ जामागाउँको बजार क्षेत्रमा रहेको सोही वडाका वडाअध्यक्ष ३७ वर्षीय लालबहादुर मल्लको घर र मल्लका घरसँगै जोडिएका अन्य दुई स्थानीयका घरमा क्षति पुगेको थियो। वडा अध्यक्ष मल्लको तीन तले पक्की घरमा आफन्त सुतिरहेको समयमा मूल ढोका बन्द गरेर भ्याल र ढोकामा पेट्रोल तथा मट्टितेल छर्केर अज्ञात पक्षले आगो लगाएको पीडितले बताए। आगजनीबाट आफ्नो घरको २ करोड ५० लाख रुपियाँ बराबरको क्षति भएको र वडा कार्यालयका महत्वपूर्ण सामग्री जलेर नष्ट हुनुका साथै १० लाख रुपियाँ बराबरको क्षति भएको वडाअध्यक्ष मल्लले बताए। यस्तै आगजनीबाट टक्कबहादुर मल्लको २५ लाख रुपियाँ बराबरको र पदमबहादुर बुढाको ७ लाख रुपियाँ बराबरको क्षति भएको पीडितहरूले बताए।

स्वास्थ्य सेवाको अवस्था

मुगु जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथामिक स्वास्थ्य केन्द्र २४ स्वास्थ्य चौकी र नौ ओटा सामुदायिक स्वास्थ्य इकाइ छन्। जिल्ला अस्पतालमा गाइनोकोलोजिस्ट एक जना सर्जन एक जना मेडिकल अधिकृत चार जना चार जना डाक्टरको दरबन्दी भए पनि एक जना मेडिकल अधिकृत जिल्ला अस्पतालमा कार्यरत छन्। प्राथामिक स्वास्थ्य केन्द्रमा एक जना मेडिकल अधिकृत कार्यरत छन्। अन्य सबै दरबन्दी रिक्त छन्। जिल्ला अस्पतालमा चार जना डाक्टर करारमा कार्यरत छन्। जिल्ला अस्पतालअन्तर्गत हेल्थ अस्टिटेन्टको दरबन्दीमा एक जना कार्यरत छन् भने तीन जना करारमा कार्यरत छन्। दुई जना अनमीको दरबन्दी भएपनि दुई जना करारमा कार्यरत रहेका छन् अहेवको दरबन्दी ५४ जनाको रहेकामा सबै कार्यरत छन्।

मुगुम कार्मारोङ गाँउपालिका–१ चिताइगाँउकी ३५ वर्षीया पासाङ फुटिक तामाङको ०७६ असार १८ गते अत्यधिक रक्तश्रावका कारण मृत्यु भयो। रक्तश्राव नरोकिए पछि कर्णाली प्रदेश सरकारले सञ्चालन गरेको हेलिकप्टर सेवाका लागि गाउँपालिकालाई अनुरोध गरिएको थियो। गाउँपालिकाले समयमै प्रदेश सरकारलाई जानकारी नदिँदा तामाङको मृत्यु भएको पीडित परिवारले जनायो।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१	१
यौन दुर्व्यवहार	१	१
जम्मा	२	२

महिला अधिकार			
घटनाको प्रकार	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
प्रसूति सेवा	१		१
घरेलु हिंसा	१	२	३
यौन दुर्व्यवहार		२	२
जम्मा	२	५	७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

६.३ हुम्ला



जम्मा जनसङ्ख्या	५०,८५८
महिला	२५,०२५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२७,५६२
कामका लागि बाहिरिएका	६८२
अपाङ्गता भएका	२,४११
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७.८२
आश्रित जनसङ्ख्या	२७,०१६

यस वर्ष हुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यपक्षबाट एक महिलासहित दुई जना र अन्य पक्षबाट १५ जना महिलासहित २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बालिका बलात्कारको एक र महिला अधिकार उल्लङ्घनका १३ ओटा घटना अभिलेख भए।

धम्की /कुटपिट

यो वर्ष कुटपिटका घटनामा आठ जना र धम्कीका घटनामा तीन जना पीडित भएको विवरण इन्सेकले अभिलेख गऱ्यो। सिमकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई वडाध्यक्षले दिएको धम्कीको घटना जिल्ला प्रशासन कार्यालयसम्म पुगेको भए पनि मिलापत्रमा टुङ्गियो। ताँजाकोट गाउँपालिका अध्यक्षलाई प्रतिबन्धित नेकपाका हुम्ला जिल्ला सेक्रेटरीले फोनबाट अन्तर जिल्ला जोड्ने सडकको शिलान्यासको विषयमा धम्की दिए। जिल्ला अदालतका नायब सुब्बालाई कुटपिट गरेको घटना अदालतसम्म पुगे पनि कुटपिटका अन्य घटनामा मिलापत्र भएको इन्सेकले अभिलेख गऱ्यो। हुम्ला जिल्लामा ०७६ मङ्सिर १४ गते भएको उपनिर्वाचनका क्रममा नेकपा र नेपाली काँग्रेसका कार्यकर्ताबीच भएको झडप घटना इन्सेकले अभिलेख भयो।

गिरफ्तार

ताँजाकोट गाउँपालिका–५ निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता २१ वर्षीय उपेन्द्र रावतलाई २०७६ भदौ २९ गते प्रहरीले गिरफ्तार गऱ्यो। रावतले हुम्लाका सरकारी कार्यालयहरूबाट चन्दा सङ्कलन गरेको आरोपमा प्रहरीले सदरमुकाम सिमकोट बजारबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, हुम्लाका डिएसपी रामप्रसाद घर्तीमगरले बताए। जिल्ला अदालतको २०७६ असोज १० गतेको आदेश अनुसार उनलाई पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय हुम्लाको हिरासतमा राखिएको डिएसपी घर्तीमगरले जानकारी दिए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारको भवन नभएकाले प्रहरी हिरासतमा सात जना थुनुवा रहेका छन्। हुम्लामा ६५ वर्षमाथिका थुनुवा छैनन्। हुम्लामा २०३३ सालमा स्थापना भएको एकमात्र कारागारको भवन

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
जातीय विभेद					१	१	२
गिरफ्तार			१	१			
कुटपिट						८	८
धम्की						३	३
बाल अधिकार	बलात्कार				१		१
	जम्मा				१		१
महिला अधिकार	कथित बोक्सीको आरोप				१		१
	बलात्कार प्रयास				१		१
	प्रसूति सेवा	१		१			
	घरेलु हिंसा				११		११
	जम्मा	१		१	१३		१३
जम्मा		१	१	२	१५	१३	२८

छैन । थुनुवा बन्दीहरूलाई महिनाको तीनपटक र आवश्यक परेका बेला चिकित्सकलाई बोलाएर पनि स्वास्थ्य परीक्षण गर्ने गरिएको कारागारका प्रमुख डवल रावतले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ४८ मध्ये ३७ थान फैसला भए भन ११ फैसला हुन बाँकी रहे । देवानी मुद्दातर्फ ५३ मध्ये ३५ फैसला भए भने १८ थान फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेको एक थान देवानी मुद्दा बाँकी छ। जिल्ला अदालतमा धेरै सङ्ख्यामा मुद्दाहरू नभए पनि भएका मुद्दाहरूको सुनुवाइमा ढिला भइरहेको बार एशोसिएसनका जिल्ला अध्यक्ष मङ्गल शाहीले बताए। न्यायाधीश जिल्लामा नियमित नबस्ने, भौगोलिक विकटता, सञ्चार, विद्युत लगायतको सुविधा नहुँदा कार्यसम्पादनमा समस्या हुने गरेको शाहीले बताए । वर्षमा बढीमा तीन महिनाजति न्यायाधीश जिल्लामा बस्ने गरेकाले पनि न्याय सम्पादनमा ढिलाइ भइरहेको बताउँदै उनले न्यायाधीशलाई जिल्लामा नियमित रूपमा बस्नैपर्ने व्यवस्थाको लागि सरकारले ध्यान दिनुपर्ने उल्लेख गरे।

बाल अधिकार

शिक्षाको अवस्था

हुम्लामा १ सय २० आधारभूत र २६ मावि छन् । सामुदायिक विद्यालयतर्फ १ सय ४६ प्रारम्भिक बालविकास केन्द्र, आधारभूत तह र २० मावितह छन् । संस्थागत विद्यालयतर्फ १ आधारभूत तहर ७ मावि तह छन् । यस वर्ष सामुदायिकतर्फ १० हजार १ सय ४० बालक र १३ हजार ३५ बालिका विद्यालय भर्ना भए । संस्थागत तर्फ ५ सय ६६ बालक र ६ सय ४ बालिका भर्ना भए । जिल्लामा अपाङ्गमैत्री विद्यालयहरू छैनन्। १ हजार ८ सय ५ दलित बालक र १ हजार ७ सय ४५ दलित बालिकाले ३ हजारका दरले १ लाख ६५ हजार रुपियाँ छात्रवृत्ति पाए। साथै सहिद परिवारका ३५ जना बालबालिकाले १ लाख ५ हजार रुपियाँ, द्वन्द्वपीडित परिवारका ५५ जना बालबालिकाले २ लाख २० हजार रुपियाँ छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख विष्णुबहादुर शाहीले बताए।

यो वर्ष सिमकोट गाउँपालिका–८ मा रहेको सैपाल हिमाल माध्यमिक विद्यालयका ५० जना विद्यार्थीहरूले छात्रवृत्ति पाएनन् । नेपाल सरकारले देशभरका दलित तथा विपन्न वर्गका विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । विद्यालयका चार जना दलित विद्यार्थी र ४६ जना विपन्न वर्गका विद्यार्थीले छात्रवृत्ति नपाएको गुनासो गरे। कक्षा ९ र १० मा अध्ययनरत ५० जना विद्यार्थीहरूले १ हजार ५ सय रुपियाँका दरले छात्रवृत्ति नपाएको कक्षा १० मा अध्ययनरत तुल परियारले बताए। जिल्लामा रहेका सबै विद्यालयका दलित विद्यार्थीहरूलाई वार्षिक १ हजार ९ सय रुपियाँका दरले छात्रवृत्ति वितरण गर्ने गरेको परियारको भनाइ छ।

यो वर्ष हुम्ला जिल्लामा एक जना बालिका बलात्कार भएको घटना इन्सेकले अभिलेख

गऱ्यो । घटनाका आरोपित पाँच जनामध्ये एक जना बालकलाई गिरफ्तार गरी नेपालगञ्जको बाल सुधार गृहमा र दुई जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । अन्य दुई आरोपित भने यो वर्षको अन्त्यसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालयका सई खड्कबहादुर मल्लले बताए ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २६ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान/लाउन नदिएको चार, अर्की श्रीमती ल्याएर हेला गरेको तीन र सामान्य घरायसी झगडाका १९ घटना छन्। यीमध्ये प्रहरीले २१ ओटा घटनामा मिलापत्र गरायो । जसमध्ये खानलाउन नदिएको दुई र अर्की श्रीमती ल्याएर हेला गरेको तीन ओटा गरेर पाँच ओटा छलफल हुन बाँकी रहेको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले जनाएको छ। अधिकांश घटनाहरू मिलापत्रमा टुङ्गिएकाले उनीहरूबीच मेलमिलाप भएको पाइन्छ। घरनिकाला भएकाहरू पुनःस्थापित भएका छन् भने अन्य झैझगडाका आरोपित र पीडित मिलेर बस्दै आएका छन्।

यो वर्ष हुम्ला जिल्लामा एक जना महिलामाथि बलात्कार प्रयास भएको घटना इन्सेकले अभिलेख गऱ्यो । त्यसैगरी कथित बोक्सीको आरोपमा दुर्व्यवहारको एक र घरेलु हिंसाका घटनामा ११ जना पीडित भए । कथित बोक्सीको आरोपमा स्थानीय न्यायिक समितिमा परेको उजुरी उपर न्यायिक समिति र स्थानीय लामाहरूले 'टसी खादा' लगाएर मिलापत्र गराए । इन्सेकले अभिलेख गरेको घरेलु हिंसाका ११ ओटै घटना मिलापत्रमा टुङ्गिएका र मिलापत्रपछि घर फर्किएका आरोपित र पीडितबीच यो वर्षको अन्त्यसम्म कुनै पनि बेमेल भएको पाइएन ।

सबै प्रकारका जातीय विभेद

यो वर्ष हुम्ला जिल्लामा जातीय विभेदको एउटा घटना इन्सेकले अभिलेख गऱ्यो । घटनाका बारेमा पीडित र आरोपित दुवैले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा दुवै पक्षलाई छलफल गराई गाउँमै मिलापत्र भएको प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यो वर्ष हुम्ला जिल्लामा अज्ञात पक्षले खार्पुनाथ गाउँपालिका–५ मा रहेको मानधारा माध्यमिक विद्यालयमा २०७६असार १४ गते तोडफोड गऱ्यो । तोडफोडबाट विद्यालयको ढोका, झ्याल, टेबुल, बेञ्च साथै विद्यालयमा रहेका पाँचओटा कम्प्युटरमा क्षति भयो । त्यसैगरी अदानचुली गाउँपालिकाको प्राविधिक शाखामा २०७६ साउन ५ गते बिहान अज्ञात पक्षले तोडफोड गऱ्यो। तोडफोडबाट कम्प्युटर, हार्डडिक्स र क्यामेरा साथै बेन्च, डेस्क, टेबल, दराजलगायत महत्वपुर्ण कागजात नष्ट भएको अदानचूली गाउँपालिकाका अध्यक्ष दल फडेराले बताए।

स्वास्थ्य सेवाको अवस्था

विगतका वर्षझैं यस वर्ष पनि यहाँका स्वास्थ्य चौकीहरूमा औषधीको अभाव रह्यो । जिल्लाका स्वास्थ्य चौकीहरूमा सामान्य रोगको समेत औषधि नहुँदा बिरामीहरू खाली हात फर्कनु पऱ्यो। सर्केगाड गाउँपालिका अन्तरर्गत पर्ने जैर स्वास्थ्य चौकी, सर्केगाड स्वास्थ्यचौकी, रिप स्वास्थ्यचौकी र सिमकोट गाउँपालिकामा रहेको ठेहे स्वास्थ्य चौकी,डाँडाफया स्वास्थ्यचौकी नाम्खा गाउँपालिकाको लिमी स्वास्थ्य चौकी, मुचु स्वास्थ्यचौकी हेप्का स्वास्थ्यचौकी लगायतका स्वास्थ्य संस्थाहरूमा मङ्सिर महिनाको अन्तिमसम्म पनि औषधिको अभाव रहेको नाम्खा गाउँपालिका स्वास्थ्य संयोजक नरबहादुर भण्डारीले बताए।

प्रसूतिका लागि ल्याइएकी सर्केगाड गाउँपालिका–४ स्थित साँया गाउँकी २० वर्षीया अनरूपा टमटाको साउन १५ गते बिहान मृत्यु भयो। सर्केगाड स्वास्थ्यचौकीमा भर्ना भएकी टमटालाई सुत्केरी व्यथा लागेपछि प्रसूति गृहमा ल्याइएको थियो। उपकरण नहुँदा टमटा र पेटमा भएको बच्चाको मृत्यु भएको आफन्त धनसिंह गुनासो गरे।

सरकारले कात्तिक १ र २ गते देशभरका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने कार्यक्रम गऱ्यो तर, हुम्ला जिल्ला खार्पुनाथ गाउँपालिकाका बालिबालिका भने समयमै भिटामिन 'ए' र जुकाको औषधि खानबाट वञ्चित भए। अदानचुली गाउँपालिकाका सुत्केरी महिलाले दुई वर्षदेखि सुत्केरी

प्रोत्साहन भत्ता पाएनन् । गरिब तथा अन्य समुदायका व्यक्तिहरूलाई निःशुल्क उपचार पाउने भनिए पनि यो प्रावधान अझै लागु हुन सकेन । आकस्मिक सेवाको पहुँच नहुँदा जिल्लाका दूरदराजमा रहेको बिरामीहरूले अकालमै ज्यान गुमाउनु परेको छ ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	अनुसन्धान	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

महिला अधिकार			
घटनाको प्रकार	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
कथित बोक्सीको आरोप	१		१
बलात्कार प्रयास		१	१
प्रसूति सेवा		१	१
घरेलु हिंसा	१०		१०
जम्मा	११	२	१३

६.४ जुम्ला



जम्मा जनसङ्ख्या	१,०८,५२१
महिला	५४,०२३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५२,६०२
कामका लागि बाहिरिएका	१,४६३
अपाङ्गता भएका	३,२४८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.६६
आश्रित जनसङ्ख्या	६१,५१६

यस वर्ष जुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ११ जना महिलासहित १४ जना र राज्य पक्षबाट चार जना पुरुष गरी १८ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना, महिला अधिकार उल्लङ्घनका घटनामा आठ जना पीडित भएको इन्सेकसँग अभिलेख छ।

धम्की/कुटपिट

गैरराज्यपक्षबाट

पातारासी गाउँपालिका–४ निवासी सोही गाउँपालिकाका अध्यक्ष ४८ वर्षीय लक्षिमन बोहोरालाई ०७६ असार ९ गते सोही गाउँपालिका–६ उर्थुगाउँका २ नौ वर्षीय अम्मर विष्टले हातपात गरी दुर्व्यवहार गरेको पीडितले बताए। आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा बैठकमा आरोपित विष्टले असार ९ गते हातपात गरी दुर्व्यवहार गरेको पीडित पक्षको आरोप छ । गाउँपालिकाको विकासे बजेट दुरूपयोग गरेको सूचना माग्दा नदिएपछि विवाद भएको आरोपित पक्षको आरोप छ। घटनास्थलबाटै असार ९ गते प्रहरीले विष्टलाई गिरफ्तार गऱ्यो। आरोपित असार १० गते तारेखमा रिहा भए। प्रहरीले आरोपित विष्ट विरुद्ध जिल्ला प्रशासन कार्यालयमा असोज ८ गते सार्वजनिक मुद्दा दर्ता गऱ्यो। प्रशासनले उपस्थिति हुन असोज म्याद पठायो । मङ्सिर २७ गते प्रशासनमा उपस्थित भएर सोही दिन नै १० हजार रुपैया धरौटी बुझाए छुटेको प्रशासनले जनायो।

गिरफ्तार

यस वर्ष जुम्ला जिल्लामा प्रतिबन्धित नेकपाका तीन जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार भएकामध्ये दुई जना जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भए भने एक जनालाई जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गऱ्यो।

हिमा गाउँपालिका– ७ धाँचुगाउँ निवासी प्रतिबन्धित नेकपाका जिल्ला सेक्रेटरी ४६ वर्षीय बिर्खबहादुर शाही र नरहरिनाथ गाउँपालिका–२ कालीकोट निवासी युवा सङ्गठन नेपाल कर्णाली ब्यूरो अध्यक्ष ३६ वर्षीय जगतबहादुर विष्टलाई प्रहरीले ०७६ साउन ६ गते गिरफ्तार गऱ्यो। जिल्ला सेक्रेटरी शाहीको घरबाटै गिरफ्तार गरिएका दुबै जनाबाट चन्दा रसिद ३० थान, युवा सङ्गठन नेपालको लेटरप्याड चार थान, पर्चा पम्पलेट १ सय ३ थान, सिमकार्ड एक थान,

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार		१	१			
गिरफ्तार		३	३			
कुटपिट					३	३
हत्या					१	१
बाल अधिकार	बलात्कार			३		३
	यौन दुर्व्यवहार			१		१
	जम्मा			३		३
महिला अधिकार	बलात्कार			१		१
	बहुविवाह			४		४
	घरेलु हिंसा			३		३
	जम्मा			८		८
जम्मा		४	४	११	३	१४

मोबाइल दुई थान र पुस्तक आठ थान बरामद गरेको प्रहरीले जनायो । जिल्ला अदालतले जनही एक/एक लाख रुपियाँ धरौटीमा भदौ २ गते दुवै जनालाई रिहा गर्ने आदेश दियो ।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय जनाको छ । ६६ कैदी र २३ थुनुवा गरी ८९ जना रहेका छन् । जसमध्ये दुई जना महिला र एक जना पुरुष ज्येष्ठ नागरिक छन् । कारागारमा एक जना अहेबको दरबन्दी रहेकोमा रिक्त छ। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षण हुँदैन । कारागारमा कैदीबन्दीहरू विरामी भएपछि मात्र अस्पताल लैजाने गरिएको जेलर गयाप्रसाद पाण्डेले बताए। हप्ताको दुई दिन कैदीबन्दीका आफन्तले भेटघाट गर्ने समय तालिका भएपनि बिहान–बेलुका र दिउँसो आफन्तलाई भेटघाटको व्यवस्था भएको नाइके खाम्मा रावतले बताए । कारागारमा बिजुली र खाने पानीको समस्या छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ ६८ मध्ये २९ थान फैसला भए भने ३९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५४ मध्ये १८ थान फैसला भए भने ३६ फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान बाँकी छ । नयाँ संहिता र बालबालिकासम्बन्धी ऐन थपिएकोले न्याय सम्पादनमा चाप भएको जिल्ला अदालत जुम्लाका श्रेस्तेदार कपिल पौडेलले बताए । नयाँ ऐन कानुन थपिदै जाने र सोही अनुसार कर्मचारी दरबन्दी न्यून भएकाले न्याय सम्पादनमा समस्या हुने गरेको श्रेस्तेदार पौडेलले बताए।

उच्च अदालत

तीन जना न्यायाधीश रहेको यस उच्च अदालत, सुर्खेत जुम्ला इजलाशबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३९ मध्ये २० फैसला भए भने १ सय १९ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ५ सय ८९ मध्ये १ सय ७० थान फैसला भए भने ४ सय १९ फैसला हुन बाँकी रहे। यो अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन् । गत वर्षमा उच्च अदालत सुर्खेत जुम्ला इजलासमा वार्षिक मुद्दा फछ्र्यौट लक्ष्य लागतको ७५ प्रतिशत रहेकोमा ७१ दशमलव १३ प्रतिशत फछ्र्यौंट भएको न्यायाधीश राकेशकुमार निधिले प्रतिक्रिया दिए। न्याय सम्पादन कार्यमा ढिलो नभएको र मुद्दाका सेवाग्राहीलाई समयमा नै सेवा प्रदान गरिएको न्यायाधीश निधिले बताए। दुई वर्ष नाघेका मुद्दा छैनन् । लक्ष्य अनुसार प्रगति नहुनुमा दशै तिहार लगायतका लामो विदा तथा मातहतका अदालतबाट समयमा मिसिल प्राप्त नहुँदा बाहेक समग्रमा लिइएको वार्षिक लक्ष्य पूरा हुनेमा पुर्ण विश्वस्त रहेको न्यायाधीश निधिले प्रतिक्रिया दिए।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष २ हजार ३ सय ५६ बालक र २ हजार ४४ बालिका विद्यालय भर्ना भए। विद्यालयहरू आंशिक रूपमा मात्र अपाङ्गमैत्री छन् । आंशिक भन्नाले विद्यालय वरपर अपाङ्गमैत्री भए पनि विद्यालयसम्म पुग्ने बाटो अपाङ्गमैत्री छैन। ६ हजार ६ सय ८० दलित विद्यार्थीले प्रति महिना ४ सय रूपियाँका दरले छात्रवृत्ति पाउने गरेका छन्। द्वन्द्वपीडित छात्रवृत्ति पाउने बालबालिका १ सय १७ जना रहेका छन् ।

प्रावि तहका १० हजार, निमावि र मावि तह १२ हजार बालबालिकालाई वार्षिक १४ हजार रूपियाँ उपलब्ध गराएको शिक्षा समन्वय इकाइ, जुम्लाका प्रमुख मक्कर भण्डारीले बताए।

आवासीय विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीले पोषणयुक्त खाना नपाएको गुनासो गरे। उनीहरूका लागि सरकारले प्रति विद्यार्थी मासिक ४ हजार रूपियाँ उपलब्ध गराउदै आएको भए पनि सो रकम अपुग भएको अपाङ्ग पुनर्स्थापना तथा विकास केन्द्र, जुम्लाका अध्यक्ष नन्दराज धितालले बताए। जनता मावि‌मा अपाङ्गता भएका ९६ जना, भैरव माध्यामिक विद्यालयमा २८ जना र कर्णाली माध्यामिक विद्यालयमा ३६ जना विद्यार्थी अध्ययनरत छन्। स्रोत कक्षामा पानी नभएका कारण शौचालय नै प्रयोगमा नआएको भैरव माध्यामिक विद्यालयका शिक्षक दत्तबहादुर बुढाले बताए। दृष्टिविहीन बालबालिकाले शौचका लागि जङ्गल जानुपर्ने अवस्था रहेको शिक्षक बुढाले बताए। अपाङ्गतामैत्री भौतिक संरचना बाटो, विद्यालय नभएका कारण शिक्षाको अधिकारबाट बञ्चित भएको अपाङ्ग पुर्नस्थापना तथा विकास केन्द्र, जुम्लाका अध्यक्ष नन्दराज धितालले बताए।

सरकारी तथा गैरसरकारी निकायले जुम्लाका गाउँवस्तीमा छाउ गोठ मुक्त क्षेत्र घोषणा गर्ने अभियान सञ्चालन गर्दै आएका छ तातोपानी गाउँपालिका–८ बाँरागाउँको जनजागृति आधारभूत विद्यालयमा महिनावारी हुने किशोरी विद्यालयको मुलढोका नजिकको कुनामा बसेर अध्ययन गर्ने गर्छन्। विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष शेरबहादुर रावतले महिनावारी भएका छात्रा र शिक्षिका देवताको मन्दिर भएको ठाउँमा र कक्षाकोठा भित्र जाँदा बिरामी हुने डरले महिनावारी भएको समयमा कक्षा कोठामा नबस्ने गरेको बताए।

यस वर्ष जुम्लामा बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कारबाट दुई जना र यौन दुर्व्यवहारबाट एक जना बालिका पीडित भए। बलात्कार घटनाका आरोपितमध्ये एक जना जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा र एक जना यो वर्षको अन्त्यसम्म फरार रहे। यौनदुर्व्यवहार घटनाका आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेको अभिलेख इन्सकसँग रहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७६ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २१ जना, खान/लाउन नदिएको सात जना, विवाह दर्ता र नागरिकता नबनाएको पाँच जना, अर्की श्रीमती ल्याएर हेला गरेको तीन जना, दाइजो नल्याएको भनी हेला गरेको आठ र सामान्य घरायसी झगडाका ४० घटना छन्। यीमध्ये ८४ ओटा घटनामा मिलापत्र भयो भने २८ उजुरी कारबाही प्रक्रियामा छन्। ११ ओट घटना अदालतमा जान सल्लाह दिएको र १७ जना पीडित सर्म्पकमा आएनन्। जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजेन्द्रबहादुर चन्दकाले मिलापत्र नभएका घरेलु हिंसाका घटना अदालत पठाउने गरेको र कतिपय पीडितहरूले प्रहरीमा उजुरी दिने गरेको भए पनि उजुरीपछि सम्पर्कमा नआउने गरेको बताए। जिल्ला प्रहरी कार्यालयको हाता भित्र रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा आउने घरेलु हिंसाका उजुरीमाथि दुवै पक्षलाई राखी छलफल गरेर मिलापत्र गर्ने गरेको डिएसपी लालबहादुर धामीले बताए।

सन् २०१९ मा जुम्लामा घरेलु हिंसाका घटनामा तीन जना, बलात्कारका घटनामा एक जना र बहुविवाह घटनामा चार जना गरी आठ जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कार घटनाका एक आरोपितलाई अदालतले कैद फैसला गर्‍यो भने एक जना आरोपित पुर्पक्षको लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिलालाई ०७५ कात्तिक २४ गते पातारासी गाउँपालिका – ६ उर्थुगाउँका २५ वर्षीय गगन विष्टले बलात्कार गरेको आरोपमा पीडित पक्षले फागुन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २६ गते गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन २३ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भयो। आरोपितलाई चैत १२ गते प्रहरीले अदालतमा पेश गरेकोमा सोही दिन अदालतले पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतले ०७६ मङ्सिर २ गते कसुरदारलाई सात वर्ष कैद र ३० हजार रुपियाँ जरिवानाको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

एक प्राथमिक स्वास्थ्य केन्द्र, सात स्वास्थ्य इकाइ र २९ स्वास्थ्य चौकी रहेका छन् । हिमा गाउँपालिकाको कालिकाखेतु स्थित प्राथमिक स्वास्थ्य चौकीमा एक जना डाक्टरको दरबन्दी भएपनि रिक्त रहेको छ। ९६ जना अहेव र ६२ जना अनमीको दरबन्दी भएकोमा सबै कार्यरत छन्। स्वास्थ्य चौकी र प्रथामिक स्वास्थ्य चौकीमा जीवनजल, सिटामोल, आइरन चक्की जस्ता अत्यावश्यक औषधि नियमित रूपमा उपलब्ध नभएको गुनासो आउने गरेको नागरिक समाज, जुम्लाका अध्यक्ष राजबहादुर महतले बताए । स्वास्थ्य बीमाको सुविधा जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताललले उपलब्ध गराउँदै आएको भए पनि बीमामा तोकिएका औषधि बिरामीले नपाउने गरेको भन्दै अधिवक्ता अनिता तिमल्सिनाले ०७६ मङ्सिर १२ गते स्वास्थ्य बीमा बोर्ड, जिल्ला प्रशासन कार्यालय, जुम्ला र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लालाई विपक्षी बनाई परमादेशको मागसहित उच्च अदालत सुर्खेत जुम्ला इजलासमा रिट दर्ता गरेकी थिइन् । अदालतले मङ्सिर १३ गते नै विपक्षी सबैलाई कारणसहितको जवाफ मागेपनि यो वर्षको अन्त्यसम्म जवाफ दिएका छैनन् । जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले बीमा अन्तर्गत बिरामीलाई निःशुल्क दिनुपर्ने अधिकांश औषधि निजी फार्मेसी, औषधि पसलमा किन्न पठाउने गरेकोले अदालतमा रिट दायर गर्नुपरेको अधिवक्ता तिमल्सिनाले बताइन् । स्वास्थ्य बीमा अनुसारका १ हजार १ सय १८ प्रकारका औषधि बिरामीलाई निशुल्क उपलब्ध गराउनुपर्ने, गुणस्तरीय औषधि आपूर्तिको व्यवस्था गर्नुपर्ने, बिरामीले औषधि पाए नपाएको अनुगमन गर्नुपर्ने र अनुगमन गरेनगरेको प्रतिवेदन एक साताभित्र अदालतमा पेस गर्न समेत माग गरिएको अधिवक्ता तिमल्सिनाले बताइन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	२
यौन दुर्व्यवहार	१		१
जम्मा	२	१	३

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार					१	१
बहुविवाह	१	३			१	४
घरेलु हिंसा		१	१	१		३
जम्मा	१	३	१	१	२	८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

६.५ कालीकोट

जम्मा जनसङ्ख्या	१,३६,५४८
महिला	६८,११५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७८,७४५
कामका लागि बाहिरिएका	२,०५६
अपाङ्गता भएका	५,२६२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.८३
आश्रित जनसङ्ख्या	२०,५१२

यस वर्ष कालीकोट जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्यपक्षबाट २७ महिला, चार पुरुषसहित ३१ जना र राज्यपक्षबाट एक महिला, सात पुरुषसहित आठ जना गरी ३९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । महिला अधिकार उल्लङ्घनका घटनामा २३ जना र बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । राज्यपक्षबाट एक जनालाई यातना, तीन जना गिरफ्तार र अन्यपक्षबाट कुटपिटका एक जना पीडित भएको अभिलेख भयो ।

धम्की/कुटपिट

रास्कोट नपा- ८ का ३४ वर्षीय पत्रकार रुपेन्द्र ऐडी र पचालझरना गाउँपालका -२ का ३६ वर्षीय पत्रकार कालीबहादुर महताराला‍ई प्रहरीले ०७५ चैत १९ गते प्रतिबन्धित नेकपामा आस्था राखेको आरोपमा मार्ने धम्की दिएको पीडितले आरोप लगाए । धम्कीपछि पीडित स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चिताको लागि पहल गरिदिन अनुरोध गर्दै ०७५ चैत २१ गते इन्सेक कर्णाली प्रदेश कार्यालयमा निवेदन दिए । इन्सेक, राष्ट्रिय मानव अधिकार आयोग र नेपाल पत्रकार महासंघलाई लेखिएको पत्रमा विगतमा विप्लव नेतृत्त्वको नेकपामा आस्था राखेको भन्दै प्रहरीले धम्याउने गरेको उल्लेख थियो । घटनाका पीडितले इन्सेक र नेपाल पत्रकार महासंघको सहयोगमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिएपछि आयोगको केन्द्रीय कार्यालयले गृहमन्त्रालयमा पत्र पठाएको थियो । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा सो पत्र आएपछि पीडितलाई जिल्ला सदरमुकाममा बस्न सहज भएको पीडितद्वयले बताए ।

गिरफ्तार

यस वर्ष प्रतिबन्धित नेकपाका तीन जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार भएकामध्ये दुई जना मानव अधिकारकर्मी र पत्रकारको रोहवरमा र एकजना साधारण तारेखमा रिहा भए ।

रास्कोट नपा-८ बस्ने रेडियो नयाँ कर्णालीमा कार्यरत् पत्रकार २७ वर्षीय कर्ण विश्वकर्मा र तिलागुफा नपा-४ का २९ वर्षीय भरत शाही प्रतिबन्धित नेकपालाई समर्थन गरेको आरोपमा ०७५ चैत ७ गते जिल्ला प्रहरी

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
जातीय विभेद						१	१
गिरफ्तार			३	३			
यातना			१	१			
कुटपिट			१	१		१	१
धम्की			२	२		१	१
बाल अधिकार	बलात्कार				१		१
	विद्यालयमा शारीरिक सजाय					१	१
	यौन दुर्व्यवहार				४		४
	जम्मा				५	१	६
महिला अधिकार	कथित बोक्सीको आरोप				१		१
	बलात्कार				३		३
	बलात्कार प्रयास				१		१
	बहुविवाह				१		१
	प्रसूति सेवा	१		१			
	घरेलु हिंसा				१५		१५
	यौन दुर्व्यवहार				१		१
	जम्मा	१		१	२२		२२
जम्मा		१	६	८	२६	४	३१

कार्यालय, कालीकोटबाट खटिएको प्रहरीले गिरफ्तार गऱ्यो । प्रतिबन्धित नेकपा निकट क्रान्तिकारी पत्रकार संघका जिल्ला अध्यक्षसमेत रहेका विश्वकर्मालाई रेडियो नयाँ कर्णालीको कार्यकक्षबाट र शाहीलाई जिल्ला सदरमुकाम मान्म खाँडाचक्रस्थित जिरो प्वाइन्टबाट प्रहरीले गिरफ्तार गरेको थियो । पत्रकार विश्वकर्मालाई प्रतिबन्धित नेकपाका समाचार प्रसारण गरेको र शाहीले सो पार्टीको गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएको प्रहरीले बताएको थियो । पीडित विश्वकर्मा चैत १४ गते मानव अधिकारकर्मी र पत्रकारको रोहबरमा हिरासत मुक्त भए । अर्का आरोपित भरत शाहीलाई प्रहरीले ०७६ वैशाख ५ गते साधारण तारेखमा रिहा गऱ्यो।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको 'घ' श्रेणीको कालीकोट जिल्ला कारागारमा ४० कैदी र ९ थुनुवा गरी ४९ जना छन् । चार जना कैदीबन्दी रहेको कारागारमा एक वर्षका एक आश्रित बालक छन् । बिरामी कैदीबन्दीको उपचार भइरहेको कारागार शाखाले जनाए पनि उपचारका लागि जिल्ला अस्पताल लैजाँदा हतकडी लगाउने गरिएको भन्दै उनीहरूले विरोध जनाएका थिए । कारागारमा धेरैजसो सुविधा भए पनि समयमा उपचार पाउने अधिकार बाट वञ्चित हुनु परेको तथा छिटोछरितो उपचार नपाएको कैदी अजमबहादुर रोकायाले बताए । जिल्ला कारागार कालीकोटका निमित्त प्रमुख मोहनप्रसाद शर्माका अनुसार कारागार भवन जीर्ण रहेको तथा क्षमताभन्दा बढी कैदी बन्दीहरू भए पनि सुत्न, बस्न समस्या छैन । मानव अधिकारकर्मी, पत्रकार तथा कानुन व्यवसायीहरूले समयसमयमा कारागारको अनुगमन गर्ने भएकाले कमजोरी सुधारका लागि सहयोग पुगेको शर्माले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको कालीकोट जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४५ मध्ये २८ थान फैसला भए भने देवानी मुद्दातर्फ ८५ मध्ये १४ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन् । कालीकोट जिल्ला अदालतमा दरबन्दी अनुसार कर्मचारी तथा अनुभवी कर्मचारी नहुनु र भएका कर्मचारीहरू पनि दुर्गम जिल्लामा बस्न नमान्नुजस्ता समस्या रहेको जिल्ला

न्यायाधीश माधवप्रसाद सुवेदीले बताए । जिल्ला अदालतमा कानुनी सहायता केन्द्र र वैतनिक वकिलको व्यवस्था भए पनि विपन्न वर्गले सुविधा लिन नपाएको गुनासो आउने गरेको छ । जिल्लामा श्रोत साधन र दरबन्दीअनुसारका कर्मचारी नहुँदा न्यायमा समस्या भइरहेको जिल्ला बारका अध्यक्ष दमनराज बलमे बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष सामुदायिकतर्फ २८ हजार २ सय ८६ बालक र ३१ हजार ६ सय १७ बालिका विद्यालय भर्ना भए । संस्थागततर्फ ७ सय ७५ बालक र ४ सय २३ बालिका भर्ना भए । जिल्लामा भर्खरै निर्माण सम्पन्न भएका विद्यालयहरू पनि अपाङ्गमैत्री छैनन् । द्वन्द्वपीडित परिवारका ७७ बालबालिकाले ९ लाख ९४ हजार रुपियाँ छात्रवृत्ति पाए। दलित, अपाङ्गलाई माध्यमिक तहसम्मको निःशुल्क शिक्षा हुने सरकारी नीति भए पनि उच्च तहसम्म निःशुल्क भएको छैन।

यस वर्ष कालीकोटमा बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमध्ये विद्यालयमा शारीरिक दण्डको घटनामा एक जना, बलात्कारको घटनामा एक जना र यौन दुर्व्यवहारको घटनामा चार जना बालबालिका पीडित भएका थिए । बलात्कारको एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने यौन दुर्व्यवहारका अर्का आरोपितलाई जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गरेको अभिलेख भयो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३९ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका १६ खान/लाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेला गरेको आठ, दाइजो नल्याएको भनी हेला गरेको र सामान्य घरायसी झगडाका आठ घटनाका पीडितले उजुरी गरे । यीमध्ये प्रहरीले २४ वटा उजुरीमा मिलापत्र गरायो भने ६ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रले जनायो ।

घरेलु हिंसाका घटनामा १५ जना, बलात्कारका घटनामा तीन जना, बलात्कार प्रयासका घटनामा एक जना, यौन दुर्व्यवहार घटनामा एक जना, कथित बोक्सीको आरोपमा एक जना गरी २३ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका दुई आरोपित मध्ये एक जनालाई जिल्ला अदालतले साधारण तारेखमा रिहा गऱ्यो । यौन दुर्व्यवहारका घटनामा गाउँमै मिलापत्र गरिएको र बलात्कार प्रयासका आरोपित फरार रहेको इन्सेकले अभिलेख गऱ्यो ।

सबै प्रकारका जातीय विभेद

नरहरिनाथ गाउँपालिका–१ का ५७ वर्षीय डिल्ली कामीलाई ०७५ पुस १७ गते जातीय विभेद गरी कुटपिट गरेको भन्दै पीडितले पुस २० गते सोही ठाउँ बस्ने ३२ वर्षीय चनबहादुर विष्ट र २८ वर्षीय नरेन्द्र विष्टविरुद्ध जिल्ला प्रहरी कार्यालय, कालीकोटमा उजुरी दिए । पीडितको उजुरीपछि आरोपितद्वयलाई प्रहरीले पुस २३ गते गिरफ्तार गऱ्यो । पीडितलाई आरोपितद्वयले घरमा काम गर्न नआएको भन्दै सार्वजनिक बाटोमा 'डुम', 'कमारा' जस्ता विभेदित शब्द बोल्दै लाठी र मुक्काले कुटपिट गरेको भनी पीडितले प्रहरीमा उजुरी दिएका थिए । कुटपिटबाट पीडितको दाँत समेत भाँचिएको र टाउको, छाती आँखा र मुखमा चोट लागेकोमा पुस २० गते जिल्ला अस्पताल कालीकोटमा उपचार भयो। घटनाका विषयमा पीडितले पुस २३ गते जिल्ला सदरमुकाम मान्ममा पत्रकार सम्मेलन गरे । आरोपितद्वयलाई प्रहरीले साधारण तारेखमा रिहा गरेको गुनासो उनीहरूले गरेका थिए । आरोपितहरू हालसम्म फरार रहेकोले खोजीकार्य जारी रहेको प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष कालीकोट जिल्लामा प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले नरहरिनाथ गाउँपालिका कुमालगाउँस्थित कार्यालयमा ०७६ असार १० गते राति आगजानी गरे । गाउँपालिकामा आएको एक समूहले गाउँपालिका कार्यालय र सो गाउँपालिकामा रहेका दुई ओटा वडा कार्यालयका कागजात पनि जलाएको प्रहरीले जनायो । आगजनीबाट गाउँपालिकाको भौतिक संरचना र अभिलेख नष्ट भएको गाउँपालिकाको कार्यालयले जनायो । त्यसैगरी पलाता गाउँपालिका–९ थिर्पुका जगदिश पूर्वेले २०७६ साउन १८ गते राति रेडियो पलाता एफएम ९०.३ मेगाहर्ज तोडफोड भयो ।

तोडफोडबाट मिक्स्चर, माइक, टेबुल, कुर्सी र स्टेशनरी सामानमा क्षति पुगेकोस्टेशन म्यानेजर सुमन बमले बताए।

स्वास्थ्य सेवाको अवस्था

कालीकोटमा एक जिल्ला अस्पताल, २८ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा नौ डाक्टरको दरबन्दी रहेकोमा २ जना कार्यरत छन् । त्यस्तै जनस्वास्थ्य कार्यालयमातहत अहेवको १ सय जना दरबन्दी रहेकामा ८३ जना कार्यरत छन् । यस जिल्लाका नागरिकहरू आधारभूत स्वास्थ्यको अधिकारवाट वञ्चित हुनुपर्ने अवस्था रहेको छ। सामान्य औषधीको पनि अभाव हुने गरेको छ। कालीकोट जिल्लाका १ लाख ३६ हजार ९ सय ४८ भए पनि जनसङ्ख्याको आधारमा स्वास्थ्य केन्द्र र आवश्यक जनशक्तिको कमी रहेको छ । जिल्ला अस्पतालमा उपचार नहुने भएपछि सुर्खेत तथा नेपालगञ्ज जाने गरेका छन्।

नरहरिनाथ गाउँपालिका–९, लालु चौथाकी २३ वर्षीया गर्भवती पार्वती दर्जीको समयमा उपचार नपाउँदा पुस २ गते मृत्यु भयो । नेपाल सरकारले दुर्गम तथा पिछडिएका क्षेत्रमा राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत प्रसूति व्यथा लागेका महिलाको हेलिकप्टरमार्फत उद्धार गर्ने कार्यक्रम ल्याएको भए पनि दुर्गम तथा पिछडिएका क्षेत्रमा त्यसका बारेमा जानकारी नहुँदा गर्भवती तथा सुत्केरी महिलाले सो सेवाबाट वञ्चित छन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			१	१
विद्यालयमा शारीरिक सजाय		१		१
यौन दुर्व्यवहार	२	१		३
जम्मा	२	२	१	५

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप	१				१
बलात्कार		१		२	३
बलात्कार प्रयास	१				१
बहुविवाह		१			१
प्रसुती सेवा			१		१
घरेलु हिंसा	३	१०		२	१५
यौन दुर्व्यवहार		१			१
जम्मा	५	१३	१	४	२३

६.६ दैलेख



जम्मा जनसङ्ख्या	२,६१,७७०
महिला	१,३४,७८०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५३,४२८
कामका लागि बाहिरिएका	११,२२१
अपाङ्गता भएका	७,६०७
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.४७
आश्रित जनसङ्ख्या	१,३७,४०५

यस वर्ष दैलेख जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५८ जना महिला तथा ११ जना पुरुषसहित ६९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ४० जना पीडित भएको अभिलेख भयो । त्यसैगरी अपहरणका घटनामा एक महिला र दुई पुरुष गरी तीन जना पीडित भए । कुटपिटका घटनामा दुई जना महिला, धम्कीका घटनामा एक महिला र एक पुरुष गरी दुई जना पीडित भएको अभिलेख छ ।

कारागार र बन्दी

१ सय जनाका क्षमता भएको 'घ' श्रेणीको दैलेख जिल्ला कारागारमा १ सय १० कैदी र ३१ थुनुवा गरी १ सय ४१ जना छन् । जसमा महिला १४ जना छन् । दुई जना पुरुष ज्येष्ठ नागरिक छन् । क्षमता भन्दा थप ५० प्रतिशत जति कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ । तीन जना मानसिक रोगी पनि कारागारमा अरुसँगै बस्छन् ।

बहुविवाहको आरोपमा पुर्पक्षका लागि थुनामा रहेकी मीना बुढाको ६ महिनाको बालकको रेखदेख आफैँले गरेकी छिन् । दैलेख कारागारमा कैद सजाय भोगिरहेका तीन जना मानसिक रोगीको उपचार तथा रेखदेख पनि जटिल भएको जेलर जीतबहादुर खत्रीले बताए ।

कैदीबन्दीहरूको उपचारका लागि चालु आर्थिक वर्षमा १ लाख ४५ हजार प्राप्त भएकोमा ६ महिनामै सकिएकोले अब कोही कैदी बन्दी बिरामी पर्दा के गर्ने भन्ने समस्या रहेको जेलर जितबहादुर खत्रीले बताए । कारागार प्रशासनले उपचार र मनोरञ्जनमा सद्भाव देखाए पनि श्रोतको अभाव भएको कैदी बन्दीहरूको भनाइ छ ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी भएको दैलेख जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १६ मध्ये ८६ थान फैसला भए भने देवानी मुद्दातर्फ ३ सय ६६ मध्ये २ सय २१ थान फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा बाँकी छैनन् ।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण		१	२	३
जातीय विभेद		२	४	६
कुटपिट		२		२
धम्की		१	१	२
हत्या		२	३	५
बाल अधिकार	बालविवाह	२	१	३
	बलात्कार	६		६
	यौन दुर्व्यवहार	२		२
	जम्मा	१०	१	११
महिला अधिकार	कथित बोक्सीको आरोप	१		१
	बलात्कार	६		६
	बलात्कार प्रयास	२		२
	बहुविवाह	१६		१६
	घरेलु हिंसा	१३		१३
	यौन दुर्व्यवहार	२		२
	जम्मा	४०		४०
जम्मा		५८	११	६९

बाल अधिकार

शिक्षाको अवस्था

दलित, मुस्लिम, सीमान्तकृत र पिछडा वर्गका लागि दिइने छात्रवृत्ति १ हजार ७ सय ३७ जनाले ५ सय पच्चीस रुपियाँका दरले पाए । साथै द्वन्द्वपीडित परिवारका २९ बालबालिकाले ४८ हजारको दरले छात्रवृत्ति पाए । आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकार वा दलित, अपाङ्ग आदिलाई उच्च तहसम्म निःशुल्क शिक्षा दिने नीति कार्यक्रम कार्यान्वयन भएको पाइएन । गरिब, विपन्न र सीमान्तकृत बालबालिकाको विद्यायल पहुँचमा खास समस्या छैन ।

यस वर्ष दैलेख जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालिका र एक जना बालक पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कारका घटनामा ६ जना र यौनदुर्व्यवहारका घटनामा दुई जना पीडित भए । जसमध्ये दुई घटनाका आरोपित जिल्ला अदालतको आदेशानुसार पुर्पक्षका लागि थुनामा छन् । एक जना आरोपितलाई अदालतले खोजेको बखत हाजिर हुने गरी साधारण तारेखमा छोडेको छ । दुई जना आरोपितले सफाइ पाएका छन् । चार जना बालक आरोपितको अदालतले खोजेको समयमा उपस्थित हुने गरी अभिभावकको जिम्मा लगाएको र कानूनी प्रकृया पनि जारी रहेको अभिलेख इन्सेकसँग रहेको छ ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ११ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घरनिकाला गरिएका १७, खान/लाउन नदिएको १९, विवाह दर्ता र नागरिकता नबनाएको १३, अर्की श्रीमती ल्याएर हेला गरेको १९, सामान्य घरायसी झगडाका ४३ घटना छन् । यीमध्ये प्रहरीले १ सय ३ ओटामा मिलापत्र गरायो भने ८ उजुरी कारबाही प्रक्रियामा छन् ।

दैलेख जिल्लामा घरेलु हिंसाका घटनामा १३ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयास घटनामा दुई जना र यौन दुर्व्यवहारका घटनामा दुई जना पीडित भए । जसमध्ये बलात्कार घटनाका तीन जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको, एक जना फरार रहेको र एक जनाको धरौटी राखी तारेखमा रिहा भएको र उनीहरूको कानुनी प्रक्रिया जारी रहयो । त्यसैगरी बलात्कार प्रयासका दुई जना आरोपितमध्ये एक जना जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहे । एक जना फरार रहे । कथित बोक्सीको आरोपको घटनामा एक जना महिला पीडित भएको अभिलेख भयो ।

परिवारजनबाट हत्या

दुल्लू गाउँपालिका–३ नेपाकी १९ वर्षीया भगवती कामीलाई उनका पति ४७ वर्षीय बहादुरे कामीले भदौ १० गते कुटपिट गरेको र त्यही चोटको कारण उपचारको क्रममा त्यही दिन दुल्लु अस्पतालमा मृत्यु भएको भन्दै पीडित पक्षले भदौ १२ गते कर्तव्य ज्यान अर्थात हत्या आरोपमा उजुरी दियो । आरोपितलाई प्रहरीले भदौ १२ गते घरबाटै गिरफ्तार गऱ्यो । शवको पाष्टमार्टम भदौ १० गते दुल्लु

अस्पतालमा भयो । जिल्ला अदालतको आदेशमा आरोपित भदौ ३० गतेदेखि पुर्पक्षमा छन् । यो वर्षको अन्तयसम्म मुद्दा फैसला भएन ।

सबै प्रकारका जातीय विभेद

दैलेख जिल्लामा जातीय विभेदको घटनामा दुई जना महिला र चार जना पुरुषसहित ६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । जसमध्ये एक ओटा घटनामा जिल्ला न्यायाधीशको इजलासबाट जातीय विभेद कसुरमा जरिबाना सहित कैद फैसला भयो ।

महाबु गाउँपालिका–५ काशिकाँधकी ३३ वर्षीया शोभा सुनार रावतले आफूमाथि ५६ वर्षीया जेठाजु डिलबहादुर रावतले ०७५ फागुन १९ गते जातीय विभेद गरेका भन्दै ०७६ वैशाख ६ गते जिल्ला प्रहरी कार्यालय, दैलेखमा उजुरी दिइन् । सासू मन्धरा रावतको निधनपछि ०७५ फागुन १८ गते भएको बरखीमा छोइछाई भएको भन्दै अपमान गरेको भनी उजुरी पीडित महिलाले खुलाएकी छिन् । प्रहरी उजुरीका आधारमा आरोपित डिलबहादुर रावतलाई ०७६ वैशाख १६ गते गिरफ्तार गऱ्यो । शोभाका पति घरमा नभए पनि सासूको बरखी बार्न जाँदा उनीमाथि जेठाजुले जातीय विभेद गरेको पीडितले बताइन् । यो मुद्दामा ०७६ असार २३ गते जिल्ला अदालतका न्यायाधीश सनतचन्द्र लवटको इजलासले आरोपितलाई जातीय विभेद कसुरमा २ हजार रुपियाँ जरिवाना र ६ महिना कैदको फैसला सुनायो ।

स्वास्थ्य सेवाको अवस्था

१५ शैयाको जिल्ला अस्पतालमा तीन जना डाक्टरको दरबन्दी छ । यही आर्थिक वर्षदेखि ५० शैयामा स्तरोन्नति भयो । १२ जना डाक्टरको दरबन्दी थपिएको भए पनि जिल्ला अस्पतालमा ठूलो सङ्ख्यामा डाक्टर दरबन्दी रिक्त छ । दुल्लू अस्पतालमा तीन मध्ये दुई जना, लकान्द्र प्राथमिक स्वास्थ्य केन्द्र र नौमूले प्राथमिक स्वास्थ्य केन्द्रमा पनि दुई–दुई जना डाक्टर दरबन्दीमा अहिले रिक्त रहेको हो ।

जिल्लामा दुई अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र बाहेक ५६ वटा स्वास्थ्य चौकी र १ सय १२ जना अहेवको दरबन्दी रहेकोमा सबै दरबन्दीमा स्वास्थ्यकर्मी कार्यरत छन् ।

निःशुल्क दिने भनिएका औषधिहरू बजेट अभावमा सबै औषधि दिन नसकिएको, पर्याप्त उपकरण र भवन लगायतका भौतिक संरचनाको अभावमा नागरिकहरुको संविधान प्रदत्त स्वास्थ्य अधिकार, सरकारको स्वास्थ्य नीति र जनअपेक्षा अनुसारको काम गर्न नसकिएको स्वास्थ्य कार्यालय दैलखका कार्यालय प्रमुख थीरराज रेग्मीले बताए ।

ज्येष्ठ नागरिक स्वास्थ्य उपचार निःशुल्क भइरहेको र स्वास्थ्य बिमा कार्यक्रम यही आर्थिक वर्षमा दैलेखका ११ ओटै स्थानीय तह आफैले हरेक वडामा एक–एक जना बिमा संकलकहरू खटाइ लगत संकलन गरे । तर सात महिना नाघिसक्दा पनि स्थानीय तहहरूले यो कार्य सुरु गरेका छैनन् ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१		१	२
बलात्कार	१		५	६
यौन दुर्व्यवहार		१	१	२
जम्मा	२	१	७	१०

महिला अधिकार						
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप		१				१
बलात्कार					६	६
बलात्कार प्रयास	१				१	२
बहुविवाह	२	३		१	१०	१६
घरेलु हिंसा	१		४	२	५	१२
यौन दुर्व्यवहार				१	१	२
जम्मा	४	४	४	४	२३	३९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

६.७ जाजरकोट

जम्मा जनसङ्ख्या	१,७१,३०४
महिला	८५,७६७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६४,१७५
कामका लागि बाहिरिएका	४,१७४
अपाङ्गता भएका	६,८४८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७.२७
आश्रित जनसङ्ख्या	५८,५१२

यो वर्ष जाजरकोटमा राज्य पक्षबाट एक जना महिलासहित चार जनाको गिरफ्तारी र अन्य पक्षबाट ३१ जना महिलासहित ४१ जना गरी ४५ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा २१ जना महिला पीडित भए।

धम्की/कुटपिट

अन्यपक्षबाट

भेरी नपा–११ जगतीपुर निवासी नेकपाका केन्द्रीय सदस्य तथा जाजरकोट जिल्ला सहइन्चार्ज ४२ वर्षीय निरज आचार्य र बारेकोट गाउँपालिका–५ नायकवाडाका ५५ वर्षीय डम्मरबहादुर सिंहलाई ०७६ कात्तिक ६ गते सो पार्टीको बारेकोट गापामा आयोजित कार्यक्रममा सहभागी हुन जाँदै गर्दा नलगाड नपा–लहँका प्रतिबन्धित नेकपाका कार्यकर्ता २९ वर्षीय अर्जुन वलीको टोलीले अभद्र व्यवहार गर्दै कुटपिट समेत गऱ्यो । आचार्यको उपचार प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा गरी सोही दिन जिल्ला सदरमुकाम खलंगा फर्किएका थिए । आचार्यले कतै उजुरी दिएनन् । घटना लगत्तै डिएसपी श्यामबहादुर खत्रीको नेतृत्त्वको प्रहरी टोलीले आरोपितहरूको खोजी गरेको भए पनि कोही फेला नपरेको जिल्ला प्रहरी कार्यालयले जनायो ।

गिरफ्तार

यस वर्ष जाजरकोट जिल्लामा प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये दुई जना जिल्ला अदालतको धरौटीमा रिहा, एक जना जिल्ला अदालतको धरौटीमा रिहा लगत्तै पुनः गिरफ्तार भएको र एक जना अनुसन्धानकै क्रममा रहे।

नलगाड नपा– ५ दल्लीका प्रतिबन्धित नेकपाका कार्यकर्ता २७ वर्षीय प्रेम शाहीलाई नलगाड नपा–१ जुरेलीमा रहेको एनसेलको टावरमा ०७५ फागुन १० गते राति आगजनी गरेको घटनामा प्रहरीले ०७६ जेठ १ गते काठमाडौँबाट गिरफ्तार गऱ्यो । काठमाडौं प्रहरीले जेठ २८ गते जिल्ला प्रहरी कार्यालय, जाजरकोटमा शाहीलाई बुझाएकोमा प्रहरीले जेठ २८ गते जिल्ला अदालत जाजरकोटमा हाजिर गराएको थियो । जिल्ला अदालतमा जेठ २८ गते

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						३	३
गिरफ्तार		१	३	४			
कुटपिट					१	७	८
हत्या					१	१	३
बाल अधिकार	बलात्कार				४		४
	यौन दुर्व्यवहार				४		४
	जम्मा				८		८
महिला अधिकार	बलात्कार				७		७
	बलात्कार प्रयास				३		३
	बहुविवाह				१		१
	घरेलु हिंसा				१०		१०
	जम्मा				३१		३१
जम्मा		१	३	४	३१	१०	४१

प्रेम शाहीलाई ५० हजार धरौटीमा तारेखमा रिहा गर्ने आदेश लगत्तै भेरी नपा- ३ ठाँटी बजारमा बेलुका होहल्ला गरेको भन्ने विषयमा प्रहरी टोलीले गिरफ्तार गरी जिल्ला प्रशासन कार्यालयमा असार १९ गते मुद्दा दर्ता गरेको थियो। जिल्ला प्रशासन कार्यालयले असार २२ गते २५ हजार रुपियाँ धरौटी राखी तारेखमा छोड्न आदेश गरेको भएपनि प्रेम शाहीले धरौटी बापतको रकम नबुझाएकाले कारागार थुनामा थिए। मङ्सिर २७ गते धरौटी बापतको रकम बुझाएपछि जिल्ला प्रशासन कार्यालयले तारेखमा रिह गर्न आदेश दिएको थियो। प्रेम शाहीको रुकुम जिल्लामा समेत मुद्दा रहेकाले प्रहरीले रिहा भए लगत्तै पुनः गिरफ्तार गरी रुकुम जिल्ला प्रहरी कार्यालयमा बुझाएको थियो। यस वर्षको अन्त्यसम्म प्रेम शाहीको मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १५ जनाको छ। कारागारमा ४१ जना कैदी र २१ जना थुनुवा गरी ६२ जना छन्। कारागारमा महिला बन्दीगृह नभएकाले दुई जना महिला बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा नै राखिएको छ। कोठा अभावले बन्दीहरू भान्सामा समेत सुत्छन्। कैदी तथा थुनुवाको नियमित स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, जाजरकोटमा गर्ने गरिएको छ। कारागारमा खानेपानी तथा सुत्न समस्या रहेको नाइके जयबहादुर शाहीले बताए। मनोरन्जनका केही सामग्री तथा पुस्तकालय समेत स्थापना गरिएकाले समय बिताउन सजिलो भएको शाहीले बताए। कैदी तथा थुनुवाले उत्पादन गरेका सामग्रीले उचित बजार पाएका छैनन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७४ मध्ये ३४ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ८ मध्ये ५१ फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा छैनन्। जिल्ला अदालगत जाजरकोटमा धेरै सङ्ख्यामा मुद्दाहरू आउने भए पनि न्याय सम्पादनमा कुनै पनि समस्या नभएका बार एशोसिएसन, जाजरकोटका अध्यक्ष भीमबहादुर सिंहले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। पछिल्लो समय राष्ट्रिय प्रारम्भिक कक्षा कार्यक्रम लागु भएपछि विद्यालयमा उपलब्ध गराईँदै आएको शैक्षिक सामग्रीको कारण विद्यार्थीको भर्ना हुने सङ्ख्यामा वृद्धि भएको छ।स्थानीय सरकारले बालबालिकाको लागि विद्यार्थी भर्ना अभियानलाई सांकेतिकरूपमा सहयोग गरिरहे पनि बाल अधिकारसम्बन्धी कानुनले निर्दिष्ट गरेका सुविधा कार्यान्वयनको लागि खासै पहल गरेको देखिन्न।

यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कारका घटनामा ६ जना आरोपित मध्ये एक जना जिल्ला अदालतको आदेशमा कैद र जरिवाना, एक जना कैद फैसला पछि बालसुधार गृहमा, एक जना बाल सुधार गृहमा, एक जना पुर्पक्षका लागि थुनामा पठायो भने एक जना फरार रहे। बलात्कार

प्रयासका आरोपित एक जना फरार, यौन दुर्व्यवहारका दुई घटनाका आरोपित जिल्ला अदालतको आदेशमा कैद र क्षतिपूर्तिको बुझाउने फैसला सुनाएको घटना इन्सेकले अभिलेख गर्‍यो।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई ०७६ वैशाख ८ गते यौन दुर्व्यवहार गरेको भन्दै भेरी नपा–१० नुवागाउँका २० वर्षीय कृष्ण बिकविरुद्ध पीडितले वैशाख १० गते जिल्ला प्रहरी कार्यालय, जाजरकोटमा उजुरी दिइन्। पीडितको स्वास्थ परीक्षण वैशाख ९ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई वैशाख ९ गते नै भेरी नपा–८ बुरुङ्गेबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतको ०७६ जेठ ३० गतेको आदेशमा थुनामा रहेका आरोपितलाई ०७६ कात्तिक २७ गते १२ वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला गर्‍यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७२ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका तीन, खान/लाउन नदिएको १०, अर्की श्रीमती ल्याएर हेला गरेको तीन, विवाह दर्ता नबनाएको दिएका दुई र सामान्य घरायसी झगडाका ५४ घटना छन्। यीमध्ये प्रहरीले ५८ ओटामा मिलापत्र गरायो भने १४ उजुरी कानुनी प्रक्रियामा छन्। ६ उजुरी उपर महिला तथा बालबालिका सेवा केन्द्रमा छलफल हुन बाँकी छ। घरनिकाला गरिएका तीन मिलापत्र भएर पुनःस्थापित भए। नागरिकता तथा विवाह दर्ता नभएको भन्दै जिल्ला प्रहरी कार्यालयमा दुई जनाको उजुरी परेकोमा छलफलपछि विवाह दर्ता र नागरिकता प्राप्त गरेका छन्।

यस वर्ष घरेलु हिंसाका घटनामा १० जना, बलात्कारका घटनामा सात जना, बलात्कार प्रयासका घटनामा तीन जना पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। बलात्कार घटनाका चार आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे भने बलात्कारका तीन जना आरोपित जिल्ला अदालतको आदेश पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका तीन घटना र अवैध गर्भपतनका एक घटना इन्सेकले अभिलेख गर्‍यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आगजनी

नलगाड नपा–१ जुरेलीस्थित एनसेलको टावरमा फागुन ११ गते राति अज्ञात पक्षले आगजनी गर्‍यो। आगजनीबाट सात ओटा सोलार सेट, सोलार तारहरू जलेर नष्ट भएको प्रहरीले जनायो। त्यसैगरी कुशे गाउँपालिका–६ को वडा कार्यालय सिमलगाउँमा ०७६ मङ्सिर २५ गते राति १२ बजेतिरको समयमा अज्ञात पक्षले वडा कार्यालयमा रहेका सम्पूर्ण सामग्रीहरूमा आगजनी गर्‍यो। वडा कार्यालयमा रहेको जिन्सी सामग्रीहरु कार्यालयको कोठाबाट बाहिर निकाली मट्टितेल छर्केर आगजनी गरिदिएको वडा अध्यक्ष अमरबहादुर शाहीले बताए। आगजनीबाट ८ लाख रुपियाँ बराबरको क्षति भएका वडा अध्यक्ष अमर बहादुर शाहीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जाजरकोटमा ५० शैयाको एक जिल्ला अस्पताल, ३१ स्वास्थ्य चौकी र ३ प्राथमिक स्वास्थ्य केन्द्र छन्। २०७६ भदौ ७ गतेको कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णयबाट जाजरकोट जिल्ला अस्पताललाई १५ शैयाबाट ५० शैयामा स्तरोन्नति गरेपछि विगतमा अस्पतालबाट निःशुल्क रुपमा प्राप्त गर्दै आएको ७१ प्रकारका औषधि प्राप्त गर्न समस्या भएको सेवाग्राहीले बताउने गरेका छन्।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	२	४
यौन दुर्व्यवहार	१	३		४
जम्मा	२	४	२	८

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३		४	७
बलात्कार प्रयास	१	१	१	३
बहुविवाह			१	१
घरेलु हिंसा		९	१	१०
जम्मा	४	१०	७	२१

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

६.८ रुकुम पश्चिम

जम्मा जनसङ्ख्या	१,५५,५४५
महिला	८१,५५६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.०५
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष रुकुम (पश्चिम) मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३२ जना महिला तथा पाँच जना पुरुषसहित ३७ जना र राज्यपक्षबाट १८ जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो । राज्य पक्षबाट एक जना व्यक्तिलाई यातना र अन्यपक्षबाट एक जना कुटपिटमा परे । प्रतिबन्धित नेकपाका कार्यकर्ताले एक जना वडा अध्यक्षलाई मोसो दली दुर्व्यवहार गरेको घटना अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २२ जना पीडित भएको अभिलेख भयो।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

यातना

त्रिवेणी गाउँपालिका –३ का ४८ वर्षीय गगनसिंह गिरीलाई ०७६ वैशाख १५ गते झुल्नेटा प्रहरी चौकीमा कार्यरत प्रहरी जवान नरेश बुढाथोकी र एकराज सिंहले घरबाटै गिरफ्तार गरी चौकीमा ल्याएर कुटपिट गरे । घरमा पति–पत्नीबीच झगडा भएको र पत्नीले वैशाख १५ गते झल्नेटा प्रहरी चौकीमा मौखिक जानकारी दिएकै आधारमा प्रहरी चौकी झुल्नेटाबाट आएका दुई जना प्रहरीले चौकीमा लगेर रातभर लाठीले कुटपिट गरेको गिरीले बताए । पीडित गिरीलाई २४ घण्टा चौकीमा राखेर वैशाख १६ गते रिहा गरेपछि सदरमुकाम मुसिकोट आएर वैशाख १७ गते जिल्ला अस्पताल सल्लेमा स्वास्थ्य परीक्षण र उपचार भयो । गिरीले आफ्नो मानव अधिकार हनन् भएको भन्दै वैशाख १७ गते इन्सेकमा उजुरी दिए । इन्सेक प्रतिनिधिसँगै पीडित गिरी वैशाख १८ गते जिल्ला प्रहरी कार्यालयमा आइ आफूलाई प्रहरी चौकीमा कुटपिट गरेको भन्दै घाउचोट देखाएपछि घटनामा संलग्न प्रहरी जवानहरूलाई विभागीय कारबाही स्वरूप जिल्लाको दुर्गम आठविसकोट नगरपालिका–१ स्यालाखदी सरुवा गर्नुको साथै पीडितलाई उपचार खर्चस्वरुप ५ हजार रुपियाँ उपलब्ध गराएको जिल्ला प्रहरी कार्यालय, रुकुमका डीएसपी सुमित खड्काले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					३	३
अमानवीय व्यवहार					१	१
गिरफ्तार		१७	१७			
यातना		१	१			
कुटपिट					१	१
धम्की					१	१
हत्या				१		१
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			६		६
	यौन दुर्व्यवहार			३		३
	जम्मा			९		९
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	बलात्कार			३		३
	बलात्कार प्रयास			४		४
	बहुविवाह			५		५
	घरेलु हिंसा			९		९
	जम्मा			३३		३३
जम्मा		१८	१८	३३	५	३७

गिरफ्तार

यस वर्ष रुकुम(पश्चिम) जिल्लाबाट प्रतिबन्धित नेकपाका १७ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार भएकामध्ये १३ जना जिल्ला प्रशासन कार्यालयको आदेशमा धरौटीमा, एक जना साधारण तारेखमा रिहा भए। एक जनाले धरौटी रकम बुझाउन नसकेपछि कारागार चलान भए भने दुई जनालाई प्रहरी हिरासतमा राखी अनुसन्धान भइरहेको इन्सेकमा अभिलेख भयो।

आठबीसकोट नगरपालिका –११ गोईरी निवासी प्रतिबन्धित नेकपाका राप्ती ब्यूरो सदस्य ४१ वर्षीय गम्भीर सिर्पाली भनिने गोर्ख कामी, सानिभेरी गाउँपालिका–३ निवासी जिल्ला कमिटी सदस्य ३१ वर्षीय दीर्घराज गहतराज, त्रिवेणी गाउँपालिका निवासी गाउँपालिकाका सेक्रेटरी ४६ वर्षीय छवलिलाल घर्ती र आठबिसकोट नगरपालिका –११ निवासी प्रतिबन्धित नेकपा निकट भातृ सङ्गठन युवा सङ्गठन जिल्ला उपाध्यक्ष २२ वर्षीय विवेक विकलाई ०७६ असार १० गते प्रहरीले त्रिवेणी गाउँपालिका –१ सिन्तुवाङबाट गिरफ्तार गऱ्यो। त्रिवेणी गाउँपालिका–१ सिन्तुवाङमा फिरौती रकम माग गर्दै अवान्छित गतिविधि गरेर स्थानीयलाई धम्काउँदै शान्ति सुरक्षामा चुनौती दिइरहेको अवस्थामा उनीहरूलाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका डीएसपी सुमित खड्काले बताए । उनीहरू विरुद्ध प्रहरीले सार्वजनिक अपराध अन्तर्गत ०७६ असार ११ गते जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरेकोमा जिल्ला प्रशासन कार्यालयले ०७६ भदौ १५ गते जनही १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश सुनायो । गम्भीर सेर्पाली भनिने गोर्खे कामी सोही दिन, विवेक भनिने बाबुराम विक भदौ २४ गते र दीर्घबहादुर गहतराज असोज ९ गते तोकिएको धरौटी रकम बुझाएर रिहा भए भने छविलाल घर्तीले तोकेको धरौटी रकम बुझाउन नसक्दा कारागार चलान भए । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार बन्दी

२५ जनाको क्षमता भएको 'घ' श्रेणीको जिल्ला कारागारमा ६६ कैदी र ५० थुनुवा गरी १ सय १६ जना छन् । जसमध्ये सात जना महिला छन् । कारागारमा दुई जना ज्येष्ठ नागरिक छन् । कारागारमा क्षमताभन्दा झण्डै पाँच गुणा बढी कैदीबन्दी रहेकाले शौचालय जान पालो कुर्नुपर्ने, पालोपालो गरी सुत्नुपर्ने बाध्यता छ । कारागारमा पर्याप्त खानेपानी छैन । कारागारको भवन पुरानो र चुहिने अवस्थामा छ। कारागारमा खानेपानी, टेलिभिजनका साथै अन्य मनोरञ्जनका सामग्रीको अभाव छ। कैदी तथा थुनुवाको उपचारका लागि एक

जना हेल्थ असिस्टेन्टको दरबन्दी भएकोमा उक्त पद रिक्त छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ सय १६ मध्ये १ सय ३३ फैसला भए भने ८३ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय २ मध्ये २ सय १५ फैसला भए भने १ सय ८७ फैसला हुन बाँकी रहे। जिल्ला अदातलमा दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष २५ हजार ९ सय ६७ बालक र २७ हजार ६ सय ९१ बालिका विद्यालय भर्ना भए । जिल्लामा चार ओटा अपाङ्गमैत्री विद्यालय छन्। ४ हजार ३ सय ३५ दलित बालक र ४ हजार ५ सय ७९ दलित बालिकाले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका २० बालबालिकाले पनि छात्रवृत्ति पाए। विद्यार्थी भर्ना अभियान जिल्लामा व्यापक रूपले सञ्चालन गरिएता पनि मजदुरी गर्ने परिवारका केही बालबालिका विद्यालय बाहिर रहेका छन्।

यस वर्ष रुकुम(पश्चिम) जिल्लामा बाल अधिकार उल्लङ्घनमा नौ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा ६ जना, यौनदुर्व्यवहार घटनामा दुई जना र बालविवाह घटनामा एक जना बालिका पीडित भए। बलात्कार घटनाका एक जना आरोपितले जिल्ला अदालतले कैद सजाय तोक्यो र चार जना आरोपित पुर्पक्षका लागि थुनामा छन् । एक जना धरौटीमा रिहा भए । एक जना बालसुधार गृह, एक जना अनुसन्धानको क्रममा प्रहरी हिरासतमा, एक जना आरोपित बाल सुधार गृहमा छन् । यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद फैसला गऱ्यो। एक जना आरोपित पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई ०७५ फागुन २१ गते यौन दुर्व्यवहार गरेको आरोपमा सानीभेरी गाउँपालिका–९ सिम्ली घर भएका सानीभेरी गाउँपालिका–९ सिम्ली स्थित राप्ती ज्ञानोदय माविमा कार्यरत शिक्षक २३ वर्षीय प्रकाश खड्काविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई फागुन २२ गते प्रहरीले गिरफ्तार गऱ्यो । प्रहरीले ०७५ चैत ५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा सोही दिन अदालतले आरोपित खड्कालाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतले कात्तिक ७ गते आरोपितलाई दुई वर्ष कैद सजाय, २० हजार रुपियाँ जरिबाना र पीडितलाई १५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३७ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घरनिकाला गरिएका १०, खान/लाउन नदिएको एक, अर्की श्रीमती ल्याएर हेला गरेको ६ र सामान्य घरायसी झगडाका २६ ओटा घटना छन्। यीमध्ये प्रहरीले २४ ओटा घटनामा मिलापत्र गरायो भने १० ओटा उजुरी कानुनी प्रक्रियामा छन् । तीन उजुरी उपर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा छलफल हुन बाँकी छ। घर निकाला १० जनामध्ये आठ जनाको मिलापत्र भएर पुनःस्थापित भए । नागरिकता नपाएको भन्दै जिल्ला प्रहरी कार्यालयमा एक जनाको उजुरी परेकोमा छलफलपछि पीडितले नागरिकता पाएको र बहुविवाह गरेर दुःख दिएको भन्दै ६ ओटा उजुरी परेकोमा एक ओटा फैसला भएको र अन्य घटना कानुनी प्रक्रियामा रहेको महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रहरी जवान सरस्वती कार्कीले बताइन्।

सन् २०१९ मा रुकुम(पश्चिम) जिल्लामा घरेलु हिंसाका नौ जना, बलात्कारका घटनामा तीन जना, बलात्कारको प्रयास घटनामा चार जना, बेचबिखन तथा ओसारपसार प्रयास घटनामा एक जना, परिवारजनबाट हत्या घटनामा एक जना गरी २३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो।

बलात्कार घटनाका दुई जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा, दुई जना आरोपितले सफाइ पाए भने सोही घटनामा दुई जना युवतीले झुट्टा मुद्दा दिएको भन्दै अदालतले जरिवाना सुनायो । एक जना अरोपित यस वर्षको अन्त्यसम्म पनि फरार रहे । बलात्कार प्रयास घटनाका एक जना आरोपित जिल्ला अदालतको आदेशमा जरिवाना तिरेर रिहा भए। दुई जनाले सफाइ पाए। एक जना अनुसन्धानका क्रममा प्रहरी हिरासत रहेको अभिलेख भयो । मानव

बेचबिखन तथा ओसारपसार घटनाका एक जना आरोपित फरार रहे, घरेलु हिंसा घटनाका एक जना आरोपतलाई जिल्ला अदालतले धरौटीमा रिहा गर्न आदेश गरेको भए पनि धरौटी रकम बुझाउन नसके पछि थुनामा छन् । दुई जना आरोपित जिल्ला प्रशासन कार्यालयको आदेशमा धरौटीमा रिहा भए । एक जना आरोपित हिरासतमै रहे ।

घरेलु हिंसा

४० वर्षीया पत्नी विष्णु देवकोटालाई कुटपिट गरेको भन्दै प्रहरीले ०७६ वैशाख १० गते मुसिकोट नगरपालिका –१ माथिल्लो बागबजारका ४० वर्षीय तेजेन्द्र देवकोटालाई घरबाटै गिरफ्तार गऱ्यो। सँधै मदिरा सेवन गरेर आफूलाई कुटपिट गर्ने गरेको र पछिल्लो पटक वैशाख ९ गते बिहान हात नै भाँचिने गरी कुटपिट गरेको पीडित महिलाले बताइन। कुटपिट गरेपछि पीडित महिलाले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । पीडित महिलाको जिल्ला अस्पताल, सल्लेमा वैशाख १० गते उपचार भयो । यसअघि ०७५ पुसमा पनि पत्नी कुटेको आरोपमा गिरफ्तार भई १० हजार रुपियाँ धरौटीमा रिहा भएका देवकोटाले दोस्रोपटक कसुर गरेपछि ०७६ जेठ २ गतेको जिल्ला प्रशासन कार्यालयको आदेश अनुसार २० हजार रुपैयाँ धरौटी तोकिएकोमा उक्त रकम तिर्न नसक्दा थुनामा पठाउने आदेश गऱ्यो । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार

भौतिक संरचना क्षति

यस वर्ष रुकुम (पश्चिम) जिल्लामा आठबीसकोट नगरपालिका १० नम्बर वडा कार्यालयमा ०७६ पुस ८ गते राती अज्ञात पक्षले आगजनी गऱ्यो । आगजनीबाट २ लाख रुपियाँ बराबरको क्षति भयो ।

स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, एक नगर अस्पताल, २७ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा दुई डाक्टरको दरबन्दी रहेकामा कार्यरत छन् । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्राप्त एक जना र दरबन्दी बाहेक करारमा चार जना सहित ६ जना डाक्टरहरू कार्यरत छन् । स्वास्थ्य बिमा गरेका नागरिकहरूले रुकुम जिल्ला अस्पतालमा सहजै उपचार पाइरहेको डाक्टर चौलागाइले बताए । जिल्ला अस्पतालले ७१ प्रकारका औषधि निःशुल्क वितरण गर्ने गरेको छ। त्यसैगरी स्वास्थ्यचौकी र नगर अस्पतालबाट पनि निःशुल्क औषधि वितरण भइरहेको छ। जिल्ला अस्पतालले सेवाग्राहीको सजिलोका लागि एम्बुलेन्सको व्यवस्था गरेको छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१	१
बलात्कार	३	४	६
यौन दुर्व्यवहार	१	१	३
जम्मा	३	६	९

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास	१				१
बलात्कार	१			३	३
बलात्कार प्रयास	१	१			३
बहुविवाह	४		१		५
घरेलु हिंसा	१		४	४	९
जम्मा	८	१	५	६	३०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

६.९ सल्यान

जम्मा जनसङ्ख्या	२,४२,४४४
महिला	१,२६,४७५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६५,६०५
कामका लागि बाहिरिएका	१४,२१३
अपाङ्गता भएका	६,२३३
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.०४
आश्रित जनसङ्ख्या	२०,१७४

यो वर्ष सल्यानमा राज्यपक्षबाट १८ जना पुरुषको गिरफ्तारी र अन्यपक्षबाट ४२ जना महिलासहित ५४ जना गरी ७२ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालक र ६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३२ जना महिला पीडित भए।

गिरफ्तार

यस वर्ष सल्यान जिल्लामा प्रतिबन्धित नेकपाका १८ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये एकजना धरौटी रकम बुझाउन नसक्दा प्रहरी हिरासतमै रहे भने बाँकी १६ जना जिल्ला प्रशासन तथा जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भए।

दार्मा गाउँपालिका- ५ उत्तेसनीका प्रतिबन्धित नेकपाका जिल्ला समिति सदस्य ५१ वर्षीय पदमबहादुर केसीलाई बम बनाउने सामग्रीसहित प्रहरीले २०७६ पुस १ गते दार्मा गाउँपालिका-५, भँगेरी खोलाबाट गिरफ्तार गऱ्यो । केसीको साथबाट बम बनाउन प्रयोग हुने नं. ६ डेटोनेटर, नं. ३३ इलेक्ट्रिक डेटोनेटर, सेफ्टीफ्युज,सल्फ्युरिकएसिड(सोडागन्धक),आइइडीमा प्रयोग हुने छर्रा, भोल्टमिटर, ३०३ राइफलको एक राउण्ड गोली र पार्टी सम्बन्धित कागजात पनि बरामद भएको जिल्ला प्रहरी कार्यालय, सल्यानले जनायो। केसीलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनायो। आरोपित यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमै रहे।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ८५ कैदी र ३१ थुनुवा गरी १ सय १६ जना छन्। जसमा १९ जना महिला तथा दुई जना बालक र दुई बालिका गरी चार जना आश्रित छन् । ज्येष्ठ नागरिक एक जना पुरुष छन्। यस वर्षको अन्त्यसम्म आश्रित बालबालिकको पठनपाठनको व्यवस्था हुन नसकेको जेलर बलबहादुर केसीले बताए।

कैदीबन्दीको उपचारका लागि एचएको दरबन्दी भए पनि रिक्त छ । कैदीबन्दीको उपचारको लागि जिल्ला अस्पताल, सल्यान लैजाने गरिएको कारागारका जेलर बलबहादुर केसीले बताए । हरेक हप्ता साहित्यिक कार्यक्रम हुने गरेको कारागारमा पुस्तकालय स्थापना भएकोले पढ्न पाइएको तथा मनोरञ्जनका सामान उपलब्ध रहेको कैदीबन्दीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दा तर्फ ४ सय ३ मुद्दा दर्ता भए । जसमध्ये २ सय ५ थान फैसला भए । देवानी तर्फ २ सय ४६ मुद्दा दर्ता भएकोमा १ सय २७ फैसला भए । यस अदालतमा दुई वर्ष नाघेका मुद्दा नरहेको अदालतले जनायो । यस जिल्ला अदालतमा दरबन्दी अनुसार कर्मचारी नहुँदा सेवा प्रवाह केही प्रभावित भएको छ । हाल १२ जना कर्मचारीको दरबन्दी रिक्त रहेको जिल्ला अदालतले बतायो ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१
जातीय विभेद				३		३
गिरफ्तार		१८	१८			
कुटपिट					३	३
हत्या				३	४	६
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१	१
	बालविवाह			३	३	५
	बलात्कार			३		३
	विद्यालयमा शारीरिक सजाय				३	३
	यौन दुर्व्यवहार			१		१
	जम्मा			६	५	११
महिला अधिकार	बलात्कार			८		८
	बलात्कार प्रयास			४		४
	बहुविवाह			१६		१६
	बेचबिखन तथा ओसारपसार			१		१
	घरेलु हिंसा			३		३
	जम्मा			३३		३३
जम्मा		१८	१८	४३	१३	५४

बाल अधिकार

शिक्षाको अवस्था

जिल्ला शिक्षा तथा विकास समन्वय इकाइले दिएको जानकारी अनुसार नयाँ संरचनाहरू अपाङ्ग मैत्री बनेका छन् । द्वन्द्वपीडित बालबालिकालाई प्रदान गरिने छात्तवृत्ति ३० जनालाई ४ लाख ४८ हजार रुपियाँ छ भने वैदेशिक रोजगार छात्रवृत्ति ३३ जनालाई ३ लाख रुपियाँ प्रदान गरिएको छ । अपाङ्गता भएका बालबालिकाहरूलाई श्रोत विद्यालयमा भर्ना गरिएको छ । पूर्वाधार र पाठ यसामग्रीको अभावमा स्रोत विद्यालयमा पढ्ने अपाङ्गता भएका बालबालिकाहरूलाई पठनपाठनमा कठिनाइ हुने गरेको छ ।

सन् २०१९ मा सल्यान जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो । जसमा बालविवाहका पाँच, विद्यालयमा शारीरिक दण्डका घटनामा दुई जना, बलात्कारमा दुई र यौन दुर्व्यवहारका घटनामा एक जना बालिका पीडित भए । विद्यालयमा भएका शारीरिक दण्डका घटनामा पीडित र आरोपितबीच मिलापत्र भयो । यौन दुर्व्यवहारका घटनाका एक आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे । बलात्कार आरोपित एक जनाले सफाइ पाए भने एक घटनाका आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । उजुरीमध्ये कुटपिट गरी घरनिकाला गरिएका तीन र हराएका महिला ३७ जना रहेको सेवा केन्द्रले जनायो । स्थानीय तहका न्यायिक संरचनाका कारण महिला विरुद्ध हुने घरेलु हिंसाका घटना स्थानीय तहबाट समाधान हुने गरेको र केही नमिलेका घटना अदालतमा जाने भएकोले महिला केन्दमा कमै उजुरी आउने गरेको सेवा केन्द्रले जनायो ।

यस वर्ष इन्सेकमा घरेलु हिंसाका घटनामा तीन जना, बहुविवाहका घटनामा १६ जना, बलात्कारका

घटनामा आठ जना, बलात्कार प्रयासका घटनामा चार जना र बेचबिखनको घटनामा एक जना गरी ३२ जना महिला पीडित भएको अभिलेख भयो। बलात्कार तथा बलात्कार प्रयासका कुनै पनि घटनामा अदालतले यो वर्षको अन्त्यसम्म फैसला सुनाएन।

बेचबिखन तथा ओसारपसार

वनगाड कुपिण्डे नगरपालिका –३ टाट्केछहरा निवासी २ वर्षको छोरा सहितकी २२ वर्षीया एक महिलालाई भारततर्फ बेचबिखन गरेको आरोपमा जाजरकोटको भेरीगंगा नरगपालिका–९ का १८ वर्षीय बालकलाई २०७६ कात्तिक २२ गते र अर्का आरोपित जाजरकोट भेरी नगरपालिका– ९ बस्ने ३५ वर्षीया रमिता बस्नेतलाई ०७६ मङ्सिर ३ गते प्रहरीले गिरफ्तार गऱ्यो । ०७६ असार २५ गतेदेखि पीडित घरबाटै बेपत्ता भएकी थिइन् । वैदेशिक रोजगारीमा रहेका पति नेपाल फर्केपछि कात्तिक २४ गते प्रहरीमा उजुरी दर्ता गरेका थिए। आरोपित खड्कालाई मङ्सिर १९ गते बालसुधार केन्द्र बाँके नेपालगन्ज पठाइएको र बस्नेतलाई मङ्सिर १८ गतेबाट पुर्पक्षका लागि कारागार चलान गरिएको प्रहरीले जनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आगजनी/सम्पत्तिक्षति

जिल्लामा यस वर्ष दुईवटा सवारी साधनमा तोडफोड एक सवारीसाधनमा आगजनी र एनसेल टावरमा आगजनी भएको इन्सेकमा अभिलेख भयो।

प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले फागुन २३ गते आह्वान गरेको बन्द अवज्ञा गरेको भन्दै राप्ती राजमार्गको सल्यान दाङ खण्ड अर्न्तरगत त्रिवेणीको सल्लेखोलामा ना ४ ख ६३६८ नम्बरको ट्रक र लु २ च २७२५ नम्बरको बोलेरो जिप तोडफोड गरे। त्यसैगरी प्रतिबन्धित नेकपाले छत्रेश्वरी गाउँपालिका–६ लान्ती स्थित खैराबाङ मन्दिरको नाममा रहेको ६ रोपनी जग्गा नेकपाको जिल्ला जनपरिषद् सल्यानले ०७६ साउन ३२ गते राति आफ्नो नियन्त्रणमा लिएर झण्डा र ब्यानर गाडेको जनायो । सो जग्गा स्थानीय दुर्गाबहादुर बुढाथोकीले भोग चलन गर्दै आएको स्थानीयले बताए।

बागचौर नगरपालिका–५ शिवरथ जारुमारेमा रहेको एनसेल टावरमा ०७६ साउन १६ गते राति आगजनी भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनायो। आगजनीबाट टावरमा रहेको दुईवटा सोलारका प्यानलमध्ये एउटामा पूर्णरूपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जानकारी दियो।

सबै प्रकारका जातीय विभेद

कुमाख गाउँपालिका–६ च्याउखोलाकी २० वर्षीया एलिसा बिकलाई तल्लो जातकी भनी घर निकाला गरेको आरोपमा ससुरा ४५ वर्षीय युद्धवीर रावत र सासू ४२ वर्षीया पीमकली रावतलाई ०७५ फागुन ४ गते प्रहरीले घरैबाट गिरफ्तार गऱ्यो । २२ वर्षीय टिकाराम रावतसँग ०७३ सालमा अन्तरजातीय प्रेम विवाह गरेकी पीडितले विवाह भएको केही समय पछिबाट घरपरिवार र पतिले समेत हेला गर्दै आएको र माघ २९ गते कुटपिट गरी घरनिकाला गरेको भन्दै जिल्ला प्रहरी कार्यालय, सल्यानमा फागुन २ गते उजुरी दिएकी थिइन् । जिल्ला अदालतले आरोपित सासू ससुरालाई ७६ असार २३ गते १ महिना कैद र ५ सय जरिवाना र पति टिकाराम रावतलाई २ महिना कैद र २ हजार जरिवानाको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

सल्यानमा एउटा जिल्ला अस्पताल, ४५ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन् । जनसङ्ख्याको आधारमा स्वास्थ्य केन्द्र तथा त्यसमा मानवीय स्रोतको अवस्था, अन्य उपकरण तथा निःशुल्क उपचारको व्यवस्था सन्तोषजनक छैन । स्थानीय तहहरूले एम्बुलेन्स खरिद गरी बिरामी बोक्ने कार्य शुरु गरेकाले स्वास्थ्यको पहुँचमा सहजता आएको छ। १५ शैयाको जिल्ला अस्पतालमा बिरामीहरूको दिनदिनै चाप बढेको छ। तर स्तरोन्नति हुन नसक्दा स्वास्थ्य सेवाप्रदान गर्न कठिनाइ छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

महिला अधिकार						
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१					१
बालविवाह	१	१		१		३
बलात्कार	१				१	२
विद्यालयमा शारीरिक सजाय			२			२
यौन दुर्व्यवहार	१					१
जम्मा	४	१	२	१	१	९

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२			६	८
बलात्कार प्रयास	१			३	४
बहुविवाह	९	५		२	१६
बेचबिखन तथा ओसारपसार	१				१
घरेलु हिंसा			२	१	३
जम्मा	१३	५	२	१२	३२

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	४	१	६

६.१० सुर्खेत



जम्मा जनसङ्ख्या	३,५०,८०४
महिला	१,८१,३८३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,०४,४५२
कामका लागि बाहिरिएका	२३,१५७
अपाङ्गता भएका	१०,२५१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७३.१२
आश्रित जनसङ्ख्या	१,७३,२५८

बर्दिया राष्ट्रिय निकुञ्ज भित्र काउलो सङ्कलन गर्न जाँदा निकुञ्जका सेनाको गस्ती टोलीद्वारा मारिएका आफन्तहरूले दश वर्ष बितिसक्दा समेत न्याय तथा क्षतिपूर्ति पाएका छैनन् । संसदीय समितिले मृतकका परिवारहरूलाई जनही १० लाख रुपियाँ क्षतिपुर्ति सहित हत्यामा संलग्न सेनालाई कारबाही गर्ने सिफारिस गरे पनि यसवर्षको अन्त्यसम्म न्याय तथा क्षतिपूर्ति उपलब्ध गराउने र घटनामा संलग्न कारबाहीको दायरामा आएनन् । संसदीय समितिले गरेको सिफारिसलाई कार्यान्वयन गर्न तत्कालीन समयमा बर्दिया राष्ट्रिय निकुञ्जले गरेको प्रतिबद्धता कार्यान्वयन नगरेको र राज्यले यस घटनाको बारेमा चासो नदिएकोले उनीहरू न्याय तथा क्षतिपूर्ति पाउनबाट बञ्चित हुनु परेको हो । काउलो टिप्न निकुञ्जभित्र गएका साविक हरिहरपुर गाविस– ३ श्रीचौरका १३ वर्षीया चन्द्रकला बिक, २५ वर्षीया देवीसरा बिक र २९ वर्षीया अमृता बिक ०६६ फागुन २६ गते भएको घटनामा सेनाको गोलीबाट मारिएका थिए । मृतकका परिवारले हालसम्म २५ हजारका दरले किरिया खर्च बाहेक कुनै रकम पाएका छैनन् । समितिले सिफारिस गरेको क्षतिपूर्ति उपलब्ध गराउन पहल गर्ने र मृतकका छोराछोरीहरूलाई रोजगारीको व्यवस्था गर्ने सहमति गरे पनि यसतर्फ निकुञ्जले कुनै चासो दिएन । मृतकका आफन्तहरूले सङ्घीय सरकारदेखि स्थानीय तह, प्रदेश सरकारसँग न्याय तथा क्षतिपूर्तिका लागि निरन्तर अनुरोध गर्दै आए ।

यो वर्ष सुर्खेतमा राज्य पक्षबाट एक जना महिलासहित सात जना र अन्य पक्षबाट ९१ जना महिलासहित १ सय ६ जना गरी १ सय १३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालकसहित १२ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ७६ जना महिला पीडित भए ।

झडप/घाइते

जुम्ला जिल्ला सिंजा गाउँपालिका–३ निवासी २८ वर्षीय ज्ञानेन्द्रबहादुर शाही ०७६ जेठ १५ गते सुर्खेतमा आयोजित कार्यक्रममा सहभागी भएको बेला उनलाई गिरफ्तार गर्न गएको प्रहरी र शाहीका समर्थक बीच वीरेन्द्रनगर खुलामञ्चमा झडप भयो । वीरेन्द्रनगर नपा–८ खुल्लामञ्चमा मन्तव्य दिई सभामा सहभागी भएको अवस्थामा विद्युतीय कारोबार ऐन विरुद्ध उजुरी परेको भन्दै प्रहरी शाहीलाई गिरफ्तार गर्न पुगेको थियो। झडपका क्रममा चोटलागेका शाहीलाई खुलामञ्चबाट प्रहरीले गिरफ्तार गऱ्यो । शाहीपक्ष र प्रहरीबीच भएको झडपमा जिल्ला प्रहरी कार्यालय सुर्खेतमा कार्यरत इन्स्पेक्टर ३४ वर्षीय निरञ्जन

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार						२	२
अपहरण					१		१
गिरफ्तार		१	६	७			
कुटपिट					१	९	१०
हत्या					३	२	५
बाल अधिकार	बालविवाह				२	२	४
	बलात्कार				७		७
	यौन दुर्व्यवहार				१		१
	जम्मा				१०	२	१२
महिला अधिकार	कथित बोक्सीको आरोप				१		१
	बलात्कार				५		५
	बलात्कार प्रयास				४		४
	बहुविवाह				४		४
	घरेलु हिंसा				६१		६१
	यौन दुर्व्यवहार				१		१
	जम्मा				७६		७६
जम्मा		१	६	७	९१	१५	१०६

घिमिरे, प्रहरी हवल्दार ३५ वर्षीय प्रकाश बुढा, प्रहरी जवानहरू २७ वर्षीय जितबहादुर बोहरा, २६ वर्षीय हस्त सिंह, ३० वर्षीय रामसागर बर्मा र २५ वर्षीय पवन सुवेदी घाइते भए । घाइते शाहीको कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा जेठ १५ गते प्राथमिक उपचार भयो भने थप उपचार जेठ १७ देखि २२ गतेसम्म राष्ट्रिय ट्रमा सेन्टर काठमाडौँमा भयो । शाही जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासत कक्षमा यातना दिएको आरोप लगाए पनि प्रहरीले भने नियन्त्रणको क्रममा बल प्रयोग गर्दा घाइते भएको जनायो । प्रहरीले शाहीसहित उनका समर्थकहरू जुम्ला सिंजा गाउँपालिका–३ का ३५ वर्षीय भीमबहादुर शाही, सोही ठाउँका ३३ वर्षीय मदनबहादुर शाही, ३९ वर्षीय हिक्मतखत्री, दैलेख जिल्ला आठविस नपा–९ का ३३ वर्षीय कृपाराम बडुवाल, सुर्खेत वीरेन्द्रनगर नपा–६ का २६ वर्षीय प्रेम बिक, वीरेन्द्रनगर नपा–७ का २१ वर्षीय दिपक शाही, बाँके जिल्लाकोहलपुर नपा–७ की २२ वर्षीया मेनुका परियार र कोहलपुर नपा–२ की १८ वर्षीया मीना खत्रीलाई जेठ १५ गते वीरेन्द्रनगरबाट गिरफ्तार गऱ्यो। प्रहरीले ज्ञानेन्द्र शाहीलाई गिरफ्तार गरिएकैसाँझ मध्य पश्चिम यातायात समितिको गाडी नम्बर ना ७ ख ६९६३ नम्बरकोमा जेठ १५ गते काठमाडौँ लगेको थियो भने अन्यलाई जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा राखेको थियो । प्रहरीले पीडितहरूलाई जेठ १६ गते जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरी अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा राखेको थियो। सबैजनाको स्वास्थ्य परीक्षण जेठ १५ गते कर्णाली प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले गिरफ्तार गरेका सबैजना विरुद्ध जेठ १६ गते सार्वजनिक मुद्दा चलाएकोमा प्रमुख जिल्ला अधिकारीको आदेशले जेठ २२ गते जनही १०/१० हजार रुपियाँ धरौटी बुझाइ रिहा भए। ज्ञानेन्द्र शाही सर्वोच्च अदालतको आदेशले जेठ २२ गते रिहा भए। शाहीले ओएस नेपाल नामक अनलाइनमा ०७६ वैशाख १८ गते अन्तरवार्ता दिई कर्णाली प्रदेशका सञ्चारकर्मीलाई गाली गरेको भन्दै कर्णाली प्रदेशका सञ्चारकर्मीहरूले वैशाख १८ गते शाहीका विरूद्ध जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दिएका थिए।

मध्यपश्चिमाञ्चल विश्वविद्यालयको नवौँ वार्षिकोत्सवको अवसरमा काठमाडौँका विभिन्न निजी कलेजहरूले सौजन्य स्वरूप प्रदान गरेको टिर्सट लगाएर वार्षिकोत्सव मनाएको विरोधमा उत्रिएका आन्दोलनकारी विद्यार्थी र प्रहरीबीच ०७६ असार ३ गते भएको झडपमा आन्दोलनकारी विद्यार्थीहरूले ढुङ्गाप्रहार गर्दा जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा कार्यरत ३० वर्षीय प्रहरी जवान सुरेन्द्र महत घाइते भए। ढुङ्गा प्रहारबाट नाकको डाँडी भाँचिएका प्रहरी जवान महतको असार ३ गते स्थानीय देउती नर्सिङ होममा

उपचार भयो। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा अनेरास्ववियु सुर्खेतका अध्यक्ष २८ वर्षीय धुपेन्द्र शाही, अनेरास्ववियुका २९ वर्षीय गगन सिं, नेविसङ्घका केन्द्रीय सदस्य ३६ वर्षीय हरि शर्मा, २४ वर्षीय न्यूटन वली, २७ वर्षीय अम्मरजंग शाही, २५ वर्षीय सरोज न्यौपाने, २२ वर्षीय भरत गौतम, २५ वर्षीय नवीनकुमार योगी, २७ वर्षीय तिर्सना हमाल, २५ वर्षीय ममता अधिकारी, २५ वर्षीय गणेश शाही, २६ वर्षीय राजन केसी, २८ वर्षीय महेन्द्र थापा, २७ वर्षीय चित्र सुनार र २१ वर्षीय जनक धमलालाई असार ३ गते वीरेन्द्रनगरबाट गिरफ्तार गऱ्यो। गिरफ्तार भएका सबै जना सोही दिन रिहा भएको प्रहरीले जनायो।

गिरफ्तार

यस वर्ष सुर्खेत जिल्लामा प्रतिबन्धित नेकपाका सात जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । सबै जना जिल्ला आदालतको आदेशमा रिहा भए । गिरफ्तार गरिएकाहरूलाई पत्राउ पुर्जी नदिइएको, परिवारजनलाई भेटन् नदिएको आरोप गिरफ्तार गरिएकाहरूले लगाए।

वीरेन्द्रनगर नपा–८ निवासी ६२ वर्षीय सिद्धबहादुर खड्कालाई ०७५ चैत १२ गते प्रतिबन्धित नेकपामा संलग्न भएको आरोपमा प्रहरीले घरबाटै गिरफतार गऱ्यो । सरकारले (विप्लव) माओवादीको गतिविधिलाई प्रतिबन्ध लगाएपछि (विप्लव) माओवादीको गतिविधिमा संलग्न रहेको भनी प्रहरीले पत्राउ पुर्जी नदिई घरबाटै गिरफ्तार गरेको पीडितले आरोप लगाए । प्रहरीले हिरासतमा रहेको अवस्थामा दुईदिनसम्म कसैलाई पनि भेटघाट गर्न नदिएको पीडितले जनाए। प्रहरीले पीडितलाई चैत १२ गते १३ दिन र चैत २५ गते ९ दिन जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा राखेको थियो । पीडितको स्वास्थ्य परीक्षण चैत १२ गते कर्णाली प्रदेश अस्पताल सुर्खेतमा भयो। प्रहरीले ०७६ वैशाख ३ गते मुद्दा दायर गरेकोमा जिल्ला अदालत, सुर्खेतको सोही दिनको आदेशले पीडित १५ हजार रुपियाँ धरौटीमा रिहा भए।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा कैद तोकिएका १ सय ६२, थुनुवा ८९ र एक बालिका र एक बालक सहित २ सय ५३ जना छन्। नाबालका सहित २५ जना महिला छन् । क्षमता भन्दा १० गुणा भन्दा बढी कैदीबन्दी रहेकोले कैदीबन्दी व्यवस्थापनमा समस्या भएको निमित्त जेलर भुवन गौतमले बताए । कारागारमा मानसिक रोगी नभएको बालबालिकाहरूको रेखदेखमा समस्या नभएको, यसवर्ष कारागारमा रहेका कैदीबन्दीहरूको मृत्यु नभएको र कारागारका कैदीबन्दीहरू बिरामी हुनासाथ सहज रूपमा कर्णाली प्रदेश अस्पतालमा निमितरूपमा उपचार गराइएको, कैदीबन्दीहरूको उपचारमा लापरबाही नभएको कारागारले जनायो । कैदीबन्दीहरूलाई हेपेको भनी कैदीबन्दी र कारागारका नाइके तथा चौकीदारहरू बीच ०७६ जेठ ४ गते विवाद भएपनि कारागार प्रशासनले कैदीबन्दीहरूलाई मानवोचित व्यवहार गरेको, भेटघाट गर्न आएका आफन्तहरूलाई नियमित रूपमा सहजरूपमा भेटघाट गर्ने व्यवस्था मिलाइएको कैदी खगेन्द्र थापाकी पत्नि प्रगति थापाले बताइन्।

अमानवीय व्यवहार

वीरेन्द्रनगर नपा– ५ निवासी मालपोत कार्यालय सुर्खेतका नासु २५ वर्षीय नरबहादुर घर्तीलाई नेकपा वैद्य समूहका कार्यकर्ता २८ वर्षीय हिमाल शाहीले भ्रष्टाचार गरेको आरोप लगाउँदै ०७५ माघ १६ गते कार्यकक्षमै मोसो दलेर दुर्व्यवहार गरेको पीडितले आरोप लगाए । आफ्नो कार्यकक्षमा काम गरिरहेको समयमा शाहीले एकाएक मोसो दलेर भागेको पीडितको भनाइ छ। आरोपित शाही यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सुर्खेत जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा दुईजना न्यायधीशको दरबन्दी रहेकोमा दुवैजना कार्यरत छन्। यसवर्ष फैसला हुन बाँकी मुद्दा मध्य देवानी तर्फ १ सय २७ र फौजदारी तर्फ ७३ थान छन्। दुई वर्ष नाघेका मुद्दा छैनन्। यस्तै ८ जना दरबन्दी रहेको उच्च अदालतमा ४ जना कार्यरत छन् । यसवर्ष फैसला हुन बाँकी देवानीतर्फ ५८ र फौजदारी तर्फ १ सय ३४ थान छन । दुई वषै नाघेका देवानी र फौजदारी मुद्दा छैनन् । जिल्ला अदालत सुर्खेतका श्रेस्तेदार भुपाल भण्डारीका अनुसार न्यायधीशको दरबन्दीको अभावले न्याय सम्पादनमा असर परेको छैन।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्ला शिक्षा इकाइ प्रमुख नारायण पौडेलकाअनुसार यस वर्ष दलित, मुस्लिम, सीमान्तकृत र पिछडा वर्गलाई दिइने २ हजार ३ सय १८ बालक र २ हजार ५ सय ६३ बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहिद परिवारका ३ सय ४५ र द्वन्द्वपीडित परिवारका ३ सय १४ परिवारका बालबालिकाहरूलाई पनि छात्रावृति प्रदान गरिएको शिक्षा कार्यालयले जनायो । यसवर्ष जिल्ला शिक्षा इकाइ र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाको पहलमा विद्यार्थी भर्ना अभियान सञ्चालन गरियो । जिल्लामा बाल अदालत तथा बाल पुर्नस्थापना केन्द्र छैन । होटेल उद्योगधन्दामा बालमजदुर भए पनि यसबारेमा कहीँबाट आवाज उठाइएको छैन। जिल्लाको प्रमुख बजार वीरेन्द्रनगरमा २० जना भन्दा बढी सडक बालबालिका छन् तर उनीहरूको संरक्षणका लागि पहल गरिएको छैन । जिल्ला कल्याण समिति हाल निष्कृय रहेको छ। जिल्लामा नव निर्मित भवनसहित १ सय ७८ वटा विद्यालय अपाङ्गमैत्री छन्।

यस वर्ष बलात्कारका घटनामा सात जना, यौन दुर्व्यवहारका घटनामा एक जना र बालविवाहका घटनामा चार जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जिल्ला अदालतले आदेशमा बलात्कार घटनाका एक आरोपित बाल सुधार गृहमा, एक आरोपितलाई जन्मकैद र आठ जना आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। बलात्कार घटना दुई जना आरोपित र यौन दुर्व्यवहार घटनाका एक आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे। दुई जना आरोपित अनुसन्धानको क्रममा नै रहे।

बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया अपाङ्गता भएकी बालिकालाई ०७६ जेठ २१ गते बलात्कार गरेको भन्दै वीरेन्द्रनगर नपा–२ का १८ वर्षीय अमित कुमालविरुद्ध पीडित पक्षले जेठ २१ गते जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा उजुरी दियो। पीडितको स्वास्थ परीक्षण जेठ २१ गते कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा भयो । प्रहरीले जिल्ला अदालत सुर्खेतबाट जेठ २१ गते १० दिन तथा ३१ गते ११ दिनको म्याद थप गरी जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा राखी अनुसन्धान गरेको थियो। प्रहरीले असार १० गते पीडकका विरुद्ध जिल्ला अदालत, सुर्खेतमा बलात्कारको आरोपमा मुद्दा दायर गरेकोमा अदालतको सोही दिनको आदेशले पीडक ६ महिना पुर्पक्षका लागि थुनामा बसे। पीडकलाई मङ्सिर ८ गते जिल्ला अदालत, सुर्खेतले जन्मकैद र क्षतिपूर्ति स्वरुप २५ हजार रुपियाँ सजाय सुनायो।

महिलामाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ७६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरेको ९०, खानलाउन नदिएको ८२, विवाह दर्ता र नागरिकता नबनाइदिएको १६, वहुविवाह गरी हेला गरेको ६४ तथा सामान्य घरायसी झगडाका २ सय १४ उजुरी छन्। यीमध्ये प्रहरीले २ सय १३ वटामा मिलापत्र गरायो। १ सय ५३ वटा मुद्दा दायर गरे पनि पीडित सम्पर्कमा आएनन् । १ सय १० वटा उजुरी कारबाहीको प्रक्रियामा छन्। महिला तथा बालबालिका सेवा केन्द्रकाअनुसार घरबाट निकाला गरिएका अधिकांश मिलापत्र गरेर फर्किएका छन् । खानलाउन नदिई घरनिकाला गरिएका ५० बढीलाई मिलापत्रपछि पुर्नस्थापना गरिएको छ । बहुविवाह घटनामा भने पीडकहरू फरार हुने र प्रहरीको सम्पर्कमा नआउँदा अधिकांशको कानुनी प्रक्रिया अघि बढेन । यस्तै घरायसी झगडाका कारण उजुरीपछि सम्पर्कमा आएका १ सय २४ जनालाई मिलापत्र गराइ घरमा पठायो।

सन् २०१९ मा सुर्खेत जिल्लामा घरेलु हिंसाका घटनामा ६१ जना, कथित बोक्सीको आरोपमा एक जना, बहुविवाहका घटनामा चार जना, बलात्कारका घटनामा पाँच जना, बलात्कार प्रयासका घटनामा चार जना गरी ७६ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका चार आरोपित जिल्लाको अदालतको आदेशमा धरौटीमा रिहा, एक पुर्पक्षका लागि थुनामा रहे । बलात्कार प्रयासका आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार रहे भने एक अनुसन्धानकै क्रममा रहेको घटना इन्सेकले अभिलेख गऱ्यो।

परिवारजनबाट हत्या

लेकवेशी नपा– ८ की ४५ वर्षीया पविसरा पुलामीलाई ४७ वर्षीय पति धनबहादुर पुलामीले ०७५ फागुन २३ गते बिहान घरमै फलामको रड प्रहार गरी हत्या गरे। घरायसी विवादको कारण मानसिक सन्तुलन ठिक नभएका पुलामीले पत्नी पविसरालाई टाउकोमा रड प्रहार गरी हत्या गरेको प्रहरीले जनायो । पत्नीको

हत्या गरेलगत्तै धनबहादुरले घर नजिकैको ओदालेको रुखमा पासो लगाई आत्महत्या गरेको स्थानीयबासीले जनाए । दुवैजनाको ०७५ फागुन २४ गते कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार भएको मृतकको परिवारले जनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना क्षति

प्रतिबन्धित नेकपाले आह्वान गरेको बन्द अवज्ञा गरेको भन्दै सो पार्टीका कार्यकर्ताहरूले ०७५ माघ ५ गते वीरेन्द्रनगरतर्फ आइरहेको ना ६ ख ७३१३ नम्बरको ट्रकलाई भेरीगङ्गा नपा–११ को सत्तरीमा र ना ४ ख १७३२ नम्बरको ट्रकलाई बराहताल गाउँपालिका–९ मसिनामा आगजनी गरे । आगजनीबाट दुवै ट्रक क्षतिग्रस्त भएको प्रहरीले जनायो । त्यसैगरी प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले ना २ ख ७४४४ नम्बरको बसलाई ०७६ जेठ १२ गते भरीगंगा नपा–८ लोदेमा आगजनी गरे । गुमीबाट छिन्चुतर्फ आइरहेको यात्रुबाहक बसमा सवार यात्रुहरूलाई बसबाट ओरालेर आगजनी गरेका थिए । आगजनीबाट बस पूर्णरूपमा क्षतिग्रस्त भएको थियो ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा प्रदेश अस्पताल १, अस्पताल १, स्वास्थ्य चौकी ४७ र ३ वटा प्राथमिक स्वास्थ्य केन्द्र छन् । जिल्लामा ४९ डाक्टरको दरबन्दी रहेकोमा २४ जना कार्यरत छन् । त्यस्तै अहेबको १ सय ६० दरबन्दी रहेकोमा १ सय ५१ जना कार्यरत छन् । अहेबको ९ दर बन्दी रिक्त रहेको प्रदेश अस्पतालका सुपरिटेण्डेण्ट डा. डम्मर खड्काले बताए ।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१	१	१	३
बलात्कार	२	१	४	७
यौन दुर्व्यवहार			१	१
जम्मा	३	२	६	११

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
कथित बोक्सीको आरोप			१			१
बलात्कार	१				४	५
बलात्कार प्रयास	२				२	४
बहुविवाह	२				२	४
घरेलु हिंसा	१	१	२९	१७	१३	६१
यौन दुर्व्यवहार			१			१
जम्मा	६	१	३१	१७	२१	७६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	३	५

सुदूरपश्चिम प्रदेश

- क्षेत्रफल : १९,५३९ वर्ग कि.मि.
- जनसङ्ख्या : २५,५२,५१७
- साक्षरता प्रतिशत : ६१.५४
- जिल्ला : ९
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३२
- उपमहानगरपालिका : १
- नगरपालिका : ३३
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७३४

सुदूरपश्चिम प्रदेश परिचय ७

सुदूरपश्चिम प्रदेश सरकारले युवा रोजगारी सिर्जना गरी गरिबी निवारणका लागि कार्यक्रम सञ्चालन गर्ने, कुप्रथा हटाउन अभियान चलाउने, विशेष कार्यक्रम सञ्चालन गरी चेलिबेटी बालबालिका बेचबिखन मानव ओसारपसार कार्य रोक्ने, दलित समुदायको परम्परागत सीप, कला, दक्षतालाई सुदृढीकरण र आधुनिकीकरण गरिने, विपन्न थारु समुदायको हितका लागि आवश्यकता पहिचानका आधारमा एकीकृत विकास कार्यक्रम सञ्चालन गरिने र थारु समुदायका व्यक्तिमा लाग्ने सिकलसेल रोगको उपचार र निदानका लागि विशेष कार्यकम ल्याइने कार्यक्रम तय गरिएको छ। विपन्नहरूलाई सहजरूपमा स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउन एक गाउँ, एक स्वास्थ्य चौकी, एक स्थानीय तह एक अस्पतालको संरचनागत प्रबन्ध गरिनेलगायतका विषय नीति तथा कार्यक्रममा उल्लेख छन्।

सन् २०१९ र मानव अधिकार अवस्था

यस प्रदेशमा सन् २०१९ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७ सय ९८ जना पीडित भएको अभिलेख भयो। गिरफ्तारका घटनामा ९२ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ५ सय जना, जातीय विभेदका घटनामा ६ जना, बाल अधिकार उल्लङ्घनका घटनामा १ सय ७ जना पीडित भए।

सन् २०१९ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



७.१ बाजुरा

जम्मा जनसङ्ख्या	१,४७,०५३
महिला	७५,७४३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,८६७
कामका लागि बाहिरिएका	८,०५४
अपाङ्गता भएका	५,८५५
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.७
आश्रित जनसङ्ख्या	७५,६५५

बाजुरा भौगोलिक विकटता, गरिबी, अशिक्षा, र स्वास्थ्य सेवाको पहुँचका हिसाबले पछाडि परेको जिल्ला हो। बुढीनन्दा नगरपालिका, हिमाली, स्वामीकार्तिक खापर र जगन्नाथ गाउँपालिकाको ५० हजार २ सय ६ भन्दा बढी जनसङ्ख्यालाई सेवा दिँदै आएको कोल्टी प्राथामिक स्वास्थ्य केन्द्रमा एक जना डाक्टरको दरबन्दी भए पनि डाक्टर निरन्तर नबस्दा समस्या हुने गरेको छ। चिकित्सक स्वास्थ्य केन्द्रमा नभएपछि अहेब तथा अनमीको भरमा प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन हुँदै आएको छ। स्वास्थ्य केन्द्रमा दैनिक १ सय भन्दा बढी बिरामी उपचारका लागि आउने गरेका छन्। चिकित्सक नभएका कारण बिरामीहरू उपचारका लागि नेपालगञ्जलगायत अन्य स्थानमा जान बाध्य छन्।

यस वर्ष बाजुरा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५६ महिला र राज्यपक्षबाट ९ महिला र १७ जना पुरुष पीडित भएको अभिलेख भयो। प्रहरीले प्रतिबन्धित नेकपाका २६ जना कार्यकर्तालाई गिरफ्तार गऱ्यो। बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना, महिला अधिकारका घटनामा ५० जना पीडित भएको अभिलेख भयो।

गिरफ्तारी र यातना

यस वर्ष बाजुरा जिल्लामा प्रतिबन्धित नेकपाका २६ जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेकोमा १० जनाले पार्टी परित्याग गर्ने प्रतिबद्धता गरेपछि जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो भने १६ जना अनुसन्धानका लागि प्रहरी हिरासतमै रहे।

रोल्पा जिल्ला जिनावाङका घर भई प्रतिबन्धित नेकपा पार्टीका केन्द्रीय सदस्य ५२ वर्षीय चुडामणि ओली, बाजुरा जिल्ला त्रिवेणी नगरपालिका–२ छताराका३५ वर्षीय डम्म सुनार, अछाम जिल्ला ढकारी गाउँपालिका–२ बस्ने २४ वर्षीय नरेश शाही, कैलाली जिल्ला घोडाघोडी नगरपालिका–१ बस्ने २८ वर्षीय दीपकप्रकाश सुनार, बाजुरा जिल्ला हिमाली गाउँपालिका–१ का २२ वर्षीय अमलाल थापा, सोही ठाउँका २२ वर्षीय धर्मबहादुर थापा, अछाम जिल्ला

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट	
		महिला	पुरुष	जम्मा	महिला	जम्मा
गिरफ्तार		९	१७	२६		
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१	१
	बलात्कार				४	४
	यौन दुर्व्यवहार				१	१
	जम्मा				६	६
महिला अधिकार	बलात्कार				४	४
	बलात्कार प्रयास				१	१
	घरेलु हिंसा				४५	४५
	जम्मा				५०	५०
कूल जम्मा		९	१७	२६	५६	५६

विनायक नगरपालिका–८ का २२ वर्षीय उदय कसेरा, अछाम जिल्ला ढकारी गाउँपालिका–२ का २६ वर्षीय राजेशकुमार शाही, सोही गाउँपालिका–७ बस्ने २१ वर्षीय डबलबहादुर नेपाली, तुर्माखाद गाउँपालिका–८ का १९ वर्षीय कृष्ण बि.क, बाजुरा जिल्ला हिमाली गाउँपालिका–१ का २६ वर्षीय धरमसिंह बोहरा, स्वामीकार्तिक खापर गाउँपालिका–१ की १९ वर्षीया कुस्मा बि.क., सोही गाउँपालिका– १ की १९ वर्षीया अस्मिता बिक, सोही ठाउँकी १९ वर्षीया सुस्मिता बिक, अछाम जिल्ला ढकारी गाउँपालिका–२ की १९ वर्षीया कमला बिक र अछाम जिल्ला मष्टा गाउँपालिका–१ बस्ने १९ वर्षीया सृष्टि सिंहलाई ०७६ कात्तिक २२ गते गौमुल गाउँपालिकामा चन्दा सङ्कलन तथा सङ्गठन विस्तार गरिरहेको सूचनाका आधारमा इलाका प्रहरी चौकी, घटमुनाबाट खटिएको टोलीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख उद्धबसिंह भाटले बताए । प्रहरीले मङ्सिर २१ गते उनीहरूमाथि राज्यविरुद्ध कसुर, विस्फोटक पदार्थ र सांगठनिक अपारधसम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो । यस वर्षको अन्त्यसम्म उनीहरू प्रहरी हिरासतमा रहेका छन् ।

हिरासतमा प्रतिबन्धित नेकपाका नेता कार्यकर्तालाई यातना दिएको सूचना प्राप्त भएपछि इन्सेक जिल्ला प्रतिनिधि पदमबहादुर सिंह, नेपाल पत्रकार महासंघ जिल्ला शाखा, बाजुराका अध्यक्ष प्रकाशबहादुर सिंह, नेपाल पत्रकार महासंघ जिल्ला शाखा बाजुराका सचिव प्रेम बिक लगायतको टोलीले जिल्ला प्रहरी कार्यालयको हिरासत अनुगमन गऱ्यो । अुनगमनका क्रममा चुडामणि ओलीले आफूहरूलाई हिरासतमा राखि रक्ताम्य हुने गरी कुटपिट गरेको, परिवारका सदस्यलाई भेटघाट गर्न नदिएको बताए । धर्मसिंह बोहोराले आफूलाई हिरासतमा प्रहरीले कुटपिट गरी घुँडामुनी घाउचोट भएको जिल्ला अदालतमा बयान दिएपछि प्रहरीले हिरासतमा मानसिक यातना तथा कुटपिट गरेको अनुगमन टोलीलाई बताए । अस्मिता विकले आफूलाई हिरासतमा पुरूष प्रहरी पठाएर आफूहरूले यातना दिने गरेको र दिएको बयान नसुनाइ जबरजस्ती हस्ताक्षर गराउने गरेको अनुगमन टोलीलाई बताइन् । जिल्ला प्रहरी कार्यालय,बाजुराका प्रमुख उद्धबसिंह भाटले प्रहरी हिरासतमा राखिएका प्रतिबन्धित नेकपाका नेता कार्यकर्ताहरूलाई प्रहरीले यातना नदिएको र फोन गर्न नरोकेको अनुगमन टोलीलाई बताए । धर्मसिंह बोहोराको घुँडामुनी गहिरो चोट लागेको अनुगमनका क्रममा पाइयो ।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको भए पनि ३५ कैदी र १३ जना थुनुवा गरी ४८ जना राखिएका छन् । कारागारमा मनोरञ्जनका सामग्रीहरूको व्यवस्था गरिएको जिल्ला कारागार बाजुराका सूचना अधिकारी अम्मर रावलले जानकारी दिए । क्षमता भन्दा बढी कैदी बन्दी भएकाले चिसो मौसममा कोठा अभावले सुत्न समस्या हुने गरेको जेलर रामकुमार चौधरीले बताए । कैदीबन्दीको उपचाकारका लागि एक जना अहेबको दरबन्दी रहेको भए पनि दरबन्दी रिक्त भएकाले कैदी तथा थुनुवालाई उपचारका लागि जिल्ला अस्पताल, लैजाने गरिएको छ। कैदीबन्दीका आफन्तलाई बिहान १० बजेदेखि ५ बजेसम्म भेटघाट गर्ने व्यवस्था मिलाइएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एकजना न्यायाधीशको दरबन्दी रहेको छ । यसवर्ष फौजदारी मुद्दा ६८ मध्ये

१७ फैसला भए भने ५१ फैसला हुन बाँकी रहे । देवानी मुद्दा १६ मध्ये ६ फैसला भए भने १० थान फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा बाँकी छैनन् । जिल्ला अदालतमा मुद्दा दर्ता भएपछि धेरै घटनाको प्रतिवादी फरार हुने गरेको, पेशीका दिन सरकारी वकिल उपस्थित नहुने, पेशीकै दिन साक्षीहरू उपस्थिति नहुनु, तामेल लिएर बुझाउनुपर्ने लगायत कारणले मुद्दाको फैसला ढिलो हुने गरेको जिल्ला अदालत,बाजुराका श्रेस्तेदार भोलाराज रेग्मीले बताए।

बालअधिकार

शिक्षाको अवस्था

यो वर्ष कक्षा १ देखि ५ सम्म ११ हजार ३ सय ८७ जना बालिका र १० हजार ७ सय ८६ जना बालक भर्ना भए भने कक्षा ६ देखि ८ सम्म ६ हजार १७ जना बालिका ५ हजार ३ सय ४३ जना बालक भर्ना भए। कक्षा ९ देखि १२ सम्म ३ हजार ९ सय १५ बालिका र ३ हजार ४ सय १० बालक भर्ना भएका छन्। ५ हजार १ सय ४० बालिका र ५ हजार ३ सय ५१ बालक गरी ९ हजार ४ सय ९० दलित बालबालिका विद्यालय भर्ना भए । २ सय ५५ बालिका र ३ सय ४४ बालक ५ सय ९९ अपाङ्ग बालबालिका विद्यालय भर्ना भएको जिल्ला शिक्षा इकाइ, बाजुराले जनायो। छात्रवृत्ति दिने अधिकार स्थानीय तहलाई नै भएकोले कति जनालाई छात्रवृत्ति दिइयो सोको विवरण आफूहरूसँग नभएको जिल्ला शिक्षा इकाइका कर्मचारी संगम जनालाले बताए।

यस वर्ष बाजुरामा बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनाका एक जना आरोपित जिल्ला अदालतको आदेशमा सामान्य तारेखमा अभिभावकको जिम्मामा रिहा भए, एक जनालाई जिल्ला अदालतको आदेशमा बाल सुधार गृह डोटीमा पठाइयो भने दुई जना जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष बाजुरा जिल्लामा घरेलु हिंसा पीडित भन्दै ९१ जना महिलाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरे । उजुरीहरूमध्ये घरेलु हिंसाका घटनामा ६६ जना र ३४ ओटा लैङ्गिक हिंसामध्ये घरेलु हिंसाका ६४ ओटा मिलापत्र भए भने दुई ओटा जिल्ला अदालत जानु भनेर पठाएको र लैङ्गिक हिंसा सम्बन्धी ३४ ओटै उजुरीमा दुवै पक्षलाई बोलाई मिलापत्र गरेको महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका सई लालबहादुर बोहोराले बताए।

सन् २०१९ मा बाजुरामा घरेलु हिंसाका घटनामा ४५ जना, बलात्कारका घटनामा चार जना, बलात्कार प्रयासका घटनामा एक जना महिला गरी ५० जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार गरेको आरोपमा चार जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् एक जना आरोपित जिल्ला अदालतको आदेशमा बाल सुधार गृह डोटीमा छन्। बलात्कार प्रयास गरेको आरोपमा एक जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३२ वर्षीया महिलालाई २०७५ फागुन ९ गते त्रिवेणी नपा–८ का ५८ वर्षीय राम गिरीले बलात्कार गरेको भन्दै आरोपितविरुद्ध पीडित पक्षले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते जिल्ला अस्पतालमा भयो । प्रहरीले आरोपितलाई फागुन ९ गते कालापानीबाट गिरफ्तार गऱ्यो । प्रहरीले आरोपित विरुद्ध चैत ३ गते अदालतमा मुद्दा दायर गरेकोमा जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतले भदौ १८ गते आरोपितलाई सात वर्ष ६ महिना कैद र ३० हजार रुपियाँ जरिवानाको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, एक प्राथामिक स्वास्थ्य केन्द्र, २६ स्वास्थ्य चौकी, १२ शहरी स्वास्थ्य केन्द्र, १० सामुदायिक स्वास्थ्य केन्द्र, २८ ठाउँमा टिबी उपचार केन्द्र, पाँच ठाउँबाट ल्याब सेवा, ६४ ओटा गाउँघर क्लिनिक र १ सय २२ ओटा खोप क्लिनिक रहेका छन् । बाजुरा जिल्ला अस्पतालमा सिजेरियन, हर्निया, एपेण्डीसाइट, भिडियो एक्सरे, दाँतको उपचार जस्ता सेवा उपलब्ध छन्।

जिल्ला अस्पतालले आफ्नै फार्मेसी स्थापना गरेकाले सहुलियतमा औषधी बिक्री गर्ने गरेको छ भने

ज्येष्ठ नागरिक, अपाङ्ग, एकल महिला तथा पुरुष जेहेन्दार, अत्यन्तै गरीब, नागरिकलाई नि:शुल्क उपचार गर्ने गरेको जिल्ला अस्पतालका कार्यालय प्रमुख डा. रूपचन्द्र विश्वकर्माले बताए।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१	१
बलात्कार	४	४
यौन दुर्व्यवहार	१	१
जम्मा	६	६

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			४	४
बलात्कारको प्रयास			१	१
घरेलु हिंसा	१	४४		४५
जम्मा	१	४४	५	५०

७.२ बझाङ



जम्मा जनसङ्ख्या	२,०७,७१०
महिला	१,०५,५७४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१०,४६५
कामका लागि बाहिरिएका	२२,८४५
अपाङ्गता भएका	४,९७६
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.६
आश्रित जनसङ्ख्या	१,१०,४०६

दुई नगरपालिका र १० ओटा गाउँपालिका गरी १२ ओटा स्थानीय तह रहेको बझाङ जिल्लामा सडक निर्माणका कारण विभिन्न क्षेत्रमा असर पर्दै गएको छ । अन्धाधुन्द निर्माण भइरहेका ग्रामीण सडकका कारण बाढी–पहिरो, भूक्षय बढ्दै जानुले खेतीयोग्य जमिनसमेत बाँझो रहेका छन् । जसका कारण उत्पादनमा ह्रास आएको छ । जयपृथ्वीबहादुर सिंह राजमार्ग बाहेक ग्रामीण भेगमा निर्माण भइरहेका सडकहरूले उत्पादनमा ह्रास आउनुका साथै वातावरणीय असर पारेको छ । जिल्लाका ११ ओटा स्थानीय तहमा ठूला साना गरी १ सय ५३ ओटा सडकहरू निर्माणाधीन अवस्थामा रहेका छन् । सडक निर्माणका क्रममा जिल्लामा कति क्षति भएको छ भन्ने आधिकारिक तथ्याङ्क नभएपनि सरकारी र गैरसरकारी निकायको विवरण अनुसार जिल्लामा १८ हजार रोपनी खेतीयोग्य जमिन क्षति भएको विवरण छ । यसका साथै थलारा गाउँपालिकाको ठिङ्ग, आमबगर, सुर्मा गाउँपालिकाको सैनगाउँमा समेत गरी ४३ परिवारको घर बस्ती नै सडकमा पर पछि उनीहरूको उठिबास भएको छ । ग्रामीण सडक निर्माणका लागि जिल्लामा ५३ ओटा डोजरहरू प्रयोग भइरहेका छन् । वातावरण संरक्षण नियमावली २०५४ र ऐन २०५३ का साथै सामाजिक र वातावरणीय सुरक्षा रूपरेखा २०६५ बमोजिम कुनै पनि विकास निर्माण गर्दा प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र काम गर्नुपर्ने प्रावधान भए पनि यस्तो नीति नियमको कसैले पालना गरेको देखिँदैन । जिल्ला कृषि ज्ञान केन्द्रका अनुसार अव्यवस्थित सडक निर्माणका कारण जिल्लाको विभिन्न क्षेत्रमा ८ हजार रोपनी भन्दा बढी खेतीयोग्य जमिन, २० ओटा सिञ्चाइ कुलो, १ सय भन्दा बढी खानेपानीका योजनामा क्षति पुगेको छ । अव्यवस्थित सडक निर्माणका कारण निर्माणाधीन आयोजनामा मात्रै १ करोड भन्दा बढी र कम बराबरको क्षति भएको कृषि ज्ञान केन्द्रको अभिलेख छ ।

यस वर्ष बझाङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४४ जना महिलासहित ४७ जना र राज्य पक्षबाट दुई जना पुरुष गरी ४९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३७ जना पीडित भए ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
जातीय विभेद				१		१
गिरफ्तारी		२	२			
हत्या				२	३	५
बाल अधिकार	बलात्कार			३		३
	जम्मा			३		३
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	बलात्कार			४		४
	घरेलु हिंसा			३३		३३
	जम्मा			३६		३६
कूल जम्मा		२	२	४४	३	४६

गिरफ्तार

केदारस्युँ गाउँपालिका–४ सैसु निवासी प्रतिबन्धित नेकपाका बझाङ जिल्ला सचिव ३३ वर्षीय भरत मल्ललाई प्रहरीले ०७५ चैत ३० गते चन्दा सङ्कलन, ज्यान मार्ने धम्की, संरचना नष्ट गर्ने कार्यमा संलग्न रहेको आरोपमा कैलाली जिल्लाबाट घर आउँदै गरेको अवस्थामा बित्थडबाट गिरफ्तार गऱ्यो । स्याडी प्रहरी चौकीले मल्ललाई चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा बुझायो । जिल्ला प्रहरी कार्यालयले मल्लमाथि ०७६ वैशाख ३ गते जिल्ला अदालतमा हातहतियार तथा खरखजानासम्बन्धी मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सूर्यबहादुर केसीले बताए । प्रहरीले बझाङ जिल्ला अदालतमा वैशाख २४ गते मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले वैशाख २५ गते मल्ललाई पुर्पक्षका लागि थुनामा राख्न बझाङ जिल्ला कारागार पठायो । जिल्ला अदालतको असार ८ गतेको आदेशले मल्ल २ लाख ५० हजार रुपियाँ धरौटी बुझाइ रिहा भए । यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन ।

कारागार र बन्दी

'ङ' श्रेणी रहेको जिल्ला कारागार बझाङको क्षमता २५ जनाको छ । कारागारमा ४९ जना बन्दी र १४ जना थुनुवा गरी ६३ जना कैदीबन्दी रहेका छन् । महिला कैदी/बन्दीका लागि बनाएको कारागार भवनमा पुरुष कैदी/बन्दीलाई राखिएको छ । कैदी/ बन्दीहरूको स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेकोमा एक जना अहेवले कैदी बन्दीहरूको सामान्य उपचार कारागार भित्र नै गर्दै आएका छन् । थप उपचारका लागि जिल्ला अस्पताल सिमखेत लैजानुपर्ने पर्ने बाध्यता छ । कारागारमा शौचालय र पानीको व्यवस्था भएता पनि धेरै कैदीबन्दी भएकाले समस्या हुँदै आएको छ । कारागारमा टेलिभिजन, क्यारेमबोर्डको व्यवस्था छ । महिला कैदीबन्दीहरूलाई भने डोटी र डडेल्धुराका कारागारमा पठाउने गरिएको छ । पुरुष कैदीबन्दीहरूका लागि भवन निर्माण गर्न पहल भइरहेको बझाङ जिल्ला कारागारका जेलर राजु दमाइले बताए । कैदी बन्दीहरूलाई बिहान १० बजेदेखि साँझ ५ बजेसम्म भेटघाट गर्ने समय मिलाइएको जेलर दमाइले बताए ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा एक जना कार्यरत रहेका छन् । जिल्ला अदालत बझाङमा यस वर्ष फौजदारीतर्फ ५३ मध्ये ११ थान मुद्दा फैसला भए भने ४२ थान मुद्दा बाँकी रहेका छन् । देवानी मुद्दातर्फ ३५ मध्ये ३१ थान फैसला भए भने चार थान बाँकी रहेका छन् । दुई वर्ष नाघेका फैजदारी मुद्दा भने छैनन् । दुनियावादी फैजदारीतर्फ नौ थानमध्ये एक थान मुद्दा फैसला भएको छ भने बाँकी आठ थान मुद्दा फैसला हुन बाँकी रहे ।

बाल अधिकार

शिक्षाको अवस्था

आधारभूत विद्यालय २ सय ९७, निमावि ८३, मावि ७९ र प्रारम्भिक बाल विकास केन्द्र २ सय ९३ ओटा रहेका छन् । जसमा शिक्षक दरबन्दी १ देखि ५ कक्षासम्म ८ सय २६ जना, निमावि तह कक्षा ६ देखि ८ सम्म १ सय २५, मावि तहमा १ सय १६ र उच्च मावि तहमा अस्थायी दरबन्दी ५२ र कार्यालय सहयोगी ४ सय ६९ रहेका छन् भने ३६ ओटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् ।

यस वर्ष बझाङमा तीन जना बालिका बलात्कारका घटनामा पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । घटनाका आरोपित मध्ये एक जनाले सफाइ पाए भने एक जनालाई ६ वर्ष कैदको सजाय भयो । एक जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष बझाङमा चार जना महिला बलात्कार र एक जना महिलालाई बेचबिखन प्रयासको घटनामा पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । त्यस्ता घटनाका आरोपित कानुनी दायरामा रहेको भएपनि कुनै पनि मुद्दाको फैसला भएन । घरेलु हिंसाका ३२ ओटा घटना अभिलेख गरिएकामा सबै घटना मिलापत्रमा टुङ्गिए । तीमध्ये एउटा घटनाका आरोपित ससुरा र अर्को घटनाका आरोपित सासू रहेकाले मिलापत्र भएपनि दुवै घटनामा आरोपित र पीडित छुट्टिएर भिन्दै बस्दै आएका छन् ।

घरेलु हिंसा

बुङ्गल नगरपालिका–८ की २३ वर्षीया बिमला जाग्री बोहरालाई ०७६ कात्तिक २१ गते २४ वर्षीया पति विमल जाग्रीले आत्महत्या गर्ने परिस्थिति खडा गरेको आरोपमा पीडितका बाबुले २०७६ कात्तिक २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपितलाई प्रहरीले कात्तिक २२ गते घरबाट गिरफ्तार गऱ्यो । जिल्ला प्रहरी कार्यालयले ०७६ मङ्सिर १४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेको इजलासले मङ्सिर १२ गते आरोपितलाई दुई वर्ष कैद र २० हजार रुपियाँ जरिवानाको फैसला सुनायो ।

परिवारजनबाट हत्या

सुर्मा गाउँपालिका–४ की २५ वर्षीया जुना पूजारालाई घरायसी विवादमा ०७६ जेठ १६ गते ३६ वर्षीय काका लोकेन्द्र पुजाराले धारिलो हतियार प्रयोग गरी हत्या गरेको भन्दै मृतकका आफन्तले जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । आरोपितलाई जेठ १६ गते सुर्मा प्रहरी चौकीबाट खटिएका प्रहरीले घरैबाट गिरफ्तार गरी जेठ १७ गते जिल्ला प्रहरी कार्यालयमा बुझायो । जिल्ला प्रहरी कार्यालयले असार ९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले कात्तिक २८ गते आरोपितलाई २५ वर्ष कैद सजायको फैसला सुनायो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यो वर्ष अज्ञात पक्षबाट जयपृथ्वी नगरपालिका–३ र केदारस्युँ गाउँपलिका–७ को वडा कार्यालयमा आगजनी गरेको घटना इन्सेकले अभिलेख गऱ्यो । आगजनीबाट कार्यालयका सामग्री जले पनि वर्षको अन्त्यसम्म आरोपितको पहिचान नभएकाले कुनै कारबाही नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी गणेश बलमे बताए । त्यसैगरी, बित्थडचिर गाउँपालिकाको देउलेख बजारमा पार्किङ गरी राखिएको बित्थडचिर गाउँपालिकाको से १ झ २७४ नम्बरको गाडीमा पनि अज्ञात पक्षले आगजनी गरेको घटना इन्सेकले अभिलेख गऱ्यो । आगजनीबाट गाडीको अगाडिको भाग नष्ट भएको भए पनि वर्षको अन्त्यसम्म आरोपितको पहिचान नहुँदा कुनै कारबाही हुन नसकेको गाउँपालिका अध्यक्ष प्रेम बोहराले बताए ।

स्वास्थ्य सेवाको अवस्था

बझाङमा एक जिल्ला अस्पताल, ४५ ओटा स्वास्थ्य चौकी, दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र र आठ ओटा सामुदायिक स्वास्थ्य एकाइ रहेका छन् । जिल्ला अस्पतालमा डाक्टरको दरबन्दी दुई रहे पनि हाल भने करारसहित ६ जना डाक्टर कार्यरत छन् । जसमा निकसाइमन संस्थाबाट एक जना, अस्पताल विकास समितिबाट एक जना र स्वास्थ्य विभाग छात्रवृत्ति कोटाबाट तीन जना र एक जना मेडिकल सुपरिडेन्ट रहेका छन् । जिल्ला अस्पतालमा अहेवको सङ्ख्या तीन जना रहेको छ भने सबै स्थानीय तहमा गरी ९२ जनाको दरबन्दी रहेको छ । जिल्लामा भिडियो एक्सरे, ल्याब राम्रो भएता पनि ब्लड बैङ्क नहुँदा समस्या हुने गरेको छ । शल्यक्रिया र हात गोडामा रड हाल्नु परेमा धनगढी, नेपालगन्ज जानुपर्ने अवस्था छ । स्वास्थ्य बिमा गर्नेहरूको सङ्ख्या २ हजार ५ सय पुगेको छ । स्वास्थ्य बिमा गरेकाहरूले सम्बन्धित स्वास्थ्य संस्थाबाट भने जस्तो सेवासुविधा पाउन नसकेको नागरिक समाजका अगुवा धर्मजङ्ग सिंहले बताए ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	२	३
जम्मा	१	२	३

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१	१
बलात्कार			४	४
घरेलु हिंसा	१	३०	१	३२
जम्मा	१	३०	६	३७

मारिएकाको घटना सङ्ख्या				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्यायएका	जम्मा
हत्या	१	२	२	५

७.३ दार्चुला



जम्मा जनसङ्ख्या	१,३८,०५७
महिला	७२,५००
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७०,००३
कामका लागि बाहिरिएका	६,८६४
अपाङ्गता भएका	३,६६५
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.४
आश्रित जनसङ्ख्या	६६,४०५

यो वर्ष दार्चुलामा अन्यपक्षबाट ६० जना महिलासहित ६४ जना गरी ७३ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका र महिला अधिकार उल्लङ्घनका घटनामा ५५ जना महिला पीडित भए ।

गिरफ्तार

यो वर्ष प्रतिबन्धित नेकपाका नौ जना नेता तथा कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको इन्सेकमा अभिलेख भयो । गिरफ्तार भएकाहरू मध्ये एक जना जिल्ला अदालतको धरौटीमा र आठ जना जिल्ला प्रशासन कार्यालयमा धरौटी बुझाइ रिहा भए ।

मार्मा गाउँपालिका –२ मटेलाका प्रतिबन्धित नेकपाका जिल्ला नेता ४१ वर्षीय विनोद भट्ट भनिने बसुन्धराप्रसाद भट्टलाई ०७६ असोज १४ गते इलाका प्रहरी कार्यालय, गोकुलेश्वरले गोकुलेश्वरबाट मार्मा जाने क्रममा गिरफ्तार गऱ्यो । जिल्ला अदालत, दार्चुलामा भट्टलाई ०७६ कात्तिक ५ गते पेश गरेकोमा जिल्ला अदालतले कात्तिक २० गते ५० हजार रूपियाँ धरौटीमा रिहा गऱ्यो ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको रहेको छ । २५ जना पुरुष र १५ जना महिला बन्दीको क्षमता रहेको कारागारमा ६२ जना कैदीबन्दी रहेका छन् । तीन जना महिला कैदीबन्दी रहेका छन् । क्षमताभन्दा बढी पुरुष कैदीबन्दी हुँदा कोचिएर बस्नुपर्ने बाध्यता छ । कारागारमा एक जना अहेबको दरबन्दी भएपनि पदपूर्ति नभएका कारण कैदीबन्दीहरूको सामान्य उपचारका लागि जिल्ला अस्पताल धाउनु परेको निमित्त जेलर मानबहादुर खडायतले बताए । जिल्ला अस्पतालमा उपचार हुन नसकेको अवस्थामा कैदीबन्दीलाई धनगढी र नेपालगञ्ज रिफर गर्नुपर्ने र शौचालयको कमीका कारण कैदीबन्दीहरूले लाइनमा बस्नुपर्ने बाध्यता रहेको निमित्त जेलर खडायतले बताए । कैदी ललित पन्तले दुई ओटा मात्र शौचालय हुँदा कैदीबन्दीलाई लाइन लागेर बस्नु पर्ने बाध्यता रहेको, कर्कट पाताले छाएको भवन भित्र चिसो मौसममा निकै चिसो हुने गरेको र आफन्त भेटघाट कक्ष निर्माण गर्न पटकपटक अनुरोध गरे पनि सुनवाइ नभएको बताए । निमित्त

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		९	९			
कुटपिट					१	१
हत्या				३	३	५
बाल अधिकार	बलात्कार			३		३
	यौन दुर्व्यवहार			१		१
	जम्मा			३		३
महिला अधिकार	बलात्कार			४		४
	बलात्कारको प्रयास			३		३
	बहुविवाह			१		१
	घरेलु हिंसा			४६		४६
	यौन दुर्व्यवहार			१		१
	जम्मा			५५		५५
कूला जम्मा		९	९	६०	४	६४

जलेर खडायतले बजेट अभावका कारण भेटघाट कक्ष निर्माणका लागि स्थानीय सरकारसँग अनुरोध गरिएको भए पनि समाधान हुन नसकेको बताए। कैदीबन्दीका आफन्तलाई बिहान ९ बजेदेखि ५ बजेसम्म भेटघाटको व्यवस्था मिलाइएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ।। यस वर्ष देवानी मुद्दा ९३ थान मध्ये ५० थान फैसला भए भने ४३ थान फैसला हुन बाँकी रहे। सरकारबादी फौजदारी मुद्दा २८ थान मध्ये सात थान फैसला भए भने २१ फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजादारी र देवानी मुद्दा कुनै बाँकी छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

आधारभूत २ सय ९१ र माध्यमिक ७३ विद्यालय छन्। सामुदायिक विद्यालयतर्फ २ सय ४९ प्रारम्भिक बाल विकास केन्द्र, २ सय ७८ आधारभूत तह र ६९ ओटा माध्यमिक तह छन्। संस्थागत विद्यालयतर्फ १३ अधारभूत तह र चार ओटा माध्यमिक तह छन्। ३ सय ३३ जना राहत शिक्षक सहित १ हजार ३ सय ७३ जना शिक्षकको दरबन्दी रहेको छ । यस वर्ष ६ हजार ३ सय ५ जना विद्यार्थी भर्ना भए । सबै स्थानीय तहहरूले भर्ना अभियानमा सक्रियता देखाए । अपाङ्गमैत्री भवन र भूकम्प प्रतिरोधात्मक भवन छैनन् । विद्यालयले बढी शुल्क लिइरहेको समाचार प्रकाशन एवम् प्रसारण भए पनि नियमन हुन सकेन । अत्यधिक हिउँ परेको कारण निर्धारित समयमै विद्यार्थीले अर्धवार्षिक परीक्षा दिन पाउँदैनन्। यार्सागुम्बा सङ्कलनको समयमा बालबालिकाहरू निर्वाध रूपमा यार्सा सङ्कलनका लागि लेक पुग्छन् । द्वन्द्वपीडित, शहिद, जेहेन्दार लगायतका छात्रवृत्ति स्थानीय तहबाटै उपलब्ध गराउने व्यवस्थाका कारण विगत दुई वर्षदेखि जिल्ला समन्वय इकाइमा छात्रवृत्ति वितरणसम्बन्धी तथ्याङ्क नभएको शिक्षा विकास तथा समन्वय इकाइ, दार्चुलाका प्राविधिक सहायक दीपक कुवँरले बताए । महिनावारी भएको बेला मालिकार्जुन नगरपालिका, लेकम गाउँपालिका तथा शैल्यशिखर नगरपालिका क्षेत्रका छात्राहरू विद्यालय जाँदैनन्।

यसवर्ष दार्चुला जिल्लामा एक जना बालिकाको आफ्नै बाबुआमाबाट हत्या भयो। नौगाड गाउँपालिका–४ स्थित गणेश विनायक माध्यमिक विद्यालयको सेफ्टी ट्याङ्कीमा भत्कँदा चार जना बालबालिकाको मृत्यु भयो। बलात्कारका घटनामा दुई जना र यौन दुर्व्यवहारका घटनामा एक जना बालिका पीडित भए। बलात्कार घटनाका दुई जना आरोपितले जिल्ला अदालतको फैसला अनुसार कैद सजाय र यौन दुर्व्यवहारका घटनामा एक जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन्।

हत्या

व्यास गाउँपालिका – ५ का ११ महिने बालक अनुस्का विष्टलाई आगो लगाएर हत्या गरेको आरोपमा ०७६ वैशाख २७ गते बुवा २२ वर्षीय नविन विष्ट र आमा २० वर्षीया शीला विष्टलाई प्रहरीले गिरफ्तार

गऱ्यो । वैशाख २६ गते राती पत्नी २० वर्षीया शीला विष्टसँग विवादमा छोरीलाई आगो लगाएर हत्या गरेको प्रहरीले जनायो । पतिपत्नीबीच झगडा भएको थियो । सोही झगडाका बीच बालकको हत्या भएको प्रहरीले जनायो । मृतक बालिकाको शवको वैशाख २७ गते जिल्ला अस्पतालमा पोष्टमार्टम भयो । आरोपितद्वयलाई जिल्ला अदालतले जेठ २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो । जिल्ला अदालत, दार्चुलाले ०७६ असार ११ गते नवीन बिष्टलाई जन्मकैद तथा पत्नी शीलालाई दुई वर्ष कैद सजाय सुनायो ।

बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकाले आफूमाथि ०७५ फागुन २८ गते बलात्कार भएको भन्दै ०७५ चैत ३ गते महाकाली नगरपालिका– २ का २० वर्षीय महेश दमाइविरूद्ध उजुरी दिइन् । ०७५ फागुन २८ गते फोनमार्फत राती भेट्न बोलाएर बलात्कार गरेको भन्दै उजुरी परेपछि मुद्दा दर्ता भयो । उजुरी पछि फरार रहेका दमाइलाई ०७६ जेठ ३० गते प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो । बालिकाको स्वास्थ्य परीक्षण चैत २ गते जिल्ला अस्पताल, दार्चुलामा भयो । आरोपितलाई ०७६ असार १८ गते जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्ने आदेश दियो । जिल्ला अदालतका न्यायाधीशको इजलासले दमाइलाई ०७६ साउन २७ गते सात वर्ष सजाय हुने कसुर निर्धारण गऱ्यो भने ०७६ भदौ १ गते ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने फैसला सुनायो ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ४५ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । उजुरीहरूमध्ये घरेलु हिंसाका सबै घटना मिलापत्रमा टुङ्गिए । मिलापत्र हुन नसकेको दुई ओटा महिला हिंसाका घटना जिल्ला अदालतमा कानुनी प्रक्रियामा छन् । घरेलु हिंसा र महिला हिंसामा उजुरीमा परिवारकै दबाबमा मिलापत्र गराउनुपर्ने बाध्यता रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दीपेन्द्रबहादुर शाहीले बताए । यो वर्षदेखि सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा सुरक्षित आवास भवन भाडामा सञ्चालित रहेका कारण पीडितहरूलाई समस्या नहुने डिएसपी शाहीले बताए । अधिकारकर्मी हिरा अवस्थीले महिलाहरू उजुरी दिनसक्ने भए पनि अधिकारको लागि लड्नसक्ने अवस्था भइनसकेको बताइन् । विगतको तुलनामा प्रहरीले पीडितको उजुरीलाई चासोपूर्वक लिने गरेको भए पनि ग्रामीण क्षेत्रमा महिला पीडित भएका घट्नाहरू प्रहरीमा आउन नसकेको अधिकारकर्मी अवस्थीले बताइन् ।

सन् २०१९ मा दार्चुला जिल्लामा घरेलु हिंसाका घटनामा ४६ जना, बलात्कारका घटनामा चार जना र बलात्कार प्रयास घटनामा तीन जना र बहुविवाह घटनामा एक महिला गरी ५५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद तथा क्षतिपूर्तिको फैसला सुनायो । तीन जना आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् । बलात्कार प्रयास घटनाका एक जना आरोपित जिल्लाका अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् । एक जना आरोपित जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भए भने एक जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया महिलालाई ०७५ माघ २१ गते घरमा कोही पनि नभएको मौकामा बलात्कार गरेको भन्दै कैलाली जिल्ला लम्की चुहानगरपालिका– १ कैलालीका ३४ वर्षीय लालबहादुर ऐडीविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन् । प्रहरीले आरोपितलाई माघ २२ गते गिरफ्तार गऱ्यो । महिलाको स्वास्थ्य परीक्षण माघ २२ गते जिल्ला अस्पतालमा भयो । प्रहरीले जिल्ला अदालतमा फागुन १५ गते मुद्दा दर्ता गराएकोमा जिल्ला अदालतले माघ २३ गते आरोपितलाई पुर्पक्षका थुनामा पठाउने आदेश गऱ्यो । जिल्ला अदालतले आरोपितलाई ०७६ असार १९ गते ५ हजार रुपियाँ जरिबाना र ०७६ असार २३ गते सात वर्ष जेल सजाय सुनायो ।

स्वास्थ्य सेवाको अवस्था

दार्चुलामा एउटा जिल्ला अस्पताल, एउटा गोकुलेश्वर अस्पताल, ४१ ओटा स्वास्थ्य चौकी र २४ ओटा सामुदायिक स्वास्थ्य एकाइ छन् । मेडिकल अधिकृत एक जना दरबन्दी रहेकामा एक जना कार्यरत छन् । जिल्ला अस्पतालमा एक जना छात्रवृत्ति अर्न्तगत र एक जना निकसाइमन कार्यक्रम अन्तर्गत डाक्टर कार्यरत छन् । गोकुलेश्वर अस्पतालमा वरिष्ठ मेडिकल सुपरिटेन्डन्टको दरबन्दी रिक्त छ । दुई जना मेडिकल अधिकृतको दरबन्दी रहेको गोकुलेश्वर अस्पतालमा एक जना सरकारी छात्रवृत्ति र एक जना आमा

सुरक्षा कार्यक्रम अन्तर्गत कार्यरत छन् । दक्ष जनशक्ति नहुँदा उपकरण भएका स्वास्थ्य संस्थामा त्यसको प्रयोग प्रभावकारी छैन । उपकरण र जनशक्ति व्यवस्थापन प्रभावकारी नभएकै कारण जिल्ला अस्पताल नै रेफर अस्पतालको रूपमा चिनिन थालेको छ।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२		२
यौन दुर्व्यवहार		१	१
जम्मा	२	१	३

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१		३	४
बलात्कार प्रयास	१			२	३
बहुविवाह		१			१
घरेलु हिंसा		१	४५		४६
यौन दुर्व्यवहार			१		१
जम्मा	१	३	४६	५	५५

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	जम्मा
हत्या	१	३	४

७.४ बैतडी



जम्मा जनसङ्ख्या	२,५७,८८८
महिला	१,३८,८५६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१४,३५५
कामका लागि बाहिरिएका	२१,०३५
अपाङ्गता भएका	७,७८८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६३
आश्रित जनसङ्ख्या	१,२७,८२६

यस वर्ष बैतडी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ८७ जना महिलासहित १ सय ७ जना र राज्यपक्षबाट ११ जना पुरुष गरी १ सय १८ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १० जना, महिला अधिकार उल्लङ्घनका घटनामा ७५ जना पीडित भएको अभिलेख भयो ।

गिरफ्तार

बैतडी जिल्लाबाट प्रतिबन्धित नेकपाका ११ जना नेता/कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये एक जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गर्ने आदेश दिए लगत्तै प्रहरीले पुनः गिरफ्तार गऱ्यो । एक जना जिल्ला अदालतबाट धरौटी र कम बुझाएर रिहा भए । प्रहरीले सात जनालाई परिवारको जिम्मा लगायो भने दुई जनालाई जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गऱ्यो।

पाटन नपा–१० हतास निवासी प्रतिबन्धित नेकपाका कार्यकर्ता ३० वर्षीय श्यामप्रसाद भट्टलाई ०७६ असार २३ गते प्रहरीले तोडफोड, आगजनी र चन्दा असुलीजस्ता क्रियाकलापमा संलग्न भएको भन्दै घरैबाट गिरफ्तार गऱ्यो । पुर्चौंडी नगरपालिका–१ मा रहेको एनसेल टावर, डिलासैनी गाउँपालिका–४ मा रहेको नमस्ते टावरमा आगजनी गरेको, पुर्चौंडी नगरपालिकाका वडाहरूमा तालाबन्दी गरेको, दोगडाकेदार गाउँपालिकाका वडाहरूमा पनि तालाबन्दी गरेको, दोगडाकेदार गाउँपालिकामा विस्फोटक पदार्थहरू राखेको आरोपमा गिरफ्तार गरिएको प्रहरीले जनायो । जिल्ला प्रहरी कार्यालयले साउन १० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । आरोपित भट्टलाई जिल्ला अदालतले साउन १७ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो । अदालतले साउन २० गते उनलाई ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। रिहा भएलगत्तै प्रहरीले उनलाई अभद्र व्यवहारको मुद्दा चलाउन पुनः गिरफ्तार गऱ्यो। प्रशासन कार्यालयले उनलाई भदौ ११ गते १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १५ पुरुष र १० महिला गरी २५ जनाको छ । कारागारमा ३७ कैदी र १६ थुनुवा गरी जम्मा ५३ जना छन्। कारागारमा ६८ र ६५ वर्षका दुई जना ज्येष्ठ नागरिकहरू छन् । कारागारमा महिला कैदी छैनन् ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		७	७		७	७
जातीय विभेद				१		१
गिरफ्तार		४	४			
कुटपिट				१	१०	११
हत्या				१	३	३
बाल अधिकार	बलात्कार			८		८
	विद्यालयमा शारीरिक सजाय				१	१
	यौन दुर्व्यवहार			१		१
	जम्मा			९	१	१०
महिला अधिकार	बलात्कार			४		४
	बलात्कार प्रयास			१		१
	बहुविवाह			३		३
	घरेलु हिंसा			६७		६७
	यौन दुर्व्यवहार			१		१
	जम्मा			७५		७५
कूल जम्मा		११	११	८७	३०	१०७

महिला बन्दीहरूलाई राख्ने भवन नभएको कारणले कैलाली र कञ्चनपुर लगायतका अन्य जिल्लामा पठाउनुपर्ने बाध्यता भएको जेलर अनिल तिवारीले बताए । कारागारमा अहेबको एक दरबन्दी रहेकोमा कार्यरत छन् । हप्तामा दुई पटक स्वास्थ्य परीक्षण हुने जेलर अनिल तिवारीले बताए। सवारीसाधन अभावका कारण कैदीको उपचार गर्न समस्या छ । कारागारमा टेलिफोन, टिभी छ । बन्दीका आफन्तलाई हप्तामा दुईपटक भेट्ने व्यवस्था भए पनि भेट्नबाट नरोकिएको जेलर तिवारीले बताए।

धम्की/कुटपिट

अन्यपक्षबाट

पञ्चेश्वर गाउँपालिका–४ कुलाव निवासी पञ्चेश्वर गाउँपालिका अध्यक्ष ५० वर्षीय गोरखबहादुर चन्दलाई ०७५ चैत १९ गते बेलुका सोही गाउँपालिका–६ रोडीदेवलका स्थानीय ५२ वर्षीय बलबहादुर भण्डारी, २२ वर्षीय वीरेन्द्र भण्डारी र २७ वर्षीय हिक्मत भण्डारीले नियन्त्रणमा लिई कुटपिट गरेको भन्दै पीडित पक्षले चैत २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । आरोपित तीनै जनालाई चैत २० गते प्रहरीले रोडीदेवलबाट गिरफ्तार गरी सार्वजनिक ठाउँमा दुर्व्यवहारसम्बन्धी मुद्दा चलायो । पञ्चेश्वर गाउँपालिका–६ रोडीमा खनिन लागेको सडकको विवाद मिलाएर गाउँपालिका कार्यालयतर्फ फर्किरहेको समयमा गर्मामाथिको जङ्गलमा आफूलाई नियन्त्रणमा लिएर कुटपिट गरी भिरबाट फाल्ने प्रयास समेत गरेको अध्यक्ष चन्दले बताए। गाउँपालिका अध्यक्षलाई आक्रमण गर्दा छुट्याउने क्रममा आरोपितहरूले पञ्चेश्वर गाउँपालिका–४ का वडाध्यक्ष ५५ वर्षीय राजबहादुर चन्द, सोही गाउँपालिका– ६ का वडासदस्य ४५ वर्षीय कृष्णसिंह भण्डारी र ४० वर्षीय गोविन्द भण्डारीमाथि हातपात गरेको पीडित पक्षको आरोप छ । गिरफ्तार गरिएका सबैजनालाई जिल्ला प्रशासन कार्यालय, बैतडीले चैत २९ गते जनही २८ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दा फिर्ता नभएको डिएसपी डिल्लिनारायण पाण्डले बताए।

दशरथचन्द नगरपालिका–९ को ग्वाल्लेकमा सडक निर्माणका क्रममा ०७६ कात्तिक ४ गते विवाद हुँदा स्थानीय ३० वर्षीया गौरी जोशीलाई डोजरले हुत्याएको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दियो । घटनामा संलग्न भएको भन्दै प्रहरीले कात्तिक ४ गते नै डोजर चालक दशरथचन्द नगरपालिका–२ देहीमाण्डौंका २७ वर्षीय किशोर बोहरालाई देहीमाण्डौं बजारबाट गिफ्तार गऱ्यो । प्रहरीले ०७६ कात्तिक ५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । घाइते गौरीको कात्तिक ४ गते जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि कोहलपुरमा उपचार भयो । जोशी थप उपचार भारतको बरेलीमा गरेर घर फर्किएको जोशीका पति जगदीश जोशीले बताए । घटनामा पीडित भनिएका पक्षबाट भएको ढुङ्गामुढाबाट आरोपित भनिएका ४१ वर्षीय भोजराज जोशी, ४७ वर्षीय भानीदत्त जोशी र ३४ वर्षीय धर्मानन्द जोशी पनि

घाइते भएका थिए । उनीहरूको उपचार कात्तिक ४ गते जिल्ला अस्पताल, बैतडीमा भयो । आफ्नो जमिनबाट सडक खन्न लागेको भन्दै स्थानीयले जोडरमाथि ढुङ्गामुढा गरेपछि डोजर चालकले गौरी जोशीलाई बोनटले हुत्याए । स्थानीय तथा राष्ट्रियस्तरका सञ्चारमाध्यम र नागरिक समाजले डोजर काण्डलाई उठाएपछि प्रहरीले कात्तिक ६ गते मान्छेमाथि डोजर चलाउन उक्साएको आरोपमा उनीहरू विरूद्ध मुद्दा दर्ता गरेको जिल्ला प्रहरी कार्यालय, बैतडीका डिएसपी डिल्लीनारायण पाण्डेले बताए । जिल्ला अदालतबाट कात्तिक ७ गते सात दिनको म्याद थपेर उनीहरूमाथि अनुसन्धान भयो। चिलाउनेदेखि पार्ससम्म सडक निर्माणका क्रममा निर्माण पक्षले जबरजस्ती सडक खन्न खोजेपछि रोक्न खोज्दा आफूहरूमाथि डोजर चलाइएको पीडित गौरी जोशीले बताइन् । यसअघि डोजर चलाउन उक्साएको आरोपमा पक्राउ परेका स्थानीय भोजराज जोशी र धर्मानन्द जोशी तथा डोजर मालिक भानीदत्त जोशीलाई जिल्ला अदालतले जनही ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो । जिल्ला अदालत, बैतडीले पुस ३ गते डोजर चालक किशोर बोहरालाई ५० हजार धरौटीमा रिहा गर्ने आदेश गऱ्यो ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, बैतडीमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन् । यस वर्ष जिल्ला अदालतमा देवानीतर्फका ८० र फौजदारी तर्फका ४८ मुद्दा दर्ता भए । जसमध्ये यस वर्षको अन्त्यसम्ममा फैसला हुन बाँकी मुद्दा मध्ये देवानीतर्फ ३७ र फौजदारीतर्फ २५ थान छन् ।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय १८ सामुदायिक र २० संस्थागत गरी जम्मा ४ सय २८ आधारभूत, १ सय २ सामुदायिक र ४ संस्थागत गरी १ सय २६ माध्यमिक र ४ सय १७ बालविकास केन्द्र छन् । आधारभूत तहमा दुई र माध्यमिक तहमा पाँच गरी सात दरबन्दी रिक्त छ । यस वर्ष अधारभूत तहमा २७ हजार ३ सय ५ छात्र र २८ हजार ५ सय ६१ छात्रा गरी जम्मा ५५ हजार ८ सय ६६ बालबालिका भर्ना भए । त्यसैगरी मावि तहमा ५ हजार ६ सय ३८ छात्र र ५ हजार ७ सय ५८ छात्रा गरी जम्मा ११ हजार ४ सय २३ जना बालबालिका भर्ना भए । बालविकासतर्फ ३ हजार ७ सय ५७ छात्र र ३ हजार ७ सय २७ छात्रा गरी जम्मा ७ हजार ४ सय ८४ बालबालिका भर्ना भए । जसमध्ये आधारभूत तहमा १४ हजार ४ सय ३१, मावि तहमा २ हजार १ सय १४ र बालविकासतर्फ २ हजार १ जना दलित समुदायका बालबालिका विद्यालयमा भर्ना भए । यस वर्ष २१ जना बालबालिकाले द्वन्द्वपीडित छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख नरेन्द्र अवस्थीले बताए । अन्य छात्रवृत्ति (छात्रा, दलित, जेहेन्दार) दिएको तथ्याङ्क इकाइलाईसमेत थाहा नहुने अवस्थीले बताए ।

यस वर्ष बैतडीमा आठ जना बालिका बलात्कारका घटनामा र एक जना बालकलाई विद्यालयमा शिक्षकले कुटपिट गरेको घटनामा पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । १५, १६ र १७ वर्षीया नौ जना बालिका बलात्कृत भएका घटना इन्सेकले अभिलेख गऱ्यो । यी घटनामध्ये एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म फरार रहे भने अन्य आरोपित गिरफ्तार भई कानुनी दायरामा छन् । तर, यो वर्षको अन्त्यसम्म कुनै पनि मुद्दाको फैसला भएन । घटनाका आरोपित २० वर्षदेखि २८ वर्ष उमेर समूहका छन् ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ७६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरे । उजुरीहरूमध्ये दुई ओटा जिल्ला प्रशासन कार्यालय, तीन ओटा अदालत जानु भनेर पठाएको र अन्य ७१ ओटामा दुवै पक्षलाई बोलाइ मिलापत्र गरेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रहरी जवान नारा महरालेबताइन् । घरेलु हिंसाका घटनामध्ये ७१ सामान्य कुटपिट र गालीगलौज, तीन घटना गम्भीर किसिमको कुटपिटका, दुई उजुरी बहुविवाहका छन् ।

यस वर्ष बैतडीमा चार जना महिलामाथि बलात्कार र दुई जना महिलामाथि बलात्कार प्रयास र यौन दुर्व्यवहारका घटना इन्सेकले अभिलेख गऱ्यो । एउटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेको र अन्य घटनाका आरोपित कानुनी दायरामा रहेको भए पनि कुनै पनि मुद्दाको फैसला भएन । बलात्कार गरी आत्महत्या गर्न दुरूत्साहन गरेको भन्दै प्रहरीमा परेको उजुरी अदालतसम्म पुगे पनि अदालतले आरोपितलाई धरौटीमा रिहा गऱ्यो । दुई जना महिलाले बहुविवाहबाट

पीडित भएको भन्दै उजुरी दिए। घरेलु हिंसाबाट पीडित भएको भन्दै दिएका ६७ ओटा निवेदन मिलापत्रमा टुङ्गिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ६८ स्वास्थ्य चौकी छन्। पाँच जना डाक्टरको दरबन्दी रहेकोमा सबै रिक्त छन्। तीन जना डाक्टर करारमा कार्यरत छन्। ६ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा सबै रिक्त छन्। चार जना करार सेवामा कार्यरत छन्। १ सय ९८ अहेव हुनुपर्नेमा १ सय २६ मात्रै कार्यरत छन्। १ सय ४५ अनमी हुनुपर्नेमा ९० जना मात्रै कार्यरत छन्। औषधि खरिदका लागि जिल्लामा यस वर्ष १ करोड १४ लाख रुपियाँ बजेट विनियोजन भयो। तर, नेपाल सरकारले नि:शुल्क दिने भनेका औषधिहरूको अभाव वर्षभर नै कायम रह्यो। प्रसूति व्यथा लागेका महिलाहरूको उद्धार राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट हुने व्यवस्था भएपनि १२ घण्टासम्म लगातार रगत बगेर शिवनाथ गाउँपालिका–१ की २१ वर्षीया गोमती चाँडको मृत्यु भयो। सुत्केरीको मृत्यु भएपछि मात्रै स्वास्थ्यकर्मी र सुत्केरीका आफन्तले गाउँपालिकामा खबर गरेको शिवनाथ गाउँपालिकाका अध्यक्ष कर्ण साउदले बताए। अस्पतालको फार्मेसीमा सबै प्रकारका औषधिहरूको व्यवस्था नहुँदा बिमितहरूले समेत औषधि नपाउने समस्या रहेको जिल्ला अस्पतालका प्रमुख डाक्टर जगदीश विष्टले बताए। ज्येष्ठ नागरिकलाई नि:शुल्क औषधि उपचारको व्यवस्था त छ तर, औषधि अभावका कारण नेपाल सरकारले घोषणा गरे अनुसार ज्येष्ठ नागरिकहरूले पनि सुविधा पाएका छैनन्।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३		५	८
विद्यालयमा शारीरिक सजाय		१		१
यौन दुर्व्यवहार			१	१
जम्मा	३	१	६	१०

महिला अधिकार					
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार				४	४
बलात्कारको प्रयास		१			१
बहुविवाह	१			१	२
घरेलु हिंसा			६४	३	६७
यौन दुर्व्यवहार				१	१
जम्मा	१	१	६४	९	७५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

७.५ डडेल्धुरा

जम्मा जनसङ्ख्या	१,४५,०५३
महिला	८०,१२०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६०,४१५
कामका लागि बाहिरिएका	११,६७०
अपाङ्गता भएका	५,१५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.३
आश्रित जनसङ्ख्या	७१,८२७

परशुराम नगरपालिका– २ र ३ मा २०६२ असोज ८ गते आएको अविरल वर्षाका कारण विस्थापित जीवन बिताउँदै आएका ३५ घर परिवारका लागि खरिद गरिएको ४६ रोपनी जग्गा हस्तान्तरण भएको छैन । १३ वर्षअघि आएको पहिरोमा एकै परिवारका आठ सदस्यसहित ३२ जनाले ज्यान गुमाएका थिए भने ३५ परिवार पहिरोका कारण विस्थापित जीवन बताउँदै आएका छन् । विस्थापितहरूको पुर्स्थापनाका लागि खरिद गरिएको जग्गा प्लटिङ गरी इस्टमेट तयार हुँदा समेत काम अगाडि नबढेको भन्दै पीडितहरूले जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा, सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री कार्यालय, भौतिक पूर्वाधार मन्त्रालय, प्रधानमन्त्रीको कार्यालयमा ज्ञापनपत्र बुझाए । बाढीपहिरो पीडितका लागि परशुराम नगरपालिका–४ रातीमाटीमा ३७ रोपनी र वडा नम्बर ५ परिगाउँमा नौ रोपनी गरी ४६ रोपनी जग्गा खरिद गरिएको छ । डोटी जिल्लास्थित शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालयले आवास तथा अन्य पूर्वाधार निर्माणका लागि जग्गा प्लटिङ गर्दै २ करोड ६५ लाख रुपियाँको बजेट माग गरी मन्त्रालयमा पेस गरिसकेको र उक्त रकम निकासा गरी निर्माण कार्यको ठेक्का प्रक्रिया अगाडि बढाउनुपर्ने शीर्ष पहिरो पीडित संघर्ष समितिका संयोजक प्रजापतिनाथले बताए ।

यस वर्ष डडेल्धुरा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ८६ जना महिला, एक पुरुषसहित ८७ जना र राज्यपक्षबाट चार जना पुरुष गरी ९१ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना, महिला अधिकार उल्लङ्घनका घटनामा ८३ जना पीडित भएको अभिलेख भयो ।

गिरफ्तार

यस वर्ष डडेल्धुरा जिल्लामा प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार भएका मध्ये दुई जनालाई जिल्ला प्रशासन कार्यालयले धरौटीमा र दुई जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गऱ्यो ।

आलिताल गाउँपालिका–१ तोली निवासी प्रतिबन्धित नेकपाका आलिताल गाउँपालिका इन्चार्ज ४० वर्षीय खेमबहादुर बोहोरालाई २०७६ भदौ ३१ गते डडेल्धुरा सदरमुकामबाट प्रहरीले गिरफ्तार गऱ्यो । बोहरालाई जिल्ला प्रहरी कार्यालय, डडेल्धुराको

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		४	४			
हत्या					१	१
बाल अधिकार	बलात्कार			१		१
	यौन दुर्व्यवहार			२		२
	जम्मा			३		३
महिला अधिकार	घरेलु हिंसा			८२		८२
	यौन दुर्व्यवहार			१		१
	जम्मा			८३		८३
कूल जम्मा		४	४	८६	१	८७

हिरासतमा १० दिनसम्म राखियो । प्रतिबन्धित नेकपाका कुनै पनि गतिविधिमा संलग्न नहुने गरी जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा ८ हजार रूपियाँ धरौटी राखी असोज १० गते रिहा भए।

कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ५० जनाको रहेकोमा ७६ कैदी र ६ जना थुनुवा गरी ८२ जना रहेका छन्। कारागारमा ६ जना महिला बन्दीहरू रहेका छन्। पाँच वर्षकी एक आश्रित बालिका छिन् । जिल्ला कारागारमा एक जना एचएको दरबन्दी भएकोमा हाल उक्त दरबन्दी रिक्त रहेको छ। दरबन्दी अनुसारका स्वास्थ्यकर्मी नभएका कारण कैदीबन्दीहरूको नियमित रूपमा स्वास्थ्य परीक्षण गर्न नसकिएको र बिरामी भएमा डडेल्धुरा अस्पतालमा उपचार गराउने गरेको कारागार प्रशासनले जनायो। कैदीबन्दीका आफन्तलाई बिहान १० बजेदेखि ५ बजेसम्म भेटघाट गर्ने व्यवस्था मिलाइएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस वर्ष देवानी मुद्दा ४५ थान मध्ये ११ थान फैसला भए भने ३४ थान फैसला हुन बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा ७८ थान मध्ये २३ थान फैसला भए भने ५५ थान फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा कुनै बाँकी छैनन् । भौगोलिक विकटता भएका क्षेत्रका पीडितहरूलाई अदालत पुग्न समस्या हुने गरेको जिल्ला बारका निवर्तमान अध्यक्ष विष्णु भट्टले बताए।

कतिपय मुद्दाहरू कानुनी प्रक्रियाका कारणले पनि सुनुवाई हुन समस्या गरेको छ । सम्बन्धविच्छेदका मुद्दामा कुनै एकको सहमति नभएमा एक वर्षसम्म पनि फैसला गर्न नमिल्ने कानुनी प्रावधानका कारणले पनि यसप्रकारका मुद्दाहरू फैसला हुन बाँकी रहेका छन्। न्यायाधीशको चाँडो–चाँडो सरुवा हुने गरेका कारण पनि मुद्दाको सुनुवाइ गर्न समस्या हुने गरेको नेपाल बारका निवर्तमान अध्यक्ष विष्णु भट्टले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा १ सय ९० आधारभूत विद्यालय र ३० माध्यमिक विद्यालय छन्। सामुदायिक विद्यालयतर्फ ३ सय प्रारम्भिक बाल विकास केन्द्र, २५ सामुदायिक सिकाइ केन्द्र रहेका छन् । यसवर्ष सामुदायिकतर्फ १० हजार १ सय ३४ बालक र १० हजार २ सय ४७ बालिका विद्यालय भर्ना भए।

यसवर्ष डडेल्धुरा जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना, बालबालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। यौन दुर्व्यवहारका घटनामा दुई जना र बलात्कार घटनाबाट एक जना पीडित भए। घटनाका सबै आरोपित गिरफ्तार भएकोमा यौनदुर्व्यवहार घटनाका एक आरोपितलाई अदालतले कैद र जरिबानाको फैसला सुनायो भने अन्य घटनामा कानुनी प्रकृया जारी रहयो।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७६ भदौ ११ गते यौन दुर्व्यवहार गरेको भन्दै परशुराम नगरपालिका–४ का २१ वर्षीय महेश दमाई विरूद्ध पीडितपक्षले जिल्ला प्रहरी कार्यालय, डडेल्धुरामा भदौ १२ गते उजुरी दियो । बालिकाको स्वास्थ्य परीक्षण भदौ १३ गते जिल्ला अस्पतालमा भयो । आरोपितलाई प्रहरीले भदौ १३ गते परशुराम नगरपालिका– ४ बाट गिरफ्तार गर्‍यो । आरोपितलाई भदौ १४ गते जिल्ला अदालत पेश गरेकोमा जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश हरिप्रसाद शर्मा उपाध्यायको इजलासले मङ्सिर २२ गते आरोपितलाई २ वर्ष ६ महिना कैद सजाय र २५ हजार रूपियाँ जरिबानाको फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष महिला हिंसाका ६० ओटा उजुरी जिल्ला प्रहरी कार्यालयमा दर्ता भए । घरेलु हिंसाका सबै उजुरीहरू जिल्ला प्रहरी कार्यालयले मिलापत्र गरायो। घरेलु हिंसाका उजुरीहरूमा परिवारका सदस्य र आफन्तले मिलापत्रका लागि दबाब दिने गरेका कारण यस किसिमका घटनामा मिलापत्र गर्ने गरेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका डिएसपी दधिराम न्यौपानेले बताए।

सन् २०१९ मा डडेल्धुरामा घरेलु हिंसाका घटनामा ८२ जना, यौन दुर्व्यवहारका घटनामा एक जना महिला गरी ८३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहारको एक घटना कानुनी प्रक्रियामा रहेको छ।

आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना /सम्पत्ति क्षति

राजनीतिक भागबण्डाका आधारमा क्याम्पसमा कर्मचारी भर्ना गरेको भन्दै जेठ ३ गते स्ववियु सभापति जगतबहादुर ऐरको नेतृत्वको एक समूहले डडेल्धुरा बहुमुखी क्याम्पसमा तोडफोड गऱ्यो । तोडफोडबाट ५० हजार रुपियाँको क्षति भयो । त्यसैगरी, आलिताल गाउँपालिका–२ काफलीडाँडामा रहेको ऐनसेल टावरमा २०७६ साउन १५ गते राति अज्ञात पक्षले बम विस्फोट गराइ क्षति पुऱ्यायो । विस्फोटबाट टावरमा रहेका तार र ब्याट्रीमा क्षति पुग्यो ।

स्वास्थ्य सेवाको अवस्था

एक सङ्घीय अस्पताल, एक अस्पताल, २४ स्वास्थ्य चौकी, चार शहरी स्वास्थ्य केन्द्र र दुई सामुदायिक स्वास्थ्य इकाइ छन् । अस्पतालमा १८ जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेकोमा सबै रिक्त छन् । २० जना डाक्टरको दरबन्दी रहेकोमा १० जना डाक्टरको दरबन्दी रिक्त रहेको छ । १० जना कार्यरत डाक्टरहरू मध्येबाट पनि पाँच जना अध्ययनका लागि अन्यन्त्र गएका र पाँच जना कार्यरत रहेका छन्। दुई जना एचएको दरबन्दी रहेकोमा दुई ओटै दरबन्दी रिक्त छन् । गरीब तथा असहाय नागरिकहरूलाई निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरेको भएपनि अस्पतालमा दरबन्दी अनुसारका डाक्टरहरू नहुँदा उनीहरूलाई पनि जिल्ला बाहिर पठाउनुपर्ने बाध्यता रहेको अस्पतालले जनायो ।

सन् २०१९ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१		१
यौन दुर्व्यवहार	१		१	२
जम्मा	१	१	१	३

महिला अधिकार			
घटनाको प्रकार	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	८२		८२
यौन दुर्व्यवहार		१	१
जम्मा	८२	१	८३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
हत्या	१	१

७.६ डोटी

जम्मा जनसङ्ख्या	२,१४,०४३
महिला	१,१५,१५१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,०१,०००
कामका लागि बाहिरिएका	२३,५४४
अपाङ्गता भएका	७,३०२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.३
आश्रित जनसङ्ख्या	१,१२,७५०

यसवर्ष डोटी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४८ जना महिला तथा दुई जना पुरुषसहित ५० जना र राज्यपक्षबाट एक जना पुरुष गरी ५१ जना पीडित भएको इन्सेकमा अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३८ जना पीडित भएको अभिलेख भयो ।

कारागार बन्दी

'ख' श्रेणीको डोटी कारागारको क्षमता ३० जनाको छ । जसमा कैदी ३२ पुरुष, चार महिला गरी ३६ जना र कैद नतोकिएका १७ जना पुरुष छन् । क्षमता भन्दा बढी कैदी/बन्दी रहेकाले बिजुली, पानी र शौचालयको समस्या छ । कारागारमा लुँडो र क्यारेमबोर्ड बाहेक अन्य सामग्री नरहेकोले कैदीबन्दीलाई दिन काट्न समस्या हुने गरेको एक कैदीले बताए । कारागारमा रहेको पुस्तकालयमा नयाँपुस्तक नरहेको कैदी बन्दीको गुनासो रहेको छ । कारागारमा रहेको अहेवको दरबन्दी गत वर्षदेखि कटौती भएको कारण सामान्य उपचारको लागि कैदी/बन्दीलाई जिल्ला अस्पताल पुऱ्याउनुपर्ने बाध्यता रहेको जेलर राजन केसीले बताए । कैदी तथा थुनुवा भेट्ने समय बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म र शनिबार पनि सोही समयमा राखिएको जेलर राजन केसीले बताए। सबै कोठामा टेलिभिजन राखिएको र आवश्यक परेका बेला कैदीबन्दीले फोन गर्न पाउँछन् ।

बाल सुधार गृह

२०७५ सालमा स्थापना गरिएको सुदूरपश्चिम प्रदेशको एकमात्र बालसुधार गृह रहेको डोटी जिल्ला बालसुधार गृहको २५ जनाको क्षमता छ। हाल ४७ जना बालकहरू रहेका छन् जसमा १२ जना कैद तोकिएका पाएका र ३५ जना बालक पुर्पक्षका लागि राखिएका छन् । क्षमता भन्दा बढी बालक राख्नुपर्ने बाध्यता रहेकाले खान, बस्न, शौचालय, लुगा धुन, नुहाउन, पानीको समस्या रहेको छ । बालसुधार गृहमा खेलकुदका सामग्रीको अभाव रहेको छ । बालसुधार गृहमा तारवार नभएको र उचित व्यवस्थानको समस्या भएकोले सुधार गृहमा राखिएका बालबालिकाहरू भाग्न सक्ने जोखिमसमेत रहेको प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताए । सुधार गृहमा राखिएका बालबालिकाहरूलाई बिहान ७ बजे देखि साँझ ५ बजेसम्म भेटघाट गर्नपाउने व्यवस्था

गरेको कार्यालय प्रमुख सानुमाया लिम्बुले बताइन् । बालबालिकाका लागि पत्रपत्रिका, किताब र खेलकुदका सामग्रीहरू भलिवल, चेस र क्यारेमबोर्ड उपलब्ध गराइएको समेत प्रमुख लिम्बुले बताइन् । पेशी र बकपत्रका लागि विभिन्न जिल्लामा बालबालिकालाई पुऱ्याउनुपर्ने तर, त्यसको व्यवस्थापन गर्न खर्च न्यून भएको हुँदा सञ्चार तथा यातायातमा आर्थिक समस्या हुने गरेको उनले बताइन् ।

प्रहरी हिरासतमा मृत्यु

जोरायल गाउँपालिका–४ का २१ वर्षीय गणेश पालीलाई २०७६ मङ्सिर ८ गते प्रहरी चौकी गैराको हिरासतमा सोही चौकीमा कार्यरत प्रहरी जवान कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका–११ भुजेलाका शंकर खड्का र मालिकार्जुन गाउँपालिका–३ उकु दार्चुलाका सोही चौकीमा कार्यरत प्रहरी जवान २७ वर्षीय दीपक सामन्तले कुटपिट गरी हत्या गरेको आरोपमा दुवै जना विरूद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय डोटीमा मङ्सिर १० गते उजुरी दियो । प्रहरीले आरोपित शंकर खड्का र दीपक सामन्तलाई गिरफ्तार गऱ्यो । शवको पोष्टमार्टम उपक्षेत्रीय अस्पताल डडेल्धुरामा मङ्सिर १२ गते भयो । पोष्टमार्टम लगत्तै आफन्तले शव बुझी दाहसंस्कार गरे । प्रहरीले अदालतमा मङ्सिर १२ गते मुद्दा दर्ता गऱ्यो । यस वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका एसपी दिलिपसिंह देउवाले बताए ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार					१	१
हिरासत वा थुनामा मृत्यु		१	१			
हत्या				३		३
बाल अधिकार	बलात्कार			४		४
	यौन दुर्व्यवहार			४	१	५
	जम्मा			८	१	९
महिला अधिकार	बलात्कार			५		५
	बलात्कार प्रयास			१		१
	बहुविवाह			३		३
	घरेलु हिंसा			३०		३०
	जम्मा			३८		३८
कूल जम्मा		१	१	४८	३	५०

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ । यो वर्ष फौजदारी मुद्दातर्फ ३० मुद्दा मध्ये पाँच थान मुद्दा फैसला भए भने २५ थान फैसला हुन बाँकी रहे । देवानी मुद्दातर्फ २२ थान मुद्दामध्ये सात थान मुद्दा फैसला भए भने १५ थान बाँकी रहे । ०७६ साउदेखि मङ्सिरसम्म फौजदारी मुद्दातर्फ १७ थान मुद्दा मध्ये चार थान फैसला भए भने १३ थान मुद्दा बाँकी रहे । देवानीतर्फ १३ थानमुद्दा मध्ये चार थान मुद्दा फैसला भए भने नौ थान बाँकी रहे । दुई वर्ष नाघेका मुद्दा छैनन् ।

उच्च अदालत दिपायल

उच्च अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेको छ । यो वर्ष फौजदारी मुद्दातर्फ ८ सय ८६ थानमध्ये ४ सय ७९ थान फैसला भए भने ३ सय ८८ थान फैसला हुन बाँकी रहे । देवानी मुद्दातर्फ २ सय ५२ थानमध्ये १ सय २६ थान फैसला भए भने ९५ थान फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन् । रिट निवेदक मुद्दातर्फ ५७ थानमध्ये ३९ थान फैसला भए भने १८ थान बाँकी रहे ।

बाल अधिकार

शिक्षाको अवस्था

यस वर्ष डोटी जिल्लामा ३१ हजार ९ सय ६२ बालक र ३४ हजार १ सय ७१ बालिका, १ हजार ४ सय ५३ जना दलित बालबालिका, ४ सय ५३ जना अपाङ्ग बालबालिका, ३१ जना द्वन्द्वपीडित बालबालिका विद्यालय भर्ना भए । २ हजार ९ सय ८९ बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भए । प्राविधिक धारतर्फ ६ ओटा माध्यमिक विद्यालय, सात ओटा क्याम्पसहरू, एक प्राविधिक शिक्षालय रहेका छन् ।

सामाजिक कुप्रथाका कारण हालसम्म पनि महिनावारी भएको बेलामा धरैजसो छात्राहरू विद्यालय अनुपस्थित हुने गरेको पाइएको, महिनावारी भएको बेला चार दिनसम्म विद्यालयमा छात्राहरू नआउने

गरेको विद्यालयका प्रधानाध्यापक रमेश शाहीले बताए।

यस वर्ष डोटी जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कारका घटनामा चार जना र यौन दुर्व्यवहारका घटनामा एक जना बालक सहित पाँच जना पीडित भए । घटनामा आठ आरोपित गिरफ्तार भएकोमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितले जिल्ला अदालतको फैसला अनुसार सफाइ पाए भने एक घटनाको आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको र अन्य घटनाको कानुनी प्रकृया जारी रहेको छ।

मानव बेचबिखन तथा ओसारपसार

बड्डीकेदार गाउँपालिका –१ देउलीगजैलाकी १६ वर्षीया बालिका तुल्छा देउवालाई ०७५ भदौ २५ गते ललाइफकाइ भारत पुऱ्याएको आरोपमा दाङको लमही नपा–१० देउखुरीका २३ वर्षीय केशव हमालविरूद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, डोटीमा २०७५ माघ १९ गते उजुरी दियो। आरोपितलाई माघ १० गते प्रहरीले बड्डीकेदार गाउँपालिका–१ देउलीगजैलाबाट गिरफ्तार गरी फागुन २ गते जिल्ला अदालत, डोटीमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतको फागुन ३ गते को आदेशानुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ३५ थान उजुरी दर्ता भए। जसमा घरेलु हिंसा तथा कुटपिटका ३०, लैङ्गिक हिंसाका दुई, बहुविवाहका दुई, बेचबिखनको एक गरी जम्मा ३५ उजुरी दर्ता भएका थिए। जसमा ३२ उजुरी मिलापत्र भए भने तीन उजुरी कानुनी प्रक्रियामा छन्।

सन् २०१९ मा डोटी जिल्लामा घरेलु हिंसाका घटनामा ३० जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो । बलात्कारका घटनामा पाँच जना, बलात्कार प्रयास घटनामा एक जना र बहुविवाह घटनामा दुई जना पीडित भए । जसमा सात आरोपित गिरफ्तार भएकोमा बलात्कार प्रयास घटनामा दुई जना र यौन दुर्व्यवहार घटनामा एक जना आरोपितले जिल्ला अदालतको फैसला अनुसार सफाइ पाए । दुई घटनाको आरोपित फरार रहेको र अन्य घटनाको कानुनी प्रकृया जारी रहेको अभिलेख इन्सेकसँग रहेको छ। परिवारजनबाट हत्याको घटनामा तीन जना पीडित भए। जसमा चार आरोपितमध्ये तीन जनाले जिल्ला अदालतको आदेशमा जनही धरौटीमा रिहा भए भने एक जनालाई पुर्पक्षका लागि कारागार चलान भए।

छाउपडी गोठमा मृत्यु

पूर्वीचौकी गाउँपालिका–५ काडामाण्डौकी २१ वर्षीया पार्वती बोगटीको ०७५ माघ१७ गते छाउपडी गोठमा मृत्यु भयो। गोठमा बालेको आगोको धुँवाले निसासिएर उनको मृत्यु भएको थियो। शवको पोष्टमार्टम माघ १८ गते उपक्षेत्रीय अस्पताल, डडेल्धुरामा गरिएको जिल्ला प्रहरी कार्यालय, डोटीका डीएसपी लालबहादुर धामीले बताए । यस घटनामा प्रहरीमा उजुरी पनि परेन।

अमानवीय व्यवहार

झापा जिल्ला शिबसतासी नगरपालिका–११ दुधे निवासी जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ डोटी कार्यालयका प्रमुख ५० वर्षीय अनन्तकुमार पौडेललाई ०७५ चैत १० गते कार्यकक्षमा आई मोसो दली दुर्व्यवहार गरेको आरोपमा आर्दश गाउँपालिका–२ निवासी नेविसंघका कार्यकर्ता ३० वर्षीय विजयराज ओझा, केआई सिं गाउँपालिका–२ सेलपाखाका २२ वर्षीय प्रविण उपाध्याय, पूर्वीचौकी गाउँपालिका–१ तल्लो फुलौटका २१ वर्षीय रेशमविक्रम खड्का र पूर्वीचौकी गाउँपालिका–२ बगलेकका २४ वर्षीय प्रकाश ठकुल्लाविरूद्ध पीडितले चैत १० गते जिल्ला प्रहरी कार्यालय, डोटीमा उजुरी दिए। प्रहरीले आरोपितहरू विरूद्ध जिल्ला अदालत, डोटीमा चैत ११ गते मुद्दा दर्ता गरे पनि आरोपितहरू फरार रहेको जिल्ला प्रहरी कार्यालय, डोटीका प्रमुख विद्यानन्द माझीले बताए। जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ डोटीका प्रमुख पौडेलले शिक्षा कार्यालयमा अनियमिता गरेको आरोपमा नेविसंघका कार्यकर्ताले दुर्व्यवहार गरेको प्रहरीले जनायो। आरोपितहरू यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लामा तीन वटा वडा कार्यालयमा अज्ञात पक्षले आगजनी गरे। आगजनीबाट कार्यालयको कागजपत्र, दराज, कुर्सी जलेर नष्ट भए।

स्वास्थ्य सेवाको अवस्था

भौगोलिक विकटताका कारण ग्रामीण स्वास्थ्य चौकीमा समयमै औषधिसमेत नपुग्दा सेवाग्राही थप मारमा पर्ने गरेको पाइन्छ । संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुनेछ भनी उल्लेख गरिएको भए तापनि डोटी जिल्लाका नौ ओटा स्थानीय तहका ६५ वडामध्ये पाँच ओटा स्थानीय तहका १० ओटा वडाका सेवाग्राही सेवाबाट वञ्चित हुँदै आएका छन् । जिल्लाका ६५ वडामध्ये ५५ वडामा मात्रै स्वीकृत मापदण्ड पुगेका स्वास्थ्य चौकीहरू रहेको र १० ओटा वडामा स्वास्थ्य चौकीविहीन रहेको स्थानीय जनताको गुनासो रहेको छ। जिल्लामा स्वास्थ्य चौकीविहीन वडाहरूमा चालु आर्थिक वर्षभित्र स्वास्थ्य संस्था स्थापनाका लागि स्थानीय तहसँग सिफारिस माग गरी मन्त्रालयमा पहल गरिएको जनस्वास्थ्य कार्यालय, डोटीले जनाएको छ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	३	४
यौन दुर्व्यवहार	१		४	५
जम्मा	१	१	७	९

महिला अधिकार

घटनाको प्रकार	अपूर्ण	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		४	५
बलात्कार प्रयास	१			१
बहुविवाह			२	२
घरेलु हिंसा	१	२८	१	३०
जम्मा	३	२८	७	३८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

७.७ अछाम

जम्मा जनसङ्ख्या	२,६८,७७४
महिला	१,४५,०५७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२०,५३१
कामका लागि बाहिरिएका	३१,०१५
अपाङ्गता भएका	८,६०२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.७
आश्रित जनसङ्ख्या	१,४४,५६५

तत्कालीन महिला तथा बालबालिका कार्यालयले २०७३ सालमा जिल्लाभर सङ्कलन गरेको तथ्याङ्क अनुसार महिनावारी हुने उमेरका ५६ हजार ७ सय ९१ मध्ये ३४ हजार २९ महिला तथा युवतीहरू छाउगोठमै बस्ने गरेको पाइएको छ। जसमा १० हजार ४ सय ८५ निजी र २२ हजार १ सय २१ जना संयुक्त छाउ गोठमा बस्ने गरेको तथ्याङ्क छ। स्थानीयतहले हाल छाउगोठ भत्काउने र छाउपडी कुरीति अँगालिरहेमा सामाजिक सुरक्षा लगायतका सेवा रोक्ने तयारी गरेको छ। अपराधसंहिता २०७४ मा छाउपडी कुरीतिलाई अपराध मानेर तीन महिना कैद र ३ हजार रुपियाँ जरिवानाको व्यवस्था गरेको भएपनि पीडित पक्ष र कानून कार्यान्वयन गर्ने पक्षबाट उक्त प्रावधानको कार्यान्वयन हुन सकेको छैन।

साँफेबगर नगरपालिका–३ सिद्धेश्वरक डिक्रेनी निवासी २१ वर्षीया पार्वती रावत (बुढा) मङ्सिर १६ गते बिहान छाउ गोठमा मृत अवस्थामा फेला परिन्। छाउगोठमा बस्न बाध्य पारेको आरोपमा मृतकका जेठाजु २५ वर्षीय छत्र रावतलाई प्रहरीले मङ्सिर १९ गते गिरफ्तार गऱ्यो। मुद्दा यो वर्षको अन्त्यसम्म जिल्ला अदालतमा विचाराधीन छ। १८ महिनाअघि विवाह भएकी पार्वतीका पति रोजगारीको क्रममा भारतमा बस्दै आएका थिए।

कुटपिट/धम्की

अन्यपक्षबाट

तुर्माखाँद गाउँपालिका–८ धमाली निवासी पूर्वशिक्षक ४२ वर्षीय भीमबहादुर विष्टलाई २०७६ जेठ ४ गते खानेपानी योजनाको विषयमा विवाद हुँदा सोही ठाउँ निवासी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कार्यकर्ताहरू ४० वर्षीय भीमबहादुर विष्ट र २४ वर्षीय कमल विष्टले खुकुरी प्रहार गरी घाइते बनाए। टाउको, हातमा चोटपटक लागेका घाइतेको उपचार जेठ ५ गते जिल्ला अस्पतालमा भयो। पीडितले जेठ ४ गते आरोपितहरू विरुद्ध जिल्ला प्रहरी कार्यालय, अछाममा उजुरी दिए। प्रहरीले जेठ ६ गते दुवै जनालाई घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जेठ १६ गते अदालतमा मुद्दा पेश गरेकोमा जिल्ला अदालतले जेठ १७ गते दुवै जनालाई ५०/५० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

गिरफ्तारी

यस वर्ष अछाम जिल्लाबाट प्रतिबन्धित नेकपाका १० जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये एक जनाले जिल्ला अदालतबाट सफाइ पाए, चार जना साधारण तारेखमा र दुई जना जरिबाना रकम तिरेर रिहा भए । जिल्ला प्रशासन कार्यालयले दुई जनालाई धरौटी रकमसहित दुई/दुई महिना कैदको फैसला सुनाएकोमा उनीहरू कैद भुक्तान गरी रिहा भए । एक जना धरौटी राखेर रिहा भएकोमा तोकिएको समयमा उपस्थित नभएको भन्दै जिल्ला प्रशासन कार्यालयले उनको धरौटी रकम जफत हुने फैसला सुनायो ।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते						१	१
गिरफ्तार		१	११	१२			
कुटपिट						३	३
हत्या						४	४
बाल अधिकार	बलात्कार				६		६
	यौन दुर्व्यवहार				१		१
	जम्मा				८		८
महिला अधिकार	बलात्कार				३		३
	बहुविवाह				१		१
	घरेलु हिंसा				१		१
	जम्मा				४		४
कूल जम्मा		१	११	१२	१२	८	२०

मुगु जिल्ला छायानाथ रारा नगरपालिका–१२ सोभा निवासी २० वर्षीय आदी भनिने आर्दश बुढालाई २०७५ चैत २४ गते प्रतिबन्धित पार्टी नेकपाको प्रचार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीले अछाम जिल्ला चौरपाटी गाउँपालिका–७ मार्कुबाट गिरफ्तार गऱ्यो । आरोपितको सोही दिन जिल्ला अस्पताल, अछाममा स्वास्थ्य परीक्षण गरियो । प्रहरीले आरोपितलाई चैत २६ गते जिल्ला प्रशासन कार्यालयमा पेश गऱ्यो । जिल्ला प्रशासन कार्यालयले २०७६ असार ९ गते आरोपितलाई २० हजार रूपियाँ धरौटीमा रिहा गऱ्यो । प्रशासनले दिएको म्याद गुजारी सम्पर्क विहीन भएका कारण असोज २ गते प्रशासनले धरौटी रकम जफत गर्ने फैसला सुनायो । उनी यो वर्षको अन्त्यसम्म सम्पर्कमा आएका छैनन् ।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ८० जनाको भए पनि ३८ कैदी, नौ जना थुनुवा र एक जना आश्रित बालक गरी ४८ जना कैदीबन्दी राखिएका छन्। कारागारमा एक महिलासहित आठ पुरुष गरी नौ जना थुनुवा तथा ६ महिला र ३२ पुरुष गरी ३८ जना कैदी रहेका छन् । कारागारमा तीन वर्षीय एक आश्रित बालक छन् । कारागारमा ज्येष्ठ नागरिक कैदी/बन्दी छैनन् । कारागार भित्र खेलकुदका सामग्री, पुस्तक र पत्रपत्रिका, रेडियो र टेलिभिजनको सुविधा छ । कैदीबन्दीको उपचारका लागि एक जना अहेवको दरबन्दी भए पनि दरबन्दी रिक्त छ । कैदी/ बन्दीको हप्तामा एक पटक स्वास्थ्य परीक्षण हुने गरेको जेलर छत्रबहादुर माझीले बताए । कैदी/बन्दीका आफन्तलाई बिहान १० बजेदेखि साँझ ५ बजेसम्म भेटघाटको व्यवस्था मिलाइएको छ । कैदीबन्दीहरूले कारागारभित्र कपडा सिलाउने, डोरी बाट्ने, मुढा बनाउने लगायतका काम गरेर आर्थिक उपार्जन गर्ने गरेका छन् । पानीको मुहान व्यवस्थापन हुन नसक्दा वर्षायाममा धमिलो पानी पिउनुपर्ने बाध्यता रहेको र बाजुरा जिल्लाका महिला बन्दीहरूलाई अछाम कारागारमा राखिने भएकोले तारेखमा लैजान ल्याउन सवारी साधनको समस्या भएको जेलर माझीले बताए ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन् । यस वर्ष फौजदारी मुद्दा ४९ मध्ये २४ फैसला भए भने २५ फैसला हुन बाँकी रहे । देवानी मुद्दा २० मध्ये १२ फैसला भए भने आठ फैसला हुन बाँकी रहे । दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा कुनै बाँकी छैनन् । अदालतमा बालबालिकाका मुद्दा हेर्ने छुट्टै इजलासको व्यवस्था छ । आरोपित र आफन्त लगायतको प्रभावमा

महिलाका केही मुद्दा होस्टाइल हुने समस्या रहेको जिल्ला बार इकाइका अध्यक्ष कृष्णप्रसाद ढुंगानाले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस शैक्षिक सत्रमा बालविकास केन्द्रदेखि कक्षा १२ सम्म ८८ हजार ६ सय ८८ जना विद्यार्थी भर्ना भए। जसमा छात्रातर्फ ४६ हजार ४ सय ९ जना र ४२ हजार २ सय ७९ जना छात्र विद्यालय भर्ना भएको जिल्ला शिक्षा समन्वय कार्यालयले जानकारी दिएको छ। जसमा बालबिकास केन्द्रमा छात्रा ४ हजार ४ सय ८३ र छात्रतर्फ ४ हजार ७ सय ३७ विद्यार्थी भर्ना भएका छन्। आधारभूत तहमा छात्रातर्फ २५ हजार २ सय ७१ र छात्रतर्फ २२ हजार ५ सय २४ छात्र भर्ना भएका छन्। यस्तै निम्न माध्यामिक तह (६ देखि ८ सम्म) मा छात्रातर्फ १० हजार ३ सय ४८ जना र ९ हजार ५ सय ६९ छात्र भर्ना भएका छन्। साथै माध्यामिक तहमा छात्रा ६ हजार ३ सय ७ र छात्रतर्फ ५ हजार ४ सय ४९ छात्रतर्फ यस वर्ष भर्ना भएको कार्यालयका प्रमुख लक्ष्मण गिरीले जानकारी दिए।

निःशुल्क शिक्षा भनिएता पनि विद्यालयले विद्यार्थीहरूबाट विभिन्न बाहानामा शुल्क लिने गरेको पाइयो। शिक्षकको अनियमितता, अभिभावकको कमजोर चासो र सरकारी पक्षको फितलो अनुगमनका कारण शिक्षा क्षेत्र गुणस्तरीय बन्न नसकेको अभिभावक टेकबहादुर थापाले बताए। विद्यालय भर्ना अभियान औपचारिकतामा मात्रै सीमित भएको अभिभावक थापाले बताए। केही शिक्षकहरू विद्यालय छाडेर राजनीतिक लगायत अन्य काममा जाने भएकोले विद्यार्थीको पढाइ प्रभावित हुने गरेको स्थानीय अगुवा नवराज न्यौपानेले बताए। जिल्लाका अधिकाङ्स विद्यालयमा खानेपानी, शौचालय, सरसफाइको समस्या रहेको छ भने अपाङ्गमैत्री संरचना निर्माण हुन सकेको छैन।

यस वर्ष अछाम जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कारका घटनामा सात जना र यौन दुर्व्यवहारका घटनामा एक जना पीडित भए। घटनाका सबै आरोपित गिरफ्तार भएकोमा बलात्कार घटनाका एक जना आरोपितले जिल्ला अदालतको फैसलाअनुसार सफाइ पाए। अन्य घटनाको कानुनी प्रकृया जारी रहेको इन्सेकको अभिलेख छ।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई २०७५ पुस २८ गते बलात्कार गरेको आरोपमा कैलाली जिल्ला कैलारी गाउँपालिका–४ निवासी ३५ वर्षीय सोमबहादुर बस्नेतविरुद्ध पीडित पक्षले पुस ३० गते जिल्ला प्रहरी कार्यालय, अछाममा उजुरी दिए। आरोपितलाई प्रहरीले पुस ३० गते साँफेबगरबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण पुस ३० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला अदालत अछाममा माघ १७ गते मुद्दा दर्ता गरेकोमा अदालतले चैत ४ गते कसुरदारलाई एक वर्षको कैद र १० हजार रुपियाँ जरिवानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय २१ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गरे। उजुरीहरूमध्ये घरेलु हिंसाका घटनामा १ सय ६ र १५ ओटा लैङ्गिक हिंसाका घटना मिलापत्रमा टङ्गिए। घरेलु हिंसा पीडित महिलाले न्यायिक समितिमा उजुरी दिने गरेको भए पनि विभिन्न पक्षको प्रभावका कारण अधिकाङ्स घटना मिलापत्रमा टुङ्गिने गरेको अधिकारकर्मी शंकर रावलले बताए। आर्थिक, शिक्षा र सिपको अभाव, आफन्तहरूको असहयोग र दबावमा पर्ने जस्ता कारणले महिलाहरू न्यायिक प्रक्रियामा अडिग हुन नसकेको महिला अधिकारकर्मी मना अधिकारीले बताइन्। घरेलुसँगै महिला हिंसा, आत्महत्या र आपराधिक घटनाको कारक मदिरा नै भएको जिल्ला प्रहरी कार्यालय, अछामका इन्सपेक्टर रमेशदत्त अवस्थीले बताए।

सन् २०१९ मा अछाम जिल्लामा घरेलु हिंसाका घटनामा एक जना, बलात्कारका घटनामा दुई जना र बहुविवाह घटनामा एक जना महिला गरी चार जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार प्रयास घटनाका तीन जना र बलात्कार घटनाका एक जना आरोपितले अदालतको फैसला अुनसार सफाइ पाए भने घरेलु हिंसाका तीन ओटा घटनामा मिलापत्र भयो। बलात्कारका दुई र बलात्कार प्रयासको एक घटना कानुनी दायरामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचना/सम्पत्ति क्षति

यस वर्ष आगजनीका तीन घटनाका कारण स्थानीयको घरमा क्षति पुग्यो भने मोटरसाइकल, मंगलसेन नगरपालिकाको गाडी, ढकाली गाउँपालिका–५ तिखानमा रहेको वडा कार्यालयमा आगजनी, पञ्चदेवल विनायक नगरपालिका–३ विनायकमा रहेको वडा कार्यालयमा अज्ञात पक्षले आगजनी गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा जिल्ला अस्पताल, एउटा सामुदायक अस्पताल, दुई प्राथामिक स्वास्थ्य केन्द्र र ७२ स्वास्थ्य चौकी, पाँच शहरी स्वास्थ्य केन्द्र, सात सामुदायिक स्वास्थ्य केन्द्र, ३ सय ३६ खोप केन्द्र, ३ सय ३४ गाउँघर क्लिनिक र ९ सय ४१ महिला स्वास्थ्य स्वयम्सेविका रहेका छन् । सामुदायिक अस्पताल बयलपाटामा नौ जना डाक्टर भएपनि एक/एक जना डाक्टरको दरबन्दी रहेको कमलबजार र चौरमाण्डौ प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टर छैनन् । जिल्ला अस्पतालमा मेडिकल सुपरिडेन्टेण्डसहित दुई जना डाक्टरको दरबन्दी भएपनि पदपूर्ति हुन सकेन । करारमा भर्ना भएका दुई जना डाक्टर कार्यरत छन्। ३ सय ७७ अहेव र अनमीको दरबन्दी रहेकोमा १ सय ६१ जनाको दरबन्दी खाली रहेको छ । जनशक्ति र भौतिक पूर्वाधार, उपकरण अभाव, भौगोलिक विकटताले गुणस्तरीय सेवा दिन नसकिएको स्वास्थ्य कार्यालयका प्रमुख झनकराज ढुंगानाले बताए । ठेकेदारको लापरबाहीका कारण १० वर्षअघि निर्माण सम्पन्न भइसक्नु पर्ने स्वास्थ्य संस्थाका भवनहरू हालसम्म निर्माण सम्पन्न भएका छैनन्।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	५	७
यौन दुर्व्यवहार			१	१
जम्मा	१	१	६	८

महिला अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१	२
बहुविवाह	१			१
घरेलु हिंसा		१		१
जम्मा	२	१	१	४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१	३

७.८ कैलाली

जम्मा जनसङ्ख्या	८,५०,५८४
महिला	४,४१,५६१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,५६,८२१
कामका लागि बाहिरिएका	६२,६४४
अपाङ्गता भएका	१५,३७८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.३
आश्रित जनसङ्ख्या	३,५२,६६०

चुरे गाउँपालिका र मोहन्याल गाउँपालिका बाहेक कैलाली जिल्लाका ११ ओटा स्थानीय तहमा मुक्त कमैयाहरूको पुनर्स्थापना गरिएको छ तर, उनीहरू आधारभूत अधिकारबाट वन्चित हुँदै आएका छन्। सरकारले गरेको पुनर्स्थापना प्रभावकारी नभएको मुक्त कमैयाहरूको गुनासो छ। भूमिसुधार कार्यालय, कैलालीको तथ्याङ्क अनुसार 'क' र 'ख' वर्ग गरी ८ हजार ९ सय १० परिवारमध्ये ८ हजार ४ सय ७५ परिवारको पुनर्स्थापना गरिएको र ३ सय ८० परिपवारको अझै पुनर्स्थापना हुन बाँकी छ। पुनर्स्थापित मुक्त कमैयाहरूको अवस्था अहिले पनि दयनीय रहेको छ। उनीहरूको शिक्षा, स्वास्थ्य, खाद्यमा पहुँच हुन सकेको छैन।

यस वर्ष कैलाली जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २ सय ९ जना महिला र २५ जना पुरुषसहित २ सय ३४ जना र राज्यपक्षबाट पाँच जना महिला गरी ३२ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। राज्य पक्षबाट पाँच महिला गरी ३१ जना गिरफ्तार र एक जना कुटपिटबाट पीडित भए। बाल अधिकार उल्लङ्घनका घटनामा ५९ जना, महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ४५ जना र जातीय विभेद घटनामा तीन जना महिला सहित चार जना पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार बम विष्फोट मृत्यु/घाइते

बझाङ जिल्ला जयपृथ्वी नपा–१४ का २६ वर्षीय रामबहादुर सिंहको धनगढी उमनपा—३ चटकपुर स्थित निलम होटेलमा २०७६ साउन २ गते साँझ बम विस्फोट हुँदा मृत्यु भयो। विस्फोटमा परी निलम होटलका सञ्चालक ३८ वर्षीय केशवराज पाण्डे, धनगढी उमनपा–४ का ३५ वर्षीय माबिन खान, धनगढी उमनपा–३ का जितेन्द्रप्रसाद यादव र कञ्चनपुर जिल्ला बेलडाँडी गाउँपालिका–२ का ३६ वर्षीय लक्ष्मण सेरेला घाइते भए। बम विस्फोट भएको स्थानबाट एक थान पेस्तोलसमेत फेला परेकाले घटना प्रतिबन्धित नेकपाका कार्यकर्ताले गराएको हुन सक्ने प्रहरीले जनायो। शवको पोष्टमार्टम साउन ३ गते प्रादेशिक अस्पताल, धनगढीमा गरी परिवारको जिम्मा लगाइयो। घाइतेहरूमध्ये केशव पाण्डेको उपचार नेपालगञ्चमा भयो। अन्य घाइतेहरूको उपचार धनगढीस्थित माया मेट्रो अस्पतालमा भएको थियो। घाइते सेरेलाको माया मेट्रो अस्पतालमा प्रहरीकै निगरानीमा उपचारपछि साउन २१ गते अस्पतालले डिस्चार्ज गरेकोमा अस्पतालबाटै

बम विस्फोटमा परी घाइते भएकाहरुमा माथिबाट क्रमशः केशवराज पाण्डे, जितेन्द्रप्रसाद यादव, माबिन खान र लक्ष्मण सेरेला

प्रहरीले गिरफ्तार गऱ्यो । बम बिस्फोट गराएको आरोपमा साउन २२ गते जिल्ला अदालतमा मुद्दा दायर गरी भदौ १७ गतेको आदेश अनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दक्षकुमार बस्नेतले बताए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको कारागारका निमित्त बिरेन्द्रबहादुर बोहोराले बताए।

गिरफ्तार

यस वर्ष कैलाली जिल्लाबाट प्रतिबन्धित नेकपाका पाँच जना महिलासहित ३५ जना नेता / कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो । गिरफ्तार भएकामध्ये सात जना जिल्ला अदालतको आदेशमा धरौटीमा रिहा भए । दुई जनाले सफाइ पाए र एक जना तारेखमा रिहा भए । १७ जना पुर्पक्षको लागि थुनामा, चार जना धरौटी रकम बुझ्काउन नसकेपछि कारागार चलान भए । जिल्ला प्रशासन कार्यालयको आदेशमा रिहा भएका एक जना पुनः गिरफ्तार भए। एक जना जिल्ला प्रहरी कार्यालयबाट रिहा र एक जना यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा अनुसन्धानको क्रममा रहे ।

बझाङ जिल्ला खप्तडछान्ना गाउँपालिका–५ मुटुवा निवासी प्रतिबन्धित नेकपा निकट विद्यार्थी सङ्गठन कैलाली जिल्ला संयोजक ३८ वर्षीय बबरजंगबहादुर सिंहलाई ०७६ वैशाख २७ गते प्रहरीले धनगढी उमनपा–१६ बेहडाबाबा माध्यमिक विद्यालयबाट गिरफ्तार गऱ्यो । धनगढी उमनपा–१६ बेहडाबाबा माध्यमिक विद्यालयमा शुल्क वृद्धिको विरोध गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरेको थियो। प्रहरीले राजद्रोह र सङ्गठित अपराधको कसुरमा सिंहका विरूद्ध जिल्ला अदालत, कैलालीमा वैशाख ३० गते मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतले

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते			१	१		७	७
अमानवीय व्यवहार						१	१
अपहरण					१	३	३
जातीय विभेद					३	१	४
गिरफ्तार		५	३६	३१			
कुटपिट					१	३	४
हत्या					३	८	११
बाल अधिकार	बालश्रम					१	१
	बेचबिखन तथा ओसारपसार				४		४
	बलात्कार				१९		१९
	विद्यालयमा शारीरिक सजाय					१	१
	यौन दुर्व्यवहार				३३	१	३४
	जम्मा				५६	३	५९
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				६		६
	कथित बोक्सीको आरोप				१		१
	बलात्कार				२७		२७
	बलात्कार प्रयास				७		७
	बहुविवाह				५		५
	बेचबिखन तथा ओसारपसार				४		४
	घरेलु हिंसा				९३		९३
	यौन दुर्व्यवहार				२		२
	जम्मा				१४५		१४५
कूल जम्मा		५	२७	३२	२०९	२५	२३४

जेठ १५ गते ५ लाख रूपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएको भए पनि आरोपित सिंहले ५ लाख रूपियाँ धरौटी तिर्न नसकेपछि उनलाई थुनामा पठाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दक्षकुमार बस्नेतले बताए । आरोपित सिंहका आफन्तले जेठ ३ गते सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरण रिट दर्ता गराए । सर्वोच्चले असार २७ गते सिंहलाई रिहा गर्न आदेश दियो । तर, रिहा हुने बित्तिकै प्रहरीले सिंहलाई असार २७ गते पुनः गिरफ्तार गऱ्यो । पुनः गिरफ्तार सिंहलाई असार २७ गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर पठाइएको जिल्ला प्रहरी कार्यालय, कैलालीका डिएसपी दक्षकुमार बस्नेतले बताए । कञ्चनपुर जिल्ला अदालतले २०७६ साउन ५ गते सफाइ दिएपछि रिहा भएको सिंहकी पत्नी जयलक्ष्मी सिंहले बताइन् ।

कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ । जसमा कैद तोकिएका २४ महिलासहित २ सय ५५ जना र कैद नतोकिएका १४ जना महिलासहित २ सय २ जना छन् । कारागारमा १० महिनाको एक बालक र सात महिनाकी एक बालिका गरी दुई जना आश्रित बालबालिका छन् । कारागारमा ६५ वर्षमाथिका एक महिला सहित नौ जना छन् । एक जना अहेवको दर बन्दी रहेकोमा कार्यरत छन् । क्षमताभन्दा तीन गुणाबढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने, भवन अभावका कारण तीन ओटा त्रिपालको अस्थायी टहरामा कैदी/बन्दीहरूले सुत्नु पर्ने बाध्यता रहेको जेलर महेन्द्रसिंह खड्काले बताए । एक वर्षका दुई नाबालकको नियमित चेकजाँच र रेखदेख, मानसिक रोगीको चेकजाँच तथा अन्य कैदी/बन्दीहरूको प्रत्येक दिन १०-१० जनाको दरमा नियमित चेकजाँच गरिँदै आएको कारागारका सिनियर अहेव सुनैना श्रेष्ठले बताइन् ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा चार जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ६४ मध्ये ३ सय ८८ थान फैसला भए भने ६ सय ७६ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ७ सय १७ मध्ये २ सय ५५ थान फैसला भए भने ४ सय ६२ थान मुद्दा फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ७१ र देवानी ७ सय ६५ थान बाँकी छन्। दरबन्दी अनुसार मुद्दाको चाप बढी भएकोले न्याय सम्पादन ढिलो भइरहेको जिल्ला अदालतका शाखा अधिकृत निलसद्ध साउदले बताए। वकिलबाट निष्पक्ष सुनुवाइमा प्रक्रियागत त्रुटी हुने गरेका कारण १७ महिना अगाडि बलात्कार गरी हत्या गरिएकी माया बिकको पेशी १० पटक सारिएको अधिकृत साउदले बताए। सर्वसाधारण नागरिकलाई न्यायको पहुँचमा ल्याउनका लागि जिल्ला अदालत भित्र नागरिक सहायता कक्षको स्थापना, अदालतको आन्तरिक स्रोतबाट निःशुल्क तहसिलदारको व्यवस्था, निःशुल्क निवेदन लेखन र निःशुल्क दर्ता गर्ने व्यवस्था जिल्ला अदालत भित्रै गरेको श्रेष्तेदार भुवन गिरीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लाका नवनिर्मित विद्यालयहरू अपाङ्गमैत्री बनाउने प्रयास भइरहेको शिक्षा विकास समन्वय इकाइका प्राविधिक प्रयागराज जोशीले बताए पनि पुराना संरचनाहरू अपाङ्ग मैत्री छैनन्। जिल्लाको एक विद्यालयमा एकदेखि १० कक्षासम्म ब्रेलिपीको माध्यमबाट पढाइ हुन्छ। यस वर्ष द्वन्द्वपीडित परिवारका २ सय १५ र मुक्त कम्लहरी ५२ जना बालबालिकाले छात्रवृत्ति पाए। दलित, अपाङ्ग बालबालिका आदिलाई आधारभूत तहदेखि उच्च शिक्षासम्म निःशुल्क भनिएता पनि विद्यालय र क्याम्पसहरूले विभिन्न बहानामा शुल्क लिने गरेका छन्।

यस वर्ष कैलाली जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा ५६ जना बालिका र तीन बालक पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनामा १९ जना, यौन दुर्व्यवहार घटनामा ३३ जना बालिका पीडित भए। एक जना बालिकाको परिवारजनबाट हत्या र एक जना बालकको शिक्षकको कुटपिटबाट घाइते भयो। बाल बेचबिखन तथा ओसारपसार घटनामा चार जना बालिका र बालश्रम घटनामा एक जना बालक पीडित भए। बलात्कार घटनाका आठ जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो। १० जना आरोपित पुर्पक्षका लागि थुनामा, एक जना आरोपितले सफाइ पाएको, एक जना अरोपितलाई बाल सुधारगृह पठाएको र एक जना अरोपित यस वर्षको अन्त्यसम्म पनि फरार रहे। यौन दुर्व्यवहार घटनामा १० जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो। ६ जना आरोपित धरौटीमा रिहा भए। १४ जना आरोपित पुर्पक्षको लागि थुनामा छन्। दुई जना आरोपितलाई धरौटी रकम बुझाउन नसक्दा थुनामा पठाएको, दुई जना अरोपितलाई बालसुधार गृह पठाएको, ११ जना आरोपितले सफाइ पाएको, पाँच जना आरोपित जिल्ला अदालतको आदेश अनुसार परिवारको जिम्मा र तीन जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको अभिलेख भयो। बेचबिखन तथा ओसारपसार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो। एक जना आरोपित धरौटीमा रिहा भए। एक जना आरोपित पुर्पक्षको लागि थुनामा रहे।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७५ चैत २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा भजनी नपा–८ का २५ वर्षीय भुखाली डगौराविरुद्ध पीडितले इलाका प्रहरी कार्यालय, सुख्खडमा चैत २७ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २७ गते सेती अञ्चल अस्पतालमा भयो। जिल्ला प्रहरी कार्यालयले ०७६ वैशाख १७ गते जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा जिल्ला अदालत कैलालीको वैशाख १७ गतेको आदेश अनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा कात्तिक १ गते आरोपितलाई कसुर ठहर गर्दै १८ वर्ष कैद सजायको फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ४६ महिलाले महिला ,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका तीन, अर्की श्रीमती ल्याएर हेला गरेको पाँच, सामान्य घरायसी झगडाका १ सय २८ घटना छन्। यीमध्ये प्रहरीले १ सय २८ ओटामा मिलापत्र गरायो भने ६ उजुरी कारबाही प्रक्रियामा छन्।

सन् २०१९ मा कैलाली जिल्लामा घरेलु हिंसाका घटनामा ९३ जना, बलात्कारका घटनामा

२७ जना, बलात्कारको प्रयास घटनामा सात जना, यौन दुर्व्यवहारका घटनामा दुई जना, बेचविखन तथा ओसारपसार घटनामा चार जना र कथित बोक्सीको आरोपमा एक जना गरी १ सय ४५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला अदालतले कैद फैसला गऱ्यो । २१ जना पुर्पक्षको लागि थुनामा, एक जना साधारण तारेखमा रिहा भए । सात जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको अभिलेख भयो । बलात्कार प्रयास घटनाका दुई जना आरोपित जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा छन् । दुई जना आरोपित धरौटीमा रिहा भए । एक जना आरोपित यस वर्षको अन्त्यसम्म फरार रहे । यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो । एक जना पुर्पक्षको लागि थुनामा छन् ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीय एक महिलालाई ०७५ फागुन १८ गते बलात्कारको प्रयास गरेको आरोपमा कैलारी गाउँपालिका–८ का २३ वर्षीय मनिष चौधरीविरुद्ध पीडित पक्षले २०७६ जेठ ३ गते इलाका प्रहरी कार्यालय, हसुलियामा उजुरी दियो । आरोपितलाई प्रहरीले जेठ ३ गते धनगढी उमनपा–७ मनेहरा शिविरबाट गिरफ्तार गऱ्यो । पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते सेती प्रदेशिक अस्पतालमा भयो । प्रहरीले जिल्ला अदालतमा जेठ ३ गते मुद्दा दायर गरेकोमा जिल्ला अदालतले जेठ ३ गते पुर्पक्षका लागि कारागार पठायो । जिल्ला अदालतले जेठ २६ गते १६ वर्ष कैद सजायको फैसला गऱ्यो ।

परिवारजनबाट हत्या

लम्की चुहा नगरपालिका–१ भुरुवाकी ३१ वर्षीया जानकी विक थापाको २०७६ असोज २० गते ३३ वर्षीय पति धिरेन्द्र थापाले हत्या गरेको आरोपमा प्रहरीले असोज २६ गते गिरफ्तार गऱ्यो । कुटपिटबाट घाइते विक थापाको उपचारको क्रममा असोज २५ गते लम्कीस्थित लालरत्न अस्पतालमा मृत्यु भएको इलाका प्रहरी कार्यालय, लम्कीले जनायो । शवको पोष्टमार्टम असोज २६ गते सेती प्रादेशिक अस्पतालमा भयो । प्रहरीले असोज २६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा अदालतले असोज २७ गते पुर्पक्षका लागि थुनामा पठाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दक्षकुमार बस्नेतले बताए । जिल्ला अदालतले कात्तिक ९ गते आरोपितलाई कसुर ठहर गरी १३ वर्षको कैद सजायको फैसला सुनायो ।

आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार

सम्पत्ति / संरचना क्षति

यस वर्ष कैलाली जिल्लामा प्रतिबन्धित नेकपाका कार्यकर्ताहरूले ०७६ साउन १५ गते राति धनगढी उमनपा–६ जाली, गोदावरी नपा–९ बल्मी, जानकी गाउँपालिका–२ बडरियामा रहेको एनसेल टावरमा आगजनी गरे । आगजनीबाट टावरमा सामान्य क्षति भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दक्षकुमार बस्नेतले बताए ।

घोडाघोडी नगरपालिका–१ सुन्दरपुरमा नेकपाका स्थानीय नेता ४६ वर्षीय गौरी प्रसाद जोशीको आँगनमा ०७६ भदौ २३ गते राती पार्किङ गरी राखेको बा ९ च ६५९७ नम्बरको स्कारपियो गाडीमा आगजनी, गौरीगंगा नगरपालिका– २ को वडा कार्यालयमा ०७६ भदौ २६ गते दिउँसो तोडफोड, घोडाघाडी नगरपालिका–४ स्थित सिमथरीको सडक किनारमा पार्किङ गरी राखेको काक्रेबिहार यातायातको बसमा ०७६ कात्तिक २४ गते अज्ञात पक्षले आगजनी गऱ्यो ।

गोदावरी नगरपालिका–९ खुटिया खोलामा रहेको बा २ क ९७४८ नम्बरको स्काइभेटरमा २०७६ मङ्सिर ८ गते र लम्कीचुहा नगरपालिका– चेतना सामुदायिक वनको रोराखोलामा रहेको बा ३ क ३४२१ नम्बरको स्काइभेटरमा सोही दिन अज्ञात पक्षले आगनी गऱ्यो ।

स्वास्थ्य सेवाको अवस्था

एक प्रादेशिक अस्पताल, एक जिल्ला अस्पताल, ३९ स्वास्थ्य चौकी र १६ सामुदायिक स्वास्थ्य केन्द्र रहेका छन् । शहरी स्वास्थ्य क्लिनिक २२ ओटा सञ्चालनमा रहेका छन् । प्रादेशिक अस्पतालमा ४५ डाक्टरको दरबन्दी रहेकामा २२ जना कार्यरत छन् । प्रादेशिक अस्पतालमा २३ जना डाक्टर अस्पताल विकास समितिमार्फत करारमा कार्यरत रहेको प्रादेशिक अस्पतालका सूचना अधिकृत दिलिप श्रेष्ठले बताए । नागरिकको सजिलोका लागि सुपथ मूल्यमा औषधि उपलब्ध गराउने उद्देश्यले अस्पताल परिसरभित्र फार्मेसी सञ्चालन गरेको अस्पतालका सूचना अधिकारी श्रेष्ठले बताए ।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार						
घटनाको प्रकार	अनुसन्धान	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बालश्रम				१		१
बेचबिखन तथा ओसारपसार			१		३	४
बलात्कार	१		९		९	१९
विद्यालयमा शारीरिक सजाय				१		१
यौन दुर्व्यवहार	३	१	९		१९	३३
जम्मा	४	१	१९	३	३१	५७

महिला अधिकार						
घटनाको प्रकार	अपूर्ण	मुद्दा टुङ्गिएका	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास					३	३
कथित बोक्सीको आरोप				१		१
बलात्कार	५	३			१९	३७
बलात्कार प्रयास	१	१			४	६
बहुविवाह					५	५
बेचबिखन तथा ओसारपसार					१	१
घरेलु हिंसा		४	८६		३	९३
यौन दुर्व्यवहार		१			१	३
जम्मा	६	९	८६	१	३६	१३८

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	४	११

७.९ कञ्चनपुर

जम्मा जनसङ्ख्या	४,८४,८८५
महिला	२,५८,३६५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,४०,३८१
कामका लागि बाहिरिएका	३८,३५८
अपाङ्गता भएका	५,०७२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७
आश्रित जनसङ्ख्या	२,०८,२२२

जिल्लामा १ हजार ९ सय ९१ परिवारले मुक्त हलिया परिचय पत्र पाए पनि उनीहरूको पुनर्स्थापना हुन सकेन । सरकारले ०६५ भदौ २१ गते हलियाहरूलाई मुक्त गरेको थियो । सङ्घीय सरकारले मुक्त हलियाका लागि पुनर्स्थापना कार्यक्रम ल्याए पनि प्रभावकारी नभएको मुक्त हलियाहरूले गुनासो गरे । सरकारले मुक्त हलिया पुनर्स्थापना अन्तर्गत मुक्त हलियाका लागि निर्माण गरेका घरमा उनीहरू नबसेपछि अधिकांश घरहरू खाली रहे । वेदकोट नगरपालिका–८ गाउँजीमा ६ वर्षअघि मुक्त हलिया पुनर्स्थापना कार्यक्रम अन्तर्गत निर्माण गरिएका १९ घरहरूमध्ये अधिकांश घरमा मुक्त हलियाहरू बस्न अस्वीकार गरे । मुक्त हलियाहरूलाई पूर्वाधार अभाव तथा दुर्गम क्षेत्रमा सरकारले आवास निर्माण गरेका कारण जिविकोपार्जनको उपाय केही नभएकोले मुक्त हलियाहरू सो क्षेत्रमा बस्न नमानेको पुनर्स्थापनाका क्रममा आवास पाएका करवीर लुहारले बताए । उनका अनुसार गाउँमा रोजगारी नपाइने भएकाले अधिकांश मुक्त हलियाहरू परिवार मजदुरी गर्न महेन्द्रनगर बजारमै घर छाप्रा बनाएर बसोबास गरिरहेका छन् । आफूले आवास पाएको भए पनि परिवारको जिविकोर्पाजन गर्ने उपाय नभएपछि घर छाडेर रोजगारीकै लागि भीमदत्त नगरपालिका–१५ मा छाप्रो बनाएर बस्दै आएको र महेन्द्रनगर बजारमा ज्यालादारी काम गरेर जिविकोपार्जन गरिरहेको मुक्त हलिया ख्याउटे पार्कीले बताए । पूर्वाधार अभाव तथा दुर्गम क्षेत्रमा सरकारले आवास निर्माण गरिदिएका कारण रोजगारी समस्या उत्पन्न भएकोले पुनर्स्थापना कार्यक्रम प्रभावकारी हुन नसकेको मुक्त हलिया समाज, कञ्चनपुरका अध्यक्ष शिवि लुहारले बताए । स्थानीय तह र प्रदेश सर कारले पनि पुनर्स्थापना कार्यक्रमहरू ल्याउनुपर्ने उनले बताए । सरकारले घर र जमिन नभएका मुक्त हलिया परिवारलाई 'क' वर्गमा राखेर तिनीहरूको पुनर्स्थापनका लागि ०७० सालमा घर जमिन खरिद गरी घर निर्माणका लागि प्रतिपरिवार २ लाख २५ हजार रुपियाँ उपलब्ध गराएको थियो ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					५	५
अमानवीय व्यवहार					१	१
गिरफ्तार		४	४			
कुटपिट		१	१			
हत्या				३	३	६
बाल अधिकार	बलात्कार			५		५
	विद्यालयमा शारीरिक सजाय				१	१
	जम्मा			५	१	६
महिला अधिकार	बलात्कार			३		३
	घरेलु हिंसा			१०		१०
	यौन दुर्व्यवहार			१		१
	जम्मा			१३		१३
कूल जम्मा		५	५	३१	१०	३१

यस वर्ष कञ्चनपुर जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २१ जना महिलासहित ३१ जना र राज्य पक्षबाट पाँच जना महिला गरी ३६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। बाल अधिकार उल्लङ्घनका घटनामा ६जना, महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना पीडित भएको इन्सेकमा अभिलेख भयो।

गिरफ्तार

यस वर्ष कञ्चनपुर जिल्लाबाट प्रतिबन्धित नेकपाका चार जना नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तार भएकामध्ये तीन जना जिल्ला अदालतको आदेशमा तारेखमा रिहा भए। एक जनालाई जिल्ला प्रशासन कार्यालयले धरौटीमा रिहा गरेकोमा सोही दिन प्रहरीलेपुनःगिरफ्तारगरेकोमाजिल्लाअदालतलेसाधारण तारेखमा रिहा गऱ्यो।

शुक्लाफाँटा नगरपालिका- ८ निवासी प्रतिबन्धित नेकपा कञ्चनपुरका कार्यालय सचिव एवम् अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य २८ वर्षीय प्रकाश जप्रेललाई २०७६ साउन २७ गते प्रहरीले कैलालीबाट गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालय कैलालीले साउन २७ गते जप्रेललाई २ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। धरौटीमा रिहा भए लगत्तै जप्रेललाई पुनः जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले गिरफ्तार गऱ्यो। जप्रेल विरुद्ध कञ्चनपुर प्रहरीले साउन २६ गते गिरफ्तार गर्नु पूर्व नै जिल्ला अदालतमा अभद्र व्यवहार मुद्दा दर्ता गरेको थियो। जिल्ला अदालत, कञ्चनपुरले साउन २८ गते जप्रेललाईसाधारणतारेखका रिहा गर्न आदेश दिएपछि सोही दिन रिहा भए।

कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ७५ जना पुरुष र २० जना महिला गरी ९५ जना रहेकोमा २ सय ८४ जना कैदी र ३७ जना थुनुवा गरी ३ सय २१ जना कैदीबन्दी राखिएका छन्। जसमा १४ जना महिला रहेका छन्। आश्रित बालबालिका छैनन्। कारागारमा दुई जना पुरुष ज्येष्ठ नागरिक रहेका छन्। क्षमताभन्दा बढी कैदी बन्दी भएका कारण कारागारमा खानेपानी, औषधि, शौचालयलगायतको समस्या भएको कारागारका जेलर श्यामराज भट्टले बताए। जसमध्ये एउटा भवन पुरानो र जीर्ण अवस्थामा रहेको छ। जीर्ण भवनमा कैदीबन्दी राखिएको कारण जुनसुकै बेला पनि भवन भत्केर ज्यान जोखिममा पर्ने अवस्था रहेको कैदीबन्दीको गुनासो छ। भवनको छानो चुहिने तथा पर्खाल पनि भत्कने अवस्थामा रहेको जेलर श्याम भट्टले बताए। कैदीबन्दी बढी भएका कारण भवनको ग्यालरी र बाहिर पाल टाँगेर राख्नु परेको जेलर भट्टले बताए। एक जना अहेब दरबन्दी रहेकोमा हाल कार्यरत रहेका छन्। नियमित रूपमा कारागारमा नै उपचार तथा स्वास्थ्य जाँच गर्ने गरिएको तथा जटिल बिरामीलाई अन्य अस्पताल लगेर उपचार गर्ने गरिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एउटा जिल्ला अदालत र एउटा उच्च गरी दुई अदालत रहेका छन् । जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेकोमा दुई जना कार्यरत रहेका छन् । यस वर्ष जिल्ला अदालतबाट फौजदारी मुद्दा २ सय ९७ मध्ये ४२ फैसला भए भने २ सय ५५ फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ २ सय ८४ मध्ये ८९ फैसला भए भने १ सय ९५ फैसला हुन बाँकी रहे। दुई वर्ष नाघेका फौजदारी मुद्दा र देवानी मुद्दा कुनै पनि बाँकी छैनन् । यसैगरी चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, महेन्द्रनगर इजलासमा तीन जना न्यायाधीश कार्यरत रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

आधारभूत विद्यालय १ सय ५४ ओटा र माध्यामिक विद्यालय १ सय ७ ओटा छन्। १ हजार ८ सय ९८ शिक्षक दरबन्दी रहेकामा ३९ दरबन्दी रिक्त छ। यस वर्ष ७१ हजार ८ सय ८६ बालक र ७२ हजार ९ सय ४३ बालिका विद्यालय भर्ना भए । जिल्लामा ५५ अपाङ्गमैत्री विद्यालय छन् । जिल्लामा समयमा पाठ्यपुस्तकहरू नपुग्ने गरेका कारण विद्यार्थीहरूलाई समस्या हुने गरेको बैजनाथ माध्यमिक, गर्जमनीका प्राचार्य बिष्णुदत्त जोशीले बताए । दलित विद्यार्थीहरूलाई प्रति विद्यार्थी ४ सय रुपियाँका दरले स्थानीय तहमा बजेट बिनोयोजित गरिएको र स्थानीय तहले विद्यालयमा वितरण गर्ने बताए। धेरैजसो सरकारी विद्यालयमा खानेपानी शौचालयको समेत अभाव रहेको र सरकारले विद्यार्थीको अनुपातमा दरबन्दी व्यवस्था नगरेका कारण विद्यालयलाई शिक्षक व्यवस्थापन गर्न समेत समस्या भएको बैजनाथ माध्यमिक विद्यालय, गैलनदीका प्रार्चाय हजारी चन्दले बताए।

यस वर्ष कञ्चनपुरमा बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटनामा पाँच जना पीडित भए भने एक जना चार वर्षीया बालिकाको बलात्कारपछि हत्या भयो । एक जना बालिकाको परिवारजनबाट हत्या भयो । घटनाका सबै आरोपित गिरफ्तार भएकोमा एक जना बलात्कार घटनाका आरोपितलाई अदालतले कैद फैसला सुनायो । अन्य घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएउने आदेश दियो । बलात्कारपछि हत्या घटनाका आरोपित यस वर्षको अन्त्यसम्म अनुसन्धानको लागि प्रहरी हिरासतमा रहेका छन् ।

बलात्कार, यौनदुर्व्यवहार

१७ वर्षीया बालिकालाई ०७६ जेठ २ ९ गते बलत्कार गरेको आरोपमा कृष्णपुर नपा– २ वाणिचौराका २४ वर्षीय पुष्कर नाथलाई ०७६ जेठ २ ९ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडित बालिकाका आफन्तले ०७६ जेठ २९ गते प्रहरीलाई उजुरी दिएपछि आरोपित नाथलाई लुकिछिपि बसेको अवस्थामा सुकुम्बासी शिविरबाट गिरफ्तार गरेको थियो । पीडित बालिकाको स्वास्थ्य परीक्षण ०७६ जेठ २९ गते महाकाली अञ्चल अस्पताल, महेन्द्रनगरमा भयो । प्रहरीले जिल्ला अदालतमा असार १७ गते मुद्दा दर्ता गरेकोमा अदालतले असार १८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । जिल्ला अदालतका न्यायाधीश शिवलाल पाण्डेयको इजलासले असोज २० गते आरोपितलाई १७ वर्ष कैद सजायको फैसला सुनायो ।

बलात्कारपछि हत्या

भीमदत्त नगरपालिका– १८ सालघारीकी चार वर्षीया सुशीला चुनारालाई बलात्कार गरी हत्या गरेको आरोपमा सौतेलो बुवा ३० वर्षीय इन्द्र चुनारालाई प्रहरीले ०७६ पुस १४ गते गिरफ्तार गऱ्यो । बालिकालाई पुस १४ गते बलात्कार पछि कुटपिट गरी हत्या गरेको भन्दै मृतक बालिकाकी आमाले प्रहरीमा उजुरी दिएपछि आरोपित इन्द्र चुनारालाई गिरफ्तार गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय,कञ्चनपुरका डिएसपी नरेन्द्रबहादुर चन्दले बताए । पीडित बालिकाको शव परीक्षण र पोष्टमार्टम पुस १५ गते महाकाली अस्पतालमा भयो । यस वर्षको अन्त्यसम्म आरोपित अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेका छन्।

परिवारजनबाट हत्या

शुक्लाफाँटा नपा –१० टोटीकी ७ वर्षीया बालिका रीतु डगौरालाई ०७५ माघ २२ गते रीतुका हजुरआमा ४३ वर्षीया रेशमी डगौरा र ६० वर्षीय हजुरबुबा भर्थरी डगौराले विष खुवाएर मारेको आरोपमा मृतकका हजुरबुबा र हजुरआमालाई इलाका प्रहरी कार्यालय, झलारीले ०७५ माघ २२ गते गिरफ्तार गऱ्यो । मृतक बालिकाकी आमा ज्योति डगौराले माघ २२ गते उजुरी दिएपछि दुवैलाई प्रहरीले गिरफ्तार

गरेको थियो । शवको ०७५ माघ २२ गते महाकाली अञ्चल अस्पतालमा पोष्टमार्टम भयो । प्रहरीले फागुन २८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालत कञ्चनपुरका न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले आरोपितद्वयलाई ०७६ जेठ ५ गते जन्मकैदको सजाय सुनायो ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ८७ , खान/लाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाएको १० घटना छन् । यीमध्ये महिला तथा बालबालिका सेवा केन्द्रले ६४ ओटा मिलापत्र गरायो भने १६ घटना कानुनी कारबाहीका लागि अगाडि बढाएको र १५ जना उजुरीकर्ता सम्पर्कमा नआएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी असइ हरिकला रामजालीले बताइन् । असइ रामजालीले सामान्य विवादका घटनाहरू मात्र मिलापत्र हुने र घटनाका पीडित र आरोपितपक्षहरूले मिलापत्र हुन सहमति भएर आए मात्र मिलापत्र गरिने बताइन् ।

सन् २०१९ मा कञ्चनपुरमा घरेलु हिंसाका घटनामा १० जना, बलात्कारका घटनामा दुई जना महिला सहित १३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । बलात्कार घटना आरोपितहरू जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा छन् । यो वर्षको अन्त्यसम्म बलात्कारका कुनै पनि मुद्दा फैसला हुन सकेन ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति तथा भौतिक संरचना क्षति

यो वर्ष अज्ञात पक्षबाट शुक्लाफाँटा नपा–४ असैनामा रहेको एनसेल कम्पनीको टावरमा अज्ञात समूहले आगजनी गऱ्यो । आगजनीबाट टावरमा क्षति भएको भए पनि वर्षको अन्त्यसम्म आरोपितको पहिचान नभएकोले कुनै कारबाही नभएको इलाका प्रहरी कार्यालय, झलारीका इन्सपेक्टर रमेशदत्त अवस्थीले बताए । यसैगरी कृष्णपुर नपा – ५ गुलरियास्थित महाकाली गौरब विल्डर्स क्रसर उद्योगमा अज्ञात समूहले आगजनी गऱ्यो । यसैगरी नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु र अनेरास्ववियु क्रान्तिकारीसँग

भीमदत्त नगरपालिका–१९ बाँगफाँटाको वडा कार्यालयमा अज्ञात पक्षले आगजनी

आबद्ध विद्यार्थीहरूले भीमदत्तनपा –१८ मा रहेको जनज्योति क्याम्पसका प्रार्चायको कुर्सीमा आगजनी गरे । यसैगरी, भीमदत्त नगरपालिका –१९ बाँगफाँटास्थित वडा कार्यालयमा भदौ २६ गते राती अज्ञातपक्षले आगजनी गऱ्यो । कार्यालयको ताल्चा तोडेर कार्यालय भित्र पेट्रोल छर्किएर आगजनी गर्दा कार्यालय भित्र रहेका कागजात, टेबुल, कुर्सी, कम्प्युटर, प्रिन्टर लगायतका महत्वपूर्ण सामग्री जलेर नष्ट भएको वडा अध्यक्ष दामोदर महराले बताए । यसैगरी शुक्लाफाँटा नगरपालिका –७ का वडा अध्यक्ष तथा नगर प्रवक्ता ३५ वर्षीय जगतबहादुर सिंहको बा २१ च ८५०७ नम्बरको निजी कारमा अज्ञात पक्षले आगजनी गऱ्यो ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लाको एक मात्र अस्पताल महाकाली अस्पतालमा स्थापनाकालदेखि हालसम्म दरबन्दी अनुसारका चिकित्सक नभएका कारण अस्पतालमा विशेषज्ञस्तरको सेवा सुविधा दिन समस्या भएको अस्पतालका निर्देशक हरिकुमार श्रेष्ठले बताए । न्यून मानव श्रोत भएर पनि सक्दो सेवा प्रवाह गरिरहेको उनले बताए । महाकाली अस्पताललाई सुगम अस्पतालका रूपमा वर्गीकरण गरिएका कारण चिकित्सकले सेवासुविधा कम पाउने तथा चिकित्सकको सेवाको मूल्याङ्कन पनि सुगममा गनिने हुँदा डाक्टरहरू आउन नमान्ने महाकाली अस्पतालका निर्देशक श्रेष्ठले बताए । जिल्लाका स्थानीय स्वास्थ्य संस्थाहरूमा समेत सरकारले निःशुल्क वितरण गर्ने भनेको औषधिसमेत अभाव रहेको सेवाग्राहीहरूले गुनासो गर्ने गरेका छन् ।

विगतको अनुगमन

भीमदत्त नगरपालिका–२ उल्टाखामकी १३ वर्षीय बालिका निर्मला पन्तको शव २०७५ साउन ११ गते बिहान भीमदत्त नपा–१८ निम्बुखेडा नजिकै रहेको उखुबारीमा पानीमा डुबेको अवस्थामा भेटियो। उनी साथीको घर जान भन्दै साउन १० गते घर बाट गएकी थिइन्। उनको बलात्कारपछि हत्या भएको भन्दै घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउन स्थानीय तथा पीडित परिवारले सुरु गरेको आन्दोलनका क्रममा एकजनाको मृत्यु भयो । आन्दोलनका क्रममा घाइते भएकाहरू हालसम्म उपचाररत छन् । घाइतेहरूको नि:शुल्क उपचार गर्ने भने पनि सरकारले वास्ता नगरेको पीडितहरूको गुनासो छ । घटनाको १८ महिना पूरा हुँदासमेत घटनाको सत्यतथ्य सार्वजनिक हुन सकेको छैन।

सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	४	५
विद्यालयमा शारीरिक सजाय		१	१
जम्मा	१	५	६

महिला अधिकार				
घटनाको प्रकार	मिलापत्र	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			३	३
घरेलु हिंसा	८	१	१	१०
यौन दुर्व्यवहार			१	१
जम्मा	८	१	४	१३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	३	६

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०१५ २

परिशिष्ट १

नेपाल- घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कूल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
घाइते							
बम विष्फोटबाट				९	१७	२६	२६
झडपमा	१	३४	३५	३	४४	४६	७१
आफ्नै बम विष्फोटबाट					६	६	६
आगो लगाएर					३	३	३
एसिड छर्केर				३	१	४	४
गोली लागेर		१४	१४		८	८	२२
धारिलो हतियारबाट				९	२३	३२	३२
जम्मा	१	३८	३९	२३	१०१	१२४	१६३
बेपत्ता							
जम्मा				१	१	२	२
बाल अधिकार							
बालश्रम				४	१२	१६	१६
बेचबिखन तथा ओसारपसार				५४	२३	७७	७७
बालविवाह				३६	६	४२	४२
बलात्कार				८८४		८८४	८८४
विद्यालयमा शारीरिक सजाय				१९	२७	४६	४६
यौन दुर्व्यवहार				३६५	१७	३८२	३८२
जम्मा				१३६२	८५	१४४७	१४४७
अमानवीय व्यवहार							
कथित बोक्सोको आरोप					३	३	३
अन्य		१	१		१४	१४	१५
अनुहारमा मोसो दलेको				२	९	११	११
नखुलेको				१	९	१०	१०
कपाल खौरिएको				१		१	१
जम्मा		१	१	४	३५	३९	४०
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार							
आफ्नो सम्पत्तिको अधिकार					३	३	३
ज्यालाबाट वञ्चित				२		२	२
जम्मा				२	३	५	५
अपहरण							
जम्मा				३८	१६	४४	४४

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
महिला अधिकार							
बेचबिखन तथा ओसारपसार प्रयास				६९		६९	६९
बेचबिखन तथा ओसारपसार				५१		५१	५१
कथित बोक्सीको आरोप				४२		४२	४२
बलात्कार				५३०		५३०	५३०
बलात्कार प्रयास				१४३		१४३	१४३
बहुविवाह				३८३		३८३	३८३
घरेलु हिंसा				२०७९		२०७९	२०७९
यौन दुर्व्यवहार				६३		६३	६३
प्रसूति सेवा	४		४				४
जम्मा	४		४	३३६०		३३६०	३३६४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार							
भेला/सङ्गठित हुने अधिकार	२	९३	९५		१	१	९६
लाठी चार्ज		२	२				२
जम्मा	२	९५	९७		१	१	९८
जातीय विभेद							
जातीय छुवाछूत		१	१	३३	३७	६०	६१
विभिन्न अवसरबाट वञ्चित				१		१	१
जम्मा		१	१	३४	३७	६१	६२
गिरफ्तारी							
जम्मा	४७	६५५	७०२				७०२
हिरासत वा थुनामा मृत्यु							
जम्मा		५	५				५
यातना							
जम्मा	७	६	१३				१३
कुटपिट							
जम्मा	७	३५	४२	४५	१९२	३३७	३७९
धम्की							
जम्मा		२	२	७	३६	३३	३५
जेलमा मृत्यु							
जम्मा		१७	१७				१७
विस्थापन							
जम्मा				३	५	८	८

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
हत्या							
घाँटी रेटेर				२	१	३	३
घाँटी थिचेर				६	१	७	७
घाँटी काटेर				११		११	११
झडपमा		१	१		२	२	३
ढुङ्गाले किचेर				१	१	२	२
बलात्कारपछि				७		७	७
आगो लगाएर				५	२	७	७
आफ्नै बम विस्फोटबाट					८	८	८
बम विस्फोटबाट					४	४	४
झुण्ड्याएर				७		७	७
विष खुवाएर				७		७	७
लाठी प्रहारबाट				१	८	९	९
कुटपिट गरी				९१	६७	१५८	१५८
गोली हानी		६	६	३	६	९	१५
खुक्कुरी प्रहारबाट				३	४	७	७
धारिलो हतियार प्रहारबाट				५१	४५	९६	९६
हत्याको प्रकृति नखुलेको				४	३	७	७
जम्मा		७	७	१९९	१५२	३५१	३५८
कूल जम्मा	६८	८६२	९३०	५०५८	६५४	५७१२	६६४२

परिशिष्ट २

पेसागत आधारमा पीडित सङ्ख्या

पेसा	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
राजनीतिक कार्यकर्ता	५२	६३२	६८४	७	५६	६३
स्वास्थ्य कार्यकर्ता		२	२	३	२	५
स्वास्थ्यकर्मी				२	३	५
प्रहरी		८	८	६	५९	६५
सामाजिक कार्यकर्ता		४	४	१	११	१२
सेना		१	१		१	१
मजदुर		१२	१२	८६	३६	१२२
नाबालक				५२	११	६३
बन्दी		१४	१४		६	६
जागिरे/कर्मचारी				७	३८	४५
पत्रकार	१	३४	३५	८	५२	६०
विद्यार्थी	४	८०	८४	१४३२	१३०	१५५२
शिक्षक	१	१६	१७	८	१६	२४
इन्जिनियर					१	१
उद्योग व्यवसायी	१	१५	१६	२९	१६	४५
कृषक	५	४६	५१	१३३३	२०३	१५३६
कानुन व्यवसायी					१	१
गृहिणी	४		४	१९८०	१	१९८१
नखुलेको		८	८	१०४	३१	१३५
जम्मा	६८	८६२	९३०	५०५८	६५४	५७१२

परिशिष्ट ३ प्रदेश १ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६	४	१४	१८
बाल अधिकार				२९६	५	३०१
अमानवीय व्यवहार				१	३	४
अपहरण				२	१	३
महिला अधिकार				३३५		३३५
अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकार		१	१			
जातीय विभेद					१	१
गिरफ्तार	२	८१	८३			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट		४	४	४	१२	१६
धम्की					२	२
हत्या		२	२	४०	३५	७५
जम्मा	२	९५	९७	६८२	७३	७५५

परिशिष्ट ४ प्रदेश २ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६	४	३२	३६
बाल अधिकार				२०२	२३	२२५
अमानवीय व्यवहार				१	२	३
अपहरण				११	६	१७
महिला अधिकार				२३६		२३६
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	१	१६	१७			
जातीय विभेद		१	१		५	५
विस्थापन				३	५	८
गिरफ्तार		१५	१५			
यातना	१		१			
कुटपिट	५	१७	२२	११	४६	५७
धम्की				२	७	९
हत्या		३	३	५७	२२	७९
जम्मा	७	५८	६५	५२७	१३८	६६५

परिशिष्ट ५ बागमती प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		७	७	५	१७	२२
बाल अधिकार				३७०	६	३७६
अमानवीय व्यवहार				१	५	६
अपहरण				४	३	७
महिला अधिकार				७४७		७४७
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१२	१२			
जेलमा मृत्यु		१६	१६			
जातीय विभेद				६	१५	२१
गिरफ्तार	८	१६०	१६८			
हिरासतमा वा थुनामा मृत्यु		२	२			
यातना	६	१	७			
कुटपिट		५	५	५	२८	३३
धम्की				३	२	५
हत्या				२९	३१	६०
जम्मा	१४	२०३	२१७	११७०	१०७	१२७७

परिशिष्ट ६ गण्डकी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	३	४	५	७	१२
बाल अधिकार				८२	८	९०
अमानवीय व्यवहार				१	१३	१४
आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार					२	२
महिला अधिकार				३१०		३१०
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	१	५६	५७		१	१
जातीय विभेद				३	२	५
गिरफ्तार	१३	१३५	१३८			
कुटपिट		५	५	२	१२	१४
धम्की					२	२
हिरासत वा थुनामा मृत्यु		१	१			
हत्या				९	१५	२४
जम्मा	१५	१९०	२०५	४१२	६२	४७४

परिशिष्ट ७ प्रदेश ५ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		८	८	५	१७	२२
बाल अधिकार				२५५	२८	२८३
अमानवीय व्यवहार					६	६
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				२		२
अपहरण				७	२	९
महिला अधिकार	१		१	९८५		९८५
जेलमा मृत्यु		१	१			
जातीय विभेद				३	२	५
गिरफ्तार	७	१३७	१४४			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१०	१०			
यातना		१	१			
कुटपिट	२	२	४	१५	४०	५५
धम्की				१	७	८
बेपत्ता				१	१	२
हत्या		२	२	४१	१४	५५
जम्मा	१०	१६१	१७१	१३१५	११७	१४३२

परिशिष्ट ८ कर्णाली प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					४	४
बाल अधिकार				५६	९	६५
अमानवीय व्यवहार		१	१		३	३
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार					१	१
महिला अधिकार	३		३	३४७		३४७
अपहरण				२	२	४
जातीय विभेद				७	११	१८
गिरफ्तार	२	६०	६२			
यातना		४	४			
कुटपिट		१	१	६	३७	४३
धम्की		२	२	१	६	७
हत्या				१०	११	२१
जम्मा	५	६८	७३	३३९	८४	४१३

परिशिष्ट ९ सुदूरपश्चिम प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		८	८		३०	३०
बाल अधिकार				१०१	६	१०६
अमानवीय व्यवहार					३	३
अपहरण				२	२	४
महिला अधिकार				५००		५००
जातीय विभेद				५	१	६
गिरफ्तार	१५	७६	९२			
हिरासत वा थुनामा मृत्यु		१	१			
कुटपिट		१	१	२	१६	१९
हत्या				१३	३४	३६
जम्मा	१५	८६	१०२	६३३	७३	६९६

परिशिष्ट १० पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
अपहरण	५	२	३	६	२	३	२	३	३	३	४	८	४४
गिरफ्तार	६	३१	१५३	७६	६९	९९	६०	७५	३६	४७	४८	३३	७०३
कुटपिट	३४	३१	३८	१३	३९	३८	३०	१९	३०	३५	३४	८	३७९
बाल अधिकार	१०१	१०९	१३४	१३८	१५३	१७२	१४३	१३३	९३	११८	८८	७६	१४४७
हिरासत वा थुनामा मृत्यु		१		१	१						२		५
जेलमा मृत्यु	७	३	१	४	१	१							१७
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	२		१					१			१		५
अमानवीय व्यवहार	५	१	३	६	२	१	११	२	३		२	४	४०
घाइते	१३	३४	३	२	३०	१३	६	११	९	११	१७	३५	१६३
हत्या	३७	३५	३५	३७	५०	३७	३५	३६	३०	३५	३९	३३	३५८
जातीय विभेद	५	२	८	१४	३	५	३	१	४	१३	४		६३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	४	४५		१		१८	१	१	६		१३	१०	९८
धम्की	१	४	२	४	८		२	६	१	१	२	४	३५
यातना			६	१			३	१			१	१	१३
बेपत्ता										१		१	२
विस्थापन					८								८
महिला अधिकार	३०६	३३८	३३४	३५०	३९९	३६७	३६३	३७९	३१८	३०८	३३१	८१	३३६४
जम्मा	५१५	५०६	६९०	६३३	७४४	७४४	६४९	५५८	४०४	४६३	४६५	३७३	६६४३

परिशिष्ट ११ जातजातिका आधारमा पीडित सङ्ख्या

जातजाति	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
सन्यासी		७	७	४३	८	५१
ब्राम्हण	१०	१८८	१९८	४८३	९८	५८१
बैश्य				१६		१६
बनिया		५	५	१०	४	१४
दलित	३०	१३७	१४७	११६०	१३०	१३८०
आदिवासी		१	१	६	३	८
मण्डल	१	१	३	४३	८	५०
मुस्लिम		३	३	३०३	१८	३३०
नेवार	३	३३	३४	९०	११	१०१
जनजाति	१३	३०४	३१६	१४७७	१३३	१६०९
क्षेत्री	१८	३६१	३७९	१११८	१७३	१३९१
कोइरी		४	४	३६	१३	३८
कायस्थ		३	३	१६		१६
तेली	१	६	७	८३	१८	१०१
यादव	४	१७	३१	१३५	३७	१७३
नखुलेको		५	५	१५१	१३	१६४
जम्मा	६८	८६३	९३०	५०५८	६५४	५७१३

परिशिष्ट १२ भौतिक संरचनामा क्षति

घटनाको प्रकार	जम्मा
स्वास्थ्य केन्द्र	३
सरकारी सवारी साधानहरू	११
सरकारी कार्यालयहरू	९
सञ्चार क्षेत्र	४
दूरसञ्चार टावर	३५
निजी सवारीसाधन	४६
निजी घर	८
निजी कार्यालयहरू	३

नगरपालिका भवन	३४
राजनीतिक पार्टी कार्यालय	१
सामुदायिक भवन	१
निजी सम्पत्ति	६
विद्यालय	४
विश्वविद्यालय	१
क्याम्पस	४
जम्मा	१५९

परिशिष्ट ११

सन् २०१५ मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

प्रदेश	क्रसं	जिल्ला	कारागारको क्षमता	जेलमा रहेकाहरूको सङ्ख्या			आश्रित बालबालिका	जेलमा मृत्यु
				जम्मा	पुरुष	महिला		
१	१	ताप्लेजुङ	३५	१३३	१३३			
	२	सङ्खुवासभा	३५	११६	१०९	७		
	३	सोलुखुम्बु	३५	८४	७७	७		
	४	ओखलढुङ्गा	३५	६४	६०	४		
	५	खोटाङ	१३२	१३०	१२७	३	१	
	६	भोजपुर	४०	११८	१०२	१६	३	
	७	धनकुटा	३५	६६	६२	४		
	८	तेह्रथुम	३५	८७	८१	६		
	९	पाँचथर	३५	१६२	१४२	३०	४	
	१०	इलाम	१३५	३७४	३५२	३२	१	
	११	झापा	३५०	११४९	१०५८	९१	७	४
	१२	मोरङ	३००	९३०	८३१	८९	७	१
	१३	सुनसरी	१००६	१७२३	१७२३			
	१४	उदयपुर	५०	३०१	१८३	१८	७	
२	१	सप्तरी	१३५	३४०	३३४	१६		३
	२	सिरहा	१५०	५५९	५३७	३२	४	
	३	महोत्तरी	१३५	५३८	४८५	४३	४	
	४	रौतहट	१३०	३९४	३८१	१३	१	१
	५	पर्सा	१०००	१३६४	१२६२	१०२	४	
बागमती	१	दोलखा	१७	१०३	१०३			३
	२	सिन्धुपाल्चोक	७	१३०	१३०			
	३	रसुवा	३५	११०	१०४	६		
	४	धादिङ	१५०	३०८	२९१	१७	६	
	५	नुवाकोट	७०	१५९	१४३	१६		
	६	काठमाडौँ (जगन्नाथदेवल)	१५००	३२१४	३८१९	३९५		१३
	७	काठमाडौँ (डिल्लीबजार)	३००	६१४	६१४			
	८	ललितपुर	६००	९९४	९९४			
	९	काभ्रेपलाञ्चोक	७५	३५१	३५१			
	१०	रामेछाप	१००	१५२	१४०	१२		
	११	सिन्धुली	५०	१६५	१६०	५		
	१२	मकवानपुर	१२००	१००१	१००१			
	१३	चितवन	३५५	७९१	७५४	३७		
गण्डकी	१	गोरखा	५५	९५	८७	८	१	
	२	मनाङ	३५	७	७			
	३	मुस्ताङ	३५	११	११			
	४	म्याग्दी	३२	९४	८८	६		
	५	कास्की	४२०	७३५	६७५	६०	२	

प्रदेश	क्र.सं.	जिल्ला	जेलको क्षमता	जेलमा रहेकाहरूको सङ्ख्या			बालिका	जेलमा मृत्य
				जम्मा	पुरुष	महिला		
गण्डकी	६	लमजुङ	३४	८३	७५	८		
	७	तनहुँ	३५	१४७	१४७			
	८	स्याङ्जा	५०	१५७	१४७	१०		
	९	पर्वत	३५	९५	९१	४		
	१०	बागलुङ	३५	११४	११४		१	
५	१	रोल्पा	५०	९०	८४	६		
	२	प्यूठान	३५	७१	६०	११		
	३	गुल्मी	३५	८१	७७	४	१	
	४	अर्घाखाँची	३५	५४	५१	३		
	५	पाल्पा	३००	२९८	२४१	५७	३	
	६	नवलपरासी (पश्चिम)	१७५	३८०	३२४	५६	३	
	७	रुपन्देही	१५०	४३१	४३१			
	८	कपिलवस्तु	२१०	४०२	४०२			
	९	दाङ (घोराही)	७०	३०८	३०८			
	१०	दाङ (तुलसीपुर)	३००	४७४	४७१	३	२	
	११	बाँके	३००	७८९	७३९	५०	१	१
	१२	बर्दिया	१२५	३१५	३००	१५		
कर्णाली	१	डोल्पा	३५	३३	३३			
	२	हुम्ला	३५	७	७			
	३	जुम्ला	२००	८९	८७	३		
	४	कालिकोट	३५	४९	४५	४	१	
	५	दैलेख	८०	१४१	१२७	१४	१	
	६	जाजरकोट	१५	६३	६०	३		
	७	रुकुम (पश्चिम)	३५	११६	१०९	७		
	८	सल्यान	३५	११६	९७	१९	४	
	९	सुर्खेत	३५	३५१	३३६	३५	२	
सुदूरपश्चिम	१	बाजुरा	३५	४८	४८			
	२	बझाङ	३५	६३	६३			
	३	दार्चुला	४०	६२	५९	३		
	४	बैतडी	३५	५३	५३			
	५	डडेलधुरा	२५०	८३	७६	६	१	
	६	डोटी	३०	५३	४९	४		
	७	अछाम	८०	४७	४०	७	१	
	८	कैलाली	१५०	४९४	४५७	३८	२	
	९	कञ्चनपुर	९५	३२१	३०७	१४		
जम्मा			११८२९	२३६१८	२२२०१	१४१७	७५	१२

सन् २०१९ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या

प्रदेश	जिल्ला	बालक	बालिका
१	मोरङ	१३८	
२	पर्सा	१०१	
बागमती	मकवानपुर	६६	
	भक्तपुर	२०८	३१

सन् २०१९ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या

प्रदेश	जिल्ला	बालक	बालिका
गण्डकी	कास्की	७९	
५	रुपन्देही	८५	
	बाँके	१२६	
सुदूरपश्चिम	डोटी	४७	
जम्मा		८५०	३१

अनुसूची ३

सन् २०१९ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

१. **परिचय**

नेपाली जनताले आमूल परिवर्तनका लागि गरेको त्याग, तपस्या र बलिदानको जगमा खडा भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई पूर्ण रुपमा संस्थागत गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिको आकांक्षालाई व्यवहारमा कार्यान्वयन गर्नु हाम्रो यतिबेलाको प्रमुख दायित्व बनेको छ। जनताले आफ्ना प्रतिनिधिहरुमार्फत संविधानसभाबाट बनाएको संविधान अनुसार आयोजित स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनमार्फत यो ऐतिहासिक अभिभारा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई सुम्पिएका छन्। संविधानमा उल्लिखित समानताको प्रत्याभूति, सम्मान, पहिचान र अवसरको प्रवर्धन गर्ने कार्यमा दत्तचित्त रहँदै त्यसको प्राप्तिका लागि जस्तासुकै प्रतिकूलताहरुलाई पनि चिर्दै अघि बढ्न हाम्रो पार्टी दृढ छ र हाम्रो पार्टीको नेतृत्वमा रहेको सरकारले यसैलाई आफ्नो उद्देश्य बनाएर काम गरिरहेको छ । देशमा विद्यमान सबै खालका विभेद र असमानताहरूको अन्त्य गर्दै संविधानप्रदत्त बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा विविधतापूर्ण भौगोलिक विशेषताहरूलाई प्रवर्दन गर्ने कार्यमा पार्टीको सम्पूर्ण ध्यान छ। नेपालले अनुमोदन गरेका तथा सहमति जनाएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरुको कार्यान्वयन गर्ने सिलसिलामा संविधान प्रदत्त मौलिक हकहरुको कार्यान्वयवनका लागि १६ ओटा ऐनहरु निर्माण भई कार्यान्वयनमा जानु यसैको प्रमाण हो । मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने विषयको पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनलाई अगाडि बढाउनेतर्फ हाम्रो पार्टी सचेत छ र यसतर्फ गम्भीरतापूर्वक ध्यान गएको छ।

२. **नागरिक तथा राजनीतिक अधिकार**

सङ्घ, प्रदेश तथा स्थानीय तीनै तहमा जनताको अभूतपूर्व सहभागिताद्वारा निर्वाचित भएर मुलुकको नेतृत्व गरिरहेको नेकपा र यसको सरकारको नागरिक तथा राजनीतिक अधिकारहरुको प्रवर्धन र संरक्षणमा दत्तचित्त छन्। स्थापना कालदेखि नै नागरिक अधिकार र स्वतन्त्रताका लागि सम्झौतहीन सङ्घर्ष गर्दै आएको यो पार्टी कुनै पनि प्रकारले त्यसमाथि संकुचन उत्पन्न हुने कुरा सोच्न पनि सक्दैन। संविधानले व्यवस्था गरेको शान्तिपूर्ण राजनीतिक क्रियाकलाप गर्न कहींकतै बन्देज वा रोकावट छैन र हाम्रो पार्टी यसमा कतैबाट अवरोध उत्पन्न नहुने कुराको सुनिश्चितता प्रदान गर्दछ । विनाकारण राजनीतिक दलका नाममा सशस्त्र गतिविधिका छिटपुट घटनाहरु हुँदा पनि हामीले त्यसलाई गम्भीरतापूर्वक लिएर वार्ताका माध्यमबाट तिनलाई समाधान गर्नमा यस वर्ष पनि हामीले कुनै कसर बाँकी राखेनौं । हाम्रो सम्पूर्ण ध्यान निर्वाध रूपमा नागरिक अधिकार उपयोग गर्ने/गराउने कुरामा केन्द्रित छ। बेला-बेलामा साना हतियारको प्रयोग, विष्फोट, व्यक्तिको अपहरण र हत्याका घटनाहरु भइरहेको देखिनु चिन्ताको विषय छ। यसलाई पूर्ण रुपमा नियन्त्रण गरी नागरिक अधिकार सुनिश्चित गर्न सबैको प्रयास हुनु आवश्यक छ।

२.१ **स्वतन्त्रता तथा सुरक्षासम्बन्धी अधिकार**

संविधान प्रदत्त स्वतन्त्रताका अधिकारलाई व्यवस्थित गर्न स्वतन्त्रतासम्बन्धी प्रावधानहरुलाई अझ स्पष्ट र व्यवहारिक बनाउनमा पार्टीको ध्यान गएको छ। यस सन्दर्भमा अभिव्यक्ति स्वतन्त्रता, सङ्गठित हुन पाउने व्यक्तिको स्वतन्त्रता जस्ता प्रावधानहरुलाई लागू गराउन सरोकारवालाहरुसँगको परामर्शमा अनुकूल ऐन तथा नियम तर्जुमा गर्न पार्टीको जोड छ। शान्ति-सुरक्षा कायम गराउनु सरकारको दायित्व भएकाले यस सन्दर्भमा सबैको सहयोग रहन आवश्यक छ। साथै, कुनै पनि प्रकारको हिंसालाई निरुत्साहन गर्न र शान्तिपूर्ण समाज निर्माण गर्न, नागरिकको सुरक्षालाई अनुभूति तहमा पुग्ने गरी कार्य गर्नुपर्दछ भन्ने मान्यतालाई व्यवहारमा उतार्न पार्टी प्रतिबद्ध छ।

२.२ **सङ्क्रमणकालीन न्याय**

हामीले द्वन्द्वको लामो र त्रासद प्रक्रिया पार गरेको धेरै भएको छैन । मूल रुपमा हामीले सफलतापूर्वक द्वन्द्व व्यवस्थापन गरे पनि यसका सम्पूर्ण

पक्षहरुलाई सबैको चित्त बुझ्ने गरी समाधान गर्न केही समय लाग्नु अस्वाभाविक हुँदैन । यसका लागि हाम्रो पार्टी वा सरकार एक्लैले काम गरेर मात्र हुँदैन, सम्बन्धित सबै पक्षको सहभागिता र सहकार्य आवश्यक छ। विस्तृत शान्ति सम्झौता र संविधानको मर्म अनुरुप सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग पुनर्गठन भएको छ । यसअघिका आयोगहरुबाट केही कार्यहरु आरम्भ भए पनि सफलतामा पुग्न नसकेको कुरालाई ध्यानमा राखी यी आयोगहरुले कार्य अघि बढाउने अपेक्षा पार्टीले गरेको छ । सङ्क्रमणकालीन न्याय व्यवस्थापनमा मुलुकले हालसम्म हासिल गरेका अनुभवलाई अन्तर्राष्ट्रिय अभ्यासलाई समेत ध्यानमा राख्दै आयोगबाट सङ्क्रमणकालीन न्याय व्यवस्थापनमा सफलता हासिल हुने विश्वास पार्टीको छ।

२.३ सङ्गठन स्वतन्त्रता

लोकतन्त्रको आधारभूत तत्व भनेकै नागरिकको सङ्गठित हुन, लेख्न, पढ्न, विरोध वा समर्थन गर्न, त्यस अनुसार सङ्घसंस्थाहरु बनाउन पाउने अधिकार हो । राजनीतिक दलहरुले यसैका लागि सङ्घर्ष गरेर लोकतन्त्र स्थापना गरेका हुन् । हामीकहाँ सङ्घ-संस्था दर्तासम्बन्धी प्रावधानमा अद्यावधिक गर्नुपर्ने आवश्यकता छ । अहिलेसम्म पनि सङ्घ-संस्था दर्ता ऐन, २०३४ अन्तर्गत नै उनीहरुको नियमन भइरहेको छ। संविधानमा रहेको संगठन स्वतन्त्रताको प्रावधान तथा मुलुकको परिवर्तन अनुकूल सङ्घ-संस्थाहरुको भूमिकालाई व्यवस्थित गर्न र सङ्घ-संस्थाका लागि उपयुक्त वातावरण निर्माण गर्नुपर्दछ भन्ने पार्टीको धारणा छ।

३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको स्थिति

३.१ गरिबी र असमानता

नेपालका लागि अहिलेको ठूलो चुनौती गरिबी हो । गरिबी सँगसँगै धनी र गरिबका बीचमा असमानता बढिरहेको छ। यो अवस्थालाई हाम्रो पार्टीले गम्भीर रुपमा लिएको छ र मुलुकमा विद्यमान असमानता न्यूनीकरण गर्ने हरसम्भव उपायहरु अवलम्बन गर्न प्रयत्नशील छ। विद्यमान गरिबी र असमानताको अन्त्य नै विकासको न्यूनतम शर्त हुनुपर्छ भन्नेमा पार्टी विश्वस्त छ। गरिबी र असमानता कम गर्नेतर्फ तीन ओटै तहका सरकारहरु प्रयत्नशील हुनुपर्दछ भन्नेमा पार्टीको जोड छ। मुलुकमा अझै पनि एक चौथाइ भन्दा बढी जनसङ्ख्या न्यूनतम आवश्यकताको खोजीमा भौँतारिनुपरेको विडम्बनापूर्ण परिस्थितिलाई ध्यानमा राखेर हाम्रो पार्टी खासगरी दलित, सीमान्तकृत, जोखिममा रहेका समुदाय, पिछडिएको वर्ग र कर्णाली तथा सुदूरपश्चिम क्षेत्रको गरिबी न्यूनीकरणमा विशेष ढङ्गले लागिरहेको छ।

३.२ शिक्षा तथा स्वास्थ्य

आम नागरिकमा शिक्षा तथा स्वास्थ्यको सहज पहुँच हुनुपर्दछ भन्नेमा पार्टी दृढ छ । मुलुकको शिक्षा प्रणालीलाई सुधार गर्न शिक्षा आयोगको प्रतिवेदनमा समेटिएका सुझावहरुलाई कार्यान्वयन गर्न पार्टी क्रियाशील छ। निजी तथा सामुदायिक विद्यालयबीच, हुने र नहुने बीच शिक्षामा विभेद र असमानता कम गर्न, शहरी क्षेत्र र ग्रामीण क्षेत्र, निजी र सामुदायिक विद्यालयको फरकपनले आम नागरिकले शिक्षामा समान पहुँच हासिल गर्न परेको जटिलतालाई न्यूनीकरण गर्न पार्टी प्रयत्नशील छ । सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धि गर्न स्थानीय सरकारहरुको क्षमता बढाउन समेत पार्टी लागिरहेको छ।

विपन्न नागरिकलाई कडा रोग लागेको अवस्थामा उपचार खर्च तथा आर्थिक सहायता कोष, २०६९ लागू गरी बढीमा १ लाख रुपयाँसम्म औषधि उपचार गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न पार्टी निरन्तर लागिरहेको छ । सरकारबाट परिवार नियोजन, गर्भपतन सेवा, बाँझोपन निवारण, सुरक्षित मातृत्व, नवजात शिशुको सुरक्षा, यौनजन्य सरुवा रोग, बालबालिका र ज्येष्ठ नागरिकको स्वास्थ्य उपचारमा विशेष जोड दिइनु सराहनीय छ । स्वास्थ्य सेवामा नागरिकको पहुँच पुऱ्याउन आधारभूत खोप तथा औषधीहरू निःशुल्क वितरण गर्ने सुरक्षित प्रसूति सेवालाई देशव्यापी विस्तार गर्ने कार्यक्रमालाई प्रभावकारी बनाइएको छ। सबैका लागि सहज चिकित्सा शिक्षा हासिल हुन सकोस् भन्ने मनसायबाट संसद्बाट पारित भइसकेको सन्दर्भमा यस ऐनको भावना अनुरुप कार्यान्वयन गराउन पार्टीको विशेष पहल रहनेछ।

३.३ आवास तथा पुनर्निर्माण

मुलुकको विभिन्न क्षेत्रमा रहेका अव्यवस्थित बसोबासीहरु सुकुम्बासीको नाममा रहेका छन्। भूमिहीन नागरिकहरुका समस्या यथावत् रहेका छन्। गत २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पबाट घरवारविहीन नागरिकहरूको सङ्ख्या एकैपटक बढ्न गएको थियो। आगामी असार महिना सम्ममा निजी भवन पुनर्निर्माण कार्य सम्पन्न गर्न, सम्पदाहरुको पुनर्निर्माणलाई यथासक्य चाँडो सकाउन र सार्वजनिक भवनहरुको पुनर्निर्माणलाई समयमै सम्पन्न

गराउन पार्टी लागिरहेको छ। जनता आवास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न अव्यवस्थित बसोबासलाई व्यवस्थित गराउन पार्टीको विशेष ध्यान छ।

३.४ श्रम तथा रोजगारी

यस वर्ष पनि गत वर्षहरुको तुलनामा वैदेशिक रोजगारीमा जाने युवाको संख्या घटेको छ। नेपालमा नै रोजगारीको अवसर यसको मुख्य कारण हो भन्नेमा पार्टी विश्वस्त छ। सामाजिक सुरक्षा कोषमार्फत श्रमिकहरुको सुरक्षामा सरकारले जोड दिएको एक वर्ष पूरा भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता कार्यक्रमहरुले मुलुकमा केही मात्रामा रोजगारी सिर्जना गरिरहेका छन्। स्वरोजगार विकास गर्न समेत पार्टीले पहल गरिरहेको छ। विप्रेषणको मुख्य स्रोतको रुपमा रहेको वैदेशिक रोजगारमा गएका कामदारहरुको सुरक्षाका लागि, स्वदेश फर्केपछिको जीविकोपार्जन, परिवारको सुरक्षा, उनीहरुका वालवालिकाको सुरक्षाको अवस्था प्रभावकारी बनाउन पार्टी गम्भीर छ।

३.५ बाल अधिकार तथा महिला अधिकार

यसवर्ष पनि लैङ्गिक हिंसाका घटनाहरुमा भएको बढोत्तरीप्रति पार्टी सम्वेदनशील रहेको छ। महिलामाथि हुने शारीरिक तथा मानसिक शोषण, सांस्कृतिक शोषण, बेचबिखन, छाउपडी, यौन शोषण, यौन हिसा, कार्यस्थलमा हुने हिंसा, भ्रूण हत्या जस्ता घटनाहरुबाट महिलाहरु उत्पीडित भएको देखिन्छ। परिणामतः कमजोर स्वास्थ्य, मातृ मृत्युदर बढ्ने, साक्षरता दरमा कमी, विद्यालय छोड्ने, उच्च शिक्षासम्म पुग्न कठिनाइ हुने, रोजगारीमा अवसर प्राप्त गर्न नसक्ने, सेवा प्रवेश गर्न नसक्ने, घरधन्दामा समय बिताउनु परिरहेको जस्ता परिणामहरु देखिएका छन्। यस्तो अवस्थाले महिलाहरुमा सामाजिक न्याय र समानताको हकको अनुभूति हुन सक्दैन। महिलाका मानव अधिकारहरुका बारेमा पार्टीले विशेष चासोको रुपमा राख्दै आवश्यक पहल गरिरहेको छ। महिलामाथि विभेद गर्ने परम्परागत प्रथाहरुलाई कानुनी किसिमले निरुत्साहन गर्न सरकारले चालेको कदमलाई पार्टीले स्वागत गरेको छ। छाउपडी प्रथा हटाउन छाउगोठ भत्काउने अभियानलाई अझ सशक्त बनाउने र नागरिकहरुको मस्तिष्कमा रहेको छाउप्रथा अन्त्य गर्ने खालको सचेतना अभिवृद्धि गर्न पार्टीको जोड रहनेछ।

एक तिहाई बालबालिकाहरु बालश्रममा र ६ लाख भन्दा बढी बालबालिका जोखिमयुक्त श्रममा रहेको विद्यमान अवस्थामा बालबालिकाको अधिकार सुनिश्चित गर्न पार्टी क्रियाशील छ। शहरी तथा तराई-मधेश क्षेत्रमा घरेलु, औद्योगिक क्षेत्रमा, यातायात क्षेत्रमा, होटल आदि व्यवसाय र मनोरञ्जनको क्षेत्रमा वाल श्रमिकहरु अझै पनि संलग्न रहेका भने पहाडी र हिमाली क्षेत्रमा बालबालिकाहरू भरियाका रूपमा समेत संलग्न भएको देखिन्छ।

हत्या, हिंसा र छाउपडी जस्ता घटनाहरुबाट खासगरी किशोरीहरु पीडित भएको देखिन्छ। संविधानतः महिला अधिकारको व्यवस्था सकारात्मक छ। राजनीतिमा सहभागिता, सम्पत्तिमा समान हक, अंश र वंशमा समान हक, सेवा प्रवेशमा विशेष व्यवस्था, सेवाको सुरक्षा जस्ता प्रावधानहरु कानुनी रुपमा लागू गरिएको छ। संविधान प्रदत्त यी हकहरुलाई व्यवहारमा लागू गर्न पार्टी क्रियाशील छ।

३.६ जातीय भेदभावविरुद्धको अधिकार

संविधानमा व्यवस्था गरिएको समानताको हक, दलितसम्बन्धी विशेष हक, सामाजिक न्यायको हक जस्ता हकहरुको प्रत्याभूति हुने गरी ऐनहरुको व्यवस्था गरिएको छ र यी ऐन तथा कानुनहरुको प्रभावकारी कार्यान्वयनमा पार्टीले जोड दिएको छ। ४२ प्रतिशतभन्दा दलित समुदाय गरिबीको रेखामुनि रहेको र दलित समुदायको मानव सूचकाङ्कमा ०.४३४ रहेको सन्दर्भमा संविधान प्रदत्त हकलाई कार्यान्वयनमा ल्याउनु सरकार तथा सबै राजनीतिक दलहरुको प्रमुख जिम्मेवारी भएको स्पष्ट हुन्छ। दलित समुदायलाई सामाजिक न्यायको हक, निजामति सेवामा दलितलगायत सीमान्तकृत समुदायको समावेशी प्रतिनिधित्व रहेको सन्दर्भमा नेपाली समाजमा विद्यमान जातीय छुवाछूत, सामाजिक भेदभाव र पेशागत विभेदलाई पूर्ण रुपमा अन्त्य गर्न पार्टी क्रियाशील छ।

३.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

समानता र अविभेदको सिद्धान्त अनुरुप अपाङ्गता भएका व्यक्तिहरूको हक-अधिकारको सम्बन्धमा मौलिक हकमा विशेष व्यवस्था छ। अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षाको व्यवस्था गरेको छ। राजनीतिक प्रतिनिधित्व प्रणालीमा राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट एक जना अपांगता भएको व्यक्ति वा अल्पसंख्यकको तर्फबाट अनिवार्य सहभागिता हुनुपर्ने व्यवस्थाले अपांगता क्षेत्रको राजनीतिक सहभागिता सुनिश्चित गर्न खोजेको छ। परिवार, समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिहरूको विषयलाई अधिकारमुखी अवधारणाबाट हेर्नुपर्छ। यस सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूका

लागि अपाङ्गमैत्री भौतिक संरचना, भौतिक साधन, विशेष शिक्षा, सुविधा तथा असवर सिर्जना गर्न पार्टी प्रयत्नशील छ।

४ मानवअधिकारका चुनौती र समाधानका लागि गरिएका प्रयत्नहरू

अहिलको सन्दर्भमा निम्न अनुसारका चुनौतीहरू विद्यमान छन्:

४.१ सुशासन

मुलुकमा बढ्दो भ्रष्टाचार निर्मूल गर्न पार्टी क्रियाशील छ। भ्रष्टाचारमा शून्य सहनशीलता पार्टीको बटम लाइन हो । यद्यपी, मुलुकमा बढ्दो भ्रष्टाचार न्यूनीकरण गर्न पार्टी प्रतिबद्ध रहेकै अवस्थामा भ्रष्टाचारसम्वन्धी सूचकाङ्कमा नेपाल गत वर्षभन्दा कमजोर देखिएको सन्दर्भमा पार्टीले यसलाई मुख्य चुनौतीका रुपमा लिएको छ। यस सन्दर्भमा नागरिकलाई सरकारले दिनैपर्ने सेवा नदिने, झुलाउने, घुस लिने, कमिशन लिने, कमजोर भौतिक पूर्वाधार निर्माण गर्ने जस्ता कार्यहरुलाई निरुत्साहन गर्न केही सकारात्मक पहलहरु भएका छन् । खासगरी मालपोत क्षेत्रको भ्रष्टाचार र ढिलासुस्ती अन्त्य गर्न सरकारले प्रक्रियागत सुधारहरु गरेको छ। पार्टीले सबै तहका सरकारहरुलाई पारदर्शी, जबाफदेही र जिम्मेवार ढङ्गबाट काम नागरिकको पक्षमा काम गर्न निर्देशित गरेको छ । सार्वजनिक यातायात लगायतका सार्वजनिक सेवालाई जनमुखी बनाउन पार्टी लागिरहेको छ।

४.२ दण्डहीनताको अवस्था

अदालतका फैसला कार्यान्वयन गर्न कठिनाइ, मानव अधिकार आयोगका सिफारिसहरु कार्यान्वयन नभएको अवस्था विद्यमान छ । यसप्रकारको दण्डहीनताको अवस्थाको अन्त्य गर्न पार्टी प्रयत्नशील रहेको छ। मानव अधिकार उल्लङ्घन गर्ने वा अपराध गर्नेलाई कुनै पनि प्रकारको संरक्षण नदिन पार्टी प्रतिबद्ध छ र सोही अनुसार सम्बन्धित निकायहरुलाई सूचित पनि गरिसकेको छ।

४.३ सङ्कमणकालीन न्याय

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगहरुको पुनर्गठन भएको सन्दर्भमा यी आयोगहरुको प्रभावकारीताबाट सङ्कमणकालीन न्याय व्यवस्थापन हुनेमा पार्टी विश्वस्त छ।

४.४ विभेदजन्य प्रथा र परम्परा

नेपाली समाजमा छुवाछुत, बोक्सी, छाउपडी प्रथा, दहेजजस्ता कुप्रथाहरु विद्यमान छन् । कतिपय महिलाहरु अहिले पनि बोक्सीको आरोपमा प्रताडित छन् । परम्पराकै नाममा अमानवीय व्यवहारहरु जस्तै– मलमूत्र खुवाउने, कपाल मुड्नेदेखि ज्यान लिनेसम्मका कार्यहरू हुने गरेका छन् । दहेज नल्याएको वा कम ल्याएको जस्ता बहानामा महिलाहरूलाई जीउँदै जलाइने, एसिड छ्याप्ने जस्ता जघन्य अपराधलाई स्वीकार गर्न सकिन्न । छाउपडी प्रथाका कारण कतिपय महिलाले ज्यानसमेत गुमाउनुपरेको छ। छुवाछुतको उत्पीडन कायम नै छ। अन्तरजातीय विवाहका कारण विवाहित जोडीहरु विभेदको शिकार भइरहेका छन्। यो प्रथाको अन्त्य गरेर मात्र लैङ्गिक समानता तथा सामाजिक न्याय स्थापना हुन सक्छ भन्नेमा पार्टी दृढ छ।

५ अवसर

मानव अधिकारको प्रत्याभूतिका लागि समाजका हरेक अङ्ग, राज्यका हरेक निकाय र प्रत्येक व्यक्तिले मानव अधिकारका सिद्धान्तहरुलाई व्यवहारिकरुपमा स्वीकार गरेको हुनुपर्दछ। यसका लागि मानव अधिकार शिक्षालाई नागरिक तहसम्म पुऱ्याउनु अपरिहार्य हुन्छ । मानव अधिकारका विषयहरुको निरुपणको विषय मूलतः राज्यबाट सम्वोधन हुनुपर्ने विषय हो। यद्यपी, मानव अधिकारको संरक्षण, प्रवर्धन र अनुगमनमा नागरिक सङ्गठनहरुको भूमिका पनि महत्वपूर्ण हुन्छ। यसर्थ, माथि उल्लिखत चुनौतीहरुको सामना गर्न राज्य, राजनीतिक दलहरु, नागरिक सङ्गठन, निजी क्षेत्र र सञ्चार क्षेत्रको प्रभावकारी समन्वय तथा साझेदारी हुन जरुरी छ। मुलुकमा मानव अधिकार संस्कृतिको स्थापना गर्न, मानव अधिकार शिक्षा प्रदान गर्न, सुशासनको प्रत्याभूति दिन र नागरिकलाई मानव अधिकारको अनुभूति गराउन राज्यले उपयुक्त वातावरण निर्माण गर्नुपर्दछ भन्नेमा पार्टीले निरन्तर जोड दिइरहेको छ। जनताको बलिदानबाट प्राप्त संविधानले प्रत्याभूत गरेका नागरिकका अधिकारहरुलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि सुखी नेपालीः समृद्ध नेपालन्को राष्ट्रिय संकल्पलाई व्यवहारमा उतार्न जरुरी छ । मुलुकलाई समृद्ध र नागरिकलाई बलियो बनाएर मात्रै हामीले नागरिकका समग्र अधिकारहरुलाई प्रत्याभूत गर्न सक्छौं भन्नेमा हाम्रो पार्टी विश्वास गर्दछ।

ईश्वरबहादुर रिजाल
सचिव, केन्द्रीय कार्यालय

नेपाली कांग्रेस

मानव अधिकारका दृष्टिकोणबाट सन् २०१९ लाई नियाल्दा अन्य वर्षको तुलनामा अत्यन्तै चिन्ताजनक वर्षका रूपमा रहयो । अन्य वर्षमा मुलुकमा मानव अधिकार उल्लङ्घनका अधिकांश घटना विभिन्न विद्रोही र आन्दोलनरत पक्षहरूबाट गराइएका दृष्टान्त हुन्थे भने सन् २०१९ मा संविधानप्रदत्त नागरिकका मौलिक हक अधिकार, स्वतन्त्रता र नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, अभिसन्धि र बडापत्रका प्रावधानको उल्लङ्घन गरी नागरिक हक र स्वतन्त्रताउपर योजनाबद्ध किसिमले बन्देज लगाउने उद्देश्यका साथ स्वयम् नागरिकको मौलिक हक र स्वतन्त्रता अथवा मानव अधिकारको संरक्षककर्ता सरकार नै सक्रिय रहयो । संविधानको प्रावधानसँग बाझिने गरी संसद्मा रहेको गणितीय सुविधाको दुरूपयोग गर्दै वैधानिक प्रक्रिया पुऱ्याएर एकपछि अर्को नागरिक हक, अधिकार र स्वतन्त्रता विरोधी विधेयक ल्याई लाखौँ जनतालाई त्यसको विरोधमा सडक सङ्घर्षमा उत्रन बाध्य बनायो । चिकित्सा शिक्षा विधेयक, कर्मचारी समायोजन अध्यादेश, गुठी विधेयक, सूचना प्रविधि विधेयक, मिडिया काउन्सिलसम्बन्धी विधेयक, राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विधेयक यसका ज्वलन्त उदाहरण हुन् । यस अवधिमा मुलुकमा महँगी, भ्रष्टाचार, कालोबजारी, कमिसन, हत्या, हिंसा, आतङ्क, अपहरण, सञ्चार क्षेत्रमाथि आतङ्क र दमनका घटना एकपछि अर्को निरन्तर भइरहे ।

वाइडबडी विमान खरिदमा अर्बौंको भ्रष्टाचार, बूढी गण्डकी बहुउद्देश्यीय परियोजना बिनाप्रतिस्पर्धा विदेशी कम्पनीलाई अर्बौं कमिसनका आधारमा जिम्मा दिनु, मेलम्ची खानेपानी आयोजनामा काम सम्पन्न गर्न लागेको विदेशी कम्पनीलाई लखेट्नु, ३३ किलो सुनकाण्डका ठूला माछा नसमातिनु, सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदसम्बन्धी काण्ड, बालुवाटारको सरकारी जग्गा व्यक्तिको नाममा दर्तासम्बन्धी काण्ड, सरकार स्वयम् सहआयोजक बनेर धर्म प्रचारक संस्थाको कार्यक्रममा मुलकका प्रधानमन्त्री नै प्रत्यक्ष सहभागी भई होली वाइनबाट सिँचित हुनु, यती कम्पनीलाई कौडीको भाउमा र निःशुल्क नै राष्ट्रिय सम्पत्तिको एकपछि अर्को हस्तान्तरणका घटना, टेलिकम कम्पनीहरूका सम्बन्धमा मन्त्रिपरिषद्को निर्णय, निजगढ विमानस्थलमा आवश्यकताभन्दा लाखौँ बढी रुख कटानी काण्ड जस्ता अरबौँ कमिसन र घोटलाका काण्डमा सरकारले निर्लज्ज तरिकाले मार्ग प्रशस्त गर्ने काम गऱ्यो ।

मुलुकमा हत्या, हिंसा, बलात्कार, घूसखोरी, कमिसन, असुरक्षाका कैयन् घटना निरन्तर भइरहे । मुलुकको सर्वोच्च संस्था राष्ट्रपति स्वयंबाट 'भ्रष्टाचार संस्थागतरूपले भइरहेको सुनेकी छु' भन्नुले मुलुकमा भ्रष्टाचारको कस्तो अवस्था छ भन्ने स्पष्ट भएको छ। यो वर्ष पनि निर्मला पन्तको बलात्कार र हत्यामा संलग्न अपराधीलाई संरक्षण प्रदान गर्ने काम भयो । न्याय र अधिकारका लागि बोल्ने आवाजहरू बन्द गरिदिने काम गरियो ।

पाँचथरको मिक्लाजुङमा नौ जनाको सामूहिक हत्या भयो । झापामा दुई जनाको हत्या, काठमाडौँ उपत्यकामा नै दुई बालकको अपहरणपश्चात हत्या गरियो। पूर्वराजदुत केशव झाको काठमाडौँमै हत्या गरियो । भोजपुरमा प्रहरी जवान सन्जीव राईको हत्या, सर्लाहीमा फेक इन्काउन्टर, काठमाडौँमा बम विस्फोट भई जन/धनको क्षति हुन पुग्यो भने सत्ताधारी दलका कार्यकर्ताबाट नेपाली कांग्रेस र भातृ सङ्घ आबद्ध सर्लाहीका मनोज यादवको गोली हानी हत्या, रूपन्देहीमा अनिस पुरीको हत्या, सर्लाहीका रामविलास महतोको हत्या, रोल्पाका रोहित पुनको हत्या गरियो ।

आफ्ना विरोधीलाई अरिङ्गाल भई जाइलाग्नू भनी सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री र सञ्चार मन्त्रीबाट नै आफ्ना कार्यकर्तालाई निर्देशन दिने अनि बुद्धिजीवीहरूलाई थला पार्ने चेतावनी दिने काम भयो। फलस्वरूप, सत्ताधारी दलका अरिङ्गालहरू सत्ताको प्रतिरक्षामा हिंस्रक, अराजक र उदण्ड बनिरहे । मीनभवनस्थीत नेपाल कमर्स क्याम्पसमा अनेरास्वविyुका कार्यकर्ताले नेपाल विद्यार्थी सङ्घका विद्यार्थीमाथि खुकुरी प्रहार गरी दर्जनौँलाई सख्त घाइते बनाए । सोही घटनामा प्रहरी प्रशासनको व्यापक दुरूपयोग गर्दै प्रहरीद्वारा उल्टै नेपाल विद्यार्थी सङ्घका विद्यार्थीहरूमाथि नै निर्घात कुटपिट गरियो । धनुषामा प्रमोदकुमार यादवलाई अपहरण गरी बेपत्ता बनाइयो । सामुदायिक विद्यालयमा सेवारत शिक्षकहरूद्वारा आफ्ना समस्या राखी शान्तिपूर्ण प्रदर्शन गर्दा होस् अथवा नर्सहरूको कार्यक्रममा होस्, प्रहरी दमन गरी निर्घात कुटपिट गर्ने काम भयो ।

बाँकेमा पार्टीद्वारा आयोजना गरिएको शान्तिपूर्ण कार्यक्रममा आक्रमण गरी पार्टीका जिल्ला सभापति श्रीमती किरण कोइरालाको हात भाँची, अङ्गभङ्ग

गरियो। नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वमन्त्री डा. मिनेन्द्र रिजाल तनहुँको रिसिङ गाउँपालिकाको कार्यक्रममा जाँदा रुख काटी बाटो अवरुद्ध पारी नेकपाका हिंसक जत्थाबाट खुकुरी, भाला, लाठी, बोतल, ढुङ्गासहित आक्रमण गर्ने प्रयास गरियो। नेपाल राज्यभर निर्वाध आवतजावत गर्ने संविधानप्रदत्त अधिकारमाथि ठाडै हस्तक्षेप गरियो । नेपाली कांग्रेसबाट निर्वाचित चितवन भरतपुर महानगरपालिकाकी उपप्रमुख पार्वती शाह ठकुरीलाई त्रसित बनाउने मनसायले सामाजिक सञ्जालबाट डर, धाक, धम्की दिने काम गरियो । वैदेशिक रोजगारीबाट स्वदेश फर्किने नागरिकलाई विमानस्थलमा दुःख दिने र सामान्य घरायसी प्रयोजनका लागि ल्याएका सामाग्री जफत गरी आतङ्कित गर्ने अमानवीय काम निरन्तर जारी रहयो।

यस अवधिमा सरकार र सरकारका काम कारबाही र गतिविधिको सकारात्मक टिप्पणी र आलोचना गर्ने सञ्चार गृह र सञ्चारकर्मी पनि नेकपाका हिंसक जत्था र स्वयं सुरक्षाकर्मीको समेत निशानामा परे। वीरगन्जस्थित एभिन्युज टेलिभिजनको कार्यालयमा आक्रमण गरी तोडफोड गरियो । पत्रकारलाई नियोजितरूपमा मुद्दा लगाई फसाउने प्रपञ्च गरियो। सरकारी सञ्चार माध्यममा कार्यरत डोटीका ३ जना सञ्चारकर्मीलाई पदमुक्त गरियो। पत्रकारको शान्तिपूर्ण प्रदर्शनमा हस्तक्षेप गरी घाइते बनाउने काम गरियो। बाँकेको कोहलपुरमा ट्रकको ठक्करबाट स्कुले छात्राको निधन भएपछि उत्पन्न परिस्थितिमा प्रहरी प्रशासनबाट संयमता अपनाउनुपर्नेमा उल्टै अनावश्यक बल प्रयोग गरी स्थितिलाई तनावपूर्ण बनाइ दर्जनौँ विद्यार्थी र स्थानीयवासीलाई घाइते बनाउने काम भयो।

संसद्मा बलियो गणितीय सङ्ख्या रहेको सरकार अन्य राजनीतिक दलहरूको अस्तित्वलाई अस्वीकार गर्दै एकदलीय सर्वसत्तावादी शैलीमा अगाडि बढ्ने प्रयासमा निरन्तर सक्रिय रहयो । राजधानीका सडकका पोलपोलमा प्रधान मन्त्रीको पोस्टर झुण्डाएर मुलुकमा नयाँ सम्राटको प्रादुर्भाव भएको सन्देश दिन खोजियो । संवैधानिक परिषद् जस्तो निकायमा प्रमुख प्रतिपक्षी दलको उपस्थितिलाई इन्कार गरेर जथाभावी निर्णय गर्ने काम भयो । एउटा नागरिकको भद्र अवज्ञा आन्दोलनप्रति सामान्य मानवीय संवेदनासमेत नराखी मन्त्री स्वयंले विल्कुलै अनुत्तरदायी र गैरजिम्मेवार अभिव्यक्ति दिई मानव अधिकारकाप्रतिको सरकारी रवैयाको स्पष्ट चित्र प्रस्तुत गरे।

यसै वर्षमा पनि राजस्व अनुसन्धान विभाग, सम्पत्ति सुदृढीकरणलगायत राज्यका महत्वपूर्ण अङ्गहरूलाई प्रधान मन्त्री कार्यालय मातहत ल्याई सम्पूर्ण राज्यशक्तिको स्रोत केन्द्र प्रधान मन्त्री हो भन्ने सन्देश दिइयो । राज्य संयन्त्रबीचको शक्ति सन्तुलन र नियन्त्रणलाई भताभुङ्ग पार्ने काम भयो । यो सरकार नागरिक अधिकारविरुद्ध मात्र निरङ्कुश हैन, स्वयं जनताबाट निर्वाचित जनप्रतिनिधिहरूको सर्वोच्च संस्था संसद्मै संसदीय मर्यादा, पद्धति र परम्परा विपरित एकदलीय निरङ्कुश शैलीमा प्रतिपक्ष दलहरूलाई निषेध गर्दै हैकमवादी शैलीमा संसद् सञ्चालन गर्ने र जथाभावी जनअधिकार विरोधी विधेयकहरू पारित गर्ने कार्यमा निरन्तर उद्यत रहयो।

यसबीचमा मुलुकमा सम्पन्न उपनिर्वाचनमा सरकारी साधन स्रोत र पदीय हैसियतको व्यापक दुरूपयोग गरी निर्वाचन परिणामलाई आफ्नो कब्जामा पार्ने हरसम्भव प्रयास गरियो । आमउपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्दै भारतबाट आउने तरकारी र फलफूलमा विषादि परीक्षण गर्ने कार्यमा समेत सरकार गम्भीर देखिएन । विगतको सरकारकै पालामा सुरु गरिएको स्पाइनल इन्जुरी, क्यान्सर, मुटु रोग, मिर्गौला रोगबाट पीडितलाई मासिक ५ हजार तथा पूर्ण र अति अशक्त अपाङ्गता भएकालाई दिइँदै आएको सामाजिक सुरक्षा भत्तामध्ये अशक्त अपाङ्गता भएकालाई दिइएको भत्ता कटौती गरी सरकारले अमानवीय निर्णय गऱ्यो। निजामती सेवामा रहेको अपाङ्गता भएकाहरूको ५ प्रतिशतको आरक्षणलाई समेत घटाएर ३ प्रतिशतमा झारी उनीहरूमाथि ठूलो अन्याय गऱ्यो।अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिक मामिलामा समेत सरकार असफल साबित भयो । भेनेजुयला काण्डलगायतका गतिविधिले सरकारको अन्तर्राष्ट्रिय छविमा कैयन् प्रश्न खडा भए।

समग्रमा भन्नुपर्दा, सरकार स्वयं मानव अधिकारको संरक्षण र संवर्द्धनमा इमान्दारीपूर्वक सक्रिय रहनुपर्नेमा, त्यसको उल्लङ्घन, नागरिक अधिकारको कटौती र निषेधमा नियोजितरूपमा लागिरहेको अवस्थामा मुलुक र मुलुकवासीको मानव अधिकार स्थिति के/कस्तो रहला ? गम्भीर चिन्ताको विषय छ। मानव अधिकारको क्षेत्रमा काम गर्ने इन्सेक जस्ता सङ्घ/संस्थालाई समेत यो अन्यन्त चुनौतीपूर्ण र असहज अवस्था हो भन्दा अत्युक्ति नहोला।

कृष्णप्रसाद पौडेल
मुख्य सचिव

समाजवादी पार्टी

सन् २०१९ मा पनि नेपालको मानव अधिकारको सवालमा कुनै खास उल्लेखनीय प्रगतिको अवस्था भएको पाइँदैन। हत्या, हिंसा र बलात्कार जस्ता थुप्रै घटना यो वर्ष पनि प्रशस्त भएका छन्। राज्य पक्षबाट मानव अधिकारको पालना र यसको संवर्द्धन गर्नका लागि कुनै ठोस कदम चालिएको पनि देखिएन। जबकि मानव अधिकारको रक्षा र यसको संरक्षण एवम् पालना गर्नु राज्यको पहिलो दायित्व हो। राज्य पक्षबाट मानव अधिकार संरक्षणका लागि सक्रिय र निष्पक्ष रही कार्य गर्नुपर्नेमा उनीहरूबाटै भइरहेको पक्षपातपूर्ण व्यवहार एवम् काम/कारबाहीले गर्दा वास्तविक दोषी कानुनी दायरामा नपर्ने र कतिपय अवस्थामा निर्दोषले सजाय पाउने कार्य भइरहेको पाइन्छ। सत्ता र शासनका आडमा असामाजिक क्रियाकलापमा संलग्न रहेकाहरू हौसिने र यसबाट वञ्चित समुदायले पीडा भोग्नुपर्ने अवस्था बढ्दो छ। राज्यका सुरक्षा निकाय तथा अङ्गबाट आफैँले मानव अधिकारका सिद्धान्त र आधारलाई प्राथमिकतामा राखी कार्य गर्ने गर्दा मात्र मानव अधिकारको वास्तविक अनुभूति आमजनताले गर्न पाउँछन्। नेपालको मानव अधिकार आयोगले पनि जुनरूपमा भूमिका खेल्नुपर्ने हो त्यो अभाव देखिएको छ। अर्को शब्दमा भन्नुपर्दा मानव अधिकार अयोग्य निष्प्रभावी जस्तै छ।

पूर्णरूपमा मानव अधिकारको प्रयोग मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व भएमात्र सम्भव हुन्छ। सङ्घीयतालाई राजनीतिकरूपमा लागु गराउनुको सट्टा प्रशासनिक एकाइका रूपमा लागु गर्ने कार्य भइरहेको छ। शासकीय स्वरूप, निर्वाचन प्रणाली, राज्य पुनर्संरचना जस्ता महत्वपूर्ण सवाल र समाजबाट शोषण, उत्पीडन एवम् सबैखाले विभेद अन्त्यलगायत सामाजिक न्याय स्थापना गराउने संवैधानिक तथा कानुनी व्यवस्था कायम गराउन आवश्यक छ। सबैले समान हक उपभोग गर्न पाउने व्यवस्था नहुँदासम्म मानव अधिकार ओठेभक्तिमात्र हुने गर्छ। यस कारण समाजवादी पार्टीले वर्तमान संविधानमा संशोधनको आवश्यकतालाई मुखररूपमा उठाउँदै आएको छ। संविधानका विभेदकारी असमान धारणा र पहिचान स्थापित गराउने व्यवस्था कायम नभएसम्म मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व सम्भव छैन। समाजवादी पार्टीले दह्रोरूपमा उठाउँदै आएको संविधान संशोधनको पक्षमा नेपालका प्रमुख राजनीातिक दलहरू गम्भीर नहुने र संशोधन नगर्ने हो भने आगामी दिनमा मानव अधिकारका दृष्टिले झन् खतरा उत्पन्न हुन सक्ने अवस्था आउन सक्छ। मानव अधिकारको क्षेत्रमा लामो समयदेखि कार्यरत इन्सेकका कार्यहरू विभेद अन्त्य गराउन र सामाजिक न्याय स्थापनाका पक्षमा अझ सवल र सराहनीय हुने हाम्रो अपेक्षा छ।

प्रकाश अधिकारी
उपमहासचिव तथा केन्द्रीय कार्यालय प्रमुख

राष्ट्रिय जनता पार्टी नेपाल

इन्सेकले हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको कुरा सराहनीय छ। यस वर्ष पनि नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० प्रकाशन गर्न लागेको कुराले हामी हर्षित भएका छौँ।

मानव अधिकार लोकतन्त्रको आधारस्तम्भ भएकाले सबै जातजाति, भाषा, धर्म, संस्कृति, वर्ण, लिङ्गका आधारमा मानिसलाई भेदभाव गर्न पाइँदैन। मानिस जन्मँदा समानरूपले जन्मेका हुन्छन्। हरेक व्यक्तिलाई स्वतन्त्रपूर्वक बाँच्ने अधिकार सुरक्षित हुन्छ। मानव अधिकार मानवको नैसर्गिक र प्राकृतिक अधिकार भएको हुँदा यसको अपरिहार्यतालाई बुझेर संयुक्त राष्ट्र सङ्घको १३१ औँ महासभाले सन् १९४८ को डिसेम्बरमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएको सर्वविदितै छ।

यो कसैले दिएको अधिकार नभई स्वतः प्राप्त हुने अधिकार हो। राज्यले गरेका सबैखाले भाषा, धर्म संस्कृति, लिङ्ग, जातजाति, भूगोल, लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता आदिका आधारमा समान अधिकारको प्रयोगबाट वञ्चित गरिनु मानव अधिकारको उल्लङ्घन हो। सरकारले राज्यको हरेक अङ्ग, संयन्त्र तथा विकासको हरेक गतिविधिमा जनताको समान सहभागितालाई समान गरिनुपर्छ भन्ने विश्व मानव अधिकारको मूल्य/मान्यता भए पनि मधेसी, महिला, आदिवासी, जनजाति, थारू, दलित, खस आर्य, अल्पसङ्ख्यक, मुस्लिम, पिछडा वर्ग तथा उपेक्षित र उत्पीडनमा परेका समुदायले सोको अनुभव गरेका पाइँदैन। मानव अधिकार कसैले दिएको अधिकार होइन। त्यसैले यसलाई हरण गर्ने अधिकार पनि कसैलाई छैन।

अन्तर्राष्ट्रिय मानव अधिकारको घोषणापत्रको धारा २ अनुसार भेदभावविरुद्धको अधिकारको पूर्णरूपमा उल्लङ्घन भएको देखिन्छ। मधेसी

जनतालाई सदियौँदेखि दोस्रो दर्जाको नागरिकसरह गरिने व्यवहारमा परिवर्तन भएको पाइएन। कैलाली जिल्लाका रेशम चौधरी नेपालमा सर्वाधिक मत ल्याई प्रतिनिधि सभामा निर्वाचित भए पनि थारू आन्दालेनकारी भएकै कारण जनमतको कदर नगरी राज्यले निजलाई झुटा मुद्दा लगाइ हालसम्म जेलमा राखेको छ। मधेस आन्दोलनका बेला राजपाका दर्जनौँ नेता तथा कार्यकर्तालाई मधेसी/थारू भएकै कारण झुटा मुद्दा लगाई जेल जीवन बिताउन बाध्य पारिएको छ।

मानव अधिकार प्रत्याभूतिका लागि सूचनाको हक अपरिहार्य भए पनि नेपाली जनताले त्यसको महसुस गर्न पाइराखेको अवस्था छैन । मधेसका आन्दोलनकारीलाई राजनीतिक आस्थाका आधारमा झुट्टा मुद्दा लगाइ बन्दी जीवन जीउन बाध्य पारिएको छ। मधेस आन्दोलन तथा पहिचान र अधिकारको लडाइँका निम्ति विभिन्न समुदायद्वारा गरिएका आन्दोलनमा अङ्गभङ्ग भएका आन्दोलनकारीलाई राज्यद्वारा उपेक्षा गरिएको छ। मधेस तथा थरुहट आन्दोलनको बेला बनेको लाल आयोगले दिएको प्रतिवेदन सार्वजनिक नगरी सरकारले मधेस र मधेसी जनताप्रति देखाएको व्यवहार निन्दनीय छ। मधेसी जनतालाई सूचनाको हकबाट समेत वञ्चित गरिएको अवस्था विद्यमान छ। अझ कर्मचारीतन्त्र, सेना, पुलिस, कूटनीतिक नियोग, कार्यपालिका र न्यायपालिकामा संविधानको धज्जी उडाउनुका साथै समानुपातिक/समावेशी सिद्धान्त अस्वीकार गरिएको अवस्था छ।

आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकारका साथै शिक्षा, स्वास्थ्य र रोजगार तथा स्वतन्त्रपूर्वक बाँच्ने अधिकारको समेत जनताले प्रत्याभूति गरिरहेको अवस्था छैन । युवाहरू रोजगार नपाएर विदेशिनुपर्ने अवस्था छ भने विदेशमा गएर परिश्रमअनुसारको पारिश्रमिक नपाई अनेक प्रकारका दुःख यातना पाउनुका साथै नेपाली चेलीहरू कष्टकर जीवन जीउन बाध्य भएका छन्। युवाहरू बेरोजगारीका कारण चन्दा आतङ्क, लुटपाट, बलात्कार तथा लागु औषध दुर्व्यसनी जस्ता कुलतमा फस्ने कमजोरी छ। यस्तै विदेशिने क्रम जारी रहयो भने मुलुकमा वृद्ध र नाबालकबाहेक सबै यूवा बाहिरिन बेर छैन।

आज नेपाली जनता देशमा सरकार र सुशासन भएको अनुभूत गर्न पाइराखेका अवस्था छैन । मानव अधिकारका दृष्टिकोणले सन् २०१९ लाई सन्तोषजनक मान्न नसके तापनि मानव अधिकार प्रत्याभूतिका लागि प्रशस्त संरचनाहरू तयार भइरहेको अवस्था पक्कै हो। यो वर्षमा सङ्घ, प्रदेश र स्थानीय तह निर्माण भएको छ। जसमा महिलाको उल्लेखनीय उपस्थिति देखिएको छ। प्रदेश तहमा समेत कैयौँ कानुन निर्माण भएको यो अवस्थामा अल्पसङ्ख्यकलगायतकाले मानव अधिकारको प्रत्याभूति गर्न सकेको अवस्था देखिएन । प्रदेशलाई निर्वाधरूपमा उपयोग गरेको देखिन्छ। जुनसुकै देशको शासन र प्रशासन विधि र विधानले चल्नुपर्नेमा शासन र प्रशासन २०१९ मा सत्ताको पक्षपोषक भई चलेको देखिन्छ । दिनानुदिन भ्रष्टाचार, कमिसन र घूसखोरीको अवस्था भयाबह हुँदै गइरहेको छ। सरकारले मुलुकमा सर्वसत्तावाद लाद्न खोजेको देखिन्छ।

राजपा नेपालको दृष्टिकोणमा समग्रमा वर्ष २०१९ मानव अधिकारको क्षेत्रमा नेपाली जनताले सुशासन र कानुनी राज्यको अवस्था महसुस गरेको देखिएन । अतः स्वतन्त्रताको अधिकार उपयोग गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा प्रचलित ऐन, कानुन र मानव अधिकारकारका लागि गरिएको कानुनी व्यवस्था अक्षरशः पालना गर्न र नेपालको संविधानको धारा १७ (१) आइसिसिपिआरको धारा ९ (१) नागरिक अधिकार ऐन, २०१२ को दफा १२, मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा २०(१) २०(२) र २१ (१), नेपालको संविधानको धारा २८, आइसिसिपिआरको धारा १७, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १०(१) र मुलुकी ऐन अ.ब. को १७२ लाई पूर्णरूपमा पालना गरी नागरिक स्वतन्त्रताको अधिकार सुनिश्चित गर्न हाम्रो पार्टीको दृष्टिकोण स्पष्ट छ।

अन्त्यमा इन्सेकले यस वर्ष पनि प्रकाशित गर्न लागेको 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२०' मानव अधिकारको क्षेत्रमा कोसेढुङ्गाका रूपमा सावित होस् भन्ने शुभ कामना व्यक्त गर्छौं।

राजेन्द्र महतो
संयोजक

अनुसूची ४

सन् २०१९ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

राष्ट्रिय मानव अधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकारको क्षेत्रमा पृथक पहिचान बनाएको छ। यस संस्थाबाट प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तकञ प्रकाशन हुँदै आएको छ। यस प्रकाशनमार्फत अधिकार र मानव अधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक हुनु सकारात्मक पक्ष हो। मानव अधिकारको सम्मानमा नै व्यक्ति वा समुदायको विकास सम्भव छ। बिनासीमा, बिनाभेदभाव, सबैका लागि, सधैँका लागि लागु हुने भएकाले यो सबैको चासो र सरोकारको विषय हो । जहाँ मानव अधिकारको सम्मान हुँदैन, त्यहाँ अराजकताको स्थिति सिर्जना हुन्छ। मानव अधिकार संस्कृतिको विकासबिना सभ्य समाजको परिकल्पना गर्न सकिँदैन । मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आयोग मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र संस्कृति विकासका लागि निरन्तर क्रियाशील रहिआएको छ। नेपालको संविधानको धारा २४९ (१) (२) (३) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ।

नेपाल मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र हो । महासन्धिका प्रावधानहरूलाई सम्बोधन गर्ने गरी नेपालको संविधान तथा कानुनमा मानव अधिकारका विषयलाई विशेष स्थान दिएको छ। ती प्रावधान कार्यान्वयनका लागि विभिन्न संयन्त्रमार्फत कार्य भइआएको छ। सङ्घीय संरचनाभित्र मुलुकमा ३ तहको सरकार सञ्चालन भइरहेको छ। संविधान कार्यान्वयनका लागि आवश्यक ऐनहरूको निर्माण निरन्तर भइरहेको छ। संविधानमा नै मानव अधिकारसम्बन्धी विषयगत संवैधानिक आयोगको स्थापना भई केही पदाधिकारी नियुक्त भएका छन्। यी र यस्ता कार्य मानव अधिकारको दृष्टिकोणबाट सकारात्मक प्रयत्न हुन्।

यी प्रयत्नका बाबजुद समग्र मानव अधिकारको अवस्था अझै सन्तोषजनक मान्न कठिन छ। शान्ति प्रक्रिया अहिलेसम्म पनि निष्कर्षमा पुग्न सकेको छैन। यसको प्रत्यक्ष मार द्वन्द्वपीडितमा पर्न गएको छ । संविधानमा उल्लिखित मौलिक हक कार्यान्वयनका लागि ऐन निर्माण गरिए पनि कार्यान्वयन हुन सक्ने अवस्था छैन । संविधानतः गठन गरिएका विषयगत आयोग र राष्ट्रिय मानव अधिकार आयोगबीचको क्षेत्राधिकारबारे प्रश्नहरू ज्युका त्युँ छन्। संविधानप्रदत्त ३ तहबीचको साझा अधिकारसम्बन्धी कानुन निर्माण हुन सकेको छैन।

सङ्घीय संरचनाअनुसार आयोगले तय गरेको आयोगको साङ्गठिनक संरचना करिब डेढ वर्षदेखि प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको छ। यसको प्रत्यक्ष प्रभाव आयोगको काम/कारबाहीमा पर्न गएको अवस्था छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न ल्याइएको विधेयकले आयोगको स्वतन्त्रता र स्वायत्ततामा प्रहार गर्ने देखिन्छ। प्रस्तावित विधेयकमा आयोगलाई केन्द्रमा खुम्च्याउने, मुद्दा चलाउने अधिकार महान्यायाधिवक्ताको तजबिजीमा रहने, आर्थिक स्वायत्ततामा अङ्कुश लगाउने प्रकृतिका प्रावधान राखिएका छन्। त्यसैगरी मिडिया काउन्सिल विधेयकमार्फत सञ्चार जगतलाई सरकारको मातहत ल्याउन खोजिएको देखिन्छ।

नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको कार्यान्वयनमा पनि उत्तिकै व्यवधान छन्। समाजमा जातीय भेदभाव अहिले पनि विद्यमान छ । स्वास्थ्य सेवामा सबैको पहुँच पुग्न नसकेको स्थिति छ । वैदेशिक रोजगारमा कार्यरत आप्रवासी कामदारहरूको अधिकार सुरक्षित हुन सकेको छैन। उनीहरूमाथि हुने श्रम शोषण, घरेलु हिंसा आदि कारण जनजीवन असहज अवस्थामा छ । बाढी र भूकम्पबाट प्रभावितहरूको अवस्था अहिले पनि दयनीय छ। सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिकहरूको विषयमा राज्यले विशेष ध्यान दिनुपर्नेमा सो हुन सकेको छैन । भ्रष्टाचारजन्य गतिविधि र सुशासन कायम हुन नसक्दा

आममानिस आक्रान्त छन् । फलतः ती वर्ग एवं समुदायका अधिकार पूर्णतः सुरक्षित हुन सकेका छैनन्।

यस आवमा पनि आयोगबाट मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि उजुरी ग्रहण, अनुगमन र अनुसन्धानलगायतका कार्य सम्पन्न भएका छन् । संवर्द्धनसम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया, छलफल आदि कार्यक्रम भएका छन् । मानव अधिकारसँग बाझिएका कानुनहरूको पुनरावलोकन भएको छ । विषयगत प्रतिवेदन, पुस्तिका र जर्नल प्रकाशन, प्रेस नोट र प्रेस विज्ञप्ति जारी हुँदै आएको छ। सञ्चार माध्यममार्फत मानव अधिकारसम्बन्धी सार्वजनिक सरोकारका सन्देशमूलक सामग्रीहरू प्रकाशन र प्रसारण भइरहेका छन् । आयोगबाट आवश्यकता र औचित्यताका आधारमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा कार्य हुँदै आएको छ।

यस आर्थिक वर्षमा आयोगले गरेको मानव अधिकारको संरक्षण र संवर्द्धनात्मकलगायतका कार्यहरूबाट विभिन्न उपलब्धि हासिल गरेको छ। यस आवमा आयोगमा जम्मा २३२ उजुरी दर्ता भएका छन्। पुराना र नयाँ गरी ६०० उजुरीमाथि अनुसन्धान र २७७ पटक अनुगमन सम्पन्न भएको अवस्था छ। आयोगबाट यस वर्ष जम्मा ८२५ उजुरीउपर निर्णय भएको छ। आयोगबाट 'सबैका लागि घर–घरमा मानव अधिकार : शान्ति र विकासको आधार' भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखेर कार्य गरेको छ।

यस वर्ष २१९ वटा संवर्द्धनसम्बन्धी कार्य भएकामा सहकार्य र समन्वयमा ५६ रहेका छन्। यस्तै मानव अधिकारसँग आबद्ध सङ्घ/संस्थाद्वारा आयोजित ४१ कार्यक्रममा स्रोत व्यक्ति/विषय विज्ञ, २७६ कार्यक्रममा विशेष अतिथि तथा अतिथि र सहभागीका रूपमा उपस्थिति जनाएको छ । आयोगबाट आन्तरिकरूपमा तालिम, गोष्ठी, अन्तर्क्रिया आदि ४८ कार्यक्रम सम्पन्न भएका छन्। यस अविधमा आयोगबाट २६ प्रकाशन, ३० प्रेस विज्ञप्ति र २३ प्रेस नोट जारी भएका छन्। यस अवधिमा आयोगबाट मानव अधिकारमैत्री कानुन निर्माणका लागि विधेयकमाथि सुझावका साथै कानुन पुनरावलोकन गरी सम्बन्धित निकायमा पठाएको थियो। यसमा सत्य निरूपण तथा बेपत्ता पारिएका व्यक्ति छानबिन आयोग ऐन, २०७१ को संशोधनका लागि प्रस्तावित विधेयक, वातावरण संरक्षणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ छन्। त्यस्तै किसानका अधिकारसँग सम्बन्धित व्यवस्थाहरू, विपद् जोखिम तथा न्यूनीकरण ऐन, २०७४, राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधन गर्ने विधेयक, २०७५ र आर्थिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि रहेका समुदायको शिक्षाको अधिकारसँग सम्बन्धित छन्।

विगत वर्षमा झैं यस आवमा पनि आयोगले मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र संस्कृति विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा रही कार्य गर्दै आएको छ। राष्ट्रिय तहमा राष्ट्रपतिको कार्यालय, नेपाल सरकार, व्यवस्थापिका संसद्, विषयगत संवैधानिक आयोग, राजनीतिक दल, नागरिक समाज, गैसस, व्यवसायिक सङ्घ/सङ्गठन आदि छन् । अन्तर्राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकाय, राजदूतावास, अन्तर्राष्ट्रिय गैसस छन्। आयोगको तर्फबाट Asia Pacific Forum of National Human Rights Institutions (APF) तथा Global Alliance of the National Human Rights Institutions (GANHRI) को आयोजनामा हुने सम्मेलन तथा बैठक कार्यक्रममा आयोगको तर्फबाट उपस्थिति साथै मानव अधिकारको विषयमा नेपालमा भएका राम्रा व्यवस्था, कार्य तथा अनुभव आदान–प्रदान भइरहेको छ। राष्ट्रिय मानव अधिकार आयोग नेपाल यसको स्थापनाकालदेखि नै निरन्तर 'क' श्रेणीमा रहिआएको छ।

उपलब्धिका बाबजुद आयोग चुनौतीरहित छैन। दण्डहीनताको अवस्था अहिले पनि विद्यमान छ। आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, कानुनी अपर्याप्तता, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन अझैं बन्न नसक्नुबाट भौतिक पूर्वाधारको अभावमा आयोगले काम गर्नुपरेको अवस्था छ । सङ्घीय संरचनाअनुसार आयोगबाट पारित साङ्गठनिक संरचना विगत डेढ वर्षदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा थन्क्याइनु, आयोगको स्वतन्त्रता र स्वायत्ततालाई चुनौती दिँदै नयाँ विधेयक छलफलमा ल्याइनुलाई विडम्बना नै मान्नुपर्छ। यी विषयलाई सकारात्मकरूपमा सम्बोधन गर्न आयोगले सरकार एवम् सरोकारवालाहरूलाई घच्च्याइरहेको छ। यी उपलब्धि र चुनौतीका बीच आयोग संविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित

भई विगतबाट अनुभव हासिल गर्दै अफ्ना काम/कारबाहीलाई समयानुकूल अगाडि बढाउन निरन्तर क्रियाशील रहिआएको छ।

यी उपलब्धि र चुनौतीबीचबाट अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । आवश्यकताअनुसार समन्वय र सहकार्यले मानव अधिकारका सम्मान, संरक्षण र परिपालनामा टेवा पुग्छ। यसको लागि आयोग सदैव तत्पर रहिआएको छ। अन्त्यमा, म पुनः यस सराहनीय कार्यका लागि इन्सेक परिवारलाई शुभकामनासहित धन्यवाद व्यक्त गर्छु।

वेदप्रसाद भट्टराई
सचिव/प्रवक्ता

राष्ट्रिय महिला आयोग

नेपालको संविधान २०७२ ले लैङ्गिक विभेद अन्त्य गर्ने सङ्कल्पसहित महिला हक सुनिश्चित गर्दै महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक र राज्यका सबै निकायमा समानुपाति समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलगायत थुप्रै हक अधिकारको व्यवस्था गरेको छ । राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायका रूपमा स्थापित गरिएको छ।

राष्ट्रिय महिला आयोग २०५८ सालमा स्थापना हुँदा महिलाको हक, अधिकारको संरक्षण र संवर्द्धन गर्दै लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक समानता कायम गर्ने उद्देश्य लिएर भएको थियो। आयोगले संवैधानिक मान्यता प्राप्त गरेसँगै देशको आधा जनसङ्ख्यामा रहेका महिलासँग आयोगको सहकार्य पछिल्लो समय निकै गहन र व्यापक हुँदै गएको छ।

आयोगले महिला हिंसा न्यूनीकरण, महिला सशक्तीकरण, सिप विकास, जनचेतना अभिवृद्धिलगायतका क्षेत्रमा अनगुमन तथा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसका साथै आयोगले आफ्नो प्रतिवेदनमार्फत नेपाल सरकारलाई सुझावहरूसमेत दिँदै आएको छ। आयोगको प्रदेश र स्थानीय तहगत संरचना स्थापित गरेर संवैधानिक जिम्मेवारी र दायित्वलाई अझ विस्तार गर्ने लक्ष्य रहे तापनि सरकारले स्थापनार्थ निर्णय नगरिदिँदा सो स्थापना कार्यमा केही ढिला हुन गए तापनि विगतका स्थानीय यथार्थ अवस्था र समस्याहरूको सम्बोधन गर्ने, महिला हक अधिकार प्रवर्द्धन गर्ने र विशेषतः महिला हिंसा रोकथाम र महिला अधिकार सुरक्षाका लागि विभिन्न कार्य गर्दै विभेद न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

आयोगले संवैधानिक, कानुनी र प्रशासनिक विषयहरूबारे सरोकारवालालाई सुसूचित गर्दै आएको छ। यसबाट स्थानीय तहका जनप्रतिनिधिलाई महिलाको हक/हितका विषयमा जानकारी गराउने अवसर प्राप्त भएको छ। सेवाग्राहीहरूलाई पनि महिला आयोग र यसले प्रदान गर्ने सेवाबारे जानकारी दिलाउन सकिएको छ। आयोगले महिला हिंसा न्यूनीकरण र सुरक्षा तथा रोकथामका लागि विगत ३ वर्षदेखि आयोगकै परिसरभित्र हेल्पलाइन सेवा सञ्चालन गर्दै आएको छ। यसले गर्दा हिंसापीडित महिलाले आफ्ना समस्या तथा गुनासो टेलिफेन नम्बर ११४५ मार्फत राख्न पाएका छन् । उनहरूलाई यस सेवाबाट सन्तुष्ट हुने अवसर मिलेको छ। यस सेवालाई प्रदेशस्तरमा विस्तार गर्नुपर्ने सुझावसमेत पाइएको छ। यसलाई आयोगले निरन्तरता दिन प्रयास गर्नेछ।

लामो समयदेखि पदाधिकारीविहीन वर्तमान अवस्थामा पनि प्रशासकीय नेतृत्वबाट आयोगको जिम्मेवारी पूरा गर्न र भूमिका वृद्धि गर्न सक्दो प्रयास हुँदै आएको छ। यस्तो प्रयासले भविष्यमा निरन्तरता पाउने नै छ। आयोग महिला अधिकार प्रवर्द्धन तथा महिला हिंसा रोकथाम र सुरक्षाका क्षेत्रमा कार्यरत सबै क्षेत्र र सङ्घ/संस्थासँग समन्वय र सहकार्य गर्न इच्छुक छ।

राष्ट्रिय महिला आयोगमा दर्ता हुने हिंसाका घटनाका साथै देशभरि नै महिला हिंसाको सङ्ख्या वृद्धि भएको छ। मानव अधिकार वर्ष पुस्तकले हरेक वर्ष मानव अधिकार उल्लङ्घनका घटना उजागर गरेर सबै निकायलाई झक्झकाउने प्रयास गर्दै आएको छ। यो काम एकदमै सराहनीय छ। आगामी दिनमा मानव अधिकार उल्लङ्घनका साथै महिलाविरुद्ध हुने हिंसाहरूमा कमी होस् भन्ने राष्ट्रिय महिला आयोगको चाहना छ।

दीपेन्द्र काफ्ले
सचिव

मधेसी आयोग

२०१९ को मानव अधिकार स्थिति सम्बन्धमा यस संवैधानिक आयोगले आफ्नो ६ महिने यात्राका क्रममा सामाजिक, आर्थिक, सांस्कृतिक तथा नागरिक सम्बन्धमा समन्वय र सहकार्यका लागि कार्य गर्दै आएको छ। मधेसी समुदायको इतिहास र संस्कृतिको

पहिचान, हक/हितको संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि अहोरात्र ऐन र विधानअनुसार काम गर्दै आएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा यो समुदाय सनातनदेखि नै सुसम्पन्न भए तापनि केही अन्धविश्वास, कुरीति तथा सामाजिक न्यायलाई उचितरूपमा सुसम्पादन गर्न सकेको छैन।

यो संस्थासँग पनि आयोगको ऐनअनुसार समन्वय र सहकार्य गर्दै मुलुकको चौतर्फी विकास, सुशासन र समृद्धिका लागि कार्य गर्ने नै छ भनी जानकारी गराउन चाहन्छु। पर्यावरणीय समस्या अहिले धेरै जटिल हुँदै गएकाले यसतर्फ पनि यहाँको संस्थाको ध्यान जाओस् भनी आग्रह गर्छु।

नीलकुमार फुयाल
ना.सु.

नेपाल बार एसोसिएसन

इन्सेकले सन् १९९२ देखि नियमितरूपमा नेपालको मानव अधिकारको स्थिति सम्बन्धमा अध्ययन/अनुगमनका माध्यमबाट सार्वजनिकीकरण गरिँदै आएको मानव अधिकार वर्ष पुस्तक समग्र मानव अधिकारको प्रस्ट सिङ्गो ऐनाका रूपमा चित्रित रहेको पाइन्छ।

बलात्कारलगायतका महिलाविरुद्ध हिंसाका घटनाहरू न्यूनीकरण भएका छन् तापनि जघन्य अपराधका रूपमा केही घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान गरी हिंसापीडित महिलालाई परिपुरणसहितको पुनर्स्थापना हुनुपर्नेमा हुन नसकेको देखिन्छ । महिलाका अधिकार सुनिश्चित गर्न तथा महिलाविरुद्धको हिंसा अन्त्यका लागि ठोस रणनीतिक योजना बन्न नसकेको देखिन्छ।

२०७५ साल भदौ १ गतेबाट पुरानो मुलुकी ऐनलाई प्रतिस्थापन गर्दै देवानी तथा फौजदारी संहिता जारी गरेको सन्दर्भमा नेपालमा मानव अधिकार संरक्षण र संवर्द्धनमा महत्वपूर्ण टेवा देखिन्छ। यी संहिताले मानव अधिकारका धेरै विकसित सिद्धान्तलाई आत्मसात गरेको भए तापनि कतिपय विषयमा अझै पनि अन्तर्राष्ट्रिय मान्यताबमोजिम परिमार्जन तथा संशोधन गर्नका लागि सन्तोषजनक कार्य भएको देखिएको छैन।

पर्याप्त आवासको अधिकार, सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग, श्रमिकको अधिकार, यातना तथा दुर्व्यवहार, सङ्क्रमणकालीन न्याय, दण्डहीनता र विभेदलगायतका विषयमा नेपाल सरकारको ध्यान नपुगेको विषयमा अन्तर्राष्ट्रियस्तरका विभिन्न निकायले सचेतसमेत गराएको सन्दर्भमा मुलुकमा मानव अधिकार उल्लङ्घनको कारक नै उल्लेख गरी प्रतिवेदन सार्वजनिक भएका छन् । यस्ता प्रतिवेदनमा राज्य पक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा पुरानै शैली देखिएको उल्लेख गरिएको छ। सशस्त्र द्वन्द्वका घटनालाई यथोचित सम्बोधन नगरिनुले नेपालको मानव अधिकारको स्थिति कतै नकारात्मक विन्दुतर्फ उन्मुख भएको त छैन भन्ने शङ्काको सुविधा हामी सबैलाई प्राप्त भएको छ।

शान्ति प्रक्रियाको लामो समयसम्म पनि सङ्क्रमणकालीन न्याय प्रक्रियाको टुङ्गो लाग्न नसक्नु, जातीय भेदभाव कायमै रहनु, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनु, पीडितको न्यायमा पहुँच सहजरूपमा सुनिश्चित हुन नसक्नु, प्रहरी हिरासतमा हुने यातना, दश वर्षे सशस्त्र द्वन्द्वपीडितले हालसम्म पनि न्याय र परिपूरण प्राप्त गर्न नसक्नु, सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरी उजुरी मात्र सङ्कलन गरी अन्य काम तथा घटनाको छानबिन गर्न नसक्नुले नेपालमा मानव अधिकारको स्थिति अब्बल छ भन्न सकिने अवस्था छैन।

संविधानप्रदत्त मौलिक हक विपरीत राजनीतिक दलका नेता, पत्रकार, विद्यार्थीलाई विचार र आस्थाकै भरमा झुटा मुद्दा चलाउने, गैरकानुनी थुनामा राख्ने र सम्मानित सर्वोच्च अदालतसमेतबाट बन्दी प्रत्यक्षीकरणको आदेश जारीपश्चात पनि अदालत परिसरबाट पटकपटक पक्राउ गरिने कार्यले मानव अधिकार र कानुनी शासनको उपहास भएको, त्यस्तो कार्यमा संलग्न अधिकारीहरूलाई उत्तरदायी बनाउन नसकेको, राजनीतिक दलका कार्यकर्ता कुमार पौडेलको सर्लाहीमा भएको हत्यामा संलग्नहरूलाई कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएको सिफारिस कार्यान्वयन नभएकोमा नेपाल बार एसोसिएसनले डिसेम्बर १० मा बुटवलमा भएको राष्ट्रिय सम्मेलनबाट घोषणापत्र नै जारी गरेको प्रसङ्गसमेत यहाँ उल्लेख गर्न वाञ्छनीय देखिन्छ।

संविधानले स्वीकार गरेका कानुन व्यवसायीको अधिकारको पूर्णतः सम्मान गर्नुपर्ने र सुनुवाइको हरेक तहमा अर्थात अनुसन्धानदेखि सजाय निर्धारणसम्म कानुन व्यवसायीको प्रभावकारी प्रतिनिधित्व अनिवार्य हुनुपर्ने व्यवस्था सुनिश्चित गर्न आवश्यक प्रबन्ध गर्नका लागि आगामी वर्षका गतिविधि लक्षित हुने कुरामा विश्वास राख्छ।

सन् २०१९ को अन्त्यसँगै वैयक्तिक स्वतन्त्रता, स्वतन्त्रपूर्वक भेला हुन पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार, प्रेस स्वतन्त्रतासमेतका विषयमा अङ्कुश लगाउने धेयका साथै केही विधेयक तर्जुमा तथा प्रस्तुत भएका जानकारीमा आएका हुँदा यस्ता किसिमका विधेयक कानुनका रूपमा कार्यान्वयन भई हाम्रासामु आएमा पक्कै पनि नेपालमा मानव अधिकारको दुष्टिबाट शोभनीय देखिँदैन भने संवैधानिक हक अधिकारमा समेत अङ्कुश लाग्छ भन्ने नेपाल बार एसोसिएसनको धारणा छ।

राज्यको कानुनको पालना सबै नागरिकले गर्नुपर्छ। जो/कोही व्यक्तिले पनि कानुनद्वारा निषेधित कार्य गरेमा कानुनबमोजिम अनुसन्धान गर्ने, मुद्दा दायर गर्ने कुरामा कसैको विमति रहन सक्दैन । कसुर/अपराधजन्य कुरामा संलग्न नभएको, आफ्नो व्यावसायिक काम फिराद तथा प्रतिउत्तर प्रमाणित गरेको तथा नियमावली प्रमाणित तथा कागजात प्रमाणित गरेकै आधारमा कानुन व्यवसायीहरूलाई सरोकारवाला बनाइ मुद्दा दायर गर्नेसम्मका कार्य यस वर्ष हुन पुग्यो जो ज्यादै भर्त्सनायोग्य कार्य भएको नेपाल बार एसोसिएसनको ठहर रहेको छ।

अन्त्यमा, मानव अधिकार रक्षाको कार्य कुनै एक व्यक्ति/एक निकाय/सरकारबाट मात्रै सम्भव नहुने हुँदा मानव अधिकारको उच्चतम सम्मानका लागि प्रत्येक तह, तप्का र प्रत्येक नागरिक आफैँ जागरुक भई लाग्नुपर्ने अवस्था विद्यमान छ।

लीलामणि पौडेल
महासचिव

गृह मन्त्रालय

क. आर्थिक वर्ष २०७५/२०७६

१. आर्थिक वर्ष २०७५/२०७६ को स्वीकृत वार्षिक विकास कार्यक्रमअन्तर्गत देशका सात ओटै प्रदेशका १/१ जिल्लामा सञ्चालन गर्नुपर्ने मानव अधिकार प्रवर्धनसम्बन्धी गोष्ठी/अन्तरक्रिया कार्यक्रमहरू प्रदेश १ को उदयपुर, प्रदेश २ को सिरहा, बागमती प्रदेशको दोलखा, गण्डकी प्रदेशको स्याङ्जा, प्रदेश ५ को दाङ, कर्णाली प्रदेशको मुगु र सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा गरेको । यसका अतिरिक्त झापा जिल्लामा थप एक गोष्ठी/अन्तरक्रिया कार्यक्रमसमेत सम्पन्न भएको।

२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (अनुबन्ध) International Convenant on Civil and Political Rights (ICCPR) को आवधि प्रतिवेदन तयार गर्ने कार्यअन्तर्गत प्रतिवेदन तयारी मूल समिति र उपसमिति गठन भई प्रारम्भिक कार्य सुरुवात गरिएको।

३. Convention Against Torture (CAT) सम्बन्धी तेस्रो, चौथो, पाँचौँ, छैटौँ र सातौँ आवधिक प्रतिवेदन तयार गरी संयुक्त राष्ट्र सङ्घमा पठाउने प्रयोजनका लागि नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रतिवेदनसहित प्रस्ताव पेश गरिएको।

४. बहुराष्ट्रिय सङ्गठित अपराधविरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिअन्तर्गत मानव बेचबिखन खासगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख २,००० (Palermo Protocol) मा नेपालले सम्मिलन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृति लिने कार्य सम्पन्न गरी संसद्को अनुमोदनका लागि सङ्घीय संसद् सचिवालयमा प्रतिवेदनसहित प्रस्ताव दर्ता भएको।

५. मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनामा संलग्न दोषीहरूउपर कारबाही हुन र पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत वा सोझै राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय/निर्देशन भई आएबमोजिम मानव अधिकार उल्लङ्घन घटनाका दोषीउपर कारबाहीका लागि सम्बन्धित मातहत निकायहरूमा पठाएको र पीडितलाई स्वीकृत मापदण्डको परिधिभित्र रही निकाशा भएबमोजिमको क्षतिपूर्ति उपलब्ध गराइएको।

ख. आर्थिक वर्ष २०७६/२०७७ को पुस मसान्तसम्म

१. आर्थिक वर्ष २०७६/२०७७ को स्वीकृत वार्षिक विकास कार्यक्रमअन्तर्गत देशका सात ओटै प्रदेशका १/१ जिल्लामा सञ्चालन गर्नुपर्ने मानव अधिकार प्रवर्धन गोष्ठी/अन्तरक्रिया कार्यक्रमहरूमध्ये प्रथम चौमासिक अवधि प्रदेश १ को खोटाङ जिल्लामा २०७६ कात्तिक महिनामा र प्रदेश ५ को अर्घाखाँची जिल्लामा २०७६ पुसमा

सम्पन्न गरिएका साथै बाँकी पाँच ओटा कार्यक्रमहरू पनि यसै आर्थिक वर्षभित्र सञ्चालन गरिने लक्ष्य रहेको।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत पेश हुने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र International Convenant on Civil and Political Rights (ICCPR) को गृह मन्त्रालयद्वारा तयार गरिएको आवधिक प्रतिवेदनको मस्यौदाउपर विभिन्न संवैधानिक निकाय, मन्त्रालय, कार्यालय तथा सङ्घ/संस्थाहरूबाट राय/प्रतिक्रिया लिने कार्य भइरहेको र यसलाई छिटै नै अन्तिम रूप दिने तयारीमा रहेको।

३. मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनामा संलग्न दोषीहरूउपर कारबाही हुन पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत वा सोभैं राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय/निर्देशन भई आएबमोजिम क्षतिपूर्ति उपलब्ध गराउने गरिएको।

चन्द्रप्रसाद बस्याल
शाखा अधिकृत

नेपाली सेना

१. नेपाली सेना नेपालको संविधान, कानुन तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डमा राज्यले व्यक्त गरेको प्रतिबद्धताबमोजिम मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सर्वमान्यतालाई पूर्णरूपमा पालना गर्न सदैव प्रतिबद्ध छ।

२. नेपाली सेनालाई आधुनिकीकरण गर्ने तथा व्यावसायिक सेनाका रूपमा विकास गर्दै लैजाने लक्ष्यअनुरूप नेपालको संविधान र सैनिक ऐन, २०६३ बाट निर्दिष्ट भएको प्रावधानबमोजिम नेपाली सेनामा सञ्चालन हुने सबै तालिममा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषय समावेश गरी सकल दर्जाहरूलाई प्रशिक्षत गराउँदै आइरहेको छ।

३. श्री प्रधानसेनापतिज्यूको कमान्ड मार्गनिर्देशन कार्यान्वयनका सन्दर्भमा नेपाली सेनाका सकल दर्जाहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा जानकारी गराउन प्रत्येक ३/३ महिनामा एक पटक सबै युनिटमा कक्षा सञ्चालन गर्ने निर्देशन भएबमोजिम सोसम्बन्धी विषयमा कक्षा सञ्चालन गरी हालसम्म करिब ४२ हजार ५ सय ३३ जना सैनिक व्यक्तिहरूलाई प्रशिक्षित गराइएको।

४. नेपाली सेना र International Committee of Red Cross (ICRC) को सहकार्यमा २०७६ मङ्सिर महिनामा Advance Level sf] Law of Armed Conflict (LOAC) तालिम सञ्चालन भएको।

५. नेपाली सेनाको सबै तालिम पाठ्यक्रममा मानव अधिकारसम्बन्धी विषय अनिवार्यरूपमा समावेश गरिएको हुँदा नेपाली सेनाका शतप्रतिशत सकल दर्जाहरू मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा प्रशिक्षित भइसकेका छन्।

६. अन्त्यमा, मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा क्रियाशील संस्थाको प्रगतिको कामना गर्दै मानव अधिकार वर्ष पुस्तक २०२०ञ प्रकाशित हुन लागेको सन्दर्भमा नेपाली सेना शुभकामना व्यक्त गर्छ।

महेन्द्रजङ्ग शाह (पिएचडी)
प्राड महासेनानी, नि. निर्देशक

नेपाल प्रहरी

राज्यले नागरिकको मानव अधिकार रक्षाका लागि विभिन्न क्रियाकलाप अख्तियार गरेसँगै मानव अधिकारका मूल्य/मान्यता र स्थापित सिद्धान्तलाई संविधानको मौलिक हकमा समावेश गरेर त्यसको प्रभावकारी कार्यान्वयनबाट सुशासन र समृद्धि हासिल गर्ने सिलसिलामा नागरिकका मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि नेपाल प्रहरीलाई अग्रणी भूमिका प्रदान गरेको छ। यसै सन्दर्भमा विभिन्न प्रवर्द्धनात्मक तथा सूचनात्मक क्रियाकलापद्वारा मानव अधिकारको संरक्षण र परिपूर्तिको नेपाल प्रहरीको दायित्वमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको छ।

मानव अधिकारको संरक्षण, प्रवर्धन र परिपूर्ति गर्ने सिलसिलामा नेपाल प्रहरीले नागरिकलाई आफ्ना

अधिकारहरूको निर्वाध उपभोग गर्ने वातावरण निर्माण गराउन विभिन्न Proactive and reactive approach अवलम्बन गरेको छ। कानुनको सम्मानपूर्वक पालना गर्ने/गराउने वातावरण भएमा मात्रै अधिकारको निर्वाध उपभोग र कर्तव्यको पालना सम्भव हुन्छ। यसका लागि नेपाल प्रहरीले आफूलाई सदैव चुस्त, प्रभावकारी र तत्पर राख्दै साझेदार, सङ्घ/संस्था अधिकारकर्मी तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँगको सहकार्य र समन्वयलाई उच्च प्राथमिकतामा समेत राखेको छ।

नागरिकका अधिकारहरू स्थापित र उपभोग गराउने कार्यलाई सीमित मानव स्रोत र भौतिक स्रोतले निश्चय पनि चुनौतीपूर्ण बनाउँछ। त्यसमाथि सूचना, सञ्चार र सञ्जालमा रमाउने नयाँ पुस्ता र उनका असीमित आवश्यकता र चाहनाले यो कार्य थप चुनौतीपूर्ण बन्दै गएको छ। यस्तो परिवेशमा नागरिकका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्न र यस्तो कार्य सम्पादन गरिरहँदा आफूबाट समेत मानव अधिकारको मूल्य/मान्यता र सिद्धान्तलाई उदाहरणीयरूपमा अवलम्बन गर्न तथा मानव अधिकार उल्लङ्घन हुन नदिन प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा २०५९ माघ २ गते 'मानव अधिकार उल्लङ्घन अनुगमन इकाइ' को स्थापना भएको हो। समग्र प्रहरी सङ्गठनलाई नै मानव अधिकारमैत्री बनाउने लक्ष्यका साथ प्रदेशस्तरमा मानव अधिकार शाखा र प्रत्येक जिल्ला प्रहरी कार्यालयमा सम्पर्क अधिकृतको व्यवस्था गरेर अनुगमन, अनुसन्धान, तालिम तथा सजाय र पुरस्कारको माध्यमबाट प्रहरी कर्मचारीबाट हुन सक्ने मानव अधिकार उल्लङ्घनलाई निरुत्साहित गर्दै नागरिकका अधिकार संरक्षणलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले मानव अधिकार उल्लङ्घनमा Zero Tolerance को नीति अख्तियार गरेको छ।

मानव अधिकारको संवेदनशीलतालाई उच्च प्राथमिकतामा राखेर यसको कार्यान्वयनको प्रभावकारी प्रतिफल प्राप्त गर्न नेपाल प्रहरीले संरक्षण, सम्बर्द्धन/प्रवर्द्धन र परिपूर्तितर्फ गत आर्थिक वर्षमा निम्नबमोजिम कार्य सम्पादन गरेको छ :

१. मानव अधिकार संरक्षणतर्फ

(क) सुरक्षा र संरक्षण

आफ्नो अधिकारको प्रयोग अन्य व्यक्तिको अधिकारको हनन् नहुने गरी हुनुपर्ने, कानुनले तोकेबमोजिमको क्रियाकलाप मात्र गर्नुपर्ने, मानव अधिकारको सिद्धान्तअनुरूप समाजमा शान्ति सुरक्षा तथा सार्वजनिक मर्यादालाई अक्षुण राख्न प्रहरी अहोरात्र कर्तव्यरत रहँदै पीडितको सुरक्षा, साक्षीको सुरक्षा, महिला तथा बालबालिका संरक्षण, असहाय तथा सडकमा अलपत्र वृद्ध/बालबालिकाको उद्धारका साथै विपद्को समयमा उद्धार तथा अन्य व्यवस्थापन गरी नागरिकलाई सबै परिस्थिति र अवस्थाहरूमा सुरक्षा र संरक्षण प्रदान गरिएको।

(ख) कार्यान्वयन

अदालतबाट प्राप्त निर्देशन/निर्णय तथा आदेश कार्यान्वयन गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन तथा आवश्यक अनुसन्धान एवम् छानबिन गरी भइआएका आदेशहरूको कार्यान्वयन गर्नुका साथै मातहत कार्यालयहरूलाई प्रहरी प्रधान कार्यालयबाट मानव अधिकारका सिद्धान्त कार्यान्वयन सम्बन्धमा समेत यथोचित निर्देशन गरेको। यसरी अतिरिक्त प्रहरी कार्यालयहरूका लागि विशेष प्रशिक्षणलाई प्राथमिकतापूर्वक सञ्चालन गरिएको।

(ग) उजुरी छानबिन तथा अनुसन्धान

टेलिफोन, इमेल, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक मिडियामार्फत गुनासो गर्न सक्ने प्रावधान मिलाइएको साथै प्रहरी एकाइहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको । प्राप्त उजुरी, अन्यत्रबाट प्राप्त सिफारिस, पत्रपत्रिका तथा अन्य विविध स्रोतबाट प्राप्त सूचनाका आधारमा अनुसन्धान, छानबिन तथा दोषी देखिएमा प्रहरी कर्मचारीलाई विभागीय कारबाही गर्ने गरिएको। साथै, आ. व. २०७५/०७६ मा ६३ जना गरी हालसम्म ७८० जना प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिएको।

(घ) अनुगमन

यस इकाइ, प्रदेशस्थित मानव अधिकार शाखा तथा जिल्लास्थित सम्पर्क अधिकृतहरूबाट समय/समयमा विषयवस्तु तथा घटनाक्रमको गाम्भीर्यलाई आधार मानी विभिन्न एकाइका थुनुवा गृह, मुद्दाको अनुसन्धान प्रगति, Principle of Rule of Law को अनुशरण, Doctrine of Fair Trail को अवलम्बन तथा गुनासो सुनुवाइको अवस्था, मानव

अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको प्रगतिबारे अनुगमन गर्ने गरिएको । अनुगमनको दौरान प्रहरी एकाइहरूलाई स्थानीयताका आधारमा सेवा प्रवाहलाई थप मानव अधिकारमैत्री एवम् पीडितमैत्री बनाउन प्रोत्साहन गर्दै निर्देश दिने गरिएको ।

(ङ) अपराध रोकथाम

प्रभावकारी अनुसन्धान गरी दोषीलाई निरुत्साहित गर्दै अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकार संरक्षण गरिएको ।

(च) Human Rights Vetting

वैदेशिक तालिम, युएन शान्ति मिसन, कर्मचारी कल्याण सुविधा, सरुवा, बढुवा, पदक तथा पुरस्कार प्रदान गर्दा वा अन्य अवसर दिँदा मानव अधिकार उल्लङ्घन गरे/नगरेको Vetting गर्ने गरिएको । मानव अधिकारको संवेदनशीलतालाई उच्च प्राथमिकतामा राख्दै मानव अधिकार र मानवीय कानुन उल्लङ्घनमा सजाय नपाएको हुनुपर्ने गरी प्रहरी कर्मचारी नयाँ भर्ना छनोटको चरणमा नै आवेदन फारमको बुँदा नं. ५(३) मा प्रावधान राखिएको ।

२. मानव अधिकार प्रवर्द्धनतर्फ

नागरिकको मानव अधिकारको संरक्षण, संवर्द्धन तथा परिपालनालाई प्रभावकारी बनाउँदै प्रहरी कर्मचारीबाट समेत कर्तव्य पालनाको सिलसिलामा मानव अधिकार उल्लङ्घन हुन नदिन सरकारी निकायहरू, सरोकारवाला निकाय गैरसरकारी संस्थाहरू, अधिकारकर्मी, कानुन व्यवसायी, पीडित, साक्षी, अन्य सम्बन्धित व्यक्ति तथा सङ्घ/संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने गरिएको ।

(क) तालिम

समग्र प्रहरी सङ्गठनलाई मानव अधिकारमैत्री बनाउँदै नागरिकको अधिकार सुरक्षित गर्न प्रहरी कर्मचारीलाई दक्ष, प्रतिबद्ध एवम् व्यावसायिक बनाउन सम्पूर्ण आधारभूत तथा उन्नत तालिमको पाठ्यक्रममा मानव अधिकार विषयमा अनिवार्य गरिएको । नेपाल प्रहरीभन्दा बाहिरबाट राष्ट्रिय मानव अधिकार आयोग, सरकारी वकिल, कानुनविद्, शिक्षण पेशामा आबद्ध, विषय सम्बन्धित दक्ष विशेषज्ञहरूबाट समेत प्रशिक्षण प्राप्त गरी सि.प्र.अ./जु.प्र.अ. का लागि पाँच दिने तथा प्र.ह./प्र.ज. का लागि तीन दिने मानव अधिकार उन्नत तालिम दिने गरिएको । चालु आ. व. मा ६० जना तथा हालसम्ममा जम्मा २०३८२ जना प्रहरी अधिकृत तथा जवानलाई मानव अधिकार तालिम प्रदान गरिसकिएको ।

(ख) प्रोत्साहन तथा पुरस्कार

प्रहरी कर्मचारीलाई मानव अधिकारका मूल्य र मान्यताप्रति अझ बढी संवेदनशील भई कार्य गर्न तालिमका अलावा वृत्ति विकासका अवसरहरू, यु.एन. मिसन, सम्मान कदरपत्र तथा पुरस्कारद्वारा प्रोत्साहन गर्ने गरिएको । चालु आर्थिक वर्षमा २५८२ जना प्रहरी कर्मचारीलाई पुरस्कृत गरिसकिएको ।

(ग) विविध कार्यक्रम सञ्चालनतर्फ

समुदाय–प्रहरी साझेदारी कार्यक्रममार्फत देशभर स्थानीय निकाय र सरोकारवाला निकायसहित सम्मिलित २४५४३ वटा समिति गठन गरी स्थानीय निकाय तथा सरोकारवालाहरूको सहकार्यमा जम्मा ६६,५३१ वटा कार्यक्रम सम्पन्न गरी सचेतना गरिएको । यसबाट ९८,१०,५६७ आमनागरिक लाभान्वित भएका । छाउपडी, बोक्सीको आरोप, दाइजो, छुवाछूत जस्ता विकृतिविरुद्ध कार्यक्रमहरू गर्नुका साथै स्कुल तथा समुदाय सचेतना शिक्षा कक्षा सञ्चालन गरिएको । प्रहरी मेरो साथी, टोल टोलमा प्रहरी, प्रहरी–नागरिक हातेमालो, Service with Smile कार्यक्रम, ट्राफिक सप्ताह सचेतना जस्ता कार्यक्रमको माध्यमबाट सधैँ जनतामाझ रहेको ।

३. मानव अधिकार परिपूर्तितर्फ

(क) उपलब्ध सीमित भौतिक तथा मानव स्रोतको उच्चतम प्रयोग गर्दै प्रभावकारी अनुसन्धानको माध्यमबाट पीडितलाई राहत/क्षतिपूर्ति एवम् पीडकलाई कसुरको दायित्व बहन गराउँदै नागरिकको हनन भएका अधिकार परिपूर्तितर्फ सफलता मिलेका कारण नेपाल प्रहरी गत वर्षमा थप विश्वसनीयता बढाउन सफल भएको छ ।

पीडक जस्तोसुकै हैसियतको भए तापनि कानुनी कारबाहीको दायरामा ल्याएका कारण आर्थिक अपराधको अनुसन्धानमा सम्पत्ति शुद्धीकरण विभाग, Financial Intelligence Unite (FIU) र नेपाल प्रहरीको बीचमा जटिल प्रकृतिका मुद्दाहरू अनुसन्धानमा नेपाल प्रहरी सहभागी हुने गरी मिति २०७६ पुस १६ गते र

वैदेशिक रोजगार अपराधको अनुसन्धानमा श्रम विभाग र नेपाल प्रहरीको बीचमा मुद्दाहरूको अनुसन्धानमा नेपाल प्रहरी सहभागी हुने गरी मिति २०७६ पुस २७ गते नेपाल प्रहरीको मानव बेचबिखन ब्युरोसँग समझदारी भएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट ललिता निवास जग्गा प्रकरण जस्तो उच्च प्राथमिकताको मुद्दाको अनुसन्धान गर्न जिम्मेवारी दिइएको । साथै उच्च महत्वका मुद्दाहरू रौतहट हत्या प्रकरण तथा रोशनी शाही मामिलामा समेत प्रभावकारी प्रहरी कार्यद्वारा अधिकार परिपूर्तितर्फ नेपाल प्रहरीले थप विश्वसनीयता प्राप्त गरेको।

(ख) सम्मानित अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक/अर्धन्यायिक निकायहरूबाट भएका निर्णय/फैसलाहरूको तत्काल प्रभावकारी फैसला कार्यान्वयन गरिएको।

अतः नेपाल प्रहरी र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सहकार्य आगामी दिनमा अझ बढी प्रगाढ र फलदायी हुनेछ भन्ने अपेक्षासाथ मानव अधिकारको संरक्षण र परिपूर्तिको क्षेत्रमा मानव अधिकार प्रवर्धन कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई प्रभावकारी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्छौं।

शैलेश थापा क्षत्री
प्रहरी नायव महानिरीक्षक

सशस्त्र प्रहरी बल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा विगत लामो समयदेखि मानव अधिकार, सामाजिक न्याय, महिला तथा बालबालिकाको उत्थान, जातीय विभेद न्यूनीकरण, बेपत्ता पारिएका व्यक्तिहरूको पैरवी, प्रवासी कामदारहरूको हक/हित, दलित तथा वादी समुदायको उत्थान जस्ता क्षेत्रमा निरन्तर योगदान पुऱ्याउँदै आएको पाइएको छ। यस्तै गरेर मानव अधिकार उल्लङ्घन घटनाहरूका सन्दर्भमा द्वन्द्वपीडितहरूको हक/हित, न्याय तथा परिपूरणमा सहज पहुँच प्राप्तिका लागि इन्सेकले विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस्तै कार्यक्रमहरूको निरन्तरतास्वरूप संस्थाद्वारा वार्षिक गतिविधिहरू समावेश गरिएको मानव अधिकार वर्ष पुस्तक २०२० प्रकाशनले मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा उल्लेखनीय आयाम थपिँदै जाने विश्वास गरेका छौं।

नागरिकको संविधानप्रदत्त मौलिक हक/अधिकार संरक्षणका लागि मानव अधिकार संवर्द्धन र प्रवर्धनका क्षेत्रमा आ नो व्यावसायिक दक्षताको विकास गराउँदै राज्यप्रदत्त कानुन पालन गर्न सशस्त्र प्रहरी बल, नेपाल कटिबद्ध छ । मानव अधिकार संरक्षणमा प्रभावकारिता ल्याउन यस सङ्गठनले मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ।

राज्यमा शान्ति सुव्यवस्था कायम गर्ने सन्दर्भमा कानुन कार्यान्वयन गराउन बल प्रयोग गर्दा अनुचित बल प्रयोग नहोस् भन्ने हेतुले सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरूलाई संयुक्त राष्ट्रसङ्घको 'बल प्रयोगसम्बन्धी सिद्धान्त' मा आधारित रही प्रशिक्षण गराउदै आएको र साथै यस बलमा सञ्चालन हुने सबै प्रकारका तालिममा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयवस्तु अनिवार्यरूपमा समावेश गरी तालिम प्रदान गरिँदै आइरहेको छ। मानव अधिकार संरक्षण र संवर्द्धन गर्न एवं व्यवहारमा ढाल्न विविध प्रवर्द्धनात्मक गतिविधिहरू अगाडि बढाउनुका साथै मानव अधिकारसँग सम्बन्धित सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरूसँग समन्वय र सहकार्य गरी विभिन्न कार्यशाला गोष्ठी सञ्चालन गर्दै आइरहेको छ।

मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि सशस्त्र प्रहरी बल, नेपालले समय/समयमा मानव अधिकारसम्बन्धी विविध पक्षहरू समेटी जानकारीमूलक हातेपुस्तिका प्रकाशन गरी वितरण गर्दै आइरहेको र सो कार्यलाई निरन्तरता दिँदै हाल मानव अधिकार हाते पुस्तिका २०७६ प्रकाशन गरी सशस्त्र प्रहरी कर्मचारीहरूलाई वितरण गरिएको छ।

अन्तमा, मानव अधिकार स्थितिबारे सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा वार्षिकरूपमा प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तक २०२० को सफलताको कामना गर्दै नागरिकको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस संस्थाले सदैव महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्छौं।

विदुर खड्का
सशस्त्र प्रहरी उपरीक्षक

नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका साथै मानव अधिकारको क्षेत्रमा पनि क्रियाशील संस्था हो । यस परिप्रेक्ष्यमा मानव अधिकारको संरक्षण र वकालत गर्ने अन्य संस्थाहरूको पहललाई पनि महासंघ सम्मान गर्दछ। मानव अधिकारको उल्लङ्घनका तथ्याङ्कहरू सङ्कलन गर्दै मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्ने कार्यमा सराहनीय भूमिका निर्वाह गर्दै आइरहेको इन्सेकले विगतझै यस वर्ष पनि मानव अधिकार उल्लङ्घनका तथ्याङ्कहरू समेटेर 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२०' प्रकाशन गर्न लागेकोमा शुभकामना दिन चाहन्छु।

यस सन्दर्भमा नेपाल पत्रकार महासंघले पनि नेपालको प्रेस स्वतन्त्रताको अवस्थालाई नजिकबाट अध्ययन गरिरहेको छ । महासंघले मानव अधिकारका सम्बन्धमा अनुगमन डेस्कको स्थापना गरी सञ्चारकर्मीहरूमाथि हुने आक्रमण, धम्की, अपहरणलगायतका घटनाका बारेमा नियमित अनुगमन गर्दै आएको छ।

महासंघको तथ्यांकअनुसार नेपालको सन्दर्भमा सन् २०१९ पत्रकारहरूका लागि सुखद् वर्ष रहेन। यो वर्ष पनि पत्रकारले पेशागत अभ्यासका क्रममा विभिन्न चुनौती, अवरोध र समस्याबाट गुज्रनु परेको छ। महासंघको अनुगमन डेस्कमा अभिलेख भएअनुसार सन् २०१९ जनवरी १ देखि डिसेम्बर ३१ सम्म ५० ओटा प्रेस स्वतन्त्रता हनन्का घटनाहरू भएका छन्। जसमध्ये १० जना पत्रकार पक्राउ परेका छन्। पक्राउ पत्रकारमध्ये तीन जनालाई प्रहरीले अल्पकालीन नियन्त्रणमा लिएको थियो भने सात जनालाई सार्वजनिक मुद्दा चलाइएको थियो। समाचार लेखेकै आधारमा प्रहरीले पक्राउ गरेको थियो।

यस्तै यो अवधिमा १५ जना पत्रकारमाथि आक्रमण भएको छ भने १० जना पत्रकारलाई धम्की दिइएको छ। महासंघको अभिलेखअनुसार समाचारको विषयलाई लिएर पत्रकारमाथि आक्रमण र धम्की दिने काम प्रहरी, राजनीतिक दल, जनप्रतिनिधि तथा सार्वजनिक निकायका जिम्मेवार व्यक्तिबाट हुने गरेको छ। यस्तै यो अवधिमा समाचारको विषयलाई लिएर ११ जना पत्रकारलाई दुर्व्यवहार गरियो भने एक जना पत्रकार विस्थापित भए। त्यस्तै यो अवधिमा मकवानपुरमा एक जना पत्रकारको हत्या भएको छ। लागु पदार्थ दुर्व्यसन गरिरहेका चार जना युवाको समुहले पत्रकार मनोहर ढकालको हत्या गरी अदालतको फैसलाअनुसार अपराधीहरू हाल जेलमा रहेका छन्। यस्तै समाचार संकलनकमा अवरोधका एक र पेसागत असुरक्षाको एक घटना भए। जसमा तीन/तीन जना पत्रकार पीडित भएका थिए।

यी अधिकांश घटनाहरूले देशको समग्र मानव अधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँदछ। यस्ता मानव अधिकार विरोधी कार्यमा राज्यका जिम्मेवार निकाय तथा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू लगायतको संलग्नता देखिनु दुर्भाग्यपूर्ण कुरा हो।

गोविन्द आचार्य
अध्यक्ष

अनुसूची ५

क्रिया-प्रतिक्रिया

मानव अधिकार संरक्षण विश्वव्यापी चासोको विषय हो। मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा विभिन्न निकाय एवं संयन्त्रले आ-आफ्नो किसिमले भूमिका निर्वाह गरेको पाइन्छ । नेपालमा मानव अधिकारको संरक्षण गर्ने/गराउने र सो सम्बन्धमा जनचेतना जगाउने काममा इन्सेकद्वारा प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तकले समेत महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

अमृतबहादुर बस्नेत
न्यायाधीश, जिल्ला अदालत, झापा

मानव अधिकारको क्षेत्रमा इन्सेकबाट भए/गरेका कार्य प्रशंसनीय छ। घटनाका विषयमा कुनै पनि पूर्वाग्रह नराखी निष्पक्षरूपमा आफ्ना प्रतिवेदन बनाउन र जनतासमक्ष सत्य तथ्य कुरा पुऱ्याउन यस संस्थामा कार्यरत सम्पूर्णलाई प्रेरणा मिलोस्।

महेन्द्रकुमार श्रेष्ठ
डिएसपी, जिल्ला प्रहरी कार्यालय, झापा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्न मानव अधिकार अवस्थाबारे चित्रण गरेको छ । मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले सरोकारवालाले निरन्तर अध्ययन, अनुसन्धान, समन्वय र सहकार्यका साथ परिश्रम गर्न जरुरी छ । मानव अधिकार सुनिश्चितताको प्रत्याभूत प्रत्येक नागरिकमा गराउन इन्सेकको भूमिका महत्त्वपूर्ण छ।

उदयबहादुर राना, प्रमुख जिल्ला अधिकारी, झापा

वर्ष पुस्तकले महिला, बालबालिकामाथि भएका अधिकार हनन्, मानव हत्या जस्ता घटना साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयमा जिल्ला तहमा पनि बहस गर्ने थलो सिर्जना गरेको छ । इन्सेकले गरेको घटना अभिलेखीकरण, छलफल आदिले सरोकारवालाको ध्यानाकर्षण भएको छ।

वेदनिधि खनाल, प्रमुख जिल्ला अधिकारी, सोलुखुम्बु

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालले गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र

अनुमोदनको निगरानी गर्ने दस्तावेज हो भन्ने लागेको छ । यसले मानव अधिकार महासन्धिका आधारमा नेपालको मानव अधिकारको अवस्थामा चित्रण गर्दै वार्षिकरूपमा पुस्तक प्रकाशन गरेको छ।

नारायणप्रसाद चिमोरिया, डिएसपी, जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु

नेपाल मानव अधिकार वर्ष पुस्तकले महिला तथा बाल अधिकारका विषयलाई सूक्ष्म ढङ्गले अभिलेखीकरण गरेको पाएको छु। यस पुस्तकका कारण वर्षौंपछि पीडित पक्षले न्याय पाएका विषयलाई हामीले गम्भीररूपमा हेर्नुपर्छ।

टङ्कीमाया बस्नेत, सचिव, महिला मानव अधिकार रक्षक सञ्जाल, सोलुखुम्बु

मानव अधिकार र सामाजिक न्यायका लागि अलग पहिचानसहित क्रियाशील संस्था इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक सबै क्षेत्रका व्यक्तिका लागि महत्त्वपूर्ण स्रोत सामग्री हो । यसले नेपालको मानव अधिकारको अवस्था,

समस्या तथा चुनौती यथार्थपरक ढङ्गले उजागर गर्छ।

कोषराज न्यौपाने, प्रमुख सल्लाहकार
मानव अधिकार रक्षक परिषद्, प्रदेश १

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण र संवर्द्धनका निम्ति सचेतना, जागरण र खबरदारीको काम गरेको छ। इन्सेकले प्रकाशन गर्ने यस पुस्तकले मानव अधिकार उल्लङ्घन र हननका सबै घटना समेट्न सकोस्।

जयराम यादव
प्रदेश सभा सदस्य तथा संसदीय दलको नेता, सङ्घीय
समाजवादी फोरम, प्रदेश १

नेपालको मानव अधिकार अभियानमा इन्सेकले वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारका विषयलाई दस्तावेजीकरण गर्नुलाई सामान्य अर्थमा लिन सकिन्न। वर्ष पुस्तकले आगामी दिनमा कसरी यस्ता घटना न्यूनीकरण हुन सक्छ भन्ने सवाललाई पनि ध्यान दिन जरुरी छ।

नरेश पोखरेल
प्रमुख, जिल्ला समन्वय समिति, मोरङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले सबै ठाउँ र सबै किसिमका घटना अभिलेखीकरण गरी प्रकाशन गर्दै आएको छ। जसका कारण राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन र ज्यादती घटनाका पीडितलाई न्याय दिलाउन सहयोग पुगेको छ।

बन्धु पोखरेल, अध्यक्ष, पत्रकार महासङ्घ, मोरङ

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई अभिलेखीकरण गर्ने पुस्तक मात्र नभई यो मानव अधिकार आन्दोलन तथा अभियानको दस्तावेज पनि हो। इन्सेकले नेपालको मानव अधिकार अवस्थालाई विगत २७ वर्षयता वर्ष पुस्तकमा प्रकाशन गर्दै आएको महत्त्वलाई नेपाल सरकारले बुझ्न जरुरी छ।

ध्रुवबहादुर खड्का, प्रमुख जिल्ला अधिकारी, उदयपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले सबैको न्यायका लागि पहल गरेको अनुभव गरेको छु। अझ न्यायिक निकायबाट हुने न्याय सम्पादनको विषयलाई इन्सेकले आफ्ना अभिलेखित घटनामा जाँचपड्ताल गरी तिनको सुरक्षित भण्डारण गरेको छ।

राजकुमार आचार्य
सेस्तेदार, जिल्ला अदालत, उदयपुर

नेपालको मानव अधिकारका विषयमा इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक जस्तो महत्त्वपूर्ण दस्तावेज मैले अरु पाएको छ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा अनुमोदन गरेका मानव अधिकार सवालका विषयलाई वर्ष पुस्तकले समेटेको छ।

वीरबहादुर बुढा मगर, एसपी, जिल्ला प्रहरी
कार्यालय, उदयपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार सुनिश्चितताका लागि गरेको अतुलनीय योगदानलाई हामीले बुझ्न जरुरी छ। अधिकारप्रतिको सजगता र अरुको अधिकारको सम्मान गर्ने संस्कृतिको विकास गर्दै विश्व वन्धुत्व, भाइचारा, सहकार्य र सहअस्तित्व निर्माणमा सबै नागरिकलाई ऐक्यबद्ध बनाउनु हामी सबैको कर्तव्य एवं दायित्व ठानेको छु।

महेश्वरी राई, केन्द्रीय सदस्य
गैसस महासङ्घ, उदयपुर

मानव अधिकारको मूल मुद्दा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार बन्नुपर्छ। नेपालको मानव अधिकारको क्षेत्रमा माइक्रो लेभलमा अध्ययन र रिपोर्ट तयार गर्नेमा इन्सेक सबैभन्दा अगाडि देखिएको छ।

नवीनकिशोर प्रधान, डिएसपी, जिल्ला प्रहरी
कार्यालय तेह्रथुम

नेपालमा मानव अधिकारको अवस्था, यसको विकासक्रम र राज्यले मानव अधिकारप्रति निर्वाह गरेको जवाफदेहिता र भूमिकाबारे अध्ययन गर्ने जोकोहीका लागि पनि महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ वर्ष पुस्तक। यो पुस्तक घटनाको सङ्कलनमात्र होइन। यसले राज्यको जवाफदेहितालाई तिख्खर बनाउन पेचिलो दबाब पनि सिर्जना गरेको छ।

सञ्जयकुमार तुम्बाहाम्फे, मेयर, म्याङलुङ
नगरपालिका, तेह्रथुम

मानव अधिकार र सामाजिक न्यायका निम्ति क्रियाशील इन्सेकले सन् १९९२ देखि नै नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। घटना, घटनाका प्रकृति र अपराधका स्वरूपहरूको विस्तृत अध्ययन गर्नसमेत वर्ष पुस्तक सफल छ।

विष्णु राई, सचिव, महिला मानव अधिकार रक्षक
सञ्जाल, तेह्रथुम

इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक नेपालको ऐना हो। यद्यपि बलात्कार तथा यौन दुर्व्यवहारका विषय बढी हुन्छन्। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषय कम भए।

चन्द्र पन्दाक, का.अध्यक्ष, नेपाल पत्रकार महासङ्घ,
ताप्लेजुङ

इन्सेकको नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेटिएका घटना सत्य र तथ्यमा आधारित छन्। तसर्थ यसको महत्त्व र विश्वसनीयता छ।

बलराम भट्टराई, सचिव, कानुन व्यवसायी तथा जिल्ला बार एकाइ, ताप्लेजुङ

नेपालको सन्दर्भमा इन्सेक परिचित संस्था हो। इन्सेकले खासगरी सशस्त्र द्वन्द्वको समयमा मानव अधिकारको क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय छ।

खड्गविक्रम सुवेदी, मानव अधिकारकर्मी, ताप्लेजुङ

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको अवस्था झल्काएको छ। प्राथमिक स्रोतको प्रयोगमार्फत तथ्य/तथ्याङ्क सङ्कलन र गहन अध्ययन तथा विश्लेषणले पुस्तक पठनीय एवं सङ्ग्रहयोग्य बनाएको छ।

लवदेव ढुङ्गाना, अध्यक्ष
नेपाल पत्रकार महासङ्घ, पाँचथर

नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र जिल्लाको मानव अधिकारको अवस्था झल्काउँछ। इन्सेकको अभिलेख निकै तथ्य खोजेर गरिने भएकाले यसलाई मानव अधिकारको आँखीझ्यालका रूपमा लिन सकिन्छ।

तुलसीप्रसाद भट्टराई, सहायक प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

इन्सेकको अभिलेखमा गाउँ तहसम्मका सबैखाले हिंसाका घटना राखेमा आरोपितलाई कारबाही गराउन सहज हुन्छ। पीडितको आर्थिक अवस्था कमजोर भएको अवस्थामा न्याय दिलाउन कठिन भएकाले आर्थिक सहायता उपलब्ध गराउन सहयोग गर्नुपर्छ।

सुन्तला परियार, सदस्य, जिल्ला समन्वय समिति, ओखलढुङ्गा

बाल अधिकारका क्षेत्रमा समस्या धेरै छन्। बाल श्रम होटल तथा पसलहरूमा देखिन्छ। त्यस्ता विषयमा इन्सेकले पैरवी प्रभावकारी बनाउनुपर्छ।

नेत्रप्रसाद भट्टराई, नेता, नेकपा, ओखलढुङ्गा

शिक्षा, स्वास्थ्य जस्ता अधिकार परिपूर्तिमा चुनौती छन्। कानुन बने पनि कार्यान्वयन हुन सकेको छैन। यस्ता विषयमा वकालत र पैरवी गर्नुपर्छ। हत्या/बलात्कारका घटना अभिलेखले मात्रै पुग्दैन।

सुमन राजभण्डारी, सभापति, नेपाल रेडक्रस सोसाइटी, ओखलढुङ्गा

यातायात क्षेत्रमा ज्येष्ठ नागरिकलाई दिइनुपर्ने छूट नपाएको अवस्था छ। ज्येष्ठ नागरिकका सवाल इन्सेकले प्राथमिकता दिएर अभिलेखीकरण गर्नुपर्छ।

जीवन शर्मा अध्यक्ष, ज्येष्ठ नागरिक सङ्घ, ओखलढुङ्गा

समानताप्रतिको सम्मान र यसको प्राप्तिमा मानवको चाहना सदासर्वदा रहिरहन्छ। यही चाहना नै वास्तवमा मानव अधिकार हो। यसै सन्दर्भमा इन्सेकले सप्तरीमा भएका मानव अधिकार उल्लङ्घनका घटना प्रकाशन गर्न गरेको प्रयास सराहनीय छ।

चन्द्रमणि ज्ञवाली, न्यायाधीश, जिल्ला अदालत, सप्तरी

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक एक महत्त्वपूर्ण दस्तावेजका साथै मानव अधिकारको सूचक हो। हामी सबै सरोकारवाला निकायलाई मानव अधिकार सम्बन्धमा प्रत्याभूत गराउन यस पुस्तकले थप सशक्त बनाउनेछ।

कृष्ण प्रसाई
एसपी, जिल्ला प्रहरी कार्यालय, सप्तरी

मानव अधिकार वर्ष पुस्तक वर्षभरको सत्य तथ्य मानव अधिकार उल्लङ्घनका सबै प्रकारका घटनाको एउटा दस्तावेज हो। घरेलु हिंसाका कारण आत्महत्या बढेका छन्। यसबारे सूक्ष्म अनुसन्धान जरुरी छ।

अनिता देवकोटा, संयोजक, एकल महिला समूह, प्रदेश नम्बर २ तथा
अध्यक्ष, महिला मानव अधिकार रक्षक सञ्जाल, सप्तरी

कठिनभन्दा कठिन परिस्थितिमा पनि मानव अधिकार उल्लङ्घनका घटनालाई यथार्थ चित्रण गरी मानव अधिकार वर्ष पुस्तक निरन्तररूपमा प्रकाशन हुँदै आएको छ। देशको बदलिँदो परिस्थितिमा मानव अधिकारको क्षेत्रलाई अझै फराकिलो बनाउनुपर्छ।

डोमन साह, अध्यक्ष, जिल्ला बार एकाइ, सप्तरी

देशभित्र भएका मानव अधिकार उल्लङ्घनका घटना समेटेर प्रकाशन हुने भएकाले इन्सेकले वार्षिकरूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकलाई चासोका साथ हेर्ने गरिन्छ। जिम्मेवार ओहोदामा रहनेलाई मानव अधिकार उल्लङ्घनकर्तामा आ नो नाम पर्ला भनेर डराउने अवस्था सिर्जना गर्न यसले मद्दत गरेको छ।

गोपालकुमार अधिकारी
प्रमुख जिल्ला अधिकारी, सिरहा

मानव अधिकारका क्षेत्रमा अनवरतरूपमा कार्य गर्दै आएको स्वतन्त्र, निष्पक्ष तथा प्रभावकारी संस्था इन्सेकले हाम्रो समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्नुका साथै कानुनी शासनको प्रत्याभूति दिलाउन खेलेको भूमिका सराहनीय छ।

उमाप्रसाद चतुर्वेदी
एसपी, जिल्ला प्रहरी कार्यालय, सिरहा

नेपाल मानव वर्ष पुस्तक हरेक वर्ष प्रकाशित हुने क्रमले मुलकको राष्ट्रिय मानव अधिकारको सवालमा वास्तविक अवस्था चित्रण गर्छ। धनुषाको सन्दर्भमा पनि यस वर्ष पुस्तकमा राम्रा र नराम्रा दुवै पक्ष समेटिने मैले अपेक्षा गरेको छु।

प्रदीपराज कँडेल, प्रमुख जिल्ला अधिकारी, धनुषा

देशभर भएका घटना समेटेर इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा निकै राम्रो दस्तावेज हो। यस वर्ष पुस्तकमा न्याय सम्पादनका कुराका साथै राज्य र गैरराज्यपक्षबाट भएका घटना आउन सकून्।

हिरण्यप्रसाद भण्डारी, उपरजिस्टार, उच्च अदालत
जनकपुरधाम, धनुषा

इन्सेकले प्रत्येक वर्ष गाउँ/गाउँका घटना सङ्कलन गरेर वर्ष पुस्तक तयार गर्नु सुखद पक्ष हो। मानव अधिकार उल्लङ्घनका घटनाबारे घटनास्थलमै जिल्ला प्रतिनिधिहरू गएर सूचना सङ्कलन गर्नु सराहनीय पक्ष हो।

रामनेक साह
अध्यक्ष, नेपाल बार एशोसिएशन, धनुषा

इन्सेकले बर्सेनि मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको अभिलेखीकरण गर्दै आउनु राम्रो पक्ष हो। यसका तथ्याङ्क अरु निकायका तथ्याङ्कसँग पनि मेल खायो भने सर्वसाधारणलाई अन्योलमा पर्नुपर्दैन।

रोजलिनसिंह बछार
कार्यालय प्रमुख, ओरेक नेपाल, धनुषा

मानव अधिकार उल्लङ्घनका सवाल राखेर बर्सेनि पुस्तक तयार पार्ने इन्सेक नेपालकै पहिलो र एकमात्र संस्था हो। स्थलगत रिपोर्टिङका आधारमा उल्लङ्घनका घटना तयार पारेर छाप्नु यस पुस्तकको राम्रो पक्ष हो।

राजकुमार महासेठ
अधिवक्ता एवम् प्रदेश २ संयोजक,
एड्भोकेसी फोरम नेपाल, धनुषा

देशभरमा एक वर्षभित्र भएका मानव अधिकार उल्लङ्घनका घटनाका साथै सामाजिक, सांस्कृतिक र आर्थिक सरोकारका विषयमा समेत वर्ष पुस्तकले ध्यान पुऱ्याउनु राम्रो पक्ष हो। यही कारण हामीले पनि नियमितरूपमा वर्ष पुस्तक पढ्ने गरेका छौं।

रामचन्द्र मण्डल
प्रदेश सभा सदस्य, प्रदेश २, नेकपा

मानव अधिकारको क्षेत्रमा यस्ता प्रकारका घटनाको अभिलेखीकरण गर्ने पहिलो र एकमात्र संस्था भएकाले इन्सेकै धन्यवादको पात्र पनि हो। यसलाई निरन्तरता दिनुपर्छ।

उदयकुमार बरवरिया, मेयर, शहीदनगर
नगरपालिका, धनुषा

विगतका अप्ठ्यारा दिन सम्झना आउँछन्। राज्यपक्ष होस् कि कुनै विद्रोही पक्षको तारो बनेका व्यक्तिका लागि इन्सेक आशाको दियो हुने गर्थ्यो। थुप्रै यस्ता घटना भए। देखिएका पनि छन्। मानव अधिकार हननका कुरा उधिन्ने र सम्बन्धित पक्षलाई सचेत गराउने इन्सेकमात्र देखिन्थ्यो। वर्ष पुस्तकको कुरा आउँदा यस्तै घटनाको याद झल्झल्ती आइरहेको छ।

गोपाल बराल, केन्द्रीय सभासद्, पत्रकार महासंघ

तत्कालीन सामाजिक परिवेश र आपराधिक वस्तुस्थितिको दस्तावेज तयार गरिनु महत्त्वपूर्ण कार्य हो। यसले राज्य र गैरराज्य पक्षबाट भएका कमी/कमजोरी समीक्षा गर्न मद्दत गर्छ। इन्सेकले निकाल्दै आएको वर्ष पुस्तकले पनि यही काम गर्दै आएको छ। जसलाई थप सशक्त तुल्याउनुपर्छ।

राकेशप्रसाद चौधरी, सल्लाहकार
नेपाल पत्रकार महासङ्घ, महोत्तरी

जिल्लाभरमा मानव अधिकार उल्लङ्घन, ज्यादती, विभेद, महिला हिंसा तथा अपहरण जस्ता घटना हुन नदिनका लागि जिल्लामा जनप्रतिनिधि, पत्रकार तथा मानव अधिकारकर्मीबीच कमिटी गठन गर्ने व्यवस्था इन्सेकले मिलाइदिनुपर्छ। साथै यसबारे तालिम पनि दिनुपर्छ।

मेथुर चौधरी
सभापति, जिल्ला समन्वय समिति, सर्लाही

जिल्लाका स्वास्थ्य तथा शिक्षा, हिंसामा पर्ने बालबालिका र कारागारका समस्यालाई इन्सेकले वर्ष पुस्तकमा उजागर गर्नुपर्छ। घटनाको सत्य तथ्य बाहिर ल्याउन सकिएमात्र पीडितले न्याय पाउँछ।

मोहनबहादुर जिसीप्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सर्लाही

मानव अधिकार हननका घटना अभिलेख गरी मानव अधिकार वर्ष पुस्तकमा समेटेर प्रत्येक वर्ष सार्वजनिक गर्नु महत्त्वपूर्ण कार्य हो। अब शिक्षा, स्वास्थ्य अधिकारबारे यस जिल्लामा काम पनि गर्नुपर्‍यो।

विश्वमणि पोखरेल
एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही

वर्तमान सन्दर्भमा मानव अधिकारको क्षेत्र व्यापक बनेको छ। हिजोका दिनमा व्यक्तिमाथि राज्य संयन्त्रले दमन वा अमानवीय व्यवहार गरेका विषय मात्रै मानव अधिकार हननका विषय हुन्थे भने अहिले एक व्यक्तिले अर्को व्यक्तिविरुद्र गरेका व्यवहार पनि यसमा पर्छ। अब घटनामात्र नदिएर पुस्तकले सिफारिससमेत गरिदिए राम्रो हुन्थ्यो भन्ने लाग्छ।

फणिन्द्रमणि पोखरेल
प्रमुख जिल्ला अधिकारी, बारा

मानव अधिकार वर्ष पुस्तकले घटनाका विषयमा आमनागरिकलाई जानकारी गराउने भएकाले चेतनामूलकसमेत हुने गरेको छ। महत्त्वपूर्ण दस्तावेज अति संवेदनशील हुने भएकाले त्रुटि हुन नदिनेतर्फ सचेत हुन जरुरी छ।

विकासराज खनाल
एसपी, जिल्ला प्रहरी कार्यालय, बारा

मानव अधिकार उल्लङ्घन घटनाका उजुरी, प्रहरी/प्रशासनमा दर्ता र प्रक्रियाका विषयमा यस पुस्तकमा भएका सूचना अत्यन्तै खोजमूलक र अनुसन्धानमूलक भएको मैले महसुस गरेको छु। राज्यका निकाय र जिम्मेवार अधिकारीलाई मानव अधिकार संरक्षण गर्न अझ बढी झक्झकाउने कार्य गरेको छ यसले।

राजेशराय यादव, प्रमुख, कलैया
उपमहानगरपालिका, बारा

नेपालमा मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०१९ ले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, आरोपितलाई दण्डित गर्नमात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तक आगामी दिनमा समयानुकूल परिस्कृत हुनुपर्छ।

बाबुलाल तामाङ, रेडक्रस सभापति तथा अध्यक्ष,
रसुवा नागरिक समाज

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको कार्ययोजना बनाउन मद्दत गर्छ। रसुवा कारागारको अवस्था सुधार भएको छ। त्यसैले यो पुस्तकलाई सबैको पहुँचयोग्य बनाउनुपर्छ।

अर्जुन भण्डारी, प्रमुख जिल्ला अधिकारी, जिल्ला
प्रशासन कार्यालय, रसुवा

मानव अधिकार वर्ष पुस्तकमा समेटिएका घटना अध्ययन गर्न पाउँदा खुसी लाग्यो। पुस्तकले आमनागरिकलाई मानव अधिकारको सूचना दिनु निकै राम्रो काम हो।

ज्ञानेन्द्रनाथ न्यौपाने, पत्रकार तथा अध्यक्ष मानव
अधिकार संरक्षण मञ्च, रसुवा

देशभरका मानव अधिकार विरोधी घटना समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश भएको छ। नेपालमा मानव अधिकारको पर्यायवाची नाम इन्सेकले गरेको यो काम निकै स्वागतयोग्य छ। पुस्तकमा प्रकाशित सामग्री जहाँ जसले पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्नेछन्।

विश्वास नेपाली, कोषाध्यक्ष, मानव अधिकार तथा
सामुदायिक विकास स्रोत केन्द्र, धैबुङ–५, रसुवा

इन्सेकले लगातार २५ वर्षदेखि नियमितरूपमा प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्था चित्रण गरेको छ। राज्यले गर्नुपर्ने यो काम इन्सेकको जनशक्ति र साधन स्रोतले निरन्तर प्रकाशन गरेकामा इन्सेक धन्यवादको पात्र छ।

प्रताप बिष्ट, अध्यक्ष, नेपाल पत्रकार महासङ्घ,
बागमती प्रदेश

वर्ष पुस्तक निकाल्ने इन्सेकको प्रयास सराहनीय छ। यसले राज्यका हरेक निकायलाई मानव अधिकार पालना र संवर्द्धनमा समेत सचेत बनाएको छ।

सुशीलसिं राठौर
एसपी, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसँग सम्बन्धित समग्र विषयवस्तु समेटेको पाइन्छ। सम्बन्धित विषयका ज्ञाताद्वारा तयार पारिने भएकाले यो पुस्तकले कुनै संस्था वा व्यक्तिविशेषको मनोबल गिराउने काम गरेको पाइँदैन।

मदनकुमार दाहाल, अधिवक्ता
पूर्वअध्यक्ष, पुनरावेदन बार एशोसिएशन, मकवानपुर

इन्सेककले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नेपालको

मानव अधिकार अवस्थाको झल्को दिने एक महत्त्वपूर्ण दस्तावेज हो । इन्सेकका जिल्ला प्रतिनिधिहरूले जिल्लामा बसेर गर्ने मानव अधिकार अवस्थाको अभिलेखीकरण, वकालतले राज्यका निकायहरूलाई समेत खबरदारी गर्छ।

नारायणप्रसाद भट्ट
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको दृष्टिकोणले एक विश्वसनीय दस्तावेज हो । गैरसरकारी क्षेत्रमा मानव अधिकारको संरक्षण र संवर्द्धन तथा वकालत र बहस गर्ने संस्थाका रूपमा इन्सेकको भूमिका महत्त्वपूर्ण पाएको छु । मानव अधिकारमा सरोकार राख्ने निकायले मानव अधिकारको विषयमा कुरा गर्दा इन्सेकको वर्ष पुस्तकले के भन्छ ? भनी चासो व्यक्त गर्छन् ।

मुनु सिग्देल, सांसद, बागमती प्रदेश

नेपालको सन्दर्भमा मानव अधिकार वर्ष पुस्तकको महत्त्व धेरै छ । मानव अधिकारका हरेक घटनालाई दस्तावेजका रूपमा राखेको छ । पुस्तकले मानव अधिकारका क्षेत्रमा समस्या, चुनौती र समाधानका उपाय पनि जानकारी गराउँछ।

आरती पाठक, संयोजक
मानव अधिकार संरक्षण तथा मानव बेचबिखनविरुद्धको जिल्ला सञ्जाल, मकवानपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा मात्र काम गर्नेको मात्र नभई सरकारको समेत ध्यान जाने पुस्तक हो। इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको घटनाको एउटा ऐतिहासिक दस्तावेज पनि हो ।

कपिलदेव खनाल
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, नुवाकोट

वर्ष पुस्तक नेपालको मानव अधिकार अवस्थाको वर्षभरिको ऐना हो । यसमार्फत राज्य र गैरराज्य पक्षबाट भएका मानव अधिकार हननको अवस्था थाहा हुन्छ।

देवराज कँडेल
अध्यक्ष, नेपाल बार एशोसिएशन, नुवाकोट

इन्सेक नेपालको मानव अधिकार क्षेत्रको अग्रणी संस्था हो । यसले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हननका घटनाको विस्तृत जानकारी दिन्छ । राज्यका मुख्य अङ्गहरूको भूमिकासमेत सङ्क्षेपमा उल्लेख गरिएको प्रस्तुत मानव अधिकार संरक्षण सम्बन्धमा आफैँमा अमूल्य कृति बनेको छ।

शिवप्रसाद बन्जार
स्रेस्तेदार, नुवाकोट जिल्ला अदालत

मानव अधिकारको अवस्थाबारे जानकारी, सूचना र तथ्याङ्क दिने आधिकारिक स्रोतका रूपमा इन्सेक वर्ष पुस्तकलाई लिन सकिन्छ। जिल्लाको मानव अधिकार अवस्था के छ भनेर बुझ्नका लागि यो पुस्तक अध्ययन गरे छर्लङ्ग हुन सकिन्छ । मानव अधिकार संरक्षण, प्रवर्द्धन र विस्तारमा इन्सेकको भूमिकालाई कम मान्न सकिन्न ।

हेमन्त रावल, न्यायाधीश, चितवन जिल्ला अदालत

मानव अधिकारको अवस्थाबारे जानकारी लिनका लागि इन्सेकद्वारा प्रकाशित पुस्तक पठनीय लाग्छ । पुस्तकमा हरेक जिल्लाको मानव अधिकार अवस्था पत्ता लगाउन सकिन्छ । घटनाहरूको अभिलेखीकरण चुनौतीको विषय हुँदाहुँदै पनि निरन्तर हुने गरेकामा धन्यवाद दिन चाहन्छु।

एकनारायण कोइराला, प्रहरी नायव उपरीक्षक,
जिल्ला प्रहरी कार्यालय, चितवन

वर्ष पुस्तक अध्ययन गर्दा मानव अधिकारका घटनामा कमी नआएको बुझिन्छ । राजनीतिक सङ्घर्षका कारणले राजनीतिक आस्थाका आधारमा पनि राज्यले मानव अधिकार उल्लङ्घन गर्ने काम गरेको छ । देश विकासमा पनि मानव अधिकारको प्रत्यक्ष सरोकार रहन्छ।

कृष्णकुमार डल्लाकोटी
प्रमुख, जिल्ला समन्वय समिति, चितवन

वर्ष पुस्तकका सामग्री आधिकारिक लाग्छ। यो तथ्यहरूमा आधारित छ । मानव अधिकार सर्वव्यापी विषय हो । हाम्रो जस्तो मुलुकमा मानव अधिकारको आधारभूत ज्ञानसमेत नभएका जनता छन् । गाउँगाउँमा मानव अधिकार सचेतनाका कार्यक्रम लैजानु आवश्यक छ।

नारायण भट्टराई, प्रमुख जिल्ला अधिकारी, चितवन

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका लागि इतिहास जस्तै छ । यो अझ राम्रो बनोस् भन्ने अनुरोध छ। मानव अधिकार उल्लङ्घनको विषय मिलापत्र नहुने भएकाले यसतर्फ पुस्तकको ध्यान जान जरुरी छ।

अर्जुनकुमार शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी, धादिङ

वर्तमान कानुन र ऐनले प्रदान गरेका कुरा नागरिकले उपभोग गर्न पाए कि पाएनन् र सहज र छिटेछरितो सेवा पाउन सके/नसकेको विषयमा नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश गरिनुपर्छ।

कृष्णराज अधिकारी
उपाध्यक्ष, धादिङ बार एशोसिएशन

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका हिसाबले जीवन्त इतिहास हो । अबका दिनमा वर्ष पुस्तकले राजनीतिक घटना मात्र नभएर सामूहिक अधिकार हननबारे पनि उल्लेख गर्नुपर्छ।

राधिका सापकोटा, महासचिव, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल

वर्ष पुस्तक प्रकाशनले मानव अधिकार कार्यान्वयनकर्तालाई समेत झक्झक्याएको छ। लुकेका अपराध सार्वजनिक भएका छन् । प्रहरीलाई अनुसन्धानका लागि सहयोग पुगेको छ।

रूपक खड्का, प्रहरी नायव उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार दस्तावेज भएकाले सङ्ग्रहणीय छ। यसले प्रहरीमा उजुरी नपरेका घटना, एकल महिला, अपाङ्गता भएकाहरू, भूकम्पपीडितको अवस्था र खासगरी महिलाको अवस्था उल्लेख गर्नुपर्छ।

गायत्री खतिवडा, **अध्यक्ष**, महिला मानव अधिकर रक्षकहरूको जिल्ला सञ्जाल, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गरी दुर्व्यवहार गर्ने गरेको, उनीहरूको संरक्षण नभएको, स्थानीय सरकारहरूले सहायक सामग्री उपलब्ध नगराएको, अपाङ्गता परिचयपत्र गाउँबाटै दिने भने पनि विभिन्न बहानामा काठमाडौँ पठाउने गरेको, विद्यालय र सरकारी भवनका साथै सार्वजनिक स्थलहरूसमेत अपाङ्गमैत्री नभएकाबारे उल्लेख गर्नुपर्ने देखिन्छ।

गुणराज खतिवडा
अध्यक्ष, अपाङ्ग कल्याण सङ्घ, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक साँच्चै मानव अधिकार संरक्षणका लागि सूचनामूलक मात्र नभएर मानव अधिकार संरक्षणका लागिसमेत यसले काम गरेको छ। अबका दिनमा न्यायिक समितिले गरेका काम र त्यहाँ भएका अधिकार हनन पनि समावेश गर्न अनुरोध छ।

सीतारामप्रसाद बर्मा
अध्यक्ष, नेपाल मानव अधिकार सङ्गठन, धादिङ

इन्सेकको नेपाल मानव अधिकार वर्ष पुस्तक पठनीय छ। नागरिकको मानव अधिकार संरक्षणमा यो पुस्तक उपयोगीसिद्ध सावित भइसकेको छ।

औलखबहादुर आले
सहायक प्रमुख जिल्ला अधिकारी, दोलखा

मुलुकमा भएका मानव अधिकारका घटनालाई एकमुष्टरूपमा प्रकासन गर्ने एकमात्र संस्था इन्सेकले अधिकार र कर्तव्यबारे समेत सुसूचित गरांउन सके अझ राम्रो हुने थियो। यस पुस्तकका माध्यमवाट समेत पीडित पक्षले न्याय प्राप्त गर्न सकेका थुप्रै उदाहरण छन्।

सरोज उप्रेती
अध्यक्ष, नेपाल बार एशोसिएशन, दोलखा एकाइ

मानव अधिकार संरक्षण गर्न इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले सहयोग गरेको छ। इन्सेकको अभियान नागरिकलाई अझ सचेत बनाउने काममा केन्द्रित होस्।

जीवन लामा
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दोलखा

हरेक कुरा विधिमा चल्न आवश्यक छ। हरेक व्यक्ति र संस्था विधिमा चल्नुपर्छ। सबै विधिमा चल्ने हो भने मानव अधिकारको संरक्षण आफैँ संरक्षण हुन्छ। इन्सेकको तथ्याङ्कले मानव अधिकारको हिसाबले कहाँनेर समस्या छ भन्ने पहिचान गर्न सहज भएको छ।

प्रेमबहादुर खड्का
प्रमुख, जिल्ला समन्वय समिति, रामेछाप

हरेक नागरिकले अरुको अधिकारको सम्मान गर्ने हो भने मानव अधिकारको त्यसै संरक्षण हुन्छ। मानव अधिकारका लागि यति कुरामा ध्यान दिए हुन्छ । इन्सेकको तथ्याङ्कले पनि यही देखाउँछ । अरुको अधिकारको सम्मान नगर्दा मानव अधिकार उल्लङ्घन भएको छ। हामी आफू अनुशासनमा बस्न चाहँदैनौँ तर अरु अनुशासनमा बसिदेओस् भन्ने चाहन्छौँ जुन सम्भव छैन। त्यसैले मानव अधिकारविरुद्धका घटना दिनदिनै बढ्दै गएका छन्।

रमेश बस्नेत
प्रमुख, मन्थली नगरपालिका, रामेछाप

मानव अधिकारभित्र धेरै कुरा पर्दछन्। हत्या, हिंसाका घटनामात्र यसमा समेटेर पुग्दैन । मानव अधिकारभित्र सम्मानका कुरा छन्। समानताका कुरा छन्। यस हिसाबले हामी धेरै पछाडि छौँ। अब मानव अधिकारभित्र यी कुरा पनि उठाउन आवश्यक छ।

कुमार श्रेष्ठ
कोषाध्यक्ष, नेपाली कांग्रेस, रामेछाप

यो वर्ष पुस्तक हाम्रो प्रहरी जगतलाई एउटा महत्त्वपूर्ण सूचनाको स्रोत बनेको छ। मानव अधिकारको अवस्थाबारे जानकारी लिनका लागि इन्सेकद्वारा प्रकाशित पुस्तक हरेक प्रहरीले हेर्न जरुरी छ । यो पुस्तकमा मानव अधिकारबारे नेपाल सरकारले राष्ट्रिय, अन्तर्राष्ट्रिय सन्धिहरूले अवलम्बन गर्नुपर्ने प्रावधानहरूबारे उल्लेख गरिएको पाइन्छ। हामी ती सन्धि/महासन्धिबाट पारित भएका नीति/नियम कडाइका साथ लागु गराउने क्षेत्रमा कार्यरत छौं। त्यसैले हामी मानव अधिकारको रक्षक पनि हौं।

रविराज पौड्याल
प्रमुख, जिल्ला प्रहरी कार्यालय, काभ्रेपलान्चोक

यो मानव अधिकारको क्षेत्रमा अध्ययन गर्न पाउने धेरै राम्रो पुस्तक हो । मलाई यो पुस्तकमा समेटिएका सबै सामग्री आधिकारिक र तथ्यपरक लाग्छ। पुस्तकका सामग्रीहरू तथ्यमा आधारित भएर आएन भने समाजमा भ्रम पैदा हुन्छ। त्यसैले बेलैमा सचेत र सुझबुझपूर्ण तरिकाले पुस्तकका लागि सामग्री छनोट गर्दा विशेष अनुसन्धानमा पनि ध्यान दिनुपर्छ किनकि मानव अधिकार सर्वव्यापी विषय हो।

श्रवणकुमार तिमिल्सिना
प्रमुख जिल्ला अधिकारी, काभ्रेपलान्चोक

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत अभिलेख राखी मानव अधिकारको सवालमा निकै महत्त्वपूर्ण काम गर्दै आएको छ। २७ वर्षमा नेपालमा राजनीतिक तथा सामाजिक परिवर्तनका उल्लेखनीय कामहरू भएका छन्। घटना परिघटनाका तथ्यतथ्याङ्क र विश्लेषणको साक्षी वर्ष पुस्तकका अभिलेखले द्वन्द्वपीडितको न्याय र परिपुरणका लागि स्रोत सामग्रीसमेत बनेको मैले अनुभव गरेको छु।

खड्गबहादुर खत्री, प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकमा सन् २०१८ मा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएको भए पनि महिलामाथि हुने हिंसा बढिरहेको कुरा उल्लेख छ। तीन तहका सरकारले जनताको लागि सामाजिक न्याय र मानव अधिकारमुखी विकास पद्धतिको कार्यलाई जोड दिनुपर्ने लक्ष्य रहेको वर्ष पुस्तकमा उल्लेख छ।

रुद्रबहादुर खड्का, अध्यक्ष, मानव अधिकार शिक्षा क्लब (रिलेक नेपाल), सिन्धुली

मानव अधिकार, सामाजिक न्याय र सामाजिक विकासका क्षेत्रमा इन्सेकको योगदान अतुलनीय छ। झण्डै ३ दशकदेखि इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकबाट घटनाको विश्लेषणमात्रै होइन, मुलुकको सामाजिक जीवनको चित्र पनि देख्न सकिन्छ। तथ्याङ्ककको विश्लेषण नीति निर्माता तथा सरोकारवाला सबैका लागि महत्त्वपूर्ण हुने देखेको छु।

रमेशकुमार केसी
प्रमुख जिल्ला अधिकारी, कास्की

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र देशको मानव अधिकार अवस्था चित्रित गर्छ। मानव अधिकार वर्ष पुस्तक २०२० ले मानव अधिकारमैत्री कार्ययोजना तथा नीति निर्माणमा सहयोगी बन्दै मानव अधिकारमैत्री स्थानीय तह बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।

नवराज ओझा
अध्यक्ष, रूपा गाउँपालिका, कास्की

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले तीनै तहका सरकारलाई मानव अधिकार रक्षाका लागि वार्षिक कार्ययोजना बनाउन र मानव अधिकार उल्लङ्घनका घटना नियन्त्रण गर्न, पीडितलाई न्याय दिलाउन र दोषीलाई कारबाहीको दायरामा ल्याउनसमेत सहयोग पुऱ्याउँदै आएको छ।

रामप्रसाद तिमिल्सिना, सचिव, नेपाल पत्रकार महासङ्घ, कास्की

इन्सेकले नेपाली समाज रूपान्तरणमा आफ्नो स्थापनाकालदेखि नै महत्त्वपूर्ण भूमिका खेल्दै आएको सर्वविदितै छ। समाजमा विद्यमान कुरीति, कुसंस्कार, यथास्थितिवादी सोचका कारण उत्पन्न समस्या समाधानका लागि अहोरात्र प्रयास गरिरहेको महसुस हुन्छ । जसको महत्त्वपूर्ण पक्ष भनेको नेपाल मानव अधिकार वर्ष पुस्तक हो।

विष्णु बराल, संयोजक, शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्की

इन्सेकले देशभरको दूरदराजमा भएका मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत प्रकाशन गर्दै आएको छ। वर्ष पुस्तकमा प्रकाशित तथ्याङ्कले हामी कहाँ छौं र हाम्रो भावी रणनीति के हुने भन्नेबारे तुलनात्मक अध्ययन गरी जरैबाट हिंसा अन्त्य गर्न जीवन रक्तका रूपमा काम गरेको छ।

डा. जानकी तुलाधर, अधिवक्ता, प्रदेश विकास सदस्य, गण्डकी प्रदेश

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक प्रमुख जिल्ला अधिकारी

भएदेखि नै अध्ययन गरिराखेको छु । पुस्तकले लोकतन्त्रमा नागरिकको मानव अधिकारको अवस्था चित्रित गर्ने गरेको छ । साथै सामाजिक समस्या र सुरक्षाबारे निर्णय गर्दा मानव अधिकारका विषयमा गम्भीर हुनका लागिसमेत यो पुस्तक सहयोगी छ।

रामबहादुर कुरुम्बाङ
प्रमुख जिल्ला अधिकारी, स्याङ्जा

इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर देशको समग्र मानव अधिकारबारे यथार्थ जानकारी दिन गरेको प्रयास सराहनीय छ । ७७ वटै जिल्लामा भएका वर्षभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना एउटै पुस्तकमा हेर्न पाउनु निकै राम्रो हो ।

ज्ञाननाथ ढकाल
प्रमुख जिल्ला अधिकारी, म्याग्दी

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना समेट्ने जुन प्रयास छ त्यो आफैँमा राम्रो अनि चुनौतीपूर्ण कार्य पनि हो । जति भएको छ त्यो उत्कृष्ट छ।

शकुन्तला सापकोटा
सदस्य, मानव अधिकार तथा शान्ति समाज, म्याग्दी

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालमा मानव अधिकारको वास्तविक अवस्था देखाउने एक महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेको छ । विगतका वर्षहरूमा पुस्तकमा समावेश भएका विषय र त्यसले न्यायिक प्रक्रियामा पुऱ्याएको सहयोगले यो कुरालाई थप पुष्टि गर्छ।

गणेशप्रसाद सापकोटा
अध्यक्ष, जिल्ला बार एशोसिएशन, नवलपुर

वर्ष पुस्तकका लागि सङ्लकन गरिने मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा केही सुधार तथा थप गर्नु आवश्यक देख्छु । वास्तविक न्याय प्रक्रियामा पुग्न नसकेका, स्थानीय स्तरमा दबाइएका विषयलाई प्राथमिकतामा राख्न आवश्यक छ।

विष्णुकुमार कार्की
प्रमुख जिल्ला अधिकारी, नवलपरासी (बर्दघाट सुस्तापूर्व)

वर्ष पुस्तकलाई देशको समग्र मानव अधिकारको अवस्थाबारे जानकारी दिने महत्त्वपूर्ण दस्तावेजका रूपमा मैले लिएको छु। यति लामो समय निरन्तर वर्ष पुस्तक निकाल्नु निकै चुनौतीपूर्ण काम हो।

भूपेन्द्र खनाल
अध्यक्ष, मानव अधिकार सञ्जाल, नवलपुर

वर्ष पुस्तकको माध्यमबाट जिल्लामा भएका मानव अधिकार अवस्थाको अभिलेखीकरणका सवालमा इन्सेकले खेलेको भूमिका निकै उदाहरणीय छ।

मोहनप्रसाद पोखरेल, एसपी, जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्तापूर्व)

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक सत्य तथ्यमा आधारित छ । यसको गरिमा बढ्दै गएको महसुस भएको छ।

जगतबहादुर भण्डारी
स्रेस्तेदार, जिल्ला अदालत, लमजुङ

मानव अधिकार वर्ष पुस्तकमा छापिने घटनाहरू मानव अधिकारमैत्री होस् भन्ने चाहन्छु । घटनाहरूको सहि अध्ययन र अवलोकन गरेका विषयमात्र पुस्तकमा समावेश गरिनुपर्छ।

रवीन्द्रमान गुरुङ
डिएसपी, जिल्ला प्रहरी कार्यालय, लमजुङ

इन्सेक मानव अधिकारको क्षेत्रमा काम गर्ने राम्रो पहिचान बनाएको संस्था हो । यसले गरेको काम सत्य र तथ्यमा आधारित हुन्छ। संस्थाले यो विश्वासलाई निरन्तरता दिन सकोस् ।

लक्षणबहादुर खड्का
प्रमुख जिल्ला अधिकारी, लमजुङ

इन्सेकले देशको समग्र मानव अधिकारसम्बन्धी यथार्थ जानकारी गराउन थालेको कदम तथा प्रयत्न सराहनीय देखिन्छ । वर्षभरिका घटना तथा मानव अधिकार संरक्षण र हनन्का विषयलाई केलाएर प्रकाशन गर्नु प्रशंसनीय कदम हो ।

ओमप्रसाद अधिकारी
एसपी, जिल्ला प्रहरी कार्यालय, गोरखा

वर्ष पुस्तकमा प्रकाशन गर्नेमध्ये कुन घटना मानव अधिकार उल्लङ्घनका हुन् र कुन आपराधिक हुन् भन्ने पहिचान गर्नुपर्छ । यसमा राजनीतिकबाहेक आर्थिक, विकास आदिका कुरा पनि आउनु राम्रो हुन्छ।

यादव शर्मा
अध्यक्ष, नेपाल बार एशोसिएशन, गोरखा

इन्सेकले निकाल्ने वर्ष पुस्तकमा यसअघि समेटिँदै आएका विषयवस्तुका अतिरिक्त घटनाका कारण र समाधानका विषय पनि समेट्न सके अझ राम्रो हुने थियो। अहिले यो पुस्तकप्रति मानव अधिकारका क्षेत्रमा क्रियाशील र यस सवालमा रुचि राख्नेहरूको अलि बढी चासो देखिन्छ।

किरण लोहनी, पत्रकार, गोरखा

इन्सेकको मानव अधिकार संरक्षणप्रतिको अभियान सराहनीय छ। मानवको स्वतन्त्रपूर्वक बाँच्न र जीवन यापन गर्ने, व्यवसाय गर्न पाउने प्राकृतिक तथा नैसर्गिक अधिकार संरक्षण र संवर्द्धन गर्न एवं अतिक्रमण रोक्न यस पुस्तकमा समावेश भएका सामग्री प्रशंसनीय छन्।

छविलाल सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी, पर्वत

पछिल्लो समयमा बिनापुर्जी विभिन्न अधिकार कुण्ठित गरेर मानव अधिकार हननको काम भइरहेको छ । यस सम्बन्धमा आर्थिक, राजनीतिक तथा सांस्कृतिक अधिकारसँगै मौलिक हकलाई आमसर्वसाधारणले सहजरूपमा उपयोग गर्न पाउने अधिकार प्राप्तिमा इन्सेकको ध्यान जानुपर्छ।

चन्द्रबहादुर क्षेत्री
अध्यक्ष, बार एकाइ, पर्वत

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकबाट नेपालको मानव अधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता र मानव अधिकारको वर्तमान स्थितिबारे बृहत् जानकारी प्राप्त भएको महसुस हुन्छ।

राजेन्द्र पहाडी
पूर्व संयोजक, नागरिक समाज, पर्वत

मानव अधिकार उल्लङ्घनका घटनालाई दस्तावेजीकरण गरेर भविष्यमा मानव अधिकारको अवस्था बुझ्न खोज्नेका लागि इन्सेक पुस्तकालय नै बनेको छ। तथ्याङ्क बटुल्नेमात्र नभएर कार्यान्वयनमा पनि क्रियाशील हुन सके अझै राम्रो हुन्थ्यो।

केदारनाथ शर्मा
अध्यक्ष, उद्योग वाणिज्य सङ्घ, पर्वत

मानव अधिकार वर्ष पुस्तकले वर्षभरिको राष्ट्रको समग्र मानव अधिकार स्थितिबारे पुस्तकमा लिपिबद्ध गरी सबैलाई सुसूचित हुने अवसर प्रदान गर्दै आएको छ। मानव अधिकार संरक्षणमा यस पुस्तकको योगदान त्यसैले महत्त्वपूर्ण छ । नागरिकका मानव अधिकारको संरक्षण र संवर्द्धनमा प्रकाशोन्मुख पुस्तकले थप योगदान पुऱ्याउन सकोस्।

रुद्रप्रसाद पण्डित
प्रमुख जिल्ला अधिकारी, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनामा पीडितको सङ्ख्या एकीन गर्न, पीडितलाई न्याय दिलाउन, आमनागरिकलाई मानव अधिकारप्रति सचेत, सजग र जागरुक बनाउने तथा मानव अधिकारकर्मी एवं मानव अधिकार हनन गर्ने सक्ने निकायलाई मानव अधिकार संरक्षण गर्नसमेत प्रेरित गरेको छ।

विनोद सिलवाल
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, तनहुँ

इन्सेकले तयार गर्ने मानव अधिकार वर्ष पुस्तक राजनीतिक पार्टीलाई पनि आफ्ना बैठकहरूमा छलफल गर्ने आधार हुनेछ भन्ने विश्वास लिएको छु। यो पुस्तकले जिल्लाको मानव अधिकारको अवस्थाबारे प्रस्ट पार्छ।

राजेन्द्रकेशरी न्यौपान
सचिव, नेपाल कम्युनिष्ट पर्टी (नेकपा), तनहुँ

मानव अधिकार सबैको सरोकारको विषय हो। इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक झन् पत्रकारका लागि त अति महत्त्वको विषय हो । त्यसैले यसबारे समाचार तयार पार्न पत्रकारलाई पनि सहयोग पुगेको छ।

ओमकार आचार्य
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, तनहुँ

लामो समयदेखि मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था इन्सेकले मानव अधिकार वर्ष पुस्तकमार्फत वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यो निकै सराहनीय कार्य हो । यो पुस्तक मानव अधिकार विषयमा एउटा राम्रो दस्तावेज हो।

मीरा मरासिनी
उपप्रमुख, जिल्ला समन्वय समिति, पाल्पा

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले समग्र जिल्लाको मानव अधिकार अवस्थाको राम्रो चित्रण गर्ने गरेको पाएको छु । जिल्लास्तरमा हुने समीक्षा कार्यक्रमका बेलासमेत जिल्लाका समसामयिक विषयमा गहनरूपमा छलफल हुने गरेका छन्।

उमेशकुमार ढकाल्
प्रमुख जिल्ला अधिकारी, पाल्पा

जिल्लाको मानव अधिकार अवस्थाबारे छलफल गर्नुपर्दा सबैभन्दा पहिलो इन्सेक संस्था र यसले प्रकाशन गर्ने वर्ष पुस्तकको नाम आउने गर्छ।

भेषराज तिमिल्सिना
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, पाल्पा

मानव अधिकारको सन्दर्भमा इन्सेकले लामो समयदेखि काम गरिरहेको छ । देशभर हुने मानव अधिकार उल्लङ्घनका घटना र त्यसमा सरोकारवालाले गरेका पहल र कमजोरी समेटेर प्रकाशन हुनु रचनात्मक

कार्य नै हो। यसले गर्दा वर्षभर मानव अधिकारको पक्षमा के गरिएछ त ? वा जान/अन्जानमा मानव अधिकार उल्लङ्घनका घटनामा के कमजोरी भए भन्ने समीक्षा गर्ने अवसर दिएको छ वर्ष पुस्तकले।

गोविन्दप्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी, दाङ

इन्सेकद्वारा प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तक देशको मानव अधिकारको अवस्था देखाउने ऐना हो। मानव अधिकार उल्लङ्घन वा हनन कहाँ के भए भन्ने कुरा एकमुष्ट तस्बिर देखाउने काम वर्ष पुस्तकले गरेको छ।

सावित्रा राना
कोषाध्यक्ष, नेपाली कांग्रेस, दाङ

वर्ष पुस्तक झ्वाट्ट हेर्दा नकारात्मक घटनाहरूको सङ्गालोजस्तो देखिए पनि मानव अधिकारका लागि सकारात्मक सन्देश सँगै बोकेर ल्याउने काम गरेको छ।

मणिराज आचार्य (मौसम)
उपाध्यक्ष, जिल्ला बार एकाइ, दाङ

मानव अधिकार हनन्का घटना सङ्कलन, सम्पादन तथा प्रकाशन आफैँमा चुनौतीपूर्ण विषय हो। इन्सेकको यस कार्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमै विश्वसनीयता हासिल गरेको छ।

विष्णुप्रसाद तिमिल्सिना
अध्यक्ष, गैसस महासङ्घ नेपाल, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्क छर्लङ्क पार्ने एउटा दस्तावेज हो। जसको अध्ययनले गाउँ, जिल्ला र राष्ट्रिय विवरण जान्न र बुझ्न सकिन्छ।

लक्ष्मी नेपाल
सचिव, बर्दिया जिल्ला अदालत बार एशोसिएशन

मानव अधिकार गर्भदेखि चिहानसम्म जोडिने भएकाले यसको प्रत्याभूतिका लागि सरोकार सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्छ। इन्सेकले सङ्कलन गरेको घटना नेपाल मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित विवरण र तथ्याङ्कले मानव अधिकार अवस्था चित्रण गरेको हुन्छ।

प्रेमलाल लामिछाने, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालकै उत्कृष्ट मानव अधिकार सङ्गालो हो। यसले नेपालको मानव अधिकारका घटना/परिघटना सबै ऐना जस्तै छर्लङ्ग पार्ने गर्छ। यो पुस्तक मानव अधिकारकै एउटा बलियो र विश्वसनीय दस्तावेज पनि हो।

बालकृष्ण वली
संयोजक, बर्दिया नागरिक समाज सञ्जाल, बर्दिया

नेपाल मानव अधिकार पुस्तक मानव अधिकार क्षेत्रका लागि ऐतिहासिक दस्तावेजका रूपमा स्थापित छ। नेपालमा कानुनले पनि रोक्न नसकिरहेको बाल विवाह जस्ता घटनालाई प्राथमिकता दिनुपर्ला।

राजेन्द्रप्रसाद धिताल
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बर्दिया

इन्सेकले नेपालभर भएका मानव अधिकार उल्लङ्घन र तथ्य सङ्कलन गरी नेपाल मानव अधिकार वर्ष पुस्तकको प्रतिवेदन प्रकाशन गर्दै आइरहेको कार्य अति उत्तम छ। यसबाट नेपालको मानव अधिकार अवस्थाको जानकारी सबै नेपालीले पाउने गरेका छन्।

राजेशनाथ बास्तोला
एसपी, जिल्ला प्रहरी कार्यालय, बर्दिया

मानव अधिकार रक्षाको क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ। घरेलु हिंसाका घटनाहरू, जो न्यायिक प्रक्रियामा आउन सकेका छैनन्, त्यस्तालाई खोजबिन गरी समेट्नुपर्ने देखिन्छ।

मिथिला फुयाल
संयोजक, अन्तर्पार्टी महिला सञ्जाल, बर्दिया

मानव अधिकारबिना मानवीय मर्यादा, मानवीय मूल्य, मान्यता र सम्पूर्ण मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थलाई महसुस गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार संरक्षणका लागि विभिन्न कदम चालिँदै आएका छन् । इन्सेकले वार्षिकरूपमा मानव अधिकार पालना भए/नभएको विषयमा वर्ष पुस्तक प्रकाशन गरेर यस विषयमा अध्ययन/अनुसन्धान गर्नेलाई निकै सहयोग पुऱ्याएको छ।

भरतकुमार शर्मा, सहायक प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, रूपन्देही

मानव अधिकारसम्बन्धी व्याख्या र प्रतिक्रियाहरूबारे जानकारी नहुँदा धेरै नागरिक यसबाट वञ्चित हुने गर्छन्। यस्तो सन्दर्भमा इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण एवं संवर्द्धनका लागि महत्त्वपूर्ण स्थान राख्दै आएको छ।

हेमबहादुर थापा
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, रूपन्देही

इन्सेकले लामो समयदेखि प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक समग्र नेपालको मानव अधिकार क्षेत्रको साझा दस्तावेज बन्दै आएको छ। खासगरी अधिकारमुखी अभियानमा इन्सेकले जुनखालको नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ, यो दक्षिण एसियामै सराहनीय छ।

बाबुराम पन्थी, अध्यक्ष, नेकपा बुटवल उपमहानगरपालिका कमिटी

इन्सेक मानव अधिकारको क्षेत्रमा काम गर्ने र अभिलेखीकरण गर्ने महत्त्वपूर्ण संस्था हो। इन्सेकको मानव अधिकारप्रतिको सोच र कार्यलाई नेपाली कङ्ग्रेस सम्मान गर्न चाहन्छ। यसले गरेका हरेक कार्य सूचनामूलक र जानकारीमूलक भएका मैले अनुभूत गरेको छु। यसले गर्ने अभिलेखीकरणले राज्यलाई नै सहयोग गरेको छ।

खेलराज पाण्डे
नगर सभापति नेका, बुटवल उपमहानगरपालिका

आज मानव अधिकारको विषयलाई देखाउने र लेखाउने विषयमात्र नभई जनताले प्रत्यक्ष अनुभूत गर्न सक्ने विषयमा रूपान्तरण गर्न जरुरी छ। मानव अधिकारप्रतिको बुझाइमा एकरूपता ल्याउन र समाजमा सकारात्मक सामाजिक रूपान्तरणका लागि मानव अधिकार शिक्षा प्रचार/प्रसारमा इन्सेकको भूमिका सान्दर्भिक छ।

सम्झना शर्मा, निर्देशक, राष्ट्रिय मानव अधिकार आयोग प्रदेश ५ कार्यालय, बुटवल

मानव अधिकारका क्षेत्रमा क्रियाशील इन्सेकले सन् १९९२ देखि नियमितरूपमा प्रकाशित गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको रक्षा र सम्मानका क्षेत्रमा महत्त्वपुर्ण योगदान पुऱ्याएको छ। आगामी अङ्क अझै परिष्कृतरूपमा आउने अपेक्षा छ।

शिवप्रसाद गौडेल, अधिवक्ता, संयोजक एड्भोकेसी फोरम नेपाल, रूपन्देही

देशभर भएका मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेख राख्नु आफैंमा महत्त्वपूर्ण कुरा हो। इन्सेकले वर्ष पुस्तकमार्फत मानव अधिकार सम्बन्धमा सरोकारवालालाई सजग गराउने काम गरेको छ।

चित्रबहादुर गुरुङ
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रोल्पा

इन्सेकले मानव अधिकार हननको अभिलेखीकरण गर्ने कार्यले मानव अधिकार संरक्षण र प्रवर्द्धनमा धेरै हदसम्म सफलता प्राप्त गरेको छ। स्वतन्त्रपूर्वक बोल्न, लेख्न र अभिव्यक्त गर्न पाउने अधिकारमाथि अङ्कुश लगाउनेखालका गतिविधिविरुद्ध पनि इन्सेकको दृष्टि परोस्।

महेश न्यौपाने
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, रोल्पा

हरेक वर्ष इन्सेकले देशभरको मानव अधिकार उल्लङ्घनका घटना समावेश गरेर सार्वजनिक गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक निकै उपयोगी लाग्छ।

पूर्ण केसी
नगर प्रमुख, रोल्पा नगरपालिका, रोल्पा

मानव अधिकार अन्तर्राष्ट्रिय कानुन, देशको मूल कानुन, समाज र संस्कृतिसापेक्ष हुन्छ। यो अधिकार प्राथमिकताका आधारमा निरन्तर चल्ने प्रक्रिया हो। वर्ष पुस्तकले मानव अधिकार घटनाको देशभरिको एकैसाथ यथार्थ चित्रण गरेको पाइन्छ। मानव अधिकार संरक्षणमा राजनीतिक दल, उद्योगी, व्यापारी, पत्रकार र नागरिक समाजलगायत सबैको दायित्व रहने भएको हुँदा सबैजना यसप्रति तत्पर हुनुपर्छ।

मोहनप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी, रुकुम (पूर्व)

मानव अधिकार उल्लङ्घनका घटनाबारे जानकारी दिन्छ वर्ष पुस्तकले। यस्ता कुरा थाहा पाउनु नागरिकको हक अधिकार नै हो। त्यसैले यस्तो सूचना दिने वर्ष पुस्तक अत्यन्तै खोजमूलक र अनुसन्धानमूलक भएको पाएको छु।

सुशीलकुमार यादव
स्रेस्तेदार, जिल्ला अदालत, रुकुम (पूर्व)

मानव अधिकार वर्ष पुस्तक मूलतः मानव अधिकार उल्लङ्घनका घटनाको गहिरो अध्ययनसहितको दस्तावेज हो। यस पुस्तकमा मानव अधिकारसँग सम्बन्धित धेरै क्षेत्रको अध्ययन र विश्लेषण गरिएकाले सम्बन्धित सबैमा आफ्नो कर्तव्य र भूमिका निर्वाह गर्न तथा दायित्व बोध गर्न सकारात्मक दबाब सिर्जना गर्छ।

दामोदर गौतम
अध्यक्ष, जिल्ला बार एशोसिएशन, रुकुम (पूर्व)

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकमा वर्षभरका मानव अधिकारका क्षेत्रमा भएका घटनाको अभिलेखीकरण हुन्छ। जसले जिल्लाको मानव अधिकार अवस्थाबारे सूचना दिन्छ। यसबाट जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न एवं

मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा समेत सहयोग पुगिरहेको छ।

शम्भुप्रसाद मरासिनी, प्रमुख जिल्ला अधिकारी,
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

मानिसको सबैभन्दा महत्त्वपूर्ण र नैसर्गिक मानव अधिकार उल्लङ्घनका विषयमा सत्य तथ्य विवरण प्रकाशित गर्ने कार्यले निरन्तरता पाओस्।

ध्रुवकुमार शाह
जिल्ला न्यायाधीश, नवलपरासी जिल्ला अदालत

इन्सेकद्वारा प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण र संवर्धनमा ठूलो योगदान दिएको छ। मानव अधिकारको संरक्षणमा राज्य पक्ष र नागरिक पक्ष दुवै उत्तिकै जिम्मेवार छन्। घटनाबारे सत्य तथ्य विवरण सङ्कलन गर्न विभिन्न गाउँका बस्तीमा पुग्नुपर्ने आवश्यकता देखिन्छ।

लालमणि आचार्य
एसपी, जिल्ला प्रहरी कार्यालय

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने वर्ष पुस्तकले मानव अधिकारको अवस्थालाई तथ्यपरक ढङ्गले चित्रणमात्र गरेको छैन, इन्सेकको उक्त कार्यले मानव अधिकार संरक्षण र संवर्धन गर्ने कार्यका लागि सबै सरोकारवालाको ध्यानाकर्षणसमेत गराउँदै आएको छ।

सुनिल श्रेष्ठ
उपाध्यक्ष, नेपाल बार एशोसिएशन

मानिसलाई मानिस भएबापत प्राप्त हुनुपर्ने र राज्यद्वारा संरक्षण र प्रवर्धन गरिनुपर्ने व्यक्तिको मानव अधिकार उल्लङ्घन गर्ने पक्षबाट भएका कमजोरीलाई तुलनात्मक विश्लेषण गर्ने वर्ष पुस्तकले सबैलाई सतर्क गराउने गरेको छ। यसबाट मानव अधिकार अभियन्ता, विद्यार्थी, शिक्षक, शोधकर्ता सबैलाई फाइदा छ।

वीरबहादुर वली
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बाँके

इन्सेकले मानव अधिकारको क्षेत्रमा उठाएको आवाज र संरक्षणका लागि खेलेको भूमिका सराहनीय छ। वर्षदिनभर भएका मानव अधिकार उल्लङ्घनका घटनालाई प्रतिनिधिमूलक ढङ्गले अभिलेखीकरण गरी वर्ष पुस्तकका रूपमा प्रकाशन गर्दै आएको कार्यलाई निरन्तरता दिनुपर्छ।

चन्द्रकान्त चापागाईं
प्रमुख, रा.मा.अ.आ. प्रदेश नं. ५ शाखा कार्यालय,
नेपालगन्ज

संविधानमा व्यवस्था भएका अधिकारको पूर्ण प्रत्याभूति आमनागरिकले अझै गर्न नपाएको अवस्थामा त्यस्ता मुद्दा इन्सेकले उठाएर सरकारलाई खबरदारी गर्दै आएकामा अत्यन्तै खुशी लागेको छ।

कृष्णशरण लामिछाने
स्रेष्तेदार, जिल्ला अदालत, गुल्मी

इन्सेकले मानव अधिकार प्रवर्द्धन र संरक्षणका क्षेत्रमा गर्दै आएको कार्य निकै प्रशंसनीय छ। इन्सेकका गतिविधि स्थानीय तहसम्म पुग्नुपर्छ।

विनोद पाण्डेय, अधिवक्ता, गुल्मी

मानव अधिकार रक्षाको क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ। यसले दूरदराजका पीडितलाई न्यायको बाटोमा डोऱ्याउने काम गरेको छ।

पदमप्रसाद पाण्डेय, अध्यक्ष, नागरिक समाज

वर्ष पुस्तक देशको मानव अधिकारको ऐना हो। यो देशको सन्दर्भअनुसार परिमार्जन हुँदै आएको पनि छ। यसमा समेटिने हरेक घटना यथार्थ र सत्य छन्।

गणेश श्रेष्ठ, मानव अधिकार अधिकृत
सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मी

वर्ष पुस्तकमा आएका घटना सत्य, तथ्य र विश्वसनीय छन्। यो पुस्तक हिजोका द्वन्द्वकालीन घटनाको प्रमाणका रूपमा पनि प्रयोग हुने हुँदा यसको महत्त्व राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमै छ।

जगन्नाथ लामिछाने
जिल्ला समन्वय समिति, कपिलवस्तु

अघिल्लो वर्ष आएका घटनाका कतिपय दोषीले छुटकारा पाएका हुन सक्छन्। तर पुस्तकमा सधैँभरि नाम रहन्छ। त्यसैले घटना प्रकाशन गर्दा अद्यावधिक गर्नु उचित हुन्छ।

रमेश पोखरेल
निमित्त सरकारी वकिल कपिलवस्तु

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी प्रकाशन गदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक पत्रकार तथा मानव अधिकारकर्मीका लागि सूचनाको महत्त्वपूर्ण आधार बन्दै आएको छ।

महावीर राना
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, प्युठान

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनामा राज्य, गैरराज्य तथा आमनागरिकलाई समेत जिम्मेवार बनाउन मद्दत गरेको छ। यसमा आर्थिक,

सामाजिक, सांस्कृतिक र खाद्य अधिकार पनि समेट्नुपर्छ।

हरिप्रसाद घिमिरे, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, अर्घाखाँची

मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकलाई नेपालको मानव अधिकार अवस्था झल्काउने ऐतिहासिक दस्तावेजका रूपमा लिएको छु। यस पुस्तकमा प्रकाशित सामग्री निकै पठनयोग्य छन्।

ठाकुरकुमार बिक, उपप्रमुख, सन्धिखर्क नगरपालिका, अर्घाखाँची

नेपाल मानव अधिकार वर्ष पुस्तकलाई एक महत्त्वपूर्ण दस्तावेजका रूपमा लिएको छु। यस पुस्तकमा समावेश भएका विषयवस्तु निकै राम्रा र पठनीय छन्। प्रत्येक वर्ष समयमै पुस्तक प्रकाशन गर्नु महत्त्वपूर्ण कार्य हो।

हिमबहादुर जिसी लेकाली
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, अर्घाखाँची

मानव अधिकार वर्ष पुस्तकले मानिस भएर जन्म लिएपश्चात मानवका नाताले उपभोग गर्न पाउने मानिसका विभिन्न मानव अधिकार नेपालमा कुन कुन पक्षबाट कसरी हनन भएको छ भन्ने उजागर गर्ने गरेको छ । यसरी सम्बन्धित पक्षलाई मानव अधिकारको सम्मान गर्न अभिप्रेरित गरेको मैले महसुस मैले गरेकी छु।

सावित्रा बस्नेत, उपप्रमुख तथा न्यायिक समिति संयोजक, शारदा नगरपालिका, सल्यान

नेपालमा मानव अधिकार संरक्षण एवं प्रवर्द्धनका लागि अग्रणी भूमिका निर्वाह गर्दै आएको इन्सेकले लामो समयदेखि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ । यसमा नेपालको मानव अधिकारको अवस्था तथ्यगतरूपमा प्रस्तुत हुने हुँदा आमनागरिक र सरोकारवालामा मानव अधिकारका विषयमा सरोकार एवं चासो बढ्दै गएको छ।

चुडाराज न्यौपाने
प्रमुख जिल्ला अधिकारी, सल्यान

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले महिला, बालबालिका तथा पिछडिएका वर्गले भोगेका हिंसा र ज्यादतीका कुरा उठाउने गरेको छ। मानव अधिकार क्षेत्रमा इन्सेकको अथक प्रयासको उच्च प्रशंसा गर्छु।

ढकेन्द्र खतिवडा, डिएसपी, सल्यान

इन्सेकद्वारा हरेक वर्ष प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले नेपालमा मानव अधिकारको अवस्था यथार्थ चित्रण गर्ने गरेको छ। वर्ष पुस्तकमा उपलब्ध हुने तथ्य, तथ्याङ्क यथासम्भव स्थानीय तह, वर्गीय, भौगोलिकसहितको विविधतामा आधारित रहेर मानव अधिकार प्रवर्द्धनमा सबै निकायलाई सचेत बनाउन र प्रभावकारी नीति निर्माणमा सहयोगी हुनेछ भन्ने आशा गरेको छु।

नवीनकुमार जोशी,
न्यायाधीश, जिल्ला अदालत, अछाम

मानव अधिकार र सामाजिक रूपान्तरणमा इन्सेकको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ। मानव अधिकारको संरक्षण र ग्यारेन्टीबिना कानुनी राज्यको अनुभूति नहुने भएकाले मानव अधिकारमैत्री कानुन निर्माण, कानुनको परिपालना, कार्यान्वयन र जवाफेहितालाई प्राथमिकतामा राख्न आवश्यक छ।

चन्द्रबहादुर बोहरा, सदस्य, नेकपा, अछाम

राज्यका निकायलाई जवाफफेही बनाउन इन्सेकले खेलेको भूमिका सराहनीय छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्था चित्रण गर्नुका साथै राज्यलाई जिम्मेवार र जवाफदेही बनाउन सहयोग गरेको छ।

कृष्णप्रसाद ढुङ्गाना
अध्यक्ष, नेपाल बार एशोसिएशन, अछाम

मानव अधिकारका दृष्टिकोणले नेपाल मानव अधिकार वर्ष पुस्तक तथ्य/तथ्याङ्कसहितको दस्तावेज हो। वर्ष पुस्तकले राज्यका हरेक निकायलाई जिम्मेवार र जवाफदेही बनाएको मैले महसुस गरेको छु।

टेकबहादुर थापा
कोषाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, अछाम

मानव अधिकार संरक्षणमा इन्सेकले गरेको पहलबाट मानव अधिकार उल्लङ्घनका पीडितलाई राहत पुऱ्याएको छ । न्यायिक निकायसम्म आउन नसकेका मानव अधिकार उल्लङ्घनका विषय पनि इन्सेकले आफ्नो प्रतिवेदनमा समावेश गर्न आवश्यक छ। मानव अधिकार हननका हरेक विषयलाई सारांशकै रूपमा भए पनि वर्ष पुस्तकमा स्थान दिनुपर्छ।

ईश्वरीप्रसाद भण्डारी
न्यायाधीश, जिल्ला अदालत, बैतडी

सङ्गठितरूपमा गरिने मानव अधिकार हनन ज्यादै निन्दनीय र दण्डनीय काम हो। यस्ता कार्यसँग सम्बन्धित घटना, तथ्याङ्क उजागर गर्नु, अभिलेख राख्नुलगायतका काम तुलनात्मकरूपले जटिल र संवेदनशील हुने गर्छ। यही जटिलता र संवेदनशीलता ख्याल गरेर प्रकाशन हुन लागेको मानव अधिकार वर्ष

पुस्तक २०२० ले बैतडीको वस्तुस्थिति उजागर गर्ने नै छ भन्ने विश्वास छ।

आनन्द पौडेल
प्रमुख जिल्ला अधिकारी, बैतडी

नेपाल मानव अधिकार वर्ष पुस्तक मुलुकमै भएका मानव अधिकार हननसँग सम्बन्धित विषय समेटेर प्रकाशित हुने हुँदा यसले सम्बन्धित पक्षलाई संवेदनशील भई कार्य गर्न मार्गनिर्देशन गरेको छ। यस पुस्तकले मानव अधिकारको अवस्थालाई प्राप्त तथ्यका आधारमा नजिकबाट नियाल्ने र धेरै हदसम्म वास्तविकताको चित्रण गर्ने हुँदा यस क्षेत्रमा इन्सेकले गरेको कार्य सराहनीय छ।

डिल्लीनारायण पाण्डे
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी

इन्सेकले विगतदेखि नै मानव अधिकारका सवालमा वकालत र तथ्याङ्क सङ्कलन गर्दै आइरहेको छ। वर्तमान सन्दर्भमा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका सवाल र सुशासन, पारदर्शिता, जवाफदेहिताका विषयलाई वर्ष पुस्तकमा समेट्न आवश्यक छ।

गोकर्ण दयाल, पत्रकार, बैतडी

सबै नागरिकको मानव अधिकारको प्रत्याभूत गर्नु राज्यको प्रमुख दायित्व हो। यसका लागि ग्रामीण क्षेत्रका नागरिकलाई पनि सचेत बनाउन आवश्यक छ। संविधानमा उल्लिखित मौलिक हक कार्यान्वयनको विषयलाई पनि नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश गर्नुपर्छ।

गोरखबहादुर चन्द
अध्यक्ष, पञ्चेश्वर गाउँपालिका, बैतडी

मानव अधिकार हरेक नागरिकको आधारभूत अधिकार हो। मौलिक हकअन्तर्गत समावेश गरिएका हकहरू विशेषतः मानव जीवन यापनसँग अन्तरसम्बन्धित भएकाले यसको प्रत्याभूतिका लागि पहिलो दायित्व राज्यको हो । त्यसैले नागरिकलाई उनीहरूको दायित्व र अधिकारबारे सचेत तुल्याउन आवश्यक छ।

भानदेव जोशी
सहायक जिल्ला न्यायाधिवक्ता, बैतडी

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको समग्र पक्षलाई छर्लङ्ग पार्दै आएको छ। मानव अधिकारको साझा दस्तावेजका रुपमा रहेको यो पुस्तक प्रकाशन गर्नु आफैँमा चुनौतीपूर्ण र सराहनीय कार्य हो।

दीपेन्द्रबहादुर शाही
डिएसपी, जिल्ला प्रहरी कार्यालय, दार्चुला

इन्सेकले लामो समयदेखि देशमा मानव अधिकारको क्षेत्रमा योगदान पुऱ्याउँदै आएको छ। खासगरी नेपाल मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले समग्र देशभित्र वर्षभरमा मानव अधिकारको अवस्थाबारे स्पष्ट र तथ्यपरक जानकारी एकसाथ प्राप्त हुने अवसर मिलेको छ।

कमलराज जोशी
पत्रकार, एभिन्युज टेलिभिजन, दार्चुला

इन्सेकद्वारा प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तक हरेक वर्ष अध्ययन गर्ने गरेको छु। जिल्लाको समग्र मानव अधिकारको अवस्थाबारे निर्भीकरूपमा प्रकाशन गर्ने इन्सेकको काम सराहनीय छ।

ज्ञानेन्द्र घर्ती
नेपाल कम्युनिष्ट पार्टी (नेकपा), दार्चुला

मानवको स्वतन्त्रपूर्वक बाँच्न पाउने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरूउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने र मानव अधिकार संरक्षण गर्ने कार्यमा मानव अधिकार वर्ष पुस्तकको उल्लेख्य योगदान छ।

टेकनारायण पौडेल
प्रमुख जिल्ला अधिकारी, डोटी

इन्सेकबाट निरन्तर प्रकाशित मानव अधिकार वर्ष पुस्तकले लामो समयदेखि मानव अधिकार ज्यादती तथा उल्लङ्घनका घटनालाई जस्ताको त्यस्तै समाजसामु उजागर गर्ने निरन्तर प्रयास गरेको छ। साथै पीडित पक्षको आवाज बुलन्द गर्ने काम पनि गरेको छ।

दिलिपसिंह देउवा
एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

इन्सेकले आफ्नो स्थापना कालदेखि नै मुलुकमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखन गर्ने उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ । मानव अधिकार वर्ष पुस्तकमार्फत तथ्य र तथ्याङ्कका आधारमा मुलुकको समग्र मानव अधिकार स्थिति सार्वजनिक गरेबाट सचेतना सँगै जिम्मेवार निकायलाई जबाफदेहीमा बनाइरहेको छ।

पूर्णा जोशी
सुदुरपश्चिम प्रदेश सभा सदस्य, डोटी

मानव अधिकार वर्ष पुस्तकले विगतदेखि वर्तमानसम्म देशको मानव अधिकार अवस्था छर्लङ्ग पार्ने प्रयास गरेको छ। मानव अधिकार उल्लङ्घनका घटना राम्रोसँग अभिलेखीकरण गर्नु सराहनीय काम भएको छ।

शङ्करदीप मडै, कार्यबाहक अध्यक्ष,
उच्च अदालत बार एशोसिएशन, दीपायल

मानव अधिकार संरक्षण संवर्द्धनमा टेवा पुऱ्याउँदै आएको अग्रणी संस्था इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्था चित्रण गर्ने तथ्यपरक दस्तावेज हो । मानव अधिकार उल्लङ्घनका घटना नजिकबाट अध्ययन गरेर तयार पारेको यस पुस्तकले नागरिकमा सचेतना फैलाएको छ।

यज्ञराज बोहरा
प्रमुख जिल्ला अधिकारी, कैलाली

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको यथार्थ चित्रण गर्ने कार्य गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक र राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदनमा एकरूपता हुन आवश्यक छ।

भुवन गिरी
स्रेस्तेदार, जिल्ला अदालत, कैलाली

मानव अधिकार वर्ष पुस्तकले राज्यको मुख्य अङ्गको रूपमा रहेको न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको काम, कर्तव्य, अधिकार र जिम्मेवारीबारे समेत अभिलेखीकरण गर्ने हुनाले सुशासनमा टेवा पुगेको र राज्यलाई जवाफदेही बनाएको छ।

कुलानन्द उपाध्याय
मुख्य न्यायाधिवक्ता, सुदूरपश्चिम प्रदेश

मानव अधिकार वर्ष पुस्तकमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सवाललाई उठान गरिएको हुन्छ। यसमा आपराधिक घटनाको पनि तथ्याङ्क राख्न आवश्यक छ।

सुदीप गिरी
एसपी, जिल्ला प्रहरी कार्यालय, कैलाली

इन्सेकले मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएको छ। राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारबारे स्थानीयदेखि प्रदेश सांसदसँग सहकार्य गर्दै आएका विषयलाई पनि व्यवस्थित अभिलेखीकरण गर्न आवश्यक छ।

रतनबहादुर थापा, अध्यक्ष, नेकपा, कैलाली

मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्थाबारे जानकारी दिनुका साथै मानव अधिकारको पालना गर्न सरोकारवालालाई सचेत गर्ने गरेको छ । मानव अधिकार अवस्था अध्ययन तथा अनुसन्धानका लागि पनि यो पुस्तक उपयोगी छ।

फैरु तामाङ
प्रमुख, जिल्ला समन्वय समिति, कञ्चनपुर

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन हुने गरेका छन् । यस पुस्तकले पीडितलाई राहत पुग्ने र मानव अधिकारका सवालमा आमजनतालाई सचेत गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

भवराज रेग्मी
संयोजक, नागरिक समाज, कञ्चनपुर

वर्ष पुस्तकमा राखिएका मानव अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हननसम्बन्धी घटनाहरू तथ्यपरक बनाउन इन्सेकले तथ्य सङ्कलनमा मेहनत गर्ने गरेका कारण पुस्तकमा समेटिएका विषयवस्तु र घटना विश्वसनीय हुने गरेका छन् । यो पुस्तकलाई सबैको सहज पहुँचमा पुऱ्याउन आवश्यक छ।

नरेश सिनाल
अध्यक्ष, गैसस महासङ्घ, कञ्चनपुर

लामो समयदेखि इन्सेकले मानव अधिकारका क्षेत्रमा महत्त्वपूर्ण काम गर्दै आएको छ। वर्ष पुस्तकले सत्य/तथ्यमा आधारित भएर मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सङ्कलन र सम्प्रेषण गर्दै आएको छ । तर पछिल्लो समयमा जातीय विभेदका घटना समावेश हुन नसकेका अवस्था छ।

रामबहादुर सार्की
सहायक प्रमुख जिल्ला अधिकारी, बझाङ

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन तथा प्रकाशनका साथै समाजमा भइरहेका मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरण गर्न मानव अधिकार अभियान तथा सचेतनाका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।

पदमराज पाण्डे
न्यायाधीश, जिल्ला अदालत, बझाङ

इन्सेकले वर्ष पुस्तकमा बझाङमा हुने गरेका छाउपडी प्रथा, बहुविवाह, बालविवाह, घरेलु हिंसा जस्ता घटना न्यूनीकरण गर्ने सामग्री राख्नुपर्छ । साथै जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्न आवश्यक छ।

लवराज जोशी
अध्यक्ष, गैसस महासङ्घ, बझाङ

अनुसूची ६

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२० तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद १ : सन् २०१९ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन
लेखक : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

बिर्सन खोजिएको यथार्थ

परिच्छेद २
२.१ **न्यायपालिका**
लेखक : अच्युत आचार्य
२.२ **कार्यपालिका**
लेखक : यज्ञप्रसाद अधिकारी
२.३ **व्यवस्थापिका**
लेखक : तेजमान श्रेष्ठ

परिच्छेद ३
३.१ विकासले निम्त्याएको विनाश : वातावरणीय प्रभाव मूल्याङ्कनप्रति बेवास्ताको परिणाम
लेखक : भरत खड्का

३.२ छिन्नमस्ताका डोम : 'दलित पनि महादलित'
लेखक : मनोहरकुमार पोखरेल

३.३ कमैया मुक्तिका १८ वर्ष : प्रतिबद्धता र वास्तविकता
लेखक : मैनामोती चौधरी

जिल्ला प्रतिनिधिहरू

	प्रदेश १	
१.१	ताप्लेजुङ	- देवराज गुरुङ
१.२	सङ्खुवासभा	- बाबुराम बास्तोला
१.३	सोलुखुम्बु	- पासाङ बम्जन तामाङ भोजराज कार्की
१.४	ओखलढुङ्गा	- शिवप्रसाद ढुङ्गाना
१.५	खोटाङ	- रामधन राई
१.६	भोजपुर	- गणेश बिष्ट
१.७	धनकुटा	- इश्वर थापा
१.८	तेह्रथुम	- भगिश्वर लिम्बू
१.९	पाँचथर	- मङ्गल बेघा
१.१०	इलाम	- कोकिला ढकाल
१.११	झापा	- नरेश खाती
१.१२	मोरङ	- इन्दिरा भट्टराई नेत्रप्रसाद अधिकारी
१.१३	सुनसरी	- जयकृष्ण यादव
१.१४	उदयपुर	- भरत खड्का
	प्रदेश २	
२.१	सप्तरी	- मनोहरकुमार पोखरेल
२.२	सिरहा	- दुर्गा परियार
२.३	धनुषा	- विनोदकुमार रविदास दीपेन्द्रप्रसाद सिंह
२.४	महोत्तरी	- अजय साह
२.५	सर्लाही	- बुधन साह
२.६	रौतहट	- कोपिला तिमल्सिना
२.७	बारा	- भोलानाथ पौडेल
२.८	पर्सा	- कृष्णचन्द्र लामिछाने
	बागमती प्रदेश	
३.१	दोलखा	- उद्धवप्रसाद पोखरेल
३.२	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
३.३	रसुवा	- हेमनाथ खतिवडा
३.४	धादिङ	- सीताराम अधिकारी
३.५	नुवाकोट	- नवदीप श्रेष्ठ
३.६	काठमाडौं	- विमला पौडेल
३.७	भक्तपुर	- सविना केसी/रमेश गिरी
३.८	ललितपुर	- दीपकप्रसाद घिमिरे
३.९	काभ्रेपलान्चोक	- भोजराज तिमल्सिना हिरामान तामाङ
३.१०	रामेछाप	- नवराज घिमिरे
३.११	सिन्धुली	- विमला पाण्डे
३.१२	मकवानपुर	- पुष्पराज अधिकारी

३.१३ चितवन - दीपेन्द्र अधिकारी

गण्डकी प्रदेश

४.१ गोरखा - हरिराम उप्रेती
४.२ मनाङ -
४.३ मुस्ताङ -
४.४ म्याग्दी - अमृतकुमार पौडेल
४.५ कास्की - सुसन घिमिरे
४.६ लमजुङ - दलबहादुर मजाकोटी
४.७ तनहुँ - प्रकाशचन्द्र भट्टराई
४.८ नवलपरासी पूर्व - तिर्थराज डुम्रे
४.९ स्याङ्जा - हिमलाल पराजुली
कमल सुनार
४.१० पर्वत - सन्तोष थापा
४.११ बागलुङ - सिर्जना पन्त

प्रदेश ५

५.१ रुकुम पूर्व - जयमान बुढा
५.२ रोल्पा - माधवकुमार ओली
हरिसरा घर्ती
५.३ प्यूठान - रवीन्द्र पाण्डे
५.४ गुल्मी - टोपलाल अर्याल
५.५ अर्घाखाँची - नारायणप्रसाद भुसाल
५.६ पाल्पा - यज्ञमूर्ति तिमिल्सिना
५.७ नवलपरासी पश्चिम - नारायण पराजुली
५.८ रुपन्देही - रीमा बीसी
५.९ कपिलवस्तु - नन्दराम पौडेल
पार्वती आचार्य
५.१० दाङ - जयनारायण पुन
५.११ बाँके - स्मृति देवकोटा
५.१२ बर्दिया - मानबहादुर चौधरी

कर्णाली प्रदेश

६.१ डोल्पा - विष्णुप्रसाद देवकोटा
६.२ मुगु - जीवन सेजुवाल
६.३ हुम्ला - नन्द सिंह
६.४ जुम्ला - मानदत्त रावल
६.५ कालीकोट - कालीबहादुर मल्ल
६.६ दैलेख - अमर सुनार
६.७ जाजरकोट - दिनेशकुमार श्रेष्ठ
६.८ रुकुम पश्चिम - मनिषा केसी
६.९ सल्यान - मीना बुढाथोकी
६.१० सुर्खेत - दुर्गा थापा

सुदूरपश्चिम प्रदेश

७.१ बाजुरा - पदमबहादुर सिंह
७.२ बझाङ - रमेश केसी
७.३ दार्चुला - नरेन्द्रसिंह कार्की
७.४ बैतडी - नरीदत्त बडु
७.५ डडेल्धुरा - भुपेन्द्र विष्ट
७.६ डोटी - वासुदेव जोशी
७.७ अछाम - शिवराज ढुङ्गाना
७.८ कैलाली - मैनामोती चौधरी
७.९ कञ्चनपुर - कोमलनिरञ्जन भाट

प्रदेश कार्यालयमा संलग्न

प्रदेश १ : सोमराज थापा, पुण्यप्रसाद अधिकारी
प्रदेश २ : राजु पासवान, सर्वेशराज शर्मा
बागमती प्रदेश : कृष्ण गौतम, ज्योती शर्मा, सरीता दाहाल
गण्डकी प्रदेश : शिव खकुरेल, नुपुर गुप्ता
प्रदेश ५ : भोला महत, विनोद पाण्डे
कर्णाली प्रदेश : नारायण सुवेदी, सुमीत्रा भट्टराई
सुदूरपश्चिम प्रदेश : खडकराज जोशी, कृष्णबहादुर विक

फोटो स्रोत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष प्रत्येक प्रदेशबाट एक/एक जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र ७ हजार रुपियाँ प्रदान गरिन्छ।

उत्कृष्ट

प्रदेश १ : भरत खड्का, उदयपुर
प्रदेश २ : भोलानाथ पौडेल, बारा
बागमती प्रदेश : विमला पौडेल, काठमाडौँ
गण्डकी प्रदेश: तिर्थराज डुम्रे, नवलपरासी पूर्व
प्रदेश ५: टोपलाल अर्याल, गुल्मी
कर्णाली प्रदेश : मनिषा केसी, रुकुम पश्चिम
सुदूरपश्चिम प्रदेश : भूपेन्द्र बिष्ट, डडेल्धुरा

इन्सेक पुस्तक १९२/२०७६



नेपाल सरकार र नेकपा माओवादीबीच २०६३ साल मङ्सिर ५ गते सम्पन्न भएको विस्तृत शान्ति सम्झौताको एउटा महत्त्वपूर्ण उद्देश्य नेकपा माओवादीद्वारा २०५२ सालबाट सुरु गरिएको १० वर्षे सशस्त्र सङ्घर्षको कानुनी तथा शान्तिपूर्ण व्यवस्थापन तथा समाप्ति नै थियो । नेपालको द्वन्द्वकालीन मानव अधिकार उल्लङ्घनका पीडितलाई सत्य, न्याय र परिपूरणका काम प्राथमिकताका साथ शान्ति सम्झौता भएपछि तत्काल टुङ्ग्याउनु पर्थ्यो । तर सम्बद्ध नेतृत्व यसप्रति गम्भीर र संवेदनशील बन्न चाहेन । नेतृत्वले पीडितलाई शान्ति प्रक्रियाको केन्द्रमा राख्नुपर्नेमा आफूलाई केन्द्रविन्दुमा राखे । परिणाम, बृहत् शान्ति सम्झौता भएको १३ वर्ष बित्दा पनि द्वन्द्वकालीन घटनाका पीडितले शान्ति र न्याय दुवै पाउन सकेनन् ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-9239-4-1